CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री महेन्द्र संस्कृत विश्वविद्यालय ग्रन्थमालाको एकतीसौं पुष्प

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः

{ नेपालीभाषानुवादसहितः }



नेपालीभाषानुवादक

दर्शनशिरोमणि स्व.पं. मीनप्रसाद नेपाल

प्रकाशक

महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री महेन्द्र संस्कृत विश्वविद्यालय ग्रन्थमालाको एकतीसौं पुष्प

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः

{ नेपालीभाषानुवादसहितः }

नेपालीभाषानुवादक

दर्शनशिरोमणि स्व.पं. मीनप्रसाद नेपाल

सम्पादकसन्दोह

प्रा.डा. श्रीवेणीमाधव ढकाल – संयोजक
सहप्रा.डा. श्रीदुर्गादत्त शर्मा उपाध्याय – सदस्य
उपप्रा. श्रीमोतीलाल शर्मा रिजाल – सदस्य

प्रकाशक

महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक
महेन्द्र संस्कृत विश्वविद्यालय
बेलझुण्डी, दाङ

प्रकाशन
व्यासपूर्णिमा २०५५

प्रकाशितपुस्तक संख्या - १०००

मूल्य - रू. ४१५।-

24622 / 24725

प्रकाशनाधिकार -
प्रकाशनाधिकार प्रकाशकमा सुरक्षित छ

कम्प्यूटर
क्वालिटी लेजर प्रिन्ट, बागबजार,
फोन नं. २४२६५६

मुद्रक
नेपाल प्रिन्टर्स एवं ट्रेडर्स कोअपरेटिभ लिमिटेड
डिल्लीबजार, काठमाण्डौ, फोन नं. ४२७४५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ब्रह्मसूत्रकार वेदव्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
वे-622



भाष्यकार जगद्गुरु शङ्कराचार्य

आविर्भावसमय - वि.सं. ८४५

ब्रह्मीभावसमय - वि.सं. ८७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दर्शनशिरोमणि पं. मीनप्रसाद नेपाल

जन्मसमय - १९६७ ज्येष्ठ २० गते

स्वर्गारोहणसमय - २०३५ फाल्गुन ८ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त 642

समर्पणम्

भगवन्! अच्युत! अनन्त! गोविन्द! विश्वरूप! अखिलात्मन्! महापुरुष! महायोगेश्वर! मर्यादावतार! पुरुषोत्तम! सर्वेश्वर! सर्वान्तर्यामिन्! सर्वस्वामिन्! सर्वनियन्तः! सच्चिदानन्दलक्षण! ज्ञानैकघन! निःश्वासितवेदराशे! अनेक-विद्यास्थानोपयुक्त! अनेकविद्याप्रतिभाशालिन्! भक्तधर्मोद्धृतिहेतुस्वीकृत-दिव्यचिन्मयसगुणविग्रह ! अज! दशरथतनय! कौशल्याहृदयनन्दन! जानकीजाने! भरतानुग्राहक! जटायुतारक! कबन्धसंहारक! शबरीसमुद्धारक! सुग्रीवसख! हनुमदादिसेवित! वालीनिर्दलन! लङ्काविद्रावण! रावणारे! परमाराध्य! वरद! वरेण्य! विभो! नित्य! निरतिशय! कूटस्थनित्य! व्योमवत्सर्वव्यापिन्! स्वयञ्ज्योति-स्वभाव! अतुलज्योतिर्मय!

परमपावन! परमपितः! गृहाणेदं मीनार्पितं स्वीयं वस्तु श्रद्धयोपहृतम् !

– राममन्दारछायाधारस्थितो मीनः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मति

दर्शनशिरोमणि शास्त्रार्थमहारथी वेदान्ताचार्य स्व.पं. मीनप्रसाद नेपालको नाम नेपाली दार्शनिकहरूमध्ये प्रसिद्ध छ । दर्शनशास्त्रका पारदर्शी ज्ञाता र वक्ताका रूपमा चर्चित स्व. नेपाल दर्शनशास्त्रका महान् लेखक पनि हुनुहुन्थ्यो। योगवाशिष्ठको नेपालीभाषानुवाद र विवेचना लेख्ने मूर्धन्य विद्वान् स्व. मीनप्रसाद नेपालका दर्जनौं विभिन्न विधाका कृतिहरू रहेका छन् । ती मध्ये ईश्वरास्तित्वसाधक सानुवाद र सभाष्य सूत्रग्रन्थ 'ईश्वरदर्शनम्' प्रकाशित छ र ज्यादै उपयोगी पनि ।

मैले छात्रावस्थामा मेरै जन्मस्थल अर्घाखाँची खिदिममा स्थित हरिहर संस्कृत पाठशालामा रहँदा हाम्रा आदरणीय हेडगुरु स्व.पं. दधिराम मरासिनिका मुखारविन्दबाट स्व.पं. मीनप्रसाद नेपालको विलक्षण पाण्डित्य र प्रतिभाको विषयमा जानकारी पाएको हूँ । स्व.पं. दधिराम मरासिनिसँग उहाँको आत्मीय सम्बन्ध थियो । संस्कृतभाषामा उहाँहरूबीच पत्राचार चलिरहन्थ्यो। **ईश्वरदर्शनम् वा ईश्वरास्तित्वे मानानि** पूरा गरेपछि स्व. नेपालले पाल्पाबाट एकप्रति हेडगुरु समक्ष सम्मत्यर्थ पठाउनु भएको थियो । त्यसको प्रत्युत्तरमा गुरुवर मरासिनिले '**समादरणीयोऽयं ग्रन्थो भवद्भिरनेन नास्तिकानां दन्तभञ्जनं कृतम्**' लेख्नु-भएको विषय मेरो सम्झनामा ताजै छ ।

स्व. नेपाल सिद्धान्तज्ञ विद्वान् मात्र नभएर '**यस्तु क्रियावान् पुरुषः स विद्वान्**' यस नीतिवाक्य अनुसार सिद्धान्तलाई प्रयोगमा उतार्ने अखण्ड साधक पनि हुनुहुन्थ्यो । सम्मान, पुरस्कार र प्रोत्साहनको अभावमा पनि आफ्नो आदर्श गृहस्थधर्मको पालन, समाजसेवा, धर्मप्रचार, विद्याप्रचारका साथसाथै वेदान्त-दर्शनका महान् ग्रन्थहरूको नेपालीभाषामा अनुवाद र विवेचना गरी नेपालीभाषाका वेदान्तजिज्ञासुहरूको उपकारमा तल्लीन अखण्डव्रती स्व. मीनप्रसाद नेपाल जस्ता महापुरुषहरूका साधनाको कारण हाम्रा विद्या, हाम्रा संस्कृति र हाम्रा आदर्श परम्परा जीवन्त बनेका छन् । आज उहाँद्वारा अनूदित ब्रह्मसूत्र शाङ्करभाष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्गत समन्वयाध्यायको म.सं.वि.द्वारा प्रकाशन गरिएकोमा मैले प्रसन्नताको अनुभव गरेको छु ।

यस अवसरमा यस ग्रन्थको प्रकाशनको अनुमति प्रदान गर्ने स्व. नेपालकी धर्मपत्नी श्रीमती बालप्रभा नेपाल, उहाँका पुत्रहरू क्रमशः श्री श्यामसुन्दर नेपाल एवं श्री सरोज नेपाल शास्त्री र यस दुर्लभ ग्रन्थको पाण्डुलिपि पत्तालगाई प्रकाशनार्थ म.सं.वि.मा प्रस्तुत गर्नुहुने र सम्पादनको दौरानमा समन्वयाध्यायको बाँकी अंशको अनुवाद पूरा गरी शिष्यधर्मको निर्वाह गर्नुहुने स्व. नेपालका प्रिय शिष्य एवं म.सं.वि. वाल्मीकि विद्यापीठका प्राध्यापक डा. श्री वेणीमाधव ढकालप्रति कृतज्ञता व्यक्त गर्दछु ।

पुनश्च यस ग्रन्थको सुचारुरूपमा सम्पादन गर्नुहुने सम्पादकसमूहका सदस्यद्वय सहप्रा. डा. श्री दुर्गादत्त शर्मोपाध्याय एवं उपप्रा. श्री मोतीलाल शर्मा रिजालप्रति सहर्ष कृतज्ञताज्ञापनपूर्वक धन्यवाद दिन चाहन्छु । साथै यस ग्रन्थको प्रकाशन एवं सम्पादनमा सघाउनु हुने सम्बद्ध सबैप्रति सहर्ष साधुवादज्ञापन गर्न चाहन्छु ।

अन्तमा यस किसिमका आदर्श एवं उपयोगी ग्रन्थहरूको खोज, अनुसन्धान, विवेचन र सम्पादनद्वारा महेन्द्र संस्कृत विश्वविद्यालयको प्राज्ञिक क्रियाकलापको संवर्धन गर्ने काममा सघाउ पुऱ्याउनुहुन विद्वान् एवं बुद्धिजीवीहरूसमक्ष हार्दिक अनुरोध गर्दछु ।

माधवराज गौतम
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

व्यासपूर्णिमा, २०५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

अद्वैत वेदान्तदर्शनको महिमा सर्वोपरि छ । भगवान् बादरायणद्वारा प्रणीत पूजित सूत्रग्रन्थ ब्रह्मसूत्रका अनेक भाष्यहरूमध्ये जगद्गुरु आद्यशङ्कराचार्यले रच्नुभएको शाङ्करभाष्य सर्वोत्तम मानिन्छ । उक्त भाष्य अन्तर्गत समन्वयाध्यायको शास्त्रार्थमहारथी दर्शनशिरोमणि स्व.पं. मीनप्रसाद नेपालद्वारा रचित विवेचनात्मक विशदीकरण सहितको नेपाली भाषानुवादको प्रकाशन गर्न पाउँदा हामीलाई सन्तोष लाग्नु स्वाभाविक नै हो।

मानवजाति आधिभौतिक, आधिदैविक र आध्यात्मिक तापबाट सधैं उत्पीडित रहेको छ । हाम्रा पूर्वज मनस्वी मनीषीहरूले दुःखत्रयको आत्यन्तिक निवृत्तिका लागि एकाग्रतापूर्वक मनन, चिन्तन र निदिध्यासन गरे, परिणामस्वरूप दर्शनहरूको आविष्कार हुँदै गयो र ऊहापोह पनि । अन्तमा सबै दर्शनहरूमा श्रेष्ठ दर्शन अद्वैतवेदान्त ठहरियो । ज्ञानराशि वेद अन्तर्गतका उपनिषद्हरूको साररूप भएकाले प्रामाणिक मानिएको यो दर्शन सच्चिदानन्दघन अद्वितीय परब्रह्मको बोधक भएकाले भाग्यशाली साधकहरूका लागि शाश्वत आनन्दको पर्याय बनेर रहेको छ ।

भगवान् वेदव्यास त्यस दर्शनका सूत्रकार हुनुहुन्थ्यो भने जगद्गुरु शङ्कराचार्य आधिकारिक भाष्यकार । हाम्रो परम्पराले ती दुवैलाई भगवत्स्वरूप स्वीकार गर्दै भन्यो –

शङ्करं शङ्कराचार्यं केशवं बादरायणम् ।
सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ।।

अद्वैत वेदान्तका नेपालीभाषाभाषी जिज्ञासु छात्र र अनुसन्धाताको हितका लागि स्व.पं. मीनप्रसाद नेपालले उक्त शाङ्करभाष्यको नेपालीभाषामा सर्वप्रथम अनुवाद गरेर राष्ट्र र राष्ट्रवासी प्रति ठूलो गुन लाउनु भएको छ । वास्तवमा स्व.पं. मीनप्रसाद नेपाल आफ्नो समयका नेपालका मूर्धन्य विद्वान् हुनुहुन्थ्यो । नव्यन्यायशैलीमा धाराप्रवाह पौरस्त्यदर्शनहरूका विषयवस्तुको व्याख्यान गर्ने कलामा अभ्यस्त सारस्वत पुरुषका रूपमा उहाँको ख्याति थियो । उहाँ विद्वान् मात्र नभएर काव्यकलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धहस्त सुकवि पनि हुनुहुन्थ्यो । योगवाशिष्ठ र अनेकौं उपनिषद्हरूको समीक्षात्मक नेपालीभाषानुवाद लेख्नु हुने स्व. नेपालले थुप्रै हृदयाह्लादक काव्य र भक्तिकाव्य पनि दिएर जानुभएको छ ।

धेरै पहिले म मेरा मित्र श्री नलराज शास्त्रीका साथ उहाँको घरमा पुगेको बेला उहाँकै मुखारविन्दबाट निस्किएको यो निम्न पद्य कर्णकुहरमा घन्किरहेको छ-

राम ! राघव ! रावणारे ! जानकीजीवन ! प्रभो !
भवभारभीतिविभञ्जन ! प्रणतार्तिहारिन् ! जय विभो !

आदरणीय योगी नरहरिनाथ र श्री नलराज शास्त्रीको पहलमा श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभागद्वारा प्रकाशित **'ईश्वरदर्शनम्'** उच्चकोटिको समाजोपयोगी दार्शनिक कृतिका रूपमा समादृत छ । प्रकृत ब्रह्मसूत्र शाङ्करभाष्य अन्तर्गत समन्वयाध्यायको नेपालीभाषानुवाद चलिरहेकै अवस्थामा उहाँ दिवङ्गत हुनुभएकाले पूरा हुन नपाए पनि जति प्राप्त छ त्यो ज्यादै उपयोगी र महत्त्वपूर्ण छ।

समन्वयाध्यायको तेस्रोपादको २३ सूत्रदेखि चतुर्थपादको अन्तिमभागसम्मको नेपालीभाषानुवाद स्व. नेपालका सुयोग्य एवं प्रिय शिष्य म.सं.वि. सम्पादकसमूहका संयोजक प्राध्यापक डा. श्री वेणीमाधव ढकालद्वारा गराई सुयोग्य सम्पादकहरूद्वारा सम्पादन समेत गराएर प्रकाशन गरिएको छ । यसबाट अद्वैत वेदान्तका जिज्ञासु छात्र एवं अनुसन्धाताहरू लाभान्वित हुनेछन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

महेन्द्र संस्कृत विश्वविद्यालय विभिन्न शास्त्रका महत्त्वपूर्ण एवं दुर्लभ ग्रन्थहरूको सम्पादन, विवेचन र प्रकाशन गर्ने उद्देश्य अनुरूप आफ्नो कार्य पूरा गर्न निरन्तर अग्रसर रहेको छ । पं. दधिराम मरासिनिद्वारा रचित **कर्मकाण्ड भास्कर**, विद्वच्छिरोमणि स्व. कुलचन्द्र गौतमले रचना गर्नुभएको **संस्कृत-नेपाली शब्दकोश**, नवमीसिंहद्वारा विरचित **तन्त्रचिन्तामणि** आदि महत्त्वपूर्ण प्रकाशनहरू सोही अग्रसरताका परिणाम हुन् । त्यसै शृङ्खलामा उत्तिकै महत्त्वपूर्ण यो प्रकाशन पनि थपिन आएको छ ।

महेन्द्र संस्कृत विश्वविद्यालयले आगामी समयमा ब्रह्मसूत्र शाङ्करभाष्यका अन्य अध्यायहरूको पनि आधिकारिक व्यक्तिहरूद्वारा विवेचनात्मक नेपालीभाषानुवाद गराई प्रकाशन गरेर अद्वैत वेदान्तका जिज्ञासु नेपालीभाषाभाषी जनसमुदायको सेवाका साथै संबद्ध विषयका छात्रहरूको अध्ययनमा सघाउ पुऱ्याउने उत्सुकता राखेको छ।

उपकुलपति श्री माधवराज गौतमज्यूको सक्रिय नेतृत्व, प्रेरणा र सदाशयका कारण हाल महेन्द्र संस्कृत विश्वविद्यालयमा शिक्षण, अनुसन्धान, प्रकाशन, व्यवस्थापन, प्राज्ञिक कार्यविस्तार र सम्बन्धविस्तार जस्ता रचनात्मक गतिविधिमा तीव्रता आएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ ।

यस ग्रन्थको प्रकाशनका लागि सम्पूर्ण व्यवस्था मिलाई आफ्नो मूल्यवान् सम्मति समेत प्रदान गर्नुभएकोमा उपकुलपति श्री गौतमज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रकाशनार्थ यो ग्रन्थ उपलब्ध गराई सहयोग गर्नुहुने स्व. नेपालकी धर्मपत्नी श्रीमती बालप्रभा नेपाल, सुपुत्रहरू श्री श्यामसुन्दर नेपाल एवं श्री सरोज नेपालका साथै स्व. नेपालको व्यक्तित्व र कृतित्व बारे प्रमाणिक जानकारी दिएर सहयोग गर्नुहुने उहाँका अनुज एवं शिष्य र मेरा प्रिय मित्र श्री नलराज शास्त्रीप्रति सधन्यवाद आभारिता व्यक्त गर्न चाहन्छु ।

यस ग्रन्थको सम्पादनको दौरानमा यसका बाँकी भागको समानशैलीमा नेपालीभाषानुवाद पूरा गर्नुभएकोमा सम्पादकसमूहका संयोजक प्रा.डा. श्री वेणीमाधव ढकाल र परिश्रमपूर्वक उक्त ग्रन्थको सम्पादन गर्नुहुने संपादकद्वय सहप्रा. डा. श्री दुर्गादत्त शर्मोपाध्याय एवं उपप्रा. श्री मोतीलाल शर्मा रिजालप्रति कृतज्ञता प्रकट गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, यसको सुन्दर कम्प्यूटर गरिदिने क्वालिटी लेजर प्रिन्ट, बागबजार र कलात्मक मुद्रण गरिदिने नेपाल प्रिन्टर्स एवं ट्रेडर्स को-अपरेटिभ लि., डिल्लीबजारप्रति सहर्ष धन्यवाद ज्ञापन गर्दै सम्पादन एवं प्रकाशनसँग सम्बद्ध सबै सहयोगीहरू प्रति साधुवाद व्यक्त गर्दछु ।

प्रा.डा. वावुराम पोख्रेल
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

व्यासपूर्णिमा, २०५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हर्षोद्गार

२०५४ आषाढमा हामी स्वर्गीय पण्डितप्रवर दधिराम मरासिनिद्वारा प्रणीत कर्मकाण्डभास्करको संपादनमा व्यस्त थियौं । त्यसैबेला मलाई कारणवश पाल्पा जानु पऱ्यो । यहाँ आएको बेला स्व.पं. दधिराम मरासिनिका शिष्य र स्व.पं. मीनप्रसाद नेपालका आत्मीय बन्धु पाल्पा डम्बकनिवासी श्री तारानाथ खनालसँग भेटघाट गर्दा स्व. मरासिनिका विषयमा बढी जानकारी पाउन सकिन्छ भन्ने हेतुले म पाल्पाको निसर्गसुन्दर र उर्वर गाउँ डम्बक पुगें ।

त्यहाँ एक रातको बसाइमा मैले श्री तारानाथ खनालज्यूको सौजन्यबाट स्व. मरासिनि र स्व. नेपालको सदाचार, जीवनशैली, प्रवचनशैली, पाण्डित्य, परोपकारी वृत्ति, भद्र व्यक्तित्व, रचना, साधना, योग, ज्ञान, भक्ति र समाज सेवासम्बन्धी विषयमा जानकारीका साथै भद्र मनोविनोदका मार्मिक प्रसङ्गहरू समेत सुन्न पाउँदा पुलकित भएँ । वस्तुतः त्यो दिन मेरा लागि अपूर्व दिन थियो । विषयवासनामा जेलिएका रातदिन मायापिशाचिनीका पाशमा परेर विनश्वर शरीरको निर्वाहका लागि र औपाधिक सांसारिक उपलब्धिका लागि साभिनिवेश तड्पिरहेका हामी जस्ताको लागि आफ्ना अनुपम चरितचर्याबाट समाजमा दीर्घकालीन छाप छोडेर जाने महापुरुषहरूका पावन प्रसङ्गहरूको संस्मरणले उद्बोधन, पवित्र शान्ति र चैन दिंदो रहेछ ।

अर्को दिन श्री तारानाथ खनालज्यूसँग विदावारी भई डम्बकबाट फर्किंदा द्यौराली गा.वि.स. अन्तर्गतको द्यौराली गाउँमा स्थित माध्यमिक विद्यालयका शिक्षक मित्रहरूसँग स्व. गुरु नेपालका विलक्षण पाण्डित्य प्रतिभा, सरलता र सोम्यता जस्ता संस्मरणीय गुणहरूको विषयमा मीठो चर्चा भयो।

उक्त मा.वि.मा नेपाली विषयका शिक्षक स्व. गुरुवर मीनप्रसाद नेपालका कान्छा छोरा श्री सरोज नेपाल शास्त्रीकासाथ उहाँको घर गई पूज्य गुरुआमा श्रीमती बालप्रभा नेपालको सौजन्यबाट ब्रह्मसूत्र शाङ्करभाष्य अन्तर्गत समन्वयाध्यायको नेपाली भाषानुवादका हात्ती छाप ४० कापीहरूमा आधारित पाण्डुलिपि प्राप्त गरें ।

काठमाडौं आएपछि महेन्द्र संस्कृत विश्वविद्यालयका वर्तमान उपकुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री माधवराज गौतमज्यूसँग उक्त पाण्डुलिपिको प्रकाशनलाई लिएर कुरा गरें। उहाँले तपाईंले प्रकाशनार्थ म.सं.वि.मा निवेदन सहित यो पाण्डुलिपि पेश गर्नुहोस्, प्रकाशन समितिमा जान्छ र त्यसले उचित ठहर गरेमा म विचार गर्नेछु भन्नुभयो। मैले प्रक्रिया पुऱ्याएँ, विश्वविद्यालयको प्रकाशन समितिले उक्त पाण्डुलिपिलाई प्रकाशनार्ह भनेर सिफारिस गऱ्यो र आज यसरूपमा प्रकाशित भएको छ।

ब्रह्मसूत्र शाङ्करभाष्य अद्वैत वेदान्तदर्शनको सर्वोत्तम प्रामाणिक ग्रन्थ हो। यसको आजसम्म कसैबाट नेपालीभाषामा अनुवाद गरिएको थिएन। त्यस दृष्टिबाट यो प्रथम प्रकाशन हो। यस प्रकाशनबाट नेपालीभाषाभाषी जिज्ञासुहरू लाभान्वित हुनेछन्। शाङ्करवेदान्त एवं सर्वदर्शन विषयका छात्रहरूको अध्ययनमा यसले सघाउ पुऱ्याउने छ र नेपालीभाषाको भण्डारमा एउटा महत्त्वपूर्ण दार्शनिक कृति थपिने छ।

ब्रह्मसूत्र शाङ्करभाष्य समन्वयाध्यायको अनुवादकै क्रममा अनुवादक गुरुवर पं. मीनप्रसाद नेपाल दिवङ्गत हुनुभएकाले मैले बाँकी रहेको तृतीय पादको २३सौं सूत्रदेखि चतुर्थ पादको समाप्तिसम्मका ४९ सूत्रमा आधारित शाङ्करभाष्यको नेपालीमा अनुवाद गरेको छु। यस अनुवादमा पक्कै पनि उहाँको जस्तो गाम्भीर्य छैन तापनि **'त्वदीयं वस्तु गोविन्द! तुभ्यमेव समर्पये'** को शैलीमा उहाँको वस्तु उहाँलाई नै समर्पित गर्न पाउँदा मैले अपार हर्षको अनुभव गरिरहेको छु।

पदमा व्यक्तिहरू आउने र जाने गर्दछन् तर ती मनस्वीहरू यशस्वी बन्दछन् जसले आफ्नो कार्यकालमा निःस्वार्थभावले देश, संस्कृति, धर्म, विद्या, समाज र जनताका लागि उपयोगी हुने चिरस्मरणीय काम गर्दछन्। यसको प्रकाशन गर्ने सम्बन्धमा सौजन्य, सौमनस्य र श्रद्धापूर्वक चासो लिएर सम्पूर्ण व्यवस्था मिलाइदिनु भएकोमा महेन्द्र संस्कृत विश्वविद्यालयका वर्तमान उपकुलपति श्री माधवराज गौतम पनि यशस्वी हुनुभएको छ। यसै गरी शिक्षाध्यक्ष प्रा.डा. श्री वावुराम पोखेल पनि यस ग्रन्थको प्रकाशनमा उत्तिकै योगदान दिनुभएको कारणबाट यशोभागी हुनुभएको छ। उहाँहरू दुवै प्रति सहर्ष कृतज्ञताज्ञापन गर्दै म. सं. वि. प्रकाशन समिति र सम्पादनका क्रममा सहयोग गर्नुहुने कार्यकारिनिर्देशक प्रा. श्री नीलमणि ढुङ्गानाप्रति हार्दिक आभारप्रदर्शन गर्दछु।

यसै प्रसङ्गमा पाण्डुलिपिप्रदान गरेर ठूलो सहयोग गर्नु हुने पूज्य गुरुआमा श्रीमती बालप्रभा नेपाल र गुरुपुत्रहरू क्रमशः श्री श्यामसुन्दर नेपाल एवं सरोज नेपाल शास्त्रीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै ग्रन्थसम्पादनका क्रममा आवश्यक सामग्री दिएर सहयोग गर्नुहुने श्री नलराज शास्त्रीप्रति आभारप्रदर्शन गर्दछु। पुनश्च स्व. मरासिनि एवं स्व. नेपालको विषयमा महत्त्वपूर्ण जानकारी दिनुहुने भर्खरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

6x2

२०५५ वैशाखमा दिवङ्गत हुनु भएका स्व. तारानाथ खनालप्रति हार्दिक श्रद्धाञ्जलि टक्र्याउन चाहन्छु ।

ग्रन्थसम्पादनका क्रममा सम्पादकसमूहको कार्यविभाजन अनुसार सम्पादक सहप्रा. डा. श्री दुर्गादत्त शर्मोपाध्याय लघुकौमुदीको सरल र व्युत्पत्तिपूर्ण नेपाली-भाषानुवादमा व्यस्त हुनुभएता पनि उहाँको यस सम्पादनमा पनि दृष्टि परेको छ । उपप्रा. श्री मोतीलाल शर्मा रिजालले अनुसन्धानकेन्द्रबाट प्रकाशित हुने ऋतम्भरा चतुर्थ अङ्कको सुन्दर सम्पादनका साथै यस ग्रन्थलाई यो रूप दिने सम्बन्धमा ज्यादै खटेर मिहिनेत गर्नुभएको छ। अतः उहाँहरू दुवै प्रशंसनीय र धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा यसको प्रकाशनसँग सम्बद्ध सबै प्रति साधुवाद ज्ञापन गर्दै देश र जनताको हितका लागि आफ्ना मूल्यवान् कृतिहरूको सिर्जना गर्नुहुने गुरुवर स्व.पं. मीनप्रसाद नेपालप्रति श्रद्धाकुसुमाञ्जलि समर्पण गर्दछु ।

धन्यवाद !

विनीत

वेणीमाधव ढकाल

म.सं.वि., वाल्मीकि विद्यापीठ

गुरुपूर्णिमा, २०५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तावना

ब्रह्मसूत्रपरिचय

महर्षि कृष्ण द्वैपायन बादरायणद्वारा विरचित ब्रह्मसूत्र अन्य दर्शनहरूभन्दा श्रेष्ठ दर्शन मानिएको छ । यसमा सरल र सूत्रात्मकरूपमा परब्रह्मको स्वरूप, परब्रह्म प्राप्तिका साधन, परब्रह्मको उपासना र ब्रह्मविज्ञानका फलको विषयमा विशद विवेचन गरिएको छ। **'सूचनात् सूत्रमित्याहुः'** यस भनाइअनुसार यो ग्रन्थ परब्रह्मको सूचक भएकाले ब्रह्मसूत्रको नामबाट विख्यात भएको छ र अन्वर्थ छ । ऋग् आदि वेदहरूको अन्तिम सिद्धान्तको दर्शन गराउने हुनाले यसलाई वेदान्तदर्शन पनि भनिन्छ । यस दर्शनका मूल आधार उपनिषद्हरू नै हुन् । वस्तुतः 'ब्रह्मसूत्र' का सूत्रहरूले उपनिषद्वाक्यहरूको यथार्थ अभिप्रायलाई व्यक्त गर्दछन् ।

उपनिषत् प्रतिपाद्य अद्वैत ब्रह्म निर्दोष र सप्रयोजन भएकाले **'सत्यम्, शिवम् र सुन्दरम्'** को रूपमा सम्मानित छ । वेदान्तप्रमाणद्वारा ज्ञेय ब्रह्म अनन्यलभ्य छ । **'अध्यारोपापावादाभ्यां निष्प्रपञ्चं प्रपञ्च्यते'** यो वेदान्तन्याय हो । अज्ञानद्वारा अधिष्ठान ब्रह्ममा द्वैतप्रपञ्चको अध्यारोप गरिएको हुन्छ, अर्थात् मूर्खहरू निष्प्रपञ्च, शुद्ध ब्रह्मलाई सप्रपञ्च देख्दछन्, तर बुद्धिमान्हरू त्यसै ब्रह्मलाई अपवादद्वारा निष्प्रपञ्च अद्वय ब्रह्मका रूपमा दर्शन गर्दछन् । यो ब्रह्माद्वैत कुनै प्रमाणबाट पनि बाधित हुँदैन , ब्रह्मसाक्षात्कारको अवस्थामा कुनै पनि बाधकारण उपस्थित हुँदैनन् । स्वतः प्रमाणभूत उपनिषद्हरूद्वारा विदित हुने हुनाले ब्रह्म निर्दोष छ । ब्रह्मसाक्षात्कारपछि सम्पूर्ण दुःखहरूको अत्यन्त निवृत्ति हुने हुनाले परमानन्दको प्राप्तिरूप प्रयोजनको सिद्धि हुन्छ । अतः ब्रह्मलाई सप्रयोजन पनि भनिन्छ । वेदान्तदर्शनद्वारा नै मानवजीवनबाट प्राप्त हुन सक्ने सर्वोत्तम आनन्दरूप ब्रह्मतत्त्वको प्राप्ति हुने हुँदा यसलाई **'दर्शनीयतमं दर्शनम्'** पनि भनिन्छ । लोकहितैषी भगवान् वेदव्यासद्वारा १९१ अधिकरण र ५५५ सूत्रमा गुम्फित यस महान् कृतिको सार्वकालिक र सार्वदेशिक महत्ता र उपादेयतालाई विश्वका मनस्वी चिन्तकहरूले स्वीकार गरेका छन् ।

ब्रह्मसूत्रको अर्को नाम उत्तरमीमांसा पनि हो । महर्षि जैमिनिले बनाएको पूर्वमीमांसादर्शनले वेदको पूर्वभागमा निर्दिष्ट कर्मकाण्डको प्रतिपादन गर्दछ । यो ब्रह्मसूत्र वेदको उत्तरभागमा प्रतिपादित ज्ञानकाण्डको प्रतिपादक भएकाले उत्तरमीमांसाको नामबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रख्यात छ । अद्वय ब्रह्मलाई विचारद्वारा अनुभव गरेपछि ज्ञातव्य केही पनि बाँकी रहँदैन । भनिएको पनि छ- **'यज्ज्ञात्वा नेह भूयोऽन्यद् ज्ञातव्यमवशिष्यते'**[१] । त्यसकारण उत्तरमीमांसाद्वारा ज्ञातव्य ब्रह्म अन्तिम ज्ञातव्य हो भने ब्रह्मको प्रतिपादक उत्तरमीमांसा पनि अन्तिम दर्शन हो । वेदको उत्तरभाग उपनिषद् श्रुतिको मीमांसा अर्थात् पूजित विचार गर्ने दर्शन हुनाले पनि ब्रह्मसूत्र उत्तरमीमांसा शब्दबाट संबोधित हुन्छ । श्रीमद्भगवद्गीतामा **'ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः'**[२] भनेर ब्रह्मसूत्रको उल्लेख गरिएकाले पनि यस दर्शनको प्राचीनता प्रमाणित हुन्छ। बादरायणमुनि यो नाम पौराणिककालदेखि नै वेदव्यासका लागि प्रयुक्त हुँदै आएको छ। यो ब्रह्मसूत्र उनै बादरायण मुनि अथवा वेदव्यासको पवित्र रचना हो ।

ब्रह्मसूत्रकारले यस ग्रन्थलाई ४ अध्याय र १६ पादहरूमा विभक्त गरेका छन् । यसको पहिलो अध्यायमा सबै वेदान्तवाक्यहरूको एकमात्र अद्वय प्रत्यँगात्मा ब्रह्मको प्रतिपादनमा अन्वय भएको छ यसैले त्यसको नाम समन्वयाध्याय हो । प्रथम अध्यायको प्रथमपादमा स्पष्ट ब्रह्मज्ञापक श्रुतिवाक्यहरूको विचार गरिएको छ । द्वितीय र तृतीय पादहरूमा अस्पष्ट ब्रह्मज्ञापक श्रुतिवाक्यहरूको मीमांसा गरिएको छ । प्रकारान्तरले भन्ने हो भने द्वितीय पादमा उपास्य ब्रह्म र तृतीयपादमा ज्ञेय ब्रह्मका विषयमा विचार गरिएको छ। चतुर्थपादमा अज अव्यक्त आदि संदिग्ध पदहरूको तात्पर्य विषयमा ऊहापोह गरिएको छ।

ब्रह्मसूत्रको द्वितीय अध्यायमा सबै प्रकारका विरोधाभासहरूको निराकरण गरिएको छ । अत एव यसको नाम अविरोधाध्याय रहेको छ । तृतीय अध्यायको नाम साधनाध्याय हो, यसमा तत् र त्वं पदार्थको शोधन बारे विचार गरी जीव एवं ब्रह्मको स्वरूप निर्देश गरिएको छ । यसमा यज्ञादि बहिरङ्ग साधन एवं शम, दम निदिध्यासन आदि अन्तरङ्ग साधनको प्रतिपादन गरिएको छ । साथै यसमा चित्तको स्थिरता एवं ब्रह्मविद्याप्राप्तिका लागि आवश्यक विभिन्न उपासनाहरूको निरूपण गरिएको छ । चतुर्थ अध्यायको नाम फलाध्यायहो । यसमा जीवन्मुक्ति, विदेहमुक्ति, जीवोत्क्रान्ति, पितृयान, देवयान, सगुण उपासना, निर्गुण उपासना र तिनको तारतम्य बारे विचार गरिएको छ ।

ब्रह्मसूत्रको सैद्धान्तिक निष्कर्ष

[३]प्रत्यक्ष दृश्यमान जड चेतनात्मक जगत्को निमित्त कारण र उपादान कारण ब्रह्म नै हो । सर्वशक्तिमान् परब्रह्म परमेश्वरका दुई प्रकृति छन् परारूप चेतन जीवसमुदाय र अपरारूप परिवर्तनशील जडवर्ग । यी दुवै ब्रह्मका शक्तिरूप हुन् र ब्रह्मभन्दा भिन्न छैनन् ।

१. *श्रीमद्भगवद्गीता ७/२*
२. *श्रीमद्भगवद्गीता* १२/ ४
३. ***जन्माद्यस्य यतः*** *ब्र.सू. १/१/२*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म ती शक्तिको आश्रय हुनाले तीभन्दा भिन्न पनि छ । परब्रह्म ती दुवैभन्दा विलक्षण र उत्तम छ ।[४] परब्रह्मले ती दुवै शक्तिलाई साथ लिएर सृष्टिकालमा जगत्‌को रचना गर्दछ र प्रलयकालमा दुवैलाई आफूमा विलीन गराउँछ ।[५] परब्रह्म परमात्मा शब्दस्पर्शादिरहित निर्विशेष, निर्गुण एवं निराकार छ र अनन्त कल्याणमय गुणसमुदायले संपन्न एवं साकार पनि छ । परमात्माको यी दुवै रूप स्वाभाविक र सत्य छन् ।[६] परमेश्वर कर्मफलको व्यवस्था गर्ने सबैका नियन्ता र स्वामी पनि हुन् ।[७] जीव नित्य छ त्यसको जन्म र मरण शरीरको सम्बन्धका कारण औपचारिक छ ।[८] जीवको एक शरीरबाट अन्य शरीरमा र लोकान्तरमा समेत जाने काम शरीरको सम्बन्धका कारण भएको हो । त्यो ब्रह्मलोकमा पनि सूक्ष्म शरीरको सम्बन्धबाट मात्र जान्छ ।[९] परब्रह्म परमेश्वरको धाममा पुगेको ज्ञानी पुरुष दिव्यस्वरूपले संपन्न हुन्छ र त्यसको प्राकृत शरीरसँग सम्बन्ध हुँदैन । त्यो उसको निर्बन्ध मुक्तावस्था हो ।[१०] कार्यब्रह्म-लोकमा प्राप्त हुने ज्ञानीले सङ्कल्पमात्र ले त्यहाँका भोग भोग्दछ ।[११]

देवयानमार्गबाट परब्रह्मधाममा प्राप्त हुने विद्वान्‌ले सायुज्यमुक्ति प्राप्त गर्दछ । कुनै चैतन्यमात्ररूपमा स्वतन्त्र पनि रहन सक्दछ ।[१२]

कार्यब्रह्मलोकमा प्राप्त हुने ज्ञानी तल्लोकस्वामीका साथ प्रलयकालमा सायुज्य प्राप्त गर्दछ ।[१३]

---

४. *प्रकाशाश्रयवद्वा तेजस्त्वात्* ब्र.सू. ३/२/२८, *अधिकन्तु भेदनिर्देशात्* ब्र.सू. २/१/२२, *परमतः सेतून्मानसम्बन्धभेदव्यपदेशेभ्यः* ब्र.सू. ३/२/३१

५. *चमसवदविशेषात्* ब्र.सू. १/४/८, *ज्योतिरुपक्रमा तु तथा ह्यधीयत एके* ब्र.सू. १/४/९, *कल्पनोपदेशाच्च मध्वादिवदविरोधः* ब्र.सू. १/४/१०, *असद्व्यपदेशान्नेति चेन्न धर्मान्तरेण वाक्यशेषात्* ब्र.सू. २/१/१७ ।

६. *न स्थानतोऽपि परमस्योभयलिङ्गं सर्वत्र हि* ब्र.सू. ३/२/११, एवं ब्र.सू. ३/२/१२ देखि ३/२/२६ सम्मका सूत्रहरू द्रष्टव्य छन् ।

७. *फलमत उपपत्तेः* ब्र.सू. ३/२/३८, *श्रुतत्वाच्च* ब्र.सू. ३/२/३९, *धर्मं जैमिनिरत एव* ब्र.सू. ३/२/४०, *पूर्वन्तु बादरायणो हेतुव्यपदेशात्* ब्र.सू. ३/२/४१ ।

८. *तस्य च नित्यत्वात्* ब्र.सू. २/४/१६, *चराचरव्यपाश्रयस्तु स्यात्तद्व्यपदेशो भाक्तस्तद्भावभावित्वात्* ब्र.सू. २/३/१६, *नात्माऽश्रुतेर्नित्यत्वाच्च ताभ्यः* ब्र.सू. २/३/१७, *ज्ञोऽत एव* ब्र.सू. २/३/१८ ।

९. *सूक्ष्मं प्रमाणतश्च तथोपलब्धेः* ब्र.सू. ४/२/९ ।

१०. *सम्पद्याविर्भावः स्वेन शब्दात्* ब्र.सू. ४/४/१, *मुक्तः प्रतिज्ञानात्* ब्र.सू. ४/४/२ ।

११. *सङ्कल्पादेव तु तच्छ्रुतेः* ब्र.सू. ४/४/८,
द्वादशाध्ववदुभयविधं बादरायणोऽतः ब्र.सू. ४/४/१२ ।

१२. *अविभागेन दृष्टत्वात्* ब्र.सू. ४/४/४,
एवमप्युपन्यासात् पूर्वभावादविरोधं बादरायणः ब्र.सू. ४/४/७ ।

१३. *कार्यात्यये तदध्यक्षेण सहातः परमभिधानात्* ब्र.सू. ४/३/१० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरायणमार्गबाट ब्रह्मलोकमा जाने ज्ञानीका लागि रात्रिकाल अथवा दक्षिणायनकालमा मृत्यु हुनुले कुनै अवरोध गर्दैन ।[१४]

जीवको कर्तृत्व शरीर र इन्द्रियहरूको सम्बन्धका कारण औपचारिक हुने गर्दछ।[१५]

जीवको कर्तृत्वको मूलकारण परब्रह्म नै हो ।[१६]

जीवात्मा विभु (व्यापक) छ, त्यसमा एकदेशित्व शारीरिकसम्बन्धका कारणबाट नै हुन आउँछ।[१७]

जुन ज्ञानी पुरुषहरू निष्काम र आप्तकाम हुन्छन् तिनले यसै लोकमा ब्रह्मानुभूति गर्दछन् । तिनलाई ब्रह्मलोकमा जानु पर्दैन ।[१८]

ज्ञानी पुरुषले लोकसंग्रहका लागि सबै प्रकारका विहित कर्महरूको अनुष्ठान गर्न सक्दछ ।[१९]

सबै आश्रममा ब्रह्मज्ञान हुनसक्दछ र सबै आश्रमलाई ब्रह्मविद्याको अधिकार छ।[२०]

ब्रह्मलोकमा पुग्ने पुरुष फेरि फर्किंदैन ।[२१]

ज्ञानी पुरुषको पूर्वकृत सञ्चित पाप-पुण्यको नाश हुन्छ, नयाँ कर्महरूसँग सम्बन्ध हुँदैन । प्रारब्धकर्मको उपभोगद्वारा नाश भए पछि वर्तमान शरीर नष्ट हुन्छ र साधकपुरुष ब्रह्मलोकमा प्राप्त भएर अथवा यहीं रहेर परमात्मस्वरूप बन्दछ ।[२२]

ब्रह्मज्ञानका साधकले निष्कामभावबाट यज्ञादि आश्रमकर्मको सम्पादन गर्दै शमदमादि साधनमा केन्द्रित हुनु पर्दछ ।[२३]

---

१४. *निशि नेति चेन्न सम्बन्धस्य यावद् देहभावित्वात्* ब्र.सू. ४/२/१९, *अतश्चायनेऽपि दक्षिणे* ब्र.सू. ४/२/२० ।

१५. *कर्त्ता शास्त्रार्थवत्वात्* ब्र.सू. २/३/३३, ३४ देखि २/३/४० सम्मका सूत्रहरू पनि द्रष्टव्य छन्।

१६. *परात्तु तच्छ्रुतेः* ब्र.सू. २/३/४१ ।

१७. *तद्गुणसारत्वात्तु तद्व्यपदेशः प्राज्ञवत्* ब्र.सू. २/३/३९ ।

१८. *उपपन्नस्तल्लक्षणार्थोपलब्धेर्लोकवत्* ब्र.सू. ३/३/३०, *तन्निर्धारणानियमस्तद्दृष्टेः पृथग्घ्यप्रतिबन्धः फलम्* ब्र.सू. ३/३/४२, *परेण च शब्दस्य ताद्विध्यं भूयस्त्वात्त्वनुबन्धः* ब्र.सू. ३/३/५२, *एवं मुक्तिफलानियमस्तदवस्थाधृतेस्तदवस्थाधृतेः* ब्र.सू. ३/४/५२, *प्रतिवेधादिति चेन्न शारीरात्* ब्र.सू. ४/२/१२, ४/३/१३ देखि ४/३/१६ सम्मका सूत्रहरू द्रष्टव्य छन् ।

१९. *अग्निहोत्रादि तु तत्कार्यायैव तद्दर्शनात्* ब्र.सू. ४/१/१६, *अतोऽन्यापि ह्येकेषामुभयोः* ब्र.सू. ४/१/१७ ।

२०. *मौनवदितरेषामप्युपदेशात्* ब्र.सू. ३/४/४९ ।

२१. *अनावृत्तिः शब्दादनावृत्तिः शब्दात्* ब्र.सू. ४/४/२२

२२. *तदधिगमे उत्तरपूर्वाघयोरश्लेषविनाशौ तद्व्यपदेशात्* ब्र.सू. ४/१/१३, *इतरस्याप्येवमसंश्लेषः पाते तु* ब्र.सू. ४/१/१४, *भोगेन तु त्वितारे क्षपयित्वा सम्पद्यते* ब्र.सू. ४/१/१९ ।

२३. *सवपिक्षा च यज्ञादिश्रुतेरश्ववत्* ब्र.सू. ३/४/२६, *शमदमाद्युपेतः स्यात्तथापि तु तद्विधेस्तदङ्गतया तेषामवश्यानुष्टेयत्वात्* ब्र.सू. ३/४/२७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मविद्या कर्महरूको अङ्ग होइन ।[२४]

ब्रह्मज्ञान नै परमात्माको प्राप्तिको एकमात्र उपाय हो ।[२५]

यो जगत् प्रलयकालमा पनि अप्रकटभावले रहन्छ ।[२६]

इत्यादि ब्रह्मसूत्रका मुख्य सिद्धान्त हुन् । यिनै सिद्धान्तलाई ध्यानमा राखी ब्रह्मसूत्रको अनुशीलनबाट साधकले आफ्नो गन्तव्य निश्चित गर्न सक्दछ ।

ब्रह्मसूत्रप्रणेता बादरायण

अचतुर्वदनो ब्रह्मा द्विबाहुरपरो हरिः ।

अभाललोचनः शम्भुर्भगवान् बादरायणः ।।[२७]

वास्तवमा ब्रह्मा, विष्णु र शङ्करका विशिष्ट गुणगरिमाले ओतप्रोत मत्स्यगन्धा (सत्यवती) र पराशरका पुत्र वेदव्यास संस्कृतवाङ्मयमा छाएका छन् । आफैले बनाएको विशाल संस्कृतवाङ्मयका वर्ण र पदहरूमा उनको व्यक्तित्व चम्किएको छ । उपनिषद्वाङ्मयदेखि लौकिकवाङ्मयसम्ममा पाराशर्य, कृष्ण, कृष्णद्वैपायन, सत्यवतीनन्दन बादरायण वासवेय, पाराशरि, कानीन आदि नामहरूबाट वेदव्यासको वर्णन गरिएको पाइन्छ।

वेदको वर्गीकरण गर्ने ब्रह्मसूत्र, अठार महापुराण, महाभारत र तदन्तर्गतको ब्रह्मविद्यारूप गीताका रचयिता कृष्णद्वैपायन ज्ञानी पुत्र शुकदेवका पिताका रूपमा पनि चर्चित छन् । १७ पुराण र महाभारतको रचना पछि पनि कता केही छुटे झैं केही बिराए झैं चिन्तित मुद्रामा रहेका वेदव्यासले नारदबाट पाएको उपदेशबाट श्रीमद्भागवत जस्तो भक्तिमाधुर्यले अनुप्राणित रचना दिएर भगवद्भक्तहरूलाई ठूलो गुन लगाएका छन् ।

वेदव्यास व्यक्ति नभएर पद हो, अनेकौं महामहिमहरूले आफ्नो दिव्य साधनाद्वारा त्यो पद पाएका छन् । देवीभागवतमा प्रथममन्वन्तरदेखि २८ सौं मन्वन्तरसम्मका व्यास पद प्राप्त गर्ने महापुरुषहरूको चर्चा भएको छ । जस्तै- ब्रह्मा, प्रजापति, शुक्राचार्य, बृहस्पति, सूर्य, यम, इन्द्र, वसिष्ठ, सारस्वत, त्रिधामा, त्रिवृष, भारद्वाज, अन्तरिक्ष, धर्म, आरुणि, धनञ्जय, मेधातिथि, व्रती, अत्रि, गौतम, हर्यात्मा, वाजश्रवा, सोमशुष्मायण, भार्गव, शक्ति, पराशर, जातुकर्ण्य र कृष्णद्वैपायन ।

ततः शक्तिर्जातुकर्ण्यः कृष्णद्वैपायनस्ततः ।

अष्टाविंशतिसङ्ख्येयं कथिता या मया श्रुता ।।[२८]

---

२४. ***शेषत्वात् पुरुषार्थवादो यथान्वेष्विति जैमिनिः*** *ब्र.सू. ३/४/२, ३/४/३ देखि ३/४/२४ सम्मका सूत्रहरू पनि द्रष्टव्य छन् ।*

२५. ***पुरुषार्थोऽतश्शब्दादिति बादरायणः*** *ब्र.सू. ३/४/१,* ***विद्यैव तु निर्धारणात्*** *ब्र.स. ३/३/४७।*

२६. ***सत्त्वाच्चावरस्थ*** *ब्र.सू. २/१/१६ ।*

२७. *पुराणप्रसिद्ध पद्य ।*

२८. *श्रीमद्देवीभागवतम् १/३/३३*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै वेदव्यास, कृष्णद्वैपायन वा बादरायणको नेपालको प्रामाणिक ऐतिहासिककाल लिच्छविशासनकालमा नेपालमा ठूलो प्रचार थियो र काठमाण्डौ हाँडिगाउँस्थित नारायणस्थानको अभिलेखमा (वि.सं. ५६३-५८९) कालजयी रचना '**द्वैपायनस्तोत्रम्**'[२९] कुँदिएको छ । नेपाली उद्भट विद्वान् र कवि अनुपरमको उक्त अभिलेखात्मक द्वैपायनस्तोत्रमा ३४ स्वर्णमय पद्य रहेका छन् । वेदको व्यास गर्ने वेदव्यासका सम्बन्धमा उक्त स्तोत्र भन्दछ-

[३०]प्रतिविषयनियोगात् पालकत्वाच्च तासाम्
निपुणतदवबोधात् तद्विवेकाददोषात् ।
जगति तदुपदेशात् त्वम्मिथस्तद्विभागा-
दुपहित इव मूर्तिस्त्र्यात्मना मन्त्रवाचाम् ।।

वेदव्यासको महान् रचना महाभारत संपूर्ण वाङ्मयकोष हो भन्दै नेपाली अभिलेख बोल्दछ -

[३१]सुखिना विविक्तवचसा त्वया सता
कृपया परार्थविनिवेशिबुद्धिना ।
जगतो हिताय सुकृते ह भारते
भुवि वाङ्मयं सकलमेव दर्शितम् ।।

ब्रह्मसूत्र जस्तो कृतिद्वारा आत्माको विवेचन गर्ने महान् दार्शनिक वेदव्यासको विषयमा उक्त अभिलेखमा यसरी भनिएको छ -

[३२]सौक्ष्म्याद् दुर्बोधमीशं स्थितमपि सकलं लोकमावृत्य तन्वा
वाग्बुद्ध्योरप्यतीताकृतिमपि मुनिभिः स्वागमाद् ध्याततत्त्वम् ।
विद्यारूपं विशुद्धेः पदमनतिशयक्षीणसंसारबन्धम्
स्यादात्मानं न जातु त्वमिव कथयिता कश्चिदन्यो द्वितीयः ।।
प्रत्याधारस्थितत्वात् पृथगपि न पृथक् तत्स्वरूपाविशेषात्
नित्यं धर्मैरयोगात् पुनरपि न तथा सर्वकालाप्रतीतेः ।
नाशोत्पादाद्ययोगात् स्थितमपि जगतः सर्वगं व्यापिभावात्
चैतन्यं रूपपक्षस्थितमपि कथयेत् को नु लोके त्वदन्यः ।।

कृष्णद्वैपायनको निष्कलङ्क विद्यामूर्तित्वलाई व्यक्त गर्दै उक्त नेपाली अभिलेख

---

२९. *सम्पादक धनवज्र बज्राचार्य, लिच्छविकालका अभिलेख, अभिलेख संख्या ३५ ।*
३०. *पूर्ववत्, पद्य २८ ।*
३१. *पूर्ववत्, पद्य २६ ।*
३२. *पूर्ववत्, पद्य २९, ३० ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछ –

[33]निरंहसं दुरितभिदं विवेकिनं तमोमुषं शमितभवं विपश्चितम्
गिरां पतिं सुधियमसङ्गिचेतसं मयोदितं वचनमुपैतु ते सदा ।।

एतावता ब्रह्मसूत्र र ब्रह्मसूत्रकर्ता वेदव्याससँग नेपाली जनता र नेपालको अति प्राचीनकालदेखि नै आत्मीयसम्बन्ध रहेको तथ्य स्पष्ट हुन्छ ।

आज पनि नेपाली समाजमा वेदव्यास उत्तिकै सम्मानित छन् । उनका महापुराणहरू नेपाली जनजीवनमा छाएका छन् । प्रत्येक धार्मिक गृहस्थले एकपटक श्रीमद्भागवतसप्ताह यज्ञ गर्ने धोको राखेको हुन्छ । मेचीदेखि महाकालीसम्मका सद्‌गृहस्थका आंगनमा, दलानमा र कोठामा वेदव्यासका महान् कृतिहरूको वेदव्यासका आसनमा विराजमान विद्वान्का मुखबाट रसास्वादन गर्ने स्वर्णिम परम्परा रहेको छ । ती विद्वान् त्यो आसनमा रहेसम्म वेदव्यासकै नामबाट सुपूजित र सम्मानित हुन्छन् । यसरी पुराणरचयिता वेदव्यासको बिम्बलाई पुराणवक्ता व्यासस्थानीय विद्वान्मा प्रतिबिम्बित भएको देख्ने नेपाली जनजीवनसँग वेदव्यासको आत्मीय सम्बन्ध रहेको विषयमा धेरै भन्नुपर्दैन ।

वेदव्यासको कालजयी रचना श्रीमद्भगवद्गीता हामी नेपालीहरूका लागि पवित्र स्वाध्याय गर्ने सरल र सारपूर्ण साधनका रूपमा रहेको छ। प्रत्येक वर्ष गुरुपूर्णिमालाई हामी ज्ञानका पुञ्ज वाङ्मयमूर्ति वेदव्यासको नामबाट व्यासपूर्णिमाको रूपमा मनाउँदै आइरहेका छौं । उनको यो महान् कृति 'ब्रह्मसूत्र' सामान्य जनताको चासोको विषय नहुन पनि सक्छ तर संसारमा मानव चोला पाएर आत्मज्ञान तर्फ अभिप्रेरित नहुने हो भने हामी आत्महा अर्थात् आत्मघाती हुन्छौ भन्ने चेतना भएका मानिसलाई जीवन, जगत् र परमार्थ बुझाउने अमर कृति भएकाले यसको नेपालका विद्वत्समुदायमा र आत्मजिज्ञासु समुदायमा ठूलो आदर र कदर रहेको छ ।

यद्यपि व्यास र बादरायण एउटै होइनन् भन्ने केही पाश्चात्य विद्वान् र केही पाश्चात्यमतानुयायी पौरस्त्य विद्वान्हरूको अभिमत रहेको छ । तर हाम्रो पूर्वीय परम्पराका श्रुति, स्मृति, पुराण, इतिहास, कोष, काव्यहरूले व्यास र बादरायणलाई निस्सन्दिग्धरूपम एउटै मानेका छन् र उनी प्रति विनम्रतापूर्वक श्रद्धाभाव व्यक्त गरेका छन् । जस्तै –

[34]विद्यावन्तं विपुलमतिदं वेदवेदान्तवेद्यम्
श्रेष्ठं शान्तं शमितविषयं शुक्लतेजोविशालम् ।
वेदव्यासं सततविनतं विश्ववेद्यैकयोनिम्
पाराशर्यं परमपुरुषं सर्वदाहं नमामि ।।

महाभारत आदिपर्वमा विशेषतानिरूपण गर्दै उनलाई ब्रह्मर्षिका रूपमा वर्णन गरिएको

---

३३. *पूर्ववत्, पद्य ३१ ।*
३४. *स्कन्दपुराणम्, वै.ख. १/२४ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ –

[३५]जातमात्रश्च यः सद्यो दृष्ट्या देहमवीवृधत् ।
वेदाँश्चाधिजगे साङ्गान् सेतिहासान् महायशाः ।।
परावरज्ञो ब्रह्मर्षिः कविः सत्यव्रतः शुचिः ।

वेदविभाजनदेखि लिएर महाभारत १८ महापुराण, शताधिक उपपुराण, ब्रह्मसूत्र, शताधिक गीता, बृहद् व्यासस्मृति, लघु व्यासस्मृति र व्यासभाष्यादि अनेक ग्रन्थका रचयिता वेदव्यास सद्गुरु हुन् र विद्यावतार हुन् । त्यसै भएर यतिधर्मसमुच्चयमा – **देवं कृष्णं मुनिं व्यासं भाष्यकारं गुरोर्गुरुम्** । भनिएको छ ।

मन्त्रशास्त्रमा – **'व्यां वेदव्यासाय नमः'** यसरूपको व्यासमन्त्रका साथ व्यासध्यान यसरी निर्दिष्ट छ –

[३६]व्याख्यामुद्रिकया लसत्करतलं सद्योगपीठस्थितम्
वामे जानुतले दधानमपरं हस्ते सुविद्यानिधिम् ।
विप्रव्रातवृतं प्रसन्नमनसं पाथोरुहाङ्गद्युतिम्
पाराशर्यमतीव पुण्यचरितं व्यासं स्मरेत् सिद्धये ।।

वस्तुतः वेदव्यास परमात्मस्वरूप हुन् । व्यासको साधनाबाट साधकले पूर्णसिद्धि प्राप्त गर्दछ । व्यास विश्वगुरु हुन् र ब्रह्मा, विष्णु, शिवझैं वन्दनीय छन् । व्यासको कृपाबाट हामीले ब्रह्मसूत्र, इतिहास, पुराण र दर्जनौं ग्रन्थ प्राप्त गरेका छौं । वस्तुतः **'व्यासोच्छिष्टं जगत् सर्वम्'** यो भनाइ यथार्थ छ । भास, कालिदास आदि कविहरू व्यासकै उपजीवी हुन् । आऔं हामी पनि यसै २०५५ को व्यासपूर्णिका दिन जगद्गुरु वेदव्यासका करकमलमा **'त्वदीयं वस्तु गोविन्दं तुभ्यमेव समर्पये'** यस भावनाद्वारा ओतप्रोत भएर नेपालीटीका र विवेचना सहितको यो उनकै रचनाकुसुमलाई सादर समर्पण गरौं ।

ब्रह्मसूत्रशाङ्करभाष्य एक परिचय

परमहंस परिव्राजकाचार्य श्रीमदाद्यशङ्कराचार्यद्वारा ब्रह्मसूत्रहरूमा गरिएको भाष्यलाई शाङ्करभाष्य भनिन्छ । यसको अर्को नाम शारीरक भाष्य पनि हो । शरीर अर्थात् निन्दित मलमूत्रादिको आगार शरीर, त्यसमा विराजमान अनिन्द्य परब्रह्म परमात्माको विचार गर्ने भाष्य भएकाले यसको नाम शारीरक भाष्य हो । यो भाष्य प्रसन्न, सरल एवं गम्भीर पदावली र विषयवस्तुका कारण जगत्मा अत्यन्त समादरणीय छ । शाङ्करभाष्यमा प्रयुक्त सुरभारती गङ्गाजल जस्तै पावन, पवित्र, स्वच्छ र सुमधुर छन् । अद्वैतसम्प्रदायमा यो भाष्य अतिमान्य र अतिपठनीय मानिन्छ । यस भाष्यमा 'ब्रह्म सत्य हो जगत् मिथ्या हो र जीव

---

३५. *महाभारतम्, आ.प. ६०/३/५ ।*
३६. *मन्त्रमहोदधिः, १५/१०३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म नै हो' भन्ने शङ्कराचार्यको लोकप्रसिद्ध शाङ्कर सिद्धान्त कै साम्राज्य छ ।

यस भाष्यका कैयन प्रामाणिक टीकाहरू लेखिएका छन्। यसै भाष्यलाई आधार बनाएर आचार्य विद्यारण्य मिश्रले **विवरणप्रमेयसंग्रह**नामक ग्रन्थ रचेका छन् । आचार्य वाचस्पतिमिश्रको ब्रह्मसूत्र शाङ्करभाष्यमा आधारित **भामती** टीका अत्यन्त प्रसिद्ध छ । भामतीटीका अद्वैतवादको प्रामाणिक ग्रन्थ मानिन्छ । आचार्य अप्पयदीक्षितले शाङ्करभाष्यको प्रथम अध्यायमा आधारित **न्यायरक्षामणि**नामक टीकाको प्रणयन गरेका छन् । आचार्य अद्वैतानन्द बोधेन्द्र स्वामीले ब्रह्मसूत्रको विषयमा **ब्रह्मविद्याभरण**-नामक पाण्डित्यपूर्ण व्याख्यान लेखेका छन् ।

त्यस्तै आचार्य सर्वज्ञात्ममुनिले शाङ्करभाष्यकै आधारमा **संक्षेपशारीरक**नामक अद्वैतकाव्य लेखेका छन् । आचार्य भारती तीर्थले शाङ्करभाष्य अनुसार ब्रह्मसूत्रको तात्पर्यबोधका लागि **वैयासिकन्यायमाला**नामक ग्रन्थको प्रणयन गरेका छन् । आचार्य आनन्दगिरि स्वामीद्वारा ब्रह्मसूत्र शाङ्करभाष्यमा आधारित **न्यायनिर्णय**नामक व्याख्या लेखिएको छ। आचार्य स्वामी गोविन्दानन्दले शारीरकभाष्यको **रत्नप्रभा** टीका लेखेका छन् । भामतीटीकाको व्याख्याको रूपमा आचार्य अमृतानन्द स्वामीले **वेदान्तकल्पतरु**नामक व्याख्यान लेखेका छन् । ब्रह्मसूत्र शाङ्करभाष्यलाई राम्ररी बुझ्नका लागि रघुनाथ सूरिले **शङ्करपादभूषण**नामक निबन्धग्रन्थको रचना गरेका छन् । ब्रह्मसूत्रमा आधारित अनेकवृत्तिहरू पनि छन् जो स्वामी शङ्करानन्द, सदाशिवेन्द्रसरस्वती, स्वामी ब्रह्मानन्द आदि विद्वान्हरूद्वारा रचिएका छन् ।

ब्रह्मसूत्रका अन्य भाष्यहरू

भास्करप्रणीत भास्करभाष्य(भेदाभेद), रामानुजको श्रीभाष्य(विशिष्टाद्वैत), मध्वको पूर्णप्रज्ञा(द्वैत) निम्बार्कको वेदान्तपारिजात भाष्य(द्वैताद्वैत), श्रीकण्ठको शैवभाष्य(शैवविशिष्टाद्वैत), श्रीपतिको श्रीकरभाष्य (वीरशैवविशिष्टाद्वैत) वल्लभको अणुभाष्य (शुद्धाद्वैत), विज्ञान मिश्रको विज्ञानामृतभाष्य (अविभागाद्वैत), बलदेवको गोविन्दभाष्य (अचिन्त्यभेदाभेद) ब्रह्मसूत्रमा आधारित यी भाष्य पनि रहेका छन् । तर यी सबै भाष्यहरू आ-आफ्ना सम्प्रदायमा महत्त्वपूर्ण मानिएता पनि यिनको ब्रह्मसूत्रशाङ्करभाष्यसँग तुलना गर्न सकिदैन ।

समन्वयाध्यायको सारांश

ब्रह्मसूत्र शाङ्करभाष्यको समन्वयाध्यायमा चार पाद छन् । ती मध्ये प्रथम पादमा एघार अधिकरण, द्वितीय पादमा सात अधिकरण, तृतीय पादमा तेह्र अधिकरण र चतुर्थ पादमा आठ अधिकरण छन् । यी प्रत्येकपादका अधिकरणहरूको सङ्क्षेपमा विषयवस्तुको उल्लेख गर्दा समन्वयाध्यायको सार सर्वस्व स्पष्ट हुन जाने हुँदा प्रत्येक पादका प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकरणको क्रमशः सारांश प्रतिपादन गरिन्छ ।

प्रथम पाद

प्रथमपादमा सर्वप्रथम अध्यायको स्वरूप स्पष्ट गर्दै स्पष्टरूपमा ब्रह्मको प्रतिपादन गर्ने श्रुतिवाक्यहरूको समीक्षा गरिएको छ ।

१. जिज्ञासाधिकरण

ब्रह्म विचारयोग्य हो कि होइन ? ब्रह्मविचारात्मक शास्त्र अनुसरणीय छ छैन यस्तो शङ्का भएपछि पूर्वपक्षीको भनाइ रहेको छ कि ब्रह्मको अस्तित्वमा सन्देह नभएकाले र निसन्दिग्ध ब्रह्म स्वतः सिद्ध भएकाले ब्रह्मविषयक जिज्ञासा आवश्यक छैन । यसको उत्तरमा सिद्धान्तपक्षीको भनाइ छ म ब्रह्म हुँ, देह होइन, भावना सबैको हुँदैन । सामान्य जनजीवनमा म दुब्लो छु, म मोटो छु इत्यादि रीतिबाट अज्ञानपूर्वक गरिने अध्यास प्रत्यक्षसिद्ध छ । त्यसकारण अध्यासको निवारणका लागि, ज्ञानद्वारा अज्ञान र संशयको निवृत्तिका लागि र मुक्तिरूप फलप्रदर्शनका लागि वेदादिको आश्रय लिएर ब्रह्मजिज्ञासा गर्नुपर्दछ। साथै विचारात्मक शास्त्रको आरम्भ पनि गरिनु पर्दछ । यसअनुसार ब्रह्म जिज्ञासाको औचित्यलाई सिद्ध गरिएको छ । यस अधिकरण अन्तर्गत '**अथातो ब्रह्मजिज्ञासा**' यस रूपको एक सूत्रमात्र रहेको छ ।

२. जन्माद्यधिकरण

ब्रह्मको जिज्ञास्यता स्पष्ट भएपछि ब्रह्मको लक्षण जान्नु आवश्यक भएकाले जन्माद्यधिकरणमा सूत्रकारले ब्रह्मको लक्षण बताउनु भएको छ । जसअनुसार जसबाट यस जगतको जन्म, स्थिति र नाश हुन्छ त्यो नै परब्रह्म हो इत्यादि रूपमा ब्रह्मको लक्षण बताइएको छ । यस अधिकरणमा **जन्माद्यस्य यतः** यस रूपको एकमात्र सूत्र रहेको छ ।

३. शास्त्रयोनित्वाधिकरण

ब्रह्मको लक्षण निर्वचन गरेपछि त्यो लक्षण कपोकल्पित नभएर श्रुतिस्मृतिबाट प्रमाणित छ भन्ने कुरा शास्त्रयोनित्वाधिकरणमा बताइएको छ । यस अधिकरणमा **शास्त्रयोनित्वात्** यस रूपको एक सूत्रमात्र रहेको छ ।

४. समन्वयाधिकरण

स्वतः सिद्ध ब्रह्म कसरी पछि बनेका शास्त्रहरूबाट प्रमाणित हुन्छ ? पुनश्च शास्त्रहरू कर्मानुष्ठानका बोधक हुन् ब्रह्मका परिचायक होइनन् भन्ने पूर्वपक्षीको भनाइको उत्तरमा यस अधिकरणमा वेदान्तवाक्यहरू उपक्रमादि षड्लिङ्गबाट ब्रह्मका नै बोधक हुन् । ब्रह्मबोधद्वारा नै अज्ञानजन्य जन्मादिरूप अनर्थको निवृत्तिरूप फल हुनाले कर्मानुष्ठानभन्दा ब्रह्मबोधको वैशिष्ट्य स्वतःसिद्ध हुन्छ । अतः समन्वयद्वारा वेदान्तवाक्यहरूले ब्रह्मबोधमा नै तात्पर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्छन् भन्ने कुरा सिद्धान्तपक्षद्वारा भनिएको छ । यस अधिकरणमा '**तत्तु समन्वयात्**' यस रूपको एकमात्र सूत्र रहेको छ ।

५. ईक्षत्यधिकरण

ब्रह्मको जगत्कारणता सिद्ध भएपछि **तदैक्षत** यस श्रुतिवाक्यद्वारा प्रधान (प्रकृति) लाई निर्देश गरिएको छ कि ब्रह्मलाई ? यस्तो शङ्का हुँदा पूर्वपक्षीको आशय छ त्रिगुणात्मक प्रधानमा ज्ञानशक्ति र क्रियाशक्ति दुवै छन् । त्यसकारण सङ्कल्पपूर्वक गरिने सृष्टिको कारण प्रधान प्रकृति नै हो । यसको उत्तरमा सिद्धान्तपक्षीको भनाइ छ– जड प्रधानद्वारा सङ्कल्पात्मक कर्म गर्न सकिदैन, तसर्थ मुख्य चेतन नै जगत्को कारण हो, इत्यादि विषय ईक्षत्यधिकरणमा प्रतिपादित छन् । यस अन्तर्गत प्रथम पादका पाँचदेखि बाह्रसम्मका आठ सूत्रहरू रहेका छन् ।

६. आनन्दमयाधिकरण

श्रुतिवाक्यमा प्रयुक्त **आनन्दमय** शब्द संसारी जीवपरक हो वा ब्रह्मपरक भन्ने शङ्का भएपछि पूर्वपक्षीको भनाइ छ– आनन्दमयको अर्थ संसारी जीव नै हुन्छ किनकि आनन्दमयशब्दमा मयट्प्रत्यय विकार अर्थमा भएको छ । त्यसको अर्थ ब्रह्म हुन सक्तैन किनकि त्यो निर्विकार र निरवयव छ । यसको उत्तरमा सिद्धान्तपक्षी भन्दछ – अभ्यास र उपक्रमद्वारा आनन्दमय शब्दको अर्थ ब्रह्म नै हो । आनन्दमयशब्दमा मयट्प्रत्यय विकारार्थमा नभएर प्राचुर्य अर्थमा भएको छ । यस अधिकरणमा तेह्रदेखि उन्नाइससम्मका सात सूत्र रहेका छन् ।

७. अन्तरधिकरण

हिरण्यमय पुरुष श्रुतिमा वर्णित छ त्यो देवता स्वरूप हो वा परमेश्वर हो ? यस संशयपछि पूर्वपक्षीको भनाइ छ – श्रुतिमा वर्णित हिरण्मय पुरुष विभूतिको मर्यादा, आधार र रूपको श्रवणबाट देवतास्वरूप हो परमेश्वर होइन । यसको उत्तरमा सिद्धान्तपक्षीको भनाइ छ – विभु र आधारादिरहित परमेश्वरमा उपासनीय मर्यादाको उपदेश उपासनाका लागि हो । सर्वात्मक र सर्वापापासङ्गी शब्दको श्रवणबाट प्रतिपाद्य पुरुष देवता नभएर परमेश्वर नै हो । यस अधिकरणमा बीस र एक्काइस गरी जम्मा दुई सूत्र रहेका छन् ।

८. आकाशाधिकरण

'**आकाश इति होवाच**' यस श्रुतिमा प्रयुक्त आकाशशब्द भूताकाशको वाचक हो अथवा ब्रह्मरूप आकाशको ? यस्तो शङ्का भएमा पूर्वपक्षीको भनाइ छ– उक्त आकाशशब्द लोकमा जसलाई आकाश भनेर निश्चित गरिएको छ त्यस भूताकाशको वाचक हो । त्यसको उत्तरमा सिद्धान्तपक्ष भन्दछ– '**सर्वाणि हवा इमानि भूतान्याकाशादेव समुत्पद्यन्ते**'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस श्रुतिअनुसार ब्रह्म भूताकाश सहित जगत्को कारण हो । पुनश्च **'आकाशं प्रत्यस्तं यन्ति'** इत्यादि ब्रह्मलिङ्ग हुनाले पनि यहाँ आकाशशब्दबाट ब्रह्मलाई नै बुझ्नु पर्दछ । यस अधिकरणमा बाइसौं सूत्रमात्र रहेको छ ।

९. प्राणाधिकरण

स्तुतिविशेषभागको देवतारूपमा वर्णित प्राण मुखमा स्थिर वायु हो अथवा परमेश्वर हो भन्ने संशय भए पछि पूर्वपक्षको प्राण भनेको वायु नै हो भन्ने मत रह्यो । त्यसको उत्तरमा सिद्धान्तपक्षीको भनाइ छ – आकाश शब्द परब्रह्म भए जस्तै प्राण शब्द पनि परमेश्वरको वाचक हो । यस अधिकरणमा तेइसौं सूत्र मात्र रहेको छ ।

१०. ज्योतिश्चरणाधिकरण

ज्योतिर्दीप्यते इत्यादिमा प्रयुक्त ज्योतिःशब्द ज्योतिको वाचक हो अथवा परब्रह्मको? यस प्रकारको संशयको समाधानको क्रममा 'कार्यरूप सूर्य आदिकै नै ज्योतिशब्दको वाच्यार्थ हो' भन्ने पूर्वपक्षको भनाइ छ । त्यसको उत्तरमा सिद्धान्तपक्ष भन्दछ – ब्रह्मको प्रकरण भएकाले र ब्रह्म सर्वप्रकाशक हुनाले ज्योतिःशब्दको अर्थ ब्रह्म नै हो । यस अधिकरण अन्तर्गत चौबीसदेखि सत्ताइससम्मका चार सूत्र रहेका छन् ।

११. प्रतर्दनाधिकरण

प्राणोऽस्मि इत्यादि वाक्यहरूमा प्राण, वायु, इन्द्र, जीव र ब्रह्म यी चारै विषयका हेतुत्वको अनुभूति हुनाले उक्त चार विषय मध्ये कुन चाहिं विषय प्रतिपाद्य हो भन्ने शङ्का भएको स्थितिमा 'अनेक विषयहरूका अनेक हेतु रहनाले यही नै प्रतिपाद्य हो भनेर निर्णय गर्न सकिदैन' भन्ने पूर्वपक्षीको भनाइ रहेको छ । त्यसको प्रत्युत्तरमा सिद्धान्तपक्षी भन्दछ – 'ब्रह्मका अनेक लिङ्ग छन् त्यो अन्यथासिद्ध छैन प्राण आदि लिङ्ग भने अन्यथा सिद्ध छन्। तिनको ब्रह्मसँग सम्बन्ध हुन सक्दैन ।' यसकारण **प्राणोऽस्मि** आदि वाक्यको प्रतिपाद्य विषय ब्रह्म नै हो । यस प्रकरणमा अठ्ठाइसदेखि एकतीससम्मका चार सूत्र रहेका छन् । यसरी प्रथमपादका एघार अधिकरण अन्तर्गतका मुख्य प्रतिपाद्य विषयको सारसङ्क्षेप प्रस्तुत गरियो ।

द्वितीयपाद

प्रथम पादमा **जन्माद्यस्य यतः** इत्यादि सूत्रबाट आकाश आदि सम्पूर्ण जगत्को कारण ब्रह्म नै हो भन्ने बताएर ब्रह्मको व्यापकत्व, नित्यत्व, सर्वज्ञत्व, सर्वशक्तिमत्व र सर्वात्मकत्व रूप धर्म बताइएका छन् । प्रथमपादमा स्पष्ट ब्रह्मलिङ्गका प्रतिपादक श्रुतिवाक्यहरूको ब्रह्मप्रतिपादकता पनि सिद्ध गरियो । अस्पष्ट ब्रह्मलिङ्गका प्रतिपादक श्रुतिवाक्यहरूको निर्णय द्वितीय र तृतीय पादमा गरिने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. सर्वत्र प्रसिद्ध्यकरण

यस द्वितीयपादको सर्वत्र प्रसिद्ध्यधिकरणमा वेदान्तमा उपास्य र ज्ञेयरूपमा प्रसिद्ध ब्रह्मको नै प्रतिपादन गरिएको छ । त्यसकारण मनोमयादि शब्दबाट ब्रह्मलाई नै बुझ्नु पर्दछ भन्ने सिद्धान्तमत रहेको छ । यस अधिकरणमा एकदेखि आठसम्मका सूत्र रहेका छन् ।

२. अत्त्रधिकरण

कठश्रुतिको ओदनयुक्तवाक्यद्वारा सूचित आत्मशब्दको वाच्यार्थ ब्रह्म नै हो, अग्नि आदि हुनसक्दैनन्। वस्तुतः अत्ता अर्थात् जगत्को संहर्ता ब्रह्म नै हुनसक्दछ इत्यादि विषय अत्त्रधिकरणमा बताइएको छ । यस अधिकरणमा नौ र दश गरी जम्मा दुई सूत्र रहेका छन्।

३. गुहाप्रविष्टाधिकरण

गुहां प्रविष्टौ इत्यादि श्रुतिवाक्यमा वर्णित दुई तत्त्व बुद्धि र जीव हुन् अथवा जीव र ईश्वर यस्तो संशय हुँदा पूर्वपक्षीको भनाई छ – छाया र आतप नामक दृष्टान्तको आधारमा विलक्षण हृदयस्थित बुद्धि र जीव नै हुन् । तर सिद्धान्तपक्षीको मतमा **पिबन्तौ** यस कथनबाट दुई वटा चेतनको प्रतीति हुन्छ र जीव एवं ईश्वर गुहामा स्थित छन् भनिएको हो। गन्ता गन्तव्य मन्ता मन्तव्य आदि विशेषणहरूबाट पनि जानेवाला जीव र गन्तव्य परमेश्वर हो, मनन गर्ने वाला जीव र मनन गरिने विषय परमेश्वर हो भन्ने स्पष्ट हुन आउँछ । यस अधिकरणमा एघार र बाह्र गरी जम्मा दुई सूत्र रहेका छन् ।

४. अन्तराधिकरण

'एषोऽक्षिणि पुरुषो दृश्यते एष आत्मा' इत्यादि वाक्यमा प्रतिपादित आँखाभित्र देखिने पुरुष छाया, जीव, देवता र ईश्वर मध्ये कुन हो ? यस प्रकारको संशय पछि पूर्वपक्षको भनाइ छ– ईश्वरबाहेक अन्य तीन मध्ये कुनै पनि हुनसक्दछ । सिद्धान्तरूपमा उत्तरपक्ष भन्दछ – सुखरूप विभु ब्रह्म नै नेत्रमा उपासनाको विषय बनेर रहेको छ । किनकि उक्त प्रसङ्गमा त्यो आत्मा हो, त्यो अमृत हो, त्यो अभय हो, त्यही नै ब्रह्म हो भनेर जसरी बताइएको छ त्यो कुरा ईश्वर बाहेक अन्यत्र सङ्गत हुँदैन । यस अधिकरणमा तेह्रदेखि सत्रसम्मका पाँच सूत्र रहेका छन् ।

५. अन्तर्याम्यधिकरण

अधिदेव, अधिलोक, अधिवेद, अधियज्ञ, अधिरत, अध्यात्मरूप र अन्तर्यामी भनेको प्रधान जीव र ईश्वर मध्ये कुन हो भन्ने संशय भएको स्थितिमा पूर्वपक्षले जगत्को कारण हुनाले प्रधान अन्तर्यामी हुनसक्दछ अथवा जीव नै अन्तर्यामी हुनसक्दछ भनेपछि सिद्धान्तपक्ष भन्दछ– श्रुतिमा जीव एवं परमात्माको बीचमा अभेद बताइएको र आत्मत्व र अमृतत्व दुवै कुरा अन्तर्यामीका धर्म बताइएकाले पनि अन्तर्यामी भनेको ब्रह्म नै हो भन्ने कुरा बुझ्नु पर्दछ । यस अधिकरणमा अठार, उन्नाइस र बीस गरी जम्मा तीन सूत्र छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. अदृश्यत्वाधिकरण

यत्तद्रेश्यम्० इत्यादि श्रुतिमा अदृश्यता आदि गुणविशिष्ट जुन भूतयोनिको वर्णन गरिएको छ त्यो प्रधान र परमात्मा मध्ये कुन हो भन्ने संशय भएको स्थितिमा पूर्वपक्षीले भूतयोनि प्रधान वा जीव दुवै हुनसक्दछन् भन्ने आफ्नो मत राखेपछि सिद्धान्तपक्षी भन्दछ– सर्वज्ञत्व आदि गुणविशिष्ट भूतयोनि भनिएकाले भूतियोनि भनेक्रो ब्रह्म नै हो । दिव्य गुणवाला भूतयोनि भनेकाले जीव त्यो हुनसक्दैन र **'अक्षरात् परतः परः'** यस भेदोक्तिका कारण भूतयोनिको अर्थ प्रधान पनि हुनसक्दैन । यस अधिकरणमा एक्काइस, बाइस र तेइसगरी जम्मा तीन सूत्र रहेका छन् ।

७. वैश्वानराधिकरण

वैश्वानर अधिकरणमा वैश्वानर शब्दको अर्थ जाठराग्नि, भूताग्नि, देवाग्नि, जीव र ईश्वर यी मध्ये कुन चाहिं हो भन्ने संशयको उपस्थापन गरिएको छ । त्यस प्रसङ्गमा पूर्वपक्षद्वारा वैश्वानरशब्द अग्नि अर्थमा प्रसिद्ध छ र आत्मशब्द जीव अर्थमा, यी दुई शब्दको आधारमा ईश्वरभन्दा भिन्न कुनै वैश्वानर छ भन्ने कुरा सिद्ध गरिएको छ । अन्तमा सिद्धान्तपक्षको उपस्थापन गरेर **द्युमूर्ध** आदि शब्दहरूको श्रवणबाट वैश्वानर शब्द ब्रह्मको वाचक हो भनिएको छ । यस अधिकरणमा चौबीसदेखि बत्तीससम्मका जसमा नौ सूत्र रहेका छन् ।

तृतीय पाद

अस्पष्ट ब्रह्मलिङ्गका प्रतिपादक श्रुतिहरूको विवेचन दुई र तीन पादमा गरिने छ भनिएअनुसार द्वितीय पादका सात अधिकरणमा कतिपय त्यस्ता श्रुतिवाक्यहरूको चर्चा गरियो । तृतीय पादमा बाँकी अस्पष्ट ब्रह्मलिङ्गका प्रतिपादक श्रुतिवाक्यहरूको विवेचन गरिने छ ।

१. द्युभ्वाद्यधिकरण

मुण्डकश्रुतिमा जसलाई स्वर्गभूमि आदिको आश्रय भनेर बताइएको छ । त्यो सूत्रात्मा (हिरण्यगर्भ) प्रधान, जीव र ईश्वर मध्ये कुन हो भन्ने संशयको स्थितिमा पूर्वपक्षद्वारा ईश्वरदेखि बाहेक जुनसुकै पनि स्वर्गभूमि आदिको आश्रय हुनसक्ने कुरा बताइयो । त्यसको उत्तरमा सिद्धान्तपक्षी भन्दछ – आत्मशब्दको श्रवण हुनाले सूत्रात्मा र प्रधान दुवै स्वर्गभूमिका आश्रय हुनसक्दैनन् । मुक्तहरूको आश्रयधाम मानिएकाले जीव पनि हुनसक्दैन, परन्तु ब्रह्मको प्रकरण र सर्वज्ञत्व आदि गुणहरूको चर्चा भएकाले ईश्वर नै स्वर्गभूमि आदिको आश्रय भन्ने विषय द्युभ्वाद्यधिकरणमा बताइएको छ । यस अधिकरणमा तृतीय पादका एकदेखि सातसम्मका सूत्रहरू रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. भूमाधिकरण

यस अधिकरणमा सर्वप्रथम भूमन्शब्दको अर्थ प्राण हो अथवा परमात्मा, यसरूपमा संशय उठाइएको छ । पूर्वपक्षले युक्तिविशेषद्वारा भूमाको अर्थ प्राण नै हो भन्ने निष्कर्ष राखेपछि सिद्धान्तपक्षद्वारा '**सत्येन तु**' यस प्रयोगमा तुपदद्वारा प्राणको निराकरण गरिएको छ र '**नान्यत् पश्यति**' यस वाक्यद्वारा द्वैतको निराकरण गरिएको छ । तसर्थ भूमाशब्दको अर्थ ब्रह्म नै हो भन्ने निष्कर्षको उपस्थापन गरिएको छ । यस अधिकरणमा आठ र नौ गरी दुई सूत्र रहेका छन् ।

३. अक्षराधिकरण

अक्षरशब्द वर्णमात्रको वाचक हो वा ब्रह्मको यस संशयको अवस्थामा पूर्वपक्षद्वारा '**तदक्षरम्**' यस श्रुतिमा व्यक्त अक्षरशब्द प्रणवको वाचक हो भन्ने तर्क राखिए पछि यस अधिकरणमा सिद्धान्तपक्षले विभिन्न युक्तिहरूद्वारा अक्षरशब्दको अर्थ ब्रह्म नै हो भन्ने कुरा ठम्याएको छ । यस अधिकरणमा दशदेखि बाह्रसम्मका तीन सूत्र रहेका छन् ।

४. ईक्षतिकर्मव्यपदेशाधिकरण

ईक्षतिकर्मव्यपदेशाधिकरणमा ध्येय परब्रह्म हो वा अपर ब्रह्म यसरी शङ्का उठाइएको छ । पूर्वपक्षद्वारा अपर ब्रह्म ध्येय हो भन्ने तर्क अघि सारिएपछि सिद्धान्तपक्षद्वारा परब्रह्म नै ध्येय हो भन्ने कुरा निष्कर्षरूपमा राखिएको छ । यस अधिकरणमा तेह्र संख्याको एक सूत्रमात्र रहेको छ ।

५. दहराधिकरण

'**दहरोऽस्मिन्ननन्तराकाशः**' यस श्रुतिमा सुनिएको दहरशब्दबाट जीव अथवा ब्रह्म मध्ये कसलाई बुझ्ने भन्ने संशय भएपछि दहरशब्दबाट जीवलाई बुझ्नु पर्दछ भन्ने पूर्वपक्षको आशय रहेको छ । सिद्धान्तपक्षको दृष्टिमा भने दहर शब्दको अर्थ परमात्मा नै हो भन्ने कुरा ठहर गरिएको छ । यस अधिकरणमा चौधदेखि एक्काइससम्मका आठ सूत्र रहेका छन् ।

६. अनुकृत्यधिकरण

'**तस्य भासा सर्वमिदं विभाति**' यस श्रुतिमा अनुकरण स्पष्ट भएकाले सर्वावभासक तत्त्व परब्रह्म हो अरू होइन यो सूत्रार्थ हो । यसमा '**न तत्र सूर्यो भाति**' पनि भनिएकाले सर्वभासक विलक्षण कुनै तैजस तत्त्व हो या चेतनात्मा भन्ने संशय हुन्छ । पूर्वपक्षको भनाइ सर्वभासक तत्त्व कुनै तेजोविशेष हो ब्रह्म होइन भन्ने रहेको छ । तर सिद्धान्तपक्षको मतमा भने सर्वभासक परमेश्वर नै हो भन्ने कुरा सिद्ध गरिएको छ । यस अधिकरणमा बाइस र तेइस गरी जम्मा दुई सूत्र रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. प्रमिताधिकरण

'अङ्गुष्ठमात्रः पुरुषो मध्य आत्मनि तिष्ठति' यस श्रुतिमा प्रतिपादित अङ्गुष्ठपरिमाणवाला पुरुष जीव हो अथवा ब्रह्म यस्तो संशय भएपछि पूर्वपक्षको भनाइ अल्पप्रमाणता र शरीरको मध्यमा स्थिति देखाइएका कारण त्यो पुरुष जीव नै हो भन्ने रहेको छ । त्यसको प्रत्युत्तरमा सिद्धान्तपक्षले त्यस पुरुषलाई ईश्वर समेत भनिएकाले त्यो परब्रह्म नै हो जीव होइन भन्ने अभिमत राखेको छ । यस अधिकरणमा चौबीस र पच्चीस गरी जम्मा दुई सूत्र रहेका छन् ।

८. देवताधिकरण

मनुष्यहरूको ब्रह्मविद्यामा अधिकारचर्चाको प्रसङ्गमा देवताहरूको ब्रह्मविद्यामा अधिकार छ, छैन भन्ने बारे सन्देह गरिएको छ । त्यस सम्बन्धमा पूर्वपक्षले देवताहरूको ब्रह्मविद्यामा अधिकार नभएको कुरा स्पष्ट पारेको छ । त्यसको उत्तरमा सिद्धान्तपक्षद्वारा निष्कर्षरूपमा देवताहरूको पनि ब्रह्मविद्यामा अधिकार भएको कुरा युक्तिपूर्वक सिद्ध गरिएको छ । यस अधिकरणमा छब्बीसदेखि तेंत्तीस सम्मका आठ सूत्र रहेका छन् ।

९. अपशूद्राधिकरण

यस अधिकरणमा शूद्रको ब्रह्मविद्यामा अधिकार भए नभएको विषयमा सन्देह गरिएको छ । यस सम्बन्धमा पूर्वपक्षद्वारा वर्णेतर देवताहरूको ब्रह्मविद्यामा अधिकार हुन्छ भने चार वर्णमध्येको एक वर्ष शूद्रको पनि ब्रह्मविद्यामा अधिकार छ भन्ने कुरा उठाइएको छ । सिद्धान्तपक्षले भने देवताहरूलाई सिद्धिवशात् वेद स्वयं भासित हुने हुनाले वेदाधिकारवर्जित शूद्रसँग तिनको तुलना हुँदैन भन्ने निष्कर्ष उपस्थापित गरेको छ । अतः शूद्रको ब्रह्मविद्यामा अधिकार हुँदैन भन्ने निर्णय गरिएको छ । यस अधिकरणमा चौंतीसदेखि अठ्तीससम्मका पाँच सूत्र रहेका छन् ।

१०. कम्पनाधिकरण

जगतैलाई कँपाउने तत्त्व प्राण, वज्र, वायु र ईश्वर मध्ये कुन हो भन्ने संशय पछि पूर्वपक्षले त्यस्तो तत्त्व वज्र वा वायु मध्ये कुनै एक हुनसक्दछ भन्ने आफ्नो निर्णय अघि सारेको छ । सिद्धान्तपक्षको मत भने त्यस्तो तत्त्व ब्रह्म नै हो भन्ने रहेको छ । यस अधिकरणमा उनान्चालीसौं सूत्रमात्र रहेको छ ।

११. ज्योतिरधिकरण

'शरीरात् समुत्थाय परं ज्योतिरुपसम्पद्य स्वेन रूपेणाभिसम्पद्यते' यस श्रुतिमा प्रयुक्त **'परं ज्योतिः'** पद सूर्यमण्डलको वाचक हो वा परब्रह्मको वाचक ? यस्तो शङ्का भएपछि पूर्वपक्षले **'परं ज्योतिः'** पद सूर्यको वाचक हुनसक्दछ भनेको छ । उक्त शङ्काको समाधानका क्रममा सिद्धान्तपक्षको यहाँ **शरीरात् समुत्थाय**को अर्थ शरीरबाट बाहिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्कनु नभई त्वंपदको शुद्धि र विवेकको जागरण हो र देहाभिमानको त्याग गर्दै गरिने वाक्यार्थको ज्ञान अर्थात् जीव र ब्रह्मको अपरोक्ष एकत्वज्ञान नै प्राप्ति हो यसकारण **परं ज्योतिः** पदको अर्थ परब्रह्म नै हो भन्ने अभिमत रहेको छ । यस अधिकरणमा '**ज्योतिर्दर्शनात्**' नामक चालीसौं सूत्रमात्र रहेको छ ।

१२. अर्थान्तरत्वव्यपदेशाधिकरण

'**आकाशो वै नाम नामरूपयोर्निर्बहिता ते यदन्तरा तद् ब्रह्म तदमृतं स आत्मा**' यस छान्दोग्य श्रुतिमा प्रयुक्त आकाश भूताकाश हो वा ब्रह्म ? यस्तो शंका भएपछि आकाशपद भूताकाशको नै वाचक हो भन्ने भनाइ पूर्वपक्षको रहेको छ । निर्वाहकत्व चेतनको धर्म हुनाले यहाँ प्रयुक्त आकाश ब्रह्मको नै वाचक हो भन्ने सिद्धान्तपक्षको मत रहेको छ । यस अधिकरणमा एकचालीसौं सूत्रमात्र रहेको छ ।

१३. सुषुप्त्युत्क्रान्त्यधिकरण

बृहदारण्यकश्रुति अन्तर्गतको '**विज्ञानमयः प्राणेषु**' इत्यादि वाक्यमा प्रयुक्त विज्ञानमय शब्दको अर्थ ब्रह्म हो अथवा जीव ? यस्तो शङ्का पछि पूर्वपक्षको दृष्टिमा त्यस पदको अर्थ जीवात्मा नै हो भन्ने रहेको छ । विज्ञानमय पदको अर्थ ब्रह्म नै हो भन्ने अभिमत सिद्धान्तपक्षको रहेको छ । यस अधिकरणमा बयालीसौं र त्रिचालीसौं गरी जम्मा दुई सूत्र रहेका छन् ।

चतुर्थपाद

ब्रह्मजिज्ञासाको प्रतिज्ञा पछि ब्रह्मलक्षण बताइयो । ब्रह्म र सांख्यसम्मत प्रधानको समान लक्षण छ भन्ने कुराको खण्डन गरियो । प्रथमपाद, तृतीयपादसम्ममा सम्पूर्ण वेदान्तवाक्यहरूले ब्रह्मकारणवादको समर्थन गर्दछन् भन्ने तथ्य स्पष्ट गरेपछि यस चतुर्थ पादमा प्रधानकारणवादको खण्डन गर्ने क्रममा अव्यक्त अजा आदि पदहरूका सन्दिग्ध अर्थको निराकरण गरी ती ती पदहरू ब्रह्मपरक हुन् भन्ने कुरा विभिन्न अधिकरणहरूको माध्यमबाट बताइने छ ।

१. आनुमानिकाधिकरण

'**महतः परमव्यक्तम्**' यस वाक्यमा प्रयुक्त अव्यक्त शब्दको अर्थ प्रधान हो अथवा शरीर यस्तो सन्देह भएपछि पूर्वपक्षले अव्यक्तको अर्थ सांख्यसम्मत प्रधान हो भन्ने निक्र्यौल गऱ्यो । पूर्वपक्षको त्यस निर्णयको खण्डन गर्दै सिद्धान्तपक्षद्वारा अव्यक्तको तात्पर्य कारण शरीर हो भन्ने कुरा यस अधिकरणमा ठम्याइएको छ । यहाँ एकदेखि सातसम्मका सात सूत्र रहेका छन् ।

२. चमसाधिकरण

'**चमस ऊर्ध्वबुघ्नः**' इत्यादि श्रुतिमा कथित चमसको जस्तै '**अजामेकाम्**' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्यमा प्रयुक्त अजाशब्दको विशेषार्थको कुनै सङ्केत नभएकाले यो अजापद सांख्यसम्मत प्रकृतिको वाचक हो भन्ने पूर्वपक्षको भनाइको खण्डन गर्दै सिद्धान्तपक्षले यस अधिकरणमा अजापदको अर्थ श्रुति सिद्ध तेज आदि नै हो भन्ने कुरा ठहर गरेको छ । यस अधिकरणमा आठदेखि दशसम्मका तीन सूत्र रहेका छन् ।

३. सङ्ख्योपसङ्ग्रहाधिकरण

'यस्मिन् पञ्च पञ्चजनाः' इत्यादि श्रुतिमा प्रयुक्त पञ्च पञ्चजनाः पदले सांख्यसम्मत २५ तत्त्वको बोध गराउँछ भन्ने पूर्वपक्षको भनाइका विरुद्ध सिद्धान्तपक्षले पञ्चजनशब्द प्राणादिको संज्ञाविशेष हो भन्ने ठहर गरेको छ । यस अधिकरणमा एघारदेखि तेह्रसम्मका तीन सूत्र रहेका छन् ।

४. कारणत्वाधिकरण

'जगत्कारण ब्रह्म नै हो' भन्ने तथ्य वेदोक्त वाक्यहरूको भनाइमा एकरूपता नभएको कारणबाट समन्वित हुँदैन । किनकि श्रुतिवाक्यहरूमा सृष्टिसम्बन्धी परस्परविरोधी मत अभिमत रहेका छन् भन्ने पूर्वपक्षको भनाइको खण्डन गर्दै सिद्धान्तपक्षले सृष्टि गरिने विषयमा परस्पर विरोध प्रतीत भएता पनि सृष्टिकर्ता ब्रह्मको विषयमा कतै वैमत्य रहेको छैन । तसर्थ जगत्कारण ब्रह्म नै हो भन्ने कुरा यस अधिकरणमा ठहर गरिएको छ । यस अधिकरणमा चौध र पन्ध्र गरी दुई सूत्र रहेका छन् ।

५. बालाक्यधिकरण

'यो ह वै बालाके एतेषां पुरुषाणां कर्ता यस्य वै तत् कर्म स वेदितव्यः' यस श्रुतिमा प्रयुक्त कर्म शब्द प्राणको वाचक भएको हुँदा धर्माधर्मको कर्ता जीव नै हो भन्ने पूर्वपक्षका भनाइको खण्डन गर्दै सिद्धान्तपक्षले प्राण र प्राणाधार पुरुष सहित सकल जगत्को कर्ता परमात्मा नै हो भन्ने ठहर गरेको छ । यस अधिकरणमा सोह्रदेखि अठारसम्मका तीन सूत्र रहेका छन् ।

६. वाक्यान्वयाधिकरण

'आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः' इत्यादि श्रुतिमा प्रतिपादित आत्मा **'आत्मनस्तु कामाय सर्वं प्रियं भवति'** इत्यादि वचनहरूको सम्बन्धबाट जीवात्मा नै हो भन्ने पूर्वपक्षको भनाइ रहेकोमा सिद्धान्तपक्षले संसारी जीव द्रष्टव्य, मन्तव्य र निदिध्यासितव्य होइन अपितु परमात्मा नै हो भन्ने कुरा विभिन्न उक्ति र प्रमाणद्वारा ठहर गरेको छ । यस अधिकरणमा उन्नाइसदेखि बाइससम्मका चार सूत्र रहेका छन् ।

७. प्रकृत्यधिकरण

परब्रह्म जगत्को निमित्तकारण र उपादान कारण दुवै हो वा कुनै एक मात्र ? यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्देह हुँदा पूर्वपक्षले परब्रह्म निमित्तकारण मात्र हो उपादानकारण होइन भनी आफ्नो मत जाहेर गरेको छ । त्यसको खण्डन गर्दै सिद्धान्तपक्षले यस अधिकरणमा विभिन्न उक्ति र प्रमाणद्वारा ब्रह्म निमित्तकारण र उपादानकारण दुवै हो भन्ने कुरा सिद्ध गरेको छ । यस अधिकरणमा तेइसदेखि सत्ताइससम्मका पाँच सूत्र रहेका छन् ।

८. सर्वव्याख्यानाधिकरण

यस समन्वयाध्यायमा ब्रह्मलक्षणनिरूपण पछि ब्रह्मको जगत्कारणता सिद्ध गर्ने क्रममा प्रधानतया प्रधानकारणवादको निराकरण गरिएको छ । यस अध्यायका विभिन्न पादहरूमा प्रधानकारणको खण्डनार्थ निकै यत्न गरिएको भए तापनि अणुवाद, स्वभाववाद र असत्कारणवाद आदिको खण्डनमा ध्यान दिइएन। तर धेरै पहलमान मध्ये सबभन्दा बलवान् पहलमानलाई जितेपछि सबै पहलमान जितिए सरह हुने हुनाले प्रधानकारणवादको खण्डनकै सरणिबाट ती ती वाद पनि खण्डित हुन्छन् भन्ने आशय यस सर्वव्याख्यानाधिकरणमा व्यक्त भएको छ । यस अधिकरणमा चतुर्थपादको अन्तिम अट्ठाइसौं सूत्र **'एतेन सर्वे व्याख्याता व्याख्याताः'** रहेको छ । यसरी समन्वयाध्यायका चारै पादहरूमा श्रौत वेदान्तवाक्यहरूको प्रतिपाद्य ब्रह्म हो र तिनको ब्रह्ममा नै समन्वय हुन्छ भन्ने तथ्य स्पष्ट भएको छ ।

भाष्यकार आद्यशङ्कराचार्य

दक्षिण भारतको केरल राज्यको कालडी गाउँमा वेदवेदाङ्गपारंगत ब्राह्मण पिता शिवगुरु र माता विशिष्टाको कोखबाट शङ्कर नामक बालकको विसं. ८४५ मा जन्म भयो। भक्तहरूले पछि गएर भने–

दुष्टाचारविनाशाय प्रादुर्भूतो महीतले ।
स एव शङ्कराचार्यः साक्षात् कैवल्यनायकः ।।

सातवर्षको आयुमानै साङ्गोपाङ्ग वेदवेदाङ्गको अध्ययन गरेर गुरुकुलबाट घर फर्किने विचित्र विद्यावतार महापुरुष थिए यी । वैदिक धर्मको पुनरुत्थानका लागि ८ वर्षको उमेरमा गौडपादका शिष्य गोविन्द भगवत्पादबाट यिनले सन्यास दीक्षा ग्रहण गरे । १२ वर्षको उमेरसम्म गुरुचरणको सान्निध्यमा रहेर यिनले उपनिषद र ब्रह्मसूत्रको अध्ययन गरे । त्यसपछि केही वर्ष काशीमा रहे पछि यी बदरिकाश्रममा पुगे । त्यहाँको लगातारको ४ वर्षको बसाइमा यिनले उपनिषद्, गीता र ब्रह्मसूत्रको शाङ्करभाष्य लेखे ।

विवेकचूडामणि आदि अनेक दार्शनिक ग्रन्थ र उच्चस्तरीय सैकडौं स्तवकाव्यको रचना गरेर भारतीको भण्डार भरे । त्यसपछि पूरा भारत वर्षमा घुमी घुमी नास्तिक मतको खण्डन गर्दै वैदिकसिद्धान्तको पुनः प्रतिष्ठा गरे । वैदिकमतको रक्षाका लागि भारतवर्षका ४ दिशाहरूमा श्रृङ्गेरी, गोवर्द्धन, शारदा र ज्योतिर्मठको स्थापना गरेर तत् तत् मठहरूमा योग्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिष्यहरूलाई नियुक्त गरे ।

सनातन संस्कृतिको संरक्षण र अध्यात्मविद्याको प्रवर्द्धनका लागि दशनामी सम्प्रदायको स्थापना गरी तत् तत् मठहरूका आचार्यहरूको संरक्षणमा सुम्पिदिए । यसरी महान् वाङ्मयसेवी र ब्रह्मविद्याका प्रतिष्ठापक परमाचार्य जगद्गुरु शङ्कराचार्यले श्रौत वेदान्तवाक्यहरूको ब्रह्ममा समन्वय गरेर ब्रह्मात्मैकत्वको उपदेश गरे । आज भारतीय उपमहाद्वीपमा जुन वैदिकसंस्कृति प्रवाहित छ, त्यसलाई जोगाउने फुलाउने र फलाउने भगवत्पाद शङ्कर नै हुन् । आफ्नो लोकलीला ३२ वर्षमा समाप्त गरी वि.सं. ८७७ मा आचार्य ब्रह्मलीन भए । उनको विषयमा भनिएको पनि छ –

अष्टवर्षे चतुर्वेदी द्वादशे सर्वशास्त्रवित् ।
षोडशे कृतवान् भाष्यं द्वात्रिंशे मुनिरभ्यगात् ।।

अर्थात् शङ्कराचार्यले आठवर्षको उमेरमा चारै वेद पढे, बाह्रवर्षका हुँदा सम्पूर्ण वेदवेदाङ्ग आदि शास्त्रका ज्ञाता बने, सोह्रवर्षको उमेरमा भाष्यको प्रणयन गरे र बत्तीसवर्षको उमेरमा निर्वाण प्राप्त गरे।

यिनका जीवनका महत्त्वपूर्ण लीला, योगदान र विलक्षण चर्याका विषयमा सैकडौं ग्रन्थ लेखिएका छन् । वैदिकमतको पुनः प्रतिष्ठापित गर्न शङ्कर नै शङ्कराचार्यका रूपमा अवतीर्ण भएका हुन् पनि भनिन्छ–

शङ्करं शङ्कराचार्यं केशवं बादरायणम् ।
सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ।।

शङ्कराचार्यको अद्वैतसिद्धान्त निकै प्रसिद्ध छ । उनको त्यो सिद्धान्त अधोनिर्दिष्ट पद्यांशमा स्पष्ट रूपमा प्रतिबिम्बित भएको छ –

ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः ।

अर्थात् ब्रह्म सत्य हो, जगत् झुट्टा हो र जीव ब्रह्म नै हो अरू होइन ।

समन्वयाध्यायको नेपालीभाषानुवादको विशेषता

स्व. पं. मीनप्रसाद नेपालको वेदान्तशास्त्रको गहन अध्ययन र समीक्षानिपुणताको परिचायक समन्वयाध्यायको विवेचनात्मक विशदीकरण सहितको नेपालीभाषाटीका वेदान्तदर्शनका जिज्ञासु नेपाली भाषाभाषीहरूका निमित्त मूल्यवान् प्राप्तिका रूपमा रहेको छ । गीताप्रेस गोरखपुरका महत्त्वपूर्ण प्रकाशनहरूको रीति अंगाली पदपंक्ति फुटाएर शब्दा प्रस्फुटन पछि दिइएको समीक्षात्मक विशदीकरणबाट वेदान्तशास्त्रको विषयवस्तु साधारण पाठकले पनि सरलतापूर्वक बुझ्न सक्दछन् ।

यसमा नेपाली भाषानुवाद शीर्षकमा प्रत्येक पदको अन्वयपूर्वक अर्थ स्पष्ट गर्दा अनुवादको पूर्णताको लागि दुई तीन अर्थ पनि गरिएको छ । जुन भागको अनुवाद गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ, त्यसको पूर्वापर सङ्गतिपूर्वक पूर्वपक्ष र सिद्धान्तपक्ष खुलाएर विशदीकरण दिइएको छ। यसले गर्दा शाङ्करभाष्यका अनुच्छेदहरूको वस्तुतथ्य पाठकहृदयमा सजिलै प्रतिविम्बित हुन्छ। यसबाट अद्वैतवेदान्तका जिज्ञासु र छात्रहरू पूर्णतया लाभान्वित हुने विश्वास हामीले लिएका छौं।

नेपालीभाषामा ब्रह्मसूत्र शाङ्करभाष्यको सामान्य अनुवाद पनि कसैबाट नभएको स्थितिमा पद-पद फुटाएर प्रत्येक पदको नेपालीभाषामा अर्थ र अर्थसङ्गतिका लागि विशदीकरण समेत दिएर गरिएको यस अनुवादको उपादेयता एवं महत्त्व बारे बढी भनिरहनु पर्दैन। अर्को कुरा यस शैलीबाट अनुवाद गर्दा संस्कृत वाङ्मयका दुरूह विषय पनि सामान्य पाठकका लागि सुपाच्य बन्न सक्छन् भन्ने कुराको दृष्टान्तकै रूपमा पनि यस अनुवादलाई लिन सकिन्छ।

वास्तवमा यस शैलीलाई अंगालेर हामीले पौरस्त्यवाङ्मयका श्रुति, स्मृति, दर्शन, काव्यशास्त्र, आयुर्वेद, तन्त्र, ज्योतिषशास्त्र, इतिहास, पुराण आदि जनजीवनसँग प्रत्यक्ष सरोकार भएका ग्रन्थहरूको नेपालीभाषा र राष्ट्रियभाषाहरूमा अनुवाद गरेर नेपालीभाषा, राष्ट्रियभाषा र नेपाली जनताको सेवा गर्न सकिन्छ। स्व. पं. मीनप्रसाद नेपालले यो मात्र नभई विशालकाय योगवाशिष्ठको पनि १० वर्ष लगाएर यसै शैलीमा अनुवाद र विशदीकरण लेख्नु भएको छ। वास्तवमा उहाँको यो प्रयोगशैली आदरणीय र अनुकरणीय छ।

हाम्रो जानकारीअनुसार नेपाली विद्वान्हरूमा शहीद शुक्रराज शास्त्रीले सर्वप्रथम ब्रह्मसूत्र शाङ्करभाष्यको अनुवाद गर्नुभएको थियो। तर त्यो अनुवाद हिन्दीभाषामा गरिएको थियो। उहाँले नेपाली वा नेपालभाषामा अनुवाद नगरी हिन्दीभाषामा किन गर्नुभयो त्यसको स्पष्ट कारण थाहा पाइएको छैन। शुक्रराज शास्त्रीले दुई खण्डमा मुद्रित गर्नुभएको उक्त ग्रन्थ आज पनि उपलब्ध छ। हालै ८८ वर्षको उमेरमा दिवंगत हुनुभएका स्व. सोमनाथ घिमिरे 'व्यास' ले पनि ब्रह्मसूत्र सम्बन्धी भाष्यहरूमा कलम चलाउनु भएको छ, तर त्यो तीनवटा भाष्यहरूको सारसंक्षेपका रूपमा रहेको छ। अतः स्व.पं. मीनप्रसाद नेपाल नै ब्रह्मसूत्रशाङ्करभाष्यका प्रथम नेपाली टीकाकार हुनुहुन्छ र उहाँको यो प्रथम प्रयोग प्राथम्यका दृष्टिबाट मात्र नभएर विषयप्रस्तुतिका दृष्टिबाट पनि ज्यादै उपयोगी र उदाहरणीय बन्न पुगेको छ।

यस सन्दर्भमा वेदान्तमर्मज्ञ, साहित्यकार, समालोचक एवं कान्तिपुर प्रकाशनका अध्यक्ष श्रीहेमराज ज्ञवालीले २०५५ वैशाख १२ गतेको कान्तिपुर दैनिकमा '**ब्रह्मसूत्रपरिचय**' शीर्षकमा लेख्नुभएको छ- 'नेपालका प्रसिद्ध विद्वान् स्व.पं. मीनप्रसाद नेपालले ब्रह्मसूत्र शाङ्करभाष्यको नेपालीमा अनुवाद गरेको भनिन्छ। उपलब्ध अनूदितभाग मध्येको केही अंश नमूनाको लागि महेन्द्र संस्कृत विश्वविद्यालयको मुखपत्र **ऋतम्भरा**को २०५४ को विजया दशमी अंकमा प्रकाशित छ। उक्त अंश हुनसम्मको उच्चकोटिको छ। यस्तो ग्रन्थ पूरा फेला पारी छपाई प्रकाशित गर्न पाएमा राष्ट्रकै गौरव बढ्ने थियो।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस भनाइबाट पनि स्व. नेपालको र उहाँले गर्नुभएको नेपालीभाषानुवादको महत्ता र उपादेयता स्पष्ट हुन्छ । उहाँले सम्पूर्ण ब्रह्मसूत्र शाङ्करभाष्यको अनुवाद गर्ने अठोट गर्नुभएको पक्कै हो तर पूरा गर्न प्रारब्धले दिएन । सम्पूर्ण योगवाशिष्ठको भने यसै शैलीमा अनुवाद पूरा गर्नुभएको थियो । त्यो अनुवादको पाण्डुलिपि कहाँ छ र त्यसको प्रकाशन सम्बन्धमा के हुँदैछ भन्ने बारे उहाँका प्रियशिष्य एवं अनुज श्री नलराज शास्त्री नै बढी जानकार हुनुहुन्छ ।

पं. नेपाल पौरस्त्यदर्शन शास्त्रका मूर्धन्य विद्वान् हुनुहुन्थ्यो । अद्वैत वेदान्त त उहाँको आफ्नै विषय थियो । उहाँले '**योगवाशिष्ठको नेपाली टीका**' पूरा गरी '**ईश्वरदर्शनम्**' लेख्नु भएपछि वि.सं. २०३१ सालमा पूरै ब्रह्मसूत्र शाङ्करभाष्यको योगवाशिष्ठकै शैलीमा नेपालीमा अनुवाद गर्न प्रवृत्त हुनुभयो । वि.सं. २०३२ मा उहाँले प्रथमाध्यायको तेस्रो पादको २२ सूत्रको अनुवाद कार्य पूरा गर्नुभयो । प्रारब्धवशात् त्यसै बेला उहाँमा अर्बुद रोगका लक्षण देखा परे । काम रोकियो, उपचार हुँदै गयो, आखिर प्रारब्धसँग केही लागेन २०३५ फागुन ८ गते उहाँ दिवंगत हुनुभयो । उहाँको धोको पूरा हुन पाएन ।

समन्वयाध्याय पनि पूरा नभएको हुँदा स्व.पं. नेपालकै शैलीमा समन्वयाध्यायका शेषांशको अनुवाद र विशदीकरण लेखिएको छ । उहाँको शैलीको अनुसरण गरिएता पनि अनुवाद र विशदीकरणमा उहाँमा निहित स्तरीयताको अनुसरण गर्न सकिएको छैन । तर राजमार्गको बीचमा बाटो बिग्रेर बसबाट उत्रेका यात्रीलाई आफ्नो गन्तव्यमा पुग्न घोडेटो वा गोरेटोले सहयोग गरेझैं पूरक अनुवादले पनि गन्तव्यमा डोऱ्याउन सहयोग नै गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं । पूरै ब्रह्मसूत्र शाङ्करभाष्यको अनुवाद र विशदीकरण तयार गरी प्रकाशन गर्नुपर्ने थियो, यो अधूरो भयो भनेर प्रश्नका लागि प्रश्न पनि उठ्न सक्छ । त्यो प्रश्न आफ्नो ठाउँमा जायज होला तर केही नभएको शून्यमा समन्वयाध्यायको नेपाली अनुवादको प्रकाशन पनि ठूलै कुरा हो जस्तो हामीलाई लागेको छ ।

निश्चय नै स्व.पं. मीनप्रसाद नेपालको यो महत्त्वपूर्ण योगदान हो । यसबाट नेपालीभाषाको भण्डारमा एउटा दार्शनिक कृति थपिने छ, जिज्ञासुहरूले केही मात्रामा भए पनि मातृभाषामा अद्वैत वेदान्तको मर्म बुझ्न पाउने छन् र अद्वैत वेदान्त एवं सर्वदर्शन विषयका छात्रहरूले आफ्नो विषयलाई मातृभाषाका माध्यमबाट चाँडै बुझ्ने मौका पाउने छन् । एतावता यो अनुवाद विभिन्न दृष्टिकोणबाट सामयिक र उपादेय छ भन्ने विषय निर्विवाद छ ।

पं. मीनप्रसाद नेपाल

हिमाली अधिराज्य सुषमामय प्रकृतिको क्रीडाभूमि, तपोभूमि र पुण्यभूमि नेपालधरामा ईश्वरीय ईच्छावशात् धर्म, भाषा, विद्या, दर्शन, कला, साहित्य र समाजको समुन्नयनका लागि महान् सपूतहरूले जन्म लिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आम नेपाली जनताको शिक्षा दीक्षा, स्वास्थ्य, भरणपोषण र प्रतिभाप्रस्फुटनका लागि राणाकालमा सहयोग र सद्भावनाको राजनीतिक वातावरण नरहे पनि हाम्रा प्रतिभाशाली महान् सपूतहरूले आफ्नै नंग्रा खियाएर व्यक्तिगत आवश्यकता र महत्त्वाकांक्षालाई कठोर सहनशक्तिले धराशायी बनाएर पनि समाज, राष्ट्र, धर्म, दर्शन, साहित्य, कला र पवित्र परम्पराको रक्षाका निमित्त प्रशंसनीय योगदान गरेका छन् । त्यसैको फलस्वरूप आज हाम्रो सुन्दर राष्ट्र छ, राष्ट्रिय स्वाभिमान छ, विश्वमा सर्वाधिक सुन्दर संस्कृति छ, साहित्यको भण्डार छ, कलाको साम्राज्य छ र आफ्नै न्यानो परम्परा छ । ती ती योगदानी महनीय व्यक्तित्वहरू मध्ये एक हुनुहुन्थ्यो विद्वच्चूडामणि शास्त्रार्थमहारथी दर्शनशिरोमणि वेदान्ताचार्य स्व.पं. मीनप्रसाद नेपाल ।

लुम्बिनी अञ्चल अन्तर्गत पाल्पा जिल्लाको द्यौराली गा.वि.स.को द्यौराली गाउँका भद्र एवं कुलीन परिवारका ब्रह्मकर्मसमर्थ पं. भीमलाल नेपाल र श्रीमती सत्यभामा नेपालका साहिंला सुपुत्र पं.मीनप्रसाद नेपाल १९६७ को ज्येष्ठ २० गतेका दिन जन्मिनु भएको थियो।

दुब्लो पातलो शरीर, होंचो कद, बाटुलो अनुहार, गोरो वर्ण, चौडा निधार, श्वेत परिधान, सस्मित मुखमण्डल, सौम्य आकृति, मधुर वाणी, कलात्मक एवं शिष्ट व्यवहार, अनुकरणीय आचार-विचार, अधर्षणीय वैदुष्य, पारदर्शी प्रतिभा, वात्सल्य, मैत्री, श्रद्धा र प्रीतिलाई पात्रानुसार प्रयोग गर्ने पटुता, दीन, दुःखी, अनाथ, रोगीप्रति असीम करुणा, विलक्षण शास्त्रीय दृष्टि, सूक्ष्म दार्शनिक विवेचनशक्तिका साथै साहित्य, संगीत र कलाप्रति सचेत अभिरुचिका धनी, भक्ति, ज्ञान र वैराग्यका स्वयं दृष्टान्त स्व. पं. मीनप्रसाद नेपालको संस्कृतवाग्धारा नव्यन्यायशैलीमा होस् यद्वा साहित्यिक शैलीमा, समानरूपमा अव्याहत गतिमा प्रवाहित हुन्थ्यो - निर्मल गंगाको प्रवाह झैं शुभ्र, गम्भीर, अर्थपूर्ण र अथाह ।

उहाँको किशोरकालीन विद्याप्राप्तिको तीव्र जिज्ञासाले पनि आभ्यन्तर उत्पीडन सहनु परेको थियो । एकछिन कल्पना गरौं - राणाकालीन कालरात्रीको शिक्षाशून्य जनसमाज, सरकारी सुविधाको शून्यता, पसिनाका भरमा बाँचिरहेको जनजीवन, शोषक र सामन्तहरूको अदम्य अहंकार, निस्सीम शोषण र डरलाग्दो बिगबिगी भएको बेला पाखुरीका भरमा एकमानो खाने कृषक परिवारमा जन्मी जेनतेन हुर्केका किशोरका लागि उज्ज्वल भविष्यको सूचक के नै हुन्छ र ? तर विद्याप्राप्तिका लागि दृढ इच्छा शक्ति भएपछि क्रियाशक्तिमा चहक आउँछ र क्रियाशक्तिमा चहक आएपछि ज्ञानशक्तिमा महक आउँछ ।

त्यस्तै भयो किशोर मीनप्रसादका लागि, पारिवारिक परिस्थिति परदेश गई विद्याप्राप्तिको अनुकूल नभए तापनि किशोर मीनप्रसादको सौम्य स्वभाव, प्रतिभा एवं व्युत्पत्तिका सुन्दर लक्षणहरूका कारण इष्टमित्र र गुणज्ञ सज्जनहरूको सहयोगमा उनी काठमाण्डौ, जनकपुर र मटिहानीमा गई रुचि अनुकूल माध्यमिक शिक्षार्जन गर्न सफल भए । मटिहानी पछि काशी पुगेका स्व. मीनप्रसाद नेपाल षड्दर्शनाचार्य म.म. स्वामी दर्शनानन्द सरस्वती र वामाचरणभट्टाचार्य जस्ता सारस्वत महापुरुषहरूका शिष्यका रूपमा १९ वर्षको उमेरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमश्रेणीमा वेदान्ताचार्य परीक्षा उत्तीर्ण गरी स्वर्णपदक पाए ।

शास्त्रार्थहरूमा युक्ति, प्रमाण र प्रत्युत्पन्नमतिद्वारा अजेय मानिने विपक्षीहरूलाई पनि धराशायी बनाएर शास्त्रार्थमहारथीको पदवी हासिल गरे । सम्पूर्ण पौरस्त्य दर्शनहरूका साधिकार ज्ञाताकारूपमा दर्शनशिरोमणिको पदवीद्वारा अलंकृत गरिए । काशीनिवासको दौरानमा उनको साहित्याचार्य अम्बिकादत्त-व्यास र विशिष्ट विद्वान् पद्मप्रसाद भट्टराईसँग पनि सौहार्दपूर्ण सम्बन्ध थियो ।

छात्रावस्थामा विलक्षण पाण्डित्यद्वारा काशीमा तहलका मचाउने नेपाली युवाका रूपमा ख्याति कमाएका स्नातक मीनप्रसादका लागि आफ्नो देशमा विद्या र उपाधि अनुकूल सम्मानित कार्यक्षेत्र थिएन । घर फर्केका उनलाई अड्डाको विचारी डिठ्ठा र मुखिया जस्ता तल्ला तहका पदहरूमा कार्य गर्न राणाशासकहरू प्रोत्साहित गर्थे र पछि सुब्बा दिने प्रलोभन देखाउँथे, कति विडम्बनापूर्ण थिए ती दिनहरू ! वास्तवमा त्यसबेला राणाशासकहरू विद्या, कला, प्रतिभा र व्युत्पत्तिलाई खुट्टाले कुल्चेर मूढे बलको दर्पले उन्मत्त थिए । मीनप्रसादको स्वाभिमानी मनले त्यो स्वीकार गरेन । उनी घरै बसे, घरमै पाठशाला चलाए, विद्याको गंगा बगाए, सरस्वतीको भण्डार भरे र समाजमा सत्य, शिव र सुन्दरको चेतना छरे।

लक्ष्मी र सरस्वतीको द्वन्द्व प्रसिद्ध छ । **'विद्या ह वै ब्राह्मणमाजगाम'** यस भनाइअनुसार विशुद्ध ब्राह्मणका हृदयमा विद्याले वास गर्छिन् । जहाँ विद्याको वास हुन्छ त्यहाँ प्रायः लक्ष्मीको अभाव हुन्छ। विद्याका अखण्ड आराधक स्व. पं. मीनप्रसाद नेपाललाई परिवार चलाउन गाह्रो थियो, तर त्यसकारण असन्तोष, निराशा र कुण्ठा कत्ति थिएन । अभावमा द्वन्द्वमा र आपदमा पनि प्रसन्न रही मन्द मुस्कानका साथ प्रतिकूल परिस्थितिलाई पनि अनुकूल सम्झँदै सहनशीलता एवं धैर्य साथ वाङ्मयको समाराधनामा र सामाजिक विकृति र विसङ्गतिको निराकरण गर्ने काममा उहाँ अहर्निश समर्पित हुनुभयो । पूर्वभाषिता, मितभाषिता र सस्मितभाषिता यी तीनगुण उहाँका ज्यादै स्मरणीय छन् ।

वेदान्त, न्याय, मीमांसा आदि पौरस्त्य दर्शनका प्रकाण्ड विद्वान्, व्याकरण, साहित्य, आयुर्वेद र सङ्गीतशास्त्रका मर्मज्ञ पं. मीनप्रसाद नेपाल सुकवि र आशुकवि पनि हुनुहुन्थ्यो। भद्रसमाजमा रहँदा बस्दा भद्र एवं शालीन विनोदका लागि पनि उहाँ प्रसिद्ध हुनुहुन्थ्यो । प्रायः यजमानीवृत्तिसँग टाढै रहन मन पराउने र श्रद्धा एवं आग्रहपूर्वक निमन्त्रणा हुँदा मात्र यज्ञ महायज्ञहरूमा आचार्यत्व ग्रहण गर्ने पं. मीनप्रसाद नेपालको वाणीमा माधुर्य र ओजस्विता भरिएको थियो ।

उहाँको सनातन संस्कृतिका रहस्यको अभिव्यञ्जन र वैदिक सनातन धर्मको वैज्ञानिक विश्लेषण गर्ने अपूर्व क्षमताका कारण कट्टर नास्तिकहरू पनि आस्तिक बन्दथे । रामका परम भक्त स्व. नेपालका प्रवचनहरूमा श्रोता मन्त्रमुग्ध हुन्थे, भक्तिरसमा डुबुल्की मार्थे, ज्ञानगङ्गामा चुर्लुम्म डुब्थे र ज्ञानको चैतन्यले दीप्त हुन्थे । यी थिए पं. मीनप्रसाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको व्यक्तित्वका केही झिल्काहरू । तर जुन गुणबाट उहाँ अमर हुनुहुन्छ त्यो हो उहाँको अखण्ड र उच्चकोटिको रचनाधर्मिता ।

पं. दधिराम मरासिनि, कविवर माधवप्रसाद देवकोटा, योगी नरहरिनाथ, डा. स्वामी प्रपन्नाचार्य जस्ता महापुरुषहरूद्वारा प्रशंसित पं. मीनप्रसाद नेपाल आफ्ना अमर रचनाद्वारा राष्ट्रवासी प्रति ठूलो गुन लगाएर आफ्ना हजारौं प्रशंसक, भक्त र शिष्यहरूका साथै धर्मपत्नी बालप्रभा पुत्रहरू श्यामसुन्दर नेपाल एवं सरोज नेपाल शास्त्री र ५ बहिनी छोरीलाई समेत निराश तुल्याउँदै वि.सं. २०३५ फागुन ८ गते कृष्णागण्डकीको पावन पुलिन रिडीमा परमात्मामा विलीन हुनुभयो । पाञ्चभौतिकशरीर पञ्चभूतहरूमा विलीन भएर प्राणपन्छी कतै उडे पनि कीर्तिकलेवरद्वारा उहाँ आज पनि जीवित हुनुहुन्छ ।

कृतिहरू

अखण्ड साधक र सरस्वतीका वरदपुत्र स्व.पं. मीनप्रसाद नेपालको अहर्निश लेख्ने बानी थियो। अतः उहाँ महान् रचनाधर्मी हुनुहुन्थ्यो । उहाँले राष्ट्रलाई मूल्यवान् कृतिहरू दिएर जानुभएको छ । भविष्यमा अनुसन्धाताहरूले ती कृतिहरूको मूल्याङ्कन गर्लान् । सज्जन लोकहितैषी प्रकाशक र विद्यासंस्थाहरूले कदर गर्लान् । त्यो समय पक्कै आउने छ भन्ने कुरामा हामी आशावादी छौं । अतः यहाँ प्रत्येक कृतिको विवरणात्मक परिचय नदिएर उद्देशात्मकरूपमा कृतिनिर्देश गरिएको छ ।

१. योगवाशिष्ठको विवेचनासहित नेपाली भाषानुवाद
२. रामगीतासार (नेपालीभाषामा रामगीताको पद्यानुवाद)
३. रामवनगमन (नेपाली खण्डकाव्य)
४. ईश्वरदर्शनम् (संस्कृतमा सूत्र एवं भाष्य र नेपालीमा टीका भएको दार्शनिक ग्रन्थ)
५. वेदान्तसार (नेपालीभाषामा रचित वेदान्तदर्शनको महत्त्वपूर्ण ग्रन्थ)
६. नाचिकेतोपाख्यान (नेपालीमा पद्यात्मक काव्य)
७. कठोपनिषदको नेपाली अनुवाद
८. श्रौतश्रेयोवाद (नेपालीपद्यात्मक उपनिषद् रहस्य)
९. वर्णाश्रमव्यवस्था (नेपालीभाषामा लेखिएको विवेचनात्मक एवं प्रामाणिक ग्रन्थ)
१०. भगवदनुरोध (नेपालीभाषाको स्तुतिकाव्य)
११. संस्कृतभजनसङ्ग्रह (संस्कृतभाषामा प्रणीत भजनहरू)
१२. बुद्धिविनोदको उत्तर (नेपाली पद्यात्मक काव्य)
१३. बदरीशवर्णनम् (संस्कृतमा बद्रीनाथको स्तुति)
१४. त्रिवेणीवर्णनम् (संस्कृत पद्यहरूमा त्रिवेणी तीर्थको वर्णन)
१५. गजेन्द्रमोक्ष (गजेन्द्रमोक्षमा आधारित नेपाली काव्य)
१६. सुरसरस्वतीसंगीतसञ्चय (संस्कृत गीतिकाव्य)
१७. ब्रह्मसूत्र शाङ्करभाष्यको नेपालीभाषानुवाद (अपूर्ण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी हुन् उहाँका मुख्य कृतिहरू, यी मध्ये **रामवनगमन** काव्य र **ईश्वरदर्शनम्** जस्ता केही मात्र कृतिहरू प्रकाशित भएका छन् । योगवाशिष्ठको नेपाली भाषानुवादको सम्पादनकार्यमा उहाँका भाई एवं शिष्य श्री नलराज शास्त्री संलग्न हुनुहुन्छ । स्व.पं. मीनप्रसाद नेपाल ब्रह्मसूत्रशाङ्करभाष्यको अनुवादमा संलग्न रहेकै बेला प्रारब्धवशात् शरीरत्याग भएकाले सो महान् कार्य पूरा हुन सकेन । अहिले महेन्द्र संस्कृत विश्वविद्यालयले प्राप्त भागको सम्पादन गराई प्रकाशन समेत गरेर विद्यारक्षा र विद्याप्रचारको क्षेत्रमा प्रशंसनीय काम गरेको छ । यहाँ प्राप्त जानकारीका आधारमा कृतिहरूको परिचय दिइएको छ। अनुसन्धान गरिएमा अन्य रचना पनि प्राप्त हुनसक्ने कुरा विश्वास गर्न सकिन्छ ।

सम्पादनका सम्बन्धमा हाम्रो भनाइ

स्व. पं. मीनप्रसाद नेपालद्वारा अध्यासभाष्य सहित तृतीयपादका २२ सूत्रसम्म गरिएको नेपालीभाषानुवाद र विशदीकरण पुराना हात्तीछाप ४० कपीहरूमा लेखिएका थिए। उहाँको नेपाली भाषाप्रयोग आञ्चलिक छाप र स्थानीय उच्चारण अनुसारको लेखन शैलीमा आधारित थियो । जस्तै – 'तथा' को अनुवाद गर्दा 'तेस्तै' नेपाली अर्थ दिइएको थियो भने त्यताको सट्टा तेता र यताको सट्टा एता जस्ता शब्दहरूको प्रयोग गरिएको थियो। समग्र लेखनको सरणि उहाँको आफ्नै खालको थियो । अर्को तर्फ विशदीकरणमा विषय गाम्भीर्यका साथै भाषाको गाम्भीर्य पनि स्पष्ट प्रतीतिगोचर हुन्थ्यो ।

सम्पादकसमूहले यथासम्भव आञ्चलिक नेपालीप्रयोगलाई वर्तमान लेखनशैलीमा परिणत गराई विशदीकरणमा देखिएका जटिलताहरूलाई सरलताप्रदान गर्ने चेष्टा गरेको छ। मूलपाठमा भ्रान्तिवशात् छुटेका पंक्तिहरूलाई अन्य ग्रन्थहरूको आधारबाट जुटाइएको छ र थप भागको अनुवाद पनि गरिएको छ । दुर्बोध्य अंशलाई पनि ब्रह्मसूत्रशाङ्करभाष्यका, संस्कृतटीका र हिन्दीटीकाहरूको सहयोगबाट खुलस्त पारिएको छ । यस अवसरमा हामी ती ती स्वनामधन्य संस्कृत टीकाकार र हिन्दीटीकाकार मनस्वीहरू प्रति कृतज्ञता व्यक्त गर्दछौं ।

सम्पादनसमूहको कार्यविभाजन अनुसार ब्रह्मसूत्र शाङ्करभाष्य अन्तर्गत प्रथमाध्यायका तृतीयपादको २३ सूत्रदेखि चतुर्थपादको अन्तिम सम्मका ४९ सूत्रमा आधारित शाङ्करभाष्यको स्व.पं. मीनप्रसाद नेपालको शैलीमा नेपालीभाषानुवाद गर्ने र विशदीकरण लेख्ने जिम्मा सम्पादक समूहका संयोजक डा. वेणीमाधव ढकालका जिम्मामा रह्यो । लघुकौमुदीको सरल र व्युत्पत्तिमूलक नेपाली टीका लेख्ने कार्य सम्पादक डा. दुर्गादत्त शर्मोपाध्यायको दायित्वमा रह्यो भने स्व.पं. मीनप्रसाद नेपालद्वारा अनूदित अंशको प्रारम्भिक सम्पादन गर्ने कार्यका साथै ऋतम्भराको प्राथमिक सम्पादन गर्ने कार्य समेत सम्पादक श्री मोतीलाल शर्मा रिजालका जिम्मामा रह्यो । उक्त कार्यविभाजन अनुसार हामी सबै आ–आफ्नो काममा जुट्यौं । यस सम्पादनलाई अन्तिमरूप दिने बेलामा हामी सबैको गम्भीर दृष्टि परेको छ ।

स्व. नेपालद्वारा अनूदित अंशको सम्पादनको क्रममा यस ग्रन्थको पृष्ठ ४८२ देखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ ७४० सम्म गरी जम्मा २५९ पृष्ठको थप अनुवाद गरी सग्लो समन्वयाध्यायलाई पाठकसमक्ष ल्याउने कार्य सम्पन्न गर्न पाउँदा हामीले हर्ष र सन्तोषको अनुभव गरेका छौं। हाम्रो यस कार्यबाट पाठकवर्गले सन्तुष्टि प्राप्त गर्न सकेमा निश्चय नै हाम्रो श्रम सार्थक हुनेछ भन्ने आशा राखेका छौं ।

यस ग्रन्थको सम्पादन गर्ने अपूर्व अवसर प्रदान गर्नुभएकोमा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्रीमाधवराज गौतम, शिक्षाध्यक्ष प्रा.डा. वावुराम पोखेल र कुलसचिव प्रा. श्री दत्तात्रेय शर्मा दाहालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । नवनियुक्त कुलसचिव सहप्रा. डा. श्री भोजराज पन्तप्रति हार्दिक बधाईज्ञापन गर्दै आगामी समयमा श्रीमान् उपकुलपतिज्यू र शिक्षाध्यक्षज्यूद्वारा तीव्रगतिमा सञ्चालित म.सं.वि.को प्राज्ञिक क्रियाकलापलाई अझ तीव्रतर बनाउने काममा उहाँको पनि उदाहरणीय सहयोग रहने छ भन्ने विषयमा हामी विश्वस्त छौं । यस सम्पादनकार्यमा सहयोग पुऱ्याउनु भएका कार्यकारिनिर्देशक प्रा. श्री नीलमणि ढुङ्गानाप्रति आभारी छौं । साथै यसको सुन्दर कम्प्यूटर सेटिङ्ग गरिदिने क्वालिटी लेजर प्रिन्ट, बागबजार, आकर्षक छपाई गरिदिने नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लिमिटेड, मैतीदेवी र संबद्ध सहयोगी प्रति हार्दिक धन्यवाद प्रदान गर्दछौं ।

यस सम्पादनमा कमी कमजोरी नहोलान् भन्न सकिंदैन । अतः हामी अज्ञान, भ्रम र प्रमादबाट भएका त्रुटिहरूका लागि विज्ञ पाठक सामु विनम्रतापूर्वक क्षमायाचना गर्न चाहन्छौं । हिंड्ने मानिसलाई ठेस लाग्न सक्छ, जाँच दिने अनुत्तीर्ण हुनसक्छन्, रूख चढ्ने भूइँमा लड्न सक्छन् र काम गर्नेहरूले गल्ती गर्न सक्छन् ।

कुनै बेला कसैलाई रन्थनिएको देखेर, कसैलाई अनुत्तीर्ण भएको थाहा पाएर, कसैलाई रूखबाट खसेको देखेर र कसैलाई विपत्तिमा परेको जानेर दुर्जनहरू उपहास गर्छन्, परपीडाजन्य आनन्दानुभूति गर्छन् र अकारण सिर्जिएको द्वेषले विषाक्त भएर प्रलाप पनि गर्दछन् । तर सज्जनहरू त्यस स्थितिमा सहानुभूतिपूर्वक उनीहरूको सहयोग गर्न तत्पर हुन्छन् र अरूको उन्नतिमा, उत्कर्षमा, यशमा र मान-सम्मानमा अमन्द आनन्दको मुस्कान छर्छन् । यसै विषयलाई निम्नलिखित नीतिपद्यले पनि केही मात्रामा संकेत गर्दछ-

गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः ।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ।।

अन्तमा शङ्करावतार आद्य शङ्कराचार्यका महनीय र अमर कृतिको अमृतमय आस्वाद नेपालीभाषामा भरिदिने शास्त्रार्थमहारथी दर्शनशिरोमणि वेदान्ताचार्य स्व.पं. मीनप्रसाद नेपाल प्रति श्रद्धापुष्पाञ्जलि समर्पण गर्दै वीणावादिनी सर्वशुक्ला सरस्वतीको मङ्गलमय स्मरणपूर्वक पाठकहरूसँग विदा हुन चाहन्छौं ।

व्यासपूर्णिमा, २०५५

- सम्पादकसमूह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

उपोद्घात

पृष्ठ

अध्यासनिरूपण १

प्रथम पाद

	अधिकरण		पृष्ठ
१.	जिज्ञासाधिकरण	{सू. १}	१७
२.	जन्माद्यधिकरण	{सू. २}	३१
३.	शास्त्रयोनित्वाधिकरण	{सू.३}	४२
४.	समन्वयाधिकरण	{सू. ४}	४७
५.	ईक्षत्यधिकरण	{सू. ५-११}	१०७
६.	आनन्दमयाधिकरण	{सू.१२-१९}	१४८
७.	अन्तरधिकरण	{सू. २०-२१}	१८८
८.	आकाशाधिकरण	{सू. २२}	१९९
९.	प्राणाधिकरण	{सू. २३}	२०७
१०.	ज्योतिश्चरणाधिकरण	{सू.२४-२७}	२१६
११..	प्रतर्दनाधिकरण	{सू. २८-३१}	२३९

द्वितीय पाद

	अधिकरण		पृष्ठ
१.	सर्वत्र प्रसिद्ध्यधिकरण	{सू. १- ८}	२६५
२.	अत्त्रधिकरण	{सू. ९-१०}	२९१
३.	गुहाप्रविष्टाधिकरण	{सू. ११-१२}	२९६
४.	अन्तराधिकरण	{सू. १३-१७}	३११
५.	अन्तर्याम्यधिकरण	{सू. १८-२०}	३२७
६.	अदृश्यत्वाधिकरण	{सू. २१-२३}	३३९
७.	वैश्वानराधिकरण	{सू. २४-३२}	३५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय पाद

अधिकरण			पृष्ठ
१.	द्युभ्वाद्यधिकरण	{सू. १-७}	३८५
२.	भूमाधिकरण	{सू. ८-९}	४०४
३.	अक्षराधिकरण	{सू. १०-१२}	४२२
४.	ईक्षतिकर्मव्यपदेशाधिकरण	{सू. १३}	४२८
५.	दहराधिकरण	{सू. १४-२१}	४३५
६.	अनुकृत्यधिकरण	{सू. २२-२३}	४७७
७.	प्रमिताधिकरण	{सू. २४-२५}	४८६
८.	देवताधिकरण	{सू. २६-३३}	४९४
९.	अपशूद्राधिकरण	{सू. ३४-३८}	५५५
१०.	कम्पनाधिकरण	{सू. ३९}	५६९
११.	ज्योतिरधिकरण	{सू. ४०}	५७७
१२.	अर्थान्तरत्वव्यपदेशाधिकरण	{सू.४१}	५८१
१३.	सुषुप्त्युत्क्रान्त्यधिकरण	{सू.४२-४३}	५८४

चतुर्थ पाद

अधिकरण			पृष्ठ
१.	आनुमानिकाधिकरण	{सू. १-७}	५९५
२.	चमसाधिकरण	{सू. ८-१०}	६३९
३.	सङ्ख्योपसङ्ग्रहाधिकरण	{सू. ११-१३}	६५१
४.	कारणत्वाधिकरण	{सू. १४-१५}	६६७
५.	बालाक्यधिकरण	{सू. १६-१८}	६८२
६.	वाक्यान्वयाधिकरण	{सू. १९-२२}	६९७
७.	प्रकृत्यधिकरण	{सू. २३-२७}	७२२
८.	सर्वव्याख्यानाधिकरण	{सू. २८}	७३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः

{नेपालीभाषानुवादसहितः}

अध्यासभाष्यम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै ।
तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ।।

अर्थ- म मुमुक्षु, कल्पको आरम्भमा ब्रह्मालाई उत्पन्न गराई उनलाई ज्ञानमय वेद प्रदान गर्ने र आत्मरूपबाट प्रत्येक बुद्धिमा प्रकाशमान ती परब्रह्म परमात्माका शरणमा पर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशाय नमः

उपोद्घातः

{ अध्यासभाष्यम् }

अनुवादककृतं मङ्गलाचरणम्

तापत्रयानलाघातप्रतिघातं यदीच्छसि ।
सदाररामन्दारच्छायाधारस्थिरो भव ।।

लीला हजारौं जसका विचित्र संझेर नै मानस* शुभ्र हुन्छ ।
मायावतारी र गुणाभिराम श्रीजानकीजीवनमा प्रणाम ।।
अस्पष्ट नै वस्तु कुनै हवोस लगाई चश्मा जब देखिंदोछ ।
उस्तै गहीरो बुझ भाष्यबोधनिमित्त भाषान्तर लेखिंदोछ ।।
सानो हवस् दर्पण हेर उस्मा देखिन्छ जस्तै गिरिको प्रसार ।
अत्यल्प मेरो अनुवाद भित्र उस्तै छ यो शङ्करवाक्यसार ।।
नितान्त मिश्री गुलियो हुनामा जस्तो छ है कारण इक्षुदण्ड ।
उस्तै यहाँ यो अनुवाद मीठो गराउला शङ्करवाक्यखण्ड ।।

* *''सम्झेर नै हुन्छ मनः पवित्र''* प्रथम पाण्डुलिपिमा यो पाठान्तर रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

युष्मदस्मत्प्रत्ययगोचरयोर्विषयविषयिणोस्तमःप्रकाशवद्विरुद्धस्वभावयोरितरेतरभावानुपपत्तौ सिद्धायां तद्धर्माणामपि सुतरामितरेतरभावानुपपत्तिः, इत्यतोऽस्मत्प्रत्ययगोचरे विषयिणि चिदात्मके युष्मत्प्रत्ययगोचरस्य विषयस्य तद्धर्माणाञ्चाध्यासः, तद्विपर्ययेण विषयिणस्तद्धर्माणाञ्च विषयेऽध्यासो मिथ्येति भवितुं युक्तम् ।

नेपालीभाषानुवाद

तमःप्रकाशवत् = तम र प्रकाश (अँध्यारो र उज्यालो) जस्तै, **विरुद्धस्वभावयोः** = आफू–आफूमा विरुद्ध (नमिल्दो) स्वभावभएको, **विषयविषयिणोः**= विषय (देह, इन्द्रिय आदि दृश्य) र विषयी (ज्ञान) आत्माको, **इतरेतरभावानुपपत्तौ**= परस्परमा एक अर्को हुने कुराको अयुक्तता, **सिद्धायाम्** = सिद्ध (व्यापी नियमद्वारा प्रमाणित) भए छँदामा, **तद्धर्माणाम्** = ती दुवै थरका धर्म (जडपना र चित्पनाको), **अपि** = पनि, **सुतराम्** = सजिलैसँग, निश्चित रूपले; **इतरेतरभावानुपपत्तिः** = एक अर्को हुने कुराको अयुक्तता छ भन्ने, **इति** = यो यस्तो स्वसिद्ध छ र, **अतः** = यस हेतुबाट, **अस्मत्प्रत्ययगोचरे** = अस्मत् शब्द (म) को गोचर अथवा म ले बताइएको, **चिदात्मके** = चित्स्वरूप, **विषयिणि** = ज्ञान (आत्मा) मा, **युष्मत्प्रत्ययगोचरस्य**= युस्मत् शब्द (तँ) को गोचर अथवा तँ ले बताइएको, **विषयस्य** = देह, इन्द्रिय आदि दृश्य पदार्थको र, **तद्धर्माणाम्** = त्यसका धर्म (दुःख जडत्व) आदिको, **च**= पनि, **अध्यासः** = अध्यास (संसर्ग) र, **तद्विपर्ययेण** = उसको उल्टोरूपले, **विषयिणः** = आत्माको र, **तद्धर्माणाम्** = त्यस धर्म चित् मन आदिको पनि, **विषये** = देह इन्द्रिय आदि दृश्य वर्गमा, **अध्यासः** = संसर्ग हुनु जो हो त्यो, **मिथ्या**= झुट्टा, **भवितुम्** = हुन, **युक्तम्** = योग्य (ठीक) हो ।

विशदीकरण

संसारमा जहाँ पनि युष्मत् अस्मत् शब्दले बताइने तँ र म ले संकेतित, अँध्यारो र उज्यालो जस्तै अत्यन्त विरुद्ध शरीर इन्द्रिय आदि दृश्य पदार्थ र चित्स्वरूप आत्मा एक–अर्को रूपमा संसृष्ट भएर अवभासित हुने कुरा व्यापी नियमद्वारा नितान्त अयुक्त ठहर्न आउने हुनाले शरीर इन्द्रिय आदि र तिनका धर्म जडत्व, विनाशित्व, परिच्छिन्नत्व आदिको चित्स्वरूप आत्मामा र त्यसको विपरीतरूपले आत्मा र उसका धर्म चित्पन, अपरिच्छिन्नत्व आदिको शरीर, इन्द्रिय आदिमा अध्यास (संसर्ग) हुनु झुट्टा नै हुनुपर्दछ । (शङ्का)

शाङ्करभाष्यम्

तथाप्यन्योन्यस्मिन्नन्योन्यात्मकतामन्योन्यधर्मांश्चाध्यस्येतरेतराविवेकेनात्यन्तवि–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्तयोर्धर्मधर्मिणोर्मिथ्याज्ञाननिमित्तः सत्यानृते मिथुनीकृत्य **अहमिदं ममेदम्** इति नैसर्गिकोऽयं लोकव्यवहारः ।

नेपालीभाषानुवाद

तथापि = परन्तु, **अन्योन्यस्मिन्** = एक अर्कोमा, **अन्योन्यात्मकताम्** = एकमा अर्कोको अवभास र, **अन्योन्यधर्मान्** = परस्पर एक आर्काको धर्म, **च** = पनि, **अध्यस्य** = अध्यस्त गरेर, **इतरेतराविवेकेन** = परस्परमा एक अर्कोलाई न जानेर, **अत्यन्तविविक्तयोः** = निकै नै फरक भएका, **धर्मधर्मिणोः** = विषय र आत्माको, **मिथ्याज्ञाननिमित्तः** = मिथ्याज्ञानबाट भएको, **सत्यानृते** = सत्य र असत्यलाई, **मिथुनीकृत्य** = एकत्रित जस्तो गराएर, **अहम् इदम्** = म यो र, **मम इदम्** = मेरो यो भन्ने, **इति** = यस्तो, **नैसर्गिकः** = स्वभावैले भइरहेको, **अयम्** = यो, **लोकव्यवहारः** = लोकको व्यवहार छ ।

विशदीकरण

शङ्का भएअनुसार दृश्य र द्रष्टाको परस्परमा निकै नै भिन्नता भएर पनि एकमा अर्को र उसका धर्म समेतको अध्यास गरेर दुवैको विश्लेषण गर्न नसक्नाले नै सत्य र असत्यलाई एकै ठाउँ छ्यासमिस पारेर म यो र मेरो यो भन्ने स्वभावैले लोकव्यवहार चलिरहेको छ ।

शाङ्करभाष्यम् - आह – कोऽययध्यासो नामेति !,

नेपालीभाषानुवाद - आह = पूर्वपक्षी भन्दछ, **अध्यासो नाम इति** = अध्यास भनेर मानिने, **अयम्** = यो, **कः ?** = के ? हो ।

विशदीकरण - पूर्वपक्षी शङ्का गर्दछ कि पूर्वोक्त लोकव्यवहारको कारण भइरहेको अध्यास भन्ने कुन चीज हो ? र कस्तो छ ?

शाङ्करभाष्यम्

उच्यते– स्मृतिरूपः परत्र पूर्वदृष्टावभासः । तं केचिदन्यत्रान्यधर्मावभास इति वदन्ति । केचित्तु यत्र यदध्यासस्तद्विवेकाग्रहनिबन्धनो भ्रम इति । अन्ये तु यत्र यदध्यासस्तस्यैव विपरीतधर्मत्वकल्पनामाचक्षत इति । सर्वथापि त्वन्यस्यान्य-धर्मावभासतां न व्यभिचरति ।

नेपालीभाषानुवाद

उच्यते = उत्तर रूपमा भनिन्छ, **स्मृतिरूपः** = सम्झनारूपको, **परत्र** = कुनै एक अर्कोमा, **पूर्वदृष्टावभासः** = अघि देखे जानेका वस्तुको झलक हुनु अध्यास हो, **तम्** = त्यो झलक हुनुलाई, **केचित्** = कोही अन्यथाख्यातिवादी (नैयायिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैशेषिकहरू), **अन्यत्र** = एक ठाउँ (रज्जु आदि)मा, **अन्यधर्मावभासः** = कुनै अर्का (सर्पआदि) का धर्मको झलक हुनु जस्तै, **इति** = यस्तो, **वदन्ति** = भन्दछन्, **केचित्** = कोही अख्यातिवादी (मीमांसक) हरू, **तु** = त, **यत्र** = जहाँ, जसमा; **यदध्यासः** = जसको, जे को अध्यास गरिन्छ; **तद्विवेकाग्रहनिबन्धनः**= त्यसका तथ्यको विवेक गर्न नसक्नुबाट भएको, **भ्रमः** = भ्रम हो भन्ने, **इति** = यस्तो मान्दछन्, **अन्ये** = एकथरी असतख्यातिवादी (शून्यवादी) हरू, **तु** = त, **यत्र** = जहाँ, जसमा; **यदध्यासः** = जसको, जे को अध्यास छ, **तस्य** = त्यसैको, **एव** = नै, **विपरीतधर्मत्वकल्पनाम्** = विरुद्धधर्मको कल्पना भनेर, **आचक्षते** = भन्दछन्, **सर्वथा** = सबै प्रकारबाट अथवा हरहालतमा, **अपि** = पनि, **तु**= त, **अन्यस्य** = कुनै एकको, **अन्यधर्मावभासताम्** = कुनै एकका धर्मको झलक लिनु, **न व्यभिचरति**= व्यभिचरित (खण्डित) हुन्न ।

विशदीकरण

उत्तररूपमा भनिन्छ– सम्झनारूप तथा कुनै एकको कुनै अर्कोमा झलक पर्नु अध्यास हो । त्यसलाई नैयायिक तथा वैशेषिकहरू कुनै एकको कुनै एक ठाउँमा धर्माध्यास हुनु नै उसको स्वरूप हो। जस्तो घर वा बजारमा रहेका चाँदीको सिपीमा झलक पर्नु अन्यत्र रहेका सर्पको डोरीमा झलक पर्नु, यसलाई अन्यथाख्याति भनिन्छ र यस सिद्धान्तका मन्ता नैयायिक तथा वैशेषिकहरू अन्यथाख्यातिवादी भनिन्छन् !

फेरि जहाँ जसको अध्यास भएको छ त्यसको विश्लेषण गर्न नसक्नुबाट भएको भ्रमलाई नै अध्यासको स्वरूप मान्दछन् । जस्तो कि सिपीमा चाँदीको भ्रम हुँदा सिपीको विश्लेषणात्मक विवेक गर्न नसक्नाले नै चाँदीको भ्रम भएको हो । सिपीमा चाँदी हुँदै नभएकाले त्यस भ्रमलाई अख्याति हो भनेर मीमांसकहरू भन्दछन् र उनीहरू अख्यातिवादी भनिन्छन् ।

अर्काथरी फेरि जहाँ जसको अध्यास छ उसैको विपरीतधर्मताको कल्पना मात्र हो र सिपीमा चाँदीको र डोरीमा सर्पको शून्यत्व छ त्यो नै उसको स्वरूप हो भनेर शून्यवादीहरू मान्दछन् र यिनीहरू असतख्यातिवादी भनिन्छन् । हुन त ख्यातिवादीहरूका भेद निम्न अनुसार छन् –

अख्यातिवादी	–	मीमांसक ।
असत्यख्यातिवादी	–	शून्यवादी ।
आत्मख्यातिवादी	–	बौद्ध ।
अन्यथाख्यातिवादी	–	नैयायिक र वैशेषिक ।
सदसत्ख्यातिवादी	–	साङ्ख्य ।

सबै दर्शनकारहरूको संसार, जीव, ईश्वर, सम्बन्धी आफ्नो–आफ्नो सिद्धान्त वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य ख्यातिवादबाट नै झल्कन्छ । पूज्यपाद आचार्य शङ्करले अध्यासलक्षण सम्बन्धमा अरू तीन ख्यातिवादी- सांख्य, बौद्ध र वेदान्तीको उल्लेख नगरेको देखिन्छ तापनि परत्र पूर्वदृष्टावभासले वेदान्तीको (स्वमत) देखिने र नास्तिवादीहरूमा चरमकोटिका शून्यवादी र प्रमाणनिरूपणमा अहम्मन्य नैयायिक र वैशेषिकको उल्लेख गरेपछि गतार्थ हुने हुनाले सबैको मन्तव्य उल्लेख नगरिएको हो ।

वास्तवमा जुनसुकै ख्यातिवादलाई नियालेर हेरेपनि कुनै एक परमा कुनै एक पूर्वदृष्टको स्मृतिरूप झलक नै अध्यास हो भन्ने कुरा नै अकाट्य र अखण्डित रूपले थिउरिन नआइछोडदैन । युष्मत् (तँ) मा अस्मत् (म) को झलक व्यापी प्रबल नियमद्वारा हुनै नसक्ने देखिएता पनि शरीर, इन्द्रिय आदि र आत्मामा परस्पर त्यो कुरा भइरहेको देखिन्छ । यो देखाइ नियमविरुद्ध हुनाले अध्यासबाट मात्र भएको तर वास्तवमा मिथ्या नै हो भन्ने कुरा स्वतः सिद्ध हुनआउँछ ।

शाङ्करभाष्यम्

तथा च लोकेऽनुभवः- शुक्तिका हि रजतवदवभासते, एकश्चन्द्रः स द्वितीयवदिति । कथं पुनः प्रत्यगात्मन्यविषयेऽध्यासो विषयतद्धर्माणाम् ? सर्वो हि पुरोऽवस्थिते विषये विषयान्तरमध्यस्यति, युष्मत्प्रत्ययापेतस्य च प्रत्यगात्मनोऽविषयत्वं ब्रवीषि ?

नेपालीभाषानुवाद

तथा च = त्यस्तै, **लोके** = लोकव्यवहारमा, **हि** = निश्चय, **शुक्तिका** = सिपी, **रजतवत्**= चाँदी जस्तै, **अवभासते** = देखापर्छ, झल्कन्छ; **एकः** = एउटा, **चन्द्रः** = चन्द्रमा, **सद्वितीयवत्** = दोस्रोले सहित (दुइटा जस्तै), **अवभासते** = देखापर्छ भन्ने, **इति** = यस्तो, **अनुभवः** = अध्यासको अनुभव छ, **शङ्का** = शङ्का, **कथम् पुनः** = कसरी, फेरि; **अविषये** = इन्द्रियद्वारा प्रत्यक्ष हुन नसक्ने विषय, **प्रत्यगात्मनि** =आत्मामा, **विषयतद्धर्माणाम्** = शरीर, इन्द्रिय आदि विषय र उनका धर्मको, **अध्यासः** = अध्यास हुन्छ, **हि** = निश्चय नै, **सर्वः** = सबै जनले, **पुरोऽवस्थिते** = आफ्नो अगाडि रहेका, **विषये** = विषयमा, **विषयान्तरम्** = अर्को विषयलाई, **अध्यस्यति** = अध्यस्त (आरोप) गर्छ, **युष्मत्प्रत्ययापेतस्य** = युष्मत् शब्द (तँ) बाट अलग रहेका, **प्रत्यगात्मनः** = कूटस्थ आत्माको, **अविषयत्वम्** = इन्द्रिय वेद्य नभएको भनेर, **ब्रवीषि** = भन्छौ ।

विशदीकरण

लोकव्यवहारमा पनि सिपी चाँदी झैं प्रतीत हुन्छ । एउटा चन्द्रमा दुइटा जस्तै देखिन्छ, यी अनुभवका विषय हुन् । यहाँ आत्मामा अनात्मको प्रतिभास, सिपीमा चाँदीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टान्तबाट र जीव एवं ब्रह्मको भेद चन्द्र दृष्टान्तले देखाइएको छ । किन कि, चक्षुदोष छ भने एउटै चन्द्रमा दुइटा झैं देखिन्छ ।

यहाँ यो शङ्का हुन्छ– संसारमा कुनै वस्तु वा उसका धर्मको जुन वस्तुमा अध्यस्त (आरोपित) गरिन्छ त्यो आरोप गरिने वस्तु र जसमा आरोप गरिन्छ ती दुवै प्रत्यक्ष हुन्छन् र उनमा आरोप हुन सक्छ। जस्तै चाँदीको आरोप गरिने विषय सिपी र सर्पको आरोप हुने डोरी प्रत्यक्ष छन् र उनमा आरोप हुन सक्दछ ।

यहाँ त प्रत्यगात्मा(कूटस्थ) प्रत्यक्ष छैन, अनि उसमा शरीरेन्द्रियादिविषयको अध्यास कसरी हुन सक्ला ? किनकि युष्मत् प्रत्यय (तँ) देखि पृथक् रहेको प्रत्यगात्मा निर्विषय छ भनेर तिमी नै भन्दछौ र त्यस्तो निर्विषय प्रत्यगात्मामा विषयान्तरको अध्यास सर्वथा असंभव छ ।

शाङ्करभाष्यम्

उच्यते– न तावदयमेकान्तेनाविषयः, अस्मत्प्रत्ययविषयत्वात्, अपरोक्षत्वाच्च प्रत्यगात्मप्रसिद्धेः । न चायमस्ति नियमः– पुरोऽवस्थित एव विषये विषयान्तरमध्यसितव्यमिति, अप्रत्यक्षेऽपि ह्याकाशे बालास्तलमलिनताद्यध्यस्यन्ति। एवमविरुद्धः प्रत्यगात्मन्यप्यनात्माध्यासः।

नेपालीभाषानुवाद

तावत् = पहिले, **अयम्** = यो प्रत्यगात्मा (कूटस्थ), **एकान्तेन** = अतिशयरूपले, **अविषयः** =विषय नभएको (नजानिएको), **न** = होइन किनकि, **अस्मत्प्रत्ययविषयत्वात्** = अस्मत्शब्दको विषय (म भनेर जानिएको) हुनाले, **प्रत्यगात्मप्रसिद्धेः** = कूटस्थका प्रसिद्धिको, **अपरोक्षत्वात् च** = प्रत्यक्ष हुनाले पनि, **च** = फेरि, **पुरोऽवस्थिते** = अगाडिमा रहेका, **विषये** = विषय (वस्तु) मा, **एव** = मात्र, **विषयान्तरम्** = अर्को विषयको, **अध्यसितव्यम्** = आरोप गर्नु योग्य छ भन्ने, **अयम्** = यो, **नियमः** = नियम (रीति), **च** = पनि, **न** = छैन । जस्तै–, **बालाः**= विशिष्ट बुद्धि नभएका जनहरू, **हि** = निश्चय नै, **अप्रत्यक्षे**= प्रत्यक्ष नभएका, **अपि**= पनि, **आकाशे** = आकाशमा, **तलमलिनतादि** = तल (छत जस्तो) र नीलोपन आदि, **अध्यस्यन्ति**= आरोप गर्छन् । **एवम्** = यस्तो हुनाले, **प्रत्यगात्मनि** = कूटस्थ आत्मामा, **अनात्माध्यासः** = शरीर, इन्द्रिय आदि अनात्मवर्गको अध्यास हुनु, **अविरुद्धः** =निर्विवाद छ।

विशदीकरण

उत्तर रूपमा भनिन्छ– सर्वप्रथम कूटस्थ आत्मा एकदम नै अविषय भएको छैन । म भनेर उसलाई विषय गरिएको र म छु भन्ने कुरा प्रत्यक्ष नै हुनाले उसमा अनात्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यास कुनै विघ्नले बाधित हुन सर्वथा नसक्ने कुरा छ ।

फेरि समक्षमा रहेको विषयमा मात्र विषयान्तरको अध्यास हुन्छ भन्ने कुनै नियम पो कहाँ छ र ? प्रकाश र तमको तिरमिरेपनलाई छाडेर आकाश भन्ने वस्तु कुनै इन्द्रियले प्रत्यक्ष गर्न नसकिने हुनाले अप्रत्यक्ष नै भएता पनि अविवेकी व्यक्ति आकाशमा पनि छत जस्तो र नीलोपनको अध्यास गर्छन् । अस्मत् प्रत्यय (म) को विषय भइरहेको कूटस्थमा पनि शरीर आदि अनात्मवर्गको आरोप गरिनुमा कुनै विरोध छैन ।

शाङ्करभाष्यम्

तमेतमेवंलक्षणमध्यासं पण्डिता अविद्येति मन्यन्ते । तद्विवेकेन च वस्तुस्वरूपावधारणं विद्यामाहुः । तत्रैवं सति यत्र यदध्यासः, तत्कृतेन दोषेण गुणेन वाऽणुमात्रेणापि स न संबध्यते, तमेतमविद्याख्यमात्मानात्मनोरितरेतराध्यासं पुरस्कृत्य सर्वे प्रमाणप्रमेयव्यवहारा लौकिका वैदिकाश्च प्रवृत्ताः, सर्वाणि च शास्त्राणि विधिप्रतिषेधमोक्षपराणि ।

नेपालीभाषानुवाद

एवंलक्षणम् = यस प्रकारको लक्षणले युक्त, **तम् एतम्** = त्यो यो, **अध्यासम्**= अध्यासलाई, **पण्डिताः** = विद्वान्हरू, **अविद्या इति** = अविद्या (अज्ञान) भनेर, **मन्यन्ते** = मान्दछन्, **च** = फेरि, **तद्विवेकेन** = त्यसको विश्लेषणात्मक विवेक (छानबिन) द्वारा, **वस्तुस्वरूपावधारणम्** = आत्मरूप सद्वस्तुको निश्चय गर्नुलाई, **विद्याम्** = विद्या (ज्ञान) भनेर, **आहुः** = भन्दछन्, **तत्र**= त्यहाँ (त्यसमा), **एवम्**= यस्तो, **सति** = भएमा, **यत्र** = जहाँ, जसमा; **यदध्यासः** = जसको अध्यास हुन्छ, **तत्कृतेन** = त्यस अध्यस्त गरिएका (विषय) बाट, **अणुमात्रेण** = अणु बराबर, **अपि** = पनि, **दोषेण** = दोष र, **गुणेन** = गुणले, **सः** = जसमा अध्यस्त गरिन्छ त्यो, **न संबध्यते** = सम्पृक्त हुँदैन । **अविद्याख्यम्** = अविद्यानाम गरेको, **तम् एतम्** = त्यो यो, **आत्मानात्मनोः** = आत्मा र अनात्मा (जड र चेतन)को, **इतरेतराध्यासम्** = परस्परको अध्यासलाई, **पुरस्कृत्य** = अगाडि राखेर, **सर्वे** = सबै, **लौकिकाः** = लौकिक र , **वैदिकाः** = वैदिक, **च** = पनि, **प्रमाणप्रमेयव्यवहाराः**= प्रमाण र प्रमेयरूप व्यवहारहरू, **प्रवृत्ताः** = चलेका छन्, **विधिप्रतिषेधमोक्षपराणि**= विधि, निषेध र मोक्ष प्रतिपादक, **शास्त्राणि** = शास्त्रहरू चलिरहेका छन् ।

विशदीकरण

यस प्रकारको लक्षणले युक्त अध्यासलाई नै विद्वान्हरू अविद्या (अज्ञान) भन्दछन् र अध्यास गरिएका वस्तुको छानबिन गरेर वस्तुको यथार्थ बोध गर्नुलाई विद्या भन्दछन् । यो कुरा सिद्ध हुनासाथ जसको जसमा अध्यास गरिन्छ, त्यसका गुण वा दोषले अध्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने आधार स्वरूप वस्तु अणुमात्र पनि संपृक्त हुनसक्दैन । यसै अविद्यानामको अध्यासकै आधारमा साराका सारा लौकिक तथा वैदिक प्रमाणप्रमेयका व्यवहार, विधि, निषेध तथा मोक्षमा प्रवृत्त भएका शास्त्रहरू पनि चलिरहेका छन् ।

शाङ्करभाष्यम्

कथं पुनरविद्यावद्विषयाणि प्रत्यक्षादीनि प्रमाणानि शास्त्राणि चेति ? उच्यते- देहेन्द्रियादिष्वहंममाभिमानरहितस्य प्रमातृत्वानुपपत्तौ प्रमाणप्रवृत्त्यनुपपत्तेः । नहीन्द्रियाण्यनुपादाय प्रत्यक्षादिव्यवहारः सम्भवति । न चाधिष्ठानमन्तरेणेन्द्रियाणां व्यवहारः सम्भवति । न चानध्यस्तात्मभावेन देहेन कश्चिद् व्याप्रियते । न चैतस्मि-न्सर्वस्मिन्नसति,असङ्गस्यात्मनः प्रमातृत्वमुपपद्यते । न च प्रमातृत्वमन्तरेण प्रमाण-प्रवृत्तिरस्ति । तस्मादविद्यावद्विषयाण्येव प्रत्यक्षादीनि प्रमाणानि शास्त्राणि च ।

नेपालीभाषानुवाद

प्रत्यक्षादीनि = प्रत्यक्ष, अनुमान आदि, **प्रमाणानि** = प्रमाणहरू र, **शास्त्राणि**= शास्त्रहरू, **च** = पनि, **अविद्यावद्विषयाणि** = अविद्यात्मक अध्यासवालालाई लक्ष्य गर्ने हुन् भन्ने, **इति** = यो, **पुनः** = फेरि, **कथम्** = कसरी हुनसक्दछ, **उच्यते** = उत्तररूपमा भनिन्छ-, **देहेन्द्रियादिषु** = शरीर, इन्द्रिय आदिमा; **अहंममाभिमान-रहितस्य** = म र मेरो भन्ने अभिमानले रहित भएको, **प्रमातृत्वानुपपत्तौ** = प्रमातापनको असिद्धि भएमा, **प्रमाणप्रवृत्त्यनुपपत्तेः**= प्रमाणतर्फ प्रवृत्ति नै नहुनाले, **हि** = निश्चय नै, **इन्द्रियाणि** = इन्द्रियहरूलाई, **अनुपादाय** = नलिएर, **प्रत्यक्षादिव्यवहारः** = प्रत्यक्ष भयो भन्ने कुरा र प्रत्यक्षादिप्रमाणको व्यवहार, **न सम्भवति** = हुनसक्दैन, **अधिष्ठानम्** = अधिष्ठान (आधारसत्ता) लाई, **अन्तरेण** = छोडेर, **इन्द्रियाणाम्** = इन्द्रियहरूको, **व्यवहारः** = व्यवहार (काम गर्ने क्षमता), **च** = पनि, **न सम्भवति**= हुनसक्दैन, **अनध्यस्तात्मभावेन** = आत्मभाव (चेतनता) को अध्यास नभएको शरीरले, **कश्चित्** = कुनै, **च** = पनि, **न व्याप्रियते** = व्यवहार गर्न सक्दैन, **एतस्मिन्** = यो, **सर्वस्मिन्** = सबै, **असति** = नभएमा, **असङ्गस्य** = सङ्ग (अध्यास) रहित, **आत्मनः** = कूटस्थ आत्माको, **प्रमातृत्वम्** = प्रमातापन, **च** = पनि, **न उपपद्यते** = उपपन्न हुन सक्दैन, **प्रमातृत्वम्** = प्रमातापनलाई, **अन्तरेण** = छोडेर, **प्रमाणप्रवृत्तिः** = प्रमाणको वा प्रमाणमा प्रवृत्ति लाग्नु, **च** = पनि, **न अस्ति** = छैन, **तस्मात्** = त्यसकारण, **प्रत्यक्षादीनि** = प्रत्यक्ष आदि, **प्रमाणानि** = प्रमाणहरू र, **शास्त्राणि** = शास्त्रहरू, **अविद्यावद्विषयाणि** = अध्यासयुक्तलाई लक्ष्य गरेर भएका, **एव** = नै हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

प्रत्यक्ष आदि प्रमाण, लौकिक तथा वैदिक व्यवहार र शास्त्रहरू समेत पूर्वोक्त अविद्यात्मक अध्यासयुक्तलाई लक्ष्य गरेर चलेका हुन् भन्ने कसरी सिद्ध हुन्छ र वास्तविकता के हो ? भन्ने शङ्का हुँदा उत्तर रूपमा भनिन्छ– शरीरमा म र इन्द्रियादिमा मेरो भन्ने अभिमान नभएमा, आत्मामा प्रमातापन नै नहुने हुनाले प्रमाणतर्फ प्रवृत्ति नै हुनसक्दैन, किनकि इन्द्रिय नभई त्यसै विषयको प्रत्यक्षादि व्यवहार नै हुँदैन । अधिष्ठानसत्ता विना इन्द्रियादिको निजी विषयसम्बन्धी व्यवहार पनि नितान्त नै असम्भव छ ।

फेरि चेतनता (आत्मभाव) को अध्यास नभएका शरीरबाट पनि कसैले व्यवहार गर्न सक्दैन र यी सबै नहुने हो भने अध्यास (सङ्ग) रहित आत्मा या प्रमातापन कहाँबाट आउन सक्छ ? प्रमातापन नभएसम्म प्रमाणतर्फ प्रवृत्ति नै कसरी हुन्छ ? इत्यादि अडचन हुनाले अध्यासलाई लक्ष्य बनाउनु परेको छ । वास्तवमा लौकिक वा वैदिक कुनै व्यवहारमा पनि कूटस्थ आत्मा असङ्ग निर्विकार हुनाले प्रमातर्फ प्रेरक हुन नमिल्ने र यो प्रमा चैतन्य आत्माको प्रतिबिम्बविशिष्ट अन्तःकरण को परिणाम भएकाले त्यसको उत्पादनमा जड अन्तःकरण असमर्थ हुन्छ र आत्मा अपरिणामी हुन्छ ।

तसर्थ अक्षम हुनाले अन्तःकरण र आत्माको अध्यासका लागि आवश्यक तथा इन्द्रियको प्रवृत्तिमा प्रेरणात्मक प्रमा आत्मामा हुनु आवश्यक हुँदा जतातातैबाट ग्रन्थिरूप भएको अध्यास छ र त्यसको निराकरण गर्ने हेतुले सारा प्रमाण र प्रमेय आदि लौकिक तथा वैदिक व्यवहार प्रवृत्त भएका हुन् ।

शाङ्करभाष्यम्

पश्वादिभिश्चाविशेषात् । यथाहि पश्वादयः शब्दादिभिः श्रोत्रादीनां सम्बन्धे सति शब्दादिविज्ञाने प्रतिकूले जाते ततो निर्वतन्ते, अनुकूले च प्रवर्तन्ते, यथा दण्डोद्यतकरं पुरुषमभिमुखमुपलभ्य मां हन्तुमयमिच्छतीति पलायितुमारभन्ते, हरिततृणपूर्णपाणिमुपलभ्य तं प्रत्यभिमुखीभवन्ति, एवं पुरुषा अपि व्युत्पन्नचित्ताः क्रूरदृष्टीनाक्रोशतः खड्गोद्यतकरान्बलवत उपलभ्य ततो निवर्तन्ते, तद्विपरीतान्प्रति प्रवर्तन्ते, अतः समानः पश्वादिभिः पुरुषाणां प्रमाणप्रमेयव्यवहारः ।

नेपालीभाषानुवाद

च = फेरि, **पश्वादिभिः** = पशुहरूले, (पशुहरूसँग), **अविशेषात्** = फरक नहुनाले, पनि अध्यासकै आधारमा व्यवहार छ; **हि** = निश्चय, **यथा** = जस्तै, **पश्वादयः** = पशु र आदि शब्दले कीटपतङ्गहरू, **शब्दादिभिः** = शब्द, स्पर्श आदि विषय साथ वा द्वारा, **श्रोत्रादीनाम्** = कान, छाला आदिको, **सम्बन्धे** = सम्बन्ध (सम्पर्क), **सति**= भएमा, **शब्दादिविज्ञाने** = शब्द आदि ज्ञान, **प्रतिकूले** = प्रतिकूल (मन नपर्दो), **जाते** = भएमा, **निवर्तन्ते** = फर्किन्छन् (हट्छन्), **च** = फेरि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुकूले = अनुकूल(मनपर्दो) मा, **प्रवर्तन्ते** = प्रवृत्त हुन्छन् (अघि बढ्छन्), **यथा** = जस्तै, **दण्डोद्यतकरम्** = लठ्ठी हातमा लिएको, **पुरुषम्** = पुरुषलाई, **अभिमुखम्** = नजिकै, **उपलभ्य** = भेटाएर, **अयम्** = यो, **माम्** = मलाई, **हन्तुम्**= मार्न वा आघात पुऱ्याउन, **इच्छति** = इच्छा गर्छ भन्ने; **इति** = यसकारण, **पलायितुम्**= भाग्न (सुँइकुच्चा ठोक्न), **आरभन्ते** = सुरु गर्छन्, **हरिततृणपूर्णपाणिम्** = हरियो घाँस हातमा लिएको पुरुषलाई, **उपलभ्य** = भेटाएर, **तम् प्रति** = त्यसतर्फ, **अभिमुखीभवन्ति** = सामुन्ने हुन्छन्, **एवम्** = यस्तै, **व्युत्पन्नचित्ताः** = व्यावहारिक विषयका जानकार, **पुरुषाः** = पुरुषहरू, **अपि** = पनि, **क्रूरदृष्टीन्** = रिसले राता आँखा गराएका, **आक्रोशतः** = गाली गर्ने र, **खड्गोद्यतकरान्** = तरबार हातमा लिएका, **बलवतः** = बलवान् पुरुषहरूलाई, **उपलभ्य** = भेटाएर, **ततः** = उनीहरूदेखि, **निवर्तन्ते** = पर सर्दछन्, **तद्विपरीतान् प्रति** = हातमा तरबार नलिएका दयालु र स्निग्ध पुरुषहरू तर्फ, **प्रवर्तन्ते** = प्रवृत्त हुन्छन्, **अतः** = यसकारण, **पश्वादिभिः** = पशु आदि सँग, **पुरुषाणाम्** = पुरुषहरूको, **प्रमाणप्रमेयव्यवहारः** = प्रमाण प्रमेयको व्यवहार, **समानः** = बराबर छ ।

विशदीकरण

अध्यासबाट नै पुरुषहरूको र पशु आदिको इष्टानिष्टमा प्रवृत्ति–निवृत्तिरूप प्रमाण–प्रमेय आदि व्यवहार एकैनासको देखिन्छ । जस्तै पशुहरू शब्द सुन्ने बित्तिकै सुनेको शब्द आफ्नो प्रतिकूल रहेछ भने पछि सर्छन् र अनुकूल रहेछ भने अघि सर्छन् । लठ्ठी उज्याएको मानिस सामुन्ने देखे मलाई पिट्छ भनेर पछि हट्दछन् र हरियो घाँस हातमा लिएको मानिस सामुन्ने देखे अघि सर्ने गर्दछन् । त्यस्तै पुरुषहरू व्यावहारिक इष्टानिष्टको थाह भएकाले रिसाएर राता–राता आँखा गराएर तरबार हातमा लिएर गाली गर्दै आइरहेका पुरुषहरूलाई सामुन्नेमा देखे भने पछि हट्ने र यसको विपरीत स्थिति भएकालाई समक्ष भेटाए अघि बढ्ने गर्छन् । अतः व्यावहारिक स्थितिमा पशुहरू र मानिसहरूको प्रमाण–प्रमेय आदि व्यवहार एकनास नै हुन्छ ।

शाङ्करभाष्यम्

पश्वादीनाञ्च प्रसिद्धोऽविवेकपुरःसरः प्रत्यक्षादिव्यवहारः । तत्सामान्यदर्शनाद् व्युत्पत्तिमतामपि पुरुषाणां प्रत्यक्षादिव्यवहारस्तत्कालः समान इति निश्चीयते । शास्त्रीये तु व्यवहारे यद्यपि बुद्धिपूर्वकारी नाविदित्वात्मनः परलोकसम्बन्धमधिक्रियते, तथापि न वेदान्तवेद्यमशनायाद्यतीतमपेतब्रह्मक्षत्रादिभेदमसंसार्यात्मत्वमधिकारेऽपेक्ष्यते,अनुपयोगादधिकारविरोधाच्च । प्राक् च तथा भूतात्मविज्ञानात्प्रवर्तमानं शास्त्रमविद्यावद्विषयत्वं नातिवर्तते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

पश्वादीनाम् = पशु आदिको, **अविवेकपुरःसरः** = अविवेक पूर्वक (विना छानबिन) को, **च** = पनि, **प्रत्यक्षादिव्यवहारः** = प्रत्यक्ष आदि पूर्वोक्त व्यवहार, **प्रसिद्धः** = प्रसिद्ध छ, **व्युत्पत्तिमताम्** = जानकार भएका, **अपि** = पनि, **पुरुषाणाम्**= पुरुषहरूको, **तत्सामान्यदर्शनात्** = पशुसँग बराबरी देखिनाले, **तत्कालः** = अविद्या (अध्यास) कालको, **प्रत्यक्षादिव्यवहारः** = प्रत्यक्ष आदि प्रमाण-प्रमेय व्यवहार, **समानः इति** = बराबर छ भन्ने यस्तो, **निश्चीयते** = निश्चय गरिन्छ, **शास्त्रीये** = शास्त्रसम्बन्धी, **व्यवहारे तु**= व्यवहारमा त, **बुद्धिपूर्वकारी** = विचारसाथ काम गर्ने पुरुष, **यद्यपि** = हुन त, **आत्मनः** = आफ्नो वा आत्माको, **परलोकसम्बन्धम्** = परलोकसंग सम्बन्ध हुने कुरा, **अविदित्वा** = नजानेर, **न अधिक्रियते** = अधिकारवान् हुँदैन, **तथापि** = तापनि, **वेदान्तवेद्यम्** = वेदान्तशास्त्रद्वारा जान्नुयोग्य, **अशनायाद्यतीतम्** = कर्मफलको भोगादिले रहित, **अपेतब्रह्मक्षत्रादिभेदम्** = ब्राह्मणक्षत्रियादि भेद शून्य, **असंसारि** = प्रपञ्चहीन, **आत्मतत्त्वम्** = आत्मस्वरूपलाई, **अधिकारे** = शास्त्रीय व्यवहारको अधिकारमा, **न अपेक्ष्यते** = खोज गरिन्न, किनकि; **अनुपयोगात्**= उपयुक्त नहुनाले र, **अधिकारविरोधात् च** = अधिकारको विरोध हुनाले पनि, **तथात्मभूतात्मविज्ञानात्** = त्यसरूपको आत्मज्ञान हुनुभन्दा, **प्राक्** = पहिले, **प्रवर्तमानम्** = रहेको, **शास्त्रम्** = शास्त्रले, **अविद्यावद्विषयत्वम्** = अध्यासवालालाई विषय गर्ने कुरा, **क्व** = कहाँ, **न अतिवर्तते** = अधिकार गर्दैन ?

विशदीकरण

पशु आदिमा अविवेकपूर्वकको प्रमाणादिव्यवहार देखिएझैं जानकार पुरुषहरूमा पनि उनीहरूकै बराबरी देखिन्छ । तसर्थ व्यावहारिक जानकार भएता पनि, पशु र मानिस आदिको अध्यासकालको व्यवहार समान नै हुन्छ भन्ने कुरा नै निष्कर्ष रूपमा ठहर्न आउँछ।

यहाँ एउटा शङ्का हुन्छ- आत्मा अमर छ, अजर छ भन्ने ज्ञान त विहित यज्ञादि कर्म गर्नेलाई छँदैछ, किनकि आत्मा मर्दैन, बूढो हुन्न भन्ने थाहा भएर नै परलोक गएर कर्मफल भोग्न पाउने कुराको विश्वासबाट यज्ञादिकर्म गरिने हुँदा आत्मस्वरूपको ज्ञान आवश्यक रहेछ भन्ने स्वतः नै देखिन आउँछ । त्यसरूपको आत्मज्ञान त पूर्व प्रकरणबाट नै गतार्थ छ भने प्रकरणान्तर (उत्तरमीमांसा) को आरम्भ किन ? इत्यादि ।

शास्त्रीय व्यवहारमा यद्यपि परलोकमा आत्माको अस्तित्व रहन्छ भन्ने थाहा नभई अधिकार गरिन्न, थाहा भएर नै गरिन्छ तापनि आत्माको अमर अजरपनको मात्र थाहा हुँदैमा आत्मज्ञान भएको भन्न (मात्र)सकिंदैन । वास्तवमा त्यसरूपको आत्मज्ञान भएको भएपनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको शुद्ध, उपनिषद्वेद्य, कर्मफलादिभोगराहित्य, अभोक्तृत्व, ब्रह्मक्षत्रादिभेदशून्यत्व र निष्प्रपञ्चत्व आदि खास स्वरूपको ज्ञान नभएकाले त्यस किसिमको आत्मस्वरूप बुझाउन उत्तर प्रकरणको आरम्भ नितान्त आवश्यक छ ।

पूर्व प्रकरणसम्बन्धी शास्त्रीय व्यवहार यागादिमा अधिकार लिनेलाई आत्माको अभोक्तापनको ज्ञान भए स्वर्गफल भोग्ने भोक्ताको रूपमा र आत्माको अकर्तापनको थाहा भएको भए यज्ञको कर्तापनमा आफूलाई अधिकृत सम्झने थिएन। अर्को कुरा, अरू शास्त्रीय व्यवहारनिमित्त आत्माको अमरताको ज्ञानबाहेक अरू ज्ञानको आवश्यकता नै छैन, किनकि त्यो ज्ञान उपयुक्त नठहर्ने हुँदा त्यसको अनावश्यकता देखाइएको हो, र फेरि अरू ज्ञानको आवश्यकता ठान्ने हो भने अधिकारको विरोध पनि पर्न आउँछ। तसर्थ शास्त्रले अध्यासवालालाई नै लक्ष्य राख्दछ । शुद्ध आत्मज्ञान हुनुभन्दा पहिले शास्त्रले अध्यासवालालाई लक्ष्य नगरेको कहीं पनि छैन ।

पुनश्च अभोक्ता र अकर्ता आत्मालाई पूर्वप्रकरणले बुझाउने भए त्यसैले अभोक्तालाई भोक्ता र अकर्तालाई कर्ता बनाई कर्ममा प्रवृत्त गराउँदा मात्र अधिकारको विरोध पनि हुन जान्थ्यो । अतः अकर्ता, अभोक्ता आत्माको पूर्वप्रकरणबाट बोध नहुने हुँदा आत्माको वास्तविक स्वरूपको बोध गराउन उत्तरमीमांसाको अध्ययन चरितार्थ हुनआउँछ ।

शाङ्करभाष्यम्

तथा हि **ब्राह्मणो यजेत** इत्यादीनि शास्त्राण्यात्मनि वर्णाश्रमवयोऽवस्थादि-विशेषाध्यासमाश्रित्य प्रवर्तन्ते । अध्यासो नामाऽतस्मिंस्तद्बुद्धिरित्यवोचाम । तद्यथा- पुत्रभार्य्यादिषु विकलेषु सकलेषु वा अहमेव विकलः, सकलो वेति बाह्यधर्मानात्मन्यध्यस्यति, तथा देहधर्मान् स्थूलोऽहम्, कृशोऽहम्, गौरोऽहम्, तिष्ठामि, गच्छामि, लङ्घयामि चेति । तथेन्द्रियधर्मान् मूकः, काणः, क्लीबः, बधिरः, अन्धोहमिति । तथान्तःकरणधर्मान्- कामसङ्कल्पविचिकित्साऽध्यव-सायादीन् ।

नेपालीभावानुवाद

हि = निश्चय, **तथा** = त्यस्तै, **ब्राह्मणः** = ब्राह्मण, **यजेत** = यज्ञ गरोस् भन्ने, **इत्यादीनि**= इत्यादि, **शास्त्राणि** = शास्त्रहरू, **आत्मनि** = आत्मामा, **वर्णाश्रम-वयोऽवस्थादिविशेषाध्यासम्** = वर्ण, आश्रम, उमेर, अवस्था आदि विशेषरूपको अध्यासलाई अंगालेर, **प्रवर्तन्ते** = रहन्छन्, **अध्यासः नाम** = अध्यास भनेको, **अतस्मिन्** = जो छैन त्यसमा, **तद्बुद्धिः** = त्यो हो भन्नु नै हो भन्ने, **इति** = यस्तो, **अवोचाम** = पहिले भन्यौं, **तत्** = त्यो, **यथा** = जस्तै कि, **पुत्रभार्यादिषु** = पुत्र र स्त्री आदि, **विकलेषु** = विकल र खण्डित भएमा र, **वा** = अथवा, **सकलेषु** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्थ तथा पूर्ण रहेमा, **च** = पनि, **अहम्** = म, **एव** = नै, **विकलः** = विकल र, **वा** = अथवा, **सकलः** = सकल छु, हुन्छु, भन्ने; **इति** = यसरूपले, **बाह्यधर्मान्** = बाहिरी वस्तुका धर्मलाई, **आत्मनि** = आफू (आत्मा)मा, **अध्यस्यति** = अध्यास गर्छ, **तथा** = त्यस्तै, **अहम्** = म, **स्थूलः** = मोटो छु, **अहम्** = म, **कृशः** = दुब्लो छु, **अहम्** = म, **गौरः** = गोरो छु, **तिष्ठामि** = बस्दछु, **गच्छामि** = जान्छु, **च** = फेरि, **लङ्घयामि** = नाघ्छु भन्ने, **इति** = यस्तो, यसरी, **देहधर्मान्** = शरीरका धर्मको अध्यास गर्दछ, **तथा** = त्यस्तै, **अहम्** = म, **मूकः** = लाटो छु, **काणः** = कानो छु, **क्लीबः** = नपुंसक (नामर्द) छु, **बधिरः** = बहिरो छु, **अन्धः** = अन्धो छु भन्ने, **इति** = यस्तो, यसरी, **इन्द्रियधर्मान्** = इन्द्रियका धर्मको अध्यास गर्छ, **तथा** = त्यस्तै, **कामसङ्कल्पविचिकित्साऽध्यवसायादीन्** = काम, संकल्प, शङ्का, निश्चय आदि, **अन्तःकरणधर्मान्** = अन्तःकरण (भित्री इन्द्रिय)का धर्महरूको अध्यास गर्दछ ।

विशदीकरण

'**ब्राह्मणो यजेत** (ब्राह्मणले यज्ञ गरोस्)' इत्यादि शास्त्रवाक्यहरू आत्मामा ब्राह्मणत्वादि- वर्ण, ब्रह्मचर्यादि- आश्रम, उमेर, अवस्था आदि विशेषरूपको अध्यासलाई अंगालेर आदेश गर्दछन् । अध्यास भनेको जहाँ जुन कुरा छैन त्यहाँ त्यो कुरा मान्नु (देख्नु) लाई भनिन्छ । जस्तो कि संसारी मानिसले स्त्री पुत्र आदिमा अनुकूल, प्रतिकूल जे जस्तो पर्न आएमा मलाई नै परेको भनेर बाहिरी विषयका धर्म आफूमा अध्यास गर्दछ ।

म मोटो छु, म दुब्लो छु, म गोरो छु, म कालो छु, म बस्छु र म नाघ्छु इत्यादि शरीरका धर्मको, म लाटो छु, म कानो छु, म नपुंसक छु, म बहिरो छु र म अन्धो छु इत्यादि इन्द्रियका धर्मको र इच्छा, सङ्कल्प, शङ्का, निश्चय आदि अन्तःकरणका धर्मको समेत पनि आफूमा आरोप गर्दछ । यसरी कूटस्थ आत्मामा तीनै कालमा नभएका यी बाहिरी र भित्री विषयका धर्मको अविद्यात्मक अध्यास गरिने हुनाले उसकै आधारमा सारा शास्त्रहरू प्रवृत्त भएका छन् । तसर्थ अनादि परम्परादेखि अनन्त सृष्टिमा चलिरहेका शास्त्रीय तथा अशास्त्रीय कुनै पनि व्यवहारको मूल (जरो) चाहिं अध्यास नै हो ।

शाङ्करभाष्यम्

एवमहंप्रत्ययिनमशेषस्वप्रचारसाक्षिणि प्रत्यगात्मन्यध्यस्य, तञ्च प्रत्यगात्मानं सर्वसाक्षिणं तद्विपर्ययेणान्तःकरणादिष्वध्यस्यति । एवमयमनादिरनन्तो नैसर्गिको-ऽध्यासो मिथ्याप्रत्ययरूपः कर्तृत्वभोक्तृत्वप्रवर्तकः सर्वलोकप्रत्यक्षः । अस्या-नर्थहेतोः प्रहाणाय आत्मैकत्वविद्याप्रतिपत्तये सर्वे वेदान्ता आरभ्यन्ते । यथा चायमर्थः सर्वेषां वेदान्तानां तथा वयमस्यां शारीरकमीमांसायां प्रदर्शयिष्यामः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

एवम् = यस्तै रीतले, **अहंप्रत्ययिनम्** = म भन्ने विश्वासले युक्त आभास चैतन्यको, **अशेषस्वप्रचारसाक्षिणि** = आफ्ना सबै प्रचाररूप(सम्पूर्ण वृत्तिमा) व्यवहारको साक्षी, **प्रत्यगात्मनि** = कूटस्थ आत्मामा, **अध्यस्य** = अध्यास गरेर, **च**= फेरि, **तम्** = त्यस, **प्रत्यगात्मानम्** = कूटस्थलाई, **तद्विपर्ययेण** = उसका विपरीतरूपले, **अन्तःकरणादिषु** = अन्तःकरण आदिमा, **अध्यस्यति** = अध्यास गर्छ, **एवम्** = यसरूपले, **अयम्** = यो, **अनादिः** = आदि नभएको, **अनन्तः** = अन्त नभएको, **कर्तृत्वभोक्तृत्वप्रवर्तकः** = कर्तापन र भोक्तापनको प्रवर्तक (चलाउने-वाला), **नैसर्गिकः** = स्वाभाविकरूपको, **अध्यासः** = पूर्वोक्तरूपको अध्यास, **सर्वलोकप्रत्यक्षः** = सबै लोकका सामु प्रत्यक्ष छ, **अनर्थहेतोः** = अनर्थ (अनिष्ट) को कारण भइरहेको, **अस्य** = यस अध्यासको, **प्रहाणाय** = नाश अथवा त्यागका निमित्त र, **आत्मैकत्वविद्याप्रतिपत्तये** = आत्मा र ब्रह्मको एकतारूप विद्याप्राप्तिका निमित्त, **सर्वे** = सबै, **वेदान्ताः** = उपनिषद् आदि वेदान्त, **आरभ्यन्ते** = आरम्भ गरिन्छन्, **सर्वेषाम्** = सबै, **वेदान्तानाम्** = वेदान्तहरूको, **अयम्** = यो, **अर्थः** = निष्कर्षरूप अर्थ, **यथा** = जस्तो र जसरी छ, **तथा** = त्यस्तै र त्यसरी (त्यसलाई), **वयम्** = हामीहरू, **अस्याम्** = यस भनिने(वक्ष्यमाण),**शारीरकमीमांसायाम्** = शारीरक (शरीरमा भएका आत्मा र ब्रह्मको) सम्मानित विचार गर्ने अथवा सम्मानित विचारवाला उत्तरमीमांसाशास्त्रमा, **प्रदर्शयिष्यामः** = देखाउने (बताउने) छौं ।

विशदीकरण

अध्यासको रूप माथि बताएको मात्र नभई अध्यासले म भनेर व्यवहार गरिने आभास चैतन्य (जीव) लाई पनि कूटस्थ आत्मामा अध्यस्त गर्नुको साथै कूटस्थलाई समेत विपरीतरूपले अन्तःकरणादिमा अध्यस्त गर्दछ । अनादिकालदेखि अनन्तकालसम्म निर्विकार रहने आत्मामा पनि कर्तृत्व, भोक्तृत्व र जन्ममरणादिरूप मिथ्याप्रतीतिरूपको अनर्थकारी यो अध्यास स्वाभाविक रूपले चलिरहेको छ ।

यस अनर्थको निवृत्ति गराई आत्मा र ब्रह्मको एकता बुझाउने विमल ज्ञानरूप आत्मविद्या प्राप्तिका निमित्त उपनिषद् आदि वेदान्त आरम्भ गरिन्छन् । यी वेदान्तको सत्य निष्कर्षरूप जस्तो अर्थ छ त्यसलाई शारीरकमीमांसा नामको आत्मा र ब्रह्मको विचार गर्ने उत्तरमीमांसाशास्त्रमा देखाउने छौं ।

(अध्यासभाष्यानुवाद समाप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः

{नेपालीभाषानुवादसहितः}

प्रथमपादः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

तत्त्वमसि (छा. ६/८/७)

अर्थ - त्यो सत्यस्वरूप ब्रह्म तिमी नै हौ ।

अहं ब्रह्मास्मि (बृ. १/४/१०)

अर्थ - म ब्रह्म नै हूँ ।

अयमात्मा ब्रह्म (बृ. २/५/१९)

अर्थ - यो आत्मा ब्रह्म हो ।

सत्यं ज्ञानमनन्तं ब्रह्म (तै. २/१)

अर्थ - ब्रह्म सत्यरूप, ज्ञानरूप र अनन्तरूप छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमाध्याये प्रथमः पादः

{ अत्र पादे स्पष्टलिङ्गयुक्तानां वाक्यानां विचारः }

१. जिज्ञासाधिकरणम् {सू. १}

विषयसङ्गति

यो ग्रन्थ आत्मविद्या प्रतिपादन गर्ने प्रस्थानत्रयीमध्ये एक भएकोले यसलाई शारीरक मीमांसादर्शन पनि भन्दछन् । भगवदवतार महर्षि वेदव्यासरचित यस ग्रन्थमा चार अध्याय छन् । ती चार अध्यायमध्ये पहिलाले सर्वसमन्वय, दोस्राले विरोधपरिहार, तेस्राले साधन र चौथाले फलनिर्देश गर्दछन् । प्रत्येक अध्यायका ४/४ का दरले १६ पाउ छन् । यस प्रथमाध्यायका प्रथमपादमा स्पष्टरूपले ब्रह्म बुझिने औपनिषद वाक्यको छानबिन गरिन्छ । यसमा विचारणीय विभिन्न विषयका विभिन्न अधिकरण छन्, तीमध्ये यो जिज्ञासाधिकरण प्रथम हो । प्रत्येक अधिकरणका पाँच-पाँच अवयव हुन्छन्- विषय, संगति, संदेह, पूर्वपक्ष र सिद्धान्त ।

शाङ्करभाष्यम् - वेदान्तमीमांसाशास्त्रस्य व्याचिख्यासितस्येदमादिमं सूत्रम् -

नेपालीभाषानुवाद - **अत्र** = यस, **पादे** = प्रथम पादमा, **स्पष्टलिङ्गयुक्तानाम्** = ब्रह्मसम्बन्धी स्पष्ट लक्षण भएका, **वाक्यानाम्** = वाक्यहरूको, **विचारः** = मीमांसा गरिन्छ, **व्याचिख्यासितस्य** = व्याख्यानको विषयीभूत, **वेदान्तमीमांसाशास्त्रस्य**= वेदान्तमीमांसाशास्त्रको, **इदम्** = यो, **आदिमम्** = प्रथम, **सूत्रम्** = सूत्र हो, अर्थात् जसको व्याख्या गर्न हामी गइरहेका छौं, त्यस वेदान्तमीमांसाशास्त्रको यो प्रथम सूत्र हो ।

ब्रह्मसूत्रम् - **अथातो ब्रह्मजिज्ञासा १/१/१**

सूत्रार्थ - **अथ** = नित्यानित्यवस्तुविवेक, तीव्र वैराग्य, साधनसंपत् र मोक्षको इच्छा यी चार सम्पत्ति अथवा यी चार साधनले युक्त भएपछि; **अतः** = कर्म गरेर पाइने स्वर्गादि फल अनित्य हुनाले; **ब्रह्मजिज्ञासा** = ब्रह्मको जिज्ञासा (जान्ने इच्छा) गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

तत्राथ शब्द आनन्तर्यार्थः परिगृह्यते नाधिकारार्थः, ब्रह्मजिज्ञासाया अनधिकार्यत्वात्। मङ्गलस्य च वाक्यार्थे समन्वयाभावात् । अर्थान्तरप्रयुक्त एव ह्यथशब्दः श्रुत्या मङ्गलप्रयोजनो भवति । पूर्वप्रकृतापेक्षायाश्च फलत आनन्तर्याऽव्यतिरेकात्। सति चानन्तर्यार्थत्वे यथा धर्मजिज्ञासा पूर्ववृत्तं वेदाध्ययनं नियमेनापेक्षते, एवं ब्रह्मजिज्ञासापि यत्पूर्ववृत्तं नियमेनापेक्षते, तद् वक्तव्यम् । स्वाध्यायानन्तर्यन्तु समानम्।

नेपालीभाषानुवाद

तत्र = त्यस सूत्रमा; **अथ शब्दः** = अथ भन्ने पहिला शब्द; **आनन्तर्यार्थः** = पछि भन्ने अर्थ भएको; **परिगृह्यते** = लिइन्छ; **अधिकारार्थः** = अधिकार अर्थको **'अथ योगानुशासनम्'** भने जस्तो; **न** = लिइंदैन; **ब्रह्मजिज्ञासायाः** = ब्रह्मविषयक जिज्ञासाको; **अनधिकार्यत्वात्** = अधिकार गरिने रूपको नहुनाले; **मङ्गलस्य** = अविद्या नाश गर्ने मङ्गलको; **च** = पनि; **वाक्यार्थे** = वाक्यको अर्थमा; **समन्वयाभावात्** = समन्वय(एकीकरण)को अभाव हुनाले; **अर्थान्तरप्रयुक्तः** = अर्कै अर्थमा प्रयोग गरिएको; **एव** = नै; **हि** = निश्चय; **अथ शब्दः** = अथ भन्ने शब्द; **श्रुत्या** = श्रवणले; **मङ्गलप्रयोजनः** = मंगलको प्रयोजनवाला; **भवति** = हुन्छ; **पूर्वप्रकृतापेक्षायाः** = पहिले प्रस्तुत गरिएको वस्तुका अपेक्षाको; **च** = पनि; **फलतः** = परिणामबाट; **आनन्तर्याव्यतिरेकात्** = पछिबाट भन्ने अर्थ भन्दा फरक नभएबाट; **आनन्तर्यार्थत्वे** = पछिबाट भन्ने अर्थ; **सति** = भए रहेमा; **च** = पनि; **यथा** = जस्तै (जसरी); **धर्मजिज्ञासा** = पूर्वमीमांसाशास्त्रगत धर्मको जिज्ञासा; **पूर्ववृत्तम्** = आफूभन्दा पहिलेको; **वेदाध्ययनम्** = वेदको अध्ययन(पढ्नु)लाई; **नियमेन** = नियमितरूपले; **अपेक्षते** = खोज्दछ; **एवम्** = यसरी (यस्तै), **ब्रह्मजिज्ञासा** = ब्रह्मविषयक जिज्ञासा; **अपि** = पनि; **यत्** = जुन; **पूर्ववृत्तम्** = आफूभन्दा पहिले भएको वस्तु; **नियमेन** = नियमित रूपले; **अपेक्षते** = खोज्दछ; **तत्** = त्यही; **वक्तव्यम्** = भन्नुपर्दछ; **स्वाध्यायानन्तर्यम्** = वेदाध्ययनको पछिबाट भन्ने कुरा; **तु** = त; **समानम्** = धर्म र ब्रह्म दुवैको बारेमा बराबर छ ।

विशदीकरण

अथातो ब्रह्मजिज्ञासा भन्ने सूत्रमा रहेको अथशब्दबाट पछि भन्ने आनन्तयार्थ बुझिन्छ। योगशास्त्रादिको **अथ योगानुशासनम्** मा भने जस्तो अधिकार बुझाउने अर्थ लिइँदैन । **ओंकारश्चाथशब्दश्च मङ्गलार्थकरावुभौ** ओंकार र अथशब्द मंगलको अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझाउने हुन् भनिएअनुसार मंगलको अर्थ पनि यहाँ लिन मिल्दैन । ब्रह्मसम्बन्धित जिज्ञासा बताउने वाक्यको अर्थमा मंगलको समन्वय पनि हुन सक्दैन र ॐकारको चतुष्पाद ब्रह्म बताउने निजी अर्थ भएता पनि त्यो श्रवणद्वारा मंगलदायक हुन्छ । त्यस्तै आनन्तर्यार्थ बुझाउने अथ शब्द पनि अरू कामका निमित्त बजाएको वीणाले दिने शब्दका श्रवणबाट मङ्गल भए जस्तै मङ्गलको प्रयोजनवाला हुन आउँछ ।

फेरि अथ शब्दले ब्रह्मजिज्ञासा भन्दा पहिलेका कुनै वस्तुको अपेक्षा राख्दछ । अतः पूर्वप्रकृतको अपेक्षा नै आनन्तर्यार्थरूप फलित हुन आउँछ । यसरी आनन्तर्यार्थ निश्चित भएपछि जस्तो धर्मजिज्ञासाले पूर्ववर्ती वेदाध्ययनलाई नियमितरूपले खोज्दछ, त्यस्तै ब्रह्मजिज्ञासाले पनि आफूभन्दा पहिलेको जुन कुराको अपेक्षा राख्दछ त्यही नै यहाँ मान्नु पर्दछ । वेदाध्ययनको पछिबाट भन्ने कुरा त धर्मजिज्ञासा र ब्रह्मजिज्ञासा दुवैको निमित्त बराबर छ ।

शाङ्करभाष्यम्

नन्विह कर्मावबोधानन्तर्यं विशेषः । न, धर्मजिज्ञासायाः प्रागप्यधीतवेदान्तस्य ब्रह्मजिज्ञासोपपत्तेः। यथा च हृदयाद्यवदानानामानन्तर्यनियमः, क्रमस्य विवक्षितत्वात्, न तथेह क्रमो विवक्षितः, शेषशेषित्वेऽधिकृताधिकारे वा प्रमाणाभावात्, धर्मब्रह्म-जिज्ञासयोः फलजिज्ञास्यभेदाच्च ।

नेपालीभाषानुवाद

ननु = शङ्का छ; **इह** = यहाँ ब्रह्मजिज्ञासामा; **कर्मावबोधानन्तर्यम्** = कर्मको बोध भएपछि भन्ने; **विशेषः** = विशेष छ नि त; **न** = छैन; **धर्मजिज्ञासायाः** = धर्मजिज्ञासा भन्दा; **प्राक्** = पहिले; **अपि** = पनि, **अधीतवेदान्तस्य** = वेदान्त अध्ययन भइसकेकाको; **ब्रह्मजिज्ञासोपपत्तेः** = ब्रह्मजिज्ञासा हुन सक्ने हुनाले; **यथा च** = जस्तै कि तिम्रो सिद्धान्तमा; **हृदयाद्यवदानानाम्** = हृदय आदि अङ्गका स्पर्शको; **आनन्तर्यनियमः** = यसपछि यो भन्ने नियम छ; **क्रमस्य** = क्रमको; **विवक्षितत्वात्** = श्रुतिद्वारा विवक्षा गरेको हुनाले; **तथा** = त्यस्तै, त्यसरी; **इह** = ब्रह्मजिज्ञासामा; **क्रमः** = सिलसिला; **न विवक्षितः** = विवक्षा गरिएको छैन; **शेष-शेषित्वे** = शेषशेषिभाव र; **अधिकृताधिकारे** = अधिकृतको अधिकारमा; **प्रमाणा-भावात्** = प्रमाण नहुनाले; **धर्मब्रह्मजिज्ञासयोः** = धर्म र ब्रह्म दुवैका जिज्ञासाको; **फलजिज्ञास्यभेदाच्च**= फल र जिज्ञासा गरिने वस्तुको भेद हुनाले पनि ।

विशदीकरण

वेदाध्ययनको पछिबाट भन्ने अर्थ दुवै थरी जिज्ञासामा बराबरी भए पनि ब्रह्मजिज्ञासामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यको बोध भएपछि भन्ने अर्को थप विशेष छ नि त ? भन्ने शङ्का युक्त छैन, किनकि वेदान्तशास्त्रको अध्ययन भएकालाई साधनचतुष्टय भएका खण्डमा धर्मजिज्ञासा हुनुभन्दा पहिले पनि ब्रह्मजिज्ञासा हुनसक्ने हुनाले कर्मबोधको हुनु, नहुनु तर्फ ब्रह्मजिज्ञासाले चासो लिंदैन । फेरि जस्तो मीमांसाशास्त्रमा उपर्युक्त यज्ञमा हृदय आदि अङ्गस्पर्शको त्यसपछि त्यो, त्यसपछि त्यो भन्ने क्रमको अपेक्षा हुनाले आनन्तर्य नियम छ, त्यस्तो यहाँ ब्रह्मजिज्ञासामा क्रमको अपेक्षा राखिंदैन ।

मीमांसाबोधित कर्ममा जिज्ञासाबाट यागगर्ने इच्छा भएर प्रयत्न गरेमा मात्र जागरूक धर्म हुने हुनाले शेषशेषिभाव वा अधिकृताधिकारलाई धर्मजिज्ञासामा माने जस्तो ब्रह्मजिज्ञासा र ज्ञानमा मानिदैन । फेरि धर्म र ब्रह्मको जिज्ञासामा फल र जिज्ञास्य वस्तुमा पनि भेद छ।

शाङ्करभाष्यम्

अभ्युदयफलं धर्मज्ञानं तच्चानुष्ठानापेक्षम्, निःश्रेयसफलं तु ब्रह्मविज्ञानम्, न चानुष्ठानान्तरापेक्षम् । भव्यश्च धर्मो जिज्ञास्यो न ज्ञानकालेऽस्ति, पुरुषव्यापार-तन्त्रत्वात्। इह तु भूतं ब्रह्म जिज्ञास्यं नित्यत्वान्न पुरुषव्यापारतन्त्रम् । चोदना-प्रवृत्तिभेदाच्च । या हि चोदना धर्मस्य लक्षणं सा स्वविषये नियुञ्जानैव पुरुषमव-बोधयति, ब्रह्मचोदना तु पुरुषमवबोधयत्येव केवलम् । अवबोधस्य चोदनाऽजन्य-त्वान्न पुरुषोऽवबोधे नियुज्यते। यथाऽक्षार्थसन्निकर्षेणार्थावबोधे तद्वत् ।

नेपालीभाषानुवाद

धर्मज्ञानम् = धर्मको ज्ञान; **अभ्युदयफलम्** = इहलोक र परलोकको सुखप्राप्तिरूप फलवाला हो; **तत्** = त्यो; **च** = पनि; **अनुष्ठानापेक्षम्** = यज्ञादि अनुष्ठानको अपेक्षायुक्त छ; **ब्रह्मज्ञानम्** = ब्रह्मको ज्ञान, **निःश्रेयसफलम्** = निःश्रेय-सफलवाला, **ब्रह्मविज्ञानम्** = ब्रह्मको विज्ञान, **तु** = त, **च** = फेरि, **अनुष्ठानान्तरापेक्षं न** = यज्ञादि अनुष्ठानको अपेक्षावाला छैन, **च** = फेरि; **जिज्ञास्यः** = जान्नु योग्य भनिएको; **धर्मः** = धर्म; **भव्यः** = भविष्यकालिक (पछि हुने) छ; **ज्ञानकाले** = धर्मज्ञानका समयमा; **न अस्ति** = छैन; **इह** = यहाँ ब्रह्मजिज्ञासामा; **तु** = त, **भूतम्** = सिद्ध भइरहेको; **ब्रह्म** = ब्रह्म; **जिज्ञास्यम्** = जिज्ञास्य (जान्नु योग्य)छ; **नित्यत्वाद्** = नित्य हुनाले; **पुरुषव्यापारतन्त्रम्** = पुरुषका व्यापारको अधीन भएको; **न** = छैन; **च** = फेरि; **चोदनाप्रवृत्तिभेदात्** = विधिका प्रवृत्तिको भेद हुनाले पनि; **हि** = निश्चय नै; **या** = जुन; **चोदना** = विधिरूप प्रेरणा; **धर्मस्य** = धर्मको; **लक्षणम्**= लक्षण (स्वभाव) छ; **सा** = त्यसले; **स्वविषये** = आफ्नो विषयमा, आफूतर्फ; **नियुञ्जाना** = लगाउँदो छँदो; **एव** = नै; **पुरुषम्** = पुरुषलाई; **अवबोधयति**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझाउँछ; **ब्रह्मचोदना** = ब्रह्मविषयक प्रेरणाले; **तु** = त, **केवलम्** = खालि; **पुरुषम्** = पुरुषलाई; **अवबोधयति** = बुझाउँछ; **अवबोधस्य** = ज्ञानको; **चोदनाऽजन्यत्वात्** = चोदनाद्वारा उत्पन्न नहुने हुनाले; **पुरुषः** = पुरुष; **अवबोधे** = ज्ञानमा; **न नियुज्यते** = प्रेरित गरिन्न; **यथा** = जस्तै; **अक्षार्थसन्निकर्षेण** = विषय र इन्द्रियको सन्निकर्षद्वारा; **अर्थावबोधे** = विषयको ज्ञानमा प्रेरित गरिंदैन; **तद्वत्** = त्यस्तै ।

विशदीकरण

धर्मज्ञान इहलोक र परलोकको सुखैश्वर्यादिरूप फलवाला हुन्छ र त्यसले पुरुषव्यापारबाट हुने यज्ञादि अनुष्ठानको अपेक्षा गर्दछ । ब्रह्मविज्ञान भने मोक्षरूप फलवाला हुन्छ र त्यसले कुनै अर्को अनुष्ठानादिको अपेक्षा राख्दैन । फेरि जान्नु योग्य भनिएको धर्म यागादि अनुष्ठानद्वारा भविष्यकालमा मात्र हुने हुनाले धर्मज्ञानको समयमा छैन र पुरुषव्यापारको अधीनमा छ, अर्थात् पुरुषले गरे हुने नगरे नहुने छ । यहाँ त जान्नु योग्य भनिएको ब्रह्म हो त्यो पहिलदेखि सिद्ध छ र पुरुषले गरे हुने, नगरे नहुने खालको छैन ।

अर्को कुरा चोदनाप्रवृत्तिले पनि धर्म र ब्रह्म दुवैतर्फ नितान्त अन्तर राख्दछ । जुन चोदना धर्मको खास लक्षण हो, त्यसले पुरुषलाई आफूतर्फ लगाएर मात्र धर्मलाई बुझाउँछ। ब्रह्मसम्बन्धित चोदनाले त पुरुषको स्वरूपमात्र बुझाउँछ, किनभने ज्ञान धर्मजस्तो विधिजन्य नभएकाले पुरुषलाई ज्ञानमा चोदना गरिंदैन । कुनै विषय र इन्द्रियको सन्निकर्षद्वारा हुने, ज्ञानमा जसरी पुरुष प्रेरित हुँदैन त्यसरी नै ब्रह्मज्ञानमा पनि ।

शाङ्करभाष्यम्

तस्मात्किमपि वक्तव्यं यदनन्तरं ब्रह्मजिज्ञासोपदिश्यत इति । उच्यते-नित्यानित्यवस्तुविवेकः, इहामुत्रार्थफलभोगविरागः, शमदमादिसाधनसम्पत्, मुमुक्षुत्वञ्च । तेषु हि सत्सु प्रागपि धर्मजिज्ञासाया ऊर्ध्वञ्च शक्यते ब्रह्म जिज्ञासितुं ज्ञातुञ्च, न विपर्यये । तस्मादथशब्देन यथोक्तसाधनसंपत्त्यानन्तर्यमुपदिश्यते ।

नेपालीभाषानुवाद

तस्मात् = पूर्वोक्त कारणबाट; **किम्** = केही; **अपि** = पनि; **वक्तव्यम्** = भन्नु पर्दछ, बताउनु पर्दछ; **यदनन्तरम्** = जसको पछिबाट; **ब्रह्मजिज्ञासा** = ब्रह्मको जिज्ञासा; **उपदिश्यते इति** = उपदेश गरिन्छ; **उच्यते** = भनिन्छ; **नित्यानित्यवस्तुविवेकः**= नित्य र अनित्य वस्तुको छानबिन; **इहामुत्रार्थफलभोगविरागः** = इहलोक र परलोकका भोगमा राग नहुनु; **शमदमादिसाधनसंपत्** = शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान, यी ६ विषय र; **मुमुक्षुत्वञ्च** = म मोक्ष पाउँ भन्ने दृढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा, यी ४ साधन हुन्; **हि** = निश्चय नै; **तेषु** = ती चार साधन; **सत्सु** = भएमा; **धर्मजिज्ञासायाः** = धर्मजिज्ञासाको; **प्राक्** = पहिले; **अपि** = र; **ऊर्ध्वम्** = पछिबाट; **च** = पनि; **ब्रह्म जिज्ञासितुम्** = ब्रह्म जान्ने इच्छा गर्न; **ज्ञातुम्** = जान्न; **च** = पनि; **शक्यते** = सकिन्छ; **विपर्यये** = यसको विपरीत भएमा; **न** = सकिंदैन; **तस्मात्** = त्यसकारणबाट; **अथशब्देन** = यस सूत्रको **अथ** भन्ने शब्दले; **यथोक्तसाधनसंपत्त्यानन्तर्यम्** = पूर्वोक्त ४ साधन सम्पत्तिको पछिबाट भन्ने; **उपदिश्यते** = उपदेश गरिन्छ ।

विशदीकरण

पूर्वोक्तकारणबाट कुनै चीज यहाँ बताउनु छ, जसको पछिबाट ब्रह्मजिज्ञासा उपदिष्ट हुनसक्दछ र त्यो बताइन्छ- त्यो हो चार साधन । ती साधनमध्ये १. नित्य वस्तु ब्रह्म, अनित्य वस्तु मायालगायत सारा भूतभौतिक प्रपञ्चको विवेक र छानबिन गर्नु, २. यस लोकदेखि लिएर ब्रह्मलोकसम्मका सुखभोगमा वमन गरेको चीजमा जस्तै आसक्ति नरहने कडा वैराग्य हुनु, ३. मन र इन्द्रियलाई वश गर्नु, विषयबाट हट्नु, गुरु र वेदान्त शास्त्रमा श्रद्धा हुनु, चीसो-तातो, सुख-दुःख आदि द्वन्द्व सहनु, श्रद्धा र समाधान हुनु र ४. मलाई मोक्ष मिलोस् भन्ने दृढ इच्छा हुनु ।

यी चार साधनसामग्री हुन् । यी साधनले सम्पन्न भएका खण्डमा ब्रह्मजिज्ञासाका मुख्य साधन यिनै हुनाले धर्मजिज्ञासा हुनुभन्दा पहिले र पछिबाट पनि ब्रह्म जान्ने इच्छा गर्न र जान्न पनि सकिन्छ । परन्तु यसको विपरीत स्थिति (चार साधन नभए) मा भने ब्रह्म जान्ने इच्छा गर्न र जान्न पनि सर्वथा असम्भव छ । यही पूर्वोक्त साधनसम्पत्तिको पछिबाट भन्ने अर्थको आनन्तर्य नै यस सूत्रका **अथ** शब्दको खास अर्थ हो ।

शाङ्करभाष्यम्

अतःशब्दो हेत्वर्थः । यस्माद् वेद एवाग्निहोत्रादीनां श्रेयःसाधनानामनित्यफलतां दर्शयति- **तद्यथेह कर्मचितो लोकः क्षीयते, एवमेवामुत्र पुण्यचितो लोकः क्षीयते** (छान्दो० ८/१/६) इत्यादिः । तथा ब्रह्मविज्ञानादपि परं पुरुषार्थं दर्शयति- **ब्रह्मविदाप्नोति परम्** (तैत्ति० २/१) तस्माद्यथोक्तसाधनसम्पत्त्यनन्तरं ब्रह्मजिज्ञासा कर्तव्या ।

नेपालीभाषानुवाद

अतःशब्दः = यस सूत्रमा रहेको **अतः** भन्ने शब्द; **हेत्वर्थः** = हेतुवाचक छ; **यस्मात्** = जसबाट कि; **वेदः** = वेदले; **एव** = नै; **श्रेयःसाधनानाम्** = कल्याणको साधन भनिएका; **अग्निहोत्रादीनाम्** = अग्निहोत्र आदिको; **अनित्यफलताम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनाशी फलवाला छन् भन्ने कुरा; **दर्शयति** = देखाउँछ, बताउँछ; **तद्यथा** = त्यो जस्तै कि; **इह** = यस लोकमा; **कर्मचितः** = कर्मद्वारा उपार्जित; **लोकः** = यो लोक र भोग; **क्षीयते** = नाश हुन्छ; **एवम्** = त्यस्तै; **अमुत्र** = परलोकमा; **पुण्यचितः** = पुण्यद्वारा उपार्जित; **लोकः** = स्वर्गादि लोक र भोग; **नश्यते** = नाश हुन्छ; **इत्यादिः**= इत्यादि भनाइ छ; **तथा** = त्यस्तै; **ब्रह्मविज्ञानात्** = ब्रह्मविज्ञानबाट; **परम्** = सबभन्दा उत्कृष्ट; **पुरुषार्थम्** = मोक्षरूप पुरुषार्थलाई; **दर्शयति** = देखाउँछ; **ब्रह्मवित्** = ब्रह्मवेत्ता पुरुषले; **परम्** = परमपद वा श्रेष्ठ पुरुषार्थलाई; **आप्नोति** = प्राप्त गर्छ; **इत्यादिः** = इत्यादि भनाइ छ; **तस्मात्** = त्यसकारणबाट, **यथोक्तसाधनसंपत्त्यनन्तरम्** = पूर्वोक्त साधनसम्पत्ति भएपछि; **ब्रह्मजिज्ञासा** = ब्रह्मको जिज्ञासा, जान्ने इच्छा; **कर्तव्या** = गर्नु पर्दछ ।

विशदीकरण

उक्त सूत्रमा **अतः** भन्ने शब्द हेतुवाची छ । वेदले खास गरेर यस लोकमा कृषि, युद्ध, वाणिज्य, व्यवस्था तथा अरू कुनै पनि उद्योगधन्दा आदिबाट उपार्जित गरेको लौकिक सुख कृतक (उत्पतिवाला) हुनाले विनाशी छ भन्दछ । त्यस्तै **अतः** शब्दले अग्निहोत्रादि यज्ञकर्मबाट उपार्जित गरेको परलोक र भोग पनि कृतक हुनाले विनाशी छ र कल्याणसाधन भनिएका अग्निहोत्रादि यज्ञहरूको अनित्यफलता देखाउनुको साथै ब्रह्मवेत्ताले परमपद प्राप्त गर्छ भनेर ब्रह्मज्ञानबाट उत्तम पद पाउने कुरा बताउँछ । तसर्थ ऐहिक सुखभोग विनाशी भएको हेतु(कारण)बाट उत्तम पदको निमित्त पूर्वोक्त चार साधन भएपछि ब्रह्म जान्ने इच्छा गर्नुपर्छ ।

शाङ्करभाष्यम्

ब्रह्मणो जिज्ञासा ब्रह्मजिज्ञासा । ब्रह्म च वक्ष्यमाणलक्षणम्- 'जन्माद्यस्य यतः' इति । अत एव न ब्रह्मशब्दस्य जात्याद्यर्थान्तरमाशङ्कितव्यम् । ब्रह्मण इति कर्मणि षष्ठी न शेषे, जिज्ञास्यापेक्षत्वात् जिज्ञासायाः, जिज्ञास्यान्तरानिर्देशाच्च ।

नेपालीभाषानुवाद

ब्रह्मणः = ब्रह्मको; **जिज्ञासा** = जान्ने इच्छाभन्दा; **ब्रह्मजिज्ञासा** = ब्रह्मजिज्ञासा हुन्छ; **ब्रह्म** = ब्रह्म; **च** = पनि; **जन्माद्यस्य यतः** = 'जन्माद्यस्य यतः' भन्ने तल्लो सूत्रद्वारा; **वक्ष्यमाणलक्षणम्** = बताइने लक्षणवाला हो भन्ने; **इति** = यस्तो जान्नु; **अतः** = यसकारणबाट; **एव** = नै; **ब्रह्मशब्दस्य** = ब्रह्म शब्दको; **जात्याद्यर्थान्तरम्**= जाति समेत अर्को कुनै अर्थ; **न आशङ्कितव्यम्** = आशङ्का गर्न योग्य छैन; **ब्रह्मण इति** = ब्रह्मको भन्ने; **कर्मणि** = कर्ममा; **षष्ठी** = षष्ठी विभक्ति हो; **शेषे** = शेषमा;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न = होइन; **जिज्ञासायाः** = जिज्ञासाको; **जिज्ञास्यापेक्षत्वात्** = जान्नु योग्य(कर्म)को अपेक्षावाला हुनाले; **जिज्ञास्यान्तरानिर्देशात्** = अर्को कुनै जिज्ञास्यको निर्देश नहुनाले; **च** = पनि ।

विशदीकरण

ब्रह्मको जिज्ञासालाई ब्रह्मजिज्ञासा भनिन्छ र त्यो ब्रह्म पनि यस पछिको **जन्माद्यस्य यतः** भन्ने सूत्रले बताइने लक्षणवाला छ । त्यसै कारणबाट नै ब्रह्मशब्दको जात, वेद, वीर्य इत्यादि कुनै अर्थको शङ्का गर्नु मनासिब हुँदैन । ब्रह्मको जिज्ञासाभन्दा कर्मार्थमा षष्ठी विभक्ति भएको हो, शेष अर्थमा होइन। किनभने जिज्ञासाले जिज्ञास्य (कर्म) को अपेक्षा राख्ने हुनाले र अर्को जिज्ञास्य कुनै नबताएको कारणबाट पनि यहाँ शेषार्थमा षष्ठी विभक्ति भएको छैन ।

शाङ्करभाष्यम्

ननु शेषषष्ठीपरिग्रहेऽपि ब्रह्मणो जिज्ञासाकर्मत्वं न विरुध्यते, सम्बन्धसामान्यस्य विशेषनिष्ठत्वात् । एवमपि प्रत्यक्षं ब्रह्मणः कर्मत्वमुत्सृज्य सामान्यद्वारेण परोक्षं कर्मत्वं कल्पयतो व्यर्थः प्रयासः स्यात् । न व्यर्थः, ब्रह्माश्रिताशेषविचारप्रतिज्ञानार्थत्वादिति चेन्न, प्रधानपरिग्रहे तदपेक्षितानामर्थाक्षिप्तत्वात् । ब्रह्म हि ज्ञानेनाप्तुमिष्टतमत्वात् प्रधानम्, तस्मिन् प्रधाने जिज्ञासाकर्मणि परिगृहीते यैर्जिज्ञासितैर्विना ब्रह्म जिज्ञासितं न भवति तान्यर्थाक्षिप्तान्येवेति न पृथक् सूत्रयितव्यानि । यथा- राजासौ गच्छतीत्युक्ते सपरिवारस्य राज्ञो गमनमुक्तं भवति तद्वत् ।

नेपालीभावानुवाद

ननु = शङ्का हुन्छ; **शेषषष्ठीपरिग्रहे** = शेषार्थमा षष्ठी विभक्ति लिएमा; **अपि** = पनि; **ब्रह्मणः** = ब्रह्मको; **जिज्ञासाकर्मत्वम्** = जिज्ञासाको कर्म हुने कुरा; **न विरुध्यते** = विरुद्ध हुँदैन किनकि; **सम्बन्धसामान्यस्य** = सम्बन्धत्व जातिको; **विशेषनिष्ठत्वात्** = विशेषमा निष्ठा रहेको हुनाले; **एवम्** = यस्तो मानेमा; **अपि** = पनि; **ब्रह्मणः** = ब्रह्मको; **प्रत्यक्षम्** = प्रत्यक्ष भएको; **कर्मत्वम्** = कर्मत्वलाई; **उत्सृज्य** = छाडेर; **सामान्यद्वारेण** = सम्बन्ध सामान्यको घुमाउरो बाटोबाट; **परोक्षम्**= परोक्ष अर्थमा (देखा नपरेको अर्थमा); **कर्मत्वम्** = कर्मत्वलाई; **कल्पयतः** = कल्पना गर्नेको; **प्रयासः** = परिश्रम; **व्यर्थः** = विना मतलबको; **स्यात्** = होला, हुन्छ; **ब्रह्माश्रिताशेषविचारप्रतिज्ञानार्थत्वात्** = ब्रह्ममा आश्रय गर्ने सबै विषयका विचारहरूको निमित्त ज्ञान हुनाले; **न व्यर्थः** = व्यर्थ हुन्न भन्ने; **न** = त्यो पनि ठीक छैन; **प्रधानपरिग्रहे** = मुख्य वस्तु लिएमा; **तदपेक्षितानाम्** = त्यस मुख्य वस्तुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपेक्षा गरिएको विषय; **अर्थाक्षिप्तत्वात्** = अर्थबाट नै देखिन आउने हुनाले; **हि** = निश्चय; **ब्रह्म** = ब्रह्म, **ज्ञानेन** = ज्ञानद्वारा, **आप्तुम्** = पाउन, **इष्टतमत्वात्** = निकै इष्ट हुनाले, **प्रधानम्** = मुख्य हो र, **प्रधाने** = मुख्य भइरहेका; **तस्मिन्** = त्यस ब्रह्मलाई; **जिज्ञासाकर्मणि** = जिज्ञासाको कर्मरूपले; **परिगृहीते** = लिएमा; **यैः**= जुन; **जिज्ञासितैः** = जान्न इच्छा गरिएका विषयहरूले; **विना** = विना(रहित) भएर; **ब्रह्म** = ब्रह्म; **जिज्ञासितम्** = जान्न खोजिएको; **न भवति** = हुँदैन; **तानि** = ती विषयहरू; **अर्थाक्षिप्तानि** = अर्थबाटै देखिन आएका; **एव** = नै हुन् र; **पृथक्** = अलग अलग; **न सूत्रयितव्यानि** = सूत्ररूपले लेखिन योग्य छैनन्; **यथा** = जस्तै; **असौ** = यी; **राजा** = राजा; **गच्छति** = जान्छन् भन्ने; **इति** = यस्तो; **उक्ते** = भनेमा; **सपरिवारस्य** = सपरिवार (जो जो नभई राजा हिंड्न मिल्दैन तिनले सहित भएका); **राज्ञः** = राजाको; **गमनम्** = गमन (हिंड्नु); **उक्तम्** = भनिएको; **भवति** = हुन्छ; **तद्वत्** = त्यस्तै ।

विशदीकरण

यहाँ यो शङ्का हुन्छ कि **'षष्ठी शेषे'** भन्ने पाणिनीय व्याकरण सूत्रको अनुसार शेषार्थमा ब्रह्मको जिज्ञासा भन्ने षष्ठी विभक्ति लिएमा पनि ब्रह्म, जिज्ञासाको कर्म बन्ने विषयमा कुनै विरोध देखिंदैन । सम्बन्ध सामान्य विशेषमा रहने हुनाले षष्ठी विभक्ति लिएमा कुनै विरोध देखिंदैन इत्यादि शङ्का गर्नु ठीक छैन, किनभने प्रत्यक्षरूपले देखापरेको र जिज्ञासाले अपेक्षा गरेबाट ठहर्न आएको कर्मत्वलाई छाडेर सम्बन्ध सामान्यको घुमाउरो बाटोबाट परोक्ष (देखा नपरेको) कर्मत्व कल्पना गर्दा परिश्रम व्यर्थ हुन आउँछ । त्यसमा पनि ब्रह्मको आश्रय गर्ने सबै विचारहरू शेषार्थ षष्ठी लिएमा देखिन आउने हुनाले परिश्रम व्यर्थ हुने नै छ ।

हुन पनि मुख्य वस्तु लिइसकेपछि मुख्य वस्तुले अपेक्षा राखिने विषयहरू स्वतः आइपर्ने हुन्छन् र ज्ञानद्वारा प्राप्त गर्न निकै इष्ट भएको ब्रह्म यहाँ मुख्य वस्तु हुनाले जुन जुन विषयहरू जान्न नखोजी ब्रह्म जान्न खोजिदैन ती ती विषयको ग्रहण ब्रह्मको ग्रहणले नै हुने हुनाले उनीहरूको अलग अलग उल्लेख गरिरहन आवश्यक पर्दैन । जस्तो कि यी राजा जान्छन् भन्दा मुख्यभूत राजाको ग्रहण भएपछि जुन परिवार विना राजा जाँदैनन् ती त स्वतः लिइहालिन्छन्, त्यस्तै ब्रह्म पनि हो । अतः यहाँ शेषार्थ षष्ठी लिइएको छैन ।

शाङ्करभाष्यम्

श्रुत्यनुगमाच्च । **यतो वा इमानि भूतानि जायन्ते**(तैत्ति० ३/१) इत्याद्याः श्रुतयः, **तद् विजिज्ञासस्व, तद् ब्रह्म**(तैत्ति० ३/१), इति प्रत्यक्षमेव ब्रह्मणो जिज्ञासाकर्मत्वं दर्शयन्ति। तच्च कर्मणि षष्ठीपरिग्रहे सूत्रेणानुगतं भवति । तस्माद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मण इति कर्मणि षष्ठी ज्ञातुमिच्छा जिज्ञासा । अवगतिपर्यन्तं ज्ञानं सन्वाच्याया इच्छायाः कर्म, फलविषयत्वादिच्छायाः । ज्ञानेन हि प्रमाणेनावगन्तुमिष्टं ब्रह्म । ब्रह्मावगतिर्हि पुरुषार्थः, निःशेषसंसारबीजाविद्याद्यनर्थनिबर्हणात्, तस्माद् ब्रह्म विजिज्ञासितव्यम् ।

नेपालीभाषानुवाद

श्रुत्यनुगमात् = श्रुतिको अनुसरण हुनाले; **च** = पनि कर्ममा नै षष्ठी हुन्छ; **वा** = निश्चय नै; **यतः** = जसबाट; **इमानि** = यी; **भूतानि** = प्राणीहरू; **जायन्ते** = उत्पन्न हुन्छन् भन्ने; **इत्याद्याः** = इत्यादि तैत्तिरीय श्रुति छन्; **तत्** = त्यसलाई; **विजिज्ञासस्व** = जान्ने इच्छा गर; **तत्** = त्यो; **ब्रह्म** = ब्रह्म हो भन्ने; **इति** = यस प्रकारले ती श्रुतिहरू; **प्रत्यक्षम्** = प्रत्यक्ष (देखादेखि); **एव** = नै, **ब्रह्मणः** = ब्रह्मको; **जिज्ञासाकर्मत्वम्** = जिज्ञासाको कर्मत्वलाई; **दर्शयन्ति** = देखाउँछन्; **तत्** = त्यो कुरा; **च** = पनि; **कर्मणि** = कर्ममा; **षष्ठीपरिग्रहे** = षष्ठी विभक्ति लिएमा; **सूत्रेण** = सूत्रले; **अनुगतम्** = श्रुतिको अनुसरण गरेको; **भवति** = हुन्छ, ठहर्छ; **तस्मात्** = त्यसकारणबाट; **ब्रह्मण इति** = ब्रह्मको भन्ने; **कर्मणि** = कर्ममा; **षष्ठी** = षष्ठी विभक्ति हो; **ज्ञातुम्** = जान्न; **इच्छा** = इच्छा हुनु; **जिज्ञासा** = जिज्ञासा भनिन्छ; **अवगतिपर्यन्तम्** = अन्तिम बोधसम्मको; **ज्ञानम्** = ज्ञान; **सन्वाच्यायाः**= सन्प्रत्ययले देखाइने; **इच्छायाः** = इच्छाको मानिन्छ, किनकि; **इच्छायाः** = इच्छाको; **कर्म** = कर्म हो, **फलविषयत्वात्** = इच्छित विषयको फलसम्म लक्ष्य हुनाले; **हि**= निश्चय नै; **ज्ञानेन** = ज्ञानरूप; **प्रमाणेन** = प्रमाणद्वारा; **अवगन्तुम्** = जान्न, पाउन; **इष्टम्** = इच्छा गरिएको; **ब्रह्म** = ब्रह्म छ; **हि** = निश्चय नै; **ब्रह्मावगतिः** = ब्रह्मको ज्ञान वा प्राप्ति; **पुरुषार्थः** = पुरुषार्थ हो; **निःशेषसंसारबीजाविद्याद्यनर्थनिबर्हणात्**= संसारको बीउ भएको अविद्या आदि अनर्थलाई बाँकी नराखेर हटाउने हुनाले; **तस्मात्** = त्यसकारणबाट; **ब्रह्म** = ब्रह्म; **विजिज्ञासितव्यम्** = विशेषरूपले जान्ने इच्छा गर्नु योग्य छ ।

विशदीकरण

'जसबाट यी सबै प्राणी उत्पन्न हुन्छन् त्यसलाई जान त्यो ब्रह्म हो' भन्ने श्रुति र 'त्यस ब्रह्मलाई जान्ने इच्छा गर' भन्ने श्रुतिले पनि प्रत्यक्षरूपमा ब्रह्मलाई जिज्ञासाको कर्मरूपले निर्देश गरेका छन् । त्यसकारण **'अथातो ब्रह्मजिज्ञासा'** भन्ने सूत्रमा ब्रह्मशब्दको षष्ठी विभक्ति लिएमा मात्र त्यो कुरा मिल्दो हुन आउँछ । ब्रह्मको जिज्ञासा भनेर ब्रह्मशब्दको कर्ममा षष्ठी भएको भन्ने सिद्ध हुन्छ, अनि मात्र श्रुति र सूत्रको एकवाक्यता हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्ने इच्छालाई जिज्ञासा भन्दछन् र सन्प्रत्ययले बताइने इच्छाको लक्ष्य ब्रह्मविषयक अन्तिम बोधसम्मको ज्ञान रहेको छ । किनकि जुन विषयमा इच्छा हुन्छ, त्यस विषयका क्रियाको अन्तिम फलसम्म नै इच्छाको विषय हुन्छ । ज्ञानरूप प्रमाणद्वारा जान्न र पाउन इष्ट भएको ब्रह्म नै हो र लक्ष्य पनि त्यही हो । त्यसैलाई जान्नु वा पाउनु नै पुरुषार्थ भनिन्छ । जसबाट अनादि संसारको बीजरूप अविद्या आदि अनर्थ समूहको निःशेष रूपले विनाश हुन जान्छ, त्यो ब्रह्म नै जान्न इच्छा गर्नु योग्य छ र जान्न पनि योग्य छ ।

शाङ्करभाष्यम्

तत् पुनर्ब्रह्म प्रसिद्धमप्रसिद्धं वा स्यात्, यदि प्रसिद्धम्, न जिज्ञासितव्यम्। अथाप्रसिद्धं नैव शक्यं जिज्ञासितुमिति । उच्यते - अस्ति तावद् ब्रह्म नित्यशुद्धबुद्ध-मुक्तस्वभावम्, सर्वज्ञम्, सर्वशक्तिसमन्वितम्, ब्रह्मशब्दस्य हि व्युत्पाद्यमानस्य नित्यशुद्धत्वादयोऽर्थाः प्रतीयन्ते बृहतेर्धातोरर्थानुगमात् । सर्वस्यात्मत्वाच्च ब्रह्मास्तित्वप्रसिद्धिः । सर्वो ह्यात्मास्तित्वं प्रत्येति, न नाहमस्मीति । यदि हि नात्मास्तित्वप्रसिद्धिः स्यात्, सर्वो लोको नाहमस्मीति प्रतीयात् । आत्मा च ब्रह्म। यदि तर्हि लोके ब्रह्मात्मत्वेन प्रसिद्धमस्ति, ततो ज्ञातमेवेत्यजिज्ञास्यत्वं पुनरापन्नम्। न तद्विशेषं प्रति विप्रतिपत्तेः ।

नेपालीभाषानुवाद

पुनः = फेरि यो शङ्का हुन सक्छ कि; **तत्** = त्यो; **ब्रह्म** = ब्रह्म; **प्रसिद्धम्**= प्रसिद्ध र; **वा** = अथवा; **अप्रसिद्धम्** = प्रसिद्ध नभएको; **स्यात्** = हुनसक्दछ; **यदि** = यदि; **प्रसिद्धम्** = प्रसिद्ध छ भने; **न जिज्ञासितव्यम्** = जान्ने इच्छा गर्न योग्य छैन; **अथ** = अनि; **अप्रसिद्धम्** = प्रसिद्ध छैन भने; **जिज्ञासितुम्** = जान्न; **न शक्यम् एव** = सकिन्न नै; **इति** = यस्तो शङ्का हुन्छ; **उच्यते** = उत्तर रूपमा भनिन्छ; **तावत्** = पहिले यो कुरा छ कि; **नित्यशुद्धबुद्धमुक्तस्वभावम्** = नित्य, शुद्ध, बुद्ध र मुक्त स्वभाव भएको; **सर्वज्ञम्** = सबै विषय जान्ने; **सर्वशक्तिसमन्वितम्**= सबै शक्तिले सम्पन्न; **ब्रह्म** = ब्रह्म; **अस्ति** = छ; **हि** = निश्चय नै; **व्युत्पाद्यमानस्य**= विग्रह गरेर प्रत्ययद्वारा सिद्ध गराइने; **ब्रह्मशब्दस्य** = ब्रह्मशब्दको; **नित्यशुद्धत्वादयः**= नित्य, शुद्ध आदि; **अर्थाः** = अर्थहरू; **बृहतेः** = बृह; **धातोः** = धातुको; **अर्थानुगमात्**= अर्थको अनुसरणबाट; **प्रतीयन्ते** = जानिन्छन्; **सर्वस्य** = सबैको; **आत्मत्वात्** = ब्रह्मतत्त्व आत्मरूप भएकाले; **ब्रह्मास्तित्व-प्रसिद्धिः** = ब्रह्मको अस्तित्व सिद्ध हुन्छ; **सर्वो हि** = प्रत्येक व्यक्तिले नै; **आत्मास्तित्वम्** = आत्माको अस्तित्वलाई; **प्रत्येति** = विश्वास गर्दछ, मान्दछ; **अहम्** = म, **नास्मि** = छैन भन्ने कुरा, **न**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येति= विश्वास गर्दैन; **यदि** = यदि; **हि** = निश्चय नै; **आत्मास्तित्वप्रतीतिः** = आत्मा छ भन्ने कुराको विश्वास; **न स्यात्** = हुन्न भने; **सर्वः** = सबै; **लोकः** = मानिस; **अहम्** = म; **न अस्मि** = छैन भन्ने; **इति** = यस्तो; **प्रतीयात्** = जान्दो हो; **च** = फेरि; **आत्मा** = त्यही आत्मा; **ब्रह्म** = ब्रह्म हो; **यदि तर्हि** = यदि त्यसो भए; **लोके** = लोकमा; **ब्रह्म** = ब्रह्म; **आत्मत्वेन** = आत्मरूपले; **प्रसिद्धमस्ति** = प्रसिद्ध छ भने; **ततः** = प्रसिद्ध हुनाले; **ज्ञातमेव** = जानिएको नै छ; **इति** = यसकारण; **अजिज्ञास्यत्वम्** = जान्ने इच्छा गर्न योग्य छैन भन्ने कुरा; **पुनः** = फेरि; **आपन्नम्** = आइलाग्यो, **न**= ब्रह्म जिज्ञास्य छैन भन्ने तपाईंको प्रश्न उचित छैन किनकि, **तद्विशेषं प्रति** = ब्रह्मका नित्यत्व, एकत्व आदि विशेषस्वरूपका विषयमा, **विप्रतिपत्तेः** = परस्पर विरुद्ध धारणा देखिएकाले ।

विशदीकरण

यहाँ यो शङ्का हुन्छ– त्यो ब्रह्म प्रसिद्ध छ कि अप्रसिद्ध ? यदि प्रसिद्ध छ भने त्यसलाई जान्नुपर्ने आवश्यकता छैन । अप्रसिद्ध छ भने प्रसिद्ध नभएको वस्तुलाई जान्नुपर्ने आवश्यकता नै नभएकोले दुवै पक्षमा ब्रह्म जान्नुपर्ने अवस्था नदेखिएको हुँदा त्यसको निमित्त जिज्ञासाको आरम्भ नै व्यर्थ छ इत्यादि।

त्यसको उत्तररूपमा भनिन्छ – नित्य, शुद्ध, बोध, स्वरूप र मुक्त तथा सर्वज्ञ र सबै शक्तिले युक्त भएको ब्रह्म भन्ने वस्तु प्रमाणसिद्ध नै छ । बृहधातुबाट हरेक विषयमा सर्वोपरि जो हुन्छ त्यो भन्ने अर्थमा प्रत्ययद्वारा ब्रह्मशब्द निष्पन्न हुन्छ । बृहधातुको गर्भित अर्थको अनुसरण गर्ने ब्रह्म शब्द हो र तद्वाच्य ब्रह्म सर्वोपरि छ, त्यो सबैको आत्मा हो । आत्माको अस्तित्वमा विश्वास गरेकै कारण कसैले पनि म छैन भन्न सकेको छैन । यदि सबैले आत्माको अस्तित्व नमानेका भए म छैन भनेर भन्ने पनि थिए । फेरि जुन म छु भनेर जानिने आत्मा हो त्यो नै ब्रह्म हो र त्यो ब्रह्म अप्रसिद्ध छैन ।

फेरि शङ्का हुन्छ कि – त्यो ब्रह्म आत्मरूपले प्रसिद्धै भएपछि प्रसिद्ध वस्तुलाई जान्नका लागि जिज्ञासाको आरम्भ पनि व्यर्थै किन ? इत्यादि । त्यसको उत्तरमा भनिन्छ – आत्मरूप ब्रह्म प्रसिद्ध भए पनि आत्माको विशेषताको बारेमा धेरै थरि मानिसहरूको धेरै प्रकारको वादविवाद हुनाले सो कुरालाई श्रुतियुक्तिद्वारा अनुभूतिमा उतार्नका निमित्त ब्रह्मजिज्ञासा चरितार्थ हुन आउँछ ।

शाङ्करभाष्यम्

देहमात्रं चैतन्यविशिष्टमात्मेति प्राकृता जना लौकायतिकाश्च प्रतिपन्नाः । इन्द्रियाण्येव चेतनान्यात्मेत्यपरे । मन इत्यन्ये । विज्ञानमात्रं क्षणिकमित्येके । शून्यमित्यपरे। अस्ति देहादिव्यतिरिक्तः संसारी कर्ता भोक्तेत्यपरे । भोक्तैव केवलं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न कर्तेत्येके । अस्ति तद्व्यतिरिक्त ईश्वरः सर्वज्ञः सर्वशक्तिरिति केचित्। आत्मा स भोक्तुरित्यपरे। एवं बहवो विप्रतिपन्ना युक्तिवाक्यतदाभाससमाश्रयाः सन्तः । तत्राविचार्य यत्किञ्चित् प्रतिपद्यमानो निःश्रेयसात्प्रतिहन्येतानर्थञ्चेयात् । तस्माद् ब्रह्मजिज्ञासोपन्यासमुखेन वेदान्तवाक्यमीमांसा तदविरोधितर्कोपकरणा निःश्रेयस-प्रयोजना प्रस्तूयते ।।१।।

नेपालीभाषानुवाद

चैतन्यविशिष्टम् = चैतन्यले सहित भएको; **देहमात्रम्** = शरीरमात्र; **आत्मा इति** = आत्मा हो भनेर; **प्राकृताः** = साधारण; **जनाः** = जनहरू र; **लौकायतिकाः**= चार्वाकहरूले; **प्रतिपन्नाः** = संभ्केका छन्, विश्वास गरेका छन्; **चेतनानि** = चेतन; **इन्द्रियाणि** = इन्द्रियहरू; **आत्मा** = आत्मा हुन् भनेर; **इति** = यस्तो; **अपरे** = कोई। मान्दछन्; **अन्ये** = अरू कुनै; **मन इति** = मन आत्मा हो भन्दछन्; **क्षणिकम्** = क्षणिक; **विज्ञानमात्रम्** = विज्ञानमात्र आत्मा हो भनेर; **इति** = यस्तो; **एके** = कोही मान्दछन्; **शून्यम् इति** = शून्य भनेर; **अपरे** = एकथरी भन्दछन्; **देहादिव्यतिरिक्तः**= देह र इन्द्रियादि भन्दा अलग; **संसारी** = जीव; **कर्ता** = कर्ता र; **भोक्ता** = भोक्ता पनि; **अस्ति** = छ र त्यही आत्मा भनेर; **अपरे** = अर्काथरी भन्दछन्; **केवलम्**= खालि; **भोक्ता** = भोक्तामात्र हो; **न कर्ता** = कर्ता होइन भन्ने यस्तो; **एके** = एकथरी भन्दछन्; **तद्व्यतिरिक्तः** = त्यो भोक्ता भन्दा अलग; **सर्वज्ञः** = सबै जान्ने र; **सर्वशक्तिः** = सर्वशक्तिमान् ईश्वर छ भनेर; **इति** = यस्तो; **केचित्** = कोही भन्दछन्; **सः** = त्यो ईश्वर; **भोक्तुः** = भोक्ताको; **आत्मा इति** = आत्मा हो भनेर; **अपरे** = अरू भन्दछन्; **एवम्** = यस प्रकारले; **युक्तिवाक्यतदाभाससमाश्रयाः** = युक्ति र वाक्यका आभासलाई अंगालेका; **सन्तः** = छँदा; **बहवः** = धेरै थरी मानिसहरू; **विप्रतिपन्नाः** = वादविवाद गरिरहेका छन्; **तत्र** = त्यस विषयमा; **अविचार्य** = राम्रो विचार (छानबिन) नगरेर; **यत्किञ्चित्** = जुनसुकै मतलाई किन नहोस्; **प्रतिपद्यमानः** = स्वीकार गरिरहेको पुरुष; **निःश्रेयसात्** = मुक्तिरूप कल्याणको स्तरबाट; **प्रतिहन्येत** = तल झर्ला र झर्नेछ; **अनर्थम्** = अनर्थ पनि; **इयात्** = प्राप्त होला; **तस्मात्** = त्यसै कारणबाट; **ब्रह्मजिज्ञासोपन्यासमुखेन** = ब्रह्मजिज्ञासारूप मुख्य ढोकाको माध्यमबाट; **तदविरोधितर्कोपकरणा** = वेदान्त (उपनिषद्) वाक्यको अनुकूल तर्कसामग्रीले युक्त; **निःश्रेयसप्रयोजना** = मोक्षरूप प्रयोजन भएको; **वेदान्तवाक्यमीमांसा** = वेदान्त (उपनिषद् र तदनुरूप वाक्य) को संमानित विचार;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तूयते = प्रस्तुत गरिन्छ ।

विशदीकरण

पञ्चभूतको सङ्घातबाट भएको चैतन्ययुक्त शरीर नै आत्मा हो भनेर जनसाधारण चार्वाकमतानुयायी भन्दछन् । चेतन इन्द्रिय नै आत्मा हो भनेर एकथरी मान्दछन् । कुनै कुनै मानिस मनलाई आत्मा मान्दछन् । क्षणिकविज्ञानलाई नै आत्मा भन्ने एकथरी छन् । कसैले त शून्य पनि मानेका छन् । शरीर इन्द्रियादि बाहेकको जीव नै आत्मरूपले छ र कर्ता भोक्ता पनि त्यही हो भन्ने कसैको भनाइ छ । त्योभन्दा पनि अलग सबै जान्ने र सर्वशक्ति भएका ईश्वर छन् भनेर एकथरी भन्छन् । त्यही ईश्वर भनेको आत्मा हो भन्ने पनि कुनै आर्काथरीको भनाइ छ ।

यस किसिमबाट श्रुतिका आत्मासित अर्कैरूपमा देखापरेका वाक्य र प्रतिकूल तर्कलाई अंगालेर धेरै थरी मानिसहरूको आत्माको सम्बन्धमा वादविवाद चलिरहेको छ । विवादको विषय बनेका यी मन्तव्यहरू मध्ये कुनै एकलाई विना विचार र विना छानबिन अंगाल्दा मोक्षबाट ठगिने र अनर्थ आइपर्ने हुनाले नै श्रुतिको अनुकूल र सुहाउँदो तर्कलाई साथ लिएर मोक्षरूप प्रयोजन भएको वेदान्तवाक्य उपनिषद् र तदनुसारी वाक्यको सम्मानित छानबिनवाला शारीरक दर्शन नामको उत्तरमीमांसाशास्त्र प्रस्तुत गरिन्छ ।।१।।

इतिजिज्ञासाधिकरणम् ।।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. जन्माद्यधिकरणम् {सू. २}

शाङ्करभाष्यम् - ब्रह्म जिज्ञासितव्यमित्युक्तं किं लक्षणं पुनस्तद् ब्रह्मेत्यत आह भगवान् सूत्रकारः -

नेपालीभाषानुवाद - **ब्रह्म जिज्ञासितव्यम्** = ब्रह्मको जिज्ञासा गर्नुपर्छ, **इति** = यस्तो, **उक्तम्** = भनियो, **किं लक्षणं ब्रह्म** = ब्रह्मको लक्षण कस्तो छ ?, **इति अतः** = यस्तो जिज्ञासा भएपछि, **भगवान् सूत्रकारः** = ब्रह्मर्षि वेदव्यास, **आह** = भन्नुहुन्छ ।

ब्रह्मसूत्रम् - **जन्माद्यस्य यतः १/१/२**

सूत्रार्थ - **अस्य** = स्थावरजङ्गमात्मक जगत्को, **यतः** = जसबाट, **जन्मादि** = जन्म, स्थिति र प्रलय हुन्छन् त्यो ब्रह्म हो ।

शाङ्करभाष्यम्

जन्मोत्पत्तिरादिरस्येति तद्गुणसंविज्ञानो बहुव्रीहिः। जन्मस्थितिभङ्गं समासार्थः। जन्मनश्चादित्वं श्रुतिनिर्देशापेक्षं वस्तुवृत्तापेक्षञ्च । श्रुतिनिर्देशस्तावत्- **यतो वा इमानि भूतानि जायन्ते** (तैत्ति० ३/१) इत्यस्मिन् वाक्ये जन्मस्थितिप्रलयानां क्रमदर्शनात् । वस्तुवृत्तापेक्षमपि जन्मना लब्धसत्ताकस्य धर्मिणः स्थितिप्रलय-सम्भवात् । अस्येति प्रत्यक्षादिसन्निधापितस्य धर्मिण इदमा निर्देशः ।

नेपालीभाषानुवाद

जन्मोत्पत्तिः = जन्म भन्नु उत्पत्ति नै छ, **आदिः** = आदि जसको भन्ने, **इति**= यस्तो, **तद्‌गुणसंविज्ञानः** = तद्गुणसंविज्ञान नामको, **बहुव्रीहिः** = जन्मादि पदमा बहुव्रीहि समास हो, **जन्मस्थितिभङ्गम्** = जन्म, स्थिति र नाश भन्ने, **समासार्थः** = समास (बहुव्रीहि) को अर्थ हो, **जन्मनः** = जन्म, उत्पत्तिको, **आदित्वम्** = आदित्व, **च**= पनि, **श्रुतिनिर्देशापेक्षम्** = श्रुतिका निर्देश (आज्ञा) को अपेक्षा युक्त र, **वस्तु-वृत्तापेक्षमपि** = वस्तुमा रहेका स्थितिको अपेक्षा वाला, **च** = पनि दुई किसिमको छ, **तावत्** = पहिले, **श्रुतिनिर्देशः** = श्रुतिको निर्देश, **वा** = निश्चय, **यतः**= जसदेखि, बाट, **इमानि** = यी सबै, **भूतानि** = प्राणीहरू, **जायन्ते** = उत्पन्न हुन्छन् भन्ने, **इति**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्मिन् = यस प्रकारको यो तैत्तिरीय श्रुतिको, **वाक्ये** = वाक्यमा, **जन्मस्थिति-प्रलयानाम्** = उत्पत्ति, स्थिति प्रलयको, **क्रमदर्शनात्** = क्रम देखिनाले, **वस्तुवृत्ता-पेक्षम्** = वस्तुका स्थितिको अपेक्षावाला, **अपि** = पनि, **जन्मना** = जन्मद्वारा, **लब्धसत्ताकस्य** = अस्तित्व पाएका, **धर्मिणः** = वस्तुको, **स्थितिप्रलयसंभवात्**= स्थिति र प्रलयको संभव हुनाले छ, **अस्य** = यसको, **इति** = यस्तो शब्द, **प्रत्यक्षा-दिसंनिधापितस्य** = प्रत्यक्षबाट नजिक हुनआएका, **धर्मिणः** = जगद्रूप धर्मको, **इदमा** = यसको भन्ने **इदम्** शब्दको, **निर्देशः** = निर्देश हो ।

विशदीकरण

अब जन्मादि अधिकरण सुरु हुन्छ । जन्म छ आदि जसको भन्ने जन्मादि शब्दमा तद्गुणसंविज्ञान भन्ने बहुव्रीहि समास भएको छ र जन्म, स्थिति, नाश भन्ने समासको अर्थ हो । जन्मको आदित्व पनि श्रुतिका आज्ञाको अपेक्षा राख्ने र वस्तुवृत्तको अपेक्षा राख्ने गरी दुई किसिमको छ । पहिला श्रुति निर्देशको हकमा जसबाट सबै प्राणी उत्पन्न हुन्छन् भन्ने तैत्तिरीय श्रुतिमा जन्म, स्थिति र प्रलयको क्रम देखिएकाले नै सिद्ध हुन्छ । वस्तु वृत्तको अपेक्षावाला आदित्व पनि जन्मबाट अस्तित्व हुनको निमित्त उत्पत्ति र प्रलय स्वतः सिद्ध हुन्छ। प्रत्यक्ष प्रमाणबाटै देखिन आएको र नजिक भएकाले **इदम्** शब्दले जगत्को निर्देश गरिएको छ ।

शाङ्करभाष्यम्

षष्ठी जन्मादिधर्मसम्बन्धार्था । यत इति कारणनिर्देशः । अस्य जगतो नामरूपाभ्यां व्याकृतस्यानेककर्तृभोक्तृसंयुक्तस्य प्रतिनियतदेशकालनिमित्तक्रिया-फलाश्रयस्य मनसाप्यचिन्त्यरचनारूपस्य जन्मस्थितिभङ्गं यतः सर्वज्ञात्सर्वशक्तेः कारणाद् भवति तद् ब्रह्मेति वाक्यशेषः। अन्येषामापि भावविकाराणां त्रिष्वेवान्तर्भाव इति जन्मस्थितिनाशानामिहग्रहणम् । यास्कपरिपठितानान्तु **जायतेऽस्ति** इत्यादीनां ग्रहणे तेषां जगतः स्थितिकाले संभाव्यमानत्वान्मूलकारणादुत्पत्तिस्थितिनाशा जगतो न गृहीताः स्युरित्याशङ्क्येत, तन्मा शङ्कीति योत्पत्तिर्ब्रह्मणस्तत्रैव स्थितिः प्रलयश्च त एव गृह्यन्ते ।

नेपालीभाषानुवाद

षष्ठी = अस्य भन्ने षष्ठी विभक्ति, **जन्मादिधर्मसम्बन्धार्था** = उत्पत्ति आदि धर्मको सम्बन्ध निमित्त छ, **यतः, इति** = यतः (जसबाट भन्ने) यो, **कारणनिर्देशः**= कारणको निर्देश हुन्छ, **नामरूपाभ्याम्** = नाम र रूपद्वारा, **व्याकृतस्य** = प्रकटरूपमा आएका, **अनेककर्तृभोक्तृसंयुक्तस्य** = अनेकौं कर्ता र भोक्ताले संयुक्त भएका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनसा = मनद्वारा, **अपि** = पनि, **अचिन्त्यरचनारूपस्य** = चिताई नसक्नु बनावर्ट भएका, **प्रतिनियतदेशकालनिमित्तक्रियाफलाश्रयस्य** = प्रतिनियतदेश प्रतिनियतकाल, प्रतिनियतनिमित्त, प्रतिनियतक्रिया र प्रतिनियतको आश्रय भएका **अस्य** = यस, **जगतः** = जगतको, **जन्मस्थितिभङ्गम्** = जन्म, स्थिति र नाश, **यतः** = जुन, **सर्वज्ञात्** = सर्वज्ञ, **सर्वशक्तेः** = सर्वशक्तिमान्, **कारणत्** = कारणबाट, **भवति** = हुन्छ यो ब्रह्म हो भन्ने, **इति** = यस्तो, **वाक्यशेषः** = वाक्यको शेष छ, **अन्येषाम्** = यी तीन बाहेक अरू, **भावविकाराणाम्** = भाव(वस्तु)का विकारहरूको, **अपि** = पनि, **त्रिषु** = यिनै तीनमा, **अन्तर्भावः** = भित्र पर्दछ भन्ने, **इति** = यस हेतुले, **इह** = यहाँ, **जन्मस्थितिनाशानाम्** = जन्म, स्थिति, नाशको मात्र, **ग्रहणम्**= ग्रहण गरिएको हो, **यास्कपरिपठितानाम्** = यास्काचार्यले निरुक्तमा बताइएका, **जायते अस्ति इत्यादीनाम्** = जन्मन्छ, बढ्दछ, विपरीत हुन्छ, दुब्लाउँछ, नाश हुन्छ भन्ने यी ६ भावविकारको, **ग्रहणे** = लिएमा, **तेषाम्** = तिनी ६ विकारको, **जगतः** = जगत्का, **स्थितिकाले** = स्थितिको समयमा, **संभाव्यमानत्वात्** = संभावित गरिने हुनाले, **मूलकारणात्** = मूलकारणबाट, **जगतः** = जगत्को, **उत्पत्तिस्थितिनाशाः** = उत्पत्ति, स्थिति र नाश, **न गृहीताः स्युः** = लिइएका ठहर्ने छैनन् भन्ने, **इति** = यो, **आशङ्क्येत** = शङ्का गरिएला र, **तत्** = त्यो त्यस्तो, **मा शङ्कि इति** = शङ्का नगर भनेर, **या** = जुन, **ब्रह्मणः** = ब्रह्मदेखि, **उत्पत्तिः** = उत्पत्ति बताइन्छ, **तत्र** = त्यही ब्रह्म, **एव** = नै, **स्थितिः** = स्थिति र, **प्रलयः** = प्रलय, **च** = पनि, **ते** = तिनै, **एव** = नै, **गृह्यन्ते** = लिइन्छन् ।

विशदीकरण

यो सूत्रमा अस्य भनेर जन्म, स्थिति र नाशरूप धर्मको सम्बन्ध निमित्त षष्ठी विभक्ति रहेको छ। **'यतः'** यो पदले जगत्का कारणको निर्देश गर्दछ । नाम र रूप यी दुई कुराद्वारा प्रकट हुन आएको तथा कसैले मनले सम्म पनि चिताई नसकिने (रचना त परै छ) अनेकौं कर्ता र भोक्ताहरूले युक्त भएको र प्रतिनियतदेश, प्रतिनियतकाल, प्रतिनियतनिमित्त, प्रतिनियतक्रिया र प्रतिनियतफलले आश्रित कुनै वस्तु प्रतिनियतदेशमा मात्र उत्पन्न हुन्छन्। जस्तो- कृष्णसार मृग वस्तुप्रति नियतकालमा मात्र हुन्छ, कोइलीको शब्द वसन्तमा मात्र हुन्छ भने प्रतिनियतनिमित्तबाट जस्तै- बकुल्लाको गर्भ मेघको गर्जन सुनेर मात्र रहन्छ । कहीं प्रतिनियतक्रियाबाट हुन्छ जस्तै- ब्राह्मणले **'षडङ्गवेद विना हेतु पढ्न र जान्नु पर्दछ'**, **'राजाले राजसूय यज्ञ गरोस्'** इत्यादि ।

फेरि प्रतिनियतफल कहीं छ, जस्तै- अमुककर्मको यो फल, अमुकको यो फल इत्यादि रूपको हुनाले । अरू कतै बाट उत्पत्ति हुन नसक्ने र यस रूपका जगत्को जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वज्ञ सर्वशक्तिबाट उत्पत्तिमा हुन्छ त्यही ब्रह्म हो (वाक्यशेष) । अरू जति पनि वस्तुगत विकार छन् ती सबै दुवै तिनको भित्र पर्न आउने हुनाले मुख्य रूपले यहाँ जन्म, स्थिति र नाशको मात्र ग्रहण गरिएको छ ।

यहाँ एउटा शङ्का हुन्छ – जन्म आदि भनेर यास्कमुनि रचित निरुक्तको भनाइअनुसार जन्मन्छ, बढ्छ, विपरीत हुन्छ, घट्छ, नाश हुन्छ, भन्ने आदि ६ विकार नै जन्मादि शब्दले लिइएको किन नहुनु? परन्तु यो शङ्का उचित छैन, किनकि यास्कले बताएका ६ जन्मादि विकारहरू संसारको स्थिति कालमा मात्र हुनाले त्यस मूलकारणबाट नै जगत्को उत्पत्ति, स्थिति र नाश हुन्छ भन्ने कुरा देखिन आउँदैन । ब्रह्मबाट जगत्को जुन उत्पत्ति, स्थिति र नाश पनि त्यसको त्यहीं छ भन्ने कुरा देखाउन निमित्त जन्म, स्थिति र नाशको नै जन्मादि शब्दले ग्रहण गरिन्छ ॥२॥

शाङ्करभाष्यम्

न यथोक्तविशेषणस्य जगतो यथोक्तविशेषणमीश्वरं मुक्त्वान्यतः प्रधानाद-चेतनादणुभ्योऽभावात् संसारिणो वा उत्पत्त्यादि सम्भावयितुं शक्यम् । न च स्वभावतः, विशिष्टदेशकालनिमित्तानामिहोपादानात् । एतदेवानुमानं संसारि-व्यतिरिक्तेश्वरास्तित्वादिसाधनं मन्यन्त ईश्वरकारणिनः । नन्विहापि तदेवोपन्यस्तं जन्मादिसूत्रे । न, वेदान्तवाक्यकुसुमग्रथनार्थत्वात्सूत्राणाम् । वेदान्तवाक्यानि हि सूत्रैरुदाहृत्य विचार्यन्ते । वाक्यार्थविचारणाऽध्यवसाननिर्वृत्ता हि ब्रह्मावगति-र्नानुमानादिप्रमाणान्तरनिर्वृत्ता । सत्सु तु वेदान्तवाक्येषु जगतो जन्मादिकारणवादिषु तदर्थग्रहणदार्ढ्यायानुमानमपि वेदान्तवाक्याविरोधि प्रमाणं भवन्न निवार्यते, श्रुत्यैव च सहायत्वेन तर्कस्याऽभ्युपेतत्वात् ।

नेपालीभाषानुवाद

यथोक्तविशेषणस्य = पूर्वोक्त विशेषण भएका, **जगतः** = संसारको, **यथोक्तविशेषणम्**= पूर्वोक्त विशेषणवाला, **ईश्वरम्** = ईश्वरलाई, **मुक्त्वा** = छोडेर, **अन्यतः** = अरू, **अचेतनात्** = जडरूप, **प्रधानात्** = प्रकृतिबाट, **अणुभ्यः** = अणुदेखि, **अभावात्** = शून्यदेखि र, **वा** = अथवा, **संसारिणः** = कुनै संसारी जीवदेखि, पनि; **उत्पत्यादि** = जन्म, स्थिति र नाश, **संभावयितुम्** = ठम्याउन, **न शक्यम्** = सकिंदैन, **स्वभावतः** = स्वभावैले, **च** = पनि, **न** = उत्पत्ति आदि भएको ठम्याउन सकिंदैन किनकि, **विशिष्टदेशकालनिमित्तानाम्** = सर्वातिशायी देश र कालका निमित्तहरूको, **उपादानात्** = उत्पादन (कारण) हुनाले अथवा ग्रहण गर्नाले, **एतत्** = यही **अनुमानम्** = अनुमान (अडकल), **एव** = नै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारिव्यतिरिक्तेश्वरास्तित्वादिसाधनम् = कुनै पनि जीवदेखि बाहेकको ईश्वर छ भन्ने र जगत्कारण पनि हो भन्ने कुराको साधनरूप, **ईश्वरकारणिनः**= ईश्वरनै जगत्को कारण भनेर मान्नेहरू, **मन्यन्ते** = मान्दछन्, **ननु** = शङ्का, **इह** = यहाँ, **जन्मादिसूत्रे**= **'जन्माद्यस्य यतः'** भन्ने सूत्रमा; **अपि** = पनि, **तदेव** = त्यही अनुमान नै, **उपन्यस्तम्**= राखिए (देखाइए) को छ नि त, **न** = (उत्तरमा) छैन, **सूत्राणाम्** = सूत्रहरूको, **वेदान्तवाक्यकुसुमग्रथनार्थत्वात्** = वेदान्तवाक्यरूप फूललाई गाँथ्ने प्रयोजन हुनाले, **हि** = निश्चय, **सूत्रैः** = सूत्रहरूले, **वेदान्तवाक्यानि** = वेदान्त (उपनिषद्) वाक्यहरू, **उदाहृत्य** = उदाहरण रूपमा देखाएर, **विचार्यन्ते** = विचार (छानबिन) गरिन्छन्, **हि** = निश्चय, **ब्रह्मावगतिः** = ब्रह्मात्म बोध, **वाक्यार्थविचारणाध्यवसाननिर्वृत्ता**= वेदान्त वाक्यका विचारको पछिल्लो स्थितिबाट सम्पन्न हुनेवाला हो, **अनुमानादि-प्रमाणान्तरनिर्वृत्ता** = सो बाहेक अनुमान आदि कुनै अरू प्रमाणद्वारा सम्पन्न भएको वा हुने, **न** = होइन, **जगतः** = संसारको, **जन्मादिकारणवादिषु** = उत्पत्ति आदिको कारण बनाउने, **वेदान्तवाक्येषु** = उपनिषद् आदि वाक्यमा, **सत्सु** = प्रमाणरूपले रहेमा, **तु** = त, **तदर्थग्रहणदार्ढ्याय** = वेदान्तवाक्यको अर्थ ग्रहणको दृढता निमित्त, **वेदान्तवाक्याविरोधी** = वेदान्त वाक्यसँग विरोध नगर्ने, **अनुमानम्** = अनुमान, **अपि** = पनि, **प्रमाणंभवन्** = प्रमाण बन्दो छँदो, **न निवार्यते** = पन्छाइन्न, किनकि, **श्रुत्या** = श्रुतिले, **एव** = नै, **च** = पनि, **सहायत्वेन** = सहयोगीका रूपले, **तर्कस्य**= तर्क अनुकूल अनुमानादि प्रमाणको, **अभ्युपेतत्वात्**= समर्थन गरेको हुनाले ।

विशदीकरण

पूर्वोक्तलक्षण भएको ईश्वर बाहेक अरू जड़रूप प्रधान (प्रकृति), अणु, शून्य र विशिष्ट तथा कुनै जीवदेखि पनि पूर्वोक्त विशेषणयुक्त यस संसारको उत्पत्ति, स्थिति र नाश हुन सक्ला भन्ने अठोट गर्न सर्वथा सकिन्न । विशिष्ट (लोकोत्तर) देशकालनिमित्तहरू देखिने र उपादान रूपमा तिनलाई मान्नु पर्ने समेत हुँदा विनानिमित्त उपादानबाट पनि कार्यको उत्पत्ति हुन नितान्त आवश्यक हुनाले स्वभावैले भएको भन्न पनि मिल्दैन । यही अनुमान (विभिन्न कार्यको विचित्र शक्ति ज्ञानवाला नै कारण हुनुपर्छ भन्ने रूपको) नै विशिष्ट कुनै पनि संसारी जीवभन्दा अलग त्यस्तो शक्ति र ज्ञानवाला ईश्वरको अस्तित्व र उसको सृष्टिकर्तृत्व आदिलाई सिद्ध गर्ने साधनको रूपमा ईश्वरकारणवादीहरू मान्दछन् ।

शङ्का हुन्छ– **'जन्माद्यस्य यतः'** भन्ने सूत्रमा पनि त त्यही अनुमान नै देखिन्छ । उत्तरमा भनिन्छ– जन्मादिसूत्रमा त्यो अनुमान देखाइएको होइन किनभने सूत्रहरूको उपनिषद् वाक्यरूप फूललाई गाँथ्ने मात्र प्रयोजन हो । वास्तवमा ब्रह्मरूप आत्माको बोध उपनिषद् वाक्यार्थको छानबिनको चरमस्थितिबाट मात्र सम्पन्न हुन सक्दछ । अनुमानादि प्रमाणान्तरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन र सूत्रहरूद्वारा वेदान्तवाक्यको उदाहरण दिएर छानबिन गरिन्छ । हो, जगत्को कारण ईश्वर हो भन्ने कुरा बताउने वेदान्तवाक्यहरू प्रमाणरूपमा स्वीकार गरिएमा ती ती वेदान्त वाक्यको अविरोध (अनुकूल) रूपमा अनुमानादि प्रमाणलाई पनि प्रमाणको रूपमा समर्थन गर्न सकिन्छ । किनभने, अनुकूल र सहयोगी तर्क (अनुमान) लाई श्रुतिले समर्थन गरेको छ ।

शाङ्करभाष्यम्

तथाहि– **'श्रोतव्यो मन्तव्यः'** (बृह. २/४/५) इति श्रुतिः, **'पण्डितो मेधावी गन्धारानेवोपसंपद्येतैवमेवेहाचार्यवान् पुरुषो वेद'** (छान्दोग्य० ६/१४/२) इति च पुरुषबुद्धिसाहाय्यमात्मनो दर्शयति । न धर्मजिज्ञासायामिव श्रुत्यादय एव प्रमाणं ब्रह्मजिज्ञासायाम् । किन्तु श्रुत्यादयोऽनुभवादयश्च यथासंभवमिह प्रमाणं अनुभवावसानत्वाद् भूतवस्तुविषयत्वाच्च ब्रह्मज्ञानस्य । कर्तव्ये हि विषये नानुभवापेक्षाऽस्तीति श्रुत्यादीनामेव प्रामाण्यं स्यात् पुरुषाधीनात्मलाभत्वाच्च कर्तव्यस्य । कर्तुमकर्तुमन्यथा वा कर्तुं शक्यं लौकिकं वैदिकं च कर्म, यथाश्वेन गच्छति । पद्भ्यामन्यथा वा, न वा गच्छतीति । तथा अतिरात्रे षोडशिनं गृह्णाति, उदिते जुहोति, अनुदिते जुहोति इति विधिप्रतिषेधाश्चात्रार्थवन्तः स्युर्विकल्पो-त्सर्गापवादाश्च ।

नेपालीभाषानुवाद

तथाहि = त्यस्तै, **श्रोतव्यः** = श्रवण गर्नु योग्य छ, **मन्तव्यः** = मनन गर्नु योग्य छ, भन्ने बृहदारण्यकश्रुति, **पण्डितः** = सत् असत्को विवेकभएको, **मेधावी**= धारणशक्ति भएको, **गन्धारानेव**= गन्धार संज्ञक स्थानमा, **उपसंपद्यते** = फेरि प्राप्त हुन सक्दछ, **एवम् एव** = यस्तै नै, **आचार्यवान्** = उपदेश गर्ने (गुरु) साथमा भएको, **पुरुषः** = पुरुषले, **इह** = यहाँ आत्मविषयमा, **वेद** = जान्दछ, **च** = पनि, **आत्मनः** = आत्माको बारेमा, **पुरुषबुद्धिसाहाय्यम्** = पुरुषको बुद्धि सहयोगी हुने कुरा, **दर्शयति** = देखाउँछ, **धर्मजिज्ञासायाम्** = धर्मजिज्ञासामा, **इव** = जस्तै, **ब्रह्मजिज्ञासायाम्** = ब्रह्मजिज्ञासामा, **श्रुत्यादयः** = श्रुति र स्मृति, **एव** = मात्र नै, **न प्रमाणम्**= प्रमाण छैनन्, **किन्तु** = परन्तु, **श्रुत्यादयः** = वेद, तदनुकूल स्मृति र, **अनुभवादयः** = अनुभव र यथार्थस्मृति, **च** = पनि, **यथासम्भवम्** = हुन सकेसम्म, **इह** = आत्मा (ब्रह्म) को विषयमा, **प्रमाणम्** = प्रमाण छन्, **ब्रह्मज्ञानस्य** = ब्रह्म ज्ञानको, **अनुभवावसानत्वात्** = अनुभवमै विश्रान्ति हुनाले र, **च** = फेरि, **भूतवस्तुविषयत्वात्** = सिद्धवस्तुसम्बन्धी हुनाले, **हि** = निश्चय, **कर्तव्ये** = गर्नैपर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषये = विषयमा अर्थात् धर्ममा, **अनुभवापेक्षा** = अनुभवको वास्ता, **न अस्ति**= छैन भन्ने, **इति** = यस हेतुले, **श्रुत्यादीनाम्** = श्रुति आदिको, **एव** = मात्र, **प्रामाण्यम्**= प्रामाण्य, **स्यात्** = हुन्छ, किनकि, **कर्तव्यस्य** = गर्नै पर्ने भएका धर्मको, **च** = फेरि, **पुरुषाधीनात्मलाभत्वात्** = पुरुषतन्त्ररूपले निष्पत्ति हुनाले, **लौकिकम्** = लौकिक र, **वैदिकम्** = वेदले बताएको, **च** = पनि, **कर्म** = यागादिकर्म, **कर्तुम्** = गर्न, **अकर्तुम्** = नगर्न र, **वा** = अथवा, **अन्यथाकर्तुम्** = आर्कै किसिमले गर्न पनि, **शक्यम्** = सकिने छ, **यथा** = जस्तै लौकिक काममा, **अश्वेन** = घोडाले (घोडामा चढेर), **गच्छति** = जान्छ, **वा** = अथवा, **पद्भ्याम्** = खुट्टाले (हिंडेर) जान्छ अथवा, **अन्यथा** = अर्कै किसिमले अरू कुनै यानद्वारा जान्छ, **वा** = अथवा, **न गच्छति** = जाँदैन, **तथा** = त्यस्तै वैदिक काममा, **अतिरात्रे** = अतिरात्रमा, **षोडशिनम्** = षोडशीलाई, **गृह्णाति** = लिन्छ, **अतिरात्रे** = अतिरात्रमा, **षोडशिनम्**= षोडशीलाई, **न गृह्णाति** = लिंदैन, **उदिते** = उदाएमा अथवा भनेकोमा, **जुहोति** = हवन गर्छ, **अनुदिते** = नउदाएमा अथवा नभनेकोमा, **जुहोति** = हवन गर्छ (पुरुषाधीन हुनाले), **अत्र** = यहाँ धर्मको बारेमा, **विधिप्रतिषेधाः** = विधि र निषेधहरू, **च** = पनि, **अर्थवन्तः** = चरितार्थ वा प्रयोजन भएका, **स्युः** = हुन्छन्, हुनसक्छन् र; **विकल्पोत्सर्गापवादाः** = विकल्प (पक्षान्तर), उत्सर्ग (सामान्य), अपवाद (विशेष) पनि चरितार्थ हुन्छन् ।

विशदीकरण

'आत्मा श्रवण गर्न योग्य छ र मनन गर्न योग्य छ' इत्यादि बृहदारण्यकश्रुतिले र 'पण्डित र मेधावी पुरुष आप्तवाक्यद्वारा गन्धारदेशमा पुगे जस्तै उपदेशक गुरु साथमा हुने पुरुषले पनि सत्लाई जान्न सक्दछ' इत्यादि छान्दोग्यश्रुतिले पनि ब्रह्मस्वरूप छु भनेर आफूलाई जान्ने विषयमा गुरु आदि आप्तपुरुषहरूका बुद्धिको सहयोग हुने कुरालाई समर्थन गर्दछन् ।

धर्मजिज्ञासामा जस्तै ब्रह्मजिज्ञासामा पनि वेदमात्र प्रमाण छैनन् । ब्रह्म सिद्धवस्तु र अनुभवको विश्रान्तिरूप हुनाले त्यसमा श्रुति र तदनुकूल तर्क (अनुमान आदि र अनुभव समेत) हुन सकेसम्म प्रमाण हुन आउँछन् । धर्ममा त अनुभवको अपेक्षा नै हुँदैन र श्रुतिको मात्र प्रमाण्य लिइन्छ । फेरि धर्मको विषयमा पुरुषले गरेमा मात्र धर्मको स्वरूपनिष्पत्ति हुन्छ र धर्म पुरुषाधीन भएकाले त्यसमा अनुभवको अपेक्षा हुँदैन । त्यसकारण धर्मलाई पुरुषतन्त्र भनिन्छ । धर्म पुरुषतन्त्र हुनाले लौकिक र वैदिक दुवै कर्महरू गर्न, नगर्न र अर्को किसिमले गर्न पनि सकिन्छ ।

जस्तै - कुनै मानिस घोडामा चढेर कहीं जान्छ, खुट्टाले हिंडेर जान्छ, अरू कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यानद्वारा जान्छ अथवा जाँदै जाँदैन इत्यादि जे पनि हुनसक्छ । जानु, नजानु, घोडा चढेर जानु, डोला चढेर जानु र जाँदै नजानु यी सबै मानिसका अधीनमा छन् । वैदिक कर्ममा पनि अतिरात्रमा षोडशी लिन्छ, अतिरात्रमा षोडशी लिंदैन, उदितमा हवन गर्छ, अनुदितमा हवन गर्छ इत्यादि श्रुतिबाट वैदिक कर्महरूको सम्पादन, असम्पादन, ग्रहण, अग्रहण इत्यादि विषय पुरुषका अधीनमा छन् । लौकिक र वैदिक कर्महरू पुरुषतन्त्र हुनाले क्रियामा विधि र निषेध दुवै चरितार्थ हुन्छन्, साथै पक्षान्तर, सामान्य र विशेष पनि चरितार्थ हुन्छन् ।

शाङ्करभाष्यम्

न तु वस्त्वेवं नैवमस्ति नास्तीति वा विकल्प्यते । विकल्पनास्तु पुरुष-बुद्ध्यपेक्षाः । न वस्तुयाथात्म्यज्ञानं पुरुषबुद्ध्यपेक्षम् । किं तर्हि ? वस्तुतन्त्रमेव तत् । न हि स्थाणावेकस्मिन् स्थाणुर्वा पुरुषोऽन्यो वेति तत्त्वज्ञानं भवति । तत्र पुरुषोऽन्यो वेति मिथ्याज्ञानम्, स्थाणुरेवेति तत्त्वज्ञानम्, वस्तुतन्त्रत्वात् । एवं भूतवस्तुविषयाणां प्रामाण्यं वस्तुतन्त्रम् । तत्रैवं सति ब्रह्मज्ञानमपि वस्तुतन्त्रमेव, भूतवस्तुविषयत्वात् ।

नेपालीभाषानुवाद

वस्तु = खासवस्तु, **तु** = त, **एवम्** = यस्तै र, **न एवम्** = यस्तो होइन भनेर, **अस्ति** = छ, **वा** = अथवा, **न अस्ति** = छैन भन्ने पनि, **इति** = यस्तो रूपले, **न विकल्प्यते** = विकल्प गरिन्न, **विकल्पनाः** = विकल्पहरू, **तु** = त, **पुरुषबुद्ध्यपेक्षाः**= पुरुषको बुद्धिलाई अपेक्षा राख्ने हुन्छन्, **वस्तुयाथात्म्यज्ञानम्** = वस्तुको यथार्थताको ज्ञान, **पुरुषबुद्ध्यपेक्षम्** = पुरुषबुद्धिको अपेक्षा राख्ने, **न** = हुँदैन, **तर्हि** = त्यसो भए, **किम्** = के हो त, **तत्** = त्यो, **वस्तुतन्त्रम्** = वस्तुतन्त्र (वस्तुकै अधीन), **एव**= नै हो, **हि** = निश्चय, **एकस्मिन्** = एउटै, **स्थाणौ** = ठुटोमा, **स्थाणुः** = ठुटो हो, **वा** = अथवा, **पुरुषः** = पुरुष हो, **वा** = अथवा, **अन्यः** = अरू कुनै वस्तु हो भन्ने, **इति** = यस्तो, **तत्त्वज्ञानम्** = यथार्थज्ञान, **न भवति** = हुँदैन, भनिदैन, **तत्र** = त्यहाँ त्यसमा (ठुटोमा), **पुरुषः** = पुरुष हो, **वा** = अथवा, **अन्यः** = अरू कुनै वस्तु हो भन्ने, **इति** = यो, **मिथ्याज्ञानम्** = झूटो ज्ञान हो, **इति** = यो, **मिथ्याज्ञानम्**= झूटो ज्ञान हो, **स्थाणुः** = ठुटो, **एव** = नै भन्ने, **इति** = यस्तो, **तत्त्वज्ञानम्** = यथार्थ ज्ञानले किनकि, **वस्तुतन्त्रत्वात्** = वस्तुतन्त्र हुनाले, **एवम्** = यस प्रकारले, **भूत-वस्तुविषयाणाम्** = सिद्धवस्तु विषयको, **प्रामाण्यम्** = प्रमाणता, **वस्तुतन्त्रम्** = वस्तुतन्त्र हो, **तत्र** = त्यहाँ (यो दुई तहमा), **एवम्** = यस्तो, **सति** = भएमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मज्ञानम् = ब्रह्मको ज्ञान, **अपि** = पनि, **वस्तुतन्त्रम् एव** = वस्तुतन्त्र नै हो किनकि, **भूतवस्तुविषयत्वात्** = सिद्धवस्तु विषय हुनाले ।

विशदीकरण

सिद्धवस्तुले पुरुष यथार्थ ज्ञानका लागि पुरुषका बुद्धिको अपेक्षा गर्दैन । त्यो यथार्थ ज्ञान त सिद्धवस्तुकै अधीनमा रहेको हुन्छ । जस्तै - यस्तो हो, यस्तो होइन, छ र छैन इत्यादि विकल्पहरू सिद्धवस्तुका विषयमा गरिदैनन्, किनकि सम्पूर्ण विकल्पहरूले पुरुषबुद्धिको अपेक्षा राख्दछन् । जस्तो कि- एउटै ठुटोमा ठुटो हो कि ?, पुरुष हो कि ? अथवा अरू केही हो ? भन्नुलाई यथार्थ ज्ञान भनिदैन । वस्तुतन्त्र हुनाले ठुटो वा पुरुष भन्नु मिथ्याज्ञान हो, ठुटो नै हो वा पुरुष नै भन्नु यथार्थ ज्ञान हो । यस प्रकार सिद्धवस्तुसम्बन्धी ज्ञान वस्तुतन्त्र हो र ब्रह्मज्ञान पनि सिद्धवस्तु विषय हुनाले वस्तुतन्त्र नै हो ।

शाङ्करभाष्यम्

ननु- भूतवस्तुत्वे ब्रह्मणः प्रमाणान्तरविषयत्वमेवेति वेदान्तवाक्य-विचारणाऽनर्थिकैव प्राप्ता । न, इन्द्रियाविषयत्वेन सम्बन्धाऽग्रहणात् । स्वभावतो विषयविषयाणीन्द्रियाणि, न ब्रह्मविषयाणि । सति हीन्द्रियविषयत्वे ब्रह्मण इदं ब्रह्मणा सम्बद्धं कार्यमिति गृह्येत । कार्यमात्रमेव तु गृह्यमाणं किं ब्रह्मणा सम्बद्धं किमन्येन केनचिद् वा संबद्धमिति न शक्यं निश्चेतुम् । तस्माज्जन्मादिसूत्रं नानुमानो-पन्यासार्थम् । किं तर्हि ? वेदान्तवाक्यप्रदर्शनार्थम् । किं पुनस्तद् वेदान्तवाक्यं यत्सूत्रेणेह लिलक्षयिषितम् ?

नेपालीभाषानुवाद

ननु = शङ्का, **ब्रह्मणः** = ब्रह्मको, **भूतवस्तुत्वे** = सिद्धवस्तु रूप भएमा, **प्रमाणान्तर-विषयत्वम्** = अरू अरू प्रमाणको विषयरूप, **एव** = नै हुन आउँछ र, **इति** = यसकारणबाट, **वेदान्तवाक्यविचारणानर्थिका** = वेदान्तवाक्यको विचार प्रयोजनरहित, **एव** = नै, **प्राप्ता** = हुन आयो, **न** = (उत्तररूपमा) हुँदैन, **हि** = निश्चय, **इन्द्रियाणि** = इन्द्रियहरू, **स्वभावतः** = स्वभावैले, **विषयविषयाणि** = विषयलाई विषय गर्ने (ग्रहण गर्ने) वाला छन्, **न ब्रह्मविषयाणि**= ब्रह्मलाई ग्रहण गरिने हुनाले, **हि** = निश्चय, **ब्रह्मणः** = ब्रह्मको, **इन्द्रियविषयत्वे** = इन्द्रियले ग्रहण गरिने, **सति** = भएमा, **कार्यमात्रम्** = विषयरूप कार्यमात्र, **एव** = नै, **तु** = त, **गृह्यमाणम्**= ग्रहण गरिंदो छँदो, **किम्** = के, **ब्रह्मणः** = ब्रह्माले, **सम्बद्धम्** = संयुक्त छ, **वा** = अथवा, **किम्** = के, **अन्येन** = अर्को, **केनचित्** = कुनैले, **सम्बद्धम्** = सम्पृक्त छ भन्ने, **इति** = यो, **निश्चेतुम्** = निश्चय गर्न, **न शक्यम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिंदैन, **तस्मात्** = त्यसकारणबाट, **जन्मादिसूत्रम्** = '**जन्माद्यस्य यतः**' भन्ने सूत्र, **अनुमानोपन्यासार्थम्** = अनुमान देखाउनु निमित्त, **न** = होइन, **तर्हि** = त्यसो भए, **किम्** = के हो त भने, **वेदान्तवाक्यप्रदर्शनार्थम्** = वेदान्तवाक्य देखाउनु निमित्त छ, **पुनः** = फेरि, **तत्** = त्यो, **वेदान्तवाक्यम्** = वेदान्तवाक्य, **किम्** = के हो त, **यत्** = जो, **इह** = यहाँ, **सूत्रेण** = जन्मादिसूत्रले, **लिलक्षयिषितम्** = देखाउन खोजिएको छ ।

विशदीकरण

पूर्वोक्तरूपले ब्रह्मलाई सिद्धवस्तु मानेको खण्डमा, अरू सिद्धवस्तु, अरू-अरू प्रमाणबाट जानिए झैं ब्रह्म पनि सिद्धवस्तु हुनाले अरू-अरू प्रमाणबाट नै जानिने हुन आउँछ र उसको निमित्त वेदान्तका वाक्यहरूको विचार गर्नु व्यर्थ नै किन नहुने ? यस्तो शङ्का हुन्छ ।

उत्तररूपमा भनिन्छ- यो कुरा हुँदैन, किनभने ब्रह्म सिद्धवस्तु भए पनि अरू-अरू सिद्धवस्तु सरह इन्द्रियद्वारा नजानिने रूपको छ । इन्द्रियहरूले स्वभावैले विषयहरूलाई मात्र ग्रहण गर्दछन्, ब्रह्मलाई ग्रहण गर्दैनन् । यदि इन्द्रियहरूले ग्रहण गर्दा हुन त ब्रह्म सबै विषयमा रहेको हुनाले इन्द्रियले विषय ग्रहण गर्दा त्यसमा रहेको ब्रह्म पनि ग्रहण गरिनु (जानिनु) पर्थ्यो, परन्तु त्यस्तो नभएर इन्द्रियद्वारा विषयमात्र ग्रहण गरिन्छ । त्यसैले यो विषय ब्रह्मले सम्पृक्त छ वा अरू कुनै वस्तुले संपृक्त छ भन्ने कुरा नै निश्चित गर्न सकिंदैन। जन्मादिसूत्र अनुमान देखाउने उद्देश्यका लागि नभएर वेदान्तवाक्य देखाउनका लागि प्रयुक्त छ त्यसकारण वेदान्तवाक्यको विचार व्यर्थ हुँदैन । त्यो वेदान्तवाक्य कुन हो त, जसलाई जन्मादिसूत्रले लक्षित गर्न खोजेको छ ? भन्ने प्रश्नको उत्तर अग्रिम सन्दर्भमा दिइनेछ ।

शाङ्करभाष्यम्

भृगुर्वै वारुणिः वरुणं पितरमुपससार। अधीहि भगवो ब्रह्मेति इत्युपक्रम्य यतो वा इमानि भूतानि जायन्ते । येन जातानि जीवन्ति । यत्प्रयन्त्यभिसंविशन्ति । तद्विजिज्ञासस्व 'तद् ब्रह्मेति'(तैत्ति.३/१) तस्य च निर्णयवाक्यम्- आनन्दाद्ध्येवखल्विमानि भूतानि जायन्ते। आनन्देन जातानि जीवन्ति । 'आनन्दं प्रयन्त्यभिसंविशन्ति' इति (तैत्ति. ३।६) अन्यान्यप्येवंजातीयकानि वाक्यानि नित्यशुद्धबुद्धमुक्तस्वभावसर्वज्ञस्वरूपकारण-विषयाण्युदाहर्तव्यानि ।।२।।

नेपालीभावानुवाद

ह = निश्चय, **वारुणिः** = वरुणका छोरा, **भृगुः** = भृगु, **पितरम्** = पिता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरुणम् = वरुणसँग, **उपससार** = शिष्यरूपमा अघिसरे, **भगवः** = हे भगवन्, **ब्रह्म** = ब्रह्म ब्रह्मविषयक कुरा, **अधीहि** = भन्नुहोस् भन्ने, **इति** = यस्तो भने, **इति उपक्रम्य** = यसबाट सुरु गरेर, **आह** = श्रुतिले भन्दछ, **वा** = निश्चय, **यतः** = जसबाट, **इमानि** = इति दृश्यमान, **भूतानि** = पञ्चभूत तथा प्राणीहरू, **जायन्ते** = उत्पन्न हुन्छन्, **येन** = जसले (जसद्वारा), **जातानि** = उत्पन्न भएका तिनीहरू, **जीवन्ति** = जीउछन्, **यत्** = जसमा (आखिरमा), **प्रयन्ति** = जान्छन्, **अभिसंविशन्ति**= प्रवेश गर्छन्, **तत्** = त्यो वस्तु, **विजिज्ञासस्व** = जान्ने इच्छा गर, **तत्** = त्यो वस्तु, **ब्रह्म** = ब्रह्म (ईश्वर) हो, **इति** = यस्तो (तैत्तिरीयश्रुति) छ, **तस्य च** = त्यसको पनि, **हि** = निश्चय, **आनन्दात्** = आनन्दरूप ब्रह्मबाट, **एव** = नै, **इमानि** = यिनी, **भूतानि** = पञ्चभूत तथा प्राणीहरू, **खलु** = निश्चय, **जायन्ते** = उत्पन्न हुन्छन्, **जातानि** = उत्पन्न भएका, **आनन्देन** = आनन्द रूप ब्रह्मद्वारा, **जीवन्ति**= जिउँछन्, आखिरमा, **आनन्दम्** = आनन्दरूपमा ब्रह्म, **प्रयान्ति** = जान्छन्, **अभिसंविशन्ति** = प्रवेश गर्छन् भन्ने (तै. श्रुति ३।६) को, **निर्णयवाक्यम्** = निर्णयरूप वाक्य छ, **अन्यानि अपि** = अरू अरू पनि, **एवं जातीयकानि** = यस्तै किसिमका, **नित्यशुद्धबुद्धमुक्तस्वभावसर्वज्ञस्वरूपकारणविषयाणि** = नित्य, शुद्ध, बुद्ध, मुक्त, सर्वज्ञरूप, जगत्कारणलाई लक्ष्य गर्ने, **वाक्यानि** = श्रुतिवाक्यहरू, **उदाहर्तव्यानि** = उदाहरण दिनुयोग्य छन् ।

विशदीकरण

वरुणका छोरा भृगु आफ्ना पिता वरुणसँग शिष्य परम्परानुसार उपस्थित भई भने भगवन् ! ब्रह्म के चिज हो ? त्यो बताउनु होस्, भन्ने यस रूपबाट सुरु गरेर '**जसबाट यी पञ्चभूत र प्राणिहरू उत्पन्न हुन्छन् जसद्वारा जिउँछन र आखिरमा जसमा गएर प्रवेश गर्छन त्यसैलाई जान्ने इच्छा गर त्यही ब्रह्म हो**' भन्ने कुरा बताएर आनन्दरूप ब्रह्मबाट नै सबै भूत र भौतिकहरू उत्पन्न हुन्छन् । आनन्दरूप ब्रह्मद्वारा ती उत्पन्न प्राणी जिउँछन र आखिरमा आनन्दरूप ब्रह्ममा नै गएर प्रवेश गर्छन्, भन्ने तैत्तिरीय श्रुतिको निर्णयरूप वाक्य छ र यिनै श्रुति वाक्यहरूलाई नै जन्मादि सूत्रले लक्षित गर्दछन् । यी वाक्यमात्र नभएर अरू अरू पनि नित्य, शुद्ध, बुद्ध, मुक्त स्वभाववाला सर्वज्ञरूप हो भन्ने कुराको प्रतिपादन गर्ने अरू अरू श्रुतिका वाक्यहरू पनि जन्मादि सूत्रद्वारा सङ्केत गरिन्छन् ।।२।।

इतिजन्माद्यधिकरणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. शास्त्रयोनित्वाधिकरणम् {सू. ३}

शाङ्करभाष्यम् - जगत्कारणत्वप्रदर्शनेन सर्वज्ञं ब्रह्मेत्युपक्षिप्तं तदेव द्रढयन्नाह-

नेपालीभाषानुवाद - **जगत्कारणत्वप्रदर्शनेन** = जगत्को कारणता देखाउनाले, **सर्वज्ञं ब्रह्म** = ब्रह्म सर्वज्ञ हो, **इति** = यस्तो कुरा, **उपक्षिप्तम्** = अर्थतः प्राप्त भएको छ, **तदेव** = अब त्यसैलाई, **द्रढयन्** = दृढ बनाउँदै, **आह** = सूत्रकार भन्दछन् -

ब्रह्मसूत्रम् - **शास्त्रयोनित्वात्   १/१/३**

सूत्रार्थ- **शास्त्रयोनित्वात्** = ऋग्वेदादिशास्त्रको उत्पत्तिस्थान अथवा शास्त्र त्यसको ज्ञापक हुनाले ब्रह्म सर्वज्ञ छ ।

शाङ्करभाष्यम्

महत ऋग्वेदादेः शास्त्रस्यानेकविद्यास्थानोपबृंहितस्य प्रदीपवत् सर्वार्थावद्योतिनः सर्वज्ञकल्पस्य योनिः कारणं ब्रह्म । न हीदृशस्य शास्त्रस्यर्ग्वेदादिलक्षणस्य सर्वज्ञगुणान्वितस्य सर्वज्ञादन्यतः संभवोऽस्ति । यद्यद् विस्तरार्थं शास्त्रं यस्मात्पुरुषविशेषात्संभवति, यथा व्याकरणादिपाणिन्यादेर्ज्ञेयैकदेशार्थमपि स ततोऽप्यधिकतरविज्ञान इति प्रसिद्धं लोके किमु वक्तव्यमनेकशाखाभेदभिन्नस्य देवतिर्यङ्मनुष्यवर्णाश्रमादिप्रविभागहेतोर्ऋग्वेदाद्याख्यस्य सर्वज्ञानाकरस्याप्रयत्नेनैव लीलान्यायेन पुरुषनिःश्वासवद्यस्मान्महतो भूताद्योनेः सम्भवः **'अस्य महतो भूतस्य निःश्वसितमेतदृग्वेदः'** (बृह. २/४/१०) इत्यादिश्रुतेः । तस्य महतो भूतस्य निरतिशयं सर्वज्ञत्वं सर्वशक्तिमत्त्वञ्चेति ।

नेपालीभाषानुवाद

महतः = ठूला, **अनेकविद्यास्थानोपबृंहितस्य** = अनेकौं विद्याको स्थानद्वारा सम्बन्धित भएको, **प्रदीपवत्** = बत्ती जस्तै, **सर्वार्थावद्योतिनः** = सबै वस्तुको प्रकाश गर्ने, **सर्वज्ञकल्पस्य** = सर्वज्ञ सरह, **ऋग्वेदादेः** = ऋग्वेद आदि, **शास्त्रस्य**= शास्त्रको, **ब्रह्म** = बह्म, **योनिःकारणम्** = उत्पत्तिस्थान अथवा कारणले, **हि** = निश्चय नै, **ईदृशस्य** = यस्ता, **सर्वज्ञगुणान्वितस्य** = सर्वज्ञगुणले युक्त भएका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेदादिलक्षणस्य = ऋग्वेद आदिस्वरूप, **शास्त्रस्य** = शास्त्रको, **सर्वज्ञात्** = सर्वज्ञ बाहेक, **अन्यतः** = अरूबाट, **संभवः** = उत्पत्ति र त्यसको सम्भव पनि, **न अस्ति** = छैन (हुँदैन), **यत् यत्** = जुन-जुन, **विस्तारार्थम्** = विस्ताररूप अर्थनै जसको स्वभाव छ त्यस्तो, **शास्त्रम्** = शास्त्र, **यस्मात्** = जुन, **पुरुषविशेषात्** = पुरुष विशेषबाट, **संभवति** = हुन्छ, **यथा** = जस्तै, **व्याकरणादि** = व्याकरण आदि, **पाणिन्यादेः** = पाणिनि आदिको, **ज्ञेयैकदेशार्थम्** = जान्नु पर्ने विषयको एक छेउको अर्थ भएको हो त, **अपि** = पनि, **अधिकतरविज्ञानः** = निक्कै धेरै ज्ञानवाला हुन भनेर, **इति** = यस्तो, **लोके** = लोकमा, **प्रसिद्धम्** = प्रख्यात छ, अनि, **अनेक-शाखाभेदभिन्नस्य** = अनेक शाखा, प्रशाखारूप भेदद्वारा विभिन्न रूपमा गएको, **देवतिर्यङ्मनुष्यवर्णाश्रमादिप्रविभागहेतोः** = देवता, पशु, मनुष्य आदि र उनका वर्णाश्रमादिको विभाग गर्नुमा कारण रूप, **सर्वज्ञानाकरस्य** = सबै किसिमका ज्ञानको खानी भएका, **ऋग्वेदाद्याख्यस्य** = ऋक्, साम, यजु र अथर्व आदि संज्ञा भएका शास्त्रको, **अप्रयत्नेन** = विना श्रमले, **लीलान्यायेन** = खेलवाडको छाँटले, **पुरुषनिःश्वासवत्** = पुरुषको निःश्वास (सास बाहीर निकाल्नु) जस्तै, **यस्मात्** = जुन, **महतः** = महान्, **भूतात्** = भूत(ईश्वर)रूप, **योनेः** = उत्पत्तिस्थानबाट, **सम्भवः**= उत्पत्ति हुन्छ, **अस्य** = यो ईश्वररूप, **भूतस्य** = भूतको, **निःश्वसितम्** = निःश्वासरूपको, **एतत्** = यो, **ऋग्वेदः** = ऋग्वेद हो भन्ने, **इत्यादिश्रुतेः** = इत्यादिरूपको बृहदारण्यक-श्रुति भएकोबाट, **तस्य** = त्यो, **महतः** = ठूलो, **भूतस्य** = भूतरूप ब्रह्मको, **निरतिशयम्** = जसदेखि बढेर अरू छैन त्यस्तो, **सर्वज्ञत्वम्** = सर्वज्ञपन र, **च** = फेरि, **सर्वशक्तिमत्त्वम्** = सबै शक्तिले युक्त छ भन्ने, **इति** = यस्तो, **किमु** = के, **वक्तव्यम्**= भन्नु छ ।

विशदीकरण

अब शास्त्रयोनित्वाधिकरण सुरु हुन्छ । पूर्व सूत्रमा ब्रह्म जगत्को कारण हो भन्ने कुरा देखाइएको छ । त्यो ब्रह्म सर्वज्ञ छ भन्ने कुरा पनि सङ्केतरूपले पहिलै प्रस्तुत गरिएको हुँदा त्यसैलाई बलियो तुल्याउँदै सूत्रकार (व्यास) भन्नुहुन्छ- **'शास्त्रयोनित्वात्'** । शास्त्रको उत्पत्ति, स्थान तथा शास्त्र व्यापक हुनाले ब्रह्म सर्वज्ञ छ, किनकि अनेकानेक विद्याका स्थानरूप शास्त्रहरूद्वारा वेदहरू सम्बन्धित छन् अर्थात् वेदबाहेक जति शास्त्र छन् ती सबैले वेदका १/१ विषयलाई संवर्धित गर्दछन् ।

जस्तै कि पुराणहरू वेदका सृष्ट्यादि बताउने वाक्य र पुराकल्परूप अर्थवादलाई प्रधानता दिएर संवर्धन गर्दछन् । प्रसंगवश प्राचीन तथा नव्यन्यायले पनि अद्वैतभाग र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मभागलाई संवर्धन गर्न र वेदले अपेक्षा राखेको प्रमेयको मनन गर्न उपयोगी प्रमाणादि र तर्कको लक्षणसहित उपयोग गर्न सिकाएर संवर्धन गर्दछन् । पूर्व र उत्तर दुवै मीमांसाले वेदराशिको पूर्वोत्तर भाग कर्म र ज्ञानको लक्ष्य राखेर तात्पर्यलाई निर्णय गरी वेदसंवर्धन गर्दछन् । धर्मशास्त्रहरूले वेदद्वारा सुनेको र तदनुकूल आचारादि बताएर वेदको विधिभागलाई संवर्धन गर्दछन् ।

शिक्षाले **स्वाध्यायोऽध्येतव्यः** भन्ने विधिवाक्यको अनुकूल वेदको पढाइ उपयुक्त किसिमसँग अक्षरहरूका स्थान, प्रयत्न र उच्चारणको तरिका बताएर वेदसंवर्धन गर्दछन् । कल्पले पनि मन्त्र प्रयोग गर्ने तरिका बताएर वेदको संवर्धन गर्दछन् । व्याकरणले यो पदको यसरी निष्पत्ति हुन्छ र यो विशेषार्थमा प्रयुक्त हुन्छ भन्ने बोध गराएर वेदको संवर्धन गर्दछन् । निरुक्तले **'शृण्येव जर्फरीतुर्फरी तु, देवरः कस्मात् द्वितीयो वर उच्यते'** इत्यादि रूपबाट रहेका क्लिष्टशब्दहरूको अर्थ बताएर वेदको संवर्धन गर्दछन् ।

वेदमन्त्रको ऋषि, छन्द, देवता आदि नजानी प्रयोग गर्न निषेध गरिएको हुनाले छन्दशास्त्रले संवर्धित छन्दको लक्षण र स्वरूप बताएर वेदको संवर्धन गर्दछन् । ज्योतिषशास्त्रले **'वसन्ते वसन्ते ज्योतिषा यजेत'** भनेर वेदले अपेक्षा गरेका वा सङ्केत गरेका वसन्त आदि कालको स्वरूप बताएर वेदको संवर्धन गर्दछन् । योगादि शास्त्रले वेदगत उपासनामा प्रस्फुटित गरेर जतातत्तैबाट वेदले स्वयं सङ्केत गरेका विषयको विस्तृत निरूपणद्वारा संवर्धन गर्दछन् । सबै विद्यास्थानले जसको पूर्ण सङ्केत गरेर संवर्धन गरिरहेका छन् त्यस्ता बत्तीले जस्तै सबै विषयको प्रकाश गर्ने हजारौं शाखा, प्रशाखा भएका सर्वज्ञसरह नै देखिने ऋग्वेद जस्ता महान्भन्दा महान् शास्त्रराशिको उत्पत्तिस्थान ब्रह्म नै हो ।

सर्वज्ञ सरहका ऋग्वेद आदि शास्त्रको सर्वज्ञबाहेक अरूबाट उत्पत्ति नै असंभव छ। फेरि जुन पुरुषले जुन शास्त्र बताउँछ त्यो शास्त्रभन्दा त्यो पुरुष विशेष ज्ञानवाला हुन्छ, किनकि जाने जति लेख्न, भन्न असंभव हुन्छ । जस्तै पाणिनिले उद्धृत गरेकाले व्याकरणजन्य ज्ञान भन्दा पाणिनिमा विशेषज्ञान थियो भन्ने लोककथा प्रसिद्ध पनि छ । अनेक हाँगाबिँगा भएको देवता, मानिस, पशु आदिको भेद र वर्णाश्रमादि विभागलाई गहिरो रहस्यपूर्ण तरिकाले बताउने सबै ज्ञानको खानी ऋग्वेदादि शास्त्रको जुन महाभूत ब्रह्मबाट उत्पत्ति पुरुषको निःश्वास जस्तै हुन्छ, त्यही कुरा यो महाभूतको निःश्वासरूप ऋग्वेद हो भन्ने बृहदारण्यकश्रुतिद्वारा प्रतिपादित छ । त्यस्ता महाभूत ब्रह्ममा रहेको सर्वज्ञता र सर्वशक्तिमत्ता त्यो देखि बाहेक अन्यत्र कहीं छैन भन्ने कुरा के भनिरहनु पर्छ र ?

शाङ्करभाष्यम्

अथवा यथोक्तमृग्वेदादिशास्त्रं योनिः कारणं प्रमाणमस्य ब्रह्मणो यथावत्स्वरूपाधिगमे। शास्त्रादेव प्रमाणाज्जगतो जन्मादि कारणं ब्रह्माधिगम्यत इत्यभिप्रायः । शास्त्रमुदाहृतं पूर्वसूत्रे- **यतो वा इमानि भूतानि जायन्ते** इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमर्थं तर्हीदं सूत्रं यावता पूर्वसूत्र एवैवंजातीयकं शास्त्रमुदाहरता शास्त्रयोनित्वं ब्रह्मणो दर्शितम् । उच्यते तत्र पूर्वसूत्राक्षरेण स्पष्टं शास्त्रस्यानुपादानाज्जन्मादि-केवलमनुमानमुपन्यस्तमित्याशङ्केत, तामाशङ्कां निवर्तयितुमिदं सूत्रं प्रववृते **शास्त्रयोनित्वाद्** इति ।।३।।

नेपालीभाषानुवाद

अथवा = अथवा, **यथोक्तम्** = पहिले बताएको, **ऋग्वेदादिशास्त्रम्** = ऋग्वेद आदि शास्त्र, **अस्य** = यो, **ब्रह्मणः** = ब्रह्मको, **यथावत्स्वरूपाधिगमे** = जस्ताको त्यस्तै स्वरूप पत्ता लगाउनमा, **योनिः कारणं प्रमाणम्** = उत्पत्तिस्थान अथवा प्रमाण छ, **शास्त्रात्**= शास्त्ररूप, **प्रमाणात्** = प्रमाणबाट, **एव** = नै, **जगतः**= जगत्को, **जन्मादिकारणम्** = जन्म, स्थिति र नाशको कारण भएको, **ब्रह्म** = ब्रह्म, **अधिगम्यते** = जानिन्छ भन्ने, **इति** = यो, **अभिप्रायः** = अभिप्राय हो, **शास्त्रम्** = शास्त्र, **यतः** = जसबाट, **इमानि** = यी, **भूतानि** = पञ्चभूत र प्राणीहरू, **जायन्ते** = उत्पन्न हुन्छन्, भन्ने, **इत्यादि** = इत्यादि, **पूर्वसूत्रे** = पहिला सूत्र **'जन्माद्यस्य यतः'** मा, **उदाहृतम्** = उदाहरणरूपमा भनिएको छ, **तर्हि** = त्यसो भए, **इदम्** = यो, **सूत्रम्** = **शास्त्रयोनित्वात्** यस रूपको सूत्र, **किमर्थम्** = किन हो, **यावता** = जबकि, **पूर्वसूत्रे** = पूर्वसूत्र **'जन्माद्यस्य यतः'** मा, **एव** = नै, **एवंजातीयकम्** = यस किसिमको, **उदाहरता** = उदाहरण दिनेले, **ब्रह्मणः** = ब्रह्मको, **शास्त्रयोनित्वम्**= शास्त्रको उत्पत्तिस्थान अथवा शास्त्रज्ञापक हुनाले भन्ने, **दर्शितम्** = देखाइसकिएको छ, **उच्यते** = उत्तरमा भनिन्छ, **तत्र** = त्यहाँ, **पूर्वसूत्राक्षरेण** = पूर्वसूत्रका अक्षरले, **स्पष्टम्** = स्पष्टरूपमा, **शास्त्रस्य** = शास्त्र (वेदान्तवाक्य) को, **अनुपादानात्** = ग्रहण नगरेकोले, **जन्मादि** = जगत्को जन्म, स्थिति र नाश, **केवलम्** = खालि, **अनुमानम्** = अनुमान मात्र, **उपन्यस्तम्** = सङ्केत गरिएको भन्ने, **इति** = यस्तो, **आशङ्क्येत** = शङ्का गरिन सक्छ, **ताम्** = त्यो, **आशङ्काम्** = शङ्कालाई, **निवर्तयितुम्**= हटाउन, **इदम्** = यो, **शास्त्रयोनित्वात् इति** = शास्त्रयोनित्वात् भन्ने, **सूत्रम्** = सूत्र, **प्रववृते** = प्रवृत्त भयो ।

विशदीकरण

पूर्वोक्त ऋग्वेदादि शास्त्र नै ब्रह्मको स्वरूप जान्ने सम्बन्धमा प्रमाण छन् । शास्त्ररूप प्रमाणबाट नै जगत्को उत्पत्ति, स्थिति र नाशको कारण भएको ब्रह्म जानिन्छ । ब्रह्म सर्वज्ञ छ भन्ने **शास्त्रयोनित्वात्**को अर्थ हो भन्ने कुरा **'यतो वा इमानि'** इत्यादि रूपबाट देखाइसकिएको छ । त्यसो भए यो सूत्रको आरम्भ किन ? भन्ने शङ्का हुन्छ, किनकि जबकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्व सूत्रमा नै यस रूपको शास्त्रको उदाहरण दिइसकेपछि ब्रह्मको शास्त्रयोनित्व सिद्ध छँदै थियो ।

यसको उत्तररूपमा भनिन्छ– पूर्वसूत्रमा स्पष्टरूपमा शास्त्रको ग्रहण नगरेका कारणले जगत्को जन्म आदि खालि अनुमान रूपमा सङ्केत गरेको मात्र हो भन्ने कसै–कसैलाई शङ्का हुन सक्दछ, त्यो शङ्का हटाउन **शास्त्रयोनित्वात्** भन्ने सूत्रको आचार्यद्वारा आरम्भ गरिएको हो ॥३॥

इतिशास्त्रयोनित्वाधिकरणम् ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. समन्वयाधिकरणम् {सू. ४}

शाङ्करभाष्यम्

कथं पुनर्ब्रह्मणः शास्त्रप्रमाणकत्वमुच्यते ? यावता **आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानाम्** (जै. सू. १/२/१) इति क्रियापरत्वं शास्त्रस्य प्रदर्शितम्। अतो वेदान्तानामानर्थक्यमक्रियार्थत्वात् । कर्तृदेवतादिप्रकाशनार्थत्वेन वा क्रियाविधिशेषत्वम्, उपासनादिक्रियान्तरविधानार्थत्वं वा । न हि परिनिष्ठितवस्तुप्रतिपादनं संभवति, प्रत्यक्षादिविषयत्वात् परिनिष्ठितवस्तुनः, तत्प्रतिपादने च हेयोपादेयरहिते पुरुषार्थाभावात् ।

नेपालीभाषानुवाद

पुनः = फेरि यो शङ्का हुन्छ, **ब्रह्मणः** = ब्रह्मको, **शास्त्रप्रमाणकत्वम्** = शास्त्रद्वारा जानिने कुरा, **कथम्**= कसरी, **उच्यते** = भनिन्छ, **यावता** = जबकि, **आम्नायस्य** = वेदको, **क्रियार्थत्वात्**= कर्मपरक हुनाले, **अतदर्थानाम्** = त्यो अर्थ नभएका (कर्मपरक नभएका वाक्य जातिको), **आनर्थक्यम्** = प्रयोजन छैन र प्रामाण्य पनि छैन, **इति** = यस्तो जैमिनि सूत्रले, **शास्त्रस्य** = वेदको, **क्रियापरत्वम्**= क्रिया (कर्म) बुझाउने हुन् भन्ने कुरा, **प्रदर्शितम्** = देखाएको छ, **अतः** = यसकारणबाट, **वेदान्तानाम्** = वेदान्त वाक्यको, **आनर्थक्यम्** = आनर्थक्य हुन आउँछ किनकि, **अक्रियार्थत्वात्** = क्रियापरक नहुनाले, **वा** = अथवा, **कर्तृदेवतादिप्रकाशनार्थत्वेन**= कर्ता (यजमान) र देवताको स्वरूप बताउने रूपले, **क्रियाविधिशेषत्वम्** = क्रियारूप-विधिको शेष रूप हुनसक्छ, **वा** = अथवा, **उपासनादिक्रियान्तरविधानार्थत्वम्** = उपासना आदि छुट्टै अर्को क्रिया विधान निमित्त हुनसक्छ परन्तु, **हि** = निश्चय, **परिनिष्ठितवस्तुप्रतिपादनम्** = सिद्धवस्तुलाई बताउने कुरा त, **न संभवति** = हुन सक्दैन, किनकि, **परिनिष्ठितवस्तुनः** = सिद्धवस्तुको, **प्रत्यक्षादिविषयत्वात्** = प्रत्यक्ष आदि अरू प्रमाणको विषय हुनाले, **च** = फेरि, **तत्प्रतिपादने** = सिद्धवस्तु बताउनमा, **हेयोपादेयरहिते** = छाड्न र लिनुपर्ने दुवै कुरा नभएकोले त्यस्तोमा, **पुरुषार्थाभावात्** = कुनै पुरुषार्थ नहुनाले ।

विशदीकरण

अब समन्वयाधिकरण सुरु हुन्छ । शङ्का हुन्छ- शास्त्रद्वारा ब्रह्म नै लक्षित छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्ररूप प्रमाणद्वारा ब्रह्म जानिने हुनाले ब्रह्ममा शास्त्र प्रमाणकत्व छ भनेर कसरी भन्न सकिन्छ ? जबकि, जैमिनिले वेदशास्त्रको कर्ममा तात्पर्य छ र कर्म नबुझाउने वाक्य अनर्थक हुन्छन् भनेर जै.सू. १/२/१ मा भनेको हुनाले कर्म नबनाउने वेदवाक्य पनि अनर्थ नै हुन आउँछन् त ? अनि वेदान्तवाक्यले कर्म नबताउने हुनाले कसरी प्रमाण हुन (मात्र) सकिएला, यसकारण नै वेदान्तवाक्य प्रयोजन नभएका हुन आउँछन् ।

अथवा यज्ञरूप कर्म गर्ने यजमानको आत्मा अमर छ, परलोकमा रहन्छ र उसको निमित्त स्वर्गादि सुख दिलाउन कर्म आवश्यक छ भनेर यजमानको स्वरूप बताउनाले यज्ञमा चाहिने देवता आदिको स्वरूप बताएर यज्ञादिकर्मको विधिशेषरूप मात्र सकिन्छ, किनकि उपासनारूप अर्को क्रियापरक अर्थ मानेर वेदान्तवाक्यहरू प्रमाणित हुनसक्छन् । त्यसो भएता पनि वेदान्तवाक्यले सिद्धवस्तु (ब्रह्म) को प्रतिपादनमा तात्पर्य राख्छन् भन्ने कुरा कदापि सिद्ध हुन सक्दैन । सिद्धवस्तु प्रत्यक्षादि अरू प्रमाणद्वारा पनि जानिन सक्दछ र सिद्धवस्तुलाई शास्त्रद्वारा प्रतिपादन गर्ने प्रयोजन पनि रहेको छैन । फेरि सिद्धवस्तुमा लिनु, छोड्नु केही नभएकाले पनि त्यस विषयमा शास्त्रको लक्ष्य रहेको छैन, किनकि लिनु, छोड्नु नभएको वस्तुमा पुरुषार्थ हुँदैन ।

शाङ्करभाष्यम्

अत एव '**सोऽरोदीत्**' इत्येवमादीनामानर्थक्यं मा भूदिति '**विधिना त्वेकवाक्यत्वात्स्तुत्यर्थेन विधीनां स्युः**' (जै.सू. १/२/७) स्तावकत्वेनार्थवत्त्वमुक्तम्। मन्त्राणाञ्च '**इषेत्वा०**' इत्यादीनां क्रियातत्साधनाभिधायित्वे न कर्मसमवायित्वमुक्तम्। न क्वचिदपि वेदवाक्यानां विधिसंस्पर्शमन्तरेणार्थवत्ता दृष्टोपपन्ना वा । न च परिनिष्ठिते वस्तुस्वरूपे विधिः संभवति, क्रियाविषयत्वाद् विधेः । तस्मात्कर्मापेक्षितकर्तृस्वरूपदेवतादिप्रकाशनेन क्रियाविधिशेषत्वं वेदान्तानाम् । अथ प्रकरणान्तरभयान्नैतदभ्युपगम्यते, तथापि स्ववाक्यगतोपासनादिकर्मपरत्वम्। तस्मान्न ब्रह्मणः शास्त्रयोनित्वमितिप्राप्त उच्यते ।

नेपालीभाषानुवाद

अत एव = यसकारणबाट नै, **सः** = त्यो, **अरोदीत्** = रोयो भन्ने, **इति** **एवमादीनाम्** = इत्यादि गरिएका वाक्यहरूको, **आनर्थक्यम्** = प्रयोजनशून्यता, **अभूत्** = भयो भन्ने, **इति** = यसकारणबाट, **वा** = अथवा, **विधिना** = विधिसँग, **एकवाक्यत्वात्** = एक वाक्य (एक मुख) हुनाले, **तु** = त, **विधीनाम्** = विधिहरूको, **स्तुत्यर्थेन** = स्तुति निमित्त हुनाले, भनेर; **स्युः** = सार्थक होउन् भन्ने, **इति** = यस्तो जैमिनि सूत्रले, **स्तावकत्वेन** = विधिको प्रशंसा गर्ने रूपले; **अर्थवत्त्वम्** = प्रयोजनवाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार्थक, **युक्तम्** = भनेको छ, फेरि; **मन्त्राणाम्** = मन्त्रहरूका मध्ये, **इषेत्वा इत्यादीनाम्** = इषेत्वा इत्यादिको, **च** = पनि, **क्रियातत्साधनाभिधायित्वेन** = क्रिया र त्यसको साधन बताउने रूपले, **कर्मसमवायित्वम्** = कर्मसँग समवायसम्बन्ध छ भनेर, **उक्तम्** = भनिएको छ र, **क्वचित्** = कहीं, **अपि** = पनि, **वेदवाक्यानाम्** = वेदका वाक्यहरूको, **विधिसंस्पर्शम्** = विधिसंगको संपर्कलाई, **अन्तरेण** = छाडेर; **अर्थवत्ता** = सार्थकता, **दृष्टा** = देखिएको र, **वा** = अथवा, **उपपन्ना** = युक्तियुक्त पनि, **न** = छैन, हुँदैन, **च** = फेरि, **परिनिष्ठिते** = सिद्ध भएका, **वस्तुस्वरूपे** = वस्तुस्वरूप (वस्तु) मा, **विधिः** = विधि पनि, **न सम्भवति** = हुँदैन, **तस्मात्** = त्यसकारणबाट, **कर्मापेक्षितकर्तृस्वरूपदेवतादिप्रकाशेनन** = कर्मद्वारा अपेक्षित यजमानको स्वरूप र देवता आदिको प्रकाशनद्वारा, **वेदान्तानाम्** = वेदान्तवाक्यहरूको, **क्रियाविधिशेषत्वम्** = क्रियाविधिको शेषता हुन्छ, **अथ** = यो बाहेक यदि, **प्रकरणान्तरभयात्** = छुट्टै प्रकरण भएको भन्ने डरले, **एतत्** = यो कुरा, **न अभ्युपगम्यते** = मानिदैन भने पनि, **स्ववाक्यगतोपासनादिकर्मपरत्वम्** = आफ्नो प्रकरणका वाक्यमा पर्ने उपासना आदि कर्मपरकता हो भन्नुपर्दछ, **तस्मात्** = त्यसकारणबाट, **ब्रह्मणः** = ब्रह्मको, **शास्त्रयोनित्वम्** = शास्त्रप्रमाणकत्व, **न** = हुनसक्दैन भन्ने, **इति** = यस्तो पूर्व पक्षरूप शङ्का, **प्राप्ते** = हुनआएमा, **उच्यते** = उत्तररूपमा भनिन्छ ।

विशदीकरण

यसकारणबाट नै '**त्यो रोयो**' भन्ने वाक्यको तँ पनि रुनु भनेर विधिपरकता बताउनका लागि त इष्टवियोग आवश्यक हुन्छ, किनकि रुदन इष्टवियोग विना हुँदैन । यज्ञ गर्न लागेको यजमान अकस्मात् इष्टवियोग नभएको कारणबाट रुन नसक्ने हुँदा त्यो वाक्य अनर्थक हुन आयो भनेर त्यसको समाधानका लागि त्यस्ता अनर्थक वाक्यहरू विधिवाक्यसित एकमुख भएर विधिको प्रशंसा गर्ने रूपमा सार्थक बनून् भन्ने जैमिनिसूत्रको भनाइ रहेको छ ।

तदनुसार '**कुशमा चाँदी नमिसाउनु**' भन्ने निषेध विधिवाक्यसँग एकवाक्यता गराएर कुशमा चांदी नराख्नु, राख्यो भने वर्ष दिनभित्रमा त्यो रुन्छ भन्ने निषेधविधिको प्रशंसा गर्ने रूपबाट त्यस वाक्यको सार्थकता हुन आएको छ । मन्त्रहरूका विषयमा पनि **इषेत्वा** आदि मन्त्रहरू क्रिया र क्रियाको साधन बताएर कर्मसमवायी भएकाले सार्थक बनेका छन् भन्ने कुरा नै बताइएको छ । वास्तवमा कहीं पनि वेदका वाक्यहरूमा विधिको अलिकति मात्र पनि गन्ध नभएसम्म सार्थकता र युक्तियुक्तता देखिएको छैन ।

फेरि, विधिको उपयोग नवीन क्रिया निष्पादनमा मात्र हुन्छ र सिद्ध भइसकेको ब्रह्मरूप वस्तु पहिले नै सिद्ध हुनाले त्यसतर्फ विधि व्यर्थ हुनाले सिद्धवस्तुमा विधि नै हुनसक्दैन । त्यसकारण वेदान्त(उपनिषद्) वाक्यहरू कर्मले अपेक्षा राखेको यजमानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप र यज्ञीय कर्ममा अपेक्षा राखिने देवता आदिको स्वरूप प्रतिपादन गरेर मात्र क्रियाविधिको शेषरूपले 'श्राद्धमा पिण्डदान सकिएपछि जलादिमा पिण्ड सेलाउने क्रिया' जस्तै सार्थक हुन सक्लान् अन्यथा हुन सक्दैनन् ।

अथवा उत्तरमीमांसा अलग प्रकरण भएको कारणबाट पूर्वप्रकरणको शेष मात्र नसकेको पक्षमा पनि वेदान्तवाक्यहरू आफ्नो प्रकरणगत उपासना आदि कर्ममा तात्पर्य राखेर मात्र सार्थक हुन सक्छन्। त्यसकारण ब्रह्मको शास्त्रप्रमाणकत्व (शास्त्रद्वारा जानिने भन्ने कुरा) सिद्ध हुनसक्दैन भन्ने यस्तो पूर्वपक्षरूप शङ्का हुन आएमा अग्रिम सन्दर्भमा उत्तररूपमा भनिन्छ ।

ब्रह्मसूत्रम् - तत्तु समन्वयात् १/१/४

सूत्रार्थ - **तत्**= त्यो ब्रह्म, **तु** = त, **समन्वयात्** = शास्त्रको समन्वयबाट, वेदान्तशास्त्रबाट नै जानिन्छ ।

शाङ्करभाष्यम्

तुशब्दः पूर्वपक्षव्यावृत्त्यर्थः । तद् ब्रह्म सर्वज्ञं सर्वशक्ति जगदुत्पत्तिस्थिति-लयकारणं वेदान्तशास्त्रादेवावगम्यते । कथम् ? समन्वयात् । सर्वेषु हि वेदान्तेषु वाक्यानि तात्पर्येणैतस्यार्थस्य प्रतिपादकत्वेन समनुगतानि **'सदेव सोम्येदमग्र आसीत् । एकमेवाद्वितीयम्'** (छान्दोग्य० ६/२/१), **'आत्मा वा इदमेक एवाग्र आसीत्'** (ऐत० २/१/१/१) **'तदेतद् ब्रह्मापूर्वमनपरमनन्तरमबाह्यम्। अयमात्मा ब्रह्म सर्वानुभूः'** (बृहदा० २/५/१९) **'ब्रह्मैवेदममृतं पुरस्तात्'** (मुण्ड० २/२/११) इत्यादीनि । न च तद्गतानां पदानां ब्रह्मस्वरूपविषये निश्चिते समन्वयेऽवगम्यमानेऽर्थान्तरकल्पना युक्ता, श्रुतहान्यश्रुतकल्पनाप्रसङ्गात् ।

नेपालीभाषानुवाद

तुशब्दः = **तत्तु समन्वयात्** भन्ने सूत्रमा रहेको तु भन्ने शब्द, **पूर्वपक्षव्या-वृत्त्यर्थः** = पूर्वपक्षीको शङ्का हटाउनका लागि प्रयुक्त छ, **सर्वज्ञम्** = सर्वज्ञ, **सर्वशक्ति**= सर्वशक्तिमान्, **जगदुत्पत्तिस्थितिलयकारणम्** = जगत्को उत्पत्ति, स्थिति र नाशको कारण, **तत्** = त्यो, **ब्रह्म** = ब्रह्म, **वेदान्तशास्त्रात्** = वेदान्तशास्त्रबाट, **एव** = नै, **अवगम्यते** = जानिन्छ, **कथम्** = कसरी, **समन्वयात्** = समन्वय हुनाले, **हि** = निश्चय नै, **सर्वेषु** = सबै, **वेदान्तेषु** = वेदान्तहरूमा, **वाक्यानि**= वाक्यहरू, **तात्पर्येण**= तात्पर्यरूपले, **एतस्य** = यसै, **अर्थस्य** = ब्रह्मरूप वस्तुको, **प्रतिपादकत्वेन** = प्रतिपादन (निरूपण) गर्ने किसिमले, **समनुगतानि** = मिल्दोरूपले एकमुख भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका छन्, **सोम्य** = हे सोम्य(सुन्दर), **इदम्** = यो संसार, **अग्रे** = सृष्टिभन्दा पहिले, **सत्** = सत्‌रूप ब्रह्म, **एव** = नै, **आसीत्** = थियो, **एकम्** = एउटा, **अद्वितीयम्** = दोस्रोरहित, **एव** = नै थियो, **वा** = अथवा, **इदम्** = यो संसार, **अग्रे**= सृष्टिभन्दा अघि, **एकः** = एउटा, **आत्मा** = आत्मरूप ब्रह्म, **एव** = नै, **आसीत्** = थियो, **तत् एतत्** = त्यो यो, **ब्रह्म** = ब्रह्म, **अपूर्वम्** = त्योभन्दा पहिले केही नभएको अथवा आदि नभएको वा पूर्व भन्ने दिशाको विभाग नभएको, **अनपरम्**= त्योभन्दा अधिक वा बराबर नभएको वा अन्त नभएको र पश्चिम दिशा भन्ने विभाग नभएको, अनन्त; **अनन्तरम्** = भित्र नभएको, **अबाह्यम्** = बाहिर नभएको, **अयम्**= यो, **आत्मा** = आत्मा, **सर्वानुभूः** = सबैको अनुभूति रूप, **ब्रह्म** = ब्रह्म हो, **इदम्**= यो संसार, **पुरस्तात्** = सृष्टिको अघि, **अमृतम्** = अमृत (मोक्ष) रूप, **ब्रह्म एव** = ब्रह्म नै थियो; **इत्यादीनि**= इत्यादि अरू पनि वाक्य समन्वित छन्; **तद्गतानाम्** = ती वाक्यहरूमा रहेका, **पदानाम्** = पदहरूको, **ब्रह्मस्वरूपविषये** = ब्रह्मको स्वरूपलाई लक्ष्य गर्ने कुरा, **निश्चिते** = निश्चित हुन आएमा र, **समन्वये** = सबैको एकमुख र मिल्दो भनाइ, **अवगम्यमाने** = बुझिएमा, **अर्थान्तरकल्पना** = क्रियापरक छन् भन्ने कुनै अर्को अर्थको कल्पना, **न युक्ता** = ठीक छैन (सुहाउँदैन) किनकि, **श्रुतहान्यश्रुतकल्पनाप्रसङ्गात्** = सुने, देखेको छाडेर नसुने, नदेखेका कुराको कल्पना गरेको ठहर्ने हुनाले ।

विशदीकरण

'तत्तु समन्वयात्' यस सूत्रमा रहेको तुशब्दले पूर्वपक्षीले गरेको शङ्काको विषयलाई मञ्जूर नगरेको देखाउँछ । वास्तवमा त्यो ब्रह्म सर्वज्ञ छ, सर्वज्ञक्तिमान् छ तथा संसारको उत्पत्ति, स्थिति र संहारको कारण छ भन्ने समेत वेदान्तवाक्यबाट मात्र जान्न सकिन्छ, किनकि समन्वय अर्थात् सबै वेदान्त (उपनिषद्‌मा) जति वाक्य छन्, ती सम्पूर्ण वाक्यहरू नै तात्पर्यरूपबाट अन्तिम निष्कर्षमा ब्रह्मरूप सिद्धवस्तुको व्याख्या गर्ने क्रममा एकमुख भएर रहेका छन् ।

यो संसार अघि सत्‌रूप, एक (दोस्रो नभएको) ब्रह्म नै थियो (छान्दो० ६/२/१), अघि यो संसार आत्मरूप ब्रह्म नै थियो (ऐत० २/१/१/१), त्यो यो ब्रह्म अपूर्व, अनपर, अनन्त र अबाह्य थियो र छँदैछ, यो आत्मा सर्वानुभवी ब्रह्म हो (बृह० २/५/१९), यो संसार अघि अमृतरूप ब्रह्म नै थियो (मुण्ड० २/२/११) इत्यादि वाक्यहरू पूर्वोक्तरूपबाट समन्वित छन् । ती वाक्यमा रहेका पदहरूले ब्रह्मलाई नै लक्ष्य गर्ने कुरा निश्चित भइसकेपछि समन्वयको बोध यथार्थ रूपले भएको छँदाछँदै यी वाक्यहरूले क्रियाविधिलाई लक्ष्य गर्छन् भन्नु देखे, सुनेको सत्य अर्थलाई छाडेर नदेखे, नसुनेको अर्थलाई कल्पना गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन आउने हुनाले यिनले क्रियाविधिलाई लक्ष्य गर्छन् भन्नु मनासिब र सुहाउँदो हुँदैन ।

शाङ्करभाष्यम्

न च तेषां कर्तृस्वरूपप्रतिपादनपरतावसीयते, **'तत्केन कं पश्येत्'** (बृह० २/४/१३) इत्यादि क्रियाकारकफलनिराकरणश्रुतेः । न च परिनिष्ठितवस्तुस्वरूपत्वेऽपि प्रत्यक्षादिविषयत्वं ब्रह्मणः **'तत्त्वमसि'** (छान्दोग्य० ६/८/७) इति ब्रह्मात्मभावस्य शास्त्रमन्तरेणानवगम्यमानत्वात् । यत्तु हेयोपादेयरहितत्त्वादुपदेशानर्थक्यमिति, नैष दोषः । हेयोपादेयशून्यब्रह्मात्मतावगमादेव सर्वक्लेशप्रहाणात् पुरुषार्थसिद्धेः । देवतादिप्रतिपादनस्य तु स्ववाक्यगतोपासनार्थत्वेऽपि न कश्चिद् विरोधः।

नेपालीभाषानुवाद

तत् = त्यो, **केन** = कसद्वारा (केले), **कम्** = कसलाई, **पश्येत्** = देखोस् भन्ने, **क्रियाकारकफलनिराकरणश्रुतेः**= क्रिया र कारकको फललाई हटाउने श्रुतिवचन हुनाले, **तेषाम्** = ती वेदान्त वाक्यहरूको, **कर्तृस्वरूपप्रतिपादनपरता** = यजमानको स्वरूप बताउनु नै लक्ष्य छ भन्ने, **च** = पनि, **न** = हुन सक्दैन, **ब्रह्मणः** = ब्रह्मको, **च** = फेरि, **परिनिष्ठितवस्तुस्वरूपत्वे** = सिद्ध वस्तु स्वरूप भएमा, **अपि** = पनि, **प्रत्यक्षादिविषयत्वम्** = प्रत्यक्ष आदि अरू प्रमाणको विषयता त, **न** = हुन सक्दैन, **तत्** = त्यो ब्रह्म, **त्वम्** = तिमी, **असि** = होउ भन्ने छान्दोग्यश्रुतिले भने बमोजिम, **अन्तरेण शास्त्रम्** = शास्त्रलाई छाडेर अरूबाट, **अनवगम्यमानत्वात्** = नजानिने हुनाले, **यत्तु** = जो कि, **हेयोपादेयरहितत्त्वात्** = सिद्धवस्तु हुनाले लिनु न छोड्नु रूपको हुँदा, **उपदेशानर्थक्यम्** = आत्माको विषयमा उपदेश गर्नु व्यर्थ छ भन्ने, **इति** = यस्तो भनाइ शङ्का थियो, परन्तु; **एषः** यो, यस प्रकारको, **दोषः** = दोष, **न**= मानिदैन किनकि, **हेयोपादेयरहितब्रह्मात्मतावगमात्** = लिनु, छाड्नु नभएको ब्रह्मरूप आत्मालाई जान्नुबाट, **एव**= नै, **सर्वक्लेशप्रहाणात्** = सबै प्रकारका दुःखहरूको नाश हुने हुनाले, **पुरुषार्थसिद्धेः** = पुरुषार्थ (मोक्ष) सिद्ध हुनाले, **देवतादिप्रतिपादनस्य** = देवता आदिको निरूपणगर्ने कुराको, **तु** = त, **स्ववाक्यगतोपासनार्थत्वे** = आफ्ना प्रकरणवाक्यमा रहेको उपासना निमित्त भएमा, **अपि** = पनि, **कश्चित्** = कुनै, **विरोधः** = विरोध (अडचन), **न** = छैन ।

विशदीकरण

मीमांसाप्रदर्शित न्यायअनुसार काइँये काठको पातबाट जुहूनामको सुरो बनाइन्छ र सुरो बनाइने पातका पात्रताको जुहूद्वारा सार्थकता भए जस्तै आत्माको पनि ज्ञानद्वारा कर्मशेषत्व हुन आउँदछ भने वेदान्त शेषकर्मपरक किन नहुनु ? यस्तो शङ्का हुन सक्दछ, परन्तु त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्का ठीक छैन । 'त्यसले के द्वारा कसलाई देखोस्' भनेर आत्मामा अध्यासबाट देखिन आएको कर्तापनको निराकरण त श्रुतिले गर्दैछ भने त्यस्तो कर्ता, कर्म र क्रियाफल निराकरण गर्ने श्रुतिद्वारा आत्माको वास्तविक कर्तृत्वआदिलाई समर्थन गरेर यजमानको कसरी कर्मशेष हुन आउला र वेदान्तको शेषकर्मपरकता मात्र सकियोस् ?

फेरि ब्रह्म सिद्धवस्तु हुनाले प्रत्यक्षादि अरू प्रमाणबाट पनि जान्न सकिने हुँदा त्यसको निमित्त वेदान्तशास्त्रको कुनै प्रयोजन नदेखिएबाट कर्मशेष बताएर मात्र ती वेदान्तवाक्य सार्थक हुन्छन् र वेदान्तवाक्यको ब्रह्ममा तात्पर्य छैन भन्न मिल्दैन, किनकि ब्रह्म सिद्धवस्तुस्वरूप भए पनि अरू सिद्धवस्तु सरह प्रत्यक्षादि प्रमाणद्वारा जान्न नसकिने वस्तु हुनाले त्यसको निमित्त वेदान्तशास्त्रको नै आवश्यकता भएको हुँदा ब्रह्ममा शास्त्र प्रमाणकत्वनै सिद्ध हुन आउँछ ।

अर्को कुरा शास्त्रको उपदेश कि त लिनुपर्नेमा उपादेय भएर विधिरूपले हुन्छ, कि त छोडनु पर्नेमा हेय भएर निषेध रूपले हुन्छ । ब्रह्ममा त हेय (छाड्नु पर्ने) उपादेय (लिनु पर्ने) दुवै तह नहुनाले त्यसको सम्बन्धमा शास्त्रको उपदेश व्यर्थ नै हुन आउँछ भन्ने शङ्का भएमा पनि ब्रह्ममा हेयोपादेयता नहुनु कुनै दोष होइन, बरु अलंकार नै हुन आउँछ ।

हेयोपादेय नभएको आत्मरूप ब्रह्मलाई जानेर नै सबै प्रकारका दुःखको नाश भएर मोक्षरूप पुरुषार्थसिद्धि हुने हुनाले त्यसतर्फ शास्त्रको उपदेश नितान्त नै सार्थक छ । देवताको स्वरूप आदि प्रकाशनको सम्बन्धमा भने आफ्नो उत्तरमीमांसाप्रकरणका वाक्यमा रहेका देवता आदि बताउने वाक्यहरूको उपासनाविधिलाई नै निमित्त मानेमा पनि कुनै विरोध वा अडचन छैन ।

शाङ्करभाष्यम्

न तु तथा ब्रह्मण उपासनाविधिशेषत्वं सम्भवति, एकत्वे हेयोपादेयशून्यतया क्रियाकारकादिद्वैतविज्ञानोपमर्दोपपत्तेः । नह्येकत्वविज्ञानेनोन्मथितस्य द्वैतविज्ञानस्य पुनः सम्भवोऽस्ति, येनोपासनाविधिशेषत्वं ब्रह्मणः प्रतिपद्यते । यद्यप्यन्यत्र वेद-वाक्यानां न विधिसंस्पर्शमन्तरेण प्रमाणत्वं दृष्टम्, तथाप्यात्मविज्ञानस्य फलपर्यन्त-त्वान्न तद्विषयस्य शास्त्रस्य प्रामाण्यं शक्यं प्रत्याख्यातुम् । न चानुमानगम्यं शास्त्रप्रामाण्यं येनान्यत्र दृष्टं निदर्शनमपेक्षेत । तस्मात् सिद्धं ब्रह्मणः शास्त्र-प्रमाणकत्वम् ।

नेपालीभाषानुवाद

तथा = त्यस्तो आफ्नो प्रकरण वाक्यमा रहेका उपासना विषयमा आनुषङ्गिकरूपले फरक भए पनि, **तु** = त, **ब्रह्मणः** = ब्रह्मको, **उपासनाविधिशेष-त्वम्** = उपासना विधिको शेषरूप, **न संभवति** = हुन सक्दैन किनभने, **एकत्वे** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म अद्वैत रूप भएपछि, **हेयोपादेयशून्यतया** = हेय र उपादेय दुवै नभएकोले, **क्रियाकारकादिद्वैतविज्ञानोपमर्दोपपत्तेः** = कर्ता, क्रिया, कारक आदि द्वैतविज्ञानको विनाश हुनाले, **हि** = निश्चय, **एकत्वविज्ञानेन** = एकत्वको ज्ञानद्वारा, **उन्मथितस्य**= विनाश गरिएका (उखाडिएका), **द्वैतविज्ञानस्य** = द्वैतविज्ञानको, **पुनः** = फेरि, **सम्भवः** = सम्भव (उत्पत्ति), **न अस्ति** = छैन, **येन** = जसद्वारा कि, **ब्रह्मणः** = ब्रह्मको, **उपासनाविधिशेषत्वम्** = उपासनाविधिको शेषत्वमा, **प्रतिपद्यते** = जान सकोस् अर्थात जाँदैन, **यद्यपि**= हुन त, **अन्यत्र** = वेदान्तप्रकरणबाहेक अरू ठाउँमा, **वेदवाक्यानाम्** = वेदका वाक्यहरूको, **अन्तरेण विधिसंस्पर्शम्** = विधिको संपर्कलाई छोडेर, **प्रमाणत्वम्** = प्रमाणत्व (सार्थकत्व), **न दृष्टम्** = देखिएको छैन, **तथापि**= त्यस्तो भएपनि, **आत्मविज्ञानस्य** = आत्माका अनुभवको, **फलपर्यन्तत्वात्** = अन्तिम फलरूप हुनाले, **तद्विषयस्य** = त्यसलाई लक्ष्य गर्ने, **शास्त्रस्य** = शास्त्रको, **प्रामाण्यम्** = त्यस विषयमा भएको प्रामाण्यलाई, **प्रत्याख्यातुम्** = खण्डन गर्न, **न शक्यम्** = कसैले सकिंदैन, **च** = फेरि, **शास्त्रप्रामाण्यम्** = शास्त्रको प्रामाण्य, **अनुमानगम्यम्** = अनुमानद्वारा जानिने रूपको पनि, **न** = छैन, **येन** = जसद्वारा, **अन्यत्र** = अन्त, **दृष्टम्** = देखेको, **निदर्शनम्** = उदाहरण, **अपेक्षेत** = अपेक्षा गरोस्, **तस्मात्** = त्यसकारणबाट, **ब्रह्मणः** = ब्रह्मको, **शास्त्रप्रमाणकत्वम्** = शास्त्रद्वारा लक्ष्य गरिने कुरा, **सिद्धम्** = सिद्ध छ ।

विशदीकरण

वेदान्तको प्रकरणमा पर्ने देवतादि बताउने वाक्यहरूको उपासनाविधिलाई निमित्त नै मानेमा पनि ब्रह्मको उपासनाविधिको शेषरूपता हुन असंभव छ, किनकि लिनु, छोडनु रूप नभएको अद्वैतरूप ब्रह्ममा लिनुरूपविधि र छाड्नुरूप निषेध घट्न नसक्ने भएकाले र कर्ता, क्रिया, कारक आदि द्वैत बुझाउने विज्ञानको विनाश हुने भएकाले नै उपासनाविधिको शेषरूपता हुन असंभव देखिन्छ । वस्तुतः एकत्वविज्ञानद्वारा विनाश भएका द्वैत विज्ञानको फेरि उत्पत्ति हुने संभवै छैन, जसद्वारा कि ब्रह्मको उपासनादिको शेषत्व प्रतिपादित हुन सकोस् ।

हुन त वेदान्तप्रकरण बाहेक अन्यत्र वेदका वाक्यहरूको विधिसम्पर्क छोडेर प्रमाण देखिंदैन, तापनि आत्मविज्ञानको पछिल्लो परिणाम रूप फलसम्मलाई लक्ष्य गर्ने हुनाले त्यसलाई लक्ष्य गर्ने शास्त्रको प्रमाण खडा गर्न कसैबाट पनि सकिंदैन । फेरि शास्त्रको प्रमाण अनुमानबाट जानिने कुरा पनि होइन, जसद्वारा अन्यत्र देखेको निदर्शन (उदाहरण) धूमबाट अग्निको अनुमान गर्दा पूर्वदृष्ट (भान्सा घरको जस्तै) अपेक्षा गर्न परोस्। तसर्थ पूर्वोक्त कारणबाट नै ब्रह्मको शास्त्रप्रमाणकत्व सिद्ध हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

अत्रापरे प्रत्यवतिष्ठन्ते – यद्यपि शास्त्रप्रमाणकं ब्रह्म, तथापि प्रतिपत्तिविधिविषयतयैव शास्त्रेण ब्रह्म समर्प्यते । यथा यूपाहवनीयादीन्यलौकिकान्यपि विधिशेषतया शास्त्रेण समर्प्यन्ते, तद्वत् । कुत एतत् ? प्रवृत्तिनिवृत्तिपरत्वाच्छास्त्रस्य। तथाहि शास्त्रतात्पर्यविद आहुः– **'दृष्टो हि तस्यार्थः कर्मावबोधनम् इति'** । **'चोदनेति क्रियायाः प्रवर्तकं वचनम्, तस्य ज्ञानमुपदेशः'** (जै.सू. १/१/५), **'तद्भूतानां क्रियार्थेन समाम्नायः'** (जै.सू. १/१/२५), **'आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानाम्'** (जै.सू. १/२/१) इति च । अतः पुरुषं क्वचिद् विषयविशेषे प्रवर्तयत्कुतश्चिद् विषयविशेषान्निवर्तयच्चार्थवच्छास्त्रम् । तच्छेषतया चान्यदुपयुक्तम् । तत्सामान्यात् वेदान्तानामपि तथैवार्थवत्वं स्यात् । सति च विधिपरत्वे यथा स्वर्गादिकामस्याग्निहोत्रादिसाधनं विधीयत एवममृतत्वकामस्य ब्रह्मज्ञानं विधीयत इति युक्तम् ।

नेपालीभाषानुवाद

अत्र = यहाँ, यस विषयमा, **अपरे** = एकथरी मीमांसक, **प्रत्यवतिष्ठन्ते** = पूर्वपक्षीका रूपमा शङ्का लिएर उठदछन्, **यद्यपि** = हुन त, **ब्रह्म** = ब्रह्म, **शास्त्रप्रमाणकम्** = शास्त्रद्वारा जानिने, भन्यौ; **तथापि** = त्यो भएमा पनि, **प्रतिपत्तिविधिविषयतया** = प्रतिपत्तिनामक विधिको विषय लिएर, **एव** = नै मात्र, **शास्त्रेण** = शास्त्रले, **ब्रह्म** = ब्रह्म, **समर्प्यते** = बताइन्छ अथवा त्यस रूपमा टक्र्याइन्छ, **यथा**= जस्तै, जसरी, **अलौकिकानि** = अपूर्व, **यूपाहवनीयादीनि** = मौलो र स्विष्टकृत् होम आदि, **विशेषतया** = प्रधानकर्मको शेषरूपले, **शास्त्रेण** = शास्त्रले, **समर्प्यन्ते**= बताइन्छन्, **तद्वत्** = त्यस्तै, **एतत्** = यो कुरा, **कुतः** = कसरी, कहाँबाट, **शास्त्रस्य**= शास्त्र, **प्रवृत्तिनिवृत्तिपरत्वात्** = प्रवृत्ति र निवृत्तिपरक हुनाले, **तथा** = त्यस्तै, **हि** = निश्चय, **शास्त्रतात्पर्यविदः** = शास्त्रको तात्पर्य जान्नेहरू, **आहुः** = भन्दछन् के भने, **तस्य** = त्यो वेदरूपशास्त्रको, **अर्थः** = प्रयोजन, **हि** = निश्चय, **कर्मावबोधनम्** = कर्म बुझाउनु नै, **दृष्टः** = देखिएको छ, प्रत्यक्ष छ, **इति**= यस्तो र, **चोदना इति** = चोदना भनेको, **क्रियायाः** = क्रियाको, **प्रवर्तकम्** = चालु गर्ने, **वचनम्** = वचन हो, **तस्य** = त्यसको, **ज्ञानम्** = जानकारी, **उपदेशः**= उपदेश हो, **तत्** = त्यसकारण, **भूतानाम्** = सिद्ध वस्तुको, **क्रियार्थेन** = क्रियानिमित्त भन्ने रूपले, **समाम्नायः** = भनाइ छ, **आम्नायस्य** = वेदको, **क्रियार्थत्वात्** = क्रियापरकता हुनाले, **अतदर्थानाम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियापरक नभएका वाक्य जतिको, **आनर्थक्यम्** = अनर्थ, प्रयोजनशून्यत्व छ, **इति च** = यस्तो पनि छ, **अतः** = यसकारणबाट, **पुरुषम्** = पुरूषलाई, **क्वचित्** = कहीं, कतै, **विषयविशेषे** = विषयविशेषमा, **प्रवर्तयत्** = लगाउँदो र, **कुतश्चित्** = कुनै, **विषयविशेषात्** = विषयविशेषबाट, **निवर्तयत्** = हटाउँदो छँदो, **शास्त्रम्** = शास्त्र, **अर्थवत्** = सार्थक हुन्छ, **अन्यत्**= त्यो बाहेक अरू, **तच्छेषतया** = त्यसैको शेषरूपले, **उपयुक्तम्** = ठीक छ, **तत्सामान्यात्** = त्यसको बराबरी हुँदा, **वेदान्तानाम्**= वेदान्तहरूको, **अपि** = पनि, **तथा** = त्यही रूपले, **एव** = नै, **अर्थवत्वम्**= सप्रयोजनता, **स्यात्** = हुनसक्ने छ, **विधिपरत्वे** = विधिपरता, **सति** = भएमा, **च** = पनि, **यथा**= जस्तै, **स्वर्गादिकामस्य** = स्वर्गादिको इच्छा गर्ने पुरुषका निमित्त, **अग्नि-होत्रादिसाधनम्** = अग्निहोत्रादि कर्मलाई स्वर्गसाधकको रूपमा, **विधीयते**= विधान गरिन्छ, **एवम्** = यसै प्रकारले, **अमृतत्वकामस्य** = मोक्षको इच्छा गर्ने पुरुषका निमित्त, **ब्रह्मज्ञानम्** = ब्रह्मज्ञानको, **विधीयते** = विधान गरिन्छ भन्ने, **इति** = यस्तो, **युक्तम्** = ठीक हुन्छ ।

विशदीकरण

यसमा एकथरी मीमांसकहरू यस्तो शङ्का गर्दछन्- शास्त्रले ब्रह्मलाई लक्षित गरे पनि प्रतिपत्तिविधिको रूपले मात्र ब्रह्मलाई लक्षित गर्दछन् । जस्तै- मौलोको निर्माण, पूजा र प्रधान चरु होम भएपछि स्वीष्टकृतहवन शेषविधि भए जस्तै श्राद्धमा पिण्डदान र पूजा भइसकेपछि गङ्गाजलमा पिण्ड सेलाउने कार्य शेषविधि हुन्छ । त्यस्तै रूपले वेदान्तहरूले विधिशेषको रूपमा ब्रह्मको निर्देश गर्दछन्, किनभने वेदको प्रयोजन कर्म बुझाउनु हो, चोदना भन्नु क्रिया चालु गर्ने वचन हो र कर्मको ज्ञान नै उपदेश हो।

सिद्धवस्तुको क्रियापदरूपले कथन छ, वेद क्रियापरक हुनाले क्रिया नबताउने जति प्रमाणित हुँदैनन् इत्यादि जैमिनीय सूत्रवचन हुनाले वेदान्त पनि वेदभागनै हो र त्यही रूपबाट मात्र वेदान्तको पनि प्रामाण्य हुन्छ अन्यथा हुँदैन । वेदान्तलाई विधिपरक मानेपछि जस्तै स्वर्गको इच्छा हुनेका निमित्त अग्निहोत्रादि साधन विधान गरिए जस्तै मोक्षको इच्छा हुनेका निमित्त ब्रह्मज्ञानको विधान गरिन्छ भन्नु नै ठीक हुन आउँछ । वस्तुतः प्रवृत्ति-निवृत्ति सिवाय अरूतर्फ शास्त्रको लक्ष्य नभएको र ब्रह्ममा प्रवृत्ति- निवृत्ति दुवै नहुनाले हेयोपादेयता नभएको कारणले मुमुक्षुका निमित्त ब्रह्मज्ञानको विधान उपयुक्त नै ठहर्छ ।

शाङ्करभाष्यम्

नन्विह जिज्ञास्यवैलक्षण्यमुक्तम्- कर्मकाण्डे भव्यो धर्मो जिज्ञास्यः, इह तु भूतं नित्यनिर्वृत्तं ब्रह्म जिज्ञास्यमिति, तत्र धर्मज्ञानफलादनुष्ठानापेक्षाद् विलक्षणं ब्रह्मज्ञानफलं भवितुमर्हति । नार्हत्येवं भवितुम्, कार्यविधिप्रयुक्तस्यैव ब्रह्मणः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपाद्यमानत्वात् । '**आत्मा वा अरे द्रष्टव्यः**'(बृह. २/४/५), '**य आत्माऽपहतपाप्मा सोऽन्वेष्टव्यः स विजिज्ञासितव्यः**'(छा. ८/७/१), '**आत्मेत्येवोपासीत**' (बृह. १/४/७), '**आत्मानमेव लोकमुपासीत**'(बृह. १/४/१५), '**ब्रह्म वेद ब्रह्मैव भवति**' (मुण्ड० ३/२/९) इत्यादिविधानेषु सत्सु कोऽसावात्मा किं तद् ब्रह्म ? इत्याकाङ्क्षायां तत्स्वरूपसमर्पणेन सर्वे वेदान्ता उपयुक्ताः- '**नित्यः सर्वज्ञः सर्वगतो नित्यतृप्तो नित्यशुद्धबुद्धमुक्तस्वभावो विज्ञानमानन्दं ब्रह्म**' इत्येव- मादयः । तदुपासनाच्च शास्त्रदृष्टोऽदृष्टो मोक्षः फलं भविष्यतीति ।

नेपालीभाषानुवाद

ननु = शङ्का, **इह** = यहाँ, **जिज्ञास्यवैलक्षण्यम्** = जान्नुपर्ने विषय (धर्म र ब्रह्म) मा भएको भिन्नता, **उक्तम्** = भनिएको हो, **कर्मकाण्डे** = कर्मकाण्ड (कर्मभाग) मा, **भव्यः** = पछि मात्र हुने, **धर्मः** = धर्म, **जिज्ञास्यः** = जिज्ञास्य छ, **इह** = ज्ञानकाण्डमा, **तु** = त, **भूतम्** = भइरहेको सिद्ध, **नित्यनिवृत्तम्** = सधैं निवृत्तरूपको, **ब्रह्म** = ब्रह्म, **जिज्ञास्यम्** = जिज्ञास्य छ भन्ने, **इति** = यस्तो भेद छ र, **तत्र** = ती दुईमा, **अनुष्ठानापेक्षात्** = कर्म गराइको अपेक्षा राख्ने, **धर्मज्ञानफलात्** = धर्मज्ञानको फलभन्दा, **ब्रह्मज्ञानफलम्** = ब्रह्मज्ञानको फल, **विलक्षणम्** = भिन्नै किसिमको, **भवितुम्** = हुन, **अर्हति** = योग्य छ, **एवम्** = यस्तो, **भवितुम्** = हुन, **न अर्हति**= योग्य छैन, **कार्यविधिप्रयुक्तस्य** = कर्तव्य विधिले प्रयुक्त भएका, **एव** = नै, **ब्रह्मणः** = ब्रह्मको, **प्रतिपाद्यमानत्वात्** = प्रतिपादन गरिने हुनाले, **अरे** = सम्बोधन, **वा** = निश्चितरूपले, **आत्मा** = आत्मा, **द्रष्टव्यः** = देख्नु योग्य छ, **यः** = जुन, **अपहतपाप्मा** = पापदोषरहित, **आत्मा**= आत्मा छ, **सः** = त्यो, **अन्वेष्टव्यः** = खोज्नु, विवेचन गर्नु योग्य छ, **सः** = त्यो आत्मा, **विजिज्ञासितव्यः** = जान्न खोज्नु योग्य छ, **आत्मा इति एव** = आत्मा छ भन्ने संझेर नै, **उपासीत** = उपासना गरोस्, **आत्मानम्** = आत्मालाई, **एव** = नै, **लोकम्** = लोक भनेर, **उपासीत** = उपासना गरोस्, **ब्रह्म** = ब्रह्मलाई, **वेद** = जान्दछ भने, **ब्रह्म एव** = ब्रह्म नै, **भवति**= हुन्छ, **इत्यादिविधानेषु** = यस्ता विधानहरू, **सत्सु** = भएकोमा, **असौ** = यो, **आत्मा**= आत्मा, **कः** = के हो, **तत्** = त्यो, **ब्रह्म** = ब्रह्म, **किम्** = के हो, **इति** = यस्तो, **आकाङ्क्षायाम्**= जान्ने इच्छा भएमा, **तत्स्वरूपसमर्पणेन** = त्यस ब्रह्म र आत्माको स्वरूप बताइ दिनाले, **सर्वे** = सबै, **वेदान्ताः** = वेदान्तहरू, **नित्यः** = नित्य छ, **सर्वज्ञः** = सर्वज्ञ छ, **सर्वगतः** = सर्वव्यापी छ, **नित्यतृप्तः** = नित्य तृप्त छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यशुद्धबुद्धमुक्तस्वभावः = नित्य, शुद्ध, बुद्ध र मुक्त स्वभाव भएको छ, **विज्ञानम्**= अनुभव रूपको र, **आनन्दम्** = आनन्द रूपको छ, त्यो आत्मा भनेर, **इत्येवमादयः**= यस प्रकारका, वेदान्तवाक्यहरू, **उपयुक्ताः** = सार्थक छन्, **तदुपासनात्** = त्यस ब्रह्मरूप आत्माको उपासनाबाट, **च** = फेरि, **शास्त्रदृष्टः** = शास्त्रले देखाएको, **अदृष्टः** = अदृष्ट रूपको, **मोक्षः** = मोक्ष, **फलम्** = फलरूपले, **भविष्यति** = हुनेछ, मिल्नेछ ।

विशदीकरण

धर्मजिज्ञासाबाट जानिने धर्म र ब्रह्मजिज्ञासाबाट जानिने ब्रह्ममा वस्तुगत रूपले भिन्नता छ, किनकि कर्मकाण्डमा अनुष्ठान गरेपछि मात्र प्राप्त हुने धर्मलाई जिज्ञास्य भनिएको छ । ज्ञानकाण्डमा भने सिद्ध र निवृत्तरूपको ब्रह्म जिज्ञास्य भनिएको छ । यसकारण अनुष्ठानको अपेक्षा राख्ने उत्पाद्यरूपको धर्मफलभन्दा ब्रह्मज्ञानको फलमा फरक नै हुनुपर्छ भन्ने भनाइ पनि उपासनारूप क्रियाविधिले देखिएको ब्रह्म नै वेदान्तमा प्रतिपादन गरिने हुनाले मनासिब हुँदैन, किनभने आत्मा देख्नु योग्य छ, निर्दोष, निष्पाप जुन आत्मा हो त्यो जान्न खोज्नु योग्य छ, आत्मालाई लोक भनेर उपासना गर, आत्मा छ भनेर उपासना गर, ब्रह्म जान्दछ भने ब्रह्म नै हुन्छ, भन्ने इत्यादि वेदान्तवाक्यहरूले उपासनाविधिको विधान गरेका छन् ।

त्यो ब्रह्म र त्यो आत्मा भनेको वस्तु के होला ? यस्तो जिज्ञासा भएमा त्यो ब्रह्म नित्य छ, सर्वज्ञ छ, सर्वव्यापी छ, नित्यतृप्त छ, नित्य नै शुद्ध, बुद्ध एवं मुक्त स्वभावको छ र अनुभव तथा आनन्दरूपको छ भन्ने इत्यादि रूपले आत्मा र ब्रह्मको स्वरूप बताइदिएर मात्र अरू सबै वेदान्तवाक्य सार्थक हुन आउँछन् । फेरि वेदान्त वाक्यले देखाएको आत्मा र ब्रह्मको उपासनाबाट शास्त्रले देखाएको स्वतः अदृष्ट भएको मोक्षरूप फलमिल्ने हुँदा क्रियाविधिले देखाएको ब्रह्म तथा आत्मा नै जिज्ञास्य छ त्यसकारण जिज्ञास्य वस्तुमा फरक छ भन्न सर्वथा उपयुक्त हुँदैन । फेरि ब्रह्ममा शास्त्रप्रमाणकत्व भए पनि प्रतिपत्तिविधिको विषयरूपले मात्र हुन सक्दछ ।

शाङ्करभाष्यम्

कर्तव्यविध्यननुप्रवेशे वस्तुमात्रकथने हानोपादानासंभवात्, **'सप्तद्वीपा वसुमती राजासौ गच्छति'** इत्यादिवाक्यवद्वेदान्तवाक्यानामानर्थक्यमेव स्यात्। ननु वस्तुमात्रकथनेऽपि **'रज्जुरियं नायं सर्पः'** इत्यादौ भ्रान्तिजनितभीतिनिवर्तने-नार्थवत्त्वं दृष्टम्, तथेहाप्यसंसार्यात्मवस्तुकथनेन संसारित्वभ्रान्तिनिवर्तनेनार्थवत्त्वं स्यात् । स्यादेतदेवम्, यदि रज्जुस्वरूपश्रवण इव सर्पभ्रान्तिः, संसारित्वभ्रान्ति-र्ब्रह्मस्वरूपश्रवणमात्रेण निवर्तेत, न तु निवर्तते; श्रुतब्रह्मणोऽपि यथापूर्वं सुख-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखादिसंसारिधर्मदर्शनात्, '**श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः**'(बृह० २/४/५) इति च श्रवणोत्तरकालयोर्मनननिदिध्यासनयोर्विधिदर्शनात्, तस्मात्प्रतिपत्ति-विधिविषयतयैव शास्त्रप्रमाणकं ब्रह्माभ्युपगन्तव्यमिति ।

नेपालीभाषानुवाद

कर्तव्यविध्यननुप्रवेशे = गर्नुपर्ने विधिको सम्बन्ध नभएमा र, **वस्तुमात्रकथने**= वस्तुको मात्र उल्लेख भएमा, **हानोपादानासम्भवात्** = छाड्ने र लिने कुरा असम्भव हुनाले, **सप्तद्वीपा** = सात द्वीप भएकी, **वसुमती** = पृथिवी, **असौ** = यी, **राजा** = राजा, **गच्छति** = जान्छन् भन्ने, **इत्यादिवाक्यवत्** = यस्तै यस्तै वाक्य जस्तै, **वेदान्तवाक्यानाम्** = वेदान्तका वाक्यहरूको, **आनर्थक्यम्** = निष्प्रयोजनता (विना प्रयोजनको हुनु), **एव** = नै, **स्यात्** = होला, **ननु** = शङ्का, **वस्तुमात्रकथने** = वस्तुको मात्र उल्लेख भएमा, **अपि**= पनि, **इयम्** = यो, रज्जुः = डोरी हो, **अयम्**= यो, **सर्पः न** = सर्प होइन, **इत्यादौ** = इत्यादिमा, **भ्रान्तिजनितभीतिनिवर्तनेन** = भ्रमबाट भएको डरलाई हटाउनाले, **अर्थवत्त्वम्** = सार्थकत्व, **दृष्टम्** = देखिएको छ, **तथा** = त्यस्तै, **इह** = यहाँ, **अपि** = पनि, **असंसार्यात्मवस्तुकथनेन** = संसारको संसर्गबाट भिन्न आत्मा भन्ने वस्तु बताउनाले, **संसारित्वभ्रान्तिनिवर्तनेन** = आफूमा भएको संसारी हूँ भन्ने भ्रान्ति हटाउनाले, **अर्थवत्त्वम्** = सार्थकता, **स्यात्** = हुन सक्ला, **एतत्** = यो, **एवम्** = यस्तो त, **स्यात्** = त्यस बेला होला, हुन सक्ला जबकि; **यदि** = यदि, **रज्जुस्वरूपश्रवणे** = डोरीको स्वरूपको श्रवण भएमा, **इव**= जस्तै, **सर्पभ्रान्तिः** = सर्प हो भन्ने भ्रान्ति हटे झैं, **ब्रह्मस्वरूपश्रवणमात्रेण** = ब्रह्मको स्वरूपको श्रवणले मात्र, **संसारित्वभ्रान्तिः** = म संसारी हूँ भन्ने भ्रान्ति, **निवर्तेत** = हट्न सकोस्, **न तु निवर्तते** = परन्तु हट्दैन, **श्रुतब्रह्मणः** = ब्रह्मको स्वरूप श्रवण गरेकाको, **अपि** = पनि, **यथापूर्वम्**= अघि जस्तै, **सुखदुःखादि-संसारिधर्मदर्शनात्** = सुखदुःख आदि संसारीका धर्म देखिनाले, **श्रवणोत्तरम्** = ब्रह्मस्वरूपको श्रवणपछि, **श्रोतव्यः** = श्रवण गर्नु योग्य छ, **मन्तव्यः** = मनन गर्नु योग्य छ, **निदिध्यासितव्यः** = निदिध्यासन(श्रवण मननद्वारा निःशङ्क भएका आत्मामा एकाग्र हुनु) गर्नु योग्य छ भनेर, **श्रवणोत्तरकालयोः**= श्रवणको पछिबाट हुने, **मनननिदिध्यासनयोः** = मनन र विदिध्यासनको, **विधिदर्शनात्** = विधि देखिएको हुनाले, **तस्मात्** = त्यसकारणले, **प्रतिपत्तिविधिविषयतया** = प्रतिपत्ति (शेषकर्म) विधिको विषयरूपले, **एव** = मात्र, **ब्रह्म** = ब्रह्म, **शास्त्रप्रमाणकम्** = शास्त्रद्वारा जानिने, भन्ने; **इति** = यस्तो, **अभ्युपगन्तव्यम्** = सम्झनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

गर्नुपर्ने विधिको सम्बन्ध नभएका वाक्यहरू– सात द्वीप भएकी पृथ्वी, यी राजा जान्छन्, जस्ता वाक्यहरूमा वस्तुमात्रको उल्लेख हुनाले लिनु, छोड्नु कुनै कुराको सम्बन्ध नभएको कारणबाट ती स्वयं व्यर्थ हुन्छन् । त्यस्तै हेयोपादेय सम्बन्ध नहुनाले वेदान्त वाक्य पनि अनर्थक नै हुन आउँछन् ।

वस्तुमात्र कथन भए पनि यो डोरी हो, यो सर्प होइन, भन्ने वाक्यहरूमा भ्रमबाट भएको सर्पको डरलाई हटाइदिने क्षमता देखिए झैं ब्रह्मविषयमा पनि संसाररहित आत्मवस्तुको श्रवणले म संसारी हूँ भन्ने भ्रान्ति हटाइदिएर सार्थकत्व हुन किन नसक्नु भन्ने प्रश्नमा आभास भए पनि यो कुरा त्यसबेला हुनसक्छ जब कि डोरीको स्वरूप सुनेर सर्पको भ्रान्ति हटे झैं ब्रह्मको स्वरूपमात्र सुनेर 'म संसारी हूँ' भन्ने भ्रान्ति हट्न सकोस् । परन्तु ब्रह्मको स्वरूपमात्र सुनेर त्यो भ्रान्ति त हट्दैन । फेरि भ्रान्ति हट्ने भएमा पनि भ्रान्ति नहुँदाका वखत जस्तै संसारीपन देखिने हुनाले, श्रवणका पछिबाट मनन र निदिध्यासनको विधान श्रुतिले गरेको देखिन्छ । अतः श्रवणबाट मात्र संसारित्व भ्रान्ति हट्छ भन्ने कुरा प्रत्यक्ष अनुभवबाट नै प्रमाणित नहुनाले प्रतिपत्तिविधिको विषयरूपले नै ब्रह्म शास्त्रप्रमाणक हो भन्नु (मान्नु) पर्दछ । (मीमांसकहरूद्वारा प्रस्तुत पूर्वपक्ष यस्तो रहेको छ ।)

शाङ्करभाष्यम्

अत्राभिधीयते – न, कर्मब्रह्मविद्याफलयोर्वैलक्षण्यात् । शारीरं वाचिकं मानसञ्च कर्म श्रुतिस्मृतिसिद्धं धर्माख्यम्, यद्विषया जिज्ञासा, **'अथातो धर्मजिज्ञासा'** (जै.सू. १/१/१) इति सूत्रिता, अधर्मोऽपि हिंसादिः प्रतिषेधचोदनालक्षण– त्वाज्जिज्ञास्यः परिहाराय । तयोश्चोदनालक्षणयोरर्थानर्थयोर्धर्माधर्मयोः फले प्रत्यक्षे सुखदुःखे शरीरवाङ्मनोभिरेवोपभुज्यमाने विषयेन्द्रियसंयोगजन्ये ब्रह्मादिषु स्थाव– रान्तेषु प्रसिद्धे । मनुष्यत्वादारभ्य ब्रह्मान्तेषु देहवत्सु सुखतारतम्यमनुश्रूयते ।

नेपालीभाषानुवाद

अत्र = यहाँ (उक्त शङ्काको विषयमा), **अभिधीयते** = उत्तररूपमा भनिन्छ, **न** = यस्तो शङ्का ठीक छैन किनकि, **कर्मब्रह्मविद्याफलयोः** = कर्म र ब्रह्मविद्याका फलको वा फलमा, **वैलक्षण्यात्** = फरक हुनाले, **शरीरम्** = शरीरबाट भएको, **वाचिकम्** = वचनबाट भएको र, **मानसम्** = मनबाट भएको, **च** = पनि, **श्रुति- स्मृतिसिद्धम्** = श्रुति र स्मृतिद्वारा सिद्ध हुन गएको, **कर्म** = कर्म, **धर्माख्यम्**= धर्म भनिन्छ, **यद्विषया** = जुन धर्मविषयको, **जिज्ञासा**= जान्ने इच्छा, **अथातो धर्मजिज्ञासा**= अथातो धर्मजिज्ञासा भनेर, **इति** = यस्तो, **सूत्रिता** = सूत्रित गरिएको छ, **हिंसादिः**= हिंसा आदि गरिएको, **अधर्मः** = अधर्म, **अपि** = पनि, **प्रतिषेधचोदनालक्षणत्वात्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निषेधरूपी चोदनाको लक्षणवाला हुनाले, **परिहाराय** = छाड्नुको निमित्त, **जिज्ञास्यः**= जान्नु र खोज्नु योग्य छ, **तयोः** = ती दुई, **चोदनालक्षणयोः** = विधि र निषेधरूप दुई किसिमको चोदनालक्षण भएका, **अर्थानर्थयोः** = अर्थ र अनर्थरूप, **धर्माधर्मयोः**= धर्म र अधर्मका, **फले** = फलस्वरूप, **शरीरवाङ्मनोभिः** = शरीर, वचन र मनद्वारा, **उपभुज्यमाने** = भोग गरी रहिएका, **विषयेन्द्रियसंयोगजन्ये** = विषय र इन्द्रियको संयोगबाट भएका र, **ब्रह्मादिषु** = ब्रह्मादेखि लिएर, **स्थावरान्तेषु** = स्थावर (रूखपात) सम्म, **प्रसिद्धे** = प्रसिद्ध हुन आएका, **सुखदुःखे** = सुख र दुःख, **प्रत्यक्षे** = प्रत्यक्ष छन्, **मनुष्यत्वात्** = मनुष्यतादेखि, **आरभ्य** = सुरु गरेर, **ब्रह्मान्तेषु** = ब्रह्मासम्मका, **देहवत्सु** = शरीरधारीहरूमा, **सुखतारतम्यम्** = सुखको तारतम्य (उत्तरोत्तर बद्दो रूप), **अनुश्रूयते** = शास्त्रद्वारा सुनिन्छ ।

विशदीकरण

यहाँ पूर्वोक्त मीमांसकहरूको शङ्काका सम्बन्धमा उत्तररूपमा भनिन्छ– कर्मको फल र ब्रह्मविद्याको फलमा ठूलो अन्तर हुनाले त्यो शङ्का (प्रतिपत्ति विधिको विषयरूपले ब्रह्म शास्त्रप्रमाणक छ भन्ने) गर्नु ठीक छैन । किनभने शरीर, वचन एवं मनद्वारा हुने र शास्त्रले बताएको कर्मलाई धर्म भनिन्छ । त्यही धर्मविषयको जिज्ञासा नै **'अथातो धर्मजिज्ञासा'** भन्ने जैमिनीय सूत्रमा सूत्रित गरिएको छ ।

विधिरूप चोदना लक्षण भएको धर्म जान्न इच्छा गर्नुको साथै निषेधरूप चोदना लक्षण भएको हिंसा आदि अधर्म पनि छाड्नका निमित्त जान्नुपर्ने हुन्छ । ती दुवै थरी चोदना लक्षण भएको अर्थ र अनर्थ रूपका; धर्म र अधर्मका फल भनेर मानिएका; शरीर, वचन र मनद्वारा भोग गरिरहिएका; शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषय एवं कान, आँखा, जिभ्रो, नाक इत्यादि इन्द्रियहरूको सम्पर्क भएर उत्पन्न हुने; ब्रह्मादेखि लिएर रूख, लहरा आदिसम्म प्रसिद्ध भएका सुख र दुःख सबैमा प्रसिद्ध र प्रत्यक्ष छँदैछन् । फेरि मानिसबाट लिएर ब्रह्मासम्मका देहधारीहरूमा सुखको मात्रा उत्तरोत्तर अधिक हुने कुरा पनि वेद तथा स्मृति आदि शास्त्रद्वारा सुनिन्छ ।

शाङ्करभाष्यम्

ततश्च तद्धेतोर्धर्मस्य तारतम्यं गम्यते । धर्मतारतम्यादधिकारितारतम्यम् । प्रसिद्धं चार्थित्वसामर्थ्यादिकृतमधिकारितारतम्यम् । तथा च यागाद्यनुष्ठायिनामेव विद्यासमाधिविशेषादुत्तरेण पथा गमनम्, केवलैरिष्टापूर्तदत्तसाधनैर्धूमादिक्रमेण दक्षिणेन पथागमनम्, तत्रापि सुखतारतम्यं तत्साधनतारतम्यं च शास्त्रात्, **यावत्संपातमुषित्वा** (छान्दो० ५/१०/५) इत्यस्माद् गम्यते । तथा मनुष्यादिषु नारकस्थावरान्तेषु सुखलवश्चोदनालक्षणधर्मसाध्य एवेति गम्यते तारतम्येन वर्तमानः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथोर्ध्वगतेष्वधोगतेषु च देहवत्सु दुःखतारतम्यदर्शनाद् तद्धेतोरधर्मस्य प्रतिषेध-चोदनालक्षणस्य तदनुष्ठायिनाञ्च तारतम्यं गम्यते । एवमविद्यादिदोषवतां धर्माधर्म-तारतम्यनिमित्तं शरीरोपादानपूर्वकं सुखदुःखतारतम्यमनित्यं संसाररूपं श्रुतिस्मृति-न्यायप्रसिद्धम् ।

नेपालीभाषानुवाद

ततः च = त्यसबाट पनि, **तद्धेतोः** = त्यस सुखको कारणरूप, **धर्मस्य** = धर्मको, **तारतम्यम्** = तारतम्य छ भन्ने, **गम्यते** = जानिन्छ, **धर्मतारतम्यात्** = धर्मको तारतम्यबाट, **अधिकारितारतम्यम्** = धर्म गर्ने अधिकारीको तारतम्य छ, **अर्थित्वसामर्थ्यादिकृतम्** = इच्छा गर्नु रूप क्षमताबाट भएको, **अधिकारितार-तम्यम्** = अधिकारीको तारतम्य, **च** = पनि, **प्रसिद्धम्** = प्रसिद्ध छ, **तथा च** = त्यस्तै पनि, **यागाद्यनुष्ठायिनाम्** = अग्नि आदि देवताको उद्देश्यले पुरोडाश आदि द्रव्य त्याग गर्नु रूप यागको अनुष्ठान गर्नेहरूको, **विद्यासमाधिविशेषात्** = विद्या र समाधिको विशेषताबाट, **उत्तरेण** = उत्तर (उत्तरायण), **पथा** = बाटोद्वारा, **गमनम्**= लोकान्तरमा जानु, **केवलैः** = खालि, **इष्टापूर्तदत्तसाधनैः** = वृक्ष, तलाउ आदिको उत्सर्ग रूप साधन हुनेको त्यही साधनद्वारा, **दक्षिणेन** = दक्षिण(दक्षिणायन), **पथा**= बाटोद्वारा, **गमनम्** = लोकान्तरमा जानु, **तत्र** = त्यहाँ, **अपि** = पनि, **सुखतारतम्यम्**= सुखको तारतम्य र, **तत्साधनतारतम्यम्** = त्यसको साधन (धर्मादि) को तारतम्य पनि, **यावत्संपातम्** = जतिसम्म कर्मको वेग छ, अथवा पतन हुने दिनसम्म, **उषित्वा** = बसेर, भोगेर भन्ने; **इत्यस्मात्** = यो यस्तो, **शास्त्रात्** = शास्त्रबाट, **गम्यते** = जानिन्छ, **तथा** = त्यस्तै, **मनुष्यादिषु** = मनुष्यदेखि लिएर, **नारकस्था-वरान्तेषु** = नरकवासी र वृक्षादि सम्ममा, **सुखलवः** = भएको सुखलेश पनि, **चोदनालक्षणधर्मसाध्यः** = विधिनिमित्तक चोदनारूप लक्षण भएको धर्मबाट साध्य छ भन्ने, **इति एव** = यो नै, **तारतम्येन** = तारतम्य रूपले, **वर्तमानः** = रहेको, **गम्यते** = जानिन्छ, **तथा** = त्यस्तै, **ऊर्ध्वगतेषु**= माथिको स्तरमा पुगेका र, **अधो-गतेषु** = तल्लो स्तरमा गएका, **च** = पनि, **देहवत्सु** = देहधारीहरूमा, **दुःखतारतम्य-दर्शनात्** = दुःखको तारतम्य देखिनाले, **तद्धेतोः** = त्यस दुःखको कारणरूप, **प्रतिषेधचोदनालक्षणस्य** = निषेधरूप चोदनालक्षण भएको, **अधर्मस्य** = अधर्मको र, **तदनुष्ठायिनाम्** = त्यो अधर्म गर्नेहरूको, **च** = पनि, **तारतम्यम्** = तारतम्य, **गम्यते** = जानिन्छ, **एवम्**= यस प्रकार, **अविद्यादिदोषवताम्** = अध्यासरूप अविद्या र आदिशब्दले काम्यकर्म आदि दोषवालाहरूको, **धर्माधर्मतारतम्यनिमित्तम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म र अधर्मको तारतम्यले भएको, **शरीरोपादानपूर्वकम्** = शरीर ग्रहण गर्नाले हुने, **सुखदुःखतारतम्यम्** = सुख र दुःखको तारतम्यवाला, **अनित्यम्** = विनाशी, **संसाररूपम्** = संसारको स्वरूप, **श्रुतिस्मृतिन्यायप्रसिद्धम्** = श्रुति, स्मृति र तिनको न्यायरूप पूर्वोत्तर मीमांसामा प्रसिद्ध छ ।

विशदीकरण

सुखको कारण बनेका धर्मको पनि त्यसबाट नै तारतम्य छ भनेर जानिन्छ । धर्मको तारतम्यबाट धर्म गर्ने अधिकारीहरूको तारतम्य पनि स्वतः जानिन्छ । आफूले इच्छा गरेको विषय सम्बन्धित क्षमताबाट अधिकारीहरूको स्तरमा घट-बढ हुने कुरा प्रसिद्ध नै छ । जस्तो कि अग्नि आदि देवताको उद्देश्य लिएर पुरोडाश आदि द्रव्य त्याग गर्नु रूप याग हो र त्यसको अनुष्ठान गर्नेहरू विद्या र समाथिको विशेषले गर्दा **अग्निर्ज्योतिरहः** भने अनुसार उत्तरायणको बाटोद्वारा लोकान्तरमा जाने कुरा प्रसिद्ध छ । त्यस्तै पोखरी, बगैंचा आदिको उत्सर्ग प्रतिष्ठा आदि गर्नेहरू त्यसबाट भएको धर्मसाधनद्वारा **धूमोरात्रिस्तथाकृष्णः** भने अनुसार दक्षिणायनबाट लोकान्तरमा जाने कुरा प्रसिद्ध छ ।

त्यहाँ पनि सुखको र त्यसको साधनरूप धर्मको तारतम्य छ भन्ने कुरा **यावत्संपातमुषित्वा** जति सम्म धर्मको वेग छ अथवा जहिलेसम्म पतन हुँदैन तबसम्म बसेर, भोगेर भन्ने छान्दोग्यश्रुतिरूप शास्त्रबाट पनि बुझिन्छ । फेरि मानिसदेखि लिएर नरकवासी प्राणी र वृक्ष, लहरा आदिसम्म पनि अलिकति मात्र भएको सुखको लेश पनि **चोदनालक्षणोऽर्थो धर्मः** को अनुसार विधिको चोदनारूप लक्षण भएको धर्मद्वारा नै भएको हो भन्ने तारतम्य रहेकोबाट स्पष्ट जानिन्छ ।

त्यस्तै माथिल्लो स्तरवाला र तल्लो स्तरवाला देहधारीहरूमा दुःखको पनि तारतम्य देखिन्छ र त्यसको कारण भइरहेको निषेधरूप चोदना लक्षण हुने अधर्मको र त्यो अधर्म गर्नेहरूको पनि तारतम्य बुझिन्छ । यस प्रकार अविद्यात्मक अध्यास र काम्यकर्म आदि दोषवाला प्राणीहरूको धर्म र अधर्मको तारतम्यबाट हुन आएको शरीरग्रहण, विनाशी संसारको स्वरूप, सुखदुःखको तारतम्य, श्रुतिस्मृति आदि र तिनको न्यायस्वरूप पूर्वोत्तर मीमांसान्यायमा प्रसिद्ध नै छ ।

शाङ्करभाष्यम्

तथा च श्रुतिः- **न ह वै सशरीरस्य सतः प्रियाप्रिययोरपहतिरस्ति** (छा.८/१२/१) इति यथावर्णितं संसाररूपमनुवदति । '**अशरीरं वाव सन्तं न प्रियाप्रिये स्पृशतः**' (छान्दो. ८/१२/१) इति प्रियाप्रियस्पर्शनप्रतिषेधाच्चोदना-लक्षणधर्मकार्यत्वं मोक्षाख्यस्याशरीरत्वस्य प्रतिषिध्यत इति गम्यते । धर्मकार्यत्वे हि प्रियाप्रियस्पर्शनप्रतिषेधो नोपपद्यते । अशरीरत्वमेव धर्मकार्यमिति चेन्न, तस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाभाविकत्वात् ।

नेपालीभाषानुवाद

तथा = त्यस्तै, **श्रुतिः च** = श्रुति पनि, **ह** = प्रसिद्ध, **वै** = निश्चय, **सशरीरस्य**= शरीरले सहित, **सतः** = रहेकाको, **प्रियाप्रिययोः** = प्रिय र अप्रिय (सुख र दुःखको), **अपहतिः** = नाश, **न अस्ति** = छैन, **इति** = यसरूपले, **यथावर्णितम्** = माथि बताएअनुसारको, **संसाररूपम्** = संसारको रूप, **अनुवदति** = अनुकरण गरेर भन्दछ, **वाव** = निश्चितरूपले, **अशरीरम्** = शरीरले रहित भएर, **सन्तम्** = रहनेलाई, **प्रियाप्रिये** = सुख र दुःखले, **न स्पृशतः** = छुदैनन् भनेर, **इति** = यसरी (छान्दोग्य-श्रुतिले), **प्रियाप्रियस्पर्शनप्रतिषेधात्** = सुख दुःखले छुने कुरा निषेध गरेकाले, **मोक्षाख्यस्य** = मोक्ष नाम गरेको, **अशरीरत्वस्य** = शरीररहित भइरहने अवस्था, **चोदनालक्षणधर्मकार्यत्वम्** = चोदनालक्षण हुने धर्मको कार्य हो भन्ने, **प्रतिषिध्यते**= निषेध गरिन्छ भन्ने, **इति** = यस्तो, **गम्यते** = बुझिन्छ, जानिन्छ; **हि** = निश्चय, **धर्मकार्यत्वे** = धर्मबाट भएको कार्य भन्ने भएमा, **प्रियाप्रियस्पर्शनप्रतिषेधः** = सुख-दुःखले हुने कुराको निषेध, **न उपपद्यते** = उपयुक्त हुन सक्दैन, **अशरीरत्वम्**= शरीररहित हुनु, **एव** = नै, **धर्मकार्यम्** = धर्मको कार्य हो भन्ने, **इति** = यस्तो भन्छौ, **चेत्** = भने, **न** = हुँदैन, **तस्य** = त्यो शरीररहित हुनुको, **स्वाभाविकत्वात्** = अरू कुनैबाट नभएर स्वाभाविक स्वसिद्ध हुनाले ।

विशदीकरण

त्यस्तै श्रुति पनि शरीरले सहित भएकालाई सुख दुःखरूप प्रिय र अप्रियले छाड्दैनन् भनेर माथि बताएअनुसारको संसारको स्वरूपलाई बताउँछ । साथै शरीरले रहित हुनेलाई प्रिय र अप्रियले छुँदैनन् भनेर छान्दोग्यश्रुतिले निषेध गरेको हुँदा शरीररहित हुने मोक्ष अवस्था चोदना लक्षण जसको छ त्यस धर्मबाट निष्पन्न हुने कार्य होइन रहेछ भन्ने कुरा स्पष्ट बुझिन्छ । किनभने मोक्षरूप अशरीरी स्थिति धर्मको कार्य हो भन्ने भए त प्रियाप्रियको स्पर्श हुने कुराको निषेध गर्नै मिल्दैन थियो । शरीररहित हुनु नै धर्मको कार्य हो भन्न पनि मनासिब र युक्तिसङ्गत हुँदैन, किनकि अशरीरत्व (शरीररहित हुनु) स्वाभाविक हुनाले त्यो कसैबाट भएको र हुने भन्न सकिंदैन ।

शाङ्करभाष्यम्

'अशरीरं शरीरेष्वनवस्थेष्ववस्थितम् ।

महान्तं विभुमात्मानं मत्वा धीरो न शोचति।।' (काठ. १/२/२१)

'अप्रमाणो ह्यमनाः शुभ्रः'(मुण्ड. २/१/२), **'असङ्गो ह्ययं पुरुषः'**(बृह०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४/३/१५) इत्यादिश्रुतिभ्यः। अत एवानुष्ठेयकर्मफलविलक्षणं मोक्षाख्यमशरीरत्वमिति सिद्धम् । तत्र किञ्चित् परिणामि नित्यं यस्मिन् विक्रियमाणेऽपि तदेवेदमिति बुद्धिर्न विहन्यते । यथा पृथिव्यादि जगन्नित्यत्ववादिनाम्, यथा च साङ्ख्यानां गुणाः । इदं तु पारमार्थिकम्, कूटस्थनित्यम्, व्योमवत्सर्वव्यापि, सर्वविक्रियारहितम्, नित्यतृप्तम्, निरवयवम्, स्वयंज्योतिःस्वभावम्, यत्र धर्माधर्मौ सह कार्येण कालत्रयं च नोपावर्तेते, तदेतदशरीरत्वं मोक्षाख्यम्। **'अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात् कृताकृतात् अन्यत्र भूताच्च भव्याच्च'**(कठ. २/१४) इत्यादिश्रुतिभ्यः ।

नेपालीभाषानुवाद

अशरीरम् = शरीररहित, **शरीरेषु** = शरीरहरू, **अनवस्थेषु** = नरहेमा पनि, **अवस्थितम्** = रहिरहेको, **महान्तम्** = विशाल, **विभुम्** = व्यापक, **आत्मानम्** = आत्मालाई, **मत्वा** = जानेर, मानेर; **धीरः** =धीर पुरुष, **न शोचति** = शोक गर्दैन, **हि** = निश्चय, **अप्राणः** = प्राणरहित, **अमनाः** = मनले रहित, **शुभ्रः** = निर्मल तथा प्रकाशशाली, **हि** = निश्चय, **अयम्** = यो, **पुरुषः**= आत्मारूप पुरुष, **असङ्गः** = संगरहित, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुतिवचनबाट सिद्ध हुनाले, **अत एव** = यसकारणबाट नै, **अनुष्ठेयकर्मफलविलक्षणम्** = अनुष्ठान गर्नुपर्ने कर्मको फलभन्दा विलक्षण, **मोक्षाख्यम्** = मोक्ष नामको अवस्था, **नित्यम्** = नित्य, **अशरीरत्वम्** = शरीररहित छ भन्ने, **इति** = यो, **सिद्धम्** = सिद्ध छ, **तत्र** = त्यहाँ (नित्यको विषयमा), **किञ्चित्** = केही, **परिणामिनित्यम्** = परिणत भएर नित्य छ, **यस्मिन्**= जुन, **विक्रियमाणे**= विकृत हुँदा, **अपि**= पनि, **तद्** = त्यो, **एव** = नै, **इदम्** = यो, **इति** = यस्तो, **बुद्धिः** = बुद्धि, **न विहन्यते** = नष्ट हुँदैन, **यथा** = जस्तै कि, **पृथिव्यादिजगन्नित्यत्ववादिनाम्** = पृथिवी आदि जगतलाई नित्य मान्ने न्यायवैशेषिकका परमाणु, **च** = फेरि, **यथा** = जस्तै, **साङ्ख्यानाम्** = साङ्ख्यहरूका, **गुणाः** = सत्त्व आदि गुण, **इदन्तु** = यो ब्रह्मतत्त्व त, **पारमार्थिकम्** = परमार्थ (वास्तव) रूपको, **कूटस्थनित्यम्** = निर्विकार परिणामहीन र नित्य, **व्योमवत्** = आकाश जस्तै, **सर्वव्यापि** = सबैमा व्याप्त, **सर्वविक्रियारहितम्** = सबै विकारले हीन, **नित्यतृप्तम्**= नित्य तृप्त रहेको, **निरवयवम्** = अवयवरहित, **स्वयञ्ज्योतिःस्वभावम्** = स्वप्रकाश रूपको छ, **यत्र** = जहाँ, जसमा, **धर्माधर्मौ** = धर्म र अधर्म, **कार्येण** = आफ्ना कार्यले, **सह** = सँगै, **कालत्रयम्** = तीन कालमा नै, **न उपावर्तेते** = रहन सक्दैनन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत् एतत् = त्यही यो, **मोक्षाख्यम्** = मोक्ष नामको, **अशरीरत्वम्** = शरीर नहुनु हो, यी कुरा; **धर्मात्** = धर्मभन्दा, **अन्यत्र** = अन्त, बाहेक, **अधर्मात्**= अधर्मभन्दा, **अन्यत्र** = अन्त, बाहेक, **अस्मात्** = यस, **कृताकृतात्** = कृत (कार्य) अकृत (कारण) भन्दा, **अन्यत्र** = अन्त, बाहेक, **च** = फेरि, **भूतात्** = भइरहेको वा भूतकाल देखि र, **भव्यात्** = पछि हुने वा भविष्यकाल देखि, **च** = पनि, **अन्यत्र**= अन्त, बाहेक, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुतिले पनि भनेको हुँदा ।

विशदीकरण

शरीरले हीन भएको र शरीर नरहेमा पनि रहिरहने विशाल तथा व्यापक आत्मालाई जानेपछि धीर पुरुषमा संसाररूप शोक रहँदैन र उसले कुनै विषयको शोक गर्दैन । त्यो मन र प्राणले रहित छ, यो आत्मपुरुष असङ्गी छ, इत्यादि श्रुतिवाक्यहरूको भनाइ भएकोले यो अशरीरत्व (मोक्ष) पुरुषले अनुष्ठान गरेपछि मात्र हुने कर्मको फलभन्दा नितान्त नै फरक नित्यरूपको छ ।

त्यसमा पनि कुनै वस्तु परिणत भएर नित्य मानिने हुन्छन्, विकार हुँदा पनि बोध गर्नेको बुद्धिमा कुनै अन्तर नआउनु नै नित्यताको परिचायक हो । जस्तै- न्यायवैशेषिकहरूका परमाणु र साङ्ख्यहरूका सत्त्व आदि गुणहरू। परन्तु यो आत्मतत्त्व त परमार्थरूपको निर्विकारी, नित्य, आकाश जस्तै सर्वव्यापी, कुनै विकार नभएको, नित्यतृप्त, अवयवरहित र स्वप्रकाश स्वभाववाला छ ।

आत्मामा विधेयरूप धर्म तथा निषेध्यरूपको अधर्म समेतको तीनै कालमा पनि आ-आफ्नो कार्यसहित लेशमात्र पनि सत्ता रहन सक्दैन र मोक्ष भनेर मानिने अशरीरत्व यसैलाई भन्दछन् । श्रुतिले पनि अधर्म, धर्म, कार्यकारणत्व र भूत एवं भव्य समेतबाट अलग छ भनेर यसै आत्मतत्त्वको प्रतिपादन गरेका छन् ।

शाङ्करभाष्यम्

अतस्तद् ब्रह्म यस्येयं जिज्ञासा प्रस्तुता, तद् यदि कर्तव्यशेषत्वेनोपदिश्येत, तेन च कर्तव्येन साध्यश्चेन्मोक्षोऽभ्युपगम्येत, अनित्य एव स्यात् । तत्रैवं सति यथोक्तकर्मफलेष्वेव तारतम्यावस्थितेष्वनित्येषु कश्चिदतिशयो मोक्ष इति प्रसज्येत। नित्यश्च मोक्षः सर्वैर्मोक्षिवादिभिरभ्युपगम्यते, अतो न कर्तव्यशेषत्वेन ब्रह्मोपदेशो युक्तः। अपि च '**ब्रह्म वेद ब्रह्मैव भवति**'(मुण्ड० ३/२/९), '**क्षीयन्ते चास्य-कर्माणि तस्मिन्दृष्टे परावरे**'(मुण्ड० २/२/८) '**आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चन**' (तैत्तिरीय० २/९), '**अभयं वै जनक प्राप्तोसि**' (बृह० ४/२/४), '**तदात्मानमेवावेदहं ब्रह्मास्मीति तस्मात्तत्सर्वमभवत्**' (वाज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनेयिब्राह्मणोप० १/४/१०), **'तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः'** (ईशा० ७), इत्येवमाद्याः श्रुतयो ब्रह्मविद्यानन्तरं मोक्षं दर्शयन्त्यो मध्ये कार्यान्तरं वारयन्ति ।

नेपालीभाषानुवाद

अतः = यसकारणबाट, **तद् ब्रह्म** = त्यही ब्रह्म हो, **यस्य** = जसको, **इयम् जिज्ञासा** = यो जिज्ञासा, **प्रस्तुता** = आरम्भ गरिएको छ, **तत्** = त्यो, त्यस रूपको, **ब्रह्म** = ब्रह्म, **यदि** = यदि, **कर्तव्यशेषत्वेन** = गर्नुपर्ने विधिको शेषरूपले, **उपदिश्यते**= उपदेश गरिन्छ, **च** = फेरि, **तेन** = त्यो, **कर्तव्येन** = गर्नुपर्ने विधिद्वारा, **साध्यः** = सिद्ध गरिने भनेर, **चेत्** = यदि, **मोक्षः** = मोक्ष, **अभ्युपगम्यते** = मानिन्छ भने, **अनित्यः** = विनाशी, **एव** = नै, **स्यात्** = होला, **तत्र** = त्यस विषयमा, **एवम्** = यस्तो, **सति** = भएमा, **यथोक्तकर्मफलेषु** = पूर्वोक्त कर्मको फलस्वरूप, **तारतम्यावस्थितेषु** = तारतम्यले रहेका, **अनित्येषु** = विनाशी ती कर्मफलमध्ये, **कश्चित्** = कुनै, **अतिशय** = बढीरूपको, **मोक्षः** = मोक्ष हो भन्ने यस्तो, **प्रसज्येत**= आइपर्ला, **च** = फेरि, **मोक्षः** = मोक्ष, **नित्यः** = नित्यरूपको भनेर, **सर्वैः** = सबै, **मोक्षवादिभिः** = मोक्ष बताउनेहरूले, **अभ्युपगम्यते** = मानिन्छ, **अतः** = यस हेतुबाट, **कर्तव्यशेषत्वेन** = गर्नुपर्ने विधिका शेषरूपले, **ब्रह्मोपदेशः** = ब्रह्मको उपदेश, **न युक्तः** = ठीक छैन, **अपि च** = फेरि पनि, **ब्रह्म** = ब्रह्म, **वेद** = जो जान्दछ, त्यो; **ब्रह्म एव** = ब्रह्म नै, **भवति** = हुन्छ, **परावरे** = पर र अवर स्वरूप, **तस्मिन्** = त्यो ब्रह्म, **दृष्टे** = देखे, जानेमा, **अस्य** = यो जान्नेको, **कर्माणि** = कर्महरू, **च** = पनि, **क्षीयन्ते** = नाश हुन्छन्, **ब्रह्मणः** = ब्रह्मको, **आनन्दम्** = आनन्दलाई, **विद्वान्** = जान्ने पुरुष, **कुतश्चन** = कतैबाट पनि, **न बिभेति** = डराउँदैन, **वै** = निश्चय, **जनक** = हे जनक, **अभयम्** = निर्भय पदलाई, **प्राप्तः** = प्राप्त गरेको, **असि** = छौ, **आत्मानम्** = आफूलाई, **तत् ब्रह्म** = त्यही ब्रह्म, **एव** = नै, **अहम्** = म, **अस्मि** = हूँ भनेर, **अवेत्** = जान्यौ, **इति** = यस हेतुले, **तस्मात्** = त्यस ब्रह्मबाट, **तत्सर्वम्** = त्यो सबै, **अभवत्** = भयो, **तत्र** = त्यहाँ, **एकत्वम्** = एकत्व, **अनुपश्यतः** = देख्नेको, **कः** = कुन, **मोहः** = मोह छ, **कः** = कुन, **शोकः**= शोक छ, **इति** = यस रूपले, **एवम् आद्याः** = इत्यादि गरेका, **श्रुतयः** = श्रुतिहरू, **ब्रह्मविद्यानन्तरम्** = ब्रह्मविद्या पाएपछि, **मोक्षम्** = मोक्षलाई, **दर्शयन्त्यः**= देखाउँदा, बताउँदा छँदा, **मध्ये** = बीचमा, **कार्यान्तरम्** = अर्को कुनै कर्तव्यलाई, **वारयन्ति** = निवारण गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

यसकारणबाट पूर्वोक्त रूपको त्यो ब्रह्म हो जसको यो जिज्ञासा आरम्भ भइरहेको छ । यदि कर्तव्यविधिको शेषरूपले त्यस ब्रह्मको उपदेश गरिन्छ र त्यसै कर्तव्यविधिद्वारा साध्य गरिने भनेर मोक्षलाई भनिन्छ भने मोक्ष विनाशी हुन आउला । परन्तु त्यो ठीक छैन, किनकि सबै मोक्ष बताउने महापुरुष र श्रुति समेतले मोक्षलाई नित्य मानेका छन् । फेरि त्यस्तो भए तारतम्यरूपले रहेका विनाशी कर्मका फलहरूमध्ये मोक्ष पनि कुनै अधिक फलको रूपमा मानिएला र पूर्वोक्त हेतुले मोक्ष पनि अनित्य नै हुन आउला । तसर्थ उक्त कारणहरूबाट नै त्यो मोक्षरूप ब्रह्म कुनै गर्नुपर्ने विधिको शेषरूपले उपदेश गरिन र गरिन्छ भन्न समेत उचित छैन ।

फेरि ब्रह्म जसले जान्यो त्यो ब्रह्म नै हुन्छ, ब्रह्मको परावर तत्त्व बुझेपछि बुझ्ने अथवा जान्ने त्यस पुरुषका सबै कर्म नाश हुन्छन् । ब्रह्मको आनन्दलाई जान्ने पुरुष कतैबाट पनि डराउँदैन । याज्ञवल्क्य ऋषि भन्नुहुन्छ – हे जनक ! तिमीले निर्भयपद प्राप्त गरेका छौ, त्यसले आफूलाई ब्रह्म हूँ भन्ने जान्यौ र त्यसबाट त्यो सबै भयो । त्यो ब्रह्ममा एकत्व देख्ने पुरुषका निमित्त के मोह? के शोक? इत्यादि अर्थ बताउने श्रुतिहरूले पनि ब्रह्मविद्याको लगत्तै पछिबाट मोक्षलाई नै देखाएर बीचमा अरू कुनै कर्तव्य नभएको कुरा बताउँछन् । अतः मोक्ष कार्यद्वारा साध्य होइन र मोक्षरूप ब्रह्म कर्तव्यविधिको शेष हुनसक्दैन ।

शाङ्करभाष्यम्

तथा **'तद्धैतत्पश्यन्नृषिर्वामदेवः प्रतिपेदेऽहं मनुरभवं सूर्यश्च'** (बृह० १/४/१०), इति ब्रह्मदर्शनसर्वात्मभावयोर्मध्ये कर्तव्यान्तरवारणायोदाहार्यम् । यथा– तिष्ठन् गायतीति तिष्ठतिगायत्योर्मध्ये तत्कर्तृकं कार्यान्तरं नास्तीति गम्यते। **'त्वं हि नः पिता योऽस्माकमविद्यायाः परं पारं तारयसि'** (प्र० ६/८), **'श्रुतं ह्येव मे भगवद्दृशेभ्यस्तरति शोकमात्मविदिति सोऽहं भगवः शोचामि तं मा भगवाञ्छोकस्य पारं तारयतु'**(छान्दो० ७/१/३), **'तस्मै मृदितकषायाय तमसः पारं दर्शयति भगवान् सनत्कुमारः'** (छान्दो० ७/२६/२) इति चैवमाद्याः श्रुतयो मोक्षप्रतिबन्धनिवृत्तिमात्रमेवात्मज्ञानस्य फलं दर्शयन्ति । तथा चाचार्यप्रणीतं न्यायोपबृंहितं सूत्रम्– **'दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः'**(न्या.सू० १/१/२) इति । मिथ्याज्ञानापायश्च ब्रह्मात्मैकत्वविज्ञानाद् भवति ।

नेपालीभाषानुवाद

तथा = त्यस्तै, **ह** = निश्चय, **तद् एतत्** = त्यही यस ब्रह्मलाई, **पश्यन्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्दा, जान्दा छँदा, **वामदेवः** = वामदेव भन्ने, **ऋषिः** = ऋषि, **अहम्** = म, **मनुः**= मनु र, **सूर्यश्च** = सूर्य पनि, **अभवम्** = भएँ भनेर, **प्रतिपेदे** = जान्दा भए भन्ने, **इति**= यस्तो श्रुतिवाक्यलाई, **ब्रह्मदर्शनसर्वात्मभावयोः** = ब्रह्म जान्नु र सबैमा आत्मदृष्टि हुनुको, **मध्ये** = बीचमा, **कर्तव्यान्तरवारणाय** = अर्को कुनै कर्तव्यको निराकरण गर्न, **उदाहार्यम्** = उदाहरण दिनु योग्य छ, **यथा** = जस्तै, **तिष्ठन् गायति इति**= बसेर गाउँछ भन्ने यसमा, **तिष्ठतिगायत्योः** = बस्नु र गाउनु क्रियाको, **मध्ये**= बीचमा, **तत्कर्तृकम्** = बसेर गाउने पुरुषबाट हुने, **कार्यान्तरम्** = अर्को कुनै कार्य, **न अस्ति** = छैन भन्ने, **इति** = यस्तो, **गम्यते** = जानिन्छ, **हि** = निश्चय, **त्वम्** = तपाईं, **वः** = मेरो, हाम्रो, **पिता** = पिता, गुरु हुनुहुन्छ, **यः** = जो कि, **अस्माकम्** = हामी, पुत्र अथवा शिष्यलाई, **अविद्यायाः** = अविद्या, अज्ञानको, **परम्** = पल्लो, **पारम्** = पार, तीर मा, **नयसि** = लैजानु, पुऱ्याउनु हुन्छ, **हि** = निश्चय, **मे** = मेरो, मैले, **भगवद्दृशेभ्यः** = तपाईं जस्तैहरूबाट, **आत्मवित्** = आत्मा जान्ने पुरुष, **शोकम्** = शोकरूप संसार, **तरति** = तर्दछ भन्ने, **इति** = यस्तो कुरा, **श्रुतम् एव** = सुनेको नै छु र, **सः अहम्** = त्यो म, **भगवः** = हे भगवन्, **शोचामि** = शोक गर्दछु (शोकरूप संसारलाई अपनाएको छु) र, **तम् मा** = त्यो मलाई, **भगवान्** = भगवान् (तपाईं), **शोकस्य** = शोकरूप संसारको, **पारम्** = पार (पल्लो किनार), **तारयतु** = तार्नु (पुऱ्याउनु) होस्, **मृदितकषायाय** = चित्तलाई रंगाउने रागरूपी कषाय (गेरु रंग) पखालिएका, **तस्मै** = तिनी (नारद) लाई, **भगवान्** = ६ ऐश्वर्य संपन्न र विद्या, अविद्या, उत्पत्ति र स्थितिव , **सनत्कुमारः** = सनत्कुमार (ब्रह्माका मानसपुत्र), **तमसः** = अविद्या (अज्ञान) को, **पारम्** = पार, **दर्शयति** = देखाउनु हुन्छ, **इति च** = यस प्रकारले पनि, **एवम्** = इत्यादि गरिएका, **श्रुतयः** = श्रुतिहरू, **मोक्षप्रतिबन्धनिवृत्तिमात्रम्** = मोक्षको प्रतिबन्ध (रोक्ने) तत्त्वको निवृत्ति गर्नुमा, **आत्मज्ञानस्य** = आत्मा जान्नुको, **फलम्** = फल हो भन्ने, **दर्शयन्ति** = देखाउँछन्, **तथा** = त्यस्तै, **च** = फेरि, **आचार्यप्रणीतम्** = आचार्यले बनाएको, **न्यायोपबृंहितम्** = न्यायशास्त्र तथा युक्तिले संवर्धित, **सूत्रम्** = न्यायको सूत्र, **दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानाम्** = दुःख, जन्म, प्रवृत्ति, दोष र मिथ्याज्ञानहरूको मध्येमा, **उत्तरोत्तरापाये** = पछिल्ला पछिल्लाको नाश भएमा, **तदनन्तरापायात्** = अघिल्ला अघिल्लाको नाश भएबाट, **अपवर्गः** = मोक्ष हुन्छ भन्ने, **इति** = यस्तो छ, तदनुसार, **मिथ्याज्ञानापायः** = मिथ्याज्ञानको नाश, **च** = पनि, **ब्रह्मात्मैकत्वविज्ञानात्** = ब्रह्म र आत्माको एकताको अनुभवबाट, **भवति** = हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

त्यस्तै त्यो यो ब्रह्मलाई जानेर ऋषि वामदेवले म मनु हूँ र म सूर्य पनि हूँ भन्ने एकता र सर्वात्मभावलाई अनुभव गरे भन्ने यो श्रुति पनि ब्रह्मदर्शन र सर्वात्मभावको बीचमा अर्को कुनै कार्य रहेनछ भन्ने बोध गराउने उदाहरणको रूपमा लिन योग्य देखिन्छ। जस्तै- बसेर गाउँछ भन्दा बस्नु र गाउनु क्रियाको बीचमा अर्को कुनै कर्तव्य देखिन्न भन्ने बुझिन्छ, त्यस्तै ब्रह्मदर्शन र सर्वात्मभावको बीचमा कुनै कर्तव्य छैन भन्ने पनि यस श्रुतिबाट स्पष्ट बुझिन्छ ।

तपाईं निश्चित रूपमा हाम्रो गुरु तथा पिता हुनुहुन्छ जो कि हामीलाई अविद्याको पल्लो पारमा पुर्‍याउनुहुन्छ । मैले तपाईं जस्तै महापुरुषहरूको मुखबाट आत्मा जान्ने पुरुष शोकरूप संसार तर्दछ भन्ने कुरा सुनेको छु । मैले शोकरूप संसारलाई अंगालिरहेको छु, हे भगवान्! तपाईंले मलाई शोकरूप संसारको पल्लो पारमा पुर्‍याउनुहोस् । चित्तलाई रंगाउने विषयको रागरूपी कषाय (गेरुवापन) लाई पखालेका तिनी नारदलाई भगवान् सनत्कुमार अज्ञान रूप संसारसमुद्रको पार देखाउनु (पुर्‍याउनु) हुन्छ, भन्ने अर्थका इत्यादि श्रुतिहरूले पनि मोक्षको रोकावट गर्ने तत्त्वहरूको निवृत्ति (हट्नु) मात्र नै आत्मज्ञानको फल हो भनेर बताउँछन् अथवा देखाउँछन् ।

त्यस्तै फेरि दुःख, जन्म, प्रवृत्ति, दोष र मिथ्याज्ञान यी पाँचमा पछिल्ला पछिल्लाको नाश भएमा अघिल्ला अघिल्लाको नाश हुन्छ । जस्तै- मिथ्याज्ञानको नाश भएमा दोषको नाश, दोषको नाश भएमा प्रवृत्तिको नाश, प्रवृत्तिको नाश भएमा जन्मको नाश, जन्मको नाश भएमा दुःखको नाश हुन्छ भन्ने न्यायद्वारा संवर्धित आचार्य गौतमको सूत्र पनि छ । त्यसमा मुख्य मानिएको पहिलो नम्बरको मिथ्याज्ञान आत्मज्ञानबाट नै नाश हुनसक्दछ । त्यही आत्मा ब्रह्म हो र त्यो ब्रह्मकर्तव्य कुनै विधिको शेषरूपले उपदेश गरिंदैन र गरिएको पनि होइन ।

शाङ्करभाष्यम्

न चेदं ब्रह्मात्मैकत्वविज्ञानं सम्पद्रूपम्, यथा- **'अनन्तं वै मनोऽनन्ता विश्वेदेवा अनन्तमेव स तेन लोकं जयति'** (बृह० ३/१/९), न चाध्यासरूपम्, यथा- **'मनो ब्रह्मेत्युपासीत'** (छान्दो० ३/१८/१), **'आदित्यो ब्रह्मेत्यादेशः'** (छान्दो० ३/१९/१), इति वच्च मन आदित्यादिषु ब्रह्मदृष्ट्यध्यासः। नापि विशिष्ट-क्रियायोगनिमित्तम्, **'वायुर्वाव संवर्गः प्राणो वाव संवर्गः'** (छान्दो० ४/३/१) नाप्याज्यावेक्षणादिकर्मवत्कर्माङ्गसंस्काररूपम् । संपदादिरूपे हि ब्रह्मात्मैकत्व-विज्ञानेऽभ्युपगम्यमाने **'तत्त्वमसि'** (छान्दो० ६/८/७), **'अहं ब्रह्मास्मि'** (बृ० १/४/१०), **'अयमात्मा ब्रह्म'**(बृ० २/५/१९) इत्येवमादीनां वाक्यानां ब्रह्मात्मैक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्ववस्तुप्रतिपादनपरः पदसमन्वयः पीड्येत । **'भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः'** (मुण्ड० २/२/८) इति चैवमादीन्यविद्यानिवृत्तिफलश्रवणान्युपरुध्येरन् । **'ब्रह्म वेद ब्रह्मैव भवति'** (मुण्ड० ३/२/९), इति चैवमादीनि तद्भावापत्तिवचनानि सम्पदादिपक्षे न सामञ्जस्येनोपपद्येरन् । तस्मान्न सम्पदादिरूपं ब्रह्मात्मैकत्वविज्ञानम् ।

नेपालीभाषानुवाद

इदम् = यो, **ब्रह्मात्मैकत्वविज्ञानम्** = ब्रह्म र आत्माको एकताको ज्ञान, **सम्पद्रूपम्** = संपत् रूपको, **च** = पनि, **न** = होइन, **यथा** = जस्तै, **वै** = निश्चय, **मनः** = मन, **अनन्तम्** = अनन्त (अन्तरहित) हो, **विश्वेदेवाः** = विश्वेदेवहरू, **अनन्ताः** = अनन्त छन्, **सः** = त्यो उपासक, **तेन** = त्यो मनद्वारा, **अनन्तम्** = अनन्त, **एव** = नै, **लोकम्** = लोकलाई, **जयति** = जित्छ, **इति** = यसरूपको फेरि, **अध्यासरूपम्** = अध्यास (त्यो नभएमा त्यो देख्नु) रूपको, **च** = पनि, **न** = ब्रह्मात्मैकत्व विज्ञान होइन, **यथा** = जस्तै कि, **मनः** = मन, **ब्रह्म इति** = ब्रह्म हो भनेर, **उपासीत** = उपासना गर, **आदित्यः** = सूर्य, **ब्रह्म इति** = ब्रह्म हो भनेर, **आदेशः** = आदेश हो, **इति च** = यस रूपले पनि, **मन आदित्यादिषु** = मन र सूर्य आदिमा, **ब्रह्मदृष्ट्यध्यासः** = ब्रह्मदृष्टिको अध्यास हुन्छ, **अपि** = फेरि पनि, **वाव** = प्रसिद्ध र निश्चय, **वायुः** = वायु, **संवर्गः** = संवर्ग (संहार गर्ने) हो, **वाव** = प्रसिद्ध र निश्चय, **प्राणः** = प्राण, **संवर्गः** = संहार गर्ने हो भने, **इति वत्** = यो झैं, **विशिष्टक्रियायोगनिमित्तम्** = विशिष्ट क्रियाको योगनिमित्त भन्ने पनि ब्रह्मज्ञान, **न**= होइन, **आज्यावेक्षणादिकर्मवत्** = यज्ञमा घ्यूलाई हेर्ने कर्मजस्तो, **कर्माङ्गसंस्काररूपम्** = कर्मको अङ्ग भएको संस्कार जस्तो, **अपि** = पनि, **न** = ब्रह्मविज्ञान होइन, **हि** = निश्चय, **ब्रह्मात्मकैत्वविज्ञाने** = ब्रह्म र आत्माको एकताको ज्ञान, **अभ्युपगम्यमाने** = भए छँदामा, **संपदादिरूपे** = संपदादि रूपको भएमा, **तत्त्वम् असि** = त्यो ब्रह्म तिमी हौ, **अहं ब्रह्म अस्मि** = म ब्रह्म हूँ, **अयम् आत्मा ब्रह्म** = यो प्रत्यगात्मा ब्रह्म हो भन्ने, **इत्यादीनाम्** = इत्यादि, **वाक्यानाम्** = वाक्यहरूको, **ब्रह्मात्मैकत्ववस्तुप्रतिपादनपरः** = ब्रह्म र आत्माको एकत्व रूप वस्तु बताउन लागेको, **पदसमन्वयः** = पदहरूको एकमुख भएर अर्थ बताउने प्रकार, **पीड्येत** = पीडित होला, **हृदयग्रन्थिः** = हृदय (मन) को वासनारूप गाँठो, **भिद्यते** = भिन्न हुन्छ (फुस्कन्छ), **सर्वसंशयाः**= सबै किसिमका शङ्का उल्झनहरू, **छिद्यन्ते** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काटिन्छन् भन्ने, **इति च** = यस्तो पनि छ र, **एवम् आदीनि** = यी आदि गरिएका, **अविद्यानिवृत्तिफलश्रवणानि** = अज्ञान हट्नु रूप फलका सुनाइ पनि, **उपरुध्येरन्** = रोकिनन्, **ब्रह्म** = ब्रह्मलाई, **वेद** = जान्दछ त आफू पनि, **ब्रह्म एव** = ब्रह्म नै, **भवति** = हुन्छ भन्ने, **इति च** = यस्तो पनि छ र, **एवम् आदीनि** = यी आदि गरिएका, **तद्भावापत्तिवचनानि** = ब्रह्मभावको प्राप्ति बताउने वचनहरू, **सम्पदादि-पक्षे** = मन अनन्त हो मन ब्रह्म हो र वायु तथा प्राण संवर्ग हो भने जस्तै ब्रह्मविज्ञानलाई सम्पदादिरूप मानेमा, **सामञ्जस्येन** = ठीक-ठीक सँग, **न उपपद्येरन्** = मिल्न र अर्थ दिन सक्ने छैनन्, **तस्मात्** = त्यसकारणबाट, **ब्रह्मात्मकैत्वविज्ञानम्** = ब्रह्म र आत्माको एकताको ज्ञान, **सम्पदादिरूपम्** = पूर्वोक्त संपद् आदि किसिमको, **न** = होइन, हुनसक्दैन ।

विशदीकरण

यो ब्रह्म र आत्माको एकत्वको ज्ञान, मन अनन्त हो, विश्वेदेव अनन्त हुन् त्यो मनद्वारा अनन्तलोक वशमा हुन्छ भने जस्तो संपत्रूपको होइन, फेरि मन ब्रह्म हो, सूर्य ब्रह्म हुन् भनेर मन र सूर्यमा ब्रह्मदृष्टिलाई अध्यास गरेर हुने अध्यासरूपको पनि होइन, फेरि प्रलयमा अग्नि आदिलाई संवरण (संहार) गर्ने हुनाले वायु, संवर्ग र निद्रामा सबै इन्द्रियको संहार गर्ने हुनाले प्राण संवर्ग हो भने झैं संवर्ग रूपको पनि हुनसक्दैन, विशिष्ट क्रियायोगका निमित्त र यज्ञमा घ्यू हेर्नेहरूको कर्मको अंग भएको संस्काररूप जस्तै कुनै कर्मको अंग भएको संस्काररूप पनि हुन सक्दैन ।

किनकि ब्रह्म र आत्माको एकताको विज्ञानलाई संपद् आदि रूपको मानेमा त्यो ब्रह्म तिमी हौ, म ब्रह्म हूँ, यो प्रत्यगात्मा ब्रह्म हो भन्ने ब्रह्म र आत्माको एकत्व बताउन तत्पर भएका वाक्यका पदहरूको एकमुख भएर अर्थ बताउने प्रकार पीडित हुन आउलान् । त्यस्तै मनको वासनारूप गाँठो फुस्कन्छ, सबै शङ्काहरू छिन्न भिन्न हुन्छन् भन्ने, अज्ञान हट्नुरूप फलका सुनाइ पनि रोकिने छन् र ब्रह्म जान्यो भने ब्रह्म नै हुन्छ भन्ने ब्रह्मभावप्राप्ति देखाउने वचनहरू पनि ठीक-ठीकसँग मिलेर अर्थ दिन सक्ने छैनन् । अतः ब्रह्म र आत्माको एकताको ज्ञान सम्पदादिरूपको मात्र राम्रो छानबिन गरेका प्रमाणहरूबाट सकिंदैन। त्यसकारण ब्रह्म र आत्माको एकताको ज्ञान संपदादिरूप होइन ।

शाङ्करभाष्यम्

अतो न पुरुषव्यापारतन्त्रा ब्रह्मविद्या । किं तर्हि ? प्रत्यक्षादिप्रमाणविषय-वस्तुज्ञानवद् वस्तुतन्त्रा । एवंभूतस्य ब्रह्मणस्तज्ज्ञानस्य च न कयाचिद्युक्त्या शक्यः कार्यानुप्रवेशः कल्पयितुम् । न च विदिक्रियाकर्मत्वेन कार्यानुप्रवेशो ब्रह्मणः, **'अन्यदेव तद्विदितादथो अविदितादधि'** (केन० १/३), इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विदिक्रियाकर्मत्वप्रतिषेधात् । **'येनेदं सर्वं विजानाति तं केन विजानीयात्'** (बृह० २/४/१३) इति च । तथोपास्तिक्रियाकर्मत्वप्रतिषेधोऽपि भवति, **'यद्वाचानभ्युदितं येन वागभ्युद्यते'** इत्यविषयत्वं ब्रह्मण उपन्यस्य । **'तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते'** (केन० १/४) इति । अविषयत्वे ब्रह्मणः शास्त्रयोनित्वानुपपत्तिरिति चेन्न, अविद्याकल्पितभेदनिवृत्तिपरत्वाच्छास्त्रस्य । नहि शास्त्रमिदंतया विषयभूतं ब्रह्म प्रतिपिपादयिषति । किं तर्हि ? प्रत्यगात्मत्वेनाविषयतया प्रतिपादयदविद्याकल्पितवेद्यवेदितृवेदनादिभेदमपनयति । तथा शास्त्रम्–

यस्यामतं तस्य मतं मतं यस्य न वेद सः ।
अविज्ञातं विजानतां विज्ञातमविजानताम् ।। (केन० २/३)

'न दृष्टेर्द्रष्टारं पश्येः, न विज्ञातेर्विज्ञातारं विजानीयाः' (बृह. ३/४/२) इति चैवमादि। अतोऽविद्याकल्पित संसारित्वनिवर्तनेन नित्यमुक्तात्मस्वरूपसमर्पणान्न मोक्षस्यानित्यत्वदोषः।

नेपालीभाषानुवाद

अतः = यसकारणबाट, **ब्रह्मविद्या** = ब्रह्मविज्ञान, **पुरुषव्यापारतन्त्रा** = पुरुषको क्रियारूप व्यापारको अधीन भएको, **न** = छैन, होइन, **तर्हि** = त्यसो भए, **किम्**= के कस्तो छ त भने, **प्रत्यक्षादिप्रमाणविषयवस्तुज्ञानवत्** = प्रत्यक्ष, अनुमान आदि प्रमाणको विषय भएका वस्तुको ज्ञान जस्तै, **वस्तुतन्त्रा** = वस्तुको अधीन अर्थात् स्वतन्त्र छ, **एवंभूतस्य** = यसरूपको, **ब्रह्मणः** = ब्रह्मको र, **तज्ज्ञानस्य** = त्यस ब्रह्मका ज्ञानको, **च** = पनि, **कयाचित्** = कुनै पनि, **युक्त्या** = युक्तिले, **कार्यानुप्रवेशः** = क्रियाको सम्बन्ध, **कल्पयितुम्** = कल्पना गर्न, **न शक्यः** = सकिंदैन, **च** = फेरि, **ब्रह्मणः** = ब्रह्मको, **विदिक्रियाकर्मत्वेन** = जान्नुरूप क्रियाको कर्मरूपले, **कार्यानुप्रवेशः** = क्रियाको सम्बन्ध हुन्छ भन्ने पनि, **न** = हुँदैन, **तत्** = त्यो ब्रह्म, **विदितात्** = ज्ञानको विषयबाट, **अन्यत्** = अन्य अर्थात् भिन्न छ, **अथ** = अनि, **अविदितात्** = अज्ञानको विषयबाट, **अधि** = भिन्न छ, **इति** = यो श्रुतिले, **विदिक्रियाकर्मत्वप्रतिषेधात्** = जान्ने क्रियाको कर्म हुने कुरा निषेध गरेकाले, **येन**= जसले, जसद्वारा, **इदम्** = यो, **सर्वम्** = सबै, **विजानाति** = जान्दछ, **तम्** = त्यसलाई, **केन** = कसले, के द्वारा, **विजानीयात्** = जानोस्, **इति च** = यस्तो पनि श्रुतिको भनाइ हुनाले, **तथा** = त्यस्तै, ब्रह्मको; **उपास्तिक्रियाकर्मत्वप्रतिषेधः** = उपासनारूप क्रियाको कर्म हुने कुराको निषेध, **अपि** = पनि, **भवति** = हुन्छ, **यत्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन ब्रह्म, **वाचा** = वाणीद्वारा, **अनभ्युदितम्** = प्रकाशित छैन, हुँदैन, **येन** = जसले, जसद्वारा, **वाक्** = वाणी, **अभ्युद्यते** = प्रकाशित हुन्छ भन्ने, **इति** = यस रूपबाट, **ब्रह्मणः** = ब्रह्मको, **अविषयत्वम्**= विषय नहुने कुरा, **उपन्यस्य** = देखाएर, **तत्** = त्यही, **एव** = नै, **ब्रह्म** = ब्रह्म हो भनेर, **त्वम्** = तिमी, **विद्धि** = जान परन्तु, **इदम्** = यो त, **न** = ब्रह्म होइन, **यत् इदम्** = जुन यो, **उपासते** = उपासना गर्छन्, **इति** = यस्तो हुनाले, **अविषयत्वे** = विषय नै नभएमा, **ब्रह्मणः**= ब्रह्मको, **शास्त्रयोनित्वानुपपत्तिः**= शास्त्रप्रमाणकत्व छ भन्ने कुरा सिद्ध हुँदैन भनेर, **इति** = यस्तो, भन्छौ; **चेत्** = भने, **न** = त्यो ठीक छैन किनकि, **शास्त्रस्य** = शास्त्रको, **अविद्याकल्पितभेदनिवृत्तिपरत्वात्** = अज्ञानद्वारा कल्पित भएको भेद हटाउनु प्रमुख उद्देश्य भएकाले, **हि** = निश्चय, **शास्त्रम्** = शास्त्र, **इदंतया** = यो भन्ने प्रत्यक्ष किटानी रूपले, **विषयभूतम्** = विषय भएको, **ब्रह्म** = ब्रह्मलाई, **न प्रतिपिपादयिषति** = प्रतिपादन गर्न खोज्दैन, **किं तर्हि** = त्यसो भए के त भने, **अविषयतया**= विषयरूप नलिएर, **प्रत्यगात्मत्वेन** = कूटस्थ आत्माका रूपले, **प्रतिपादयत्** = प्रतिपादन गर्दो, **अविद्याकल्पितवेद्यवेदितृवेदनादिभावम्** = अज्ञानद्वारा कल्पित, जानिने, जान्ने र जान्नु इत्यादि रूपको त्रिपुटीभेदलाई, **अपनयति** = हटाउँछ, **तथा** = त्यस्तै, **यस्य** = जसको, **अमतम्** = मनन गरिएको छैन, **तस्य**= त्यसको, **मतम्** = मनन गरिएको छ, **यस्य** = जसको, **मतम्** = जानेको भनिएको छ, **सः** = त्यो पुरुष, **न वेद** = जान्दैन, **विजानताम्** = जान्ने भनेकाको, **अविज्ञातम्** = नजानिएको, **अविजानताम्** = नजान्नेहरूको, **विज्ञातम्** = जानिएको भन्ने, **इति च एवम् आदि**= यस्तो र इत्यादि पनि, **दृष्टेः** = दृष्टि इन्द्रियवृत्तिको, **द्रष्टारम्** = साक्षी आत्मालाई, **न पश्येः** = तिमी देख्न सक्दैनौं, **विज्ञातेः** = बुद्धिवृत्तिको, **विज्ञातारम्** = विज्ञाता साक्षीभूत आत्मालाई, **न विजानीयाः** = तिमी बुद्धिवृत्तिबाट जान्न सक्दैनौं, **इति च**= र यस्तो पनि, **एवम् आदि** = इत्यादि पनि, **शास्त्रम्** = शास्त्र छ, **अतः**= यसकारणबाट, **अविद्याकल्पितसंसारित्वनिवर्तनेन** = अज्ञानद्वारा कल्पित संसारीपनलाई हटाउनु रूप कार्यद्वारा, **नित्यमुक्तात्मस्वरूपसमर्पणात्** = नित्य र मुक्तरूपको आफ्नो आत्माको स्वरूप टक्र्याइ दिनाले, **मोक्षस्य** = मोक्षको, **अनित्यत्वदोषः** = अनित्यतारूपी दोष, **न** = छैन, हुँदैन ।

विशदीकरण

ब्रह्म र आत्माको एकताको विज्ञान संपदादिरूपको नभएबाट नै यो ब्रह्मविद्या पुरुषको क्रियारूप व्यापारको अधीन छैन र प्रत्यक्ष आदि प्रमाणबाट विषय गरिने वस्तुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान जस्तै वस्तुतन्त्र (स्वाधीन) छ । यस रूपको ब्रह्म र ब्रह्मविज्ञानलाई कुनै किसिमको तर्क वा प्रमाणबाट क्रियाविधिको शेषरूपले क्रियाको सम्बन्ध भएको भन्न पनि सकिंदैन । ब्रह्मलाई जान्दा जान्नुरूप क्रियाको कर्मरूपले ब्रह्म सम्बन्धित छ कि भन्न पनि सकिंदैन, किनकि त्यो ब्रह्म, ज्ञान र अज्ञान दुवैको विषयबाट अलग छ भन्ने श्रुतिको भनाइ छ ।

जुन ब्रह्म वाणीद्वारा प्रकाशित हुँदैन बरु जसबाट वाणी नै प्रकाशित हुन्छ भन्ने यस रूपको उठान गरेर त्यसैलाई तिमी ब्रह्म जान, तर जो उपासित हुन्छ त्यो ब्रह्म होइन भनेर श्रुतिबाट उपासना क्रियाको सम्बन्ध पनि निषेध गरेकाले ब्रह्म र उपासना क्रियाको उक्त सम्बन्ध पनि अनुचित नै हुन आउँछ । त्यसो भए त ब्रह्म शास्त्रको विषय कसरी हुन्छ र शास्त्रलाई ब्रह्मको विषयमा प्रमाण कसरी मान्ने ? भन्ने यस्तो शङ्का पनि हुन्छ ।

शङ्काको उत्तरमा भनिन्छ – शास्त्रले यो ब्रह्म भनेर किटानी गरेर विषयरूपमा ब्रह्म बुझाउने होइन, अपितु विषयरूप नलिएर कूटस्थ आत्मरूपले स्पष्ट ब्रह्मको प्रतिपादन गर्दै जसरी अज्ञानद्वारा भएको ज्ञाता, ज्ञान र ज्ञेयरूपको त्रिपुटीको भेदलाई पन्छाउँछ, त्यसरी नै जसले आत्माको मनन गरें र जानें भन्छ त्यसले गरेन र जानेन; जसले गरेन र जानेन, त्यसले गऱ्यो र जान्यो भनेर दृष्टिको पनि द्रष्टालाई देख्न सक्दैनौ र विज्ञानको पनि ज्ञातालाई जान्न सक्दैनौ इत्यादि रूपले श्रुतिहरूले पनि भनिरहेको हुँदा पूर्वोक्त शङ्का ठीक छैन । शास्त्रले अविद्याबाट कल्पित भएको म संसारी हूँ भन्ने अज्ञानलाई हटाउनुको साथै नित्य र मुक्तस्वभावको आफ्नो आत्मालाई साक्षात्कार गर्ने उपाय टक्र्याउने काम मात्र गर्ने हुनाले मोक्षमा अनित्यताको दोष छैन ।

शाङ्करभाष्यम्

यस्य तूत्पाद्यो मोक्षस्तस्य मानसं वाचिकं कायिकं वा कार्यमपेक्षत इति युक्तम् । तथा विकार्यत्वेऽपि च तयोः पक्षयोर्मोक्षस्य ध्रुवमनित्यत्वम् । नहि दध्यादि विकार्यमुत्पाद्यं वा घटादि नित्यं दृष्टं लोके । न चाप्यत्वेनापि कार्यापेक्षा, स्वात्मस्वरूपत्वे सत्यनाप्यत्वात् । स्वरूपव्यतिरिक्तत्वेऽपि ब्रह्मणोऽनाप्यत्वम्, सर्वगतत्वेन नित्याप्तस्वरूपत्वात् सर्वेण ब्रह्मणः, आकाशस्येव । नापि संस्कार्यो मोक्षः, येन व्यापारमपेक्षेत । संस्कारो हि नाम संस्कार्यस्य गुणाधानेन वा स्याद्दोषा–पनयनेन वा । न तावद् गुणाधानेन संभवति, अनाधेयातिशयब्रह्मस्वरूपत्वान्मोक्षस्य । नापि दोषापनयनेन, नित्यशुद्धब्रह्मस्वरूपत्वान्मोक्षस्य । स्वात्मधर्म एव संस्तिरोभूतो मोक्षः क्रिययात्मनि संस्क्रियमाणेऽभिव्यज्यते, यथादर्शे निघर्षणक्रियया संस्क्रियमाणे भास्वरत्वं धर्म इति चेन्न, क्रियाश्रयत्वानुपपत्तेरात्मनः ।

नेपालीभाषानुवाद

यस्य = जसको मतमा, **तु** = त, **मोक्षः** = मोक्ष, **उत्पाद्यः** = उत्पन्न गराइने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ; **तस्य**= त्यसको मतबाट, **मानसम्** = मनबाट भएको, **वाचिकम्** = वचनबाट भएको, **वा** = अथवा, **कायिकम्** = शरीरबाट भएको पनि, **कार्यम्** = क्रियालाई, **अपेक्षते** = अपेक्षते खोज्दछ भन्ने, **युक्तम्** = ठीक हो, **तथा** = त्यस्तै, **विकार्यत्वे**= विकारी मानेमा, **च** = पनि, **तयोः** = ती, **पक्षयोः** = दुवै पक्षमा, **मोक्षस्य** = मोक्षको, **ध्रुवम्** = निश्चितरूपले, **अनित्यत्वम्** = विनाशित्व हुन्छ, किनकि; **हि** = निश्चय, **विकार्यम्** = विकृत गराइने, **दध्यादि** = दही आदि वस्तु र, **उत्पाद्यम्** = उत्पन्न गराइने, **घटादि** = घटपट आदि पदार्थ, **च नित्यम्** = नित्य रूपको, **लोके**= लोकमा, **न दृष्टम्**= देखिएको छैन, **च** = फेरि मोक्षको, **आप्यत्वेन** = पाइने रूपको माने र, **अपि** = पनि, **कार्यापेक्षा** = क्रियाको अपेक्षा, **न** = हुन सक्दैन किनकि, **स्वात्मस्वरूपत्वे** = आफ्नै स्वरूप, **सति** = भएपछि, **अनाप्यत्वात्** = पाइने छुट्टै रूपको नहुनाले, **स्वरूपव्यतिरिक्तत्वे** = आफ्नो स्वरूप भन्दा अलग मानेमा, **अपि**= पनि, **ब्रह्मणः** = ब्रह्मको, **आकाशस्य** = आकाशको, **इव** = जस्तै, **सर्वगतत्वेन**= सबै ठाउँमा रहेको हुनाले, **सर्वेण** = सबैले, **नित्याप्तस्वरूपत्वात्**= सधैं प्राप्त भएको हुनाले, **मोक्षः** = मोक्ष, **संस्कार्यः** = संस्कार गरेर उपलब्ध हुने, **अपि** = पनि, **न** = होइन, **येन** = जुन संस्कार गरिने हुनाले, **व्यापारम्** = क्रियारूप व्यापारलाई, **अपेक्षेत** = खोजी गरोस्, **हि** = निश्चय, **संस्कारः नाम** = संस्कार भनेको, **संस्कार्यस्य** = संस्कार गरिने वस्तुको, **गुणाधानेन**= गुणको आधान गर्नाले, **स्यात्** = हुन सक्छ, **त** = अथवा, **दोषापनयनेन** = संस्कार्य वस्तुमा भएको दोष हटाउनाले, **वा** = पनि, **स्यात्** = हुन सक्छ, **तावत्** = ती दुई तहमा पहिले, **गुणाधानेन** = गुणको आधानले, **न संभवति** = हुनसक्दैन किनकि, **मोक्षस्य** = मोक्षको, **अनाधेयातिशयब्रह्मस्वरूपत्वात्** = आधान गरिने ठाउँ नभएको र निरतिशय ब्रह्मस्वरूप हुनाले, **दोषापनयनेन** = दोष हटाउनाले, **अपि** = पनि, **न** = मोक्ष संस्कार्य हुँदैन किनकि, **मोक्षस्य** = मोक्षको, **नित्यशुद्धब्रह्मस्वरूपत्वात्** = सधैं शुद्ध रहेको ब्रह्मस्वरूप हुनाले, **मोक्षः** = मोक्ष, **स्वात्मधर्मः** = आफ्नै आत्माको धर्म, **एव** = नै, **सन्** = भएको छँदो, **तिरोभूतः** = दोषद्वारा लुकेको, **क्रियया** = क्रियाद्वारा, **संस्क्रियमाणे** = संस्कार गरिएमा, **निघर्षणक्रियया** = घर्षण गर्नु र पुछनु आदि क्रियाद्वारा, **आदर्शे** = ऐनाको, **संस्क्रियमाणे** = संस्कार गरिएमा, **भास्वरत्वम्** = चमकरूप, **धर्मः** = धर्म, **यथा** = जस्तै, **अभिव्यज्यते** = त्यो मोक्ष प्रकट हुन्छ, गरिन्छ भनेर, **इति**= यस्तो, **चेत्** = भन्छौ भने, **आत्मनः** = आत्माको, **क्रियाश्रयत्वानुपपत्तेः** = क्रियाको आश्रय छ भन्ने कुरा सिद्ध हुन नसक्ने हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार गरिएको ऐनामा चमकरूप धर्म प्रकट भए जस्तै ब्रह्म प्रकट, **न** = हुँदैन ।

विशदीकरण

जसको मतमा मोक्ष उत्पन्न गराइने रूपको छ भनेर मानिन्छ, त्यस मतको पनि मन, वचन, कर्मद्वारा हुने क्रियालाई अपेक्षा राख्ने कुरा नै निष्कर्षमा ठहर्न आउँछ । मोक्षलाई त्यस रूपको वा विकारिरूपको मानेमा पनि ती दुवैपक्षमा मोक्षको निश्चित रूपले नै विनाशिता ठहर्न आउँछ । किनभने उत्पन्न गराइने घट पट आदि पदार्थ र विकृत गराइने दही आदि पदार्थ संसारमा नित्य हुन आएको देखिएको छैन । नपाइएको मोक्षलाई क्रियाद्वारा पाइने मानेर मोक्षका निमित्त क्रियाको अपेक्षा पनि रहन सक्दैन, किनभने मोक्ष नित्यप्राप्त आफ्नो स्वरूप नै हो र नयाँ पाउनुपर्ने (आप्य) रूपको ठहर्दैन ।

अर्को कुरा मोक्षलाई आफ्नो स्वरूपभन्दा अलग रूपको मानेमा पनि मोक्षरूप ब्रह्म सबैमा सधैं रहिरहेको हुनाले आकाश जस्तै नयाँ पाउनुपर्ने रूपको कदापि हुन सक्दैन । फेरि मोक्ष संस्कार गरिने रूपको पनि छैन, जसबाट क्रियारूप व्यापारको अपेक्षा हुन सकोस् । संस्कार भनिने वस्तु संस्कार गरिने वस्तुमाथि गुणको आधान गर्नाले हुन्छ अथवा संस्कार्य वस्तुमा रहेको दोषलाई हटाइदिएर हुन सक्दछ ।

ती दुई पक्षमध्ये गुणको आधान गर्ने रूपको संस्कार पनि मोक्षमा घट्न सक्दैन, किनकि आधान गरिने आधाररहित निरतिशय ब्रह्मरूपको मोक्ष हो । त्यस्तै मोक्ष सधैं शुद्ध रहिरहने ब्रह्म रूपको हुनाले त्यस मोक्षमा दोषापनयन (दोष हटाइ दिने) रूपको संस्कार पनि नै घट्न सक्दैन । मोक्ष त आफ्नो आत्माको धर्म नै हो, त्यो दोषद्वारा दबे, लुकेको हुन्छ र क्रियाद्वारा संस्कार गरेपछि ऐनामा दबे, लुकेको ऐनाको चमक घर्षण वा पूछपाछबाट फेरि निस्कन आए जस्तै मोक्ष पनि प्रकटरूपमा आउँछ भन्न पनि नितान्त असम्भव छ किनकि मोक्षरूप आत्मा क्रियाको आश्रयवाला छैन ।

शाङ्करभाष्यम्

यदाश्रया क्रिया तमविकुर्वती नैवात्मानं लभते । यद्यात्मा क्रियाया विक्रियेत, अनित्यत्वमात्मनः प्रसज्येत । 'अविकार्योऽयमुच्यते'(गी० २/२५) इति चैवमादीनि वाक्यानि बाध्येरन् । तच्चानिष्टम् । तस्मान्न स्वाश्रया क्रियात्मनः संभवति । अन्याश्रयायास्तु क्रियाया अविषयत्वान्न तयात्मा संस्क्रियते ।

नेपालीभाषानुवाद

यदाश्रया = जसको आश्रय गर्ने, **क्रिया**= क्रिया छ त्यो, **तम्** = त्यो आफ्नो आश्रय भएकोलाई, **अविकुर्वती** = विकृत नगर्दो, **आत्मानम्** = आफूलाई, **न एव लभते** = पाउँदैन नै, **आत्मा** = आत्मा, **यदि** = यदि, **क्रियया** = क्रियाले, **विक्रियेत**= विकृत हुन्छ भने, **आत्मनः**= आत्माको, **अनित्यत्वम्** = विनाशिता, **प्रसज्येत** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन आउला र, **अयम्** = यो आत्मा, **अविकार्यः** = विकृत हुन अयोग्य, **उच्यते** = भनिन्छ भन्ने, **इति च** = यस्तो र, **एवम् आदीनि** = इत्यादि गरिएका, **वाक्यानि** = वाक्यहरू, **बाध्येरन्** = बाधित हुनन्, **तत् च** = त्यो कुरा पनि, **अनिष्टम्** = मन नपर्दो र सिद्धान्तको विरुद्ध हो, **तस्मात्** = त्यसकारणबाट, **आत्मनः** = आत्माको, **स्वाश्रया** = आफूलाई आश्रय गर्ने, **क्रिया** = क्रिया, **न संभवति** = हुँदैन, **अन्याश्रयायाः** = आफू बाहेक अर्कोलाई आश्रय गर्ने, **क्रियायाः** = क्रियाको, **तु** = त, **अविषयत्वात्** = विषय नहुनाले, **तथा**= त्यस क्रियाले, **आत्मा** = आत्मा, **न संस्क्रियते** = संस्कार गरिन्न ।

विशदीकरण

क्रियाले जसको आश्रय गर्छ, त्यसमा विकार उत्पन्न नगराई क्रियाको क्रियापद आउँदैन । आत्मा यदि क्रियाद्वारा विकृत गरियो भने त आत्माको अनित्यता नै हुन आउला र 'आत्मा अविकारी हो' भन्ने वचनहरू पनि बाधित हुन आउलान् । बाधित हुने विषय सिद्धान्तको विपरीत हुन जान्छ र अनिष्ट हुन आउँछ । त्यसकारण आत्माको आफूलाई आश्रय गर्ने क्रिया हुनसक्दैन र अर्काको आश्रय गर्ने क्रियाले आत्माको संस्कार पनि हुनसक्दैन ।

शाङ्करभाष्यम्

ननु देहाश्रयया स्नानाचमनयज्ञोपवीतादिकया क्रियया देही संस्क्रियमाणो दृष्टः, न, देहादिसंहतस्यैवाविद्यागृहीतस्यात्मनः संस्क्रियमाणत्वात् । प्रत्यक्षं हि स्नानाचमनादेर्देहसमवायित्वम् । तया देहाश्रयया तत्संहत एव कश्चित्, अविद्यात्मत्वेन परिगृहीतः संस्क्रियत इति युक्तम् । यथा देहाश्रयचिकित्सानिमित्तेन धातुसाम्येन तत्संहतस्य तदभिमानिन आरोग्यफलम्, अहमरोग इति यत्र बुद्धिरुत्पद्यते । एवं स्नानाचमनयज्ञोपवीतादिना अहं शुद्धः संस्कृत इति यत्र बुद्धिरुत्पद्यते स संस्क्रियते ।

नेपालीभाषानुवाद

ननु = शङ्का, **देहाश्रयया** = देहलाई आश्रय गर्ने, **स्नानाचमनयज्ञोपवीतादिकया** = नुहाउनु, आचमन गर्नु र जनै लगाउनु आदि गरिएका, **क्रियया** = क्रियाले, **देही** = आत्मा, **संस्क्रियमाणः** = संस्कार गरिएको, **दृष्टः** = देखिएको छ भन्छौ भने, **न** = त्यो होइन, किनकि, **अविद्यागृहीतस्य** = अविद्याले समातिएको, **देहादिसंहतस्य** = देहसँग समवायसम्बन्धले रहेको, **आत्मनः** = आत्मा (आभास) चैतन्यको, **एव** = नै, **संस्क्रियमाणत्वात्** = संस्कार गरिने हुनाले, **स्नानाचमनादेः** = स्नान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचमन आदि क्रियाको, **देहसमवायित्वम्** = देहसँग समवाय भएको कुरा, **हि** = निश्चय नै, **प्रत्यक्षम्** = प्रत्यक्ष छ, **देहाश्रयया** = देहको आश्रय गर्ने, **तया** = त्यस, **क्रियया** = क्रियाले, **तत्संहतः** = त्यस देहसँग समवायी भएको, **एव** = नै, **अविद्यया**= अविद्याले, **आत्मत्वेन** = आत्मा (आभास) रूपले, **परिगृहीतः** = ग्रहण गरिएको, **कश्चित्** = कुनै आभास चैतन्य, **संस्क्रियते** = संस्कार गरिन्छ भन्ने, **इति** = यो नै, **युक्तम्** = ठीक छ, **यथा**= जस्तै, **देहाश्रयचिकित्सानिमित्तेन** = देहलाई आश्रय गर्ने जुन चिकित्सा र प्रक्रिया त्यसलाई निमित्त मानेर भएका, **धातुसाम्येन** = शरीरका धातुको समता अथवा बराबरी हुनुद्वारा, **तत्संहतस्य** = देहसमवायी, **तदभिमानिनः** = देहाभिमानवालाको, **आरोग्यफलम्** = आरोग्यरूप फल हुन्छ र, **अहम्** = म, **अरोगः** = निरोग छु भन्ने, **इति** = यस्तो, **यत्र** = जसमा, **बुद्धिः** = बुद्धि, **उत्पद्यते** = उत्पन्न हुन्छ, **एवम्** = यस प्रकार, **स्नानाचमनयज्ञोपवीतादिना**= स्नान, आचमन र यज्ञोपवीत आदिले, **अहम्** = म, **शुद्धः** = शुद्ध छु, **संस्कृतः** = संस्कार गरिएको छु भन्ने, **इति** = यस्तो, **यत्र** = जहाँ, **बुद्धिः** = बुद्धि, **उत्पद्यते** = उत्पन्न हुन्छ, **सः** = त्यो, **संस्क्रियते** = संस्कार गरिन्छ ।

विशदीकरण

शरीरलाई आश्रय गर्ने स्नान, आचमन, यज्ञोपवीतधारण आदि क्रियाद्वारा देहमा रहेका आत्माको संस्कार गरिने हुनाले आत्मरूप मोक्ष संस्कारयोग्य होइन भन्ने कुरा मनासिब हुँदैन भन्न पनि युक्तिसङ्गत हुँदैन । देहमा समवाय सम्बन्धले रहेको र अविद्याद्वारा ग्रहण गरिएको आभासचैतन्यमात्र स्नान आदि क्रियाद्वारा संस्कार गरिने हुन्छ ।

उदाहरणार्थ – शरीरमा रोग लागेका मानिसले शरीरलाई आश्रय गर्ने औषधिक्रियाद्वारा विकृत भएका वात, पित्त र कफ धातु समतामा ल्याएपछि त्यस देहको अभिमानी आभासचैतन्यले अविद्यावश म निरोग भएँ, म सञ्चै छु भनेर आफूलाई मान्दछ । त्यस्तै स्नान आदि क्रियाद्वारा पनि देहमा समवायसम्बन्धले रहेको आत्मा (आभासचैतन्य) संस्कृत हुन्छ । जसबाट म शुद्ध र संस्कृत भएँ भन्ने बुद्धि र त्यस बुद्धिका आधार तत्त्वको पनि संस्कार गरिन्छ ।

शाङ्करभाष्यम्

स च देहेन संहत एव । तेनैव ह्यहंकर्त्राऽहंप्रत्ययविषयिणा प्रत्ययिना सर्वाः क्रिया निर्वर्त्यन्ते । तत्फलं च स एवाश्नाति, **'तयोरन्यः पिप्पलं स्वाद्वत्ति, अनश्नन्नन्योऽभिचाकशीति'** (मुण्ड० ३/१/१) इति मन्त्रवर्णात् । **'आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः'** (काठ० १/३/४) इति च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेताः केवलो निर्गुणश्च ।।'
(श्वे. ६/११),

'स पर्यगाच्छुक्रमकायमव्रणमस्नाविरꣳशुद्धमपापविद्धम्' (ईशा० ८)

इति च । एतौ मन्त्रावनाधेयातिशयतां नित्यशुद्धताञ्च ब्रह्मणो दर्शयतः । ब्रह्मभावश्च मोक्षः । तस्मान्न संस्कार्योऽपि मोक्षः ।

नेपालीभाषानुवाद

सः = त्यो, **च** = पनि, **देहेन** = शरीरले, **संहतः** = समवायी, **एव** = नै हो, **अहंकर्ता** = अहंकार गर्ने, **अहंप्रत्ययविषयिणा** = म भन्ने प्रत्यय (ज्ञान) को विषय भएका, **प्रत्ययिना** = प्रतीतिवाला, ज्ञानरूप; **तेन** = त्यही देह समवायी चिदाभासले, **एव**= नै, **सर्वाः** = सबै, **क्रियाः**= क्रियाहरू, **निर्वर्त्यन्ते** = चलाइन्छन्, **तत्फलम्** = त्यो क्रियाको फल, **च** = पनि, **सः** = त्यही चिदाभास, **एव** = नै, **अश्नाति** = भोग्दछ, **तयोः** = ती दुईमध्ये मा, **अन्यः** = एक (जीवात्मा), **पिप्पलम्**= कर्मफल, **स्वादु** = मीठो रूपमा, **अत्ति** = खान्छ, भोग्दछ, **अन्यः** = अर्को (परमात्मा), **अनश्नन्** = कर्मफल नभोग्दो, **अभिचाकशीति** = प्रकाशमान छ, **इति** = यसो भन्ने, **मन्त्रवर्णात्** = मन्त्राक्षर हुनाले र, **आत्मेन्द्रियमनोयुक्तम्** = बुद्धि र इन्द्रियले युक्त चिदाभासलाई, **भोक्ता इति** = कर्मफल भोग्नेवाला भनेर, **मनीषिणः** = विद्वानहरू, **आहुः** = भन्दछन् भन्ने, **इति च** = यस्तो पनि हुनाले, **तथा** = त्यस्तै, **च**= फेरि, **एकः** = अद्वितीय, **देवः** = प्रकाशशील, **सर्वभूतेषु** = सबै प्राणीमा, **गूढः** = लुकेको, **सर्वव्यापी** = सबैमा व्यापक, **सर्वभूतान्तरात्मा** = सबै प्राणीको अन्तरात्मा, **कर्माध्यक्षः** = कर्मको फल दिने, **सर्वभूताधिवासः** = सबै प्राणीको वासस्थान, **साक्षी** = साक्षी (प्रत्येक स्थितिको जानकार), **चेताः** = चित् रूप वा चित्तमा स्फुरित, **केवलः** = असङ्गी, **च** = फेरि, **निर्गुणः** = गुणरहित भन्ने, **इति** = यो र, **सः** = त्यो परमात्मा, **पर्यगात्** = सबैतिर व्याप्त भएको छ, **शुक्रम्** = बाहिरी अशुद्धि नभएको, **अकायम्** = शरीररहित, **अव्रणम्** = छिद्र (प्वाल) रहित, **अस्नाविरम्**= नसाले रहित, **शुद्धम्** = शरीर लिने कारणरूप अविद्या नभएको, **अपापविद्धम्** = अविद्या लिनुपर्ने कारण नभएको भन्ने, **इति च** = यस्तो पनि हुनाले, **एतौ** = यी दुई, **मन्त्रौ** = मन्त्र, **अनाधेयातिशयताम्** = आधान गरिने ठाउँ नहुनुको अतिशयतालाई र, **नित्यशुद्धताम्** = नित्यशुद्धतालाई, **च** = पनि, **ब्रह्मणः**= ब्रह्मको, **दर्शयतः** = देखाउँछन्, **ब्रह्मभावः** = त्यही रूपको ब्रह्मभाव हुनु, **च** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि, **मोक्षः** = मोक्ष हो, **तस्मात्** = त्यसकारणबाट, **मोक्षः** = मोक्ष, **संस्कार्यः** = संस्कार गरिने रूपको, **न** = होइन ।

विशदीकरण

संस्कार गरिने तत्त्व पनि देहसित समवायसम्बन्धले रहेको चिदाभासनै हो । अहङ्कार गर्ने र म भन्ने प्रतीतिको विषय भएको त्यही ज्ञानरूप चिदाभासले नै सबै किसिमका क्रियाहरूको सम्पादन गर्दछ र त्यसबाट भएको असर आफूमा परेको सम्झन्छ । ती दुई आत्मामध्ये एक (जीव) कर्मफल भोग्दछ अर्थात् विषयको भोग गर्दछ र अर्को परमात्मा कर्मफल नभोगेर नै प्रकाशरूपमा रहन्छ भन्ने श्रुतिको भनाइअनुसार कर्मको फललाई पनि त्यसै चिदाभासले नै भोग गर्दछ । यसै अर्थलाई लिएर बुद्धिमान् जनहरू इन्द्रिययुक्त चिदाभासलाई भोक्ता भन्छन् भन्ने कुरा अर्को श्रुतिले पनि बताउँछ ।

पुनश्च अद्वितीय, प्रकाशशील, सबै प्राणीमा लुकेको, सर्वव्यापी, सबैको अन्तरात्मा, कर्मको फल दिने, सबै प्राणीको वासस्थान, सबै स्थितिको जानकार, चित्तमा स्फुरित हुने वा चित्स्वरूप, असङ्गी, गुणरहित, सबैमा पुगेको र बाहिरी अशुद्धि एवं भित्र अशुद्धि समेत नभएको भनेर यी दुवै मन्त्रले ब्रह्ममा कुनै प्रकारको संस्कारको अभाव र त्यो ब्रह्म सधैं शुद्ध हुनाले पनि संस्कार गर्न अयोग्य छ भनेर बताउँछन् । त्यसै ब्रह्मभावको प्राप्तिको नामनै मोक्ष हुनाले त्यो मोक्ष संस्कार गर्न कदापि योग्य छैन ।

शाङ्करभाष्यम्

अतोऽन्यन्मोक्षं प्रति क्रियानुप्रवेशद्वारं न शक्यं केनचिद् दर्शयितुम् । तस्माज्ज्ञानमेकं मुक्त्वा क्रियाया गन्धमात्रस्याप्यनुप्रवेश इह नोपपद्यते । ननु ज्ञानं नाम मानसी क्रिया । न, वैलक्षण्यात् । क्रिया हि नाम सा, यत्र वस्तुस्वरूपनिरपेक्षैव चोद्यते, पुरुषचित्तव्यापाराधीना च । यथा– **'यस्यै देवतायै हविर्गृहीतं स्यात् तां मनसा ध्यायेत्, वषट् करिष्यन्'** इति, **'सन्ध्यां मनसा ध्यायेत्'** (ऐ.ब्रा० ३/८/१) इति चैवमादिषु । ध्यानम्, चिन्तनम्, यद्यपि मानसम्, तथापि पुरुषेण कर्तुमकर्तुमन्यथा वा कर्तुं शक्यम्, पुरुषतन्त्रत्वात् । ज्ञानन्तु प्रमाणजन्यम्। प्रमाणं च यथाभूतवस्तुविषयमतो ज्ञानं कर्तुमकर्तुमन्यथा वा कर्तुमशक्यं केवलं वस्तुतन्त्रमेव तत्। न चोदनातन्त्रम् नापि पुरुषतन्त्रम् । तस्मान्मानसत्त्वेऽपि ज्ञानस्य महद्वैलक्षण्यम्।

नेपालीभाषानुवाद

अतः = यसकारणबाट वा यो बाहेक, **मोक्षं प्रति** = मोक्षका प्रति, **अन्यत्**= अर्को कुनै, **क्रियानुप्रवेशद्वारम्** = क्रियाको सम्बन्ध देखाउने बाटो, **केनचित्** = कसैले पनि, **दर्शयितुम्** = देखाउन, बताउन, **न शक्यम्** = सकिंदैन, **तस्मात्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारणबाट, **एवम्** = एउटा, **ज्ञानम्** = ज्ञानलाई, **मुक्त्वा** = छोडेर, **क्रियायाः** = क्रियाको, **गन्धमात्रस्य** = गन्धको मात्र, **अपि** = पनि, **अनुप्रवेशः** = सम्बन्ध, **इह**= यहाँ मोक्ष सम्बन्धमा, **न उपपद्यते** = हुन, घट्न सक्दैन, **ननु** = शङ्का हुन्छ, **ज्ञानं नाम** = ज्ञान भनेको पनि, **मानसी** = मनद्वारा हुने, **क्रिया** = क्रिया हो नि त भन्ने त्यो शङ्का, **न** = ठीक छैन किनकि, **वैलक्षण्यात्** = फरक हुनाले, **हि** = निश्चय नै, **क्रिया नाम** = क्रिया भनेको, **सा** = त्यो हो जो कि, **वस्तुस्वरूपनिरपेक्षा** = वस्तुको स्वरूपलाई अपेक्षा नगर्ने भएर, **एव** = नै, **चोद्यते** = प्रेरित गरिन्छ र, **पुरुषचित्तव्यापाराधीना** = पुरुषका चित्तको व्यापारको अधीन भएको, **च** = पनि, छ; **यथा** = जस्तै, **यस्यै** = जुन, **देवतायै** = देवताको निमित्त, **हविः** = हवि (यज्ञभाग), **गृहीतम्** = लिएको, **स्याद्** = होस्, **ताम्** = त्यस देवतालाई, **मनसा** = मनले, **वषट्करिष्यन्** = वषट्कार गर्दो छँदो, **ध्यायेत्** = ध्यान गरोस्, **सन्ध्याम्** = संध्यालाई, **मनसा** = मनले, **ध्यायेत्**= चिन्तन गरोस्, **इति च**= यस्तो पनि, **एवम् आदिषु** = इत्यादिमा छ र, **ध्यानम्** = ध्यान, **चिन्तनम्** = चिन्तन हो र, **यद्यपि** = हुन त, **मानसम्** = मनसम्बन्धी वा मनबाट हुने हो, **तथापि** = तापनि त्यो, **पुरुषेण**= पुरुषले, **कर्तुम्** = गर्न र, **अकर्तुम्** = नगर्न, **वा** = अथवा, **अन्यथाकर्तुम्** = अर्कै किसिमले गर्न, **शक्यम्** = सकिन्छ किनकि, **पुरुषतन्त्रत्वात्** = पुरुषतन्त्र अर्थात् पुरुषको अधीन हुनाले, **ज्ञानम्** = ज्ञान, **तु** = त, **प्रमाणजन्यम्** = प्रमाणद्वारा हुनेवाला छ, **प्रमाणम्** = प्रमाण, **च** = पनि, **यथाभूतवस्तुविषयम्**= जस्तो वस्तु छ, त्यसैलाई लक्ष्य गर्नेवाला छ र, **कर्तुम्** = गर्न, **अकर्तुम्**= नगर्न र, **वा**= अथवा, **अन्यथा कर्तुम्** = अर्कै किसिमले गर्न पनि, **अशक्यम्** = सकिंदैन, **केवलम्** = खालि, **तत्** = त्यो ज्ञान, **वस्तुतन्त्रम् एव** = वस्तुको अधीनमा नै छ, **चोदनातन्त्रम्**= चोदना (विधिरूप प्रेरणा) को अधीन, **न** = छैन, **पुरुषतन्त्रम्** = पुरुषको अधीन, **न** = छैन, **तस्मात्** = त्यसकारणबाट, **मानसत्वे** = मनको व्यापारबाट हुने भएमा, **अपि** = पनि, **ज्ञानस्य** = ज्ञानको, **महत्** = ठूलो, **वैलक्षण्यम्** = विलक्षणता छ ।

विशदीकरण

ज्ञान पनि मनको व्यापारबाट हुने क्रिया हुनाले क्रियाको मोक्षसँग सम्बन्ध किन छैन ? भन्ने प्रश्न गर्न पनि क्रिया र ज्ञानमा धेरै नै फरक हुनाले उचित हुँदैन । खासगरेर क्रिया त्यसलाई भनिन्छ जो कि वस्तुका स्वरूपको अपेक्षा नगरेर नै विधिरूपमा प्रेरित हुन्छ र पुरुषका चित्तका व्यापारको अधीनमा रहन्छ । जस्तै- 'जुन देवताका निमित्त हवि उठाइन्छ त्यस देवताको वषट्कार गर्दै ध्यान गरोस्, संध्यालाई मनले ध्यान गरोस्' इत्यादि विषय पनि श्रुतिद्वारा निर्दिष्ट छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसमा ध्यान भनेको चिन्तन हो र मनको व्यापारबाट हुने पनि हो, परन्तु त्यो ध्यान पुरुषको अधीन हुनाले त्यसलाई पुरुषले गर्न, नगर्न अथवा अर्कै किसिमले गर्न पनि सक्दछ । तर ज्ञान त्यस्तो छैन किनभने ज्ञान प्रमाणद्वारा हुन्छ र प्रमाणले पनि जस्तो वस्तु छ त्यसैलाई लक्षित गर्दछ । ज्ञान वस्तुको अधीनमा हुनाले त्यसलाई पुरुषले गर्न, नगर्न वा अर्को रूपले गर्न मिल्दैन, किनकि त्यो ज्ञान वस्तुको अधीनमा छ । पुनश्च त्यो ज्ञान विधिरूप प्रेरणाको र पुरुषको समेत अधीनमा छैन । यसै कारणबाट नै मनोव्यापारबाट हुने भनिए पनि ज्ञानमा ठूलो विलक्षणता छ ।

शाङ्करभाष्यम्

यथा च- **'पुरुषो वाव गौतमाग्निः, योषा वाव गौतमाग्निः'** (छान्दो० ५/७/१, ५/८/१) इत्यत्र योषित्पुरुषयोरग्निबुद्धिर्मानसी भवति, केवलचोदनाजन्यत्वात् क्रियैव सा पुरुषतन्त्रा च। या तु प्रसिद्धेऽग्नावग्निबुद्धिः, न सा चोदनातन्त्रा। नापि पुरुषतन्त्रा । किं तर्हि ? प्रत्यक्षविषयवस्तुतन्त्रैवेति ज्ञानमेवैतन्न क्रिया । एवं सर्वप्रमाणविषयवस्तुषु वेदितव्यम् । तत्रैवं सति यथाभूतब्रह्मात्मविषयमपि ज्ञानं न चोदनातन्त्रम् । तद्विषये लिङादयः श्रूयमाणा अप्यनियोज्यविषयत्वात् कुण्ठीभवन्ति, उपलादिषु प्रयुक्तक्षुरतैक्ष्ण्यादिवत्, अहेयानुपादेयवस्तुविषयत्वात् ।

नेपालीभाषानुवाद

यथा च = जस्तै कि, **वाव** = निश्चय, **पुरुषः** = पुरुष, **गौतम** = हे गौतम, **अग्निः** = अग्नि हो, **गौतम** = हे गौतम, **वाव** = निश्चय, **योषा** = स्त्री, **अग्निः** = अग्नि हो भन्ने, **इत्यत्र**= यहाँ, **योषित्पुरुषयोः** = स्त्री र पुरुषमा, **अग्निबुद्धिः** = अग्नि हो भन्ने बुद्धि, **मानसी** = मानस, **भवति** = हुन्छ, **सा**= त्यो बुद्धि, **केवलचोदनाजन्यत्वात्** = खालि विधिरूप प्रेरणाबाट भएकाले, **क्रिया एव** = क्रिया नै हो र, **पुरुषतन्त्रा च** = पुरुषको अधीन पनि हो, **या तु** = जुन, **प्रसिद्धे**= लोकमा प्रसिद्ध भएका, **अग्नौ** = अग्निमा, **अग्निबुद्धिः** = आगो हो भन्ने बुद्धि छ, **सा** = त्यो, **चोदनातन्त्रा** = विधिरूप प्रेरणाको अधीन, **न** = छैन, **पुरुषतन्त्रा** = पुरुषको अधीन, **अपि** = पनि, **न** = छैन, **तर्हि** = त्यसो भए, **किम्** = के हो, **प्रत्यक्षविषयवस्तुतन्त्रा**= प्रत्यक्ष प्रमाणको लक्ष्य भएको वस्तुको अधीन हो र, **एव**= नै, **एतत्** = यो प्रसिद्ध अग्निमा अग्निबुद्धि, **ज्ञानम् एव** = ज्ञान नै हो, **न क्रिया** = क्रिया होइन, **एवम्** = यस्तै, **सर्वप्रमाणविषयवस्तुषु** = सबै प्रमाणको लक्ष्य भएका वस्तुमा, **वेदितव्यम्** = जान्नु पर्दछ, **तत्र** = त्यहाँ, **एवम्** = यस्तो, **सति** = भएमा, **यथाभूतब्रह्मात्मविषयम्** = जस्तो छ त्यस्तै रूपको ब्रह्मरूप आत्मालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्य गर्ने, **ज्ञानम्** = ज्ञान, **अपि** = पनि, **चोदनातन्त्रम्** = विधिरूप प्रेरणाको अधीन, **न** = छैन, **तद्विषये** = त्यसको विषयमा, **श्रूयमाणाः** = सुनिएका, प्रयोग गरिएका; **अपि** = पनि, **लिङादयः** = लिङ् आदि लकारहरू, **अनियोज्यविषयत्वात्**= मैले यो गर्नुपर्छ भन्ने समझवालादेखि बाहेकलाई लक्ष्य गर्ने हुनाले, **उपलादिषु** = ढुङ्गो आदिमा, **प्रयुक्तक्षुरतैक्ष्ण्यादिवत्** = प्रयोग गरेका छुराको धार जस्तै, **कुण्ठीभवन्ति** = कुण्ठित हुन्छन् किनकि, **अहेयानुपादेयवस्तुविषयत्वात्** = आफ्नै स्वरूप भएका कारण लिनु र छोड्नु नभएको वस्तु विषय हुनाले ।

विशदीकरण

हे गौतम ! पुरुष अग्नि हो, स्त्री अग्नि हो भन्ने पञ्चाग्निविद्याको सिलसिलामा 'पुरुष अग्नि हो, स्त्री अग्नि हो' इत्यादि श्रुतिअनुसार पुरुष र स्त्रीमा जो अग्निबुद्धि हुन्छ, त्यो विधिरूप प्रेरणाजन्य भएकाले मानस भएपनि पुरुषको अधीनमा छ । फेरि जो प्रसिद्ध अग्निमा अग्निबुद्धि छ त्यो विधिरूप प्रेरणाबाट भएको होइन र पुरुषको अधीन पनि छैन। त्यो अग्निबुद्धि प्रत्यक्ष प्रमाणको लक्ष्य भएको वस्तुका अधीनमा छ । त्यसकारण त्यो ज्ञान नै हो क्रिया होइन । यसै प्रकारले अरू अरू सबै प्रमाणको विषय भएका वस्तुहरूमा समेत जान्नु पर्दछ ।

त्यसरी नै आफू जस्तो छ त्यस्तै रूपको ब्रह्मस्वरूप आत्मालाई लक्ष्य गर्ने ज्ञान पनि विधिरूप प्रेरणाको अधीनमा छैन । त्यस विषयमा सुनिएका वा प्रयोग गरिएका लिङ् आदि लकारहरू पनि मैले यो गर्नुपर्छ भन्ने समझवाला व्यक्तिदेखि बाहेकका लाई लक्ष्य गर्ने भएकाले ढुङ्गामा प्रहार गरिएको छुराको धार जस्तै कुण्ठित भएर फर्कन्छन् । वस्तुतः विधि भनेको कृतिसाध्य (प्रयत्नबाट सिद्ध गरिने) र मैले यो गर्नुछ भन्ने जानकारी भएको (नियोज्य) लाई लक्ष्य गरेर प्रेरणा गर्ने हुन्छन् । ज्ञान कृतिसाध्य र नियोज्यलाई लक्ष्य गर्ने समेत नभएको हुँदा विधि लिनु र छोड्नुमा मात्र लागू हुनाले आफ्नो आत्मरूप ब्रह्ममा लिनु र छोड्नु दुवै नहुनाले ब्रह्मस्वरूपको ज्ञानको विषयमा विधि लागू हुन सक्दैन ।

शाङ्करभाष्यम्

किमर्थानि तर्हि ? '**आत्मा वारे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः**' इत्यादीनि विधिच्छायानि वचनानि । स्वाभाविकप्रवृत्तिविषयविमुखीकरणार्थानीति ब्रूमः। यो हि बहिर्मुखः प्रवर्तते पुरुष इष्टं मे भूयादनिष्टं मा भूदिति न च तत्रात्यन्तिकं पुरुषार्थं लभते । तमात्यन्तिकपुरुषार्थवाञ्छिनं स्वाभाविककार्यकरणसङ्घातप्रवृत्तिगोचराद् विमुखीकृत्य प्रत्यगात्मस्रोतस्तया प्रवर्तयन्ति– '**आत्मा वारे द्रष्टव्यः**' इत्यादीनि । तस्यात्मान्वेषणाय प्रवृत्तस्याहेयमनुपादेयं चात्मतत्त्वमुपदिश्यते । '**इदं सर्वं यदयमात्मा**' (बृह० २/४/६) '**यत्र त्वस्य सर्वमात्मैवा-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूत्तत्केन कं पश्येत् केन कं विजानीयात्, विज्ञातारमरे केन विजानीयात्' (बृह० ४/५/१५), **'अयमात्मा ब्रह्म'** (बृह० २/५/१९) इत्यादिभिः । यदप्यकर्तव्यप्रधानमात्मज्ञानं हानायोपादानाय वा न भवतीति, तत्तथैवेत्यभ्युपगम्यते । अलङ्कारो ह्ययमस्माकं यद् ब्रह्मात्मावगतौ सर्वकर्तव्यताहानिः कृतकृत्यता चेति। तथा च श्रुतिः **'आत्मानं चेद् विजानीयादयमस्मीति पूरुषः किमिच्छन् कस्य कामाय शरीरमनुसञ्ज्वरेत्'** (बृह० ४/४/१२) **'एतद् बुद्ध्वा बुद्धिमान् स्यात् कृतकृत्यश्च भारत !'** (गीता. १५/२०) इति स्मृतिः । तस्मान्न प्रतिपत्तिविधिविषयतया ब्रह्मणः समर्पणम् ।

नेपालीभाषानुवाद

अरे = हे मैत्रेयी, **वा** = निश्चय, **आत्मा** = आत्मा, **द्रष्टव्यः** = देख्नु (प्रत्यक्ष गर्नु) योग्य छ, **श्रोतव्यः** = सुन्नु योग्य छ, **मन्तव्यः** = मनन योग्य छ, **निदिध्यासितव्यः** = निदिध्यासन गर्न योग्य छ भन्ने, **इत्यादीनि** = इत्यादि गरिएका, **विधिच्छायानि** = प्रसिद्ध भएका याग आदि विधि जस्ता, **वचनानि** = श्रुतिवचनहरू, **तर्हि** = त्यसो भए, **किमर्थानि** = के का निमित्त हुन्, **स्वाभाविकप्रवृत्तिविषयविमुखीकरणार्थानि** = स्वभावैले प्रवृत्ति भइरहने विषयबाट फर्काउनका निमित्त छन् भन्ने, **इति** = यस्तो, **ब्रूमः** = भन्दछौं, **हि** = निश्चय, **यः** = जुन, **पुरुषः** = पुरुष, **मे** = मेरो, मलाई, **इष्टम्**= चाहेको कुरा, **भूयात्** = भइरहोस्, **अनिष्टम्** = नचाहेको कुरा, **मा भूत्** = नहोस् भन्ने, **इति** = यस विचारले, **बहिर्मुखः** = बाहिरी विषयतिर फर्केको छँदो, **प्रवर्तते** = प्रवृत्त हुन्छ र, **तत्र** = त्यो प्रवृत्त भएको विषयमा, **आत्यन्तिकम्** = जसदेखि पर अर्को छैन त्यस्तो पछिल्लो, **पुरुषार्थम्** = पुरुषार्थ (मोक्षरूप), **च** = पनि, **न लभते** = पाउँदैन, **आत्यन्तिकपुरुषार्थवाञ्छिनम्** = त्यस्तो पछिल्लो पुरुषार्थ चाहने, **तम्** = त्यो पुरुषलाई, **स्वाभाविककार्यकरणसङ्घातप्रवृत्तिगोचरात्**= स्वभावैले भएको कार्य र करणको समूहमा प्रवृत्तिको गोचर(विषय)बाट, **विमुखीकृत्य** = फर्काएर, **प्रत्यगात्मस्रोतस्तया** = कूटस्थ आत्मातर्फ चित्तवृत्तिको प्रवाह लाग्ने गरी, **अरे** = हे मैत्रेयि, **वा** = निश्चय, **आत्मा** = आफ्नो आत्मा, **द्रष्टव्यः** = देख्नु-योग्य छ भन्ने, **इत्यादीनि** = इत्यादि वाक्यहरूले, **प्रवर्तयन्ति** = प्रवृत्त गराउँछन् (लगाउँछन्) अनि, **आत्मान्वेषणाय** = त्यस कूटस्थ आत्माको खोज्नलाई, **प्रवृत्तस्य**= लागेका, **तस्य** = त्यस पुरुषको निमित्त, **अहेयम्** = आफ्नो स्वरूपै हुनाले छोड्न नमिल्ने, **अनुपादेयम्** = आफ्नै रूपमा प्राप्त हुनाले नयाँ लिन नपर्ने रूपको, **आत्मतत्त्वम्** = आफ्नोआत्माको यर्थार्थपन, **च**= पनि, **इदम्** = यो, **सर्वम्** = सबै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत् = जे पनि छ त्यो, **अयम्** = यो, **आत्मा** = आत्मा हो, **यत्र तु** = जहाँ त, **अस्य** = आत्मालाई जान्ने पुरुषको, **सर्वम्** = सबै, **आत्मा एव** = आत्मा नै, **अभूत्** = भयो भने, **तत्** = त्यो, **केन** = केद्वारा, **कम्** = कसलाई, **पश्येत्** = देखोस्, **केन** = केद्वारा, **कम्** = कसलाई, **विजानीयात्** = जानोस्, **अरे** = सम्बोधन, **विज्ञातारम्** = जान्नेलाई, **केन** = केद्वारा, **विजानीयात्** = जानोस्, **अयम्** = यही कूटस्थ, **आत्मा** = आत्मा, **ब्रह्म** = ब्रह्म हो भन्ने, **इत्यादिभिः** = इत्यादि श्रुतिहरूद्वारा, **उपदिश्यते** = उपदेश गरिन्छ, **यद्यपि** = जो कि, **अकर्तव्यप्रधानम्** = कर्तव्य प्रधान नभएको, **आत्मज्ञानम्** = आत्मज्ञान हो र त्यो, **हानाय वा** = निषेधविधिरूपले छोडनलाई र अथवा, **उपादानाय** = कर्तव्यविधिरूपले लिनलाई पनि, न **भवति** = युक्त हुँदैन भन्ने, **इति** = यस्तो जो मीमांसकहरू मान्दछौ, **तत्** = त्यो कुरा त, **तथा एव इति** = ठीकै छ यस्तो, **अभ्युपगम्यते** = हामीहरूले मान्दछौं, **हि** = निश्चय, **अयम्** = यो, **अस्माकम्** = हामी ब्रह्मवादीका निमित्त, **अलङ्कारः** = गहना जस्तै शोभा दिने कुरा हो, **यत्** = जोकि, **ब्रह्मात्मावगतौ** = ब्रह्मरूप आफ्नो आत्मालाई जानेमा, **सर्वकर्तव्यताहानिः** = सबै किसिमको कर्तव्यको हानि (त्याग) र, **च** = फेरि, **कृतकृत्यता** = गर्नुपर्ने जति सबै स्वतः भएको, गरेको भन्ने, **इति** = यस्तो, **तथा च** = त्यस्तै रूपको, **श्रुतिः च** = श्रुति पनि छ, **पूरुषः** = पुरुष, **अयम्** = यो यसरूपको, **अस्मि** = म छु, हूँ भनेर, **इति** = यस रूपले, **आत्मानम्** = आफूलाई, **विजानीयात्** = जान्दछ, **चेत्** = भने, **किमिच्छन्** = के चाहँदो, **कस्य** = कसको, **कामाय** = इच्छाविषय निमित्त, **शरीरम्** = शरीरलाई, **अनुसञ्ज्वरेत्** = तपाउला, सन्तप्त बनाउला भन्ने, **इति** = यस्तो र, **एतत्** = यो आत्मतत्त्वलाई, **बुद्ध्वा** = जानेर, **भारत** = हे भरतवंशी (अर्जुन), **बुद्धिमान्** = प्रतिष्ठित बुद्धिवाला र, **कृतकृत्यः** = गर्नुपर्ने जति गरेको, **च** = पनि पुरुष, **स्यात्** = हुन्छ, हुनसक्छ भन्ने, **इति** = यस्तो, **स्मृतिः** = गीतारूप स्मृति छ, **तस्मात्** = त्यसकारणबाट, **प्रतिपत्तिविधिविषयतया** = प्रतिपत्तिविधिको शेष विषयरूपले, **ब्रह्मणः** = ब्रह्मको, **समर्पणम्** = समर्पण गरेको (बताएको हुनु), **न** = होइन ।

विशदीकरण

कुनै कर्तव्यविधिको सम्बन्ध नभएर नै ब्रह्म शास्त्रप्रमाणक हो भनेर मान्ने हो भने 'आत्मा देख्नु योग्य, सुन्नु योग्य छ' इत्यादि मुख्य यागविधि जस्तै प्रतीत हुने श्रुतिवचनहरू कुन उद्देश्यले प्रयुक्त भएर के देखाउँछन् भन्ने सम्बन्धमा उत्तर दिन्छौं – ती वाक्यहरू खास विधि वा कर्तव्यविधिको शेषरूपले आत्मप्रतिपादन गरेर प्राणीहरूको स्वभावैले हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयतर्फको प्रवृत्तिलाई मोडेर आत्मातर्फ फर्काउने मात्र हुन् ।

जुनसुकै पुरुष पनि मैले भने जस्तो होस् र नचाहेको नहोस् भनेर बाहिरी विषयतर्फ दौडिरहेको हुन्छ, तापनि उसले चाहेको हुनसक्दैन । त्यस्तो आत्यन्तिक कल्याण चाहिरहने पुरुषको स्वभावैले विषयतर्फ भइरहेको चित्तवृत्तिको प्रवाहलाई आत्मातर्फ प्रवाहित गराउँदै जे छ त्यो सबै आत्मा मात्र हो भनेर बताएपछि त्यो आत्मा कस्तो होला ? यस्तो जिज्ञासा भएमा त्यसको खोज निमित्त लागेको पुरुषलाई लिनु र छोड्नु दुवै तहबाट अलग भएको त्यो आत्मतत्त्व प्रष्ट्याउँदा 'जब यो संसारै आफ्नो आत्मरूप छ अनि उसले के द्वारा, कसलाई देख्ने, कसलाई जान्ने र सबैलाई जान्नेलाई के ले कसरी जान्ने, जो जानिने तत्त्व हो त्यो तिम्रो आत्मा हो, त्यही ब्रह्म हो' भन्ने यस्तो श्रुतिद्वारा उपदेश गरिन्छ ।

हुन त पूर्वमीमांसाका वेत्ताहरू लिनु छोडनु रूपको आत्मविज्ञानको कुनै मतलब छैन, किनकि कि त कुनै लिनु योग्यतर्फ लाग्नुपर्छ, कि त कुनै निषिद्धवस्तुलाई छाड्नेतर्फ नै लाग्नु पर्दछ । यी दुवै कुरा नभएको र कर्तव्यविधि प्रधान नभएको वस्तुतर्फ किन लाग्नु र शास्त्रको त्यसतर्फ लक्ष्य पनि हुनु हुँदैन इत्यादि कुरा जो भन्दछन् त्यो त हामी ब्रह्मवादी उत्तरकाण्डका वेत्ताहरूले पनि ठीकै हो भन्छौं । किनभने लिनु र छोड्नु रूप दुवै तह नभएको ब्रह्मरूप आत्मालाई जाने चिनेपछि मात्र नै संसारमा पुरुषको सबै गर्नुपर्ने कर्तव्यको समाप्ति हुन्छ । त्यसपछि मात्र पुरुष कृतकृत्य हुनसक्दछ र त्यही हुनु नै परम पुरुषार्थ र हामी ब्रह्मवादीको लागि सुहाउँदो भूषण पनि हो ।

आफ्नो आत्मालाई म यस रूपको रहेछु वा हूँ भन्ने जानिसकेपछि कर्तव्यशेष केही पनि बाँकी नरहने हुनाले त्यस अवस्थामा पुगेका पुरुषले के चाहना गर्ला र कसका निमित्त मनमा भुटोलिएर संताप र दुःख बेसाउला भनेर श्रुतिले भनेको छ र यो आत्मा जानेपछि पुरुष कृतकृत्य र प्रतिष्ठित प्रज्ञावाला हुन्छ भनेर गीतारूप स्मृतिले पनि भनिरहेकै छ । यी सबै श्रुति, स्मृति र युक्तिको सङ्कलनबाट यही सिद्ध हुन्छ कि कर्तव्यविधि वा त्यसको शेषरूपमा शास्त्रले ब्रह्म प्रतिपादन गरिएको छैन प्रत्युत ब्रह्मपरक भएर नै प्रतिपादन गरिएको छ ।

शाङ्करभाष्यम्

यदपि केचिदाहुः – '**प्रवृत्तिनिवृत्तिविधितच्छेषव्यतिरेकेण केवलवस्तुवादी वेदभागो नास्ति**' इति तन्न, औपनिषदस्य पुरुषस्यानन्यशेषत्वात् । योऽसावुपनिषत्स्वेवाधिगतः पुरुषोऽसंसारी ब्रह्म, उत्पाद्यादिचतुर्विधद्रव्यविलक्षणः स्वप्रकरणस्थोऽनन्यशेषः, नासौ नास्ति नाधिगम्यत इति वा वदितुं शक्यम्, '**स एष नेति नेत्यात्मा**' (बृह० ३/९/२६) इत्यात्मशब्दात् । आत्मनश्च प्रत्याख्यातुमशक्यत्वात्, य एव निराकर्ता तस्यैवात्मत्वात् । नन्वात्माहंप्रत्ययविषयत्वादुपनिषत्स्वेव विज्ञायत इत्यनुपपन्नम् । न, तत्साक्षित्वेन प्रत्युक्तत्वात् । न ह्यहंप्रत्ययविषय–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्तृव्यतिरेकेण तंत्साक्षी सर्वभूतस्थः सम एकः कूटस्थो नित्यः पुरुषो विधिकाण्डे तर्कसमये वा केनचिदधिगतः सर्वस्यात्मा, अतः स न केनचित् प्रत्याख्यातुं शक्यो विधिशेषत्वं वा नेतुम्, आत्मत्वादेव च सर्वेषां न हेयो नाप्युपादेयः ।

नेपालीभाषानुवाद

यदपि = जो कि, **केचित्** = केही (मीमांसक), **प्रवृत्तिनिवृत्तिविधितच्छेष-व्यतिरेकेण** = प्रवृत्ति र निवृत्तिरूपको विधि र त्यसको शेष बाहेक, **केवलवस्तुवादी**= खालिवस्तुमात्र बताउने, **वेदभागः** = वेदको एक अंश पनि, **न अस्ति** = छैन भन्ने, **इति** = यस्तो, **आहुः** = भन्दछन्, **तत्** = त्यो कुरा, **न** = ठीक छैन, **औपनिषदस्य**= उपनिषद्बाट जानिने, **पुरुषस्य** = आत्मारूप पुरुषको, **अनन्यशेषत्वात्** = कसैको शेष नहुनाले, **यः** = जुन, **असौ** = यो, **उपनिषत्सु** = उपनिषद्हरूमा, **एव** = नै, **अधिगतः** = पाइएको, जानिएको, **असंसारी** = संसारी नभएको, **पुरुषः** = पुरुष, **ब्रह्म** = ब्रह्म, **उत्पाद्यादिचतुर्विधद्रव्यविलक्षणः** = उत्पाद्य, विकार्य, आप्य, संस्कार्य यी ४ प्रकारका द्रव्यदेखि फरक, **स्वप्रकरणस्थः** = आफ्नै उत्तर प्रकरणमा रहेको, **अनन्यशेषः**= कसैको शेष नभएको छ र, **असौ** = यो आत्मा तथा ब्रह्म, **न अस्ति**= छैन भन्ने र, **न अधिगम्यते** = पाइन्न, भेटाइन्न भन्ने समेत, **इति** = यस्तो, **वदितुम्** = भन्न, **न शक्यम्** = सकिन्न, **न इति न इति** = यो होइन, यो होइन भनेर निषेध गर्ने वा निषेध पछिको, **स एषः** = त्यो यो, **आत्मा** = आत्मा हो भन्ने, **इति**= यो श्रुतिमा, **आत्मशब्दात्** = आत्म शब्दले भनिएकोबाट, **आत्मनः** = आत्माको, **च** = पनि, **प्रत्याख्यातुम्** = खण्डन गर्न, **अशक्यत्वात्** = नसकिने हुनाले, **यः एव** = जुन नै, **निराकर्ता** = खण्डन गर्ने वाला छ, **तस्यैव** = त्यसैको नै, त्यो नै; **आत्मत्वात्** = आत्मा हुनाले, **ननु** = शङ्का, **आत्मा** = आत्मा, **अहंप्रत्ययविषयत्वात्** = म भन्ने प्रतीतिद्वारा लक्ष्य गरिने हुनाले, **उपनिषत्सु** = उपनिषद्मा, **एव** = मात्र, **विज्ञायते इति** = जानिन्छ भन्ने, यो; **अनुपपन्नम्** = सिद्ध छैन, हुन्न भन्ने; **न** = हुँदैन, किनकि; **तत्साक्षित्वेन** = त्यो म भन्ने प्रतीतिको लक्ष्यको पनि साक्षीरूपले, **प्रत्युक्तत्वात्** = उपनिषद्मा बताइएकोले, **हि** = निश्चय, **अहंप्रत्ययविषयकर्तृव्यतिरेकेण** = म भन्ने प्रतीतिको लक्ष्य भएको कर्ता बाहेक, **तत्साक्षी**= त्यसको साक्षी भएको, **सर्वभूतस्थः**= सबै प्राणीमा रहेको, **समः** = सम, **एकः** = एउटा, **कूटस्थनित्यः** = कूटस्थरूपले नित्य भएको, **पुरुषः** = आत्मरूप पुरुष, **विधिकाण्डे वा** = कर्मकाण्डमा र अथवा, **तर्कसमये** = तर्कको मन्तव्यमा, **सर्वस्व** = सबैको, **आत्मा** = आत्मरूप त्यो, **केनचित्** = कसैले, **अधिगतः न** = भेटे, जानेको छैन, **अतः** = यसकारणबाट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सः = त्यो साक्षीरूप आत्मा, **केनचित्** = कसैले, **प्रत्याख्यातुम्** = खण्डन गर्न र, **वा** = अथवा, **विधिशेषत्वम्** = कर्तव्य विधिको शेष रूपमा, **नेतुम्** = लैजान, **न शक्यम्** = सकिंदैन, **सर्वेषाम्** = सबैको, **आत्मत्वात्** = आत्मा हुनाले, **एव** = नै, **हेयः** = छोड्न सकिने, **न** = छैन र, **उपादेयः** = नयाँ रूपमा लिन सकिने, **अपि** = पनि, **न** = छैन ।

विशदीकरण

अर्काथरी कुनै मीमांसकहरू भन्दछन्- प्रवृत्ति र निवृत्ति तथा ती दुईको शेषदेखि बाहेक अरू खालि वस्तुमात्र बताउने वेदको एकभाग पनि छैन, परन्तु त्यो कुरा हुन सक्दैन। किनभने उपनिषद्बाट जानिने वा बताइने आत्मारूपी पुरुष अरू कसैको शेषरूप हुनै नसक्ने छ । फेरि उपनिषद्बाट मात्र जानिने संसाररहित आत्मरूप ब्रह्म जो कि उत्पन्न गरिने, विकृत हुने, नौलोरूपमा प्राप्त गर्न सकिने र संस्कार गरिने यी चारै किसिमका वस्तुभन्दा फरक छ ।

पूर्वमीमांसाद्वारा प्रतिपाद्य कुनै विधिको शेष नभएर खास आफ्नो उपनिषद्रूपी उत्तरप्रकरणमा मात्र त्यो आत्मरूप ब्रह्म प्रतिपादित हुन्छ र अरूको शेष भन्न सकिंदैन । त्यो आत्मस्वरूप ब्रह्मलाई कसैले- छैन, चिनिदैन र जानिदैन भन्न सक्दैन । श्रुतिले जानिने (ज्ञेय) वस्तु जतिलाई त्यो होइन, यो होइन भन्दै अन्तिममा सबैको ज्ञातालाई आत्मशब्दले उल्लेख गरेको देखिनाले आत्मालाई होइन, छैन भनेर खण्डन गर्नै नमिल्ने हुन्छ, किनभने अरू सबै (ज्ञेयमात्र) को खण्डन गर्ने जुन हो, त्यही नै आत्मा हो ।

पुनश्च आत्मा म भन्ने प्रतीतिको लक्ष्य हुनाले त्यो उपनिषद्मा नै जानिने हुन्छ भन्न अनुचित हुन्छ, भन्न पनि सकिंदैन र ठीक पनि हुँदैन । किनकि आत्मा म भन्ने प्रतीतिको लक्ष्य भएका जीवचैतन्यको पनि साक्षी र सम्पूर्ण अवस्थाको जानकार छ भनेर उपनिषद्ले बताएका छन् । वास्तवमा पूर्वकाण्ड वा कुनै तर्कशास्त्रमा म भन्ने प्रतीतिको लक्ष्य भएको कर्ताबाहेक त्यसको साक्षी र सबै प्राणीमा समरूप भई कूटस्थ रूपले रहेको नित्य आत्मालाई लक्ष्य गरेको र देखाएको पाइदैन । त्यसरूपको आत्मप्रतिपादन गर्नमा त उपनिषद्रूप उत्तरप्रकरण नै चरितार्थ हुन्छ । त्यस रूपको आत्मालाई खण्डन गर्न र कुनै विधिको शेष रूपमा लैजान समेत सकिंदैन । पुनश्च त्यो आत्मा सबैको आत्मा हुनाले त्यसलाई छोड्न, लिन र नौलोरूपमा परिवर्तित गर्न सकिंदैन ।

शाङ्करभाष्यम्

सर्वं हि विनश्यद् विकारजातं पुरुषान्तं विनश्यति । पुरुषो विनाशहेत्वभावाद-विनाशी, विक्रियाहेत्वभावाच्च कूटस्थनित्यः, अत एव नित्यशुद्धबुद्धमुक्तस्वभावः। तस्मात् **'पुरुषान्नपरं किञ्चित् सा काष्ठा सा परागतिः'** (काठ. १/३/११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'तं त्वौपनिषदं पुरुषं पृच्छामि' (बृह. ३/९/२६) इति चौपनिषदत्वविशेषणं पुरुषस्योपनिषत्सु प्राधान्येन प्रकाश्यमानत्वमुपपद्यते। अतो भूतवस्तुपरो वेदभागो नास्तीति वचनं साहसमात्रम् ।

नेपालीभाषानुवाद

हि = निश्चय, **विनश्यद्** = विनाश हुँदो, **सर्वम्** = सबै, **विकारजातम्** = विकार (सृष्टि) को समूह, **पुरुषान्तम्** = पुरुष (आत्मा) सम्म, **विनश्यति** = नाश हुन्छ, **पुरुषः** = पुरुष त, **विनाशहेत्वभावात्** = विनाशको कारण नहुनाले, **अविनाशी**= नाश नहुने छ, **विक्रियाहेत्वभावात्** = विकारको कारण नहुनाले, **कूटस्थनित्यः** = कूट (कामीको लिही 'फलामको घन' जस्तै) निर्विकार, नित्य छ, **अत एव** = यसकारणबाट नै, **नित्यशुद्धबुद्धमुक्तस्वभावः** = नित्य, शुद्ध, बोधरूप र मुक्तस्व-भाववाला छ, **तस्मात्** = त्यसकारणबाट, **पुरुषात्** = आत्मारूपी पुरुषभन्दा, **परम्**= पर अथवा श्रेष्ठ अर्को, **किञ्चित्** = केही, **न** = छैन, **सा** = त्यही, **काष्ठा** = पुग्नुपर्ने दिशा हो, **सा** = त्यही, **परा** = श्रेष्ठ, **गतिः** = गति हो, **त्वा** = तपाईंलाई, **तम्** = त्यो, **औपनिषदम्**= उपनिषद्बाट जानिने वा उपनिषत्प्रकरणमा भएको, **पुरुषम्** = आत्मारूप पुरुषलाई वा उसको सम्बन्धमा, **पृच्छामि** = सोद्धछु भन्ने, **इति च** = यस्तो पनि, **पुरुषस्य** = आत्माको, **औपनिषदत्वविशेषणम्** = औपनिषद भन्ने विशेषण दिनु, **उपनिषत्सु** = उपनिषदहरूमा, **प्राधान्येन** = प्रधानरूपले, **प्रकाश्यमानत्वे** = प्रकाश गरिने भएमा मात्र, **उपपद्यते** = ठीक हुनसक्दछ, **अतः** = यसकारणबाट, **भूतवस्तुपरः**= सिद्धवस्तुमा लक्ष्य राखेको, **वेदभागः** = वेदको एक अंश पनि, **नास्ति** = छैन भन्ने, **वचनम्** = वचन, **साहसमात्रम्** = कोरा साहस हो ।

विशदीकरणम्

सम्पूर्ण सृष्टिरूप विकार जति नाश हुँदै जाँदा आत्मामात्र बाँकी रहेर अरू सबै नाश हुन्छ । आत्माको विनाश हुने कारणहरू नभएकाले आत्मा अविनाशी छ । किनभने विनाश हुनाका चारैमात्र कारण छन्- काटिनु, भिज्नु, सुक्नु र पोलिनु । अरू बाहिरी रूपमा जतिसुकै कारण किन नदेखिऊन् परिणाममा यिनै चारमध्येको कुनै कारणबाट मात्र विनाश (मृत्यु) हुन्छ, अन्यथा हुँदैन । यी चार कारण अवयव भएमा मात्र घट्न सक्छन् । आत्मा निरवयव छ र यी चार कारण उसमा प्रयुक्त हुन सर्वथा असम्भव हुनाले नै आत्माको विनाश (मृत्यु) हुँदैन र आत्मा अविनाशी छ । आत्मा निरवयव हुनाले नै विकृत हुँदैन र कूटस्थरूप (कामीका आरनमा गाडेको लिही, जो कि आफू जस्ताको तस्तै रहेर अरूलाई आफ्नो आधारमा हंसिया, खुकुरी, चक्कु, सियो आदिको रूपमा परिणत गर्दछ, जस्तै) नित्य र अविकृत छ इत्यादि श्रुतिवाक्यहरूबाट त्यो आत्मा नित्य, शुद्ध, बोधात्मा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तस्वभावको छ भन्ने सिद्ध हुन्छ ।

वस्तुतः आत्माभन्दा पर अथवा श्रेष्ठ केही छैन र साधकले अपनाउनु पर्ने दिशा, विश्रामस्थान र श्रेष्ठगति त्यही हो । 'तपाईंसँग त्यो उपनिषद्बाट जानिने पुरुष (आत्मा) को सम्बन्धमा सोद्धछु' भन्ने इत्यादि श्रुतिवाक्यहरूमा उपनिषद्बाट जानिने भनेर विशेषण दिइएको बाट पनि त्यो आत्मा मुख्यरूपले नै उपनिषद्मा प्रकाश गरिने भएमा मात्र उपयुक्त हुन्छ, अन्यथा हुँदैन । यस अर्थले सिद्ध (भूत) वस्तु बताउने वा तत्परक भएको वेदको एक अंश पनि छैन भनेर भन्नु कोरा साहस मात्र हो ।

शाङ्करभाष्यम्

यदपि शास्त्रतात्पर्यविदामनुक्रमणम्- **'दृष्टो हि तस्यार्थः कर्मावबोधनम्'** इत्येवमादि, तद्धर्मजिज्ञासाविषयत्वाद् विधिप्रतिषेधशास्त्राभिप्रायं द्रष्टव्यम् । अपि च- **'आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानाम्'** इत्येतदेकान्तेनाभ्युपगच्छतां भूतोपदेशानर्थक्यप्रसङ्गः। प्रवृत्तिनिवृत्तिविधितच्छेषव्यतिरेकेण भूतं चेद्वस्तूपदिशति भव्यार्थत्वेन कूटस्थनित्यं भूतं नोपदिशतीति को हेतुः ? नहि भूतमुपदिश्यमानं क्रिया भवति । अक्रियात्वेऽपि भूतस्य क्रियासाधनत्वात् क्रियार्थ एव भूतोपदेश इति चेत्, नैष दोषः । क्रियार्थत्वेऽपि क्रियानिवर्तनशक्तिमद्वस्तूपदिष्टमेव । क्रियार्थत्वं तु प्रयोजनं तस्य । न चैतावता वस्त्वनुपदिष्टं भवति। यदि नामोपदिष्टं किं तव तेन स्यादिति ।

नेपालीभाषानुवाद

यदपि = जो कि, **शास्त्रातात्पर्यविदाम्** = शास्त्रको तात्पर्य जान्नेहरूको, **अनुक्रमणम्**= भनाइको सिलसिला वा पाइला चाल्नु छ, के भने, **हि** = निश्चय, **तस्य** = त्यो वेदको, **कर्मावबोधनम्** = कर्मको ज्ञान गराउनु, **अर्थः** = अर्थ छ अथवा प्रयोजन हो, **इति एवं आदि** = इत्यादि रूपको, **तत्** = त्यो भनाइ, **धर्मजिज्ञासाविषयत्वात्** = धर्मको जिज्ञासाको विषयमा हुनाले, **विधिप्रतिषेधशास्त्राभिप्रायम्** = विधि र निषेध बताउने शास्त्रको अभिप्रायले हो भन्ने, **द्रष्टव्यम्**= देख्नु तथा जान्नु पर्दछ, **अपि च** = फेरि पनि, **आम्नायस्य** = वेदको, **क्रियार्थत्वात्**= क्रियापरत्व हुनाले, **अतदर्थानाम्** = क्रियापरक न भएका जतिको, **आनर्थक्यम्** = व्यर्थता हुन्छ अथवा हुनआउँछ भन्ने, **इति एतत्**= यो, **एकान्तेन**= जोडसँग, **अभ्युपगच्छताम्** = मान्नेहरूका निमित्त, **भूतोपदेशानर्थक्यप्रसङ्गः** = कुनै रूपले भए पनि सिद्धवस्तुको उपदेश गरेपछि त्यो उपदेशको व्यर्थताको प्रसङ्ग आइपर्ला, किनकि; **प्रवृत्तिनिवृत्तिविधितच्छेषव्यतिरेकेण** = प्रवृत्ति-निवृत्तिरूपको विधि अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको शेषलाई छाडेर, **भूतं वस्तु** = सिद्धवस्तुलाई, **भव्यार्थत्वेन** = पछि हुने रूपले, **उपदिशति** = उपदेश गर्छ, शास्त्रले; **चेत्** = भने, **कूटस्थनित्यम्** = निर्विकार-रूपले नित्य भएको, **भूतम्** = सिद्ध वस्तुलाई, **न उपदिशति** = उपदेश गर्दैन भन्नु, **इति** = यसमा, **कः हेतुः** = कुन कारण छ, **भूतम्**= भूतवस्तु, **उपदिश्यमानम्** = उपदेश गरिदैमा त्यो, **हि** = निश्चय, **क्रिया** = क्रिया, **न भवति** = हुँदैन, **अक्रियात्वे**= क्रिया नभएमा, **अपि**= पनि, **भूतस्य** = सिद्ध वस्तुको, **क्रियासाधनत्वात्** = क्रियाको साधन हुनाले, **भूतोपदेशः** = सिद्धवस्तुको उपदेश, **क्रियार्थः** = क्रियाको निमित्त, **एव**= नै हो भन्ने, **इति** = यस्तो भन्छौ, **चेत्** = भने, **एषः** = यो, **न दोषः** = दोष छैन किनकि, **क्रियार्थत्वे** = क्रियानिमित्तमा भएमा, **अपि** = पनि, **क्रियानिवर्तन-शक्तिमद्**= क्रियालाई पन्छाउने शक्तिवाला, **वस्तु**= त्यो भूत वस्तु, **उपदिष्टम् एव**= उपदेश गरिएको नै छ, **तस्य** = त्यस वस्तुको, **क्रियार्थत्वम्** = क्रियानिमित्त हुनु त, **प्रयोजनम्** = प्रयोजन छ, **एतावता** = यत्तिले, **वस्तु** = त्यो वस्तु, **अनुपदिष्टम्** = उपदेश नगरिएको, **च** = पनि, **न भवति** = हुँदैन, **यदि** = यदि, **उपदिष्टम् नाम** = उपदेश गरिएछ सही, **तेन** = त्यसले, **तव** = तिम्रो (ब्रह्मवादीको) निमित्त, **किं स्यात्** = के हुन्छ ।

विशदीकरण

शास्त्र तात्पर्य जान्दछौं भन्ने पूर्व प्रकरणवालाहरूको मतमा वेदको अर्थ कर्म बुझाउनु हो भन्ने भनाइको सिलसिला छ, त्यो विधि र निषेध बताउने शास्त्रभागको आफ्नो परिधिभित्रलाई मात्र भनेको भन्ने अभिप्राय बुझ्नुपर्छ । किनभने त्यो भागको लक्ष्य धर्मजिज्ञासा हुनाले र विधि एवं निषेध पनि धर्मकै परिधिभित्र पर्ने हुनाले उत्तर प्रकरणलाई लक्ष्य गर्न त्यो वाक्य तथा सूत्रले सर्वथा सक्दैन ।

फेरि त्यो कुरा नमानेर कसिकसाउ रूपले सम्पूर्ण वेदको भाग नै क्रियापरक मान्ने हो भनेर वेद क्रियानिमित्त छ, क्रिया नबताउने भाग अनर्थक हुन्छ भन्ने सूत्रार्थ नै जोडले सर्वत्र लागू गर्ने हो भने उत्तर प्रकरणमा सिद्धवस्तु (ब्रह्म)को उपदेश गरेको र गर्ने वाक्य पनि अनर्थक नै हुन आउँलान् । किनकि प्रवृत्तिनिवृत्तिरूप विधि अथवा त्यसको शेषदेखि बाहेकको भूत वस्तुलाई पछि हुने धर्मसरह गरेर उपदेश गर्ने र त्यसबाट अनर्थकता दोष आउन नदिने भन्ने हो भने भव्यार्थ रूपले त्यही भूतवस्तु उपदेश गर्न मिल्नु र निर्विकारी नित्यरूपले गर्न नमिल्नुमा पनि त खास कारण के देखिन्छ र नबताउने ?

फेरि भव्यार्थरूपले किन नहोस्, भूत वस्तुको उपदेशक्रिया भन्न सर्वथा सकिंदैन । क्रिया नभए पनि भूतवस्तुको उपदेश नै क्रियाको साधन हो भनेर सम्झेमा पनि त्यो भूतवस्तु क्रियाकारक आदिलाई निर्मूल गर्ने तरिकाले उपदेश गरिएको छ । त्यसकारण त्यही भूतवस्तुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै हामीले भन्न पो किन नसक्नु अर्थात् सकिन्छ । क्रियार्थत्व त प्रयोजन मात्र हुन आउँछ र त्यत्तिले वस्तु नबताएको हुन सर्वथा सक्दैन । भइहाल्यो वस्तु उपदेश गरिएछ सही, त्यसले तिमीलाई के हुन्छ भन्छौ भने । उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

उच्यते- अनवगतात्मवस्तूपदेशश्च तथैव भवितुमर्हति । तदवगत्या मिथ्याज्ञानस्य संसारहेतोर्निवृत्तिः प्रयोजनं क्रियत इत्यविशिष्टमर्थवत्त्वं क्रियासाधनवस्तूपदेशेन । अपि च '**ब्राह्मणो न हन्तव्यः**' इति चैवमाद्या निविृत्तिरुपदिश्यते । न च सा क्रिया । नापि क्रियासाधनम् । अक्रियार्थानामुपदेशोऽनर्थकश्चेद् 'ब्राह्मणो न हन्तव्य' इत्यादिनिवृत्त्युपदेशानामानर्थक्यं प्राप्तम् । तच्चानिष्टम् । न च स्वभावप्राप्तहन्त्यर्थानुरागेण नञः शक्यमप्राप्तक्रियार्थत्वं कल्पयितुम्, हननक्रियानिवृत्त्यौदासीन्यव्यतिरेकेण । नञश्चैष स्वभावो यत्स्वसंबन्धिनोऽभावं बोधयतीति । अभावबुद्धिश्चौदासीन्यकारणम् । सा च दग्धेन्धनाग्निवत्स्वयमेवोपशाम्यति । तस्मात्प्रसक्तक्रियानिवृत्त्यौदासीन्यमेव 'ब्राह्मणो न हन्तव्यः' इत्यादिषु प्रतिषेधार्थं मन्यामहे, अन्यत्र प्रजापतिव्रतादिभ्यः । तस्मात्पुरुषार्थानुपयोग्युपाख्यानादिभूतार्थवादविषयमानर्थक्याभिधानं द्रष्टव्यम् ।

नेपालीभाषानुवाद

उच्यते = उत्तररूपमा भनिन्छ, **अनवगतात्मवस्तूपदेशः** = नजानेको आत्माबारेको उपदेश, **च** = पनि, **तथा एव** = त्यही प्रकारले नै, **भवितुम्** = हुन, **अर्हति** = योग्य छ, **तदवगत्या** = त्यो आत्मालाई जान्नु, चिन्नुले, **संसारहेतोः** = संसारको कारण भएका, **मिथ्याज्ञानस्य** = मिथ्याज्ञानको, **निवृत्तिः** = हट्नु नै, **प्रयोजनम्** = प्रयोजन, **क्रियते** = गराइन्छ, मानिन्छ, **इति** = यसबाट पनि, **क्रियासाधनवस्तूपदेशेन** = क्रियाको साधनरूप वस्तुको उपदेशले, **अविशिष्टम्** = विशेष रूपको नभएर, **अर्थवत्त्वम्** = प्रयोजनवाला भनिन्छ, **अपि च** = फेरि, **ब्राह्मणः** = ब्राह्मण, **न हन्तव्यः** = मार्नु योग्य छैन भन्ने, **इति च** = यस्तो र, **एवमाद्या** = यस्तै किसिमको, **निवृत्तिः** = हट्नु, **उपदिश्यते** = उपदेश गरिन्छ, **सा** = त्यो निवृत्ति, **च**= पनि, **क्रिया** = क्रिया, **न** = होइन, **क्रियासाधनम्** = क्रियाको साधन, **अपि**= पनि, **न** = होइन, **अक्रियार्थानाम्** = क्रिया फरक नभएका वस्तुको, **उपदेशः** = उपदेश, **अनर्थकः चेत्** = अनर्थक हुन्छ भने, **ब्राह्मणः** = ब्राह्मण, **न हन्तव्यः** = मार्नु योग्य छैन भन्ने, **इत्यादिनिवृत्त्युपदेशानाम्** = इत्यादिहरूका निवृत्तिका उपदेशको, **आनर्थक्यम्** = व्यर्थता, **प्राप्तम्** = आइपर्‍यो, **तत् च** = त्यो पनि, **अनिष्टम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नचाहेको नै हो, **स्वभावप्राप्तहन्त्यर्थानुरागेण** = स्वभावैले प्राप्त भएको हन् धातुका अर्थको अनुरागले, **नञः** = नञ्को, **अप्राप्तक्रियार्थत्वम्** = नपाएको क्रियापरकता, **कल्पयितुम्** = कल्पना गर्न, **च** = पनि, **न शक्यम्** = सकिन्न, कसरी त, **हननक्रिया-निवृत्त्यौदासीन्यव्यतिरेकेण** = मार्नु क्रियाको निवृत्तिरूपको उदासीनतालाई छोडेर, **नञः** = नञ्को, **च** = पनि, **एषः** = यो, **स्वभावः** = स्वभाव हो, **यत्** = जो कि, **स्वसम्बन्धिनः**= आफ्नो सम्बन्धवालाको, **अभावम्** = नहुनुलाई, **बोधयति इति**= बुझाउँछ भन्ने यो, **अभावबुद्धिः** = छैन भन्ने समझ, **च** = पनि, **औदासीन्यकारणम्**= उदासीनताको कारण छ, **सा** = त्यो अभावबुद्धि, **च** = पनि, **दग्धेन्धनाग्निवत्** = डढेर खतम भएका दाउराको आगो झैं, **स्वयम्** = आफैं, **एव** = नै, **उपशाम्यति** = उपशान्त हुन्छ (निभ्छ, हराउँछ), **तस्मात्** = त्यसकारणबाट, **प्रसक्तक्रियानिवृत्त्यौ-दासीन्यम्** = प्राप्त भएका क्रियाबाट हट्नु रूपी उदासीनता नै, **ब्राह्मणो न हन्तव्यः**= ब्राह्मण मार्न योग्य छैन भन्ने, **इत्यादिषु** = इत्यादिमा, **प्रतिषेधार्थम्** = निषेधको अर्थ हो भन्ने, **मन्यामहे** = मान्दछौं, परन्तु, **प्रजापतिव्रतादिभ्यः** = प्रजापतिव्रत (उदाउँदो सूर्यलाई नहेर्नु भन्ने) देखि, **अन्यत्र** = बाहेक, **तस्मात्** = त्यसो हुनाले, **आनर्थक्याभिधानम्** = क्रियापरक नभएको वेदभाग अनर्थक छ भन्नु, **पुरुषार्था-नुपयोग्युपाख्यानादिभूतार्थवादविषयम्** = पुरुषार्थलाई उपयुक्त नहुने कथाप्रबन्ध आदि भूतरूपको अर्थवाद वाक्यलाई लक्ष्य गरेर भन्ने कुरा, **द्रष्टव्यम्** = देख्नु, जान्नुपर्दछ ।

विशदीकरण

उत्तररूपमा भनिन्छ - नजानेको र नचिनेको आफ्नो आत्माको उपदेश त्यसबाट हुनसक्दछ र त्यो आत्मालाई जाने चिनेपछि संसारको मुख्यकारण भएको मिथ्याज्ञान हट्नु नै प्रयोजन हुन आउँछ । तिम्रोतर्फ क्रियाको साधनरूपले भूतवस्तुको उपदेश गरेर पनि योभन्दा विशेषरूपको प्रयोजन देखिंदैन। फेरि 'ब्राह्मण मार्न हुन्न' भन्ने जुन निवृत्तिको उपदेश गरिन्छ त्यो पनि त क्रिया होइन र क्रियाको साधन पनि । क्रियापरक भएका वाक्यको अनर्थकता हुन्छ भने 'ब्राह्मण नमार्नु' भन्ने निवृत्तिको मात्र उपदेश गर्ने र क्रिया नबुझाउने माथि बताइएका वाक्य जस्ता वाक्यहरू पनि अनर्थक नै हुनजालान् । त्यो त झन् ठूलो अनिष्ट हो ।

फेरि स्वभावैले प्राप्त हुने हन् धातुका अर्थका सम्बन्धले नञ् समासको नपाएको क्रियापरकता कल्पना गर्न पनि कसरी सकिन्छ र ? तसर्थ '**न हन्तव्यः**'मा मार्नु क्रियाबाट निवृत्ति हुने जस्तो उदासीनतालाई छोडेर नञ्को अरू अर्थ लिन सर्वथा उचित हुँदैन । फेरि नञ्को यो स्वभाव छ जो कि उसले आफ्ना सम्बन्धीको अभावलाई नै बुझाउँछ र त्यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभावबुद्धि नै उदासीनता (उपेक्षा) को कारण बन्दछ । आखिर त्यो अभावबुद्धि पनि दाउरा डढेर खरानी भएको अग्नि जस्तै आफै खतम भएर जान्छ । 'ब्राह्मण मार्न हुन्न' भन्ने इत्यादि वाक्यहरूमा प्राप्त भएको मार्नुरूप क्रियाबाट हट्नुरूपको उदासीनतानै निषेधको अर्थ हो भनेर हामीहरू (ब्रह्मवादीहरू) मान्दछौं ।

'उदाउन लागेको सूर्यलाई नहेर्नु' भन्ने निषेध वाक्य भने त्यसरूपको हुँदैन । किनभने 'ब्राह्मण नमार्नु' भन्ने निषेधको लक्ष्यवाला ब्राह्मण कुनै कालमा पनि मार्नु योग्य छैन र त्यसलाई निषेध गर्ने नको अर्थ पनि तिनैकालमा लागू रहिरहन्छ । 'उदाउँदो सूर्य नहेर्नु' भनेर निषेध गरिएको सूर्य त उदाइसके पछि सूर्योपस्थानादि गर्दा हेरिने विधि हुनाले निषेधार्थक नले सूर्यलाई सधैं लक्ष्य गर्न सक्दैन र सो बाहेकको नलाई भनेको हो । त्यसो हुनाले क्रिया नबताउने वाक्य जति अनर्थक हुन्छन् भन्ने जो भनाइ छ त्यो पुरुषार्थको निमित्त उपयुक्त नभएका कथाप्रबन्धरूप भूतवस्तुरूपको अर्थवादवाक्यलाई लक्ष्य गरेर भनेको भन्ने सम्झनु पर्दछ ।

शाङ्करभाष्यम्

यदप्युक्तं कर्तव्यविध्यनुप्रवेशमन्तरेण वस्तुमात्रमुच्यमानमनर्थकं स्यात्, 'सप्तद्वीपा वसुमतीत्यादिवदिति' तत्परिहृतम् । 'रज्जुरियं नायं सर्पः' इति वस्तुमात्र-कथनेऽपि प्रयोजनस्य इष्टत्वात् । ननु श्रुतब्रह्मणोऽपि यथापूर्वं संसारित्वदर्शनान्न रज्जुस्वरूपकथनवदर्थवत्त्वमित्युक्तम्, अत्रोच्यते- नावगतब्रह्मात्मभावस्य यथापूर्वं संसारित्वं शक्यं दर्शयितुं वेदप्रमाणजनितब्रह्मात्मभावविरोधात् । नहि शरीराद्यात्मा-भिमानिनो दुःखभयादिमत्त्वं दृष्टमिति तस्यैव वेदप्रमाणजनितब्रह्मात्मावगमे तदभिमाननिवृत्तौ तदेवमिथ्याज्ञाननिमित्तं दुःखभयादिमत्त्वं भवतीति शक्यं कल्पयितुम् । नहि धनिनो गृहस्थस्य धनाभिमानिनो धनापहारनिमित्तं दुःखं दृष्टमिति तस्यैव प्रव्रजितस्य धनाभिमानरहितस्य तदेव धनापहारनिमित्तं दुःखं भवति । न च कुण्डलिनः कुण्डलित्वाभिमाननिमित्तं सुखं दृष्टमिति तस्यैव कुण्डलवियुक्तस्य कुण्डलित्वाभिमानरहितस्य तदेव कुण्डलित्वाभिमाननिमित्तं सुखं भवति ।

नेपालीभाषानुवाद

यत् अपि = जो कुरा पनि, **उक्तम्** = अघि भनियो कि, **कर्तव्यविध्यनुप्रवेशम्**= कर्तव्यविधिको सम्बन्धलाई, **अन्तरेण** = छाडेर, **सप्तद्वीपा** = सात द्वीप भएकी, **वसुमती** = पृथिवी छन् भन्ने, **इत्यादिवत्** = इत्यादि वाक्य जस्तै, **इति** = यस प्रकारले, **वस्तुमात्रम्** = वस्तु मात्रै, **उच्यमानम्** = भनिएको, **अनर्थकम्** = अनर्थक, **स्यात्** = हुन्छ भन्ने, **इति** = यो जो हो, **परिहृतम्**= परिहार गरियो, **ननु**= शङ्का हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतब्रह्मणः = ब्रह्मविज्ञान सुनेकाको, **अपि** = पनि, **यथापूर्वम्** = अघि जस्तै, **संसारित्वदर्शनात्** = संसारीपन देखिनाले, **रज्जुस्वरूपकथनवत्** = डोरीको स्वरूप बताये झैं, **न अर्थवत्त्वम्** = सार्थक हुँदैन भन्ने, **इति** = यो पनि, **उक्तम्** = भनियो नि त, **अत्र** = यहाँ, यो विषयमा, **उच्यते** = भनिन्छ, **अवगतब्रह्मात्मभावस्य** = प्राप्त भएको छ ब्रह्मरूप आत्मभावना जसको यस्ता पुरुषको, **वेदप्रमाणजनितब्रह्मात्मभावविरोधात्** = वेदरूप प्रमाणबाट उत्पन्न भएको ब्रह्मरूप आत्मभावनासँग विरोध हुने हुनाले, **यथापूर्वम्** = अघिजस्तै, **संसारित्वम्** = संसारीपन, **दर्शयितुम्** = देखाउन, **न शक्यम्** = सकिंदैन, **हि** = निश्चय, **शरीराद्यात्माभिमानिनः** = शरीरआदिमा आत्माभिमान गर्नेका, **दुःखभयादिमत्त्वम्** = दुःख र डरुवापन, **दृष्टम् इति** = देखियो भनेर, **तस्य एव** = त्यसैको नै, **वेदप्रमाणजनितब्रह्मात्मावगमे** = वेदरूप प्रमाणबाट उत्पन्न भएको ब्रह्मरूप आत्माको बोध भएमा, **तदभिमाननिवृत्तौ** = त्यही देहाभिमान हटेमा, **तत् एव** = त्यही नै, **मिथ्याज्ञाननिमित्तम्** = मिथ्याज्ञानबाट भएको, **दुःखभयादिमत्त्वम्** = दुःख र डरुवापन, **भवति इति** = हुन्छ भनेर, **कल्पयितुम्** = कल्पना गर्न, **न शक्यम्** = सकिंदैन, **हि** = निश्चय त्यस्तै, **धनिनः**= धनी, **धनाभिमानिनः** = धनको अभिमान गर्ने, **गृहस्थस्य** = गृहस्थको, **धनापहारनिमित्तम्** = धनको अपहरणबाट भएको, **दुःखम्** = दुःख, **दृष्टम् इति** = देखियो भनेर, **प्रव्रजितस्य** = संन्यास लिइसकेका, **धनाभिमानरहितस्य** = धनको अभिमानले रहित भएका, **तस्य एव** = त्यसैको नै, **तदेव** = त्यही नै, **धनापहारनिमित्तम्** = धनको अपहरणबाट भएको, **दुःखम्** = दुःख, **न भवति** = हुँदैन, **कुण्डलिनः** = कुण्डल लगाउने पुरुषको, **कुण्डलित्वाभिमाननिमित्तम्** = कुण्डलवाला हूँ भन्ने अभिमानबाट भएको, **सुखम्** = सुख, **दृष्टम् इति** = देखियो भनेर, **कुण्डलवियुक्तस्य**= कुण्डले रहित, **कुण्डलित्वामिमानरहितस्य** = कुण्डलवाला हूँ भन्ने अभिमानले रहित भएका, **तस्य एव** = त्यसको नै, **तत् एव** = त्यो नै, **कुण्डलित्वाभिमाननिमित्तम्** = कुण्डलवाला हूँ भन्ने अभिमानबाट भएको, **सुखम्** = सुख, **न भवति**= हुँदैन ।

विशदीकरण

सात द्वीप भएकी पृथिवी भने जस्तै कुनै कर्तव्यविधिको सम्बन्ध नदेखाएर भनिएका वस्तुमात्र देखाइएका वाक्यहरू अनर्थक हुन्छन् भनेर जुन कुरा अघि भनिएको थियो, त्यस शङ्काको हकमा 'यो डोरी हो र यो सर्प होइन' भनेर वस्तुमात्र बताए पनि सार्थक भए जस्तै यहाँ पनि हुन्छ भनेर त्यसै अवस्थामा परिहार पनि गरिसकिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को कुरा ब्रह्मविज्ञान सुनेकाको पनि अघि जस्तै संसारीपन देखिनाले 'रज्जु हो' भनेर उसको स्वरूप बताएर मात्र सार्थक भए झैं यहाँ यो विषयमा हुँदैन भन्ने कुरा पनि त शङ्का गरिएको हो भन्न पनि उचित छैन । किनकि शरीर आदिमा आत्माभिमान हुनेको जस्तै ब्रह्मरूप आत्माको बोध भइसकेका पुरुषको अघि जस्तै संसारीपन देखाउन वेदरूप प्रमाणबाट उत्पन्न भएको 'म ब्रह्म हूँ' भन्ने शुद्ध आत्मभावसँग विरोध पर्ने हुनाले कदापि सकिंदैन ।

यसमा विचार गर्ने कुरा छ– शरीरमा आत्मबुद्धि हुनेको दुःख, डर, शोक आदि देखिए पनि त्यसैलाई ब्रह्मरूप आत्मबोध भएर वेदप्रमाणबाट भएको त्यही आत्मबोधले मिथ्याज्ञानजन्य देहाभिमान छुटेपछि त्यसैलाई फेरि अघिसरह दुःख, शोक आदि हुन्छ भन्न सकिंदैन । कुनै धनाभिमानी धनी गृहस्थीको धनको अपहरणबाट भएको दुःख देखियो भन्दैमा त्यस धनीले सन्यास लिएर त्यागी भएपछि पनि त्यसै धनको अपहरणबाट हुने दुःख हुन्छ भन्न मिल्दैन । त्यस्तै कुण्डल लगाउने पुरुषको म कुण्डलवाला हूँ भन्ने कुण्डलीपनको अभिमान हुँदा पनि वास्तवमा कुण्डलबाट हुने सुख देखिंदैन र पछि कुण्डलरहित त्यसै पुरुषको म कुण्डलवाल हूँ भन्ने अभिमान नभएपछि त्यसबाट हुने सुख अघिसरह हुन्छ भन्न सर्वथा सकिंदैन । त्यस्तै ब्रह्मात्मबोध भएपछि पनि अघि जस्तो संसारीपन नहुने हुनाले ब्रह्मरूप सिद्धवस्तु प्रतिपादन गर्ने वाक्य अनर्थक हुन सक्दैन ।

शाङ्करभाष्यम्

तदुक्तं श्रुत्या– **'अशरीरं वावसन्तं न प्रियाप्रिये स्पृशतः'**(छान्दो० ८/१२/१) इति। शरीरे पतितेऽशरीरत्वं स्यात्, न जीवत इति चेन्न, सशरीरत्वस्य मिथ्याज्ञाननिमित्तत्वात् । नह्यात्मनः शरीरात्माभिमानलक्षणं मिथ्याज्ञानं मुक्त्वान्यतः सशरीरत्वं कल्पयितुं शक्यम् । नित्यमशरीरत्वमकर्मनिमित्तत्वादित्यवोचाम । तत्कृतधर्माधर्मनिमित्तं सशरीरत्वमिति चेन्न, शरीरसम्बन्धस्यासिद्धत्वाद्धर्माधर्मयोरात्मकृतत्वासिद्धेः । शरीरसम्बन्धस्य धर्माधर्मयोस्तत्कृतत्वस्य चेतरेतराश्रयत्वप्रसङ्गादन्धपरम्परैषानादित्वकल्पना । क्रियासमवायाभावाच्चात्मनः कर्तृत्वानुपपत्तेः। सन्निधानमात्रेण राजप्रभृतीनां दृष्टं कर्मत्वमिति चेन्न, धनदानाद्युपार्जितभृत्यत्वात्तेषां कर्तृत्वोपपत्तेः । नत्वात्मनो धनदानादिवच्छरीरादिभिः स्वस्वामिसम्बन्धनिमित्तं किञ्चित् कल्पयितुं शक्यम् । मिथ्याभिमानस्तु प्रत्यक्षः सम्बन्धहेतुः । एतेन यजमानत्वमात्मनो व्याख्यातम् ।

नेपालीभाषानुवाद

वाव = निश्चय, प्रसिद्ध, **अशरीरम्** = शरीरले रहित भएर, **सन्तम्** = रहनेलाई, **प्रियाप्रिये** = सुख र दुःखले, **न स्पृशतः** = छुँदैनन् भनेर, **इति** = यसरूपले, **श्रुत्या** = श्रुतिले, **तत्** = त्यो कुरा, **उक्तम्** = भनेको छ, **शरीरे** = शरीर, **पतिते** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढलेमा, **अशरीरत्वम्** = शरीररहित, **स्यात्** = हुन्छ, **इति चेत्** = यस्तो भन्छौ भने, **जीवतः** =जिउँदाको, **न** = अशरीरत्व हुँदैन, **सशरीरत्वस्य** = शरीरसहित हुनुको, **मिथ्याज्ञाननिमित्तत्वात्** = मिथ्याज्ञानबाट भएको हुनाले, **हि** = निश्चय, **आत्मनः**= आत्माको, **शरीरात्माभिमानलक्षणम्** = शरीरमा आत्मबुद्धि हुनुरूप, **मिथ्याज्ञानम्**= मिथ्याज्ञानलाई, **मुक्त्वा**= छोडेर, **अन्यतः** = अरूबाट, **सशरीरत्वम्**= शरीरले सहित हुने कुरा, **कल्पयितुम्** = कल्पना गर्न, **न शक्यम्** = सकिंदैन, **नित्यम्** = नित्य नै, **अशरीरत्वम्** = शरीर नहुनु, **अकर्मनिमित्तत्वात्** = कर्मरूप कारण नहुनाले हो भन्ने, **इति** = यो कुरा, **अवोचाम** = अघि भन्यौं, **सशरीरत्वम्** = शरीर हुनु, **तत्कृतधर्माधर्मनिमित्तम्** = आत्माले गरेको धर्म र अधर्म रूप कारणवाला हो भन्ने, **इति चेत्** = यस्तो भन्छौ भने, **शरीरसम्बन्धस्य** = शरीरका सम्बन्धको, **असिद्धत्वात्**= प्रमाणबाट असिद्ध हुनाले, **आत्मकृतत्त्वासिद्धेः** = आत्माले गरेको नठहर्नाले, **धर्माधर्मयोः** = धर्म र अधर्मको आत्मा कर्ता हुँदैन, **शरीरसम्बन्धस्य** = शरीरका सम्बन्धको र, **धर्माधर्मयोः** = धर्म र अधर्मको, **तत्कृतत्वस्य** = आत्माले गरेको भन्ने कुराको, **च** = पनि, **इतरेतराश्रयत्वप्रसङ्गात्** = परस्परको आश्रय-आश्रयिभाव हुन जाने हुनाले, **एषा** = यो, **अनादिकल्पना** = अनादिदेखि आएको भन्ने कल्पना, **अन्धपरम्परा** = अन्धपरम्परा हो, **क्रियासमवायाभावात्**= क्रियासँग सम्बन्ध नहुनाले, **आत्मनः** = आत्माको, **कर्तृत्वानुपपत्तेः** = कर्तापनको असिद्धि हुनाले, **सन्निधान-मात्रेण** = सँगै रहनाले मात्र पनि, **राजप्रभृतीनाम्** = राजा आदिको, **कर्तृत्वम्** = कर्तापन, **दृष्टम्** = देखिएको छ नि भन्ने, **इति चेत्** = यस्तो भन्छौ भने, **न**= त्यो ठीक छैन, किनकि, **तेषाम्** = ती राजा आदिको, **धनदानाद्युपार्जितभृत्यसम्बन्धित्वात्**= धन दिनु आदिद्वारा संग्रह गरिएका नोकरसँगको सम्बन्ध हुनाले, **कर्तृत्वोपपत्तेः**= कर्तापनको सिद्धि हुनाले, **आत्मनः तु** = आत्माको त, **धनदानादिवत्** = धन दिनु आदि जस्तै, **शरीरादिभिः**= शरीर, इन्द्रिय आदिसँग, **स्वस्वामिसम्बन्धनिमित्तम्** = स्वस्वामिभावरूपसम्बन्धको कारण, **किञ्चित्** = केही, **कल्पयितुम्**= कल्पना गर्न, **न शक्यम्** = सकिंदैन, **मिथ्याभिमानः** = शरीर आदिमा झुट्टा अभिमान गर्नुरूप, **सम्बन्धहेतुः** = सम्बन्धको कारण त, **प्रत्यक्षः** = प्रत्यक्ष नै छ, **एतेन** = यस भनाइले, **आत्मनः** = आत्माको, **यजमानत्वम्** = यजमानरूप कर्ता बन्ने कुरा, **व्याख्यातम्** = खण्डन गरियो ।

विशदीकरण

'शरीरले रहित भएकालाई सुख र दुःखले छुँदैनन्' भन्ने श्रुतिको पनि भनाइ छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर छाडेपछि मात्र प्राणी अशरीर हुन्छ, जिउँदै अशरीर हुँदैन भन्न पनि ठीक हुँदैन, किनभने शरीर हुनु मिथ्याज्ञानबाट मात्र हुन्छ । शरीरलाई म भन्नुरूपी मिथ्याज्ञान बाहेक अरूबाट शरीरले सहित भएको भन्ने कुरा ठहर्न त परै छ, कल्पना गर्न सम्म पनि सकिंदैन। किनभने कर्मरूप कारण नहुनाले नित्य नै आत्मामा अशरीरत्व छ भन्ने कुरा हामीले अघि नै भनिसकेका छौं ।

फेरि आत्माले गरेका धर्म र अधर्मबाट शरीरसहित हुन्छ भन्ने कुरा पनि भन्न सकिंदैन, किनभन्ने आत्मामा शरीरको सम्बन्ध नै घट्न सक्दैन र धर्म र अधर्म आत्माबाट हुन्छन् भन्न पनि मिल्दैन । शरीरको सम्बन्धबाट आत्मामा कर्तृत्व, त्यसबाट धर्म र अधर्म, त्यसबाट शरीरसम्बन्ध, अनि फेरि कर्तृत्व इत्यादिरूपले परस्परमा आश्रय-आश्रयिभाव भई अनादिदेखि झुट्टा अन्धपरम्परा चलिरहेको छ।

वास्तवमा आत्मा क्रियासमवायी नहुनाले त्यसमा कर्तापन हुनसक्दैन । अर्को कुरा नोकरको सन्निधिले राजामा कर्तापन भए झैं शरीर आदिको सन्निधिले आत्मामा पनि कर्तापन किन नहुनु ? भन्न पनि राजाले धन दिएका कारणबाट नोकरसँगको सम्बन्ध हुन्छ, आत्मामा त्यस्तो सम्बन्ध कल्पना गर्न कतैबाट पनि मिल्दैन र कर्तापन छैन । शरीर आदिमा झुट्टा अभिमानरूप मिथ्यासम्बन्ध हुने कुरा प्रत्यक्ष नै छ र आत्माको यजमानरूप कर्ता बन्ने कुरा पनि खण्डित हुन्छ ।

शाङ्करभाष्यम्

अत्राहुः- देहादिव्यतिरिक्तस्यात्मन आत्मीये देहादावभिमानो गौणो न मिथ्येति चेन्न, प्रसिद्धवस्तुभेदस्य गौणत्वमुख्यत्वभेदप्रसिद्धेः । यस्य हि प्रसिद्धो वस्तुभेदः, यथा केसरादिमानाकृतिविशेषोऽन्वयव्यतिरेकाभ्यां सिंहशब्दप्रत्ययभाङ्मुख्योऽन्यः प्रसिद्धः, ततश्चान्यः पुरुषः प्रायिकैः क्रौर्यशौर्यादिभिः सिंहगुणैः सम्पन्नः प्रसिद्धः, तस्य पुरुषे सिंहशब्दप्रत्ययौ गौणौ भवतो नाप्रसिद्धवस्तुभेदस्य । तस्य त्वन्यत्रान्य-शब्दप्रत्ययौ भ्रान्तिनिमित्तावेव भवतो न गौणौ । यथा मन्दान्धकारे स्थाणुरयमित्य-गृह्यमाणविशेषे पुरुषशब्दप्रत्ययौ स्थाणुविषयौ, यथा वा शुक्तिकायामकस्माद्रजतमिति निश्चितौ शब्दप्रत्ययौ, तद्वद्देहादिसङ्घातेऽहमिति निरुपचारेण शब्दप्रत्यया-वात्मानात्माविवेकेनोत्पद्यमानौ कथं गोणौ शक्यौ वदितुम् । आत्मानात्मविवेकिनामपि पण्डितानामजाविपालानामिवाविविक्तौ शब्दप्रत्ययौ भवतः । तस्माद् देहादि-व्यतिरिक्तात्मास्तित्ववादिनां देहादावहंप्रत्ययो मिथ्यैव न गौणः । तस्मान्मिथ्या-प्रत्ययनिमित्तत्वात् सशरीरत्वस्य सिद्धं जीवतोऽपि विदुषोऽशरीरत्वम् ।

नेपालीभाषानुवाद

अत्र = यहाँ फेरि, आहुः = भन्दछन्, देहादिव्यतिरिक्तस्य = शरीर इन्द्रियदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलग रहेका, **आत्मनः** = आत्माको, **देहादौ** = शरीर आदिमा, **अभिमानः** = अभिमान हुनु, **गौणः** = गौण हो, **मिथ्या** = झुट्टा, **न** = होइन भन्ने, **इति चेत्** = यस्तो भन्छौ भने, **न** = त्यो ठीक छैन किनकि, **प्रसिद्धवस्तुभेदस्य** = प्रसिद्ध भएका मात्र वस्तुका भदेको वा प्रसिद्ध भएका वस्तु विशेषको मात्र, **गौणत्वमुख्यत्व-प्रसिद्धेः** = गौण र मुख्य भन्ने कुरा प्रसिद्ध हुनाले, **हि** = निश्चय, **यस्य** = जसको, **वस्तुभेदः** = वस्तु भेद, **प्रसिद्धः** = प्रसिद्ध छ, **यथा** = जस्तो, **केसरादिमान्** = जगर आदि भएको, **अन्वयव्यतिरेकाभ्याम्** = अन्वय र व्यतिरेकबाट, **सिंहशब्द-प्रत्ययभाक्** = सिंह भन्ने शब्द र त्यसको अर्थ राख्ने, **आकृतिविशेषः** = आकार विशेष, **अन्यः** = अर्को, **मुख्यः** = मुख्य भनेर, **प्रसिद्धः** = प्रसिद्ध छ, **च** = फेरि, **ततः** = त्यसभन्दा, **अन्यः** = अर्को भिन्न, **प्रायिकैः** = धेरैजसो, **क्रौर्यशौर्यादिभिः**= निष्ठुरीपन र शूर्याईं आदि, **सिंहगुणैः** = सिंहका गुणले, **सम्पन्नः** = युक्त, **पुरुषः** = पुरुष, **सिद्धः** = प्रसिद्ध छ, **तस्य** = त्यसको, **पुरुषे** = पुरुषमा, **सिंहशब्दप्रत्ययौ**= सिंह शब्द र अर्थ अर्थात् उसको बोध, **गौणौ** = गौण, **भवतः** = हुन्छन्, **अप्रसिद्ध-वस्तुभेदस्य** = वस्तु भेद प्रसिद्ध नभएकाको त, **न** = हुँदैन, **तस्य** = त्यो आस्थाको बारेमा, **तु** = त, **अन्यत्र** = एक अर्कोमा, **अन्यशब्दप्रत्ययौ** = अर्कै शब्द र उसको बोध, **भ्रान्तिनिमित्तौ** = भ्रान्तिबाट भएको, **भवतः** = हुन्छन्, **गोणौ** = गौण, **न** = हुँदैनन्, **यथा** = जस्तै, **मन्दान्धकारे** = मन्द अन्धकारमा, **अयम्** = यो, **स्थाणुः** = ठुटो हो भन्ने, **इति** = यसरूपले, **अगृह्यमाणविशेषे** = विशेषरूप ग्रहण नगरिएकोमा, **स्थाणुविषयौ** = ठुटासँग सम्बद्ध विषय, **पुरुषशब्दप्रत्ययौ** = पुरुष शब्द र उसको बोध, हुन्छन्, **वा** = अथवा, **यथा** = जस्तै, **शुक्तिकायाम्** = सिपीमा, **अकस्मात्**= अकस्मात् (एक्कासी), **रजतम्** = चाँदी भन्ने, **इति** = यस रूपको, **निश्चितौ** = निश्चित गरिएका, **शब्दप्रत्ययौ** = शब्द र शाब्दबोध हुन्छन्, **तत् वत्** = त्यस्तै, **देहादिसङ्घाते** = शरीर आदि सङ्घातमा, **अहम् इति** = म भन्ने, **निरुपचारेण** = उसको गुण नजानेर, **आत्मानात्माविवेकेन** = आत्मा र अनात्माको छानबिन नहुनुबाट, **उत्पद्यमानौ**= उत्पन्न भएका, **शब्दप्रत्ययौ** = शब्द र बोध, **गौणौ** = गौण हुन् भनेर, **वदितुम्** = भन्न, **कथम्** = कसरी, **शक्यौ** = सकिन्छन्, **आत्मानात्मविवेकिनाम्**= आत्मा र अनात्माको छानबिन गर्ने, **पण्डितानाम्** = सत्-असत्को विवेक गर्ने पण्डितहरूको, **अपि** = पनि, **अजाविपालानाम्** = भेडा गोठाला (साधारण व्यक्ति) को **इव** = जस्तै, **अविविक्तौ** = छानबिन नभएका, **शब्दप्रत्ययौ** = शब्द र बोध, **भवतः** = हुन्छन्, **तस्मात्** = त्यसकारणबाट, **देहादिव्यतिरिक्तात्मास्तित्ववादिनाम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहभन्दा अलग आत्मा मान्नेहरूको, **देहादौ** = शरीर आदिमा, **अहंप्रत्ययः** = म भन्ने बोध, **मिथ्या एव** = मिथ्या नै हो, **न गौणः** = गौण होइन, **तस्मात्** = त्यसकारणबाट, **सशरीरत्वस्य** = शरीरसहित हुनुको, **मिथ्याप्रत्ययनिमित्तत्वात्** = मिथ्याज्ञानबाट भएको हुनाले, **जीवतः** = जिउँदै, **अपि** = पनि, **विदुषः** = ब्रह्म जान्ने(विद्वान्)को, **अशरीरत्वम्** = शरीररहित हुनु, **सिद्धम्** = सिद्ध हुन्छ.।

विदशीकरण

शरीर इन्द्रियदेखि अलग भएका आत्माको आफ्नो देह आदिमा भएको **'म'** भन्ने अभिमान (बोध) मिथ्या नभएर गौण हुनुपर्दछ भनेर कसै कसैले भन्दछन् । परन्तु त्यो ठीक छैन, किनकि यो गौण, यो मुख्य भन्ने कुरा त्यस ठाउँमा हुन्छ जहाँ वस्तुको भेद प्रसिद्ध हुन्छ ।

उदाहरणार्थ – जगर दाह्रा नङ्ग्रा आदि भएको र अन्वय व्यतिरेकबाट पनि सिंहशब्द र सिंहशब्दको बोधवाला वा बोधको पात्र भएको आकारविशेष एकातिर छुट्टै छ, अर्कोतिर निष्ठुरीपन र शूऱ्याइं आदि सिंहमा हुने गुणले धेरैजसो युक्त भएको पुरुष छ भने त्यस पुरुषलाई त्यसमा भएका निष्ठुरीपन र शूऱ्याइं आदि गुणले गर्दा **यो पुरुष त बाघ हो** भनिने पुरुषमा सिंहत्वको बोध गौण हुन्थ्यो । खास सिंहमा मुख्य हुन्थ्यो, किनकि पुरुष र सिंह भन्ने प्रसिद्ध भएका दुई भेदवाला वस्तु हुनाले, यहाँ आत्मा र शरीर प्रसिद्ध भेदरूपका वस्तु पनि नभएका र आत्मामा शरीरत्व नै नभएको हुनाले नभएका मिथ्या शरीरमा आत्मबुद्धि हुनु गौण नभएर खास मिथ्या नै हो ।

उदाहरणार्थ – अन्धकारमा ठुटोमा ठुटो भन्ने नचिनेर पुरुषशब्द र बोध हुनु त्यस्तै एक्कासी सिपीलाई चाँदी भन्नु आदि मिथ्या हो । कल्पित शरीर आदि जो वास्तवमा मिथ्या छन् तिनमा म बुद्धि गर्ने कुरा वस्तुको गुण नबुझी, नजानी भएको हुन्छ । त्यस्तो शरीर आदिलाई स्वयं मिथ्या भएको कारणबाट गौण भन्न सकिंदैन ।

साधारणजनको मात्र नभई विद्वान् भनाउँदा (पढेका मात्र परन्तु आत्मा अनात्माको छानबिन नगर्ने) हरूमा रहेको आत्मा र अनात्माको छानबिन नगरेका कारणबाट उनीहरूमा विना विवेकको शब्द र बोधको अस्तित्व हुनसक्छ, तर शरीरभन्दा आत्मालाई अलग मान्ने विद्वान्हरूमा भएको शरीरमा म भन्ने ज्ञान मिथ्या हो, गौण होइन । किनकि सशरीर हुने कुरा मिथ्या ज्ञानबाट भएको हुनाले मिथ्या ज्ञानको नाश भई आत्मज्ञान भएका विद्वान्का लागि आत्मबोधका कारण जीवित अवस्थामा पनि अशरीरत्वको (शरीर नभएको अवस्थाको) अनुभूति हुनसक्दछ ।

शाङ्करभाष्यम्

तथा च ब्रह्मविद्विषया श्रुतिः– 'तद्यथाऽहिनिर्ल्वयनी वल्मीके मृता प्रत्यस्ता शयीतैवमेवेदं शरीरं शेते । अथायमशरीरोऽमृतः प्राणो ब्रह्मैव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेज एव' (बृह. ४/४/७) इति '**स चक्षुरचक्षुरिव सकर्णोऽकर्णइव सवागवागिव समना अमना इव सप्राणोऽप्राण इव** इति च । स्मृतिरपि '**स्थितप्रज्ञस्य का भाषा**' (भ.गी. २/५४) इत्याद्या स्थितप्रज्ञस्य लक्षणान्याचक्षाणा विदुषः सर्वप्रवृत्त्यसम्बन्धं दर्शयति । तस्मान्नावगतब्रह्मात्मभावस्य यथापूर्वं संसारित्वम्। यस्य तु यथापूर्वं संसारित्वं नासाववगतब्रह्मात्मभाव इत्यनवद्यम् । यत्पुनरुक्तं श्रवणात्पराचीनयोर्मनननिदिध्यासनयोर्दर्शनाद् विधिशेषत्वं ब्रह्मणो न स्वरूपपर्यवसायित्वमिति। न, अवगत्यर्थत्वान्मनननिदिध्यासनयोः। यदि ह्यवगतं ब्रह्मान्यत्र विनियुज्येत भवेत्तदा विधिशेषत्वम्। न तु तदस्ति, मनननिदिध्यासनयोरपि श्रवणवदवगत्यर्थत्वात् । तस्मान्न प्रतिपत्तिविधिविषयतया शास्त्रप्रमाणकत्वं ब्रह्मणः संभवतीत्यतः स्वतन्त्रमेव ब्रह्म शास्त्रप्रमाणकं वेदान्तवाक्यसमन्वयादिति सिद्धम्।

नेपालीभाषानुवाद

तथा च = त्यस्तै पनि, **तत्** = त्यो, **यथा** = जस्तै, **अहिनिर्ल्वयनी** = सर्पको काँचुली, **वल्मीके** = धमिराको देवलमा, **मृता** = सर्पले अभिमान त्याग गरेको, **प्रत्यस्ता** = फ्याँकिएको, **शयीत** = सुतिरहन्छ, **एवम् एव** = यस्तै नै, **इदम्** = यो, **शरीरम्** = शरीर, **शेते** = रहिरहन्छ, **अथ** = अनि, **अयम्** = यो आत्मा, **अशरीरः** = शरीर रहित, **अमृतः** = अमृतस्वरूप, **प्राणः** = प्राणरूप, **ब्रह्म एव** = ब्रह्म नै हो, **तेज एव** = तेज नै हो भन्ने, **इति** = यस्तो र, **सचक्षुः** = आँखाले युक्त भएर, **अचक्षुःइव** = आँखा नभए जस्तै, **सकर्णः** = कानसहित भएर, **अकर्णः इव** = कान नभएको जस्तै, **सवाक्** = वचनले सहित भएर, **अवाक् इव** = वचन नभए जस्तो, **समनाः** = मनले सहित भएर, **अमनाः इव** = मन नभए जस्तो, **सप्राणः** = प्राणसहित भएर, **अप्राणःइव** = प्राण नभए जस्तो भन्ने, **इति च** = यस्तो पनि, **ब्रह्मविद्विषया** = ब्रह्मवेत्तालाई लक्ष्य गर्ने, **श्रुतिः** = श्रुति र, **स्थितप्रज्ञस्य**= ब्रह्ममा प्रज्ञास्थित भएका पुरुषको, **का** = कुन र कस्तो, **भाषा** = बोली, भाषा र रहन सहन हुन्छ भन्ने, **इत्याद्या** = इत्यादि रूपको, **स्थितप्रज्ञलक्षणानि** = प्रज्ञास्थित भएका (ब्रह्मवेत्ता)को लक्षण, **आचक्षाणा** = बताउने भएको, **स्मृतिः** = गीतारूप स्मृति, **अपि** = पनि, **विदुषः** = ब्रह्मवेत्ताको, **सर्वप्रवृत्त्यसम्बन्धम्** = सबै किसिमका प्रवृत्तिसंग सम्बन्ध नहुने कुरा, **च** = पनि, **दर्शयति** = देखाउँछ (बताउँछ), **तस्मात्**= त्यसकारणबाट, **अवगतब्रह्मात्मभावस्य** = ब्रह्मरूप आत्मभावमा प्राप्त भएका पुरुषको, **यथापूर्वम्** = अघिजस्तै, **संसारित्वम्** = संसारीपन, **न** = हुँदैन, **यस्य** = जसको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तु = त, **यथापूर्वम्** = अघिजस्तै, **संसारित्वम्** = संसारीपन छ, **अवगतब्रह्मात्मभावः**= जसले आत्मालाई ब्रह्मरूप हो भन्ने जानेको छ, **असौ** = यो पुरुष, **न** = होइन भन्ने, **इति** = यही, **अनवद्यम्** = राम्रो सिद्ध हुन्छ, **पुनः** = फेरि, **यत्** = जो, **श्रवणात्** = श्रवणभन्दा, **पराचीनयोः** = पछिबाटका, **मनननिदिध्यासनयोः** = मनन र निदिध्यासनको, **दर्शनात्** = देखिएबाट, **ब्रह्मणः** = ब्रह्मको, **विधिशेषत्वम्** = विधिको शेषरूपता हुन्छ, **स्वरूपपर्यवसायित्वम्** = आफै (ब्रह्म) मा पर्यवसान हुने कुरा, **न** = हुँदैन भन्ने, **इति** = यस्तो, **उक्तम्** = भनियो, **न** = त्यो हुन्न किनकि, **मनननिदिध्यासनयोः**= मनन र निदिध्यासनको, **अवगत्यर्थत्वात्** = ब्रह्मरूप आत्माको बोध नै प्रयोजन हुनाले वा साक्षात्कार निमित्त हुनाले, **हि** = निश्चय, **यदि** = यदि, **अवगतम्** = जानिबुझिसकिएको, साक्षात्कार भएको, **ब्रह्म** = ब्रह्म, **अन्यत्र** = अरू कुनै काममा, **विनियुज्यते** = कर्तव्यविधि वा उसको शेष रूपले देखाइयोस् त अनि, **तदा** = त्यसबेला, बल्ल; **विधिशेषत्वम्** = विधिको शेष रूप, **भवेत्** = हुन सक्ला, **तत् तु** = त्यो (देखाइने कुरा) त, **न अस्ति** = छैन, **मनननिदिध्यासनयोः**= मनन र निदिध्यासनको, **अपि** = पनि, **श्रवणवत्** = श्रवणजस्तै, **अवगत्यर्थत्वात्**= जान्नु निमित्त नै हुनाले अथवा ब्रह्म साक्षात्कार निमित्त हुनाले, **तस्मात्** = त्यसकारणबाट अर्थात् ज्ञानद्वारा प्रमेय र प्रमातालाई बाध नगर्ने हुनाले, **ब्रह्मणः** = ब्रह्मको, **प्रतिपत्ति-विधिविषयतया** = पूर्वोक्त प्रतिपत्तिविधिको फरक रूपले, **शास्त्रप्रमाणकत्वम्** = शास्त्र प्रमाणकत्व (शास्त्रद्वारा लक्षित हुनु), **न संभवति** = हुन सक्दैन, **इति अतः**= यसकारणबाट, **वेदान्तवाक्यसमन्वयात्** = उपनिषद् वाक्यको समन्वय हुँदा, **ब्रह्म**= ब्रह्म, **स्वतन्त्रम्** = स्वतन्त्ररूपले, **एव** = नै, **शास्त्रप्रमाणकम्** = शास्त्रप्रमाणक छ भन्ने, **इति** = यो यस्तो, **सिद्धम्** = सिद्ध छ ।

विशदीकरण

जस्तै – सर्पले आफ्नो अभिमान छोडेर फ्याँकिदिएपछि सर्पको काँचुली धमिराको देवल आदिमा रहिरहन्छ र मेरो हो भन्ने अभिमानबाट मुक्त भएको ब्रह्मवेत्ताको शरीर पनि अभिमान छोडेकाले काँचुली झैं रहिरहन्छ । ब्रह्मवेत्ता शरीररहित अमृत, प्राणरूप ब्रह्म नै हो तेज नै हो भन्ने र आँखा भएर नभए जस्तो, कान भएर नभए जस्तो, बोली भएर नभए जस्तो, मन भएर नभए जस्तो, प्राण भएर नभए जस्तो आदि उक्त श्रुतिवाक्यहरूले र ब्रह्ममा प्रज्ञास्थित हुनेको भाषा, रहन, सहन, कस्तो र कुन हो ? भनेर ब्रह्ममा प्रज्ञा प्रतिष्ठित हुने पुरुष (ब्रह्मवेत्ता) को लक्षण बताउने गीता आदि स्मृतिले पनि ब्रह्मवेत्ता पुरुषमा कुनै सांसारिक प्रवृत्तिको सम्बन्ध छैन भनेर बताउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मबोध भइसकेका पुरुषको अघि जस्तै संसारीपन हुन सक्दैन । जसको अघि जस्तो संसारीपन छ, त्यो पुरुष ब्रह्मभावमा प्राप्त भएको छैन भनेर जान्नु पर्दछ । अर्को कुरा श्रवण बताइसकेपछि पनि मनन र निदिध्यासन बताएको देखिनाले ब्रह्मको निर्देश विधिको शेषरूपले नै हो भनेर जो शङ्का गरिएको थियो त्यो पनि ठीक छैन । किनभने मनन र निदिध्यासन पनि ब्रह्मात्मबोध नहुँदासम्म बोध गराउन निमित्त मात्र आवश्यक हुन्छन् । बोध भइसकेपछि पनि ब्रह्म यदि कुनै क्रियाविधि वा उसको शेषरूपले बताइँदो हो त विधिशेष भन्न सकिन्थ्यो, परन्तु यहाँ त्यस्तो छैन र मनन र निदिध्यासन पनि श्रवण जस्तै बोधनिमित्त नै ठहर्न आउँछन् । त्यो आत्मा (ब्रह्म) प्रतिपत्तिविधिको विषयरूपले उपदिष्ट भएको नभई स्वतन्त्ररूपले नै शास्त्रप्रमाण हो भन्ने निर्विवाद सिद्ध हुन आउँछ ।

शाङ्करभाष्यम्

एवं च सति 'अथातो ब्रह्मजिज्ञासा**' इति तद्विषयः पृथक्शास्त्रारम्भ उपपद्यते । प्रतिपत्तिविधिपरत्वे हि अथातो धर्मजिज्ञासेत्येवारब्धत्वान्न पृथक्-शास्त्रमारभ्येत । आरभ्यमाणं चैवमारभ्येत- '**अथातः परिशिष्टकर्मजिज्ञासा**' इति, '**अथातः क्रत्वर्थपुरुषार्थयोर्जिज्ञासा**' (जै. ४/१/१) इतिवत् । ब्रह्मात्मैक्यावगतिस्तु न प्रतिज्ञातेति तदर्थो युक्तः शास्त्रारम्भः - '**अथातो ब्रह्मजिज्ञासा**' इति । तस्मादहं ब्रह्मास्मीत्येतदवसाना एव सर्वे विधयः सर्वाणि चेतराणि प्रमाणानि। नह्यहेयानुपादेयाद्वैतात्मावगतौ निर्विषयाण्यप्रमातृकाणि च प्रमाणानि भवितुमर्हन्तीति। अपि चाहुः -**

**गौणमिथ्यात्मनोऽसत्त्वे पुत्रदेहादिबाधनात् ।
सद्ब्रह्मात्माहमित्येवं बोधे कार्यं कथं भवेत् ।।
अन्वेष्टव्यात्मविज्ञानात्प्राक्प्रमातृत्वमात्मनः ।
अन्विष्टः स्यात्प्रमातैव पाप्मदोषादिवर्जितः ।।
देहात्मप्रत्ययो यद्वत् प्रमाणत्वेन कल्पितः ।
लौकिकं तद्वदेवेदं प्रमाणं त्वात्मनिश्चयात् ।।**

**इति श्रीमद्गोविन्दभगवत्पूज्यपादशिष्यश्रीमच्छङ्करभगवत्पादकृतौ
ब्रह्मसूत्रभाष्ये चतुःसूत्री समाप्ता**

नेपालीभावानुवाद

च = फेरि, **एवम्** = यस्तो, **सति** = भएमा, **अथातो ब्रह्मजिज्ञासा इति** = 'अथातो ब्रह्मजिज्ञासा' भनेर, **तद्विषयः** = त्यो ब्रह्मलाई लक्ष्य गर्ने, **पृथक्** = छुट्टै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रारम्भः = शास्त्रको आरम्भ, **उपपद्यते** = ठीक हुन जान्छ, **हि** = निश्चय, **प्रतिपत्तिविधिपरत्वे** = उपनिषद्लाई प्रतिपत्तिविधिपरक मानेमा, **अथातो धर्मजिज्ञासा इति एव** = 'अथातो धर्मजिज्ञासा' भन्ने यस्तो नै, **आरब्धत्वात्** = आरम्भ गरेको हुनाले, **पृथक्** = छुट्टै, **शास्त्रम्** = शास्त्र, **न आरभ्येत** = आरम्भ गरिन्नथ्यो, **आरभ्यमाणञ्च** = आरम्भ गरिएको पनि, **अथातः क्रत्वर्थपुरुषार्थयोर्जिज्ञासा** = 'अथातः क्रत्वर्थपुरुषार्थयोर्जिज्ञासा' भन्ने, **इतिवत्** = यो सूत्र जस्तै, **अथातः परिशिष्टधर्मजिज्ञासा** = 'अथातः परिशिष्ट धर्मजिज्ञासा' भन्ने, **इति एवम्** = यस रूपको सूत्र, **आरभ्येत** = आरम्भ गरिन्थ्यो, **ब्रह्मात्मैक्यावगतिः** = ब्रह्म र आत्माका एकताको साक्षात्कार, **तु** = त, **अप्रतिज्ञाता** = पूर्वकाण्डमा प्रतिज्ञा छैन, **इति** = यस हेतुले, **तदर्थः** = त्यसको निमित्त, **शास्त्रारम्भः** = छुट्टै शास्त्रको आरम्भ गर्नु, **युक्तः** = ठीक छ, जो कि; **अथातो धर्मजिज्ञासा इति** = 'अथातो धर्मजिज्ञासा' भन्ने यस रूपको सूत्र छ, **तस्मात्** = त्यसकारण (ज्ञानले प्रमेय र प्रमाताको बाध नगर्ने हुना) ले, **अहम्** = म, **ब्रह्म** = ब्रह्म, **अस्मि** = हूँ भन्ने, **इति एतदवसाना** = यस्तो अनुभवरूप साक्षात्कारसम्मका, **एव** = नै, **सर्वे** = सबै, **विधयः** = विधिहरू र, **सर्वाणि** = सबै, **इतराणि** = अरू, **प्रमाणानि** = प्रमाणहरू छन्, **हि** = निश्चय, **अहेयानुपादेयाद्वैतात्मावगतौ** = लिनु, छोड्नु नभएको अद्वैत आत्माको साक्षात्कार भएमा, **प्रमाणानि** = प्रत्यक्ष आदि प्रमाणहरू, **निर्विषयाणि** = लक्ष्य नभएका र, **अप्रमातृकाणि** = प्रमाता नभएका, **भवितुम्** = हुन, **न अर्हन्ति इति** = योग्य छैनन् भन्ने, **इति** = यस्तो बुझ्नुपर्दछ, **च** = फेरि, **अपि** = पनि, **आहुः** = भन्दछन् कि, **पुत्रदेहादिबाधनात्** = पुत्र देह इन्द्रियको बाध गर्नाले, **गौणमिथ्यात्मनः** = गौण र मिथ्यारूप आत्माको, **असत्त्वे** = नभएमा, **अहम्** = म, **सद्ब्रह्मात्मा**= नित्य भएको ब्रह्मरूप आत्मा हूँ भन्ने, **इति एवम्** = यस्तो, **बोधे** = ज्ञान भएमा, **कार्यम्** = जीविका आदि र ब्रह्मसाक्षात्कार को काम, **कथम्** = कसरी, **भवेत्** = हुन सक्दछ, **अन्वेष्टव्यात्मविज्ञानात्** = खोज्नुपर्ने आत्माको विज्ञान (अनुभव) भन्दा, **प्राक्** = पहिले, **आत्मनः** = आत्माको, **प्रमातृत्वम्** = प्रमातापन हुन्छ, **अन्विष्टः** = खोजिएको, **पाप्मदोषादिवर्जितः** = पापदोष केही नभएको, **प्रमाता एव** = प्रमाता (अन्तःकरणा-वच्छिन्न चैतन्य नै), **स्यात्** = हुन्छ, **देहात्मप्रत्ययः** = शरीरलाई आत्मा भन्ने ज्ञान, **यद्वत्** = जस्तो गरि, **प्रमाणत्वेन** = प्रमाणरूपले, **कल्पितः** = कल्पना गरिएको छ, **तद्वत्** = त्यस्तै, **एव** = नै, **इदम्** = यो, **लौकिकम्** = लोकमा प्रचलित, **प्रमाणम्**= प्रमाण, **आ आत्मनिश्चयात्** = आत्मसाक्षात्कारभन्दा पहिले प्रमाणित हुन्छ, **इति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाप्त भयो, इति = यस रूपले, **गोविन्दभगवत्पूज्यपादशिष्यश्रीमच्छङ्कर-भगवत्पादकृतौ** = गोविन्द भगवत्पूज्यपादका शिष्य श्री शङ्करभगवत्पूज्यपादको कृतिरूप, **ब्रह्मसूत्रभाष्ये** = ब्रह्मसूत्र भाष्यमा, **चतुःसूत्री** = चतुःसूत्री, **समाप्ता** = समाप्त भयो ।

विशदीकरण

सबै शास्त्रको समन्वयबाट ब्रह्म शास्त्र प्रमाणक हो भन्ने कुरा सिद्ध भएमा '**अथातो ब्रह्मजिज्ञासा**' यस किसिमको ब्रह्मको विषयमा छुट्टै शास्त्रको आरम्भ गर्न मनासिब हुन्छ। त्यसो नभएर प्रतिपत्तिविधिको विषयरूपले ब्रह्म प्रतिपादन गरेको भन्ने हो भने त '**अथातो धर्मजिज्ञासा**' यस रूपले आरम्भ गरिएकोले छुट्टै अर्को शास्त्र आरम्भ गरिने थिएन, गरिए पनि '**अथातः क्रत्वर्थपुरुषार्थयोर्जिज्ञासा**' भने झैं '**अथातः परिशिष्टधर्मजिज्ञासा**' भनेर आरम्भ गरिन्थ्यो । परन्तु ब्रह्म र आत्माको एकताको साक्षात्कार सम्बन्धमा त प्रतिज्ञा गरिएको छैन र त्यसका निमित्त '**अथातो धर्मजिज्ञासा**' भनेर छुट्टै शास्त्रको आरम्भ गरेको ठीक छ ।

आ-आफ्नो परिधिसम्मलाई ज्ञानले प्रमेय, प्रमाता कुनैलाई बाधित गर्दैन र म ब्रह्म हूँ भन्ने साक्षात्कार नहुँदासम्मका लागि मात्र सबै विधि र प्रमाणहरू हुन् । फेरि लिनु, छोड्नु नभएको अद्वैत आत्माको साक्षात्कार भएमा सबै प्रमाणहरू विना लक्ष्यका र विना प्रमाताका हुन्छन् भन्न पनि मनासिब पर्दैन । फेरि यस्तो भनिन्छ– पुत्रादिमा भएको आत्माभिमान वस्तुभेद हुनाले गौण हुन्छ र शरीरमा भएको आत्माभिमान अभेद अनुभवका कारणबाट मिथ्या भनिन्छ । पुत्र देहादिमा रहेको आत्माभिमान 'म नित्य ब्रह्मरूप आत्मा हूँ' भन्ने ज्ञानद्वारा बाधित हुन आएमा गौण र मिथ्या दुवै रूपको आत्माभिमान नभएको कारणबाट त्यस आत्माभिमानलाई आधार गरेर हुने जीविकादि र ब्रह्मसाक्षात्कार कसलाई ? र कसरी हुने ? इत्यादि शङ्का गरिन्छ ।

त्यसको उत्तरमा भनिन्छ – आफूले चाहेको आत्मविज्ञान हुनुभन्दा पहिले आत्माको प्रमातापन छँदैछ र खोजिएको आत्मा पनि दोषमुक्त प्रमाता नै ठहर्न आउँछ । ब्रह्मसाक्षात्कार नहुँदासम्म जसरी देहमा आत्माबुद्धि प्रमाणित हुन्छ, त्यसरी नै आत्मसाक्षात्कार नहुँदासम्म लौकिक प्रमाणहरू पनि प्रमाणित छन् भनेर जान्नु पर्दछ ।

इतिसमन्वयाधिकरणम् ।।

(इति दर्शनशिरोमणिवेदान्ताचार्यपण्डितमीनप्रसादकृतभाषानुवाद-युतब्रह्मसूत्रशाङ्करभाष्ये चतुःसूत्री समाप्ता ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. ईक्षत्यधिकरणम् {सू. ५-११}

शाङ्करभाष्यम्

एवं तावद् वेदान्तवाक्यानां ब्रह्मात्मावगतिप्रयोजनानां ब्रह्मात्मनि तात्पर्येण समन्वितानामन्तरेणापि कार्यानुप्रवेशं ब्रह्मणि पर्यवसानमुक्तम् । ब्रह्म च सर्वज्ञं सर्वशक्ति जगदुत्पत्तिस्थितिनाशकारणमित्युक्तम्। साङ्ख्यादयस्तु परिनिष्ठितं वस्तु प्रमाणान्तरगम्यमेवेति मन्यमानाः प्रधानादीनि कारणान्तराण्यनुमिमानास्तत्परतयैव वेदान्तवाक्यानि योजयन्ति । सर्वेष्वेव वेदान्तवाक्येषु सृष्टिविषयेष्वनुमानेनैव कार्येण कारणं लिलक्षयिषितम् । प्रधानपुरुषसंयोगा नित्यानुमेया इति साङ्ख्या मन्यन्ते काणादास्त्वेतेभ्य एव वाक्येभ्य ईश्वरं निमित्तकारणमनुमिमते, अणूँश्च समवायिकारणम् । एवमन्येऽपि तार्किका वाक्याभासयुक्त्याभासावष्टम्भाः पूर्वपक्षवादिन इहोत्तिष्ठन्ते । तत्र पदवाक्यप्रमाणज्ञेनाचार्येण वेदान्तवाक्यानां ब्रह्मावगतिपरत्वदर्शनाय वाक्याभासयुक्त्याभासविप्रतिपत्तयः पूर्वपक्षीकृत्य निराक्रियन्ते ।

नेपालीभाषानुवाद

एवम् = यस (पूर्वोक्त) प्रकारले, **तावद्** = पहिले, **ब्रह्मात्मवगतिप्रयोजनानाम्** = ब्रह्मरूप आत्माको साक्षात्कार नै प्रयोजन भएको, **ब्रह्मात्मनि** = ब्रह्मरूप आत्मामा, **तात्पर्येण** = तत्परक भएर, **समन्वितानाम्** = एकमुख भएर गएका, **वेदान्तवाक्यानाम्** = उपनिषद् वाक्यहरूको, **कार्यानुप्रवेशम्** = कर्तव्यविधिको सम्बन्धलाई, **अन्तरेण** = छाडेर, **अपि** = पनि, **ब्रह्मणि** = ब्रह्ममा, **पर्यवसानम्** = थितिनु, **उक्तम्** = भनियो, **ब्रह्म** = ब्रह्म, **सर्वज्ञम्** = सर्वज्ञ (सबै जान्ने) र, **सर्वशक्ति** = सबै शक्तिले सम्पन्न, **च** = पनि छ र, **जगदुत्पत्तिस्थितिनाशकारणम्** = जगत्को उत्पत्ति, स्थिति र नाशको कारण छ भन्ने, **इति** = यो कुरा पनि, **उक्तम्** = भनियो, **साङ्ख्यादयः** = साङ्ख्याशास्त्र जान्नेहरू, **तु** = त, **परिनिष्ठितम्** = सिद्धवस्तु, **प्रमाणान्तरगम्यम्** = अरू प्रमाणहरूद्वारा जान्नु योग्य, **एव** = नै छ भन्ने, **इति** = यस्तो, **मन्यमानाः** = मान्दा छँदा, **प्रधानादीनि** = प्रधान (प्रकृति) आदि गरिएका, **कारणान्तराणि** = अरू अरू कारणहरूको, **अनुमिमानाः** = अनुमान गर्दा छँदा, **तत्परतया** = प्रधानपरकरूपले, **वेदान्तवाक्यानि** = उपनिषद्–वाक्यहरूलाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजयन्ति = मिलाउँछन्, **सर्वेषु** = सबै, **एव** = नै, **वेदान्तवाक्येषु** = उपनिषद्-वाक्यहरू, **सृष्टिविषयेषु** = सृष्टिलाई लक्ष्य गर्ने भएमा, **अनुमानेन** = अनुमानद्वारा, **एव** = नै, **कार्येण** = कार्यले, **कारणम्** = कारण, **लिलक्षयिषितम्** = लक्षित गर्न खोजिएको छ, **प्रधानपुरुषसंयोगाः** = प्रधान (प्रकृति) र पुरुषका संयोगहरू, **नित्यानुमेयाः** = नित्य अनुमान गर्न योग्य छन् भन्ने, **इति** = यस्तो, **साङ्ख्याः** = साङ्ख्यहरू, **मन्यन्ते** = मान्दछन्, **काणादाः** = वैशेषिक तथा नैयायिकहरू, **एतेभ्यः**= यिनै, **वाक्येभ्यः** = वाक्यहरूबाट, **ईश्वरम्** = ईश्वरलाई, **निमित्तकारणम्** = निमित्त-कारण र, **च** = फेरि, **समवायिकारणम्** = समवायी (उपादान) कारण भनेर, **अनुमिमते** = अनुमान गर्दछन्, **एवम्** = यस्तै प्रकारले, **अन्ये अपि** = अरू पनि, **तार्किकाः** = तर्क गर्नेहरू, **वाक्याभासयुक्त्याभासावष्टम्भाः** = आभासित वाक्य र आभासित युक्तिलाई आधार गरिरहेका, **पूर्वपक्षवादिनः** = पूर्वपक्षका वादी बनेका, **इह** = यहाँ, **उत्तिष्ठन्ते** = उपस्थित हुन्छन्, **तत्र** = त्यहाँ त्यसमा, **पदवाक्यप्रमाणज्ञेन**= व्याकरण, न्याय दुवै मीमांसा जान्ने, **आचार्येण** = आचार्य (व्यास) ले, **वेदान्त-वाक्यानाम्** = उपनिषद् वाक्यहरूको, **ब्रह्मावगतिपरत्वदर्शनाय** = ब्रह्मसाक्षात्कारमा तात्पर्य छ भन्ने देखाउन, **वाक्याभासयुक्त्याभासविप्रत्तिपत्तयः** = वाक्याभास र युक्त्याभासमा देखा पर्ने विवादहरू, **पूर्वपक्षीकृत्य** = पूर्वपक्षको रूपमा राखेर, **निराक्रियन्ते** = खण्डन गरिन्छन् (हटाइन्छन्) ।

विशदीकरण

यस प्रकार पहिले ब्रह्मरूप आत्माको साक्षात्कार गराउनु नै मुख्य प्रयोजन भएका र ब्रह्मरूप आत्माको ज्ञानमा नै एकमुख भएर तत्पर भएका सम्पूर्ण उपनिषद्वाक्यहरूको-लक्ष्य ब्रह्म नै छ भन्ने बताएर सर्वज्ञ तथा सर्वशक्तिसम्पन्न भएको ब्रह्म नै जगत्को उत्पत्ति, स्थिति र नाशको कारण हो भन्ने कुरा पनि बताइयो ।

साङ्ख्य आदि प्रधानकारणवादीहरू सिद्ध वस्तु प्रत्यक्ष आदि अरू प्रमाणहरूद्वारा पनि जान्न सकिने छन् भनेर प्रधान आदिलाई नै जगत्को कारणरूपमा अनुमान गर्छन् र वेदान्तवाक्यहरूलाई पनि प्रधानपरक अर्थाभास गरेर मिलाउँछन् । फेरि जुनसुकै वेदान्तवाक्यमा पनि सृष्टिसम्बन्धमा अनुमानद्वारा कार्यले कारणको अस्तित्वसिद्धि गर्ने चेष्टा गरिन्छ । साथै बुद्धिमा जुन प्रतिबिम्ब छ, त्यो त्यही किसिमको बिम्ब भएर मात्र सिद्ध हुन्छ प्रतिबिम्ब हुनाले, ऐनामा परेको मुखको प्रतिबिम्ब जस्तै अनुमान गरेर प्रधान र पुरुषका संयोगहरू नित्य अनुमान गर्न लायक छन् भनेर साङ्ख्यवादीहरू भन्दछन् । फेरि ती नै 'कार्य मात्र जड प्रकृतिवाला छ, कार्य हुनाले घट जस्तै' भन्ने अनुमान दोहऱ्याएर प्रकृतिलाई जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण भनेर सिद्ध गर्न खोज्दछन् ।

वैशेषिक तथा नैयायिकहरू यिनै वेदान्तवाक्यहरूको 'कार्य बुद्धिवालाबाट भएको हो, कार्य हुनाले घट जस्तै' भन्ने र 'द्वयणुक आदि सबै कार्य आफूभन्दा कम परिमाणवाला द्रव्यबाट हुन्छन्, कार्यरूप द्रव्य हुनाले घट जस्तै' भन्ने अर्को अनुमान गरेर पहिलो वाक्यद्वारा ईश्वरलाई निमित्त कारण र दोस्रो वाक्यद्वारा परमाणुलाई समवायी उपादान कारण भन्ने अठोट गर्दछन् । यस प्रकार अरू अरू तार्किकहरू पनि वाक्य जस्तै आभास पर्ने वाक्य र युक्तिजस्तै आभास पर्ने युक्तिहरूलाई आधाररूपमा अंगालेर पूर्वपक्ष लिएर यहाँ उठ्दछन्। व्याकरण, न्याय तथा दुवै मीमांसाका परममर्मज्ञ आचार्य (व्यास) ले सम्पूर्ण वेदान्त (उपनिषद्) वाक्यहरू ब्रह्मरूप आत्मको साक्षात्कार गराउने विषयमा नै पूर्णरूपले लक्ष्य राख्दछन् भन्ने कुरा देखाउन, ती सबै वाक्याभास र युक्त्याभासमा देखिएका र पूर्वपक्षरूपमा रहेका विवादहरू नै दोस्रो प्रस्थानरूप यस ब्रह्मसूत्रमा खण्डन गरिन्छन् ।

शाङ्करभाष्यम्

तत्र साङ्ख्याः प्रधानमचेतनं त्रिगुणं जगतः कारणमिति मन्यमाना आहुः– यानि वेदान्तवाक्यानि सर्वज्ञस्य सर्वशक्तेर्ब्रह्मणो जगत्कारणत्वं दर्शयन्तीत्यवोचः, तानि प्रधानकारणपक्षेऽपि योजयितुं शक्यन्ते । सर्वशक्तिमत्त्वं तावत् प्रधानस्यापि स्वविकारविषयमुपपद्यते । एवं सर्वज्ञत्वमप्युपपद्यते । कथम्? **'यत्तु ज्ञानं मन्यसे स सत्त्वधर्मः, सत्त्वात्सञ्जायते ज्ञानम्'** (गीता १४/१७) इति स्मृतेः । तेन च सत्त्वधर्मेण ज्ञानेन कार्यकारणवन्तः पुरुषाः सर्वज्ञा योगिनः प्रसिद्धाः । सत्त्वस्य हि निरतिशयोत्कर्षे सर्वज्ञत्वं प्रसिद्धम् । न केवलस्याकार्यकारणस्य पुरुषस्योपलब्धिमात्रस्य सर्वज्ञत्वं किञ्चिज्ज्ञत्वं वा कल्पयितुं शक्यम् । त्रिगुणत्वात्तु प्रधानस्य सर्वज्ञानकारणभूतं सत्त्वं प्रधानावस्थायामपि विद्यत इति प्रधानस्याचेतनस्यैव सतः सर्वज्ञत्वमुपचर्यते । वेदान्तवाक्येष्ववश्यं च त्वयापि सर्वज्ञं ब्रह्माभ्युपगच्छता सर्वज्ञानशक्तिमत्त्वेनैव सर्वज्ञत्वमुगन्तव्यम् । न हि सर्वदा सर्वविषयं ज्ञानं कुर्वदेव ब्रह्म वर्तते । तथाहि– ज्ञानस्य नित्यत्वे ज्ञानक्रियां प्रति स्वातन्त्र्यं ब्रह्मणो हीयेत। अथानित्यं तदिति ज्ञानक्रियाया उपरमेतापि ब्रह्म, तदा सर्वज्ञानशक्तिमत्त्वेनैव सर्वज्ञत्वमापतति । अपि च प्रागुत्पत्तेः सर्वकारकशून्यं ब्रह्मेष्यते त्वया । न च ज्ञानसाधनानां शरीरेन्द्रियादीनामभावे ज्ञानोत्पत्तिः कस्यचिदुपपन्ना । अपि च प्रधानस्यानेकात्मकस्य परिणामसम्भवात् कारणत्वोपपत्तिः, मृदादिवत् नासंहतस्यैकात्मकस्य ब्रह्मण इत्येवं प्राप्त इदं सूत्रमारभ्यते –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

तत्र = त्यहाँ ती वादीहरू मध्येमा, **साङ्ख्याः** = साङ्ख्यहरू, **अचेतनम्** = जड, **त्रिगुणम्** = तीन गुणावाला, **प्रधानम्** = प्रकृति (प्रधान), **जगतः** = संसारको, **कारणम्** = कारण हो भनेर, **मन्यमानाः** = मान्दा छँदा, **आहुः** = भन्दछन् के भने, **यानि** = जुन, **वेदान्तवाक्यानि** = उपनिषद् वाक्यहरू, **सर्वज्ञस्य** = सर्वज्ञ, **सर्वशक्तेः**= सबै शक्तिले सम्पन्न भएका, **ब्रह्मणः** = ब्रह्मको, **जगत्कारणत्वम्** = संसारको कारण हो भन्ने कुरा, **दर्शयन्ति** = देखाउँछन् भन्ने, **इति** = यस्तो, **अवोचः** = भन्यौ, **तानि** = ती वाक्यहरू, **प्रधानकारणपक्षे** = प्रधानलाई कारण मानेका पक्षमा, **अपि** = पनि, **योजयितुम्**= मिलाउन, **शक्यन्ते** = सकिन्छन्, **तावत्** = पहिले, **प्रधानस्य** = प्रधानको, **अपि** = पनि, **सर्वशक्तिमत्त्वम्** = सबै शक्तिले सम्पन्न हुने कुरा, **स्वविकारविषयम्** = आफ्नो कार्यलाई लिएर वा उसको अपेक्षामा, **उपपद्यते**= ठीक हुन सक्दछ, **एवम्** = यही प्रकारले, **सर्वज्ञत्वम्** = सर्वज्ञपन, **अपि** = पनि, **उपपद्यते** = ठीक हुन सक्दछ, **कथम्** = कसरी भने, **यत्तु** = जुन त, **ज्ञानम्** = ज्ञान भनेर, **मन्यसे** = मान्दछौ, **सः** = त्यो, **सत्त्वधर्मः** = सत्त्व गुणको धर्म हो किनभने, **सत्त्वात्** = सत्त्वगुणबाट, **ज्ञानम्** = ज्ञान, **सञ्जायते** = राम्रोसँग हुन्छ भन्ने, **इति** = यस्तो, **स्मृतेः** = गीतारूप स्मृति हुनाले, **च** = फेरि, **सत्त्वधर्मेण** = सत्त्व गुणका धर्म भएका, **तेन** = त्यस, **ज्ञानेन** = ज्ञानले, **कार्यकारणवन्तः** = कुनै साधनरूप-कारणबाट कुनै सिद्धि रूप कार्यवाला, **पुरुषाः** = पुरुषहरू, **सर्वज्ञाः** = सर्वज्ञ र, **योगिनः** = योगी भनेर, **प्रसिद्धाः** = प्रसिद्ध छन्, **हि** = निश्चय, **सत्त्वस्य** = सत्त्वगुणको, **निरतिशयोत्कर्षे** = अत्यन्त उत्कर्ष भएमा, **सर्वज्ञत्वम्** = सर्वज्ञपन, **प्रसिद्धम्** = प्रसिद्ध छ तर, **अकार्यकारणस्य** = कार्यकारण सम्बन्धले रहित, **उपलब्धिमात्रस्य** = अनुभूति रूपको मात्र, **पुरुषस्य** = पुरुषको, **सर्वज्ञत्वम्** = सर्वज्ञपन र, **वा** = अथवा, **किञ्चिज्ज्ञत्वम्** = अल्पज्ञपन, **कल्पयितुम्** = कल्पना गर्न, **न शक्यम्** = सकिंदैन, **प्रधानस्य तु** = प्रधान को त, **त्रिगुणमयत्वात्** = आफै त्रिगुणामय हुनाले, **सर्वज्ञानकारणभूतम्** = सबै किसिमका ज्ञानको कारण भएको, **सत्त्वम्** = सत्त्वगुण, **प्रधानावस्थायाम्** = गुणको समतारूप प्रधानअवस्थामा **अपि** = पनि, **विद्यते** = छ र, **इति** = यसकारणबाट, **अचेतनस्य सतः** = जड भएका, **प्रधानस्य** = प्रधानको, **एव** = नै, **सर्वज्ञत्वम्**= सर्वज्ञपन, **उपचर्यते** = उपचरित गौणरूपले (कल्पित) हुन्छ, **वेदान्तवाक्येषु** = उपनिषद्वाक्यहरूमा, **त्वया च** = तिमी (वेदान्ती) ले पनि, **अवश्यम्** = अवश्य नै, **ब्रह्म** = ब्रह्मलाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वज्ञम् = सर्वज्ञ भनेर, **अभ्युपगच्छता** = समर्थन गर्नेले, **सर्वज्ञानशक्तिमत्वेन** = सबै ज्ञानको शक्तिवाला वा सबै ज्ञान र सबै शक्ति भएको भन्ने रूपले, **एव** = नै, **सर्वज्ञत्वम्** = सर्वज्ञपन, **उपगन्तव्यम्** = मान्नुपर्छ वा मानेको हुनुपर्छ, **हि** = निश्चय, **सर्वविषयम्** = सबै विषयसम्बन्धी, **ज्ञानम्** = ज्ञान, **कुर्वत्** = गर्दो वा लिंदो छँदो, **ब्रह्म** = ब्रह्म, **न वर्तते** = रहँदैन, **तथाहि** = जस्तोकि, मानिलिउँ; **ज्ञानस्य** = ज्ञानको, **नित्यत्वे** = नित्यरूप मानेमा, **ब्रह्मणः** = ब्रह्मको, **स्वातन्त्र्यम्** = ज्ञानविषयको स्वतन्त्रता, **हीयेत** = नाश होला (हराउला), **अथ** = अनि, **तत्** = त्यो ज्ञान, **अनित्यम्** = अनित्य भन्ने, **इति** = यस्तो मान्छौ भने, **ब्रह्म** = ब्रह्म, **ज्ञानक्रियायाः**= ज्ञानरूप क्रियाबाट, **उपरमेत अपि** = बिसाउन पनि सक्नेछ अनि, **तदा** = त्यसबेला, **असर्वज्ञानशक्तिमत्वेन** = सबै ज्ञानशक्ति नहुनाले, **एव** = नै, **असर्वज्ञत्वम्** = असर्वज्ञता, **आपतति** = आइपर्छ, **अपि च** = फेरि, **उत्पत्तेः प्राक्** = सृष्टिभन्दा पहिले, **त्वया** = तिमीले, **सर्वकारकशून्यम्** = सबै साधनले हीन भएको, **ब्रह्म** = ब्रह्म, **इष्यते** = मानिन्छ, इच्छा गरिन्छ, **ज्ञानसाधनानाम्** = ज्ञानका साधन, **शरीरेन्द्रियादीनाम्** = शरीर र इन्द्रियहरूको, **अभावे** = अभावमा, **कस्यचित्** = कसैको, **ज्ञानोत्पत्तिः** = ज्ञानको उत्पत्ति, **च** = पनि, **न उपपन्ना** = ठीक वा हुन सक्दैन, **अपि च** = फेरि, **अनेकात्मकस्य** = अनेक रूपवाला, **प्रधानस्य** = प्रधानको, **परिणामसंभवात्** = परिणाम हुने सम्भव हुनाले, **मृदादिवत्** = घट निमित्त माटो आदि जस्तै, **कारणत्वोपत्तिः** = कारणत्वको सिद्धि हुन्छ परन्तु, **असंहतस्य** = समवायी नभएको र, **एकात्मकस्य** = एकरूप भएका, **ब्रह्मणः** = ब्रह्मको, **न** = कारणत्व हुनसक्दैन भन्ने, **इति एवम्** = यस रूपको पूर्वपक्ष, **प्राप्ते** = प्राप्त भएमा, **इदम्** = यो, **सूत्रम्** = सूत्र, **आरभ्यते** = सुरु गरिन्छ **'ईक्षतेर्नाशब्दम्'** भनेर ।

विशदीकरण

ती पूर्वपक्षीहरूमध्येमा त्रिगुणमय अचेतन प्रधानलाई संसारको उत्पत्तिको कारण भनेर मानिरहेका साङ्ख्यवादीहरू भन्दछन् – तिमी ब्रह्मवादीहरूले जुन उपनिषद्का वाक्यहरूले सर्वज्ञ र सर्वशक्तिसम्पन्न ब्रह्मलाई जगत्को कारण बताउँछन् भनेर भन्दछौ, ती सबै वाक्यहरूलाई प्रधानलाई जगत्को कारण मान्ने पक्षमा पनि राम्रोसँग मिलाउन सकिन्छ ।

एउटा कुरा प्रधान सर्वज्ञ सर्वशक्तिवाला छैन भन्ने शङ्का देखिन्छ तापनि प्रधान आफ्नो कार्यको अपेक्षामा सर्वशक्तिमान् पनि छ र सर्वज्ञ पनि छ । किनकि, खास ज्ञान भनेर जसलाई भनिन्छ त्यो सत्त्वगुणको नै धर्म हो र यस कुरालाई गीता आदि स्मृतिहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सत्त्व गुणबाट ज्ञान हुन्छ भन्ने इत्यादि वचनद्वारा प्रमाणित पनि गर्दछन् । त्यही सत्त्वगुणको धर्मरूप ज्ञानले नै साधनरूप कारणबाट सिद्धिरूप कार्यलाई हासिल गरेका विशिष्ट पुरुषहरू सर्वज्ञ र योगी भनिने हुन्छन् ।

ज्ञानको कारण भएका सत्त्व गुणको वृद्धि भएमा सर्वज्ञत्व सहज आउन सक्दछ र त्यो ज्ञानको कारण भएको सत्त्वगुण त प्रधानमा स्वरूपतः छँदैछ, त्यसकारण प्रधान सर्वज्ञ बन्नुमा कुनै अडचन पनि पर्दैन र प्रधान स्वतः सर्वज्ञ हुन सक्दछ । ब्रह्म त कार्यकारणसम्बन्धले रहित भएको र अनुभूतिस्वरूपमात्र हुनाले उसमा सर्वज्ञत्व र अल्पज्ञत्व भन्ने कल्पना नै गर्न सकिंदैन र गर्न मिल्दैन पनि । प्रधान त पूर्वोक्तरूपले त्रिगुणमय हुनाले सत्त्वगुणवाला छ र त्यो अचेतन भए पनि त्यसमा ज्ञानको उपचार हुन बाधा पर्दैन ।

वेदान्तवाक्यको अर्थ गर्दा तिमी (वेदान्ती)हरू पनि त ब्रह्ममा सबै प्रकारका ज्ञान र शक्ति रहेको आधारमा ब्रह्मलाई सर्वज्ञ र सर्वशक्तिमान् भनेर मान्दा हौला । वास्तवमा विचार गर्दा जुनसुकै बखतमा पनि सबै विषयको ज्ञान ब्रह्ममा छ भन्न पनि कसरी सकिन्छ र ? जस्तो प्रश्न हुन सक्दछ । ब्रह्ममा ज्ञान नित्य छ वा अनित्य ? नित्य मान्ने हो भने ब्रह्मले ज्ञानरूपक्रियाबाट मुक्ति नपाउने हुँदा ज्ञानप्रति ब्रह्मको स्वतन्त्रता नै रहने छैन । ज्ञान अनित्य छ भन्ने हो भने त्यो ब्रह्म कहिले काहीं ज्ञान क्रियाबाट बिसाउन पनि सक्नेछ र त्यस बखत सर्वज्ञान र सर्वशक्ति नभएका कारणले ब्रह्म फेरि असर्वज्ञ र शक्तिहीन हुनआउला ।

अर्को कुरा तिमीहरू संसारको सृष्टि हुनुभन्दा पहिल्यै ब्रह्मलाई सबै किसिमका सामग्रीले रहित छ भनेर मान्दछौ र शरीर तथा इन्द्रियादि रूप साधन नभएपछि, विना साधन ज्ञानको उत्पत्ति कसरी हुन सक्दछ ? र कसरी मान्ने ? प्रधान त अनेकात्मा हुनाले अनेकरूपमा परिणत हुन पनि सक्ने हुनाले घरको निमित्त माटो कारण भए झैं प्रधान पनि जगत्‌को कारण बन्न सक्दछ, परन्तु असमवायी रूपको ब्रह्म त जगत्कारण बन्न सक्दैन र ब्रह्म जगत्‌को कारण नभई प्रधान नै जगत्‌को कारण हो भन्ने यस्तो पूर्वपक्षरूप शङ्का भएकोमा शङ्का निवारणार्थ अग्रिम सूत्र आरम्भ गरिन्छ ।

ब्रह्मसूत्रम् - ईक्षतेर्नाशब्दम् १/१/५

सूत्रार्थ - अशब्दम् = श्रुतिद्वारा नबताइएको वा जडरूप प्रधान, **न =** जगत्‌को कारण हुनसक्दैन, किनकि, **ईक्षतेः =** जगत् र कारणको ईक्षण सुनिएकोले ।

शाङ्करभाष्यम्

न साङ्ख्यपरिकल्पितमचेतनं प्रधानं जगतः कारणं शक्यं वेदान्तेष्वाश्रयितुम्। अशब्दं हि तत् । कथमशब्दत्वम् ? ईक्षतेः- ईक्षितृत्वश्रवणात् कारणस्य । कथम् ? एवं हि श्रूयते- **'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्'** (छान्दोग्य० ६/२/१) इत्युपक्रम्य **'तदैक्षत बहुस्यां प्रजायेयेति तत्तेजोऽसृजत'**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(छान्दो० ६/२/३) इति । तत्रेदं शब्दवाच्यं नामरूपव्याकृतं जगत् प्रागुत्पत्तेः सदात्मनावधार्य तस्यैव प्रकृतस्य सच्छब्दवाच्यस्येक्षणपूर्वकं तेजः प्रभृतेः स्रष्टृत्वं दर्शयति। तथान्यत्र- **'आत्मा वा इदमेक एवाग्र आसीत्। नान्यत् किञ्चनमिषत्। स ईक्षत लोकान्नुसृजा'** इति । **'स इमाँल्लोकानसृजत'** (ऐत. १/१/१) इतीक्षापूर्विकामेव सृष्टिमाचष्टे । क्वचिच्च षोडशकलं पुरुषं प्रस्तुत्याह- **'स ईक्षाञ्चक्रे स प्राणमसृजत'** (प्रश्न. ६/३) इति । ईक्षतेरिति च धात्वर्थनिर्देशोऽभिप्रेतः, यजतेरिति वत्, न धातुनिर्देशः । तेन **'यः सर्वज्ञः सर्वविधस्य ज्ञानमयं तपः। तस्मादेतद् ब्रह्म नामरूपमन्नं च जायते'** (मुण्ड. १/१/९) इत्येवमादीन्यपि सर्वज्ञेश्वरकारणपराणि वाक्यान्युदाहर्तव्यानि ।

नेपालीभाषानुवाद

साङ्ख्यापरिकल्पितम्= साङ्ख्यले कल्पना गरेको, **अचेतनम्** = जड, **प्रधानम्**= प्रधान, **जगतः** = संसारको, **कारणम्** = कारण भनेर, **वेदान्तेषु** = उपनिषद्मा, **आश्रयितुम्** = आश्रय गर्न (लिन), **न शक्यम्** = सकिंदैन किनकि, **तत्** = त्यो प्रधान, **अशब्दम्** = श्रुतिनिर्दिष्ट वा चेतन छैन, **अशब्दत्वम्** = अचेतनत्व, **कथम्**= कसरी, **ईक्षतेः** = ईक्षण (देखिना)ले अर्थात्, **कारणस्य** = कारणको, **ईक्षितृत्व-श्रवणात्** = ईक्षण गर्ने सुनिएकोले, **कथम्** = कसरी, **हि** = निश्चय, **एवम्** = यस्तो, **श्रूयते** = सुनिन्छ, श्रुतिमा कि; **सोम्य** = हे सोम्य, **इदम्** = यो जगत्, **अग्रे** = सृष्टिभन्दा पहिले, **एकम्** = एक, **अद्वितीयम्** = दोस्रोले रहित, **एव** = नै, **सद् एव** = सत्‌रूप, **आसीत्** = थियो भन्ने, **इति** = यसबाट, **उपक्रम्य** = सुरु गरेर, **तत्** = त्यो ब्रह्म, **बहु स्याम्** = अनेक हुन्छु, **प्रजायेय** = विशेषरूपले हुन्छु भन्ने, **इति** = यस्तो सुनिन्छ, **इदं शब्दवाच्यम्** = इदम् शब्दको वाच्य भएको, **नामरूप-व्याकृतम्** = नाम र रूपद्वारा व्यक्त भएको, **जगत्** = जगत्‌लाई, **सदात्मना** = सत्‌रूपले, **अवधार्य**= निश्चित गरेर, **प्रकृतस्य** = पहिले देखाए (बताए)को, **सच्छब्द-वाच्यस्य** = सत्‌शब्दले बताइने, **तस्य** = त्यो जगत्‌को, **एव** = नै, **ईक्षणपूर्वकम्** = ईक्षणको साथै, **तेजः प्रभृतेः** = तेज आदिको, **स्रष्टृत्वम्** = सृष्टिकर्तापनलाई, **दर्शयति**= देखाउँछ. **तथा** = त्यस्तै, **अन्यत्र** = अन्यत्र ऐतरेय उपनिषद्मा, **वा** = प्रसिद्ध; **इदम्** = यो जगत्, **अग्रे** = सृष्टिभन्दा अघि, **एकः** = एउटा. **आत्मा** = आत्मा वा आत्मरूप. **एव** = नै. **आसीत्** = थियो. **अन्यत्** = त्यो बाहेक अरू. **मिषत्** = थोरै पनि. **किञ्चन** = केही. **न** = थिएन. **सः** = त्यो आत्मा. **लोकान्** = लोकहरू. **उ** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि, **सृजा** = सृष्टि गर्छु भन्ने, **इति** = यस्तो, **ईक्षत** = ईक्षण गऱ्यो, **सः** = त्यो आत्मा, **इमान्** = यी, **लोकान्** = लोकहरूलाई, **असृजत** = सृष्टि गऱ्यो भन्ने, **इति**= यो श्रुति, **ईक्षापूर्विकाम्** = ईक्षण पूर्वकको, **सृष्टिम्** = सृष्टि, **आचष्टे** = बताउँछ, **च** = फेरि, **क्वचित्** = कहीं प्रश्नोपनिषद् आदिमा, **षोडशकलाम्** = सोह्रकलावाला, **पुरुषम्** = पुरुषलाई, **प्रस्तुत्य** = सुरुमा देखाएर, **आह** = भन्दछ, **सः** = त्यो पुरुष, **ईक्षाञ्चक्रे** = ईक्षण गऱ्यो, **सः** = त्यो पुरुष, **प्राणम्** = प्राणलाई, **असृजत** = सृष्टि गऱ्यो भन्ने, **इति** = यस रूपले, **ईक्षतेः इति** = सूत्रमा ईक्षतेः भनेकोले, **धात्वर्थनिर्देशः**= ईक्ष धातुका अर्थको निर्देश, **अभिप्रेतः** = अभिप्राय गरेको हो वा सङ्केत हो, **यजतेः इति वत्** = यजतेः भनेझैं, **न धातुनिर्देशः** = धातुको निर्देश होइन, **तेन** = त्यस हेतुले, **यः** = जुन ब्रह्म, **सर्वज्ञः** = सर्वज्ञ (सामान्य रूपले सबै जान्ने) र, **सर्ववित्**= सबैको ज्ञानवाला विशेषरूपले जान्ने छ र, **यस्य** = जसको, **ज्ञानमयम्** = ज्ञानरूप, **तपः** = तपस्या छ, **तस्मात्** = त्यो ब्रह्मबाट, **एतत्** = यो, **ब्रह्म** = कार्यब्रह्म (हिरण्य गर्भ) र, **नामरूपम्** = नाम र रूप वा तद्विशिष्ट जगत् र, **अन्नम्** = सात प्रकारको अन्न वा अन्नरूप पृथिवी, **जायते** = उत्पन्न हुन्छ भन्ने, **इति एवम् आदीनि** = इत्यादि गरिएका, **अपि** = पनि, **सर्वज्ञेश्वरकारणपराणि** = सर्वज्ञ ईश्वरलाई कारण भनेर लक्ष्य गर्ने, **वाक्यानि** = वाक्यहरू, **उदाहर्तव्यानि** = उदाहरण दिन योग्य छन् ।

विशदीकरण

पूर्वोक्त शङ्कानुसार साङ्ख्यवेत्ताहरूले कल्पना गरेको जडरूप प्रधान जगत्को कारण हो भन्ने कुरा कुनै रूपबाट पनि वेदान्तमा लिन सकिंदैन, किनभने त्यो प्रधान जड पनि छ र श्रुतिद्वारा जगत्कारणका रूपमा निर्देश गरिएको पनि छैन । 'जगत्को कारण तत्त्वले ईक्षण गऱ्यो' भनेर चेतनबाट मात्र हुनसक्ने ईक्षण कर्म बताएको हुनाले प्रधान श्रुतिद्वारा जगत्कारणका रूपमा निर्दिष्ट छैन । 'यो संसार अघि सत्स्वरूप ब्रह्म नै थियो' उसले अब 'म एकबाट धेरै हुन्छु भनेर विचार गऱ्यो' भन्ने इत्यादि कुरा श्रुतिमा सुनिएको छ ।

'स देव सोम्येदमग्रमासीदेकमेवाद्वितीयम्' वाक्यमा भएको **इदम्** शब्दबाट निर्देश गरेर नामरूपद्वारा प्रकट भएको जगत्लाई **सत्** शब्दले उल्लेख गर्दै ईक्षणद्वारा तेज आदिको सृष्टि बताएको र अरू अरू उपनिषद्मा पनि 'यो संसार अघि आत्मामात्र थियो अरू केही थोरै मात्र पनि थिएन. त्यसले लोकसृष्टि गर्छु भनेर विचार गऱ्यो, त्यसले ईक्षण गऱ्यो र यी सबै लोकहरूको सृष्टि गऱ्यो' भनिएको छ ।

कहीं फेरि 'षोडशकला भएको पुरुषलाई देखाएर ईक्षण गऱ्यो र प्राणलाई सृष्टि गऱ्यो' इत्यादि कुरा बताइएको छ । जहाँ पनि सृष्टिवाक्यादिमा ईक्षण साथ नै सृष्टि देखाएको छ र जड प्रधानमा ईक्षण हुनै नसक्ने हुनाले त्यो प्रधान जगत्कारण हुन सक्दैन । **ईक्षतेः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रमा राखिएको **ईक्षतेः** पदले धातुको अर्थमात्र देखाएको हो त्यो स्वयं धातुरूप होइन । 'जुन ब्रह्म सामान्यरूपले सबै जान्ने, विशेष रूपले सबै जान्ने छ, जसको ज्ञान नै तप छ, त्यस ब्रह्मबाट कार्य ब्रह्म (हिरण्यगर्भ) आदिका साथ नाम, रूप र पृथिवी आदि उत्पन्न हुन्छन्' भनेर जगत्को कारणलाई सर्वज्ञ चेतनरूपको बताउने वाक्यहरू पनि चेतनकारणवादको उदाहरण रूपले देखाउन योग्य छन् । अतः अचेतन प्रधान जगत्कारण बन्न सक्दैन ।

शाङ्करभाष्यम्

यत्तूक्तं सत्त्वधर्मेण ज्ञानेन सर्वज्ञं प्रधानं भविष्यतीति, तन्नोपपद्यते । न हि प्रधानावस्थायां गुणसाम्यात् सत्त्वधर्मो ज्ञानं संभवति । ननूक्तं सर्वज्ञानशक्तिमत्त्वेन सर्वज्ञं भविष्यतीति । तदपि नोपपद्यते । यदि गुणासाम्ये सति सत्त्वव्यपाश्रयां ज्ञानशक्तिमाश्रित्य सर्वज्ञं प्रधानमुच्येत, कामं रजस्तमोव्यपाश्रयामपि ज्ञानप्रतिबन्धक-शक्तिमाश्रित्य किञ्चिज्ज्ञमुच्येत । अपि च नासाक्षिका सत्त्ववृत्तिर्जानातिनाऽभिधीयते। न चाचेतनस्य प्रधानस्य साक्षित्वमस्ति । तस्मादनुपपन्नं प्रधानस्य सर्वज्ञत्वम् ।

नेपालीभाषानुवाद

यत् तु = जुन त, **सत्त्वधर्मेण** = सत्त्वगुणको धर्म भएका, **ज्ञानेन** = ज्ञानद्वारा, **प्रधानम्**= प्रधान, **सर्वज्ञम्** = सर्वज्ञ, **भविष्यति** = हुनेछ, भन्ने; **इति** = यस्तो, **उक्तम्** = भनियो, **तत्** = त्यो कुरा, **न उपपद्यते** = उपयुक्त हुनसक्दैन, **हि**= निश्चय, **प्रधानावस्थायाम्** = प्रधान भनिने अवस्थामा, **गुणसाम्यात्** = सबै गुण बराबर हुनाले, **सत्त्वधर्मः** = सत्त्वगुणको धर्म, **ज्ञानम्** = ज्ञानरूपको, **न संभवति**= हुन सक्दैन, **ननु** = शङ्का हुन्छ, **सर्वज्ञानशक्तिमत्त्वेन** = सबैज्ञानको शक्तिवाला हुनाले, **सर्वज्ञम्** = सर्वज्ञ, **भविष्यति** = हुनेछ भन्ने, **इति** = यस्तो पनि, **उक्तम्** = भनियो नि त, **तत्** = त्यो, **न उपपद्यते** = उपयुक्त हुँदैन किनकि, **यदि** = यदि, **गुणासाम्ये** = गुणको घटीबढी, **सति** = भएमा, **सत्त्वव्यपाश्रयाम्** = सत्त्वगुणको आश्रय गर्ने, **ज्ञानशक्तिम्** = ज्ञानशक्तिलाई, **आश्रित्य** = आश्रय गरेर, **प्रधानम्** = प्रधान, **सर्वज्ञम्** = सर्वज्ञ हुन्छ भनेर, **उच्येत** = भनिन्छ भने, **रजस्तमोव्यपाश्रयाम्**= रज र तमोगुणको आश्रयगर्ने, **ज्ञानप्रतिबन्धक-शक्तिम्** = ज्ञानलाई रोक्ने शक्तिलाई, **आश्रित्य** = आश्रय गरेर, त्यही प्रधान; **किञ्चित् ज्ञम्** = अल्पज्ञ छ भनेर पनि, **कामम्** = निर्धक्क, **उच्येत** = भन्न सकिएला, **अपि च** = फेरि, **असाक्षिका**= चेतनरूप साक्षिरहित, **सत्त्ववृत्तिः** = सत्त्व गुणको वृत्ति, **जानातिना** = जान्दछ, भन्ने शब्दले; **न अभिधीयते** = भनिदैन, **च** = फेरि, **अचेतनस्य** = जड, **प्रधानस्य**= प्रधानको, **साक्षित्वम्** = साक्षी हुने कुरा, **न अस्ति** = छैन, **तस्मात्** = त्यसकारणबाट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानस्य = प्रधानको, **साक्षित्वम्** = साक्षी हुने कुरा, **न उपपन्नम्** = सिद्ध हुन सक्दैन ।

विशदीकरण

ज्ञान सत्त्वगुणको धर्म हो । सत्त्वगुण प्रधानमा छँदैछ, त्यसकारण प्रधान सर्वज्ञ हुनसक्नेछ भनेर जुन भनियो त्यो कुरा पनि उपयुक्त छैन । किनकि यदि गुण साम्य नभएर घटीबढी भएमा प्रधानमा रहेको सत्त्वगुणलाई आश्रय गर्ने ज्ञानशक्तिलाई लिएर प्रधानलाई सर्वज्ञ भन्ने हो भने प्रधानमा रहेका रजोगुण र तमोगुणमा आश्रित जुन ज्ञानको प्रतिबन्धक शक्ति छ, त्यसको आधारमा त्यसै प्रधानलाई अल्पज्ञ भनेर पनि निर्धक्क भन्न सकिने छ । फेरि विना चेतन साक्षीको सत्त्वगुणको वृत्ति पनि ज्ञानशब्दले भनिदैन, अचेतन प्रधानको साक्षित्व नै सिद्ध हुनसक्दैन र प्रधानको सर्वज्ञता पनि सिद्ध हुनसक्दैन ।

शाङ्करभाष्यम्

योगिनान्तु चेतनत्वात्सत्त्वोत्कर्षनिमित्तं सर्वज्ञत्वमुपपन्नमित्यनुदाहरणम् । अथ पुनः साक्षिनिमित्तमीक्षितृत्वं प्रधानस्य कल्प्येत, यथाग्निनिमित्तमयःपिण्डादे-र्दग्धृत्वम्, तथा सति यन्निमित्तमीक्षितृत्वं प्रधानस्य तदेव सर्वज्ञं मुख्यं ब्रह्म जगतः कारणमिति युक्तम् । यत्पुनरुक्तं ब्रह्मणोऽपि न मुख्यं सर्वज्ञत्वमुपपद्यते, नित्यज्ञानक्रियत्वे ज्ञानक्रियां प्रति स्वातन्त्र्यासम्भवादिति। अत्रोच्यते- इदं तावद् भवान् प्रष्टव्यः, कथं नित्यज्ञानक्रियत्वे सर्वज्ञत्वहानिरिति ।

नेपालीभाषानुवाद

योगिनाम् तु = योगीहरूको त, **चेतनत्वात्** = ती योगीहरू चेतन हुनाले, **सत्त्वोत्कर्षनिमित्तम्** = सत्त्वगुणको वृद्धिबाट हुने, **सर्वज्ञत्वम्** = सर्वज्ञपन, **उपपन्नम्**= ठीक, सिद्ध छ र, **इति** = यसकारणले, **अनुदाहरणम्** = प्रधान जड हुनाले सत्त्वगुणद्वारा उसमा सर्वज्ञत्व हुन सक्दछ भन्ने कुराको उदाहरण हुनसक्दैन, **अथ पुनः** = अनि फेरि, **प्रधानस्य** = प्रधानको, **साक्षिनिमित्तम्** = चेतनरूप साक्षीलाई निमित्तमानेर हुने वा भएको, **ईक्षितृत्वम्** = ईक्षण गर्ने कुरा, **कल्प्येत यथा** = कल्पना गरिन्छ, जस्तो कि; **अयः पिण्डादेः** = फलामका डल्ला आदिको, **अग्निनिमित्तम्** = अग्निलाई निमित्त मानेर हुने, **दग्धृत्वम्** = पोल्ने हुनु, **तथा सति** = त्यस्तो माने वा भएमा, **यन्निमित्तिम्** = जसलाई निमित्त मानेर, **प्रधानस्य** = प्रधानको, **ईक्षितृत्वम्**= ईक्षण गर्ने हुनु हो, **तदेव** = त्यो नै, **मुख्यम्** = मुख्य रूपको, **सर्वज्ञम्** = सर्वज्ञ, **ब्रह्म** = ब्रह्म, **जगतः** = जगत्को, **कारणम्** = कारण हुन्छ भन्ने, **इति** = यो कुरा, **युक्तम्** = ठीक हुन आउँछ, **पुनः** = फेरि, **ब्रह्मणः** = ब्रह्मको, **अपि** = पनि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुख्यम् = मुख्य, **सर्वज्ञत्वम्** = सर्वज्ञत्व, **न उपपद्यते** = सिद्ध हुन सक्दैन भन्ने, **यत्** = जो, **उक्तम्** = तिमी(साङ्ख्य)ले भन्यौ कि, **नित्यज्ञानक्रियत्वे** = ब्रह्ममा नित्य ज्ञानरूप क्रिया भएको मानेमा, **स्वातन्त्र्यासम्भवात्** = ज्ञान क्रियाबाट स्वतन्त्र हुन नसक्ने हुनाले भन्ने, **इति** = यस रूपको, **अत्र** = यहाँ यसको सम्बन्धमा, **उच्यते** = उत्तररूपमा भनिन्छ, **नित्यज्ञानक्रियत्वे** = नित्य ज्ञानरूप क्रिया मानेमा, **कथम्** = कसरी, **सर्वज्ञत्वहानिः** = सर्वज्ञत्वको हानि छ भन्ने, **इति इदम्** = यो, **प्रष्टव्यः** = सोध्नु योग्य छ ।

विशदीकरण

योगीहरूको हकमा त उनीहरू चेतन हुनाले सत्त्वगुणको वृद्धिबाट उनीहरूमा सर्वज्ञत्व हुन कुनै अडचन पर्दैन र त्यसै विषयलाई लिएर अचेतन प्रधानलाई सत्त्वगुणको वृद्धिबाट सर्वज्ञ मान्ने कुराको उदाहरण दिन सर्वथा अनुपयुक्त नै हुन्छ ।

त्यसमा पनि चेतनरूप साक्षीलाई निमित्त मानेर नै प्रधानमा ईक्षण हुन सक्दछ भन्ने हो भने पनि जसलाई साक्षी मानेर ईक्षण हुन्छ, त्यही चेतन सर्वज्ञ ब्रह्म नै जगत्को कारण किन नहुनु ? फेरि शङ्का हुन्छ - ब्रह्ममा पनि मुख्य रूपले सर्वज्ञत्वमात्र उचित पर्दैन, किनभने ब्रह्ममा ज्ञानक्रिया नित्य मानेका खण्डमा त्यस ज्ञानक्रियाबाट ब्रह्मलाई कहिले पनि अवकाश मिल्ने छैन र ब्रह्म स्वतन्त्र हुनसक्ने छैन । परन्तु त्यस विषयमा प्रश्नकर्तासँग सोधिन्छ - ज्ञानक्रियालाई नित्य मानेमा सर्वज्ञत्वको हानि कसरी हुन सक्दछ ?

शाङ्करभाष्यम्

यस्य हि सर्वविषयावभासनक्षमं ज्ञानं नित्यमस्ति सोऽसर्वज्ञ इति विप्रतिषिद्धम् । अनित्यत्वे हि ज्ञानस्य कदाचिज्जानाति कदाचिच्च न जानातीत्यसर्वज्ञत्वमपि स्यात् । नासौ ज्ञाननित्यत्वे दोषोऽस्ति, ज्ञाननित्यत्वे ज्ञानविषयः स्वातन्त्र्यव्यपदेशो नोपपद्यत इति चेन्न, प्रततौष्ण्यप्रकाशेऽपि सवितरि दहति प्रकाशयतीति स्वातन्त्र्यव्यपदेशदर्शनात् । ननु सवितुर्दाह्यप्रकाश्यसंयोगे सति दहति प्रकाशयतीति व्यपदेशः स्यात्, न तु ब्रह्मणः प्रागुत्पत्तेर्ज्ञानकर्मसंयोगोऽस्तीति विषमो दृष्टान्तः । न, असत्यपि कर्मणि सविता प्रकाशत इति कर्तृत्वव्यपदेशदर्शनात् । एवमसत्यपि ज्ञानकर्मणि ब्रह्मणः 'तदैक्षत' (छा० ६/२/३) इति कर्तृत्वव्यपदेशोपपत्तेर्न वैषम्यम् ।

नेपालीभाषानुवाद

हि = निश्चय, **यस्य** = जसको, **सर्वविषयावभासनक्षमम्** = सबै विषयलाई प्रकाश गर्न सक्ने, **ज्ञानम्** = ज्ञान, **नित्यम्** = नित्य नै, **अस्ति** = छ, **सः** = त्यो ब्रह्म, **असर्वज्ञः** = सर्वज्ञ हुन्न भन्ने, **इति** = यो कुरा, **विप्रतिषिद्धम्** = नमिल्दो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, **हि** = निश्चय, **ज्ञानस्य** = ज्ञानको, **अनित्यत्वे** = नित्य नभएमा, **कदाचित्** = कहिले काहीं, **जानाति** = जान्दछ, **च** = फेरि, **कदाचित्** = कहिले काहीं, **न जानाति** = जान्दैन भन्ने, **इति** = यसकारणले, **असर्वज्ञत्वम्** = असर्वज्ञपन, **अपि**= पनि, **स्यात्** = हुन सक्ला, **ज्ञाननित्यत्वे** = ज्ञानलाई नित्य मानेमा, **असौ**= यो पूर्वोक्त, **दोषः** = दोष, **न अस्ति** = छैन, **ज्ञाननित्यत्वे** = ज्ञानलाई नित्य मानेमा, **ज्ञानविषयः** = ज्ञानसम्बन्धी, **स्वातन्त्र्यव्यपदेशः** = स्वतन्त्रताको व्यवहार, **न उपपद्यते** = हुनसक्दैन भन्ने, **इति** = यस्तो, **चेत्** = भन्छौ भने, **न** = हुनसक्दैन किनकि, **प्रततौष्ण्यप्रकाशे** = नित्य, तातो र प्रकाशले युक्त, **अपि** = पनि, **सवितरि**= सूर्यमा, **दहति** = पोल्दछ र, **प्रकाशयति** = प्रकाश गर्छ भन्ने, **इति** = यस प्रकारको, **स्वातन्त्रव्यपदेशदर्शनात्** = स्वतन्त्रताको व्यवहार देखिनाले, **ननु** = शङ्का, **सवितुः**= सूर्यको, **दाह्यप्रकाश्यसंयोगे** = पोलिने र प्रकाश गरिने वस्तुको संयोग, **सति** = भएमा, **दहति** = पोल्दछ भन्ने र, **प्रकाशयति** = प्रकाश गर्दछ भन्ने, **इति** = यस्तो, **व्यपदेशः** = व्यवहार, **स्यात्** = हुन सक्दछ, **ब्रह्मणः** = ब्रह्मको, **तु** = त, **उत्पत्तेः**= संसारको उत्पत्तिभन्दा, **प्राक्** = पहिले, **ज्ञानकर्मसंयोगः** = ज्ञानको कर्म भएको जानिने वस्तुसँगको संयोग, **न अस्ति** = छैन र, **दृष्टान्तः** = उदाहरण, **विषमः** = नमिल्दो छ भन्ने यो, **न** = हुँदैन, **कर्मणि** = पोलिने र प्रकाश गरिने वस्तु, **असति**= नभएमा, **अपि** = पनि, **सविता** = सूर्य, **प्रकाशते** = प्रकाश गर्छ (प्रकाशित छ) भन्ने, **इति** = यस्तो, **कर्तृत्वव्यपदेशदर्शनात्** = कर्तापनको व्यवहार देखिनाले, **एवम्** = यही किसिमले, **ज्ञानकर्मणि** = ज्ञानको कर्मरूप जानिने वस्तु, **असति** = नभएमा, **अपि** = पनि, **ब्रह्मणः** = ब्रह्मको, **तत् ऐक्षत** = त्यो ब्रह्मले ईक्षण गऱ्यो भन्ने, **इति** = यस रूपको, **कर्तृत्वव्यपदेशोपपत्तेः** = कर्तापनका व्यवहारको सिद्धि हुनाले, **न वैषम्यम्** = दृष्टान्त नमिल्दो हुँदैन ।

विशदीकरण

जसको सबै विषयलाई प्रकाश गर्न सक्ने ज्ञान नित्य छ, त्यो असर्वज्ञ हुन्छ भन्ने कुरा त नितान्त नै नमिल्दो हुन आउँछ । ज्ञानलाई अनित्य मानेपछि कहिले जान्ने र कहिले नजान्ने हुन आउने हुनाले सर्वज्ञ नहुने सम्भव पनि हुन जान्छ । तसर्थ ज्ञानलाई नित्य मानेमा यो दोष पनि आउन सक्दैन । फेरि ज्ञानलाई नित्य मानेको खण्डमा ज्ञानसम्बन्धी स्वतन्त्रताको व्यवहार हुन सक्दैन भन्न पनि सधैं तातो र प्रकाशले युक्त भएका सूर्यमा 'सूर्यले पोल्दछ र प्रकाश पनि दिन्छ' भन्ने व्यवहार देखिन्छ ।

ब्रह्मको त सृष्टि भन्दा पहिले ज्ञानक्रियाको विषय भएको कुनै वस्तु नहुनाले सूर्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरण नमिल्दो हुन आउँछ भन्ने शङ्का हुन्छ । तापनि प्रकाश गरिने र पोलिने वस्तुरूप कर्म नभए पनि सूर्यले प्रकाशित गर्छ भन्ने व्यवहार देखिए भैं ज्ञानको कर्मरूप जानिने वस्तु नभए पनि त्यसले ईक्षण गऱ्यो भन्ने कर्तापनको व्यवहार हुनसक्ने भएकाले पूर्वोक्त उदाहरण नमिल्दो हुँदैन ।

शाङ्करभाष्यम्

कर्मापेक्षायान्तु ब्रह्मणीक्षितृत्वश्रुतयः सुतरामुपपन्नाः । किं पुनस्तस्कर्म, यत्प्रागुत्पत्तेरीश्वरज्ञानस्य विषयो भवतीति । तत्त्वान्यत्वाभ्यामनिर्वचनीये नामरूपे अव्याकृते व्याचिकीर्षिते इति ब्रूमः । यत्प्रसादाद् हि योगिनामप्यतीतानागतविषयं प्रत्यक्षं ज्ञानमिच्छन्ति योगशास्त्रविदः, किमु वक्तव्यं तस्य नित्यसिद्धस्येश्वरस्य सृष्टिस्थितिसंहृतिविषयं नित्यज्ञानं भवतीति । यदप्युक्तं प्रागुत्पत्तेर्ब्रह्मणः शरीरादि-सम्बन्धमन्तरेणेक्षितृत्वमनुपपन्नमिति । न तच्चोद्यमवतरति । सवितृप्रकाशदवद् ब्रह्मणो ज्ञानस्वरूपनित्यत्वे ज्ञानसाधनापेक्षानुपपत्तेः । अपि चाविद्यादिमतः संसारिणः शरीराद्यापेक्षा ज्ञानोत्पत्तिः स्यात्, न ज्ञानप्रतिबन्धकारणरहितस्येश्वरस्य । मन्त्रौ चेमावीश्वरस्य शरीराद्यनपेक्षतामनावरणज्ञानताञ्च दर्शयतः –

नेपालीभाषानुवाद

कर्मापेक्षायाम् = ज्ञानको विषयरूप कर्मको अपेक्षा राखेमा, **तु** = त, **ब्रह्मणि** = ब्रह्ममा, **ईक्षितृत्वश्रुतयः** = ईक्षण बताउने श्रुतिहरू, **सुतराम्** = सजिलैसँग, **उपपन्नाः** = ठीक भएका हुन्छन्, **पुनः** = फेरि, **तत्** = त्यो, **कर्म** = ईश्वरीयज्ञानको विषय भएको कर्म, **किम् यत्** = कुन हो जो कि, **उत्पत्तेः** = संसारसृष्टिभन्दा, **प्राक्** = पहिले, **ईश्वरज्ञानस्य** = ईश्वरका ज्ञानको, **विषयः** = विषय, **भवति** = हुन्छ भन्ने, **इति** = यस्तो भन्छौ भने, **तत्त्वान्यत्वाभ्याम्** = वास्तव र अवास्तव दुवै तहबाट, **अनिर्वचनीये**= भन्न र लक्षण गर्न नसकिने, **अव्याकृते** = प्रकटमा नआएका र, **व्याचिकीर्षिते** = प्रकट गर्न खोजिएका, **नामरूपे** = नाम र रूप ईश्वरीय ज्ञानको विषयरूप कर्म हुन् भन्ने, **इति** = यस्तो, **ब्रूमः** = भन्दछौं, **हि** = निश्चय, **यत्प्रसादात्**= जसका प्रसाद (कृपा)बाट, **योगिनाम्** = योगीहरूको, **अपि** = पनि, **अतीतानागत-विषयम्** = भूत र भविष्य विषयको, **प्रत्यक्षम्** = प्रत्यक्षरूपको, **ज्ञानम्** = ज्ञानलाई, **योगशास्त्रविदः** = योगशास्त्र जान्नेहरू, **इच्छन्ति** = इच्छा गर्छन् भने, **नित्यसिद्धस्य**= सधैं सिद्धरूप, **तस्य** = त्यो ईश्वरको, **सृष्टिस्थितिसंहृतिविषयम्** = सृष्टि, स्थिति र संहारसम्बन्धी, **नित्यज्ञानम्** = नित्यरूपको ज्ञान, **भवति इति** = हुन्छ भन्ने, **किमु**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के, **वक्तव्यम्** = भन्नु छ, **यत् अपि** = जो पनि, **उत्पत्तेः** = सृष्टिभन्दा, **प्राक्** = पहिले, **ब्रह्मणः** = ब्रह्मको, **शरीरादिसम्बन्धम्** = शरीर, इन्द्रिय आदिको सम्बन्धलाई, **अन्तरेण** = छाडेर, **ईक्षितृत्वम्** = ईक्षण गर्ने कुरा, **अनुपपन्नम्** = सिद्ध छैन भन्ने, **उक्तम्** = भनियो, **तत्** = त्यो त्यस्तो, **चोद्यम्** = शङ्का, **न अवतरति** = हुनसक्दैन किनकि, **सवितृप्रकाशवत्** = सूर्यको प्रकाश सरह, **ब्रह्मणः** = ब्रह्मको, **ज्ञानस्वरूप-नित्यत्वे** = ज्ञानरूप (स्वरूप) नित्य भएपछि, **ज्ञानसाधनापेक्षानुपपत्तेः** = ज्ञानको साधनको अपेक्षा नहुनाले, **अपि च** = फेरि, **अविद्यादिमतः** = अविद्या, काम, क्रोध आदि भएका, **संसारिणः** = संसारमा फसेका जीवको, **शरीराद्यपेक्षा**= शरीर, इन्द्रिय आदिलाई अपेक्षा राख्ने, **ज्ञानोत्पत्तिः** = ज्ञानको उत्पत्ति, **स्यात्** = हुनसक्दछ परन्तु, **ज्ञानप्रतिबन्धकारणरहितस्य** = ज्ञानको रोकावट गर्ने कारण नभएका, **ईश्वरस्य**= ईश्वरको, **न** = ज्ञानोत्पत्ति निमित्त शरीरादिको अपेक्षा रहँदैन, **इमौ** = यी दुई बताइने, **मन्त्रौ** = मन्त्र, **च** = पनि, **ईश्वरस्य** = ईश्वरको बारेमा, **शरीराद्यनपेक्षताम्** = शरीर आदिको अपेक्षा राख्न नपर्ने कुरा, **अनावरणज्ञानताम्**= कुनै आवरण (पर्दा) नभएको ज्ञानवाला भन्ने कुरा, **दर्शयतः** = देखाउँछन् ।

विशदीकरण

ज्ञानको विषयरूप कर्मको अपेक्षा भएमा भने ईक्षणार्थक धातुको प्रकृति र प्रत्यय दुवैको अर्थको सम्बन्धमा बाधा व्यवधान नपर्ने हुनाले सरलतासँग नै ईक्षण बताउने श्रुतिको अर्थ मिल्न सक्दछ । श्रुतिको अर्थमा सरलता ल्याउने रूपको त्यस्तो कर्म के त ? भन्ने अपेक्षा भएमा वास्तव र अवास्तव दोहरै भन्न (लक्षण गर्न) नमिल्ने खालका, प्रकटरूपमा नआएका र प्रकट गर्न इच्छा गरिएका नाम र रूप नै हुन् भनेर हामी भन्दछौं । जसको कृपाबाट योगीहरूलाई पनि भूत र भविष्यका विषयको प्रत्यक्षरूपको ज्ञान हुन्छ भनेर योगशास्त्र जान्नेहरू भन्दछन् । सधैं सिद्धरूप भएका ती इश्वरको सृष्टि, स्थिति र संहारको विषयसम्बन्धी ज्ञान नित्यसिद्ध हुन्छ भन्ने कुरा स्वतः सिद्ध छ ।

फेरि संसारको सृष्टि हुनुभन्दा पहिले शरीर, इन्द्रिय आदि साधन नभएकोले ज्ञानको उत्पत्ति ईश्वरमा कसरी हुन्छ ? र कसरी ईक्षण हुनसक्ला ? भन्ने जुन कुरा भनिएको थियो, त्यो शङ्का यहाँ हुन सक्दैन । किनभने अविद्या, काम, क्रोध भएका संसारी जीवलाई मात्र ज्ञानको उत्पत्ति गराउने शरीर आदि साधनको अपेक्षा रहन्छ, परन्तु ज्ञानको रोकावट गर्ने कुनै प्रतिबन्ध नभएका र सूर्यको प्रकाश जस्तै नित्य ज्ञानले संपन्न ईश्वरलाई ज्ञानको उदय गराउने शरीर, इन्द्रिय आदिको अपेक्षा नै रहँदैन । यस पछि बताइने मन्त्रहरूले पनि ईश्वरलाई ज्ञानका निमित्त शरीर आदिको अपेक्षा नहुने कुरा र ईश्वरमा निर्मल नित्यज्ञान भएको कुरा पनि बताउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

न तस्य कार्यं करणं च विद्यते न तत्समश्चाभ्यधिकश्च दृश्यते ।
परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबलक्रिया च ।।
(श्वे. ६/८) इति ।

अपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः सशृणोत्यकर्णः ।
स वेत्ति वेद्यं न च तस्यास्ति वेत्ता तमाहुरग्र्यं पुरुषं महान्तम् ।।
(श्वे. ३/१९) इति च ।

ननु नास्ति तावज्ज्ञानप्रतिबन्धकारणवानीश्वरादन्यः संसारी, 'नान्योऽतोऽस्ति द्रष्टा नान्योऽतोऽस्ति विज्ञाता' (बृह. ३/७/२३) इति श्रुतेः । तत्र किमिदमुच्यते संसारिणः शरीराद्यपेक्षा ज्ञानोत्पत्तिर्नेश्वरस्येति ? अत्रोच्यते- सत्यम्, नेश्वरादन्यः संसारी, तथापि देहादिसङ्घातोपाधिसंम्बन्ध इष्यत एव घटकरकगिरिगुहाद्युपाधि-सम्बन्ध इव व्योम्नः ।

नेपालीभावानुवाद

तस्य = त्यस परमात्माको, **कार्यम्** = कार्य अथवा गर्नुपर्ने विषय र, **करणम्**= इन्द्रियादि साधन, **च** = पनि, **न विद्यते** = छैन, **च** = फेरि, **तत्समः** = उसको बराबर र, **अभ्यधिकः** = त्यसभन्दा अधिक, **च** = पनि, **न दृश्यते** = देखिंदैन, **अस्य** = यस परमात्माको, **परा** = सबभन्दा उत्कृष्ट वा अन्तर्लीन, **शक्ति** = शक्ति बल वा माया, **विविधा**= अनेक प्रकारको, **श्रूयते**= सुनिन्छ, **च** = फेरि, **स्वाभाविकी**= स्वभावैले भएको, **ज्ञानबलक्रिया** = ज्ञान र बलरूप क्रिया अथवा ज्ञानशक्ति र क्रियाशक्ति पनि सुनिन्छ, **अपाणिपादः** = हातखुट्टा नभएको तर, **जवनः** = वेगवाला, **ग्रहीता** = ग्रहण गर्नेवाला, **अचक्षुः** = आँखारहित, **पश्यति** = देख्दछ, **अकर्णः** = कान रहित, **सः** = त्यो परमात्मा, **शृणोति** = सुन्दछ, **सः** = त्यो परमात्मा, **वेद्यम्**= जान्नु योग्य सबै, **वेत्ति** = जान्दछ, **च** = फेरि, **तस्य** = त्यसको, त्यसलाई; **वेत्ता** = जान्ने, **न** = छैन, **तम्** = त्यसलाई, **अग्र्यम्** = सबभन्दा अघिको, **महान्तम्** = ठूलो, **पुरुषम्** = पुरुष भनेर, **आहुः** = भन्दछन् भन्ने, **इति च**= यस्तो पनि छ, **ननु** = शङ्का हुन्छ, **तावत्** = पहिले, **ज्ञानप्रतिबन्धकारणवान्** = ज्ञानको रोकावट गर्ने कारणवाला, **ईश्वरात्** = ईश्वरभन्दा, **अन्यः** = छुट्टा, **संसारी** = संसारी (जीव), **न अस्ति** = छैन किनकि, **अतः** = यसभन्दा, **अन्यः** = अर्को, **द्रष्टा** = देख्ने, **न अस्ति** = छैन, **अतः** = यसभन्दा, **अन्यः** = अर्को, **विज्ञाता** = जान्ने, **न अस्ति** = छैन भन्ने, **इति**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो, **श्रुतेः** = श्रुति हुनाले, **तत्र** = त्यसमा त्यहाँ, **संसारिणः** = संसारी (जीवको), **शरीराद्यपेक्षा** = शरीर आदिलाई अपेक्षा गर्ने, **ज्ञानोत्पत्तिः** = ज्ञानको उत्पत्ति हुन्छ, **ईश्वरस्य** = ईश्वरको, **न इति** = हुँदैन भनेर, **इदम्** = यो, **किम्** = के, **उच्यते** = भनिन्छ, **अत्र** = यहाँ यसमा, **उच्यते** = उत्तररूपमा भनिन्छ, **सत्यम्** = साँचै हो, **ईश्वरात्** = ईश्वरभन्दा, **अन्यः** = अर्को, **संसारी** = जीव, **न** = छैन, **तथापि** = तैपनि, **व्योम्नः** = आकाशको, **घटकरकगिरिगुहाद्युपाधिसम्बन्धः** = घट, कलश, पर्वतको गुफा आदि सँगको औपाधिक सम्बन्ध, **इव** = जस्तै, **देहादिसङ्घातोपाधि-सम्बन्धः** = शरीर आदि सङ्घातरूप उपाधिको सम्बन्ध, **इष्यते एव** = इच्छा गरिन्छ (भनिन्छ) नै ।

विशदीकरण

जस्तै- त्यस परमात्माको न त कुनै कार्य छ, न त कुनै साधन नै छ । न त त्यो बराबर कुनै छ, न त त्यसभन्दा अधिक नै छ । त्यस परमात्माको सर्वोत्कृष्ट अन्तर्लीन शक्ति अथवा माया अनेकरूपको छ भन्ने र त्यस परमात्मासँग स्वाभाविकरूपमा ज्ञानशक्ति र क्रियाशक्ति रहेको विषयलाई पनि श्रुतिले बताउँछन् । फेरि त्यो परमात्मा हातखुट्टा नभए पनि वेगसँग दौडने र सबै विषयलाई ग्रहण गर्ने सामर्थ्यवाला छ । त्यसले आँखा नभए पनि देख्न र कान नभएर पनि सुन्न सक्छ । साथै सबै जानिने वस्तु जति ऊ जान्दछ र उसलाई जान्ने कुनै अर्को छैन । उसलाई सबभन्दा अधिको महापुरुष पनि भन्दछन् भनेर पनि श्रुतिले बताएको छ ।

यो भन्दा अर्को जान्ने र यो भन्दा अर्को द्रष्टा छैन भन्ने श्रुतिवाक्यअनुसार ज्ञानको प्रतिबन्धक कारणवाला ईश्वरबाहेक अर्को कुनै जीव छैन भनेपछि यो कस्तो कुरा हो, संसारी जीवलाई ज्ञानोत्पत्ति निमित्त शरीर, इन्द्रिय आदिको अपेक्षा रहन्छ, ईश्वरलाई रहँदैन भन्नु यस्तो शङ्का हुन्छ । यसको उत्तररूपमा भनिन्छ- यो कुरा साँच्चै नै हो, ईश्वरभन्दा बाहेक अर्को संसारी छँदै छैन, तर आकाशको घट, कलश र पर्वतको गुफासँग औपाधिकसम्बन्ध भए जस्तै परमात्माको पनि शरीर आदि सङ्घातसँग औपाधिकसम्बन्ध छँदै नै छ ।

शाङ्करभाष्यम्

तत्कृतश्च शब्दप्रत्ययव्यवहारो लोकस्य दृष्टो घटच्छिद्रं करकादिच्छिद्र-मित्यादिराकाशाव्यतिरेकेऽपि, तत्कृता चाकाशे घटाकाशादिभेदमिथ्याबुद्धिर्दृष्टा। तथेहापि देहादिसङ्घातोपाधिसम्बन्धाविवेककृतेश्वरसंसारिभेदमिथ्याबुद्धिः । दृश्यते चात्मन एव सतो देहादिसङ्घातेऽनात्मन्यात्मत्वाभिनिवेशो मिथ्याबुद्धिमात्रेण पूर्वेण। सति चैवं संसारित्वे देहाद्यपेक्षमीक्षितृत्वमुपपन्नं संसारिणः । यदप्युक्तं प्रधानस्याने-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कात्मकत्वान्मृदादिवत्कारणत्वोपपत्तिर्नासंहतस्य ब्रह्मण इति, तत्प्रधानस्याशब्दत्वेनैव प्रत्युक्तम् । यथा तु तर्केणापि ब्रह्मण एव कारणत्वं निर्वोढुं शक्यते, न प्रधानादीनां तथा प्रपञ्चयिष्यति- **'न विलक्षणत्वादस्य'**(ब्र.सू. २/१/४) इत्येवमादिना।।५।।

नेपालीभाषानुवाद

तत्कृतः = त्यही औपाधिकसम्बन्धबाट भएको, **घटच्छिद्रम्** = घटको छिद्र (आकाश), **करकादिच्छिद्रम्** = कलशआदिको छिद्र(आकाश)भन्ने, **इत्यादि** = इत्यादि रूपको, **आकाशव्यतिरेके** = महाकाशभन्दा भिन्न नभएकामा, **अपि** = पनि, **शब्दप्रत्ययव्यवहारः** = शब्द र त्यसका अर्थको व्यवहार, **च** = पनि, **लोकस्य**= लोकको, **दृष्टः** = देखिएको छ, **तत्कृता** = त्यसैबाट भएको, **आकाशे** = महाकाशमा, **घटाकाशादिभेदमिथ्याबुद्धिः** = घटको आकाश भन्ने भेद रूप झूटो बुद्धि, **च** = पनि, **दृष्टा** = देखिएको छ, **तथा** = त्यस्तै, **इह** = यहाँ, **अपि** = पनि, **देहादि-सङ्घातोपाधिसम्बन्धः** = देह (शरीर) आदि सङ्घातरूप उपाधिको सम्बन्धले, **अविवेककृतेश्वरे** = अविवेकी ईश्वरमा, **संसारिभेदमिथ्याबुद्धिः** = सांसारिक भेदरूप मिथ्याबुद्धि हुन्छ, **सतः** = सद्रूप, **आत्मनः** = आत्माको, **अनात्मनि** = आत्मादेखि फरक जड, **देहादिसङ्घाते** = देह आदि सङ्घातमा, **पूर्वेण** = पहिले पहिलेका, **मिथ्याबुद्धिमात्रेण** = झूटो बुद्धिले मात्र, **आत्मत्वाभिनिवेशः** = आत्मा हो भन्नु रूप स्वरसवाही मिथ्याज्ञान, **च** = पनि, **दृश्यते** = देखिन्छ, **एवम्** = यस प्रकार, **संसारित्वे** = औपाधिकसम्बन्धबाट भएको संसारीपन, **सति** = भएमा, **संसारिणः**= संसारी (जीव) को, **ईक्षितृत्वम्** = ईक्षण गर्ने कुरा, **देहाद्यपेक्षम्** = शरीर, इन्द्रिय आदिलाई अपेक्षा राखेको छ भन्ने, **उपपन्नम्** = सिद्ध छ, **यत् अपि** = जो पनि कि, **प्रधानस्य** = प्रधानको, **अनेकात्मकत्वात्** = अनेक रूप हुनाले, **मृत् आदिवत्** = माटो आदि झैं, **कारणत्वोपपत्तिः** = कारण बन्ने कुरा सिद्ध हुन्छ, **असंहतस्य** = एकरूप (अपरिणामी र असमवायी) भएका, **ब्रह्मणः** = ब्रह्मको, **न** = कारणत्व हुँदैन भन्ने, **इति** = यस्तो, **उक्तम्** = भनिएको थियो तर, **तत्** = त्यो कुरा, **प्रधानस्य**= प्रधानको, **अशब्दत्वेन** = जडरूप तथा श्रुतिले निर्देश नगरेको हुनाले, **एव** = नै, **प्रत्युक्तम्** = प्रत्याख्यात (खण्डित) भएको छ, **यथा तु** = जसरी त, **तर्केण** = तर्कद्वारा, **अपि** = पनि, **ब्रह्मणः** = ब्रह्मको, **कारणत्वम्** = कारण बन्ने कुरा, **निर्वोढुम्** = निश्चय गर्न, **शक्यते** = सकिन्छ, परन्तु; **प्रधानादीनाम्** = प्रधान अणु आदिको, **न** = सकिन्न, **तथा** = त्यही रूपले, **न विलक्षणत्वात् इत्येवम् आदिना**= 'न विलक्षणत्वात्' भन्ने सूत्र आदिद्वारा; **प्रपञ्चयिष्यति** = विस्तार गर्ने छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

लोकमा पनि त्यसै औपाधिकसम्बन्धद्वारा घटको आकाश, कलशको आकाश भन्ने इत्यादि शब्द र अर्थको व्यवहार भएको देखिन्छ । त्यसैबाट नै महाकाशभन्दा भिन्न नभएका आकाशमा पनि औपाधिकसम्बन्धले गर्दा घटाकाश, मठाकाश भन्ने इत्यादि रूपको भेद देखाउने मिथ्याबुद्धि पनि देखिन्छ । फेरि आत्माको आफ्नो सत् रूप भएर पनि जड, अचेतन, शरीर आदि सङ्घातमा चेतन तथा आत्मा हो भन्ने स्वरसवाही हृदयमा गडेर रहेको मिथ्याज्ञान अनादिदेखिको मिथ्याबुद्धिद्वारा भइरहेको देखिन्छ । यसै औपाधिकसम्बन्धले मात्र आत्मामा संसारीपन आएको हो र यस प्रकार संसारीपन भएको स्थितिमा त्यो संसारीको निमित्त ईक्षण हुन देहादिको अपेक्षा हुन्छ भन्ने कुरा सिद्ध हुन आउँछ ।

अर्को कुरा अघि जो प्रधान अनेकरूपको हुनाले माटो, सुवर्ण आदि जस्तै कारण बन्न सक्दछ। एकरूप अपिरिणामी, असमवायी वा असङ्घातरूपको ब्रह्म कारण हुन सक्दैन भनेर शङ्कारूपले भनिएको थियो, त्यो शङ्का, प्रधान अचेतन हुनाले र श्रुतिमा त्यसलाई जगत्कारण रूपले नबताइएकाले पनि स्वतः खण्डित हुन्छ । यसरी श्रुतिद्वारा प्रधानलाई जगत्कारण रूपले निर्देश नगरेको र ब्रह्मलाई नै जगत्कारण मानिएको कुरा यहाँ सिद्ध हुन आउँछ । तर्कद्वारा पनि जसरी ब्रह्म नै जगत्को कारण हो, प्रधान होइन भन्ने कुरा सिद्ध हुन आउँछ, त्यो सबै **न विलक्षणत्वादस्य तथात्वं च शब्दात्** (ब्र.सू. २/१/४) भन्ने सूत्रद्वारा आचार्य (व्यास) ले विस्तृतरूपले भन्नु हुनेछ ।।५।।

शाङ्करभाष्यम्

अत्राह– यदुक्तं नाचेतनं प्रधानं जगत्कारणम्, ईक्षितृत्वश्रवणादिति, तदन्यथाप्युपपद्यते, अचेतनेऽपि चेतनवदुपचारदर्शनात् । यथा प्रत्यासन्नपतनतां नद्याः कूलस्यालक्ष्य कूलं पिपतिषतीत्यचेतनेऽपि कूले चेतनवदुपचारो दृष्टः, तद्वद् चेतनेऽपि प्रधाने प्रत्यासन्नसर्गे चेतनवदुपचारो भविष्यति **तदैक्षत** इति । यथा लोके कश्चिच्चेतनः स्नात्वा भुक्त्वा चापराह्ले ग्रामं रथेन गमिष्यामीतीक्षित्वानन्तरं तथैव नियमेन प्रवर्तते, तथा प्रधानमपि महदाद्याकारेण नियमेन प्रवर्तते, तस्माच्चेत–नवदुपचर्यते । कस्मात्पुनः कारणाद् विहाय मुख्यमीक्षितृत्वमौपचारिकं कल्प्यते? **'तत्तेज ऐक्षत, ता आप ऐक्षन्त'** (छान्दो० ६/२/३–४) इति चाचेतनयोरप्य–प्तेजसोश्चेतनवदुपचारदर्शनात् । तस्मात्सकर्तृकमपीक्षणमौपचारिकमिति गम्यते, **'उपचारप्राये वचनात्'** इति । एवं प्राप्त इदं सूत्रमारभ्यते ।

नेपालीभाषानुवाद

अत्र = यहाँ, **आह** = साङ्ख्यवादी भन्दछ, **ईक्षितृत्वश्रवणात्** = जगत्कारणमा ईक्षितृत्व सुनिएकोले, **अचेतनम्** = जड (ईक्षणगर्न असमर्थ), **प्रधानम्** = प्रधान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्कारणम् = संसारको कारण, **न** = हुन सक्दैन भन्ने, **इति** = यसरूपले, **यत्** = जुन कुरा, **उक्तम्** = भनियो (ब्रह्मवादीले), **तत्** = त्यो ईक्षण त, **अन्यथा** = अर्कै किसिमले, **अपि** = पनि, **उपपद्यते** = सिद्ध हुन सक्दछ, किनकि, **अचेतने** = जडवस्तुमा, **अपि** = पनि, **चेतनवद्** = चेतनमा जस्तै, **उपचारदर्शनात्** = उपचार (गौणरूपको व्यवहार) देखिनाले, **यथा** = जस्तै, **नद्याः** = नदीका, **कूलस्य** = तीर वा तीरका ढिस्काको, **प्रत्यासन्नपतनताम्** = छिटै हुने पतनलाई, **आलक्ष्य** = देखेर, विचार गरेर, **कूलम्** = तीरको ढिस्को, **पिपतिषति** = खस्न खोज्दछ भन्ने, **इति** = यस्तो, **अचेतने** = अचेतन भएका, **कूले** = तीरको ढिस्कोमा, **अपि** = पनि, **चेतनवात्** = चेतनको जस्तै, **उपचारः** = गौण व्यवहार, **दृष्टः** = देखिएको छ, **तत् वत्** = त्यस्तै, **अचेतने** = अचेतन, **प्रधाने** = प्रधानमा, **अपि** = पनि, **प्रत्यासन्नसर्गे** = छिटो हुने सृष्टि विषयमा, **चेतनवत्** = चेतनको जस्तै, **उपचारः** = गौणरूपको ईक्षण, **तदैक्षत** = त्यसले ईक्षण गऱ्यो भन्ने, **इति** = यस रूपको, **भविष्यति** = हुनेछ, **यथा** = जस्तै, **लोके** = लोकमा, **कश्चित्** = कुनै, **चेतनः** = चेतन पुरुष, **स्नात्वा** = स्नान गरेर, **भुक्त्वा** = खाएर, **अपराह्णे** = अपराह्णकाल (साँझपख), **रथेन** = रथद्वारा, **ग्रामम्** = गाउँमा, **गमिष्यामि** = जानेछु भन्ने, **इति** = यस्तो, **ईक्षित्वा** = ईक्षण (सोच) गरेर, **अनन्तरम्** = त्यसपछि, **तथा एव** = त्यही छाँटले नै, **नियमेन** = नियमले, **प्रवर्तते** = प्रवृत्त हुन्छ, **तथा** = त्यस्तै, **प्रधानम्** = प्रधान, **अपि** = पनि, **महत् आदि आकारेण** = महत्तत्व (समष्टि सूक्ष्मशरीर आदि) आकारले, **नियमेन** = नियम साथ, **प्रवर्तते** = प्रवृत्त रहन्छ, **तस्मात्**= त्यसकारणबाट, **चेतनवत्** = चेतन जस्तै, **उपचर्यते** = गौणरूपको ईक्षण गरिन्छ, **कस्मात्** = कुन, **कारणात्** = कारणबाट, **पुनः** = फेरि, **मुख्यम्** = मुख्यरूपको, **ईक्षितृत्वम्** = ईक्षणगर्नुलाई, **विहाय** = छाडेर, **औपचारिकम्** = गौणरूपबाट भएको ईक्षण, **कल्प्यते** = कल्पना गरिन्छ, **तत्**= त्यो, **तेजः**= तेजले, **ऐक्षत** = ईक्षण गऱ्यो भन्ने र, **ताः** = तिनी, **आपः** = जलले, **ऐक्षन्त**= ईक्षण गरे भन्ने, **इति** = यस्तो, **च** = पनि, **अचेतनयोः** = अचेतन भएका, **अपि** = पनि, **अप्तेजसोः** = जल र तेजको, **चेतनवत्** = चेतन जस्तै, **उपचारदर्शनात्** = गौण व्यवहार देखिनाले, **तस्मात्** = त्यसकारणबाट, **सकर्तृकम्** = कर्ता(कारण) सहितको, **ईक्षणम्** = ईक्षण, **अपि** = पनि, **औपचारिकम् इति** = गौण हो भन्ने, **गम्यते** = बुझिन्छ, किनकि; **उपचारप्राये** = गौणरूपमा पनि, **वचनात् इति** = त्यही रूपको वचन हुन्छ भन्नाले भन्ने, **एवम्** = यस्तो, **प्राप्ते** = शङ्का प्राप्त भएमा, **इदम्** = यो, **सूत्रम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्र, **आरभ्यते** = सुरु गरिन्छ ।

विशदीकरण

यस सम्बन्धमा साङ्ख्यवादीको पूर्वपक्षरूप भनाइ यस प्रकार रहेको छ - जगत्को कारणमा ईक्षण हुनाले र अचेतन प्रधानमा ईक्षण नहुनाले त्यो जगत्को कारण हुनसक्दैन भन्ने जुन ब्रह्मवादीको भनाइ हो, त्यसको खण्डन अर्कै तरिकाले गर्न सकिन्छ । जस्तै - अचेतनमा पनि चेतनको जस्तै गौण व्यवहार भएको पाइन्छ । उदाहरणार्थ - नदीले छाँटेका (खस्न खोजेका) तीरका ढिस्कालाई देखेर अब यो खस्न खोज्दछ, खस्छ भन्ने चेतनको जस्तै व्यवहार गरिन्छ । त्यस्तै सृष्टिको बेला आएपछि अचेतन प्रधानमा पनि ईक्षण (तदैक्षत) को व्यवहार गौणरूपले हुन्छ ।

जस्तै कुनै चेतन पुरुषले नुहाएर, खाएर साँझपख रथमा बसेर गाउँमा जानेछु भन्ने ईक्षण गर्दछ र त्यसपछि त्यसैगरी नियमितरूपले प्रवृत्त हुन्छ । त्यस्तै नै प्रधान पनि महत्त्वका आकारले अर्थात् समष्टि सूक्ष्म शरीरका आकारले नियमसाथ प्रवृत्त हुन्छ र चेतनको जस्ते गौणव्यवहार गरिन्छ । मुख्य ईक्षण गर्ने चेतन कारण छाडेर कुन कारणबाट गौण ईक्षण लिने हो ? भन्ने शङ्का भएमा पनि त्यस तेजले ईक्षण गर्‍यो, ती जलले ईक्षण गरे इत्यादि श्रुतिमा देखिएकोबाट अचेतन जल तेजमा ईक्षण भएपछि प्रधानमा किन नहुनु ? भन्ने यस उत्तरबाट नै त्यो शङ्का समाहित हुनसक्छ । यी कारणबाट नै कारण सहितको ईक्षण पनि गौण नै हो भन्ने कुरा बुझिन्छ । किनकि उपचार (गौण) मा गौणरूपमा पनि ईक्षण कर्म हुन सक्छ भन्ने शङ्का भएमा यो सूत्र आरम्भ गरिन्छ ।।५।।

ब्रह्मसूत्रम् - गौणश्चेन्नात्मशब्दात् १/१/६

सूत्रार्थ - **चेत्** = यदि, **गौणः** = गौणी वृत्तिबाट ईक्षणको प्रयोग प्रधानको निमित्त गरिएको छ भन्छौ भने, **न** = त्यो होइन, **आत्मशब्दात्** = किनकि त्यहाँ आत्मशब्दको प्रयोग भएको छ।

शाङ्करभाष्यम्

यदुक्तं प्रधानमचेतनं सच्छब्दवाच्यम्, तस्मिन्नौपचारिक ईक्षतिः, अप्तेजसो-रिवेति । तदसत्, कस्मात् ? आत्मशब्दात् । **'सदेव सोम्येदमग्र आसीत्'** इत्युपक्रम्य **'तदैक्षत, तत्तेजोऽसृजत'** (छान्दो० ६/२/१-३) इति च तेजोऽबन्नानां सृष्टिमुक्त्वा तदेव प्रकृतं सदीक्षितृ तानि च तेजोऽबन्नानि, देवताशब्देन परामृश्याह- **'सेयं देवतैक्षत हन्ताहमिमास्तिस्रो देवता अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि'** (छान्दो० ६/३/२) इति । तत्र यदि प्रधानमचेतनं गुणवृत्त्येक्षितृ कल्प्येत, तदेव प्रकृतत्वात् सेयं देवतेति परामृश्येत, न तदा देवता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवमात्मशब्देनाभिदध्यात् । जीवो हि नाम चेतनः शरीराध्यक्षः प्राणानां धारयिता तत्प्रसिद्धेर्निर्वचनाच्च ।

नेपालीभाषानुवाद

अचेतनम् = जडरूप, **प्रधानम्** = प्रधान, **सच्छब्दवाच्यम्** = सदेव भन्ने श्रुतिगत सत्शब्दको वाच्य हो, **तस्मिन्** = त्यो प्रधानमा, **औपचारिकः** = गौणरूपको, **अप्तेजसोः** = जल र तेजको, **इव** = जस्तै, **ईक्षतिः** = ईक्षण हुन्छ भन्ने समेत, **यत् उक्तम्** = जो साङ्ख्यवादीले भनियो, **तत्**= त्यो, भनाइ; **असत्** = झुट्टा हो, **कस्मात्**= कसरी त, **आत्मशब्दात्** = आत्मशब्दको प्रयोगबाट, **सोम्य** = हे सुन्दर, **इदम्** = यो सबै संसार, **अग्रे** = सृष्टिभन्दा पहिले, **सत् एव** = सद्रूप ब्रह्म नै, **आसीत्** = थियो, भन्ने; **इति** = यसबाट, **उपक्रम्य** = सुरु गरेर, **तत्** = त्यो सत्ले, **ऐक्षत** = ईक्षण गऱ्यो, **तत्** = त्यो सत्ले, **तेजः** = तेजलाई, **असृजत** = सृष्टि गऱ्यो भन्ने, **इति च** = यसरूपले पनि, **तेजोऽबन्नानाम्** = तेज, जल र पृथिवी नामका तीन तत्त्वको, **सृष्टिम्** = सृष्टि, **उक्त्वा**= बताएर, **सा इयम्** = त्यो यो, **देवता** = देवताले, **ऐक्षत**= ईक्षण गऱ्यो, **तत्** = एव, **प्रकृतम्** = सुरुको, **ईक्षितृ** = ईक्षण गर्ने, **सत्** = सत् रूप, **तानि** = ती, **तेजोऽबन्नानि** = तेज, जल र पृथिवीलाई, **देवताशब्देन** = देवता भन्ने शब्दले, **परामृश्य** = सङ्केत गरेर, **आह** = भन्दछ, **सा इयम्** = त्यो यो, **देवता** = देवताले, **ऐक्षत** = ईक्षण गऱ्यो, **हन्त** = खेदरूप, **अहम्**= म, **इमाः** = यी, **तिस्रः**= तीन, **देवताः** = देवतामा, **अनेन** = यो पूर्व सृष्टिमा अनुभव गरिएको, **जीवेन** = प्राण धारणको कारण भएका, **आत्मना** = सद्रूप आफ्नो स्वरूपले, **प्रविश्य** = प्रवेश गरेर, **नामरूपे** = नाम र रूप, **व्याकरवाणि** = प्रकट गर्छु, **इति** = यस प्रकारको र, **तत्र** = त्यहाँ, **यदि** = यदि, **अचेतनम्** = अचेतन, **प्रधानम्** = प्रधान, **गुणवृत्त्या** = गुणवृत्ति (गौणरूपले), **ईक्षितृ** = ईक्षण गर्ने भनेर, **कल्प्येत** = कल्पित होस् त, **तदेव** = त्यही नै, **प्रकृतत्वात्** = सुरुको ठहर्नाले, **सा इयं देवता इति** = त्यो यो देवता भनेर त्यही प्रधान, **परामृश्येत** = सङ्केत गरिन्थ्यो अनि त, **तदा** = त्यो भएमा, **देवता** = त्यो देवता (साङ्ख्यको भनाइको प्रधान), **जीवम्** = जीवलाई, **आत्मशब्देन**= आत्मा भन्ने शब्दले, **न अभिदध्यात्** = भन्ने थिएन किनकि, **हि** = निश्चय, **जीवः नाम** = जीव भनेको, **चेतनः** = चेतन, **शरीराध्यक्षः** = शरीरको अध्यक्ष (सञ्चालक) र, **प्राणानाम्** = प्राण तथा इन्द्रियहरूको, **धारयिता** = धारण गर्ने हो किनकि, **च** = फेरि, **तत्प्रसिद्धेः** = प्राणधारणद्वारा प्रसिद्ध भएका जीवत्वको, **निर्वचनात्** = लक्षण गरिएकोले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

अचेतन प्रधान नै सत् शब्दको वाच्य हो र त्यसमा पनि 'जलले ईक्षण गऱ्यो, तेजले ईक्षण गऱ्यो' भने जस्तै गौणरूपको ईक्षण कर्म हुन सक्दछ, भन्ने जो साङ्ख्यवादीको भनाइ छ त्यो झुट्टा हो । किनकि ईक्षण कर्मको कर्ताको रूपमा आत्मा शब्दको प्रयोग भएको छ। 'हे सुन्दर ! यो संसार सद्‌रूप नै थियो' भन्ने वाक्यबाट उठान गरेर 'त्यस सत्स्वरूप आत्माले ईक्षण गऱ्यो । त्यसले तेजको सृष्टि गऱ्यो' इत्यादि श्रुतिवाक्यद्वारा तेज, जल र अन्न आदिको सृष्टि बताइयो र तिनमा देवत्वको सङ्केत पनि गरियो । त्यसपछि 'म आफै ती तेज, जल र अन्नमा जीवात्माको रूपमा प्रवेश गरेर नाम र रूपलाई प्रकट गर्दछु' भन्ने पनि श्रुतिवचन रहेको छ ।

यदि अचेतन प्रधानलाई गौणरूपले ईक्षण गर्ने ईक्षणकर्ता मान्ने हो भने **'सदेव सौम्येदमग्र आसीत्'** मा व्यक्त सत्‌को वाच्यार्थ प्रधानलाई नै मान्नु पर्ने हुन्छ । त्यसपछि मात्र त्यस प्रधानले ईक्षण गऱ्यो भन्ने कुरा मिल्न आउँछ । तर यसरी मानेको खण्डमा प्रधान स्वयं अचेतन हुनाले म गर्छु भन्न सक्दैन, किनकि जीव भनेको प्राणधारण गर्ने अर्थमा लक्षित चेतन र शरीरको अध्यक्ष हो ।

शाङ्करभाष्यम्

स कथमचेतनस्य प्रधानस्यात्मा भवेत् ? आत्मा हि नाम स्वरूपम् । नाचेतनस्य प्रधानस्य चेतनो जीवः स्वरूपं भवितुमर्हति । अथ तु चेतनं ब्रह्म मुख्यमीक्षितृ परिगृह्यते, तस्य जीवविषय आत्मशब्दप्रयोग उपपद्यते । तथा **'स य एषोऽणिमैतदात्म्यमिदं सर्वं तत्सत्यं स आत्मा तत्त्वमसि श्वेतकेतो !'** (छा० ६/१४/३) इत्यत्र **'स आत्मा'** इति प्रकृतं सदणिमानमात्मानमात्म-शब्देनोपदिश्य **'तत्त्वमसि श्वेतकेतो !'** इति चेतनस्य श्वेतकेतोरात्मत्वेनोपदिशति। अप्तेजसोस्तु विषयत्वादचेतनत्वम्, नामरूपव्याकरणादौ च प्रयोज्यत्वेनैव निर्देशात्। न चात्मशब्दवत्किञ्चिन्मुख्यत्वे कारणमस्तीति युक्तं कूलवद् गौणत्वमीक्षितृत्वस्य। तयोरपि च सदधिष्ठितत्वापेक्षमेवेक्षितृत्वम् । सतस्त्वात्मशब्दान्न गौणमीक्षितृत्व-मित्युक्तम् ।।६।।

नेपालीभाषानुवाद

सः = त्यो जीव, **अचेतनस्य** = जड, **प्रधानस्य** = प्रधानको, **आत्मा** = आत्मा, **कथम्**= कसरी, **भवेत्** = हुन सक्दछ, **हि** = निश्चय, **आत्मा** = आत्मा भनेको, **स्वरूपम्** = स्वरूप (आफ्नो रूप) हो, **अचेतनस्य** = अचेतन, **प्रधानस्य**= प्रधानको, **चेतनः** = चेतन, **जीवः** = जीव, **स्वरूपम्** = आफ्नो रूप, **भवितुम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन, **न अर्हति** = योग्य छैन, **अथ तु** = यदि अनि, **चेतनम्** = चेतन, **ब्रह्म** = ब्रह्म, **मुख्यम्** = मुख्यरूपको, **ईक्षितृ** = ईक्षण गर्ने भनेर, **परिगृह्यते** = लिइन्छ, मानिन्छ, अनि मात्र; **तस्य** = त्यो ब्रह्मको, **जीवविषयः** = जीवसम्बन्धित, **आत्मशब्द-प्रयोगः** = आत्मा शब्दको प्रयोग, **उपपद्यते** = ठीक हुन्छ, **तथा** = त्यस्तै, **सः** = त्यो, **यः** = जुन, **एषः** = यो, **अणिमा** = अत्यन्त सूक्ष्म चिद्‌रूप, **इदम्** = यो, **सर्वम्** = सबै, **ऐतदात्म्यम्**= यसैको स्वरूप हो, **तत्** = त्यो, **सत्यम्** = सत्यरूपको छ वा यो कुरा सत्य हो, **सः आत्मा** = त्यो आत्मा हो, **श्वेतकेतो** = हे श्वेतकेतु (शिष्य), **तत्** = त्यही, **त्वम्** = तिमी, **असि** = छौ, हौ; **इति अत्र** = यहाँ, **सः आत्मा इति** = त्यो आत्मा (स्वरूप) हो भनेर, **प्रकृतम्** = सुरु (सदेव) को, **सदणिमानम्** = सद्रूप सूक्ष्म चित्, **आत्मानम्** = आफूलाई वा आत्मा (ब्रह्म) लाई, **आत्मत्वेन** = आफ्नो रूपले, **उपदिश्य** = उपदेश गरेर, **तत् त्वम् असि श्वेतकेतो इति** = हे श्वेतकेतु त्यही तिमी हौ भनेर, **चेतनस्य** = चेतन, **श्वेतकेतोः** = श्वेतकेतुको, **आत्मत्वेन** = आत्मरूपले, **उपदिशति** = उपदेश गर्छ, **अप्तेजसोः** = जल र तेजको, **तु** = त, **विषयत्वात्** = विषय (ज्ञेयरूप) हुनाले, **अचेतनत्वम्** = जडपन छ, **नामरूपव्याकरणादौ** = नाम र रूप प्रकट गर्ने आदिमा, **प्रयोज्यत्वेन** = प्रयोग गरिने रूपले, **च** = पनि, **निर्देशात्** = निर्देश गरेकोले, **आत्मशब्दवत्** = आत्मशब्द जस्तै, **मुख्यत्वे** = मुख्य हुनामा, **किञ्चित्** = केही, **कारणम्** = कारण, **च**= पनि, **न अस्ति** = छैन भन्ने, **इति** = यसकारणले, **ईक्षितृत्वस्य** = ईक्षण गर्नुको, **कूलवत्**= नदीको तीरजस्तै, **गौणत्वम्** = गौणरूपको हुन्छ, **तयोः** = ती जल र तेजको, **अपि** = पनि, **च** = फेरि, **ईक्षितृत्वम्** = ईक्षण गर्ने कुरा, **सदधिष्ठितत्वापेक्षम्** = सत् रूप ब्रह्मको प्रवेशलाई अपेक्षा राखेर हुने, **एव** = नै हो, **सतः** = सत्‌को, **तु** = त, **आत्मशब्दात्** = आत्मशब्द हुनाले, **ईक्षितृत्वम्** = ईक्षण गर्ने कुरा, **न गौणम्** = गौण होइन भन्ने, **इति** = यो, **उक्तम्** = भनियो ।

विशदीकरण

त्यो जीव आफू चेतन भएर अचेतन प्रधानको आत्मा हुन सम्भव छैन ? आत्म भनेको आफ्नो स्वरूप हो । चेतन जीव अचेतन प्रधानको स्वरूप कसरी हुन सक्दछ ? चेतन ब्रह्मलाई नै मुख्य ईक्षण गर्ने मानेमा मात्र उसको जीवसम्बन्धमा आत्मशब्दको प्रयोग गर्न सुहाउँदो हुन्छ । त्यसैले नै 'त्यो यो जुन चिद्‌रूप अणिमा छ, तद्रूप नै यो संसार हो । त्यो आत्मा चेतन हो र हे श्वेतकेतु ! तिमी पनि त्यही नै हो' भनेर त्यही सुरुको सत्‌शब्द वाच्य अणिमालाई आत्मरूपले उपदेश गर्दै त्यही तिमी हौ भनेर चेतन श्वेतकेतुको आत्मरूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको कारणबाट मुख्य ईक्षणवाला सद् रूप ब्रह्म नै ठहर्छ ।

जल र तेज विषय हुन् र ज्ञेय पनि, त्यसकारण तिनमा जडत्व रहेको छ । तिनको नाम र रूप प्रकट गर्ने कार्यमा प्रयोग गरिने रूपले निर्देश गरिएको छ । त्यसकारण तिनमा आत्मशब्दको जस्तै मुख्य ईक्षण मान्नुमा कुनै कारण छैन । '**तत्तेज ऐक्षत**' आदि रूपले तिनमा निर्देश गरिएको ईक्षण नदीका तीरमा रहेको माटाको ढिस्काको जस्तै गौण हो । त्यो पनि सद्रूप ब्रह्मको प्रवेशबाट मात्र हुन आएको हो। परन्तु सत्द्वारा गरिने ईक्षण त '**आत्मा**' शब्दको प्रयोगका कारण मुख्य ईक्षण हो, गौण होइन ।।६।।

शाङ्करभाष्यम्

अथोच्येत- अचेतनेऽपि प्रधाने भवत्यात्मशब्दः, आत्मनः सर्वार्थकारित्वात्, यथा राज्ञः सर्वार्थकारिणि भृत्ये भवत्यात्मशब्दो ममात्मा भद्रसेन इति । प्रधानं हि पुरुषस्यात्मनो भोगापवर्गौ कुर्वदुपकरोति, राज्ञ इव भृत्यः संधिविग्रहादिषु वर्तमानः । अथवैक एवात्मशब्दश्चेतनाचेतनविषयो भविष्यति, भूतात्मेन्द्रियात्मेति च प्रयोगदर्शनात् । यथैक एवर्ज्योतिःशब्दः क्रतुज्वलनविषयः। तत्र कुत एतदात्मशब्दादीक्षतेरगौणत्वमित्यत उत्तरं पठति ।

नेपालीभावानुवाद

अचेतने = अचेतनं भएका, **अपि** = पनि, **प्रधाने** = प्रधानमा, **आत्मशब्दः**= आत्मा शब्दको प्रयोग, **भवति** = हुन्छ किनकि, **आत्मनः** = आत्माको, **सर्वार्थकारित्वात्** = सबै प्रयोजन सिद्ध गर्ने हुनाले, **यथा** = जस्तै, **राज्ञः** = राजाको, **सर्वार्थकारिणि** = सबै काम सिद्ध गर्ने, **भृत्ये** = सेवकमा, **भद्रसेनः** = त्यही नामको सेवक, **मम** = मेरो, **आत्मा इति** = आत्मा हो भनेर यसरूपले, **आत्मशब्दः**= आत्मशब्दको प्रयोग, **भवति** = हुन्छ, गरिन्छ, **हि** = निश्चय, **प्रधानम्** = प्रधान, **पुरुषस्य** = पुरुषरूप, **आत्मनः** = आत्माको, **भोगापवर्गौ** = भोग र मोक्ष, **कुर्वत्**= गर्दो, **उपकरोति** = उपकरण गर्छ, **राज्ञः** = राजाको, **संधिविग्रहादिषु** = संधिमिलन, विग्रह-युद्ध आदिमा, **वर्तमानः** = रहँदो, **भृत्यः इव** = सेवकजस्तै, **अथवा**= अथवा, **एकः** = एउटा, **एव** = नै, **आत्मशब्दः** = आत्मशब्द, **चेतनाचेतनविषयः**= चेतन र अचेतन दुवै विषयमा रहने, **भविष्यति** = हुनसक्नेछ, किनभने, **भूतात्मेन्द्रियात्मा इति** = भूतात्मा र इन्द्रियात्मा भन्ने यस्तो, **प्रयोगदर्शनात्** = प्रयोग देखिनाले, **यथा** = जस्तै, **एकः एव** = एउटा नै, **ज्योतिः शब्द** = ज्योतिष् शब्द, **क्रतुज्वलनविषयः** = यज्ञ र अग्नि दुवैलाई विषय गर्ने हुन्छ, **तत्र** = त्यहाँ, **आत्मशब्दात्** = आत्मशब्दको प्रयोगबाट, **ईक्षतेः** = सत्शब्दवाच्यमा भएको ईक्षणको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगौणत्वम् = गौण नभई मुख्य हो भन्ने, **एतत्** = यो कुरा, **कुतः** = कसरी, कहाँबाट हुन्छ भन्ने, **इति** = यस्तो, **अथ** = अब फेरि, **उच्येत** = यदि भनियोस् त, **अतः** = यसै कारणबाट, **उत्तरम्** = उत्तर, **पठति** = आचार्य भन्नुहुन्छ ।

विशदीकरण

अचेतन भएपनि प्रधानमा 'राजाको संधि' विग्रह आदि सबै काम गर्ने सेवकमा 'भद्रसेन मेरो आत्मा हो' भन्ने आत्मशब्दको प्रयोग हुन्छ । त्यस्तै पुरुषरूप आत्माको भुक्ति, मुक्ति दुवै काम गरेर उपकार गर्ने हुनाले प्रधानमा आत्मशब्दको प्रयोग हुन पनि सक्दछ । फेरि एउटै आत्मशब्द भूतात्मा, इन्द्रियात्मा जस्तै चेतन र अचेतन दुवै विषयमा लाग्न पनि सक्दछ । जस्तो एउटै ज्योतिशब्दले यज्ञ र अग्नि दुवैलाई बताउँछ । यहाँ आत्मशब्दको प्रयोग देखिदैमा सत्‌शब्दको वाच्यमा रहेको (भएको) ईक्षण गौण नभएर मुख्य नै हो भन्ने कसरी हुन्छ ? भन्ने शङ्का गर्न सकिएला । अतः त्यस शङ्काको निवारण गर्ने हेतुले आचार्य व्यास उत्तररूपमा स्वयं भन्नुहुन्छ ।

ब्रह्मसूत्रम् - तन्निष्ठस्य मोक्षोपदेशात् १/१/७

सूत्रार्थ - तनिष्ठस्य = परमात्मामा स्थित हुने साधकका लागि, **मोक्षोपदेशात्** = मुक्ति बताइएको छ, त्यसकारण प्रधान जगत्‌को कारण होइन ।

शाङ्करभाष्यम्

न प्रधानमचेतनमात्मशब्दालम्बनं भवितुमर्हति, **'स आत्मा'** इति प्रकृतं सदणिमानमादाय **'तत्त्वमसि श्वेतकेतो !'** (छा० ६/८/७) इति चेतनस्य श्वेतकेतो-र्मोक्षयितव्यस्य तन्निष्ठामुपदिश्य **'आचार्यवान् पुरुषो वेद तस्य तावदेव चिरं यावन्न विमोक्षेऽथ संपत्स्ये'**(छा० ६/१४/२) इति मोक्षोपदेशात् । यदि ह्यचेतनं प्रधानं सच्छब्दवाच्यं तदसीति ग्राहयेन्मुमुक्षुं चेतनं सन्तमचेतनोऽसीति, तदा विपरीतवादि शास्त्रं पुरुषस्यानर्थायेत्यप्रमाणं स्यात् । न तु निर्दोषं शास्त्रमप्रमाणं कल्पयितुं शक्यम् । यदि चाज्ञस्य सतो मुमुक्षोरचेतनमनात्मानमात्मेत्युपदिशेत्, प्रमाणभूतं शास्त्रम्, स श्रद्दधानतयान्धगोलाङ्गूलन्यायेन तदात्मदृष्टिं न परित्यजेत्।

नेपालीभाषानुवाद

अचेतनम् = जड, **प्रधानम्** = प्रधान (प्रकृति), **आत्मशब्दालम्बनम्** = आत्मशब्दले अङ्गालिने, **भवितुम्** = हुन, **न अर्हति** = योग्य छैन, **सः आत्मा** = त्यो आत्मा हो भन्ने, **इति** = यस रूपले, **प्रकृतम्** = सुरुको, **सदणिमानम्** = सत् रूप अणिमालाई, **आदाय** = लिएर सङ्केत गरेर, **श्वेतकेतो**= हे श्वेतकेतु, **तत्** = त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत् अणिमारूप आत्मा (ब्रह्म), **त्वम्** = तिमी, **असि**= हौ भन्ने, **इति** = यस्तो, **मोक्षयितव्यस्य** = मुक्त गराउनु योग्य, **श्वेतकेतोः** = श्वेतकेतुको निमित्त, **तन्निष्ठाम्**= त्यो सत् अणिमा विषयक निष्ठा (स्थिति), **उपदिश्य** = उपदेश गरेर, **आचार्यवान्**= गुरुले युक्त, **पुरुषः** = पुरुष, **वेद** = आत्मा (ब्रह्म) लाई जान्दछ, **तस्य** = त्यो आत्मा जान्ने को, **तावत् एव** = त्यत्ति समय मात्र, **चिरम्** = ढिला हो (मुक्तिनिमित्त), **यावत्** = जबसम्म, **न विमोक्ष्ये** = अज्ञानबाट म छुट्दिन, **अथ** = उसपछि, **संपत्स्ये**= मोक्षनामक संपत् रूपमा प्राप्त हुन्न भनेर, **इति** = यस रूपले, **मोक्षोपदेशात्**= मोक्षको उपदेशबाट, **यदि** = यदि, **हि** = निश्चय, **अचेतनम्** = जड, **प्रधानम्** = प्रधानलाई, **सच्छब्दवाच्यम्** = सत् शब्दको वाच्य मानेर, **तत्** = त्यही, **असि** = हौ भन्ने, **इति** = यस्तो रूपले, **मुमुक्षुम्** = मुक्त हुन खोज्ने, **सन्तम्**= सत्‌रूप, **चेतनम्**= चेतन श्वेतकेतुरूप जीवलाई, **अचेतनः** = जड, **असि इति** = हौ भन्ने, **इति** = यसरूपले, **ग्राहयेत्** = ग्रहण गराउन त, **तदा** = त्यसबखत, अनि; **विपरीतवादि** = उल्टा कुरा गर्ने (भन्ने), **शास्त्रम्** = शास्त्र, **पुरुषस्य** = पुरुषको निमित्त, **अनर्थाय**= अनर्थ निमित्त हुनेछ भन्ने, **इति** = यस हेतुले, **अप्रमाणम्** = प्रमाण मात्र अयोग्य, **स्यात्** = होला, **निर्दोषम्** = दोष-रहित, **शास्त्रम्** = शास्त्र, **अप्रमाणम्** = प्रमाण मात्र अयोग्य भनेर, **कल्पयितुम्** = कल्पना गर्न, **तु** = पनि, **न शक्यम्** = नसकिने छ, **यदि** = यदि, **अज्ञस्य** = अज्ञानी (स्वरूपबोध नभएको), **सतः** = छँदो, **मुमुक्षोः** = मुक्त हुन खोज्ने पुरुषको निमित्त, **अचेतनम्** = जड, **अनात्मानम्** = आत्मभिन्न वस्तुलाई, **आत्मा इति** = आत्मा हो भनेर, **प्रमाणभूतम्**= प्रमाण भइरहेको (मानिएको), **शास्त्रम्** = शास्त्रले, **उपदिशेत्** = उपदेश गरोस् त, **सः**= त्यो अज्ञानी, **श्रद्धानतया** = श्रद्धावाला हुनाले, **अन्धगोलाङ्गूलन्यायेन**= अन्धाले आफूले समातेको गाईको पुच्छर न छोडे झैं, **तदात्मदृष्टिम्** = त्यो अनात्म तथा अचेतनमा भएको आत्मबुद्धिलाई, **न परित्यजेत्** = छोड्ने छैन ।

विशदीकरण

प्रासङ्गिक सद्रूप अणिमालाई लक्ष्य गरेर 'हे श्वेतकेतु ! त्यही सद्रूप अणिमा तिमी हौ' भनेर मुक्त गराउनु पर्ने श्वेतकेतुरूप जीवका निमित्त त्यही सद्रूप अणिमा सम्बन्धी निष्ठाको उपदेश गर्दै 'सद्‌गुरुको सम्पर्कमा रहने पुरुषले ब्रह्मज्ञान गर्दछ, त्यसलाई त्यत्ति मात्र बेर हुन्छ जबसम्म अविद्या बन्धनबाट छुट्दैन अनि त ब्रह्मत्व सम्पन्न हुन्छ' इत्यादि रूपबाट मोक्षको उपदेश छ । तसर्थ अचेतन प्रधान आत्मशब्दको वाच्य हुन सक्दैन ।

यदि अचेतन प्रधानलाई सुरुको सत्‌शब्दको वाच्य मानेर मोक्ष चाहने चेतन श्वेतकेतुका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रति 'त्यही तिमी हौ' भनेर बताउँदो हो त चेतनलाई अचेतन भनेर उपदेश गर्ने शास्त्र पनि उल्टा र झुट्टा कुराको उपदेश गर्ने ठहरिने थियो र प्रमाणरूपमा मानिने पनि थिएन । परन्तु शास्त्र त्यस्तो दोषी छैन र अप्रमाण भन्न सर्वथा सकिंदैन । फेरि मुक्ति चाहने अज्ञानी चेतन जीवलाई अनात्मा र अचेतन रूपका प्रधान तिमी हौ भनेर प्रामाणिक शास्त्रले उपदेश गर्ने कुरा मात्रै हो भने अनर्थ नै हुन आउने छ । त्यसो भएको खण्डमा अज्ञानी जीवले अन्धाले आफूले समातेको गाईको पुच्छरलाई न छाडे झैं अनात्मालाई छाड्न सक्ने छैन ।

शाङ्करभाष्यम्

तद्व्यतिरिक्तं चात्मानं न प्रतिपद्येत, तथा सति पुरुषार्थाद् विहन्येतानर्थञ्च ऋच्छेत् । तस्माद्यथा स्वर्गाद्यर्थिनोऽग्निहोत्रादिसाधनं यथाभूतमुपदिशति, तथा मुमुक्षोरपि **'स आत्मतत्त्वमसि श्वेतकेतो !'** इति यथाभूतमेवात्मानमुपदिशतीति युक्तम् । एवं च सति तप्तपरशुग्रहणमोक्षदृष्टान्तेन सत्याभिसन्धस्य मोक्षोपदेश उपपद्यते । अन्यथा ह्यमुख्ये सदात्मतत्त्वोपदेशो **'अहमुक्थमस्मीति विद्यात्'** (ऐ.आ० २/१/२/६) इति वत्सम्पन्मात्रमिदमनित्यफलं स्यात्। तत्र मोक्षोपदेशो नोपपद्येत । तस्मान्न सदणिमन्यात्मशब्दस्य गौणत्वम् । भृत्ये तु स्वामिभृत्यभेदस्य प्रत्यक्षत्वादुपपन्नो गौण आत्मशब्दो ममात्मा भद्रसेन इति । अपि च क्वचिद् गौणः शब्दो दृष्ट इति नैतावता शब्दप्रमाणकेऽर्थे गौणीकल्पना न्याय्या, सर्वत्रानाश्वास-प्रसङ्गात् ।

नेपालीभाषानुवाद

तद् व्यतिरिक्तम् = त्यो भन्दा अलग, **आत्मानम्** = आत्मालाई, **च** = पनि, **न प्रतिपद्येत**= प्राप्त गर्न सक्ने छैन, **तथा** = त्यस्तो (प्राप्त गर्न नसक्ने स्थिति), **सति** = भएमा, **पुरुषार्थात्** = मोक्षरूप परमपुरुषार्थबाट, **विहन्येत** = मुक्तिभागी हुन सक्ने छैन र, **अनर्थं च** = अनर्थमा पनि, **ऋच्छेत्** = जाला, पर्ला, **तस्मात्** = त्यसकारणबाट, **यथा** = जस्तै, **स्वर्गाद्यर्थिनः** = स्वर्ग आदिको चाहना गर्नेका निमित्त, **अग्निहोत्रादिसाधनम्** = गर्नुपर्ने अग्नि होत्र आदि साधन, **यथाभूतम्** = यथार्थ (जस्ताको तस्तो), **उपदिशति** = शास्त्रले उपदेश गर्दछ, **तथा** = त्यस्तै नै, **मुमुक्षोः** = मुक्ति खोज्नेका निमित्त, **अपि** = पनि, **सःआत्मा** = त्यो आत्मा हो, **श्वेतकेतो** = हे श्वेतकेतु, **त्वम्** = तिमी, **तत्** = त्यही सत्रूप अणिमा, **अपि** = हौ भन्ने, **इति** = यस्तो, **यथाभूतम्** = जस्ताको त्यस्तै, **एव** = नै, **आत्मानम्** = आत्मालाई, **उपदिशति इति** = उपदेश गर्दछ भन्नु, **युक्तम्** = ठीक हुन्छ, **च** = फेरि, **एवं सति** = यस्तो भएमा, **तप्तपरशुग्रहणमोक्षदृष्टान्तेन** = तातेर रातो भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बञ्चरो लिएर (समातेर) छुट्ने दृष्टान्तद्वारा, **सत्याभिसन्धस्य** = सत्यमा अडिएकाको, **मोक्षोपदेशः** = मोक्षको उपदेश, **उपपद्यते** = ठीक हुन आउँछ, **अन्यथा**= यसको उल्टा भएमा, **हि** = निश्चय, **सदात्मतत्त्वोपदेशे** = सद्रूप आत्मतत्त्वको उपदेश, **अमुख्ये**= मुख्यभिन्न (गौण) भएमा, **अहम्** = म, **उक्थम्** = प्राण, **अस्मि** = हूँ भन्ने, **इति** = यो, यस्तो; **विद्यात्** = जानोस् भन्ने, **इति वत्** = यो जस्तै, **इदम्** = यो आत्मोपदेश पनि, **संपन्मात्रम्** = संपत् रूपको मात्र, **अनित्यफलम्** = अनित्य (विनाशी) फलवाला, **स्यात्** = हुनेछ (होला) र, **तत्र** = त्यसमा (त्यहाँ), **मोक्षोपदेशः** = मोक्षको उपदेश, **न उपपद्येत** = ठीक हुन आउने छैन, **तस्मात्** = त्यसकारणबाट, **सदणिमनि** = सत् रूप अणिमामा प्रयोग गरिएको, **आत्मशब्दस्य**= आत्मशब्दको, **गौणत्वम्** = गौणपन, **न** = हुँदैन, **भृत्ये** = सेवकमा, **तु** = त, **स्वामिभृत्यभेदस्य** = मालिक र सेवकमा भएका भेदको, **प्रत्यक्षत्वात्** = प्रत्यक्ष नै हुनाले, **भद्रसेनः** = सेवक भद्रसेन, **मम** = मेरो (राजा) को, **आत्मा** = आत्मा हो भन्ने, **इति** = यो, **आत्मशब्दः** = आत्मशब्दको प्रयोग, **गौणः** = गौणरूपको, **उपपन्नः** = ठीक छ, **अपि च** = फेरि पनि, **क्वचित्** = कहीं, **गौणः शब्दः** = गौण शब्द, **दृष्टः इति** = देखियो भनेर, **एतावता** = यत्तिले, **शब्दप्रमाणके** = शब्द(शास्त्र) प्रमाणबाट मात्र जानिने, **अर्थे** = वस्तुमा (धर्म तथा आत्मरूप ब्रह्ममा), **गौणीकल्पना**= गौण हो भन्ने कल्पना गर्नु, **न न्याय्या** = प्रमाणित हुँदैन वा योग्य छैन किनकि यसरूपले त, **सर्वत्र** = सबै ठाउँमा, **अनाश्वासप्रसङ्गात्** = अविश्वासको प्रसंग हुन आउने हुनाले ।

विशदीकरण

त्यस अतिरिक्त, अनात्मालाई छाड्न नसक्ने त्यस जीवले आत्मालाई प्राप्त गर्न पनि सक्ने छैन र मोक्षरूप परमपुरुषार्थको अधिकारी बन्नुबाट बञ्चित भएर त्यो आत्यन्तिक अनर्थमा पनि पर्न जानेछ । त्यसो हुनाले जस्तै स्वर्ग आदि फलको इच्छा गर्नेका निमित्त शास्त्रले अग्निहोत्र आदि यथार्थ साधनको उपदेश गर्दछ, त्यस्तै मुक्ति चाहनेका निमित्त पनि 'त्यो सद्रूप अणिमा आत्मा छ । हे श्वेतकेतु ! तिमी त्यही हौ' भनेर पछि परिवर्तन नहुने गरी जस्ताको त्यस्तै शास्त्रले आत्माको उपदेश गर्दछ भन्नु नै ठीक हुन आउँछ ।

यस्तो भएमा आगामा पोलेर रातो भएको बञ्चरो समाउँदा पनि दाहको अनुभव नगर्ने, कुनै चोरीको अभियुक्त सो अभियोगबाट मुक्त भए झैं आत्मासँग वास्तविक सम्बन्ध राख्ने पुरुषका प्रति गरिएको मोक्षोपदेश पनि सुहाउँदो हुन आउँछ । यसो न गरेर अनात्मरूप प्रधानलाई ज्ञेय विषयका रूपमा उपदेश गरिन्छ भने त्यो उपदेश अनित्य फलदायक नै सिद्ध हुनेछ । अतः सत्य अणुतत्त्वमा प्रयुक्त आत्मशब्द गौण होइन, अपितु मुख्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै स्वामी र सेवकको भेद प्रत्यक्ष हुनाले स्वामीद्वारा सेवकमा प्रयोग गरिने आत्मशब्द गौण हो ।

आत्मशब्दको प्रयोग कहीं कहीं गौणरूपमा पनि देखिएको छ भनेर गौणी वृत्तिद्वारा ज्ञेय अर्थको परिकल्पना गर्नु उचित हुँदैन । यसो गर्ने हो भने आफ्ना जन्मदाता पिताको विषयमा, औषधि र मन्त्रको ज्ञानको विषयमा र हीरा, मणि आदिको मूल्यनिर्धारण गर्ने प्रसङ्गमा पनि गौण कल्पना गर्न थालियो भने महान् अनर्थ आइपर्नेछ । अतः आत्माको सम्बन्धमा पनि गौणकल्पना मनासिब हुँदैन । यसो गर्ने हो भने शास्त्रमा विश्वास हुने छैन र आत्मशब्दको अर्थनिर्धारण गर्न असजिलो हुनेछ ।

शाङ्करभाष्यम्

यत्तूक्तम्- चेतनाचेतनेयोः साधारण आत्मशब्दः क्रतुज्वलनयोरिव ज्योतिः-शब्द इति तन्न, अनेकार्थस्यान्याय्यत्वात् । तस्माच्चेतनविषय एव मुख्य आत्मशब्द-श्चेतनत्वोपचाराद् भूतादिषु प्रयुज्यते भूतात्मेन्द्रियात्मेति च । साधारणत्वेऽप्यात्म-शब्दस्य न प्रकरणमुपपदं वा किञ्चिन्निश्चायकमन्तरेणान्यतरवृत्तिता निर्धारयितुं शक्यते । न चात्राचेतनस्य निश्चायकं किञ्चित्कारणमस्ति । प्रकृतं तु सदीक्षितृ, सन्निहितश्चेतनः श्वेतकेतुः । नहि चेतनस्य श्वेतकेतोरचेतन आत्मा संभवतीत्यवोचाम। तस्माच्चेतनविषय इहात्मशब्द इति निश्चीयते । ज्योतिःशब्दोऽपि लौकिकेन प्रयोगेण ज्वलन एव रूढः, अर्थवादकल्पितेन तु ज्वलनसादृश्येन क्रतौ प्रवृत्त इत्यदृष्टान्तः। अथवा- पूर्वसूत्र एवात्मशब्दं निरस्तसमस्तगौणत्वसाधारणत्वशङ्कतया व्याख्याय ततः स्वतन्त्र एव प्रधानकारणनिराकरणहेतुर्व्याख्येयः- '**तन्निष्ठस्य मोक्षोपदेशात्**' इति । तस्मान्नाचेतनं प्रधानं सच्छब्दवाच्यम् ।।७।।

नेपालीभाषानुवाद

यत् तु = जो कि, **क्रतुज्वलनयोः** = यज्ञ र अग्निमा, **ज्योतिःशब्द इव** = ज्योति शब्दजस्तै, **आत्मशब्दः** = आत्मशब्द, **चेतनाचेतनयोः** = चेतन र अचेतन दुवैमा, **साधारणः** = साधारण(समान) रूपले छ भन्ने, **उक्तम्** = भनियो, **तत् न** = त्यो ठीक छैन किनकि, **अनेकार्थस्य** = धेरै अर्थको, **अन्याय्यत्वात्** = प्रमाणमा नठहर्ने हुनाले, **तस्मात्** = त्यसकारणबाट, **आत्मशब्द** = आत्मा शब्द, **चेतनविषयः**= चेतनलाई बताउने, **मुख्यः एव** = मुख्य नै हो र, **भूतात्मा** = भूतात्मा र, **इन्द्रियात्मा**= इन्द्रियात्मा भन्ने, **इति च** = यस्तो पनि, **उपचारात्** = गौणरूपबाट, **भूतादिषु** = भूत आदिमा, **प्रयुज्यते** = प्रयोग गरिन्छ, **साधारणत्वे** = साधारण मानेमा, **अपि** = पनि, **प्रकरणम्** = प्रकरण, **वा** = अथवा, **उपपदम्** = थपेको पूर्वपद समेत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किञ्चित् = कुनै, **निश्चायकम्** = अर्को अर्थको निश्चय गराउने कुनै, **अन्तरेण** = छाडेर, **अन्यतरवृत्तिता** = आत्मशब्दको कुनै अर्को अर्थमा रहने कुरा, **निर्धारयितुम्**= निधो गर्न, **न शक्यते**= सकिंदैन, **च** = फेरि, **अत्र** = यहाँ, **अचेतनस्य** = अचेतनको, **निश्चायकम्** = आत्मशब्दको वाच्य भन्ने कुरा निश्चय गराउने, **किञ्चित्** = केही, **कारणम्** = कारण, **न अस्ति** = छैन, **प्रकृतम्** = सुरु, **तु** = त, **ईक्षितृ** = ईक्षण गर्ने, **सत्** = सत् छ, **सन्निहितः** = नजिक अपेक्षित, **चेतनः** = चेतन, **श्वेतकेतुः** = श्वेतकेतु छ, **हि** = निश्चय, **चेतनस्य** = चेतन, **श्वेतकेतोः** = श्वेतकेतुको, **अचेतनः**= अचेतन, **आत्मा** = आत्मा (स्वरूप), **न संभवति** = हुन सक्दैन भन्ने, **इति** = यो पनि, **अवोचाम** = भन्यौं, **तस्मात्** = त्यसकारणबाट, **इह** = यहाँ, **आत्मशब्दः** = आत्मशब्द, **चेतनविषयः** = चेतनलाई बताउने हो भन्ने, **इति** = यो, **निश्चीयते** = निश्चय गरिन्छ, **ज्योतिःशब्दः अपि** = ज्योति शब्द पनि, **लौकिकेन** = लौकिक, **प्रयोगेण** = प्रयोगद्वारा, **ज्वलने एव** = अग्निमा नै (अग्निपरक अर्थमा नै), **रूढः**= रहेको छ, **अर्थवादकल्पितेन** = अर्थवाद वाक्यद्वारा कल्पित, **ज्वलनसादृश्येन** = अग्निसँगको सादृश्य (बराबरी) ले मात्र, **तु** = त, **क्रतौ** = यज्ञ अर्थमा, **प्रवृत्तः** = रहेको हो र, **अदृष्टान्तः** = उदाहरण हुन सक्दैन, **अथवा** = अथवा, **पूर्वसूत्रे** = अगाडिको सूत्र **गौणश्चेन्नात्मशब्दात्** मा, **एव** = नै, **निरस्तसमस्तगौणत्वसाधारणत्व-शङ्कतया** = पूर्वपक्षीले आफ्नो तर्फबाट गरेका गौण र साधारण भन्ने रूपका सबै शङ्का हटाउनु द्वारा, **आत्मशब्दम्** = आत्मशब्दलाई, **व्याख्याय** = व्याख्यान गरेर, **ततः** = अनि, **स्वतन्त्रः एव** = स्वतन्त्र नै, **प्रधानकारणनिराकरणहेतुः** = प्रधानलाई कारण बताउने कुराको खण्डन गर्ने कारण, **तन्निष्ठस्य मोक्षोपदेशात् इति** = तन्निष्ठस्य मोक्षोपदेशात् भन्ने सूत्रले, **व्याख्येयः** = व्याख्यान गर्न योग्य छ, **तस्मात्** = त्यसकारणबाट, **अचेतनम्** = जड, **प्रधानम्** = प्रधान, **सच्छब्दवाच्यम्** = सत् शब्दले भनिने, **न** = होइन ।

विशदीकरण

ज्योति शब्द यज्ञ र अग्नि भन्ने दुवै अर्थमा रहे झैं आत्मशब्द पनि चेतन र अचेतन दुवै अर्थमा समानरूपले वा मुख्य र गौणभन्दा अलगरूपले रहन्छ भनेर जो शङ्का गरिएको थियो, त्यस सम्बन्धमा पनि आत्मशब्दको धेरै अर्थ गर्ने कुरा प्रमाणबाट नठहर्ने हुनाले उचित हुँदैन । आत्मशब्द मुख्यरूपले नै चेतनलाई बताउनेवाला हुन्छ र गौणरूपले मात्र भूतको आत्मा र इन्द्रियको आत्मा भन्ने किसिमले भूत आदिमा प्रयोग गरिने हो ।

साधारण मानेमा पनि आत्मशब्दको कुनै प्रकरण वा अर्को थप शब्द पूर्वतिर भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को अर्थ बुझाउन निश्चय गराउने नभएसम्म अर्कोमा रहने भन्ने कुरा निधो गर्न प्रमाणबाट सकिंदैन । फेरि यहाँ अचेतनको वाच्य भनेर आत्मशब्दको निश्चय गराउन सक्ने कुनै हेतु पनि छैन, सुरु हेर्दा सद्रूप नै ईक्षण कर्ता र नजिकको अपेक्षित पनि चेतन श्वेतकेतु छ र त्यस्ता चेतन श्वेतकेतुको अचेतन आत्मा हुनै सक्दैन भन्ने कुरा पनि भनेकै छौं ।

यहाँ आत्मशब्द चेतनलाई नै बुझाउने हो भन्ने निश्चय गरिन्छ । ज्योति शब्द पनि अग्नि भन्ने अर्थमा नै रहिरहेको हो र अग्निको सादृश्यलाई लिएर अर्थवाद वाक्यद्वारा कल्पित यज्ञ भन्ने अर्थमा रहेको हुनाले त्यसको यहाँ उदाहरण दिन अयोग्य छ । अथवा अगाडिको **गौणश्चेन्नात्मशब्दात्** भन्ने सूत्रमा नै आत्मशब्दको सम्बन्धमा हुने गौण र साधारण भन्ने तर्फका सबै शङ्का हटाउँदै व्याख्यान गरेर पछिबाट यो **तन्निष्ठस्य मोक्षोपदेशात्** भन्ने सूत्रद्वारा प्रधान कारण हो भन्ने कुराको निराकरण गर्ने हेतुको व्याख्या गर्नु पनि ठीक छ । यी सबै कारणबाट अचेतन प्रधान सत् शब्दको वाच्य हुन सक्दैन ।।७।।

शाङ्करभाष्यम्- कुतश्च न प्रधानं सच्छब्दवाच्यम् ?

नेपालीभाषानुवाद - च = फेरि, **कुतः** = कसरी, **प्रधानम्** = प्रधान (साङ्ख्यसम्मत प्रकृति), **सच्छब्दवाच्यम्** = सत्शब्दको वाच्य, **न** = हुंदैन ?

ब्रह्मसूत्रम् - हेयत्वावचनाच्च १/१/८

सूत्रार्थ - हेयत्वावचनात् = प्रधानमा निष्ठा राख्ने नहोस् भनेर निषेध वचन पनि प्रयोग गरिएको छैन, अतः स्थूलारुन्धती न्यायले पनि प्रधान सत् शब्द वाच्य होइन, **च** = च शब्द विरोधसंग्रहका लागि हो ।

शाङ्करभाष्यम्

यद्यनात्मैव प्रधानं सच्छब्दवाच्यं **'स आत्मा तत्त्वमसि'** (छा ६/८/७) इतीहोपदिष्टं स्यात्, स तदुपदेशश्रवणादनात्मज्ञतया तन्निष्ठो मा भूदिति मुख्यमात्मानमुपदिदिक्षुस्तस्य हेयत्वं ब्रूयात् । यथारुन्धतीं दिदर्शयिषुस्तत्समीपस्थां स्थूलां ताराममुख्यां प्रथममरुन्धतीति ग्राहयित्वा तां प्रत्याख्याय पश्चादरुन्धतीमेव ग्राहयति, तद्वन्नायमात्मेति ब्रूयात् । न चैवमवोचत् । सन्मात्रात्मावगतिनिष्ठैव हि षष्ठप्रपाठकपरिसमाप्तिर्दृश्यते । चशब्दः प्रतिज्ञाविरोधाभ्युच्चयप्रदर्शनार्थः । सत्यपि हेयत्ववचने प्रतिज्ञाविरोधः प्रसज्येत । कारणविज्ञानाद् हि सर्वं विज्ञातमिति प्रतिज्ञातम् ।

नेपालीभाषानुवाद

यदि = यदि, **अनात्म** = जड, **प्रधानम्** = प्रधान, **एव** = नै, **सत् शब्दवाच्यम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत् शब्दको वाच्य भनेर, **स आत्मा तत्त्वमसि** = त्यो आत्मा हो र त्यही तिमी हौ भन्ने, **इति** = यसरूपले, **इह** = यहाँ, **उपदिष्टम्** = उपदेश गरिएको, **स्यात्** = हुन्थ्यो त, **सः** = त्यो शिष्य, **तदुपदेशश्रवणात्** = त्यो उपदेशको श्रवणबाट, **अनात्मज्ञतया**= मुख्य आत्मालाई नजानेकोले, **तन्निष्ठः** = त्यो अमुख्य आत्मा रूप प्रधानमा लागू, **मा भूत्** = नहोस् भन्ने, **इति** = यसकारणबाट, **मुख्यम्** = मुख्य, **आत्मानम्** = आत्मालाई, **उपदिदिक्षुः** = उपदेश गर्ने इच्छा गर्दो, **तस्य** = त्यो अमुख्य आत्माको निमित्त, **हेयत्वम्** = छाड्नुपर्ने कुरा, **ब्रूयात्** = भन्ने थियो, **यथा** = जस्तै, **अरुन्धतीम्**= अरुन्धती तारालाई, **दिदर्शयिषुः** = देखाउन खोज्ने पुरुष, **प्रथमम्** = पहिले, **तत्समीपस्थाम्** = उसको नजिकमा रहेको, **अमुख्याम्** = अमुख्य रूपको, **स्थूलाम्**= ठूलो, **ताराम्** = तारालाई, **अरुन्धती इति** = अरुन्धती हो भनेर, **ग्राहयित्वा** = ग्रहण गराएर (देखाएर), **ताम्** = त्यसलाई, **पश्चात्** = पछिबाट, **प्रत्याख्याय** = खण्डन गरेर, **अरुन्धतीम् एव** = मुख्य अरुन्धतीलाई नै, **ग्राहयति** = ग्रहण गराउँछ, **तद्वत्** = त्यस्तै, **अयम्** = यो अमुख्य, **आत्मा न इति** = आत्मा होइन भन्ने यस्तो, **ब्रूयात्** = भन्ने थियो तर, **एवम्** = यस्तो, **न अवोचत्** = भनेन, **हि** = निश्चय, **सन्मात्रात्मावगतिनिष्ठा** = त्यही सत् रूप आत्माको मात्र साक्षात्कार गराउने सम्ममा थितिएको, **षष्ठप्रपाठकपरिसमाप्तिः** = छान्दोग्यको छैठौं प्रपाठको समाप्ति, **दृश्यते**= देखिन्छ, **च शब्दः** = यो सूत्रमा रहेको च शब्द, **प्रतिज्ञाविरोधाभ्युच्चयप्रदर्शनार्थः**= प्रतिज्ञाविरोध हुने कुराको अधिकता देखाउनु निमित्त हो, **हेयत्ववचने** = छाड्नु पर्ने कुराको वचन, **सति अपि** = भएमा पनि, **प्रतिज्ञाविरोधः** = प्रतिज्ञाको विरोध, **प्रसज्येत** = आइपर्ला, **हि** = निश्चय, **कारणविज्ञानात्** = कारणको ज्ञानबाट, **सर्वम्**= सबै, **विज्ञातम् इति** = जानिएको हुन्छ भन्ने यो, **प्रतिज्ञातम्** = प्रतिज्ञा गरिएको छ ।

विशदीकरण

यदि सत् शब्दले अनात्मरूपको प्रधानलाई नै बताएको भनेर 'त्यही आत्मा हो' र 'त्यही तिमी हौ' भन्ने यो उपदेश गरिन्थ्यो भने त्यस उपदेशको श्रवण गर्ने शिष्य अनात्मालाई आत्मा भनेर उपदेश गरेकोले त्यसै अनात्मालाई आत्मा जानेर आत्मज्ञानबाट ठगिन नपाओस् भन्ने उद्देश्यले मुख्य आत्मालाई बताउने इच्छाले पहिल्यै उपदेश गरिएको त्यो अमुख्य आत्मालाई त्याग गर्ने कुरा उपदेश गर्नु पर्थ्यो । जस्तै- अरुन्धती देखाउन खोज्ने पुरुषले पहिले अमुख्यरूपको र अरुन्धतीका नजिकको स्थूलरूपको तारालाई अरुन्धती हो भनेर ज्ञान गराए पछि त्यसलाई छाडेर खासै अरुन्धतीलाई बताइदिन्छ । त्यसै गरी यहाँ पनि अमुख्यलाई बताएको भए अर्को आत्मा बताउने उद्देश्यबाट त्यो अमुख्य आत्मालाई यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होइन भन्नु पर्थ्यो, तर त्यसो भनिएको छैन ।

फेरि त्यही सत्‌रूप अणिमाको साक्षात्कारसम्मको कुरा थित्याएर मात्र नै छान्दोग्य श्रुतिका छैठौं प्रपाठकको समाप्ति देखिन्छ । त्यही सत्‌मा नै त्यो आत्मा भनेर बताएको प्रमाणित हुन्छ । यो सूत्रको अन्तिम च शब्दले प्रतिज्ञाविरोध हुने कुराको अधिकता देखाउँछ। त्यागने वचन भएको मानेमा पनि प्रतिज्ञाको विरोध पर्ने हुन आउँछ किनकि कारणलाई जानेपछि सबै जानिएको हुन्छ भन्ने प्रतिज्ञा गरिएको छ ।

शाङ्करभाष्यम्

'उत तमादेशमप्राक्ष्यो येनाश्रुतं श्रुतम्, भवत्यमतं मतमविज्ञातम्, विज्ञातमिति कथं नु भगवः स आदेशो भवतीति। यथा सोम्यैकेन मृत्पिण्डेन सर्वं मृन्मयं विज्ञातं स्याद् वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम् । एवं सोम्य स आदेशो भवति'(छा० ६/१/१-३) इति वाक्योपक्रमे श्रवणात् । न च सच्छब्दवाच्ये प्रधाने भोग्यवर्गकारणे हेयत्वेनाहेयत्वेन वा विज्ञाते भोक्तृवर्गो विज्ञातो भवति, अप्रधानविकारत्वाद् भोक्तृवर्गस्य । तस्मान्न प्रधानं सच्छब्दवाच्यम् ।।८।।

नेपालीभाषानुवाद

हे श्वेतकेतु, **उत** = फेरि पनि, **तम्** = त्यो, **आदेशम्** = शास्त्र र गुरुवाक्यबाट जानिने वस्तु, **अप्राक्ष्यः** = आचार्यसँग सोधेका छौ, **येन** = जुन वस्तु जान्नाले, **अश्रुतम्** = नसुनेको वस्तु, **श्रुतम्** = सुनेको, **अमतम्** = नठहराएको, **मतम्** = ठहराएको र, **अविज्ञातम्** = नजानेको वस्तु, **विज्ञातम्** = जानेको, **भवति** = हुन्छ भन्ने, **इति**= यस्तो, **नु** = निश्चय वा तर्क, **भगवः**= हे भगवन्, **सः** = त्यो, **आदेशः**= आदेश, **कथम्** = कसरी, **भवति इति** = हुन्छ, **सोम्य** = हे सुन्दर, **यथा** = जस्तै, **एकेन** = एउटा, **मृत्पिण्डेन** = माटाका पिण्डले, **सर्वम्** = सबै, **मृन्मयम्**= माटाको विकार, **विज्ञातम्** = जानिएको, **स्यात्** = हुन्छ, **वाचारम्भणम्** = बोलीबाट उच्चारण हुने, **नामधेयम्** = घट, पिण्ड इत्यादि नाम, **विकारः** = विकार हो तर वास्तवमा, **मृत्तिका इति** = माटो हो भन्ने मात्र यो, **एव** = नै, **सत्यम्** = सत्य हो, **सोम्य** = हे सोम्य, **एवम्** = यही प्रकारले, **सः** = त्यो, **आदेशः** = पूर्वोक्त आदेश, **भवति इति**= हुन्छ भन्ने यस्तो, **वाक्योपक्रमे** = वाक्यको सुरुमा, **श्रवणात्** = सुनिएकोले, **च** = फेरि अनि, **भोग्यवर्गकारणे** = भोगिने वस्तुको कारण भएको, **सच्छब्दवाच्ये**= सत्‌शब्दको वाच्य भनिएको, **प्रधाने** = प्रधानमा, **हेयत्वेन** = छाड्ने रूपले र, **वा** = अथवा, **अहेयत्वेन** = नछाड्ने रूपले पनि, **विज्ञाते** = जानेमा, **भोक्तृवर्गः** = भोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने जीव, **विज्ञातः** = जानिएको, **न** = हुँदैन किनकि, **भोक्तृवर्गस्य** = जीवसमूह, **अप्रधानविकारत्वात्** = प्रधानको विकार (कार्य) नहुनाले, **तस्मात्** = त्यसकारणबाट, **प्रधानम्** = प्रधान, **न सच्छब्दवाच्यम्** = सत् शब्दले भनिने होइन ।

विशदीकरण

हे श्वेतकेतु ! जसलाई जान्नाले नसुनेको वस्तु सुनेको, नठम्याएको ठम्याएको, नजानेको वस्तु जानेको हुन्छ, त्यो वस्तुस्वरूपको आदेश आचार्य (गुरु) सँग सोध्यौ भनेर प्रश्न गर्दा श्वेतकेतुले भने - हे भगवान् ! त्यो आदेश कसरी जानिन्छ ? त्यसको उत्तरमा पूर्वप्राश्निकले भने- 'हे सोम्य ! जस्तै एउटा माटाको डल्लाले सबै माटोका विकार जानिन्छन्। वचनले उच्चारण गरिने गाग्रो आदि नाम विकार हो र माटो मात्र सत्य हो' भन्ने कुरा वाक्यको उपक्रम (सुरु) मै सुनिएको छ । त्यसैले भोग गरिने वस्तुको कारण भएको र सत् शब्दको वाच्य भनिएको प्रधानलाई छाड्ने र नछाड्ने दुवै रूपले जाने पनि भोक्ता (जीव) को समूह प्रधानको विकार (कार्य) नहुनाले प्रधान जानिदैन र त्यो प्रधान सत् शब्दको वाच्य पनि हुनसक्दैन ।।८।।

शाङ्करभाष्यम् - कुतश्च न प्रधानं सच्छब्दवाच्यम् ?

नेपालीभावानुवाद - च = फेरि, **कुतः** = कसरी, **प्रधानम्** = प्रधान, **सच्छब्द-वाच्यम्** = सत्शब्दको वाच्य, **न** = हुँदैन ?

ब्रह्मसूत्रम् - स्वाप्ययात् १/१/९

सूत्रार्थ - स्वाप्ययात् = आफैमा विलीन हुने कुरा बताइएकाले अचेतन प्रधानलाई सत्शब्दको वाच्य भनेर भन्न मिल्दैन ।

शाङ्करभाष्यम्

तदेव सच्छब्दवाच्यं कारणं प्रकृत्य श्रूयते- '**यत्रैत्पुरुषः स्वपिति नाम सता सोम्य तदा सम्पन्नो भवति । स्वमपीतो भवति तस्मादेनं स्वपितीत्या-चक्षते स्वं ह्यपीतो भवति**'(छा० ६/८/१) इति । एषा श्रुतिः स्वपितीत्येतत्पुरुषस्य लोकप्रसिद्धं नाम निर्वक्ति । स्वशब्देनेहात्मोच्यते । यः प्रकृतः सच्छब्दवाच्यस्तम-पीतो भवत्यपिगतो भवतीत्यर्थः । अपिपूर्वस्यैतेर्लयार्थत्वं प्रसिद्धम्, प्रभवाप्ययावि-त्युत्पत्तिप्रलययोः प्रयोगदर्शनात् । मनःप्रचारोपाधिविशेषसम्बन्धादिन्द्रियार्थान् गृह्णन् तद्विशेषापन्नो जीवो जागर्ति । तद्वासनाविशिष्टः स्वप्नान्पश्यन्मनःशब्दवाच्यो भवति । स उपाधिद्वयोपरमे सुषुप्तावस्थायामुपाधिकृतविशेषाभावात्स्वात्मनि प्रलीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इवेति **'स्वं ह्यपीतो भवति'** इत्युच्यते । यथा हृदयशब्दनिर्वचनं श्रुत्या दर्शितम्। **'स वा एष आत्मा हृदि तस्यैतदेव निरुक्तं हृद्ययमिति तस्माद् हृदयमिति'** (छा० ८/३/३) इति ।

नेपालीभाषानुवाद

तत् एव = त्यही नै, **सच्छब्दवाच्यम्** = सत्‌शब्दको वाच्य भएको, **कारणम्**= कारणलाई, **प्रकृत्य** = लक्ष्यरूपमा सुरु गरेर, **श्रूयते** = सुनिन्छ (श्रुतिमा), **यत्र** = जुन सुप्तिमा, **पुरुषः** = पुरुष, **स्वपिति** = सुत्छ भन्ने, **एतत्** = यो, **नाम** = नाम हुन्छ, **सोम्य** = हे सोम्य, **तदा** = त्यस बखत, **सता**= सत् रूपसँग, **सम्पन्नः** = एक भएको, **भवति**= हुन्छ, **स्वम्** = आफ्नो स्वरूपमा, **अपीतः** = गएको(लीन भएको), **भवति** = हुन्छ, **तस्मात्** = त्यसकारणबाट, **एनम्** = यसलाई, **स्वपिति इति** = सुत्छ भनेर, **आचक्षते** = भन्दछन्, **हि** = निश्चय, **स्वम्** = आफूमा, **अपीतः** = गएको, लीन भएको, **भवति इति** = हुन्छ भन्ने (सुनिन्छ), **एषा** = यो, **श्रुतिः** = श्रुति, **स्वपिति इति** = सुत्छ भन्ने, **एतत्** = यो, **लोकप्रसिद्धम्** = लोकमा प्रसिद्ध भएको, **नाम** = नाम, **निर्वक्ति** = लक्षणरूपले भन्छ, **स्वशब्देन** = स्व भन्ने शब्दले, **इह** = यहाँ, **आत्मा उच्यते** = आत्मालाई भनिन्छ, **यः** = जुन, **प्रकृतः** = सुरुको, **सत्‌शब्दवाच्यः** = सत् शब्दको वाच्य छ, **तम्** = त्यसैमा, **अपीतः भवति** = लीन भएको हुन्छ, **अपिगतः भवति** = गएको हुन्छ भन्ने, **इति अर्थः** = यो अर्थ हो, **अपिपूर्वस्यः** = अपि उपसर्ग पूर्वमा हुने, **एतेः** = इणधातुको, **लयार्थत्वम्** = लय हुने अर्थ हुनु, **प्रसिद्धम्** = प्रसिद्ध छ किनकि, **प्रभवाप्ययौ इति** = प्रभव र अप्यय भन्ने, **उत्पत्तिप्रलययोः** = उत्पन्न हुनु र प्रलय हुनु अर्थमा, **प्रयोगदर्शनात्** = प्रयोग देखिनाले, **मनःप्रचारोपाधिविशेषसम्बन्धात्** = मनको प्रचाररूप उपाधिविशेषको सम्बन्धबाट, **इन्द्रियार्थान्** = इन्द्रियका विषय शब्द, स्पर्श आदिलाई, **गृह्णन्** = स्वीकार गर्दो छँदो, **तद्विशेषापन्नः**= तिनैको विशेषतामा प्राप्त भएको, **जीवः** = जीव, **जागर्ति** = जाग्दछ (जाग्रत अवस्थालाई बताउँछ) फेरि, **तद्वासनाविशिष्टः**= त्यही जाग्रतमा अनुभव गरेका वासनाले युक्त भएको, **स्वप्नान्** = स्वप्नहरू, **पश्यन्**= देख्दो छँदो, **मनःशब्दवाच्यः** = मन यो शब्दले भनिने, **भवति** = हुन्छ, **सः** = त्यो जीव, **उपाधिद्वयोपरमे** = जाग्रत र स्वप्नको कारणस्वरूप दुवै उपाधिको नाश भएपछि, **उपाधिकृतविशेषाभावात्** = उपाधिबाट भएको विशेषता नहुनाले, **स्वात्मनि**= आफ्नै स्वरूपमा, **प्रलीनः इव इति** = लीन भएकै हो कि भने झैं, **स्वं ह्यपीतः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवति = आफूमा गएको, लीन भएको भन्ने, **इति** = यसरूपले, **उच्यते** = भनिन्छ, **यथा** = जस्तै कि, **हृदयशब्दनिर्वचनम्** = हृदयशब्दको लक्षणरूप अर्थ, **श्रुत्या** = श्रुतिले, **दर्शितम्** = देखाएको छ, **वा** = प्रसिद्ध, **सः** = त्यो, **एषः** = यो, **आत्मा** = आत्मा, **हृदि** = हृदयमा छ र, **तस्य** = त्यसको, **एतत्** = यो, **एव** = नै, **निरुक्तम्** = लक्षणरूप अर्थ हो, **हृदि अयम् इति** = हृदयमा यो आत्मा छ, **तस्मात्** = त्यसकारणबाट, **हृदयम् इति** = हृदय भनिन्छ।

विशदीकरण

त्यो प्रधान, फेरि कसरी सत् शब्दको वाच्य हुन सक्दैन ? भन्ने शङ्काको विषयमा भनिन्छ - त्यही सत् शब्दवाच्य कारणलाई लक्ष्य गरेर जब यो पुरुष सुषुप्तिमा सुत्छ, त्यसबखत सद्रूप आत्मासँग एकीभूत हुन्छ र लीन हुन्छ नै । यसै लीन हुनुलाई सुत्छ भन्ने लोकव्यवहारमा भएको चलनअनुसारको नामले भनिन्छ । सुत्छ भन्ने श्रुतिले त्यही अनुसरण गरेर नै उल्लेख गरेको हो । स्वशब्दले आत्मालाई बताइन्छ र सुरुको जुन सत् शब्दको वाच्य भएको कारण हो, त्यसमा लीन हुन्छ भन्ने अर्थ हो । '**प्रभवाप्ययौ**' भनेर उत्पत्ति र प्रलय भन्ने अर्थमा प्रभव र अप्ययको प्रयोग गरेको देखिनाले पनि 'अपि उपसर्ग पूर्वमा हुने इण् धातुको लय हुने' भन्ने अर्थ लोकमा प्रसिद्ध छ ।

मनको प्रचार (गतिशीलता) र विशेष उपाधिको सम्बन्धद्वारा शब्द स्पर्शादिलाई स्वीकार गरेको स्थितिलाई जाग्रत अवस्था र त्यो अवस्थावाला जीवलाई जागा भनिन्छ । फेरि त्यही जाग्रत अवस्थामा देखे, जाने, सुनेर अनुभव गरेका वस्तुको वासनाले युक्त भएर स्वप्न देख्ने स्थितिलाई स्वप्नावस्था र त्यस्तो जीवलाई स्वप्नवाला मन भनेर भनिन्छ । जाग्रत तथा स्वप्नकरण स्वरूप दुवै थरी उपाधिको उपरम भएको सुषुप्ति अवस्थामा उपाधिबाट हुने विशेषता नहुनाले नै आफ्नो स्वरूपमा लीन भएकै हो कि भने झैं आफूमा गएको लीन भएको भनेर भनिन्छ । आत्माको स्थान हृदय हुनाले श्रुतिले त्यो यो आत्मा हृदयमा छ । त्यसको लक्षणरूप अर्थ हृदयगत आत्मा हुन्छ । हृदयमा यो आत्मा छ भनेर हृदय शब्दको निर्वचन (लक्षण) पनि गरेर देखाएको छ ।

शाङ्करभाष्यम्

यथा वाऽशनायोदन्याशब्दप्रवृत्तिमूलं दर्शयति श्रुतिः- '**आप एव तदशितं नयन्ते, तेज एव तत्पीतं नयते**' (छा० ६/८/३-५) इति च । एवं स्वमात्मानं सच्छब्दवाच्यमपीतो भवतीतीममर्थं स्वपितिनामनिर्वचनेन दर्शयति । न च चेतन आत्माऽचेतनं प्रधानं स्वरूपत्वेन प्रतिपद्येत । यदि पुनः प्रधानमेवात्मीयत्वात्स्व-शब्देनैवोच्येत, एवमपि चेतनोऽचेतनमप्येतीति विरुद्धमापद्येत । श्रुत्यन्तरं च- '**प्राज्ञेनात्मना संपरिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरम्**' (बृ० ४/३/२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति सुषुप्तावस्थायां चेतनेऽप्ययं दर्शयति । अतो यस्मिन्नप्ययः सर्वेषां चेतनानां तच्चेतनं सच्छब्दवाच्यं जगतः कारणं न प्रधानम् ।।९।।

नेपालीभाषानुवाद

वा = अथवा, **यथा** = जस्तै, **अशनायोदन्याशब्दप्रवृत्तिमूलम्** = अशनाया र उदन्या शब्दको प्रवृत्ति हुनुको कारण पनि, **श्रुतिः** = श्रुतिले, **दर्शयति** = देखाउँछ, **आपः** = जलले, **एव**= नै, **तदशितम्** = त्यस आत्माले खाएको वस्तु, **नयन्ते** = जीर्णरूपमा लैजान्छन्, पचाउँछन् र जललाई अशनाया भनिन्छ, **तेजः** = तेज (अग्नि) ले, **एव** = नै, **तत्पीतम्** = त्यस आत्माले पिएको झोलिलो वस्तु, **नयते** = अन्नलाई गीलो गराउने त्यो झोलिलो वस्तु लैजान्छ, सुकाउँछ, **इति च** = यस्तो पनि छ, **एवम्** = यस प्रकार, **सच्छब्दवाच्यम्** = सत् शब्दको वाच्य, **स्वम्** = आफ्नो, **आत्मानम्** = स्वरूपमा, **अपीतः** = गएको (लीन भएको), **भवति** = हुन्छ भन्ने, **इति इमम्** = यो, यस प्रकारको, **अर्थम्** = अर्थलाई, **स्वपितिनामनिर्वचनेन** = स्वपिति भन्ने शब्दको लक्षणरूप अर्थ गरेर, **दर्शयति** = देखाउँछ, **च** = फेरि, **चेतनः** = चेतन, **आत्मा** = आत्मा, **अचेतनम्** = जड, **प्रधानम्** = प्रधानलाई, **स्वरूपत्वेन** = स्वरूप रूपले, **न प्रतिपद्येत** = लीन हुन सक्ने छैन, **यदि पुनः** = यदि फेरि, **प्रधानम् एव** = प्रधान नै, **आत्मीयत्वात्** = आत्मीय भन्नाले, **स्वशब्देन**= स्वशब्दले, **उच्येत** = भनियोस् त, **एवम् अपि** = यसरूपबाट पनि, **चेतनः** = चेतन वस्तु, **अचेतनम्** = अचेतनमा, **अप्येति इति** = लीन हुन्छ भन्ने यो, **विरुद्धम्**= विरुद्ध (नमिल्दो) कुरा, **आपद्येत** = आइपर्ने छ, **प्राज्ञेन** = प्राज्ञ, **आत्मना** = आत्माले, **संपरिष्वक्तः** = एकीभूत(अंगालिएको छँदो), **बाह्यम्** = बाहिरी विषय र, **आन्तरम्** = भित्री विषय पनि, **न वेद** = जान्दैन भन्ने, **इति** = यस्तो, **च** = पनि, **श्रुत्यन्तरम्** = अर्को श्रुति छ र त्यसले, **सुषुप्तावस्थायाम्** = सुषुप्ति अवस्थामा, **चेतने** = चेतनमा, **अत्ययम्** = लय, **दर्शयति** = देखाउँछ, **अतः** = यस कारणबाट, **यस्मिन्** = जुन चेतनमा, **सर्वेषाम्** = सबै, **चेतनानाम्** = चेतनहरूको, **अप्ययः** = लय हुन्छ, **तत् चेतनम्** = त्यो चेतन, **सच्छब्दवाच्यम्** = सत् शब्दको वाच्य हो र, **जगतः** = जगत्को, **कारणम्** = कारण हो, **न प्रधानम्** = प्रधान जगत्को कारण होइन ।

विशदीकरण

जललाई अशनाया र तेजलाई उदन्या शब्दको व्यवहार हुनाको कारणरूपमा भनिएको छ- हृदयमा विराजमान आत्माले खाएको (अशित) वस्तु जीर्ण गराउने हुनाले जललाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशनाया र त्यसले थिचेको झोलिलो वस्तुलाई पाचनद्वारा सुकाउने तेजलाई उदन्या भनेर भनिन्छ । त्यस आत्माको हृदयमा निवास हुने कुरा बताउँदा जीवको त्यसमा लय हुने कुराको सामञ्जस्य देखाउँछ । 'प्राज्ञ आत्मासँग एकीभूत भएर बाहिरी र भित्री दुवै व्यवहार जान्दैन' भन्ने अर्को श्रुतिले पनि चेतनमा नै त्यसको लय देखाउँछ । फेरि आफ्नो स्वरूपमा लय हुन्छ भनेर नै स्वपिति सुत्छ भन्ने शब्दको प्रयोग र लक्षण गरेकोबाट पनि सुत्नु क्रिया आफ्नो आफैंमा हुन्छ भन्ने कुरालाई स्पष्ट गराएको देखिन्छ ।

चेतन आत्माको अचेतन प्रधानमा आफ्नो स्वरूपको ढंगले लय हुन पनि सर्वथा सम्भव छैन। अर्को कुरा 'राजाले आफ्नो मन परेको सेवकमा फलानो मेरो आत्मा हो' भने झैं चेतनको आत्मीय हुनाले प्रधान नै स्व शब्दले भनिने हो भने पनि चेतन अचेतनमा लीन हुन्छ भन्ने झन नमिल्दो कुरा नै आइपर्ने छ । जसमा सबै चेतनहरूको लय हुन्छ, त्यही चेतन नै सत् शब्दको वाच्य हो र त्यही नै जगत्को कारण हो भन्नु नै युक्ति र श्रुतिसँग मिल्दो हुन्छ । त्यसैले प्रधान सत् शब्दको वाच्य र जगत्को कारण समेत हुन सक्दैन ॥९॥

शाङ्करभाष्यम्- कुतश्च न प्रधानं जगत्कारणम् ?

नेपालीभाषानुवाद - च = फेरि, **कुतः** = किन, **प्रधानम्** = प्रधान, **जगत्कारणम्**= जगत्को कारण, **न** = हुँदैन ?

ब्रह्मसूत्रम् - गतिसामान्यात्   १/१/१०

सूत्रार्थ - गतिसामान्यात् = सबै वेदान्तको समान गति भएकाले सबैले नै ब्रह्मलाई जगत्–कारण बताएकाले प्रधान जगत्को कारण हुनसक्दैन ।

शाङ्करभाष्यम्

यदि तार्किकसमय इव वेदान्तेष्वपि भिन्ना कारणावगतिरभविष्यत्, क्वचिच्चेतनं ब्रह्म जगतः कारणम्, क्वचिदचेतनं प्रधानम्, क्वचिदन्यदेवेति, ततः कदाचित्प्रधानकारणवादानुरोधेनापीक्षतीत्यादिश्रवणमकल्पयिष्यत । नत्वेतदस्ति, समानैव हि सर्वेषु वेदान्तेषु चेतनकारणावगतिः। **'यथाग्नेर्ज्वलतः सर्वा दिशो विस्फुलिङ्गा विप्रतिष्ठेरन्नेवमेवैतस्मादात्मनः सर्वे प्राणा यथायतनं विप्रतिष्ठन्ते प्राणेभ्यो देवा देवेभ्यो लोकाः'** (कौ० ३/३) इति । **'तस्माद् वा एतस्मादात्मन आकाशः सम्भूतः'** (तै० २/१) इति । **'आत्मन एवेदं सर्वम्'** (छा० ७/२६/१) इति । **'आत्मन एष प्राणो जायते'**(प्र० ३/३) इति चात्मनः कारणत्वं दर्शयन्ति सर्वे वेदान्ताः । आत्मशब्दश्चेतनवचन इत्यवोचाम । महच्च प्रामाण्य–कारणमेतद्यद्वेदान्तवाक्यानां चेतनकारणत्वे समानगतित्वम्, चक्षुरादीनामिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपादिषु । अतो गतिसामान्यात् सर्वज्ञं ब्रह्म जगतः कारणम् ।।१०।।

नेपालीभाषानुवाद

यदि = यदि, **तार्किकसमये** = तार्किक, नैयायिक आदिको सिद्धान्तमा, **इव** = जस्तै, **वेदान्तेषु** = वेदान्तमा, **अपि** = पनि, **भिन्ना** = भिन्नभिन्न प्रकारको, **कारणावगतिः** = कारण मान्ने कुरा, **अभविष्यत्** = हुन्थ्यो त जस्तै कि, **क्वचित्** = कहीं, **चेतनम्** = चेतन, **ब्रह्म** = ब्रह्म (ईश्वर), **जगतः** = जगत्को, **कारणम्** = कारण मानिनु, **क्वचित्** = कहीं, **अचेतनम्** = अचेतन, **प्रधानम्** = प्रधान (कारण मानिनु), **क्वचित्** = कहीं, **अन्यत् एव इति** = अरू कुनै नै कारण मानिनु भन्ने पनि, **ततः** = अनि मात्र, **कदाचित्** = कुनै बेला, **प्रधानकारणवादानुरोधेन** = प्रधान कारण हो भन्ने कुराको अनुसरण गरेर, **अपि** = पनि, **ईक्षित्यादिश्रवणम्** = प्रधानले ईक्षण गरेको भन्ने कुराको श्रवण, **अकल्पयिष्यत** = कल्पित हुन सक्दथ्यो, **तु** = परन्तु, **एतत्** = यो कुरा, **न अस्ति** = छैन किनकि, **हि** = निश्चय, **सर्वेषु** = सबै, **वेदान्तेषु** = वेदान्तहरूमा, **चेतनकारणावगतिः** = चेतनलाई कारण मान्ने कुरा, **समाना एव** = एकनास नै छ, **यथा** = जस्तै, **ज्वलतः** = बलेका, **अग्नेः** = अग्निदेखि, **सर्वाः** = सबै, **दिशः** = दिशातिर, **विस्फुलिङ्गाः** = फिलिङ्गाहरू, **विप्रतिष्ठेरन्** = फैलिन्छन्, **एवम् एव** = यस्तै नै, **एतस्मात्** = यो, **आत्मनः** = आत्मा(चेतन ब्रह्म) देखि, **सर्वे** = सबै, **प्राणाः** = प्राण इन्द्रियहरू, **यथायतनम्** = आ-आफ्ना स्थानमा, **विप्रतिष्ठन्ते** = फैलिन्छन्, **प्राणेभ्यः** = प्राणहरूबाट, **देवाः**= देव (अभिमानी) हरू र, **देवेभ्यः** = ती देवहरूबाट, **लोकाः** = लोकहरू (फैलिन्छन्), **इति** = यस्तो र, **वा** = प्रसिद्ध, **तस्मात् एतस्मात्** = त्यो यो, **आत्मनः** = चेतन आत्मादेखि, **आकाशः** = आकाश, **सम्भूतः** = भयो भन्ने, **इति** = यो र, **आत्मनः**= चेतन आत्मादेखि, **एव** = नै, **इदम्** = यो संसार, **सर्वम्** = सबै (हुन्छ) भन्ने, **इति**= यस्तो र, **आत्मनः** = चेतन आत्मादेखि, **एषः** = यो, **प्राणः** = प्राण, **जायते** = उत्पन्न हुन्छ भन्ने, **इति च** = यस्तो श्रुति पनि, **आत्मनः** = चेतन आत्माको, **कारणत्वम्**= जगत्को कारण हो भन्ने कुरा, **सर्वे वेदान्ताः** = सबै उपनिषद्लाई, **दर्शयन्ति** = देखाउँछन्, बताउँछन्, **आत्मशब्दः च** = आत्मा भन्ने शब्द पनि, **चेतनवचनः** = चेतनलाई भन्ने हो भनेर, **इति** = यो यस्तो, **अवोचाम** = भनिसक्यौं, **च** = फेरि, **एतत्** = यो, **महत्** = निकै ठूलो, **वेदान्तवाक्यानाम्** = उपनिषद् वाक्यहरूको, **प्रामाण्यकारणम्** = नजानेको वस्तुको ज्ञान गराउनु रूपप्रमाण छ, **यत्** = जो कि ती वाक्यहरूको, **चेतनकारणत्वे** = चेतनलाई कारण मान्ने कुरामा, **समानगतित्वम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटै किसिमको चाल छ, जस्तो कि, **चक्षुरादीनाम्** = आँखा आदि इन्द्रियको, **रूपादिविषये** = रूप, रस आदि विषयमा छ, **अतः** = यसकारणबाट, **गतिसामान्यात्**= चेतन कारण मान्ने कुराको एउटै रूप हुनाले, **सर्वज्ञम्** = सबै जान्ने, **ब्रह्म** = ब्रह्म, **जगतः** = जगत्को, **कारणम्** = कारण हो ।

विशदीकरण

अझै पनि प्रधान जगत्को कारण किन हुँदैन ? भन्ने शङ्काको राम्ररी समाधान गर्ने क्रममा उत्तररूपमा यो सूत्र छ । चेतनलाई कारण मान्ने कुराको सबै वेदान्तमा एकै प्रकारले वर्णन हुनाले प्रधान जगत्को कारण हुँदैन भन्ने सूत्रार्थ हुन्छ । यदि अरू अरू तार्किकहरूको सिद्धान्तमा जस्तै वेदान्तमा पनि कहीं चेतन ब्रह्म जगत्को कारण हो, कहीं अचेतन प्रधान जगत्कारण हो र कहीं अरू कुनै हो भन्ने भिन्न भिन्न प्रकारको ढङ्गले बताइएको भए त श्रुतिमा बताएको भनेर कुनै बखत प्रधानलाई कारण मान्ने कुरालाई अंगालेर पनि प्रधानलाई ईक्षण गर्ने भन्ने कुराको कल्पना हुन सक्दथ्यो, तर वेदान्तमा सबै ठाउँमा त्यस्तो नभएर जगत्का कारणको सम्बन्धमा एकै किसिमको नै भनाइ छ ।

जसरी बलेको अग्निबाट दशै दिशातिर फिलिङ्गा फैलिन्छन्, त्यसै गरी आत्मारूप चेतनबाट सबै प्राण इन्द्रियहरू स्थानको अनुसार फैलिन्छन् र प्राणबाट देवता एवं लोकहरू हुन्छन् । त्यस्तै यस आत्माबाट आकाश उत्पन्न भयो, आत्मादेखि नै यो सबै भएको हो र आत्मादेखि यो प्राण उत्पन्न हुन्छ भन्ने इत्यादि वेदान्तवाक्यहरूले आत्मा (चेतन) लाई नै जगत्को कारण भनेर बताउँछन् । फेरि आत्मा भन्ने शब्दले पनि चेतनलाई बुझाउने हुनाले आत्मा नै जगत्को कारण हो भन्ने कुरा हामीले पहिले नै भनिसकेका पनि छौं ।

वेदान्तवाक्यहरूको सबभन्दा ठूलो प्रमाण नजानेको वस्तुलाई बुझाउनु हो । ती वेदान्तवाक्यहरूले जगत्को कारण चेतन हो भन्ने विषयलाई एकै मुख भएर निर्विरोध रूपले बताउँछन् । जस्तै रूप, रस आदि विषयलाई आँखा, जिब्रो आदिले बताउँछन् । यसै रूपले जगत्कारणको बोध गराउने कुरामा सबै वेदान्त (उपनिषद्) वाक्यहरूको एकमुख हुनाले नै चेतन तथा सर्वज्ञ ब्रह्म जगत्को कारण मानिएको हो ।।१०।।

शाङ्करभाष्यम्- कुतश्च सर्वज्ञं ब्रह्म जगतः कारणम् ?

नेपालीभाषानुवाद - **च** = फेरि, **कुतः** = कसरी, **सर्वज्ञम्** = सबै कुरा जान्ने, **ब्रह्म** = परमात्मा, **जगतः** = संसारको, **कारणम्** = हेतु मानिन्छ ?

ब्रह्मसूत्रम् - श्रुतत्वाच्च १/१/११

सूत्रार्थ - **श्रुतत्वात्** = आफ्नै शब्दले पनि ईश्वर जगत्को कारण हो भन्ने कुरा सुनिएकोले, **च** = पनि ब्रह्म जगत्को कारण हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

स्वशब्देनैव च सर्वज्ञ ईश्वरो जगतः कारणमिति श्रूयते श्वेताश्वतराणाम्-मन्त्रोपनिषदि सर्वज्ञमीश्वरं प्रकृत्य-

न तस्य कश्चित् पतिरस्ति लोके न चेशिता च तस्य लिङ्गम् ।

स कारणं करणाधिपाधिपो न चास्य कश्चिज्जनिता न चाधिपः ।।

(श्वे० ६/९) इति । तस्मात्सर्वज्ञं ब्रह्म जगतः कारणम्, नाचेतनं प्रधानमन्यद् वेति सिद्धम् ।।११।।

नेपालीभाषानुवाद

स्वशब्देन= आफैंलाई बताउने खास शब्दले, **एव** = नै, **च** = पनि, **सर्वज्ञः**= सर्वज्ञ, **ईश्वरः** = ईश्वर, **जगतः** = संसारको, **कारणम्** = कारण हो भन्ने, **श्रूयते** = सुनिन्छ, **श्वेताश्वतराणाम्** = श्वेताश्वतर शाखावालाहरूको, **मन्त्रोपनिषदि** = मन्त्रात्मक उपनिषद्मा, **सर्वज्ञम्** = सर्वज्ञ, **ईश्वरम्** = ईश्वरलाई, **प्रकृत्य** = सुरुमा लिएर, **लोके** = संसारमा, **कश्चित्** = कुनै, **तस्य** = संसारको, **पतिः** = पालक, **न** = छैन, **ईशिता** = शासन गर्ने, **च** = पनि, **न** = छैन, **तस्य** = संसारको, **लिङ्गम्** = कारण, **च** = पनि, **न** = छैन, **सः** = त्यो ईश्वर, **कारणम्** = जगत्को कारण हो, **करणाधिपाधिपः** = इन्द्रियको मालिक र जीवको पनि मालिक हो, **च** = फेरि, **अस्य** = यस ईश्वरलाई, **जनिता** = उत्पन्न गर्ने, **कश्चित्** = कुनै, **न** = छैन, **च** = फेरि, **अधिपः**= मालिक (शासक), **न** = छैन भन्ने, **इति** = यस्तो (सुनिन्छ), **तस्मात्** = त्यसकारणबाट, **सर्वज्ञम्** = सर्वज्ञ, **ब्रह्म** = ब्रह्म, **जगतः** = संसारको, **कारणम्** = कारण हो, **अचेतनम्** = अचेतन, **प्रधानम्** = प्रधान र, **वा**= अथवा, **अन्यत्** = अरू कुनै, **न**= जगत् कारण होइन भन्ने, **इति** = यो कुरा, **सिद्धम्** = सिद्ध छ ।

विशदीकरण

चेतन ब्रह्म पनि त जगत्को कारण कसरी हुन्छ ? भन्ने शङ्काको समाधान गर्दै सूत्रकार भन्नुहुन्छ- 'आफ्नै शब्दले पनि ईश्वर जगत्कारण हो भन्ने सुनिएकोले ब्रह्म जगत्कारण हो' । खास ईश्वरलाई बताउने शब्दबाट पनि ईश्वर नै जगत्को कारण भन्ने सुनिन्छ ।

जस्तो कि- श्वेताश्वतर उपनिषद्मा ईश्वरलाई सुरुमा बताएर त्यो जगत्को कारण हो, त्यही नै इन्द्रियको मालिक र जीवहरूको पनि मालिक हो। त्यसलाई उत्पन्न गर्ने र त्यसमाथि शासन गर्ने कोही पनि छैन इत्यादि भनिएको छ । त्यसकारणबाट सर्वज्ञ ब्रह्म नै जगत्को कारण हो । अरू कुनै अचेतन प्रधान जगत्को कारण होइन भन्ने कुरा सिद्ध हुन्छ ।।११।।

इति ईक्षत्यधिकरणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. आनन्दमयाधिकरणम् {सू. १२-१९}

शाङ्करभाष्यम्

'जन्माद्यस्य यतः' इत्यारभ्य **श्रुतत्वाच्च**, इत्येवमन्तैः सूत्रैर्यान्युदाहृतानि वेदान्तवाक्यानि तेषां सर्वज्ञः सर्वशक्तिरीश्वरो जगतो जन्मस्थितिलयकारणमित्येतस्यार्थस्य प्रतिपादकत्वं न्यायपूर्वकं प्रतिपादितम् । गतिसामान्योपन्यासेन च सर्वे वेदान्ताश्चेतनकारणवादिन इति व्याख्यातम्। अतः परस्य ग्रन्थस्य किमुत्थानम् ? इति उच्यते –

नेपालीभाषानुवाद

'जन्माद्यस्य यतः' इत्यारभ्यः = 'जन्माद्यस्य यतः' भन्ने सूत्रदेखि लिएर, **श्रुतत्वाच्च इत्येवम् अन्तैः** = 'श्रुतत्वात् च' भन्ने यहाँ सम्मका, **सूत्रैः** = सूत्रहरूले, **यानि** = जुन, **वेदान्त-वाक्यानि** = उपनिषद्वाक्यहरू, **उदाहृतानि** = उदाहरणको रूपमा भनिए, **तेषाम्** = ती वाक्यहरूको, **सर्वज्ञः** = सर्वज्ञ र, **सर्वशक्तिः** = सबै शक्तिले युक्त, **ईश्वरः** = ईश्वर, **जगतः** = जगत्को, **जन्मस्थितिलयकारणम्** = उत्पत्ति, स्थिति र संहारको कारण हो भन्ने, **इति एतस्य** = यो यस, **अर्थस्य** = अर्थको, **प्रतिपादकत्वम्** = प्रतिपादन गर्छन् भन्ने, **प्रतिपादितम्** = प्रतिपादन गरियो (बताइयो), **च** = फेरि, **गतिसामान्योपन्यासेन** = जगत् कारण बताउने कुरामा एकमुख भएको कुरा देखाएर, **सर्वे वेदान्ताः** = सबै वेदान्त (उपनिषद्)हरू, **चेतनकारणवादिनः** = चेतनलाई जगत्को कारण भनेर बताउने हुन् भन्ने, **इति** = यो कुरा, **व्याख्यातम्** = व्याख्या गरियो, **अतः** = यसभन्दा, **परस्य** = परतिरका (पछि बताइने), **ग्रन्थस्य** = ग्रन्थको, **उत्थानम्** = उठान, **किम्** = के निमित्त हो भन्ने, **इति** = यो शङ्का हुन्छ र, **उच्यते** = उत्तर रूपमा भनिन्छ ।

विशदीकरण

अब आनन्दमयाधिकरण सुरु हुन्छ । **'जन्माद्यस्य यतः'** बाट लिएर **'श्रुतत्वाच्च'** यहाँसम्मका सूत्रहरूले जति उदाहरण रूपमा देखाइएका उपनिषद् वाक्यहरूको निष्कर्ष अर्थ सर्वज्ञ, सर्वशक्ति सम्पन्न ईश्वर नै संसारको उत्पत्ति, स्थिति र नाशको कारण हो भन्ने कुराको प्रतिपादन गर्नु हो भन्ने कुरा बताइयो । जगत्को कारण त्यो ब्रह्म हो भन्ने सम्बन्धमा सबै उपनिषद्को एकमुखता छ भन्ने कुरा देखाएर ती सबै वेदान्त वाक्यहरूले जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणको रूपमा चेतनलाई नै बताउँछन् भन्ने कुराको पनि व्याख्यान गरियो । अब यसपछिका ग्रन्थको उठान के का निमित्त हो त ? भन्ने शङ्का भएमा उत्तररूपमा भनिन्छ ।

शङ्करभाष्यम्

द्विरूपं हि ब्रह्मावगम्यते, नामरूपविकारभेदोपाधिविशिष्टम्, तद्विपरीतञ्च सर्वोपाधि-विवर्जितम् । **'यत्र हि द्वैतमिव भवति तदितर इतरं पश्यति, यत्र त्वस्य सर्वमात्मैवाभूत् तत्केन कं पश्येत्'** (बृ० ४/५/१५) **'यत्र नान्यत् पश्यति नान्यच्छृणोति, नान्यद् विजानाति, स भूमाऽथ यत्रान्यत्पश्यत्यन्य-च्छृणोत्यन्यद् विजानाति तदल्पं यो वै भूमा तदमृतमथयदल्पं तन्मर्त्यम्'** (छा० ७/२४/१) **'सर्वाणि रूपाणि विचित्य धीरो नामानि कृत्वाभिव-दन्यदास्ते'** (तै.आ. ३/१२/७)

निष्कलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम् ।
अमृतस्य परं सेतुं दग्धेन्धनमिवानलम् ।। (श्वेता० ६/१९)

'नेति नेति' (बृ० २/३/६) इति **'अस्थूलमनणु'** (बृ० ३/८/८) **'न्यूनमन्यत् स्थानं सम्पूर्णमन्यत्'** इति चैवं सहस्रशो विद्याविद्याविषयभेदेन ब्रह्मणो द्विरूपतां दर्शयन्ति वाक्यानि ।

नेपालीभाषानुवाद

हि = निश्चय, **नामरूपविकारभेदोपाधिविशिष्टम्** = नाम र रूप भनिने विकारको भेदरूप उपाधिसहित र, **तद्विपरीतम्** = त्यसको उल्टा, **सर्वोपाधिवि-वर्जितम्** = सबै उपाधिले रहित, **च** = पनि, **द्विरूपम्** = दुई किसिमको, **ब्रह्म** = ब्रह्म, **अवगम्यते** = जानिन्छ, बुझिन्छ; **यत्र** = जहाँ, **हि** = निश्चय, **द्वैतम् इव** = द्वैत जस्तो, **भवति** = हुन्छ, **तत्** = त्यो त्यहाँ, **इतरः** = एक अर्को, **इतरम्** = एक अर्कोलाई, **पश्यति**= देख्दछ, **यत्र तु**= जहाँ त, **अस्य** = यस ब्रह्मवेत्ताको, **सर्वम्**= सबै, **आत्मा एव** = आत्मा नै, **अभूत्** = भयो, देख्यो भने, **तत्** = त्यहाँ त्यो, **केन**= के ले, के द्वारा, **कम्** = कुन (दोस्रो) लाई, **पश्येत्** = देख्ला, **यत्र** = जहाँ, **अन्यत्** = आफ्नो (आत्मा) बाहेक अर्को, **न पश्यति** = देख्दैन, **न शृणोति** = सुन्दैन, **अन्यत्** = अरू केही, **न विजानाति** = जान्दैन, अनुभव गर्दैन, **सः** = त्यो, **भूमा** = भूमा (व्यापक, विशाल) हो, **अथ** = अनि, **यत्र** = जहाँ, **अन्यत्** = आफूबाहेक अर्को, **पश्यति** = देख्दछ, अनुभव गर्छ, **अन्यत्** = अरू कुनै, **शृणोति**= सुन्छ, **अन्यत्** = अरू कुनै, **विजानाति** = जान्दछ, अनुभव गर्छ, **तत्** = त्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अल्पम् = थोरै(परिच्छिन्न) हो, **वै** = निश्चय, **यः** = जुन, **भूमा** = व्यापक, विशाल छ, **तत्** = त्यो, **अमृतम्** = अमृत (मोक्ष) हो, **अथ** = अनि, **यत्** = जुन, **अल्पम्**= परिच्छिन्न छ, **तत्** = त्यो, **मर्त्यम्** = मर्नेवाला (संसार) हो, **धीरः** = धीर पुरुष, **सर्वाणि** = सबै, **रूपाणि** = रूप र, **नामानि** = नाम पनि, **कृत्वा** = गरेर, **विचित्य**= त्यागेर, **यत्** = जो, **अभिवदन्** = म ब्रह्म भनेर भन्दो छँदो, **उपास्ते** = रहन्छ, **निष्कलम्** = कलारहित, **निष्क्रियम्** = क्रियारहित, **निरवद्यम्**= पापदोषशून्य, **निरञ्जनम्** = रागरहित, **अमृतस्य** = मोक्षको, **परम्** = पल्लो किनारको, **सेतुम्** = पुल सरह, **दग्धेन्धनम्** = दाउरा सिद्धिएको (जलेको), **अनलम्** = अग्नि, **इव** = जस्तै, **न इति न इति**= यो पनि होइन, यो पनि होइन, भनेर; **अस्थूलम्** = स्थूल नभएको, **अनणु** = सानो(अणु) नभएको, **अन्यत्** = एउटा अर्को, **स्थानम्** = स्थान (स्थिति), **न्यूनम्** = अल्प र, **अन्यत्** = अर्को एउटा, **सम्पूर्णम्** = पूर्ण (व्यापक) छ भन्ने, **इति च एवम्** = यस रूपको पनि, **सहस्रशः** = हजारौं, **विद्याविद्याविषयभेदेन** = विद्या र अविद्या सम्बन्धित भेदले, **वाक्यानि** = वाक्यहरू, **ब्रह्मणः** = ब्रह्मको, **द्विरूपताम्** = दुई किसिमको रूप हुने कुरा, **दर्शयन्ति** = देखाउँछन् ।

विशदीकरण

ब्रह्मको दुई किसिमको रूप हुन्छ । एक नाम र रूपसम्बन्धी विकारको भेदले विशिष्ट औपाधिक सगुण र अर्को त्यसले रहित निर्गुण । जहाँ एकले अर्कोलाई अस्ति रूपले अनुभव गर्छ त्यसलाई द्वैत र जहाँ आफू बाहेक अर्को कुनै कुरा देख्दैन, सुन्दैन र अनुभव गर्दैन अर्थात् सबैमा आत्मा नै हो भन्ने अनुभव गर्दछ त्यो विशाल भूमारूपको हुन्छ। भूमा अमृतरूपको हुन्छ र पूर्वोक्त परिच्छिन्न ब्रह्म अल्प द्वैत मर्त्यरूपको हुन्छ । धीर पुरुष नामरूप त्यागेर आफूलाई ब्रह्मरूप संझेर बस्दछ ।

क्रिया र कलाले हीन तथा निष्पाप रागरहित अमृत (मोक्ष) को वर्णन गर्दा त्यो मोक्ष पल्लो किनारामा रहेको दाउरा सकिएको अग्नि झैं सामान्य रूपको होइन इत्यादि दृश्यको निषेधस्वरूप वर्णन गर्दा अणु र स्थूल दुवै नभएको भनिएको छ । एउटाको स्थान सधैंको अपूर्ण र अर्को सधैं पूर्ण छ भन्ने इत्यादि हजारौं श्रुतिवाक्यहरूले पनि ब्रह्मका दुई रूप भएको कुरा बताउँछन् ।

शाङ्करभाष्यम्

तत्राविद्यावस्थायां ब्रह्मण उपास्योपासकादिलक्षणः सर्वो व्यवहारः । तत्र कानिचिद् ब्रह्मण उपासनान्यभ्युदयार्थानि, कानिचित् क्रममुक्त्यर्थानि, कानिचित्कर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समृद्ध्यर्थानि । तेषां गुणविशेषोपाधिभेदेन भेदः । एक एव तु परमात्मेश्वरस्तैस्तैर्गुण-विशेषैर्विशिष्ट उपास्यो यद्यपि भवति, तथापि यथागुणोपासनमेव फलानि भिद्यन्ते। **'तं यथा यथोपासते तदेव भवति'**इति श्रुतेः, **'यथा क्रतुरस्मिँल्लोके पुरुषो भवति तथेतः प्रेत्य भवति'** (छा० ३/१४/१) इति च । स्मृतेश्च -

यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय ! सदा तद्भावभावितः ।। (गी० ८/६) इति ।

नेपालीभाषानुवाद

तत्र = त्यहाँ, **अविद्यावस्थायाम्** = अविद्या (अज्ञान) रहँदाको स्थितिमा, **ब्रह्मणः** = ब्रह्मको, **उपास्योपासकादिलक्षणः** = उपासक र उपास्य भन्ने इत्यादिरूपको, **सर्वः** = सबै, **व्यवहारः** = व्यवहार हुन्छ, **तत्र** = त्यहाँ, त्यसमा, **ब्रह्मणः** = ब्रह्मका, **उपासनानि** = उपासनाहरू, **अभ्युदयार्थानि** = सांसारिक सुखभोगप्राप्तिका निमित्त छन्, **कानिचित्** = कुनै, **क्रममुक्त्यर्थानि**= क्रमले मुक्ति पाउन निमित्त र, **कानिचित्** = कुनै, **कर्मसमृद्ध्यर्थानि** = कर्मको वृद्धिनिमित्त छन्, **तेषाम्** = तिनको, **गुणविशेषोपाधिभेदेन** = गुणको विशेष हुनु रूप उपाधिका भेदबाट, **भेदः** = भेद छ, **एक एव तु** = एउटै नै, **परमात्मा ईश्वरः** = परमात्मा ईश्वर, **तैःतैः** = ती ती, **गुणविशेषैः** = गुणका विशेषले, **विशिष्टः** = युक्त भएको छँदो, **उपास्यः** = उपासना गरिने, **यदि अपि भवति** = यद्यपि हुन्छ, **तथापि** = तापनि, **यथागुणोपासनम् एव** = गुणअनुसारको उपासना अनुसार नै, **फलानि** = ती उपासनाका फलहरू, **भिद्यन्ते** = फरक फरक हुन्छन्, **तम्**= त्यस परमात्मालाई, **यथा यथा** = जसरी जसरी, **उपासते** = उपासना गर्छन्, **तत् एव** = त्यही त्यही नै, **भवति इति** = हुन्छ भन्ने, **इति श्रुतेः** = यस्तो श्रुति भएकोबाट र, **अस्मिन्** = यस, **लोके** = लोकमा, **पुरुषः** = पुरुष, **यथाक्रतुः** = जस्तो कर्म वा भावनाले युक्त, **भवति** = हुन्छ, **तथा** = त्यस्तै कर्म र भावनाको लक्ष्यरूप फलवाला, **इतः** = यहाँबाट, **प्रेत्य** = मरेर (मरेपछि), **भवति** = हुन्छ भन्ने, **इति च** = यस्तो पनि श्रुति हुनाले, **वा** = अथवा, **यं यम्** = जुन-जुन, **अपि** = पनि, **भावम्** = वस्तुलाई, **स्मरन्** = सम्झदो, **अन्ते** = मर्ने बखतमा, **कलेवरम्** = शरीर, **त्यजति** = त्याग गर्छ, **कोन्तेय** = हे कुन्तीपुत्र अर्जुन, **सदा** = सधैं, **तद्भावभावितः** = त्यसै वस्तुको भावनायुक्त छँदो, **तं तम् एव** = ती ती वस्तुमा नै, **एति इति** = प्राप्त हुन्छ भन्ने, **स्मृतेः च** = स्मृति पनि हुनाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

ब्रह्मका ती दुई रूपमध्ये नाम रूपविकारस्वरूप उपाधिका भेदले सगुण भएको अवस्थालाई लिएर उपासक र उपास्य भन्ने इत्यादि द्वैत व्यवहार हुन्छ । ब्रह्मका उपासनाहरू पनि कुनै यस लोक र परलोकमा सुखभोगप्राप्तिका निमित्त छन्, कुनै क्रमसँग मुक्ति हुनुको निमित्त र कुनै फेरि कर्म बढाउनु निमित्त छन् ।

हुन त एउटै परमेश्वर एक-एक गुणले युक्त भएको उपास्य हुन्छ, तापनि जस्तो जस्तो गुण र उपाधि युक्त परमेश्वरको उपासना गरिन्छ उपासकले त्यही त्यहीअनुसार कम बेसीरूप फललाई पनि प्राप्त गर्दछ । त्यसलाई जस्तो-जस्तो किसिमले उपासना गर्दछ त्यस्तै-त्यस्तै रूपले फल मिल्छ । यस लोकमा पुरुष जस्तो भावनाको हुन्छ मरेपछि पनि त्यही-त्यही भावनाअनुसारको हुन्छ भन्ने श्रुतिवचन र जुन जुन वस्तुलाई सम्झदै प्राणी मर्दछ त्यही-त्यही वस्तुमा नै प्राप्त हुन्छ भन्ने स्मृतिवचनबाट पनि यही कुरा सिद्ध हुन आउँछ ।

शाङ्करभाष्यम्

यद्यप्येक आत्मा सर्वभूतेषु स्थावरजङ्गमेषु गूढः, तथापि चित्तोपाधिविशेष-तारतम्यादात्मनः कूटस्थनित्यस्यैकरूपस्याप्युत्तरोत्तरमाविष्कृतस्य तारतम्यमैश्वर्य-शक्तिविशेषैः श्रूयते- **'तस्य य आत्मानमाविस्तरां वेद'** (ऐ.आ० २/३/२/१) इत्यत्र । स्मृतावपि-

यद्यद् विभूतिमत्सत्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ।। (गी० १०/४१) इति ।

यत्र यत्र विभूत्याद्यतिशयः स स ईश्वर इत्युपास्यतया चोद्यते । एवमिहाप्यादित्यमण्डले हिरण्मयः पुरुषः सर्वपाप्मोदयलिङ्गात् पर एवेति वक्ष्यति । **'एवं आकाशस्तल्लिङ्गात्'** (ब्र.सू० १/१/२२) इत्यादिषु द्रष्टव्यम् । एवं सद्योमुक्ति-कारणमप्यात्मज्ञानमुपाधिविशेषद्वारेणोपदिश्यमानमप्यविवक्षितोपाधिसम्बन्धविशेषं परापरविषयत्वेन संदिह्यमानं वाक्यगतिपर्यालोचनया निर्णेतव्यं भवति । यथेहैव तावत्, **'आनन्दमयोऽभ्यासाद्'** इति । एवमेकमपि ब्रह्मापेक्षितोपाधिसम्बन्धं निरस्तोपाधिसम्बन्धञ्चोपास्यत्वेन ज्ञेयत्वेन च वेदान्तेषूपदिश्यत इति प्रदर्शयितुं परो ग्रन्थ आरभ्यते । यच्च **'गतिसामान्यात्'** इति यदचेतनकारणनिराकरणमुक्तं तदपि वाक्यान्तराणि ब्रह्मविषयाणि व्याचक्षाणेन ब्रह्मविपरीतकारणनिषेधेन प्रपञ्च्यते।

नेपालीभाषानुवाद

यद्यपि = हुन त, **एकः** = एउटै, **आत्मा**= आत्मा, **स्थावरजङ्गमेषु** = चर र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अचर आदि, **सर्वभूतेषु** = सबै प्राणीमा, **गूढः** = लुकेको छ, **तथापि** = तापनि, **चित्तोपाधिविशेषतारतम्यात्** = चित्तरूप उपाधि विशेषको कमी बेसीले, **कूटस्थनित्यस्य** = निर्विकारी र नित्य, **एकरूपस्य** = एकरूपको, **अपि** = पनि, **उत्तरोत्तरम्** = झन् ठूलो, झन् ठूलो रूपले, **आविष्कृतस्य** = प्रकट भएका, **आत्मनः**= आत्मा (परमात्मा)को, **तारतम्यम्** = घटी बढीरूपले हुने कुरा, **ऐश्वर्यशक्तिविशेषैः**= ऐश्वर्य र शक्तिको विशेषताद्वारा, **श्रूयते** = सुनिन्छ जस्तै, **तस्य** = त्यसको, **यः** = जुन, **आत्मानम्** = आत्मरूप, **आविस्तराम्** = प्रशस्तरूपमा प्रकट हुनुलाई, **वेद** = जान्दछ भन्ने, **इति अत्र** = यहाँ र, **यत् यत्** = जुन जुन, **विभूतिमत्** = ऐश्वर्यवाला र, **श्रीमत्** = शोभा तथा सम्पत्तियुक्त, **वा** = अथवा, **ऊर्जितम्** = बलवान् नै छ, **तत् तत्** = त्यही त्यही, **एव** = नै, **मम**= मेरो, **अंशसम्भवम्** = अंश जस्तै अथवा अंशरूपमा भएको, **तेजः** = तेज भनेर, **त्वम्** = तिमी (अर्जुन), **अवगच्छ** = जान भन्ने, **इति** = यस्तो, **यत्र यत्र** = जहाँ जहाँ, **विभूत्याद्यतिशयः** = ऐश्वर्य आदिको अधिकता छ, **स सः** = त्यो त्यो, **ईश्वर इति** = समर्थ(ईश्वर) हो भनेर, **उपास्यतया**= उपासना गरिने रूपले, **चोद्यते**= विधान गरिन्छ, **एवम्** = यस्तै, **इह** = यहाँ, **अपि**= पनि, **आदित्यमण्डले** = सूर्यमण्डलमा, **हिरणमयः** = सुवर्णमय, **पुरुषः** = जो पुरुष बताइयो, त्यो, **सर्वपाप्मोदयलिङ्गात्** = सबै पापदोष उदय हुने कारणबाट, **परः एव इति** = पृथक् रहेको ईश्वर नै हो भन्ने यो, **वक्ष्यति** = आचार्य व्यासले भन्नु हुनेछ, त्यो कुरा, **आकाशस्तल्लिङ्गात् इत्यादिषु** = 'आकाशस्तलिङ्गात्' भन्ने इत्यादि सूत्रहरूमा, **द्रष्टव्यम्** = देख्नु, हेर्नु योग्य छ, **एवम्** = यस प्रकारले, **सद्योमुक्ति-कारणम्** = तुरुन्त विदेह मुक्ति हुनाको कारण भएको, **अविवक्षितोपाधिसम्बन्धम्**= उपाधिसम्बन्धको विवक्षा नराखिएको, **आत्मज्ञानम्** = आत्मज्ञान, **अपि** = पनि, **उपाधिविशेषद्वारेण** = कुनै उपाधिविशेषद्वारा, **उपदिश्यमानम्** = उपदेश गरिएको पनि, **परापरविषयत्वेन** = पर (कार्य) ब्रह्म र अपर (पूर्ण) ब्रह्मको विषयरूपले, **सन्दिह्यमानम्** = ती दुई मध्ये कुन सँग सम्बद्ध होला भनेर शङ्का गरिएको छँदो, **वाक्यगतिपर्यालोचनया** = वेदान्तवाक्यका लक्ष्यको विचारद्वारा, **निर्णेतव्यम्** = निर्णय गर्न योग्य, **भवति** = हुन्छ, **यथा** = जस्तै कि, **तावत्** = पहिले, **आनन्द-मयोऽभ्यासात् इति** = आनन्दमयोऽभ्यासात्, भन्ने; **इह एव** = यहाँ, यो सूत्रमा नै बताइन्छ, **एवम्** = यस प्रकार, **एकम् एव** = एउटै नै, **अपि**= पनि, **ब्रह्म** = ब्रह्म, **निरस्तोपाधिसम्बन्धम्** = उपाधिको सम्बन्ध नभएको निर्गुण र , **अपेक्षितोपाधि-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्धम् = उपाधिसम्बन्धलाई अपेक्षा राखेको, **च** = पनि, **उपास्यत्वेन** = उपासना गरिने रूपले सगुण र, **ज्ञेयत्वेन** = साक्षात्कार गरिने रूपले निर्गुण, **च** = पनि, **वेदान्तेषु** = उपनिषद्हरूमा, **उपदिश्यते इति** = उपदेश गरिन्छ भन्ने यो, **दर्शयितुम्**= देखाउन, बताउन, **परः** = यहाँ देखि उताको, **ग्रन्थः** = ग्रन्थ, **आरभ्यते** = आरम्भ गरिन्छ, **गतिसामान्यात् इति**= 'गतिसामान्यात्' भन्ने यो सूत्रले, **यत्** = जुन, **अचेतन-कारणनिराकरणम्** = अचेतन जगत्कारण हो भन्ने कुराको खण्डन, **उक्तम्** = भनिएको थियो, **तत्** = त्यो समेत, **ब्रह्मविषयाणि** = ब्रह्मलाई लक्ष्य गर्ने, **वाक्यान्तराणि** = अरू वेदान्तवाक्यहरू, **व्याचक्षाणेन** = व्याख्यान गर्न खोज्ने (आचार्य) ले, **ब्रह्मविपरीतकारणनिषेधेन** = ब्रह्मबाहेक अरू कुनै जगत्को कारण हो भन्ने कुराको निषेधद्वारा, **प्रपञ्च्यते** = विस्तार गरिन्छ ।

विशदीकरण

पूर्ण सनातन एउटै आत्मा चराचर सबै प्राणीमा लुकेर रहेको छ, तापनि उपाधि विशेषले गर्दा कहीं त्यो आत्मा विशिष्ट ऐश्वर्यशक्तिसम्पन्न र कहीं कम शक्तिसम्पन्न रूपले रहेको सुनिन्छ । जस्तो कि 'जो त्यसको विस्तृत स्वरूपलाई जान्दछ' भन्ने श्रुति र 'जुन जुन प्राणी विशिष्ट शक्ति ऐश्वर्य तथा बलवत्तर हुन्छ, त्यो त्यो मेरो अंश जस्तै अंश जान' भन्ने स्मृतिवाक्यले समेत चित्तरूप उपाधिको कमी बेसीले उपास्य उपासक भएको कुरा बताउँदछन्। जहाँ-जहाँ विभूति आदिको अधिकता रहन्छ त्यहीं-त्यहीं नै ईश्वरत्वको अधिकताले गर्दा उपास्य भनिन्छ ।

यहाँ पनि तदनुसार नै सूर्यमण्डलमा रहेको हिरण्मय पुरुषलाई पापदोष नभएको भन्ने चिह्नरूप प्रमाणबाट नै त्यो हिरण्मय पुरुष ब्रह्म नै हो भन्ने कुरा आचार्य व्यासले भन्नु हुनेछ । यस्तै '**आकाशस्तलिङ्गात्**' आदि सूत्रहरूबाट पनि जान्नुपर्दछ । यस प्रकार विदेह मुक्तिको कारण भएको उपाधिसम्बन्धले रहित र उपाधिविशेषद्वारा उपदेश गरिने आत्मज्ञान पनि सगुण र निर्गुण कुन विषयलाई लक्ष्य गर्छ होला भन्ने शङ्का भएमा पनि वेदान्तवाक्यहरूको लक्ष्यलाई छानबिन गरेर निर्णय गर्नुपर्दछ । जस्तो कि अहिले यही '**आनन्दमयोऽभ्यासात्**' भन्ने सूत्रमा गरिन्छ ।

यस किसिमले उपाधिसम्बन्ध सहितको सगुण ब्रह्म र उपाधि सम्बन्धरहित निर्गुण ब्रह्मको क्रमैले उपास्य र साक्षात्कार गरिने रूपले वेदान्तमा उपदेश गरिन्छ भन्ने कुरा देखाउन नै यसभन्दा पछिको ग्रन्थ आरम्भ गरिन्छ । अर्को कुरा '**गतिसामान्यात्**' भन्ने सूत्रमा ब्रह्मबाहेक अरू कुनै जगत्कारण हो भन्ने कुराको खण्डनरूपमा जुन कुरा भनिएको छ त्यस्तै वेदान्तका अरू अरू वाक्यहरूको व्याख्यान गर्ने आचार्यले ब्रह्मबाहेक अरू कुनै जगत्कारण हुन सक्दछ भन्ने कुराको खण्डन गर्ने क्रममा उत्तरग्रन्थमा विस्तारपूर्वक भन्नुहुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - आनन्दमयोऽभ्यासात् १/१/१२

सूत्रार्थ - अभ्यासात् = बारम्बार आनन्दशब्दको अभ्यास देखिएको कारणबाट, **आनन्दमयः**= आनन्दमय भनेको परमात्मा हो ।

शाङ्करभाष्यम्

तैत्तिरीयकेऽन्नमयं प्राणमयं मनोमयं विज्ञानमयं चानुक्रम्याम्नायते- **'तस्माद् वा एतस्माद् विज्ञानमयात् । अन्योऽन्तर आत्मानन्दमयः'**(तै० २/५) इति। तत्र संशयः- किमिहानन्दमयशब्देन परमेव ब्रह्मोच्यते यत्प्रकृतम् **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** (तै० २/१) इति । किं वान्नमयादिवद् ब्रह्मणोऽर्थान्तरमिति । किं तावत्प्राप्तम्? ब्रह्मणोऽर्थान्तरममुख्य आत्मानन्दमयःस्यात् । कस्मात् ? अन्नमयाद्यमुख्यात्मप्रवाह-पतितत्वात् । अथापि स्यात्सर्वान्तरत्वादानन्दमयो मुख्य एवात्मेति, न स्यात् प्रियाद्यवयवयोगात्, शारीरत्वश्रवणाच्च । मुख्यश्चेदात्मानन्दमयः स्यात्, न प्रियादिसंस्पर्शः स्यात् । इह तु **'तस्य प्रियमेव शिरः'** इत्यादि श्रूयते। शारीरत्वं च श्रूयते- **'तस्यैष एव शारीर आत्मा । यः पूर्वस्य'** इति । तस्य पूर्वस्य विज्ञानमयस्यैष एव शारीर आत्मा य एष आनन्दमय इत्यर्थः । न च सशरीरस्य सतः प्रियाप्रियसंस्पर्शो वारयितुं शक्यः । तस्मात्संसार्येवात्मानन्दमय इत्येवं प्राप्त इदमुच्यते ।

नेपालीभाषानुवाद

तैत्तिरीयके = तैत्तिरीय उपनिषद्मा, **अन्नमयम्** = अन्नमय, **प्राणमयम्** = प्राणमय, **मनोमयम्** = मनोमय, **विज्ञानमयम्** = विज्ञानमय कोशलाई, **च** = पनि, **अनुक्रम्य** = सिलसिला-रूपले सुरु गरेर, **आम्नायते** = श्रुतिरूपले भनिन्छ, **वा** = प्रसिद्ध, **तस्मात् एतस्मात्** = त्यो यो, **विज्ञानमयात्** = विज्ञानमयभन्दा, **अन्यः** = अर्को, **अन्तरः** = भिन्न रहेको, **आनन्दमयः**= आनन्दमय नामको, **आत्मा** = आत्मा छ भन्ने, **इति** = यस्तो, **तत्र** = त्यहाँ, **संशयः** = शङ्का हुन्छ, **इह**= यहाँ, **किम्** = के, **आनन्दमयशब्देन** = आनन्दमय भन्ने शब्दले, **परं ब्रह्म एव** = पर ब्रह्म नै, **उच्यते** = भनिन्छ, लिइन्छ; **वा** = अथवा, **किम्** = के, **अन्नमयादिवत्** = अरू अन्नमय आदि जस्तै, **ब्रह्मणः** = ब्रह्मदेखि, **अर्थान्तरम्** = बाहेक कुनै वस्तु लिइन्छ, **इति** = इत्यादि, **तावत्** = प्रथम, **किम् प्राप्तम्** = के ठहर्न आयो, **ब्रह्मणः** = ब्रह्मदेखि, **अर्थान्तरम्** = बाहेक, **अमुख्यः** = अमुख्यरूपको, **आत्मा** = आत्मा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दमयःस्यात् = आनन्दमय हुन सक्दछ, **कस्मात्** = केबाट, कसरी; **अन्नमयाद्यमुख्यात्मप्रवाहपतितत्वात्** = अन्नमय आदि गरिएको अरू अमुख्य आत्माको प्रवाहभित्र परेकोले, **अथ अपि** = अझै पनि, **आनन्दमयः** = आनन्दमय, **सर्वान्तरत्वात्** = सबैभन्दा पछिल्लो हुनाले, **मुख्यः एव**= मुख्य नै, **आत्मा** = आत्मा हो भन्ने, **इति**= यस्तो, **स्यात्** = शङ्का हुन सक्दछ, **परन्तु; न स्यात्** = त्यो शङ्का ठीक छैन र हुन पनि सक्दैन किनकि, **प्रियाद्यवयवयोगात्** = प्रिय आदि गरिएका अवयववाला हुनाले, **च** = फेरि, **शारीरत्वश्रवणात्** = शरीरमा रहेको वा शरीरवाला सुनिएकोले, **आनन्दमयः** = आनन्दमय, **मुख्यः आत्मा** = मुख्य आत्मा, **स्यात् चेत्** = हुन्थ्यो त, **प्रियादिसंस्पर्शः** = प्रिय (सुख) आदिको सम्बन्ध, **न स्यात्** = हुने थिएन, **इह तु** = यहाँ त, **तस्य** = त्यो आनन्दमयको, **प्रियम् एव** = प्रिय नै, **शिरः** = शिर हो भन्ने, **इत्यादि** = इत्यादि कुरा, **श्रूयते**= सुनिन्छ, **च** = फेरि, **शारीरत्वम्** = शरीरवाला भन्ने, **श्रूयते** = सुनिन्छ जस्तै, **तस्य** = त्यसको, **एषः** = यो, **शारीरः** = शरीरमा भएको, **आत्मा** = आत्मा हो, **यः** = जुन, **पूर्वस्य** = पहिले भएको हो भन्ने, **इति** = यस्तो, **तस्य पूर्वस्य विज्ञानस्य** = त्यो पहिला विज्ञानमयको, **एषः एव** = यही नै, **शारीरः** = शरीरवाला, **आत्मा** = आत्मा हो, **य एषः** = जुन, **विज्ञानमयस्य** = विज्ञानमयको हो भन्ने, **इति अर्थः** = यो अर्थ हो, **सशरीरस्य सतः** = शरीरवाला भएको छँदो, **प्रियाप्रियसंस्पर्शः** = सुख र दुःखको सम्बन्ध, **च** = पनि, **वारयितुम्**= हटाउन, **न शक्यः**= सकिने छैन, **तस्मात्** = त्यसकारणबाट, **अयम्** = यो, **आनन्दमय आत्मा** = आनन्दमय आत्मा, **संसारी एव** = संसारी नै हो भन्ने, **इति एवम्** = यस्तो यो कुरा, **प्राप्ते** = प्राप्त भएमा, **इदम्** = यो कुरा, **उच्यते** = उत्तर रूपमा बताइन्छ, भनिन्छ ।

विशदीकरण

तैत्तिरीय उपनिषद्मा अन्नमय, प्राणमय, मनोमय र विज्ञानमय गरी आत्माका ४ तहलाई सिलसिलारूपमा बताएर त्यो विज्ञानमयभन्दा श्रेष्ठ पछिल्लो आनन्दमय आत्मा छ भन्ने कुरा बताइएको छ । त्यसमा शङ्का हुन्छ - यहाँ आनन्दमय शब्दले परब्रह्मलाई बताएको हो कि अन्नमय, प्राणमय आदि जस्तै ब्रह्मबाहेकको अरू कुनै वस्तुलाई बताएको हो ।

यसमा सर्वप्रथम के देखिन आउँछ भने अरू अन्नमय आदिको सिलसिला भित्र परेको हुँदा र यसभन्दा पहिलेका चार अन्नमयादि अमुख्य आत्मा हुनाले पनि यो आनन्दमय अमुख्य आत्मा नै हुन सक्दछ । प्रकरणनिरूपण परम्परामा परेकाले अमुख्य आत्मा हुँदाहुँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि आनन्दमय आत्मा सबभन्दा पछि निरूपित भएकाले मुख्य आत्मा नै हो भन्न मिल्दैन। किनभने आनन्दमयको निमित्त प्रिय आदि अवयव बताइएको र शरीरवाला भन्ने कुरा पनि बताइएको हुनाले आनन्दमय मुख्य आत्मा हुन सक्दैन। त्यो आनन्दमय मुख्य आत्मा भए सुख आदिको सम्बन्ध नै हुने थिएन । यहाँ त 'त्यसको प्रिय नै शिर हो' भन्ने र 'त्यही पहिलेको विज्ञानमयरूप यो शरीरवाला आत्मा हो' भन्ने इत्यादि भनाइ देखिन्छ । शरीरवाला भन्ने पनि स्पष्ट हुन आउँछ । फेरि शरीरवालाको सुख र दुःखको सम्बन्ध हुने कुरा पनि हटाउन सकिंदैन र यहाँ आनन्दमय भनेको संसारी जीव नै हुनुपर्छ भन्ने यस्तो शङ्का भएमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

पर एवात्माऽऽनन्दमयो भवितुमर्हति । कुतः ? अभ्यासात् । परस्मिन्नेव ह्यात्मन्यानन्दशब्दो बहुकृत्वोऽभ्यस्यते। आनन्दमयं प्रस्तुत्य **'रसो वै सः'**(तै०२/६) इति तस्यैव रसत्वमुक्त्वोच्यते - **'रसꣳह्येवायं लब्ध्वाऽऽनन्दी भवति'** इति **'को ह्येवान्यात्कः प्राण्यात्, यदेष आकाश आनन्दो न स्यात् । एष ह्येवानन्दयति'** (तै० २/७) **'सैषानन्दस्य मीमांसा भवति, एतमानन्दमयमात्मानमुपसङ्क्रामति, आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चन'** (तै० २/८-९) इति । **'आनन्दो ब्रह्मेति व्यजानात्'** (तै० ३/६) इति च । श्रुत्यन्तरे च **'विज्ञानमानन्दं ब्रह्म'** (बृ० ३/९/२८) इति ब्रह्मण्येवानन्दशब्दो दृष्टः । एवमानन्दशब्दस्य बहुकृत्वो ब्रह्मण्यभ्यासाद् आनन्दमय आत्मा ब्रह्मेति गम्यते ।

नेपालीभाषानुवाद

परः एव = उत्कृष्ट आत्मा (ब्रह्म) नै, **आनन्दमयः** = आनन्दमय, **भवितुम्**= हुन, **अर्हति** = योग्य छ, **कुतः** = कताबाट, कसरी, **अभ्यासात्** = अभ्यास (आवृत्ति) बाट, **हि** = निश्चय, **परस्मिन्** = उत्कृष्ट, **आत्मनि** = आत्मा (ब्रह्म) मा, **आनन्दशब्दः**= आनन्दशब्द, **बहुकृत्वः** = धेरै ठाउँ र धेरै पटक, **अभ्यस्यते** = अभ्यास (दोहऱ्याइएको) हुन्छ, **आनन्दमयम्** = यही आनन्दमयलाई, **प्रस्तुत्य** = प्रस्तुत गरेर, **वै** = निश्चय, **सः** = त्यो, **रसः**= रस हो भन्ने, **इति** = यस प्रकार, **तस्य एव** = त्यही आनन्दमयको नै, **रसत्वम्** = रसरूप हुने कुरा, **उक्त्वा** = भनेर, **उच्यते** = भनिन्छ, **हि** = निश्चय, **रसम् एव** = रसलाई नै, **लब्ध्वा** = पाएर, **अयम्** = यो, **आनन्दीभवति** = आनन्दी हुन्छ, **हि** = निश्चय, **कः एव** = को नै, **अन्यात्** = चल्दछ, **कः** = को, **प्राण्यात्** = बाँच्न सक्छ, **यत् एषः**= जो कि यो, **आनन्दः** = आनन्दरूप, **आकाशः** = आकाश (ब्रह्म), **न स्यात्** = नहुँदो हो त, **एषः एव** = यही आनन्दमय नै, **आनन्दयति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दित हुन्छ वा आनन्दित गराउँछ, **सा एषा** = त्यो यो, **आनन्दस्य** = आनन्दको, **मीमांसा** = पूजितविचार, **भवति** = हुन्छ, **एतम्** = यो, **आनन्दमयम्** = आनन्दमय, **आत्मानम्** = आत्मालाई, **उपसंक्रामति** = प्राप्त हुन्छ, **ब्रह्मणः** = ब्रह्मको, **आनन्दम्**= आनन्दलाई, **विद्वान्** = जान्दो, **कुतश्चन** = कतै बाट, **न विभेति** = डराउँदैन, **आनन्दः** = आनन्द, **ब्रह्म इति** = ब्रह्म हो भनेर, **व्यजानात्** = जानेमा, **विज्ञानम्** = विज्ञानरूप, **आनन्दम्** = आनन्द, **ब्रह्म** = ब्रह्म हो भन्ने, **इति** = यस प्रकार, **श्रुत्यन्तरे**= अरू–अरू श्रुतिमा पनि, **ब्रह्मणि** = ब्रह्ममा, **एव** = नै, **आनन्दशब्दः** = आनन्दशब्द, **दृष्टः** = प्रयोग गरिएको देखिएको छ, **एवम्** = यस प्रकार, **आनन्दशब्दस्य** = आनन्द शब्दको, **ब्रह्मणि** = ब्रह्ममा, **वहुकृत्वः** = धेरै पटक, **अभ्यासात्** = अभ्यास हुनाले, **आनन्दमयः आत्मा** = 'आनन्दमय आत्मा', **ब्रह्म इति** = ब्रह्म हो भन्ने, **गम्यते** = जानिन्छ ।

विशदीकरण

यहाँ आनन्दमय शब्दले उत्कृष्ट ब्रह्मरूप आत्मालाई नै भनिन्छ, किनकि श्रुतिमा ब्रह्मरूप आत्मा अर्थमा नै धेरै पटक आनन्दमय शब्दको प्रयोग गरेको देखिन्छ । आनन्दमयलाई प्रस्तुत गरेर 'त्यो रस हो, रस पाएर नै त्यो जीव आनन्दित हुन्छ, आनन्दमय नभए को चल्न सक्छ ? को बाँच्न सक्छ ? यदि आकाशरूप यो आनन्द नहुँदो हो त यसैले सबैलाई आनन्दित गराउँछ, त्यो यो आनन्दको मीमांसा हुन्छ, यो आनन्दमय आत्मालाई प्राप्त गर्छ, ब्रह्मको आनन्दलाई जान्ने कतैबाट डराउँदैन, आनन्द नै ब्रह्म हो' इत्यादि श्रुतिवाक्यहरूले र 'विज्ञानरूप आनन्द ब्रह्म हो' श्रुतिवाक्यले पनि ब्रह्ममा नै आनन्दशब्दको प्रयोग गरेको देखाउँदछन् । यस प्रकार ब्रह्ममा नै धेरै पटक आनन्दमय शब्दको प्रयोग गरेको देखिएबाट आनन्दमय आत्मा भनेको ब्रह्म नै हो भन्ने बुझिन्छ ।

शाङ्करभाष्यम्

यत्तूक्तम् – अन्नमयाद्यमुख्यात्मप्रवाहपतितत्वादानन्दमयस्याप्यमुख्यत्वमिति, नासौ दोषः, आनन्दमयस्य सर्वान्तरत्वात् । मुख्यमेव ह्यात्मानमुपदिदिक्षु शास्त्रं लोकबुद्धिमनुसरत्, अन्नमयं शरीरमनात्मानमत्यन्तमूढानामात्मत्वेन प्रसिद्धमनूद्य मूषानिषिक्तद्रुतताम्रादिप्रतिमावत् । ततोऽन्तरं ततोऽन्तरमित्येवं पूर्वेण पूर्वेण समान-मुत्तरमुत्तरमनात्मानमात्मेति ग्राहयत्, प्रतिपत्तिसौकर्यापेक्षया सर्वान्तरं मुख्यमानन्द-मयमात्मानमुपदिदेशेति श्लिष्टतरम् । यथारुन्धतीनिदर्शने वह्वीष्वपि तारास्वमुख्या-स्वरुन्धतीषु दर्शितासु यान्त्या प्रदर्श्यते सामुख्यैवारुन्धती भवति, एवमिहाप्या-नन्दमयस्य सर्वान्तरत्वान्मुख्यमात्मत्वम् । यत्तु ब्रूषे, प्रियादीनां शिरस्त्वादिकल्पना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऽनुपपन्ना मुख्यस्यात्मन इति, अतीतानन्तरोपाधिजनिता सा, न स्वाभाविकीत्यदोषः। शारीरत्वमप्यानन्दमयस्यान्नमयादिशरीरपरम्परया प्रदर्श्यमानत्वात्, न पुनः साक्षादेव शारीरत्वं संसारिवत् । तस्मादानन्दमयः पर एवात्मा ।।१२।।

नेपालीभाषानुवाद

अन्नमयाद्यमुख्यात्मप्रवाहपतितत्वात् = अन्नमय आदि अमुख्य आत्माको प्रवाहमा परेकोबाट, **आनन्दमयस्य** = आनन्दमयको, **अपि** = पनि, **अमुख्यत्वम्**= मुख्यपन हुँदैन भन्ने, **इति** = यस्तो, **यत्तु** = जो, **उक्तम्** = शङ्कारूपमा भनियो, **असौ** = यो, **न दोषः** = दोष हुँदैन किनकि, **आनन्दमयस्य** = आनन्दमय आत्माको, **सर्वान्तरत्वात्** = सबभन्दा पछिल्लो हुनाले, **हि** = निश्चय, **शास्त्रम्** = शास्त्र, **लोकबुद्धिम्** = लोकको बुद्धिलाई, **अनुसरत्** = नक्कलरूपमा पच्छ्याउँने र, **मुख्यम् एव** = मुख्य नै, **आत्मानम्** = आत्मालाई, **उपदिदिक्षु** = उपदेश गर्न खोज्नेहरू, **अनात्मानम्** = जडरूप, **अत्यन्तमूढानाम्** = अत्यन्तमूर्खहरूको सोचाइमा, **आत्मत्वेन** = आत्मारूपले, **प्रसिद्धम्** = प्रसिद्ध भएको, **अन्नमयम्** = अन्नमय, **शरीरम्** = शरीरलाई, **अनूद्य** = बताएर, भनेर; **मूषानिषिक्तद्रुतताम्रादिप्रतिमावत्**= मूषा (तताएर झोल पारेको) ताँबो खन्याउने भाँडोमा खनाएको पग्लेको ताँबाको प्रतिमा जस्तै, **ततः अन्तरम्, ततः अन्तरम्** = त्योभन्दा पर त्यो भन्दा पर, **इति एवम्** = यस प्रकारले, **पूर्वेण पूर्वेण** = पहिला पहिलाले, **समानम्** = बराबर भएको, **उत्तरम् उत्तरम्** = पछिल्लो पछिल्लो, **अनात्मानम्** = आत्मा नभएकोलाई, **प्रतिपत्तिसौकर्यापेक्षया** = बुझ्न वा प्राप्त गर्नलाई सजिलो को अपेक्षाले, **आत्मा इति** = आत्मा हो भनेर, **ग्राहयत्** = समात्न खोज्ने, **सर्वान्तरम्** = सबभन्दा पछिल्लो, **आनन्दमयम्** = आनन्दमयलाई, **मुख्यम् आत्मानम्** = मुख्य आत्मा हो भनेर, **उपदिदेश** = श्रुतिले उपदेश गर्‍यो भन्ने, **इति** = यही कुरा नै, **श्लिष्टतरम्** = सुहाउँदो, राम्रो छ, **यथा** = जस्तै, **अरुन्धतीनिदर्शने** = अरुन्धती तारा देखाउने काममा, **वह्वीषु** = धेरै, **अमुख्यासु** = अरुन्धती नामका, **तारासु** = ताराहरू, **दर्शितासु अपि** = देखाइएकामा पनि, **या** = जुन, **अन्त्या** = पछिल्लो, **प्रदर्श्यते** = देखाइन्छ, **सा एव** = त्यही नै, **मुख्या** = खास, **अरुन्धती** = अरुन्धती, **भवति** = हुन्छ, ठहर्छ; **एवम्** = यस्तै, **इह अपि** = यहाँ आत्माको बारेमा पनि, **आनन्दमयस्य**= आनन्दमयको, **सर्वान्तरत्वात्** = सबभन्दा पछिल्लो हुनाले, **आत्मत्वम्** = आत्मा हो भन्नु, **मुख्यम्** = मुख्य(खास रूप) हो, **यत् तु** = जो कि, **मुख्यस्य** = खास,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मनः = आत्माको, **प्रियादीनां शिरस्त्वादिकल्पना** = प्रिय नै शिर भएको भन्ने इत्यादि कल्पना, **अनुपपन्ना** = ठीक छैन, हुन सक्दैन भन्ने; **इति** = यस्तो, **ब्रूषे सा**= भन्दछौ, त्यो त; **अतीतानन्तरोपाधिजनिता** = गइसकेका अघिल्ला-अघिल्ला उपाधिबाट भएको हो र, **न स्वाभाविकी** = स्वाभाविक होइन, **इति** = यसकारणले, **अदोषः** = दोष छैन, **आनन्दमयस्य** = आनन्दमयको, **शारीरत्वम् अपि** = शरीरवाला हुने कुरा पनि, **अन्नमयादिशरीरपरम्परया** = अन्नमय आदि शरीरको परम्पराले, **प्रदर्श्यमानत्वात्** = देखाइएको हुनाले हो, **पुनः** = फेरि, **साक्षात् एव** = साक्षात् रूपले नै, **संसारिवत्** = जीवसरह, **न शारीरत्वम्** = शरीरवाला होइन, **तस्मात्** = त्यसकारणबाट, **आनन्दमयः** = आनन्दमय, **परः एव** = परब्रह्म रूप नै, **आत्मा** = आत्मा हो ।

विशदीकरण

अन्नमय, प्राणमय आदि गरेका अमुख्य आत्माको प्रवाहभित्र परेकाले आनन्दमय पनि मुख्य आत्मा हुन सक्दैन भनेर जुन शङ्का गरिएको थियो । त्यसको उत्तरमा भनिन्छ - आनन्दमय भनेर सबैभन्दा पछि राखिएकोले आनन्दमय भनेर मुख्य आत्मालाई नै बुझाउँछ।

मुख्य आत्मालाई देखाउने इच्छाले शास्त्रले पनि लोकहरूको बुद्धिको स्तरलाई लक्ष्य गरेर अत्यन्त मूर्खहरूका निमित्त गालेको ताँबाको झोलद्वारा बनेको प्रतिमा जस्तै अन्नमय आदिबाट पहिलेको अमुख्य आत्मालाई बताइएको छ । मुख्य आत्मा बताउने उद्देश्यलिई श्रुतिले सबभन्दा पछिल्लो आनन्दमयलाई बताएको भन्नु नै राम्रो र उचित हुन्छ, किनभने त्यसबाट बुझ्नलाई सजिलो हुन्छ । जस्तै- कसैले अरुन्धती नदेखेकालाई अरुन्धती तारा देखाउँदा पहिले मुख्य अरुन्धती सूक्ष्म भई झट्ट नदेखिने हुनाले अमुख्य अरुन्धतीरूप नजिकैका अरू धेरै तारा देखाउँदै लगेर जुन पछिल्लो तारा देखाइन्छ, त्यो नै अरुन्धती हुन्छ। त्यस्तै यहाँ पनि मुख्य आत्मालाई देखाउनु निमित्त अमुख्य अन्नमय आदि भनेर सबभन्दा पछिल्लो आनन्दमय बताइएकोले त्यही नै मुख्य आत्मा हो ।

फेरि मुख्य आत्मा आनन्दमय भएपछि उसलाई 'शिर आदि अवयव प्रिय' लाग्ने भन्नु निकै अनुचित हुन्छ भन्ने जुन शङ्का गरिएको थियो, त्यो पनि ठीक छैन । किनभने अघिल्ला-अघिल्ला अन्नमय आदि उपाधिद्वारा मात्र त्यस आनन्दमयलाई शरीरवाला भनिएको हो र वास्तवमा त्यो शरीरवाला होइन । त्यसकारणबाट पनि यहाँ आनन्दमय भनेको खास ब्रह्मरूप आत्मा नै हो ।।१२।।

ब्रह्मसूत्रम् - विकारशब्दान्नेति चेन्न प्राचुर्यात् १/१/१३

सूत्रार्थ - **विकारशब्दात्** = विकारवाची शब्द हुनाले, **न**= आनन्दमय ब्रह्म होइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने, **इति** = यस्तो, **चेत्** = भन्छौ भने, **न** = हुँदैन, किनकि, **प्राचुर्यात्** = धेरै भन्ने अर्थमा मयट् हुनाले ।

शाङ्करभाष्यम्

अत्राह– नानन्दमयः पर आत्मा भवितुमर्हति । कस्मात् ? विकारशब्दात्। प्रकृतिवचनादयमन्यः शब्दो विकारवचनः समधिगतः, '**आनन्दमय**' इति मयटो विकारार्थत्वात् । तस्मादन्नमयादिशब्दवद्विकारविषय एवानन्दमयशब्द इति चेत्, न, प्राचुर्यार्थेऽपि मयटः स्मरणात् । '**तत्प्रकृतवचने मयट्**'(पा० ५/४/२१) इति हि प्रचुरतायामपि मयट् स्मर्यते । यथा '**अन्नमयो यज्ञः**' इत्यन्नप्रचुर उच्यते एवमानन्दप्रचुरं ब्रह्मानन्दमय उच्यते । आनन्दप्रचुरत्वं च ब्रह्मणो मनुष्यत्वादारभ्योत्तरस्मिन्नुत्तरस्मिन्स्थाने शतगुण आनन्द इत्युक्त्वा ब्रह्मानन्दस्य निरतिशयत्वावधारणात् । तस्मात्प्राचुर्यार्थे मयट् ।।१३।।

नेपालीभाषानुवाद

अत्र = यहाँ यो विषयमा, **आह** = शङ्का रूपमा भन्दछ, **आनन्दमयः**= आनन्दमय, **परः आत्मा**= उत्कृष्ट आत्मा (ब्रह्म), **भवितुम्** = हुन, **न अर्हति** = योग्य छैन, **कस्मात्** = के बाट, **विकारशब्दात्** = विकार अर्थको शब्द हुनाले, **प्रकृतिवचनात्** = प्रकृति(मुख्यरूप)लाई भन्दा, **अन्यः** = अर्कै, **अयम्** = यो, **शब्दः** = आनन्दमय शब्द, **विकारवचनः** = विकार अर्थलाई बताउने, **समधिगतः**= मानिएको छ, किनकि, **आनन्दमयः इति** = आनन्दमय भन्ने शब्दका, **मयटः** = मयट् प्रत्ययको, **विकारार्थत्वात्** = विकार भन्ने अर्थ हुनाले, **तस्मात्** = त्यसकारणबाट, **अन्नमयादिशब्दवत्** = अन्नमय, प्राणमय आदि शब्द जस्तै, **आनन्दमयशब्दः** = आनन्दमय भन्ने शब्द, **विकारविषयः** = विकारलाई बताउने, **एव** = नै, हो भन्ने, **इति** = यस्तो, **चेत्** = भन्छौ, भने, **न** = त्यो हुँदैन किनकि, **प्राचुर्यार्थे अपि** = प्रचुर, धेरै भन्ने अर्थमा पनि, **मयटः** = मयट् प्रत्ययको, **स्मरणात्** = स्मरण हुनाले, **तत्प्रकृतवचने मयट् इति** = तत्प्रकृतवचने मयट् भन्ने पाणिनीय सूत्रले, **हि** = निश्चितरूपमा, **प्रचुरतायाम् अपि** = धेरै भन्ने अर्थमा पनि, **मयट्** = मयट् प्रत्यय, **स्मर्यते** = सम्झिन्छ, गरिन्छ; **यथा** = जस्तै, **अन्नमयः यज्ञः इति** = अन्नमय यज्ञ भन्ने यस्तोमा, **अन्नप्रचुरः** = अन्न धेरै भएको भन्ने, **उच्यते** = भनिन्छ, **एवम्** = यस्तै, **आनन्दप्रचुरम्** = आनन्द धेरै भएको, **ब्रह्म** = ब्रह्म, **आनन्दमयः** = आनन्दमय भनेर, **उच्यते** = भनिन्छ, **ब्रह्मणः** = ब्रह्मको, **आनन्दप्रचुरत्वम् च** = आनन्द धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुने कुरा पनि, **मनुष्यत्वात्** = मनुष्यत्वदेखि, **आरभ्य** = सुरु गरेर, **उत्तरस्मिन् उत्तरस्मिन्** = पर पर (माथि माथिका), **स्थाने** = स्थानमा, **शतगुणः** = सय गुणा, **आनन्दः** = आनन्द छ भन्ने, **इति** = यस्तो, **उक्त्वा** = भनेर, **ब्रह्मानन्दस्य** = ब्रह्मका आनन्दको, **निरतिशयत्वावधारणात्** = जसभन्दा बढी छैन, त्यस्तो आनन्द भनेर निश्चय गरिएकोले, **तस्मात्** = त्यसकारणबाट, **प्राचुर्यार्थे** = धेरै भन्ने अर्थमा, **मयट्** = आनन्द शब्ददेखि मयट् प्रत्यय भएको हो ।

विशदीकरण

मुख्यार्थबाहेक विकार अर्थमा आनन्दमय शब्दमा आनन्दशब्ददेखि मयट्प्रत्यय विकार अर्थमा भएकोले आनन्दमयशब्दको ब्रह्म भन्ने अर्थ हुँदैन । अन्नमय आदि शब्दमा जस्तै आनन्दमयमा पनि विकारार्थ नै मयट् हुनाले ब्रह्म आनन्दको विकार होइन र आनन्दमय ब्रह्म होइन भन्ने शङ्का हुन्छ । तापनि, अन्नमय यज्ञ भनेर धेरै अन्न भएको यज्ञ भन्ने अर्थ भए झैं आनन्दमय भनेर धेरै आनन्द भएको भन्ने अर्थ हुनाले धेरै भन्ने अर्थमा पनि पाणिनीय व्याकरणानुसार मयट् प्रत्यय हुन्छ ।

यहाँ पनि आनन्दमय भनेर आनन्द धेरै भएको ब्रह्म नै भनिएको हो । ब्रह्ममा आनन्द धेरै हुने कुरा पनि 'मनुष्यदेखि लिएर उत्तर, उत्तर योनिमा सय-सय गुणा अधिक आनन्द छ' भनेर ब्रह्मको आनन्द वा ब्रह्मरूप आनन्दभन्दा अरू बढी आनन्द नभएको भन्ने नै टुंगिएको देखिन्छ। त्यसैले यहाँ प्राचुर्य अर्थमा मयट् भएको हो, विकार अर्थमा होइन।।१३।।

ब्रह्मसूत्रम् - तद्धेतुव्यपदेशाच्च १/१/१४

सूत्रार्थ- **तद्धेतुव्यपदेशात्** = आनन्दको कारण भएको उपदेशबाट, **च** = पनि आनन्दमय ब्रह्म हो ।

शाङ्करभाष्यम्

इतश्च प्राचुर्यार्थे मयट्। यस्मादानन्दहेतुत्वं ब्रह्मणो व्यपदिशति श्रुतिः- '**एष ह्येवानन्दयति**' इति, आनन्दयतीत्यर्थः । यो ह्यन्यानानन्दयति स प्रचुरानन्द इति प्रसिद्धं भवति । यथा लोके योऽन्येषां धनिकत्वमापादयति स प्रचुरधन इति गम्यते, तद्वत् । तस्मात्प्राचुर्यार्थेऽपि मयटः सम्भवादानन्दमयः पर एवात्मा ।।१४।।

नेपालीभाषानुवाद

इतः च = यहाँबाट अझै पनि, **प्राचुर्यार्थे** = धेरै भन्ने अर्थमा, **मयट्** = आनन्दशब्दबाट मयट् प्रत्यय भएको हो, **यस्मात्**= जसबाट कि, **ब्रह्मणः** = ब्रह्मको, **आनन्दहेतुत्वम्** = आनन्दको कारण हो भन्ने, **श्रुतिः** = श्रुतिले, **व्यपदिशति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदेश गर्छ, **हि** = निश्चय, **एषः** = यो ब्रह्म, **एव** = नै, **आनन्दयति** = आनन्दयति भनेर, **आनन्दयति** = आनन्द दिन्छ भन्ने, **इति अर्थः** = यो अर्थ हो, **हि** = निश्चय, **यः**= जो, **अन्यान्** = अरूलाई, **आनन्दयति** = आनन्द दिन्छ, **सः** = त्यो, **प्रचुरानन्दः**= धेरै आनन्द भएको हुन्छ भन्ने, **इति** = यो, **प्रसिद्धम्** = प्रख्यात, **भवति** = हुन्छ, **यथा** = जस्तै, **लोके** = लोकमा, **अन्येषाम्** = अरूको, **धनिकत्वम्** = धनी हुने कुरा, **आपादयति** = संपादन गराउँछ, **सः** = त्यो, **प्रचुरधनः** = धेरै धनवाला हुन्छ भन्ने, **इति** = यो कुरा, **गम्यते** = बुझिन्छ, **तत् वत्** = त्यस्तै, **तस्मात्** = त्यसकारणबाट, **प्राचुर्यार्थे** = धेरै भन्ने अर्थमा, **अपि**= पनि, **मयटः** = मयट् प्रत्ययको, **सम्भवात्**= सम्भव हुनाले, **आनन्दमयः** = आनन्दमय भनेको, **परः** = उत्कृष्ट, **आत्मा** = आत्मा (ब्रह्म), **एव** = नै हो ।

विशदीकरण

पुनश्च यहाँ धेरै भन्ने अर्थमा मयट् प्रत्यय भएर आनन्दमय शब्द बनेको हो । ब्रह्ममा धेरै आनन्द हुने कुरा पनि 'ब्रह्मले नै सबैलाई आनन्द दिलाउँछ' भन्ने यस्तो श्रुतिवाक्यबाट सिद्ध हुन्छ । 'त्यो ब्रह्मले अरूलाई आनन्दित गराउँछ, त्यो ब्रह्म धेरै आनन्द भएको हुन्छ' भन्ने पनि स्वतः थाहा हुन्छ । लोकमा पनि 'जो अरूलाई धनी बनाउँछ, त्यो स्वयं धेरै धनवाला हुन्छ' भन्ने प्रसिद्धि छ । त्यसकारण धेरै भन्ने अर्थमा मयट् प्रत्यय हुने हुनाले त्यो आनन्दमय भनेको पर ब्रह्म नै हो ।।१४।।

ब्रह्मसूत्रम् - मान्त्रवर्णिकमेव च गीयते १/१/१५

सूत्रार्थ - **मान्त्रवर्णिकम् एव** = **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** यस मन्त्रमा निर्धारित ब्रह्मको नै, **च**= पनि, **गीयते** = **'अन्योऽन्तर आत्मानन्दमयः'** यस ब्राह्मण वाक्यमा प्रतिपादन गरिएको छ, किनकि त्यो नै प्रकृत हो, अतः आनन्दमय भनेको परमात्मा नै हो ।

शाङ्करभाष्यम्

इतश्चानन्दमयः पर एवात्मा । यस्माद् **'ब्रह्मविदाप्नोति परम्'** इत्युपक्रम्य **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** (तै० २/१) इत्यस्मिन्मन्त्रे यत्प्रकृतं ब्रह्म सत्य-ज्ञानानन्तविशेषणैर्निर्धारितं यस्मादाकाशादिक्रमेण स्थावरजङ्गमानि भूतान्यजायन्त, यच्च भूतानि सृष्ट्वा तान्यनुप्रविश्य गुहायामवस्थितं सर्वान्तरम्, यस्य विज्ञानाय **'अन्योऽन्तर आत्माऽन्योऽन्तर आत्मा'** इति प्रक्रान्तम्, तन्मान्त्रवर्णिकमेव ब्रह्मेह गीयते, **'अन्योऽन्तर आत्मानन्दमयः'**(तै०२/५) इति । मन्त्रब्राह्मणयोश्चैकार्थत्वं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युक्तम्, अविरोधात् । अन्यथा हि प्रकृतहानाप्रकृतप्रक्रिये स्याताम् । न चान्नमयादिभ्य इवानन्दमयादन्योऽन्तर आत्माऽभिधीयते । एतन्निष्ठैव च '**सैषा भार्गवी वारुणी विद्या**' (तै० ३/६) तस्मादानन्दमयः पर एवात्मा ।।१५।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **आनन्दमयः** = आनन्दमय भनेको, **परः आत्मा** = उत्कृष्ट आत्मा (परब्रह्म), **एव** = नै हो, **यस्मात्** = जसबाट अर्थात् त्यसकारणबाट, **ब्रह्मवित्** = ब्रह्मवेत्ता पुरुष, **परम्** = परब्रह्मलाई, **आप्नोति** = प्राप्त गर्छ भन्ने, **इति**= यसबाट, **उपक्रम्य** = सुरु गरेर, **ब्रह्म** = ब्रह्म, **सत्यम्** = सत्यरूप, **ज्ञानम्** = ज्ञानरूप, **अनन्तम्** = अनन्तरूप छ भन्ने, **इति अस्मिन्** = यो, **मन्त्रे** = मन्त्रमा, **यत् प्रकृतम्** = सुरुको, **ब्रह्म** = ब्रह्म, **सत्यज्ञानानन्तविशेषणैः** = सत्य, ज्ञान र अनन्त भन्ने विशेषणद्वारा, **निर्धारितम्** = थित्याइएको (निश्चय गरिएको) छ, **यस्मात्** = जुन ब्रह्मबाट, **आकाशादिक्रमेण** = आकाश आदि क्रमले, **स्थावरजङ्गमानि** = अचर र चर, **भूतानि** = प्राणीहरू, **अजायन्त** = उत्पन्न भए, **यत् च** = जुन ब्रह्म, **भूतानि** = प्राणीहरू, **सृष्ट्वा** = सृष्टि गरेर, **तानि** = तिनी प्राणीमा, **अनुप्रविश्य** = प्रवेश गरेर, **गुहायाम्** = गुफा(हृदय)मा, **अवस्थितम्** = रहेको छ, **सर्वान्तरम्** = सबभन्दा पल्लो र, **यस्य** = जसको, **विज्ञानाय** = जान्नु निमित्त, **अन्यः अन्यः** = अर्को अर्को, **अन्तरः अन्तरः** = पछिल्लो पछिल्लो, **आत्मा आत्मा** = आत्मा हो भनेर, **प्रक्रान्तम्** = बताउन सुरु गरिएको थियो, **तत्** = त्यही, **मान्त्रवर्णिकम्** = मन्त्रका वर्णमा आएको, **ब्रह्म** = ब्रह्म, **एव** = नै, **इह** = यहाँ, **अन्यः** = अन्नमयादि भन्दा अलग, **अन्तरः** = पछिल्लो, **आनन्दमयः** = आनन्दमय, **आत्मा** = आत्मा हो भन्ने, **इति** = यस्तो, **वर्णितम्** = वर्णन गरियो, **मन्त्रब्राह्मणयोः** = वेदका मन्त्र र ब्राह्मण दुवै भागको, **एकार्थत्वम्** = समान अर्थ हुनु, **च** = पनि, **युक्तम्** = ठीक हो, **अविरोधात्** = समान अर्थ भएर दुवैमा विरोध नभएकाले, **अन्यथा** = त्यस्तो नमानेमा, **हि** = निश्चय, **प्रकृतहानाप्रकृतप्रक्रिये** = उठाएको कुरा छोड्नु र नउठाएको लिनु रूप र दुष्प्रसङ्ग, **स्याताम्** = हुनेछन्, **च** = फेरि, **अन्नमयादिभ्यः** = अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयबाट, **इव** = जस्तै, **आनन्दमयात्** = आनन्दमयभन्दा, **अन्यः** = अर्को कुनै, **अन्तरः** = भित्ररहेको वा पछिल्लो, **आत्मा** = आत्मा, **न अभिधीयते** = बताइन्न (देखाइन्न), **सा एषा** = त्यही यो, **भार्गवी** = भृगुसम्बन्धिनी (भृगुले पाएका), **वारुणी** = वरुणसम्बन्धिनी (वरुणले बताएको), **विद्या** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या हो भन्ने यसरूपले, **एतत् निष्ठा एव** = यसै आनन्दमयमा थितिएको, **च** = पनि छ, **तस्मात्** = त्यसकारणबाट, **आनन्दमयः** = आनन्दमय भनेको, **परः आत्मा एव** = उत्कृष्ट आत्मा (ब्रह्म) नै हो ।

विशदीकरण

पुनश्च आनन्दमय भनेर परब्रह्मलाई नै भनिन्छ । 'ब्रह्मवेत्ताले परब्रह्मलाई प्राप्त गर्छ' भन्ने कुरा बाट उठाएर सत्य, ज्ञान, अनन्त भन्ने मन्त्रात्मक उपनिषद्मा जुन ब्रह्मलाई तीन विशेषणद्वारा निर्धारित गरिएको थियो, जसबाट आकाश आदिका क्रमले चराचर प्राणीहरू उत्पन्न भए, जुन ब्रह्म पञ्चभूत तथा प्राणीहरूलाई सृष्टि गरेर तिनैमा विशेषरूपले प्रवेश गरेर हृदयगुफामा रहेको छ र जसलाई जान्न भनेर अर्को भित्र वा पछिल्लो आत्मा भनेर प्रकृत मिल्दो बताइयो, त्यही मन्त्रोपनिषद्ले बताएको ब्रह्म नै यहाँ अरूभन्दा भिन्न आनन्दमय आत्मा हो भनेर सामत्वरूपले बताइएको (गाइएको) हो ।

मन्त्र र ब्राह्मणको एकै मिल्दो अर्थ हुनु पनि अनिवार्य छ । यदि त्यसो नगर्ने (नमान्ने) हो भने प्रकृत (सुरु गरेको) लाई छोड्नु र अप्रकृत(सुरुमा नलिएका)लाई लिनु रूप दोष आइपर्ने छ । फेरि अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयबाट अलग अर्को पछिल्लो-पछिल्लो बताए झैं आनन्दमयभन्दा अलग अर्को आत्मा बताएको पनि छैन। त्यसकारण आनन्दमय भनेको परब्रह्म नै हो, अर्को होइन।।१५।।

ब्रह्मसूत्रम् - नेतरोऽनुपपत्तेः १/१/१६

सूत्रार्थ - **इतरः** = संसारी जीव, **न** = आनन्दमय होइन, किनकि, **अनुपपत्तेः**= आनन्दमय हो भन्ने सिद्ध हुन नसक्ने हुनाले ।

शाङ्करभाष्यम्

इतश्चानन्दमयः पर एवात्मा, नेतरः । इतर ईश्वरादन्यः संसारी जीव इत्यर्थः। न जीव आनन्दमयशब्देन नाभिधीयते । कस्मात् ? अनुपपत्तेः । आनन्दमयं हि प्रकृत्य श्रूयते- '**सोऽकामयत । बहु स्यां प्रजायेयेति । स तपोऽतप्यत । स तपस्तप्त्वा इदꣳसर्वमसृजत। यदिदं किञ्च**' (तै० २/६) इति । तत्र प्राक्शरीराद्युत्पत्तेरभिध्यानं सृज्यमानानां च विकाराणां स्रष्टुरव्यतिरेकः, सर्वविकार-सृष्टिश्च न परस्मादात्मनोऽन्यत्रोपपद्यते ।।१६।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **आनन्दमयः** = आनन्दमय भनेको, **परः आत्मा** = उत्कृष्ट आत्मा (परब्रह्म), **एव** = नै हो, **न इतरः** = अर्को होइन, **इतरः** = अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको, **ईश्वरात्** = ईश्वरदेखि, **अन्यः** = अलग अर्को, **संसारी जीवः** = संसारी जीव हो भन्ने, **इति अर्थः** = यस्तो अर्थ हो, **जीवः** = संसारी जीव, **आनन्दमयशब्देन**= आनन्दमय भन्ने शब्दले, **न अभिधीयते** = भनिदैन, **कस्मात्** = कसरी, के बाट; **अनुपपत्तेः** = सिद्ध हुन नसक्ने हुनाले, **हि** = प्रसिद्ध, निश्चय; **आनन्दमयम्** = आनन्दमयलाई, **प्रकृत्य** = सुरु गरेर, **श्रूयते** = श्रुतिमा सुनिन्छ, **सः** = त्यस आनन्दमयले, **अकामयत** = इच्छा गर्‍यो, के त; **बहु स्याम्** = धेरै हूँ भन्ने, **प्रजायेय इति** = उत्पन्न हूँ भन्ने यस्तो, **सः** = त्यही आनन्दमय, **तपः** = सृष्टि गरिने प्राणीहरूको कर्मलाई ईक्षण गर्नुरूप तपस्या, **अतप्यत** = तप गर्‍यो, **सः** = त्यस आनन्दमयले, **तपः** = प्राणी कर्मको ईक्षण रूप तपस्या, **तप्त्वा** = तप गरेर, **इदम् सर्वम्** = देखिइरहेको यो सबै, **असृजत** = सृष्टि गर्‍यो, **इदम्** = यो, **यत् किं च** = जो जति छ भन्ने, **इति** = यस्तो सुनिन्छ, **तत्र** = त्यहाँ, **शरीराद्युत्पत्तेः** = शरीर, इन्द्रिय आदिको उत्पत्तिभन्दा, **प्राक्** = पहिले, **अभिध्यानम्** = ईक्षण गर्नु र, **सृज्यमानानाम्**= सृष्टि गरिने, **विकाराणाम्** = विकारहरूको, **स्रष्टुः** = सृष्टि गर्ने भन्दा, **अव्यतिरेकः**= भिन्न नहुनु, **च** = पनि र, **सर्वविकारसृष्टिः** = त्यसै आनन्दमयबाट सबै विकारको सृष्टि हुनु पनि, **परस्मात् आत्मनः** = परब्रह्मदेखि, **अन्यत्र** = अन्य अरू संसारी जीवमा, **न उपपद्यते** = ठीक हुन सक्दैन ।

विशदीकरण

यहाँ आनन्दमय भनेर परमात्मालाई नै भनिन्छ, अर्को जीवलाई होइन । अर्को भन्नु ईश्वरभन्दा अलग संसारी जीव सम्झनु पर्दछ । जीवलाई कहिले पनि आनन्दमय शब्दले भन्न सकिंदैन, किनकि जीव आनन्दमय हो भनेर भन्न सकिने कुनै प्रमाण फेला पर्दैन ।

त्यही आनन्दमयलाई सुरु गरेर 'त्यसले इच्छा गर्‍यो कि म एकबाट धेरै बनूँ, उत्पन्न होऊँ, अनि त्यस आनन्दमयले सृष्टि गरिने सबै प्राणीहरूको पुण्यपापरूपी कर्मलाई सम्झने हेतुले तपस्या गर्‍यो' । अर्थात् 'त्यसले तप गरेर यो सबै सृष्टि गर्‍यो, जो जस्तो यो छ भन्ने श्रुतिमा सुनिन्छ' इत्यादि श्रुतिहरूको सम्बन्धमा विचार गर्दा आनन्दमय शब्दले संसारी जीवलाई बताएको भए शरीर, इन्द्रिय आदिको सृष्टि हुनुभन्दा पहिल्यै शरीर, इन्द्रिय नभएर पनि सोच-विचार हुनु, सृष्टि गरिने विकारी वस्तुभन्दा आफू सृष्टि गर्ने अलग नहुनु र सबै विकाररूप जगत्को सृष्टि गर्नु जस्ता कुरा परमात्मालाई आनन्दमय नमानेको पक्षमा नितान्त नै घट्न सक्दैन । तसर्थ आनन्दमय भनेको परमात्मा नै हो, जीव होइन ।।१६।।

ब्रह्मसूत्रम् - भेदव्यपदेशाच्च १/१/१७

सूत्रार्थ - **भेदव्यपदेशात्** = संसारी जीव र आनन्दमयको भेद देखाएकोबाट, **च**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

= पनि संसारी आनन्दमय होइन ।

शाङ्करभाष्यम्

इतश्च नानन्दमयः संसारी । यस्मादानन्दमयाधिकारे – **'रसो वै सः । रसꣳह्येवायं लब्ध्वाऽऽनन्दीभवति'** (तै० २/१) इति जीवानन्दमयौ भेदेन व्यपदिशति । नहि लब्धैव लब्धव्यो भवति । कथं तर्हि, **'आत्मान्वेष्टव्यः, आत्मलाभान्न परं विद्यते'** इति श्रुतिस्मृती? यावता न लब्धैव लब्धव्यो भवतीत्युक्तम् । बाढम्, तथाप्यात्मनोऽप्रच्युतात्मभावस्यैव सतस्तत्त्वानवबोधनिमित्तो मिथ्यैव देहादिष्वनात्मत्स्वात्मत्वनिश्चयो लौकिको दृष्टः। तेन देहादिभूतस्यात्मनोऽप्यात्मानन्विष्टोऽन्वेष्टव्योऽलब्धो लब्धव्योऽश्रुतः श्रोतव्योऽमतो मन्तव्योऽविज्ञातो विज्ञातव्य इत्यादिभेदव्यपदेश उपपद्यते । प्रतिषिध्यत एव तु परमार्थतः सर्वज्ञात्परमेश्वरादन्यो द्रष्टा श्रोता वा **'नान्योऽतोऽस्तिद्रष्टा'**(बृ० ३/७/२३) इत्यादिना। परमेश्वरस्त्वविद्याकल्पिताच्छारीरात्कर्तुर्भोक्तुर्विज्ञानात्माख्यादन्यः । यथा मायाविनश्चर्मखड्गधरात्सूत्रेणाकाशमधिरोहतः स एव मायावी परमार्थरूपो भूमिष्ठोऽन्यः। यथा वा घटाकाशादुपाधिपरिच्छिन्नादनुपाधिपरिच्छिन्न आकाशोऽन्यः। ईदृशञ्च विज्ञानात्मपरमात्मभेदमाश्रित्य **'नेतरोऽनुपपत्तेः, भेदव्यपदेशाच्च'** इत्युक्तम् ।।१७।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **संसारी** = संसारी जीव, **न आनन्दमयः** = आनन्दमय होइन, **यस्मात्** = जसबाट कि, **आनन्दमयाधिकारे** = आनन्दमयको अधिकाररूप प्रकरणमा, **सः वै** = त्यो आनन्दमय निश्चय, **रसः** = रस हो, **रसम् एव** = त्यो रसलाई नै, **लब्ध्वा** = पाएर, **अयम्** = यो संसारी, **आनन्दी** = आनन्दवाला, **भवति** = हुन्छ भन्ने, **इति** = यो श्रुति, **जीवानन्दमयौ** = जीव र आनन्दमयलाई, **भेदेन** = भेदरूपले, **व्यपदिशति** = बताउँछ, **हि** = निश्चय, **लब्धा एव** = पाउनेवाला नै अर्थात् कर्ता, **लब्धव्यः** = पाउनु योग्य अर्थात् कर्म, **न भवति** = हुँदैन, **तर्हि** = त्यसो भए, **आत्मा** = आफ्नो आत्मा, **अन्वेष्टव्यः** = खोज्नु योग्य छ, **आत्मलाभात्**= आत्मा (आफू)लाई पाउनु भन्दा, **परम्** = श्रेष्ठ अर्को, **न विद्यते** = छैन भन्ने, **इति**= यस्तो रूपका, **श्रुतिस्मृती** = श्रुति र स्मृति, **कथम्** = कसरी, के रूपले छन् त; **यावता** = जब कि, **लब्धा एव** = पाउने (कर्ता), **लब्धव्यः**= पाउनु योग्य (कर्म) **न भवति इति** = हुन्न भनेर, **उक्तम्** = भनियो, **बाढम्** = खुबै भन्यौ, **तथापि** = तै पनि, **अप्रच्युतात्मभावस्य सतः** = आफ्नो स्थितिबाट वास्तवमा नखस्केर रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एव = नै, **आत्मनः** = आत्माको, **तत्त्वानवबोधनिमित्तः** = आफ्नो यथार्थ स्वरूपको बोध नहुनुबाट भएको, **देहादिषु** = देह इन्द्रिय आदि, **अनात्मसु** = अचेतन समूहमा, **आत्मत्वनिश्चयः** = आत्मा हो भन्ने निश्चय, **लौकिकः** = लोकव्यवहारमा चलेको, **दृष्टः** = देखिएको छ र, **तेन** = त्यसकारणले, **देहादिभूतस्य** = देहाभिमानी बनेका, **आत्मनः** = आत्माको, **अपि** = फेरि, **अनन्विष्टः** = नखोजिएको आत्मा, **अन्वेष्टव्यः**= खोज्नु योग्य छ, **अलब्धः** = नपाएको जस्तो, **लब्धव्यः** = पाउनु योग्य छ, **अश्रुतः**= नसुनेको जस्तो, **श्रोतव्यः** = सुन्नु योग्य छ, **अमतः** = मनन नगरिएको जस्तो, **मन्तव्यः** = मनन गर्नु योग्य छ, **अविज्ञातः** = नजानिएको जस्तो, **विज्ञातव्यः** = जान्नु योग्य छ भन्ने, **इत्यादिभेदव्यपदेशः** = इत्यादि रूपले भेद देखाउने कुरा, **उपपद्यते** = ठीक हुन आउँछ, **परमार्थतः तु** = परमार्थ (वास्तविक) रूपबाट त, **सर्वज्ञात् परमेश्वरात्** = सर्वज्ञ परमेश्वरभन्दा, **अन्य** = अर्को अलग, **द्रष्टा** = द्रष्टा (देख्ने जान्ने) र, **वा** = अथवा, **श्रोता** = सुन्ने वाला, **प्रतिषिध्यते एव** = निषेध गरिन्छ नै अर्थात्, **अतः** = यो आत्माभन्दा, **अन्यः** = अर्को अलग, **न अस्ति** = छैन भन्ने, **इत्यादि** = इत्यादि श्रुतिद्वारा, **परमेश्वरस्तु** = परमेश्वर त, **अविद्याकल्पितात्**= अविद्या (अज्ञान) द्वारा कल्पित भएका, **कर्तुः** = कर्तारूप, **भोक्तुः** = भोक्तारूप, **शारीरात्** = शरीरमा हुने, रहने, **विज्ञानात्माख्यात्** = विज्ञानात्मा भनिएका जीवदेखि, **अन्यः** = अलग हो, **यथा** = जस्तै, **मायाविनः** = माया जान्ने, **चर्मखड्गधरात्** = ढाल र तरबार लिने, **सूत्रेण** = डोरोद्वारा, **आकाशम्** = आकाशमा, **अधिरोहतः** = चढ्नेभन्दा, **सः एव** = त्यही नै, **भूमिष्ठः** = भूइँमा बसेको, रहेको, **मायावी** = माया जान्ने, **परमार्थरूपः**= वास्तवरूपी, **अन्यः**= अलग, अर्को हो, **वा** = अथवा, **यथा**= जस्तै, **उपाधिपरिच्छिन्नात्** = उपाधिद्वारा परिच्छिन्न भएका, **घटाकाशात्** = घटको आकाश भन्दा, **अनुपाधिपरिच्छिन्नः** = उपाधिले परिच्छिन्न नभएको, **आकाशः** = आकाश, **अन्य** = अर्को छ, **ईदृशञ्च** = यस्तै पनि, अवास्तविक; **विज्ञानात्मपरमात्मभेदम्** = विज्ञानात्मा र परमात्माको भेद, **आश्रित्य** = अंगालेर, **नेतरोऽनुपपत्तेः, भेदव्यपदेशाच्च** = यी २ सूत्र हुन् भन्ने कुरा, **उक्तम्** = भनियो ।

विशदीकरण

आनन्दमयको प्रकरणमा 'त्यो आनन्दमय रस हो, त्यही रसलाई प्राप्त गरेर नै संसारी जीव आनन्दवाला हुन्छ' भनेर विज्ञानात्मा (जीव) र आनन्दमय (परमात्मा) अलग-रूपमा श्रुतिले देखाएको हुनाले पनि आनन्दमय भनेर संसारी (जीव) लाई भन्न (मान्न) उचित हुँदैन । फेरि पाउनेवाला पाइने वस्तु हुन सक्दैन अर्थात् कर्ता नै कर्म हुन सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ पाइने वस्तु रसरूप आनन्दमय हो र पाउनेवाला विज्ञानात्मा जीव हो, यी दुई एक हुनसक्दैनन् ।

यहाँ एउटा शङ्का हुन्छ– पाउने वाला पाइने वस्तु हुँदैन भन्ने हो भने 'आत्मालाई खोज्नु योग्य छ र आत्मलाभभन्दा श्रेष्ठ केही छैन' भनेर श्रुति र स्मृतिले कसरी भन्न सक्दछन् त ? किनकि आत्मलाभ भनेको आफूलाई आफैले नै पाउनु हो । त्यसैले पाउने र पाइने एकै किन नहुनु ? यस शङ्काको उत्तररूपमा भनिन्छ – यो भनाइ निकै ठीक जस्तो देखिन्छ तापनि, वास्तवमा आफ्नो खास स्थितिबाट च्युत नभएको आत्मालाई यथार्थरूपमा नजानेको कारणबाट देह, इन्द्रिय आदि अचेतनसमूहमा आत्मभावको निश्चय गर्ने प्रक्रिया लोकव्यवहारमा देखिएको प्रत्यक्ष नै छ । त्यस किसिमको अज्ञानवश भूलेको, नपाएको जस्तो आफ्नो आत्मालाई पाउने जस्तो गरी, नसुनेको जस्तोलाई सुने जस्तो गरी, मनन नगरेको लाई मनन गरेको जस्तो गरी र नजानेकोलाई जानेको जस्तो गर्ने रूपको भेद देखाएको मात्र हुनाले आफूले आफूलाई खोज्नु भनेको हो ।

वास्तविक परमार्थदृष्टिले त सर्वज्ञ परमेश्वरभन्दा अलग कुनै ज्ञाता, श्रोता छैन । यदि छ भने त्यो परमात्मा नै हो भनेर 'अर्को अलग द्रष्टा, श्रोता छैन' भन्ने रूप श्रुतिले द्वैतको निषेध गरेका हुनाले भेदको कुनै शङ्का रहँदैन । वास्तवमा अज्ञानद्वारा कल्पित भएको शरीरमा अहन्ता भएको आफूलाई कर्ता, भोक्ता सम्झने संसारी जीवभन्दा वास्तविक रूपको परमेश्वर अलग नै हुन्छ । जस्तो कि – इन्द्रजाल गर्ने मायावीले आफू भूइँमा वास्तविक आफ्नो स्वरूप रहेर नै आफू जस्तै मायाद्वारा रचेको डोरीबाट हातमा ढाल र तरबार लिएर आकाशमा चढ्न खोज्ने आफ्नै स्वरूपको अर्को अलग पुरुष देखाएको हुन्छ ।

जस्तै– गाग्राभित्र उपाधिले परिच्छिन्न भएको आकाशभन्दा कुनै उपाधिले परिच्छिन्न नभएको महाकाश अलग हुन्छ । त्यस्तै अवास्तविक भेदलाई लिएर मात्र संसारी जीव आनन्दमय हुन सक्दैन भनेर **नेतरोऽनुपपत्तेः** र **भेदव्यपदेशाच्च** भन्ने सूत्रले भनेको हो, वास्तविक भेद मानेर होइन ।।१७।।

ब्रह्मसूत्रम् - कामाच्च नानुमानापेक्षा १/१/१८

सूत्रार्थ - कामात् = इच्छाबाट, **च** = पनि, **अनुमानापेक्षा** = साङ्ख्यकल्पित अचेतन प्रधानसम्बन्धी अनुमानको अपेक्षा, **न** = हुँदैन ।

शाङ्करभाष्यम्

आनन्दमयाधिकारे च **'सोऽकामयत बहु स्यां प्रजायेय'** (तै० २/६) इति कामयितृत्वनिर्देशान्नानुमानिकमपि साङ्ख्यपरिकल्पितमचेतनं प्रधानमानन्दमयत्वेन कारणत्वेन वाऽपेक्षितव्यम् । **'ईक्षतेर्नाशब्दम्'** (ब्र.सू० १/१/५) इति निराकृतमपि प्रधानं पूर्वसूत्रोदाहृतां कामयितृत्वश्रुतिमाश्रित्य प्रसङ्गात् पुनर्निराक्रियते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतिसामान्यप्रपञ्चनाय ।।१८।।

नेपालीभाषानुवाद

आनन्दमयाधिकारे = त्यही आनन्दमयको अधिकाररूप प्रकरणमा, **च** = पनि, **सः** = त्यो सत्‌ले, **अकामयत** = इच्छा गऱ्यो कि, **बहु स्याम्** = धेरै होऊँ, **प्रजायेय** = उत्पन्न होऊँ भन्ने, **इति** = यसरूपले, **कामयितृत्वनिर्देशात्** = त्यो आनन्दमयलाई इच्छा गर्ने भनेर निर्देश गरेकोबाट, **आनुमानिकम्** = अनुमान गरिएको वा स्मृतिले बताएको, **साङ्ख्यपरिकल्पितम्** = साङ्ख्यले कल्पना गरेको, **अचेतनम्**= जड, **प्रधानम् अपि** = प्रधान पनि, **आनन्दमयत्वेन** = आनन्दमय भनेर र, **वा** = अथवा, **कारणत्वेन** = जगत्कारण भनेर पनि, **न अपेक्षितव्यम्** = अपेक्षा राख्नु योग्य छैन, **ईक्षतेर्नाशब्दम् इति** = 'ईक्षतेर्नाशब्दम्' भन्ने यो सूत्रमा, **निराकृतम् अपि** = खण्डन गरिएको पनि, **प्रधानम्** = प्रधान, **पूर्वसूत्रोदाहृताम्** = अगाडिको सूत्रले उदाहरण दिएको, **कामयितृत्वश्रुतिम्** = जगत्कारण (आनन्दमय) ले इच्छा गरेको कुरा बताउने श्रुतिलाई, **आश्रित्य** = अंगालेर, **प्रसङ्गात्** = प्रसङ्गबाट, **गति-सामान्यप्रपञ्चनाय** = वेदान्तवाक्यहरूको एकमुख रूपले गति भएको बताउन, **पुनः** = फेरि, **निराक्रियते** = खण्डन गरिन्छ ।

विशदीकरण

त्यही आनन्दमय कै अधिकाररूप प्रकरणमा 'त्यो आनन्दमयले इच्छा गऱ्यो' भनेर इच्छा गर्ने रूपमा आनन्दमयलाई निर्देश गरिएको छ । तसर्थ साङ्ख्यस्मृतिले अनुमानद्वारा अठोट गरेको जड प्रधान, आनन्दमय हो वा त्यो जगत्कारण हो भनेर खोजी र चासो लिनुपर्ने कुरा पनि छैन ।

हुन त '**ईक्षतेर्नाशब्दम्**' भन्ने सूत्रमा नै जड प्रधानको खण्डन गरिएको थियो तापनि, '**नेतरोऽनुपपत्तेः**' भन्ने सूत्रद्वारा उदाहरण दिइएको 'इच्छा गर्ने' भन्ने श्रुतिलाई लिएर प्रसङ्गवशात् वेदान्तवाक्यहरू एकमुख भएर चेतनलाई कारण बताउँछन् भन्ने कुराको विस्तार निमित्त फेरि पनि प्रधानको खण्डन गरिन्छ।।१८।।

ब्रह्मसूत्रम् - अस्मिन्नस्य च तद्योगं शास्ति   १/१/१९

सूत्रार्थ - '**यदा ह्येवैष**' इत्यादि श्रुतिले, **अस्मिन्** = यस प्रकृत आनन्दमय आत्मामा, **अस्य** = प्रतिबुद्ध जीवको, **तद्योगम्** = तद्भावापत्तिमुक्तिको, **शास्ति** = उपदेश गर्दछ, यसैले जीव अथवा प्रधान आनन्दमय होइन, किन्तु आनन्दमय त परमात्मामात्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

इतश्च न प्रधाने जीवे वानन्दमयशब्दः। यस्मादस्मिन्नानन्दमये प्रकृत आत्मनि प्रतिबुद्धस्यास्य जीवस्य तद्योगं शास्ति। तदात्मना योगस्तद्योगः, तद्भावापत्तिः, मुक्तिरित्यर्थः । तद्योगं शास्ति शास्त्रम्। **'यदा ह्येवैष एतस्मिन्नदृश्येऽनात्म्येऽनिरुक्तेऽनिलयनेऽभयं प्रतिष्ठां विन्दते । अथ सोऽभयं गतो भवति । यदा ह्येवैष एतस्मिन्नुदरमन्तरं कुरुते। अथ तस्य भयं भवति'** (तै० २/७) एतदुक्तं भवति- यदैतस्मिन्नानन्दमयेऽल्पमप्यन्तरमतादात्म्यरूपं पश्यति तदा संसारभयान्न निवर्तते । यदा त्वेतस्मिन्नानन्दमये निरन्तरं तादात्म्येन प्रतितिष्ठति तदा संसारभयान्निवर्तत इति । तच्च परमात्मपरिग्रहे घटते, न प्रधानपरिग्रहे जीवपरिग्रहे वा । तस्मादानन्दमयः परमात्मेति स्थितम् ।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **प्रधाने** = प्रधानमा र, **वा** = अथवा, **जीवे** = जीवमा, **आनन्दमयशब्दः** = आनन्दमय भन्ने शब्द, **न** = भनिदैन, **यस्मात्** = जसबाट कि, **प्रकृते** = सुरुको, **अस्मिन्** = यो, **आनन्दमये** = आनन्दमय भन्ने, **आत्मनि** = आत्मा (ब्रह्म) मा, **प्रतिबुद्धस्य** = स्वरूपको बोध भएका, **अस्य जीवस्य** = यो जीवको, **तत् योगम्** = त्यही रूपले योग हुने कुरा, **शास्ति** = श्रुति उपदेश गर्छ, **तदात्मना** = त्यही आनन्दमयका स्वरूपले, **योगः** = मिल्नु, एक हुनु, **तद् योगः** = तद् योग भनेको हो, **तद्भावापत्तिः** = त्यो जस्तो छ त्यस्तै हुनु अर्थात्, **मुक्तिः इति अर्थः** = मुक्ति भन्ने अर्थ हो, **तद् योगम्** = तद् योगलाई, **शास्त्रम्** = शास्त्र (श्रुति) द्वारा, **शास्ति** = बताइने रूपले शिक्षा गर्दछ, जस्तै, **हि** = निश्चय, **यदा** = जब, जुन बखत, **एव** = नै, **एषः**= यो जीव, **एतस्मिन्** = यो, **अदृश्ये** = दृश्यरहित, **अनात्म्ये** = आफूमा अध्यस्त वस्तुसँग तादात्म्य नभएको, **अनिरुक्ते** = भूत सूक्ष्मसँग अभेद नभएको, **अनिलयने** = मायाले शून्य, आनन्दमयरूप ब्रह्म, **अभयम्** = भयरहित, **प्रतिष्ठाम्** = स्थितिलाई, **विन्दते** = प्राप्त गर्छ, **अथ** = अनि, **सः** = त्यो जीव, **अभयम्**= अभयमा, **गतः** = पुगेको, **भवति** = हुन्छ, **हि** = निश्चय, **यदा** = जुन बखत, **एव** = नै, **एषः** = यो जीव, **एतस्मिन्** = यसमा, **अरम्** = थोरै, **उत्** = पनि, **अन्तरम्** = भेद, **कुरुते** = गर्दछ, **अथ** = अनि, **तस्य** = त्यसको लागि, **भयम्**= डर, **भवति** = हुन्छ, **एतत् उक्तम् भवति** = भनाइ यो हुन्छ कि, **यदा**= जुन बखत, **एतस्मिन्** = यो, **आनन्दमये** = आनन्दमयमा, **अल्पम् अपि** = थोरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि, **अतादात्म्यरूपम्** = आनन्दमयसँग तादात्म्य नभएको रूपको, **अन्तरम्** = भेद (द्वैत), **पश्यति** = देख्छ, गर्छ, **तदा** = त्यस बेला, **संसारभयात्** = संसारबाट हुने वा संसाररूप डरबाट, **न निवर्तते** = हट्दैन, छुट्दैन, **यदा तु** = जब त, **एतस्मिन् आनन्दमये** = यो आनन्दयमयमा, **तादात्म्येन** = त्यही रूपले, **प्रतितिष्ठति**= प्रतिष्ठा प्राप्त गर्छ, थितिन्छ, **तदा** = त्यस बखत, **संसारभयात्** = संसारको भयबाट, **निवर्तते इति** = हट्छ, छुट्छ भन्ने, **तत् च** = त्यो कुरा पनि, **परमात्मपरिग्रहे** = आनन्दमय भनेर परमात्मालाई लिएमा, **घटते** = मिल्न सक्दछ, **प्रधानपरिग्रहे** = जीवलाई लिएमा, **न** = मिल्न सक्दैन, **तस्मात्** = त्यसकारणबाट, **आनन्दमयः** = आनन्दमय भनेको, **परमात्मा इति** = परमात्मा हो भन्ने कुरा, **स्थितम्** = सिद्ध भयो।

विशदीकरण

यसपछि पनि विचार गर्दा प्रधान र जीवमा आनन्दमय शब्द लागू हुन सक्दैन । किनभने यही सुरुको आनन्दमय आत्मालाई लक्ष्य गरेर नै आफ्नो स्वरूपको यथार्थ बोध भएको जीव यही आनन्दमयसँग अभिन्नरूपले मिल्ने कुरा श्रुतिले बताउँछ । जस्तै- जुन बेला यो जीव अदृश्य तथा आफूमा अध्यस्त वस्तुसँग अभेदरहित, त्यस्तै भूतसूक्ष्म तन्मात्रासँग अभेदरहित र मायाशून्य आनन्दमयमा अभयरूपले प्रतिष्ठित रहन्छ, त्यस बेला त्यो निर्भय हुन्छ ।

जुन बखत यस जीवले आनन्दमयमा अलिकति पनि भेद देख्दछ, त्यस बेला उसलाई डर हुन्छ। भनाइले पनि यो कुरा स्पष्ट हुन्छ कि- यो आनन्दमयमा अलिकति पनि भेद देख्दासम्म संसारको डर हराउँदैन । अभेदरूपले त्यसमा थितिएपछि निर्भय (मुक्त) हुन्छ भन्ने कुरा आनन्दमय भनेर परमात्मालाई लिएमा मात्र मिल्न आउँछ, प्रधान र जीवलाई लिएमा आउँदैन । अतः आनन्दमय भनेको परमात्मा नै हो भन्ने कुरा ठहर हुन आउँछ ।

शाङ्करभाष्यम्

इदन्त्विहवक्तव्यम् - '**स वा एष पुरुषोऽन्नरसमयः । तस्माद्वा एतस्मादन्नरसमयादन्योऽन्तर आत्मा प्राणमयः तस्मात् अन्योऽन्तर आत्मा मनोमयः तस्मात् अन्योऽन्तर आत्मा विज्ञानमयः**' (तै० २/१-४) इति च विकारार्थे मयट्प्रवाहे सत्यानन्दमय एवाकस्मादर्धजरतीयन्यायेन कथमिव मयटः प्राचुर्यार्थत्वं ब्रह्मविषयत्वञ्चाश्रियत इति ? मान्त्रवर्णिकब्रह्माधिकारादिति चेत् - न, अन्नमयादीनामपि तर्हि ब्रह्मत्वप्रसङ्गः । अत्राह- युक्तमन्नमयादीनामब्रह्मत्वम्, तस्मात्तस्मादान्तरस्यान्तरस्यान्यस्यान्यस्यात्मन उच्यमानत्वात्, आनन्दमयात्तु न कश्चिदन्य आन्तर आत्मोच्यते, तेनानन्दमयस्य ब्रह्मत्वम्, अन्यथा प्रकृतहानाप्रकृत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रक्रियाप्रसङ्गादिति ।

नेपालीभाषानुवाद

इह = यहाँ, **तु** = त, **इदम्** = यो कुरा, **वक्तव्यम्** = भन्नु छ, के भने, **वा** = प्रसिद्ध, **सः एषः** = त्यो यो, **पुरुषः** = पुरुष (आत्मा), **अन्नरसमयः** = अन्न रसमय (शरीररूप) छ, **वा** = अथवा, **तस्मात् एतस्मात्** = त्यो यो, **अन्नरसमयात्** = अन्नरसमय भन्दा, **अन्यः** = अर्को, **अन्तरः** = भित्रको वा पछिल्लो, **प्राणमयः** = प्राणमय, **आत्मा** = आत्मा छ, **तस्मात्** = त्यस भन्दा, **अन्यः** = अर्को, **अन्तरः** = भित्रको वा पछिल्लो, **मनोमयः** = मनोमय, **आत्मा** = आत्मा छ, **तस्मात्** = त्यो भन्दा, **अन्यः** = अर्को, **विज्ञानमयः** = विज्ञानमय, **आत्मा** = आत्मा छ भन्ने, **इति च** = यस्तो पनि, **विकारार्थे** = विकार भन्ने अर्थमा, **मयट्प्रवाहे** = मयट् प्रत्ययको धारा, **सति** = भएमा, **आनन्दमय एव** = आनन्दमयमात्र, **अकस्मात्** = एक्कासी, **अर्धजरतीयन्यायेन** = अर्धजरतीय न्यायले (कुनै युवतीका शरीरको आधा अङ्ग वैंशालूको जस्तो र आधा अङ्ग बूढीको जस्तो दृष्टान्त प्रयोग गरिने न्यायले), **कथम् इव** = कसरी, **मयटः** = मयट् प्रत्ययको, **प्राचुर्यार्थत्वम्** = धेरै भन्ने अर्थ र, **ब्रह्मविषयत्वम्** = ब्रह्मलाई बुझाउने कुरा, **च** = पनि, **आश्रियते** = अंगालिन्छ, **मान्त्रवर्णिकब्रह्माधिकारात्** = मन्त्रवर्णबाट आएको ब्रह्मको प्रकरण हुनाले भन्ने, **इति चेत्** = यस्तो भन्छौ, मान्छौ भने, **न** = त्यो हुँदैन किनकि, **तर्हि** = त्यसो भए त, **अन्नमयादीनाम्** = अन्नमय आदिको, **अपि** = पनि सो प्रकरणमा उल्लेख भएकाले, **ब्रह्मत्वप्रसङ्गः** = ब्रह्म हुने कुरा पर्न आउला, **अत्र** = यहाँ यस विषयमा, **आह** = भन्दछन्, **अन्नमयादीनाम्** = अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयको, **अब्रह्मत्वम्** = ब्रह्म नहुनु, **युक्तम्** = ठीक छ किनकि, **तस्मात् तस्मात्** = त्यही त्यही अन्नमयादि भन्दा, **आन्तरस्य आन्तरस्य** = पछिल्ला पछिल्ला, **अन्यस्य अन्यस्य** = अर्को अर्को, **आत्मनः** = आत्माको, **उच्यमानत्वात्** = बताइने हुनाले, **आनन्दमयात् तु** = आनन्दमयभन्दा त, **कश्चित्** = कुनै, **अन्यः** = अर्को, **आन्तरः**= पछिल्लो, **आत्मा** = आत्मा, **न उच्यते** = बताइँदैन, **तेन** = त्यसकारणले, **आनन्दमयस्य** = आनन्दमयको त, **ब्रह्मत्वम्** = ब्रह्मत्व सिद्ध हुन्छ, **अन्यथा** = यस्तो नभए (नमाने) मा, **प्रकृतहानाप्रकृतप्रसङ्गात्** = सुरुलाई छोडेर सुरु नगरेको कुरा लिनु रूप दोष आउने हुनाले ।

विशदीकरण

'अन्न रसमय त्यो यो पुरुष हो, त्यो भन्दा पर प्राणमय हो, त्यो भन्दा पर मनोमय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो, त्यो भन्दा पर विज्ञानमय हो' भन्ने यस रूपले अन्नमय, प्राणमय, मनोमय र विज्ञानमय समेत सबैमा विकारअर्थ वाची मयट् प्रत्यय छँदाछँदै एक्कासी आनन्दमयमा मात्र अर्धजरतीय न्याय (कुनै युवतीका शरीरको आधा अङ्ग बैंसालूको जस्तो र आधा अङ्ग बूढीको जस्तो दृष्टान्त प्रयोग गरिने न्यायले) धेरै भन्ने अर्थमा मयट् प्रत्यय भएको र त्यसलाई ब्रह्म मान्ने कुरा समेत कसरी हुन सक्दछ भन्ने शङ्का भएमा उत्तररूपमा भनिन्छ ।

मन्त्रवर्णबाट आएको आनन्दमय शब्द ब्रह्मप्रकरणभित्र परेकाले ब्रह्म हो भनौं भने- अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयहरू पनि ब्रह्मप्रकरणभित्रैका हुनाले तिनको समेत ब्रह्मत्व सिद्ध हुन आउला, जो कि ठूलो अनिष्ट हो । फेरि अन्नमय आदिभन्दा पल्लो-पल्लो अर्को-अर्को आत्मा बताउँदै लगेको हुनाले अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयलाई ब्रह्म नमान्नु ठीक कुरा हो । आनन्दमयभन्दा पछि अर्को कुनै आत्मा नबताइएकोले पनि त्यो आनन्दमय त ब्रह्म नै हो, जीव र प्रधानादि होइन । यो कुरा नमान्ने हो भने प्रकृत (उठान गरेको) लाई छोडेर अप्रकृत (उठान नगरेको) लाई लिने जस्तो दोष आउने हुनाले आनन्दमयको ब्रह्मत्व नै सिद्ध हुन आउँछ ।

शाङ्करभाष्यम्

अत्रोच्यते- यद्यप्यन्नमयादिभ्य इवानन्दमयादन्योऽन्तर आत्मेति न श्रूयते, तथापि नानन्दमयस्य ब्रह्मत्वम्, यत आनन्दमयं प्रकृत्य श्रूयते- **'तस्य प्रियमेव शिरः । मोदो दक्षिणपक्षः । प्रमोद उत्तरपक्षः । आनन्द आत्मा । ब्रह्म पुच्छं प्रतिष्ठा'** (तै० २/५) इति। तत्र यद् ब्रह्म मन्त्रवर्णे प्रकृतम् - **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** इति तदिह **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इत्युच्यते । तद् विजिज्ञापयिष- यैवान्नमयादय आनन्दमयपर्यन्ताः पञ्च कोशाः कल्प्यन्ते । तत्र कुतः प्रकृत- हानाऽप्रकृतप्रक्रिया प्रसङ्गः ? नन्वानन्दमयस्यावयवत्वेन **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इच्युच्यते, अन्नमयादीनामिव **'इदं पुच्छं प्रतिष्ठा'** इत्यादि । तत्र कथं ब्रह्मणः स्वप्रधानत्वं शक्यं विज्ञातुम्? प्रकृतत्वादिति ब्रूमः । नन्वानन्दमयावयवत्वेनापि ब्रह्मणि विज्ञायमाने न प्रकृतत्वं हीयते, आनन्दमयस्य ब्रह्मत्वादिति । अत्रोच्यते-

नेपालीभाषानुवाद

अत्र = यहाँ यस विषयमा, **उच्यते** = भनिन्छ, **यद्यपि** = हुन त, **अन्नमयादिभ्यः** = अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयभन्दा, **इव** = झैं, **आनन्दमयात्** = आनन्दमयभन्दा, **अन्तरः** = पछिल्लो, **अन्यः** = अर्को, **आत्मा** = आत्मा छ भन्ने, **इति** = यस्तो, **न श्रूयते** = सुनिदैन, **तथापि** = तै पनि, **आनन्दमयस्य** = आनन्दमयको, **न ब्रह्मत्वम्** = ब्रह्मत्व सिद्ध हुँदैन, **यतः** = यसकारणबाट कि, **आनन्दमयम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दमयलाई, **प्रकृत्य** = उठान गरेर, **श्रूयते** = सुनिन्छ, के भने; **तस्य** = त्यो आनन्दमयको, **प्रियम्** = प्रियवस्तु, **एव** = नै, **शिरः** = शिर हो, **मोदः** = त्यसलाई देख्नुबाट भएको मोद, **दक्षिणः** = दाँहिने, **पक्षः** = पखेटा हो, **प्रमोदः**= त्यसलाई पाउनुबाट भएको प्रमोद, **उत्तरः** = बायाँ, **पक्षः** = पखेटा हो, **आनन्दः** = उसबाट भएको आनन्द, **आत्मा** = आत्मा हो, **ब्रह्म** = ब्रह्म, **पुच्छम्** = पुच्छर र, **प्रतिष्ठा** = प्रतिष्ठा (स्थिति) हो भन्ने, **इति** = यस्तो, **तत्र** = त्यहाँ, **यद् ब्रह्म** = जुन ब्रह्म, **सत्यं ज्ञानम् अनन्तम् इति** = सत्य ज्ञान अनन्त भनेर, **मन्त्रवर्णे** = उठान गरिएको थियो, **तत्** = त्यही ब्रह्म, **इह** = यहाँ, **ब्रह्म पुच्छं प्रतिष्ठा इति** = ब्रह्म पुच्छर हो र स्थिति हो भनेर, **उच्यते** = भनिन्छ, **तद् विजिज्ञापयिषया** = त्यही ब्रह्मलाई बुझाउनुको इच्छाले, **एव** = नै, **अन्नमयादयः** = अन्नमय आदि गरिएका, **आनन्दमयपर्यन्ताः**= आनन्दमयसम्मका, **पञ्चकोशाः** = पाँच कोशहरू, **कल्प्यन्ते** = कल्पित हुन्छन्, **तत्र** = त्यहाँ, **प्रकृतहानाप्रकृतप्रक्रियाप्रसङ्गः** = उठान गरेकालाई छाड्नु र उठान नगरेकालाई लिनु रूप दोषको प्रसङ्ग, **कुतः** = कसरी हुन्छ, **ननु** = फेरि शङ्का हुन्छ, **आनन्दमयस्य** = आनन्दमयको, **अवयवत्वेन** = अवयवरूपले, **ब्रह्म पुच्छं प्रतिष्ठा इति** = ब्रह्म पुच्छर हो, स्थिति हो भनेर; **उच्यते** = भनिन्छ जस्तै, **इदं पुच्छं प्रतिष्ठा इत्यादि** = यो पुच्छर हो, प्रतिष्ठा हो भन्ने इत्यादि; **अन्नमयादीनाम् इव** = अन्नमय आदिको जस्तै, अनि; **तत्र** = त्यहाँ, **ब्रह्मणः** = ब्रह्मको, **स्वप्रधानत्वम्** = आनन्दमयको अवयवरूपले नभएर आफै मुख्यरूपले बताइएको भन्ने, **विज्ञातुम्** = जान्न, **कथम् शक्यम्** = कसरी सकिन्छ, **प्रकृतत्वात्** = सुरुमा ब्रह्मलाई उठान गरेर भनिएकोबाट सकिन्छ भन्ने, **इति** = यस्तो, **ब्रूमः** = भन्छौं, **ननु** = शङ्का, **आनन्दमयावयवत्वेन**= आनन्दमयको अवयवरूपले, **अपि** = पनि, **ब्रह्मणि** = ब्रह्म, **विज्ञायमाने** = जानिएमा, **प्रकृतत्वम्** = सुरुमा उठान गरिनु जो हो, त्यो, **न हीयते** = छाडिदैन किनकि, **आनन्दमयस्य** = आनन्दमयको, **ब्रह्मत्वात्** = ब्रह्मत्व सिद्ध हुनाले भन्ने, **इति** = यस्तो शङ्का हुन्छ र, **अत्र** = यहाँ, **उच्यते** = उत्तररूपमा भनिन्छ ।

विशदीकरण

अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयको रूपमा भनेर आनन्दमयदेखि पछि अर्को आत्मा नबताइए तापनि, परन्तु आनन्दमय ब्रह्म हो भन्ने कुरा कदापि सिद्ध हुन सक्दैन। किनकि त्यही आनन्दमयलाई उठान गरेर सुनिन्छ – 'त्यो आनन्दमयको प्रियवस्तु शिर हो, त्यो वस्तु देखेर हुने मोद दाहिने पखेटा हो, त्यो वस्तु पाएर हुने प्रमोद बाँया पखेटा हो, आनन्द आत्मा हो, ब्रह्म पुच्छर हो, त्यही प्रतिष्ठा (स्थिति) हो' भन्ने इत्यादि । सुरुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रवर्णमा जुन ब्रह्मलाई सत्य, ज्ञान र अनन्त भनेर उठान गरिएको हो त्यही ब्रह्म नै यहाँ **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भनेर भनिएको हो ।

त्यही ब्रह्मलाई सम्झाउनु निमित्त नै अन्नमयदेखि लिएर आनन्दमयसम्मका पाँचकोशहरू कल्पना गरिएका हुनाले उठान गरिएकै ब्रह्मलाई लिइएको हुनाले उठान गरेकालाई छाड्नु र उठान नगरेको लाई लिनु रूप दोष कसरी आउन सक्ला ? फेरि अन्नमयादिको जस्तै 'यो पुच्छ हो, यही प्रतिष्ठा हो' भने जस्तै आनन्दमयको अवयवरूपले मात्र **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भनेकोले ब्रह्म आनन्दमयको अवयवरूप यो हुन्छ र ? कसैको अवयवरूप नभई स्वप्रधान रूपले बताइएको भन्ने कसरी जान्न सकिन्छ ? भन्ने शङ्का हुन्छ । तापनि त्यसको उत्तररूपमा हामी भन्दछौं – सुरुमा ब्रह्मको नै उठान गरेकोले त्यसैबाट ब्रह्म यहाँ स्वप्रधान छ । अर्को कुरा आनन्दमयको अवयवरूपले ब्रह्म जानिए पनि सुरुको उठान ब्रह्म हो भन्ने कुरा छाडिदैन, किनभने आनन्दमय ब्रह्म हुनाले भन्ने शङ्का भएमा पूर्वपक्षी यसको उत्तरमा भन्दछ ।

शाङ्करभाष्यम्

तदेव ब्रह्मानन्दमय आत्मावयवी, तदेव च ब्रह्म पुच्छं प्रतिष्ठावयव इत्यसामञ्जस्यं स्यात् । अन्यतरपरिग्रहे तु युक्तं **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इत्यत्रैव ब्रह्मनिर्देश आश्रयितुम्, ब्रह्मशब्दसंयोगात्, नानन्दमयवाक्ये ब्रह्मशब्दसंयोगा-भावादिति । अपि च **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इत्युक्त्वेदमुच्यते- **'तदप्येष श्लोको भवति । असन्नेव स भवति । असद् ब्रह्मेति वेद चेत् । अस्ति ब्रह्मेति चेद् वेद । सन्तमेनं ततो विदुरिति'**(तै० २/६) अस्मिँश्च श्लोकेऽननुकृष्यानन्द-मयम्, ब्रह्मण एव भावाभाववेदनयोर्गुणदोषाभिधानाद् गम्यते **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इत्यत्र ब्रह्मण एव स्वप्रधानत्वमिति। न चानन्दमयस्यात्मनो भावाभावशङ्का युक्ता, प्रियमोदादिविशेषस्यानन्दमयस्य सर्वलोकप्रसिद्धत्वात् ।

नेपालीभाषानुवाद

तत् एव = त्यही नै, **आनन्दमय ब्रह्म** = आनन्दमय भनिएको ब्रह्म, **आत्मा**= आत्मा र **अवयवी** = अवयववाला, **तत् एव च** = त्यही नै पनि, **ब्रह्म** = ब्रह्म, **पुच्छम्** = पुच्छरूप र, **प्रतिष्ठा** = प्रतिष्ठारूप, **अवयव इति** = अवयव भन्ने कुरा; **असामञ्जस्यम्** = बेठीक हुन आउँछ, **अन्यतरपरिग्रहे तु** = आनन्दमयलाई ब्रह्मबाहेक मानेमा त, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति अत्र एव** = 'ब्रह्म पुच्छं प्रतिष्ठा' भन्ने यसमा नै, **ब्रह्मनिर्देशः** = ब्रह्मको निर्देश, **आश्रयितुम्** = आश्रय गर्न, **युक्तम्** = ठीक हुन्छ, **आनन्दमयवाक्ये** = आनन्दमयको वाक्यमा, **न** = हुँदैन किनकि, **ब्रह्मशब्द-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयोगाभावात् = ब्रह्मशब्दसँग संयोग नहुनाले, भन्ने; **इति** = यस प्रकारबाट, **अपि च** = फेरि पनि, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति उक्त्वा** = 'ब्रह्म पुच्छं प्रतिष्ठा' यस्तो भनेपछि; **इदम्** = यो कुरा, **उच्यते** = भनिन्छ, **तत् अपि** = त्यो पनि र, **एषः** = यो, **श्लोकः** = श्लोक (कथन), **भवति** = हुन्छ, **असत् एव** = असत् नै, **सः भवति**= त्यो हुन्छ, **ब्रह्म** = ब्रह्म (ईश्वर), **असत् इति** = छैन भनेर, **वेद चेत्** = जान्दछ भने, **चेत्** = यदि, **ब्रह्म** = ब्रह्म (ईश्वर), **अस्ति इति** = छ भनेर, **वेद** = जान्दछ भने, **एनम्** = यो ब्रह्म छ भनेर जान्नेलाई, **सन्तम्** = भएको, **ततः** = त्यसै कारणबाट, **विदुः इति** = जान्दछन् (भन्दछन्), **च** = फेरि, **अस्मिन् श्लोके** = यो श्लोकमा, **आनन्दमयम्** = आनन्दमयलाई, **अननुकृष्य** = नलिएर, **ब्रह्मणः एव** = ब्रह्मको नै, **भावाभाववेदनयोः** = भाव र अभाव जान्नुका, **गुणदोषाभिधानात्** = गुण दोष बताउनाले, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति अत्र** = 'ब्रह्म पुच्छं प्रतिष्ठा' भन्ने, यहाँ; **ब्रह्मणः एव** = ब्रह्मको नै, **स्वप्रधानत्वम्** = आनन्दमयको अवयव नभएर आफू प्रधान छ भन्ने, **इति** = यस्तो, **गम्यते** = बुझिन्छ, **च**= फेरि, **आनन्दमयस्य आत्मनः**= आनन्दमय आत्माको त, **भावाभावशङ्का** = हुनु र नहुनुको शङ्का, **न युक्ता** = ठीक छैन किनभने, **प्रियमोदादिविशेषस्य**= प्रिय, मोद आदि विशेष भएका, **आनन्दमयस्य**= आनन्दमय आत्माको, **सर्वलोकप्रसिद्धत्वात्** = सबै लोकव्यवहारमा प्रसिद्ध हुनाले।

विशदीकरण

त्यस्तो भएमा (मानेमा) त्यही आनन्दमय आत्मारूप ब्रह्म अवयववाला, त्यही पुच्छ तथा प्रतिष्ठारूप ब्रह्म अवयव हुन आउने हुनाले मिल्दै नमिल्ने र सुहाउँदै नसुहाउँने कुरा पर्न आउँछ । आनन्दमय भनेर अरू कुनै लिएमा भने **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भन्ने ठाउँमा ब्रह्मलाई लिन ब्रह्म शब्द नजिक हुनाले ठीक हुन पनि आउँछ ।

फेरि **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भनेपछि श्लोकरूप यस प्रकारको भनाइ छ- 'जो ब्रह्मलाई छैन भनेर भन्दछ त्यो आफै छैन भन्नु पर्दछ, जो ब्रह्मलाई छ भनेर जान्दछ त्यसलाई छ भन्दछन्' इत्यादि । यो श्लोकमा आनन्दमयलाई नलिएर ब्रह्मको सम्बन्धमा नै हुनु र नहुनु कुरालाई जान्नुका गुणदोष बताएकोबाट पनि **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भनेमा ब्रह्म नै स्वप्रधानरूपले लिएको रहेछ भन्ने कुरा बुझिन्छ । आनन्दमयलाई लिएको भए त आनन्दमय प्रिय, मोद, प्रमोद आदि विशेषवाला हुनाले सबै लोकव्यवहारमा प्रसिद्ध नै हुनाले त्यस आनन्दमयको सम्बन्धमा भाव र अभावको शङ्का नै थिएन र त्यो कुराको उल्लेख गरी गुण दोष बताउनु पर्ने थिएन ।

शाङ्करभाष्यम्

कथं पुनः स्वप्रधानं सद् ब्रह्म, आनन्दमयस्य पुच्छत्वेन निर्दिश्यते -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ब्रह्म पुच्छं प्रतिष्ठा' इति ? नैष दोषः, पुच्छवत्पुच्छम्, प्रतिष्ठा परायणमेकनीडं लौकिकस्यानन्दजातस्य ब्रह्मानन्द इत्येतदनेन विवक्ष्यते, नावयवत्वम्; **'एतस्यैवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति'** (बृ० ४/३/३२) इति श्रुत्यन्तरात्। अपि चानन्दमयस्य ब्रह्मत्वे प्रियाद्यवयवत्वेन सविशेषं ब्रह्माभ्युपगन्तव्यम्, निर्विशेषं तु ब्रह्म वाक्यशेषे श्रूयते, वाङ्मनसयोरगोचरत्वाभिधानात्-

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।

आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चन ।। (तै० २/९) इति ।

अपि चानन्दप्रचुर इत्युक्तेऽपि दुःखास्तित्वमपि गम्यते, प्राचुर्यस्य लोके प्रतियोग्यल्पत्वापेक्षत्वात् ।

नेपालीभाषानुवाद

स्वप्रधानम् = आफू प्रधानरूपले भनिएको, **ब्रह्म** = ब्रह्म, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति**= 'ब्रह्म पुच्छं प्रतिष्ठा' भनेर, **आनन्दमयस्य** = आनन्दमयको, **पुच्छत्वेन**= अवयवरूपले, पुच्छरूपले, **कथम्** = कसरी, किन; **निर्दिश्यते** = बताइन्छ, **एषः**= यो, **न दोषः** = दोषरूप होइन किनकि, **पुच्छवत्** = पुच्छ जस्तै, **पुच्छम्** = पुच्छ हो अर्थात्, **लौकिकस्य** = लोकमा भएका, **आनन्दजातस्य** = आनन्दसमूहको, **एकनीडम्** = एउटा आश्रयस्थान र, **प्रतिष्ठापरायणम्** = सबै विश्वको आधारभूत आश्रय भने, **इति** = यो कुरा, **अनेन** = यो **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भन्ने वाक्यले, **विवक्ष्यते** = विशेषरूपले भनिन्छ, **न अवयवत्वम्** = अवयवरूप होइन, **एतस्य एव आनन्दस्य** = यही आनन्दरूप ब्रह्मको नै, **अन्यानि भूतानि** = अरू प्राणीहरू, **मात्राम्** = लेश मात्र, **उपजीवन्ति** = भोग गर्छन्, प्राप्त गर्छन् भन्ने, **इति** = यस्तो, **श्रुत्यन्तरात्** = अर्को श्रुति हुनाले, **अपि च** = फेरि, **आनन्दमयस्य** = आनन्दमयको, **ब्रह्मत्वे** = ब्रह्मत्व सिद्ध भएमा, **प्रियाद्यवयवत्वेन** = प्रिय, मोद आदि अवयववाला हुनाले, **ब्रह्म** = ब्रह्म, **सविशेषम्** = विशेषसहित भन्ने, **अभ्युपगन्तव्यम्** = मान्नु पर्ने हुन्छ, **तु** = परन्तु, **वाक्यशेषे** = वाक्यशेषमा, **अन्तमा; वाङ्मनसयोः** = वचन र मनको, **अगोचरत्वाभिधानात्** = गोचर (लक्ष्य) नभएको भनेर बताउनाले जस्तै, **यतः** = जुन ब्रह्मबाट, **वाचः** = वचनहरू, **अप्राप्य** = नपाएर नभेट्टिएर, **मनसा सह**= मनसँगै, **निवर्तन्ते** = फर्किन्छन्, **ब्रह्मणः** = ब्रह्मको, **आनन्दम्** = त्यही आनन्दलाई, **विद्वान्** = जान्ने पुरुष, **कुतश्चन** = कतैबाट, **न बिभेति** = डराउँदैन भन्ने इत्यादिबाट, **निर्विशेषम् ब्रह्म** = विशेषले रहित ब्रह्म भन्ने, **श्रूयते** = सुनिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपि च = फेरि, **आनन्दप्रचुरः** = आनन्द धेरै भएको भनेर, **इति** = यस्तो, **उक्ते** = भनेमा, भने पछि; **दुःखास्तित्वम् अपि** = दुःख हुनु पनि, **गम्यते** = बुझिन्छ, किनभन्ने, **प्राचुर्यस्य** = धेरै हुनुको, **लोके** = लोकव्यवहारमा, **प्रतियोग्यल्पत्वापेक्षत्वात्** = उसका विरोधीको थोरै हुनु भन्ने अर्थलाई अपेक्षा गर्ने हुनाले ।

विशदीकरण

त्यसो भएमा आफू प्रधान ब्रह्म यहाँ लिइएको हो भने आनन्दमयको पुच्छरूपले कसरी बताइन्छ भन्ने शङ्कारूप दोष पनि यो होइन । चराको गुँड जस्तै लौकिक आनन्दको आश्रयस्थान र विश्वमात्रको प्रतिष्ठा हो भन्ने कुरा नै यो '**ब्रह्मपुच्छं प्रतिष्ठा**' भन्ने वाक्यबाट विशेषरूपले बताइन्छ । तर अवयव बताइदैन, किनभने 'यही आनन्दरूपको नै सबै प्राणीहरू लेशमात्र उपभोग गर्छन्' भन्ने अर्को श्रुति रहेको छ ।

अर्को कुरा प्रिय, मोद आदि अवयववाला भन्ने मानेमा ब्रह्म यहाँ सविशेष भन्ने बुझिएला, तर यहाँ वाक्यशेषमा 'जसबाट जसलाई नपाएर मन, वचन फर्किन्छन्, त्यो आनन्दरूप ब्रह्म जान्ने वाला कतैबाट पनि डराउँदैन' भनेर मन र वचनको लक्ष्य नभएको कुरा बताएको हुनाले निर्विशेष ब्रह्मलाई नै बताएको देखिन्छ । अर्को कुरा आनन्दमय भनेर धेरै भन्ने अर्थमा मयट् प्रत्यय भएको भनौं भने धेरै भन्नाले अर्थात् आनन्द धेरै भन्नाले दुःख पनि अलिकति भएको भन्ने बुझिन्छ । किनभने लोकव्यवहारमा जुन चीजलाई धेरै भनिन्छ, त्यसका विरोधीलाई थोरै भन्ने अर्थ धेरै हुनुले बुझाउँछ र धेरै भन्ने अर्थमा मयट् प्रत्यय भएको भन्ने यहाँ यो प्रकरणमा सिद्ध हुँदैन ।

शाङ्करभाष्यम्

तथा च सति, '**यत्र नान्यत् पश्यति नान्यच्छृणोति नान्यद् विजानाति स भूमा**' (छा० ७/२४/१) इति भूम्नि ब्रह्मणि तद्व्यतिरिक्ताभावश्रुतिरुपरुध्येत। प्रतिशरीरं प्रियादिभेदादानन्दमयस्यापि भिन्नत्वम्, ब्रह्म तु न प्रतिशरीरं भिद्यते, '**सत्यं ज्ञानमनन्तं ब्रह्म**' (तै० २/१) इत्यानन्त्यश्रुतेः, '**एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा**' (श्वे० ६/११) इति च श्रुत्यन्तरात् । न चानन्दमयस्याभ्यासः श्रूयते, प्रातिपदिकार्थमात्रमेव हि सर्वत्राऽभ्यस्यते '**रसो वै सः रसꣳह्येवायं लब्ध्वाऽऽनन्दी भवति, को ह्येवान्यात्कः प्राण्यात्, यदेष आकाश आनन्दो न स्यात्, सैषानन्दस्य मीमाꣳसा भवति, आनन्दं ब्रह्मणो विद्वान्न बिभेति कुतश्चन**' (तै० २/७-९) इति, '**आनन्दो ब्रह्मेति** व्यजानात्'(तै० ६/६) इति च। यदि च आनन्दमयशब्दस्य ब्रह्मविषयत्वं निश्चितं भवेत्, तत उत्तरेष्वानन्दमात्रप्रयोगेष्वप्यानन्दमयाभ्यासः कल्प्येत । नत्वानन्दमयस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मत्वमस्ति, प्रियशिरस्त्वादिभिर्हेतुभिरित्यवोचाम ।

नेपालीभाषानुवाद

तथा च सति = त्यस्तो भएमा, **यत्र** = जहाँ जुनस्थितिमा, **अन्यत्** = अरू कुनै, **न पश्यति** = देख्दैन, **अन्यत्** = अरू कुनै, **न शृणोति** = सुन्दैन, **अन्यत्** = अरू कुनै, **न विजानाति** = जान्दैन, अनुभव गर्दैन, **स** = त्यो स्थान, **भूमा** = ठूलो तथा व्यापी हो भन्ने, **इति** = यस्तो, **भूम्नि ब्रह्मणि** = भूमारूप ब्रह्म लक्ष्य गर्ने, **तद्-व्यतिरिक्ताभावश्रुतिः** = ब्रह्मबाहेक अरू चीजको अभाव बताउने श्रुति, **उपरुध्येत**= बाधित होला, **च** = फेरि, **प्रतिशरीरम्** = शरीरैपिच्छे, **प्रियादिभेदात्** = प्रिय, मोद, प्रमोदहरू भिन्न हुनाले, **आनन्दमयस्य अपि** = आनन्दमयको पनि, **भिन्नत्वम्** = भिन्नत्व हुन्छ, परन्तु, **ब्रह्म तु** = ब्रह्म त, **प्रतिशरीरम्** = शरीरैपिछे, **न भिद्यते**= भिन्न हुँदैन, **सत्यं ज्ञानम् अनन्तम् इति** = सत्य, ज्ञान र अनन्त भनेर, **इति** = यसरूपले, **आनन्त्यश्रुतेः** = अखण्ड एक छ भनेर बताउने श्रुति हुनाले र, **सर्वभूतेषु** = सबै प्राणीमा, **गूढः** = गुप्तरूपले रहेको, **सर्वव्यापी** = सबैमा व्यापक, **सर्वभूतान्तरात्मा**= सबै प्राणीको अन्तरात्मा, **एकः देवः** = एउटा देव (परमात्मा) छ भन्ने, **इति च** = यस्तो पनि, **श्रुत्यन्तरात्** = अर्को श्रुति हुनाले, **च** = फेरि, **आनन्दमयस्य** = आनन्दमयको, **अभ्यासः** = आवृत्ति, **न श्रूयते** = सुनिदैन, **हि** = निश्चय, **प्रातिपदि-कार्थमात्रम्** = प्रातिपदिक (प्रथमाकारकको अर्थमात्र आनन्दशब्दको), **अभ्यस्यते**= आवृत्ति गरिन्छ जस्तै, **सः** = त्यो, **रसः** = रस हो, **रसं हि एव** = रसलाई नै निश्चय, **लब्ध्वा**= पाएर, **अयम्** = यो, **आनन्दीभवति** = आनन्दवाला हुन्छ, **हि** = निश्चय, **कः एव** = को नै, **अन्यात्** = चेष्टा गर्न सकोस् र, **कः** = को, **प्राण्यात्** = जिउन सकोस्, **यत्** = जो कि, **एषः** = यो, **आकाशः** = आकाश (ब्रह्म), **आनन्दः** = आनन्दरूप, **न स्यात्** = नहुँदो हो, **सा एषा** = त्यो यो, **आनन्दस्य** = आनन्दको, **मीमांसा** = प्रशंसित विचार, **भवति** = हुन्छ, **आनन्दः** = आनन्द, **ब्रह्म इति** = ब्रह्म हो भनेर, **व्यजानात्** = जान्ने, **ब्रह्मणः** = ब्रह्मको, **आनन्दम्** = स्वरूपभूत आनन्दलाई, **विद्वान्** = जानेको, **कुतश्चन** = कतैबाट, **न विभेति** = डराउँदैन भन्ने, **इति च** = यस्तो पनि श्रुतिहरूमा, **यदि च** = यदि फेरि, **आनन्दमयशब्दस्य** = आनन्दमय, भन्ने शब्दको; **ब्रह्मविषयत्वम्** = ब्रह्मपरक भन्ने, **निश्चितं भवेत्** = निश्चित भएको हुनसक्दो हो त, **ततः** = अनि, **उत्तरेषु** = पछिल्ला पछिल्ला, **आनन्दमात्रप्रयोगेषु**= आनन्द भन्ने यत्तिमात्र शब्दको प्रयोगहरूमा, **अपि** = पनि, **आनन्दमयाभ्यासः** = आनन्दमय शब्दको आवृत्ति, **कल्प्येत** = कल्पित हुन सक्ने थियो, **आनन्दमयस्य**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दमयको, **तु** = त, **ब्रह्मत्वम्** = ब्रह्मत्व, **प्रियशिरस्त्वादिभि** = प्रिय नै शिर भएको भन्ने आदि, **हेतुभिः** = हेतुहरूद्वारा, **न अस्ति इति** = छैन भनेर, **अवोचाम**= भनी सक्यौं ।

विशदीकरण

त्यस्तो मानेमा फेरि 'जहाँ अरू कुनैले देख्दैन, सुन्दैन, जान्दैन त्यो भूमा हो' भनेर ब्रह्ममा ब्रह्म बाहेक अरू कुनै पनि वस्तुको अभाव छ भनेर बताउने श्रुतिवाक्य पनि फेल हुन आउला । अर्को कुरा आनन्दमय त शरीरै पिच्छे अलग अलग छ तर ब्रह्म त सबैमा एक छ, किनभने सबै प्राणीमा गुप्त रहेको सर्वव्यापक तथा सबैको अन्तरात्मा एउटै परमात्मा छ भन्ने र सत्य, ज्ञान र अनन्तरूप ब्रह्म हो भन्ने समेत अरू श्रुति पनि रहेका छन् ।

अर्को कुरा आनन्दमयशब्दलाई दोहऱ्याइरहेको देखिदैन बरु आनन्दशब्दको प्रथमाकारकको अर्थ मात्र दोहऱ्याएको देखिन्छ । जस्तै - त्यो रस हो र रसलाई पाएर नै त्यो आनन्दवाला हुन्छ । यदि यो आनन्दरूप ब्रह्म नहुँदो हो त को चेष्टागर्न सक्दथ्यो, को जीउन सक्दथ्यो । त्यही यस आनन्दको मीमांसा हुन्छ । ब्रह्मरूप आनन्दलाई जान्ने पुरुष कसैबाट डराउँदैन, आनन्द नै ब्रह्म हो भन्ने जान इत्यादि रूपमा मीमांसा गरिएको छ । यदि आनन्दमयलाई नै ब्रह्म भनेर निश्चित गरेको भए पछिल्ला-पछिल्ला आनन्दशब्दहरूमा पनि आनन्दमयको आवृत्ति भएको हुनुपर्थ्यो । परन्तु त्यसो नभएर प्रिय, मोद, प्रमोद आदि अवयव हुनुको कारण आनन्दमय ब्रह्म होइन भन्ने कुरा पहिले नै भनिसकेका छौं ।

शाङ्करभाष्यम्

तस्माच्छ्रुत्यन्तरे '**विज्ञानमानन्दं ब्रह्म**' (बृ. ३/९/२८) इत्यानन्दप्रातिपदिकस्य ब्रह्मणि प्रयोगदर्शनात् । '**यदेष आकाश आनन्दो न स्यात्**' इत्यादिर्ब्रह्मविषयः प्रयोगो नत्वानन्दमयाभ्यास इत्यवगन्तव्यम् । यस्त्वयं मयडन्तस्यैवानन्दशब्दस्याभ्यासः - '**एतमानन्दमयमात्मानमुपसंक्रामति**' (तै० २/८) इति, न तस्य ब्रह्मविषयत्वमस्ति, विकारात्मनामेवान्नमयादीनामनात्मनामुपसंक्रमितव्यानां प्रवाहे पठितत्वात् । नन्वानन्दमयस्योपसंक्रमितव्यस्यान्नमयादिवदब्रह्मत्वे सति नैवं विदुषो ब्रह्मप्राप्तिफलं निर्दिष्टं भवेत् । नैष दोषः, आनन्दमयोपसंक्रमणनिर्देशेनैव पुच्छप्रतिष्ठाभूतब्रह्मप्राप्तेः फलस्य निर्दिष्टत्वात् । '**तदप्येष श्लोको भवति । यतो वाचो निवर्तन्ते**' इत्यादिना च प्रपञ्च्यमानत्वात् ।

नेपालीभाषानुवाद

तस्मात् = त्यसकारणबाट, **श्रुत्यन्तरे** = अरू अरू श्रुतिमा, **विज्ञानम् आनन्दं ब्रह्म** = विज्ञानरूप आनन्दरूप ब्रह्म हो भन्ने, **इति** = यो, **आनन्दप्रातिपदिकस्य** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दशब्दका प्रथमाकारकका अर्थको, **ब्रह्मणि** = ब्रह्ममा, **प्रयोगदर्शनात्** = प्रयोग गरेको देखिनाले, **यत् एषः आकाश आनन्दो न स्यात्** = जो यो ब्रह्म आनन्दरूप न होस् त भन्ने, **इत्यादिः** = इत्यादि, **प्रयोगः** = प्रयोग, **ब्रह्मविषयः** = ब्रह्मविषय हो, **आनन्दमयाभ्यासः तु**= आनन्दमयको आवृत्ति त, **न** = होइन भन्ने, **इति** = यो कुरा, **अवगन्तव्यम्** = जान्नु पर्दछ, **यः तु** = जुन त, **मयडन्तस्य एव** = मयट् प्रत्यय अन्त्यमा हुने नै, **आनन्दशब्दस्य** = आनन्दशब्दको, **एतम् आनन्दमयम् आत्मानम् उपसङ्क्रामति इति** = यो आनन्दमय आत्मालाई बाधित गर्दछ भन्ने यस्तो, **अभ्यासः** = आवृत्ति छ, **तस्य** = त्यस आवृत्तिको, **ब्रह्मविषयत्वम्** = ब्रह्मविषयक हो भन्ने कुरा, **न अस्ति** = छैन किनकि, **विकारात्मनाम्** = विकाररूप भएका, **अनात्मनाम्** = आत्मभिन्न तथा, **उपसंक्रमितव्यानाम्** = बाध गर्नुपर्ने भएका, **अन्नमयादीनाम्** = अन्नमय, प्राणमय, मनोमय र विज्ञानमय आदिको, **एव** = नै, **प्रवाहे** = प्रवाहमा, **पठितत्वात्** = पढिएको हुनाले, **ननु** = शङ्का, **उपसंक्रमितव्यस्य**= बाध गर्नुपर्ने, **आनन्दमयस्य** = आनन्दमयको, **अन्नमयादिवत्** = अन्नमय आदिको जस्तै, **अब्रह्मत्वे सति** = ब्रह्मत्व नभएमा, **विदुषः** = विद्वान् (ब्रह्मवेत्ता) को, **ब्रह्मप्राप्तिफलम्** = ब्रह्मलाई प्राप्त गर्नु रूप फल, **निर्दिष्टम्** = देखाइएको, बताइएको, **न एव भवेत्** = हुने नै छैन, **एषः** = यो कुरा, **न दोषः** = दोष होइन किनकि, **आनन्दमयोपसंक्रमणनिर्देशेन** = आनन्दमयको बाध गर्ने कुरा देखाउनाले, **एव** = नै, **पुच्छप्रतिष्ठाभूतब्रह्मप्राप्तेः** = पुच्छ तथा प्रतिष्ठारूप ब्रह्मका प्राप्तिको, **फलस्य**= फलको, **निर्दिष्टत्वात्** = देखाएको, बताएको हुनाले र, **तत् अपि एषः श्लोकः भवति** = त्यो यो पनि श्लोक (कथित) हुन्छ, **यतः वाचः निवर्तन्ते** = जसलाई नपाएर वचनहरू जसबाट फर्किन्छन् भन्ने, **इत्यादिना च** = इत्यादि श्रुतिद्वारा पनि, **प्रपञ्च्यमानत्वात्** = विस्तार गरिने हुनाले ।

विशदीकरण

त्यसकारणबाट 'विज्ञान तथा आनन्दरूप ब्रह्म हो' भनेर आनन्दशब्दको प्रथमाकारकमा नै ब्रह्म शब्दमा प्रयोग गरेको देखिनाले 'यो ब्रह्म यदि आनन्द रूप नहुँदो हो त' भन्ने इत्यादिमा आनन्द शब्दको जुन प्रयोग गरिएको छ, त्यो आनन्दमयको आवृत्ति गरेको नभएर ब्रह्मविषयमा प्रयोग गरिएको हो भन्ने नै जान्नुपर्दछ । फेरि जो कि यसले आनन्दमय आत्मालाई बाध गर्दछ भनेर मयट् प्रत्ययवाला आनन्द शब्दको प्रयोग गरेको देखिन्छ । त्यो मयट्प्रत्ययान्त आनन्दशब्द भने विकाररूप तथा आत्मादेखि भिन्न भइरहेका अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयहरूका प्रवाहमा पढिएको हुनाले ब्रह्मविषयक हुन सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनश्च बाध गर्नुपर्ने भनेर आनन्दमयलाई पनि अन्नमय आदि जस्तै अब्रह्म मान्ने हो भने ब्रह्मवेत्ताका निमित्त ब्रह्म प्राप्तिको फल देखाएको भन्ने देखिन आउने छैन इत्यादि शङ्का हुन्छ । परन्तु यो दोष मानिदैन किनभने आनन्दमयको बाध गर्नाले नै पुच्छ तथा प्रतिष्ठाभूत ब्रह्मको प्राप्तिरूप फल देखाइएको छ । यस सम्बन्धमा यो श्लोकरूप भनाइ स्पष्ट हुन आउँछ – 'जसबाट प्राप्त गर्न नसकेर वाणी फर्किन्छ' इत्यादि वचनद्वारा यी सबै कुराको विस्तार गरिने हुनाले यो शङ्का निराधार छ ।

शाङ्करभाष्यम्

या त्वानन्दमयसन्निधाने **'सोऽकामयत बहु स्यां प्रजायेय'** इति, इयं श्रुतिरुदाहृता, सा **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इति सन्निहिततरेण ब्रह्मणा सम्बध्यमाना नानन्दमयस्य ब्रह्मतां प्रतिबोधयति । तदपेक्षत्वाच्चोत्तरस्य ग्रन्थस्य **'रसो वै सः'** इत्यादेर्नानन्दमयविषयता । ननु **'सोऽकामयत'** इति ब्रह्मणि पुंलिङ्गनिर्देशो नोपपद्यते। नायं दोषः, **'तस्माद् वा एतस्मादात्मन आकाशः सम्भूतः'** इत्यत्र पुंल्लिङ्गेनाप्यात्मशब्देन ब्रह्मणः प्रकृतत्वात् । **'या तु भार्गवी वारुणी विद्या, आनन्दो ब्रह्मेति व्यजानात्'** इति, तस्यां मयडश्रवणात्, प्रियशिरस्त्वाद्यश्रवणाच्च युक्तमानन्दस्य ब्रह्मत्वम् । तस्मादणुमात्रमपि विशेषमनाश्रित्य न स्वत एव प्रियशिरस्त्वादिब्रह्मण उपपद्यते । नचेह सविशेषं ब्रह्म प्रतिपिपादयिषितं वाङ्मनसगोचरातिक्रमश्रुतेः । तस्मादन्नमयादिष्विवानन्दमयेऽपि विकारार्थ एव मयड् विज्ञेयो न प्राचुर्यार्थः ।

नेपालीभाषानुवाद

या तु = जुन, **आनन्दमयसन्निधाने** = आनन्दमयको नजिकमा, **सः** = त्यसले, **अकामयत**= इच्छा गर्‍यो, **बहु स्याम् प्रजायेय इति** = धेरै हुन्छु, विशेष रूपले हुन्छु भन्ने यस्तो, **श्रुतिः** = श्रुति, **उदाहृता** = उदाहरण दिइएको छ, **सा** = त्यो श्रुति, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति(अनेन)**= 'ब्रह्म पुच्छ तथा प्रतिष्ठा हो' भन्ने यसद्वारा, **सन्निहिततरेण** = बढीरूपमा नजिक भएका, **ब्रह्मणा** = ब्रह्मले (सँग), **संबध्यमाना**= सम्बन्ध राखिएको छँदो, **आनन्दमयस्य** = आनन्दमयको, **ब्रह्मताम्** = ब्रह्म हुने कुरा, **न प्रतिबोधयति** = बुझाउन सक्दैन, **तदपेक्षत्वात्** = उसैको अपेक्षा गर्ने हुनाले, **च** = पनि, **रसःवै सः** = निश्चय रस हो त्यो भन्ने, **इत्यादेः** = इत्यादि, **उत्तरस्य** = पछिल्ला, **ग्रन्थस्य** = ग्रन्थ(प्रकरण) को पनि, **न आनन्दमयविषयता**= आनन्दमयलाई लक्ष्य गर्ने विषयता हुँदैन, **ननु** = शङ्का, **स अकामयत** = त्यसले इच्छा गर्‍यो भन्ने, **इति** = यस्तो, **ब्रह्मणि** = ब्रह्ममा (नपुंसक लिङ्ग हुनाले),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुंल्लिङ्गनिर्देशः = पुंल्लिङ्गको निर्देश, **न उपपद्यते** = ठीक हुँदैन, **अयम् दोषः** = यो दोष, **न** = हुँदैन, **तस्मात् एतस्मात्** = त्यो यो, **आत्मनः** = आत्मादेखि, **आकाशः** = भूताकाश, **वा** = प्रसिद्ध, **सम्भूतः** = उत्पन्न भयो भन्ने, **इति अत्र** = यसमा यहाँ, **पुंल्लिङ्गेन अपि** = पुंल्लिङ्ग भएका पनि, **आत्मशब्देन** = आत्मशब्दले, **ब्रह्मणः** = ब्रह्मको, **प्रकृतत्वात्** = सुरु गरेको हुनाले, **या तु** = जुन त, **आनन्दः ब्रह्म इति व्यजानात्** = आनन्द ब्रह्म हो भनेर जाने भन्ने, **भार्गवी वारुणी विद्या** = भार्गवी, वारुणी (भृगुलाई वरुणले बताएको) विद्या छ, **तस्मात्** = त्यसकारणबाट, **मयट् अश्रवणात्** = मयट् प्रत्यय नसुनिएको र, **प्रियशिरस्त्वाद्यश्रवणात् च** = प्रिय नै शिर भएको भन्ने नसुनिएकोले पनि, **आनन्दस्य** = आनन्दको, **ब्रह्मत्वम्** = ब्रह्म हुनु, **युक्तम्** = ठीक छ, **तस्मात्** = त्यसकारणबाट, **अणुमात्रम् अपि** = थोरै नै भए पनि, **विशेषम्** = विशेषलाई, **अनाश्रित्य** = आश्रय नगरेर, **स्वतः एव** = स्वप्रधानरूपले, **ब्रह्मणः** = ब्रह्मको, **प्रियशिरस्त्वादि** = प्रिय नै शिर हुने आदि, **न उपपद्यते** = सिद्ध हुन सक्दैन, **वाङ्मनसगोचरातिक्रमश्रुतेः** = वचन र मनको विषयभन्दा अलग छ भन्ने श्रुति हुनाले, **सविशेषं ब्रह्म** = विशेषसहितको ब्रह्म, **इह**= यस प्रकरणमा, **न प्रतिपिपादयिषितम्** = प्रतिपादन गर्ने इच्छा गरिएको छैन, **तस्मात्** = त्यसकारणबाट, **अन्नमयादिषु इव** = अन्नमय, मनोमय, प्राणमय र विज्ञानमयमा जस्तै; **आनन्दमये अपि** = पछिल्लो आनन्दमयमा पनि, **विकारार्थः एव** = विकारभन्ने अर्थवाला नै, **मयट्** = मयट् प्रत्यय, **विज्ञेयः** = जान्नु योग्य छ, **प्राचुर्यार्थः** = धेरै भन्ने अर्थको, **न** = होइन ।

विशदीकरण

जुन आनन्दमयको नजिकैमा- 'त्यसले इच्छा गर्‍यो, धेरै हुन्छु, विशेषरूपले उत्पन्न हुन्छु' भन्ने अर्थको श्रुति उदाहरणरूपमा दिइएको छ । त्यो श्रुति '**ब्रह्म पुच्छं प्रतिष्ठा**' भन्ने ब्रह्मसँग नजिकको सम्बन्धित भएकोले त्यस श्रुतिले आनन्दमयलाई ब्रह्म भनेर बताउन सक्दैन । त्यसैलाई अपेक्षा राख्ने हुनाले '**रसो वै सः**' भन्ने पछिल्ला प्रकरणले पनि आनन्दमयलाई लक्ष्य गर्न सक्दैन ।

फेरि उसले इच्छा गर्‍यो भनेर नपुंसकलिङ्गवाला ब्रह्ममा पुंल्लिङ्ग प्रयोग हुन सक्दैन भन्न पनि दोषयुक्त मानिदैन । किनभने 'त्यस आत्मादेखि भूताकाश उत्पन्न भयो' भन्ने श्रुतिमा पुंल्लिङ्ग आत्मशब्दद्वारा पनि ब्रह्म शब्दको प्रयोगको आरम्भ गरिएको छ । फेरि जुन 'आनन्द ब्रह्म हो भनेर जान' भन्ने भार्गवी वारुणी विद्यामा आनन्दशब्द छ, त्यसमा मयट् प्रत्यय नभएको र 'त्यसलाई प्रिय नै शिर भएको भनेर नबताइएकोले पनि त्यो आनन्द ब्रह्म नै हो' भन्ने अर्थ ठीक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि बताइएका यी सब कारणहरूबाट अलिकति मात्र पनि विशेषलाई आश्रय नगरिकन ब्रह्मको प्रिय, शिर आदि अवयव हुने कुरा कुनै रूपले पनि हुन सक्दैन । फेरि यहाँ प्रकरणको तात्पर्यविचार गर्दा वचन र मनको विषयभन्दा 'त्यो ब्रह्म अलग छ' भन्ने श्रुतिबाट यस प्रकरणमा सविशेष ब्रह्म बताउन इच्छा गरेको पनि देखिंदैन । अन्नमय, प्राणमय, मनोमय र विज्ञानमयमा जस्तै विकार अर्थमा नै मयट् प्रत्यय भएर आनन्दमय शब्द बनेको हो, धेरै भन्ने अर्थमा होइन ।

शाङ्करभाष्यम्

सूत्राणि त्वेवं व्याख्येयानि- **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इत्यत्र किमानन्दमयावयवत्वेन ब्रह्म विवक्ष्यत उत स्वप्रधानत्वेनेति । पुच्छशब्दादवयवत्वेनेति प्राप्त इदमुच्यते - **'आनन्दमयोऽभ्यासात्'** । आनन्दमय आत्मेत्यत्र **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इति स्वप्रधानमेव ब्रह्मोपदिश्यते, अभ्यासात् । **'असन्नेव स भवति'** इत्यस्मिन्निगमनश्लोके ब्रह्मण एव केवलस्याभ्यस्यमानत्वात् । विकारशब्दान्नेति चेन्न प्राचुर्यात् । विकारशब्देनावयवशब्दोऽभिप्रेतः । पुच्छमित्यवयवशब्दान्न स्वप्रधानत्वं ब्रह्मण इति यदुक्तम्, तस्य परिहारो वक्तव्यः । अत्रोच्यते - नायं दोषः, प्राचुर्यादप्यवयवशब्दोपपत्तेः । प्राचुर्यं प्रायापत्तिः, अवयवप्राये वचनमित्यर्थः। अन्नमयादीनां हि शिर आदिषु पुच्छान्तेष्ववयवेषूक्तेषु त्वानन्दमयस्यापि शिरआदीन्यवयवान्तराण्युक्त्वावयवप्रायापत्त्या **'ब्रह्म पुच्छं प्रतिष्ठा'** इत्याह नावयवविवक्षया। यत्कारणमभ्यासादिति स्वप्रधानत्वं ब्रह्मणः समर्थितम् । **'तद्धेतुव्यपदेशाच्च'**। सर्वस्य विकारजातस्य सानन्दमयस्य कारणत्वेन ब्रह्म व्यपदिश्यते- **'इदꣳसर्वमसृजत । यदिदं किञ्च'** (तै० २/६) इति । न च कारणं सद् ब्रह्म स्वविकारस्यानन्दमयस्य मुख्यया वृत्त्यावयव उपपद्यते । अपराण्यपि सूत्राणि यथासम्भवं पुच्छवाक्यनिर्दिष्टस्यैव ब्रह्मण उपपादकानि द्रष्टव्यानि ।।१९।।

नेपालीभावानुवाद

सूत्राणि तु = **'आनन्दमयोऽभ्यासात्'** भन्ने इत्यादि सूत्रहरू त, **एवम्**= यस (निम्न) प्रकारले, **व्याख्येयानि** = व्याख्या गर्न योग्य छन्, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इत्यत्र** = 'ब्रह्म पुच्छं प्रतिष्ठा' यस ठाउँमा, **किं आनन्दमयावयवत्वेन ब्रह्म विवक्ष्यते**= के आनन्दमयको अवयवरूपमा ब्रह्म बताइन्छ, **उत** = फेरि अथवा के, **स्वप्रधानत्वेन इति** = स्वप्रधानरूपले ब्रह्म बताइन्छ, **पुच्छशब्दात्** = पुच्छशब्द हुनाले, **अवयवत्वेन**= अवयवरूपले बताइन्छ भन्ने, **इति** = यस्तो पूर्वपक्षरूप शङ्का. **प्राप्ते** = प्राप्त भएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्यते = उत्तररूपमा भनिन्छ, **आनन्दमयोऽभ्यासात् इति** = आनन्दमयोऽभ्यासात् भनेर, **आनन्दमय आत्मा इति अत्र** = आनन्दमय आत्मा, भन्ने यहाँ, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति** = 'ब्रह्म पुच्छं प्रतिष्ठा' भनेर, **स्वप्रधानं एव ब्रह्म** = स्वप्रधानरूपको नै ब्रह्म, **उपदिश्यते** = उपदेश गरिन्छ, किनकि; **अभ्यासात्** = अभ्यास (ब्रह्मको नै आवृत्ति) भइरहेकोले, **असन्नेव स भवति** = असत्नै त्यो हुन्छ भन्ने, **इति अस्मिन्**= यो, **निगमनश्लोके** = निर्धारणरूप श्लोकोपनिषद्मा, **केवलस्य** = एउटै, **अभ्यस्य-मानत्वात्** = अभ्यास गरिएकोले, **विकारशब्दान्नेति चेन्न प्राचुर्यात्** = विकार अर्थ हुनाले हुन्न भन्छौ भने प्राचुर्य अवयवप्रायको आपत्ति हुनाले, **विकारशब्देन** = विकारशब्दले, **अवयवशब्दः** = अवयव भन्ने अर्थको शब्द, **अभिप्रेतः** = इच्छित वा सङ्केत गरिएको छ, **पुच्छम् इति अवयवशब्दात्** = पुच्छ भन्ने अवयव अर्थको शब्द हुनाले, **ब्रह्मणः** = ब्रह्मको, **न स्वप्रधानत्वम्** =स्वप्रधानत्व हुँदैन भनी, **इति यदुक्तम्** = यस्तो जुन भनियो (पूर्वपक्षी) ले, **तस्य परिहारः** = त्यसको समाधान, **वक्तव्यः** = भन्नु छ, **प्राचुर्यं प्रायापत्तिः** = प्राचुर्य भन्नु अवयवप्रायको आपत्ति हो, **अवयवप्राये वचनम् इति अर्थः** = अवयव बहुत्व भन्ने अर्थमा वचन हो भन्ने यो अर्थ हो, **अन्नमयादीनां हि** = अन्नमय, प्राणमय, मनोमय, विज्ञानमयको निश्चय नै; **शिरआदिषु पुच्छान्तेषु** = शिरदेखि पुच्छरसम्मका, **अवयवेषु उक्तेषु तु** = अवयवहरू बनाइएमा त, **आनन्दमयस्य अपि** = आनन्दमयको त, **शिरआदीनि** = शिर आदि अवयव, **उक्त्वा** = बताएर, **अवयवप्रायापत्त्या**= अवयवप्रायता आइपर्नुबाट, **'ब्रह्म पुच्छं प्रतिष्ठा' इति आह** = 'ब्रह्म पुच्छं प्रतिष्ठा' भन्दछ, परन्तु; **न अवयवविवक्षया**= अवयव बनाउने इच्छाले होइन, **यत्कारणम्** = जुन कारणवश कि, **अभ्यासात् इति** = आवृत्ति गरेको भनेर, **ब्रह्मणः** = ब्रह्मको, **स्वप्रधानत्वम्** = स्वप्रधान भएको कुरा, **समर्थितम्** = समर्थन गरियो, **'तद्धेतुव्यपदेशात् च'** = यस सूत्रको अर्थ गरिन्छ, **सानन्दमयस्य** = आनन्दमय सहित, **सर्वस्य विकारजातस्य** = सबै विकारका समूहको, **कारणत्वेन** = कारणरूपले, **ब्रह्म** = ब्रह्म, **व्यपदिश्यते** = बताइन्छ, जस्तै; **इदं सर्वम्** = यो सबै, **यत् इदं किञ्च** = जो यो केही छ, **असृजत इति** = सृष्टि गर्‍यो भन्ने यस रूपको, **च** = फेरि, **कारणं सत् ब्रह्म** = सबैको कारण भइरहेको ब्रह्म, **स्वविकारस्य आनन्दमयस्य** = आफ्नो विकाररूप आनन्दमयको, **मुख्यया वृत्या** = मुख्य वृत्तिद्वारा, **अवयवः** = अवयव हो भन्ने कुरा, **न उपपद्यते**= ठीक हुँदैन, **अपराणि अपि सूत्राणि** = अरू सूत्रहरू पनि, **यथासम्भवम्** = जहाँसम्म, **पुच्छवाक्यनिर्दिष्टस्य एव** = पुच्छवाक्यद्वारा बताइएका नै, **ब्रह्मणः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मको, **उपपादकानि** = बताउने भनेर, **द्रष्टव्यानि** = देख्न (विचार गर्न) योग्य छन् ।

विशदीकरण

'आनन्दमयोऽभ्यासात्' इत्यादि सूत्रहरूको यस प्रकारले व्याख्यान गर्नु पर्दछ– जस्तै **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भन्नेमा आनन्दमयको अवयवरूपले ब्रह्म लिने कि ? स्वप्रधानरूपले लिने ? भन्ने शङ्कामा पुच्छशब्द देखिएकोले आनन्दमयको अवयवरूपले लिने भन्ने थप शङ्काको उत्तररूपमा **'आनन्दमयोऽभ्यासात्'** भनिन्छ, अर्थात् आनन्दमय आत्मा भन्नेमा स्वप्रधानरूपले ब्रह्म नै बताइन्छ । किनकि ब्रह्मशब्दको धेरै आवृत्ति भएको छ । त्यो आफै असत् हुन्छ, जो ब्रह्मलाई छैन भन्दछ । यस निर्धारणात्मकवाक्यमा त्यसमा केवल ब्रह्मको नै आवृत्ति गरेर बताइएको छ । **'विकारशब्दान्नेति चेन्न प्राचुर्यात्'** यस सूत्रको पनि विकार भन्ने अवयव बुझिन्छ र पुच्छ भन्ने पनि अवयवार्थशब्द हो । ब्रह्मलाई स्वप्रधान भन्न यहाँ सकिंदैन, जुन भनियो त्यसको समाधान गर्नुछ ।

यसमा भनिन्छ कि धेरै भनेकोबाट पनि अवयव भन्ने अर्थ आउँछ । प्राचुर्य भन्नु अवयव धेरै हुनु भन्ने अर्थ हुनाले अन्नमय, प्राणमय आदिको शिरदेखि पुच्छरसम्मका अवयव बताएपछि आनन्दमयको पनि अवयव प्राप्ति देखिनाले **'ब्रह्म पुच्छं प्रतिष्ठा'** भनेको मात्र हो । त्यसकै अवयव हो भनेर होइन । अभ्यासको कारणबाट ब्रह्मलाई स्वप्रधानरूपले यहाँ बताएको भनेर समर्थन गर्नु परेको हो । **'तद्धेतुव्य-पदेशाच्च'** सूत्रको पनि आनन्दमयसहितका सारा विश्वको कारणरूपले यो सबै सृष्टि गऱ्यो भनेर बताइएको छ । यसकारणबाट कुनै कारण स्वयं कार्यको अवयव ब्रह्म हुन सक्दैन भन्ने जो अर्थ हो त्यो अर्थ हुनसक्दैन । अरू सूत्रहरू पनि हुँदा, पुग्दासम्म पुच्छवाक्यले बताइएका ब्रह्मलाई नै बताउनेवाला हुन् भन्ने कुरा जान्नु र बुझ्नु पर्दछ ।।१९।।

इतिआनन्दमयाधिकरणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. अन्तरधिकरणम् {सू. २०-२१}

ब्रह्मसूत्रम् - अन्तस्तद्धर्मोपदेशात्　१/१/२०

सूत्रार्थ - **अन्तः** = हृदयभित्र शयन गर्ने विज्ञानमय तथा सूर्यमण्डलान्तर्वर्ती पुरुष ब्रह्म हो, **तद्धर्मोपदेशात्** = किनकि त्यसमा ब्रह्मका धर्महरूको उपदेश गरिएको छ।

शाङ्करभाष्यम्

इदमाम्नायते – **'अथ य एषोऽन्तरादित्ये हिरणमयः पुरुषो दृश्यते हिरण्यश्मश्रुर्हिरण्यकेशआ प्रणखात् सर्व एव सुवर्णः', 'तस्य यथाकप्यासं पुण्डरीकमेवमक्षिणी तस्योदिति नाम स एष सर्वेभ्यः पाप्मभ्य उदित उदेति ह वै सर्वेभ्यः पाप्मभ्यो य एवं वेद, इत्यधिदैवतम्'** (छा० १/६/६-८), **'अथाध्यात्मम् अथ य एषोऽन्तरक्षिणि पुरुषो दृश्यते'**(छा० १/७/१-५) इत्यादि। तत्र संशयः – किं विद्याकर्मातिशयवशात् प्राप्तोत्कर्षः कश्चित्संसारी सूर्यमण्डले चक्षुषि चोपास्यत्वेन श्रूयते, किं वा परमेश्वरो नित्यसिद्ध इति। किं तावत्प्राप्तम् ? संसारीति। कुतः ? रूपवत्त्वश्रवणात्।

नेपालीभाषानुवाद

इदम् = यो यस्तो, **आम्नायते** = श्रुतिरूपमा भनिन्छ, **अन्तरादित्ये** = सूर्यमण्डलभित्र, **अथ** = अब, **यः एषः** = जुन यो, **पुरुषः** = पुरुष, **दृश्यते** = देखिन्छ, त्यो; **हिरणमयः** = सुवर्णमय, **हिरण्यश्मश्रुः** = सुवर्णमय जुँगा भएको, **हिरण्यकेशः** = सुवर्णमय केश भएको, **आप्रणखात्**= नङ्देखि शिखासम्म, **सर्वः एव** = सबै नै, **सुवर्ण** = सुवर्णरूप वा सुन्दर वर्णवाला छ, **तस्य** = त्यस पुरुषको, **यथा** = जस्तै, **कप्यासम्** = बांदरको पृष्ठभाग जस्तै, जुन; **पुण्डरीकम्** = रातो कमल छ, **एवम्** = यस्तै, **अक्षिणी** = आँखा छन्, **तस्य** = त्यसको, **उदितिनाम** = उत्कृष्टरूपमा गएको भन्ने नाम छ, **सः एषः** = त्यो यो पुरुष, **सर्वेभ्यः पाप्मभ्यः**= कार्यसहित सबै पापदोषबाट, **उदितः** = अलग, अस्पृष्ट छ, **वै**= निश्चय, **ह** = प्रसिद्ध छ, **सर्वेभ्यः पाप्मभ्यः** = सबै पापदोषदेखि, **उदेति** = त्यो पुरुष अलग हुन्छ, **यः**= जुन पुरुष, **एवं वेद** = यस्तो जान्दछ, **इति अधिदैवतम्** = यो अधिदेवसम्बन्धी हो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ = अब, **अध्यात्मम्** = अध्यात्म सुरु हुन्छ, **यः एषः** = जुन यो, **अन्तरक्षिणि**= आँखाभित्र, **पुरुषः दृश्यते** = पुरुष देखिन्छ भन्ने, **इत्यादि** = इत्यादि छ, **तत्र**= त्यहाँ त्यसमा, **संशयः** = शङ्का हुन्छ, **किम्** = के, **विद्याकर्मातिशयवशात्** = विद्या र कर्मको अधिकताले गर्दा, **प्राप्तोत्कर्षः** = उत्कर्ष (उच्चत्व) प्राप्त गरेको, **कश्चित्**= कुनै, **संसारी**= संसारी पुरुष (जीव), **सूर्यमण्डले** = सूर्यमण्डलमा र, **चक्षुषि च**= आँखामा पनि, **उपास्यत्वेन** = उपासना गरिने रूपले, **श्रूयते** = सुनिन्छ, **किं वा**= को त, **नित्यसिद्धः** = नित्यसिद्ध भइरहेको, **परमेश्वरः इति** = परमेश्वर उपास्यरूपले सुनिन्छ भन्ने यस्तो, **किं तावत् प्राप्तम्** = कुन पहिले प्राप्त हुन आयो, **संसारी इति** = संसारी जीव हो भनेर, **कुत** = के बाट, **रूपवत्त्वश्रवणात्** = रूप (आकार) भएको भन्ने सुनिएबाट ।

विशदीकरण

अब अन्तर नामको सातौं अधिकरण सुरु हुन्छ । सूर्यमण्डलको बीचमा बताइएको पुरुष परमात्मा हो । त्यसको धर्म बताइएकोले भन्ने सूत्रार्थ हो । यो कुरा श्रुतिरूपमा बताइन्छ - सूर्यमण्डलभित्र सुनको जुँगा, सुनको केश र नङ्देखि शिखासम्म सुवर्णमय भएको जुन यो पुरुष छ, त्यसका बाँदरका नितम्ब जस्तै रातो चम्किलो वर्ण हुने र रातो कमल जस्ता आँखा छन्, त्यो सबै पापदोषबाट मुक्त छं । जो त्यसलाई जान्दछ र उपासना गर्दछ, त्यो सबै पापदोषबाट छुट्दछ भन्ने अधिदेवसम्बन्धी चिन्तन बताइएको छ ।

अब अध्यात्मसम्बन्धी चिन्तन सुरु हुन्छ, 'जुन यो आँखाभित्र पुरुष देखिन्छ' इत्यादि अध्यात्म चिन्तनको प्रारम्भिक उदाहरण हो । यस उदाहरणवाक्यमा निर्दिष्ट विषयमा शङ्का हुन्छ - के विद्या र कर्मको अधिकता हुनाले उत्कर्षमा पुगेको कुनै संसारी पुरुष नै सूर्यमण्डलमा र आँखामा पुगेर साधकका लागि उपास्य बन्दछ ? अथवा नित्य, सिद्ध परमेश्वर ब्रह्म नै उपास्य हुन्छ ? यो शङ्का स्वरूप हो । शङ्का गर्ने सँग सोधिन्छ कि - त्यसो भए तिम्रो विषयमा कसले प्राथमिकता पाउँछ ? शङ्का गर्नेवाला भन्दछ- मेरो दृष्टिमा त विद्या र कर्मद्वारा सूर्यमण्डलमा र आँखामा उपास्य भएर रहने संसारी नै सबैको उपास्य हो भन्ने ठहर हुन्छ, किनकि जुन उपास्य हो त्यसका आकार-प्रकारको उल्लेख गरिएको पाइन्छ ।

शाङ्करभाष्यम्

आदित्यपुरुषे तावत् '**हिरण्यश्मश्रुः**' इत्यादि रूपमुदाहृतम् । अक्षिपुरुषेऽपि तदेवातिदेशेन प्राप्यते - '**तस्यैतस्य तदेव रूपं यदमुष्यरूपम्**' इति । न च परमेश्वरस्य रूपवत्त्वं युक्तम्, '**अशब्दमस्पर्शमरूपमव्ययम्**'(का० १/३/१५) इति श्रुतेः, आधारश्रवणाच्च- '**य एषोऽन्तरादित्ये, य एषोऽन्तरक्षिणि**' इति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न ह्यनाधारस्य स्वमहिमप्रतिष्ठस्य सर्वव्यापिनः परमेश्वरस्याधार उपदिश्येत। '**स भगवः कस्मिन्प्रतिष्ठित इति स्वे महिम्नि**' (छा० ७/२४/१) इति। '**आकाशवत्सर्वगतश्च नित्यः**' इति च श्रुती भवतः। ऐश्वर्यमर्यादाश्रुतेश्च। '**स एष ये चामुष्मात् पराञ्चो लोकास्तेषां चेष्टे देवकामानाञ्च**'(छा० १/६/८) इत्यादित्यपुरुषस्यैश्वर्यमर्यादा। '**स एष ये चैतस्मादर्वाञ्चो लोकास्तेषां चेष्टे मनुष्यकामानाञ्च**' (छा० १/७/६) इत्यक्षिपुरुषस्य। न च परमेश्वरस्य मर्यादावदैश्वर्यं युक्तम्, '**एष सर्वेश्वर एष भूताधिपतिरेष भूतपाल एष सेतुर्विधरण एषां लोकानामसंभेदाय**' (बृ. ४/४/२२) इत्यविशेषश्रुतेः। तस्मान्नाक्ष्यादित्ययोरन्तः परमेश्वर इत्येवं प्राप्ते ब्रूमः - '**अन्तस्तद्धर्मोपदेशाद्**' इति।

नेपालीभाषानुवाद

तावत् = पहिले, **आदित्यपुरुषे** = आदित्यमण्डलको पुरुष, **हिरण्यश्मश्रुः**= सुनको जुँगा भएको भन्ने, **इत्यादि** = इत्यादि, **रूपम्** = रूप (आकार), **उदाहृतम्**= बताइएको छ, **अक्षिपुरुषे अपि** = आँखामा हुने पुरुषमा पनि, **तत् एव** = त्यही रूप नै, **अतिदेशेन** = निर्देशरूपले, **प्राप्यते** = पाइन्छ जस्तै, **तस्य एतस्य** = त्यो यो अक्षिपुरुषको, **तत् एव रूपम्** = जो आदित्य पुरुषको रूप हो भन्ने, **इति** = यस्तो, **परमेश्वरस्य** = परमेश्वरको, **रूपवत्त्वम्** = रूप हुने कुरा, **न युक्तम् च** = ठीक पनि होइन किनकि, **अशब्दम्, अस्पर्शम्, अरूपम्, अव्ययम्**= शब्दरहित, स्पर्शरहित, रूपरहित तथा अविनाशी भन्ने; **इति श्रुतेः** = यस्तो श्रुति हुनाले, **आधारत्वश्रवणात् च** = आधार सुनिएकोले पनि जस्तै, **यः एषः अन्तरादित्ये** = जो यो सूर्यमण्डलको बीचमा, **य एषः अन्तरक्षिणि इति** = जो यो आँखाभित्र भन्ने इत्यादि, **हि** = निश्चय, **अनाधारस्य** = आधारको अपेक्षा नभएका, **स्वमहिमप्रतिष्ठस्य** = आफ्नै महिमामा प्रतिष्ठा भएका, **सर्वव्यापिनः** = सर्वमा व्यापक भएका, **परमेश्वरस्य** = परमेश्वरको, **आधारः** = अरू आधार, **न उपदिश्येत** = उपदेश गरिने थिएन, **सः भगवः कस्मिन् प्रतिष्ठितः इति** = हे भगवन् त्यो परमेश्वर केमा रहेको छ, भन्ने र; **स्वे महिम्नि** = आफ्नै महिमामा, **आकाशवत् सर्वगतः नित्यः च** = आकाश झैं सबैमा रहेको र नित्य छ पनि भन्ने, **इति च श्रुती** = यस्ता पनि यी दुई श्रुति छन्, **ऐश्वर्यमर्यादाश्रुतेः च** = ऐश्वर्यको सीमा (मर्यादा) देखाउने श्रुति हुनाले पनि, **सः एषः** = त्यो यो, **ये च अमुष्मात्**= जो पनि यसभन्दा, **पराञ्चः लोकाः** = अगाडिका लोक छन्, **तेषाम्**= तिनीहरूको र, **देवकामानाम् च** = देवताका भोगको पनि फेरि, **इष्टे** = शासन गर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने, **इति आदित्यपुरुषस्य** = यस्तो आदित्यपुरुषको, **ऐश्वर्यमर्यादा** = ऐश्वर्यको मर्यादा छ, **सः एषः**= त्यो यो अक्षिपुरुष, **ये च एतस्मात्**= जुन यो भन्दा, **अर्वाञ्चः लोकाः** = पछाडिका लोक छन्, **तेषाम्** = तिनको र, **च**= फेरि, **मनुष्यकामानाम्**= मनुष्यका भोगको, **इष्टे** = शासन गर्छ भन्ने, **इति** = यस्तो, **अक्षिपुरुषस्य** = अक्षिपुरुषका ऐश्वर्यको मर्यादा छ, **परमेश्वरस्य** = परमेश्वरको, **च** = फेरि, **मर्यादावत् ऐश्वर्यम्** = मर्यादा भएको ऐश्वर्य, **न युक्तम्** = ठीक छैन, किनकि; **एषः सर्वेश्वरः** = यो सबैको शासनकर्ता ईश्वर हो, **एषः भूताधिपतिः** = यो प्राणीहरूको अधिपति हो, **एषः भूतपालः** = यो सबै प्राणीको रक्षक हो, **एषाम् लोकानाम्** = यी लोकहरूको, **असंभेदाय** = यथा योग्यस्थितिका निमित्त, **विधरणः सेतुः** = धारण गर्ने पुल(सेतु) जस्तै हो भनेर, **अविशेषश्रुतेः**= यो भन्दा विशेष नभएको भन्ने श्रुति हुनाले, **तस्मात्**= त्यसकारणबाट, **अक्ष्यादित्ययोः** = आँखा र सूर्यका, **अन्तः** = भित्र भएको पुरुष, **परमेश्वरः न** = परमेश्वर होइन, भन्ने; **इति एवम्** = यस्तो शङ्का, **प्राप्ते**= हुन आएमा, **ब्रूमः** = भन्दछौं कि, **अन्तः तद्धर्मोपदेशात्** = आदित्य अक्षिभित्रको पुरुष परमेश्वर हो, त्यसका धर्मको उपदेश हुनाले ।

विशदीकरण

पहिले आदित्यपुरुषमा सुनको जुँगा भएको भन्ने रूप बताइयो । अक्षिपुरुषमा पनि त्यसैको सङ्केतरूप निर्देशबाट 'जो यसको रूप त्यही नै त्यसको रूप' भनेर बताइयो । वास्तवमा निराकार परमेश्वरको रूप हुने कुरा त शब्द-स्पर्श-रूपरहित र अविनाशी भनेर श्रुतिबाट बताइएको कारणबाट उपयुक्त देखिंदैन । फेरि 'त्यो यो आदित्यभित्र, त्यो यो आँखाभित्र' भन्ने इत्यादि आधार सुनिएको छ । 'हे भगवन् ! त्यो परमेश्वर के मा रहेको छ? भन्ने प्रश्नको उत्तरमा- 'आकाश झैं सबैमा रहेको र नित्य पनि' भनेर श्रुतिमा पूर्वोक्त प्रश्नको उत्तर दिइएको छ । यसबाट पनि केही आधार नभएको र आफ्नै आधारमा रहेको सर्वव्यापी परमेश्वरको सूर्य र आँखा आधार हुने कुरा कदापि ठीक देखिंदैन ।

फेरि 'त्यो यो पुरुष जसले यसभन्दा अगाडिका लोकहरूको र तिनका देवताका भोगको पनि शासन गर्छ' भन्ने आदित्यपुरुषका कार्यक्षेत्रको सीमा तोकिएको र 'त्यो यो जसले यसभन्दा पछाडिका लोकहरूको र त्यहाँका मनुष्यहरूका भोगको पनि शासन गर्छ' भन्ने अक्षिपुरुषका ऐश्वर्यको मर्यादा पनि सुनिएको छ । अर्को तिर 'यो परमेश्वर सबैको शासन गर्ने, सबैको मालिक, सबैको रक्षा गर्ने, यो परब्रह्म र यी लोकहरूको यथायोग्य स्थितिका निमित्त सेतुरूप छ' भन्ने पनि सुनिएकोले परमेश्वरको ऐश्वर्यलाई सीमाङ्कन गर्ने कुरा ठीक नदेखिनाले समेत अक्षि र आदित्यका भित्र रहेको पुरुष परमेश्वर हुन सक्दैन भन्ने यस्तो शङ्का हुन आएमा उत्तररूपमा भन्दछौं - '**अन्तस्तद्धर्मोपदेशात्**' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

'य एषोऽन्तरादित्ये, य एषोऽन्तरक्षिणि' इति च श्रूयमाणः पुरुषः परमेश्वर एव, न संसारी । कुतः ? **'तद्धर्मोपदेशात्'**। तस्य हि परमेश्वरस्य धर्मा इहोपदिष्टाः । तद्यथा- **'तस्योदिति नाम'** इति श्रावयित्वा अस्यादित्यपुरुषस्य नाम **'स एषः सर्वेभ्यः पाप्मभ्य उदितः'** इति सर्व पाप्मापगमेन निर्वक्ति । तदेव च कृतनिर्वचनं नामाक्षिपुरुषस्याप्यतिदिशति- **'यन्नाम तन्नाम'** इति। सर्व-पाप्मापगमश्च परमात्मन एव श्रूयते- **'य आत्माऽपहतपाप्मा'** (छा० ८/७/१) इत्यादौ । तथा चाक्षुषे पुरुषे **'सैवर्क्तत्साम तदुक्थं तद्यजुस्तद् ब्रह्म'** इत्यृक्सामा-द्यात्मकतां निर्धारयति । सा च परमेश्वरस्योपपद्यते, सर्वकारणत्वात्सर्वात्मकत्वो-पपत्तेः ।

नेपालीभाषानुवाद

यः एषः अन्तरादित्ये = जो यो आदित्यमण्डलको बीचमा भन्ने र, **यः एषः अन्तरक्षिणि**= जो यो आँखाभित्र भन्ने, **इति च**= यसरूपले पनि, **श्रूयमाणः पुरुषः**= सुनिएको पुरुष, **परमेश्वरः एव** = परमेश्वर नै हो, **न संसारी** = संसारी जीव होइन, **कुतः** = के बाट, **तद्धर्मोपदेशात्** = उसका धर्मको उपदेश भएकोले, **हि** = निश्चय, **तस्य परमेश्वरस्य** = त्यो परमेश्वरका, **धर्माः** = धर्महरू, **इह** = यहाँ यस प्रकरणमा, **उपदिष्टाः** = उपदेश गरिएका छन्, **तत् यथा**= त्यो जस्तै कि, **तस्य** = त्यो परमेश्वरको, **उदिति नाम** = उदिति नाम, **श्रावयित्वा** = सुनाएर, **अस्य आदित्यपुरुषस्य नाम**= यो आदित्य पुरुषको नाम, **सः एषः सर्वेभ्यः पाप्मभ्यः उदितः**= त्यो यो सबै पाप दोषबाट छुटेको भनेर, **इति** = यस रूपले, **सर्वपाप्मापगमेन** = सबै पापदोषबाट छुटेको भन्ने रूपले, **निर्वक्ति** = लक्षणरूपमा भन्दछ, **तत् एव च** = त्यही नै पनि, **कृतनिर्वचनं नाम** = लक्षण गरिएको नाम, **अक्षिपुरुषस्य अपि** = अक्षिपुरुषको पनि, **अतिदिशति** = देखाउँछ जस्तो कि, **यत् नाम तत् नाम इति** = आदित्यपुरुषको जुन नाम त्यही अक्षिपुरुषको नाम भन्ने यस्तो, **सर्वपाप्मापगमः च** = सबै पाप दोष छुट्ने कुरा पनि, **परमात्मनः एव श्रूयते** = परमात्माको नै सुनिन्छ, **अपहतपाप्मा यः आत्मा** = पाप दोष नभएको जुन आत्मा भन्ने, **इति आदौ** = इत्यादि वाक्यमा, **तथा** = त्यस्तै, **चाक्षुषे पुरुषे** = आँखा भएका पुरुषमा, **सा एव ऋक् तत् साम** = त्यही नै ऋक् हो, त्यही साम हो, **तत् उक्थम्** = त्यही प्राण हो, **तत् यजुः तत् ब्रह्म** = त्यही यजु हो, त्यही ब्रह्म हो भन्ने: **इति** = यस रूपले, **ऋक्सामाद्यात्मकताम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋक्, साम आदि स्वरूप भएको कुरा, **निर्धारयति** = निर्धारण गर्छ, **च** = फेरि, **सा** = त्यो ऋक्, साम आदि स्वरूप हुने कुरा, **परमेश्वरस्य** = परमेश्वरको, **उपपद्यते**= घट्न आउँछ, किनकि; **सर्वकारणत्वात्** = सबैको कारण हुनाले, **सर्वात्मकत्वोपपत्तेः**= सबैको स्वरूप हुन सक्ने हुनाले ।

विशदीकरण

'जो यो आदित्यमण्डलभित्र छ र जो यो आँखाभित्र छ' भनेर श्रुतिमा बताएको पुरुष परमेश्वर हो, संसारी जीव होइन, किनभने यस प्रकरणमा त्यस परमात्माका धर्महरू बताइएका छन् । जस्तो कि आदित्यपुरुषको 'उदिति भन्ने नाम सुनाएर सबै पापदोषबाट छुटेको' भन्ने त्यसको लक्षण समेत श्रुतिमा बताइएको छ ।

अक्षिपुरुषको पनि त्यस्तै लक्षणरूपमा भनिएको नामलाई सङ्केत गरेर 'जुन आदित्यपुरुषको नाम हो त्यही यस अक्षिपुरुषको पनि नाम हो' भनेर श्रुतिले देखाएको छ। सबै पापदोषबाट छुट्ने कुरा 'पापनिर्मुक्त पुरुष नै आत्मा हो' भनेर परमात्माको विषयमा मात्र सुनिन्छ । अक्षिपुरुषमा पनि त्यसै रूपले 'त्यही नै ऋक्, त्यही यजु, त्यही साम, त्यही प्राण र त्यही ब्रह्म हो' भनेर ब्रह्मको ऋक्, साम आदि स्वरूप भएको कुरा निधो गर्दछ । परमात्मा सबैको कारण हुनाले र त्यसमा सबै रूप हुनसक्ने हुँदा पूर्वोक्त लक्षण परमेश्वरमा मात्र घट्न सक्दछ ।

शाङ्करभाष्यम्

पृथिव्यग्न्याद्यात्मके चाधिदैवतं ऋक्सामे, वाक्प्राणाद्यात्मके चाध्यात्ममनुक्रम्याह– **'तस्यर्क्च च साम च गेष्णौ'** इत्यधिदैवतम् । तथाध्यात्ममपि – **'यावमुष्य गेष्णौ तौ गेष्णौ'** इति । तच्च सर्वात्मन एवोपपद्यते । **'तद्य इमे वीणायां गायन्त्येवं ते गायन्ति तस्मात्ते धनसनयः'** (छा० १/७/६) इति च लौकिकेष्वपि गानेष्वस्यैव गीयमानत्वं दर्शयति। तच्च परमेश्वरपरिग्रहे घटते ।

यद्यद्विभूतिमत्सत्वं श्रीमदूर्जितमेव वा ।

तत्तदेवावगच्छ त्वं मम तेजोंशसंभवम् ।। (गीता १०/४१)

इति भगवद्गीतादर्शनात् । लोककामेशितृत्वमपि निरङ्कुशं श्रूयमाणं परमेश्वरं गमयति। यत्तूक्तं हिरण्यश्मश्रुत्वादिरूपश्रवणं परमेश्वरे नोपपद्यत इति अत्र ब्रूमः–

नेपालीभाषानुवाद

पृथिव्यग्न्याद्यात्मके = पृथिवी तथा अग्नि आदि स्वरूप भएका, **च**= पनि, **ऋक्सामे** = ऋक् र साम, **अधिदैवतम्** = अधिदेवता हुन्, **वाक्प्राणाद्यात्मके च**= वाक् र प्राण आदिस्वरूपमा पनि, **अध्यात्मम् अनुक्रम्य** = अध्यात्म हुनाले त्यसैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्केत गरेर, **आह** = भन्दछ, जस्तै; **तस्य**= त्यस पुरुषको वा आदित्यरथको, **ऋक् च साम च** = ऋक् पनि साम पनि, **गेष्णौ इति** = पाउका पर्व हुन् भन्ने, **इति अधिदैवतम्** = यो अधिदैवत हो, **तत् च** = त्यो पनि, **सर्वात्मनः एव** = सर्वात्माको नै, **उपपद्यते** = युक्त हुन सक्दछ, **तथा अध्यात्मम् अपि** = त्यस्तै अध्यात्म पनि, **यौ अमुष्य गेष्णौ** = जुन सर्वात्मक यी ऋक् र साम हुन् ती आदित्यरथका पादपर्व हुन्, **तौ गेष्णौ** = तिनै यसका पादपर्व हुन् भन्ने, **तत् ये** = त्यसकारण जो, **इमे** = यी गायक, **गायन्ति**= गाउँछन्, **ते** = ती गायक, **एवम् गायन्ति** = यसैलाई गाउँछन्, **तस्मात् ते** = त्यसकारण ती, **धनसनयः** = धन माग्नेवाला हुन् भन्ने, **इति च** = यस्तो पनि, **लौकिकेषु अपि गानेषु**= लौकिक गायनमा पनि, **अस्य एव गीयमानत्वम्**= यसैको नै त्यही गान गरिने कुरा, **दर्शयन्ति** = देखाउँछन्, **तत् च** = त्यो कुरा पनि त, **परमेश्वरपरिग्रहे** = परेश्वरलाई लिएमा, **घटते** = घट्न सक्दछ, किनकि; **यत् यत्** = जुन जुन, **विभूतिमत्** = ऐश्वर्यवाला र, **श्रीमत्** = शोभावाला, **ऊर्जितम्** = बलिष्ठ, विशिष्ट, **वा एव** = प्रसिद्ध नै, **तत् तत् एव** = त्यही त्यही नै, **मम** = मेरो (ईश्वर) को, **अंशसम्भवम्** = अंशबाट भएको, **तेजः** = तेज भनेर, **त्वम्** = तिनी (अर्जुन), **अवगच्छ इति** = जान भन्ने, **भगवद्गीतादर्शनात्** = भगवद्गीताको वाक्य देखिएकाले, **लोककामेशितृत्वम् अपि** = लोकका भोगहरूमा शासन गर्ने कुरा पनि, **निरङ्कुशम्** = निर्बाधरूपमा, **श्रूयमाणम्** = सुनिएको छँदो, **परमेश्वरम्** = परमेश्वरलाई, **गमयति** = बुझाउँछ, बताउँछ; **यत् तु** = जो कि, **हिरण्यश्मश्रुत्वादिरूप-श्रवणम्** = सुनको जुँगा हुनु आदि आकार सुनिनु, **परमेश्वरे** = परमेश्वरलाई लिएमा, **न उपपद्यते इति** = ठीक हुँदैन भन्ने कुरा, **उक्तम्** = शङ्कारूपमा भनियो, **अत्र** = यस विषयमा, **ब्रूमः** = उत्तररूपमा भन्दछौं ।

विशदीकरण

पृथ्वी, अग्नि आदि स्वरूप भएमा ऋक् र सामलाई अधिदैवत रूपमा बताएपछि वाक् र प्राणरूपमा अध्यात्मलाई सङ्केत गरेर जुन सर्वात्मक ऋक् र सामस्वरूप हुन्, ती नै यो आदित्यरथका पादपर्व हुन् भनेको छ । यो कुरा सर्वात्मामा मात्र घट्न सक्दछ । फेरि जो यी गायक वीणामा गान गर्छन्, ती यसैलाई नै गाउँछन् भनेर पनि लौकिक गानमा समेत यसैको गान बताउँछन् । त्यो कुरा परमेश्वरलाई लिएमा मात्र घट्न सक्दछ ।

यसै सन्दर्भमा 'जुन-जुन ऐश्वर्यवाला, शोभावाला र बलिष्ठ छ त्यो- त्यो मेरो अंशबाट बनेको तेज हो भनेर तिमी जान' भन्ने भगवद्गीताको वाक्य देखिएको छ । अर्को कुरा लोकहरूका भोगहरूको शासन गर्ने भन्ने कुरा पनि निर्बाधरूपले बताइएकोबाट 'त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासक परमेश्वर नै हो' भन्ने बुझिन्छ । फेरि सुनको जुँगा आदि भएको भन्ने कुरा परमेश्वर पक्षमा घट्न सक्दैन र उपयुक्त पनि हुन्न भनेर जुन शङ्का गरिएको थियो, यहाँ त्यस विषयमा उत्तररूपमा भन्दछौं ।

शाङ्करभाष्यम्

स्यात् परमेश्वरस्यापीच्छावशान्मायामयं रूपं साधकानुग्रहार्थम् ।

माया ह्येषा मया सृष्टा यन्मां पश्यसि नारद ।

सर्वभूतगुणैर्युक्तं नैवं मां ज्ञातुमर्हसि ।। इति स्मरणात् ।

अपि च यत्र तु निरस्तसर्वविशेषं पारमेश्वरं रूपमुपदिश्यते, भवति तत्र शास्त्रम् – '**अशब्दमस्पर्शमरूपमव्ययम्**' इत्यादि । सर्वकारणत्वात्तु विकार-धर्मैरपि कैश्चिद् विशिष्टः परमेश्वर उपास्यत्वेन निर्दिश्यते – '**सर्वकर्मा सर्वकामः सर्वगन्धः, सर्वरसः**' (छा० ३/१४/२) इत्यादिना । तथा हिरण्यश्मश्रुत्वादि-निर्देशोऽपि भविष्यति । यदप्याधारश्रवणान्न परमेश्वर इति, अत्रोच्यते– स्वमहिम-प्रतिष्ठस्याप्याधारविशेषोपदेश उपासनार्थो भविष्यति, सर्वगतत्वाद् ब्रह्मणो व्योम-वत्सर्वान्तरत्वोपपत्तेः । ऐश्वर्यमर्यादाश्रवणमपि, अध्यात्माधिदैवतविभागापेक्षमुपा-सनार्थमेव । तस्मात्परमेश्वर एवाक्ष्यादित्ययोरन्तरुपदिश्यते ।।२०।।

नेपालीभावानुवाद

परमेश्वरस्य अपि = परमेश्वरको पनि, **इच्छावशात्** = आफ्नो इच्छाले, **साधकानुग्रहार्थम्**= साधकहरूको अनुग्रहका निमित्त, **मायामयं रूपम्** = मायामय रूप, **स्यात्** = हुन सक्दछ, **हि**= निश्चय, **नारद** = हे नारद, **मया** = मैले, म ईश्वरले, **एषा माया सृष्टा** = यस दृश्यमान संसाररूप मायाको सृष्टि गरेको हो, **यत्** = जो कि, **माम् पश्यसि** = मलाई भेदरूपले देख्दछौ, **कस्तो त, सर्वभूतगुणैः युक्तम्** = सबै भूतका गुण शब्दादिले सहित परन्तु, **माम् एवम्** = मलाई यस किसिमको भनेर, **ज्ञातुम् न अर्हसि** = जान्न योग्य छैनौ भन्ने, **इति** = यस्तो, **स्मरणात्** = स्मृति हुनाले, **अपि च** = फेरि पनि (वास्तवमा), **यत्र तु** = जहाँ त, **निरस्तसर्वविशेषम्**= कुनै पनि विशेष नभएको, **पारमेश्वरम्** = परमेश्वरसम्बन्धी, **रूपम्** = रूप, **उपदिश्यते**= उपदेश गरिन्छ, अनि; **अशब्दम् अस्पर्शम् अरूपम् अव्ययम्** = शब्द–स्पर्श–रूप रहित र अविनाशी भन्ने, **इत्यादि** = इत्यादि गरेको, **शास्त्रम्** = शास्त्र, **तत्र भवति** = त्यहाँ हुन्छ, लाग्छ; **सर्वकारणत्वात् तु** = सबैको कारण हुनाले त, **उपास्यत्वेन** = उपास्यरूपले, **कैश्चित् विकारधर्मैः** = कुनै विकारका धर्मले, **विशिष्टः** = युक्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वरः = परमेश्वर, **निर्दिश्यते** = निर्देश गरिन्छ, जस्तै कि; **सर्वकर्मा** = सबै काम गर्ने वा सबै कर्म भएको, **सर्वकायः** = सबै इच्छा भएको, **सर्वगन्धः**= सबै गन्ध वा संस्कार भएको, **सर्वरसः** = सबै रस भएको भन्ने, **इत्यादिना** = इत्यादि शास्त्रले बताइन्छ, **तथा** = त्यस्तै, **हिरण्यश्मश्रुत्वादिनिर्देशः अपि** = सुनको जुँगा भएको भन्ने इत्यादि निर्देश पनि, **भविष्यति** = हुन सक्नेछ, **यत् अपि** = हुन त, **आधारश्रवणात्** = आधार सुनिएकोबाट, **न परमेश्वरः इति**= आँखा र आदित्यमा बताएको पुरुष परमेश्वर होइन जो भन्यौ; **अत्र उच्यते** = यहाँ त्यसको उत्तररूपमा भनिन्छ, **स्वमहिमप्रतिष्ठस्य अपि** = आफ्नै महिमामा रहेका परमेश्वरको पनि; **आधारविशेषोपदेशः** = आधारविशेषको उपदेश, **उपासनार्थः** = उपासनानिमित्त, **भविष्यति** = हुन सक्नेछ, किनकि; **सर्वगतत्वात्** = सबैमा रहेकोबाट, **ब्रह्मणः** = ब्रह्मको, **व्योमवत्** = आकाश जस्तै, **सर्वान्तरत्वोपपत्तेः** = सबैका भित्र रहन सक्ने कुरा सिद्ध हुन सक्ने हुनाले, **ऐश्वर्यमर्यादाश्रवणम् अपि** = ऐश्वर्यको सीमाङ्कनको विषयमा सुनिनु पनि, **अध्यात्माधिदैवतविभागापेक्षम्**= अध्यात्म र अधिदैव छुट्याउने अपेक्षाले, **उपासनार्थम् एव** = उपासनाकानिमित्त नै हो, **तस्मात्** = त्यसकारणबाट, **अक्ष्यादित्ययोः अन्तः** = आँखा र सूर्यको बीचमा, **परमेश्वरः एव** = परमेश्वर नै, **उपदिश्यते** = उपदेश गरिन्छ ।

विशदीकरण

परमेश्वरले पनि आफ्नो इच्छाबाट साधकहरूको कल्याणनिमित्त मायामयरूप धारण गर्न सक्दछन्। स्मृतिमा पनि 'हे नारद! यो दृश्यमान संसाररूप मायाको सृष्टि मैले गरेको हो । यो सृष्टि सबै भूतका गुणले युक्त छ । परन्तु यस रूपको मलाई नसम्झ' भन्ने स्मृतिवाक्य रहेको छ । जहाँ सबै विशेषले रहित भएको परमेश्वर बताइन्छ, त्यहाँ मात्र अशब्द, अस्पर्श, अरूप, अविनाशी भन्ने इत्यादि शास्त्र लागू हुन्छ ।

सबैको कारण हुनाले अवस्थानुसार ठाउँ, ठाउँमा विकारधर्मले सहित भएका परमात्माको पनि उपासनानिमित्त निर्देश गरिन्छ । जस्तै 'सर्वकाम, सर्वकर्मा, सर्वगन्ध, सर्वरस' भन्ने इत्यादि भगवान्‌का गुणवाचक नामहरूलाई शास्त्रले बताउँछन् । त्यसो हुनाले नै सुनको जुँगा आदि भएको भन्ने पनि हुनसक्दछ ।

फेरि आधार देखाएकोले परमेश्वर होइन भन्ने शङ्का पनि ठीक छैन । किनकि त्यो पनि उपासनाकै निमित्त देखाइएको छ । जस्तै- आकाश सबैमा हुनाले सबैका भित्र भनेर आधारनिर्देश गर्न सकिन्छ, त्यस्तै ब्रह्ममा पनि गर्न सकिन्छ । अर्को कुरा ऐश्वर्यको सीमाङ्कन भएको पनि आध्यात्म र अधिदैवलाई छुट्याएर उपासनाको निमित्त हो । यी सबै कारणबाट आँखा र सूर्यभित्र रहने परमेश्वर नै हुन् भन्ने कुरा बताइन्छ ।।२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - भेदव्यपदेशाच्चान्यः १/१/२१

सूत्रार्थ - **भेदव्यपदेशात्** = भेद देखाइएको हुनाले, **च** = पनि, **अन्यः** = सूर्य–मण्डलवर्ती हिरण्मय पुरुष सूर्यको अधिष्ठाता देवताभन्दा भिन्न छ ।

शाङ्करभाष्यम्

अस्ति चादित्यादिशरीराभिमानिभ्यो जीवेभ्योऽन्य ईश्वरोऽन्तर्यामी, **'य आदित्ये तिष्ठन्नादित्यादन्तरो यमादित्यो न वेद यस्यादित्यः शरीरं य आदित्यमन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः'** (बृ. ३/७/९) इति श्रुत्यन्तरे भेदव्यपदेशात् । तत्र हि **'आदित्यादन्तरो यमादित्यो न वेद'** इति वेदितुरादित्या–द्विज्ञानात्मनोऽन्योऽन्तर्यामी स्पष्टं निर्दिश्यते, स एवेहाप्यन्तरादित्ये पुरुषो भवितुमर्हति, श्रुतिसामान्यात् । तस्मात्परमेश्वर एवेहोपदिश्यत इति सिद्धम् ।।२१।

नेपालीभाषानुवाद

आदित्यादिशरीराभिमानिभ्यः = आदित्यादि शरीरमा अभिमान गर्ने, **जीवेभ्यः** = जीवहरू भन्दा, **अन्यः** = भिन्न अर्को, **अन्तर्यामी ईश्वरः** = अन्तर्यामी ईश्वर, **अस्ति च** = छ पनि किनकि, **यः** = जुन, **आदित्ये** = सूर्यमा, **तिष्ठन्**= रहँदो, **आदित्यात्**= आदित्यभन्दा, **अन्तरः** = अलग वा भित्र छ, **यम्** = जसलाई, **आदित्यः**= आदित्यले, **न वेद** = जान्दैन, **यस्य** = जसको, **आदित्यः** = आदित्य, **शरीरम्** = शरीर हो, **यः** = जो, **आदित्यम्** = आदित्यलाई, **अन्तरः** = भित्र वा अलग रहेको छँदो, **यमयति** = शासन गर्छ (प्रेरित गर्छ), **एषः** = यो, **ते** = तिम्रो, **अमृतः** = अमृत (मोक्ष) रूप, **अन्तर्यामी आत्मा** = अन्तर्यामी आत्मा हो भन्ने, **इति** = यस रूपले, **श्रुत्यन्तरे** = अर्को श्रुतिमा, **भेदव्यपदेशात्** = भेद देखाएको हुनाले, **तत्र हि** = त्यहाँ निश्चय, **आदित्यात् अन्तरः यम् आदित्यो न वेद** = आदित्यभन्दा भित्र अलग र जसलाई आदित्यले जान्दैन भन्ने, **इति** = यस रूपले, **वेदितुः विज्ञानात्मनः**= जान्ने (प्रमाता) विज्ञानात्मा भन्दा, **अन्यः** = अलग, अर्को, **अन्तर्यामी** = अन्तर्यामी, **स्पष्टं निर्दिश्यते** = स्पष्टरूपमा देखाइन्छ, **सः एव इह अपि** = त्यही नै यहाँ पनि, **अन्तरादित्ये** = आदित्यभित्र, **पुरुषः भवितुम् अर्हति** = पुरुष हुनुपर्दछ, किनकि, **श्रुतिसामान्यात्** = श्रुति एकनास हुनाले, **तस्मात्**= त्यसकारणबाट, **परमेश्वरः एव इह उपदिश्यते** = परमेश्वर नै यहाँ उपदेश गरिन्छ भन्ने, **इति सिद्धम्** = यो कुरा सिद्ध भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

भेद बताएको हुनाले अलग अर्को अन्तर्यामी पुरुष छ भन्ने सूत्रार्थ हो । 'आदित्य आदि शरीरमा अभिमान गर्ने जीवहरूभन्दा अलग अन्तर्यामी ईश्वर छ, किनकि जो आदित्यमा रहँदा आदित्यभन्दा अलग छ, जसलाई आदित्यले जान्दैन, जसको आदित्य शरीर हो, जो आदित्यलाई शासन र प्रेरणा गर्छ, त्यो यो तिम्रो अमृतरूप अन्तर्यामी आत्मा हो' भन्ने अर्को श्रुतिमा आदित्यभन्दा अलग अन्तर्यामी ईश्वरलाई भिन्न रूपले बताइएको छ ।

खासगरेर त्यसमा आदित्यभन्दा अलग र जसलाई आदित्यले जान्दैन भनेर जान्नेवाला आदित्यरूप विज्ञानात्माभन्दा अलग अर्को अन्तर्यामीलाई स्पष्ट रूपमा देखाइन्छ। त्यही नै यहाँ आदित्यभित्रको पुरुष हुनुपर्दछ । किनभने श्रुतिहरूको प्रामाण्य सबैमा एकनास हुन्छ। त्यसकारणबाट परमेश्वरलाई नै यो आदित्यमण्डलभित्र बताइएको हो भन्ने कुरा सिद्ध हुन्छ।।२१।।

इतिअन्तरधिकरणम् ।।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. आकाशाधिकरणम् {सू. २२}

ब्रह्मसूत्रम् - आकाशस्तल्लिङ्गात् १/१/२२

सूत्रार्थ - **आकाशः** = **'आकाशो ह वै'** इत्यादि वाक्यमा सुनिएको आकाशशब्द, **तल्लिङ्गात्** = त्यो ब्रह्मको लिङ्ग (चिह्न) हुनाले ब्रह्मपरक हो ।

शाङ्करभाष्यम्

इदमामनन्ति - **'अस्य लोकस्य का गतिरित्याकाश इति होवाच सर्वाणि हवा इमानि भूतानि आकाशादेव समुत्पद्यन्त आकाशं प्रत्यस्तं यन्त्याकाशो ह्येवैभ्यो ज्यायानाकाशः परायणम्'** (छा० १/९/१) इति । तत्र संशयः- किमाकाशशब्देन परं ब्रह्माभिधीयत उत भूताकाशमिति । कुतः संशयः ? उभयत्र प्रयोगदर्शनात् । भूतविशेषे तावत् सुप्रसिद्धो लोकवेदयोराकाश-शब्दो ब्रह्मण्यपि क्वचित्प्रयुज्यमानो दृश्यते । यत्र वाक्यशेषवशादसाधारण-गुणश्रवणाद् वा निर्धारितं ब्रह्म भवति यथा - **'यदेष आकाश आनन्दो न स्यात्'** (तै० २/७) इति । **'आकाशो वै नामरूपयो निर्वहिता ते यदन्तरा तद् ब्रह्म'** (छा० ८/१४/१) इति चैवमादौ । अतः संशयः किं पुनरत्र युक्तम् ? भूताकाशमिति ।

नेपालीभाषानुवाद

इदम् = यो, **आमनन्ति** = श्रुतिरूपमा भन्दछन्, मान्दछन् कि; **अस्य लोकस्य**= यस लोकको, **का गतिः इति** = प्रतिष्ठान के हो भन्ने, **ह** = निश्चय, **आकाश इति** = आकाश हो भनेर, **उवाच** = भने, **ह** = प्रसिद्ध, **वा** = निश्चय, **इमानि सर्वाणि भूतानि** = यी सबै प्राणी तथा भूतहरू, **आकाशात् एव** = आकाशबाट नै, **समुत्पद्यन्ते**= उत्पन्न हुन्छन्, **आकाशं प्रति** = आकाशमा नै, **अस्तम् यन्ति** = लीन हुन्छन्, **हि एव** = निश्चय नै, **आकाशः** = आकाश, **एभ्यः**= यिनीहरू भन्दा, **ज्यायान्** = श्रेष्ठ छ, **आकाशः** = आकाश, **परायणम् इति** = आश्रय स्थान हो भन्ने, **तत्र संशयः** = त्यसमा शङ्का हुन्छ, **किम् आकाशशब्देन** = के त आकाश भन्ने शब्दले, **परं ब्रह्म अभिधीयते** = परब्रह्मलाई भनिन्छ, **उत** = फेरि अथवा, **भूताकाशम् इति**= दृश्यमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूताकाश हो भन्ने, **कुतः संशयः** = केबाट शङ्का हुन्छ, **उभयत्र प्रयोगदर्शनात्** = ब्रह्म र भूताकाश दुवैमा प्रयोग गरेको देखिनाले, **तावत्** = पहिल्यै, **आकाशशब्दः**= आकाशशब्द, **लोकवेदयोः** = लोक र वेद दुवैमा, **भूतविशेषे** = भूताकाशमा, **प्रसिद्ध** = प्रसिद्ध छ र, **ब्रह्मणि अपि** = ब्रह्ममा पनि, **क्वचित्** = कहीं, **प्रयुज्यमानः**= प्रयोग गरिएको, **दृश्यते** = देखिन्छ, **यत्र** = जहाँ, **वाक्यशेषवशात्** = वाक्यशेषको वशबाट र, **वा** = अथवा, **असाधारणगुणश्रवणात्** = असाधारण गुण सुनिएकाले, **ब्रह्म**= ब्रह्म, **निर्धारितम्** = निश्चय गरिएको हुन्छ, **यथा** = जस्तै, **यत् एषः आकाशः आनन्दः न स्यात्** = जो कि यो आनन्दरूप आकाश नहुँदो हो त भनेर, **वै** = निश्चय, **आकाशः नाम** = आकाश भनेको, **नामरूपयोः** = नाम र रूपको, **निर्वहिता** = धारण गर्ने वा सृष्टिस्थितिको कारण हो, **ते**= ती नाम र रूप, **यत् अन्तरा** = जसभित्र छन्, **तत् ब्रह्म इति च** = त्यो नाम र रूपले नछोइएको ब्रह्म हो भन्ने पनि, **एवम् आदौ** = इत्यादिमा, **अतः संशयः** = यस प्रकारबाट शङ्का हुन्छ, **किं पुनः अत्र युक्तम्** = के फेरि यहाँ ठीक हुन्छ, **भूताकाशम् इति** = भूताकाश हो भन्ने ।

विशदीकरण

अब यहाँबाट आकाशनामको अधिकरण सुरु हुन्छ । आकाश भनेको ब्रह्म हो, त्यसको चिह्न हुनाले भन्ने सूत्रार्थ हो । यस लोकको आश्रय स्थान के हो ? भन्दा आकाश हो । आकाशबाटनै सबै प्राणी उत्पन्न हुन्छन्, आकाशमा नै लीन हुन्छन्, सबैभन्दा आकाश श्रेष्ठ छ, आकाश नै आश्रय स्थान हो भन्ने इत्यादि श्रुतिहरू छन् ।

त्यसमा शङ्का हुन्छ – यी श्रुतिवाक्यहरूमा सुनिएको आकाश शब्दले परब्रह्मलाई बुझाउँछ कि ? भूताकाशलाई ? किनकि लोक र वेद दुवैमा आकाश शब्द भूताकाशमा प्रसिद्ध छ र कहीं कहीं परब्रह्ममा पनि प्रयोग गरेको देखिन्छ । वाक्यशेषबाट अथवा असाधारण गुण सुनिएबाट आकाश ब्रह्म निर्धारित हुन्छ । जस्तै- 'जो यो आनन्दरूप आकाश नहुँदो हो त', आकाश भनेको नाम र रूपको सृष्टि र स्थितिको कारण हो, ती नाम र रूप जसभित्र छन्, तिनै नाम र रूपद्वारा सम्पृक्त नभएको ब्रह्म हो' भन्ने इत्यादि श्रुतिमा हुनाले पनि आकाश शब्द ब्रह्मको अर्थमा प्रयुक्त भएको छ । पुनश्च शङ्का हुन आउँदछ- यहाँ आकाश शब्दले कसलाई लिन ठीक होला ? पहिले लोक र वेद दुवैमा प्रसिद्ध भएबाट भूताकाशलाई लिन ठीक पर्दछ ।

शाङ्करभाष्यम्

कुतः ? तद्धि प्रसिद्धतरेण प्रयोगेण शीघ्रं बुद्धिमारोहति । न चायमाकाशशब्द उभयोः साधारणः शक्यो विज्ञातुम्, अनेकार्थत्वप्रसङ्गात् । तस्माद् ब्रह्मणि गौण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवाकाशशब्दो भवितुमर्हति । विभुत्वादिभिर्हि बहुभिर्धर्मैः सदृशमाकाशेन ब्रह्म भवति । न च मुख्यसंभवे गौणोऽर्थोऽग्रहणमर्हति । संभवति चेह मुख्यस्यैवाकाशस्य ग्रहणम् । ननु भूताकाशपरिग्रहे वाक्यशेषो नोपपद्यते– **'सर्वाणि ह वा इमानि भूतानि आकाशादेव समुत्पद्यन्ते'** इत्यादिः । नैष दोषः, भूताकाशस्यापि वाय्वादिक्रमेण कारणत्वोपपत्तेः । विज्ञायते हि– **'तस्माद् वा एतस्मादात्मन आकाशः सम्भूतः। आकाशाद् वायुः । वायोरग्निः'**(तै० २/१) इत्यादि । ज्यायस्त्वपरायणत्वे अपि भूतान्तरापेक्षयोपपद्येते भूताकाशस्यापि । तस्मादाकाश-शब्देन भूताकाशस्य ग्रहणमित्येवं प्राप्ते ब्रूमः –

नेपालीभाषानुवाद

कुतः = केबाट, भूताकाश लिइन्छ त भने, **तत् हि** = त्यो भूताकाश निश्चय नै, **प्रसिद्धतरेणप्रयोगेण** = ज्यादै प्रसिद्ध भइरहेका प्रयोगद्वारा, **शीघ्रम्** = छिटै, **बुद्धिम् आरोहति** = बुद्धिमा चढ्दछ, **च** = फेरि, **अयम् आकाशशब्दः** = यो आकाश शब्द, **उभयोः साधारणः**= भूताकाश र ब्रह्म दुवैमा साधारण छ भनेर, **विज्ञातुं न शक्यः** = जान्न सकिंदैन किनकि, **अनेकार्थत्वप्रसङ्गात्**= आकाश भनेर धेरै अर्थ आइपर्ने हुनाले, **तस्मात्** = त्यसकारणबाट, **ब्रह्मणि** = ब्रह्ममा प्रयोग गरिएको, **आकाशशब्दः** = आकाश शब्द, **गौणः** = गौण, **भवितुम् अर्हति** = हुनुपर्दछ, **हि** = निश्चय, **विभुत्वादिभिः बहुभिः धर्मैः** = व्यापकपन आदि गरिएका धेरै धर्मद्वारा, **ब्रह्म** = ब्रह्म, **आकाशेन सदृशम्** = आकाशले तुल्य, **भवति** = हुन्छ, **मुख्यसंभवे** = मुख्यको संभव भएमा, **गौणः अर्थः**= गौण अर्थ, **अग्रहणम् अर्हति**= नलिने हुनुपर्दछ, **इह** = यहाँ, **मुख्यस्य एव आकाशस्य ग्रहणम्** = मुख्य आकाशको नै ग्रहण गर्ने कुरा, **च** = पनि, **संभवति**= संभव हुन आउँछ, **ननु** = शङ्का, **भूताकाश-परिग्रहे** = भूताकाशलाई लिएमा, **वाक्यशेषः न उपपद्यते**= वाक्य शेष ठीक मिल्न आउँदैन जो कि, **सर्वाणि ह वा इमानि भूतानि** = निश्चय, प्रसिद्ध सबै प्राणीहरू, **आकाशात् एव समुत्पद्यन्ते इत्यादि** = आकाशबाट नै उत्पन्न हुन्छन् भन्ने इत्यादि, **न एषः दोषः** = यो दोष हुँदैन किनकि, **भूताकाशस्य अपि** = भूताकाशको पनि, **वाय्वादिक्रमेण** = वायु आदिका क्रमद्वारा, **कारणत्वोपपत्तेः** = कारण हुने कुरा सिद्ध हुनाले, **हि विज्ञायते** = निश्चय जानिन्छ कि, **तस्मात् वा एतस्मात् आत्मनः**= निश्चय त्यो यो आत्मादेखि, **आकाशः संभूतः**= आकाश उत्पन्न भयो, **आकाशाद्**= आकाशदेखि, **वायुः** = वायु उत्पन्न भयो, **वायोः** = वायुदेखि, **अग्निः** = अग्नि (तेज) उत्पन्न भयो भन्ने, **इत्यादिः** = इत्यादि, **ज्यायस्त्वपरायणत्वे अपि** = श्रेष्ठ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रयस्थान हुने कुरा पनि, **भूतान्तरापेक्षया** = वायु आदि अरू भूतका अपेक्षाले, **भूताकाशस्य अपि** = भूताकाशको पनि, **उपपद्यते** = मिल्न सक्दछन्, **तस्मात्** = त्यसकारणबाट, **आकाशशब्देन** = आकाशशब्दले, **भूताकाशस्य ग्रहणम्** = भूताकाशको नै ग्रहण हुन्छ भन्ने, **इति एवं प्राप्ते** = यस्तो शंका प्राप्त भएमा, **ब्रूमः**= उत्तररूपमा भन्दछौं ।

विशदीकरण

आकाशशब्दले भूताकाशलाई लिने कुरा आकाशभन्दा भूताकाश नै बुद्धिमा आउनाले मान्नु परेको हो । फेरि आकाशशब्दले भूताकाश र ब्रह्म दुवै साधारणतया लिइन्छन् भन्ने कुरा पनि बुझ्न बुझाउन असम्भव छ, किनभने त्यस्तो भएमा आकाशशब्दको अर्थ धेरै प्रकारको हुन आउछ । वास्तवमा आकाशशब्द बह्मामा लागू हुन्छ भने गौणरूपले नै हुनसक्दछ । कारण के त भने व्यापकपन आदि धेरै किसिमका धर्मद्वारा ब्रह्म आकाशसँग मिल्दोजुल्दो पनि छ । मुख्य अर्थको संभव भएसम्म गौण अर्थ लिने पनि कुनै प्रयोजन छैन ।

अर्को कुरा यहाँ आकाशशब्दले मुख्य आकाशलाई नै लिन समुचित पनि छ । यहाँ एउटा शङ्का हुन सक्दछ के भने ? भूताकाश लिएको पक्षमा निश्चय नै सबै प्राणीहरू आकाशबाट नै उत्पन्न हुन्छन् भन्ने वाक्यशेष नहुनु पर्छ । परन्तु त्यो शङ्कारूप दोष यहाँ लाग्दैन, किनकि भूताकाश पनि आफू मुनिका अरू वायु आदि भूतको कारण हुनसक्छ । जस्तै– 'त्यो यो ब्रह्मरूप आत्मादेखि आकाश उत्पन्न भयो, आकाशदेखि वायु र वायुदेखि तेज भयो' इत्यादिबाट जानिन्छ ।

आकाश सबैभन्दा श्रेष्ठ र आश्रय स्थान भन्ने कुरा आकाशशब्दले ब्रह्मलाई नलिएमा घट्न सक्दैन भन्न पनि आकाशशब्दले मुख्य भूताकाशलाई लिएमा पनि आफूभन्दा मुनिका अरू वायु आदिको अपेक्षाले भूताकाश पनि सर्वश्रेष्ठ र आश्रयस्थान हुनाले मनासिब पर्दैन। यहाँ आकाश शब्दले भूताकाश नै लिएको हुनुपर्छ भन्ने शङ्का भएमा उत्तररूपमा भन्दछौं – **'आकाशस्तल्लिङ्गात्'** ।

शाङ्करभाष्यम्

आकाशशब्देन ब्रह्मणो ग्रहणं युक्तम्, कुतः ? तल्लिङ्गात् । परस्य हि ब्रह्मण इदं लिङ्गम्– **'सर्वाणि ह वा इमानि भूतान्याकाशादेव समुत्पद्यन्ते'** इति । परस्माद्धि ब्रह्मणो भूतानामुत्पत्तिरिति वेदान्तेषु मर्यादा । ननु भूताकाशस्यापि वाय्वादिक्रमेण कारणत्वं दर्शितम्। सत्यं दर्शितम् । तथापि मूलकारणस्य ब्रह्मणो-ऽपरिग्रहात्, आकाशादेवेत्यवधारणं सर्वाणीति च भूतविशेषणं नानुकूलं स्यात्। तथा– **'आकाशं प्रत्यस्तं यन्ति'** इति ब्रह्मलिङ्गम्, **'आकाशो ह्येवैभ्यो ज्याया-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाकाशः परायणम्' इति च ज्यायस्त्वपरायणत्वे। ज्यायस्त्वं ह्यनापेक्षिकं परमात्मन्येवैकस्मिन्नाम्नातम् – '**ज्यायान्पृथिव्या ज्यायानन्तरिक्षाज्ज्यायान्दिवो ज्यायानेभ्यो लोकेभ्यः**' (छा० ३/१४/३) इति। तथा परायणत्वमपि परमकारणत्वात्परमात्मन्येवोपपन्नतरम् ।

नेपालीभावानुवाद

आकाशशब्देन = आकाश शब्दद्वारा, **ब्रह्मणः ग्रहणं युक्तम्** = ब्रह्मको ग्रहण गर्नु ठीक छ, **कुतः** = के बाट, **तल्लिङ्गात्** = ब्रह्मको चिह्न हुनाले, **हि** = निश्चय, **परस्य ब्रह्मणः** = परब्रह्मको, **इदम्** = यो चिह्न हो भने, **ह** = प्रसिद्ध, **वा** = निश्चय, **सर्वाणि इमानि भूतानि** = सबै इति प्राणीहरू, **आकाशात् एव** = आकाश (ब्रह्म) बाट नै, **समुत्पद्यन्ते** = उत्पन्न हुन्छन्, भन्ने; **इति** = यो, **हि** = निश्चय, **परस्मात् ब्रह्मणः** = परब्रह्मदेखि, **भूतानाम् उत्पत्तिः** = प्राणीहरूको उत्पत्ति हुन्छ भन्ने, **वेदान्तेषु** = वेदान्तमा, **मर्यादा** = मर्यादा (नियम) छ; **ननु**= शङ्का, **भूताकाशस्य अपि** = भूताकाशको पनि, **वाय्वादिक्रमेण** = वायु आदि भूतका क्रमले, **कारणत्वम्**= कारण हुने कुरा, **दर्शितम्** = देखाइयो (भनियो), **सत्यं दर्शितम्** = साच्चै नै देखाइयो, **तथा अपि** = तर, तापनि, **मूलकारणस्य** = मूलकारण भएका, **ब्रह्मणः**= ब्रह्मको, **अपरिग्रहात्** = आकाशशब्दले नलिए पछि, **आकाशात् एव इति** = आकाशबाट नै भन्ने, **अवधारणम्** = निधो गर्नु र, **सर्वाणि इति च** = सम्पूर्ण भन्ने यो पनि, **भूतविशेषणम्** = भूतको विशेषण दिने कुरा, **अनुकूलं न स्यात्**= सुहाउँदो (मिल्दो) हुने छैन, **तथा** = त्यस्तै, **आकाशं प्रति अस्तं यन्ति** = आकाशमा लीन हुन्छन् भन्ने, **इति**= यो, **ब्रह्मलिङ्गम्**= ब्रह्मको चिह्न हो, **हि**= निश्चय, **आकाशः एव एभ्यः**= आकाश नै यी भूतभन्दा, **ज्यायान्** = श्रेष्ठ छं, **आकाशः परायणम्** = आकाश आश्रय स्थान हो भन्ने, **इति च** = यसरूपले, **ज्यायस्त्वपरायणत्वे** = सर्वश्रेष्ठता र आश्रयस्थान हुनु सिद्ध छन्, **हि**= निश्चय, **ज्यायस्त्वम्** = सर्वश्रेष्ठता, **अनापेक्षिकम्** = आपेक्षिक नभएर पूर्णरूपले, **एकस्मिन् परमात्मनि एव** = एउटा परमात्मामा मात्र, **आम्नातम्** = भनिएको (मानिएको) छ जस्तै कि, **ज्यायान् पृथिव्याः** = पृथ्वीभन्दा श्रेष्ठ, **ज्यायान् अन्तरिक्षात्** = आकाशभन्दा श्रेष्ठ, **ज्यायान् दिवः** = द्युलोकभन्दा श्रेष्ठ र, **एभ्यः लोकेभ्यः ज्यायान्** = यी सबै लोकभन्दा श्रेष्ठ भन्ने इत्यादि, **तथा** = त्यस्तै, **परायणत्वम् अपि** = आश्रय स्थान भन्ने पनि, **परमकारणत्वात्** = अन्तिम श्रेष्ठ कारण हुनाले, **परमात्मनि एव** = परमात्मामा नै, **उपपन्नतरम्** = निकै राम्रो रूपले सिद्ध छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

आकाश, वायु आदिको उत्पत्तिस्थान भएकाले आकाशको श्रेष्ठता पनि सिद्ध हुन्छ र आकाशशब्दले भूताकाश नै लिनुपर्दछ भन्ने पूर्वपक्षीको भनाइलाई खण्डन गर्दै आचार्य भन्नुहुन्छ – 'आकाश भनेर यहाँ परब्रह्मलाई लिनु पर्दछ, किनकि यी सबै प्राणीहरू आकाशबाट नै उत्पन्न हुन्छन्' भन्ने श्रुतिवाक्य परमात्माबाहेक अरूमा घट्न नसक्ने चिह्न रहेको छ ।

वास्तवमा परब्रह्मबाट नै सबै प्राणीको उत्पत्ति हुन्छ भन्ने वेदान्त (उपनिषद्) शास्त्रको मर्यादा पनि छ । भूताकाशलाई लिएमा पनि त वायु आदि भूतका क्रमले त्यो पनि कारण हुन्छ भनेर हामीले पनि देखाएका (बताएका) छौं र सो बमोजिम भूताकाश नै कारण किन न मानिने ? भन्ने शङ्का हुन्छ, तापनि मूलकारण भएको ब्रह्मलाई छाडेर भूताकाशलाई लिने हो भने आकाशबाट नै भनेर किटानी (निर्धारण) नहुनु पर्छ ।

अनुकूल नहुने हुनाले सबै भन्ने प्राणीको विशेषण राख्नु पर्ने थिएन । फेरि आकाशमा नै लीन हुन्छन् भन्ने ब्रह्मको खास निशाना देखिएको र आकाश नै सबैभन्दा श्रेष्ठ र आश्रयस्थान हो भन्नाले पनि र ज्यायस्त्व र परायणत्व पनि अनापेक्षिक रूपले परमात्मामा नै श्रुतिद्वारा बताइएकोले आकाश भन्ने परमात्मालाई लिंदा राम्रो हुन्छ । पृथ्वी भन्दा श्रेष्ठ, आकाशभन्दा श्रेष्ठ, द्युलोकभन्दा श्रेष्ठ इति सबै लोक भन्दा श्रेष्ठ भन्ने इत्यादि श्रुतिवाक्य पनि छ । आश्रय स्थान हुने कुरा पनि सबैको अन्तिम र श्रेष्ठ कारण हुनाले परमात्मामा नै राम्रोसङ्ग घट्न आउँछ ।

शाङ्करभाष्यम्

श्रुतिश्च भवति – **'विज्ञानमानन्दं ब्रह्म रातेर्दातुः परायणम्'** (बृ. ३/९/२८) इति । अपि चान्तवत्त्वदोषेण शालावत्यस्य पक्षं निन्दित्वाऽनन्तं किञ्चिद् वक्तुकामेन जैवलिना आकाशः परिगृहीतः, तं चाकाशमुद्गीथे सम्पाद्योपसंहरति– **'स एष परोवरीयानुद्गीथः स एषोऽनन्तः'** (छा. १/९/२) इति । तच्चानन्त्यं ब्रह्मलिङ्गम् । यत्पुनरुक्तं भूताकाशं प्रसिद्धिबलेन प्रथमतरं प्रतीयत इति, अत्र ब्रूमः– प्रथमतरं प्रतीतमपि सद् वाक्यशेषगतान्ब्रह्मगुणान् दृष्ट्वा न परिगृह्यते। दर्शितश्च ब्रह्मण्यप्याकाशशब्दः – **'आकाशो वै ... नामरूपयोर्निर्वहिता'** इत्यादौ । तथाकाशपर्यायवाचिनामपि ब्रह्मणि प्रयोगो दृश्यते – **'ऋचो अक्षरे परमे व्योमन्यस्मिन्देवा अधिविश्वे निषेदुः'**(ऋ.सं० १/१६४/३९) **'सैषा भार्गवी वारुणी विद्या परमे व्योमन् प्रतिष्ठिता'** (तै. ३/६) **'ओं कं ब्रह्म खम्ब्रह्म'**(छा० ४/१०/५) **'खं पुराणम्'** (बृ० ५/१) इति चैवमादौ । वाक्योपक्रमेऽपि वर्तमानस्याकाशशब्दस्य वाक्यशेषवशाद् युक्ता ब्रह्मविषयत्वावधारणा । **'अग्निरधीतेऽनुवाकम्'** इति हि वाक्योपक्रमगतोऽप्यग्निशब्दो माणवकविषयो दृश्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मादाकाशशब्दं ब्रह्मेति सिद्धम् ॥२२॥

नेपालीभाषानुवाद

विज्ञानम् आनन्दं ब्रह्म = विज्ञान (अनुभूति) र आनन्दरूप ब्रह्म हो, **रातेः दातुः परायणम्** = धनको दाता (यजमान) को आश्रयस्थान भन्ने, **इति** = यस्तो, **श्रुतिः च** = श्रुति पनि, **भवति** = हुन्छ, छ; **अपि च** = फेरि, **अन्तवत्त्वदोषेण** = परिच्छिन्नत्वरूप दोषले गर्दा, **शालावत्यस्य पक्षं निन्दित्वा** = शालावत्यको पक्षलाई निन्दा गरेर, **अनन्तं किञ्चित्** = अपरिच्छिन्नरूपको केही, **वक्तुकामेन** = भन्ने इच्छा भएका, **जैवलिना**= जैवलिले, **आकाशः परिगृहीतः**= आकाशलाई लिए, **तं च आकाशम्** = त्यो आकाशलाई पनि, **उद्गीथे सम्पाद्य** = प्रणवमा थित्याएर, **उपसंहरति**= उपसंहार गर्छन् के भने, **स एषः** = त्यो यो, **उद्गीथः** = उद्गीथ (प्रणव)मा थित्याएर, **उपसंहरति** = उपसंहार गर्छन्, के भने, **स एषः** = त्यो यो, **उद्गीथः**=उद्गीथ (प्रणव), **परोवरीयान्**= स्वर आदिभन्दा निकै श्रेष्ठ र, **स एषः** = त्यो यो उद्गीथ, **अनन्तः** = अनन्त (देशकालवस्तुबाट) अपरिच्छिन्न, भन्ने; **इति** = यस्तो, **तत् च आनन्त्यम्** = त्यो अपरिच्छिन्नत्व पनि, **ब्रह्मलिङ्गम्** = ब्रह्मको निशाना हो, **यत् पुनः उक्तम्** = जो फेरि भनियो (शङ्कारूपमा) कि, **भूताकाशम्** = भूताकाश, **प्रसिद्धिबलेन** = प्रसिद्धिका बलले, **प्रथमतरम्** = सबभन्दा पहिले, **प्रतीयते** = थाह हुन आउँछ भन्ने, **इति**= यस्तो, **अत्र ब्रूमः** = यहाँ, यसमा उत्तररूपमा भन्छौं, **प्रथमतरं प्रतीतम् अपि सत्**= सबभन्दा पहिले प्रतीत हुन आएको छँदो पनि, **वाक्यशेषगतान् ब्रह्मगुणान्** = उपसंहारवाक्यमा पर्न गएका ब्रह्मका स्वाभाविक गुणलाई, **दृष्ट्वा** = देखेर, **न परिगृह्यते**= भूताकाश भनेर लिइँदैन, **ब्रह्मणि अपि** = ब्रह्ममा पनि, **आकाशशब्दः** = आकाशशब्द, **दर्शितः च** = देखाइएको पनि छ, **आकाशः वै नाम**= आकाश निश्चय नै, **नामरूपयोः**= नामरूपको, **निर्वहिता** = धारण गने हो भन्ने, **इत्यादौ**= इत्यादि वाक्यमा, **तथा** = त्यस्तै, **आकाशपर्यायवाचिनाम् अपि**= आकाशका पर्यायवाची शब्दको पनि, **ब्रह्मणि प्रयोगः दृश्यते** = ब्रह्ममा प्रयोग देखिन्छ, जस्तै –; **परमे अक्षरे व्योमन् (इ)** = उत्कृष्ट कूटस्थ आकाश (ब्रह्म)मा, **ऋचः** = ऋक्ले देखाइएका वेदहरू, **यस्मिन्** = जुन कूटस्थमा, **विश्वेदेवाः** = विश्वेदेव वा सबै देवहरू, **अधिनिषेदुः** = रहेका छन्, **सा एषा भार्गवी वारुणी विद्या** = त्यो यो भृगुलाई वरुणले बताएको विद्या, **परमे व्योमन् (इ)** = उत्कृष्ट आकाश (ब्रह्म) मा, **प्रतिष्ठिता** = रहेको छ, **ॐ कं ब्रह्म खं ब्रह्म** = ॐ रूप आनन्द ब्रह्म हो, आकाश ब्रह्म हो, **खं पुराणम्** = आकाशरूप सनातन भन्ने, **इति च एवमादौ** = यस्तै र अन्य श्रुतिमा, **वाक्योपक्रमे**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपि = वाक्यको उपक्रम (सुरु) मा पनि, **वर्तमानस्य आकाशशब्दस्य** = रहेका आकाशशब्दको, **वाक्यशेषवशात्** = वाक्यशेष (उपसंहार) का वशले, **ब्रह्मविषयत्वावधारणा** = ब्रह्मविषयक हो भन्ने किटानी (निधो) गर्नु, **युक्ता** = ठीक छ, **अग्निः अनुवाकम् अधीते** = अग्नि अनुवाक पढ्दछ भन्ने, **इति हि** = यो निश्चय, **वाक्योपक्रमगतः अपि** = वाक्यको उपक्रममा रहेको पनि, **अग्निशब्दः** = अग्निशब्द, **माणवकविषयः**= ब्रह्मचारी वटुलाई बताउने, **दृश्यते** = देखिन्छ, **तस्मात्**= त्यसकारणबाट, **आकाशशब्दम्** = आकाश भनिएको शब्द, **ब्रह्म इति** = ब्रह्म नै हो भन्ने, **सिद्धम्** = सिद्ध छ ।

विशदीकरण

यस विषयमा अनुभूतिस्वरूप ब्रह्म हो । 'धनदाता यजमानको आश्रय स्थान हो' भन्ने परायणत्व बारेमा श्रुति पनि छ । अर्को कुरा परिच्छिन्न हुनुको कारण शालावत्यको पक्षलाई खण्डन गरेर कुनै अपरिच्छिन्न तत्त्व बताउन खोज्ने जैवलिले आकाशशब्दलाई लिएर त्यसलाई प्रणवमा थित्याएर 'त्यो यो स्वर आदि भन्दा श्रेष्ठ उद्गीथ हो र त्यो हो अपरिच्छिन्न हो' भन्दै वाक्य समाप्ति गरेका छन् । जैवलिका भनाइको अपरिच्छिन्न(अनन्त) तत्त्व नै ब्रह्मको लक्षण हुन आउँछ र आकाश शब्द यहाँ ब्रह्मवाची नै हो।

फेरि सबभन्दा पहिले आकाश भनेर भूताकाश नै सबैको बुद्धिमा उत्रने हुनाले भूताकाश हुनुपर्छ इत्यादि भनिएको शङ्कामाथि हामी भन्दछौं कि - आकाश भनेर सर्वप्रथम भूताकाश नै बुद्धिमा प्रतीत भए पनि उपसंहार वाक्यमा परेका ब्रह्मका गुणहरूलाई देखेपछि त्यो भूताकाश लिइँदैन । फेरि ब्रह्ममा पनि आकाशशब्दको प्रयोग गरेको देखिन्छ जस्तै - 'आकाश निश्चय नै नाम र रूपको धारण गर्ने हो' इत्यादि ।

आकाश त के कुरा, आकाशका पर्यायवाची शब्दको पनि ब्रह्ममा प्रयोग गरेको देखिन्छ जस्तै - उत्कृष्ट कूटस्थ, व्योम (ब्रह्ममा) ऋक् वेदादि श्रुतिमा छन् । 'जुन कूटस्थ व्योम (ब्रह्म) मा विश्वेदेव रहन्छन् । त्यो यो भृगुलाई वरुणले बताएको विद्या उत्कृष्ट व्योम (ब्रह्ममा) थिउरिएको छ ।

'ॐ रूप आनन्द ब्रह्म हो, आकाश ब्रह्म हो, आकाश सनातन हो' इत्यादि श्रुतिवाक्यको सुरुमा देखिएको आकाश शब्दको वाक्यको उपसंहार ब्रह्ममा भएको छ भनी किटानी (निधो) गर्नु नै ठीक हुन आउँछ । 'अनि अनुवाक पढ्दछ' भन्ने श्रुतिवाक्यमा अग्निशब्द देखिए पनि अग्निकृत अध्ययन प्रकरण र वाक्यशेषबाट नमिल्दो हुनाले अग्निशब्दको ब्रह्मचारी वटु भन्ने अर्थ देखिएको छ इत्यादि कतिपय कारणबाट यहाँ आकाश शब्दले ब्रह्मलाई भनेको हो भन्ने कुरा नै सिद्ध हुन्छ ।।२२।।

इतिआकाशाधिकरणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. प्राणाधिकरणम् {सू. २३}

ब्रह्मसूत्रम् - अत एव प्राणः १/१/२३

सूत्रार्थ - अत एव = ब्रह्मको लिङ्ग हुनाले नै, **प्राणः**= प्राण भनेको ब्रह्म हो ।

शाङ्करभाष्यम्

उद्गीथे- **'प्रस्तोतर्या देवता प्रस्तावमन्वायत्ता'** (छा. १/१०/९) इत्युपक्रम्य श्रूयते **'कतमा सा देवतेति प्राण इति होवाच सर्वाणि ह वा इमानि भूतानि प्राणमेवाभिसंविशन्ति प्राणमभ्युज्जिहते सैष देवता प्रस्तावमन्वायत्ता'** (छा० १/११/४-५) इति । तत्र संशयनिर्णयौ पूर्ववदेव द्रष्टव्यौ । **'प्राणबन्धनं हि सोम्य मनः'** (छा० ६/८/२) **'प्राणस्य प्राणम्'** (बृ. ४/४/१४) इति चैवमादौ ब्रह्मविषयः प्राणशब्दो दृश्यते, वायुविकारे च प्रसिद्धतरो लोकवेदयोः, अत इह प्राणशब्देन कतरस्योपादानं युक्तमिति भवति संशयः। किं पुनरत्र युक्तम् ? वायुविकारस्य पञ्चवृत्तेः प्राणस्योपादानं युक्तम् । तत्र हि प्रसिद्धतरः प्राणशब्द इत्यवोचाम । ननु पूर्ववदिहापि तल्लिङ्गाद् ब्रह्मण एव ग्रहणं युक्तम् । इहापि वाक्यशेषे भूतानां संवेशनोद्गमनं पारमेश्वरं कर्म प्रतीयते । न, मुख्येऽपि प्राणे भूतसंवेशनोद्गमनस्य दर्शनात् ।

नेपालीभाषानुवाद

उद्गीथे = उद्गीथ प्रकरणमा, **प्रस्तोतः** = हे प्रस्तोता, **या देवता**= जुन देवता, **प्रस्तावम्**= साम भक्तिमा, **अन्वायत्ता**= अनुगत छ, **इत्युपक्रम्य** = यसरी सुरु गरेर, **श्रूयते** = सुनिन्छ, **सा देवता कतमा इति** = त्यो देवता कुन हो, **ह** = निश्चय, **प्राणः इति** = प्राण हो भनेर, **उवाच** = उत्तररूपमा भने कि, **ह वा** = प्रसिद्ध निश्चय, **इमानि** = यी, **सर्वाणि भूतानि**= सबै प्राणी, **प्राणम् एव**= प्राणमा नै, **अभिसंविशन्ति**= लीन हुन्छन्, **प्राणम्** = प्राणमा, **अभ्युज्जिहते** = उत्पन्न हुन्छन्, **सा एषा देवता** = त्यही यो देवता, **प्रस्तावम् अन्वायत्ता** = सामभक्तिमा अनुगत छ भन्ने यस्तो भनाइ छ र, **तत्र संशयनिर्णयौ** = त्यसमा यहाँ शङ्का र निर्णय, **पूर्ववत् एव** = अघिल्लो सूत्रमा जस्तै, **द्रष्टव्यौ** = देख्नु (जान्नु) पर्दछ, **हि** = निश्चय, **सोम्य** = हे सोम्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनः= मन, **प्राणबन्धनम्** = प्राण (परमात्मा) नै आश्रय भएको, **प्राणस्य** = वाय्वात्मक प्राणको, **प्राणम्** = प्राणस्वरूप हो भन्ने, **इति च** = यस्तो र, **एवम् आदौ** = यस्तै रूपका अरूमा, **ब्रह्मविषयः** = ब्रह्मलाई बताउने, **प्राणशब्दः दृश्यते**= प्राणशब्द देखिन्छ, **वायुविकारे तु** = वायुको विकारमा त, **लोकवेदयोः**= लोक र वेद दुवैमा, **प्रसिद्धतरः** = निकै प्रसिद्ध छ, **अतः**= यसकारणबाट, **इह** = यस वाक्यमा, **प्राणशब्देन** = प्राणशब्दले, **कतरस्य उपादानम्** = कुन चाहिंको ग्रहण गर्न, **युक्तम्** = ठीक होला भन्ने, **इति** = यस्तो, **संशयः भवति** = शङ्का हुन्छ, **किं पुनः अत्र युक्तम्** = के फेरि यहाँ ठीक छ, **वायुविकारस्य** = वायुको विकार, **पञ्चवृत्तेः** = पाँच वृत्तिवाला, **प्राणस्य उपादानम् युक्तम्** = प्राणको ग्रहण गर्नु ठीक छ, **हि** = निश्चय, **तत्र** = त्यहाँ वायुमा, **प्राणशब्दः प्रसिद्धतरः इति** = प्राण शब्द निकै प्रसिद्ध छ भन्ने, **अवोचाम** = भन्यौं, **ननु** = शङ्का हुन्छ, **पूर्ववत्** = अघिको सूत्रमा झैं, **इह अपि**= यहाँ पनि, **तल्लिङ्गात्** = ब्रह्मलिङ्ग हुनाले, **ब्रह्मणः एव** = ब्रह्मको नै, **ग्रहणम्** = ग्रहण गर्नु, **युक्तम्** = ठीक छ, किनकि, **इह अपि** = यहाँ पनि, **वाक्यशेषे** = उपसंहारमा, **भूतानाम्** = प्राणीहरूको, **संवेशनोद्गमनम्** = लीन हुनु र उत्पन्न हुनु रूप, **पारमेश्वरं कर्म** = परमेश्वरसम्बन्धी कर्म, **प्रतीयते** = प्रतीत हुन आउँछ, **न** = यो शङ्का ठीक छैन, किनभने, **मुख्ये अपि प्राणे** = मुख्य प्राणमा पनि, **संवेशनोद्गमनस्य** = लीन र उत्पत्ति हुने कुरा, **दर्शनात्** = देखिनाले।

विशदीकरण

अब प्राण संज्ञक अधिकरण सुरु हुन्छ । ब्रह्मलिङ्ग हुनाले नै यहाँ पनि प्राण भनेर ब्रह्मलाई नै लिइन्छ भन्ने सूत्रार्थ हो । उद्गीथ प्रकरणमा धनार्थी चाक्रायणको यस्तो भनाइ रहेको छ - हे प्रस्तोत ! जुन देवता सामभक्तिको अनुगत छ, त्यो कुन देवता हो ? भन्ने प्रश्न गर्दा - 'त्यो प्राण हो र सबै प्राणी यसै प्राणमा लीन हुन्छन्, यसैबाट उत्पन्न हुन्छन्, त्यही यो देवता सामभक्तिको अनुगत छ' । यस वाक्यमा पनि शङ्का र समाधान अघिकै जस्तै मान्नुपर्छ । 'मन प्राणको आश्रित हो, प्राणको पनि प्राण हो' भन्ने इत्यादि श्रुतिमा प्राणशब्द ब्रह्मवाची देखिन्छ । वायुको विकारलाई लक्ष्य गर्ने प्राणशब्द पनि लोक र वेद दुवैमा प्रसिद्ध छँदैछ ।

यहाँ प्राण शब्दले केलाई लिने भन्ने शङ्कामा भनिन्छ - वायुविकार प्राणलाई नै लिनुपर्ने देखिन्छ। किनभने प्राणशब्द विशेष वायुविकारमा प्रसिद्ध छ र त्यो कुरा हामीले पहिले भनिसकेका छौं । अघिल्लो सूत्रमा झैं यहाँ पनि ब्रह्मको लिङ्ग (सबै प्राणीको लय र उत्पत्ति हुनु) रूप परमात्माको कर्म देखिएकोले प्राणशब्दले ब्रह्मलाई नै किन नलिने ? भन्ने शङ्कामा भनिन्छ - प्राणशब्दले ब्रह्मलाई लिने कुरा मुख्य प्राणलाई लिएमा पनि सबैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति र लीन हुनु रूप कर्म त्यसमा पनि देखिनाले मनासिब हुँदैन ।

शाङ्करभाष्यम्

एवं ह्याम्नायते – '**यदा वै पुरुषः स्वपिति प्राणं तर्हि वागप्येति प्राणं चक्षुः प्राणं श्रोत्रं प्राणं मनः स यदा प्रबुध्यते प्राणादेवाधि पुनर्जायन्ते**' (श.ब्रा० १०/३/३/६) इति। प्रत्यक्षं चैतत्, स्वापकाले प्राणवृत्तावपरिलुप्यमानायामिन्द्रियवृत्तयः परिलुप्यन्ते, प्रबोधकाले च प्रादुर्भवन्तीति । इन्द्रियसारत्वाच्च भूतानामविरुद्धो मुख्येऽपि प्राणे भूतसंवेशनोद्गमनवादी वाक्यशेषः । अपि चादित्योऽन्नं चोद्गीथप्रतिहारयोर्देवते प्रस्तावदेवतायाः प्राणस्यानन्तरं निर्दिश्येते । न च तयोर्ब्रह्मत्वमस्ति, तत्सामान्याच्च प्राणस्यापि न ब्रह्मत्वमित्येवं प्राप्ते सूत्रकार आह –

नेपालीभाषानुवाद

हि = निश्चय, **एवम्** = यो वक्ष्यमाण कुरा, **आम्नायते** = श्रुतिरूपमा भनिन्छ, **वै** = निश्चय, **यदा** = जुन बखत, **पुरुषः** = पुरुष, **स्वपिति** = सुत्छ, **तर्हि** = त्यसबेला, **वाक्** = वाणी, **प्राणम्** = प्राणमा, **अप्येति** = लीन हुन्छ, **प्राणम्** = प्राणमा, **चक्षुः** = चक्षु लीन हुन्छ, **श्रोत्रम्** = श्रोत्र लीन हुन्छ, **प्राणम्** = प्राणमा, **मनः** = मन लीन हुन्छ, **सः** = त्यो पुरुष, **यदा** = जुन बखत, **प्रबुध्यते** = जाग्दछ, **पुनः** = फेरि, **प्राणात् एव** = प्राणबाट नै, **अधिजायन्ते** = सबै विषय उत्पन्न हुन्छन् भन्ने, **इति** = यस्तो शतपथ ब्राह्मण हुनाले, **एतत्** = यो कुरा, **प्रत्यक्षम्** = प्रत्यक्ष नै छ कि, **स्वापकाले** = शयनकालमा, **प्राणवृत्तौ** = प्राणको वृत्ति, **अपरिलुप्यमानायाम्**= लुप्त नभएमा, **इन्द्रियवृत्तयः** = इन्द्रियका वृत्तिहरू, **परिलुप्यन्ते** = लुप्त हुन्छन्, **प्रबोधकाले च** = जागा भएको समयमा फेरि, **प्रादुर्भवन्ति इति** = प्रटक हुन्छन् भन्ने, **भूतानाम्** = प्राणीहरूको, **इन्द्रियसारत्वात् च** = इन्द्रिय नै साररूप हुनाले पनि, **मुख्ये प्राणे अपि** = मुख्य प्राण लिएका पक्षमा पनि, **भूतसंवेशनोद्गमनवादी**= प्राणीहरूको लय र उत्पत्ति बताउने, **वाक्यशेषः** = वाक्य शेष (उपसंहार), **अविरुद्धः**= नमिल्दो छैन, **अपि च** = फेरि, **आदित्यः अन्नं च** = आदित्य र अन्न पनि, **उद्गीथप्रतिहारयोः** = उद्गीथ र प्रतिहारको, **देवते** = देवता हुन् र, **प्रस्तावदेवतायाः प्राणस्य**= साम भक्तिको देवतास्वरूप प्राणका, **अनन्तरम्** = पछिबाट, **निर्दिश्येते** = बताइन्छन्, **च** = फेरि, **तयोः**= ती आदित्य र अन्नको, **ब्रह्मत्वम्** = ब्रह्मत्व, **न** = छैन, मानिदैन, **तत्सामान्यात् च** = तिनी सरह हुनाले, **प्राणस्य अपि** = प्राणको पनि, **न ब्रह्मत्वम्**= ब्रह्मत्व हुन सक्दैन, भन्ने; **इति एव** = यस्तो पूर्वपक्षरूप शङ्का यस रूपले, **प्राप्ते** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त भएमा, **सूत्रकारः** = सूत्रकार (व्यास), **आह** = भन्नुहुन्छ ।

विशदीकरण

'जब पुरुष सुत्दछ, त्यसबेला वाक्, चक्षु, श्रोत्र मनहरू प्राणमा लीन हुन्छन् र त्यो पुरुष जागा भएपछि ती वाक्, चक्षु, श्रोत्र मन आदि प्राणबाट नै प्रकट हुन्छन्' भन्ने इत्यादि कुरा शतपथ ब्राह्मणमा भनिएको छ । फेरि सुतेको बखतमा प्राणवृत्ति लोप नभएर इन्द्रियवृत्ति मात्र लुप्त हुन्छन् र जागा भएको स्थितिमा प्रकट हुन्छन् भन्ने कुरा पनि सबैले देखे (जाने) को कुरा हो ।

प्राणशब्दले मुख्य प्राणलाई लिएमा पनि प्राणीहरूको आत्माको नजिक हुनाले र सूक्ष्म हुनाले इन्द्रियहरू नै सारतत्त्व हुन् । साररूप इन्द्रियलीन हुने भएपछि भूत र प्राणीहरूको लीन हुनु पनि स्वतः सिद्ध नै छ । भूतहरूको लय र उत्पत्ति बताउने वाक्य शेष (उपसंहार) पनि विरूद्ध देखिन आउँदैन । अर्को कुरा उद्गीथ र प्रतिहारको देवतास्वरूप आदित्य र अन्न समेतलाई त्यसै सामभक्तिले अनुगतरूपमा रहेका प्राणको पछिबाट बताइएकोले र ती आदित्य र अन्न ब्रह्म नभएपछि त्यसको नजिकैमा बताइएको प्राण पनि सन्निधि हुनुको कारणवश ब्रह्म हुनसक्दैन भन्ने पूर्वपक्षरूप शङ्का हुन आएमा सूत्रकार व्यास उत्तररूपमा भन्नुहुन्छ ।

शाङ्करभाष्यम्

'अत एव प्राणः' इति । **'तल्लिङ्गात्'** इति पूर्वसूत्रे निर्दिष्टम् । अत एव तल्लिङ्गात् प्राणशब्दमपि परं ब्रह्म भवितुमर्हति । प्राणस्यापि हि ब्रह्मलिङ्गसम्बन्धः श्रूयते – **'सर्वाणि ह वा इमानि भूतानि प्राणमेवाभिसंविशन्ति प्राणमभ्युज्जिहते'** (छा० १/११/५) इति । प्राणनिमित्तौ सर्वेषां भूतानामुत्पत्तिप्रलयावुच्यमानौ प्राणस्य ब्रह्मतां गमयतः । ननूक्तं मुख्यप्राणपरिग्रहेऽपि संवेशनोद्गमनदर्शनमविरुद्धम्, स्वापप्रबोधयोर्दर्शनादिति । अत्रोच्यते- स्वापप्रबोधयोरिन्द्रियाणामेव केवलानां प्राणाश्रयं संवेशनोद्गमनं दृश्यते, न सर्वेषां भूतानाम् । इह तु सेन्द्रियाणां सशरीराणाञ्च जीवाविष्टानां भूतानाम्, **'सर्वाणि ह वा इमानि भूतानि'** (छा. १/११/५)इति श्रुतेः । यदापि भूतश्रुतिर्महाभूतविषया परिगृह्यते, तदापि ब्रह्मलिङ्गत्वमविरुद्धम्।

नेपालीभाषानुवाद

अतः एव प्राणः इति = 'अत एव प्राणः' भन्ने सूत्ररूपमा, **तत् लिङ्गात् इति** = ब्रह्मलिङ्ग हुनाले भन्ने, **पूर्वसूत्रे** = अघिल्लो **'आकाशस्तल्लिङ्गात्'** भन्ने सूत्रमा, **निर्दिष्टम्** = बताइयो, **अतः एव** = यसकारण, **तल्लिङ्गात्** = ब्रह्मको चिह्न हुनाले, **प्राणशब्दम् अपि** = प्राण भन्ने शब्द पनि यहाँ, **परं ब्रह्म** = पर ब्रह्म भन्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवितुम् अर्हति = हुनु पर्दछ, **हि** = निश्चय, **प्राणस्य अपि** = प्राणशब्दको पनि, **ब्रह्मलिङ्गसम्बन्धः** = ब्रह्मका चिह्नको सम्बन्ध भएको, **श्रूयते** = सुनिन्छ जस्तो कि, **ह** = प्रसिद्ध, **वा** = निश्चय, **इमानि सर्वाणि भूतानि** = यी सबै प्राणीहरू, **प्राणम् एव** = प्राणमा नै, **अभिसंविशन्ति** = प्रवेश गर्छन् (लीन हुन्छन्), **प्राणम्**= प्राणमा (बाट), **अभ्युज्जिहते इति** = उत्पन्न हुन्छन् भन्ने इत्यादि रूपले, **प्राणनिमित्तौ**= प्राणलाई निमित्त मानेर हुने, **उच्यमानौ** = बताइने, **सर्वेषाम् भूतानाम्** = सबै प्राणीका, **उत्पत्तिप्रलयौ** = उत्पत्ति र प्रलय, **ब्रह्मताम्** = प्राणको ब्रह्म हुने कुरा, **गमयतः** = बुझाउँछन्, **ननु** = शङ्का, **मुख्यप्राणपरिग्रहे अपि** = वायु विकाररूप मुख्य प्राणलाई लिएमा पनि, **संवेशनोद्गमनदर्शनम्** = लय र उत्पत्ति देखिने कुरा, **स्वापप्रबोधयोः दर्शनात्** = सुप्ति र जागृतिमा देखिनाले, **अविरुद्धम् इति उक्तम्**= मुख्य प्राणलाई लिएमा पनि विरोध पर्दैन भन्ने भनियो, **अत्र उच्यते** = यहाँ (यसमा) उत्तररूपमा भनिन्छ, **स्वापप्रबोधयोः** = सुप्ति र जागृतिमा, **केवलानाम् इन्द्रियाणाम् एव** = खालि इन्द्रियहरूको नै, **प्राणाश्रयम्** = प्राणलाई आश्रय गरेर हुने, **संवेशनोद्गमनम्** = लय र उत्पत्ति, **दृश्यते** = देखिन्छ, **सर्वेषाम् भूतानां न** = सबै प्राणीको देखिंदैन, **इह तु** = यहाँ बताइएको प्राणमा त, **सेन्द्रियाणाम्** = इन्द्रियले सहित र, **सशरीराणाम्** = शरीरले सहित भएका, **जीवाविष्टानाम्** = जीवहरूले प्रवेश गरिएका, **भूतानाम्** = भूतहरूको लय तथा उत्पत्ति सुनिन्छन्, किनकि, **ह** = प्रसिद्ध, **वा** = निश्चय, **सर्वाणि भूतानि** = सबै भूतहरू भन्ने, **इति श्रुतेः** = यस्तो श्रुति हुनाले, **यदा अपि** = जुनबेला फेरि, **भूतश्रुतिः** = भूत भन्ने श्रुति, **महाभूतविषया**= पञ्चमहाभूतलाई विषय गर्ने भनेर, **परिगृह्यते** = लिइन्छ, **तदा अपि** = त्यसबखत पनि, **ब्रह्मलिङ्गत्वम्** = ब्रह्मलिङ्ग हुने कुरा, **अविरुद्धम्** = मिल्दो जुल्दो नै हुन्छ ।

विशदीकरण

'अत एव प्राणः' भन्ने सूत्रमा ब्रह्मको लिङ्ग (चिह्न) हुनाले भन्ने कुरा र अघिल्लो **'आकाशस्तल्लिङ्गात्'** भन्ने सूत्रमा ब्रह्मलिङ्ग हुनाले प्राणशब्दले ब्रह्मलाई नै बताइएको छ । किनकि, यहाँ बताइएका प्राण शब्दमा पनि यी सबै प्राणीहरू प्राणमा नै लीन हुन्छन् र प्राणबाट नै उत्पत्ति हुन्छन् भन्ने कुरा बुझिन्छ ।

यहाँ मुख्य प्राणलाई लिएको पक्षमा पनि सुप्त र जागृत अवस्थामा भूतहरूको लय र उत्पत्ति प्राणलाई ब्रह्म मानेको जस्तै मिल्दो-जुल्दो हुन्छ भन्ने शङ्का भएमा उत्तररूपमा भनिन्छ- सुप्ति र जागृतिमा खालि इन्द्रियको मात्र लय र उत्पत्ति देखिन्छ । ब्रह्ममा अर्थात् यहाँ भनिएको प्राणमा त इन्द्रिय तथा शरीरसहित जीवले प्रवेश गरिएका सबै भूतहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लय र उत्पत्ति सुनिन्छ, पूर्वोक्त शङ्काको विषय छैन ।

अर्को कुरा भूत भनेर प्राणीलाई मात्र नलिएर पञ्चमहाभूतलाई पनि लिएका पक्षमा पनि सबै पञ्चमहाभूतहरूको लय र उत्पत्ति ब्रह्मको अतिरिक्त अरूमा हुन नसक्ने हुनाले यो प्राणमा ब्रह्मलिङ्ग छ भन्ने कुरा राम्रैसँग सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

ननु सहापि विषयैरिन्द्रियाणां स्वापप्रबोधयोः प्राणेऽप्ययं प्राणाच्च प्रभवं श्रृणुमः– **'यदा सुप्तः स्वप्नं न कञ्चन पश्यत्यथास्मिन्प्राण एवैकधा भवति तदैनं वाक्सर्वैर्नामभिः सहाप्येति'** (कौ० ३/३) इति । तत्रापि तल्लिङ्गात् प्राणशब्दं ब्रह्मैव । यत्पुनरुक्तम्– अन्नादित्यसन्निधानात् प्राणस्याब्रह्मत्वमिति, तदयुक्तम् । वाक्यशेषबलेन प्राणशब्दस्य ब्रह्मविषयतायां प्रतीयमानायां सन्निधान-स्याकिञ्चित्करत्वात् । यत्पुनः प्राणशब्दस्य पञ्चवृत्तौ प्रसिद्धतरत्वं तदाकाशशब्दस्येव प्रतिविधेयम् । तस्मात्सिद्धं प्रस्तावदेवतायाः प्राणस्य ब्रह्मत्वम् ।

नेपालीभाषानुवाद

ननु = शङ्का, **इन्द्रियाणाम् अपि** = इन्द्रियको पनि, **विषयैः सह** = विषयका साथ, **स्वापप्रबोधयोः** = सुप्ति र जागृतिमा, **प्राणे** = प्राणमा, **अप्ययम्** = लय र, **प्राणात् च** = प्राणबाट फेरि, **प्रभवम्** = उत्पत्ति, **श्रृणुमः** = सुन्दछौं, जस्तै कि, **यदा** = जुनबखत, **सुप्तः** = सुतेको हुन्छ र, **कञ्चन स्वप्नम्** = कुनै स्वप्न, **न पश्यति** = देख्दैन, **अथ** = अनि त्यस बखतमा, **अस्मिन्** = यसमा, **प्राणः एव** = प्राण नै, **एकधा** = एकै प्रकारको, **भवति** = हुन्छ, **तदा** = त्यसवेला, **एनम्** = यो प्राणमा, **सर्वैः नामभिः सह** = सबै नामका साथ, **वाक्** = वाणी, **अप्येति इति** = लीन हुन्छ भन्ने यस प्रकारले, **तत्र अपि** = त्यस स्थितिमा, त्यस वाक्यमा, **तल्लिङ्गात्**= सबै नामका साथमा, भन्ने ब्रह्मलिङ्ग नै हुनाले; **प्राणशब्दं ब्रह्म एव** = प्राणशब्द ब्रह्मवाची नै हो, **यत् पुनः** = जो फेरि, **अन्नादित्यसन्निधानात्** = अन्न र आदित्यको नजिक हुनाले, **प्राणस्य अब्रह्मत्वम् इति** = प्राणको ब्रह्मत्व हुन्न भनेर भनियो, **तत् अयुक्तम्** = त्यो ठीक छैन किनकि, **वाक्यशेषबलेन** = वाक्यशेष (उपसंहारका) बलले, **प्राणशब्दस्य**= प्राणशब्दको, **ब्रह्मविषयतायाम्** = ब्रह्मविषय हो भन्ने कुरा, **प्रतीयमानायाम्** = प्रतीत भए छँदामा, **सन्निधानस्य** = नजिक हुने कुराको; **अकिञ्चित्करत्वात्** = केही पनि गर्न नसक्ने रूप हुनाले, **यत् पुनः** = जो फेरि, **प्राणशब्दस्य** = प्राणशब्दको, **पञ्चवृत्तौ** = पाँच वृत्तिवाला वायुविकारमा, **प्रसिद्धतरत्वम्** = निकै प्रसिद्ध भएको कुरा छ, **तत्** = त्यो, **आकाशशब्दस्य इव**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाश शब्दको जस्तै, **प्रतिविधेयम्** = खण्डन गर्नु योग्य छ, **तस्मात्** = त्यसकारणबाट, **प्रस्तावदेवतायाः प्राणस्य** = प्रस्ताव (सामभक्ति) को देवता प्राणको, **ब्रह्मत्वं सिद्धम्** = ब्रह्म हुने कुरा सिद्ध छ।

विशदीकरण

सुप्त र जाग्रत अवस्थामा पनि इन्द्रियहरूको विषय सहित नै प्राणमा लय र उत्पत्ति हुने कुरा श्रुतिले बताउँछन्- जस्तै कि जुनबेला पुरुष सुतेको हुन्छ, त्यसबखत प्राण आफ्नो पाँचोटा वृत्ति त्यागेर एकै रूपको हुन्छ र प्राणमा आफ्ना सबै नामका साथमा वाक्, इन्द्रिय लीन हुन्छ । तसर्थ यहाँ प्राणशब्द मुख्य प्राण नै हो भन्ने शङ्का देखिन्छ, तापनि यहाँ सबै भन्ने नामको विशेषण दिएकोले त्यो ब्रह्मको लिङ्ग हो । प्राणशब्दले यहाँ ब्रह्मलाई नै लिइन्छ ।

अर्को कुरा अन्न र आदित्यको नजिकमा प्राण शब्द भएको र ती आदित्य र अन्न ब्रह्म नभएकाले उनका नजिकको प्राण पनि ब्रह्म नहुनुपर्छ भन्ने शङ्का हुन्छ । त्यसको उत्तररूपमा भनिन्छ - षड्लिङ्ग विषयको नियमअनुसार वाक्यशेष (उपसंहार) बाट बुझिने कुरा सन्निधि हुनुभन्दा बलवत्तर हुने हुनाले त्यस्तो बलवत्तर उपसंहारबाट प्राण ब्रह्म नै हो भन्ने कुरा सिद्ध हुन्छ । सन्निधान (नजिक रहनु) रूप प्रमाणले केही गर्न नसक्ने हुनाले उपसंहार (वाक्यशेष) बाट यहाँ प्राण ब्रह्म नै हो । फेरि प्राणशब्द पाँच वृत्तिवाला वायुविकारमा नै धेरै प्रसिद्ध छ भन्ने सन्दर्भमा पनि आकाशशब्दको विषयमा जस्तै खण्डनरूप उत्तर हुन आउँछ र प्राणशब्दले यस वाक्यमा ब्रह्मलाई नै लिएको ठहर्छ ।

शाङ्करभाष्यम्

अत्र केचिदुदाहरन्ति- **'प्राणस्य प्राणम्'**(बृ. ४/४/१८) **'प्राणबन्धनं हि सोम्य मनः'**(छा.६/८/२) इति च । तदयुक्तम्, शब्दभेदात् प्रकरणाच्च संशयानुपपत्तेः । यथा पितुःपितेति प्रयोगेऽन्यः पिता षष्ठीनिर्दिष्टोऽन्यः प्रथमानिर्दिष्टः पितुः पितेति गम्यते, तद्वत् **'प्राणस्य प्राणम्'** इति शब्दभेदात् प्रसिद्धात् प्राणदन्यः प्राणस्य प्राण इति निश्चीयते। न हि स एव तस्येति भेदनिर्देशार्हो भवति। यस्य च प्रकरणे यो निर्दिश्यते नामान्तरेणापि स एव तत्र प्रकरणे निर्दिष्ट इति गम्यते । यथा ज्योतिष्टोमाधिकारे- **'वसन्ते वसन्ते ज्योतिषा यजेत'** इत्यत्र ज्योतिःशब्दो ज्योतिष्टोमविषयो भवति, तथा परस्य ब्रह्मणः प्रकरणे **'प्राणबन्धनं हि सोम्य मनः'**(छा. ६/८/२) इति श्रुतेः । प्राणशब्दो वायुविकारमात्रं कथमवगमयेत् ? अतः संशयाविषयत्वान्नैतदुदाहरणं युक्तम् । प्रस्तावदेवतायान्तु प्राणे संशय-पूर्वपक्षनिर्णया उपपादिताः।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

अत्र = यहाँ, यस सूत्रमा, **केचित्**= केही विद्वान्हरू, **प्राणस्य प्राणम्**= प्राणको प्राण भन्ने र, **प्राणबन्धनं सोम्य मनः इति** = हे सोम्य, मन प्राणको आश्रय गर्ने हो भन्ने र मन्त्रवाक्यनै, **उदाहरन्ति** = 'अत एव प्राणः' भन्ने सूत्रले लक्ष्य गरिएका हुन् भनेर उदाहरण दिन्छन्; **तत्** = त्यो, **न युक्तम्** = ठीक छैन किनभने, **शब्दभेदात्**= शब्दमा भेद हुनाले र, **प्रकरणात् च** = प्रकरण भएकोबाट पनि, **संशयानुपपत्तेः**= शङ्का नहुने हुनाले, **यथा** = जस्तै, **पितुः पिता इति प्रयोगे** = पिताको पिता भन्ने यस्तो प्रयोगमा, **षष्ठीनिर्दिष्टः पिता अन्यः** = षष्ठीविभक्तिले देखाएको पिता अर्कै हो, **प्रथमानिर्दिष्टः पितुः पिता अन्यः** = प्रथमाविभक्तिले देखाएको पिताको पिता अर्कै हो भन्ने, **गम्यते** = बुझिन्छ, **तत् वत्** = त्यस्तै, **प्राणस्य प्राणम् इति**= प्राणको प्राण भनेर, **शब्दभेदात्** = शब्दभेद भएकोले, **प्रसिद्धात् प्राणात्** = प्रसिद्ध भएको प्राणभन्दा, **अन्यः** = अर्को, **प्राणस्य प्राणः इति** = प्राणको प्राण भन्ने, **निश्चीयते** = निश्चय गरिन्छ, **हि** = निश्चय, **तस्य सः एव इति** = त्यसको त्यही नै हो भन्ने रूपले, **भेदनिर्देशार्हः न भवति** = भिन्नरूपले देखाउन योग्य हुँदैन, **च** = फेरि, **यस्य प्रकरणे** = जसको प्रकरणमा, **यः निर्दिश्यते** = जुन देखाइन्छ, **नामान्तरेण अपि**= अर्कै नाउँले पनि, **सः एव** = त्यही नै, **तत्र** = त्यहाँ, **प्रकरणे** = प्रकरणमा, **निर्दिष्टः इति** = देखाइएको हो भन्ने, **गम्यते** = बुझिन्छ, **यथा**= जस्तै, **ज्योतिष्टोमाधिकारे**= ज्योतिष्टोमको अधिकार (प्रकरण) मा, **वसन्ते वसन्ते ज्योतिषा यजेत** = वसन्त वसन्तमा ज्योतिष्टोमद्वारा यज्ञ गर भन्ने, **इत्यत्र** = यहाँ, **ज्योतिःशब्दः** = प्रकाशवाची ज्योतिः शब्द पनि, **ज्योतिष्टोमविषयः भवति** = ज्योतिष्टोम यज्ञलाई बताउने हुन्छ, **तथा** = त्यस्तै, **परस्य ब्रह्मणः प्रकरणे** = परब्रह्मको प्रकरणमा, **प्राणबन्धनं हि सोम्य मनः** = हे सोम्य निश्चय नै प्राणको आश्रय गर्ने मन भन्ने, **इति श्रुतेः** = यस्तो श्रुति भएकोबाट, **वायुविकारमात्रम्** = वायुविकार (प्राण) लाई, **कथम् अवगमयेत्**= कसरी बुझाउला, **अतः** = यसकारणबाट, **संशयाविषयत्वात्** = शङ्काको विषय नै नहुनाले, **न एतत् उदाहरणम् युक्तम्** = पूर्वोक्त वाक्यको उदाहरण दिनु ठीक छैन, **प्रस्तावदेवतायां प्राणे तु** = प्रस्ताव देवतास्वरूप प्राणको विषयमा त, **संशयपूर्वपक्ष-निर्णयाः** = शङ्का र पूर्वपक्ष सिद्धान्त समेत, **उपपादिताः** = बताइए ।

विशदीकरण

'**अतएव प्राणः**' भन्ने यस सूत्रले त '**प्राणस्य प्राणम्, प्राणबन्धनं हि सोम्य मनः**' भन्ने यस श्रुतिवाक्यलाई लक्ष्य वा सङ्केत गरेको हो भनेर कुनै कुनैले भन्दछन् । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो ठीक छैन, किनभने यी दुवै वाक्यमा त प्रकरण र शब्दको भेद समेत रहेको छ । जस्तै- पिताको पिताभन्दा षष्ठीविभक्तिले बताएको पिता अर्कै हो र प्रथमाविभक्तिले बताएको पिताको पिता अर्कै हो भन्ने बुझिन्छ । त्यस्तै 'प्राणको प्राण' मा पनि षष्ठी र प्रथमाले बताएका शब्दभेदबाट अलग अलग प्राण भन्ने बुझिन्छ । किनभने, त्यही नै त्यसको भनेर एउटैलाई भन्न पनि मिल्दैन ।

जसको प्रकरणमा जसलाई बताइन्छ अर्कै नामबाट भनिए पनि त्यस प्रकरणमा त्यसलाई नै बताइने हुन्छ भन्ने सम्झना हुन आउँछ र त्यही नै बुझिन्छ। जस्तै- ज्योतिष्टोम प्रकरणमा 'वसन्त वसन्तमा ज्योतिषद्वारा यज्ञ गर' भन्ने वाक्यमा ज्योतिः शब्द प्रकाशवाची भए पनि प्रकरणबाट ज्योतिष्टोम भन्ने यज्ञलाई नै बुझाउँछ । त्यस्तै यहाँ पनि परब्रह्मको प्रकरणमा सुनिएको प्राण शब्दले वायुविकार प्राणलाई मात्र कसरी बुझाउँन सक्ला ? तसर्थ यी दुवै वाक्यमा शङ्का हुने कुरै नदेखिएकोले '**अतएव प्राणः**' भन्ने सूत्रले यी वाक्यलाई सङ्केत गरेको ठहर्दैन र यिनको उदाहरण दिनु योग्य पनि छैन। प्रस्ताव देवतास्वरूप प्राणको विषयमा हुनुपर्ने शङ्का र पूर्वपक्ष तथा निर्णय जो थिए, ती सबै बताइसकियो ॥२३॥

इतिप्राणाधिकरणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. ज्योतिश्चरणाधिकरणम् {सू. २४-२७}

ब्रह्मसूत्रम् - ज्योतिश्चरणाभिधानात् १/१/२४

सूत्रार्थ - ज्योतिश्चरणाभिधानात् = ज्योतिश्चरणको पाउ बताएको हुनाले ज्योतिः शब्दको अर्थ ब्रह्म नै हो ।

शाङ्करभाष्यम्

इदमामनन्ति- **'अथ यदतः परो दिवो ज्योतिर्दीप्यते विश्वतः पृष्ठेषु सर्वतः पृष्ठेष्वनुत्तमेषूत्तमेषु लोकेष्विदं वाव तद्यदिदमन्तःपुरुषे ज्योतिः'** (छा० ३/१३/७) इति । तत्र संशयः- किमिह ज्योतिःशब्देनादित्यादिकं ज्योतिरभिधीयते किं वा परमात्मेति ? अर्थान्तरविषयस्यापि शब्दस्य तल्लिङ्गाद् ब्रह्मविषयत्वमुक्तम्, इह तु तल्लिङ्गमेवास्ति नास्तीति विचार्यते । किं तावत्प्राप्तम् ? आदित्यादिकमेव ज्योतिःशब्देन परिगृह्यते इति । कुतः ? तत्प्रसिद्धेः । तमो ज्योतिरिति हीमौ शब्दौ परस्परप्रतिद्वन्द्विविषयौ प्रसिद्धौ । चक्षुर्वृत्तेर्निरोधकं शार्वरादिकं तम उच्यते । तस्या एवानुग्राहकमादित्यादिकं ज्योतिः । तथा **दीप्यते** इतीयमपि श्रुतिरादित्यादिविषया प्रसिद्धा । नहि रूपादिहीनं ब्रह्म दीप्यते इति मुख्यां श्रुतिमर्हति। द्युमर्यादत्वश्रुतेश्च । नहि चराचरबीजस्य ब्रह्मणः सर्वात्मकस्य द्यौर्मर्यादा युक्ता, कार्यस्य तु ज्योतिषः परिच्छिन्नस्य द्यौर्मर्यादा स्यात् ।

नेपालीभाषानुवाद

इदम् आमनन्ति = आम्नायरूपमा यो कुरा मान्दछन्, **अथ** = गायत्री उपाधिवाला ब्रह्मको उपासनाको अनन्तर, **अतः दिव परः** = यो द्युलोक भन्दा पर, **विश्वतः पृष्ठेषु सर्वतः पृष्ठेषु** = विश्व अर्थात् सबैभन्दा पर, **अनुत्तमेषु उत्तमेषु** = अनुत्तम अर्थात् उत्तम लोकमा, **यत् ज्योतिः**= जुन ज्योतिः(ब्रह्म), **दीप्यते** = दीप्त हुन्छ (चम्कन्छ), **इदम् वाव तत्** = यही नै त्यो हो, **यत् इदम्** = जुन यो, **अस्मिन् अन्तःपुरुषे** = यो भित्र रहेको पुरुषमा, **ज्योतिः इति** = जठर अग्निको रूपमा ज्योति छ भन्ने इत्यादि, **तत्र संशयः** = त्यहा शङ्का हुन्छ, **किम् इह ज्योतिःशब्देन**= के यहाँ ज्योति भन्ने शब्दले, **आदित्यादिकं ज्योतिः अभिधीयते** = सूर्य, अग्नि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि ज्योतिलाई भनिन्छ, **किं वा परमात्मा इति** = अथवा के परमात्मालाई बताइन्छ, **अर्थान्तरविषयस्य अपि शब्दस्य** = अर्कै अर्थलाई विषय गर्ने शब्दको पनि, **तल्लिङ्गात्** = ब्रह्मलिङ्ग भएको भन्नाले, **ब्रह्मविषयत्वम् उक्तम्** = ब्रह्मलाई विषय गर्ने भनेर भनियो, **इह तु** = यहाँ त, **तल्लिङ्गम् एव**= त्यो ब्रह्मको चिह्न नै, **अस्ति, न अस्ति इति** = छ वा छैन भनेर, **विचार्यते** = विचार गरिन्छ, **तावत् किं प्राप्तम्**= पहिले कुन कुरा देखिन आयो, **आदित्यादिकम् एव** = सूर्य, अग्नि आदि नै, **ज्योतिःशब्देन परिगृह्यते इति** = ज्योति शब्दले लिइन्छ भन्ने, **कुतः** = के बाट, **प्रसिद्धेः** = ज्यादै प्रसिद्धि हुनाले, **हि** = निश्चय, **तमः ज्योतिः इति इमौ शब्दौ** = तम र ज्योति भन्ने यी २ शब्द, **परस्परप्रतिद्वन्द्विविषयौ** = एक अर्काको विरोधी विषयलाई बताउने भनेर, **प्रसिद्धौ** = प्रसिद्ध छन्, **चक्षुर्वृत्तेः** = आँखाका वृत्ति (गति) को, **निरोधकम्** = रोक्ने, **शार्वरादिकम्** = रात्रिबाट भएको अन्धकार आदि, **तमः उच्यते** = तम भनिन्छ, **तस्याः एव** = त्यही आँखाका वृत्तिको नै, **अनुग्राहकम्** = अनुग्रह (सहयोग) गर्ने, **आदित्यादिकम्** = सूर्य, अग्नि, बिजुली आदि, **ज्योतिः** = ज्योति भनिन्छ, **तथा** = त्यस्तै, **दीप्यते इति इयं श्रुतिः** = दीप्त हुन्छ भन्ने भनाइ रूप यो श्रुति, **आदित्यादिविषया प्रसिद्धा** = सूर्य आदिलाई विषय गर्ने भनेर प्रसिद्ध छ, **रूपादिहीनं ब्रह्म** = रूप आदिले रहित भएको ब्रह्म, **दीप्यते इति** = दीप्त हुन्छ भन्ने, **मुख्याम् श्रुतिम्** = मुख्य श्रुतिलाई, **न अर्हति** = योग्य छैन, **च**= फेरि, **द्युमर्यादत्वश्रुतेः** = द्युलोकसम्मको सीमा सुनिएकोबाट पनि योग्य छैन, **हि** = निश्चय, **सर्वात्मकस्य चराचरबीजस्य** = सर्वस्वरूप तथा चर अचरको कारण भएका, **ब्रह्मणः** = ब्रह्मको, **द्यौः मर्यादा** = द्युलोकरूप मर्यादा, **न युक्ता** = ठीक छैन, **परिच्छिन्नस्य कार्यस्य ज्योतिषः तु** = परिच्छिन्नरूप कार्य ज्योतिको त, **द्यौः मर्यादा स्यात्** = द्युलोकसम्म मर्यादा हुन सक्नेछ ।

विशदीकरण

'जुन यो द्युलोकदेखि पर सबै विश्वदेखि पर ज्योति देदीप्यमान छ, त्यही नै पुरुषभित्र ज्योति छ' इत्यादि कुरा श्रुतिबाट सुनिन्छ । त्यसमा शङ्का हुन्छ कि यो सुनिएको ज्योति शब्दले प्रसिद्ध सूर्य आदि ज्योतिलाई भनेको हो ? अथवा परमात्मालाई भनेको हो ? यसभन्दा पूर्व व्याख्यानको क्रममा अरू अरू अर्थ बताउने शब्दको पनि ब्रह्मलिङ्ग देखिनाले ब्रह्मपरक अर्थ गरियो । अब यहाँ ब्रह्मलिङ्ग नै छ कि छैन; पहिले त्यो कुराको विचार गर्नुछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वप्रथम यहाँ के देखिन आउँछ भने ज्यादा प्रसिद्धि हुनाले सूर्य, अग्नि आदि नै ज्योतिः शब्दले भनिनु पर्छ । तम र ज्योति भन्ने यी दुईशब्द परस्पर एक-अर्काको विरुद्धार्थमा लागू हुने शब्द हुन् भन्ने कुरा प्रसिद्ध नै छ । आँखाको बहिःसरणात्मक वृत्तिलाई रोक्ने रात्रि सम्बन्धित तम र त्यही वृत्तिको सहयोगी उपकारकलाई ज्योति भनिन्छ, जो कि सूर्यादि हो।

फेरि 'दीप्त हुन्छ' भन्ने यो श्रुति पनि सूर्य आदिमा नै प्रसिद्ध छ । ब्रह्म वास्तवमा रूपादिहीन हुनाले त्यसको सम्बन्ध दीप्त हुन्छ भन्ने मुख्य रूपको श्रुति फलितार्थ हुन पनि सक्दैन । 'द्युलोकसम्मको सीमा छ' भनिएकोले सर्वात्मा र सबै चराचरको कारणरूप ब्रह्मको द्युलोकमा सीमा तोक्न पनि योग्य छैन । कार्यरूप ज्योति परिच्छिन्न हुनाले त्यसको निमित्त सीमा हुनसक्दछ ।

शाङ्करभाष्यम्

'परो दिवो ज्योतिः' इति च ब्राह्मणम्। ननु कार्यस्यापि ज्योतिषः सर्वत्र गम्यमानत्वाद् द्युमर्यादत्वमसमञ्जसम्। अस्तु तर्ह्यत्रिवृत्कृतं तेजः प्रथमजम् । न, अत्रिवृत्कृतस्य तेजसः प्रयोजनाभावात् । इदमेव प्रयोजनं यदुपास्यत्वमिति चेत्- न, प्रयोजनान्तरप्रयुक्तस्यैवादित्यादेरुपास्यत्वदर्शनात् । **'तासां त्रिवृतं त्रिवृतमेकैकां करवाणि'**(छा०६/३/३) इति चाविशेषश्रुतेः । न चात्रिवृत्कृतस्यापि ज्योतिषो द्युमर्यादत्वं प्रसिद्धम् । अस्तु तर्हि त्रिवृत्कृतमेव तत्तेजो ज्योतिःशब्दम् । ननूक्तमर्वागपि दिवोऽवगम्यतेऽग्न्यादिकं ज्योतिरिति । नैष दोषः, सर्वत्रापि गम्यमानस्य ज्योतिषः **'परो दिवः'** इत्युपासनार्थः प्रदेशविशेषपरिग्रहो न विरुध्यते । न तु निष्प्रदेशस्यापि ब्रह्मणः प्रदेशविशेषकल्पना भागिनी । **'सर्वतः पृष्ठेष्वनुत्तमेषूत्तमेषु लोकेषु'** इति चाधारबहुत्वश्रुतिः कार्ये ज्योतिष्युपपद्यतेतराम् ।

नेपालीभाषानुवाद

परो दिवो ज्योतिः इति च = 'द्युलोकदेखि परज्योति छ' भन्ने पनि, **ब्राह्मणम्**= ब्राह्मण भाग छ, **ननु** = शङ्का, **कार्यस्य अपि ज्योतिषः** = कार्यरूप ज्योतिको पनि त, **सर्वत्र गम्यमानत्वात्** = सबै ठाउँमा गति हुनाले, **द्युमर्यादत्वम्** = द्युलोकको सीमा हुनु, **असमञ्जसम्** = अप्ठ्यारो, नमिल्दो हुन्छ, **तर्हि**= त्यसो भए, **अत्रिवृत्कृतम्**= त्रिवृत्करण नभएको, **तेजः**= तेज नै, **ज्योतिः अस्तु**= ज्योतिशब्दको वाच्य होस्, **न**= त्यो हुँदैन किनकि, **अत्रिवृत्कृतस्य** = त्रिवृत्करण नगरेका, **तेजसः** = तेजको, **प्रयोजनाभावात्** = प्रयोजन नहुनाले, **इदम् एव प्रयोजनम्** = यो नै प्रयोजन छ, **यत्** = जो कि, **उपास्यत्वम्** = उपासनाको योग्य छ भनेर, **इति चेत्** = यस्तो भन्छौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने, **प्रयोजनान्तरप्रयुक्तस्य एव** = कुनै अर्को प्रयोजन लागेका मात्र, **आदित्यादेः**= सूर्य आदिको, **उपास्यत्वदर्शनात्** = उपास्यपन देखिनाले र, **तासाम्** = अप्, तेज, पृथ्वीको, **एकैकाम्** = प्रत्येकलाई, **त्रिवृतं त्रिवृतम्** = त्रिवृत् त्रिवृत्, **करवाणि** = गरूँ भन्ने, **इति च** = यस्तो पनि, **अविशेषश्रुतेः** = सबै बराबर त्रिवृत भई, विशेषरूपमा भएको नसुनिएकोबाट; **अत्रिवृत्कृतस्य अपि** = त्रिवृत् नगरेका पनि, **ज्योतिषः** = तेजको, **द्युमर्यादत्वम् च** = द्युलोकको सीमा हुनु पनि, **न प्रसिद्धम्** = श्रुतिमा प्रसिद्ध छैन, **तर्हि** = त्यसो भए, **त्रिवृत्कृतम् एव तत् तेजः** = त्रिवृत्करण भएको त्यही तेज नै, **ज्योतिःशब्दम् अस्तु** = ज्योति शब्दले भनिने होस्, **ननु** = शङ्का, **अर्वाक् अपि दिवः** = द्युलोकभन्दा तल पनि, **अग्न्यादिकं ज्योतिः अवगम्यते इति** = अग्नि आदि गरिएको ज्योति जानिन्छ भन्ने, **उक्तम्** = भनियो नि त, **न एषः दोषः** = यो दोष हुँदैन किनकि, **सर्वत्र गम्यमानस्य ज्योतिषः अपि** = सबै ठाउँमा जानिएका पनि ज्योतिको, **दिवः परः इति** = द्युलोकभन्दा पर भनेर, **उपासनार्थः** = उपासना निमित्त, **प्रदेशविशेषपरिग्रहः** = कुनै विशेष ठाउँलाई लिने कुरा, **न विरुध्यते** = नमिल्दो हुँदैन, **निष्प्रदेशस्य ब्रह्मणः अपि तु** = प्रदेशरहित ब्रह्मको त, **प्रदेशविशेष-कल्पना** = कुनै देशविशेषको कल्पना गर्नु, **न भागिनी** = ठीक छैन, **सर्वतः पृष्ठेषु अनुत्तमेषु उत्तमेषु लोकेषु** = सबैभन्दा पर र उत्तमलोकमा भन्ने, **इति आधारबहुत्वश्रुतिः च** = यस्तो धेरै आधार भएको कुरा बताउने श्रुति पनि, **कार्ये ज्योतिषि** = कार्यरूप ज्योतिमा, **उपपद्यतेतराम्** = राम्रोसँग ठीक हुन आउँछ ।

विशदीकरण

'द्युलोकभन्दा पर ज्योति छ' भन्ने ब्राह्मणभाग पनि छ । यदि कार्यरूप ज्योति पनि सबै ठाउँमा हुनाले द्युलोकको सीमा तोक्नु मनासिब हुँदैन भन्ने हो भने त्रिवृत्करण नभएको ज्योति नै यहाँको ज्योति शब्दले लिएमा यो के अडचन होला र ? फेरि त्रिवृत्करण नभएका ज्योतिको प्रयोजन नै छैन भन्ने शङ्का भएमा पनि उपास्य हुनु नै प्रयोजन हो भनेर भन्न पनि किन नसक्ने ? अर्को कुनै प्रयोजन नभएकाको उपास्यत्व देखिंदैन । त्रिवृत्करण हुँदा पनि तेज, अप्, अन्नमध्ये कसैको कुनै विशेषता भएको नभएर समानरूपले त्रिवृत्करण भएको देखिन्छ । अर्को कुरा त्रिवृत्करण नभएकाको पनि द्युलोकको हदबन्दी ठीक नसम्झेका पक्षमा त्रिवृत्करण भएकै ज्योतिलाई ज्योतिशब्दले लिन सकिने कुरा छ ।

फेरि द्युलोकभन्दा तल पनि अग्नि आदि ज्योति हुनाले पर भनेर लिने कुरा पनि सबै ठाउँमा रहेको भए पनि उपासनाको निमित्त सीमाङ्कन गरेर स्थानविशेषको कल्पना गर्न कुनै बाधा पनि पर्दैन । वास्तवमा ब्रह्म प्रदेशरहित हुनाले त्यसको स्थानविशेष कल्पना गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उचित हुँदैन । 'सबैभन्दा पर उत्तमलोकमा' भन्ने इत्यादि श्रुति र धेरै आधार भएको बताउने श्रुति पनि ज्योतिशब्दको राम्रोसँग कार्यरूप ज्योति अर्थमा नै मिल्न आउँछ ।

शाङ्करभाष्यम्

'इदं वाव तद्यदिदमस्मिन्नन्तःपुरुषे ज्योतिः' (छा० ३/१३/७) इति च कौक्षेये ज्योतिषि परं ज्योतिरध्यस्यमानं दृश्यते । सारूप्यनिमित्ताश्चाध्यासा भवन्ति । यथा- **'तस्य भूरिति शिर एकं शिर एकमेतदक्षरम्'**(बृ. ५/५/३) इति। कौक्षेयस्य तु ज्योतिषः प्रसिद्धमब्रह्मत्वम्, **'तस्यैषा दृष्टिः, तस्यैषा श्रुतिः'** (छा. ३/१३/८) इति चौष्ण्यघोषविशिष्टस्य श्रवणात् । **'तदेतद् दृष्टं च श्रुतञ्चेत्युपासीत'** इति च श्रुतेः । **'चक्षुष्यः श्रुतो भवति य एवं वेद'**(छा० ३/१३/८) इति चाल्पफलश्रवणादब्रह्मत्वम् । महते हि फलाय ब्रह्मोपासनमिष्यते। न चान्यदपि किञ्चित्स्ववाक्ये प्राणाकाशवज्ज्योतिषोऽस्ति लिङ्गम् । न च पूर्वस्मिन्नपि वाक्ये ब्रह्म निर्दिष्टमस्ति, **'गायत्री वा इदं सर्वं भूतम्'** इति छन्दोनिर्देशात् । अथापि कथञ्चित् पूर्वस्मिन्वाक्ये ब्रह्म निर्दिष्टं स्यात्, एवमपि न तस्येह प्रत्यभिज्ञानमस्ति। तत्र हि **'त्रिपादस्यामृतं दिवि'**(छा. ३/१२/१-६) इति द्यौरधिकरणत्वेन श्रूयते, अत्र पुनः **'परो दिवो ज्योतिः'** इति द्यौमर्यादात्वेन। तस्मात्प्राकृतं ज्योतिरिह ग्राह्यमित्येवं प्राप्ते ब्रूमः -

नेपालीभाषानुवाद

इदं वाव तत् यत् इदम् = यो नै त्यो हो जो यो, **अस्मिन् अन्तःपुरुषे ज्योतिः** = यो पुरुषभित्र ज्योति छ भन्ने, **इति च** = यस्तो पनि, **कौक्षेये ज्योतिषि**= पेटको ज्योतिमा, **परं ज्योतिः** = त्यो उत्कृष्ट ज्योति, **अध्यस्यमानम् दृश्यते** = अध्यास गरिएको देखिन्छ, **अध्यासाः च** = अध्यास पनि, **सारूप्यनिमित्ताः** = समानतालाई लिएर, **भवन्ति** = नै हुन्छन्, **यथा** = जस्तै, **तस्य भूः इति शिरः** = त्यो प्रजापतिको भू यो नै शिर हो किनकि, **एकं शिरः** = शिर एक हुन्छ, **एतत् अक्षरम् एकम् इति** = यो अक्षरात्मक ब्रह्म एक छ भन्ने, **कौक्षेयस्य ज्योतिषः तु**= पेटका ज्योतिको त, **अब्रह्मत्वम् प्रसिद्धम्** = ब्रह्म होइन भन्ने कुरा प्रसिद्ध छ, **तस्य एषा दृष्टिः** = कौक्षेय ज्योतिको यो दर्शन हो (जो छोएर तातो जान्दछ), **तस्य एषा श्रुतिः** = त्यो कौक्षेय ज्योतिको यो श्रवण हो (जो कान थुनेर रथको शब्द झैं सुन्दछ भन्ने), **इति च** = यो पनि, **औष्ण्यघोषविशिष्टत्वस्य श्रवणात्** = तातो र शब्दले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशिष्ट भएको भन्ने सुनिएबाट, **तत् एतत्** = त्यो यो, **दृष्टं च श्रुतं च इति** = देखेको र सुनेको भनेर, **उपासीत इति श्रुतेः** = उपासना गरोस् भन्ने श्रुति भएबाट, **यः एवं वेद** = जो यस्तो जान्दछ त्यो, **चक्षुष्यः श्रुतः भवति इति** = राम्रो र प्रख्यात हुन्छ भन्ने, **च** = पनि, **अल्पफलश्रवणात्** = थोरै फल हुने सुनिएबाट, **अब्रह्मत्वम्** = ब्रह्मत्व सिद्ध हुँदैन, **हि** = निश्चय, **महते फलाय** = ठूलो फलका निमित्तमा, **ब्रह्मोपासनम्**= ब्रह्मको उपासना, **इष्यते**= इच्छा गरिन्छ, **स्ववाक्ये**= यो ज्योतिको वाक्यमा, **अन्यत् किञ्चित् अपि**= अरू केही पनि, **प्राणाकाशवत्** = प्राण र आकाश शब्दको जस्तै, **ज्योतिषः** = ज्योति शब्दको, **ब्रह्मलिङ्गम् न अस्ति** = ब्रह्मको चिह्न छैन, **च**= फेरि, **पूर्वस्मिन् अपि वाक्ये** = यस भन्दा पूर्वको वाक्यमा, **ब्रह्मनिर्दिष्टम् न अस्ति** = ब्रह्म बताइएको छैन, **गायत्री वा इदं सर्वं भूतम् इति** = यो सबै भूतरूप गायत्री नै हो भन्ने, **छन्दोनिर्देशात्** = गायत्री भन्ने छन्दको निर्देशबाट, **अथ अपि** = मानिलिउँ अझै पनि, **पूर्वस्मिन् वाक्ये** = अघिल्लो वाक्यमा, **कथञ्चित् ब्रह्म निर्दिष्टं स्यात्** = अलिकति मात्र ब्रह्म देखाएको होस्, **एवम् अपि** = यस्तो मानेमा पनि, **तस्य इह** = त्यस ब्रह्मको यो वाक्यमा, **प्रत्यभिज्ञानम्** = चिनो, **न अस्ति** = छैन, **तत्र हि** = त्यहाँ, निश्चय, **त्रिपात् अस्य अमृतं दिवि इति** = तीन पाउ यो ब्रह्मको द्युलोकमा अमृतरूपले छ भनेर, **द्यौः** = द्युलोक, **अधिकरणत्वेन श्रूयते** = आधाररूपले सुनिन्छ, **अत्र पुनः**= यहाँ त फेरि, **दिवः परः ज्योतिः इति** = द्युलोकभन्दा उता ज्योति भन्ने रूपले, **द्यौः** = द्युलोक, **मर्यादात्वेन** = सीमाको रूपले सुनिन्छ, **तस्मात्** = त्यसकारणबाट, **इह** = यस वाक्यमा, **प्राकृतं ज्योतिः ग्राह्यम्** = कार्यरूप ज्योति नै लिनु योग्य छ भन्ने, **इति एवं प्राप्ते** = यस प्रकारको शङ्का हुन आएमा, **ब्रूमः** = उत्तररूपमा भन्दछौं ।

विशदीकरण

पुनश्च 'यो नै त्यो हो, जो यो पुरुषभित्र ज्योति छ, भनेर पेटको ज्योतिमा त्यस उत्कृष्ट ज्योतिको अध्यास गरेको देखिन्छ । अध्यास भन्ने कुरा स्वरूप मिल्दोमा नै हुन्छ । जस्तै – ती प्रजापतिको भू नै शिर हो, शिर एक हुन्छ इत्यादि भू र शिर एक मात्र हुनाले त्यसको सारूप्यबाट शिरको अध्यास गरिन्छ। पेटको ज्योति (जाठर अग्नि) ब्रह्म होइन भन्ने प्रसिद्ध भएको र त्यही यो हो भनेर भन्नाले त्यो ज्योति पनि ब्रह्म हुनसक्दैन । फेरि 'त्यसको यो दृष्टि हो जो छोएर तातो थाहा हुन्छ, त्यसको यो श्रुति हो जो कि दुवै कान थुनेर रथको शब्द सुन्दछ । त्यो यो देखे, सुनेको भनेर उपासना गरोस्, राम्रो र कीर्तिशाली हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसले यो जानेको छ' भन्ने इत्यादि श्रुतिद्वारा थोरै फल हुने देखिएको र ठूलो फलको लागि मात्र ब्रह्मको उपासना गर्न खोजिने हुनाले फलबाट पनि यो ज्योति ब्रह्म हो भन्न नमिल्ने छ।

फेरि प्राण र आकाश शब्दमा जस्तै ज्योति शब्दमा ब्रह्मलिङ्ग (चिह्न) पनि छैन। यसभन्दा पहिलेको वाक्यमा पनि ब्रह्म देखाइएको छैन किन्तु 'गायत्री नै यो सबै हो' भनेर छन्द मात्र देखाएको देखिन्छ। मानौं कि देखाएको केही अलिकति पनि त्यसको खास चिनो यहाँ छैन। फेरि त्यहाँ यस ब्रह्मको अमृतरूप तीन पाउ द्युलोकमा छ भनेर द्युलोकलाई आधार मानेको छ। यहाँ त द्युलोकभन्दा पर भनेर द्युलोकको सीमा तोकेको देखिन्छ इत्यादि परस्पर नमिल्दा वाक्यांश देखिनाले यहाँ ज्योति भनेर कार्यज्योतिलाई नै लिनुपर्दछ ब्रह्मलाई लिन मिल्दैन भन्ने शङ्का भएमा उत्तररूपमा भन्दछौं।

शाङ्करभाष्यम्

ज्योतिरिह ब्रह्म ग्राह्यम्। कुतः ? चरणाभिधानात् पादाभिधानादित्यर्थः। पूर्वस्मिन् हि वाक्ये चतुष्पाद् ब्रह्म निर्दिष्टम् –

'तावानस्य महिमा ततो ज्यायाँश्च पुरुषः।

पादोऽस्य सर्वा भूतानि त्रिपादस्यामृतं दिवि ॥' (छा. ३/१२/६)

इत्यनेन मन्त्रेण। तत्र यच्चतुष्पदो ब्रह्मणस्त्रिपादमृतं द्युसम्बन्धिरूपं निर्दिष्टम्, तदेवेह द्युसम्बन्धान्निर्दिष्टमिति प्रत्यभिज्ञायते। तत्परित्यज्य प्राकृतं ज्योतिः कल्पयतः प्रकृतहानाप्रकृतप्रक्रिये प्रसज्येयाताम्। न केवलं पूर्ववाक्याज्ज्योतिर्वाक्ये एव ब्रह्मानुवृत्तिः, परस्यामपि शाण्डिल्यविद्यायामनुवर्तिष्यते ब्रह्म। तस्मादिह ज्योतिरिति ब्रह्म प्रतिपत्तव्यम्। यत्तूक्तम्– **'ज्योतिर्दीप्यते'** इति चैतौ शब्दौ कार्ये ज्योतिषि प्रसिद्धाविति। नायं दोषः, प्रकरणाद् ब्रह्मावगमे सति अनयोः शब्दयोरविशेषकत्वात्। दीप्यमानकार्यज्योतिरुपलक्षिते ब्रह्मण्यपि प्रयोगसम्भवात्। **'येन सूर्यस्तपति तेजसेद्धः'** (तै.ब्रा० ३/१२/९/७) इति च मन्त्रवर्णात्। यद्वा– नायं ज्योतिःशब्दश्चक्षुर्वृत्तेरेवानुग्राहके तेजसि वर्तते, अन्यत्रापि प्रयोगदर्शनात्।

नेपालीभाषानुवाद

इह = यहाँ, **ज्योतिः** = ज्योति भनेर, **ब्रह्म ग्राह्यम्** = ब्रह्मलाई लिनु योग्य छ, **कुतः**= के बाट, **चरणाभिधानात्**= पाउ बताएकोबाट भन्ने, **इत्यर्थः** = यो अर्थ हो, **हि** = निश्चय, **पूर्वस्मिन् वाक्ये** = पहिला वाक्यमा, **चतुष्पात् ब्रह्म** = चार पाउ वाला ब्रह्म, **निर्दिष्टम्** = बताइएको छ जस्तै, **अस्य तावान् महिमा** = यसको त्यस्तो महिमा विस्तार छ, **ततः ज्यायान् पुरुषः** = महिमा भन्दा पुरुष श्रेष्ठ (विशाल) छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्य सर्वा भूतानि पादः = यसको सबै प्राणीहरू एक पाउ मात्र हुन्, **अस्य** = यस पुरुषको, **त्रिपात्** = तीन पाउ वाला अथवा तीन पाउ, **दिवि** = द्युलोकमा, **अमृतम्**= अमृतरूपको छ भन्ने, **इति अनेन मन्त्रेण** = यो मन्त्रले, **तत्र** = यहाँ, **चतुष्पदः ब्रह्मणः** = चार पाउवाला ब्रह्मको, **त्रिपात्** =तीन पाउ, **अमृतम्** = अमृतरूपको, **द्युसम्बन्धि** = द्युलोकसम्बन्धी, **यत् रूपम्** = जुन रूप, **निर्दिष्टम्** = बताइयो, **तत् एव इह** = त्यही नै यहाँ, **द्युसम्बन्धात्** = द्युलोकको सम्बन्ध देखाएकोबाट, **निर्दिष्टम् इति** = ब्रह्म देखाइएकै छ भन्ने, **प्रत्यभिज्ञायते** = चिह्न रूपमा जानिन्छ, **तत् परित्यज्य**= त्यसलाई छाडेर, **प्राकृतं ज्योतिः कल्पयतः** = कार्यरूप ज्योतिको कल्पना गर्ने पुरुषको, **प्रकृतहानाप्रकृतप्रक्रिये**= सुरु गरेकोलाई छोडेर नगरेको प्रकियालाई उठाउनु रूप दुई दोष, **प्रसज्येयाताम्** = आइपर्ने छन्, **पूर्ववाक्यात्** = यसभन्दा पहिलेको वाक्यबाट, **केवलम्** = खालि, **ज्योतिर्वाक्ये एव** = यो ज्योति वाक्यमा मात्र, **ब्रह्मानुवृत्तिः** = ब्रह्मको अनुवृत्ति भएको, **न** = होइन परन्तु, **परस्याम् अपि शाण्डिल्यविद्यायाम्**= यसभन्दा पछिल्लो शाण्डिल्यविद्यामा पनि, **ब्रह्म अनुवर्तिष्यते**= ब्रह्मको अनुवृत्ति गरिनेछ, **तस्मात्** = त्यसकारणबाट, **इह** = यहाँ, **ज्योतिः इति** = ज्योति भनेर, **ब्रह्म प्रतिपत्तव्यम्** = ब्रह्मको नै निश्चय गर्नुपर्दछ, **यत् तु** = जो त, **ज्योतिः दीप्यते इति एतौ शब्दौ** = ज्योति चम्कन्छ भन्ने यी दुई शब्द, **कार्ये ज्योतिषि** = कार्यरूप सूर्य आदि ज्योतिमा, **प्रसिद्धौ इति** = प्रसिद्ध छन् भनेर, **उक्तम्** = भनियो (पूर्वपक्षमा), **न अयं दोषः** = यो दोष हुँदैन किनकि, **प्रकरणात्**= प्रकरणबाट, **ब्रह्मावगमे सति** = ब्रह्मको बोध भएमा, **अनयोः शब्दयोः** = यी 'ज्योति र दीप्यते' भन्ने दुई शब्दको, **अविशेषकत्वात्** = ब्रह्मलाई छाडेर कार्यरूप तेजलाई बुझाउने आर्थिक क्षमता नहुने हुनाले र, **दीप्यमानकार्यज्योतिरुपलक्षिते ब्रह्मणि** = चम्किरहेको कार्यरूप ज्योतिले देखाइने ब्रह्ममा, **अपि** = पनि, **प्रयोग-सम्भवात्** = प्रयोग गर्ने संभव हुनाले पनि जस्तै, **येन** = जसद्वारा, **तेजसेद्धः** = तेजले बढेको, **सूर्यः तपति** = सूर्य तप्दछ (प्रकाशित) हुन्छ भन्ने, **इति च मन्त्रवर्णात्**= यस्तो पनि मन्त्र वर्ण हुनाले, **यद् वा** = जो कि अथवा, **अयं ज्योतिःशब्दः** = यो ज्योति शब्द, **चक्षुर्वृत्तेः अनुग्राहके** = आँखाका वृत्तिको अनुग्राही, **तेजसि एव** = तेजमा मात्र, **न वर्तते** = रहँदैन (वाचकरूपले) किनकि, **अन्यत्र अपि प्रयोगदर्शनात्**= अन्त पनि प्रयोग देखिनाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

ज्योति शब्दले यहाँ ब्रह्मलाई नै लिनु पर्दछ, किनभने यसको जति विस्तार छ पुरुष त्यो भन्दा बढी श्रेष्ठ छ । त्यस पुरुषको सारा संसार एक पाउमात्र हो, बाँकी तीन पाउ द्युलोकमा अमृतरूपले छ भनेर मन्त्रले बताएको छ । प्रमाणवाक्यमा जुन चार पाउवाला ब्रह्मको तीन पाउ अमृतरूप द्युलोकको सम्बन्ध वाला बताइएको थियो, त्यही नै यहाँ ज्योति वाक्यमा पनि बताइएको छ भन्ने कुरा उही द्युलोकको सम्बन्ध देखाउनु रूप लक्षणबाट ज्योति शब्द ब्रह्मवाची हो भन्ने बुझिन्छ । त्यसकारण सुरुमा देखिएकोलाई छाडेर नदेखिएको कार्यरूप ज्योतिलाई लिने हो भने प्रकृतलाई छाड्नु र अप्रकृतलाई लिनु रूप दुइ दोष आइपर्ने पनि हुनजान्छ । पूर्ववाक्यबाट यो ज्योतिर्वाक्यमा मात्र ब्रह्मको अनुवृत्ति नभएर यस भन्दा पछिल्लो शाण्डिल्यविद्यामा समेत ब्रह्मको अनुवृत्ति गरिने छ । अतः यहाँ ज्योति भनेर ब्रह्मलाई नै लिनु पर्दछ ।

फेरि 'ज्योति र दीप्यते' भन्ने यी दुई शब्द कार्यरूप ज्योतिमा प्रसिद्ध छन् भन्ने जो पूर्वपक्षरूपमा भनिएको थियो, त्यो यहाँ दोष मानिदैन, किनकि प्रकरण (अधिकार) बाट ब्रह्म भन्ने बोध भइसकेपछि ती ज्योति र दीप्यते भन्ने शब्दमा ब्रह्मलाई छाडेर कार्य ज्योतिलाई बताउन सक्ने कुनै अर्थशक्तिसम्बन्धित क्षमता रहन सक्दैन । अर्को कुरा जसद्वारा तेजले चम्केको सूर्य तप्दछ भनेर मन्त्रवर्णले बताएको हुँदा चम्किरहेको कार्य ज्योतिले उपलक्षित ज्योति शब्दको प्रयोग पनि हुनसक्दछ । अथवा ज्योति शब्द आँखाको प्रसरणगतिको उपकारी तेजमा मात्र लागू हुने कुरा पनि छैन, किनभने अन्य अर्थमा पनि ज्योति शब्दको प्रयोग देखिएको छ । जस्तै –

शाङ्करभाष्यम्

'वाचैवायं ज्योतिषास्ते' (बृ० ४/३/५) **'मनो ज्योतिर्जुषताम्'** (तै.ब्रा० १/६/३/३) इति च तस्माद् यद् यत् कस्यचिद् अवभासकं तत् तद् ज्योतिः-शब्देनाभिधीयते । तथा सति ब्रह्मणोऽपि चैतन्यरूपस्य समस्तजगदवभासहेतु-त्वादुपपन्नो ज्योतिःशब्दः । **'तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति'** (कौ० २/५/१५) **'तद्देवा ज्योतिषां ज्योतिरायुर्होपासतेऽमृतम्'** (बृ० ४/४/१६) इत्यादिश्रुतिभ्यश्च । यदप्युक्तम्– द्युमर्यादत्वं सर्वगतस्य ब्रह्मणो नोपपद्यत इति । अत्रोच्यते– सर्वगतस्यापि ब्रह्मण उपासनार्थः प्रदेशविशेषपरिग्रहो न विरुध्यते । ननूक्तं निष्प्रदेशस्य ब्रह्मणः प्रदेशविशेषकल्पना नोपपद्यत इति । नायं दोषः, निष्प्रदेशस्यापि ब्रह्मण उपाधिविशेषसम्बन्धात् प्रदेशविशेषकल्पनोपपत्तेः। तथाहि– आदित्ये चक्षुषि हृदये चेति प्रदेशविशेषसम्बन्धीनि ब्रह्मण उपासनानि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रूयन्ते ।

नेपालीभाषानुवाद

वाचा एव अयं ज्योतिषा आस्ते = वचनरूप ज्योतिले नै यो पुरुषयुक्त छ, **मनो ज्योतिः जुषताम्** = मनरूप ज्योतिको आश्रय गर भन्ने, **इति च** = यो पनि हुनाले, **तस्मात्** = त्यसकारणबाट, **यत् यत्**= जुन जुन, **कस्य चित्**= कुनै कसैको, **अवभासकम्** = प्रकाश गर्ने छ, **तत् तत्** = त्यो त्यो, **ज्योतिःशब्देन** = ज्योति भन्ने शब्दले, **अभिधीयते** = भनिन्छ, **तथा सति** = त्यस्तो भएमा, **चैतन्यरूपस्य ब्रह्मणः**= चैतन्यस्वरूप ब्रह्मको, **समस्तजगदवभासहेतुत्वात्** = सबै जगत्को प्रकाश गर्नुको कारण हुनाले, **ज्योतिःशब्दः उपपन्नः** = ज्योति शब्दको प्रयोग हुनु ठीक नै छ, **भान्तम् तम् एव सर्वम् अनुभाति** = प्रकाशित भइरहेका त्यसका पछि नै सबै प्रकाशित हुन्छ, **तस्य भासा इदं सर्वं विभाति** = त्यसैका प्रकाशले यो सबै प्रकाशित हुन्छन्, **देवाः** = देवहरू, **ज्योतिषां ज्योतिः** = ज्योतिको पनि ज्योति र, **अमृतम्** = अमृतरूप, **तत्** = त्यसलाई, **ह** = प्रसिद्ध, **आयुः उपासते** = आयु भनेर उपासना गर्छन् भन्ने, **इत्यादिश्रुतिभ्यः च** = इत्यादि श्रुति भएबाट, **यत्** = जो, **सर्वगतस्य ब्रह्मणः** = सर्वव्यापी ब्रह्मको, **द्युमर्यादत्वम् अपि** = द्युलोकको मात्र सीमा हुने कुरा पनि, **न उपपद्यते इति** = ठीक हुन्न भनेर, **उक्तम्** = भनियो, **अत्र**= यहाँ यस विषयमा, **उच्यते** = उत्तररूपमा भनिन्छ, **सर्वगतस्य अपि ब्रह्मणः** = सर्वव्यापी भएका ब्रह्मको पनि, **उपासनार्थः** = उपासनाका निमित्त, **प्रदेशविशेषपरिग्रहः** = स्थानविशेषको ग्रहण गर्ने कुरा, **न विरुध्यते** = नमिल्दो हुन आउँदैन, **ननु** = शङ्का, **निष्प्रदेशस्य ब्रह्मणः** = स्थान र आधार नभएका ब्रह्मको, **प्रदेशविशेषकल्पना** = स्थानविशेषको कल्पना, **न उपपद्यते इति** = ठीक हुन्न भनेर, **उक्तम्**= जो भनियो, **नायं दोषः** = यो दोष हुँदैन किनकि, **निष्प्रदेशस्य अपि ब्रह्मणः** = स्थान रहित भएका ब्रह्मको पनि, **उपाधिविशेषसम्बन्धात्** = उपाधिविशेषको सम्बन्धबाट, **प्रदेश-विशेषकल्पनोपपत्तेः**= स्थानविशेषको कल्पना हुन सक्ने हुनाले, **तथा हि**= त्यस्तै नै अवश्य, **आदित्ये चक्षुषि हृदये** = सूर्य, आँखा र हृदयमा, **प्रदेशविशेषसम्बन्धीनि**= स्थान विशेषको सम्बन्ध भएका, **उपासनानि** = उपासनाहरू, **श्रूयन्ते** = सुनिन्छन्।

विशदीकरण

'यो पुरुष वचनरूप ज्योतिसित संबद्ध छ, मनरूप ज्योतिको आश्रय गर' भन्ने समेत श्रुतिवाक्य हुनाले जुन जुन वस्तुको जो प्रकाशक हुन्छ, त्यस त्यसलाई ज्योति भनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ । यसरी नै चैतन्यरूप ब्रह्मलाई पनि सम्पूर्ण जगत्को प्रकाशक हुनाले ज्योति भन्नु ठीकै हुन आउँछ । श्रुतिहरूमा पनि देवताहरूले त्यस अमृतस्वरूप ज्योतिको ज्योतिलाई आयु भनेर उपासना गर्दछन् । 'त्यसका प्रकाशको पछिबाट नै अमृत प्रकाशित हुन्छ, त्यसैको प्रकाशले सबै प्रकाशित हुन्छ' इत्यादि श्रुति सुनिन्छ र ब्रह्ममा नै खास गरेर ज्योति शब्द सार्थक हुनसक्दछ ।

सबै ठाउँमा रहेका ब्रह्मको द्युलोकसम्मको मात्र सीमा गरिएको युक्तिसङ्गत देखिंदैन भन्ने शंका तर्फ पनि सबै ठाउँमा रहेकाको पनि उपासनानिमित्त स्थानविशेषको कल्पना गर्नु अनुचित हुँदैन । प्रदेशरहित ब्रह्मको स्थानविशेषको कल्पना र त्यसको आधारबाट द्युलोकको सीमा तोक्नु नितान्त नै हुनसक्ने कुरा छ। प्रदेशविशेष नभए पनि उपासनानिमित्त उपाधिविशेषको सम्बन्धलाई लिएर कल्पना हुन कुनै आपत्तिजनक कुरा होइन र छैन पनि । यसैकारणबाट नै सूर्यमा, आँखामा र हृदयमा पनि स्थानविशेषलाई सम्बन्ध राख्ने भनी विभिन्न उपासनाहरू श्रुतिमा पाइन्छन् ।

शाङ्करभाष्यम्

एतेन **'विश्वतः पृष्ठेषु'** इत्याधारबहुत्वमुपपादितम् । यदप्येतदुक्तम्-औष्ण्यघोषाभ्यामनुमिते कौक्षेये कार्ये ज्योतिष्यध्यस्यमानत्वात् परमपि दिवः कार्यं ज्योतिरेवेति । तदप्ययुक्तम्, परस्यापि ब्रह्मणो नामादिप्रतीकत्ववत्कौक्षेयज्योतिष्प्रतीकत्वोपपत्तेः । **'दृष्टं च श्रुतं चेत्युपासीत'** इति तु प्रतीकद्वारकं दृष्टत्वं श्रुतत्वं च भविष्यति । यदप्युक्तमल्पफलश्रवणान्न ब्रह्मेति, तदप्यनुपपन्नम् । न हीयते फलाय ब्रह्माश्रयणीयम्, इयते नेति नियमहेतुरस्ति । यत्र हि निरस्तसर्वविशेषसंबन्धं परं ब्रह्मात्मत्वेनोपदिश्यते, तत्रैकरूपमेव फलं मोक्ष इत्यवगम्यते, यत्र तु गुणविशेषसम्बन्धं प्रतीकविशेषसम्बन्धं वा ब्रह्मोपदिश्यते तत्र संसारगोचराणि, एवोच्चावचानि फलानि दृश्यन्ते - **'अन्नादो वसुदानो विन्दते वसु य एवं वेद'** (बृ. ४/४/२४) इत्याद्यासु श्रुतिषु । यद्यपि न स्ववाक्ये किञ्चिज्ज्योतिषो ब्रह्मलिङ्गमस्ति, तथापि पूर्वस्मिन्वाक्ये दृश्यमानं ग्रहीतव्यं भवति। तदुक्तं सूत्रकारेण-**'ज्योतिश्चरणाभिधानात्'** इति । कथं पुनर्वाक्यान्तरगतेन ब्रह्मसन्निधानेन ज्योतिःश्रुतिः स्वविषयाच्छक्या प्रच्यावयितुम्? नैष दोषः । **'यदतः परोदिवो ज्योतिः'** इति प्रथमतरपठितेन यच्छब्देन सर्वनाम्ना द्युसंबन्धात् प्रत्यभिज्ञायमाने पूर्ववाक्यनिर्दिष्टे ब्रह्मणि स्वसामर्थ्येन परामृष्टे सत्यर्थाज्ज्योतिःशब्दस्यापि ब्रह्मविषयत्वोपपत्तेः । तस्माज्ज्योतिरिह ब्रह्म प्रतिपत्तव्यम् ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

एतेन = यस भनाइले, **विश्वतः पृष्ठेषु इति** = विश्वभन्दा पर भनेर, **आधार-बहुत्वम्**= स्थानविशेषरूप आधार धेरै हुनु, **उपपादितम्**= सिद्ध गरियो, **यत् अपि**= जो पनि कि, **औष्ण्यघोषानुमिते** = तातो स्पर्शवाला र शब्दद्वारा अनुमान गरिएका, **कौक्षेये कार्ये ज्योतिषि** = पेटको कार्य ज्योतिमा, **अध्यस्यमानत्वात्** = अध्यास गरिने भएबाट, **दिवः परम् अपि** = द्युलोकभन्दा पर भएबाट, **कार्यं ज्योतिः एव** = कार्यरूप ज्योति नै हो भन्ने, **इति एतत्** = यो यस्तो, **उक्तम्** = भनियो, **तत् अपि अयुक्तम्** = त्यो पनि ठीक होइन किनकि, **परस्य ब्रह्मणः अपि** = परब्रह्मको पनि, **नामादिप्रतीकत्ववत्** = नाम आदिको प्रतीकपन जस्तै, **कौक्षेयज्योतिष्प्रतीक-त्वोपपत्तेः** = पेटको ज्योतिको प्रतीक हुने कुरा सिद्ध हुनाले, **दृष्टं च श्रुतं च इति उपासीत इति** = देखेको र सुनेको भनेर उपासना गर भन्ने, **तु** = त, **प्रतीकद्वारकम्**= प्रतीकको बाटोबाट भएको, **दृष्टत्वं श्रुतत्वम् च** = देखिएको र सुनिएको भन्ने, **भविष्यति** = हुन सक्ने छ, **यत् अपि** = जो पनि कि, **अल्पफलश्रवणात्** = राम्रो र प्रख्यात हुन्छ भन्ने सानोतिनो फल सुनिएकोले, **न ब्रह्म इति** = ज्योति ब्रह्म होइन भनियो, **तत् अपि अनुपपन्नम्** = त्यो कुरा पनि असिद्ध छ, **हि** = निश्चय, **इयते फलाय** = यतिसम्म फलको निमित्त, **ब्रह्म आश्रयणीयम्** = ब्रह्म लिनु (उपासना गर्नु) योग्य छ, **इयते न** = यतिसम्मको फललाई नलिनु भन्ने, **इति** = यस्तो, **नियम हेतुः** = नियमको कारण, **न अस्ति** = छैन, **हि** = निश्चय, **यत्र** = जहाँ, **निरस्तसर्व-विशेषसम्बन्धम्** = सबै किसिमका विशेष सम्बन्धले रहित, **परम्** = श्रेष्ठ, **ब्रह्म** = ब्रह्म, **आत्मत्वेन** = आफ्नो स्वरूप रूपले, **तत्र** = त्यहाँ, **एकरूपम् एव फलम्** = एकै प्रकारको मात्र फलस्वरूप, **मोक्षः इति** = मोक्ष छ भन्ने, **अवगम्यते**= जानिन्छ, **यत्र तु** = जहाँ त, **गुणविशेषसम्बन्धम्** = गुणविशेषलाई सम्बन्ध राख्ने र, **वा** = अथवा, **प्रतीकविशेषसम्बन्धम्** = प्रतीकविशेषको सम्बन्धवाला, **ब्रह्म** = ब्रह्म, **उपदिश्यते** = बताइन्छ, **तत्र** = त्यहाँ, **संसारगोचराणि एव** = संसारलाई लक्ष्य गर्ने नै, **फलानि दृश्यन्ते** = फलहरू सुनिन्छन्, देखिन्छन् जस्तै, **अन्नादः** = जीवरूपले अन्नको भोक्ता वा जताततै अन्नदिने, **वसुदानः** = धनं दिने त्यो छ र, **यः एवं वेद** = जो त्यसलाई यस्तो जान्दछ त्यो, **वसु** = धन, **विन्दते** = पाउँछ भन्ने, **इत्याद्यासु श्रुतिषु** = इत्यादि श्रुतिमा सुनिन्छ, **यद्यपि** = हुन त, **ज्योतिषः**= ज्योतिष् शब्दको, **स्ववाक्ये** = आफ्नो वाक्यमा, **किञ्चित् ब्रह्मलिङ्गम्** = अलिकति पनि ब्रह्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिनो, **न अस्ति** = छैन, **तथापि** = तापनि, **पूर्वस्मिन् वाक्ये** = अघिल्ला वाक्यमा, **दृश्यमानम्** = देखिएको (चिनो), **ग्रहीतव्यं भवति** = लिनुपर्ने हुन्छ, **तत् उक्तम् सूत्रकारेण** = त्यही चिनो भन्नु (बताउनु) भयो सूत्रकारले कि, **ज्योतिश्चरणाभिधानात् इति** = ज्योति ब्रह्म हो, पाउ बताएकोबाट, भनेर; **कथं पुनः** = कसरी फेरि, **वाक्यान्तरगतेन ब्रह्मसंनिधानेन** = अर्कै वाक्यमा रहेका ब्रह्मका सान्निध्यले, **ज्योतिःश्रुतिः** = ज्योतिष् शब्दवाला श्रुति, **स्वविषयात्** = आफ्नो लक्ष्य (कार्यरूप ज्योति भन्ने अर्थ) बाट, **प्रच्यावयितुम्** = खस्काउन (च्युत गराउन), **शक्या** = सकिन्छ, **एषः दोषः न** = यो दोष छैन, **यत् अतः दिवः परः ज्योतिः इति** = जो यो द्युलोकभन्दा पर ज्योति छ भन्ने, **प्रथमतरपठितेन** = सर्वप्रथम पढिएका, **सर्वनाम्ना यत्-शब्देन** = सर्वनामसंज्ञक यत् भन्ने शब्दद्वारा, **द्युसम्बन्धात्** = द्युलोकको सम्बन्धबाट, **पूर्ववाक्यनिर्दिष्टे ब्रह्मणि** = पूर्व वाक्यद्वारा देखाएको ब्रह्ममा, **स्वसामर्थ्येन** = आफ्नो नजिकको लाई सङ्केत गर्न सक्नु रूप बलले, **परामृष्टे** = विचार गरेमा र, **प्रत्यभिज्ञायमाने सति** = चिनो रूपले जानिए छँदामा, **अर्थात्** = अर्थबाट, **ज्योतिःशब्दस्य अपि** = ज्योतिःशब्दको पनि, **ब्रह्मविषयत्वोपपत्तेः** = ब्रह्मविषयक हुने कुरा सिद्ध हुनाले, **तस्मात्** = त्यसकारणबाट, **इह** = यहाँ, **ज्योतिः**= ज्योति भनेर, **ब्रह्म प्रतिपत्तव्यम्** = ब्रह्मलाई सम्झनु पर्दछ ।

विशदीकरण

'सबैको पर' भन्ने इत्यादि र धेरै स्थानविशेषको आधार बताउनु रूप सारांशात्मक भनाइले ठीक देखिन आउँछ कि ज्योति शब्दको अर्थ ब्रह्म हो । तातो स्पर्शद्वारा अनुमान गरिएको जाठर अग्निमा (जो कि कार्यरूप हो) अध्यास गरिएकोले ज्योति शब्द ब्रह्मपरक होइन भन्न पनि ठीक हुँदैन, किनकि ब्रह्मको नाम आदिको प्रतीक भए झैं जाठर ज्योति पनि प्रतीकरूप हुनसक्दछ । 'देखे, सुनेको रूपले उपासना गर' भनेकोबाट पनि देखे, सुनेको त जाठर ज्योति नै हुन्छ र त्यसैलाई भनेकोले, ब्रह्मलाई भनेको होइन भन्न पनि प्रतीक सम्बन्धबाट देखे, सुनेको भन्ने सिद्ध गरेर भनिएकोले मनासिब हुँदैन ।

अर्को कुरा यसको फल रूपमा राम्रो र विख्यात हुन्छ भन्ने सानातिना मात्र फल सुनिएकोले ब्रह्मलाई लिएको ठहर्दैन भन्ने शङ्का पनि युक्तिसंगत हुँदैन । किनभने 'यतिसम्मको फलको निमित्त ब्रह्मको उपासना गर्नु, यति सम्मको मात्रलाई नगर्नु' भन्ने कुनै नियम छैन । जहाँ सबै प्रकारका विशेषसम्बन्धले रहित भएको ब्रह्म आत्मा हो भन्ने रूपबाट उपदेश गरिन्छ, त्यस ठाउँमा एकमात्र त्यसको फल मोक्ष भनेर जानिन्छ । जहाँ गुण विशेषसम्बन्ध वा प्रतीकविशेष सम्बन्ध भएको ब्रह्मको उपदेश गरिन्छ, त्यहाँ संसारलाई लक्ष्य गर्ने फलहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै देखा पर्दछन् । जस्तो कि 'अन्न दिने वा जीवरूपले अन्न भोग गर्ने र धन दिने त्यो हो, यस प्रकार जो जान्दछ, त्यसले धन प्राप्त गर्छ' भन्ने श्रुतिहरूमा देखिन्छ ।

यद्यपि आपातदृष्टिबाट हेर्दा ज्योति शब्दको ब्रह्मलिङ्गत्व छैन, तापनि अघिल्ला वाक्यमा देखिएको लिङ्ग सम्झनु पर्दछ । त्यही पूर्ववाक्यको लिङ्ग (पाउ) हो भनेर सूत्रकारले 'ज्योतिश्चरणाभिधानात्' भनेर भन्नुभएको हो । अघिल्ला वाक्यमा रहेका ब्रह्मको सान्निध्यले उत्तरवाक्यका ज्योति शब्दलाई आफ्नो अर्थबाट खसाएर ब्रह्म भन्ने अर्थ बुझाउन कसरी मिल्न सक्छ ? इत्यादि शङ्का हुन्छ । परन्तु यो शङ्का पनि ठीक छैन, किनकि यो द्युलोकभन्दा परको ज्योति भन्ने सबैभन्दा पहिले सुनिएको सर्वनाम यत् शब्दले द्युलोकसम्बन्धी ज्योति भनेर पूर्णवाक्यको द्युसम्बन्धीलाई अभिज्ञानरूपमा आफ्नो सामर्थ्यले समातिसकेपछि ज्योति शब्दको पनि ब्रह्म नै भन्ने अर्थ हुन्छ र यहाँ ज्योति भनेर ब्रह्मलाई जान्नु पर्दछ ।।२४।।

ब्रह्मसूत्रम् - छन्दोभिधानान्नेति चेन्न तथा चेतोर्पणनिगदात्तथा हि दर्शनम् १/१/२५

सूत्रार्थ - **छन्दोभिधानात्** = गायत्री भन्ने छन्द बताएकोबाट, **न इति चेत्** = ब्रह्म होइन भनेर भन्छौ भने, **न** = त्यो ठीक छैन, किनकि, **तथा** = त्यसै गायत्रीमा रहेको छन्दद्वारा, **चेतोर्पणनिगदात्** = गायत्री उपाधि भएका ब्रह्ममा चित्त लगाउने कुरा भनिएकोबाट, **हि** = निश्चय, **तथा** = त्यस्तै छन्दद्वारा ब्रह्मको उपासना गर्ने कुराको, **दर्शनम्** = उदाहरण छ ।

शाङ्करभाष्यम्

अथ यदुक्तम्- पूर्वस्मिन्नपि वाक्ये न ब्रह्माभिहितमस्ति, **'गायत्री वा इदं सर्वं भूतं यदिदं किञ्च'** (छा० ३/१२/१) इति गायत्र्याख्यस्य छन्दसोऽभिहितत्वात् इति, तत्परिहर्तव्यम् । कथं पुनश्छन्दोभिधानान्न ब्रह्माभिहितमिति शक्यते वक्तुम् ? यावता **'तावानस्य महिमा'** इत्येतस्यामृचि चतुष्पाद् ब्रह्म दर्शितम् । नैतदस्ति, **गायत्री वा इदं सर्वम्** इति गायत्रीमुपक्रम्य तामेव भूतपृथिवीशरीरहृदयवाक्प्राणप्रभेदैर्व्याख्याय **'सैषा चतुष्पदा षड्विधा गायत्री तदेतदृचाभ्यनूक्तं तावानस्य महिमा'** इति तस्यामेव व्याख्यातरूपायां गायत्र्यामुदाहृतो मन्त्रः कथमकस्माद् चतुष्पाद् ब्रह्माभिदध्यात्? योऽपि तत्र **'यद् वै तद् ब्रह्म'**(छा० ३/१२/५-६) इति ब्रह्मशब्दः सोऽपि छन्दसः प्रकृतत्वात् छन्दोविषय एव **'य एतामेव ब्रह्मोपनिषदं वेद'**(छा. ३/११/३) इत्यत्र हि वेदोपनिषदमिति व्याचक्षते, तस्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च्छन्दोभिधानान्न ब्रह्मणः प्रकृतत्वमिति चेत्, नैष दोषः ।

नेपालीभाषानुवाद

अथ = अब, **यत्** = जो, **पूर्वस्मिन् अपि वाक्ये** = अघिल्ला वाक्यमा पनि, **ब्रह्म**= ब्रह्म, **अभिहितं न अस्ति**= बताइएको छैन, किनभने; **इदं सर्वं भूतम्**= यो सबै प्राणी समूह, **यत् इदं किं च** = जे छ यो अरू छ, **या** = प्रसिद्ध, निश्चय; **गायत्री इति** = गायत्री हो भनेर, **गायत्र्याख्यस्य** = गायत्री भन्ने, **छन्दसः**= छन्दको, **अभिहितत्वात्** = कथन हुनाले, भन्ने; **इति उक्तम्** = यस्तो भनियो, **तत् परिहर्तव्यम्**= त्यो परिहार (हटाउनु, खण्डन) गर्नु योग्य छ कि; **पुनः** = फेरि, **कथम्** = कसरी, **छन्दोभिधानात्** = छन्दको कथनबाट, **ब्रह्म न अभिहितम्** = ब्रह्म बताइएको छैन भन्ने, **इति** = यस्तो, **वक्तुम्** = भन्न, **शक्यते** = सकिन्छ, **यावत्** = जब कि, **तावान् अस्य महिमा** = त्यही यसको महिमा हो भन्ने, **इति एतस्याम् ऋचि** = यस्तो यो ऋचामा, **चतुष्पाद् ब्रह्म** = चार पाउवाला ब्रह्म, **दर्शितम्** = देखाइएको छ, **एतत् न अस्ति** = यो कुरा छैन, होइन, **गायत्री वा इदं सर्वम्** = गायत्री नै यो सबै हो भन्ने, **इति उपक्रम्य** = यस्तो सुरु गरेर, **ताम् एव** = त्यसै गायत्रीलाई, **भूतपृथिवी-शरीरहृदयवाक्प्राणप्रभेदैः** = भूत, पृथ्वी, शरीर, वाक्, हृदय र प्राणका भेदले, **व्याख्याय** = व्याख्या गरेर (बताएर), **सा एषा चतुष्पदा षड्विधा गायत्री** = त्यो नै यी ४ पाउवाला ६ प्रकारको गायत्री हो, **तत् एतत्** = त्यो यो, **ऋचा** = मन्त्रले, **अभ्यनूक्तम्** = बताइएको छ, **तावान् अस्य महिमा** = त्यत्ति यसको महिमा हो भन्ने, **इति** = यसरूपले, **तस्यां व्याख्यातरूपायाम् गायत्र्याम्** = गायत्रीको व्याख्याको क्रममा, **उदाहृतः मन्त्रः** = उदाहरण दिएको मन्त्र, **कथम्** = कसरी, **अकस्मात्** = एक्कासी, **चतुष्पाद् ब्रह्म** = चार पाउवाला ब्रह्मलाई, **अभिदध्यात्** = बताउँछ, **यः अपि तत्र** = जो पनि त्यहाँ, **वै यत् तत् ब्रह्म** = निश्चय जुन भनियो, त्यही ब्रह्म हो भन्ने वाक्यमा, **ब्रह्मशब्दः** = ब्रह्म शब्द छ, **सः अपि**= त्यो पनि, **छन्दसः प्रकृतत्वात्**= छन्दको नै सुरु हुनाले, **छन्दोविषयः एव** = छन्दलाई नै लक्ष्य गर्ने हो, **यः एतां ब्रह्मोपनिषदं वेद** = जो यो ब्रह्मसम्बन्धी उपनिषद् जान्दछ भन्ने, **इति अत्र** = यहाँ, **हि** = निश्चय, **वेदोपनिषदम्** = ब्रह्मोपनिषद् नभनेर वेदोपनिषद भन्ने, **व्याचक्षते** = व्याख्यान गर्दछन्, **तस्मात्** = त्यसकारणबाट, **छन्दोभिधानात्** = गायत्री भन्ने छन्द बताएको हुनाले, **ब्रह्मणः प्रकृतत्वं न** = ब्रह्मको (प्रकृतत्व) सुरु गरेको भन्ने कुरा होइन भन्ने, **इति चेत्** = यस्तो शङ्का हुन्छ भन्ने, **न एषः दोषः** = यो शङ्का रूप दोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन ।

विशदीकरण

गायत्री छन्द बताएको हुनाले ब्रह्मको निर्देश गरेको होइन भन्ने शङ्का गर्छौं भने त्यो ठीक छैन, किनभने त्यही गायत्रीद्वारा ब्रह्ममा चित्त लगाउने कुरा श्रुतिमा भनिएको हुनाले भन्ने सूत्रार्थ हो ।

अघिल्ला वाक्यमा गायत्री नै यी सबै प्राणी हुन् भन्ने इत्यादि कुरा बाट गायत्री नामको छन्द बताइएको देखिनाले ब्रह्म बताइएको भन्ने कुरा ठीक होइन यस्तो शङ्का खण्डन गर्नु योग्य छ । 'त्यत्ति यसको महिमा छ' भनेर चार पाउवाला ब्रह्मलाई बताएको हुँदा छन्दलाई बताएकोले ब्रह्म बताएको होइन भन्न कसरी सकिन्छ ? यो कुरा पनि ठीक होइन। 'गायत्री नै यो सबै हो' भन्ने वाक्यबाट उठान गरेर त्यही गायत्रीलाई भूत, पृथ्वी, शरीर, हृदय, वाक्, प्राण आदि रूपले बताएर 'त्यति यसको महिमा' भनेर बताएको मन्त्रले एक्कासी चारपाउवाला ब्रह्मलाई कसरी बताउला ?

फेरि 'जो यो हो, त्यही ब्रह्म हो' भन्ने वाक्यांशमा परेको ब्रह्म पनि उपक्रममा छन्दविषय हुनाले छन्दलाई बताउने वाला हो । 'जो यो ब्रह्मनामको उपनिषद्लाई जान्दछ' भन्ने ब्रह्मशब्दको पनि वेदोपनिषद्लाई नै ब्रह्मोपनिषद् भनेको हो भनेर विद्वान्हरू अर्थ गर्दछन् । त्यसबाट यहाँ ब्रह्म शब्द सुनिए पनि उपक्रममा छन्दको नै निर्देश हुनाले छन्दलाई नै बताउने हो । सुरु(उपक्रम)मा ब्रह्म बताएको ठहर्दैन भन्ने पूर्व पक्षरूप शङ्का हुन्छ, तापनि त्यो भनाई दोषयुक्त छैन भन्ने क्रममा उत्तर दिइन्छ ।

शाङ्करभाष्यम्

'तथा चेतोऽर्पणनिगदात्' तथा गायत्र्याख्यछन्दोद्वारेण तदनुगते ब्रह्मणि चेतसोर्पणम् चित्तसमाधानमनेन ब्राह्मणवाक्येन निगद्यते- **'गायत्री वा इदं सर्वम्'** इति । नह्यक्षरसंन्निवेशमात्राया गायत्र्याः सर्वात्मकत्वं संभवति । तस्माद् यद् गायत्र्याख्यविकारेऽनुगतं जगत्कारणं ब्रह्म, तदिह सर्वम् इत्युच्यते । यथा- **'सर्वं खल्विदं ब्रह्म'** (छा० ३/१४/१) इति । कार्यं च कारणादव्यतिरिक्तमिति वक्ष्यामः- **'तदनन्यत्वमारम्भणशब्दादिभ्यः'** (ब्र.सू० २/१/१४) इत्यत्र । तथान्यत्रापि विकारद्वारेण ब्रह्मण उपासनं दृश्यते- **'एतं ह्येव बह्वृचा महत्युक्थे मीमांसन्त एतमग्नावध्वर्यव एतं महाव्रते छन्दोगाः'** (ऐ.आ० ३/२/३/१२) इति । तस्मादस्ति छन्दोऽभिधानेऽपि पूर्वस्मिन्वाक्ये चतुष्पाद् ब्रह्म निर्दिष्टम् । तदेव ज्योतिर्वाक्येऽपि परामृश्यत उपासनान्तरविधानाय । अपर आह- साक्षादेव गायत्री-शब्देन ब्रह्म प्रतिपाद्यते, संख्यासामान्यात् । यथा गायत्री चतुष्पदा षडक्षरैः पादैस्तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म चतुष्पात् । तथान्यत्रापि छन्दोभिधायी शब्दोऽर्थान्तरे संख्यासामान्यात्प्रयुज्यमानो दृश्यते। तद्यथा– **'ते वा एते पञ्चान्ये पञ्चान्ये दशसन्तस्तत्कृतम्'** इत्युपक्रम्याह– **'सैषा विराडन्नादी'** (छा० ४/३/८) इति । अस्मिन्पक्षे ब्रह्मैवाभिहितमिति न छन्दोभिधानम् । सर्वथाप्यस्ति पूर्वस्मिन्वाक्ये प्रकृतं ब्रह्म ।।२५।।

नेपालीभावानुवाद

तथा चेतोर्पणनिगदात् = त्यही गायत्रीद्वारा चित्त लगाउने कुरा भनेकोबाट, **तथा** = त्यही गायत्रीद्वारा अर्थात्, **गायत्र्याख्यछन्दोद्वारेण** = गायत्री भन्ने छन्दको बाटोले, **तदनुगते ब्रह्मणि** = त्यसमा रहेका ब्रह्ममा, **चेतसः अर्पणम्** = चित्तको अर्पण अर्थात्, **चित्तसमाधानम्**= चित्तलाई समाधान गर्ने कुरा, **अनेन ब्राह्मणवाक्येन**= यस ब्राह्मणभागको वाक्यद्वारा, **निगद्यते** = भनिन्छ जस्तै, **गायत्री वा इदं सर्वम् इति** = निश्चय यो सबै गायत्री हो भन्ने, **हि** = निश्चय, **अक्षरसन्निवेशमात्रायाः** = अक्षरको रखाइको छाँटमात्र स्वरूप हुने, **गायत्र्याः** = गायत्रीको, **सर्वात्मकत्वम्** = सबैको स्वरूप हुने कुरा, **न संभवति** = हुनसक्दैन, **तस्मात्** = त्यसकारणबाट, **गायत्र्याख्यविकारे अनुगतम्** = गायत्री नामको कार्यरूप विकारमा रहेको, **जगत्कारणं ब्रह्म** = जगत्को कारण भएको ब्रह्म जुन हो, **तत् इह** = त्यही यहाँ, **सर्वम् इति उच्यते** = सर्वं भनेर भनिन्छ, **यथा** = जस्तै कि, **सर्वं खलु इदं ब्रह्म इति** = निश्चय सबै यो ब्रह्म हो भन्ने, **कार्यं च** = कार्य पनि, **कारणात्** = कारणबाट, **अव्यतिरिक्तम् इति** = फरक (भिन्न) छैन भन्ने, **तदनन्यत्वम् आरम्भणशब्दादिभ्यः** = भन्ने, **इति अत्र** = यहाँ यो सूत्रमा, **वक्ष्यामः** = भन्ने छौं, **तथा** = त्यस्तै, **अन्यत्र अपि विकारद्वारेण** = अन्त पनि विकार (कार्य)को बाटोले, **ब्रह्मणः उपासनम्**= ब्रह्मको उपासना, **दृश्यते** = देखिन्छ जस्तै, **एतं हि एव बह्वृचाः** = यसलाई नै निश्चय ऋग्वेदीहरू, **महति उक्थे** = ठूलो शस्त्रमा, **एतम्** = यसलाई, **अध्वर्यवः**= यजुर्वेदीहरू, **अग्नौ** = अग्निमा (यज्ञमा), **छन्दोगाः** = सामवेदीहरू, **महाक्रतौ** = महाक्रतु (यज्ञ)मा, **मीमांसन्ते इति** = विचार गर्छन् (उपासना गर्छन्) भन्ने, **तस्मात्** = त्यसकारणबाट, **छन्दोभिधाने अपि** = छन्दको कथनमा पनि, **पूर्वस्मिन् वाक्ये** = अघिल्लो वाक्यमा, **चतुष्पात् ब्रह्म**= चारपाउवाला ब्रह्म, **निर्दिष्टम् अस्ति** = देखाइएको छ, **तत् एव** = त्यही नै, **ज्योतिर्वाक्ये अपि** = ज्योति वाक्यमा पनि, **उपासनान्तर-विधानाय** = अर्को उपासना बताउनु निमित्त, **परामृश्यते** = सङ्केतरूपले छोइन्छ (विचार गरिन्छ), **अपरः आह**= यस विषयमा अरू कोही भन्दछन्, **साक्षात् एव**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानरूपले नै, **गायत्रीशब्देन** = गायत्री शब्दद्वारा यहाँ, **ब्रह्म प्रतिपाद्यते** = ब्रह्म नै प्रतिपादन गरिन्छ, **संख्यासामान्यात्** = संख्या बराबरी हुनाले, **यथा गायत्री षडक्षरैः चतुष्पदा** = जस्तै गायत्री ६/६ अक्षरको चारपाउ वाला छ, **तथा** = त्यस्तै, **ब्रह्म चतुष्पात्** = ब्रह्म चार पाउवाला छ, **तथा** = त्यस्तै, **छन्दोभिधायी शब्दः**= छन्दलाई बताउने शब्द, **संख्यासामान्यात्** = संख्या बराबर हुनाले, **अर्थान्तरे** = अर्कै अर्थमा, **प्रयुज्यमानः** = प्रयोग गरिएको, **दृश्यते** = देखिन्छ, **तत् यथा** = त्यो कुरा जस्तै कि, **ते वा पञ्च एते अन्ये** = ती अधिदैव अग्नि, सूर्य, चन्द्र र जललाई वायुमा लीन गराउने पाँच वायु एकथरी, **अन्ये पञ्च** = अरू अध्यात्ममा वाक्, चक्षु, श्रोत्र र मनलाई लीन गराउने पाँच प्राण वायु एकथरी, **सन्तः दश** = एकै ठाउँ गिन्तीमा दश हुन्छन्, **तत् कृतम् इति** = त्यो कृतनामक जुवा (पाशा) हो भन्ने यसबाट, **उपक्रम्य**= उठाएर, **आह** = भन्दछ (श्रुति), **सा एषा अन्नादी विराट् इति** = त्यही यो हो विराटरूप अन्नभोक्ता भन्ने, **अस्मिन् पक्षे** = यस्तो अर्थ गरेको पक्षमा त, **ब्रह्म एव अभिहितम् इति** = ब्रह्म नै प्रधान रूपले बताइन्छ भन्ने, **इति** = यस हेतुले, **न छन्दोभिधानम्** = छन्दको कथन होइन, **सर्वथा अपि** = जुनसुकै हालतमा पनि, **पूर्वस्मिन् वाक्ये** = अघिल्ला वाक्यमा, **ब्रह्म प्रकृतम् अस्ति** = ब्रह्म नै उठान रूपमा छ ।

विशदीकरण

गायत्री नामक छन्दको बाटोले गायत्री उपाधिवाला ब्रह्ममा चित्त समाधान गराउन नै 'गायत्री यो सबै हो' भनेको पाइन्छ । यदि गायत्री त्यस्तो नहुँदो हो त, अक्षरका रखाइका ढंगबाट मात्र हुने छन्दमात्र सबैको स्वरूप हुने कुरा असंभव नै हुन्थ्यो र भनाइ पनि नमिल्दो हुन आउँथ्यो । गायत्री भन्ने कार्यरूप विकारमा उपाधि गरेको जगत्कारणस्वरूप ब्रह्म नै यहाँ सबै भन्ने शब्दले भनिएको हो । जस्तो कि सबै 'यो निश्चय नै ब्रह्म हो' भन्ने इत्यादिमा देखिन्छ ।

वास्तवमा कार्य र कारणको भेद छैन भन्ने पनि '**तदनन्यत्वमारम्भणशब्दादिभ्यः**' भन्ने सूत्र व्याख्यामा भन्नेछौं । यो बाहेक अन्यत्र पनि विकारको बाटोले ब्रह्मोपासन गर्ने कुरा देखिन्छ । जस्तै 'ऋग्वेदीहरू यसलाई ठूलो शस्त्रमा, यजुर्वेदीहरू यज्ञमा, सामवेदीहरू ठूलो यज्ञमा उपासना गर्छन्' इत्यादिबाट उक्त कुरा प्रमाणित हुन्छ । त्यसकारण छन्द बताए पनि पूर्ववाक्यमा ब्रह्म चारपाउवाला बताइएकै छ । त्यही नै बताइएको चारपाउवाला ब्रह्म ज्योतिवाक्यमा पनि छुट्टै उपासना निमित्त बताइएको छ ।

यस विषयमा कसै कसैको भनाइ छ– खासरूपमा नै गायत्री शब्दले ब्रह्म बताइएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो, किन भने संख्या बराबरी छ। जस्तै ६/६ अक्षरको चारपाउवाला गायत्री छ, त्यस्तै ब्रह्म पनि चारपाउवाला छ। अन्त पनि छन्दलाई बताउने शब्द अर्कै अर्थमा पनि प्रयोग गरेको देखिन्छ। जस्तै ती एकथरी पाँच, ती एकथरी पाँच मिले दश हुन्छन्, त्यही नै जुवा(पाशा) हो। यहाँ संख्याको बराबरीबाट अधिदैव– अग्नि, सूर्य, चन्द्र, जल ४ र लीन हुने स्थान वायु समेत पाँच हुन्छन्। फेरि अध्यात्ममा– वाक्, चक्षु, श्रोत्र र मन यी चार र लीन हुने स्थान प्राणसमेत पाँच गरी दुइथरीको मिलान संख्या दशलाई पाशाको प्रतीक रूपले मानेको संवर्गविद्यामा पाइन्छ। यस पक्षमा छन्द नबताएर ब्रह्म नै बताएको अर्थ हुन्छ। वास्तवमा जुनसुकै तहबाट पनि अघिल्लो वाक्यमा ब्रह्मलाई नै उठान गरेर बताएको ठहर्न आउँछ।।२५।।

ब्रह्मसूत्रम् - भूतादिपादव्यपदेशोपपत्तेश्चैवम्   १/१/२६

सूत्रार्थ - **एवम्** = यसप्रकार सुरुमा ब्रह्मको नै उठान गरेको ठहर्छ, किनकि, **भूतादिपादव्यपदेशोपपत्तेः च** = भूत पृथ्वी शरीर हृदयलाई पाउको रूपमा बताएको सिद्ध हुनाले।

शाङ्करभाष्यम्

इतश्चैवमभ्युपगन्तव्यमस्ति, पूर्वस्मिन्वाक्ये प्रकृतं ब्रह्मेति। यतो भूतादीन्पादान्व्यपदिशति। भूतपृथिवीशरीरहृदयानि हि निर्दिश्याह– **'सैषा चतुष्पदा षड्विधा गायत्री'** इति। नहि ब्रह्मानाश्रयेण केवलस्य छन्दसः भूतादयः पादा उपपद्यन्ते। अपि च ब्रह्मानाश्रयणे नेयमृक्संबध्येत– **'तावानस्य महिमा'** इति। अनया हि ऋचा स्वरसेन ब्रह्मैवाभिधीयते– **'पादोऽस्य सर्वाभूतानि त्रिपादस्यामृतन्दिवि'** (छा० ३/१२/५) इति सर्वात्मत्वोपपत्तेः। पुरुषसूक्तेऽपीयमृग् ब्रह्मपरतयैव समाम्नायते। स्मृतिश्च ब्रह्मण एवंरूपतां दर्शयति– **'विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत्'**(गी० १०/४२) इति। **'यद् वै तद् ब्रह्म'** (छा० ३/१२/७) इतं च निर्देशः। एवं सति मुख्यार्थ उपपद्यते। **'पञ्च ब्रह्मपुरुषाः'** (छा. ३/१३/६) इति च हृदयसुषिषु ब्रह्मपुरुषश्रुतिर्ब्रह्मसम्बन्धितायां विवक्षितायां संभवति। तस्मादस्ति पूर्वस्मिन्वाक्ये ब्रह्म प्रकृतम्। तदेव ब्रह्म ज्योतिर्वाक्ये द्युसम्बन्धात् प्रत्यभिज्ञायमानं परामृश्यते इति स्थितम् ।।२६।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **एवम् अभ्युपगन्तव्यम् अस्ति** = यो कुरा जान्न(सम्झनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्ने कुरा छ, के त भने, **पूर्वस्मिन्वाक्ये** = अघिल्ला वाक्यमा, **ब्रह्म प्रकृतम् इति**= ब्रह्म नै उठान गरिएको भन्ने, **यतः** = किनकि जसमा कि, **भूतादिपादान् व्यपदिशति**= भूत आदि पाउलाई बताउँछ र, **हि** = निश्चय, **भूतपृथिवीशरीरहृदयानि** = भूत, पृथ्वी, शरीर, हृदयलाई; **निर्दिश्य** = देखाएर, **आह** = भन्दछ के भने, **सा एषा षडविधा चतुष्पदा गायत्री** = त्यो यो ६ प्रकारको चारपाउवाला गायत्री हो भन्ने, **हि**= निश्चय, **ब्रह्मानाश्रयेण** = ब्रह्मलाई नलिएमा, **केवलस्य छन्दसः** = छन्दको मात्र, **भूतादयः पादाः** = भूत आदि पाउ, **न उपपद्यन्ते** = ठीक हुन आउँदैनन्, **अपि च** = फेरि, **ब्रह्मानाश्रयणे** = ब्रह्मलाई नलिएमा, **तावान् अस्य इति** = त्यत्ति यसको भन्ने, **इयम् ऋक्** = यो ऋचा, **न सम्बध्येत** = सम्बन्धित हुने छैन, **हि** = निश्चय, **अनया ऋचा** = यो ऋचाले, **स्वरसेन** = आफ्नै प्रधानताले, **ब्रह्म अभिधीयते**= ब्रह्मलाई बताइन्छ, किनकि; **अस्य सर्वाभूतानि पादः** = यसको सबै प्राणी एक पाउ हो, **अस्य त्रिपात् अमृतं दिवि** = यसको तीन पाउ अमृतरूप द्युलोकमा छ भन्ने, **इति** = यो भनाइअनुसार, **सर्वात्मत्वोपपत्तेः** = सबैको स्वरूप हुने कुराको सिद्धि भएबाट, **पुरुषसूक्ते अपि इयम् ऋक्** = पुरुष सूक्तमा पनि यो ऋचा, **ब्रह्मपरतया एव समाम्नायते** = ब्रह्मलाई लक्ष्य गर्ने भनेर नै बताइन्छ, **इदं कृत्स्नं जगत् विष्टभ्य** = यो सबै जगत् कुक्षिगत (आक्रमण) गरेर, **अहम् एकांशेन स्थितः** = म एक अंश (पाउ) रूपले यसमा रहेको छु भन्ने, **इति स्मृतिः च** = यो स्मृति पनि, **ब्रह्मणः** = ब्रह्मको, **एवंरूपताम्** = यस्तो प्रकारलाई, **दर्शयति** = देखाउँछ, **यत् वै तत् ब्रह्म** =जो निश्चय, त्यो ब्रह्म हो भन्ने, **इति च** = यो पनि, **निर्देशः** = निर्देश, **मुख्यार्थे सति** = मुख्य ब्रह्मरूप अर्थ भएमा, **उपपद्यते** = ठीक हुन्छ, **पञ्चब्रह्मपुरुषाः**= पाँच ब्रह्म पुरुष भन्ने, **इति च** = यो पनि, हृदयसुषिषु = हृदयको छिद्रमा, **ब्रह्मपुरुषश्रुतिः** = ब्रह्मपुरुष भनेर बताउने श्रुति, **ब्रह्मसम्बन्धितायाम् विवक्षितायाम्** = ब्रह्मसम्बन्धित्वलाई भन्न खोजेमा मात्र, **सम्भवति** = हुन सक्दछ, **तस्मात्** = त्यसकारणबाट, **पूर्वस्मिन् वाक्ये ब्रह्म प्रकृतम् अस्ति** = अघिल्लो वाक्यमा ब्रह्म उठान गरिएको छ, **तत् एव ब्रह्म** = त्यही नै ब्रह्म, **ज्योतिर्वाक्ये** = ज्योतिवाक्यमा, **द्युसम्बन्धात्** = द्युलोकको सम्बन्ध भएकाले, **प्रत्यभिज्ञायमानम्** = उसको चिह्नरूपमा जानिएको छँदो, **परामृश्यते** = विचार गरिन्छ भन्ने, **इति** = यस्तो कुरा, **स्थितम्** = रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

पूर्ववाक्यमा ब्रह्मलाई नै उठान गरेकोले भूत आदि पाउ बताउने कुराको उपपत्ति हुन सक्दछ र त्यही नै सिद्ध हुन पनि आउँछ । जस्तै – 'भूत, पृथ्वी, शरीर, हृदयलाई निर्देश गरेर त्यो यो चारपाउवाला ६ प्रकारको गायत्री हो' इत्यादि उक्त सिद्धिका उदाहरण हो । पूर्ववाक्यमा ब्रह्मलाई नलिने हो भने 'त्यत्ति यसको महिमा' भन्ने इत्यादि ऋचा सम्बन्धित हुनआउने छैन । फेरि 'एक पाउ यसको सारा प्राणी हो' भन्ने ऋचाले त प्रधानरूपले नै ब्रह्म बताइरहेको छ र यसरी सर्वस्वरूपता समेतको सिद्धि हुन्छ ।

पुरुषसूक्तमा पनि पूर्वोक्त ऋचालाई ब्रह्मपरक भनेर व्याख्या गरिएको छ र स्मृतिमा पनि 'म सारा विश्वलाई कुक्षिगत गरेर एकांशले मात्र संसारमा रहेको छु' भन्ने देखिन्छ । फेरि त्यो ब्रह्म भन्ने भनाइ पनि ब्रह्मलाई मुख्य मानेर अर्थ गरेमा मात्र सामञ्जस्य हुन आउँछ। 'पाँच ब्रह्मपुरुष भनेर हृदयको छिद्रमा ब्रह्म बताउने' श्रुति पनि ब्रह्मसम्बन्धित अर्थ गरेमा मात्र मिल्न सक्दछ । त्यसकारणबाट अघिल्लो वाक्यमा ब्रह्म नै उठान गरेर भनिएको हो । त्यसै ब्रह्मको ज्योतिवाक्यमा पनि द्युलोकको सम्बन्ध हुने लक्षणबाट विचार गरिन्छ भन्ने कुरा निश्चय हुन्छ ।।२६।।

ब्रह्मसूत्रम् - उपदेशभेदान्नेति चेन्नोभयस्मिन्नप्यविरोधात् १/१/२७

सूत्रार्थ - **उपदेशभेदात्** = सप्तमी र पञ्चमी विभक्ति अर्थद्वारा उपदेशमा फरक भएबाट, **न इति चेत्** = पूर्ववाक्यमा ब्रह्मको सुरु (उठान) गरेको होइन भन्छौ भने, **न** = त्यो हुँदैन किनकि, **उभयस्मिन् अपि** = सप्तमी र पञ्चमी दुवै अर्थमा पनि, **अविरोधात्** = ब्रह्मलाई उठान गरेको भन्नेमा विरोध नहुनाले ।

शाङ्करभाष्यम्

यदप्येतदुक्तं पूर्वत्र- **त्रिपादस्यामृतं दिवि** इति सप्तम्या द्यौराधारत्वेनो-पदिष्टा, इह पुनः **'अथ यदतः परो दिवः'** इति पञ्चम्या मर्यादात्वेन, तस्मादुपदेश-भेदान्न तस्येह प्रत्यभिज्ञानमस्तीति, तत्परिहर्तव्यम्। अत्रोच्यते- नायं दोषः, उभय-स्मिन्नप्यविरोधात् । उभयस्मिन्नपि सप्तम्यन्ते पञ्चम्यन्ते चोपदेशे न प्रत्यभिज्ञानं विरुध्यते । यथा लोके वृक्षाग्रसंबद्धोऽपि श्येन उभयथोपदिश्यमानो दृश्यते, वृक्षाग्रे श्येनो वृक्षाग्रात्परतः श्येन इति च । दिव्येव सद् ब्रह्म दिवः परमित्युपदिश्यते। अपर आह- यथा लोके वृक्षाग्रेणासंबद्धोऽपि श्येन उभयथोपदिश्यमानो दृश्यते, वृक्षाग्रे श्येनो वृक्षाग्रात्परतः श्येन इति च । एवं दिवः परमपि सद् ब्रह्म दिवीत्युप-दिश्यते। तस्मादस्ति पूर्वनिर्दिष्टस्य ब्रह्मण इह प्रत्यभिज्ञानम् । अतः परमेव ज्योतिः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दमिति सिद्धम् ।।२७।।

नेपालीभाषानुवाद

यद् अपि = जो पनि कि, **उक्तम्** = भनियो, **पूर्वत्र** = अघिल्ला वाक्यमा, **त्रिपात् अस्य अमृतं दिवि** = तीन पाउ यसको अमृतरूप द्युलोकमा छ भन्ने, **इति**= यस्तो, **सप्तम्या**= सप्तमी विभक्तिले, **द्यौः** = द्युलोक, **आधारत्वेन उपदिष्टा इति**= आधाररूपले उपदेश गरिएको भन्ने, **इति** = यो र, **अथ पुनः** = अनि फेरि, **अथ यत् अतः दिवः परः इति** = अब जुन यो द्युलोकबाट पर भन्ने, **पञ्चम्या** = पञ्चमी विभक्तिले, **मर्यादात्वेन** = द्युलोकको सीमारूपले उपदेश गरिएको छ, **तस्मात्** = त्यसकारणबाट, **उपदेशभेदात्** = उपदेशमा फरक हुनाले, **तस्य** = त्यो ब्रह्मको, **इह** = यहाँ, **प्रत्यभिज्ञानम्** = चिनो, **न अस्ति** = छैन भन्ने समेत, **इति एतत् उक्तम्** = यो यस्तो भनियो (शङ्कारूपमा), **तत् परिहर्तव्यम्**= परिहार गर्नु योग्य छ र, **अत्र** = यहाँ, **उच्यते** = उत्तररूपमा भनिन्छ, **अयं दोषः न** = यो शङ्कारूप दोष ठीक छैन किनकि, **उभयस्मिन् अपि** = दुवै तर्फमा पनि, **अविरोधात्** = अविरोध हुनाले, **सप्तम्यन्ते पञ्चम्यन्ते च उभयस्मिन् अपि** = सप्तम्यन्त र पञ्चम्यन्त दुवै द्युशब्दरूप उपदेशमा पनि, **प्रत्यभिज्ञानं न विरुध्यते** = प्रत्यभिज्ञान विरोधी हुँदैन, **यथा लोके** = जस्तै लोकमा, **वृक्षाग्रसम्बद्धः अपि श्येन** = रूखको टुप्पामा सम्बद्ध भएको पनि बाज, **उभयथा उपदिश्यमानः दृश्यते** = दुवै प्रकारले बताइएको देखिन्छ जस्तै, **वृक्षाग्रे श्येनः वृक्षाग्रात्परतः श्येन इति च** = वृक्षको टुप्पामा बाज भन्ने र वृक्षको टुप्पा परि बाज भन्ने समेत पनि, **एवम्** = यस्तै, **दिवि एव सद् ब्रह्म**= द्युलोकमा नै रहेको ब्रह्म, **दिवः परम् इति उपदिश्यते** = द्युलोकभन्दा पर भनेर उपदेश गरिन्छ, **अपरः आह**= अर्को कुनै भन्दछ कि, **यथा लोके** = जस्तै लोकमा, **वृक्षाग्रेण असंबद्धः अपि** = वृक्षाग्रसँग वास्तविक सम्बन्ध नभएको पनि, **श्येनः**= बाज, **उभयथा उपदिश्यमानः दृश्यते** = दुवै प्रकारबाट बताइएको देखिन्छ जस्तै, **वृक्षाग्रे श्येनः वृक्षाग्रात्परतः श्येनः इति** = वृक्षको टुप्पामा बाज र वृक्षको टुप्पापरि बाज भन्ने पनि, **तथा दिवः परम् अपि सत् ब्रह्म** = त्यस्तै द्युलोकबाट परको ब्रह्म पनि, **दिवि इति उपदिश्यते**= द्युलोकमा भनेर उपदेश गरिन्छ, **तस्मात्**= त्यसकारणबाट, **पूर्वनिर्दिष्टस्य ब्रह्मणः** = अघि देखाइएका ब्रह्मको, **इह** = यहाँ, **प्रत्यभिज्ञानम् अस्ति** = प्रत्यभिज्ञान (चिनो) छ, **अतः** = यसकारणबाट, **परम् एव ब्रह्म** = परब्रह्म नै, **ज्योतिःशब्दम् इति** = ज्योतिशब्दको अर्थ हो भन्ने, **सिद्धम्** = निर्बाधरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्ध छ ।

विशदीकरण

पूर्ववाक्यमा दिवि भनेर सप्तमी विभक्तिले द्युलोकलाई आधाररूपमा बताएको र **'दिवः परम्'** भनेर पञ्चमी विभक्तिले द्युलोकको मर्यादा (सीमा) लाई देखाएको कारणबाट वाक्यभेद हुनाले पूर्ववाक्यमा उठान गरिएका ब्रह्मको चिनो छ भन्ने कुरा ठीक छैन भन्ने शङ्का हुन्छ । त्यस्को परिहाररूपमा भनिन्छ – दुवै पक्षमा पनि कुनै दोष छैन । सप्तमी र पञ्चमी दुवै विभक्ति अन्त्यमा हुने द्युशब्दद्वारा भएको उपदेशमा पनि विरोध हुँदैन ।

उदाहरणार्थ – लोकमा रूखको टुप्पामा रहेको बाजको विषयमा 'रूखको टुप्पामा बाज छ अथवा रूखको टुप्पापरि बाज छ' भन्ने दुवै किसिमको भनाइ हुनसक्दछ । त्यस्तै द्युलोकमै रहेको ब्रह्म पनि द्युलोकभन्दा पर रहेको पनि भनिन्छ । यस विषयमा कुनै विद्वान् भन्दछन् कि वृक्षको टुप्पासँग वास्तविक सम्बन्ध नभएको बाजलाई जसरी लोकमा वृक्षको टुप्पामा बाज छ अथवा रूखको टुप्पापरि बाज छ भनेर दोहरै शब्द प्रयोग भएको देखिन्छ, त्यस्तै द्युलोकभन्दा परको ब्रह्मलाई पनि द्युलोकमा छ भनेर भन्न सकिने हुनाले कुनै विरोध छैन । त्यसकारणबाट पूर्ववाक्यमा बताइएको ब्रह्मको यहाँ पनि प्रत्यभिज्ञा (चिनो) छ र परब्रह्म नै यहाँ ज्योतिशब्दको अर्थ हो भन्ने सिद्ध हुन्छ ।।२७।।

इतिप्राणाधिकरणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. प्रतर्दनाधिकरणम् {सू. २८-३१}

ब्रह्मसूत्रम् - प्राणस्तथानुगमात् १/१/२८

सूत्रार्थ - प्राणः = 'प्राणोऽस्मि प्रज्ञात्मा' यस श्रुतिमा पठित प्राण परमात्मा नै हो, वायु होइन, **तथा** = पूर्वापर वाक्यहरूको पर्यालोचन गरेर, **अनुगमात्** = आनन्द आदि पदहरूको समन्वय गर्नाले प्राणशब्द ब्रह्मपरक नै उपलब्ध हुन्छ ।

शाङ्करभाष्यम्

अस्ति कौषीतकिब्राह्मणोपनिषदीन्द्रप्रतर्दनाख्यायिका - **'प्रतर्दनो ह वै दैवोदासिरिन्द्रस्य प्रियं धामोपजगाम युद्धेन च पौरुषेण च'** इत्यारभ्याम्नाता। तस्यां श्रूयते-'**स होवाच प्रज्ञात्मा प्राणोऽस्मि तं मामायुरमृतमित्युपास्स्व**' इति। तथोत्तरत्रापि-'**अथ खलु प्राण एव प्रज्ञात्मा इदं शरीरं परिगृह्योत्थापयति**' (कौ० ३/१-३) इति । तथा- '**न वाचं विजिज्ञासीत वक्तारं विद्यात्**' इत्यादि। अन्ते च '**स एब प्राण एव प्रज्ञात्मानन्दोऽजरोऽमृतः**' (कौ० ३/८) इत्यादि। तत्र संशयः- किमिह प्राणशब्देन वायुमात्रमभिधीयत उत देवतात्मेति, जीवोऽथवा परं ब्रह्मेति ।

नेपालीभाषानुवाद

कौषीतकिब्राह्मणोपनिषदि = कौषतकिब्राह्मणोपनिषद्मा, **इन्द्रप्रतर्दनाख्यायिका** = इन्द्र र राजा प्रतर्दनको कथा, **अस्ति** = छ जस्तै कि, **ह** = प्रसिद्ध, **वै** = निश्चय, **दैवोदासिः प्रतर्दनः** = दिवोदासका छोरा प्रतर्दन भन्ने, **युद्धेन च पौरुषेण च** = युद्धले पनि पुरुषार्थले पनि, **इन्द्रस्य प्रियं धाम** = इन्द्रको प्यारो स्थानमा, **उपजगाम** = गए भन्ने, **इति आरभ्य** = यहाँ देखि सुरु गरेर, **आम्नाता** = बताइएको छ, **तस्यां श्रूयते** = त्यसमा सुनिन्छ, **ह** = प्रसिद्ध, **सः** = ती इन्द्रले, **उवाच** = भने, **प्रज्ञात्मा** = चैतन्यरूप, **प्राणः अस्मि** = प्राण हूँ, **तं माम्** = त्यो मलाई, **आयुः अमृतम् इति** = आयु र अमृत हो भनेर, **उपास्स्व इति** = उपासना गर (सम्झ) भन्ने, **तथा उत्तरत्र अपि** = पछिबाट पनि (पछिल्लो वाक्यमा पनि), **खलु** = निश्चय, **अथ** = अनि, **प्राणः एव प्रज्ञात्मा** = प्राण नै प्रज्ञात्मा हो र त्यो, **इदं शरीरम्** = यो शरीरलाई, **परिगृह्य** = लिएर, **उत्थापयति इति** = उठाउँछ भन्ने, **तथा** = त्यस्तै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाचम् = वाक्‌लाई, **न विजिज्ञासीत** = जान्ने इच्छा नगरोस्, **वक्तारम्** = बोल्नेलाई, **विद्यात्** = जानोस्, **इत्येतद्** = इत्यदि रूपको छ, **सः एषः प्राणः एव** = त्यो यो प्राण नै, **प्रज्ञात्मा आनन्दः अजरः अमृतः** = चैतन्यरूप आनन्द बूढो नहुने र नमर्ने हो भन्ने; **इत्यादि** = इत्यादि, **तत्र संशयः** = त्यसमा शङ्का हुन्छ कि, **इह किं प्राणशब्देन** = के यहाँ प्राणशब्दले, **वायुमात्रम् अभिधीयते** = वायुलाई मात्र भनिन्छ, **उत देवतात्मा इति** = अथवा देवतात्मा (इन्द्र) भन्ने र, **जीवः** = जीवात्मा, **अथवा** = अथवा, **परब्रह्म इति** = परब्रह्म हो भन्ने पनि ।

विशदीकरण

अब एघारौं प्रतर्दनाधिकरण सुरु हुन्छ । यहाँ सुनिएको प्राण शब्द ब्रह्मवाची हो, पूर्वापरवाक्यार्थ ब्रह्ममा नै घट्ने हुनाले भन्ने सूत्रार्थ हो ।

कौषीतकिब्राह्मणोपनिषदमा एउटा आख्यायिका छ – 'दिवोदासका छोरा प्रतर्दन भन्ने राजा आफ्नो युद्ध रूप पुरुषार्थद्वारा इन्द्रलोकमा गए' भन्ने कुराबाट सुरु गरेर त्यसैको सिलसिलामा इन्द्रले प्रतर्दनलाई 'म चैतन्यरूप प्राण हूँ, त्यही मलाई आयु र प्राण भनेर उपासना गर' भनेको कुरा पछिल्लो वाक्यमा वर्णन गरिएको छ । फेरि त्यहीं नै 'प्राण चैतन्यरूप आनन्द तथा अजर र अमर हो' भन्ने इत्यादि पनि वर्णन गरिएको छ । त्यसमा यो प्राण भनेको वायुमात्र हो कि ? अथवा म भन्ने वाला देवतात्मा इन्द्र हो ? अथवा जीव हो कि ? अथवा परब्रह्म ? इत्यादि शङ्का हुन्छ ।

शाङ्करभाष्यम्

ननु 'अत एव प्राणः' इत्यत्र वर्णितं प्राणशब्दस्य ब्रह्मपरत्वम् । इहापि च ब्रह्मलिङ्गमस्ति– **'आनन्दोऽजरोऽमृतः'** इत्यादि । कथमिह पुनः संशयः सम्भवति ? अनेकलिङ्गदर्शनादिति ब्रूमः । न केवलमिह ब्रह्मलिङ्गमेवोपलभ्यते, सन्ति हीतरलिङ्गान्यपि । **'मामेव विजानीहि'** (कौ० ३/१) इतीन्द्रस्य वचनं देवतात्मलिङ्गम् । इदं शरीरं परिगृह्योत्थापयतीति प्राणलिङ्गम् । **'न वाचं विजिज्ञासीत वक्तारं विद्यात्'** इत्यादि जीवलिङ्गम् । अत उपपन्नः संशयः । तत्र प्रसिद्धेर्वायुः प्राण इति प्राप्ते, उच्यते – प्राणशब्दं ब्रह्म विज्ञेयम् । कुतः ? तथानुगमात् । तथाहि पौवापर्येण पर्यालोच्यमाने वाक्ये पदार्थानां समन्वयो ब्रह्म-प्रतिपादनपर उपलभ्यते ।

नेपालीभाषानुवाद

ननु = शङ्का, **अत एव प्राणः इत्यत्र** = 'अत एव प्राणः' भन्ने सूत्रमा, **प्राणशब्दस्य** = प्राणशब्दको, **ब्रह्मपरत्वम्** = ब्रह्मपरक हुने कुरा, **वर्णितम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बयान गरियो, **इह अपि च** = यहाँ पनि फेरि, **आनन्दः अजरः अमृतः इत्यादि** = आनन्द, अजर र अमर छ भन्ने इत्यादि, **ब्रह्मलिङ्गम् अस्ति** = ब्रह्मको चिनो छ, **कथं पुनः इह संशयः सम्भवति** = कसरी, फेरि यहाँ शङ्का हुन्छ, **अनेकलिङ्गदर्शनात् इति ब्रूमः** = धेरैको चिनो देखिनाले भनेर भन्छौं, **इह** = यहाँ, **केवलम्** = खालि, **ब्रह्मलिङ्गम् एव न उपलभ्यते** = ब्रह्मलिङ्गमात्र देखिंदैन, **हि** = निश्चय, **इतरलिङ्गानि अपि सन्ति** = अरू अरूका लिङ्ग पनि छन्, **माम् एव विजानीहि** = मलाई नै जान भन्ने, **इति** = यस्तो, **इन्द्रस्य वचनम्** = इन्द्रको वचन, **देवतात्मलिङ्गम्** = देवताका स्वरूपको लिङ्ग हो, **इदं शरीरं परिगृह्य उत्थापयति** = यसले शरीरलाई लिएर उठाउँछ भन्ने, **इति प्राणलिङ्गम्** = यो प्राणको लिङ्ग हो, **वाचं न विजिज्ञासीत** = वचनलाई जान्न नखोजोस् किन्तु, **वक्तारं विद्यात्** = बोल्नेलाई जानोस् भन्ने, **इत्यादि जीवलिङ्गम्** = इत्यादि जीवको लिङ्ग हो, **अतः संशयः उपपन्नः** = यसकारणबाट शङ्का ठीक छ, **तत्र**= त्यहाँ, **प्रसिद्धेः** = प्रख्यात भएबाट, **वायुः प्राणः इति प्राप्ते**= वायु नै प्राण हो भन्ने कुरा, **प्राप्ते** = प्राप्त भएमा, **उच्यते** = भनिन्छ कि, **प्राणशब्दम् ब्रह्म विज्ञेयम्** = प्राण भनेर यहाँ ब्रह्मलाई जान्नु योग्य छ, **कुतः** = केबाट त, **तथा-नुगमात्**= वाक्यको तात्पर्यविचारमा त्यस्तै दखिनाले, **तथा हि** = त्यस्तै कि, **वाक्ये**= वेदान्तवाक्यमा, **पौर्वापर्येण** = उपक्रम र उपसंहार (तल र माथि) का रूपले, **पर्यालोच्यमाने** = राम्रोसँग विचार गरेमा, **पदार्थानाम्** = पदार्थको, **समन्वयः** = समन्वय, **ब्रह्मप्रतिपादनपरः** = ब्रह्मलाई नै बताउनु तत्पर भएको, **उपलभ्यते** = पाइन्छ ।

विशदीकरण

'अत एव प्राणः' भन्ने सूत्रमा प्राणशब्दले ब्रह्म लिइन्छ भनेर पहिले नै बताइयो । त्यसमा पनि आनन्द, अजर र अमर भनेर त्यस प्राणलाई बताइएको हुनाले पनि प्राण ब्रह्म हुने कुरा स्पष्ट हुन्छ । आनन्द, अजर र अमर ब्रह्मका चिह्न हुनाले ब्रह्मलिङ्ग भएपछि प्राण शब्दले ब्रह्मलाई नै लिन उपयुक्त हुनाले शङ्का हुनुपर्ने अवस्था नै कसरी ? केबाट हुन्छ ? इत्यादि शङ्का हुन्छ ।

शङ्काको विषयमा भनिन्छ – त्यहाँ ब्रह्मको मात्र चिह्न थियो । यहाँ त अरूका पनि चिह्न छन्, ब्रह्मको मात्र चिह्न छैन र शङ्का हुनु अनिवार्य छ । 'जस्तै कि मलाई नै जान' भन्नाले त्यसो भन्ने इन्द्र हुनाले प्राण इन्द्र हो कि?, यो शरीरलाई लिएर उठाउँछ भन्ने प्राणको लिङ्ग हुनाले प्राणशब्दले वायुरूप प्राणलाई नै लिएको हो कि ? भन्ने र 'वचनलाई जान्न नखोज्नु बोल्नेलाई जान्नु' भन्नाले जीवलाई लिने कि? भन्ने शङ्का देखिन्छ । त्यसमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वप्रथम प्राणशब्दले ज्यादा नै प्रख्यात (प्रसिद्धि) हुनाले वायुलाई नै लिने हो कि ? भन्ने शङ्काको हकमा भनिन्छ – प्राणशब्दले ब्रह्मलाई नै लिनु योग्य छ, किनभने यहाँका सबै वाक्य तथा पदार्थको राम्रो छानबिन गरेर हेर्दा सबैको समन्वय ब्रह्मपरक नै देखिन्छ ।

शाङ्करभाष्यम्

उपक्रमे तावत् **'वरं वृणीष्व'** इतीन्द्रेणोक्तः प्रतर्दनः परमं पुरुषार्थं वरमुपचिक्षेप –**'त्वमेव मे वृणीष्व यं त्वं मनुष्याय हिततमं मन्यसे'** इति । तस्मै हिततमत्वेन उपदिश्यमानः प्राणः कथं परमात्मा न स्यात् ? नह्यन्यत्र परमात्मविज्ञानाद् हिततमप्राप्तिरस्ति । **'तमेव विदित्वाति मृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय'** (श्वेता० ३/८) इत्यादिश्रुतिभ्यः । तथा **'स यो मां वेद न ह वै तस्य केनचन कर्मणा लोको मीयते न स्तेयेन न भ्रूणहत्यया'**(कौ० ३/१) इत्यादि च ब्रह्मपरिग्रहे घटते । ब्रह्मविज्ञानेन हि सर्वकर्मक्षयः प्रसिद्धः- **'क्षीयन्ते चास्यकर्माणि तस्मिन्दृष्टे परावरे'** (मु० २/२/८) इत्याद्यासु श्रुतिषु। प्रज्ञात्मत्वं च ब्रह्मपक्ष एवोपपद्यते । नह्यचेतनस्य वायोः प्रज्ञात्मत्वं सम्भवति । तथोपसंहारेऽपि- **'आनन्दोऽजरोऽमृतः'** इत्यानन्दत्वादीनि न ब्रह्मणोऽन्यत्र सम्यक् सम्भवन्ति ।

नेपालीभाषानुवाद

तावत् = पहिले, **उपक्रमे** = सुरुमा, **वरं वृणीष्व इति** = वर माग भनेर, **इन्द्रेण उक्तः**= इन्द्रले भनिएका, **प्रतर्दनः** = प्रतर्दन, **परम् पुरुषार्थं वरम्** = परमपुरुषार्थ (मोक्ष) रूप वर, **उपचिक्षेप** = अगाडि राखे (मागे) के भने, **त्वम् एव मे वृणीष्व**= तपाइँ नै मेरो लागि रोज्नु होस्, **यं त्वं मनुष्याय हिततमं मन्यसे** = जुन वर तपाइँ मनुष्यका निमित्त अतिशय हित ठान्नु हुन्छ भन्ने, **इति** = यस्तो, **तस्मै** = ती प्रतर्दनलाई, **हिततमत्वेन** = अत्यन्त हितको रूपले, **उपदिश्यमानः** = उपदेश गरिने, **प्राणः** = त्यो प्राण भनिएको वस्तु, **कथं परमात्मा न स्यात्** = कसरी परमात्मा नहोस्, **हि** = निश्चय, **परमात्मविज्ञानात् अन्यत्र** = परमात्मालाई जान्नुभन्दा अरू अन्त, **हिततमप्राप्तिः** = अत्यन्त हितको प्राप्ति, **न अस्ति** = छैन, किनकि; **तं विदित्वा एव** = त्यो परमात्मालाई जानेर नै, **मृत्युम् अति एति** = मृत्युलाई जित्छ (पार गर्छ), **अयनाय** = मुक्तिका निमित्त, **अन्यः पन्थाः** = परमात्मविज्ञानबाहेक अर्को बाटो, **न विद्यते** = छैन (पाइदैन) भन्ने, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुति भएबाट, **तथा**= त्यस्तै, **यः सः** = जुन त्यो, **मां वेद** = म (परमात्मा) लाई जान्दछ, **ह वै** = प्रसिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय नै, **तस्य** = त्यसपुरुषको, **केनचन कर्मणा** = कुनै कर्मले, **लोकः** = लोक (स्थिति), **न मीयते** = हत हुन्न (विग्रन्न), **स्तेयेन न** = चोरी कर्मले हत हुन्न, **भ्रूणहत्यया न** = गर्भ हत्याले हत हुन्न भन्ने, **इत्यादि च** = इत्यादि श्रुतिवचन पनि, **परमात्मपरिग्रहे घटते** = परमात्मालाई लिएमा घट्न सक्दछ, **हि** = निश्चय, **ब्रह्मविज्ञानेन**= ब्रह्मज्ञानद्वारा, **सर्वकर्मक्षयः** = सबै कर्मको नाश, **प्रसिद्धः** = प्रसिद्ध छ जस्तै, **अस्मिन् परावरे दृष्टे** = यस परावरस्वरूप ब्रह्मलाई देखे (जाने)मा, **अस्य** = यस पुरुषका (देख्ने जान्नेका), **कर्माणि** = कर्म (संचित, आगामी र क्रियमाण) हरू, **क्षीयन्ते** = नाश हुन्छन् भन्ने, **इत्याद्यासु श्रुतिषु** = इत्यादि श्रुतिहरूमा छ, **प्रज्ञात्मत्वं च** = चैतन्यरूप हुनु पनि, **ब्रह्मपक्षे एव उपपद्यते**= ब्रह्मलाई लिएका पक्षमा मात्र ठीक हुन्छ, **हि** = निश्चय, **अचेतनस्य वायोः** = जडरूप वायुको, **प्रज्ञात्मत्वं न संभवति** = चैतन्यस्वरूप हुनु हुनसक्दैन, **तथा उपसंहारे अपि** = त्यस्तै उपसंहारमा पनि, **आनन्दः, अजरः, अमृतः इति** = आनन्द, अजर, अमृत भन्ने; **आनन्दत्वादीनि** = आनन्द आदि, **ब्रह्मणः अन्यत्र** = ब्रह्म बाहेक अन्यत्र, **सम्यक् न संभवन्ति** = ठीकसँग हुनसक्दैनन् ।

विशदीकरण

पहिले इन्द्रले 'वर माग' भनेर प्रेरणा गरिएका प्रतर्दनले 'मेरो निमित्त मानिसलाई अत्यन्त हित हुने जुन कुरा छ त्यही तपाईंले नै ठम्याएर रोजिदिनुस्' भनेर आफ्नो माग राखे। अत्यन्त हित भनेको मोक्षलाई नै वरको रूपमा अगाडि राखेका थिए । त्यस्तो वररूपमा अत्यन्त हित भनेर उपदेश गरेको मोक्ष प्राणरूप ब्रह्म नभएर अरू के होला ? किनभने परमात्मविज्ञान भन्दा अर्को मानिसको अत्यन्त हित हुने वस्तुको प्राप्ति नै छैन ।

'परमात्मालाई नै जानेर मृत्युलाई जित्छ, मुक्ति निमित्त अर्को बाटो छैन' भन्ने श्रुतिको भनाइ र 'जसले परमात्मालाई जान्यो त्यसको कुनै कर्मबाट पनि लोकनाश हुँदैन अरू त के कुरा चोरी तथा गर्भ हत्या आदिले पनि लोकनाश हुँदैन' भन्ने समेत वचन हुनाले पनि परमात्मविज्ञान नै परमपुरुषार्थ हो भन्ने सिद्ध हुन्छ । यी कुरा पनि प्राणलाई ब्रह्मको रूपमा लिएमा मात्र घट्न सक्दछन् । 'परावररूप ब्रह्मलाई जानेपछि सबै कर्मको नाश हुन्छ' भन्ने श्रुतिको पनि भनाइ छ ।

फेरि चैतन्यस्वरूप हुने कुरा पनि ब्रह्मलाई लिएमा मात्र ठीक हुनसक्दछ । जडरूप प्राणको चैतन्यस्वरूप हुने कुरा पनि घट्न सक्दैन । अन्त्यमा आनन्द, अजर र अमर भनेकाले पनि ती धर्महरू ब्रह्म बाहेक अरूमा रहन सक्दैनन् ।

शाङ्करभाष्यम्

'स न साधुना कर्मणा भूयान् भवति, नो एवासाधुना कर्मणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कनीयानेष ह्येव साधु कर्म कारयति तं यमेभ्यो लोकेभ्य उन्निनीषते । एष उ एवासाधु कर्म कारयति तं यमेभ्यो लोकेभ्योऽधो निनीषते इति, एष लोकाधिपतिरेष, लोकेशः'(कौ० ३/८) इति च। सर्वमेतत्परस्मिन्ब्रह्मण्या-श्रीयमाणेऽनुगन्तुं शक्यते न मुख्ये प्राणे । तस्मात्प्राणो ब्रह्म।।२८।।

नेपालीभाषानुवाद

सः = त्यो, **साधुना कर्मणा** = राम्रो (पवित्र) कर्मले, **भूयान्** = ठूलो श्रेष्ठ, **न भवति** = हुँदैन, **असाधुना कर्मणा** = नराम्रो (अपवित्र) कर्मले, **कनीयान्** = निकृष्ट, **न भवति एव** = हुँदैन नै, **हि** = निश्चय, **एषः एव** = यो नै, **उ** = फेरि, **तं साधुकर्म कारयति** = त्यसलाई राम्रो कर्म गराउँछ, **यम्** = जसलाई, **एभ्यः लोकेभ्यः**= यी लोकभन्दा, **उन्निनीषते** = माथि लैजान खोज्दछ, **उ** = फेरि, **एषः एव**= यही नै, **तम्** = त्यसलाई, **असाधु कर्म कारयति** = नराम्रो काम गराउँछ, **यम्** = जसलाई, **एभ्यः लोकेभ्यः** = यी लोकभन्दा, **अधः निनीषते इति** = तल लैजान खोज्दछ भन्ने र, **एषः** = यो, **लोकेशः इति च** = लोकको ईश्वर हो भन्ने पनि, **एतत् सर्वम्**= यो सबैकुरा, **परस्मिन् ब्रह्मणि आश्रीयमाणे** = परब्रह्मलाई लिएमा नै, **अनुगन्तुम्**= मिल्न (मिलाउन), **शक्यते**= सकिन्छ, परन्तु; **मुख्ये प्राणे**= मुख्य प्राणलाई लिएमा, **न** = सकिंदैन, **तस्मात्** = त्यसकारणबाट, **प्राणः** = यहाँ प्राण भनेको, **ब्रह्म** = ब्रह्म हो ।

विशदीकरण

त्यो परमात्मा अथवा प्राणशब्दले भनिएको वस्तु 'न त राम्रो कर्म गरेर श्रेष्ठ हुन्छ न त नीच कर्म गरेर निकृष्ट हुन्छ, अर्थात् पुण्य र पाप दुवैबाट निर्लिप्त छ, यसले त्यसलाई राम्रो कर्म गराउँछ, जसलाई यी लोकभन्दा अझ माथि लैजान खोज्दछ र त्यसलाई यसले नराम्रो कर्म गराउँछ जसलाई यी लोकभन्दा तल लैजान खोज्दछ' इत्यादि भनिएको छ ।

'यो नै लोकाधिपति र लोकको ईश्वर हो' इत्यादि वचनलाई पनि प्राणशब्दले परब्रह्मलाई लिएमा मात्र मिल्न (मिलाउन) सकिन्छ । प्राण भनेर यहाँ मुख्य प्राणलाई लिएमा सकिंदैन, त्यसैले प्राण भनेको यहाँ परब्रह्म हो ।।२८।।

ब्रह्मसूत्रम् - न वक्तुरात्मोपदेशादिति चेदध्यात्मसम्बन्धभूमा ह्यस्मिन्

१/१/२९

सूत्रार्थ - **वक्तुः आत्मोपदेशात्** = वक्ताकै आत्माको उपदेश हुनाले, **न** = प्राण ब्रह्म होइन भन्ने, **इति चेत्** = यस्तो भन्छौ भने, **हि** = निश्चय, **अस्मिन्** = यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदेशमा, **अध्यात्मसम्बन्धभूमा**= अध्यात्मसम्बन्ध धेरै छ र प्राण ब्रह्म हो ।

शाङ्करभाष्यम्

यदुक्तं प्राणो ब्रह्मेति, तदाक्षिप्यते । न परं ब्रह्म प्राणशब्दम् । कस्मात् ? वक्तुरात्मोपदेशात् । वक्ता हीन्द्रो नाम कश्चिद् विग्रहवान् देवताविशेषः स्वमात्मानं प्रतर्दनायाचचक्षे– **'मामेव विजानीहि'** इत्युपक्रम्य **'प्राणोऽस्मि प्रज्ञात्मा'** इत्यहङ्कारवादेन । स एष वक्तुरात्मत्वेनोपदिश्यमानः प्राणः कथं ब्रह्म स्यात् ? नहि ब्रह्मणो वक्तृत्वं सम्भवति, **'अवागमनाः'**(बृ० ३/८/८) इत्यादिश्रुतिभ्यः। तथा– विग्रहसंबन्धिभिरेव ब्रह्मण्यसंभवद्भिर्धर्मैरात्मानं तुष्टाव – **'त्रिशीर्षाणं त्वाष्ट्रमहनमरुन्मुखान् यतीञ्शालावृकेभ्यः प्रायच्छम्'** इत्येवमादिभिः । प्राणत्वं चेन्द्रस्य बलवत्वादुपपद्यते । **'प्राणो वै बलम्'** इति हि विज्ञायते । बलस्य चेन्द्रो देवता प्रसिद्धा ।

नेपालीभाषानुवाद

प्राणः ब्रह्म इति यत् उक्तम् = प्राण ब्रह्म हो भनेर जुन भनियो, **तत्** = त्यसमा; **अक्षिप्यते** = शङ्कारूपमा आक्षेप लगाइन्छ कि, **परं ब्रह्म प्राणशब्दं न** = परब्रह्म यहाँ प्राणशब्द वाच्य होइन, **कस्मात्** = केबाट, **वक्तुः आत्मोपदेशात्** = वक्ताको आत्माको उपदेश हुनाले, **हि** = निश्चय, **वक्ता** = यहाँ उपदेश गर्ने वाला, **इन्द्रः नाम कश्चित् देवताविशेषः** = इन्द्र नाम गर्ने कुनै देवताविशेष हो र त्यसले, **स्वम् आत्मानम् प्रतर्दनाय आचचक्षे** = आफ्नो आत्मा नै प्रतर्दनलाई बतायो कि, **माम् एव विजानीहि इति उपक्रम्य** = मलाई नै जान भन्ने यो बाट सुरु गरेर, **प्रज्ञात्मा प्राणः अस्मि इति** = चैतन्यरूप प्राण हूँ भन्ने अहङ्कार वचनले, **सः एषः** = त्यो यो, **वक्तुः आत्मत्वेन उपदिश्यमानः** = वक्ताको आत्मरूपले गरिने, **प्राणः** = प्राण, **ब्रह्म कथं स्यात्** = ब्रह्म कसरी हुन सक्ला, **हि** = निश्चय, **ब्रह्मणः** = ब्रह्मको, **वक्तृत्वम्** = भन्ने बोल्ने कुरा, **न संभवति** = हुन सक्तैन किनकि, **अवाक् अमनाः**= बोली नभएको र मनरहित भन्ने, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुति भएबाट, **तथा** = त्यस्तै फेरि, **त्रिशीर्षाणम्** = तीन शिर भएको, **त्वाष्ट्रम्** = त्वष्ट्राको छोरा (विश्वरूप) लाई, **अहनम्** = मारें, **अरुन्मुखान् यतीन्** = वेदान्तबाट बहिर्मुख भएका संन्यासीहरूलाई, **शालावृकेभ्यः**= ब्वाँसा आदि पशुहरूका निमित्त, **प्रायच्छम्** = दिएँ भनेर, **इत्यादिभिः** = इत्यादि गरिएका, **ब्रह्मणि असंभवद्भिः** = ब्रह्ममा हुन नसक्ने, **विग्रहसम्बन्धिधर्मैः एव** = शरीरसम्बन्धी धर्मद्वारा, **आत्मानम्** = आफूलाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुष्टाव = प्रशंसा गरे, **प्राणत्वं च इन्द्रस्य** = इन्द्रको प्राण हुने कुरा पनि, **बलवत्त्वात् उपपद्यते** = बलवान् हुनाले सिद्ध हुन सक्दछ, **हि** = निश्चय, **प्राणः वै बलम्** = प्राण अवश्य बल हो भन्ने, **इति विज्ञायते** = यस्तो जानिन्छ, **बलस्य च** = बलको पनि, **इन्द्रः** = इन्द्र, **देवता प्रसिद्धा** = देवता हो भन्ने प्रसिद्ध छ ।

विशदीकरण

वक्ताले आफूलाई लक्ष्य गरेर बताएकोबाट प्राण ब्रह्म होइन भन्छौ भने त्यो भनाइ ठीक छैन । किनकि यहाँ अध्यात्म सम्बन्ध धेरै छ, यस्तो सूत्रार्थ हो ।

पहिले 'प्राण ब्रह्म हो' भनेर जुन भनियो त्यससम्बन्धमा शङ्का रूप आक्षेप गरिन्छ- यहाँको प्राणशब्द ब्रह्मवाची हुन सक्दैन, किनकि उपदेश गर्ने वक्ता इन्द्रले आफूलाई लक्ष्य गरेर प्राणशब्दले भनेका छन् । इन्द्र भन्ने कुनै शरीरधारी देवताले - 'मलाई नै जान' भन्ने बाट उठान गरेर 'म चैतन्यरूप प्राण हूँ' भनेर अहंकारपूर्वक आफ्नो स्वरूप नै प्रतर्दनलाई बताएकोबाट वक्ताको स्वरूप रूपले उपदेश गरिने प्राण ब्रह्म कसरी हुन सक्ला ? किनभने 'वचन र मनले रहित भएको' भन्ने श्रुति छ र ब्रह्मले बोल्ने कुरा पनि असम्भव छ ।

अर्को कुरा 'मैले तीनवटा शिर भएका विश्वरूपलाई मारें, वेदान्तबाट बहिर्मुख भएका संन्यासीहरूलाई ब्वाँसा (बरेंठ) आदि पशुका निमित्त दिएँ' भनेर शरीरसम्बन्धले रहने र ब्रह्ममा हुनै नसक्ने धर्मद्वारा उपदेश गर्ने व्यक्तिले आफ्नो प्रशंसा गरेको देखिन्छ । इन्द्रलाई प्राणशब्दले भन्न पनि मिल्ने नै हुन्छ, किनकि प्राण बल हो भन्ने जानिन्छ । प्राणको देवता इन्द्र हो भन्ने प्रसिद्ध नै छ र प्राण ब्रह्म नभएर इन्द्र नै हुनुपर्दछ ।

अवश्य पनि इन्द्र प्राण (बल) को देवता भएकोले प्राण भनेर इन्द्रलाई नै बुझ्नु पर्दछ किनकि प्राणलाई बल पनि भनिन्छ ।(पूर्वपक्ष) ।।२९।।

शाङ्करभाष्यम्

'या च काचिद् बलकृतिरिन्द्रकर्मैव तद्' इति वदन्ति । प्रज्ञात्मत्वमप्यप्रतिहतज्ञानत्वाद् देवतात्मनः संभवति । अप्रतिहतज्ञाना देवता इति हि वदन्ति । निश्चिते चैवं देवतात्मोपदेशे हिततमत्वादिवचनानि यथासंभवं तद् विषयाण्येव योजयितव्यानि । तस्माद् वक्तुरिन्द्रस्यात्मोपदेशान्न प्राणो ब्रह्म इत्याक्षिप्य प्रतिसमाधीयते -

नेपालीभाषानुवाद

या च काचित् बलकृतिः = जुन कुनै बलबाट हुने प्रयत्न छ, **तत्**= त्यो, **इन्द्रकर्म एव इति** = इन्द्र कै कर्म हो भन्ने कुरा, **हि** = निश्चय, **वदन्ति**= भन्दछन्, **प्रज्ञात्मत्वम् अपि** = चैतन्यरूप हुने कुरा पनि, **अप्रतिहतज्ञानत्वात्** = दोषमुक्त र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखण्डित ज्ञान हुनाले, **देवात्मनः** = देवस्वरूपको (इन्द्रको), **संभवति** = हुनसक्दछ, **हि** = निश्चय, **देवता** = देवता, **अप्रतिहतज्ञाना इति** = दोषमुक्त ज्ञान भएका हुन्छन् भन्ने, **वदन्ति** = भन्दछन्, **एवं देवातात्मोपदेशे निश्चिते** = यस प्रकार देवतात्मा कै आफूलाई लक्ष्य गरेको उपदेश भन्ने निश्चित भएमा, **हिततमत्वादिवचनानि** = अत्यन्त हित गर्ने, भन्ने कुराका वचनहरू; **यथासंभवम्** = मिल्ने सम्म, **तद् विषयाणि एव योजयितव्यानि** = इन्द्रपरक गरेर नै मिलाउनु पर्छ, **तस्मात्** = त्यसकारणबाट, **वक्तुः इन्द्रस्य आत्मोपदेशात्** = उपदेश गर्ने इन्द्रको आफूलाई लक्ष्य गरेर गरेको उपदेश हुनाले, **प्राणः न ब्रह्म इति** = प्राण ब्रह्म होइन भन्ने, **आक्षिप्य** = आक्षेप रूप शङ्का गरेर, **प्रतिसमाधीयते** = उत्तररूपमा समाधान गरिन्छ ।

विशदीकरण

जुनसुकै पनि बलको कामलाई इन्द्र कै कर्म भनेर पनि भन्दछन् । 'प्राण भनेको इन्द्र नै हो' यस सिद्धान्तलाई स्वीकार गरेको खण्डमा इन्द्र आदि देवताहरूको ज्ञान निर्दुष्ट र अखण्डित हुनाले इन्द्रको चैतन्यरूपता पनि सिद्ध हुन आउँछ । 'देवताहरू दोषमुक्त ज्ञानवाला हुन्छन्' भनेर पनि भन्दछन् । यस प्रकार सबै तहबाट इन्द्रले आफूलाई लक्ष्य गरेर गरेको उपदेश निश्चित भएपछि, अत्यन्त हित हुने वस्तु तर्फ पनि जहाँसम्म हुनसक्दछ, इन्द्रपरक अर्थ गरेर नै वाक्यार्थ मिलाउनु पर्दछ ।

सबै कारणबाट उपदेश गर्ने इन्द्रले आफूलाई लक्ष्य गरेर उपदेश गरेको हुनाले यहाँ प्राणशब्द ब्रह्मपरक हुँदैन भन्ने शङ्कारूप आक्षेप भएपछि उत्तररूपमा त्यसको समाधान गरिन्छ ।

शाङ्करभाष्यम्

'अध्यात्मसम्बन्धभूमा ह्यस्मिन्' इति । अध्यात्मसम्बन्धः प्रत्यगात्मसम्बन्धस्तस्य भूमा बाहुल्यमस्मिन्नध्याय उपलभ्यते । **'यावद्ध्यस्मिन् शरीरे प्राणो वसतिं तावदायुः'** इति प्राणस्यैव प्रज्ञात्मनः प्रत्यग्भूतस्यायुष्प्रदानोपसंहारयोः स्वातन्त्र्यं दर्शयति । न देवताविशेषस्य पराचीनस्य । तथास्तित्वे च प्राणानां निःश्रेयसमित्यध्यात्ममेवेन्द्रियाश्रयं प्राणं दर्शयति । तथा- **'प्राण एव प्रज्ञात्मेदं शरीरं परिगृह्योत्थापयति'** (कौ० ३/३) इति । **'न वाचं विजिज्ञासीत वक्तारं विद्यात्'** इति चोपक्रम्य तद्यथा **'रथस्यारेषु नेमिरर्पिता नाभावरा अर्पिताः। एवमेवैता भूतमात्राः प्रज्ञामात्रास्वर्पिताः प्रज्ञामात्राः प्राणेऽर्पिताः । स एष एव प्रज्ञात्मानन्दोऽजरोऽमृतः'** इति । विषयेन्द्रियव्यवहारानभिभूतं प्रत्यगात्मानमेवोपसंहरति। **'स म आत्मेति विद्यात्'** इति चोपसंहारः । प्रत्यगात्मपरिग्रहे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधुर्न पराचीनपरिग्रहे । '**अयमात्मा ब्रह्म सर्वानुभूः**' (बृ. २/५/१९) इति च श्रुत्यन्तरम् । तस्मादध्यात्मसम्बन्धबाहुल्याद् ब्रह्मोपदेश एवायं न देवतात्मोपदेशः ।।२९।।

नेपालीभाषानुवाद

अध्यात्मसम्बन्धभूमा ह्यस्मिन् इति = अध्यात्मसम्बन्ध धेरै छ यसमा भनेर, **अध्यात्मसम्बन्धः प्रत्यगात्मसम्बन्धः** = अध्यात्मसम्बन्ध भनेको कूटस्थ आत्माको सम्बन्ध हो, **तस्य भूमा बाहुल्यम्** = त्यसको भूमा भनेको धेरै हुनु, **अस्मिन् अध्याये उपलभ्यते** = यो अध्यायमा पाइन्छ, **यावत् अस्मिन् शरीरे प्राणः वसति**= जबसम्म यो शरीरमा प्राण रहन्छ, **तावत् आयुः इति** = तबसम्म आयु छ भन्ने, **प्रज्ञात्मनः प्रत्यक्भूतस्य प्राणस्य एव** = चैतन्य र कूटस्थरूप प्राणको नै, **आयुष्प्रदानोपसंहारयोः** = आायु दिनु र संहार गर्नु यी दुवै कुरामा, **स्वातन्त्र्यं दर्शयति** = आफ्नो अधीन भएको देखाउँछ, परन्तु; **पराचीनस्य देवताविशेषस्य न** = पछि भएका देवताविशेषको होइन, **तथा** = त्यस्तै, **अस्तित्वे च** = उसको अस्तित्वमा पनि, **प्राणानाम्** = इन्द्रियहरूको, **निःश्रेयसम् इति** = कल्याण छ भन्ने, **अध्यात्मम् एव** = अध्यात्मरूपमा नै अथवा आत्मामा नै, **इन्द्रियाश्रयप्राणम्** = इन्द्रियको आश्रय भएको प्राणलाई, **दर्शयति** = देखाउँछ, **तथा** = त्यस्तै, **प्रज्ञात्मा प्राण एव**= चैतन्यरूप प्राण नै, **इदं शरीरं परिगृह्य** = यो शरीरलाई लिएर, **उत्थापयति इति** = उठाउँछ भनेर, **वाचं न विजिज्ञासीत** = बोलीलाई जान्न नखोजोस्, **वक्तारं विद्यात् इति च** = बोल्नेलाई जानोस् भन्ने पनि, **उपक्रम्य**= सुरु गरेर, **तत् यथा**= त्यो जस्तै, **रथस्य** = रथको, **अरेषु** = नेमि र नाभिको बीचका किलामा, **नेमिः अर्पिता**= नेमि आश्रित छ, **नाभौ अराः अर्पिताः** = नाभिमा ती किला आश्रित छन्, **एवम् एव एताः भूतमात्राः** = पाँच पृथ्वी आदि महाभूत र पाँच शब्द आदि गरी जम्मा दस, **प्रज्ञामात्रासु** = चित्को मात्रामा, **अर्पिताः** = आश्रित छन्, **प्रज्ञामात्राः** = चित्को मात्रा, **प्राणे अर्पिताः** = यो प्राणमा आश्रित छन् र, **स एषः प्राणः एव** = त्यो यो प्राण (कूटस्थ) नै, **प्रज्ञात्मा आनन्दः अजरः अमृतः** = चिद्रूप आनन्द अजर, अमर छ भन्ने, **इति** = यस भनाइले, **विषयेन्द्रियव्यवहारानभिभूतम्** = विषय र इन्द्रियको व्यवहारले लिप्त नभएको, **प्रत्यगात्मानम् एव** = कूटस्थ आत्मालाई नै, **उपसंहरति**= उपसंहार गरेर देखाउँछ, **सः मे आत्मा इति विद्यात् इति च** = त्यही मेरो आत्मा भनेर जानोस् भन्ने पनि, **उपसंहारः** = उपसंहारवाक्य, **प्रत्यगात्मपरिग्रहे साधुः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूटस्थलाई लिएमा ठीक छ, **पराचीनपरिग्रहे न** = पछि भएको कार्यरूप (इन्द्र) लाई लिएमा ठीक हुँदैन, **अयं सर्वानुभूः आत्मा ब्रह्म इति च** = यो सबैको अनुभव गर्ने आत्मा ब्रह्म हो भन्ने पनि, **श्रुत्यन्तरम्** = अर्को श्रुति छ, **तस्मात्** = त्यसकारणबाट, **अध्यात्मसम्बन्धबाहुल्यात्** = अध्यात्मसम्बन्ध धेरै हुनाले, **अयम्** = यो प्रतर्दनप्रति इन्द्रको उपदेश, **देवातात्मोपदेशः न** = देवतात्माको उपदेश होइन, किन्तु; **ब्रह्मोपदेशः एव** = ब्रह्मको उपदेश नै हो ।

विशदीकरण

यस अध्याय (इन्द्रप्रतर्दनाख्यायिका) मा अध्यात्मसम्बन्ध अर्थात् कूटस्थको सम्बन्धको धेरै चर्चा भएको छ । उक्त कूटस्थसम्बन्धी चर्चामा 'शरीरमा जबसम्म प्राण रहन्छ तबसम्म आयु छ' भनेर श्रुतिले चैतन्य र कूटस्थरूप प्राण नै आयु दिन र आयु नदिएर जीवको इहलीलालाई समाप्त गर्ने काममा समर्थ छ भन्ने कुरा देखाएको छ । उक्त श्रुतिले पछि भएका इन्द्र आदि देवताविशेषको आयु दिने र आयु हर्ने काममा सामर्थ्य देखाउँदैन ।

'कुनै पनि वक्ताको बोलीलाई जान्न नखोज किन्तु स्वयं वक्तालाई जान्न खोज' यस वाक्यबाट उठान गरेर जस्तै रथका नेमि र नाभिकाबीचका किलामा नेमि अडिएको हुन्छ, नाभिमा कीला अडिएका हुन्छन्, त्यस्तै पृथिवी आदि पाँच महाभूत र रूप, रस, गन्ध आदि तन्मात्राहरू प्रज्ञामात्रा प्राणमा आश्रित छन् । त्यो प्रज्ञामात्राको आश्रय प्राण (कूटस्थ) नै चित्स्वरूप, आनन्दमय, अजर र अमर छ भनेर प्रस्तुत गरिएको यो उपसंहारवाक्य पनि प्राणलाई कूटस्थ अर्थमा लिएमा समन्वित हुन्छ, इन्द्रको अर्थमा लिएमा समन्वित हुँदैन ।

सबैको अनुभव गर्ने आत्मा ब्रह्म हो भन्ने अर्को श्रुतिवाक्य रहेको छ । यसकारण यस अध्यायमा अध्यात्मसम्बन्धकै चर्चाको बाहुल्य हुनाले इन्द्रद्वारा प्रतर्दन प्रति गरिएको उपदेश प्राण भनेको इन्द्र हो भन्ने अर्थमा नरहेर प्राण भनेको परब्रह्म हो यस अर्थमा प्रयुक्त छ भन्नुपर्दछ ।

शाङ्करभाष्यम् - कथं तर्हि वक्तुरात्मोपदेशः ?

नेपालीभाषानुवाद - **तर्हि** = त्यसो भए, **वक्तुः** = इन्द्र को, **आत्मोपदेशः** = प्राण भनेको इन्द्र भन्ने उपदेश, **कथम्** = कसरी हुन आयो ?

ब्रह्मसूत्रम् - **शास्त्रदृष्ट्या तूपदेशो वामदेववत् १/१/३०**

सूत्रार्थ - **वामदेववत्** = वामदेव जस्तै, **शास्त्रदृष्ट्या** = **म परब्रह्म हूँ**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस शास्त्रदृष्टिबाट, **तु** = त, **उपदेशः** =वक्ता इन्द्रको **मामेव विजानीहि** (मलाई नै जान) यो उपदेश प्रतर्दनका प्रति उपयुक्त छ । यसकारण '**प्राणोऽस्मि**' वाक्यमा प्रयुक्त प्राणशब्द ब्रह्मपरक छ ।

शाङ्करभाष्यम्

इन्द्रो नाम देवतात्मानं स्वमात्मानं परमात्मत्वेनाहमेव परं ब्रह्म इत्यार्षेण दर्शनेन यथाशास्त्रं पश्यन्नुपदिशति स्म- '**मामेव विजानीहि**' इति । यथा- '**तद् ह्येतत् पश्यन्नृषिर्वामदेवः प्रतिपेदेऽहं मनुरभवं सूर्यश्च**' इति तद्वत् । '**तद्यो देवानां प्रत्यबुध्यत स एव तदभवत्**' (बृ. १/४/१०) इति श्रुतेः। यत्पुनरुक्तं '**मामेव विजानीहि**' इत्युक्त्वा विग्रहधर्मैरिन्द्र आत्मानं तुष्टाव त्वाष्ट्रवधादिभिरिति, तत्परिहर्तव्यम् । अत्रोच्यते - न त्वाष्ट्रवधादीनां विज्ञेयेन्द्रस्तुत्यर्थत्वेनोपन्यासः, यस्मादेवं कर्माहं तस्मान्मां विजानीहीति । कथं तर्हि ? विज्ञानस्तुत्यर्थत्वेन यत्कारणं त्वाष्ट्रवधादीनि साहसान्युपन्यस्य परेण विज्ञानस्तुतिमनुसंदधाति- '**तस्य मे तत्र लोम च न मीयते स यो मां वेद न ह वै तस्य केन च कर्मणा लोको मीयते**' इत्यादिना । एतदुक्तं भवति - यस्मादीदृशान्यापि क्रूराणि कर्माणि कृतवतो मम ब्रह्मभूतस्य लोमापि न हिंस्यते, स योऽन्योऽपि मां वेद न तस्य केनचिदपि कर्मणा लोको हिंस्यत इति । विज्ञेयं तु '**ब्रह्मैव प्राणोऽस्मि प्रज्ञात्मा**' इति वक्ष्यमाणम् । तस्माद् ब्रह्मवाक्यमेतत् ।।३०।।

नेपालीभाषानुवाद

इन्दः नामः = इन्द्र, **देवतात्मानम्** = देवतारूप, **स्वात्मानम्** = आफू (आफ्नो आत्मा) लाई, **परमात्मत्वेन** = परमात्मरूपले, **अहम् एव परं ब्रह्म** = म नै परब्रह्म हूँ भन्ने, **इति** = यस्तो, **आर्षेण दर्शनेन** = शास्त्रसम्बन्धी दृष्टिले, **यथाशास्त्रम्** = शास्त्रानुसार, **पश्यन्** = देख्दा (जान्दा), **माम् एव विजानीहि** = मलाई नै जान भन्ने, **इति** = यस रूपले, **उपदिशति स्म** = उपदेश गरे, **यथा** = जस्तै, **ह** = निश्चय, **तत् एतत्** = त्यो यो (ब्रह्मरूपता), **पश्यन्** = देख्दा (जान्दा); **वामदेवः ऋषिः** = वामदेव ऋषि, **अहम्** = म, **मनुः** = मनु र, **सूर्यः च** = सूर्य पनि, **अभवम्** = भएँ (हूँ) भन्ने, **इति** = यस्तो, **प्रतिपेदे** = जान्दा भए भन्ने, **तद्वत्** = त्यस्तै, **तत्** = त्यसकारण, **यः यः** = जुनजुन, **देवानाम्** = देवताहरूका मध्येमा, **प्रत्यबुध्यत** = जाग्यो (ज्ञानप्राप्त गऱ्यो), **सः एव** = त्यो नै, **तत् अभवत् इति** = ज्ञाता भयो, **तत् अभवत् इति** = त्यही (ब्रह्म) भयो भन्ने, **श्रुतेः** = श्रुति हुनाले, **पुनः** = फेरि, **माम्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एव विजानीहि इति उक्त्वा = मलाई नै जान भनेपछि, **इन्द्रः** = वक्ता इन्द्र, **आत्मानम्** = आफूलाई, **त्वाष्ट्रवधादिभिः** = विश्वरूपलाई मार्नु आदि, **विग्रहधर्मैः**= शरीरका धर्मद्वारा, **तुष्टाव इति** = प्रशंसा गरे भन्ने, **यत् उक्तम्** = जुन भनियो, **तत् परिहर्तव्यम्** = त्यसको खण्डन गर्नुपर्छ र, **अत्र उच्यते** = यहाँ भनिन्छ, **त्वाष्ट्रवधादीनाम्** = विश्वरूपलाई मार्नु आदि कामको, **विज्ञेयेन्द्रस्तुत्यर्थेत्वेन** = इन्द्रलाई ज्ञेय मानेर उनको प्रशंसानिमित्त, **उपन्यासः न** = उपन्यास गरेको (देखाएको) होइन, **यत् कारणम्** = किनकि, **त्वाष्ट्रवधादीनि साहसानि उपन्यस्य** = विश्वरूपलाई मार्नु आदि साहसका काम देखाएर, **परेण** = पल्लो वाक्यद्वारा, **विज्ञानस्तुतिम् अनुसन्दधाति** = त्यसलाई जान्नुको प्रशंसा गर्छ जस्तै, **तस्य मे**= त्यस्तो मेरो, **तत्र**= त्यहाँ व्यवहार स्थितिमा, **लोम च न मीयते** = रौं पनि झर्दैन, **सः यः** = त्यो जुन, **माम् वेद** = म (ब्रह्म) लाई जान्दछ, **ह वै** = प्रसिद्ध निश्चय, **तस्य च** = त्यसको पनि, **केन कर्मणा** = कुनै कामले, **लोकः न मीयते** = लोक खण्डित हुँदैन भन्ने, **इत्यादिना** = इत्यादि वाक्यद्वारा, **उक्तम् एतत् भवति** = भनाइ यो हुनआउँछ, **यस्मात्** = जसबाट, **ईदृशानि क्रूराणि कर्माणि अपि** = यस्ता कठोर कर्महरू पनि, **कृतवतः मम** = गर्ने भएका मेरो, **ब्रह्मभूतस्य** = ब्रह्म नै भएकोबाट, **लोम अपि न हिंस्यते** = रौं पनि झर्दैन, **सः यः अन्यः अपि** = त्यो जुन अरू कुनै पनि, **मां वेद** = म (ब्रह्म) लाई जान्दछ, **तस्य** = त्यस पुरुषको, **केनचित् अपि कर्मणा**= कुनै पनि कामले, **लोकः न हिंस्यत इति** = लोक खण्डित हुँदैन भन्ने, **विज्ञेयम् तु**= यहाँ जान्नु पर्ने भनिएको त, **प्राणः अस्मि प्रज्ञात्मा इति वक्ष्यमाणम्** = चैतन्यरूप प्राण हूँ भनेर बताइने, **ब्रह्म एव** = ब्रह्म नै हो, **तस्मात् एतत् ब्रह्मवाक्यम्** = त्यसकारणबाट यो ब्रह्मविषयक नै वाक्य हो ।

विशदीकरण

त्यसो भए वक्ता इन्द्रले आफूलाई लक्ष्य गरेर उपदेश कसरी गरे त ? भन्ने शङ्काको उत्तरमा सूत्रकार भन्नुहुन्छ - शास्त्रीय दृष्टिलाई लिएर वामदेव ऋषिको भनाइ जस्तै यो इन्द्रको उपदेश हो । देवरूप इन्द्रले आफूलाई परमात्मरूप हूँ भन्ने निश्चय गरेकाले त्यही आर्षदर्शनद्वारा मलाई नै जान भनेर भनेका हुन् । जस्तो वामदेव ऋषिले आफूलाई सर्वात्मरूपी भन्ने यथार्थ जानेका हुनाले त्यसै दृष्टिद्वारा म नै मनु भएँ र सूर्य पनि भनेर भनेका हुन् । हुन पनि, जसले त्यसलाई जान्यो, बुझ्यो, त्यो त्यही नै भयो इत्यादि श्रुति पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि त्यसो भए इन्द्रले आफूलाई विश्वरूप मार्नु आदि कुराद्वारा शरीरका धर्म (मार्नु, काट्नु) आदि अंगालेर आफ्नो प्रशंसा किन गरे? भन्ने शङ्का हुन्छ, तापनि त्यो ठीक छैन, किनकि विश्वरूप मार्ने आदि कामद्वारा इन्द्रलाई नै जान्ने भनेर उनको प्रशंसा उठाएको नभई यस्ता यस्ता कामगर्दा मेरो एउटा रौं पनि झर्दैन अर्थात् म कर्मबाट लिप्त हुन्न। यसरी 'जसले म (ब्रह्म) लाई जान्दछ त्यो पुरुष पनि कर्ममा लिप्त हुँदैन' इत्यादि पछिल्ला वाक्यको भनाइ हुनाले जान्नुपर्ने भनिएको विषय ब्रह्म नै हो ।।३०।।

ब्रह्मसूत्रम् - जीवमुख्यप्राणलिङ्गान्नेति चेन्नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात् १/१/३१

सूत्रार्थ - जीवमुख्यप्राणलिङ्गात् = जीव र मुख्य प्राणको पनि चिह्न हुनाले, **न इति चेत्** = प्राणशब्द ब्रह्मपरक होइन भनेर भन्छौ भने, **न** = त्यो हुँदैन किनकि, **उपासात्रैविध्यात्** = तीन किसिमका उपासना आइपर्ने र, **आश्रितत्वात्** = ब्रह्मको निशाना भएकाले प्राणशब्दको ब्रह्म परकत्व देखिने र, **इह** = यहाँ, **तद्योगात्** = अत्यन्त हित हुनु रूप ब्रह्मलिङ्गको योग हुनाले पनि ।

शाङ्करभाष्यम्

यद्यप्यध्यात्मसम्बन्धभूमदर्शनान्न पराचीनस्य देवतात्मन उपदेशः, तथापि न ब्रह्मवाक्यं भवितुमर्हति। कुतः ? जीवलिङ्गात्, मुख्यप्राणलिङ्गात् च। जीवस्य तावदस्मिन्वाक्ये विस्पष्टं लिङ्गमुपलभ्यते, **'न वाचं विजिज्ञासीत वक्तारं विद्यात्'** इत्यादि। अत्र हि वागादिकरणैर्व्यापृतस्य कार्यकरणाध्यक्षस्य जीवस्य विज्ञेयत्वमभिधीयते। तथा मुख्यप्राणलिङ्गमपि– **'अथ खलु प्राण एव प्रज्ञात्मेदं शरीरं परिगृह्योत्थापयति'** इति । शरीरधारणं च मुख्यप्राणस्य धर्मः, प्राणसंवादे वागादीन्प्राणान्प्रकृत्य– **'तान्वरिष्ठः प्राण उवाच मा मोहमापद्यथाऽहमेवैतेत्पञ्चधात्मानं प्रविभज्यैतद्बाणमवष्टभ्य विधारयामि'** (प्र० २/३) इति श्रवणात्। ये तु **'इमं शरीरं परिगृह्य'** इति पठन्ति **'तेषामिमं जीवमिन्द्रियग्रामं वा परिगृह्य शरीरमुत्थापयति'** इति व्याख्येयम् । प्रज्ञात्मत्वमपि जीवस्य तावत् चेतनत्वादुपपन्नम्। मुख्येऽपि प्राणे प्रज्ञासाधनप्राणान्तराश्रयणादुपपन्नमेव ।

नेपालीभाषानुवाद

यदि अपि = हुन त, **अध्यात्मभूमदर्शनात्** = कूटस्थसम्बन्ध धेरै हुनाले, **पराचीनस्य देवतात्मनः** = कार्यरूप पछिल्ला देवरूपको, **न उपदेशः** = उपदेश होइन, **तथापि** = तापनि, **ब्रह्मवाक्यं भवितुं न अर्हति** = ब्रह्मलाई लक्ष्य गर्ने वाक्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त यो नहुनु पर्दछ, **कुतः** = के बाट, **जीवलिङ्गात् मुख्यप्राणलिङ्गात् च** = जीवको चिह्न र मुख्यप्राणको चिह्न हुनाले पनि, **तावत्** = पहिले, **जीवस्य** = जीवको **अस्मिन् वाक्ये** = यस वाक्यमा, **विस्पष्टं लिङ्गम् उपलभ्यते** = विशेष स्पष्टचिह्न पाइन्छ, के त, **न वाचं विजिज्ञासीत वक्तारं विद्यात्** = वचनलाई जान्न नखोजोस बोल्नेलाई जानोस् भन्ने, **इत्यादि** = इत्यादि, **वाक् आदिभिः करणैः** = वचन आदि इन्द्रियहरूले, **व्यापृतस्य** = व्यवहारमा संपृक्त र वास्तवमा अलग, **कार्यकरणाध्यक्षस्य** = कार्य र करणको अध्यक्ष भएका, **जीवस्य** = जीवको, **हि** = निश्चय **अत्र** = यहाँ, **विज्ञेयत्वम्** = जान्नुपर्ने हुनु, **अभिधीयते** = बताइन्छ, **तथा** = त्यस्तै, **अथ** = अनि, **खलु** = निश्चय, **प्रज्ञात्मा प्राणः एव** = चैतन्य रूप प्राण नै, **इदं शरीरम्** = यो शरीरलाई, **परिगृह्य** = लिएर, **उत्थापयति इति** = उठाउँछ भन्ने, **मुख्यप्राणलिङ्गम् अपि** = मुख्यप्राणको चिह्न पनि छ, **शरीरधारणं च** = शरीर लिने कुरा पनि, **मुख्यप्राणस्य धर्मः** = मुख्यप्राणको धर्म हो किनभने, **प्राणसंवादे**= प्राणसँगको संवादमा, **वाक् आदीन् प्राणान्** = वाक् आदि प्राण (इन्द्रिय) बाट सुरु गरेर, **तान्** = ती इन्द्रियहरूलाई, **वरिष्ठः प्राणः उवाच** = श्रेष्ठ प्राणले भन्यो, **मोहम् मा आपद्यथा** = मोहमा प्राप्त नहोउँ, **अहम् एव एतत्** = म नै यो, **आत्मानम्** = आफूलाई, **पञ्चधा विभज्य** = प्राण, अपान आदि पाँचप्रकारको विभाग गरेर, **एतत् वाणम् (वानम्)**= यो शरीरलाई, **अवष्टभ्य** = आश्रय गरेर, **विधारयामि** = धारण गर्छु भन्ने, **इति श्रवणात्** = यस्तो सुनिएकोले, **ये तु** = जुन त, **इमं शरीरं परिगृह्य इति** = पुंल्लिङ्गद्वारा यो शरीरलाई लिएर भन्ने, **पठन्ति** = पढ्छन् (अर्थ गर्छन्), **तेषाम्** = तिनीहरूको मतमा, **इमं जीवम् इन्द्रियग्रामं वा** = यो जीवलाई अथवा इन्द्रिय समूहलाई, **परिगृह्य** = लिएर, **शरीरम् उत्थापयति इति** = शरीरलाई उठाउँछ भनेर, **व्याख्येयम्** = अर्थ गर्नुपर्दछ, **तावत्** = एक त पहिले, **जीवस्य** = जीवको, **चेतनत्वात्** = चेतन हुनाले, **प्रज्ञात्मत्वम् अपि** = चैतन्यरूप हुने कुरा पनि, **उपपन्नम्**= सिद्ध छ, **मुख्ये प्राणे अपि** = मुख्य प्राणमा पनि, **प्रज्ञासाधनप्राणान्तराश्रयणात्**= प्रज्ञाको साधनरूप अरू प्राण (इन्द्रिय) को आश्रय गर्नाले, **उपपन्नम् एव** = प्रज्ञात्मा हुनु सिद्ध नै छ ।

विशदीकरण

प्राण ब्रह्मपरक होइन भन्ने अडानलाई कायम राख्दै पूर्वपक्षीद्वारा पुनः शङ्का गरिन्छ- यद्यपि यस प्रकरणमा अध्यात्म (कूटस्थ) सम्बन्ध बारे धेरै चर्चा भएको छ । यहाँ कार्यरूप इन्द्र आदि देवताको सम्बन्ध नभएकाले त्यो उपदेश इन्द्रपरक होइन तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मपरक पनि हुन सक्दैन । यसको मुख्यकारण के हो भने उक्त उपदेश अन्तर्गतका वाक्यहरूमा जीवपरक अर्थ लाग्ने केही लक्षण छन् र मुख्य प्राणपरक अर्थ लाग्ने लक्षण पनि छन् ।

उदाहरणार्थ- **'न वाचं विजिज्ञासीत वक्तारं विद्यात्'** यस वाक्यमा प्रयुक्त वक्ताशब्दले वाक् आदि इन्द्रियले सहित भएको कार्य र कारणको अध्यक्ष जीवलाई सङ्केत गर्दछ । यसरी श्रुतिद्वारा सङ्केत गरिएपछि जीव पनि जान्नुपर्ने र मनन गर्नुपर्ने विषय हुन आउँछ । त्यस्तै **'अथ खलु प्राण एव प्रज्ञात्मेदं शरीरं परिगृह्योत्थापयति'** भन्ने वाक्यले चैतन्यरूप प्राणले नै यो शरीरलाई सक्रिय तुल्याउँछ भन्ने अर्थ दिएकाले मुख्य प्राणलाई पनि सङ्केत गर्दछ । वास्तवमा शरीरधारण गर्नु मुख्य प्राणको धर्म नै हो ।

उक्त प्रकरण अन्तर्गतको प्राणसंवादमा प्राणले इन्द्रियहरूलाई 'तिमीहरू अन्योलमा पर्नु हुँदैन मैले नै आफूलाई प्राण, अपान, समान, उदान र व्यान गरी ५ रूपमा विभक्त गरेर यस शरीरको धारण गर्दछु' भनेर भनेको छ । यसबाट पनि प्राणको लक्षण देखिन्छ ।

पुनश्च **'अथ खलु०'** इत्यादि वाक्यमा **'इदं शरीरम्'** को सट्टा पुंल्लिङ्ग प्रयोग गरी **'इमं शरीरम्'** पढ्नेहरूले जीव र इन्द्रिय समूहलाई लिएर प्राणले शरीरलाई सक्रिय तुल्याउँछ भन्ने अर्थ गर्नु पर्दछ । एतावता, जीव चेतन हुनाले चैतन्यरूप हुने कुरा स्वतः सिद्ध छ र मुख्य प्राणमा पनि अरू इन्द्रियको आश्रय गर्नाले प्रज्ञात्मता (चैतन्यता) सिद्ध नै छ ।

शाङ्करभाष्यम्

जीवमुख्यप्राणपरिग्रहे च प्राणप्रज्ञात्मनोः सहवृत्तित्वेनाभेदनिर्देशः स्वरूपेण च भेदनिर्देश इत्युभयथा निर्देश उपपद्यते – **'यो वै प्राणः सा प्रज्ञा या वै प्रज्ञा स प्राणः सह ह्येतावस्मिञ्शरीरे वसतः सहोत्क्रामतः'** इति । ब्रह्मपरिग्रहे तु किं कस्माद् भिद्येत? तस्मादिह जीवमुख्यप्राणयोरन्यतर उभौ वा प्रतीयेयातां न ब्रह्मेति चेत् – नैतदेवम्, उपासात्रैविध्यात् । एवं सति त्रिविधमुपासनं प्रसज्येत- जीवोपासनम्, मुख्यप्राणोपासनम्, ब्रह्मोपासनञ्चेति । न चैतदेकस्मिन्वाक्येऽभ्यु-पगन्तुं युक्तम् । उपक्रमोपसंहाराभ्यां हि वाक्यैकत्वमवगम्यते । **'मामेव विजानीहि'** इत्युपक्रम्य **'प्राणोऽस्मि प्रज्ञात्मा तं मामायुरमृतमित्युपास्स्व'** इत्युक्त्वा, अन्ते **'स एष प्राण एव प्रज्ञात्माऽऽनन्दोऽजरोऽमृतः'** इत्येकरूपावुपक्रमोपसंहारौ दृश्येते । तत्रार्थैकत्वं युक्तमाश्रयितुम्। न च ब्रह्मलिङ्गमन्यपरत्वेन परिणेतुं शक्यम्। दशानां भूतमात्राणां प्रज्ञामात्राणाञ्च ब्रह्मणोऽन्यत्रार्पणानुपपत्तेः । आश्रितत्वाच्चान्य-त्रापि ब्रह्मलिङ्गवशात् प्राणशब्दस्य ब्रह्मणि वृत्तेः । इहापि च हिततमोपन्यासादिब्रह्म-लिङ्गयोगाद् ब्रह्मोपदेश एवायमिति गम्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

जीवमुख्यप्राणपरिग्रहे च = जीव र मुख्यप्राणलाई लिएमा पनि, **प्राण-प्रज्ञात्मनोः** = प्राण र प्रज्ञात्माको, **सहवृत्तित्वेन** = सँगै रहने हुनाले, **अभेदनिर्देशः**= अभेद देखाउनु र, **स्वरूपतः भेदनिर्देशः इति** = स्वरूपबाट भेद देखाउनु भन्ने पनि, **उभयथा निर्देशः उपपद्यते** = दुवै रूपमा देखाउनु ठीक हुन्छ जस्तै, **वै** = निश्चय, **यः प्राणः सा प्रज्ञा** = जुन प्राण हो, त्यही प्रज्ञा हो, **वै** = निश्चय, **या प्रज्ञा सः प्राणः**= जुन प्रज्ञा हो त्यही प्राण हो, **हि** = निश्चय, **एतौ** = यी दुई प्रज्ञा र प्राण, **सह**= साथै, **अस्मिन् शरीरे** = यो शरीरमा, **वसतः** = बस्दछन्, **सह उत्क्रामतः इति** = साथै निस्कन्छन् भन्ने, **ब्रह्मपरिग्रहे तु** = ब्रह्मलाई लिएमा त, **कस्मात् किं भिद्येत** = ब्रह्म एउटै हुनाले कसबाट के भिन्न होला, **तस्मात् इह** = त्यसकारणबाट यहाँ, **जीवमुख्यप्राणयोः** = जीव र मुख्य प्राणमा, **अन्यतरः** = कुनै एक र, **वा**= अथवा, **उभौ** = दुवै नै, **प्रतीयेयाताम्** = प्रतीत हुन सक्लान्, **न ब्रह्म इति चेत्** = ब्रह्म प्रतीत हुन सक्दैन, भन्छौ भने, **न एतत् एवम्** = यो विषय यस्तो होइन किनभने, **उपासात्रैविध्यात्** = उपासना तीनप्रकारको हुन आउने हुनाले, **एवं सति त्रिविधम् उपासनं प्रसज्येत** = यस्तो भएमा तीन प्रकारका उपासना आइपर्लान्, के त, **जीवोपासनं मुख्यप्राणोपासनं ब्रह्मोपासनं च इति** = जीवको उपासना, मुख्य प्राणको उपासना र ब्रह्मको उपासना भन्ने पनि, **च**= फेरि, **एकस्मिन् वाक्ये**= एउटै वाक्यमा, **एतत्**= यो (एउटै वाक्यमा तीन उपासना हुने कुरा), **अभ्युपगन्तुम्** = मात्र, **न युक्तम्** = ठीक छैन, **हि** = निश्चय, **उपक्रमोपसंहाराभ्याम्** = उपक्रम (सुरु) र उपसंहार (पछिल्लो) बाट, **वाक्यैकत्वम् अवगम्यते** = वाक्यको एकता जानिन्छ जस्तो कि, **माम् एव विजानीहि इति उपक्रम्य** = 'मलाई नै जान' भन्ने यसबाट उठाएर, **प्रज्ञात्मा प्राणः अस्मि तं माम् आयुः अमृतम् इति उपास्स्व** = 'प्राणत्मा प्राण हूँ, त्यस्तो मलाई आयु र अमृत हो भनेर उपासना गर' भन्ने, **इति उक्त्वा** = यसो भनेर, **अन्ते** = आखिरमा, **सः एषः प्राणः एव प्रज्ञात्मा, आनन्दः, अजरः अमृतः इति** = त्यो यो प्राण नै प्रज्ञात्मा, आनन्द, अजर तथा अमृत हो भन्ने, **एकरूपौ उपक्रमोपसंहारौ**= एकै रूपका उपक्रम र उपसंहार, **दृश्येते** = देखिन्छन्, **तत्र** = त्यहाँ, वाक्यैकत्व देखिएमा, **अर्थैकत्वम् आश्रयितुं युक्तम्** = अर्थको पनि एकत्व लिनु ठीक छ, **ब्रह्मलिङ्गम्** = ब्रह्मको चिह्नलाई, **अन्यपरत्वेन** = कुनै अर्को परक गरेर (भनेर), **परिणेतुम्** = लिन (अर्थ गर्न), **न शक्यञ्च** = सकिन्न पनि किनकि, **दशानाम् भूतमात्राणाम्** = पञ्चभूत र उनका मात्रा समेत दस को र, **प्रज्ञामात्राणाम् च**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँच ज्ञानेन्द्रिय र उनका पाँच ज्ञान समेत दस प्रज्ञामात्राको पनि, **ब्रह्मणः अन्यत्र** = ब्रह्म बाहेक अन्त, **अर्पणानुपपत्तेः** = अर्पित हुन नसक्ने हुनाले, **अन्यत्र अपि** = यो बाहेक अन्त 'अतएव प्राण' इत्यादिमा पनि, **आश्रितत्वात् अर्थात् ब्रह्मलिङ्गवशात्**= आश्रित अर्थात् ब्रह्म चिह्नको वशले, **प्राणशब्दस्य** = प्राणशब्दको, **ब्रह्मणि वृत्तेः च** = ब्रह्म भन्ने अर्थमा रहने हुनाले पनि, **इह अपि च** = यहाँ पनि फेरि, **हिततमोपन्यासादिब्रह्मलिङ्गवशात्** = अत्यन्त हित, भनेर बताउनु रूप ब्रह्मलिङ्गको वशले, **अयम् ब्रह्मोपदेशः एव इति गम्यते** = यो ब्रह्मलाई लक्ष्य गरेर नै उपदेश गरेको हो भन्ने जानिन्छ ।

विशदीकरण

'जीव र मुख्य प्राणलाई लिएमा पनि जुन प्राण हो, त्यही नै प्रज्ञा र जुन प्रज्ञा हो, त्यही नै प्राण हो र यी दुवै यो शरीरमा सँगै बस्छन् (पस्छन्), सँगै निस्कन्छन्' भन्ने भनाइअनुसार सँगै रहने हुनाले अभेदरूपले र आफ्नो स्वरूपबाट भेदरूप समेत बताउनु दुवै रूपबाट ठीक पनि देखिन्छ । ब्रह्मलाई लिने हो भने त भेद देखाउन कसको कसबाट मिल्ला र ?, त्यसकारण यहाँ प्राणशब्दबाट प्राण र प्रज्ञामा कुनै एक वा दुवैको बोध हुन ठीक छ, परन्तु ब्रह्मको हुन सक्दैन भन्ने पूर्वपक्षीको भनाइ छ ।

त्यसको उत्तर दिंदै सिद्धान्तपक्षी आफ्नो मत प्रस्तुत गर्दछ – त्यो हुन सक्दैन, किनभने त्यस्तो अर्थ गरेमा एउटै वाक्यमा जीव, प्राण, ब्रह्म यी तीनवटाको उपासना आइपर्ने हुन्छ । वास्तवमा एक वाक्यमा यस्तो अर्थ लिन (मात्र) सकिंदैन । यहाँ उपक्रम र उपसंहारबाट एक वाक्यत्व बुझिन्छ । जस्तो कि '**मलाई नै जान**' भन्ने यसबाट उठान गरेर '**म प्रज्ञात्मा प्राण हूँ र त्यस्तो मलाई आयु र अमृत भनेर उपासना गर**' भन्ने एकै रूपका उपक्रम र उपसंहार वाक्यहरू देखिन्छन् ।

वाक्य एकभएपछि अर्थमा पनि एकत्व नै लिनुपर्दछ । खास गरेर ब्रह्मलिङ्ग देखिएकोमा अर्को वस्तुलाई बताउने भनेर अर्थ गर्नु (लिनु) ठीक हुँदैन । फेरि पञ्चभूत उनका पाँच मात्रा समेत दश र पाँच ज्ञानेन्द्रिय पाँच उनका ज्ञान समेत दश प्रज्ञा मात्राको ब्रह्मबाहेक अन्यत्र अर्पण हुन पनि सक्दैन । यहाँ अत्यन्त हित वस्तु भन्ने ब्रह्मलिङ्गको योग हुनाले यो भनाइ ब्रह्मको बारेमा नै हो । अतएव ब्रह्मलिङ्गबाट प्राण शब्दको ब्रह्म अर्थ भएको पनि हुनाले प्राणमा रहेको अर्थ ब्रह्मपरक नै छ ।

शाङ्करभाष्यम्

यत्तु मुख्यप्राणलिङ्गं दर्शितम् – '**इदं शरीरं परिगृह्योत्थापयति**' इति तदसत्, प्राणव्यापारस्यापि परमात्मायत्तत्वात्परमात्मन्युपचरितुं शक्यत्वात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न प्राणेन नापानेन मर्त्यो जीवति कश्चन ।

इतरेण तु जीवन्ति यस्मिन्नेतावुपाश्रितौ ।।(का. २/५/५) इति श्रुतेः।

यदपि **'न वाचं विजिज्ञासीत वक्तारं विद्यात्'** इत्यादि जीवलिङ्गं दर्शितम्, तदपि न ब्रह्मपक्षं निवारयति । न हि जीवो नामात्यन्तभिन्नो ब्रह्मणः, **'तत्त्वमसि, अहं ब्रह्मास्मि'** इत्यादिश्रुतिभ्यः । बुद्ध्याद्युपाधिकृतं तु विशेषमाश्रित्य ब्रह्मैव सञ्जीवः कर्ता भोक्तेत्युच्यते । तस्योपाधिकृतविशेषपरित्यागेन स्वरूपं ब्रह्म दर्शयितुं **'न वाचं विजिज्ञासीत वक्तारं विद्यात्'** इत्यादिना प्रत्यगात्माभिमुखीकरणार्थमुपदेशो न विरुद्ध्यते ।

यद्वाचानभ्युदितं येन वागभ्युद्यते ।

तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।। (के. १/४)

इत्यादि च श्रुत्यन्तरं वचनादिक्रियाव्यापृतस्यैवात्मनो ब्रह्मत्वं दर्शयति । यत्पुनरेतदुक्तम्- **'सह ह्येतावस्मिञ्शरीरे वसतः सहोत्क्रामतः'** इति प्राण-प्रज्ञात्मनोर्भेददर्शनं ब्रह्मवादे नोपपद्यत इति - नैष दोषः । ज्ञानक्रियाशक्तिद्वया-श्रययोर्बुद्धिप्राणयोः प्रत्यगात्मोपाधिभूतयोर्भेदनिर्देशोपपत्तेः, उपाधिद्वयोपहितस्य तु प्रत्यगात्मनः स्वरूपेणाभेद इत्यतः प्राण एव प्रज्ञात्मेत्येकीकरणमविरुद्धम्। अथवा- **'नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात्'** इत्यस्यायमन्योऽर्थः -

नेपालीभाषानुवाद

यत् तु = जुन त, **इदं शरीरं परिगृह्य उत्थापयति इति** = यो शरीरलाई आश्रय गरेर उठाउँछ भन्ने, **मुख्यप्राणलिङ्गं दर्शितम्**= मुख्यप्राणको चिह्न देखाइयो, **तत्** = त्यो कुरा, **असत्** = नहुने कुरा छ किनभने, **प्राणव्यापारस्य अपि** = प्राणका व्यापारको पनि, **परमात्मायत्तत्वात्** = कूटस्थ आत्माको अधीन हुनाले, **परमात्मनि**= परमात्मा (कूटस्थ) मा, **उपचरितुं शक्यत्वात्** = उपचरित हुन (भनिन) सकिने हुनाले, **कश्चन मर्त्यः** = कुनै मानिस (प्राणी), **न प्राणेन** = न प्राणले, **न अपानेन**= न त अपानले, **जीवति** = बाँच्दछ, **तु** = परन्तु, **इतरेण** = अर्कैले, **जीवन्ति** = (प्राणीहरू) बाँच्छन्, **यस्मिन्** = जसमा कि, **एतौ** = यी प्राण र अपान, **उपाश्रितौ इति** = आश्रित छन् भन्ने, **श्रुतेः** = श्रुति हुनाले, **यत् अपि** = जो पनि कि, **न वाचं विजिज्ञासीत वक्तारं विद्यात्** = वचनलाई जान्न नखोजोस् बोल्नेलाई जानोस् भन्ने, **इत्यादि** = इत्यादि, **जीवलिङ्गं दर्शितम्** = जीवको चिह्न देखाइयो, **तत् अपि** = त्यो पनि, **ब्रह्मपक्षं न निवारयति** = ब्रह्म लिने पक्षलाई हटाउन सक्दैन, **हि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय, **जीवः नाम** = जीव भन्ने, **ब्रह्मणः** = ब्रह्मदेखि, **अत्यन्तभिन्नः न** = अत्यन्त फरक छैन किनकि, **तत्त्वम् असि 'अहं ब्रह्म अस्मि'** = त्यो ईश्वर तिमी हौ, म ब्रह्म हूँ भन्ने; **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुति हुनाले, **बुद्ध्याद्युपाधिकृतं विशेषम् आश्रित्य तु** = बुद्धि आदि उपाधिबाट भएको विशेषतालाई लिएर त, **ब्रह्म एव सन् जीवः** = ब्रह्मस्वरूप नै छँदो जीव, **कर्ता भोक्ता च इति उच्यते** = कर्ता र भोक्ता भनेर भनिन्छ, **तस्य** = त्यो जीवको, **उपाधिकृतविशेषपरित्यागेन** = उपाधिद्वारा भएको विशेषतालाई छाडेर, **स्वरूपं ब्रह्म दर्शयितुम्** = आफ्नो स्वरूप भएको ब्रह्मलाई देखाउन, बताउन, **न वाचं विजिज्ञासीत वक्तारं विद्यात् इत्यादिना**= वचनलाई जान्न नखोजोस् बोल्नेलाई जानोस् भन्ने इत्यादिले, **प्रत्यगात्माभिमुखी-करणार्थम्** = कूटस्थ आत्मातर्फ फर्काउनु निमित्त, **उपदेशः** = उपदेश, **न विरुद्ध्यते**= नमिल्दो हुँदैन, **यत् वाचा अनभ्युदितम्** = जो वाणीद्वारा प्रकाशित छैन, **येन वाक् अभ्युद्यते** = जसद्वारा वाणी प्रकाशित हुन्छ, **तत् एव त्वं ब्रह्म विद्धि** = त्यसैलाई नै तिमी ब्रह्म जान, **यत् इदम् उपासते इदं न** = जसलाई उपासना गर्छन्, त्यो यो होइन भन्ने, **इत्यादिश्रुत्यन्तरं च** = इत्यादि अरू श्रुति पनि, **वचनादिक्रियाव्यापृतस्य एव आत्मनः** = बोल्नु आदि क्रियाले रहित नै आत्माको, **ब्रह्मत्वं दर्शयति** = ब्रह्मत्व देखाउँछ, **यत् पुनः** = जो फेरि, **हि** = निश्चय, **एतौ** = प्रज्ञा र प्राण, **अस्मिन् शरीरे** = यो शरीरमा, **सह वसतः सह उत्क्रामतः** = सँगै बस्छन् र सँगै निस्कन्छन् भन्ने, **इति** = यस्तो, **प्राणप्रज्ञात्मनोः** = प्राण र प्रज्ञात्माको, **भेददर्शनम्** = भेद देखाउने कुरा, **ब्रह्मवादे न उपपद्यते इति** = ब्रह्मलाई भनेमा मिल्दैन भन्ने, **एतत्** = यो कुरा, **उक्तम्** = भनियो, परन्तु; **न एषः दोषः** = यो दोष हुँदैन, किनकि; **ज्ञान-क्रियाशक्तिद्वयाश्रययोः** = ज्ञानशक्ति र क्रियाशक्ति दुवैको आश्रय गर्ने भएका, **प्रत्यगात्मोपाधिभूतयोः** = कूटस्थ आत्माको उपाधि भएका, **बुद्धिप्राणयोः** = प्रज्ञा र प्राणको, **भेदनिर्देशोपपत्तेः** = भेद देखाउने कुरा सिद्ध हुन सक्ने र, **उपाधि-द्वयोपहितस्य प्रत्यगात्मनः तु** = यी दुई उपाधिमा उपहित भएका प्रत्यगात्मा (कूटस्थ) को त, **स्वरूपेण अभेदः इति अतः** = स्वरूपैले अभेद छ भन्ने यसकारणबाट, **प्राणः एव प्रज्ञात्मा इति** = प्राण नै प्रज्ञात्मा हो भन्ने यसरूपले, **एकीकरणम् अविरुद्धम्** = एकीकरण गर्नु नमिल्दो छैन, **अथवा** = अथवा, **नोपासात्रैविध्या-दाश्रितत्वात् इह तत् योगात् इति अस्य** = यस सूत्रांशको, **अयम् अन्यः अर्थः** = यो अर्को अर्थ हुनसक्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

'यस शरीरलाई ग्रहण गरेर उठाउँछ' भन्ने वाक्यद्वारा प्राणको धर्म बताइयो । यस्तो अर्थ मिल्न आउँदैन किनकि प्राणको शरीरलाई उठाउने वा सक्रिय तुल्याउने जुन व्यापार हो त्यो परमात्माकै अधीनमा छ, त्यसकारण शरीरलाई सक्रिय तुल्याउने व्यापार प्राणको मात्र विशेष परिचायकलक्षण हुनसक्दैन । 'कुनै पनि प्राणी प्राण र अपानद्वारा मात्र जीवित रहन सक्दैन । सबै प्राणीहरू प्राण एवं अपानभन्दा पृथक् परमात्माको आधारमा जीवित हुन्छन्, किनकि ती प्राण र अपान पनि परमात्माकै सत्ताबाट सत्तावान् प्रतीत हुन्छन्' भन्ने श्रुतिवचन नै यसमा प्रमाण छ ।

'वाणीको खोजी नगर वक्तालाई जान' भन्ने वाक्यद्वारा जीवको विशेषता बताइयो । यस जीवधर्मको प्रतिपादनबाट पनि ब्रह्मपक्षको निवारण गर्न सकिंदैन, किनकि '**तत्त्वमसि, अहं ब्रह्मास्मि**' आदि श्रुतिवाक्यहरू द्वारा जीव र ब्रह्मको एकताको विधान गरिएको तथ्य छर्लङ्ग नै छ । वास्तवमा जीव ब्रह्मभन्दा अत्यन्त अलग पनि होइन र बुद्धि आदि उपाधिद्वारा भएको विशेषता मात्रले कर्ता र भोक्ता भनिएको हो । त्यो उपाधि भएको विशेषतालाई हटाएर आफ्नो स्वरूप भएको ब्रह्मलाई बताउन '**वाणीलाई जान्न नखोजोस् बोल्नेलाई जान**' भन्ने इत्यादिद्वारा कूटस्थ आत्मातर्फ मोड्नका लागि उपदेश गर्ने कुरा पनि प्रसिद्ध नै छ ।

'जो वाणीद्वारा प्रकाशित छैन, वाणी नै जसबाट प्रकाशित हुन्छ र जो उपासना गरिन्न त्यो नै ब्रह्म हो भनेर जान' इत्यादि श्रुतिले पनि बोल्नु आदि क्रियारहित आत्माको नै ब्रह्मत्व सिद्ध गर्दछन् । 'सँगै यो शरीरमा बस्छन्, सँगै निस्कन्छन् भनेर प्राण र प्रज्ञात्माको भेद देखाएकोबाट ब्रह्म भन्ने कुरा मिल्दैन' भन्ने शङ्कामा पनि दोष छैन । किनकि ज्ञान र क्रिया दुई शक्तिवाला र प्रत्यगात्मा (कूटस्थ) को उपाधि भएका प्रज्ञा र प्राणको भेद देखाउन (सुहाउन) ती दुईको उपहित कूटस्थको स्वरूपैले अभेद छ र प्राण नै प्रज्ञात्मा हो भनेर एकीकरण भएको छ । अथवा '**नोपासात्रैविध्यादाश्रित्वादिह तद्योगात्**' भन्ने सूत्रांशको यो अर्को अर्थ हुनसक्दछ ।

शाङ्करभाष्यम्

न ब्रह्मवाक्येऽपि जीवमुख्यप्राणलिङ्गं विरुध्यते । कथम् ? उपासात्रैविध्यात् । त्रिविधमिह ब्रह्मोपासनं विवक्षितम्– प्राणधर्मेण, प्रज्ञाधर्मेण, स्वधर्मेण च । तत्र '**आयुरमृतमुपास्स्वायुः प्राणः**' इति, '**इदं शरीरं परिगृह्योत्थापयति**' इति '**तस्मादेतदेवोक्थमुपासीत**' इति च प्राणधर्मः । '**अथ यथास्यै प्रज्ञायै सर्वाणि भूतान्येकीभवन्ति तद् व्याख्यास्यामः**' इत्युपक्रम्य '**वागेवास्या एकमङ्गमदूदुहत्तस्यै नाम परस्तात्प्रतिविहिता भूतमात्रा प्रज्ञया वाचं समारुह्य वाचा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वाणि नामान्याप्नोति' इत्यादि प्रज्ञाधर्मः । 'ता वा एता दशैव भूतमात्रा अधिप्रज्ञं दश प्रज्ञामात्रा अधिभूतम् । यद् हि भूतमात्रा न स्युर्न प्रज्ञामात्राः स्युः। यद्धि प्रज्ञामात्रा न स्युर्न भूतमात्राः स्युः । नह्यन्यतरतो रूपं किञ्चन सिद्ध्येत् । नो एतन्नाना । तद्यथा रथस्यारेषु नेमिरर्पिता नाभावरा अर्पिता एवमेवैता भूतमात्राः प्रज्ञामात्रास्वर्पिताः प्रज्ञामात्राः प्राणेऽर्पिताः । स एष प्राण एव प्रज्ञात्मा' इत्यादिर्ब्रह्मधर्म । तस्माद् ब्रह्मण एवैतदुपाधिद्वयधर्मेण स्वधर्मेण चैकमुपासनं त्रिविधं विवक्षितम् । अन्यत्रापि '**मनोमयः प्राणशरीरः**' (छा० ३/१४/२) इत्यादावुपाधिधर्मेण ब्रह्मण उपासनमाश्रितम् । इहापि तद्युज्यते, वाक्यस्योपक्रमोपसंहाराभ्यामेकार्थत्वावगमात्प्राणप्रज्ञाब्रह्मलिङ्गावगमाच्च । तस्माद् ब्रह्मवाक्यमेतदिति सिद्धम् ।।३१।।

इति श्रीमच्छारीरकमीमांसाभाष्ये श्रीशङ्करभगवत्पादकृतौ प्रथमाध्यायस्य प्रथमः पादः

नेपालीभाषानुवाद

ब्रह्मवाक्ये अपि = ब्रह्मपरक वाक्यमा पनि, **जीवमुख्यप्राणलिङ्गम्** = जीव र मुख्य प्राणको चिह्न हुनु, **न विरुध्यते** = नमिल्दो हुँदैन, **कथम्** = कसरी, **उपासात्रैविध्यात्** = उपासना तीन प्रकारको हुनाले, **इह त्रिविधं ब्रह्मोपासनं विवक्षितम्** = यहाँ तीन प्रकारको ब्रह्मोपासना बताउन खोजिएको छ, **प्राणधर्मेण प्रज्ञाधर्मेण स्वधर्मेण च** = प्राणधर्म, प्रज्ञाधर्म र ब्रह्मको आफ्नो धर्मद्वारा पनि, **तत्र** = त्यहाँ, **आयुः अमृतम् उपास्व आयुः प्राणः इति** = आयु र अमृत भनेर उपासना गर, आयु प्राण हो भन्ने र, **इदं शरीरं परिगृह्य उत्थापयति इति** = यो शरीरलाई आश्रय गरेर उठाउँछ, **तस्मात्** = त्यसकारणबाट, **एतत् उक्थम् एव** = यो उक्थ (प्राण) लाई, **उपासीत इति च**= उपासना गरोस् भन्ने पनि, **प्राणधर्मः** = प्राणको धर्म हो, **अथ**= अनि, **यथा** = जस्तै, **अस्मै प्रज्ञायै** = यो प्रज्ञालाई, **सर्वाणि भूतानि एकीभवन्ति** = सबै प्राणी एक हुन्छन्, **तत् व्याख्यास्यामः** = त्यो व्याख्या गर्छौं भन्ने, **इति उपक्रम्य** = यसबाट सुरु गरेर, **वाक् एव** = वाणी नै, **अस्याः** = यो प्रज्ञाको, **एकम् अङ्गम्** = एउटा अङ्गलाई, **अदूदुहत्** = पूरा गऱ्यो, **तस्यै नाम** = त्यसको निमित्त, **भूतमात्रा** = भूतमात्रा (शब्दादि), **प्रतिविहिता** = पूरकरूपमा विधान गरिए, **प्रज्ञया वाचं समारुह्य** = प्रज्ञाद्वारा वाणीमा आरूढ भएर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाचा सर्वाणि नामनि आप्नोति = वाणीद्वारा सबैनाम प्राप्त गर्दछ भन्ने, **इत्यादिः प्रज्ञाधर्मः** = इत्यादि प्रज्ञाको धर्म हो, **ता वा एता दशैव भूतमात्रा** = अथवा ती यी दशैवटा भूतमात्रा (शब्दादि), **अधिप्रज्ञम्** = अध्यात्म हो, **दश प्रज्ञामात्रा अधिभूतम्**= ज्ञानेन्द्रिय र उनका ज्ञान दश अधिभूत हो, **हि यत् भूतमात्राः न स्युः** = निश्चय जो भूतमात्रा न होउन त, **प्रज्ञामात्राः न स्युः** = प्रज्ञामात्रा हुने छैनन्, **यत् हि प्रज्ञामात्रा न स्युः** = जुन निश्चय प्रज्ञामात्रा नहोउन् त, **भूतमात्राः न स्युः** = भूतमात्रा हुनेछैन, **हि** = निश्चय, **अन्यतरतः** = अर्को एकबाट, **किञ्चनरूपं न सिद्ध्येत्** = केही रूप सिद्ध हुन सक्नेछैन, **एतत् नाना न** = यो अनेक पनि हुने छैन, **तत् यथा** = त्यो जस्तै, **रथस्य अरेषु**= रथका नेमि र नाभिको बीचका किलामा, **नेमिः अर्पिताः** = नेमि (चक्रको उपान्त) अर्पित छ, **नाभौ अराः अर्पिताः** = नाभिमा अरहरू अर्पित छन्, **एवम् एव एताः भूतमात्राः** = यस्तै नै यी भूतमात्राहरू, **प्रज्ञामात्रासु अर्पिताः**= प्रज्ञामात्रामा अर्पित छन्, **प्रज्ञामात्राः प्राणे अर्पिताः**= प्रज्ञामात्रा प्राणमा अर्पित छन्, **स एषः प्राण एव प्रज्ञात्मा** = त्यही यो प्राण नै प्रज्ञात्मा हो भन्ने, **इत्यादिः ब्रह्मधर्मः**= ब्रह्म धर्म हो, **तस्मात्** = त्यसकारणबाट, **ब्रह्मणः एव एतत्** = ब्रह्मको नै यो, **उपाधिद्वयधर्मेण** = दुई उपाधिको धर्मद्वारा र, **स्वधर्मेण च एकम् उपासनम्** = आफ्नो(ब्रह्मको) धर्मद्वारा एक उपासना समेत, **त्रिविधम्**= तीन प्रकारको, **विवक्षितम्**= बताइएको, बताउन खोजिएको छ, **अन्यत्र अपि** = अन्त, अरूमा पनि, **मनोमयः प्राणशरीरः** = मनोमय र प्राण नै शरीर भएको भन्ने, **इत्यादौ** = इत्यादिमा, **उपाधिधर्मेण ब्रह्मणः उपासनम् आश्रितम्** = उपाधिको धर्मद्वारा ब्रह्मको उपासन आश्रय गरिएको छ, **इह अपि** = यहाँ पनि, **वाक्यस्य उपक्रमोपसंहाराभ्याम्** = वाक्यको उपक्रम र उपसंहारबाट, **एकार्थत्वावगमात्** = प्राण र प्रज्ञा ब्रह्मको लिङ्ग बुझिनाले पनि, **तत्** = त्यो तीन प्रकारका धर्मद्वारा हुने उपासन, **युज्यते** = ठीक हुन्छ, **तस्मात् एतत् ब्रह्म वाक्यम् इति सिद्धम्** = त्यसकारणबाट यो ब्रह्म वाक्य हो भन्ने कुरा सिद्ध छ ।

विशदीकरण

ब्रह्मपरक वाक्य भए पनि, यहाँ जीव र मुख्य प्राणको लिङ्ग हुने कुरामा विरोध छैन, किनकि यहाँ प्राण, प्रज्ञा र ब्रह्मको आफ्नो धर्मद्वारा तीनप्रकारको उपासना बताउन खोजिएको छ । त्यसमध्ये 'आयु र प्राण भनेर उपासना गर, आयु प्राण हो, यो शरीरलाई आश्रय गरेर उठाउँछ, त्यसकारण यो प्राणको उपासना गर' भन्ने प्राणको धर्म हो ।

यो प्रज्ञामा सबै प्राणी एकीकृत हुन्छन् । वाणीबाट नै प्रज्ञाको एकअङ्ग पूरा हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रज्ञाद्वारा वचनमा आरूढ भएर सबै नाम प्राप्त गर्छ भन्ने प्रज्ञाको धर्म र नेमि र नाभिको दृष्टान्तपूर्वक सबै भूतमात्रा प्रज्ञामात्रामा, सबै प्रज्ञामात्रा प्राणमा अर्पित छन् । ब्रह्म धर्म हुनाले त्यो यो प्राण प्रज्ञात्मा हो । यी पूर्वोक्त तीन (दुई उपाधिका र ब्रह्मको आफ्नो १ समेत गरी) धर्मद्वारा ब्रह्मको तीनप्रकारको उपासना यहाँ बताइएको छ ।

अन्यत्र पनि मनोमय र प्राणशरीर भएको भनेर उपाधिधर्मद्वारा ब्रह्मको उपासना बताइएको छ । यहाँ पनि पूर्वापर वाक्यबाट एकैरूपको अर्थ भएको र जीव र प्राणको चिह्न (लिङ्ग) समेत देखिएकोबाट पूर्वोक्त प्रकारको धर्म त्रयात्मक ब्रह्मको उपासना उपयुक्त नै हुन आउँछ र यो वाक्य ब्रह्मपरक हो भन्ने कुरा सिद्ध हुन्छ ।।३१।।

इतिप्रतर्दनाधिकरणम् ।

इति पण्डितप्रवरश्रीमीनप्रसादनेपालवेदान्ताचार्यदर्शनशिरोमणिकृतब्रह्मसूत्र-शाङ्करभाष्यानुवादे प्रथमाध्यायस्य प्रथमः पादः समाप्तः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः
{नेपालीभाषानुवादसहितः}

द्वितीयपादः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

शङ्करं शङ्कराचार्यं केशवं बादरायणम् ।
सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ।।

अर्थ- साक्षात् नारायणावतार ब्रह्मसूत्रका रचयिता भगवान् बादरायण (वेदव्यास) लाई र साक्षात् शङ्करावतार ब्रह्मसूत्रका भाष्यकार भगवान् आद्यशङ्कराचार्यलाई म बारम्बार प्रणाम गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमाध्याये द्वितीयः पादः

(अत्रास्पष्टब्रह्मलिङ्गयुक्तवाक्यानामुपास्यब्रह्मविषयाणां विचारः)

१. सर्वत्र प्रसिद्ध्यधिकरणम् {सू. १ - ८}

शाङ्करभाष्यम्

प्रथमे पादे **'जन्माद्यस्य यतः'** इत्याकाशादेः समस्तस्य जगतो जन्मादिकारणं ब्रह्मेत्युक्तम् । तस्य समस्तजगत्कारणस्य ब्रह्मणो व्यापित्वम्, नित्यत्वम्, सर्वज्ञत्वम्, सर्वशक्तिमत्त्वम्, सर्वात्मत्वमित्येवञ्जातीयका धर्मा उक्ता एव भवन्ति। अर्थान्तरप्रसिद्धानां च केषाञ्चिच्छब्दानां ब्रह्मविषयत्वहेतुप्रतिपादनेन कानिचिद् वाक्यानि स्पष्टब्रह्मलिङ्गानि संदिह्यमानानि ब्रह्मपरतया निर्णीतानि । पुनरप्यन्यानि वाक्यान्यस्पष्टब्रह्मलिङ्गानि संदिह्यन्ते- किं परं ब्रह्म प्रतिपादयन्त्याहोस्विदर्थान्तरं किञ्चिदिति ? तन्निर्णयाय द्वितीयतृतीयौ पादावारभ्येते ।

नेपालीभाषानुवाद

प्रथमाध्याये द्वितीयः पादः = अब प्रथम अध्यायमा दोस्रो पाउ सुरु हुन्छ, **अत्र** = यहाँ, यो पाउमा, **उपास्यब्रह्मविषयाणाम्** = उपासना गर्नु योग्य ब्रह्मलाई लक्ष्य गर्ने, **अस्पष्टब्रह्म-लिङ्गयुक्तवाक्यानाम्** = स्पष्टरूपमा नदेखिने ब्रह्मको लिङ्ग भएका वाक्यहरूको, **विचारः** = यस पाउमा विचार छ, **सर्वत्र प्रसिद्ध्यधिकरणम्**= सर्वत्र प्रसिद्ध भन्ने पहिलो अधिकरण हो ।

प्रथमे पादे = पहिलो पाउमा, **जन्माद्यस्य यतः इति** = 'जन्माद्यस्य यतः' भन्ने सूत्रद्वारा, **आकाशादेः समस्तस्य जगतः** = आकाश आदि सबै जगत्को, **जन्मादिकारणम्** = उत्पत्ति, स्थिति र प्रलयको कारण, **ब्रह्म इति उक्तम्** = ब्रह्म हो भनेर बताइयो, **समस्तजगत्कारणस्य तस्य ब्रह्मणः** = सबै जगतको कारण स्वरूप त्यस ब्रह्मको, **व्यापित्वम्, नित्यत्वम्, सर्वज्ञत्वम्**= व्यापक हुनु, नित्य हुनु, सर्वज्ञ हुनु र; **सर्वशक्तिमत्वं सर्वात्मत्वम्** = सबै शक्ति हुनु, सबैको आत्मा हुनु; **इत्येवं-जातीयकाः** = इत्यादि गरिएका, **धर्माः** = धर्महरू (स्वभाव) पनि, **उक्ताः एव**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवन्ति = बताइएकै ठहर्छन्, **अर्थान्तरप्रसिद्धानां केषाञ्चित् शब्दानाम् च** = अरू अर्थमा प्रसिद्ध भएका कुनै कुनै शब्दहरूको पनि, **ब्रह्मविषयत्वहेतुप्रतिपादनेन**= ब्रह्मपरक हुनुको कारण बताउनुद्वारा, **संदिह्यमानानि** = शङ्का गरिएका, **स्पष्टब्रह्म-लिङ्गानि कानिचित् वाक्यानि** = स्पष्ट ब्रह्मलिङ्ग भएका कुनै वाक्यहरू, **ब्रह्मपरतया निर्णीतानि** = ब्रह्मलाई बताउने भनेर निर्णय गरिए, **पुनः अपि** = फेरि पनि अब यसमा, **अस्पष्टब्रह्मलिङ्गानि अन्यानि वाक्यानि** = स्पष्ट ब्रह्मलिङ्ग नभएका अरू वाक्यहरू, **संदिह्यन्ते** = शङ्का गरिन्छन्, के भने; **किं परं ब्रह्म प्रतिपादयन्ति** = के यी वाक्यहरूले परब्रह्मलाई बताउँछन्; **आहोस्वित्** = अथवा, **अर्थान्तरं किञ्चित् इति** = कुनै अर्को वस्तुलाई बताउछन् भन्ने, **तन्निर्णयाय** = त्यो कुराको निर्णयका लागि, **द्वितीयतृतीयौ पादावारभ्येते** = दोस्रो र तेस्रो पाउ सुरु गरिन्छन् ।

विशदीकरण

अब यसमा स्पष्ट ब्रह्मलिङ्ग नभएका तर ब्रह्मलाई बताउने वाक्यहरूको पनि विचार गरिन्छ । त्यसमा अब सर्वत्र प्रसिद्ध नामको अधिकरण सुरु हुन्छ ।

पहिलो पाउमा '**जन्माद्यस्य यतः**' भन्ने सूत्रद्वारा आकाश आदि सारा संसारको उत्पत्ति, स्थिति र प्रलयको कारण ब्रह्म हो भन्ने कुरा बताइयो । त्यस ब्रह्मको वाक्यमा नित्यत्वपना, सर्वज्ञपना, सर्वशक्ति सम्पन्न हुनु र सबैको आत्मा हुनु आदि गरिएका धर्महरू पनि बताइए । अरू अरू अर्थमा प्रसिद्ध भएका कुनै कुनै शब्दहरूलाई पनि ब्रह्मविषयक हुन् भन्ने कुरा बताउनुबाट स्पष्ट ब्रह्मलिङ्ग भएका र शङ्का हुन आउने वाक्यहरूको समेत ब्रह्मपरक भनेर निर्णय गरियो ।

अब फेरि स्पष्ट ब्रह्मलिङ्ग नभएका कुनै कुनै वाक्यहरू ब्रह्मलाई बताउने हुन् अथवा कुनै अर्को वस्तुलाई बताउने हुन् भन्ने शङ्का हुन्छ र त्यसको निर्णय (समाधान) गर्न दोस्रो र तेस्रो पाउ सुरु गरिन्छन् ।

ब्रह्मसूत्रम् - सर्वत्र प्रसिद्धोपदेशात् १/२/१

सूत्रार्थ - **सर्वत्र** = सबै ठाउँमा, **प्रसिद्धोपदेशात्** = प्रसिद्ध भएका ब्रह्मको यहाँ उपदेश हुनाले मनोमयधर्मवाला ब्रह्म हो भन्ने सूत्रार्थ हो ।

शाङ्करभाष्यम्

इदमाम्नायते - '**सर्वं खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत । अथ खलु क्रतुमयः पुरुषो यथाक्रतुरस्मिँल्लोके पुरुषो भवति तथेतः प्रेत्य भवति स क्रतुं कुर्वीत, मनोमयः प्राणशरीरो भारूपः**' (छा. ३/१४/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१-२) इत्यादि । तत्र संशयः - किमिह मनोमयत्वादिभिर्धर्मैः शारीर आत्मोपास्यत्वेनोपदिश्यते, आहोस्वित्परं ब्रह्मेति । किं तावत्प्राप्तम्? शारीर इति । कुतः ? तस्य हि कार्यकरणाधिपतेः प्रसिद्धो मनआदिभिः सम्बन्धो न परस्य ब्रह्मणः, **'अप्राणो ह्यमनाः शुभ्रः'** (मु० २/१/३) इत्यादिश्रुतिभ्यः ।

नेपालीभाषानुवाद

इदम् = यो कुरा, **आम्नायते** = श्रुतिरूपमा भनिन्छ, **खलु** = निश्चय, **इदं सर्वम्**= यो सबै दृश्यमान प्रपञ्च, **ब्रह्म** = ब्रह्म हो र, **तज्जलान्(तज्जम्, तल्लम्, तदनम्) इति** = त्यही ब्रह्ममा भएको, त्यसैमा लीन हुने र त्यसैमा चेष्टा गर्ने (स्थिति) भएको हो, **इति** = यस्तो जानेर, **शान्तः** = शान्त भएको छँदो, **उपासीत**= उपासना गरोस्, **अथ खलु** = अनि निश्चय, **पुरुषः क्रतुमयः** = पुरुषकर्म (श्रद्धामय) हो र, **अस्मिन् लोके** = यो लोकमा, **यथाक्रतुः पुरुषः भवति** = जस्तो कर्म वा श्रद्धावाला पुरुष हुन्छ, **इतः प्रेत्य** = यहाँबाट मरेर, **तथा भवति** = त्यस्तै हुन्छ, **सः** = त्यसले, **क्रतुं कुर्वीत** = कर्म गरोस्, **मनोमयः प्राणशरीरः भारूपः** = मनोमय र प्राणशरीरवाला प्रकाशरूपको ध्यान गरोस् भन्ने, **इत्यादि** = इत्यादि, **तत्र संशयः** = त्यहाँ, त्यसमा शङ्का हुन्छ के भने, **किम् इह** = के यहाँ, **मनोमयत्वादिभिः धर्मैः** = मनोमय आदि धर्मद्वारा, **शारीर:आत्मा उपास्यत्वेन उपदिश्यते** = शरीरमा भएको जीवात्मा उपास्यरूपमा उपदेश गरिन्छ, **आहोस्वित्** = अथवा, **परं ब्रह्म इति** = परब्रह्म उपदेश गरिन्छ भन्ने, **तावत् किं प्राप्तम्** = पहिले के देखिन आयो भने, **शारीरः इति** = जीवात्मा हो भन्ने, **कुतः** = केबाट, **हि** = निश्चय, **कार्यकरणाधिपतेः** = कार्य र करणको अधिपति भएका, **तस्य** = त्यो जीवको, **मनआदिभिः सम्बन्धः** = मन आदि सँग सम्बन्ध भएको कुरा, **प्रसिद्धः** = प्रसिद्ध छ, **परस्य ब्रह्मणः न** = परब्रह्मको होइन किनकि, **अप्राणः अमनाः शुभ्रः** = प्राण र मन नभएको स्वच्छ भन्ने, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुति भएकोबाट ।

विशदीकरण

निश्चय नै यो सारा प्रपञ्च ब्रह्म नै हुनाले त्यसैबाट हुने, त्यसैमा लय हुने र त्यसैमा स्थित हुने भन्ने जानेर रागद्वेष नलिई शान्त भएर, त्यस ब्रह्मको उपासना (ध्यान) गर यो श्रुतिमा बताइएको छ । संसारमा जस्तो श्रद्धा र कर्मवाला पुरुष हुन्छ, पुरुष श्रद्धा र कर्ममय हुनाले यहाँबाट मरेर (शरीर छाडेर) गएपछि पनि त्यस्तै नै हुन्छ । 'श्रद्धा र कर्मवाला बनोस्, मनोमय, प्राणशरीर, प्रकाशरूपको ध्यान गरोस्' इत्यादि श्रुतिमा बताइएकोले शङ्का हुन्छ कि यहाँ मनोमय, प्राणशरीर र भारूप भनेको जीवलाई हो कि ब्रह्मलाई? सर्वप्रथम त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यकरणको अधिपति हुनाले मनसँग सम्बन्ध भएको जीव नै प्रसिद्ध छ । श्रुतिमा प्राण र मन नभएको स्वच्छ भनेर ब्रह्मको लक्षण बताइएकाले मनसँग ब्रह्मको सम्बन्ध छैन ।

शाङ्करभाष्यम्

ननु **'सर्वं खल्विदं ब्रह्म'** इति स्वशब्देनैव ब्रह्मोपात्तम्, कथमिह? शारीर आत्मोपास्यत्वेन आशङ्क्यते ? नैष दोषः, नेदं वाक्यं ब्रह्मोपासनाविधिपरम् । किं तर्हि ? शमविधिपरम् । यत्कारणं **'सर्वं खल्विदं ब्रह्म, तज्जलानिति शान्त उपासीत'** इत्याह । एतदुक्तं भवति- यस्मात्सर्वमिदं विकारजातं ब्रह्मैव, तज्जत्वात्तल्लत्वात्तदनत्वाच्च । न च सर्वस्यैकात्मत्वेन रागादयः सम्भवन्ति, तस्माच्छान्त उपासीतेति । न च शामविधिपरत्वे सत्यनेन वाक्येन ब्रह्मोपासनं नियन्तुं शक्यते। उपासनं तु **'स क्रतुं कुर्वीत'** इत्यनेन विधीयते । क्रतुः सङ्कल्पो ध्यानमित्यर्थः । तस्य च विषयत्वेन श्रूयते - **'मनोमयः, प्राणशरीरः'** इति जीवलिङ्गम् । अतो ब्रूमो जीवविषयमेतदुपासनमिति । **'सर्वकर्मा सर्वकामः'** इत्याद्यपि श्रूयमाणं पर्यायेण जीवविषयमुपपद्यते। **'एष म आत्मान्तर्हृदयेऽणीयान्व्रीहेर्वा यवाद्वा'** इति च हृदयायतनत्वमणीयस्त्वं चाराग्रमात्रस्य जीवस्यावकल्पते, नापरिच्छिन्नस्य ब्रह्मणः ।

नेपालीभावानुवाद

ननु = शङ्का, **सर्वं खलु इदं ब्रह्म** = सबै यो निश्चय नै ब्रह्म हो भन्ने, **इति स्ववाक्येन एव**= यस्तो आफू प्रधान वाक्यद्वारा नै, **ब्रह्म उपात्तम्** = ब्रह्मलाई लिएको छ र, **इह कथम्** = यहाँ कसरी, **शारीरः आत्मा** = शरीरमा रहेको आत्मा (जीव), **उपास्यत्वेन आशंक्यते** = उपास्य हो भनेर शङ्का गरिन्छ, **न एषः दोषः** = यो दोष हुँदैन किनकि, **इदं वाक्यं ब्रह्मोपासना-विधिपरं न** = यो वाक्य ब्रह्मोपासना विधिपरक होइन, **तर्हि किम्** = त्यसो भए के हो त, **शमविधिपरम्** = शान्त हुनु निमित्तको विधिपरक हो, **यत् कारणम्** = जुन कारणबाट, **सर्वं खलु इदं ब्रह्म तज्जलान् इति शान्त उपासीत** = निश्चय नै यो सबै ब्रह्म हो, त्यसैबाट भएको, त्यसैमा लीन हुने र त्यसैमा चेष्टित हुने भनेर शान्त भएर ध्यान गरोस् भन्ने, **इति आह** = यस्तो भन्दछ, **एतत् उक्तं भवति** = यो भनाइ हुन्छ कि, **यस्मात् सर्वं इदं विकारजातं ब्रह्म एव** = जबकि सबै यो विकारसमूह ब्रह्म हो, **तज्जत्वात्, तल्लत्वात्, तदनत्वात्** = त्यसबाट हुने, त्यसैमा लीन हुने, त्यसैमा चेष्टा गर्ने (स्थिति हुने) हुनाले पनि, **च** = फेरि, **सर्वस्य एकात्मत्वेन**= सबैको एकस्वरूप भएबाट, **रागादयः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रागद्वेष आदि, **न सम्भवन्ति** = हुँदैनन्, **तस्मात् शान्त उपासीत इति** = त्यसकारणबाट शान्त भएर ध्यान गर भन्ने भनाइ हो, **च** = फेरि, **शमविधिपरत्वे सति** = शान्त हुनु निमित्तको विधिपरक भएमा, **अनेन वाक्येन** = यो वाक्यले, **ब्रह्मोपासनं नियन्तुं न शक्यते** = ब्रह्मोपासनालाई नियन्त्रण गर्न सकिन्न, **उपासनं तु** = उपासना त, **स क्रतुं कुर्वीत इति अनेन विधीयते** = त्यसले कर्म, सङ्कल्प गरोस् भन्ने यस वाक्यले गरिन्छ, **क्रतुः सङ्कल्पः ध्यानम् इति अर्थः** = क्रतु भनेको सङ्कल्प अर्थात् ध्यान भन्ने यो अर्थ हो, **तस्य च विषयत्वेन श्रूयते** = त्यो ध्यानको पनि विषयरूपले सुनिन्छ के भने, **मनोमयः प्राणशरीरः इति** = मनोमय र प्राणशरीरवाला हो भने त्यही नै, **जीवलिङ्गम्** = जीवको चिह्न हो, **अतः एतत् उपासनं जीवविषयं ब्रूमः**= यसकारणबाट यो उपासना जीवविषयक हो भनेर हामी भन्छौं, **सर्वकर्मा सर्वकामः इति आदि अपि** = सबै कर्मवाला र सबै कामनावाला भन्ने इत्यादि पनि, **श्रूयमाणम्**= सुनिएको छँदो, **पर्यायेण जीवविषयम् उपपद्यते** = पालैसँग जीवविषय हुन आउँछ, **अन्तर्हृदये एषः मे आत्मा** = हृदयभित्र मेरो यो आत्मा छ, **वा** = प्रसिद्ध, **व्रीहेः** = धानभन्दा र, **वा** = अथवा, **यवात्** = जौ भन्दा पनि, **अणीयान्** = सूक्ष्म छ, **इति**= यस्तो, **च** = फेरि, **हृदयायतनत्वम् अणीयस्त्वं च** = हृदयस्थान हुनु र सूक्ष्म हुनु पनि, **आराग्रमात्रस्य** = कोर्राका टुप्पाको फलामका शङ्कुको टुप्पो बराबर सूक्ष्म भएका, **जीवस्य अवकल्पते** = जीवको ठीक हुन सक्दछ परन्तु, **अपरिच्छिन्नस्य ब्रह्मणः न** = अपरिच्छिन्न भएका ब्रह्मको हुँदैन ।

विशदीकरण

अवान्तर शङ्का हुन्छ- आफ्नै शब्दद्वारा यहाँ ब्रह्मलाई लिएकोबाट ब्रह्मोपासना नै बुझिने हुनाले जीव उपास्य हो भन्ने के बाट शङ्का हुन्छ ? इत्यादि । त्यसको उत्तर दिंदै पूर्वपक्षी जीववादी भन्दछ - त्यो दोष छैन, किनभने यो वाक्य ब्रह्मोपासनाको विधिपरक नभएर शान्त हुने विधिपरक हो । त्यही कारणबाट यो सबै ब्रह्म हो, त्यसैबाट उत्पत्ति, त्यसैमा संहार र त्यसैमा स्थिति हुन्छ र सो सम्झी शान्त भएर ध्यान गर भन्ने भनाइ हो । खास गरेर सबैको एकरूप भएपछि को निमित्त? को सँग? कसको रागद्वेष हुनसक्ला? तसर्थ शान्त भएर ध्यान गर भनेको हो । मुख्य तात्पर्य यो हो कि सारा प्रपञ्च त्यसै ब्रह्मबाट हुने, त्यसैमा लीन हुने र त्यसैमा नै स्थिति हुने भएपछि, सबै ब्रह्म रूप हुनाले रागद्वेष हुँदैनन् र शान्त हुनु भनिएको हो।

फेरि यो वाक्यले ब्रह्मोपासनलाई नियन्त्रण गर्न सक्दैन । उपासना त त्यो सङ्कल्प गरोस् भने वाक्यद्वारा बताइन्छ । त्यसको पनि विषयरूपमा मनोमय प्राण र शरीर भन्ने जीव लिङ्ग नै देखिन्छ । यो उपासना जीवविषयक हो भन्छौं । फेरि सबै कर्म र सबै कामना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(इच्छा) वाला भन्नु पनि पालैसँग वा पर्यायद्वारा जीवविषयक नै बुझिन्छ । यो मेरो आत्मा अन्तर्हृदयमा छ, धान वा जौभन्दा पनि सूक्ष्म छ भन्ने इत्यादि श्रुतिको भनाइ कोर्राको टुप्पाको फलामको तीखो टुप्पो बराबरको जीवको विषयमा मिल्नसक्दछ, अपरिच्छिन्न ब्रह्मको बारेमा मिल्दैन ।

शाङ्करभाष्यम्

ननु **'ज्यायान् पृथिव्या'** इत्याद्यपि न परिच्छिन्नेऽवकल्पत इति । अत्र ब्रूमः- न तावदणीयस्त्वं ज्यायस्त्वं चोभयमेकस्मिन्समाश्रयितुं शक्यम्, विरोधात्। अन्यतराश्रयणे च प्रथमश्रुतत्वादणीयस्त्वं युक्तमाश्रयितुम्, ज्यायस्त्वं तु ब्रह्मभावापेक्षया भविष्यतीति । निश्चिते च जीवविषयत्वे यदन्ते ब्रह्मसङ्कीर्तनम्- **'एतद् ब्रह्म'**(छा० ३/१४/४) इति । तदपि प्रकृतपरामर्शार्थत्वाज्जीवविषयमेव। तस्मान्मनोमयत्वादिभिर्धर्मैर्जीव उपास्य इत्येवं प्राप्ते ब्रूमः । परमेव ब्रह्म मनोमयत्वादिभिर्धर्मैरुपास्यम् । कुतः? सर्वत्र प्रसिद्धोपदेशात् । यत्सर्वेषु वेदान्तेषु प्रसिद्धं ब्रह्मशब्दस्यालम्बनं जगत्कारणम्, इह च **'सर्वं खल्विदं ब्रह्म'** इति वाक्योपक्रमे श्रुतम्, तदेव मनोमयत्वादिधर्मैर्विशिष्टमुपदिश्यत इति युक्तम् । एवं च प्रकृतहानाप्रकृतप्रक्रिये न भविष्यतः । ननु वाक्योपक्रमे शमविधिविवक्षया ब्रह्म निर्दिष्टं न स्वविवक्षयेत्युक्तम् । अत्रोच्यते- यद्यपि शमविधिविवक्षया ब्रह्म निर्दिष्टं तथापि मनोमयत्वादिषूपदिश्यमानेषु तदेव ब्रह्म सन्निहितं भवति । जीवस्तु न संन्निहितो न च स्वशब्देनोपात्त इति वैषम्यम् ।।१।।

नेपालीभाषानुवाद

ननु = शङ्का हुन्छ, **पृथिव्याः ज्यायान् इत्यादि अपि** = पृथ्वीभन्दा ठूलो वा श्रेष्ठ भन्ने इत्यादि कुरा पनि, **परिच्छिन्ने न अवकल्पते इति** = परिच्छिन्न (जीव) मा घट्न सक्दैन भन्ने, **अत्र ब्रूमः** = यहाँ, यसमा भन्दछौं, **तावत्** = पहिले, **ज्यायस्त्वम् अणीयस्त्वं च** = ठूलोपन र सूक्ष्मपन पनि, **उभयम्** = यी दुवै एकसाथ, **एकस्मिन्**= एउटै वस्तुमा, **विरोधात्** = परम्परमा विरोध हुनाले, **समाश्रयितुं न शक्यम्** = लिन (मात्र) सकिन्न, **अन्यतराश्रयणे च** = कुनै एकको आश्रय गर्ने भएमा पनि, **प्रथमश्रुतत्वात् अणीयस्त्वम् आश्रयितुं युक्तम्** = पहिले सुनिएकोले सूक्ष्मत्व नै लिन ठीक छ, **ज्यायस्त्वं तु** = ठूलोपन त, **ब्रह्मभावापेक्षया** = ब्रह्मत्वको अपेक्षाले, **भविष्यति इति** = हुन सक्नेछ, **जीवविषयत्वे निश्चिते** = जीवविषयक भन्ने निश्चित भएमा, **एतत् ब्रह्म इति**= यो ब्रह्म हो भन्ने, **यत् ब्रह्मसङ्कीर्तनम्** = ब्रह्मको कथन छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत् अपि= त्यो पनि, **प्रकृतपरामर्शार्थत्वात्** = सुरुको ब्रह्मको परामर्श निमित्त भएबाट, **जीवविषयम् एव**= जीवपरक नै हो, **तस्मात्** = त्यसकारणबाट, **मनोमयत्वादिभिः धर्मैः** = मनोमय र प्राणशरीरवाला भन्ने इत्यादि धर्मद्वारा, **जीवः उपास्यः इति एवं प्राप्ते** = जीव नै यो वाक्यमा उपास्य भनिएको हो भन्ने यस्तो शङ्कारूप पूर्वपक्ष हुन आएमा, **ब्रूमः** = सिद्धान्तरूपमा भन्दछौं, **परम् एव ब्रह्म मनोमयत्वादिभिः धर्मैः उपास्यम्** = परब्रह्म नै यहाँ मनोमयत्व आदि धर्मद्वारा उपास्य भनिएको हो, **कुतः** = कता बाट, **सर्वत्र प्रसिद्धोपदेशात्** = सर्वत्र प्रसिद्ध भएका ब्रह्मको उपदेश हुनाले, **यत् सर्वेषु वेदान्तेषु प्रसिद्धम्** = जुन सबै वेदान्तमा प्रसिद्ध भएको, **ब्रह्मशब्दस्य आलम्बनं जगत्कारणम्** = ब्रह्मशब्दको आलम्बन भएको जगतको कारण रूप छ र, **इह च सर्वं खलु इदं ब्रह्म इति** = यहाँ पनि सबै यो निश्चय ब्रह्म हो भनेर, **वाक्योपक्रमे श्रुतम्** = वाक्यको सुरुवातमा सुनियो, **तत् एव मनोमयत्वादिधर्मैः** = त्यही ब्रह्म नै मनोमयत्व आदि धर्मद्वारा, **विशिष्टम्** = विशिष्ट भएको, **उपदिश्यते इति युक्तम्** = उपास्यरूपमा बताइन्छ भन्ने नै ठीक छ, **एवं च**= यस्तो भएमा फेरि, **प्रकृतहानाप्रकृतप्रक्रिये न भविष्यतः** = उठान गरेकालाई छाड्नु र नगरेकालाई लिनु रूप दुई दोष हुने छैनन्, **ननु** = शङ्का हुन्छ कि, **वाक्योपक्रमे शमविधिविवक्षया ब्रह्म निर्दिष्टम्** = वाक्यको सुरुमा त शान्त हुनु निमित्तको विधि बताउने इच्छाले ब्रह्म बताइएको हो, **स्वविवक्षया न इति उक्तम्** = आफू (ब्रह्म) लाई बताउने इच्छाले होइन भनेर भनियो नि त, **अत्र उच्यते** = यहाँ यसमा बताइन्छ, **यद्यपि शमविधिविवक्षया ब्रह्म निर्दिष्टम्** = शान्त हुनु निमित्तको विधि बताउने इच्छाले ब्रह्म बताइयो तापनि, **मनोमयत्वादिषु उपदिश्यमानेषु** = मनोमयत्व आदि धर्म बताइएमा, **तत् ब्रह्म एव सन्निहितं भवति** = त्यही ब्रह्म नै सन्निहित (नजिक) हुनआउँछ, **जीवः तु न सन्निहितः** = जीव त सन्निहित छैन, **स्वशब्देन च न उपात्तः** = आफ्नो शब्दबाट पनि लिइएको छैन भन्ने, **महद् वैषम्यम्** = ठूलो विषमता (नमिल्दो) छ ।

विशदीकरण

त्यसो भए 'पृथ्वीभन्दा पनि ठूलो र श्रेष्ठ' भन्ने इत्यादि वचन पनि त जीवलाई लिएमा घट्न सक्दैन भन्ने सिद्धान्तपक्षीको शङ्का हुन्छ, तापनि त्यस शङ्काको समाधान गर्दै पूर्वपक्षी भन्दछ - एउटै वस्तुमा ठूलो र सानो भन्नु नमिल्दो कुरा हुन्छ । निष्कर्षमा कि सानोपन अथवा ठूलोपन एउटा मात्र मान्नु उचित हुन्छ। ती दुईवटा पनि सन्निहित वा सुरुमा सुनिएको सूक्ष्म (अणीयस्त्व) नै लिन (मान्न) युक्तिसंगत देखिन्छ त्यसैले अणीयस्त्व नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएमा जीव मात्रै पक्षमा सामञ्जस्य नै हुन आउँछ । ठूलो भन्ने कुरा पनि ब्रह्मभावलाई लिएमा मिल्ने नै हुन्छ ।

जीवविषयक ठहर्न आएपछि जुन आखिरमा यो ब्रह्म हो भनेर ब्रह्मको कथन गरेको समेत उठानमा ब्रह्मविषयक कथन हुँदा त्यसलाई संकेत गरेको देखिंदा जीवविषयक नै यो वाक्य हो र यहाँ मनोमयत्व आदि धर्मद्वारा उपास्यरूपमा जीवलाई नै लिइएको छ भन्ने पूर्वपक्षीको शङ्का भएको छ । त्यसको समाधानका क्रममा सिद्धान्तपक्षी भन्दछ – परब्रह्म नै यहाँ मनोमयत्व आदि धर्मद्वारा उपास्यरूपमा बताइएको छ, किनभने सबै वेदान्त वाक्यहरूमा प्रसिद्ध र कथित ब्रह्म नै यहाँ वाक्यको उठानमा सुनिएकोले मनोमयत्व आदि धर्मद्वारा त्यही ब्रह्म नै उपास्य भनिएको छ ।

यस प्रकार ब्रह्मलाई लिएमा मात्र उठानलाई छाड्नु र उठान नगरेकालाई लिनुरूप दुई दोष आइपर्ने छैनन् । यहाँ वाक्यको उठानमा ब्रह्मको कथन गरेको शान्त हुनुपर्ने विधि बताउनु निमित्तमात्र हो । आफूलाई बताउनु निमित्त होइन भन्ने शङ्का पनि ठीक छैन, किनभने शमविधि बताउनु निमित्त नै ब्रह्म बताएको भए पनि मनोमयत्व आदि धर्मद्वारा उपास्यरूपमा लिन सन्निहित हुनाले उपक्रमको ब्रह्म नै लिन उचित हुन्छ । प्राण शरीर भन्ने वाक्यमा **'प्राणः शरीरं अस्य'** 'प्राण नै शरीर जसको' भन्दा अस्य भन्ने सर्वनामी इदम् शब्द पूर्वको सन्निहितलाई बताउँछ र पूर्वको सन्निहित उपक्रम ब्रह्म नै छ र त्यसलाई नै लिनुपर्ने हुन्छ । जीव त सन्निहित पनि नभएको र आफ्नो शब्दले पनि नबताइएकोबाट जीव र ब्रह्ममा यहाँ जीवलाई लिने कुरामा ठूलो विषमता हुन आउँछ । त्यसैले यहाँ ब्रह्मलाई नै उपास्यरूपमा लिइएको हो ।।१।।

ब्रह्मसूत्रम् - विवक्षितगुणोपपत्तेश्च १/२/२

सूत्रार्थ - विवक्षितगुणोपपत्तेः च = भन्न चाहेको वा खोजेका गुणहरूको उपपत्ति (सिद्धि) हुनाले पनि यहाँ उपास्य भनिएको परब्रह्म नै हो ।

शाङ्करभाष्यम्

वक्तुमिष्टा विवक्षिताः । यद्यप्यपौरुषेये वेदे वक्तुरभावात् नेच्छार्थः सम्भवति, तथाप्युपादानेन फलेनोपचर्यते । लोके हि यच्छब्दाभिहितमुपादेयं भवति तद् विवक्षितमिच्युच्यते, यदनुपादेयं तदविवक्षतमिति । तद्वत् वेदेऽप्युपादेयत्वेनाभिहितं विवक्षितं भवति, इतरदविवक्षितम् । उपादानानुपादाने तु वेदवाक्यतात्पर्यातात्पर्या-भ्यामवगम्येते । तदिह ये विवक्षिता गुणा उपासनायामुपादेयत्वेनोपदिष्टाः सत्य-सङ्कल्पप्रभृतयस्ते परस्मिन्ब्रह्मण्युपपद्यन्ते । सत्यसङ्कल्पत्वं हि सृष्टिस्थितिसंहारेष्व-प्रतिबद्धशक्तित्वात्परमात्मन एवावकल्पते । परमात्मगुणत्वेन च **'य आत्मापहत-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाप्मा' (छा.८/७/१) इत्यत्र '**सत्यकामः सत्यसङ्कल्पः**' इति श्रुतम् ।

नेपालीभाषानुवाद

वक्तुम् इष्टाः विवक्षिताः = भन्नलाई इच्छा गरिएका विवक्षित हुन, **यदि अपि अपौरुषेये वेदे वक्तुः अभावात् इच्छार्थः न संभवति** = अपौरुषेय (पुरुषकर्तृक) वेदमा वक्ता नभएको हुनाले इच्छाको प्रयोजनको संभव छैन तापनि, **तथापि** = तापनि, **उपादानेन फलेन उपचर्यते** = लिनु योग्य फलद्वारा उपचरित हुन्छ, **हि** = निश्चय, **लोके** = लोकमा, **उपादेयं यत् शब्दाभिहितं भवति** = अभीष्ट वस्तु जुनशब्दले भनिन्छ, **तत् विवक्षितम् इति उच्यते** = त्यो विवक्षित (भन्न चाहेको) वस्तु भनिन्छ, **यत् अनुपादेयम्** = जो अभीष्ट छैन, **तत् अविवक्षितम् इति** = त्यो भन्न नचाहेको भन्ने, **तत् वत् वेदे अपि** = त्यस्तै वेदमा पनि, **उपादेयत्वेन अभिहितम्**= उपादेय (अभीष्ट रूपले बताइएको), **विवक्षितं भवति** = भन्न चाहेको हुन्छ, भनिन्छ; **इतरत् अविवक्षितम्** = यो बाहेक अरू विवक्षित छैन, **उपादानानुपादाने तु** = यो लिने, यो छोड्ने भन्ने त, **वेदवाक्यतात्पर्यातात्पर्याभ्याम्** = वेदवाक्यको तात्पर्य र अतात्पर्यद्वारा, **अवगम्येते** = जानिन्छन्, **तत् इह** = तसर्थ यहाँ, **उपासनायाम् उपादयेत्वेन उपदिष्टाः**= उपासनामा लिनु योग्य हुनाले उपदेश गरिएको र, **विवक्षिताः**= भन्न चाहेका, **सत्यसङ्कल्पप्रभृतयः गुणाः** = सत्यसङ्कल्प आदि जो गुण छन्, **ते** = ती गुणहरू, **परस्मिन् ब्रह्मणि उपपद्यन्ते** = परब्रह्ममा ठीक हुन आउँछन्, **हि** = निश्चय, **सत्यसङ्कल्पत्वम्** = सत्य सङ्कल्प हुनु, **सृष्टिस्थितिसंहारेषु अप्रतिबद्ध-शक्तित्वात्** = सृष्टि, स्थिति र संहारमा अप्रतिहत शक्ति हुनाले, **परमात्मनः एव अवकल्पते** = परमात्मामा नै ठीकसँग घट् सक्दछ, **परमात्मगुणत्वेन च** = परमात्माकै गुणरूपले, **यः आत्मा अपहतपाप्मा** = जुन पापदोषरहित आत्मा हो भन्ने, **इति अत्र** = यो ठाउँमा, **सत्यकामः सत्यसङ्कल्पः इति श्रुतम्** = सत्यकाम र सत्य-सङ्कल्पवाला भन्ने सुनिएको छ ।

विशदीकरण

बताउन इच्छा गरिएका गुणहरूको सिद्धि हुनाले पनि, यहाँ ब्रह्म नै उपास्य हो भन्ने सूत्रार्थ हो । बताउन चाहेकोलाई विवक्षित भनिन्छ । हुन त वेद कुनै पुरुषद्वारा रचित नहुनाले वक्ता नै छैन र इच्छाको प्रयोजन पनि छैन, तापनि अभीष्ट वस्तुरूप फलद्वारा उपचरित हुनसक्दछ । संसारमा चाहेको वस्तु जुन शब्दले भनिन्छ त्यो वस्तु विवक्षित भनिन्छ । जुन नचाहेको छ त्यो अविवक्षित हुन्छ । त्यस्तै वेदमा पनि अभीष्टरूपको वस्तु विवक्षित हुन्छ । नचाहेको अविवक्षित हुन्छ । कुन उपादेय, कुन अनुपादेय भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदवाक्यको खास तात्पर्य र खास अतात्पर्यबाट बुझिन्छ ।

यहाँ पनि उपासनाका निमित्त चाहिने गुणहरू, जो कि सत्यसङ्कल्प आदि छन् । ती सबै गुणहरू परमात्मामा नै ठीकसँग घट्न सक्दछन् । फेरि परमात्माको गुणरूपमा पनि 'जुन निर्मल आत्मा हो' भन्ने वाक्यमा सत्यकाम र सत्यसङ्कल्प भन्ने सुनिएको छ ।

शाङ्करभाष्यम्

आकाशात्मेत्यादिनाकाशवदात्मास्येत्यर्थः । सर्वगतत्वादिभिर्धर्मैः संभवत्याकाशेन साम्यं ब्रह्मणः । '**ज्यायान्पृथिव्याः**' इत्यादिना चैतदेव दर्शयति । यदाप्याकाश आत्मा यस्येति व्याख्यायते, तदापि संभवति सर्वजगत्कारणस्य सर्वात्मनो ब्रह्मण आकाशात्मत्वम् । अत एव '**सर्वकर्मा**' इत्यादि । एवमिहोपास्यतया विवक्षिता गुणा ब्रह्मण्युपपद्यन्ते । यत्तूक्तं '**मनोमयः प्राणशरीरः**' (छा० ३/१४/२) इति जीवलिङ्गं न तद् ब्रह्मण्युपपद्यत इति । तदपि ब्रह्मण्युपपद्यत इति ब्रूमः । सर्वात्मत्वाद्धि ब्रह्मणो जीवसम्बधीनि मनोमयत्वादीनि ब्रह्मसंबन्धीनि भवन्ति । तथा च ब्रह्मविषये श्रुतिस्मृती भवतः –

'त्वं स्त्री त्वं पुमानसि त्वं कुमार उत वा कुमारी ।
त्वं जीर्णो दण्डेन वञ्चसि त्वं जातो भवसि विश्वतोमुखः।।(श्वे० ४/३)
सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।। (गी० १३/१३) इति च ।

'**अप्राणो ह्यमनाः शुभ्रः**' इति श्रुतिः शुद्धब्रह्मविषया, इयं तु '**मनोमयः प्राणशरीरः**' इति सगुणब्रह्मविषयेति विशेषः । अतो विवक्षितगुणोपपत्तेः परमेव ब्रह्मेहोपास्यत्वेनोपदिष्टमिति गम्यते ।।२।।

नेपालीभाषानुवाद

आकाशात्मा इत्यादिना = आकाशात्मा भन्ने इत्यादिद्वारा, **आकाशवत् आत्मा अस्य इति अर्थः** = आकाश जस्तै स्वरूप छ जसको भन्ने यो अर्थ हो, **सर्वगतत्वादिभिः धर्मैः** = सर्वव्यापी हुनु आदि गरेका धर्मद्वारा, **ब्रह्मणः आकाशेन साम्यं संभवति**= ब्रह्मको आकाशसित समता हुनसक्दछ, **ज्यायान् पृथिव्याः इत्यादिना च** = पृथ्वीभन्दा श्रेष्ठ र विशाल भन्ने इत्यादि द्वारा पनि, **एतत् एव दर्शयति** = यही कुरा नै देखाउँछ, **यदा अपि आकाशः आत्मा यस्य इति** = जुन बखत आकाश हो आत्मा जसको भन्ने, **व्याख्यायते** = व्याख्या गरिन्छ, **तदा अपि** = त्यस बखतमा पनि, **सर्वजगत्कारणस्य सर्वात्मनः ब्रह्मणः** = सबै जगत्को कारण र सबैको आत्मा भइरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मको, **आकाशात्मत्वम्** = आकाश आत्मा हुनु ठीक नै छ, **अतः एव 'सर्वकर्मा' इत्यादि** = यसकारणबाट नै **'सर्वकर्मा'** भन्ने इत्यादि ठीक हुन्छ, **एवम् इह** = यही प्रकारले यहाँ, **उपास्यतया विवक्षिता गुणाः** = उपास्यरूपले बताउन खोजिएका गुणहरू, **ब्रह्मणि उपपद्यन्ते** = ब्रह्ममा ठीक हुन, मिल्न सक्दछन्, **यत्** = जो, **मनोमयः प्राणशरीरः इति** = मनोमय र प्राणशरीर भन्ने, **जीवलिङ्गम्** = जीव लिङ्ग हो र, **तत् ब्रह्मणि न उपपद्यते इति** = त्यो कुरा ब्रह्ममा ठीक हुन्न भनेर, **उक्तं तु** = भनियो त, **तत् अपि ब्रह्मणि उपपद्यते इति** = त्यो पनि ब्रह्ममा मिल्न सक्छ भनेर, **ब्रूमः** = हामी भन्दछौं, **हि** = निश्चय, **ब्रह्मणः** = ब्रह्मको, **सर्वात्मत्वात्** = सर्वरूप हुनाले, **जीवसम्बन्धीनि मनोमयत्वादीनि** = जीवसम्बन्धित मनोमयत्व आदि धर्म, **ब्रह्मसम्बन्धीनि भवन्ति** = ब्रह्मसम्बन्धी हुन जान्छन्, **तथा ब्रह्मविषये श्रुतिस्मृती भवतः च** = त्यस्तै ब्रह्मको विषयमा श्रुति र स्मृति पनि छन्, जस्तै, **त्वं स्त्री** = तिमी स्त्री हौ, **त्वं पुमान् असि** = तिमी पुरुष छौ (हौ), **त्वं कुमारः** = तिमी कुमार र, **वा** = अथवा, **उत** = फेरि, **कुमारी** = कुमारी हौ, **त्वं जीर्णः** = वृद्ध भएका तिमी, **दण्डेन वञ्चसि** = लट्ठीको सहाराले हिंड्छौ, **जातः त्वम्** = उत्पन्न भएका तिमी, **विश्वतोमुखः** = सर्वतोमुख, **भवसि इति** = हुन्छौ भन्ने र, **तत्** = त्यो, **सर्वतः पाणिपादम्** = सबै तिर हातखुट्टा भएको, **सर्वतः अक्षिशिरोमुखम्** = सबै तिर आँखा शिर मुख भएको, **सर्वतः श्रुतिमत्** = चारैतिर कान भएको, **लोके** = लोकमा, **सर्वम्** = सबैलाई ढाकेर, **तिष्ठति इति च** = रहन्छ भन्ने स्मृति पनि, **हि अप्राणः अमनाः शुभ्रः** = निश्चय प्राण र मन नभएको स्वच्छ भन्ने, **इति श्रुतिः** = यो श्रुति, **शुद्धब्रह्मविषया** = शुद्ध ब्रह्मलाई लक्ष्य गर्ने हो, **मनोमयः प्राणशरीरः इति इयम् तु** = मनोमय र प्राणशरीर भन्ने यो श्रुति त, **सगुणब्रह्मविषया इति विशेषः** = सगुण ब्रह्मलाई लक्ष्य गर्ने हो भन्ने यति विशेष छ, **अतः** = यसकारणबाट, **विवक्षितगुणोपपत्तेः**= उपास्यरूपमा बताउन खोजिएका गुणको सिद्धि हुनाले, **इह**= यहाँ, **परम् एव ब्रह्म** = परब्रह्म नै, **उपास्यत्वेन** = उपास्यरूपले, **उपदिष्टम् इति** = उपदेश गरिएको हो भन्ने, **गम्यते** = बुझिन्छ ।

विशदीकरण

'आकाशात्मा' इत्यादिको 'आकाश यसको आत्मा हो' भन्ने अर्थ हो, किनभने सर्वव्यापी हुनाले ब्रह्मको आकाशसित समता देखिन आउँछ । 'पृथ्वीभन्दा ठूलो वा श्रेष्ठ छ' भन्ने वाक्यले पनि यही कुरा देखाउँछ। आकाशात्मा शब्दको आकाश जसको आत्मा छ भन्ने अर्थ गरेमा पनि सबै जगतको कारण र सबैको आत्मा भइरहेका ब्रह्मको आकाश आत्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुने कुरा पनि उपयुक्त नै ठहर्छ एवं '**सर्वकर्मा**' भन्ने इत्यादि पनि मिल्न आउँछ ।

यस प्रकार उपास्यरूपमा बताउन खोजिएका गुणहरू ब्रह्ममा उपलब्ध हुन्छन् । फेरि मनोमय र प्राणशरीर हुनु जीवको चिह्न हो र त्यो कुरा ब्रह्ममा उपयुक्त हुनसक्दैन भनेर जुन शङ्का गरिएको थियो, त्यो पनि ठीक छैन, किनकि ब्रह्ममा मनोमय आदि हुनसक्छन् भनेर नै हामी भन्दछौं । ब्रह्म सबैको आत्मा हुनाले जीवसम्बन्धी मनोमयत्व आदि वस्तु पनि ब्रह्मसम्बन्धी नै मान्न कुनै आपत्ति पर्दैन ।

ब्रह्मको विषयमा त्यस्तै भएर नै 'तिमी स्त्री, तिमी पुरुष, तिमी नै कुमार तथा कुमारी हौ, तिमी नै वृद्धरूपले लठ्ठी टेकेर हिंड्छौ, तिमी नै सर्वतोमुख छौ' भन्ने श्रुति र 'सबै तिर हातखुट्टा, सबै तिर आँखा, शिर, मुख र सबै तिर कान भएको, सबैलाई ढाकेर (व्याप्त भएर) रहन्छ' भन्ने स्मृतिहरू जीवसम्बन्धी कुरालाई पनि ब्रह्मसम्बन्धित रूपमा देखाउँछन्।

खासरूपमा प्राण र मन नभएको स्वच्छ भन्ने श्रुति निर्गुण ब्रह्मविषयक हो र मनोमय, प्राणशरीर भन्ने श्रुति सगुण ब्रह्मविषयक हो, यहाँ यत्तिमात्र अन्तर छ । त्यसकारण उपास्यरूपमा बताउन चाहेका गुणहरूको ब्रह्ममा नै मेल हुने हुनाले यहाँ उपास्यरूपमा ब्रह्म नै बताइएको हो, जीव होइन भन्ने बुझिन्छ।।२।।

ब्रह्मसूत्रम् - अनुपपत्तेस्तु न शारीरः १/२/३

सूत्रार्थ - अनुपपत्तेः तु = उपास्यरूपमा चाहेका गुणको उपपत्ति नहुनाले नै, **शारीरः** = जीव, **न** = यहाँ मनोमयत्व आदि धर्मद्वारा विशिष्ट र उपास्य रूपमा बताइएको होइन ।

शाङ्करभाष्यम्

पूर्वेण सूत्रेण ब्रह्मणि विवक्षितानां गुणानामुपपत्तिरुक्ता । अनेन तु शारीरे तेषामनुपपत्तिरुच्यते । तु शब्दोऽवधारणार्थः । ब्रह्मैवोक्तेन न्यायेन मनोमयत्वादि-गुणम्, न तु शारीरो जीवो मनोमयत्वादिगुणः । यत्कारणं '**सत्यसङ्कल्पः, आकाशात्मा, अवाकी, अनादरः, ज्यायान् पृथिव्याः**' इति चैवंजातीयका गुणा न शारीर आञ्जस्येनोपपद्यन्ते । शारीर इति शरीरे भव इत्यर्थः। नन्वीश्वरोऽपि शरीरे भवति। सत्यम्, शरीरे भवति, न तु शरीर एव भवति । '**ज्यायान् पृथिव्या ज्यायानन्तरिक्षात्**' (छा० ३/१४/३) '**आकाशवत्सर्वगतश्च नित्यः**' (गौ.३/३) इति च व्यापित्वश्रवणात् । जीवस्तु शरीर एव भवति, तस्य भोगाधिष्ठानाच्छरीरा-दन्यत्र वृत्त्यभावात् ।।३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभावानुवाद

पूर्वेण सूत्रेण = यो भन्दा पहिलो सूत्रले, **ब्रह्मणि** = ब्रह्ममा, **विवक्षितानां गुणानाम्** = उपास्यरूपमा चाहेका गुणहरूको, **उपपत्तिः उक्ता** = सिद्ध हुने कुरा बताइयो, **अनेन तु** = यो सूत्रले त, **तेषाम्** = ती चाहेका गुणहरूको, **शारीरे** = जीवमा, **अनुपत्तिः** = सिद्ध नहुनु, **उच्यते** = बताइन्छ, **तु शब्दः** = सूत्रको तु शब्द, **अवधारणार्थः** = किटान गर्नु निमित्त छ, **उक्तेन न्यायेन** = बताइएका न्याय(रीति) ले, **मनोमयत्वादिगुणम्** = मनोमयत्व र प्राणशरीरत्व गुणवाला, **ब्रह्म एव**= ब्रह्म नै हो, **शारीरः जीवः** = शरीरमा रहने जीव, **मनोमयत्वादिगुणः न** = मनोमयत्व आदि गुणवाला होइन, **यत् कारणम्** = किनकि, **सत्यसङ्कल्पः** = सत्यसङ्कल्पवाला, **आकाशात्मा** = आकाश आत्मा भएको, **अवाकी** = वचन आदि इन्द्रियरहित, **अनादरः** = पूर्णकाम हुनाले कुनै वस्तुमा आदर अर्थात् चाख नभएको, **पृथिव्याः ज्यायान् इति** = पृथ्वीभन्दा ठूलो वा श्रेष्ठ भन्ने, **च** = पनि, **एवंजातीयकाः** = यसकिसिमका, **गुणाः** = गुणहरू, **शारीरे** = जीवमा, **आञ्जस्येन न उपपद्यन्ते** = राम्रोसँग मिल्न सक्दैन, **शारीरः इति शरीरे भव इति अर्थः** = शारीर भनेको शरीरमा भएको भन्ने यो अर्थ हो, **ननु** = शङ्का, **ईश्वरः अपि शरीरे भवति** = ईश्वर पनि शरीरैमा हुन्छ, **सत्यम्** = यो कुरा सत्य हो, **शरीरे भवति** = शरीरमा हुन्छ, **तु**= परन्तु, **शरीर एव न भवति** = शरीरमा मात्र हुँदैन, किनकि, **पृथिव्याः ज्यायान्** = पृथ्वीभन्दा ठूलो वा श्रेष्ठ, **आकाशवत् सर्वगतः नित्यः च** = आकाश जस्तै सर्वव्यापी र नित्य पनि भन्ने, **इति** = यसरूपको श्रुतिबाट, **व्यापित्वश्रवणात्**= व्यापक भएको (सुनिएको)बाट, **जीवः तु शरीरे एव** = जीव त शरीरमा मात्र हुन्छ, **तस्य** = त्यो जीवको, **भोगाधिष्ठानात् शरीरात्** = भोगको आश्रयरूप शरीरभन्दा, **अन्यत्र** = अन्यत्र, **वृत्त्यभावात्** = स्थिति नहुनाले ।

विशदीकरण

उपास्यमा रहनु पर्ने गुण नहुनाले नै यहाँ जीव उपास्यरूपमा बताइएको होइन भन्ने सूत्रार्थ हो । अघिल्लो सूत्रद्वारा ब्रह्ममा उपास्य गुणहरूको सिद्धि छ भन्ने कुरा बताइएयो । अब यहाँ यस सूत्रले ती गुणहरू जीवमा छैनन् भन्ने कुरा बताइन्छ । पूर्वोक्त न्यायद्वारा छानबिन गर्दा मनोमय र प्राणशरीर ब्रह्म नै हो, जीव होइन; किनभने त्यसै मनोमयलाई सङ्केत गरेर सत्यसङ्कल्प भएको, आकाश आत्मा भएको, वाक् आदि इन्द्रिय नभएको तथा पूर्णकाम हुनाले कुनै विषयमा चाख नभएको भन्ने र पृथ्वीभन्दा श्रेष्ठ वा ठूलो भन्ने इत्यादि गुणहरू जीवमा पूर्णरूपले घट्न सक्तैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरमा भएको शारीर भनिन्छ । ईश्वर पनि त शरीरमा हुनाले शारीर भनिन्छ र जीव भन्ने मात्र शारीर शब्दको अर्थ कसरी ? हुन्छ भन्ने शङ्का हुनसक्दछ । ठीक हो, ईश्वर पनि शरीरमा छ, परन्तु शरीरमा मात्र छैन । यस कुरामा पृथ्वी र आकाशभन्दा ठूलो आकाश जस्तै सर्वव्यापी नित्य भन्ने श्रुतिअनुसार ईश्वर सर्वव्यापी र नित्य भन्ने सुनिएको छ । भोगको आश्रय भएको शरीरभन्दा अन्यत्र जीवको स्थिति नै नभएकाले जीव त शरीरमा मात्र आश्रित हुन्छ । त्यसकारण उपास्य ब्रह्म नै हो, जीव होइन ।।३।।

ब्रह्मसूत्रम् - कर्मकर्तृव्यपदेशाच्च १/२/४

सूत्रार्थ - कर्मकर्तृव्यपदेशात् च = कर्म र कर्ताको व्यपदेशबाट पनि जीव मनोमयत्ववाला होइन ।

शाङ्करभाष्यम्

इतश्च न शारीरो मनोमयत्वादिगुणः, यस्मात्कर्मकर्तृव्यपदेशो भवति **'एतमितः प्रेत्याभिसंभवितास्मि'** (छा० ३/१४/४) इति । एतमिति प्रकृतं मनोमयत्वादि-गुणमुपास्यमात्मानं कर्मत्वेन, प्राप्यत्वेन व्यपदिशति । अभिसंभवितास्मीति शारीर-मुपासकं कर्तृत्वेन प्रापकत्वेन अभिसंभवितास्मीति, प्राप्तास्मीत्यर्थः । न च सत्यां गतावेकस्य कर्मकर्तृव्यपदेशो युक्तः । तथोपास्योपासकभावोऽपि भेदाधिष्ठान एव । तस्मादपि न शारीरो मनोमयत्वादिविशिष्टः ।।४।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **शारीरः मनोमयत्वादिगुणः न** = जीव मनोमयत्वगुण-वाला होइन, **यस्मात्** = जसबाट, **इतः प्रेत्य** = यो लोकबाट मरेर, **एतम्** = यो उपास्यरूप मनोमय आत्मालाई, **अभिसंभविता अस्मि इति** = प्राप्त गर्ने वाला छु भन्ने, **कर्मकर्तृव्यपदेशः भवति** = कर्म र कर्ताको उल्लेख हुन्छ, **एतम् इति** = यसलाई भनेर, **मनोमयत्वादिगुणम् उपास्यम् आत्मानम्** = मनोमयत्व आदि गुणवाला उपास्यरूप आत्मालाई, **प्राप्यत्वेन कर्मत्वेन** = पाउन योग्यरूप कर्मत्वद्वारा, **व्यपदिशति** = उल्लेख-गर्छ, **अभिसंभविता अस्मि इति** = पाउनेवाला छु भनेर, **उपासकं शारीरम्** = उपासना गर्ने जीवलाई, **कर्तृत्वेन प्रापकत्वेन** = पाउनेवाला कर्ताको रूपले (उल्लेख गर्छ), **अभिसंभवितास्मि इति प्राप्ता अस्मि इत्यर्थः** = अभिसंभविता छु भनेको पाउने वाला छु भन्ने अर्थ हो, **गतौ सत्याम्** = गतिरूप क्रिया भएमा, **एकस्य** = एउटैको, **कर्मकर्तृव्यपदेशः च न युक्तः** = कर्म कर्ता दुवै रूपमा उल्लेख गरिनु पनि ठीक छैन, **तथा** = त्यस्तै, **उपास्योपासकभावः अपि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपास्य र उपासकपना पनि, **भेदाधिष्ठानः एव** = भेदकै आश्रय गर्ने वाला हो, **तस्मात् अपि** = त्यसकारणबाट पनि, **शारीरः मनोमयत्वादिविशिष्टः न**= जीव मनोमयत्व आदिले विशिष्ट होइन ।

विशदीकरण

कर्म र कर्ताको उल्लेख भएकोले पनि जीव मनोमयत्व आदि गुणवाला होइन । त्यसैले 'यहाँबाट मरेर त्यसलाई प्राप्त गर्नेछु' भनेर कर्म र कर्ताको उल्लेख भएको छ । यसलाई- भन्नाले मनोमयत्व विशिष्ट उपास्यरूप परमात्माको पाउनुयोग्य कर्मरूपले उल्लेख भएको छ र पाउनेवाला छु भनेर उपासक जीवको पाउने कर्ताको रूपमा उल्लेख भएको हो। '**अभिसंभविता अस्मि**' भन्नाले प्राप्त गर्नेछु भन्ने अर्थ हो ।

फेरि गमनात्मकक्रिया भएमा एउटैको निमित्त कर्म र कर्ताको उल्लेख हुन पनि सक्दैन । त्यस्तै उपास्य र उपासकरूप भावले पनि भेदको आश्रय गर्छ इत्यादि कारणबाट पनि यहाँ मनोमयत्व आदि धर्मले विशिष्ट भनेर जसलाई भनिएको छ, त्यो जीव होइन अपितु ब्रह्म नै हो ।।४।।

ब्रह्मसूत्रम् - शब्दविशेषात् १/२/५

सूत्रार्थ - शब्दविशेषात् = शब्दको विशेष (पृथकता) बाट पनि मनोमयत्व आदि गुणवाला जीवभन्दा अलग ब्रह्म नै हो ।

शाङ्करभाष्यम्

इतश्च शारीरादन्यो मनोमयत्वादिगुणः, यस्मात् शब्दविशेषो भवति समान-प्रकरणे श्रुत्यन्तरे- **'यथा व्रीहिर्वा यवो वा श्यामाको वा श्यामाकतण्डुलो वैवमयमन्तरात्मन्पुरुषो हिरणमयः'** (श. ब्रा० १०/६/३/२) इति। शारीरस्यात्मनो यः शब्दोऽभिधायकः सप्तम्यन्तोऽन्तरात्मन्निति, तस्माद् विशिष्टोऽन्यः, प्रथमान्त पुरुषशब्दो मनोमयत्वादिविशिष्टस्यात्मनोऽभिधायकः । तस्मात्तयोर्भेदोऽधि-गम्यते ।।५।।

नेपालीभाषानुवाद

इतश्च = अझै पनि, **मनोमयत्वादिगुणः** = मनोमयत्व आदि गुणवाला, **शारीरात् अन्य** = जीवदेखि बाहेक हो, **यस्मात्** = जुनकारणबाट कि, **समानप्रकरणे श्रुत्यन्तरे** = समानप्रकरणवाला अर्को श्रुतिमा, **यथा** = जस्तै, **व्रीहिः वा** = धान होस्, **वा** = अथवा, **यवः** = जौ होस्, **वा** = अथवा, **श्यामाकः** = सामा होस्, **वा** = अथवा, **श्यामाकतण्डुलः** = सामाको चामल होस्, **एवम् एव** = यस्तै नै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयम् = यो, **हिरणमयः पुरुषः** = सुवर्णमय पुरुष, **अन्तरात्मनि इति** = आत्माभित्र वा आत्मामा छ भन्ने भनाइ, **शारीरस्य आत्मानः** = शरीरमा रहने आत्मा (जीव) को, **अभिधायकः यः शब्दः सप्तम्यन्तः अन्तरात्मन् इति** = वाचक जुन शब्द छ, सप्तमी विभक्ति अन्तमा हुने अन्तरात्मनि भन्ने, **तस्मात् विशिष्टः** = त्योभन्दा विशेष-रूपको, **मनोमयत्वादिविशिष्टस्य आत्मनः अभिधायकः** = मनोमयत्व आदि गुणयुक्त आत्मालाई बताउने, **प्रथमान्तः पुरुषशब्दः**= प्रथमा अन्तमा हुने पुरुष शब्द, **अन्यः**= अर्को छ, **तस्मात्** = त्यसकारणबाट, **तयोः** = ती सप्तम्यन्त र प्रथमान्तको, **भेदः अधिगम्यते** = भेद भएको जानिन्छ ।

विशदीकरण

अझ स्पष्टरूपमा भनौं - मनोमयत्व आदि गुणवाला ब्रह्म नै हो, किनभने यस्तै प्रकरणवाला शतपथ ब्राह्मणमा '**यथा व्रीहिर्वा**' इत्यादि वाक्यमा यसै उपासना विद्यालाई लिएर 'जो यो अन्तरात्मामा हिरण्मय पुरुष छ' इत्यादि भनिएको छ । '**यथा व्रीहिर्वा०**' इत्यादि शतपथश्रुतिमा 'अन्तरात्मनि' यस रूपको सप्तम्यन्त प्रयोग छ र 'पुरुषः' यसरूपको प्रथमान्त प्रयोग छ । त्यहाँ सप्तम्यन्त जीववाचक अन्तरात्मन् शब्दको भन्दा प्रथमान्त मनोमयत्व आदि गुण भएको परमात्मालाई बताउने पुरुषशब्दको वैशिष्ट्य स्पष्ट हुन्छ । त्यसकारण उपास्य ब्रह्मै हो, जीव होइन ।

ब्रह्मसूत्रम् - स्मृतेश्च १/२/६

सूत्रार्थ - **स्मृतेः च** = यस विषयमा स्मृति(गीता) पनि हुनाले मनोमयत्व विशिष्ट ब्रह्म नै हो ।

शाङ्करभाष्यम्

स्मृतिश्च शारीरपरमात्मनोर्भेदं दर्शयति -

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।

भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ।।(गी० १८/६१) इत्याद्या।

अत्राह- कः पुनरयं शारीरो नाम परमात्मनोऽन्यः, यः प्रतिषिध्यते- '**अनुपपत्तेस्तु न शारीरः**' इत्यादिना ? श्रुतिस्तु - '**नान्योऽतोऽस्ति द्रष्टा नान्योऽतोस्ति श्रोता**' (बृ. ३/७/२३) इत्येवंजातीयका परमात्मनोऽन्यमात्मानं वारयति। तथा स्मृतिरपि- '**क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत**' (गी. १३/२) इत्येवंजातीयकेति । अत्रोच्यते- सत्यमेवैतत्, पर एवात्मा देहेन्द्रियमनो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्ध्युपाधिभिः परिच्छिद्यमानो बालैः शारीर इत्युपचर्यते । यथा घटकरकाद्युपाधिवशादपरिच्छिन्नमपि नभः परिच्छिन्नवदवभासते, तद्वत् । तदपेक्षया च कर्मकर्तृत्वादिभेदव्यवहारो न विरुध्यते, प्राक् '**तत्त्वमसि**' इत्यात्मैकत्वोपदेशग्रहणात् । गृहीते त्वात्मैकत्वे बन्धमोक्षादिसर्वव्यवहारपरिसमाप्तिरेव स्यात् ।।६।।

नेपालीभाषानुवाद

स्मृतिः च = स्मृति(गीता) पनि, **शारीरपरमात्मनोः भेदं दर्शयति** = जीव र परमात्माको भेद देखाउँछ जस्तै, **अर्जुन** = हे अर्जुन, **ईश्वरः** = ईश्वर, **सर्वभूतानाम्**= सबै प्राणीको, **हृद्देशे** = हृदय प्रदेशमा, **यन्त्रारूढानि सर्वभूतानि** = यन्त्र (योनि वा कर्म चक्र) मा आरूढ भएका प्राणी, **मायया भ्रामयन्**= मायाद्वारा घुमाउँदो, **तिष्ठति इत्याद्या**= रहन्छ भन्ने, इत्यादि रूपको; **अत्र आह**= यहाँ यस बारेमा भन्दछ, **पुनः**= फेरि, **अयम् शारीरः नाम** = यो जीव भन्ने, **परमात्मनः अन्यः कः** = परमात्मा बाहेकको को हो, **यः प्रतिषिध्यते**= जो निषेध गरिन्छ कि, **अनुपपत्तेः तु न शारीरः इत्यादिना** = 'अनुपत्तेः तु न शारीरः' भन्ने इत्यादिद्वारा, **श्रुतिः तु** = श्रुति त, **अतः अन्यः द्रष्टा न अस्ति अतः अन्यः श्रोता न अस्ति** = यो भन्दा अर्को द्रष्ट्रा छैन, यो भन्दा अर्को श्रोता छैन भन्ने, **इति एवंजातीयका** = इत्यादि रूपका, **परमात्मनः अन्यम् आत्मानम्**= परमात्मा बाहेकको अर्को आत्मालाई, **वारयति** = निषेध गर्छ, **तथा** = त्यस्तै, **च** = फेरि, **सर्वक्षेत्रेषु** = सबै क्षेत्र(शरीर)मा, **भारत**= हे भरतवंशिन् (अर्जुन), **क्षेत्रज्ञम् अपि** = क्षेत्र (शरीर) लाई जान्ने पनि, **मां विद्धि** = मलाई जान भन्ने, **इति एवंजातीयका** = यस प्रकारको, **स्मृतिः अपि** = स्मृति पनि छ र, **अत्र उच्यते** = यसमा भनिन्छ, **एतत् सत्यम् एव** = यो कुरा साँच्चै नै हो, **परः एव आत्मा** = परब्रह्म नै, **देहेन्द्रियमनोबुद्ध्युपाधिभिः** = शरीर, इन्द्रिय, मन बुद्धि, रूप, उपाधिद्वारा, **परिच्छिद्यमानः** = परिच्छिन्न भएको छँदो, **बालैः** = अज्ञानीहरूले, **शारीरः इति** = शरीरमा भएको जीव भनेर, **उपचर्यते** = उपचार गरिन्छ, **यथा** = जस्तै, **अपरिच्छिन्नम् अपि नभः**= परिच्छिन्न नभएको (पूर्ण) पनि आकाश, **घटकरकाद्युपाधिवशात्** = घट र भ्फारी आदि उपाधिवश, **परिच्छिन्नवत् अवभासते** = परिच्छिन्न जस्तै देखिन्छ, **तत् वत्** = त्यस्तै, **तदपेक्षया** = त्यही भेदका अपेक्षाले, **कर्मकर्तृत्वादिभेदव्यवहारः** = कर्म र कर्तापन आदि व्यवहार, **'तत्त्वम् असि' इति आत्मैकत्वग्रहणात्** = 'तत्त्वमसि' भन्ने वाक्यद्वारा आत्माको एकत्व जान्नुभन्दा, **प्राक्** = पहिले, **न विरुध्यते च** = नमिल्दो हुँदैन पनि, **आत्मैकत्वे गृहीते तु** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको एकत्व बुझेपछि त, **बन्धमोक्षादिसर्वव्यवहारपरिसमाप्तिः एव स्यात्**= बन्ध र मोक्ष आदि सबै व्यवहारको समाप्ति नै हुनेछ ।

विशदीकरण

'ईश्वरले सबै प्राणीको हृदयमा बसेर कर्मचक्रमा फँसेका ती प्राणीहरूलाई मायाद्वारा घुमाइरहन्छन्' भन्ने स्मृति पनि हुनाले जीवभन्दा अलग परमात्मा छ भन्ने कुरा जानिन्छ । यहाँ एक शङ्का हुन्छ कि त्यसो भए, परमात्मा बाहेकको जीव भन्ने को हो त ?, जसलाई कि **'अनुपपत्तेस्तु न शारीरः'** भनेर निषेध गरिन्छ । जबकि यो भन्दा अर्को देख्ने, जान्ने, सुन्ने छैन भनेर परमात्मा बाहेकको अर्को आत्मा छैन भनेर बताइएको छ। स्मृतिमा पनि सबै शरीरमा शरीरलाई जान्ने पनि यही परमात्मा हो भन्ने उल्लेख भएको छ।

यसको उत्तररूपमा भनिन्छ- यो कुरा सत्य हो । खास कुरा के भने, परमात्मा नै शरीर, मन, बुद्धि, इन्द्रिय आदि गरिएका उपाधिद्वारा परिपूर्ण आकाश घडा, झारी आदि उपाधिद्वारा परिच्छिन्न देखिए जस्तै, अज्ञानीहरूद्वारा परिच्छिन्न जस्तो देखिने हो र त्यही उपाधिबाट देखिएको परिच्छिन्नत्वलाई लिएर बन्ध, मोक्ष आदि सम्पूर्ण व्यवहार हुन्छ, त्यो पनि **'तत्त्वमसि'** वाक्यद्वारा आत्मा र परमात्माको एकत्व बुझ्नुभन्दा पहिले मात्र। एकत्व बुझिसकेपछि भने बन्ध र मोक्ष आदि सबै व्यवहार समाप्त नै हुन्छ।।६।।

ब्रह्मसूत्रम् - अर्भकौकस्त्वात्तद्व्यपदेशाच्च नेति चेन्न निचाय्यत्वादेवं व्योमवच्च १/२/७

सूत्रार्थ - **अर्भकौकस्त्वात्** = सानो(परिच्छिन्न) स्थानवाला हुनाले र, **तद्व्यपदेशात् च** = आफ्नै शब्दले अणुत्व व्यपदेश गरेकोबाट पनि, **न इति चेत्** = ब्रह्मलाई लिएको होइन भन्छौ भने, **न** = त्यो ठीक छैन, किनकि, **निचाय्यत्वात् एवम्** = द्रष्टव्यरूपमा बताइएकोले ब्रह्म हो, **व्योमवत् च** = आकाश जस्तै पनि भएकोले ब्रह्म हो ।

शाङ्करभाष्यम्

अर्भकमल्पम्, ओको नीडं **'एष म आत्मान्तर्हृदये'** इति परिच्छिन्नायतन-त्वात्, स्वशब्देन च **'अणीयान्व्रीहेर्वा यवाद् वा'** इत्यणीयस्त्वव्यपदेशात्, शारीर एवाराग्रमात्रो जीव इहोपदिश्यते, न सर्वगतः परमात्मा इति यदुक्तं तत्परि-हर्तव्यम् । अत्रोच्यते- नायं दोषः, न तावत्परिच्छिन्नदेशस्य सर्वगतत्वव्यपदेशः कथमप्युपपद्यते, सर्वगतस्य तु सर्वदेशेषु विद्यमानत्वात्परिच्छिन्नदेशव्यपदेशोऽपि कयाचिदपेक्षया संभवति । यथा समस्तवसुधाधिपतिरपि हि सन्नयोध्याधिपतिरिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यपदिश्यते । कया पुनरपेक्षया सर्वगतः सन्नीश्वरोऽर्भकौका अणीयाँश्च व्यपदिश्यत इति निचाय्यत्वादेवमिति ब्रूमः ।

नेपालीभाषानुवाद

अर्भकम् अल्पम् ओकः नीडम् = सानो परिच्छिन्नस्थान भएको हुँदा नै, **एष मे आत्मा अन्तर्हृदये इति** = यो मेरो आत्मा हृदयभित्र छ भनेअनुसार, **परिच्छिन्नायतनत्वात्** = परिच्छिन्न स्थानवाला हुनाले र, **स्वशब्देन च** = आफ्नो शब्दद्वारा पनि, **वा** = निश्चय, **व्रीहेः यवात् वा अणीयान् इति** = धान अथवा जौ भन्दा पनि सूक्ष्म भन्ने वाक्यद्वारा, **अणीयस्त्वव्यपदेशात्** = निकै सूक्ष्म भन्ने उल्लेख हुनाले, **आराग्रमात्रः शारीरः जीवः इह उपदिश्यते**= आरको टुप्पो बराबरको शरीरमा रहने जीव यहाँ बताइन्छ, **सर्वगतः परमात्मा न इति** = सर्वत्र रहेको परमात्मा बताइएको होइन भन्ने, **यत् उक्तम्** = जुन भनियो, **तत् परिहर्तव्यम् अत्र उच्यते** = त्यो परिहार गर्नु योग्य छ र यहाँ बताइन्छ, **न अयं दोषः** = यो दोष हुँदैन, **तावत्** = पहिले त, **परिच्छिन्नदेशस्य** = परिच्छिन्न स्थानवालाको, **सर्वगतत्वव्यपदेशः** = सबै ठाउँमा रहेको भन्ने कुराको उल्लेख, **कथम् अपि** = कुनै (कतै) बाट ब्रह्मलाई नलिएमा पनि, **न उपपद्यते** = मिल्न (घट्न) सक्दैन, **सर्वगतस्य तु** = सबै ठाउँमा रहेकोबाट, **परिच्छिन्नव्यपदेशः अपि** = परिच्छिन्नस्थानको व्यपदेश हुनु पनि, **कयाचित् अपेक्षया** = कुनै कुराको अपेक्षाले, **सम्भवति** = हुनसक्दछ, **यथा** = जस्तै, **हि** = निश्चय, **समस्तवसुधाधिपतिः सन् अपि** = सम्राट् हुनाले संपूर्ण पृथ्वीको अधिपति छँदो पनि, **अयोध्याधिपतिः इति** = राजधानीरूप अयोध्याको अधिपति भनेर, **व्यपदिश्यते** = उल्लेख गरिन्छ, **पुनः** = फेरि, **कया अपेक्षया** = कुन अपेक्षाले, **सर्वगतः सन् ईश्वरः** = सबै ठाउँमा रहँदो ईश्वर, **अर्भकौकाः अणीयान् च व्यपदिश्यते इति** = परिच्छिन्न स्थान वाला **र** अतिसूक्ष्म भनेर बताइन्छ त, **निचाय्यत्वात् एवम् इति ब्रूमः** = द्रष्टव्य रूपले यस्तो बताइन्छ भनेर हामी भन्दछौं ।

विशदीकरण

हृदयरूप परिच्छिन्न (सानो) स्थानमा रहने र अणु आदि शब्दबाट ज्यादै सूक्ष्मरूपको ब्रह्म बताइएकाले ब्रह्म उपास्य हुन सक्दैन, किनकि त्यो ब्रह्म हृदयदेशमा द्रष्टव्य छ भनिएको हुँदा 'आकाश झैं व्यापक छ' भन्ने सूत्रको तात्पर्य हो ।

सानो स्थान भएको हुनाले संकेत गरेर **'यो मेरो आत्मा हृदयभित्र छ'** इत्यादि वाक्यद्वारा परिच्छिन्नस्थानवाला भनेर बताइएको र धान वा जौभन्दा पनि सानो भनेर आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दद्वारा अतिसूक्ष्म भएको कुरा समेत बताएको कारणबाट अणुपरिमाणवाला, शरीरमा रहने जीव नै यहाँ बताइएको हो भन्ने जुन शङ्का छ, त्यो ठीक छैन ।

पहिले त ब्रह्म नलिएमा पनि परिच्छिन्नलाई सबै ठाउँमा रहेको भन्न (मान्न) मिल्दैन। सबै ठाउँमा रहेकालाई भने परिच्छिन्न स्थानमा रहेको भन्न मिल्दछ । जस्तो कि संपूर्ण पृथ्वीको अधिपतिलाई अयोध्याको पनि अधिपति भन्न सकिन्छ । त्यसो भए के प्रयोजनबाट सर्वगत ईश्वरलाई सानो स्थान वाला र निकै सानो भनेर बताएको ? भन्ने शङ्का गर्दछौ भने, त्यो ब्रह्म 'हृदयदेशमा द्रष्टव्य छ, अनुभूति गर्न योग्य छ' भनेर बताएको हो भनेर हामी भन्दछौं ।

शाङ्करभाष्यम्

एवमणीयस्त्वादिगुणगणोपेत ईश्वरस्तत्र हृदयपुण्डरीके निचाय्यो द्रष्ट्रव्य उपदिश्यते । यथा शालग्रामे हरिः । तत्रास्य बुद्धिविज्ञानं ग्राहकम् । सर्वगतोऽपीश्वर-स्तत्रोपास्यमानः प्रसीदति । व्योमवच्चैतद्द्रष्टव्यम् । यथा सर्वगतमपि सद् व्योम सूचीपाशाद्यपेक्षयाऽर्भकौकोऽणीयश्च व्यपदिश्यते, एवं ब्रह्मापि । तदेवं निचाय्यत्वा-पेक्षं ब्रह्मणोऽर्भकौकस्त्वमणीयस्त्वं च न पारमार्थिकम्। तत्र यदाशङ्क्यते- हृदय यतनत्वाद् ब्रह्मणो हृदयायतनानाञ्च प्रतिशरीरं भिन्नत्वाद् भिन्नायतनानां च शुकादीना-मनेकत्वसावयवत्वानित्यत्वादिदोषदर्शनाद् ब्रह्मणोऽपि तत्प्रसङ्ग इति, तदपि परिहृतं भवति ।।७।।

नेपालीभाषानुवाद

एवम् = यही प्रकार, **अणीयस्त्वादिगुणगणोपेतः ईश्वरः** = अति सानोपन आदि अनेकौं गुणले युक्त भएको ईश्वर, **तत्र हृदयपुण्डरीके** = त्यहाँ हृदय कमलमा, **निचाय्यः द्रष्टव्यः** = निचाय्य भनेर द्रष्टव्य रूपले, **उपदिश्यते** = बताइन्छ, **यथा शालग्रामे हरिः** = जस्तै शालग्रामशिलामा विष्णु, **तत्र अस्य बुद्धिविज्ञानं ग्राहकम्**= त्यहाँ दुवैमा बुद्धिगत ज्ञान नै ग्राहक हो, **सर्वगतः अपि ईश्वरः तत्र उपास्यमानः प्रसीदति** = सबै ठाउँमा रहेको पनि ईश्वर ती दुई ठाउँमा उपासना गरिएको छँदो प्रसन्न हुन्छ, **एतत् च** = यो कुरा पनि, **व्योमवत् द्रष्टव्यम्** = आकाशजस्तै देख्नु (सम्झनु) पर्दछ, **यथा सर्वगतं अपि सत् व्योम** = जस्तै सबै ठाउँमा रहेको पनि आकाश, **सूचीपाशाद्यपेक्षया** = सियो, पाश आदि उपाधिका अपेक्षाले, **अर्भकौकस् अणीयस् च व्यपदिश्यते** = सानो स्थानवाला र अतिसानोरूपको भनेर उपदेश गरिन्छ, **ब्रह्म अपि एवम्** = ब्रह्म पनि यसै गरी उपदेश गरिन्छ, **तत् एवम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण यसै प्रकरणले, **ब्रह्मणः** = ब्रह्मको, **निचाय्यत्वापेक्षम्** = द्रष्टव्यत्वलाई अपेक्षा राखेर, **अर्भकौकस्त्वम् अणीयस्त्वं च** = सानोस्थान वाला र निकै सानो भन्ने समेत भनाइ हो, **पारमार्थिकम् न** = वास्तविक होइन, **तत्र** = त्यहाँ (त्यसमा), **ब्रह्मणः** = ब्रह्मको, **हृदयायतनत्वात्** = हृदयस्थान हुनाले, **हृदयायतनानाम् च** = हृदयस्थान हुने जतिको पनि, **प्रतिशरीरं भिन्नत्वात्** = शरीरै पिच्छे भिन्नता भएकाले, **भिन्नायतनानाम्** = भिन्न भिन्न स्थान (गुँड) भएका, **शुकादीनां च** = सुगा आदि चराहरूको पनि, **अनेकसावयवत्वानित्यत्वादिदोषदर्शनात्** = अनेकता, अवयव हुनु, अनित्य हुनु इत्यादि दोष देखिनुबाट, **ब्रह्मणः अपि तत्प्रसङ्गः इति** = ब्रह्मको सम्बन्धमा पनि त्यो दोष आइपर्ला भन्ने, **यत् आशङ्क्यते** = शङ्का गरिन्छ, **तत् अपि परिहृतं भवति** = त्यो पनि परिहार गरिएको पूर्वोक्त कुरा र दृष्टान्तबाट हुन आउँछ ।

विशदीकरण

यस प्रकार निकै सानो हुनु आदि गुणहरूले युक्त ईश्वर, त्यो सानो आयतन भनिएको हृदयकमलमा उपास्य रूपले ज्ञेय छ भन्ने कुरा उपदेश गरिन्छ । जस्तो कि शालग्रामशिलामा विष्णुको र हृदयकमलमा शालग्रामको दुवै तत्त्वलाई बुद्धिरूप विज्ञानद्वारा ग्रहण गरिन्छ । सबै ठाउँमा रहने भए पनि ईश्वर ती दुई ठाउँमा उपासना गरेमा प्रसन्न हुन्छन्, यसको दृष्टान्त आकाश सम्झनु पर्दछ । जस्तै सबै ठाउँमा रहेको पनि आकाश सियोको प्वाल आदि उपाधिको अपेक्षाले सानो स्थानवाला र सानो भनिन्छ । त्यस्तै नै ब्रह्मलाई पनि सम्झनु पर्दछ ।

ब्रह्मको हृदयस्थान हुनाले र हृदयस्थान हुने जतिको पनि शरीरैपिच्छे भिन्नता देखिनाले विभिन्न गुँडहरूमा बस्ने सुगा आदि चराहरूमा अनेकता, सावयवता र अनित्यता जस्ता दोष देखिए जस्तै ब्रह्ममा पनि त्यो दोष देखिन सक्छ भन्ने शङ्का माथि बताइएको भनाइ र दृष्टान्तबाट खण्डित हुन्छ । तसर्थ यहाँ उपास्य भनेको ब्रह्म नै हो जीव होइन ।।७।।

ब्रह्मसूत्रम् - संभोगप्राप्तिरिति चेन्न वैशेष्यात् १/२/८

सूत्रार्थ - **सम्भोगप्राप्तिः** = सर्वव्यापक परमात्मामा चेतनता रहेको कारण जीव जस्तै समान सुख-दुःखका भोगको प्राप्ति हुन्छ, **इति चेन्न** = यो भनाई ठीक छैन, **वैशेष्यात्** = किनकि दुवैमा वैशेष्य छ, अर्थात् जीव भोक्ता र परमात्मा अभोक्ता छ। यी यी भेदहरूका कारण जीव र ब्रह्म परस्पर भिन्न छन्, अतः जीवका भोगसँग ब्रह्मका भोगको सम्बन्ध छैन । तसर्थ मनोमयत्वादि गुणले युक्त ब्रह्म नै जिज्ञासुहरूद्वारा उपास्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

व्योमवत् सर्वगतस्य ब्रह्मणः सर्वप्राणिहृदयसम्बन्धात्, चिद्रूपतया च शारीरादविशिष्टत्वात्, सुखदुःखादिसंभोगोऽप्यविशिष्टः प्रसज्येत । एकत्वाच्च न हि परस्मादात्मनोऽन्यः कश्चिदात्मा संसारी विद्यते, 'नान्योऽतोऽस्ति विज्ञाता' (बृ. ३/७/२३) इत्यादिश्रुतिभ्यः । तस्मात्परस्यैव ब्रह्मणः संसारसंभोगप्राप्तिरिति चेत् न वैशेष्यात् । न तावत्सर्वप्राणिहृदयसम्बन्धाच्छारीरवद्ब्रह्मणः संभोगप्रसङ्गः, वैशेष्यात् । विशेषो हि भवति शारीरपरमेश्वरयोः । एकः कर्ता भोक्ता धर्माधर्मादि-साधनः सुखदुःखादिमाँश्च । एकस्तद् विपरीतोऽपहतपाप्मत्वादिगुणः । एतस्मादन-योर्विशेषादेकस्य भोगो नेतरस्य । यदि च सन्निधानमात्रेण वस्तुशक्तिमनाश्रित्य कार्यसम्बन्धोऽभ्युपगम्येत, आकाशादीनामपि दाहादिप्रसङ्गः । सर्वगतानेकात्म-वादिनामपि समावेतौ चोद्यपरिहारौ । यदप्येकत्वाद् ब्रह्मण आत्मान्तराभावाच्छारीरस्य भोगेन ब्रह्मणो भोगप्रसङ्ग इति । अत्र वदामः ।

नेपालीभाषानुवाद

व्योमवत् सर्वगतस्य ब्रह्मणः = आकाशजस्तै सर्वव्यापी ब्रह्मको, **सर्व-प्राणिहृदयसम्बन्धात्** = सबै प्राणीका हृदयसँग सम्बन्ध हुनाले र, **चिद्रूपतया च** = चित् रूप हुनाले पनि, **शारीरात् अविशिष्टत्वात्** = जीवभन्दा फरक नभएकोबाट, **सुखदुःखादिसंभोगः अपि** = सुख र दुःख आदिको भोग पनि, **अविशिष्टः प्रसज्येत**= घटबढ नभएको आइपर्ला किनकि, **एकत्वात् च** = ती जीव र ईश्वर एक हुनाले पनि, **हि** = निश्चय, **परस्मात् आत्मनः अन्यः** = परमात्माभन्दा अलग अर्को, **कश्चित् आत्मा** = कुनै आत्मा (जीव), **न विद्यते** = छैन, किनभने, **अतः अन्य विज्ञाता न अस्ति** = यो भन्दा अलग अर्को विज्ञाता छैन भन्ने, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुति भएबाट, **तस्मात्** = त्यसकारणबाट, **परस्य एव संसारसंभोगप्राप्तिः इति चेत्** = परमात्माको नै संसारभोगको प्राप्ति (सम्बन्ध) छ भन्छौ भने, **न** = त्यो हुँदैन किनकि, **वैशेष्यात्** = विशेषता हुनाले (धर्माधर्मसम्बन्ध हुनुरूप उपाधिस्वरूप विशेषता हुनाले), **तावत्** = पहिले, **प्राणिहृदयसम्बन्धात्** = प्राणीको हृदयसँगको सम्बन्धबाट, **ब्रह्मणः** = ब्रह्मको, **शारीरवत्** = जीवको जस्तै, **संभोगप्रसङ्गः न** = रागसहितको भोग आइपर्ने कुरा हुँदैन, **वैशेष्यात्** = विशेषता हुनाले (फरक हुनाले), **हि** = निश्चय, **शारीरपरमेश्वरयोः** = जीव र परमात्माको सम्बन्धमा, **विशेषः भवति**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेषता हुन्छ किनकि, **एकः** = एउटा (जीव), **कर्ता भोक्ता धर्माधर्मादिसाधनः सुखदुःखादिमान् च** = कर्ता, भोक्ता, धर्म र अधर्म आदिको साधनरूप र सुखदुःख-वाला पनि छ, **एकः** = एक अर्को (परमात्मा), **तद्विपरीतः अपहतपाप्मत्वादिगुणः**= त्यसको (जीवको) उल्टा पापदोष नहुनु रूप गुणले युक्त छ, **अनयोः एतस्मात् विशेषात्** = यी दुईको यो विशेषताबाट, **एकस्य भोगः** = एउटा जीवको भोग छ, **इतरस्य न** = अर्को (परमात्मा) को छैन, **च** = फेरि, **यदि** = यदि, **सन्निधानमात्रेण**= नजिक हुनाले मात्र, **वस्तुशक्तिम् अनाश्रित्य** = वस्तुमा भएको क्षमतालाई वास्ता नराखेर, **कार्यसम्बन्धः अभ्युपगम्येत** = कार्यको सम्बन्ध हुने कुरा मानिन्छ भने, **आकाशादीनाम् अपि दाहप्रसङ्गः** = आकाश, वायु आदिको पनि डढ्ने कुराको प्रसङ्ग आइपर्ला, **सर्वगतानेकात्मवादिनाम् अपि** = विभु र अनेक आत्मा मान्नेका मतमा पनि, **एतौ चोद्यपरिहारौ समानौ** = यी शङ्का र समाधान बराबर छन्, **यत् अपि** = जो पनि, **एकत्वात् ब्रह्मणः** = ब्रह्म एक हुनाले, **आत्मान्तराभावात्** = अर्को आत्मा नभएबाट, **शारीरस्य भोगेन** = जीवका भोगद्वारा, **ब्रह्मणः भोगप्रसङ्गः इति उक्तम्** = ब्रह्मको पनि भोग हुने कुराको प्रसङ्ग भनेर पहिले भनियो, **अत्र वदामः** = यहाँ (यो विषयमा) भन्दछौं ।

विशदीकरण

'परब्रह्मको सबैका हृदयमा बास हुनाले र परब्रह्म चेतन हुनाले त्यसको पनि जीवले जस्तै सुखदुःखको भोग गर्ने कुरा सिद्ध हुन्छ' यो शङ्का कसैले गर्दछ भने उचित छैन किनकि जीवात्माको अपेक्षा परब्रह्ममा विशेषता रहेको छ, यो सूत्रार्थ हो ।

आकाश जस्तै ब्रह्म पनि सबै ठाउँमा रहेको हुनाले त्यसको सबै प्राणीका हृदयसँग सम्बन्ध छ । चित् (ज्ञान) रूप हुनाले र एकत्व हुनाले जीव र परमात्मामा भेद नभएको बाट जीवको सुखदुःखादि भोग परमात्मामा पनि अवश्य आइपर्ने छ । किनभने 'परमात्मा भन्दा अलग अर्को आत्मा छैन र यो भन्दा अर्को कुनै विज्ञाता छैन' भन्ने श्रुतिवचन पनि रहेको छ ।

त्यस कारण परमात्माको नै सुखदुःख आदि प्रसक्ति हुन आउँछ भन्ने शङ्का हुनसक्दछ। परन्तु त्यो शङ्का ठीक छैन, किनभने धर्म र अधर्म संश्लेष हुनुरूप औपाधिक विशेषता हुनाले जीव र ब्रह्ममा अन्तर छ । फेरि सबै प्राणीको हृदयसँग सम्बन्ध हुनाले परमात्मामा भोग प्रसक्ति हुनै सक्दैन । परमात्मा र जीवात्मामा धेरै नै फरक पनि छ । जीव कर्ता, भोक्ता, धर्म, अधर्मको उत्पादक र सुखदुःखवाला छ। उसको उल्टा परमात्मा पापदोष आदि कुनै नभएको छ र यही विशेषता हुनाले एउटा (जीव) को भोग छ अर्को (परमात्माको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोग छैन ।

यदि जीव सान्निध्यले मात्र परमात्मामा रहेको क्षमताको विचार नराखेर जीव सरह कार्यसम्बन्ध मान्ने हो भने त व्यापक हुनाले तृणकाष्ठको सन्निधिबाट निर्लेप भएको आकाश पनि डढ्नु पर्ने प्रसङ्ग आइपर्ला । परन्तु पूर्वोक्त कुरा सत्य हुनाले त्यो प्रसङ्ग देखिंदैन । विभु र भिन्न भिन्न आत्मा मान्नेहरूको मतमा पनि यी शङ्का र समाधान समानरूपकै हुन आउँछन्। फेरि जीव र परमात्मा एक हुनाले अर्को अलग आत्मा नभएकोले जीवको भोगबाट ब्रह्मको पनि भोग प्रसक्ति छ भनेर जुन पूर्वपक्षरूपमा भनिएको थियो त्यस बारेमा उत्तररूपमा भन्दछौं ।

शाङ्करभाष्यम्

इदं तावद् देवानां प्रियः प्रष्टव्यः । कथमयन्त्वयाऽऽत्मान्तराभावोऽध्यवसित इति **'तत्त्वमसि'**, **'अहं ब्रह्मास्मि'**, **'नान्योऽतोऽस्ति विज्ञाता'** इत्यादिशास्त्रेभ्य इति चेत्, यथाशास्त्रं तर्हि शास्त्रीयोऽर्थः प्रतिपत्तव्यो न तत्रार्धजरतीयं लभ्यम् । शास्त्रं च **'तत्त्वमसि'** इत्यपहतपाप्मत्वादिविशेषणं ब्रह्म शारीरस्यात्मत्वेनोपदिशच्छारीरस्यैव तावदुपभोक्तृत्वं वारयति । कुतस्तदुपभोगेन ब्रह्मण उपभोगप्रसङ्गः? अथागृहीतं शारीरस्य ब्रह्मणैकत्वं तदा मिथ्याज्ञाननिमित्तः शारीरस्योपभोगः, न तेन परमार्थरूपस्य ब्रह्मणः संस्पर्शः । नहि बालैस्तलमलिनतादिभिर्व्योम्नि विकल्प्यमाने तलमलिनतादिविशिष्टमेव परमार्थतो व्योम भवति । तदाह– न, **'वैशेष्याद्'** इति । नैकत्वेऽपि शारीरस्योपभोगेन ब्रह्मण उपभोगप्रसङ्गः, वैशेष्यात् । विशेषो हि भवति मिथ्याज्ञानसम्यग्ज्ञानयोः। मिथ्याज्ञानकल्पित उपभोगः, सम्यग्ज्ञानदृष्टमेकत्वम् । न च मिथ्याज्ञानकल्पितेनोपभोगेन सम्यग्ज्ञानदृष्टं वस्तु संस्पृश्यते। तस्मान्नोपभोगगन्धोऽपि शक्य ईश्वरस्य कल्पयितुम् ।।८।।

नेपालीभाषानुवाद

तावत् = पहिले, **देवानाम् प्रियः** = प्रश्नकर्ता तिमी, **इदम् प्रष्टव्यः** = यो कुरा सोध्न योग्य छौ कि, **अयम् आत्मान्तराभावः** = यो अर्को आत्माको अभाव, **त्वया** = तिमीद्वारा, **कथम् अध्यवसितः** = कसरी निश्चय गरियो, **तत्त्वम् असि अहम् ब्रह्म अस्मि अतः अन्यः विज्ञाता न अस्ति** = त्यो ब्रह्म तिमी हौ, म ब्रह्म हूँ, यो भन्दा अर्को विज्ञाता छैन भन्ने; **इत्यादिशास्त्रेभ्यः इति चेत्** = इत्यादि शास्त्रबाट निश्चय गरियो भन्छौ भने, **तर्हि** = त्यसो भए, **शास्त्रीयः अर्थः यथाशास्त्रं प्रतिपत्तव्यः**= शास्त्रीय अर्थ शास्त्रअनुसार नै जान्नु योग्य छ, **तत्र** = त्यहाँ, **अर्धजरतीयं न लभ्यम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्धजरतीय न्याय लिनु योग्य छैन, **तत्वम् असि इत्यादि शास्त्रं च** = तत्त्वमसि आदि शास्त्र त, **अपहतपाप्मत्वादिविशेषणं ब्रह्म** = पाप दोष नष्ट भएको ब्रह्मलाई, **शारीरस्य आत्मत्वेन उपदिशत्** = जीवको आफ्नो आत्माको रूपले उपदेश गर्दै, **तावत्** = पहिले, **शारीरस्य एव** = जीवको नै, **उपभोक्तृत्वं वारयति** = भोक्तापनलाई निषेध गर्छ त अनि, **तदुपभोगेन** = त्यो जीवका उपभोगद्वारा, **ब्रह्मणः उपभोगप्रसङ्गः कुतः** = ब्रह्मको उपभोगको प्रसङ्ग कसरी हुन्छ, **अथ** = अनि यदि, **शारीरस्य ब्रह्मणा एकत्वम्** = जीवको ब्रह्मका साथ एकता, **अगृहीतम्** = लिइएन भने पनि, **तदा** = त्यसबखत (नलिएको स्थितिमा), **शारीरस्य उपभोगः** = जीवको भोक्तृत्व, **मिथ्याज्ञाननिमित्तः** = भ्रान्तिमूलक हो र, **परमार्थरूपस्य ब्रह्मणः** = परमार्थस्वरूप ब्रह्मको, **तेन संस्पर्शः न** = त्यो उपभोगद्वारा संस्पर्श हुँदैन, **हि** = निश्चय, **बालैः** = अज्ञहरूद्वारा, **व्योम्नि** = आकाश, **तलमलिनातादिभिः** = छत हुनु र मलिनत्व आदिद्वारा, **विकल्प्यमाने** = विकल्पित भएमा, **परमार्थतः** =परमार्थरूपले(वास्तवमा), **व्योम** = आकाश, **तलमलिनतादिविशिष्टं एव** = छत हुनु र मलिनताले युक्त, **न भवति** = हुँदैन र, **तत् आह** = त्यही कुरा सूत्रकार भन्नुहुन्छ, **न वैशेष्यात् इति** = न वैशेष्यात् भनेर, **एकत्वे अपि** = एकत्वमा पनि, **शारीरस्य उपभोगेन** = जीवका उपभोगद्वारा, **ब्रह्मणः उपभोगप्रसङ्गः न** = ब्रह्मको उपभोग हुने कुरा हुँदैन, **वैशेष्यात्**= विशेषता हुनाले, **हि** = निश्चय, **मिथ्याज्ञानसम्यग्ज्ञानयोः** = मिथ्याज्ञान, परमार्थ (यथार्थ) ज्ञानमा; **विशेषः भवति** = फरक हुन्छ किनकि, **मिथ्याज्ञाननिमित्तः उपभोगः** = मिथ्याज्ञानद्वारा देखिएको एकत्व हो, **मिथ्याज्ञानकल्पितेन उपभोगेन**= मिथ्याज्ञानबाट भएको उपभोगद्वारा, **सम्यग्ज्ञानदृष्टं वस्तु न संस्पृश्यते च** = यथार्थ ज्ञानले ठहराएको वस्तु संपृक्त हुँदैन पनि, **तस्मात्** = त्यसकारणबाट, **ईश्वरस्य** = ईश्वरको, **उपभोगगन्धः अपि** = उपभोगको गन्धसम्म पनि, **कल्पयितुं न शक्यः**= कल्पना गर्न नसकिने छ ।

विशदीकरण

पहिले तिमीसँग यो कुरा सोधिन्छ कि - आत्मा एक हो भन्ने कुरा कताबाट थाहा पायौ र निश्चय गऱ्यौ ? '**तत्त्वमसि**', '**अहं ब्रह्मास्मि**' इत्यादि शास्त्रद्वारा भन्छौ भने त्यसो भए शास्त्रको तात्पर्य शास्त्रीय ढंगबाट नै जान्नु पर्दछ । अर्धजरतीय न्याय (कुखुराको शरीर आधा तरकारी पकाइने, आधाले फुल पार्ने भने जस्तो वा वृद्धा स्त्रीको मुखले विषयभोग चाहन्छ अरू अङ्गहरूले चाहँदैनन् इत्यादि रूपको न्याय) लिनु योग्य हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि '**तत्त्वमसि**' आदि शास्त्रले पापदोषमुक्त ब्रह्मसँग जीवको एकता बताउँछ र जीवको नै भोक्तृत्वनिषेध गर्छ । त्यसको उपभोगबाट ब्रह्ममा उपभोगको संसर्ग कसरी आइपर्ला ? जीव र ब्रह्मको एकत्व नलिए पनि त जीवको उपभोग मिथ्याज्ञानबाट भएकोले सो बाट ब्रह्ममा संस्पर्श हुँदैन । जस्तो कि अज्ञानीहरूले निर्मल आकाशलाई छत जस्तो र नीलो भनेर कल्पना गरे पनि वास्तवमा आकाश छत जस्तो र नीलो हुँदैन । त्यही कुरा सूत्रकारले भन्नुहुन्छ- '**न वैशेष्यात्**' । ब्रह्म र जीवको एकता पक्षमा पनि जीव र ब्रह्ममा धेरै अन्तर हुनाले जीवका भोगले ब्रह्ममा भोग आउन सक्दैन ।

मिथ्याज्ञान र यथार्थज्ञानमा फरक छ । उपभोग हुन्छ मिथ्याज्ञानबाट, एकत्व हुन्छ यथार्थज्ञानबाट। मिथ्याज्ञानबाट भएका उपभोगले यथार्थज्ञानले ठहराएको वस्तु संपृक्त हुनसक्दैन । यस प्रकार ईश्वरमा उपभोगको गन्धसम्म पनि कल्पना गर्न सकिन्न ।।८।।

इतिसर्वत्र प्रसिद्ध्यधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. अत्त्रधिकरणम् {सू. ९-१०}

ब्रह्मसूत्रम् - अत्ता चराचरग्रहणात्   १/२/९

सूत्रार्थ - अत्ता = अत्ता (खानेवाला) यहाँ परमात्मा हो, **चराचरग्रहणात्** = चर, अचर सबैलाई लिइएकोबाट ।

शाङ्करभाष्यम्

कठवल्लीषु पठ्यते –

"यस्य ब्रह्म च क्षत्रं चोभे भवत ओदनः ।

मृत्युर्यस्योपसेचनं क इत्था वेद यत्र सः ।।" (क० १/२/२४) इति। अत्र कश्चिदोदनोपसेचनसूचितोऽत्ता प्रतीयते । तत्र किमग्निरत्ता स्यात्, उत जीवः, अथवा परमात्मेति संशयः । विशेषानवधारणात्, त्रयाणां चाग्निजीवपरमात्मनामस्मिन्ग्रन्थे प्रश्नोपन्यासोपलब्धेः । किं तावत् प्राप्तम् ? अग्निरत्तेति । कुतः ? **'अग्निरन्नादः'** (बृ. १/४/६) इति श्रुतिप्रसिद्धिभ्याम् । जीवो वाऽत्ता स्यात्, **'तयोरन्यः पिप्पलं स्वाद्वत्ति'** इति दर्शनात् । न परमात्मा, **'अनश्नन्नन्योऽअभिचाकशीति'** (मु० ३/१/१/) इति दर्शनादित्येवं प्राप्ते ब्रूमः ।

नेपालीभाषानुवाद

कठवल्लीषु = कठवल्ली उपनिषद्मा, **पठ्यते** = पढिन्छ कि, **यस्य** = जसको, **ब्रह्म** = ब्रह्म (ब्राह्मण) र, **च** = फेरि, **क्षत्रम् च** = क्षत्र (क्षत्रिय) पनि, **उभे** = दुवै, **ओदनः** = खाद्य (भात), **भवतः** = हुन्छन्, **यस्य** = जसको, **मृत्युः**= मृत्यु, **उपसेचनम्** = चटनी हो वा भातमा मिलेको घ्यू हो, **यत्र सः** = जहाँ यो सबैको कारणरूप छ त्यो निर्विशेष आत्मालाई, **वेद** = दुश्चरित्रबाट नहटेको मानिसले जान्दैन इत्यादि भनाइअनुसारको उपायवाला भएर, **यथा वेद** = जसरी जान्दछ, **इत्था** = यस प्रकार, **कः वेद इति** = अर्को कसले जान्दछ, अर्थात् जान्दैन भन्ने, **अत्र** = यहाँ, **ओदनोपसेचनसूचितः** = भात र चटनीद्वारा संकेत गरिएको, **कश्चित् अत्ता** = कुनै खाने वाला, **प्रतीयते** = बुझिन्छ, **तत्र** = त्यहाँ त्यसमा, **किं अग्निः अत्ता स्यात्** = के अग्नि अत्ता हुनसक्दछ, **उत जीवः** = के फेरि जीव, **अथवा** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा, **परमात्मा इति** = परमात्मा अत्ता हो भन्ने, **संशयः** = शङ्का हुन्छ किनकि, **विशेषानवधारणात्** = विशेषरूपले किटान नहुनाले र, **त्रयाणाम् अग्निजीव-परमात्मनाम्** = तीनोटै अग्नि, जीव र परमात्माको; **अस्मिन् ग्रन्थे** = यो ग्रन्थ (कठ) मा, **प्रश्नोपन्यासोपलब्धेः** = प्रश्नको उपन्यास गरेको पाइनाले, **तावत् किं प्राप्तम्** = पहिले कुन कुरा प्राप्त हुन आयो, **अग्निः अत्ता इति** = अग्नि अत्ता हो भन्ने, **कुतः** = कताबाट, **अग्निः अन्नादः इति** = अग्नि अन्न खानेवाला हो भन्ने, **श्रुतिप्रसिद्धिभ्याम्** = श्रुति र लोकमा प्रसिद्ध भएबाट, **या** = अथवा, **जीवः अत्ता स्यात्** = जीव अत्ता हुनसक्दछ कसरी, **तयोः अन्यः पिप्पलं स्वादु अत्ति इति** = ती दुईमा अर्को जीव कर्मको फल चाखसित खान्छ भन्ने, **दर्शनात्** = श्रुतिमा देखिएकोबाट, **परमात्मा न** = परन्तु परमात्मा अत्ता होइन, **अन्यः अनश्नन् अभिचाकशीति** = कर्म फल नभोग्दो अर्को (परमात्मा) प्रकाशित छ (विराजमान छ) भन्ने, **इति दर्शनात्** = यस्तो देखिनाले भन्ने, **इति एवं प्राप्ते** = यस्तो शङ्का भएमा, **ब्रूमः**= भन्दछौं ।

विशदीकरण

यहाँबाट अतृ नामको अधिकरण सुरु हुन्छ । अत्ता भनेको परमात्मा हो चराचरको ग्रहण हुनाले भन्ने सूत्राशय हो । कठवल्ली उपनिषद्मा जसको लागि ब्राह्मण र क्षत्रिय भात हुन्छन् र मृत्यु त्यही भातमा संपृक्त गरिएको घ्यू वा चटनी हुन्छ । त्यो जहाँ छ, त्यस्तो विशेषहीन परमात्मालाई, दुराचारबाट नहट्नेले जान्दैन भन्ने श्रुतिको भनाइअनुसार सदाचारी जसरी जान्दछ, त्यसरी अरू कसले जान्न सक्ने? भन्ने इत्यादि पढिन्छ ।

उक्त सन्दर्भमा भात र उपसेचन (चटनी) ले संकेत गरेको कुनै खानेवाला (अत्ता) छ भन्ने बुझिन्छ। त्यसमा शङ्का हुन्छ कि के त्यो खानेवाला भनेको अग्नि हो ?, अथवा जीव हो अथवा परमात्मा? विशेषरूपले किटान नगरेको र यो ग्रन्थमा अग्नि जीव तथा परमात्मा यी तीनैको सम्बन्धमा प्रश्न उठाएको देखिएकोले शङ्का हुन आएको हो ।

सर्वप्रथम 'अग्नि अन्न खाने वाला हो' भन्ने श्रुति र लोकमा 'अग्नि नै सबै कुरा खानेवाला हो' भन्ने प्रसिद्धि भएकाले अग्नि अत्ता हुनसक्दछ । अथवा ती दुई मध्ये एक अर्को (जीव) कर्मफल भोग्नेवाला हो भन्ने श्रुतिअनुसार जीव खानेवाला हुनसक्दछ । परन्तु कर्मफल नभोग्नेवाला एक अर्को स्वतः विराजमान छ भन्ने श्रुतिसमेत हुनाले परमात्मा अत्ता हुनसक्दैन भन्ने शङ्का भएमा उत्तररूपमा भन्दछौं ।

शाङ्करभाष्यम्

अत्ता. अत्र परमात्मा भवितुमर्हति । कुतः ? चराचरग्रहणात् । चराचरं हि स्थावरजङ्गमं मृत्यूपसेचनमिहाद्यत्वेन प्रतीयते, तादृशस्य चाद्यस्य न परमात्मनोऽन्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कात्स्न्र्येनात्ता संभवति। परमात्मा तु विकारजातं संहरन्सर्वमत्तीत्युपपद्यते । नन्विह चराचरग्रहणं नोपलभ्यते, कथं सिद्धवच्चराचरग्रहणं हेतुत्वेनोपादीयते? नैष दोषः, मृत्यूपसेचनत्वेन सर्वस्य प्राणिनिकायस्य प्रतीयमानत्वात्, ब्रह्मक्षत्रयोश्च प्राधान्यात् प्रदर्शनार्थत्वोपपत्तेः । यत्तु परमात्मनोऽपि नात्तृत्वं संभवति, **'अनश्नन्नन्योऽभिचाकशीति'** इति दर्शनादिति । अत्रोच्यते– कर्मफलभोगस्य प्रतिषेधकमेतद्दर्शनम्, तस्य सन्निहितत्वात् । न विकारसंहारस्य प्रतिषेधकम्, सर्ववेदान्तेषु सृष्टिस्थितिसंहारकारणत्वेन ब्रह्मणः प्रसिद्धत्वात् । तस्मात् परमात्मैवेहात्ता भवितुमर्हति ।।९।।

नेपालीभाषानुवाद

अत्ता अत्र परमात्मा भवितुम् अर्हति = अत्ता भनेको यहाँ परमात्मा हुनु पर्दछ, **कुतः** = कताबाट, **चराचरग्रहणात्** = चर तथा अचरलाई लिएकोबाट, **हि**= निश्चय, **चराचरं स्थावरजङ्गमम्** = चराचर भनेको स्थावरजङ्गम हो र, **मृत्यूपसेचनम्**= मृत्युरूप चटनीवाला त्यो, **अद्यत्वेन इह प्रतीयते** = खाद्यरूपमा बुझिन्छ, **तादृशस्य खाद्यस्य** = त्यस प्रकारका खाद्यको, **परमात्मनः अन्यः** = परमात्माभन्दा बाहेक अर्को, **कात्स्न्र्येन अत्ता न संभवति च** = निःशेषरूपले खानेवाला हुन सक्दैन, **परमात्मा तु** = परमात्मा त, **विकारजातं संहरन्** = विकार (सृष्टि) समूललाई संहार गर्दो, **सर्वम् अत्ति इति उपपद्यते** = सबैलाई खान्छ, भन्नु ठीक हुनआउँछ, **ननु** = शङ्का, **इह** = यहाँ, **चराचरग्रहणं न उपलभ्यते** = चराचरको ग्रहण गरेको कुरा भेटाइन्न र, **सिद्धवच्चराचरग्रहणम् हेतुत्वेन** = सिद्धरूपको चराचर ग्रहणलाई कारणरूपले, **कथम् उपादीयते** = कसरी लिइन्छ, **न एषः दोषः** = हुँदैन यो दोष, **मृत्यूपसेचनत्वेन** = मृत्यु नै चटनीको रूप हुनुबाट, **सर्वस्य प्राणिनिकायस्य** = सम्पूर्ण प्राणिसमूहको, **प्रतीयमानत्वात्** = प्रतीति हुनाले, **ब्रह्मक्षत्रयोः च** = ब्राह्मण र क्षत्रियको पनि, **प्राधान्यात्** = प्रधानरूप हुनाले, **प्रदर्शनार्थत्वोपपत्तेः** = उदाहरणनिमित्त हुनाले पनि, **यत् तु** = जो कि, **अन्यः अनश्नन् अभिचाकशीति** = कर्मफल नभोग्दो अर्को (परमात्मा) स्वत विराजमान छ भन्ने, **इति दर्शनात्** = यस्तो श्रुतिमा देखिनाले, **परमात्मनः अपि अत्तृत्वं न संभवति इति** = परमात्माको पनि भोक्तापन हुनसक्दैन भन्ने कुरा हो, सो बारे, **अत्र उच्यते** = यसमा भनिन्छ, **सन्निहितत्वात्** = कर्मफल भोक्ता जीवको नजिक हुनाले, **एतत् दर्शनं कर्मफलभोगस्य प्रतिषेधकम्** = यो श्रुतिको दर्शन कर्म फलका भोगको प्रतिषेधक हो, **विकारसंहारस्य**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिषेधकं न= विकारको संहार गर्ने कुराको प्रतिषेधक होइन, **सर्ववेदान्तेषु** = सबै वेदान्तमा, **सृष्टिस्थितिसंहारकारणत्वेन** = सृष्टि, स्थिति र संहारको कारणरूपले, **ब्रह्मणः प्रसिद्धत्वात्** = ब्रह्म नै प्रसिद्ध हुनाले, **तस्मात्** = त्यसकारणबाट, **परमात्मा एव इह अत्ता भवितुम् अर्हति** = परमात्मा नै यहाँ अत्ता हुनुपर्दछ ।

विशदीकरण

चर र अचर सबैको ग्रहण गरेकोबाट अत्ता भनेको यहाँ परमात्मा हो, किनकि चर, अचर भन्नु स्थावरजङ्गम सबै हो । मृत्युरूप चटनी वाला त्यो चराचर यहाँ खाद्यरूपमा देखिन्छ । फेरि त्यस्तो मृत्यु नै चटनी भइरहेका चराचररूप खाद्यको परमात्माबाहेक अर्को निःशेषरूपले अत्ता हुनसक्दैन । परमात्मालाई भने सम्पूर्ण सृष्टिलाई संहार गर्दो छँदो सबै खान्छ भन्न सुहाउँछ ।

यहाँ शङ्का हुन्छ कि यहाँ चराचरको ग्रहण वाक्यमा पाइदैन र सिद्धरूपले चराचर ग्रहण मानेर कारणरूपमा कसरी बताउन सकिन्छ ? परन्तु यसमा कुनै वाधा (दोष) छैन। किनकि मृत्युलाई नै चटनीरूपमा देखाएपछि सम्पूर्ण प्राणी, त्यसैभित्र पर्ने कुरा बुझिने स्पष्ट छ । फेरि ब्राह्मण, क्षत्रियमात्र लिएको पनि ती दुई प्राणिप्रधान हुनाले उदाहरणको रूप देखाउनु निमित्त हो । अर्को कुरा परमात्मा कर्मफल नभोग्दो छँदो स्वतः विराजमान छ भन्ने भनाइबाट परमात्मा पनि अत्ता हुनसक्दैन भन्ने जुन शङ्का गरियो, त्यस विषयमा भनिन्छ ।

बताइएको श्रुति वाक्य जीवको सन्निहित हुनाले परमात्मामा आएको भोक्तृत्वलाई निषेध गर्ने मात्र हो । सृष्टिको संहार गर्ने कुराको निषेध गर्ने होइन, किनकि सबै उपनिषद् (वेदान्त) मा संसारको सृष्टि, स्थिति र संहार गर्ने भनेर ब्रह्मको नै प्रसिद्धि छ । त्यस कारण अत्ता यहाँ परमात्मा नै हुनुपर्दछ ।।९।।

ब्रह्मसूत्रम् - प्रकरणाच्च १/२/१०

सूत्रार्थ - प्रकरणात् च = प्रकरणबाट पनि अत्ता परमात्मा नै हो ।

शाङ्करभाष्यम्

इतश्च परमात्मैवेहात्ता भवितुमर्हति । यत्कारणं प्रकरणमिदं परमात्मनः **'न जायते म्रियते वा विपश्चित्'** (का० १/२/१८) इत्यादि । प्रकृतग्रहणं च न्याय्यम् । **'क इत्था वेद यत्र सः'** इति च दुर्विज्ञानत्वं परमात्मलिङ्गम् ।।१०।।

नेपालीभावानुवाद

इतः च = अझै पनि, **इह** = यहाँ **यस्य ब्रह्म** भन्ने वाक्यमा, **अत्ता परमात्मा एव भवितुम् अर्हति** = अत्ता भनेको परमात्मा नै हुनुपर्छ, **यत् कारणम्** = जुनकारणबाट, **इदं प्रकरणं परमात्मनः** = यो प्रकरण परमात्माको हो किनभने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपश्चित् न जायते वा न म्रियते = सर्ववेत्ता (परमात्मा) जन्मदैन र मर्दैन भन्ने, **इत्यादि** = इत्यादि हो, **प्रकृतग्रहणं न्याय्यं च** = प्रकृत (उपक्रम) को ग्रहण गर्नु उचित पनि छ, **कः इत्था वेद यत्र सः** = कसले यसलाई सदाचारादि भएको मानिसले जाने भैँ जान्न सक्दछ, जहाँ त्यो विशेषरहित परमात्मा छ भन्ने, **इति च** = यो पनि, **दुर्विज्ञानत्वम्** = जान्न नसकिनु रूप, **परमात्मलिङ्गम्** = परमात्माको निशाना हो ।

विशदीकरण

'**यो सर्वज्ञाता जन्मदैन मर्दैन**' भन्ने इत्यादि परमात्मप्रकरण हुनाले पनि अत्ता भनेको परमात्मा हो भन्ने सूत्राशय हो । दोहोऱ्याएर भन्नु पर्दा पनि यहाँ अत्ता भनेको परमात्मा नै हो, किनकि '**न जायते म्रियते**' इत्यादि परमात्माको प्रकरण रहेको छ । फेरि प्रकरणको अनुगमन गर्नु न्यायसङ्गत पनि हो । अर्को कुरा '**क इत्था वेद यत्र सः**' भन्ने परमात्मलिङ्ग पनि छ ।।१०।।

इतिअत्त्रधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. गुहाप्रविष्टाधिकरणम् {सू. ११-१२}

ब्रह्मसूत्रम् - गुहां प्रविष्टावात्मानौ हि तद्दर्शनात् १/२/११

सूत्रार्थ - **गुहाम् प्रविष्टौ** = हृदय गुफामा प्रवेश गरेका, **हि** = निश्चय, **आत्मानौ** = जीव र परमात्मा हुन् किनकि, **तद्दर्शनात्** = त्यस्तै देखिएको कारणबाट ।

शाङ्करभाष्यम्

कठवल्लीष्वेव पठ्यते –

"**ऋतं पिबन्तौ सुकृतस्य लोके गुहां प्रविष्टौ परमे परार्धे ।**

छायातपौ ब्रह्मविदौ वदन्ति पञ्चाग्नयो ये च त्रिणाचिकेताः ।।"

(काठ. १/३/१) इति । तत्र संशयः – किमिह बुद्धिजीवौ निर्दिष्टावुत जीवपरमात्मानाविति ? यदि बुद्धिजीवौ, ततो बुद्धिप्रधानात्कार्यकरणसङ्घाताद् विलक्षणो जीवः प्रतिपादितो भवति । तदपीह प्रतिपादयितव्यम् ।

येयं प्रेते विचिकित्सा मनुष्येऽस्तीत्येके नायमस्तीति चैके ।

एतद्विद्यामनुशिष्टस्त्वयाहं वराणामेष वरस्तृतीयः।।"(काठ. १/१/२०) इति पृष्टत्वात् । अथ जीवपरमात्मानौ ततो जीवाद् विलक्षणः परमात्मा प्रतिपादितो भवति । तदपीह प्रतिपादयितव्यम् –

'**अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात् ।**

अन्यत्र भूताच्च भव्याच्च यत्तत्पश्यसि तद्वद ।।'(काठ. १/२/१४) इति पृष्टत्वात् ।

नेपालीभाषानुवाद

कठवल्लीषु एव पठ्यते = कठवल्लीमा नै पढिन्छ, **ऋतम्** = सत्य कर्मफललाई, **पिबन्तौ** = भोग गर्ने, **सुकृतस्य लोके** = राम्रोसँग आर्जेको पुण्यपापको कार्यरूपदेहमा, **परमे परार्धे** = उत्कृष्ट परमात्माको अर्धासनस्वरूप, **गुहाम् प्रविष्टौ**= गुफा (हृदय) मा प्रवेश गरेका, **छायातपौ** = छाया र प्रकाश जस्तै परस्पर विरुद्ध जुन छन् तिनीलाई, **ब्रह्मविदः पञ्चाग्नयः** = ब्रह्मवेत्ता र अग्नि कर्मी दुवैले, **वहन्ति** (**वदन्ति**) = धारण गर्छन् र भन्छन् पनि, **ये त्रिणाचिकेताः** = तीनपटक नाचिकेतस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निको चयन गरेका छन्, ती पनि (धारण गर्छन्) भन्ने, **इति** = यस्तो, **तत्र संशयः**= त्यसमा शङ्का हुन्छ, **किम् इह बुद्धिजीवौ निर्दिष्टौ** = के यहाँ बुद्धि र जीव देखाइएका हुन्, **उत** = अथवा (फेरि), **जीवपरमात्मानौ इति** = जीव र परमात्मा हुन् भन्ने, **यदि बुद्धिजीवौ** = यदि बुद्धि र जीव बताइएका हुन भन्ने, **ततः** = अनि, **बुद्धिप्रधानात् कार्यकरणसङ्घातात्** = बुद्धि प्रधान भएका कार्यकरणको संघातदेखि, **विलक्षणः**= विलक्षण भएको, **जीवः** = जीव, **प्रतिपादितः भवति** = प्रतिपादन गरिएको ठहर्दछ र, **तत् अपि इह प्रतिपादयितव्यम्** = त्यो पनि बताउनु पर्दछ किनकि, **या इयं प्रेते मनुष्ये विचिकित्सा** = जो कि यो मानिस मरेपछि शङ्का हुन्छ, **अस्ति इति एके** = अवश्य छ भनेर कोही र, **अयम् न अस्ति इति च एके** = यो मृत मनुष्य छैन भनेर पनि कोही भन्दछन्, **एतत्** = यो कुरा, **त्वया अनुशिष्टः** = तपाईं(मृत्यु)ले अनुशासित गरेको, **अहम्** = म (नचिकेता), **विद्याम्** = जान्न सकूँ, **वराणाम्** = तीन वरमध्येमा, **एषः तृतीयः वरः** = यो तेस्रो वर हो भन्ने, **इति पृष्टत्वात्** = यसरूपले सोधेको हुनाले, **अथ जीवपरमात्मानौ** = अब यदि जीव र परमात्मा हुन भन्ने, **ततः जीवाद् विलक्षणः परमात्मा** = अनि जीवदेखि विलक्षण भएको परमात्मा, **प्रतिपादितः भवति** = प्रतिपादन गरेको ठहर्दछ र, **तत् अपि इह प्रतिपादयितव्यम्** = त्यो पनि यहाँ बताउनु पर्दछ किनकि, **धर्मात् अन्यत्र** = धर्मभन्दा अलग, **अधर्मात् अन्यत्र**= अधर्मभन्दा अलग, **अस्मात् कृताकृतात्** = यो कार्य र कारणबाट अलग र, **भूतात् च भव्यात् च** = भूत भविष्यबाट अलग जुन छ, **पश्यसि** = देख्नु हुन्छ, **तत् वद इति** = त्यो (ब्रह्म) बताउनु होस् भनेर, **पृष्टत्वात्** = सोधेको हुनाले ।

विशदीकरण

अब गुहाप्रविष्ट अधिकरण सुरु हुन्छ । गुहामा प्रवेश गरेका जीव र परमात्मा हुन्, त्यस्तै देखिएकोले भन्ने सूत्राशय हो ।

कर्मफल भोग्ने र आफूले आर्जेका पुण्यपापको कार्यरूप देहमा (हृदय-गुफामा) बसेका तेज र तम जस्तै परस्पर विलक्षण जीव र परमात्मालाई ब्रह्मवेत्ता र पञ्चाग्नि कर्मीहरू र नाचिकेतस अग्निको तीन वार चयन गर्नेहरूले धारण गर्दछन्, इत्यादि कठवल्लीमा भनिएको छ । कठवल्लीको भनाइ बारे शङ्का हुन्छ- ती बताइएका परस्परभिन्न बुद्धि र जीव हुन् अथवा जीव र परमात्मा हुन् । यदि बुद्धि र जीव हुन् भने जहाँ बुद्धिप्रधान रहेको हुन्छ। त्यस कार्यकारणको सङ्घातभन्दा भिन्न जीव बताइएको ठहर्छ र त्यो यहाँ बताउनै पर्दछ ।

कसैले मानिस मरेपछि कर्मफल भोग्ने आत्मा रहन्छ भन्दछन् भने कसैले रहँदैन भन्दछन् । यसमा शङ्का छ - तपाईं मृत्यु (यम) द्वारा शिक्षा गरिएको म (नचिकेता) त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा यथार्थ जान्न सकूँ, यही मेरो वरमध्येको तेश्रो वर हो भनेर नचिकेताले यमसँग सोधेका छन् । यदि जीव र परमात्मा हुन् भने जीवभन्दा विलक्षण परमात्मा बताइएको हुनुपर्दछ र त्यो पनि यहाँ बताइनु पर्छ । किनभने धर्म र अधर्म तथा कार्यकारणबाट भिन्न र भूत तथा भविष्यभन्दा पनि अलग जुन देख्नुहुन्छ, त्यो बताउनुहोस् भनेर सोधेको हुनाले।

शाङ्करभाष्यम्

अत्राहाक्षेप्ता– उभावप्येतौ पक्षौ न संभवतः । कस्मात् ? ऋतपानं कर्मफलोपभोगः, '**सुकृतस्य लोके**' इति लिङ्गात् । तच्चेतनस्य क्षेत्रज्ञस्य संभवति, नाचेतनाया बुद्धेः । '**पिबन्तौ**' इति च द्विवचनेन द्वयोः पानं दर्शयति श्रुतिः । अतो बुद्धिक्षेत्रज्ञपक्षस्तावन्न संभवति । अत एव क्षेत्रज्ञपरमात्मपक्षोऽपि न संभवति, चेतनेऽपि परमात्मनि ऋतपानासम्भवात् । '**अनश्नन्नन्योऽभिचाकशीति**' (मु० ३/१/१) इति मन्त्रवर्णादिति । अत्रोच्यते– नैष दोषः, छत्रिणो गच्छन्तीत्येकेनापि छत्रिणा बहूनां छत्रित्वोपचारदर्शनात् । एवमेकेनापि पिबता द्वौ पिबन्तावुच्येते । यद् वा– जीवस्तावत् पिबति, ईश्वरस्तु पाययति । पाययन्नपि पिबतीत्युच्यते, पाचयितर्यपि पक्तृत्वप्रसिद्धिदर्शनात् ।

नेपालीभाषानुवाद

अत्र आक्षेप्ता आह = यहाँ यस विषयमा शङ्का गर्ने वाला भन्दछ, **एतौ उभौ अपि पक्षौ न संभवतः** = यी दुवै पनि पक्ष हुन सक्दैनन्, **कस्मात्** = के बाट, **ऋतपानं कर्मफलोपभोगः** = ऋतपान भनेको कर्मफलको भोग गर्नु हो, **सुकृतस्य लोके इति लिङ्गात्** = राम्रोसँग आर्जेका पुण्यपापको कार्यमा भन्ने चिह्न हुनाले, **तत् चेतनस्य क्षेत्रज्ञस्य भवति** = त्यो भोग चेतन जीवको हुन्छ, **अचेतनायाः बुद्धेः न**= जडरूप बुद्धिको हुँदैन, **पिबन्तौ इति च द्विवचनेन** = 'पिबन्तौ' भन्ने यो दुई वचनद्वारा, **श्रुतिः द्वयोः पानं दर्शयति** = श्रुतिले दुवैको कर्मफल भोग देखाउँछ, **अतः** = यसकारणबाट, **तावत्** = पहिले, **बुद्धिक्षेत्रज्ञपक्षः न संभवति** = बुद्धि र जीव हुन् भन्ने पक्ष हुनसक्दैन, **अतः एव** = यसकारणबाट नै, **क्षेत्रज्ञपरमात्मपक्षः अपि न संभवति** = जीव र परमात्मा हुन् भन्ने पक्ष पनि हुन सक्दैन किनकि, **चेतने अपि परमात्मनि** = चेतन भए पनि परमात्मामा, **ऋतपानासंभवात्** = कर्मफल भोगको असंभव हुनाले र, **अन्यः अनश्नन् अभिचाकशीति** = अर्को (परमात्मा) कर्मफल नभोग्दो स्वतः विराजमान छ भन्ने, **इति मन्त्रवर्णात् इति** = यस्तो मन्त्रवर्ण भएबाट पनि, **अत्र उच्यते** = यसमा भनिन्छ, **एषः दोषः न** = त्यो दोष हुँदैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छत्रिणः गच्छन्ति इति = छातावालाहरू जान्छन् भन्दा, **एकेन छत्रिणा अपि** = एउटै छातावालाले गर्दा पनि, **बहूनां छत्रित्वोपचारदर्शनात्** = धेरै जना छातावाला भन्ने कुराको उपचार देखिनाले, **एवम्** = यस प्रकार, **पिबता अपि एकेन** = एउटैले पिउँदा पनि, **द्वौ पिबन्तौ** = दुइटाले पिउँछन् भन्ने यस द्विवचनद्वारा, **उच्यते**= श्रुतिले दुवैमा कर्मफलको उपभोग देखाउँछ, **यत् वा** = अथवा, **तावत्** = पहिले, **जीवः पिबति** = जीव कर्मफल भोग्छ, **ईश्वरः तु पाययति** = ईश्वर त भोगाउँछ, **पाययन् अपि पिबति इति उच्यते** = भोगाउँदो पनि भोग्दछ भनेर भनिन्छ, **पाचयितरि अपि** = पकाउन लगाउनेमा पनि, **पक्तृत्वप्रसिद्धिदर्शनात्** = पकाउँछ भन्ने प्रसिद्धि हुनाले ।

विशदीकरण

उक्त विषयमा कसैले शङ्का गर्छन् कि यी दुवै पक्ष हुनसक्दैनन्, किनभने ऋतपान भनेको कर्मफल भोग्नु हो । राम्रो आर्जेका पुण्यपापको कार्यमा भन्ने जीवको लक्षण हुनाले त्यो भोग जीवको हुनसक्दछ, परन्तु बुद्धिको हुँदैन । फेरि पिबन्तौ भन्ने दुई वचनद्वारा दुवैको भोग श्रुतिले देखाउँछ । बुद्धि अचेतन हुनाले बुद्धि र जीव भन्ने पक्ष हुँदैन । जीव र परमात्मा भन्ने पक्ष पनि, अर्को (परमात्मा) कर्मफल नभोगेर नै स्वतः विराजमान छ भन्ने श्रुतिअनुसार परमात्मा चेतन भए पनि भोग असंभव हुनाले ठीक हुँदैन ।

यसमा पूर्वपक्षीद्वारा भनिन्छ- यो दोष हुँदैन । धेरै जनामा एकजनाले छाता ओढेर हिंडे पनि छातावालाहरू जान्छन् भनेर एउटा छातावालाको धेरै माथि उपचार गरिए झैं एउटाले कर्मफल भोगे पनि दुवैले भोग्छन् भन्न मिल्दछ । अथवा जीवले भोग्दछ, ईश्वरले भोगाउँछ । भोगाए पनि भोग्दछ भनिन्छ । किनभने पकाउन लगाउनेमा पनि पकाउँछ भन्ने प्रयोग गरेको देखिएको छ ।

शाङ्करभाष्यम्

बुद्धिक्षेत्रज्ञपरिग्रहोऽपि सम्भवति, करणे कर्तृत्वोपचारात् । एधांसि पचन्तीति प्रयोगदर्शनात्। नचाध्यात्माधिकारेऽन्यौ कौचिद् द्वावृतं पिबन्तौ सम्भवतः । तस्माद् बुद्धिजीवौ स्यातां जीवपरमात्मानौ वेति संशयः । किं तावत्प्राप्तम् ? बुद्धिक्षेत्रज्ञाविति। कुतः ? गुहां प्रविष्टौ इति विशेषणात् । यदि शरीरं गुहा यदि वा हृदयम्, उभयथापि बुद्धिक्षेत्रज्ञौ गुहां प्रविष्टावुपपद्येते। न च सति संभवे सर्वगतस्य ब्रह्मणो विशिष्टदेशत्वं युक्तं कल्पयितुम् । **'सुकृतस्य लोके'** इति च कर्मगोचरानतिक्रमं दर्शयति । परमात्मा तु न सुकृतस्य वा दुष्कृतस्य वा गोचरे वर्तते, **'न कर्मणा वर्धते नो कनीयान्'** इति श्रुतेः । **'छायातपौ'** इति च चेतनाचेतनयोर्निर्देश उपपद्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायातपवत् परस्परविलक्षणत्वात् । तस्माद् बुद्धिक्षेत्रज्ञाविहोच्येयाताम्, इत्येवं प्राप्ते ब्रूमः ।

नेपालीभाषानुवाद

बुद्धिक्षेत्रज्ञपरिग्रहः अपि = बुद्धि र जीवलाई लिने पक्ष पनि, **सम्भवति** = हुनसक्दछ किनकि, **करणे कर्तृत्वोपचारात्** = करण (साधन) मा पनि कर्तापनको उपचार हुनाले र, **एधांसि पचन्ति इति प्रयोगदर्शनात्** = दाउराहरू पकाउँछन् भन्ने प्रयोग तदनुसार देखिनाले पनि, **अध्यात्माधिकारे** = अध्यात्मसम्बन्धी अधिकारमा, **अन्यौ कौचित् द्वौ** = अरू कुनै दुई, **ऋतं पिबन्तौ न संभवतः च** = कर्मफल भोगिरहेका हुनसक्दैनन् पनि, **तस्मात् बुद्धिजीवौ स्याताम्** = त्यसकारणबाट बुद्धि र जीव हुन सक्दछन्, **वा** = अथवा, **जीवपरमात्मानौ इति** = जीव र परमात्मा हुनसक्दछन् भन्ने, **संशयः** = शङ्का हुन्छ, **तावत् किं प्राप्तम्** = पहिले के प्राप्त हुन आयो, **बुद्धिक्षेत्रज्ञौ इति** = बुद्धि र जीव भन्ने प्राप्त हुन आयो, **कुतः** = के, कता बाट, **गुहां प्रविष्टौ इति विशेषणात्** = गुहामा प्रवेश गरेका भन्ने विशेषण हुनाले, **यदि शरीरं गुहा** = यदि शरीर गुहा भनियोस्, **यदि वा** = अथवा, **हृदयम्** = हृदय भनियोस्, **उभयथा अपि** = दुवै पक्षमा पनि, **बुद्धिक्षेत्रज्ञौ गुहां प्रविष्टौ उपपद्येते**= बुद्धि र जीव गुहामा प्रवेश गरेका हुनसक्दछन्, **सम्भवे सति** = सम्भव भए (रहे) छँदामा, **सर्वगतस्य ब्रह्मणः** = सबै ठाउँमा रहेका ब्रह्मको, **विशिष्टदेशत्वम्** = कुनै विशिष्ट देशवाला हुने कुरा, **कल्पयितुं च न युक्तम्** = कल्पना गर्न पनि योग्य छैन, **सुकृतस्य लोके इति च** = आर्जेका पुण्य र पापको कार्यरूप देहमा भन्ने वाक्यले पनि, **कर्मगोचरानतिक्रमम्** = कर्मफलको अधीनतालाई लङ्घन गर्न नमिल्ने कुरा, **दर्शयति** = देखाउँछ, **परमात्मा तु** = परमात्मा त, **सुकृतस्य दुष्कृतस्य वा गोचरे न वर्तते** = धर्म अथवा पापको अधीनमा रहँदैन, **कर्मद्वारा न वर्धते कनीयान् च न इति श्रुतेः** = कर्मद्वारा घटबढ हुँदैन भन्ने श्रुति हुनाले, **छायातपौ इति** = छाया र प्रकाश भन्ने, **निर्देशः च** = निर्देश पनि, **चेतनाचेतनयोः** = चेतन र अचेतनमा, **उपपद्यते** = ठीक हुन आउँछ किनकि, **छायातपवत् परस्परविलक्षणत्वात्**= छाया र प्रकाश झैं परस्परमा विलक्षण हुनाले, **तस्मात्** = त्यसकारणबाट, **इह** = यहाँ, **बुद्धिक्षेत्रज्ञौ उच्येयाताम्**= बुद्धि र जीव भनिन्छन् भन्ने, **इति** = यस्तो, **एवं प्राप्ते**= यसरी शङ्का हुन आएमा, **ब्रूमः** = उत्तररूपमा भन्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

प्रकृत प्रसङ्गमा दाउराहरू पकाउँछन् भनेर करण (तृतीया) मा पनि प्रथमान्त (कर्ता) को प्रयोग देखिनाले बुद्धि र जीव भन्ने पक्ष पनि हुनसक्दछ । फेरि अध्यात्मसम्बन्धी अधिकार (प्रकरण) मा यी बाहेक अरू कुनै दुई कर्मफल भोगिरहेका हुन पनि असम्भव छ । तसर्थ- कि त बुद्धि र जीव ? कि त जीव र परमात्मा ? नै यहाँ हुनसक्दछन् भन्ने शङ्का हुन्छ । त्यसमा पहिले गुहामा प्रवेश गरेका भन्ने विशेषणबाट बुद्धि र जीव भन्ने पक्ष नै आइपर्छ । शरीर वा हृदय जसलाई गुहा माने पनि त्यसमा प्रवेश गरेका बुद्धि र जीव नै हुन भन्न मनासिब हुन्छ ।

अन्यत्र सम्भव हुँदाहुँदै सर्वव्यापी परमात्मालाई कुनै एक विशिष्ट स्थानमा रहेका भन्न पनि ठीक पर्दैन । अर्को कुरा राम्रोसँग आर्जेका पुण्यपापको कार्यरूप देहमा भन्ने वाक्यले कर्मफलको अधीनतालाई जीवले नाघ्न नमिल्ने कुरा स्पष्ट गरेको छ । परमात्मा त धर्म र पापको अधीनमा रहँदैनन् र कर्मद्वारा उनमा घटबढ हुँदैन भन्ने कुरा श्रुतिले बताएको छ । छाया र प्रकाशको दृष्टान्तले परस्पर विलक्षण हुनाले चेतन अचेतन दुईमा उपयुक्त हुनाले समेत यहाँ बुद्धि र जीवलाई नै भनेको हो भन्ने शङ्का भएमा उत्तररूपमा भन्दछौं ।

शाङ्करभाष्यम्

विज्ञानात्मपरमात्मानाविहोच्येयाताम् । कस्मात् ? आत्मानौ हि तावुभावपि चेतनौ समानस्वभावौ । संख्याश्रवणे च समानस्वभावेष्वेव लोके प्रतीतिर्दृश्यते। अस्य **'गोर्द्वितीयोऽन्वेष्टव्यः'** इत्युक्ते गौरेव द्वितीयोऽन्विष्यते नाश्वः पुरुषो वा। तदिह ऋतपानेन लिङ्गेन निश्चिते विज्ञानात्मनि द्वितीयान्वेषणायां समानस्वभावश्चेतनः परमात्मैव प्रतीयते । ननूक्तं **'गुहाहितत्वदर्शनान्न परमात्मा प्रत्येतव्यः'** इति गुहाहित्वदर्शनादेव परमात्मा प्रत्येतव्य इति वदामः । गुहाहितत्वं तु श्रुतिस्मृतिष्व-सकृत्परमात्मन एव दृश्यते- **'गुहाहितं गह्वरेष्ठं पुराणम्'** (का. १/२/१२), **'यो वेद निहितं गुहायां परमे व्योमन्'** (तै. २/१), **'आत्मानमन्विच्छ गुहां प्रविष्टम्'** इत्याद्यासु । सर्वगतस्यापि ब्रह्मण उपलब्ध्यर्थो देशविशेषोपदेशो न विरुध्यत इत्येतदप्युक्तमेव । सुकृतलोकवर्तित्वं तु छत्रित्ववदेकस्मिन्नपि वर्तमान-मुभयोरविरुद्धम्। छायातपावित्यविरुद्धम् । छायातपवत्परस्परविलक्षणत्वात्संसारि-त्वासंसारित्वयोः । अविद्याकृतत्वात्संसारित्वस्य, पारमार्थिकत्वाच्चासंसारित्वस्य। तस्माद् विज्ञानात्मपरमात्मानौ गुहां प्रविष्टौ गृह्येते ।।११।।

नेपालीभाषानुवाद

विज्ञानात्मपरमात्मानौ इह उच्येयाताम् = जीव र परमात्मा नै यहाँ भनिन्छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्मात् = के बाट, **हि तौ उभौ अपि आत्मानौ** = निश्चय ती दुवै आत्मा हुन्, **चेतनौ समानस्वभावौ** = चेतन छन् र एउटै स्वभाववाला पनि, **संख्याश्रवणे** = संख्या(गिन्ति) सुनेमा, **लोके** = लोकमा, **समानस्वभावेषु एव** = एउटै स्वभाववालामा नै, **प्रतीतिः दृश्यते** = ज्ञान (याद) भएको देखिन्छ, **अस्य गोः द्वितीयः अन्वेष्टव्यः**= यस गोरुको दोस्रो संगी खोज्नु पर्छ भन्ने, **इति उक्ते** = यस्तो भनेमा, **गौः एव द्वितीयः अन्विष्यते** = दोस्रो गोरु नै खोजिन्छ परन्तु, **अश्वः वा पुरुषः न** = घोडा अथवा पुरुष खोजिंदैन, **तत् इह** = त्यसकारण यहाँ, **ऋतपानेन लिङ्गेन** = कर्मफल भोग्नु रूप चिह्नद्वारा, **विज्ञानात्मनि निश्चिते** = विज्ञान स्वरूप (जीव) को निश्चय भएमा, **द्वितीयान्वेषणायाम्** = दोस्राको खोजीमा, **समानस्वभावः चेतनः परमात्मा एव** = समानस्वभाव वाला चेतन परमात्मा नै, **प्रतीयते** = बुझिन्छ (जानिन्छ), **ननु** = शङ्का, **गुहाहितत्वदर्शनात्**= गुहामा प्रवेश गरेको भन्नाले, **परमात्मा न प्रत्येतव्यः इति** = परमात्मा हो भनेर जान्नु योग्य छैन भन्ने, **इति** = यस्तो (भन्छौ भने), **गुहाहितत्वदर्शनात् एव** = गुहामा प्रवेश गरेको भन्नाले नै, **परमात्मा प्रत्येतव्यः इति वदामः** = परमात्मा हो भनेर जान्नुपर्छ भन्ने कुरा हामी भन्दछौं, **गुहाहितत्वं तु**= गुहामा प्रवेश गर्ने कुरा त, **श्रुतिस्मृतिषु** = श्रुति र स्मृतिहरूमा, **असकृत्** = बारम्बार, **परमात्मनः एव दृश्यते** = परमात्माको सम्बन्धमा मात्र देखिन्छ जस्तै कि, **गुहाहितम्**= बुद्धिमा रहेको, **गह्वरेष्ठम् पुराणम्** = अनेक अनर्थवाला देहमा रहेको र अतिपुरानो, **परमे व्योमन् (व्योमनि)** = बुद्धिमा रहेको आत्मालाई, **यः वेद** = जो जान्दछ, **गुहां प्रविष्टम् आत्मानम् अन्विच्छ** = गुहामा प्रवेश गरेको आत्मालाई खोज भन्ने, **इत्याद्यासु** = इत्यादि श्रुतिमा, **सर्वगतस्य अपि ब्रह्मणः** = सर्वव्यापी भएका ब्रह्मको पनि, **उपलब्ध्यर्थः** = जान्नु वा उपासना निमित्त, **देशविशेषोपदेशः न विरुध्यते** = कुनै स्थानविशेषको उपदेश गर्न विरुद्ध हुँदैन भन्ने, **इति एतत् अपि उक्तम् एव** = यस्तो कुरा यो पनि भनियो नै, **सुकृतलोकवर्तित्वं तु** = सुकृत लोकमा रहने कुरा त, **छत्रित्ववत्** = छातावाला भन्ने कुरा जस्तै, **एकस्मिन् वर्तमानम् अपि** = एउटैमा रहेको पनि, **उभयोः अविरुद्धम्** = दुवैमा नमिल्दो हुँदैन, **छायातपौ इति अविरुद्धम्** = छाया र प्रकाशजस्तो भनिएको पनि नमिल्दो हुँदैन किनकि, **संसारित्वासंसारित्वयोः** = संसारीपन र असंसारीपनको, **छायातपवत् परस्परविलक्षणत्वात्** = छाया र प्रकाशको जस्तो परस्पर विलक्षणता हुनाले किनभने, **संसारित्वस्य अविद्याकृतत्वात्** = संसारीपन अविद्याबाट भएको र, **असंसारित्वस्य पारमार्थिक-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वात् = असंसारीपन पारमार्थिक सत्य हुनाले, **तस्मात्** = त्यसकारणबाट, **गुहाम् प्रविष्टौ** = गुहामा प्रवेश गरेका भनेर, **विज्ञानात्मपरमात्मानौ गृह्येते** = जीव र परमात्मा नै लिइन्छन् ।

विशदीकरण

यहाँ, गुहामा प्रवेश गरेका (भनिएका) जीव र परमात्मा नै हुन्- भनेर हामी भन्दछौं । किनभने जीव र परमात्मा दुवै समानस्वरूपवाला चेतन हुन् । संख्याद्वारा गरिने गणना सुनिएपछि समानस्वरूपवालाको नै प्रतीति हुन आउँछ । जस्तै - यस गोरुको दोस्रो संगी खोज्नु परेको छ भन्यो भने समान स्वरूपवाला दोस्रो गोरु नै खोजिन्छ, घोडा अथवा पुरुष खोजिंदैन । त्यस कारण यहाँ कर्मफलको भोग गर्नुरूप लिङ्गद्वारा जीव भन्ने निश्चय भएपछि दोस्रोको खोजी भएमा समानस्वरूपवाला परमात्मा नै बुझिन्छ भन्ने कुरा हामी भन्दछौं ।

गुहामा प्रवेश गरेको भन्नाले यहाँ परमात्माको बोध हुँदैन भन्छौ भने हामी गुफामा प्रवेश गरेको भन्नाले नै परमात्मालाई बुझ्नु पर्दछ भन्छौं । किनभने परमात्माको गुफामा प्रवेश गर्ने कुरालाई श्रुति र स्मृतिमा पटक पटक दोहोऱ्याइएको छ । जस्तै कि 'बुद्धिरूप गुफामा रहेको सर्वप्राचीन र अनेक अनर्थ हुने देहमा रहेको आत्मालाई जसले जान्दछ' भन्ने र 'गुफामा प्रवेश गरेका आत्मालाई खोज' भन्ने समेतका अनेक श्रुतिहरूमा परमात्माको गुहाप्रवेशबारे उल्लेख भएको छ ।

फेरि सर्वव्यापी ब्रह्मको उपासनार्थ एकदेशको परिकल्पना पनि शास्त्र विरुद्ध छैन र त्यसको चर्चा पनि भइसकेको छ । संसारीपन र असंसारीपन छाया र प्रकाश जस्तै परस्पर विलक्षण हुनाले छाया र प्रकाशको दृष्टान्त पनि नमिल्दो छैन । फेरि संसारीपन अविद्याबाट भएको र असंसारीपन पारमार्थिक हो र विलक्षण पनि छ इत्यादि भनिएको कारणबाट गुफामा प्रवेश गरेका भनेर जीव र परमात्मा नै यस वाक्यमा लिइन्छन् ।।११।।

शाङ्करभाष्यम् - कुतश्च विज्ञानात्मपरमात्मानौ गृह्येते ?

नेपालीभाषानुवाद - च = फेरि, **कुतः** = कुन कारणबाट, **विज्ञानात्मपरमात्मानौ**= जीव र परमात्मा, **गृह्येते** = लिइन्छन् ?

ब्रह्मसूत्रम् - विशेषणाच्च १/२/१२

सूत्रार्थ - विशेषणात् च = जीव र परमात्माको विशेषणबाट पनि यहाँ जीव र परमात्मा लिइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

विशेषणञ्च विज्ञानात्मपरमात्मनोरेव भवति । **'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु'** (का० १/३/३) इत्यादिना परेण ग्रन्थेनरथिरथादिरूपककल्पनया विज्ञानात्मानं रथिनं संसारमोक्षयोर्गन्तारं कल्पयति । **'सोऽध्वनः पारमाप्नोति तद्विष्णोः परमं पदम्'** (का० १/३/९) इति च परमात्मानं गन्तव्यं कल्पयति। तथा–

"तं दुर्दर्शं गूढमनुप्रविष्टं गुहाहितं गह्वरेष्ठं पुराणम् ।
अध्यात्मयोगाधिगमेन देवं मत्वा धीरो हर्षशोकौ जहाति ।।"

(का० १/२/१२) इति । पूर्वस्मिन्नपि ग्रन्थे मन्तृमन्तव्यत्वेनैतावेव विशेषितौ । प्रकरणं चेदं परमात्मनः । **'ब्रह्मविदो वदन्ति'** इति च वक्तृविशेषोपादानं परमात्म-परिग्रहे घटते । तस्मादिह जीवपरमात्मानावुच्येयाताम् ।

नेपालीभाषानुवाद

विशेषणम् च = विशेषण पनि, **विज्ञानात्मपरमात्मनोः एव भवति** = जीव र परमात्माको नै हुन्छ जस्तै, **आत्मानं रथिनं विद्धि** = विज्ञानात्मालाई रथी (रथमा बस्ने प्रमुख) जान, **शरीरम् तु रथम् एव** = शरीरलाई त रथ नै जान भन्ने, **इत्यादिना परेण ग्रन्थेन** = इत्यादि पछिल्ला ग्रन्थद्वारा, **रथिरथादिरूपककल्पनया** = रथी र रथको रूपक कल्पनाले, **रथिनं विज्ञानात्मानम्** = रथी रूप विज्ञानात्मालाई, **संसारमोक्षयोः गन्तारम्** = संसार र मोक्षमा जाने भनेर, **कल्पयति**= कल्पना गर्दछ र, **सः** = त्यो, **अध्वनः** = गन्तव्य बाटाको (संसारको), **पारम् आप्नोति** = पल्लो किनारालाई प्राप्त गर्छ, **तत् विष्णो परमं पदम्** = त्यो परमात्माको श्रेष्ठ स्थान हो भन्ने, **इति च** = यो वाक्य पनि, **परमात्मानम् गन्तव्यं कल्पयति** = परमात्मालाई गन्तव्यरूपमा बताउँछ, **तथा** = त्यस्तै, **दुर्दर्शं गूढम् अनुप्रविष्टम्** = जानी नसक्नु र गम्भीरतामा पुगेको, **गुहाहितं गह्वरेष्ठं पुराणम्** = गुहामा रहेको, अनर्थमय शरीरमा रहेको र अति पुरानो, **तं देवम्** = त्यो परमात्मालाई, **अध्यात्मयोगाधिगमेन** = अध्यात्मसम्बन्धी परिशीलनद्वारा, **मत्वा** = मनन गरेर, **धीरः हर्षशोकौ जहाति** = धीर पुरुष हर्ष र शोकलाई त्याग्दछ भन्ने, **इति** = यसरूपले, **पूर्वस्मिन् अपि ग्रन्थे**= पहिलो ग्रन्थमा पनि, **मन्तृमन्तव्यत्वेन** = मनन कर्ता र मननीय रूपले, **एतौ एव विशेषितौ** = यी दुई जीव र परमात्मा नै विशिष्ट गरिएका छन्, **इदम् प्रकरणं च परमात्मनः** = फेरि यो प्रकरण पनि परमात्माको हो, **ब्रह्मविदः वदन्ति इति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मवेत्ताहरू भन्दछन् भन्ने, **वक्तृविशेषोपादानं च** = विशिष्टवक्ताको ग्रहण पनि, **परमात्मपरिग्रहे घटते** = परमात्मालाई लिएमा मिल्दछ, **तस्मात् इह** = त्यसकारणबाट यहाँ, **जीवपरमात्मानौ उच्येयाताम्** = जीव र परमात्मा नै बताइन्छन् ।

विशदीकरण

के बाट, फेरि जीव र परमात्मा यहाँ लिइन्छन् भन्ने शङ्कामा सूत्रकार भन्नुहुन्छ कि विशेषण पनि जीव र परमात्माको नै हुनाले ती दुई नै लिइन्छन्, सूत्रको आशय यही हो ।

यहाँ विशेषण जीव र परमात्माको नै छ '**आत्मालाई रथी र शरीरलाई रथ जान**' भन्ने पल्लो ग्रन्थले रथ र रथीको कल्पनाद्वारा जीवलाई संसार र मोक्षमार्गको पथिकरूपमा कल्पना गर्दछ । साथै त्यो संसाररूप बाटाको पारी पुग्दछ, त्यही परमात्माको स्थान हो भनेर परमात्मालाई गन्तव्यं मान्दछ । त्यो कसैले जान्न नसकिने, गम्भीररूपले रहेको र अनर्थ शरीरमा रहेको परमात्मालाई अध्यात्मयोगको परिशीलनद्वारा मनन गरेर 'धीरपुरुष हर्ष र शोकलाई त्याग्दछ' भन्ने पूर्वग्रन्थमा पनि मनन गर्ने र गरिने रूपमा यिनै जीव र परमात्मालाई नै ब्रह्मवेत्ताहरू बताउँछन् भन्ने विशिष्ट वक्ता तोक्ने कुरा पनि परमात्मालाई लिएमा मिल्दछ र यहाँ जीव र परमात्मा नै लिइएका हुन् ।

शाङ्करभाष्यम्

एष एव न्यायः '**द्वा सुपर्णा सयुजा सखाया**' (मु० ३/१/१) इत्येवमादिष्वपि । तत्रापि ह्यध्यात्माधिकारान्न प्राकृतौ सुपर्णावुच्येते । '**तयोरन्यः पिप्पलं स्वाद्वत्ति**' इत्यदनलिङ्गात् विज्ञानात्मा भवति । '**अनश्नन्नन्योऽभिचाकशीति**' इत्यनशनचेतनत्वाभ्यां परमात्मा। अनन्तरे च मन्त्रे तावेव द्रष्टृद्रष्टव्यभावेन विशिनष्टि–

समाने वृक्षे पुरुषो निमग्नोऽनीशया शोचति मुह्यमानः ।

जुष्टं यदा पश्यत्यन्यमीशमस्य महिमानमिति वीतशोकः।। (मुण्ड० ३/१/२) इति ।

नेपालीभाषानुवाद

सयुजा = नियम्यनियामक भावले एकसाथ मिलेका, **सखाया (सखायौ)**= सखारूप, **द्वा (द्वौ)** =दुई, **सुपर्णा (सुपर्णौ)** = पक्षी भन्ने, **इति एवम् आदिषु अपि** = इत्यादि यस्तोमा पनि, **एषः एव न्यायः** = यही नै रीति हो, **तत्र अपि** = त्यहाँ पनि, **अध्यात्माधिकारात्** = अध्यात्मप्रकरण हुनाले, **प्राकृतौ सुपर्णौ न उच्येते** = साधारण पक्षी लिइदैनन्, **तयोः अन्यः** = ती दुई मध्ये अर्को एक, **पिप्पलं स्वादु अत्ति** = पिप्पल (कर्मफल) चाखले खान्छ भन्ने, **इति**= यो वाक्यमा, **अदनलिङ्गात् विज्ञानात्मा भवतिः** = खानु (भोग्नुं) रूपलिङ्गद्वारा जीव ठहर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि, **अन्यः** = अर्को, **अनश्नन्** = कर्मफल नभोग्दो, **अभिचाकशीति** = स्वतः विराजमान छ भने, **इति**= यो वाक्यमा, **अनशनचेतनत्वाभ्याम्** = कर्मफल नभोग्नु र चेतनत्वद्वारा, **परमात्मा** = परमात्मा ठहर्दछ, **अनन्तरे च मन्त्रे** = त्यसपछिका मन्त्रमा पनि, **तौ एव** = ती दुईलाई नै, **द्रष्टृद्रष्टव्य भावेन** = द्रष्टा र द्रष्टव्यका रूपले, **विशिनष्टि** = विशिष्टरूपमा बताउँछ जस्तै, **समाने वृक्षे निमग्नः** = एउटै वृक्ष (शरीर) मा रहेको, **पुरुषः** = पुरुष (जीव), **मुह्यमानः** = अविद्यामोहित भएको छँदो, **अनीशया** = आफूलाई ईश्वर भिन्न ठानेर, **शोचति** = शोक गर्छ (संसारी सम्भन्छ), **यदा** = जुनबेला, **जुष्टम्** = ध्यानद्वारा सेवा गरिएको, **ईशम्** = ईश्वरलाई, **अस्य महिमानम् इति** = यसैको महिमा हो भनेर, **अन्यं पश्यति** = पहिले सम्भेको भन्दा अर्कै निर्विशेष रूप ध्यान पाक भएपछि देख्दछ अनि, **वीतशोकः इति** = शोकरहित हुन्छ भन्ने ।

विशदीकरण

'नियम्यनियामकभावले एकै ठाउँ सम्मिलित भएका सखारूप पक्षी' भन्ने इत्यादि श्रुतिमा पनि यही न्यायले निर्णय हुन्छ । यो अध्यात्मप्रकरण हुनाले यसमा बताइएका ती साधारण सुपर्ण (पक्षी) नभएर 'ती दुई मध्ये एक कर्मफल भोग्छ' भन्ने भोग्नु रूपलिङ्गद्वारा जीव र अर्को नभोग्नु रूप र चेतनत्व द्वारा परमात्मा ठहर्दछ । तिनै जीव र परमात्मालाई अर्को मन्त्र '**समाने वृक्षे**' भन्ने श्रुतिमा द्रष्टा र द्रष्टव्य रूपले बताइएको छ ।

शाङ्करभाष्यम्

अपर आह- **'द्वा सुपर्णा'** इति नेयमृगस्याधिकरणस्य सिद्धान्तं भजते, पैंगीरहस्ये ब्राह्मणेनान्यथा व्याख्यातत्वात् । **'तयोरन्यः पिप्पलं स्वाद्वत्तीति' सत्त्वमनश्नन्नन्योऽअभिचाकशीतीत्यनश्नन्नन्योऽअभिपश्यति ज्ञस्तावेतौ सत्त्वक्षेत्रज्ञौ'** इति । सत्त्वशब्दो जीवः, क्षेत्रज्ञशब्दः परमात्मेति यदुच्यते- तन्न, सत्त्वक्षेत्रज्ञ शब्दयोरन्तःकरणशारीरपरतया प्रसिद्धत्वात् । तत्रैव च व्याख्यातत्वात्- **'तदेतत्सत्त्वं येन स्वप्नं पश्यति, अथ योऽयं शारीर उपद्रष्टा सक्षेत्रज्ञस्तावेतौ सत्त्वक्षेत्रज्ञौ'** इति । नाप्यस्याधिकरणस्य पूर्वपक्षं भजते । नह्यत्र शारीरः क्षेत्रज्ञः कर्तृत्वभोक्तृत्वादिना संसारधर्मेणोपेतो विवक्ष्यते । कथं तर्हि ? सर्वसंसारधर्मातीतो ब्रह्मस्वभावश्चैतन्यमात्रस्वरूपः, **'अनश्नन्नन्योऽअभिचाकशीति, अनश्नन्नन्यो-ऽभिपश्यति ज्ञः'** इति वचनात् । **'तत्त्वमसि क्षेत्रज्ञं चापि मां विद्धि'** (गी० १३/२) इत्यादिश्रुतिस्मृतिभ्यश्च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

अपरः आह = अर्को कुनै भन्दछ, **द्वा सुपर्णा इति इयम् ऋक्** = 'द्वा सुपर्णा' भन्ने यो ऋचा, **अस्य अधिकरणस्य सिद्धान्तम्** = यो तृतीय अधिकरणको सिद्धान्तलाई, **न भजते** = समर्थन गर्दैन (अंगाल्दैन), किनकि; **पैङ्गिरहस्यब्राह्मणेन**= पैङ्गिरहस्य ब्राह्मणभागद्वारा, **अन्यथा व्याख्यातत्वात्** = अर्कै रूपले व्याख्या गरेकोले, जस्तै; **तयोः अन्यः पिप्पलम् स्वादु अत्ति इति** = ती दुईका मध्यमा एक पिप्पल (कर्मफल) रुचिले भोग्छ भनेको, **सत्त्वम्** = बुद्धि हो, **अन्यः अनश्नन् अभिचाकशीति अनश्नन् अन्यः अभिपश्यति** = अर्को एक कर्मफल नभोग्दो स्वतः विराजमान छ र जान्दछ भनेको, **ज्ञः** = जीव हो, **तौ एतौ सत्त्वक्षेत्रज्ञौ इति** = ती दुई बुद्धि र जीव हुन् भन्ने, **सत्त्वशब्दः जीवः क्षेत्रज्ञशब्दः परमात्मा इति** = सत्त्वशब्द जीव हो र क्षेत्रज्ञशब्द परमात्मा हो भनेर, **यद् उक्तम्** = जुन भनियो, **तत् न** = त्यो हुँदैन, **सत्त्वक्षेत्रज्ञशब्दयोः** = सत्त्व र क्षेत्रज्ञशब्द, **अन्तःकरणशारीरपरतया** = अन्तःकरण (बुद्धि) र जीवपरक भएर, **प्रसिद्धत्वात्** = प्रसिद्ध हुनाले र, **तत्र एव च** = त्यसै ठाउँमा नै, **तत् एतत् सत्त्वं येन स्वप्नं पश्यति** = त्यही यो बुद्धि हो जसद्वारा स्वप्न देख्दछ, **अथ यः अयं शारीरः उपद्रष्टा** = अनि जुन यो उपद्रष्टा जीव छ, **सः क्षेत्रज्ञः** = त्यो क्षेत्रज्ञ हो, **तौ एतौ सत्त्वक्षेत्रज्ञौ इति** = ती दुई बुद्धि र जीव हुन् भन्ने, **व्याख्यातत्वात्** = व्याख्या गरेकोबाट पनि, **अस्य अधिकरणस्य पूर्वपक्षम् अपि**= यस अधिकरणको पूर्वपक्षरूप शङ्कालाई पनि, **न भजते** = समर्थन गर्दैन, **हि** = निश्चय, **अत्र** = यहाँ, **क्षेत्रज्ञः** = क्षेत्रज्ञ भनेर, **कर्तृत्वभोक्तृत्वादिना संसारधर्मेण** = कर्तापन र भोक्तापन रूप संसारका धर्मले, **उपेतः** = युक्त, **शारीरः** = जीव, **न विवक्ष्यते** = बताउनु खोजिन्न, **कथं तर्हि** = कसरी, त्यसो भए कस्तो त; **सर्वसंसार-धर्मातीतः** = सम्पूर्ण संसारका धर्मबाट छुटेको र, **ब्रह्मस्वभावः चैतन्यमात्रस्वरूपः**= ब्रह्मकै लक्षणवाला र चैतन्यमात्र स्वरूपको किनकि, **अनश्नन् अन्यः अभिचाकशीति अनश्नन् अन्यः ज्ञः अभिपश्यति इति** = कर्मफल नभोग्दो अर्को स्वतः विराजित छ र जान्दछ भन्ने, **वचनात्** = वचन हुनाले र, **तत्त्वम् असि मां क्षेत्रज्ञम् अपि च विद्धि** = मलाई क्षेत्रज्ञ पनि जान र त्यही तिमी हौ भन्ने, **इत्यादि श्रुतिस्मृतिभ्यः च** = इत्यादि श्रुतिस्मृतिबाट पनि ।

विशदीकरण

यहाँ कुनै भन्दछन् कि यो '**अनश्नन्नन्यः**' इत्यादि ऋचाले यस तेस्रो अधिकरणको सिद्धान्तलाई समर्थन गर्दैन, किनभने पैङ्गिरहस्यब्राह्मणभागमा कर्मफल भोग्ने भनेको (सत्त्व)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि हो, नभोग्ने भनिएको क्षेत्रज्ञ हो भनेर बुद्धि र क्षेत्रज्ञ भन्ने व्याख्या गरिएको छ ।

यस्तो भनिए तापनि यस अधिकरणको पूर्वपक्षलाई पनि फेरि यो ऋचाले समर्थन गर्दैन । यसले त संसारी जीव, जो कर्ता-भोक्तापन वाला छ, त्यो क्षेत्रज्ञ होइन भनेर बताएको छ । स्वयं क्षेत्रज्ञ त ब्रह्मरूप चैतन्य हो, किनभने 'कर्मफल नभोग्दो एक स्वतः विराजमान, साक्षी रूपले देख्दछ र जान्दछ; त्यो नै तिमी हौ' भन्ने श्रुतिवचन र मलाई **'क्षेत्रज्ञ समेत जान'** इत्यादि स्मृतिवचनले समेत यो कुरा सिद्ध गर्दछ ।

शाङ्करभाष्यम्

तावता च विद्योपसंहारदर्शनमेवमेवावकल्प्यते, **'तावेतौ सत्त्वक्षेत्रज्ञौ न ह वा एवं विदि किञ्चन रज आध्वंसते'** इत्यादि । कथं पुनरस्मिन्पक्षे **'तयोरन्यः पिप्पलं स्वाद्वत्ति इति सत्त्वम्'** इत्यचेतने सत्त्वे भोक्तृत्ववचनमिति? उच्यते - नेयं श्रुतिरचेतनस्य सत्त्वस्य भोक्तृत्वं वक्ष्यामीति प्रवृत्ता । किं तर्हि ? चेतनस्य क्षेत्रज्ञस्याभोक्तृत्वं ब्रह्मस्वभावताञ्च वक्ष्यामीति। तदर्थं सुखादिविक्रियावति सत्त्वे भोक्तृत्वमध्यारोपयति । इदं हि कर्तृत्वं भोक्तृत्वञ्च सत्त्वक्षेत्रज्ञयोरितरेतर-स्वभावाविवेककृतं कल्प्यते । परमार्थतस्तु नान्यतरस्यापि संभवति, अचेतनत्वात्सत्त्वस्य, अविक्रियत्वाच्च क्षेत्रज्ञस्य । अविद्याप्रत्युपस्थापितस्वभावत्वाच्च सत्त्वस्य सुतरां न संभवति । तथा च श्रुतिः- **'यत्र वा अन्यदिव स्यात्तत्रान्योऽन्यत्पश्येत्'** इत्यादिना स्वप्नदृष्टहस्त्यादिव्यवहारवदविद्याविषय एव कर्तृत्वादिव्यवहारं दर्शयति । **'यत्र त्वस्य सर्वमात्मैवाभूत्तत्केन कं पश्येत्'** (बृ. ४/५/१५) इत्यादिना च विवेकिनः कर्तृत्वादिव्यवहाराभावं दर्शयति ।।१२।।

नेपालीभाषानुवाद

तावता = त्यत्ति (मन्त्र व्याख्या मात्र) ले, **एवम् एव** = यही प्रकारले नै, **विद्योपसंहारदर्शनम् अवकल्पते च** = विद्याको उपसंहार देखिनु ठीक हुन आउँछ पनि, जस्तो कि; **तौ एतौ सत्त्वक्षेत्रज्ञौ** = ती यी दुई बुद्धि र क्षेत्रज्ञ हुन्, **ह वा** = निश्चय प्रसिद्ध, **एवं विदि** = यस्तो जान्ने पुरुषमा, **किञ्चन** = केही, **रजः** = पापरूप दोष, **न आध्वंसते इति आदि** = भ्रष्ट (दूषित) गर्न सक्दैन भन्ने इत्यादि, **अस्मिन् पक्षे** = यस पक्षमा, **पुनः** = फेरि, **कथम्** = कसरी, **तयोः अन्यः पिप्पलं स्वादु अत्ति इति** = ती मध्ये एकले कर्मफल रुचिले भोग गर्छ भनेर, **सत्त्वम् इति** = बुद्धि हो र, **अचेतने सत्त्वे** = अचेतन बुद्धिमा, **भोक्तृत्ववचनम्** = भोक्तापनको भनाइ छ, **उच्यते** = भनिन्छ, **इयं श्रुतिः**= यो **'तयोरन्यः'** भन्ने श्रुति, **अचेतनस्य सत्त्वस्य**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जडरूप बुद्धिको, **भोक्तृत्वं वक्ष्यामि इति न प्रवृत्ता** = भोक्तापन बताउँछु भनेर प्रवृत्त भएको होइन, **तर्हि किम्** = त्यसो भए के हो त , **चेतनस्य क्षेत्रज्ञस्य** = चेतनजीवको, **अभोक्तृत्वं ब्रह्मस्वभावतां च वक्ष्यामि इति** = अभोक्तापन र ब्रह्मस्वभाववाला हो भन्ने बताउँछु भनेर हो, **तदर्थम्** = त्यस निमित्त, **सुखादि-विक्रियावति सत्त्वे**= सुख र दुःखको विकारवाला बुद्धिमा, **भोक्तृत्वम् अध्यारोपयति**= भोक्तापनको आरोप गर्दछ, **हि** = निश्चय, **इदं कर्तृत्वं भोक्तृत्वं च** = यस किसिमको यो कर्ता र भोक्तापन पनि, **सत्त्वक्षेत्रज्ञयोः** = बुद्धि र जीवको, **इतरेतरस्वभावाविवेक-कृतम्** = परस्परका स्वभावको छानबिन नगर्नु बाट भएको नै, **कल्प्यते** = कल्पित हुन्छ, **परमार्थतः तु** = वास्तविक रूपबाट त, **अन्यतरस्य अपि** = ती दुवै मध्ये कुनै एकको पनि, **न सम्भवति** = हुनसक्दैन किनकि, **सत्त्वस्य अचेतनत्वात्** = बुद्धि अचेतन हुनाले, **क्षेत्रज्ञस्य अविक्रियत्वात् च** = जीव विकाररहित हुनाले पनि र, **सत्त्वस्य अविद्याप्रत्युपस्थापितस्वभावत्वात् च**= बुद्धि अविद्याद्वारा उपस्थापित लक्षणवाला हुनाले पनि, **सुतराम् न सम्भवति** = एकदमै हुनसक्दैन, **तथा श्रुतिः च** = त्यस्तै अर्थको श्रुति पनि छ जस्तै, **वा** = निश्चय, **यत्र अन्यत् इव स्यात्** = जहाँ आफू बाहेक अर्को वस्तु हुन्छ, **तत्र अन्यः अन्यत् पश्येत्** = त्यहाँ एकले अर्कोलाई देख्दछ, **इत्यादिना** = इत्यादि वाक्यद्वारा, **स्वप्नदृष्टहस्त्यादिव्यवहारवत्**= स्वप्नमा देखेको हात्ती आदि व्यवहार जस्तै, **कर्तृत्वादिव्यवहारः** = कर्तापन आदिको व्यवहार, **अविद्याविषयः एव इति** = अविद्याकै विषय हो भन्ने, **दर्शयति** = देखाउँछ र, **यत्र तु अस्य सर्वम् आत्मा एव अभूत्** = जहाँ त यो ज्ञानीको सम्पूर्ण आत्मा नै भयो त, **तत् केन कं पश्येत्** = त्यो अनि कसले कसलाई देख्ला भन्ने, **इत्यादिना च** = इत्यादि वाक्यद्वारा पनि, **विवेकिनः** = विवेकवाला ज्ञानीको, **कर्तृत्वादिव्य-वहाराभावम्** = कर्तापन आदि व्यवहार नहुने कुरा, **दर्शयति** = देखाउँछ ।

विशदीकरण

ती दुई बुद्धि र जीव हुन्, यी दुईलाई वा यस्तो 'जान्ने पुरुषमा कुनै किसिमको पापदोषको स्पर्श हुँदैन' भन्ने इत्यादि रूपको व्याख्यामात्रले विद्याको उपसंहार गरेको मिल्ने देखिन्छ । यहाँ शङ्का हुनसक्दछ '**तयोरन्यः पिप्पलं स्वाद्वत्ति**' भन्ने वाक्यमा कर्मफल भोग्ने भनेको बुद्धि हो र त्यो अचेतन बुद्धिमा भोक्तापन र कर्तापन आउने कुरा कसरी हुन्छ ? इत्यादि ।

परन्तु यसमा (अचेतन बुद्धिमा) भोक्तापन बताउने यो श्रुतिको अभिप्राय होइन । अभिप्राय त के हो भने, चेतनस्वरूप जीवमा भोक्तृत्व कर्तृत्व आदि छैन भन्ने कुरा बताउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र त्यस निमित्त अचेतन बुद्धिमा भोक्तापनको आरोप गरेको मात्र हो । त्यो कर्तापन र भोक्तापन पनि आफू आफूको परस्परमा स्वरूपको छानबिन गर्न नसक्नुबाट भएको हो ।

वास्तवमा त ती दुवै मध्ये कुनै एक पनि कर्ता भोक्ता ठहर्दैनन् । किनभने बुद्धि अचेतन र अविद्याद्वारा भएकोले उसमा कर्ता भोक्तापन हुनसक्दैन र जीव चेतन हुनाले विकारवाला छैन, हुनसक्दैन । जहाँ 'एक अर्कोलाई देख्दछ, त्यही भेद छ' भन्ने वाक्यद्वारा स्वप्नमा देखेको हात्ती, घोडा जस्तै व्यवहार अज्ञानबाट हुने कुरा श्रुतिले बताउँछ । साथै जहाँ ज्ञानीको लागि यो सबै आत्मरूप नै छ त 'कसले कसलाई देख्ने' इत्यादि वाक्यद्वारा विवेकी पुरुषमा कर्तापन आदि हुँदैन भन्ने पनि श्रुतिले नै बताउँछ।।१२।।

इतिगुहाप्रविष्टाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. अन्तराधिकरणम् {सू. १३-१७}

ब्रह्मसूत्रम् - अन्तर उपपत्तेः १/२/१३

सूत्रार्थ - **उपपत्तेः** = सिद्ध हुनाले, **अन्तरः** = चक्षुको भित्र रहेको पुरुष परमात्मा हो ।

शाङ्करभाष्यम्

'य एषोऽक्षिणि पुरुषो दृश्यते एष आत्मेति होवाचैतदमृतमभयमेतद् ब्रह्मेति' 'तद्यद्यप्यस्मिन्सर्पिर्वोदकं वा सिञ्चति वर्त्मनी एव गच्छति' (छा० ४/१५/१) इत्यादि श्रूयते । तत्र संशयः - किमयं प्रतिबिम्बात्माक्ष्यधिकरणो निर्दिश्यते, अथवा विज्ञानात्मा, उत देवतात्मेन्द्रियस्याधिष्ठाताऽथवेश्वर इति । किं तावत्प्राप्तम् ? छायात्मा पुरुषप्रतिरूप इति । कुतः ? तस्य दृश्यमानत्वप्रसिद्धेः। **'य एषोऽक्षिणि पुरुषो दृश्यते'** इति च प्रसिद्धवदुपदेशात्। विज्ञानात्मनो वाऽयं निर्देश इति युक्तम् । स हि चक्षुषा रूपं पश्यन् चक्षुषि सन्निहितो भवति। आत्मशब्दश्चास्मिन्पक्षेऽनुकूलो भवति । आदित्यपुरुषो वा चक्षुषोऽनुग्राहकः प्रतीयते, **'रश्मिभिरेषोऽस्मिन्प्रतिष्ठितः'** (बृ० ५/५/२) इति श्रुतेः। अमृतत्वादीनां च देवतात्मन्यपि कथञ्चित् सम्भवात् । नेश्वरः, स्थानविशेषनिर्देशादित्येवं प्राप्ते ब्रूमः ।

नेपालीभाषानुवाद

यः एषः = जुन यो, **अक्षिणि** = आँखामा(आँखाभित्र), **पुरुषः दृश्यते** = पुरुष देखिन्छ, **एषः आत्मा इति** = यो आत्मा हो भनेर, **ह** = निश्चय प्रसिद्ध, **एतत्** = यो, **अमृतम् अभयम्** = अमृत र भयरहित छ, **एतत् ब्रह्म इति** = यो ब्रह्म हो भनेर, **उवाच** = भने, **तत् यदि अपि** = त्यो जो कि यदि, **अस्मिन्** = यस आँखामा, **सर्पिः वा उदकं वा सिञ्चति** = घ्यू अथवा पानीले छेप्दछ, **वर्त्मनी एव गच्छति** = परेलामा नै जान्छ भन्ने, **श्रूयते** = सुनिन्छ र, **तत्र संशयः** = त्यहाँ शङ्का हुन्छ, **किं अयम् अक्ष्यधिकरणः प्रतिबिम्बात्मा निर्दिश्यते** = के यो आँखा आधार भएको प्रतिबिम्बस्वरूप यहाँ बताइन्छ, **अथवा विज्ञानात्मा** = अथवा जीवात्मा बताइन्छ, **उत** = के फेरि, **इन्द्रियस्य अधिष्ठाता देवतात्मा** = इन्द्रियको अध्यक्ष देवतास्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताइन्छ, **अथवा** = अथवा, **ईश्वरः** = ईश्वर हो भन्ने इत्यादि, **तावत् किं प्राप्तम्** = पहिले के प्राप्त भयो, **छायात्मा पुरुषप्रतिरूप इति** = छायास्वरूप पुरुषको प्रतिबिम्ब भन्ने, **कुतः** = के बाट, **तस्य दृश्यमानत्वप्रसिद्धेः** = त्यसको देखिने कुरा प्रसिद्ध हुनाले, **यः एषः अक्षिणि पुरुषः दृश्यते इति** = जुन यो आँखामा पुरुष देखिन्छ भन्ने, **प्रसिद्धवत् उपदेशात्** = प्रसिद्धवाला उपदेश हुनाले, **अथवा अयं निर्देशः** = अथवा यो निर्देश, **विज्ञानात्मनः इति युक्तम्** = जीवको सम्बन्धमा हो भन्नु ठीक छ, किनकि, **हि** = निश्चय, **सः** = त्यो जीव, **चक्षुषा रूपं पश्यन्** = आँखाले रूप देख्दो छँदो, **चक्षुषि सन्निहितः भवति** = आँखामा सन्निहित(नजिक) हुन्छ, **अस्मिन् पक्षे** = जीव हो भन्ने पक्षमा, **आत्मशब्दः च अनुकूलः भवति** = आत्मशब्द पनि मिल्दो हुन्छ, **वा** = अथवा, **चक्षुषः अनुग्राहकः** = आँखाको अनुग्राही (सहयोगी), **आदित्यपुरुषः** = सूर्यमा रहेको पुरुष पनि, **प्रतीयते** = बुझिन्छ किनकि, **एषः** = यो आदित्य, **रश्मिभिः** = किरणद्वारा, **अस्मिन् प्रतिष्ठितः** = यसमा(चक्षुमा) रहेको छ भन्ने, **इति श्रुतेः**= यस्तो श्रुति हुनाले, **अमृतत्वादीनाञ्च**= अमृतत्व आदि गुणको पनि, **देवतात्मनि अपि** = सूर्य आदि देवस्वरूपमा पनि, **कथञ्चित् सम्भवात्** = आपेक्षिक रूपबाट संभव हुनाले परन्तु, **न ईश्वरः** = ईश्वर त होइन किनभने, **स्थान-विशेषनिर्देशात्** = ठाउँ विशेषको निर्देश हुनाले भन्ने, **इति एवं प्राप्ते**= यस्तो (यस प्रकारले) शङ्का भएमा, **ब्रूमः** = उत्तररूपमा भन्दछौं ।

विशदीकरण

अब अन्तरनामक अधिकरण सुरु हुन्छ । परमात्मा हो भन्ने सबै तहबाट सिद्ध हुनाले आँखाको भित्र रहने भनिएको पुरुष परमात्मा हो भन्ने सूत्राशय हो । 'आँखामा जुन पुरुष देखिन्छ, यही आत्मा हो, यो अमृत हो, भयरहित हो, यही ब्रह्म हो; यसमा घ्यू वा पानीले छ्यापे पनि परेलाबाट नै तर्किन्छ र निर्लेप पनि छ' इत्यादि छान्दोग्यश्रुतिमा सुनिएकोले यहाँ शङ्का हुन्छ कि - के यो पुरुष भनेको छाया पुरुष हो? अथवा जीव हो ? अथवा इन्द्रियको संचालक देवता हो ? अथवा परमेश्वर हो ? इत्यादि ।

विचार गर्दा - पहिले के ठहर्न आउँछ त ? त्यो देखिने हुनाले र जुन यो आँखामा पुरुष देखिन्छ भनेर प्रसिद्धरूपको बताइने हुनाले, पहिले छाया पुरुष नै ठहर्न आउँछ । अथवा जीवले आँखाबाट रूप हेर्दा आँखामा सन्निहित हुनाले र यसपक्षमा आत्मशब्द पनि मिल्दो हुनाले जीव पनि हुनसक्दछ ।

अथवा आँखाको सहयोगी आदित्यपुरुष पनि हुन सक्दछ । किनकि त्यो पनि **'किरणद्वारा यो सूर्य आँखामा रहेको छ'** भन्ने श्रुतिको भनाइ भएको र अमृतत्त्व आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षिपुरुषमा बताइएका गुणहरू मर्त्यलोकको अपेक्षा हुन (मिल्न) पनि सक्ने हुनाले लिन सकिन्छ। परन्तु स्थान किटान भएकोले ईश्वर होइन भन्ने शङ्का भएमा उत्तररूपमा भनिन्छ।

शाङ्करभाष्यम्

परमेश्वर एवाक्षिण्यभ्यन्तरः पुरुष इहोपदिष्ट इति । कस्मात् ? उपपत्तेः । उपपद्यते हि परमेश्वरे गुणजातमिहोपदिश्यमानम् । आत्मत्वं तावन्मुख्यया वृत्त्या परमेश्वर उपपद्यते । **'स आत्मा तत्त्वमसि'** इति श्रुतेः । अमृतत्वाभयत्वे च तस्मिन्नसकृच्छ्रुतौ श्रूयेते । तथा परमेश्वरानुरूपमेतदक्षिस्थानम् । यथा हि परमेश्वरः सर्वदोषैरलिप्तः, अपहतपाप्मत्वादिश्रवणात् । तथाक्षिस्थानं सर्वलेपरहितमुपदिष्टम्, **'तद्यद्यप्यस्मिन्सर्पिर्वोदकं वा सिञ्चति वर्त्मनी एव गच्छति'** इति श्रुतेः । संयद्वामत्वादिगुणोपदेशश्च तस्मिन्नवकल्पते । **'एतं संयद्वाम इत्याचक्षते, एतं हि सर्वाणि वामान्यभिसंयन्ति । एष उ एव वामनीरेष हि सर्वाणि वामानि नयति, एष उ एव भामनीरेष हि सर्वेषु लोकेषु भाति ।।'** (छा० ४/१५/२-४) इति च । अत उपपत्तेरन्तरः परमेश्वरः ।।१३।।

नेपालीभाषानुवाद

अक्षिणि = आँखामा, **अभ्यन्तरः** = भित्ररहेको, **पुरुषः** = पुरुष भनेर, **परमेश्वरः एव** = परमेश्वर नै, **इह उपदिष्टः इति** = यहाँ उपदेश गरिएको हो भन्ने, **कस्मात्** = के बाट, **उपपत्तेः** = सिद्ध र उचित हुनाले, **हि** = निश्चय, **परमेश्वरे उपदिश्यमानं गुणजातम्** = परमेश्वरमा बताइएको गुणसमूह, **इह उपपद्यते** = यहाँ मिल्न आउँछ, **तावत्** = पहिले, **आत्मत्वम्** = आत्मत्व पनि, **मुख्यया वृत्त्या** = शब्दको मुख्यवृत्तिद्वारा, **परमेश्वरे उपपद्यते** = परमेश्वरमा घट्दछ, किनकि, **सः आत्मा तत् त्वम् असि इति** = त्यो आत्मा हो र 'त्यही तिमी हौ' भन्ने, **श्रुतेः** = श्रुति भएबाट, **अमृतत्वाभयत्वे च** = अमृतत्व र अभयत्व पनि, **तस्मिन्** = त्यही परमात्माको सम्बन्धमा, **श्रुतौ** = श्रुतिमा, **असकृत् श्रूयेते** = बारम्बार सुनिन्छन्, **तथा** = त्यस्तै, **एतत् अक्षिस्थानम्** = यो अक्षिरूप स्थान, **परमेश्वरानुरूपम्** = परमेश्वरलाई सुहाउँदो छ, **यथा हि** = जस्तै निश्चय नै, **परमेश्वरः सर्वदोषैः अलिप्तः** = सबै दोषले लिप्त छैन, किनकि, **अपहतपाप्मत्वादिश्रवणात्** = पापदोष रहित भन्ने सुनिएकोले, **तथा**= त्यस्तै, **अक्षिस्थानम्** = अक्षिरूप स्थान पनि, **सर्वलेपरहितम् उपदिष्टम्** = सबै दोषले लिप्त नभएको बताइएको छ जस्तै, **तत् यत् यदि अपि** = त्यो जो कि यदि पनि, **अस्मिन्** = यो चक्षुमा, **सर्पिः वा उदकं वा** = घ्यू अथवा पानी, **सिञ्चति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेचन गर्छ (छ्याप्छ) त्यो, **वर्त्मनी एव** = परेलामा नै, **गच्छति इति** = पुग्दछ, थितिन्छ भन्ने, **श्रुतेः** = श्रुति हुनाले, **संयद्वामत्वादिगुणोपदेशः च** = अक्षिपुरुषकै आश्रयले कर्म फलहरू उत्पन्न हुन्छन् भन्ने कुरा पनि, **तस्मिन् अवकल्पते** = त्यही परमात्मामा नै ठीक हुन्छ जस्तै, **एतम्** = यसलाई, **संयद्वाम:इति आचक्षते** = संयद्वाम भन्दछन् किनकि, **हि** = निश्चय, **एतम्** = यसलाई आधार गरेर, **सर्वाणि वामानि अभिसंयन्ति** = सबै कर्मफल उत्पन्न हुन्छन्, **एषः उ एव वामनीः** = यही नै फेरि वामनी हो, **हि** = निश्चय, **एषः सर्वाणि वामानि नयति** = यसले नै सबै शुभलोकमा लैजान्छ, **एषः उ एव भामनीः**= यही नै फेरि भामनी हो, **हि** = निश्चय, **एषः सर्वेषु लोकेषु भाति** = यही नै सबैलोकमा प्रकाशित हुन्छ भन्ने, **इति च** = यस्तो पनि छ, **अतः उपपत्तेः अन्तरः परमेश्वरः** = यसकारण युक्तिसंगत हुनाले अक्षिभित्रको पुरुष परमेश्वर हो ।

विशदीकरण

सबै दृष्टिबाट युक्तिसंगत हुनाले आँखाभित्र रहेको पुरुष परमेश्वर हो, किनकि यो अक्षिपुरुषमा बताइएका गुणहरू परमेश्वरमा ठीकसँग मिल्न आउँछन् । फेरि आत्मा भन्ने कुरा पनि '**त्यो आत्मा हो, त्यही तिमी हौ**' भन्ने श्रुतिअनुसार परमात्मामा नै घट्न आउँछ। अमृत र अभय पनि यसैको सम्बन्धमा नै श्रुतिमा बारम्बार सुनिन्छन् । फेरि यो चक्षुस्थान पनि परमेश्वरलाई सुहाउँदो छ । जस्तो परमात्मा पापदोषबाट लिप्त छैन, त्यस्तै अक्षिस्थान पनि निर्लिप्त नै छ ।

यस विषयमा श्रुतिको भनाइ पनि छ – 'जो कि यसमा घ्यू वा पानीले छ्यापे पनि परेलाबाटै तर्किन्छ' इत्यादि । '**एतं संयद्वाम इत्याचक्षते**' भन्ने श्रुतिअनुसार यही नै संयद्वाम तथा वामनी र भामनी पनि हो । त्यसकारणबाट युक्तिसंगत हुनाले चक्षुभित्र रहेको पुरुष भनेको परमेश्वर नै हो ॥१३॥

ब्रह्मसूत्रम् - स्थानादिव्यपदेशाच्च १/२/१४

सूत्रार्थ - **स्थानादिव्यपदेशात्** = स्थान र नाम आदिको उपदेशबाट, **च** = पनि चक्षुभित्रको पुरुष परमेश्वर हो ।

शाङ्करभाष्यम्

कथं पुनराकाशवत्सर्वगतस्य ब्रह्मणोऽक्ष्यल्पस्थानमुपपद्यत इति ? अत्रोच्यते- भवेदेषाऽनवक्लृप्तिः, यद्येतदेवैकं स्थानमस्य निर्दिष्टं भवेत् । सन्ति ह्यन्यान्यपि पृथिव्यादीनि स्थानान्यस्य निर्दिष्टानि- **'यः पृथिव्यां तिष्ठन्'** (बृ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३/७/३) इत्यादिना । तेषु हि चक्षुरपि निर्दिष्टम् – '**यश्चक्षुषि तिष्ठन्**' इति । '**स्थानादिव्यपदेशात्**' इत्यादिग्रहणेनैतद्दर्शयति– न केवलं स्थानमेवैकमनुचितं ब्रह्मणो निर्दिश्यमानं दृश्यते, किं तर्हि ? नामरूपमित्येवंजातीयकमप्यनामरूपस्य ब्रह्मणोऽनुचितं निर्दिश्यमानं दृश्यते– '**तस्योदिति नाम, हिरण्यश्मश्रुः**' (छा० १/६/६-७) इत्यादि । निर्गुणमपि सद्ब्रह्म नामरूपगतैर्गुणैः समगुणमुपासनार्थं तत्र तत्रोपदिश्यत इत्येतदप्युक्तमेव । सर्वगतस्यापि ब्रह्मण उपलब्ध्यर्थं स्थानविशेषो न विरुध्यते, शालग्राम इव विष्णोरित्येतदप्युक्तमेव ।।१४।।

नेपालीभाषानुवाद

पुनः = फेरि, **आकाशवत् सर्वगतस्य** = आकाश जस्तै सर्वव्यापी, **ब्रह्मणः** = ब्रह्मको, **अक्ष्यल्पस्थानम्** = चक्षुरूप अल्प स्थान, **कथम् उपपद्यते इति** = कसरी सुहाउँछ भन्ने शङ्का हुन्छ र, **अत्र उच्यते** = यहाँ (यसमा) भनिन्छ, **भवेत् एषा अनवक्लृप्तिः** = त्यसबखत यो नमिल्दो कुरा हुन सक्थ्यो , **यदि एतत् एव एकं स्थानम्** = यदि यही मात्र एउटै स्थान, **निर्दिष्टं भवेत्** = देखाइएको हुन्थ्यो, **हि** = निश्चय, **अन्यानि अपि पृथिव्यादीनि स्थानानि** = अरू पनि पृथ्वी आदि स्थानहरू, **अस्य निर्दिष्टानि सन्ति** = यस ब्रह्मको देखाइएका छन् जस्तै, **यः पृथिव्यां तिष्ठन्** = जो पृथ्वीमा रहन्छ भन्ने, **इत्यादिना** = इत्यादि वाक्यद्वारा, **हि** = निश्चय, **तेषु** = ती स्थानहरूमा, **यः चक्षुषि तिष्ठन् इति** = जो चक्षुमा रहन्छ भन्ने रूपले, **चक्षुः अपि निर्दिष्टम्** = चक्षु पनि देखाइएको छ, **स्थानादिव्यपदेशात् इति** = स्थान आदिको व्यपदेशबाट भन्ने, **आदिग्रहणेन** = आदि शब्द लिनाले, **एतत् दर्शयति** = यो कुरा देखाउँछ कि, **केवलं स्थानम् एव एकम्** = खाली स्थानमात्र एउटा, **अनुचितं ब्रह्मणः** = अनुचितरूप ब्रह्मको, **निर्दिश्यमानम्** = बताइएको, **न दृश्यते** = देखिंदैन, **किं तर्हि** = के त त्यसो भए, **नामरूपम् इति एवम् जातीयकम् अपि** = नाम र रूप आदि पनि, **अनामरूपस्य ब्रह्मणः** = नामरूप नभएका ब्रह्मको, **अनुचितं निर्दिश्यमानं दृश्यते** = अनुचित रूपको नै बताइएको देखिन्छ जस्तै, **तस्य नाम उदिति हिरण्यश्मश्रुः** = त्यसको नाम रहन्छ सुवर्णमय जुँगावाला भन्ने, **इत्यादि** = इत्यादि रूपको, **निर्गुणम् अपि सद् ब्रह्म** = नाम र रूपमा रहेका गुणहरूद्वारा, **सगुणम्** = गुणसहित भएको, **उपासनार्थम्** = उपासनाका निमित्त, **तत्र तत्र** = ठाउँ ठाउँमा, **उपदिश्यते इति** = उपदेश गरिन्छ भन्ने, **इति एतत् अपि** = यो कुरा पनि, **उक्तम् एव** = भनियो नै, **सर्वगतस्य अपि ब्रह्मणः** = सर्वव्यापी भएका पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मको, **उपलब्ध्यर्थम्** = ज्ञानको वा उपासना निमित्त, **स्थानविशेषः न विरुध्यते**= स्थानविशेष हुनु विरुद्ध छैन, **विष्णोः शालग्रामे इव** = विष्णुको शालग्राममा जस्तै भन्ने, **इति एतत् अपि** = यो कुरा पनि, **उक्तम् एव** = भनियो नै ।

विशदीकरण

स्थान र नामरूप समेतको व्यपदेश हुनाले पनि चक्षुभित्रको पुरुष परमेश्वर हो भन्ने सूत्राशय हो । यहाँ शङ्का हुन्छ- सर्वव्यापी ब्रह्मको चक्षु रूप सानो स्थान कसरी हुनसक्दछ? इत्यादि । यसमा भनिन्छ- यो शङ्का रूप नमिल्दो कुरा त्यसबखत हुनसक्दथ्यो, यदि यही चक्षुमात्र ब्रह्मको स्थान बताइँदो हो, परन्तु अरू पनि धेरै स्थान ब्रह्मका बताइएका छन्, जस्तै- 'यो पृथ्वीमा रहँन्छ' इत्यादि द्वारा ती स्थानहरूमध्ये चक्षु पनि एउटा स्थान हो 'जो चक्षुमा रहँदो' भन्ने वाक्यले बताउँछ ।

वास्तवमा ब्रह्मको एउटा अनुचितरूपको स्थानमात्र बताइएको होइन । ब्रह्म नामरूपरहित छ, त्यसको अनुचित रूपमा नाम र रूप पनि बताइएका छन् । जस्तै - 'हिरण्यश्मश्रु' आदि भन्ने कुरा सूत्रको आदि शब्दले बुझाउँछ । यथार्थमा ब्रह्म निर्गुण भए पनि नामरूपमा भएका गुणद्वारा त्यसलाई सगुण मानेर उपासना गर्नको लागि ठाउँ ठाउँमा उपदेश गरिन्छ भन्ने कुरा पनि बताइएकै हो । ब्रह्म सर्वव्यापी भए पनि उपासना आदिका निमित्त त्यसको स्थानविशेष बताउनु नमिल्दो हुँदैन । जस्तो कि- शालिग्राममा विष्णुको उपासना बताइन्छ ।।१४।।

ब्रह्मसूत्रम् - सुखविशिष्टाभिधानादेव च १/२/१५

सूत्रार्थ - **सुखविशिष्टाभिधानात् एव** = सुखले विशिष्ट भएको भनेर बताउनाले नै, **च** = पनि '**य एषोऽक्षिणि पुरुषो दृश्यते**' यस वाक्यमा वर्णित पुरुष परमात्मा नै हो ।

शाङ्करभाष्यम्

अपि च नैवात्र विवदितव्यम्- किं ब्रह्मास्मिन्वाक्येऽभिधीयते न वेति । सुखविशिष्टाभिधानादेव ब्रह्मत्वं सिद्धम् । सुखविशिष्टं हि ब्रह्म यद्वाक्योपक्रमे प्रकान्तं '**प्राणो ब्रह्म कं ब्रह्म खं ब्रह्म**' इति तदेवेहाभिहितम्, प्रकृतपरिग्रहस्य न्याय्यत्वात् । 'आचार्यस्तु ते गतिं वक्ता' (छा० ४/१४/१) इति च गतिमात्राभिधानप्रतिज्ञानात् । कथं पुनर्वाक्योपक्रमे सुखविशिष्टं ब्रह्म विज्ञायत इति । उच्यते-

नेपालीभाषानुवाद

किं ब्रह्म अभिधीयते न वा इति = के ब्रह्म बताइन्छ, अथवा बताइन्न भनेर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्र न एव विवदितव्यम् = यहाँ विवाद गर्नु हुन्न नै किनकि, **सुखविशिष्टाभिधानात् एव** = सुखले विशिष्ट भएको भनेर बताउनाले नै, **ब्रह्मत्वं सिद्धम्** = ब्रह्म हो भन्ने कुरा सिद्ध छ र, **वाक्योपक्रमे** = वाक्यको उठानमा, **हि** = निश्चय, **यद् ब्रह्म** = जुन ब्रह्म, **प्राणः ब्रह्म कं ब्रह्म खं ब्रह्म** = 'प्राण ब्रह्म हो, सुख ब्रह्म हो, पूर्ण ब्रह्म हो' भन्ने; **इति** = यस्तो रूपले, **प्रक्रान्तम्** = उठान गरियो, **तत् एव इह अभिधीयते** = त्यही नै ब्रह्म यहाँ बताइन्छ किनकि, **प्रकृतपरिग्रहस्य न्याय्यत्वात्** = सुरुको विषयलाई लिनुनै समुचित हुनाले, **ते गतिं तु आचार्यः वक्ता इति च** = तिम्रो गति आचार्यले भन्ने छन् इत्यादि पनि, **गतिमात्राभिधानप्रतिज्ञानात्** = गतिमात्र बताउने सम्बन्धमा प्रतिज्ञा हुनाले, **पुनः** = फेरि तापनि, **वाक्योपक्रमे** = वाक्यको सुरुमा, **सुखविशिष्टं ब्रह्म इति** = सुख विशिष्ट ब्रह्म बताइएको भन्ने, **कथं विज्ञायते** = कसरी जानिन्छ ।

विशदीकरण

पुनश्च यहाँ (यस वाक्यमा) ब्रह्म बताइएको हो वा होइन भनेर वादविवाद गर्नु पनि उचित छैन। किनकि सुख विशिष्ट बताउनाले नै ब्रह्म हो भन्ने कुरा सिद्ध छ । वाक्यको सुरुमा 'प्राण ब्रह्म हो, सुख ब्रह्म हो, पूर्ण आकाश ब्रह्म हो' भनेर जुन बताइएको थियो, त्यही ब्रह्म नै यहाँ बताइएको हो, किनभने सुरुलाई लिनु नै समुचित हुन आउँछ । फेरि 'आचार्यले तिम्रो गति (स्वरूप) बताउने छन्' भनेर गतिमात्र बताउने प्रतिज्ञा पनि गरिएको छ । यी कुरा भए पनि 'वाक्यारम्भमा सुखविशिष्ट ब्रह्मलाई बताइएको छ' भनेर कसरी जानिन्छ भन्ने शङ्का हुन्छ ।

शाङ्करभाष्यम्

उच्यते- **'प्राणो ब्रह्म कं ब्रह्म खं ब्रह्म'** इत्येतदग्नीनां वचनं श्रुत्वोपकोसल उवाच- **'विजानाम्यहं यत् प्राणो ब्रह्म, कं च तु खं च न विजानामि'** इति। तत्रेदं प्रतिवचनम्- **'यद्वाव कं तदेव खं यदेव खं तदेव कम्'** (छा० ४/१०/५) इति। तत्र खंशब्दो भूताकाशे निरूढो लोके । यदि तस्य विशेषणत्वेन कंशब्दः सुखवाची नोपादीयेत । तथा सति केवले भूताकाशे ब्रह्मशब्दो नामादिष्विव प्रतीकाभिप्रायेण प्रयुक्त इति प्रतीतिः स्यात् । तथा कंशब्दस्य विषयेन्द्रियसम्पर्कजनिते सामये सुखे प्रसिद्धत्वात्, यदि तस्य खंशब्दो विशेषणत्वेन नोपादीयेत, लौकिकं सुखं ब्रह्मेति प्रतीतिः स्यात् । इतरेतरविशेषितौ तु कंखंशब्दौ सुखात्मकं ब्रह्म गमयतः।

नेपालीभाषानुवाद

उच्यते = उत्तररूपमा भनिन्छ, **प्राणः ब्रह्म कं ब्रह्म, खं ब्रह्म इति एतत्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'प्राण ब्रह्म हो, सुख ब्रह्म हो, आकाश ब्रह्म हो' भन्ने यो; **अग्नीनां वचनं श्रुत्वा** = गार्हपत्य आदि अग्निको वचन सुनेर, **उपकोसलः उवाच** = उपकोसलले भने, **अहं विजानामि यत् प्राणः ब्रह्म** = म जान्दछु जो कि प्राण ब्रह्म हो, **तु कं च खं च न विजानामि इति** = परन्तु सुख र आकाशलाई जान्दिन भन्ने, **तत्र इदं प्रतिवचनम्** = त्यसमा यो उत्तर छ जस्तै कि, **यत् वाव कं तत् एव खम्** = निश्चय नै जो सुख हो त्यही नै पूर्ण आकाश हो, **यत् एव खं तत् एव कम्** = जुन नै आकाश हो त्यही नै सुख हो, **इति** = भन्ने, **तत्र खंशब्दः लोके भूताकाशे निरूढः** = त्यसमा खंशब्द लोकमा आकाशमा शक्त (वाचक) छ, **यदि**= यदि, **सुखवाची कंशब्दः** = सुखलाई भन्ने कंशब्द, **तस्य विशेषणत्वेन न उपादीयेत** = त्यो खंशब्दको विशेषण रूपले नलिइँदो हो त, **तथा सति** =त्यस्तो भएमा, **ब्रह्मशब्दः** = ब्रह्मशब्द, **नामादिषु इव**= नाम आदिमा जस्तै, **प्रतीकाभिप्रायेण** = प्रतीक (कुनै आश्रयको प्रतीति हुनलाई कुनै अर्को आश्रयमा लगाउनु) रूपले, **केवले भूताकाशे** = खाली भूताकाशमा, **प्रयुक्तः इति** = प्रयोग गरिएको भन्ने, **प्रतीतिः स्यात्** = थाहा हुन आउला, **तथा** = त्यस्तै, **कंशब्दस्य** = कंशब्दको पनि, **विषयेन्द्रियसंपर्कजनिते** = विषय र इन्द्रियको सम्पर्कबाट भएको, **सामये सुखे** = विनाशी वा परतन्त्रको सुखमा, **प्रसिद्धत्वात्** = प्रख्यात हुनाले, **यदि खंशब्दः** = यदि खं भन्ने शब्द, **तस्य विशेषणत्वेन न उपादीयेत**= त्यो कंशब्दको विशेषणरूपले नलिइयोस् त, **लौकिकं सुखं ब्रह्म इति प्रतीतिः स्यात्** = लौकिक सुख नै ब्रह्म हो भन्ने प्रतीति हुन आउला, **इतरेतरविशेषितौ तु कंखंशब्दौ** = परस्परले विशिष्ट भएका कंखंशब्द, **तु**= त, **सुखात्मकं ब्रह्म गमयतः**= सुखरूप ब्रह्मलाई बुझाउँछन् ।

विशदीकरण

उत्तररूपमा भनिन्छ– 'प्राण ब्रह्म हो, सुख ब्रह्म हो, आकाश ब्रह्म हो' भन्ने गार्हपत्य आदि अग्निहरूको वचन सुनेर उपकोसलले भने– प्राण ब्रह्म हो भन्ने त जान्दछु, परन्तु सुख र आकाश ब्रह्म हुन् भन्ने कुरा जान्दिन । त्यसको उत्तर हो– 'जुन सुख हो, त्यही आकाश हो; जुन आकाश हो, त्यही नै सुख हो' इत्यादि ।

त्यसमा खंशब्द भूताकाशमा प्रयुक्त हुनाले सुखवाची कंशब्द त्यसको विशेषण नहुने हो भने नाममा जस्तै ब्रह्मशब्द खाली भूताकाशमा प्रतीकको अभिप्रायले प्रयुक्त भएको प्रतीति हुन आउने छ । त्यस्तै सुखवाची कंशब्द पनि विनाशी सुखमा प्रसिद्ध हुनाले पूर्णवाची खंशब्द विशेषण नहुने हो भने लौकिकसुख नै ब्रह्म हो भन्ने प्रतीति रूप अनिष्ट हुन आउने छ । त्यसैले परस्परमा दुवै दुवैले विशिष्ट भए भने सुखरूप ब्रह्म हो भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझाउँछन् ।

शाङ्करभाष्यम्

तत्र द्वितीये ब्रह्मशब्देऽनुपादीयमाने कं खं ब्रह्मेत्येवोच्यमाने कंशब्दस्य विशेषणत्वेनैवोपयुक्तत्वात् सुखस्य गुणस्याध्येयत्वं स्यात्, तन्मा भूदित्युभयोः कंखंशब्दयोर्ब्रह्मशब्दशिरस्त्वं कं ब्रह्म खं ब्रह्म इति । इष्टं हि सुखस्यापि गुणस्य गुणिवद्ध्येयत्वम् । तदेव वाक्योपक्रमे सुखविशिष्टं ब्रह्मोपदिष्टम् । प्रत्येकं च गार्हपत्यादयोऽग्नयः **'स्वं स्वं महिमानमुपदिश्य'** एषा सोम्य तेऽस्मद् विद्यात्म-विद्या च, इत्युपसंहरन्तः पूर्वत्र ब्रह्म निर्दिष्टमिति ज्ञापयन्ति ।

नेपालीभाषानुवाद

तत्र = त्यहाँ (त्यसमा), **द्वितीये ब्रह्मशब्दे** = दोस्रो ब्रह्मशब्द, **अनुपादीयमाने**= नलिइएको पक्षमा, **कं खं ब्रह्म इति एव उच्यमाने** = कं खं ब्रह्म यत्तिमात्र भनिएमा, **कंशब्दस्य** = कंशब्दको, **विशेषणत्वेन एव** = विशेषण रूपले नै (मात्र), **उपयुक्तत्वात्** = ठीक हुनाले, **सुखस्य गुणस्य** = सुखरूप गुणको, **अध्येयत्वम् स्यात्** = ध्यान नगरिने स्थिति हुन आउँछ र, **तत् मा भूत् इति** = त्यस्तो नहोस् भनेर, **उभयोः कंखंशब्दयोः** = दुवै कं र खं शब्दको, **ब्रह्मशब्दशिरस्त्वम्** = ब्रह्मशब्दशिरमा राखिएको हो जस्तै, **कं ब्रह्म खं ब्रह्म इति** = कं ब्रह्म खं ब्रह्म भन्ने, **हि** = निश्चय, **सुखस्य गुणस्य अपि** = सुखरूप गुणको पनि, **गुणिवत्** = गुणी (ब्रह्म) जस्तै, **ध्येयत्वम्**= ध्यान गरिने हुनु, **इष्टम्** = इष्ट हो, **तत् एवम्** = त्यसकारण, यस प्रकार, **वाक्योपक्रमे** = वाक्यको सुरुमा, **सुखविशिष्टं ब्रह्म उपदिष्टम्** = सुखले विशिष्ट ब्रह्म उपदेश गरिएको हो, **गार्हपत्यादयः अग्नयः** = गार्हपत्य आदि अग्निहरू, **प्रत्येकम्** = अलग अलग, **स्वं स्वं महिमानम् उपदिश्य** = आ-आफ्नो महिमा बताएर, **सोम्य** = हे सोम्य, **ते** = तिमीलाई बताएको, **एषा** = यो, **अस्मद् विद्या** = हामीसम्बन्धी (अग्निविद्या) र, **आत्मविद्या च इति** = आत्मविद्या पनि हो भने र, **उपसंहरन्त** = वाक्यको उपसंहार गर्दा छँदा, **पूर्वत्र** = पहिले (अगाडि), **ब्रह्म निर्दिष्टम् इति** = ब्रह्म बताइएको हो भन्ने, **ज्ञापयन्ति** = बुझाउँछन् ।

विशदीकरण

पूर्वोक्त **'कं ब्रह्म खं ब्रह्म'** भन्ने वाक्यमा यदि दोस्रो ब्रह्म शब्द नबताइँदो हो त कंशब्दले विशेषणको मात्र काम दिन्थ्यो र सुखरूप गुण ध्येयरूपमा मानिने थिएन । त्यस्तो नहोस् भनेर नै दुवै कंखंशब्दको अगाडि ब्रह्मशब्द राखिएको हो र **'कं ब्रह्म खं ब्रह्म'** भनिएको हो । किनकि सुखरूप गुण पनि गुणादि(ब्रह्म) जस्तै ध्येय हुनु योग्य र आवश्यक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । वाक्यको सुरुमा ब्रह्म नै बताइएको भन्ने सिद्ध छ । गार्हपत्य आदि अग्निहरूले पनि अलग अलग आ–आफ्नो महिमा बताइसकेपछि, 'हे सोम्य! तिमीलाई बताएको यो हाम्रो अग्निविद्या र आत्मविद्या हो' भनेर वाक्यको उपसंहार गर्दै सुरुमा ब्रह्म नै बताइएको कुरा बताउँछन् ।

शाङ्करभाष्यम्

'आचार्यस्तु ते गतिं वक्ता' इति च गतिमात्राभिधानप्रतिज्ञानमर्थान्तरविवक्षां वारयति। **'यथा पुष्करपलाश आपो न श्लिष्यन्त एवमेवंविदि पापं कर्म न श्लिष्यते'** (छा० ४/१४/३) इति चाक्षिस्थानं पुरुषं विजानतः पापेनानुपघातं ब्रुवन्नक्षिस्थानस्य पुरुषस्य ब्रह्मत्वं दर्शयति । तस्मात्प्रकृतस्यैव ब्रह्मणोऽक्षिस्थानतां संयद्वामत्वादि गुणतां चोक्त्वाऽर्चिरादिकां तद्विदो गतिं वक्ष्यामीत्युपक्रमते– **'य एषोऽक्षिणि पुरुषो दृश्यत एष आत्मेति होवाच'** (छा० ४/१५/१) इति ।।१५।।

नेपालीभावानुवाद

ते गतिं तु = तिम्रो स्थिति (स्वरूप)लाई त, **आचार्यः वक्ता** = आचार्य (गुरु) ले भन्ने छन् भन्ने, **इति** = यस्तो, **गतिमात्राभिधानप्रतिज्ञानम् च** = स्वरूपमात्र बताउने प्रतिज्ञाले पनि, **अर्थान्तरविवक्षां वारयति** = यो बाहेक अरू कुरा बताउने कुरालाई निषेध गर्दछ, **यथा पुष्करपलाशे** = जस्तै कमलको पातमा, **आपः न श्लिष्यन्ते** = जल लिप्त हुँदैन, **एवं एव एवंविदि** = यही प्रकार यो ब्रह्मवेत्तामा, **पापं कर्म न श्लिष्यते** = पापकर्म लिप्त हुँदैन भन्ने, **इति च** = यो पनि, **अक्षिस्थानं पुरुषं विजानतः** = चक्षुस्थानवाला पुरुषलाई जान्ने पुरुषको, **पापानुपघातं ब्रुवन्** = पापद्वारा उपघात नहुने कुरा बताउँदो, **अक्षिस्थानस्य पुरुषस्य** = चक्षुस्थानवाला पुरुषको, **ब्रह्मत्वं दर्शयति** = ब्रह्म हो भन्ने कुरा देखाउँछ, **तस्मात्** = त्यसकारणबाट, **प्रकृतस्य एव ब्रह्मणः** = सुरुवाला ब्रह्म को नै, **अक्षिस्थानतां संयद्वामत्वादिगुणतां च** = अक्षिस्थान हुनु र संयद्वामत्वगुण हुने कुरा, **उक्त्वा** = बताएर, **तत्विदः** = त्यो अक्षिस्थान ब्रह्मलाई जान्ने पुरुषको, **अर्चिरादिकां गतिं वक्ष्यामि इति** = अर्चि (देवयान) आदि गति भन्छु भनेर, **उपक्रमते** = सुरु गर्दछ, जस्तै कि, **यः एषः अक्षिणि पुरुषः दृश्यते** = जुन यो चक्षुमा पुरुष देखिन्छ, **एषः आत्मा इति** = यो आत्मा हो भनेर, **ह उवाच** = निश्चय प्रसिद्ध रूपले भने ।

विशदीकरण

'तिम्रो स्वरूप आचार्यले बताउने छन्' भनेर स्वरूपमात्र बताउने प्रतिज्ञाले पनि सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहेक अरू कुनै कुरा बताउनुलाई निषेध गर्दछ । जस्तै- 'कमलको पातमा पानी लिप्त हुँदैन, त्यस्तै यस ब्रह्मलाई जान्नेमा पनि पापकर्म लिप्त हुँदैन' इत्यादि वाक्यले पनि चक्षुस्थानवाला पुरुषलाई जान्ने पुरुषमा पापको संश्लेष नहुने कुरा बताएर चक्षुस्थानवाला पुरुषलाई ब्रह्म हो भनेर देखाउँछ । सुरुमा बताइएका ब्रह्मलाई नै चक्षुस्थानवाला र संयद्वाम आदि गुणवाला भनेर त्यसलाई जान्ने पुरुषको अर्चिरादि मार्ग बताउन सुरु गर्दछ । जस्तै - 'जुन यो चक्षुमा पुरुष देखिन्छ, त्यो यो आत्मा हो' इत्यादि ।।१५।।

ब्रह्मसूत्रम् - श्रुतोपनिषत्कगत्यभिधानाच्च १/२/१६

सूत्रार्थ - श्रुतोपनिषत्कगत्यभिधानात् = उपनिषत् रूपी रहस्य जान्ने ब्रह्मवेत्ताको गति बताउनाले, **च** = पनि अक्षिस्थानवाला पुरुष परमेश्वर हो ।

शाङ्करभाष्यम्

इतश्चाक्षिस्थानः पुरुषः परमेश्वरः, यस्माच्छ्रुतोपनिषत्कस्य श्रुतरहस्य-विज्ञानस्य ब्रह्मविदो या गतिर्देवयानाख्या प्रसिद्धा श्रुतौ - **'अथोत्तरेण तपसा ब्रह्मचर्येण श्रद्धया विद्ययात्मानमन्विष्यादित्यमभिजयन्त । एतद्वै प्राणा-नामायतनमेतदमृतमभयमेतत्परायणमेतस्मान्न पुनरावर्तन्ते'** (प्रश्न. १/१०) इति । स्मृतावपि-

'अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।

तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जना ।।' (गी० ८/२४) इति ।

सैवेहाक्षिपुरुषविदोऽभिधीयमाना दृश्यते । **'अथ यदु चैवास्मिञ्छव्यं कुर्वन्ति। यदि च नार्चिषमेवाभिसंभवन्ति'** इत्युपक्रम्य, **'आदित्याच्चन्द्रमसं चन्द्रमसो विद्युतं तत्पुरुषोऽमानवः स एनान्ब्रह्म गमयत्येष देवपथो ब्रह्मपथ एतेन प्रतिपद्यमाना इमं मानवमावर्तं नावर्तन्ते'** (छा० ४/१५/५) इति । तदिह ब्रह्मविद्-विषयया प्रसिद्धया गत्याक्षिस्थानस्य ब्रह्मत्वं निश्चीयते ।।१६।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **अक्षिस्थानः पुरुषः** = चक्षुभित्र रहेको पुरुष, **परमेश्वरः**= परमेश्वर हो, **यस्मात्** = जसबाट कि, **श्रुतोपनिषत्कस्य श्रुतरहस्यविज्ञानस्य ब्रह्म-विदः** = उपनिषत् श्रवण गरेका अर्थात् रहस्यविज्ञान जान्ने ब्रह्मवेत्ताको, **या देवयानाख्या गतिः** = जुन देवयान नाम गरेको गति, **श्रुतौ प्रसिद्धा** = श्रुतिमा प्रसिद्ध छ जस्तै, **अथ** = अब अनि, **तपसा** = तपद्वारा, **ब्रह्मचर्येण** = ब्रह्मचर्यद्वारा, **श्रद्धया** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

श्रद्धाले, **विद्यया** = विद्याले, **आत्मानम्** = आत्मालाई, **अन्विष्य** = खोजेर त्यही रूपसाधनवाला पुरुष, **आदित्यम् अभिजयन्तः** = सूर्यमण्डललाई जित्दा, नाघ्दा छँदा, **उत्तरेण** = उत्तरायण देवयान मार्गले (जान्छन्), **वै** = निश्चय, **एतत्** = यो मार्ग वा आत्मा, **प्राणानाम्**= प्राण तथा इन्द्रियको, **आयतनम्** = केन्द्र हो, **एतत्** = यो, **अमृतम्** = मोक्ष हो, **अभयम्** = निर्भय हो, **एतत्** = यो, **परायणम्** = आश्रय हो, **एतस्मात्** = यस स्थानबाट, **पुनः** = फेरि, **न आवर्तन्ते** = फर्कन्नन् भन्ने, **इति**= यस्तो, **स्मृतौ अपि** = स्मृति (गीतामा पनि), **अग्निः** = अग्नि, **ज्योतिः** = ज्योति, **अहः** = दिन, **शुक्लः** = शुक्लपक्ष, **षण्मासाः उत्तरायणम्** = छ महीना उत्तरायण, यी देवयान हुन्, **तत्र** = त्यो काल देवयानमा, **प्रयाताः** = प्राण त्यागेर यहाँबाट गएका, **ब्रह्मविदः जनाः** = ब्रह्मवेत्ता पुरुषहरू, **ब्रह्म गच्छन्ति**= कार्यब्रह्ममा जान्छन्, पुग्छन् भन्ने, **इति**= यस्तो छ, **सा एव इह** = त्यही नै गति यहाँ, **अक्षिपुरुषविदः** = चक्षुस्थ पुरुषलाई जान्नको निमित्त, **अभिधीयमाना**= बताइरहिएको, **दृश्यते**= देखिन्छ, जस्तोकि, **अथ**= अनि, **यत् उ**= जो कि, **अस्मिन्**= यो कर्मी पुरुष (मरेमा छोराहरूले), **शव्यम्** = शवसम्बन्धी (अन्त्येष्टि कर्म), **कुर्वन्ति** = गर्दछन् र, **यदि च** = फेरि, **अर्चिषं न एव अभिसंभवन्ति** = अर्चि आदि मार्गमा प्राप्त पनि हुन्नन् भन्ने, **इति उपक्रम्य** = यहाँबाट सुरु गरेर, **आदित्यात् चन्द्रमसम्**= सूर्यबाट चन्द्रमामा, **चन्द्रमसः विद्युतम्** = चन्द्रबाट विद्युत्मा, **सः अमानवः तत्पुरुषः** = त्यो मनुषभिन्न ब्रह्मको पुरुषः, **एनान्** = यी उपासकहरूलाई, **ब्रह्म गमयति** = कार्यब्रह्मलोकमा लैजान्छ, **एषः देवपथः** = यो देवयान मार्ग हो, **ब्रह्मपथः** = कार्यब्रह्मको लोकमा जाने बाटो हो, **एतेन प्रतिपद्यमानाः** = यस बाटोबाट जानेहरू, **इमं मानवम् आवर्तम्** = यो मनुष्यलोकसम्बन्धी भुवँरीमा, **न आवर्तन्ते** = फर्कदैनन् भन्ने, **इति** = यस्तो, **तत् इह**= त्यसकारणबाट यहाँ, **ब्रह्मविद्विषयया प्रसिद्धया गत्या** = ब्रह्मवेत्तालाई लक्ष्य गर्ने प्रसिद्ध गतिद्वारा, **अक्षिस्थानस्य** = चक्षुस्थानवाला पुरुषको, **ब्रह्मत्वं निश्चीयते**= ब्रह्म हो भन्ने निश्चय गरिन्छ ।

विशदीकरण

उपनिषद्रूपी रहस्य जान्ने ब्रह्मवेत्ताको गति बताउनाले पनि अक्षिस्थानवाला पुरुष ब्रह्म हो । '**अथोत्तरेण**' इत्यादि श्रुतिमा रहस्यविज्ञान सुनेका ब्रह्मवेत्ताहरूको निम्ति जुन देवयान गति बताइएको छ र स्मृतिमा पनि '**अग्निर्ज्योतिः**' इत्यादिद्वारा जुन गतिको समर्थन गरिएको छ, त्यही नै गति चक्षुस्थानवाला पुरुषलाई जान्नेको सम्बन्धमा पनि बताएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै– '**अथ यदु चैवास्मिन्**' इत्यादिबाट उठाएर '**आदित्याच्चन्द्रमसम्**' इत्यादि श्रुतिबाट चक्षुस्थानवाला पुरुषलाई जान्नका निमित्त ब्रह्मवेत्तालाई लक्ष्य गर्ने देवयान गति पनि बताइएकोले सो चक्षुस्थानवाला पुरुष ब्रह्म नै हो भन्ने निश्चय गरिन्छ ।।१६।।

ब्रह्मसूत्रम् - अनवस्थितेरसंभवाच्च नेतरः १/२/१७

सूत्रार्थ - अनवस्थितेः = नियमितरूपले रहन नसक्ने र, **असंभवात् च** = असंभव हुनाले पनि, **इतरः** = ब्रह्मबाहेक छायात्मा, देवात्मा र विज्ञानात्मा पनि यहाँ बताइएको होइन ।

शाङ्करभाष्यम्

यत् पुनरुक्तम्– '**छायात्मा, विज्ञानात्मा, देवातात्मा वा स्यादक्षिस्थानः**' इति । अत्रोच्यते– न छायात्मादिरितर इह ग्रहणमर्हति । कस्मात् ? अनवस्थितेः। न तावच्छायात्मनश्चक्षुषि नित्यमवस्थानं सम्भवति । यदैव हि कश्चित्पुरुषश्चक्षुरासीदति तदा चक्षुषि पुरुषच्छाया दृश्यते, अपगते तस्मिन्न दृश्यते। '**य एषोऽक्षिणि पुरुषः**' इति च श्रुतिः सन्निधानात् स्वचक्षुषि दृश्यमानं पुरुषमुपास्यत्वेनोपदिशति।

नेपालीभाषानुवाद

पुनः यत् उक्तम् = फेरि जो भनियो कि, **छायात्मा** = छायापुरुष, **विज्ञानात्मा**= जीव तथा, **वा**= अथवा, **देवतात्मा**= देवतात्मा(सूर्य) पनि, **अक्षिस्थानः** = चक्षुस्थान भनिएको हो भन्ने, **इति** = यस्तो, **अत्र उच्यते** = यहाँ(यस विषयमा) भनिन्छ कि, **छायात्मादिः** = छायापुरुष आदि, **इतरः** = अरू कुनै, **इह** = यहाँ (यो वाक्यमा), **ग्रहणं न अर्हति** = लिनु योग्य छैन, **कस्मात्** = कसरी, **अनवस्थितेः** = नियमितरूपले रहन नसक्ने हुनाले, **तावत्**= पहिले, **छायात्मनः**= छायापुरुषको, **चक्षुषि** = आँखामा, **नित्यम् अवस्थानम्** = सधैं रहने कुरा, **न संभवति**= हुनसक्दैन, **हि**= निश्चय, **यदा एव** = जुनबेला नै, **कश्चित्** = कुनै, **पुरुषः** = पुरुष, **चक्षुः** = चक्षुमा, **आसीदति**= नजिक आइपर्छ, **तदा** = त्यसबेला, **चक्षुषि** = आँखामा, **पुरुषच्छाया** = पुरुषको छाया (प्रतिबिम्ब), **दृश्यते** = देखिन्छ, **तस्मिन् अपगते** = त्यो पुरुष हटेमा, **न दृश्यते** = देखिंदैन, **यः एषः अक्षिणि पुरुषः** = जुन 'यो आँखामा पुरुष छ' भन्ने, **इति श्रुतिः च**= यस्तो श्रुति पनि, **सन्निधानात्**= सन्निधान (सामीप्य) बाट, **स्वचक्षुषि दृश्यमानं पुरुषम्** = आफ्नो आँखामा देखिने पुरुषलाई, **उपास्यत्वेन उपदिशति** = उपास्यरूपले देखाउँछ।

विशदीकरण

नियमित टिकाउ नभएकोले र हुन नसक्ने भएकोले पनि ब्रह्मबाहेक अरू कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायात्मा, देवातात्मा र विज्ञानात्मा चक्षुस्थानवाला भनिएको होइन भन्ने सूत्रको आशय हो। चक्षुस्थानवाला भनेर बताइएको पुरुष नै छायारूप जीव हो अथवा सूर्य हो भनेर कुनै पनि यहाँ लिनु योग्य छैन, किनकि यिनीहरूमा कुनै पनि नित्यरूपले चक्षुमा टिकाउ रहँदैन ।

विचार गर्ने हो भने पहिले त छायापुरुषको आँखामा नित्य टिकाउ हुनु नै असंभव छ । किनभने जुनबेला कुनै पुरुष आँखाको नजिक पर्दछ, त्यसबखत मात्र आँखामा पुरुषको प्रतिबिम्ब देखापर्दछ, त्यो पुरुष आँखाबाट हटेपछि देखिंदैन । जो यो 'आँखामा पुरुष छ' भन्ने श्रुति छ त्यसले आफ्नो आँखामा सधैं देखिइरहने पुरुषलाई उपास्यरूपले बताउँछ ।

शाङ्करभाष्यम्

न चोपासनाकाले छायाकरं कञ्चित्पुरुषं चक्षुःसमीपे सन्निधाप्योपास्त इति युक्तं कल्पयितुम् । **'अस्यैव शरीरस्य नाशमन्वेष नश्यति'** (छा० ८/९/१) इति श्रुतिश्छायात्मनोऽप्यनवस्थितत्वं दर्शयति । असंभवाच्च तस्मिन्नमृतत्वादीनां गुणानां न छायात्मनि प्रतीतिः । तथा विज्ञानात्मनोऽपि साधारणे कृत्स्नशरीरेन्द्रिय-सम्बन्धे सति चक्षुष्येवावस्थितत्वं वक्तुं न शक्यम् । ब्रह्मणस्तु व्यापिनोऽपि दृष्ट उपलब्ध्यर्थो हृदयादिदेशविशेषसम्बन्धः । समानश्च विज्ञानात्मन्यपि ह्यमृतत्वादीनां गुणानामसम्बन्धः । यद्यपि विज्ञानात्मा परमात्मनोऽनन्य एव, तथाप्यविद्याकाम-कर्मकृतं तस्मिन्मर्त्यत्वमध्यारोपितं भयं चेत्यमृतत्वाभयत्वे नोपपद्येते । संयद्वाम-त्वादयश्चैतस्मिन्ननैश्वर्यादनुपपन्ना एव । देवतात्मनस्तु **'रश्मिभिरेषोऽस्मिन्प्रतिष्ठितः'** इति श्रुतेर्यद्यपि चक्षुष्यवस्थानं स्यात्तथाप्यात्मत्वं तावन्न संभवति, पराग्रूपत्वात् । अमृतत्वादयोऽपि न संभवन्ति, उत्पत्तिप्रलयश्रवणात् । अमरत्वमपि देवानां चिरकालावस्थानापेक्षम् । ऐश्वर्यमपि परमेश्वरायत्तं न स्वाभाविकम्,

भीषाऽस्माद्वातः पवते भीषोदेति सूर्यः ।

भीषाऽस्मादग्निश्चेन्द्रश्चमृत्युर्धावति पञ्चमः ।। (तै. २/८) इति मन्त्रवर्णात् । तस्मात्परमेश्वर एवायमक्षिस्थानः प्रत्येतव्यः । अस्मिँश्चपक्षे दृश्यत इति प्रसिद्धवदुपादानं शास्त्राद्यपेक्षं विद्वद्विषयं प्ररोचनार्थमिति व्याख्येयम् ।।१७।।

नेपालीभाषानुवाद

उपासनाकाले = उपासनाको समयमा, **छायाकरं कञ्चित्पुरुषम्** = छाया पार्ने कुनै पुरुषलाई, **सन्निधाप्य** = नजिक राखेर, **उपास्ते इति च** = उपासना गर्छ वा गरोस् भन्ने पनि, **न युक्तम् कल्पयितुम्** = कल्पना गर्न ठीक छैन, **अस्य एव**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरस्य नाशम् अनु एषः नश्यति = यसै शरीरको नाश हुनासाथ यो नाश हुन्छ भन्ने, **श्रुतिः** = छान्दोग्य श्रुति, **छायात्मनः** = छायापुरुषको, **अनवस्थिततत्वम्** = टिकाउ नहुने कुरा, **अपि** = पनि, **दर्शयति** = देखाउँछ, **तस्मिन् छायात्मनि**= त्यस छायापुरुषमा, **अमृत्वादीनां गुणानाम्** = अमृतत्व आदि गुणहरूको, **असम्भवात्**= असंभव हुनाले, **प्रतीतिः च न** = प्रतीति पनि हुँदैन, **तथा** = त्यस्तै, **विज्ञानात्मनः अपि** = जीवको पनि, **साधारणे** = साधारणरूपको, **कृत्स्नशरीरेन्द्रियसम्बन्धे** = सम्पूर्ण शरीर र इन्द्रियको सम्बन्ध भएमा, **न शक्यम्** = सकिंदैन, **ब्रह्मणः तु** = ब्रह्मको भने, **व्यापिनः अपि** = व्यापक भएपनि, **उपलब्ध्यर्थः** = उपासना निमित्त, **हृदयादिदेशविशेषसम्बन्धः** = हृदय आदि स्थान विशेषको सम्बन्ध भन्न सकिन्छ, **अमृतत्वादीनाम् गुणानाम्** = अमृतत्व आदि गुणहरूको, **असम्बन्धः** = सम्बन्ध नहुने कुरा, **विज्ञानात्मनि अपि** = जीवमा पनि, **समानः** = बराबरी छ, **यदि अपि**= हुन त, **विज्ञानात्मा** = जीव, **परमात्मनः** = परमात्माभन्दा, **अनन्यः एव** = अलग अर्को होइन, **तथा अपि** = तापनि, **तस्मिन्** = त्यस जीवमा, **अविद्याकामकर्मकृतम्**= अविद्या र कामकर्मद्वारा हुन आएको, **मर्त्यत्वं भयं च अध्यारोपितम्** = मर्त्यत्व र भयको आरोप गरिएको छ र, **अमृतत्वाभयत्वे** = अमृतत्व र अभय, **न उपपद्येते** = ठीकसँग मिल्दैनन्, **संयद्वामत्वादयः च** = संयद्वामत्व आदि गुणहरू पनि, **एतस्मिन्**= यस जीवमा, **अनैश्वर्यात्** = ऐश्वर्य सम्पन्न(ईशपना) नभएकोबाट, **अनुपपन्नाः एव**= सिद्ध हुन सक्दैनन् नै, **देवतात्मनः तु** = देवतात्मा (सूर्य) को भने, **रश्मिभिः एषः अस्मिन् प्रतिष्ठितः इति** = किरणद्वारा यो सूर्य यो आँखामा रहेको छ भन्ने, **श्रुतेः** = श्रुतिवचनबाट, **यद्यपि चक्षुषि अवस्थानं स्यात्** = हुन त आँखामा रहने कुरा हुन सक्दछ, **तथापि**= तापनि, **आत्मत्वं तावत् न संभवति**= सर्वप्रथम आत्मत्व हुनसक्दैन किनकि, **पराग्रूपत्वात्**= बाह्य जगत्‌रूप हुनाले, **अमृत्वादयः अपि**= अमृतत्व आदि गुण पनि देवतात्मामा हुनसक्दैन किनकि, **उत्पत्तिप्रलयश्रवणात्** = उत्पत्ति र विनाश सुनिएकोले, **देवानाम् अमरत्वम् अपि** = देवताहरूको अमरपन पनि, **चिरकाला-वस्थानापेक्षम्** = धेरैकालसम्म रहने कुरालाई लिएर हो, **ऐश्वर्यम् अपि** = भएको ऐश्वर्य पनि, **परमेश्वरायत्तम्** = परमेश्वरका अधीनको हो र, **न स्वाभाविकम्** = स्वसिद्ध र स्वाधीन होइन किनकि, **अस्मात् भीषा** = ब्रह्मबाट भएका डरले, **वातः पवते** = वायु वहन्छ (शुद्ध गर्छ), **भीषा** = ब्रह्मबाट भएका डरले, **सूर्यः उदेति** = सूर्य उदाउँछ, **अस्मात् भीषा** = यो ब्रह्मबाट भएका डरले, **च** = फेरि, **अग्निः इन्द्रः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च = अग्नि र इन्द्र पनि (स्व-स्वकर्ममा लाग्दछन्) र, **पञ्चमः** = पाँचौ मृत्यु पनि, **धावति** = मार्नु निमित्त दौड्दछ भन्ने, **इति मन्त्रवर्णात्** = यस्तो मन्त्रवर्ण हुनाले, **तस्मात्** = त्यसकारणबाट, **अयम् अक्षिस्थानः** = यो चक्षुस्थानवाला पुरुष, **परमेश्वरः एव** = परमेश्वर नै हो भनेर, **प्रत्येतव्यः** = जान्नु पर्दछ, **च** = फेरि, **अस्मिन् पक्षे** = यस पक्षमा, **दृश्यते इति** = देखिन्छ भनेर, **प्रसिद्धवत् उपादानम्** = प्रसिद्ध रूपले भन्नु, **शास्त्राद्यपेक्षं विद्वद्विषयम्** = शास्त्रज्ञानको अपेक्षाबाट ब्रह्मवेत्तासम्बन्धित प्ररोचनका निमित्त हो भनेर, **इति व्याख्येयम्** = यस्तो व्याख्यान गर्नुपर्दछ ।

विशदीकरण

पुनश्च उपासना गर्ने समयमा प्रतिबिम्ब पार्नका लागि 'कुनै पुरुषलाई आँखाको नजिकै राखेर उपासना गर्छौं' भन्ने कुराको कल्पना गर्न पनि मनासिब छैन । यस शरीरको साथै यो पनि नाश हुन्छ भनेर श्रुतिले पनि छायापुरुष टिकाऊ नहुने कुरा व्यक्त गर्दछ । अमृतत्वादि गुण पनि छाया पुरुषमा हुन सक्दैनन् । जीवलाई लिने पक्षमा पनि जीव साधारणरूपले सबै शरीर र इन्द्रियमा सम्बन्धित भएपनि आँखामा मात्र रहने कुरा पनि युक्तियुक्त छैन ।

ब्रह्मको सम्बन्धमा भने ब्रह्म व्यापक भए तापनि उपासना निमित्त हृदय आदि स्थानमा ब्रह्मको सम्बन्ध हुनसक्दछ । अमृतत्व आदि गुणको जीवमा पनि असम्बन्ध हुने कुरा छायापुरुषकै जस्तै हो । हुन त जीव परमात्मा भन्दा अलग होइन, तापनि त्यसमा अविद्या, काम र कर्मबाट भएको मर्त्यपन आरोपित हुनुको साथै भय पनि छ, त्यसैले अमृतत्व र अभय पनि मिल्न आउँदैनन् । संयद्वामत्व आदि गुण पनि ऐश्वर्यहीन हुनाले जीवमा मिल्न सक्दैनन् नै । देवतात्मा (सूर्य) को भने रश्मिद्वारा 'यो सूर्य आँखामा रहेको छ' भन्ने श्रुति वाक्यअनुसार आँखामा रहने कुरा हुनसक्दछ; तापनि आत्मत्व हुन बाह्य जगद्रूप हुनाले सक्दैन । उत्पत्ति, विनाश सुनिएकोले अमृतत्व पनि हुँदैन ।

देवता अमर हुन्छन् भन्ने कुरा पनि धेरैकालसम्म रहने भन्ने कुराबाट हो । देवतामा भएको ऐश्वर्य पनि स्वसिद्ध र स्वाधीन नभएर परसिद्ध र परमेश्वराधीन हो । किनकि सो सम्बन्धमा 'ब्रह्मका डरले वायु बहन्छ, सूर्य उदाउँछ, इन्द्र र अग्नि स्व-स्वकर्ममा लाग्दछन्। यी चारबाहेक पाँचौ मृत्यु पनि संसारलाई मार्नका लागि दौड्दछ' भन्ने इत्यादि मन्त्रवर्ण रहेको छ । यी सबै कुराबाट यहाँ यो चक्षुस्थानवाला पुरुष भनेको परमेश्वर नै हो भनेर जान्नुपर्दछ। यस पक्षमा 'देखिन्छ' भनेर प्रसिद्धरूपले किटान गरेको विषयलाई ब्रह्मवेत्ताले शास्त्रज्ञानद्वारा प्रत्यक्ष गरेको विषय र प्ररोचनका निमित्त भनेको भन्नु पर्दछ ।।१७।।

इतिअन्तराधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. अन्तर्याम्यधिकरणम् {सू. १८-२०}

ब्रह्मसूत्रम् - अन्तर्याम्यधिदैवादिषु तद्धर्मव्यपदेशात् १/२/१८

सूत्रार्थ - **अधिदैवादिषु** = अधिदैव, अधिलोक आदिमा, **तद्धर्मव्यपदेशात्** = तत् धर्म (परमात्माको धर्म) को उल्लेख हुनाले, **अन्तर्यामी** = अन्तर्यामी भनेको परमात्मा हो ।

शाङ्करभाष्यम्

'य इमं च लोकं परं च लोकं सर्वाणि च भूतानि योऽन्तरो यमयति' इत्युपक्रम्य श्रूयते- **'यः पृथिव्यां तिष्ठन् पृथिव्या अन्तरो यं पृथिवी न वेद यस्य पृथिवी शरीरं यः पृथिवीमन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः'** (बृ० ३/७/१-२) इत्यादि । अत्राधिदैवतमधिलोकमधिवेदमधियज्ञमधिभूतमध्यात्मं च कश्चिदन्तरवस्थितो यमयितान्तर्यामीति श्रूयते । स किमधिदैवाद्यभिमानी देवतात्मा कश्चित्, किं वा प्राप्ताणिमाद्यैश्वर्यः कश्चिद्योगी, किं वा परमात्मा, किंवार्थान्तरं किञ्चिदित्यपूर्वसंज्ञादर्शनात्संशयः ।

नेपालीभाषानुवाद

यः = जुन, **इमं लोकं** = यस लोकलाई र, **परं लोकं च** = परलोकलाई पनि र, **सर्वाणि भूतानि च** = सबै प्राणीहरूलाई पनि, **यः** = जसले कि, **अन्तरः**= भित्र रहेको छँदो, **यमयति**= प्रेरित गर्छ भन्ने, **इति उपक्रम्य** = यहाँबाट सुरु गरेर, **श्रूयते** = सुनिन्छ, **यः**= जुन, **पृथिव्यां तिष्ठन्** = पृथ्वीमा रहेको, **पृथिव्याः अन्तरः**= पृथ्वीभन्दा भित्र वा पृथ्वीको भित्र छ, **यं पृथिवी न वेद**= जसलाई पृथ्वीले जान्दैन, **पृथिवी यस्य शरीरम्** = पृथ्वी जसको शरीर हो, **अन्तरः यः पृथिवीं यमयति** = भित्ररहेको छँदो जसले पृथ्वीलाई प्रेरित गर्छ, **एषः** = यो, **अन्तर्यामी** = अन्तर्यामी, **ते** = तिम्रो, **अमृतः** = अमृतस्वरूप, **आत्मा** = आत्मा हो भन्ने, **इत्यादि** = इत्यादि रूपको, **अत्र** = यहाँ यसमा, **अधिदैवतम्** = अधिदैवत, **अधिलोकम्** = अधिलोक, **अधिवेदम्** = अधिवेद, **अधियज्ञम्** = अधियज्ञ, **अधिभूतम्** = अधिभूत, **अध्यात्मम् च** = अध्यात्म पनि, **कश्चित् अन्तः अवस्थितः** = कुनै भित्र रहेको छँदो, **यमयिता**= प्रेरणा गर्ने, **अन्तर्यामी इति** = अन्तर्यामी छ भन्ने, **श्रूयते** = सुनिन्छ, **सः किम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो के, **अधिदैवाद्यभिमानी कश्चित् देवतात्मा** = अधिदैव आदिको अभिमानी देवता कुनै हो, **किंवा कश्चित् प्राप्ताणिमाद्यैश्वर्यः** = अथवा के कुनै अणिमादि ऐश्वर्यप्राप्त गरेको, **योगी** = योगी हो, **किं वा परमात्मा** = के अथवा परमात्मा हो, **किंवा अर्थान्तरं किञ्चित्** = के अथवा कुनै अर्को वस्तु हो भन्ने, **इति** = यस्तो, **अपूर्वसंज्ञादर्शनात्** = अपूर्व नाम देखिनाले, **संशयः** = शङ्का हुन्छ ।

विशदीकरण

यहाँबाट अन्तर्यामी अधिकरण सुरु हुन्छ । परमात्माकै धर्मको प्रतिपादन गरिएको कारणबाट अधिदैवादिमा अभिमानी रूपले रहेको अन्तर्यामी भनेको परमात्मा हो भन्ने सूत्रार्थ हो ।

'जसले यो लोक, परलोक र सबै प्राणीलाई भित्र रहेर प्रेरित गर्छ' भन्ने यहाँबाट सुरु गरेर 'जो पृथ्वीमा रहेको छ अथवा पृथिवीभित्र रहेको छ तापनि जसलाई पृथ्वीले जान्दैन, जसको पृथ्वी शरीर छ, जो पृथ्वीलाई भित्र रहेर प्रेरित गर्छ, त्यही अन्तर्यामी तिम्रो अमर आत्मा हो' इत्यादि श्रुतिमा सुनिन्छ। यहाँ अधिदैव आदिको प्रेरक अन्तर्यामी सुनिएकाले त्यो के कुनै देवता ? अथवा सिद्धिभएको योगी ? अथवा परमात्मा ? अथवा अरू कुनै वस्तु हो ? भन्ने शङ्का हुन्छ । शङ्का हुनुको कारण अपूर्व संज्ञा (नाम) देखिनु नै हो ।

शाङ्करभाष्यम्

किं तावन्नः प्रतिभाति ? संज्ञाया अप्रसिद्धत्वात् संज्ञिनाऽप्यप्रसिद्धेनार्थान्तरेण केनचिद् भवितव्यमिति । अथवा नानिरूपितरूपमर्थान्तरं शक्यमस्तीत्यभ्युपगन्तुम्। अन्तर्यामिशब्दश्चान्तर्यमनयोगेन प्रवृत्तो नात्यन्तमप्रसिद्धः । तस्मात्पृथिव्याद्यभिमानी कश्चिद्देवोऽन्तर्यामी स्यात्। तथा च श्रूयते । **'पृथिव्येव यस्यायतनमग्निर्लोको मनो ज्योतिः'**(बृ० ३/९/१०) इत्यादि । स च कार्यकरणवत्त्वात्पृथिव्यादीनन्तस्तिष्ठन् यमयति, इति युक्तं देवतात्मनो यमयितृत्वम्। योगिनो वा कस्यचित्सिद्धस्य सर्वानुप्रवेशेन यमयितृत्वं स्यात्, न तु परमात्मा प्रतीयते, अकार्यकरणत्वादित्येवं प्राप्त इदमुच्यते –

नेपालीभाषानुवाद

तावत् किं नः प्रतिभाति = पहिले हामीहरूलाई के प्रतीत हुन आउँछ, **संज्ञायाः अप्रसिद्धत्वात्** = नाम अप्रसिद्ध हुनाले, **संज्ञिना अपि** = नामवाला पनि, **अप्रसिद्धेन** = प्रसिद्ध नभएका, **केनचित् अर्थान्तरेण**= कुनै अर्को वस्तुले, **भवितव्यम् इति** = हुनुपर्दछ भन्ने र, **अथवा** = अथवा, **अनिरूपितरूपम्** = कुनै रूप नबताइएको, **अर्थान्तरम्** = अर्को वस्तु, **अभ्युपगन्तुम्** = मात्र, **शक्यं न अस्ति** = सकिने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन, **च** = फेरि, **अन्तर्यामी शब्दः** = अन्तर्यामी भन्ने शब्द, **अन्तर्यमनयोगेन** = भित्र प्रेरणा गर्नु रूप यौगिक अर्थले, **प्रवृत्तः** = प्रवृत्त भएको छँदो, **अत्यन्तम् अप्रसिद्धः न** = अत्यन्त अप्रसिद्ध पनि छैन, **तस्मात्** = त्यस कारणबाट, **पृथिव्याद्यभिमानी** = पृथ्वी आदिको अभिमानी, **कश्चित् देवः** = कुनै देवता, **अन्तर्यामी स्यात्** = अन्तर्यामी हुन सक्दछ, **तथा च श्रूयते** = त्यस्तै सुनिन्छ पनि जस्तै, **पृथिवी एव** = पृथ्वी नै, **यस्य आयतनम्** = जसको शरीर छ, **अग्निः लोकः** = अग्नि नै चक्षु छ, **मनः ज्योतिः** = मन नै ज्योति छ भन्ने, **इत्यादि** = इत्यादि, **सः च**= त्यो पनि, **कार्यकरणवत्त्वात्**= कार्यकरणवाला हुनाले, **पृथिव्यादीन्** = पृथ्वी आदिलाई, **अन्तः तिष्ठन्** = भित्र रहँदो छँदो, **यमयति इति** = प्रेरित गर्छ भनेर, **देवतात्मनः यमयितृत्वं युक्तम्** = देवताको प्रेरित गर्ने कुरा युक्ति युक्त नै छ, **वा** = अथवा, **कस्यचित् सिद्धस्य योगिनः** = कुनै सिद्ध भएका योगीको, **सर्वानुप्रवेशेन**= सबैमा प्रवेश गरेर, **यमयितृत्वं स्यात्** = प्रेरित गर्ने काम हुनसक्दछ, **परमात्मा तु** = परमात्मा भने, **न प्रतीयते** = प्रतीत हुनसक्दैन किनकि **अकार्यकरणत्वात्** = कार्यकरणवाला नहुनाले भन्ने, **इति एवं प्राप्ते** = यस्तो शङ्का हुन आएमा, **इदम् उच्यते** = उत्तररूपमा यो कुरा भनिन्छ ।

विशदीकरण

यहाँ सुनिएको अन्तर्यामी नाम अप्रसिद्ध हुनाले नामवाला पनि अप्रसिद्ध हुन्छ । तसर्थ कुनै अर्कै वस्तु हो कि भन्न पनि कुनै रूपरेखा निरूपण नगरेको कुनै वस्तु मात्र कठिन छ भन्ने प्रश्न हुन्छ । अन्तर्यामी शब्द प्रेरणा गर्नुरूप यौगिक अर्थद्वारा एकदम अप्रसिद्ध शब्द हो भन्न पनि मिल्दैन । त्यसो हुनाले पृथ्वी आदिको अभिमानी कुनै देवता अन्तर्यामी हुनसक्दछ ।

त्यस्तै श्रुतिमा पनि छ कि 'जसको पृथ्वी नै शरीर छ, अग्नि नै आँखा छ, मन नै ज्योति छ' भन्ने इत्यादि र त्यो देवता कार्यकरणवाला हुनाले पृथ्वी आदिलाई भित्र रहेर प्रेरणा गर्न सक्ने हुन्छ र त्यो देवता नै अन्तर्यामी किन नहुनु ? साथै कुनै सिद्धि पाएको योगी पनि सबैमा प्रवेश गरेर प्रेरित गर्न सक्ने हुनाले अन्तर्यामी हुनसक्दछ । परन्तु परमात्मा भने यहाँ प्रतीत हुन आउँदैन, किनकि कार्यकरणवाला नहुनाले भन्ने इत्यादि शङ्का हुन आएमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

योऽन्तर्याम्यधिदैवादिषु श्रूयते, स परमात्मैव स्यान्नान्य इति । कुतः ? **'तद्धर्मव्यपदेशात्'**। तस्य हि परमात्मनो धर्मा इह निर्दिश्यमाना दृश्यन्ते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथिव्यादि तावत् अधिदैवादिभेदभिन्नं समस्तं विकारजातमन्तस्तिष्ठन् यमयतीति परमात्मनो यमयितृत्वं धर्म उपपद्यते। सर्वविकारकारणत्वे सति सर्वशक्त्युपपत्तेः। **'एष त आत्मान्तर्याम्यमृतः'** इति चात्मत्वामृतत्वे मुख्ये परमात्मन उपपद्येते। **'यं पृथिवी न वेद'** इति च पृथिवीदेवताया अविज्ञेयमन्तर्यामिणं ब्रुवन् देवतात्मनोऽन्यमन्तर्यामिणं दर्शयति। **'पृथिवी देवता ह्यहमस्मि पृथिवीत्यात्मानं विजानीयात्।'** तथा **'अदृष्टोऽश्रुतः'** इत्यादिव्यपदेशो रूपादिविहीनत्वात्परमात्मन उपपद्यत इति। यत्त्वकार्यकरणस्य परमात्मनो यमयितृत्वं नोपपद्यत इति। नैष दोषः, यन्नियच्छति तत्कार्यकरणैरेव तस्य कार्यकरणवत्त्वोपपत्तेः। तस्याप्यन्यो नियन्तेत्यनवस्थादोषश्च न संभवति, भेदाभावात्। भेदे हि सत्यनवस्थादोषोपपत्तिः। तस्मात्परमात्मैवान्तर्यामी ।।१८।।

नेपालीभाषानुवाद

अधिदैवादिषु = अधिदैव आदिमा, **यः अन्तर्यामी श्रूयते** = जुन अन्तर्यामी भएको सुनिन्छ, **सः** = त्यो, **परमात्मा एव स्यात्** = परमात्मा नै हुनसक्दछ, **अन्यः न इति** = अर्को कुनै होइन भन्ने, **कुतः** = केबाट, **तद्धर्मव्यपदेशात्** = परमात्माका धर्मको निर्देश हुनाले, **हि** = निश्चय, **तस्य परमात्मनः धर्माः** = त्यस परमात्माका धर्महरू, **इह** = यस वाक्यमा, **निर्दिश्यमानाः** = निर्देश गरिएका (बताइएका), **दृश्यन्ते** = देखिन्छन्(पाइन्छन्), **तावत्** = पहिले जबकि, **अधिदैवादिभेदभिन्नम्**= अधिदैव आदि भेदले विभिन्न रूपको, **पृथिव्यादि** = पृथ्वी आदि, **समस्तं विकारजातम्** = सम्पूर्ण विकारसमूहलाई, **अन्तःतिष्ठन्** = भित्र रहँदो, **यमयति इति** = प्रेरित गर्छ भन्ने, **परमात्मनः** = परमात्माको, **यमयितृत्वम्** = प्रेरित गर्नु रूप, **धर्मः** = धर्म, **उपपद्यते** = ठीक हुन आउँदछ किनकि, **सर्वविकारकारणत्वे सति**= सम्पूर्ण विकार (प्रपञ्च) को कारण भएमा, **सर्वशक्त्युपपत्तेः** = सबै शक्ति सिद्ध हुनाले, **एषः अमृतः अन्तर्यामी ते आत्मा**= यही अमृतरूप अन्तर्यामी तिम्रो आत्मा हो भन्ने, **इति च** = यस कुराबाट, **आत्मत्वामृतत्वे** = अमृतत्व र आत्मत्व, **मुख्ये**= मुख्यरूपमा, **परमात्मनः उपपद्येते** = परमात्माका नै ठीक मिल्न आउँछन्, **यं पृथिवी न वेद** = जसलाई पृथ्वीले जान्दैन भन्ने, **इति च** = यो वाक्य पनि, **पृथिवी देवतायाः** = पृथिव्यभिमानिनी देवताका, **अविज्ञेयम्** = जान्न नसकिने रूपको, **अन्तर्यामिणं ब्रुवन्** = अन्तर्यामीलाई बताउँदो, **देवतात्मनः अन्यम्** = देवतात्मा बाहेकको अर्को, **अन्तर्यामिणम्** = अन्तर्यामीलाई, **दर्शयति**= देखाउँछ, **हि**= निश्चय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहम् = म, **पृथिवीदेवता अस्मि** = पृथ्वीको अभिमानी देवता हूँ भनेर, **आत्मानम् पृथिवी इति विजानीयात्** = आफूलाई पृथ्वी भनेर जानोस्, **तथा** = त्यस्तै, **अदृष्टः अश्रुतः** = नदेखिएको, नसुनिएको भन्ने, **इत्यादिव्यपदेशः** = इत्यादि निर्देश, **रूपादिहीनत्वात्** = रूप आदि नभएको बाट, **परमात्मनः उपपद्यते** = परमात्माको ठीक मिल्न सक्दछ, **यत् तु** = जुन कि, **अकार्यकरणस्य परमात्मनः** = कार्यकरण नभएका परमात्माको, **यमयितृत्वं न उपपद्यते इति** = प्रेरकत्व हुँदैन भनेर भनियो, **न एषः दोषः** = यो दोष छैन किनकि, **यत् नियच्छति** = जो नियन्त्रण गर्छ, **तत्** = त्यो, **कार्यकरणैः एव** = कार्यकरणद्वारा नै, **तस्य** = परमात्माको, **कार्यकरण-वत्त्वोपपत्तेः** = कार्यकरण भएको सिद्ध हुने हुनाले, **तस्य अपि अन्यः नियन्ता** = त्यसको पनि अर्को नियन्ता हुन्छ भन्ने, **अनवस्थादोषः च** = अनवस्था (नथितिनु रूपको) दोष पनि, **न संभवति**= हुँदैन किनकि, **भेदाभावात्** = भेद नहुनाले, **हि**= निश्चय, **भेदे सति** = भेद भएमा नै, **अनवस्थादोषोपपत्तिः** = अनवस्थादोष सिद्ध हुन्छ, **तस्मात्** = त्यस कारणबाट, **अन्तर्यामी** = यहाँ बताइएको अन्तर्यामी, **परमात्मा एव** = परमात्मा नै हो ।

विशदीकरण

यहाँ अधिदैव आदिमा जुन अन्तर्यामी सुनिन्छ, त्यसमा परमात्माकै धर्मको निर्देश गरिएको हुनाले त्यो परमात्मा नै हो । खासरूपमा परमात्मा कै धर्महरू यहाँ देखाइएका छन्। फेरि विचार गर्दा अधिदैव, अधिभूत, अधियज्ञ, अध्यात्म आदि अनेक भेद भएको पृथ्वी आदि सारा प्रपञ्चरूप विकारको भित्र रहेर प्रेरित गर्ने कुरा परमात्माको नै हुनसक्दछ।

सबै प्रपञ्चको कारण भएकोले परमात्मामा सबै शक्ति पनि हुनसक्दछन् । 'यो तिम्रो अमृतरूप, अन्तर्यामी आत्मा हो' भन्ने भनाइमा रहेको मुख्यरूपको आत्मत्व र अमृतत्त्व पनि परमात्मामा नै ठीक मिल्न आउँदछन् । फेरि 'जसलाई पृथ्वीले जान्दैन' भन्ने भनाइ पनि पृथ्वीको अभिमानी देवताले जान्न नसकिने, अन्तर्यामीलाई बताउँदै देवताले पनि नजानिने अन्तर्यामी रहेछ भन्ने कुरा स्पष्ट देखाउँछ ।

पृथ्वी 'देवता म हूँ' पृथ्वी भनेर आफूलाई जानोस् इत्यादि वाक्य तथा नदेखिएको र नसुनिएको भन्ने कुराको निर्देश पनि परमात्मामा नै मिल्दछ । फेरि कार्यकरण नभएकोले परमात्मा अन्तर्यामी हुनसक्दैन भनेर जुन भनियो, त्यसमा पनि जसलाई प्रेरित गरेर कार्यमा लगाउनु छ, त्यसका बुद्धि र इन्द्रियद्वारा प्रेरणा गर्ने र बुद्धि एवं इन्द्रिय आदिद्वारा नै कार्यकरणवाला मानिने हुनाले कुनै दोष देखिंदैन। फेरि कार्यकरण नभएका परमात्मामा प्रेरकता रहन सक्दैन पनि नभनौं, किनकि प्रेरक र प्रेरितमा भेद हुँदैन। भेद भएमात्र अनवस्था दोष हुन्छ । अतः अन्तर्यामी भनेको परमात्मा नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - न च स्मार्तमतद्धर्माभिलापात् १/२/१९

सूत्रार्थ - **स्मार्तं च** = साङ्ख्यकल्पित प्रधान पनि, **न** = अन्तर्यामी होइन किनभने, **अतद्धर्माभिलापात्** = प्रधानमा नभएका धर्म बताएकाले ।

शाङ्करभाष्यम्

स्यादेत् । अदृष्टत्वादयो धर्माः साङ्ख्यस्मृतिकल्पितस्य प्रधानस्याप्युपपद्यन्ते, रूपादिहीनतया तस्य तैरभ्युपगमात् । **'अप्रतर्क्यमविज्ञेयं प्रसुप्तमिव सर्वतः'** (मनु० १/५) इति हि स्मरन्ति, तस्यापि नियन्तृत्वं सर्वविकारकारणत्वादुपपद्यते । तस्मात्प्रधानमन्तर्यामिशब्दं स्यात् । **'ईक्षतेर्नाशब्दम्'** (ब्र० १/१/५) इत्यत्र निराकृतमपि सत्प्रधानमिहादृष्टत्वादिव्यपदेशसंभवेन पुनराशङ्क्यते । अत उत्तरमुच्यते -

नेपालीभाषानुवाद

एतत् स्यात् = यो कुरा हुनसक्दछ के भने, **अदृष्टत्वादयः धर्माः** = अदृष्ट, अश्रुत आदि धर्महरू, **साङ्ख्यस्मृतिकल्पितस्य प्रधानस्य अपि** = साङ्ख्य स्मृतिले कल्पना गरेका प्रधानको पनि, **उपपद्यन्ते** = हुनसक्दछन् किनकि, **तस्य** = त्यस प्रधानको, **तैः**= साङ्ख्यवेत्ताहरूले, **रूपादिहीनतया अभ्युपगमात्** = रूपआदि नभएको भनेर मानेको हुनाले, **अप्रतर्क्यम् अविज्ञेयम्**= अतर्कित र जान्न नसकिने र, **सर्वतः प्रसुप्तम् इव** = सबै तर्फ सुषुप्तिस्थितिको जस्तै भन्ने, **हि** = निश्चय, **इति** = यस्तो, **स्मरन्ति** = सम्झन्छन्, **तस्य** = त्यस प्रधानको, **सर्वविकारकारणत्वात्** = सबै विकार (प्रपञ्च) को कारण हुनाले, **नियन्तृत्वम् अपि** = अन्तर्यामित्व पनि, **उपपद्यते**= हुन (मिल्न) सक्दछ, **तस्मात्** = त्यस कारणबाट, **प्रधानम्** = प्रधान, **अन्तर्यामिशब्दं स्यात्**= अन्तर्यामी शब्दवाच्य हुनसक्दछ, **ईक्षतेर्न अशब्दम् इति अत्र** = 'ईक्षतेर्नाशब्दम्' भन्ने सूत्रमा, **निराकृतम् अपि सत्** = खण्डन गरिएको पनि छँदो, **प्रधानम्** = प्रधान, **अदृष्टत्वादिव्यपदेशसंभवेन** = अदृष्टत्व आदि व्यपदेशको संभव हुनाले, **इह** = यस सूत्रमा, **पुनः आशङ्क्यते** = फेरि शङ्का गरिन्छ, **अतः** = यस कारणबाट, **उत्तरम् उच्यते** = उत्तररूपमा भनिन्छ ।

विशदीकरण

साङ्ख्यपरिकल्पित प्रधानका धर्म नबताइएकाले त्यसलाई पनि यहाँ अन्तर्यामी भनेर लिइएको होइन भन्ने सूत्राशय हो । साङ्ख्यहरूले अदृष्ट र अश्रुत भनेर प्रधानलाई रूपादिहीन मानेका छन् । अतर्कित, अविज्ञेयरूपको सुषुप्तिकालीन स्थिति जस्तो प्रधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ भन्ने स्मृतिमा पनि बताइएकोले र सबै विकारको कारण प्रधान नै भएकोले त्यसमा आफ्नो कार्यप्रति नियन्तृत्व हुनसक्दछ र त्यो प्रधान नै यहाँ अन्तर्यामी शब्दले किन नलिने? यस रूपको शङ्का गर्नेहरूको भनाइ हुनसक्दछ ।

हुन त '**ईक्षतेर्नाशब्दम्**' भन्ने सूत्रमा प्रधानको खण्डन गरिसकिएको थियो, तापनि अदृष्ट र अश्रुत भन्ने शब्दले गर्दा यहाँ उसको निर्देश गरिएको हो कि ? भन्ने शङ्का हुन्छ र सो सम्बन्धमा उत्तर भनिन्छ -

शाङ्करभाष्यम्

न च स्मार्तं प्रधानमन्तर्यामिशब्दं भवितुमर्हति । कस्मात् ? '**अतद्धर्माभिलापात्**' । यद्यप्यदृष्टत्वादिव्यपदेशः प्रधानस्य संभवति, तथापि न द्रष्टृत्वादिव्यपदेशः संभवति, प्रधानस्याचेतनत्वेन तैरभ्युपगमात् । '**अदृष्टो द्रष्टाऽश्रुतः श्रोताऽमतो मन्ताऽविज्ञातो विज्ञाता**' (बृ० ३/७/२३) इति हि वाक्यशेष इह भवति । आत्मत्वमपि न प्रधानस्योपपद्यते ।

नेपालीभाषानुवाद

स्मार्तं प्रधानं च = साङ्ख्य कल्पित प्रधान पनि, **अन्तर्यामिशब्दम्** = अन्तर्यामी शब्दवाच्य, **भवितुं न अर्हति** = हुन योग्य छैन (सक्दैन), **कस्मात्** = के बाट, **अतद्धर्माभिलापात्** = प्रधानमा नभएका धर्म बताइएकाले, **यद्यपि** = हुन त, **अदृष्टत्वादिव्यपदेशः** = अदृष्ट, अश्रुत आदि व्यपदेश, **प्रधानस्य** = प्रधानको, **संभवति** = हुनसक्दछ, **तथापि** = तपनि, **द्रष्टृत्वादिव्यपदेशः** = द्रष्टापनको निर्देश, **न संभवति** = हुनसक्दैन, किनकि, **तैः** = ती साङ्ख्यवालाहरूले, **प्रधानस्य** = प्रधानको बारेमा, **अचेतनत्वेन** = जडरूपले, **अभ्युपगमात्** = मानेका हुनाले फेरि, **अदृष्टः द्रष्टा** = नदेखिएको द्रष्टा, **अश्रुतः श्रोता** = नसुनिएको श्रोता, **अमतः मन्ता**= मनन नभएको मन्ता, **अविज्ञातः विज्ञाता**= आफू नजानिएर जान्ने वाला भन्ने, **इति**= यस्तो रूपको, **वाक्यशेषः** = वाक्यको उपसंहार, **इह भवति** = यहाँ हुन्छ फेरि, **प्रधानस्य** = प्रधानको, **आत्मत्वम् अपि** = आत्मत्व पनि, **न उपपद्यते** = ठीक हुनसक्दैन ।

विशदीकरण

प्रधानमा नभएका धर्म अन्तर्यामीमा बताइएकोले साङ्ख्यले कल्पना गरेको प्रधान अन्तर्यामी शब्दको अर्थ हुनसक्दैन । प्रधानलाई अदृष्ट र अश्रुत भनेर कथंचित् भन्न सकिन्छ, तापनि प्रधानमा द्रष्टापनको निर्देश गर्न सकिंदैन किनकि साङ्ख्यवादीहरूले प्रधानलाई अचेतन मानेका छन् । जो अचेतन छ, त्यो द्रष्टा हुन कदापि सक्दैन । त्यसकारण अन्तर्यामी भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मा नै हो ।

शाङ्करभाष्यम्

यदि प्रधानमात्मत्वद्रष्टृत्वाद्यसंभवान्नान्तर्याम्यभ्युपगम्यते, शारीरस्तर्ह्यन्तर्यामी भवतु। शारीरो हि चेतनत्वाद् द्रष्टा श्रोता मन्ता विज्ञाता च भवति, **'आत्मा च प्रत्यक्त्वात्'** । अमृतश्च धर्माधर्मफलोपभोगोपपत्तेः । अदृष्टत्वादयश्च धर्माः शारीरे प्रसिद्धाः, दर्शनादिक्रियायाः कर्तरि प्रवृत्तिविरोधात् । **'न दृष्टेर्द्रष्टारं पश्येः'** (बृ० ३/४/२) इत्यादिश्रुतिभ्यश्च । तस्य च कार्यकरणसङ्घातमन्तर्यमयितुं शीलम्, भोक्तृत्वात् । तस्माच्छारीरोऽन्तर्यामीत्यत उत्तरं पठति ।।१९।।

नेपालीभाषानुवाद

यदि = यदि, **प्रधानम्** = प्रधान, **आत्मत्वद्रष्टृत्वाद्यसंभवात्** = आत्मा र द्रष्टा हुन नसक्ने हुनाले, **अन्तर्यामी न अभ्युपगम्यते** = अन्तर्यामी मानिदैन भने, **तर्हि** = त्यसो भए, **शारीरः** = जीव, **अन्तर्यामी भवतु** = अन्तर्यामी होस्, **हि** = निश्चय, **शारीरः** = जीव, **चेतनत्वात्** = चेतन हुनाले, **द्रष्टा, श्रोता**= देख्ने, सुन्ने र, **मन्ता विज्ञाता** = मनन गर्ने (अभिमानी) र जान्ने, **च** = पनि, **भवति** = हुनसक्दछ, **प्रत्यक्त्वात्** = प्रत्यक्ष हुनाले, **आत्मा च** = आत्मा पनि हो, **धर्माधर्मफलोपभोगोपपत्तेः** = धर्म र अधर्मको फलभोग गर्ने कुराको सिद्धि हुनाले, **अमृतः च** = अमर पनि हो, **अदृष्टत्वादयः धर्माः च** = अदृष्ट, अश्रुत आदि धर्म पनि, **शारीरे प्रसिद्धाः**= जीवमा प्रसिद्ध छन्, किनभने, **दर्शनादिक्रियायाः** = देख्नु आदि क्रियाको, **कर्तरि**= कर्तामा, **प्रवृत्तिविरोधात्** = रहने कुरामा विरोध हुनाले र, **दृष्टेः द्रष्टारं न पश्येः** = दृष्टिको द्रष्टालाई देख्ने छैनौं भन्ने, **इत्यादिश्रुतिभ्यः च** = इत्यादि श्रुतिवाक्य हुनाले पनि, **च** = फेरि, **तस्य** = त्यस जीवको, **कार्यकरणसंघातम्** = कार्य र करणको समूहलाई, **अन्तः यमयितुम्** = भित्र प्रेरणा गर्न, **शीलम्**= शील(क्षमता) छ किनकि, **भोक्तृत्वात्**= भोक्ता हुनाले, **तस्मात् शारीरः अन्तर्यामी** = जीव अन्तर्यामी हुनसक्दछ भन्ने, **इति अतः** = यो यस्तो शङ्का हुनाले, **उत्तरम् पठति** = आचार्य उत्तररूपमा भन्नुहुन्छ ।

विशदीकरण

प्रधानमा आत्मत्व द्रष्टृत्व नहुनाले त्यो अन्तर्यामी हुनसक्दैन भने जीव नै अन्तर्यामी मानियोस्, किनभने जीव चेतन छ । त्यो जीव देख्ने, सुन्ने, मनन गर्ने, जान्ने पनि र प्रत्यक्ष हुनाले आत्मा पनि हुनसक्दछ । साथै धर्म र अधर्मको फल भोग्ने हुनाले अमृत (अमर) पनि स्वतः नै हुन आउँछ । अर्को कुरा नदेखिने, नसुनिने आदि धर्महरू पनि जीवमा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनसक्दछन् । किनकि द्रष्टापनमा दृश्यत्वको वैयधिकरण्य भएको सामानाधिकरण्य पनि रहेको हुन्छ । फेरि जीवात्मा भोक्ता हुनाले त्यसमा कार्यकरण समूहलाई प्रेरित गर्ने क्षमता पनि छ । अतः यहाँ अन्तर्यामी भनेको जीव नै हुनसक्दछ भन्ने शङ्का हुन्छ र सूत्रकार उत्तररूपमा भन्नुहुन्छ –

ब्रह्मसूत्रम् - शारीरश्चोभयेऽपि हि भेदेनैनमधीयते १/२/२०

सूत्रार्थ - **हि** = निश्चय, **शारीरः च** = जीव पनि अन्तर्यामी होइन, **एनम्** = यस जीवलाई, **उभये अपि** = काण्व र माध्यन्दिन दुवै शाखावालाहरू, **भेदेन** = भेदद्वारा भिन्नरूपले, **अधीयते**= मान्दछन् ।

शाङ्करभाष्यम्

नेति पूर्वसूत्रादनुवर्तते । शारीरश्च नान्तर्यामीष्यते । कस्मात्? यद्यपि द्रष्टृत्वादयो धर्मास्तस्य संभवन्ति, तथापि घटाकाशवदुपाधिपरिच्छिन्नत्वान्न कार्त्स्न्येन पृथिव्यादिष्वन्तरवस्थातुं नियन्तुं च शक्नोति । अपि चोभयेऽपि हि शाखिनः काण्वा माध्यन्दिनाश्चान्तर्यामिणो भेदेनैनं शारीरं पृथिव्यादिवदधिष्ठानत्वेन नियम्यत्वेन चाधीयते– **'यो विज्ञाने तिष्ठन्'** (बृ० ३/७/२२) इति काण्वाः । **'य आत्मनि तिष्ठन्'** इति माध्यन्दिनाः । **'य आत्मनि तिष्ठन्'** इत्यस्मिंस्तावत् पाठे भवत्यात्म-शब्दः शारीरस्य वाचकः । **'यो विज्ञाने तिष्ठन्'** इत्यस्मिन्नपि पाठे विज्ञानशब्देन शारीर उच्यते । विज्ञानमयो हि शारीरः । तस्माच्छारीरादन्य ईश्वरोऽन्तर्यामीति सिद्धम् ।

नेपालीभाषानुवाद

न इति पूर्वसूत्रात् अनुवर्तते = शारीर (जीव) अन्तर्यामी होइन भन्ने अघिल्लो सूत्रबाट अनुवृत्त छ, **शारीरः च** = जीव पनि, **अन्तर्यामी** = अन्तर्यामी हो भन्ने, **न ईष्यते** = इष्ट छैन, **कस्मात्** = के बाट, **यद्यपि** = हुन त, **द्रष्टृत्वादयः धर्माः** = द्रष्टृत्व आदि धर्म, **तस्य** = त्यस जीवका, **सम्भवन्ति** = हुनसक्दछन्, **तथापि** = तापनि, **घटाकाशवत्** = घटभित्रको आकाश जस्तै, **उपाधिपरिच्छिन्नतया** = उपाधिद्वारा परिच्छिन्न हुनाले, **कार्त्स्न्येन** = पूर्णरूपले, **पृथिव्यादिषु**= पृथ्वी आदिमा, **अन्तर्** = भित्र, **अवस्थातुम्** = रहन र, **नियन्तुं च** = प्रेरित गर्न पनि त्यो जीव, **न शक्नोति** = सक्दैन, **अपि च**= फेरि, **काण्वाः माध्यन्दिनाः च**= काण्व र माध्यन्दिन, **उभये अपि शाखिनः** = दुवै थरी शाखावालाहरू पनि, **अन्तर्यामिणः भेदेन** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्यामीभन्दा भिन्न रूपले, **एनं शारीरम्** = यस जीवलाई, **भेदेन** = भिन्न रूपले र, **पृथिव्यादिवत्** = पृथिवी आदिको जस्तै, **अधिष्ठानत्वेन** = अधिष्ठान रूपले र, **नियम्यत्वेन** = नियम्यरूपले पनि, **अधीयते**= मान्दछन् जस्तै, **यः विज्ञाने तिष्ठन् इति काण्वाः** = जो विज्ञान (जीव) मा रहँदो भनेर काण्वहरू, **यः आत्मनि तिष्ठन् इति** = जो आत्मामा रहँदो भनेर, **माध्यन्दिनाः** = माध्यन्दिनहरू, **तावत्** = पहिले, **यः आत्मनि तिष्ठन् इति अस्मिन् पाठे** = जो आत्मामा रहँदो भन्ने यसपाठमा, **आत्मशब्दः**= आत्मा शब्द, **शारीरस्य वाचकः** = जीवको वाचक, **भवति** = हुन्छ, **यः विज्ञाने तिष्ठन् इति अस्मिन् पाठे अपि** = जो विज्ञानमा रहँदो भन्ने यस पाठमा पनि, **विज्ञानशब्देन शारीरः उच्यते**= विज्ञानशब्दले जीवलाई भनिन्छ किनकि, **हि** = निश्चय, **शारीरः** = जीव, **विज्ञानमयः** = विज्ञानमय छ, **तस्मात्** = त्यसकारणबाट, **शारीरात् अन्यः** = जीवभन्दा अलग, **ईश्वरः** = ईश्वर, **अन्तर्यामी इति** = अन्तर्यामी हो भन्ने, **सिद्धम्** = सिद्ध छ ।

विशदीकरण

जीव पनि अन्तर्यामी होइन । काण्व र माध्यन्दिन शाखाबाट जीवभन्दा अन्तर्यामी अलग छ भन्ने कुरा स्पष्ट हुन्छ भन्ने सूत्रको अभिप्राय रहेको छ । जीवलाई पनि अन्तर्यामी भनेर लिन सकिंदैन । कारण, जीवमा द्रष्टापन भए पनि घटाकाश जस्तै उपाधिद्वारा परिच्छिन्न (टुक्रिएको) हुनाले पूर्णरूपमा पृथ्वी आदि नियम्य वस्तुभित्र रहन र प्रेरित गर्न समेत सक्दैन । माध्यन्दिन तथा काण्वशाखावालाहरू पनि 'जो विज्ञानमा रहँदो, जो आत्मामा रहँदो' इत्यादि वचनद्वारा अन्तर्यामीभन्दा जीवलाई अलग मान्दछन्। फेरि 'आत्मामा रहँदो, विज्ञानमा रहँदो' भन्ने वाक्यमा विज्ञान र आत्मशब्दले जीवलाई नै भनिन्छ र जीवमा रहने अन्तर्यामीलाई मानेपछि जीवभन्दा अलग अन्तर्यामी भन्ने स्वतः सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

कथं पुनरेकस्मिन्देहे द्वौ द्रष्टारावुपपद्येते, यश्चायमीश्वरोऽन्तर्यामी यश्चायमितरः शारीरः। का पुनरिहानुपपत्तिः ? '**नान्योऽतोऽस्ति द्रष्टा**' इत्यादिश्रुतिवचनं विरुध्येत। अत्र हि प्रकृतादन्तर्यामिणोऽन्यं द्रष्टारं श्रोतारं मन्तारं विज्ञातारं चात्मानं प्रतिषेधति। नियन्त्रन्तरप्रतिषेधार्थमेतद्वचनमिति चेत् – न, नियन्त्रन्तराप्रसङ्गादविशेषश्रवणाच्च। अत्रोच्यते- अविद्याप्रत्युपस्थापितकार्यकरणोपाधिनिमित्तोऽयं शारीरान्तर्यामिणोर्भेद-व्यपदेशो न पारमार्थिकः। एको हि प्रत्यगात्मा भवति, न द्वौ प्रत्यगात्मानौ संभवतः। एकस्यैव तु भेदव्यवहार उपाधिकृतः, यथा घटाकाशो महाकाश इति । ततश्च ज्ञातृज्ञेयादिभेदश्रुतयः प्रत्यक्षादीनि च प्रमाणानि संसारानुभवो विधिप्रतिषेध-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रञ्चेति सर्वमेतदुपपद्यते । तथा च श्रुतिः – **'यत्र हि द्वैतमिव भवति तदितर इतरं पश्यति'** इत्यविद्याविषये सर्वं व्यवहारं दर्शयति । **'यत्रत्वस्य सर्वमात्मैवाभूतत्केन कं पश्येत्'** इति विद्याविषये सर्वं व्यवहारं वारयति ।।२०।।

नेपालीभाषानुवाद

पुनः = फेरि, **एकस्मिन् देहे** = एउटा शरीरमा, **द्वौ द्रष्टारौ** = दुई थरी द्रष्टा, **कथम्** = कसरी, **उपपद्येते** = हुनसक्दछन्, **यः अयम् ईश्वरः अन्तर्यामी** = जो कि यो अन्तर्यामी ईश्वर एक र, **यः अयं इतरः शारीरः च** = जो कि यो अर्को जीव पनि, **पुनः** = फेरि, **इह** = यहाँ, **का अनुपपत्तिः** = के को अनुपपत्ति (असिद्धि) छ त, **अतः अन्यः द्रष्टा न अस्ति इति** = यो भन्दा अर्को द्रष्टा छैन भन्ने, **श्रुतिवचनम्**= श्रुतिको वाक्य, **विरुध्येत** = विरुद्ध हुन जाला, **हि** = निश्चय, **प्रकृतात् अन्तर्यामिणः**= सुरुमा बताइएका अन्तर्यामीदेखि, **अन्यम्** = भिन्न अर्को, **द्रष्टारं श्रोतारं मन्तारं विज्ञातारं च**= देख्ने, सुन्ने, मनन गर्ने, जान्ने पनि; **आत्मानम्** = आत्मालाई, **प्रतिषेधति अत्र** = निषेध गर्दछ यहाँ, **एतत् वचनम्** = यो निषेध गर्ने वाक्य, **नियन्त्रन्तर-प्रतिषेधार्थम् इति** = अर्को नियन्ता छ भन्ने कुराको निषेध गर्न हो भनेर, **चेत्**= यदि भन्छौ भने, **न** = त्यो कुरा हुँदैन, किनकि, **नियन्त्रन्तराप्रसङ्गात्** = अर्को नियंताको प्रसङ्ग नहुनाले र, **अविशेषश्रवणात् च** = विशेष कुरा नसुनिएकोबाट पनि, **अत्र उच्यते** = यो शङ्का भएमा यहाँ, **उच्यते** = उत्तररूपमा भनिन्छ, **अयम्** = यो, **शारीरान्तर्यामिणोः** = जीव र अन्तर्यामीको, **भेदव्यपदेशः** = भेदको निर्देश, **अविद्या-प्रत्युपस्थापितकार्यकरणोपाधिनिमित्तः** = अविद्याले उठाइएका कार्य र करणरूप उपाधिबाट भएको हो, **पारमार्थिकः न** = वास्तविक होइन, **हि** = निश्चय नै, **प्रत्यक् आत्मा** = कूटस्थ आत्मा, **एकः भवति** = एउटा हुन्छ, **द्वौ प्रत्यगात्मानौ** = दुई कूटस्थ आत्मा, **न संभवतः**= हुनसक्दैनन्, **एकस्य एव तु** = एउटैको नै, **उपाधिकृतः**= उपाधिबाट भएको, **भेदव्यवहारः** = भेदको व्यवहार हो, **यथा** = जस्तै कि, **घटाकाशः महाकाशः इति** = घटको आकाश र महाकाश भन्ने, **ततः च** = त्यही उपाधिद्वारा भएका भेदबाट पनि, **ज्ञातृज्ञेयादिभेदश्रुतयः** = ज्ञाता र ज्ञेय आदि भेद बताउने श्रुतिहरू, **च** = फेरि, **प्रत्यक्षादीनि प्रमाणानि** = प्रत्यक्ष अनुमान आदि प्रमाणहरू, **संसारानुभवः**= संसारको अनुभव र, **विधिप्रतिषेधशास्त्राणि च** = विधि र निषेध गर्ने शास्त्रहरू पनि, **एतत्सर्वम्**= यी सबै कुरा, **उपपद्यते** = सिद्ध हुनसक्दछन्, **तथा श्रुतिः च**= त्यस्तै श्रुतिवाक्य पनि छ जस्तै, **हि**= निश्चय, **यत्र** = जहाँ जुन अवस्थामा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैतम् इव भवति = द्वैत जस्तो हुन्छ, **तत्** = त्यहाँ, त्यसबेला, **इतरः इतरं पश्यति**= एकले अर्कोलाई देख्दछ (द्वैत हुन्छ) भन्ने, **इति** = यस्तो, **अविद्याविषये** = अविद्याको विषयमा, **सर्वं व्यवहारं दर्शयति** = पहिले बताइएको ज्ञातृज्ञेय आदि सबै व्यवहारलाई देखाउँछ, **यत्र तु** = जहाँ जुन अवस्थामा त, **अस्य** = यो आत्मा जान्ने पुरुषको, **सर्वम् आत्मा एव अभूत्** = आत्मा जानेकोले सबै आत्मा नै भयो त, **तत्** = त्यसले, त्यसबेला, **केन कं पश्येत्** = भेद नहुनाले के द्वारा कसलाई देखोस् भन्ने, **इति** = यस्तो, **विद्याविषये** = विद्याको विषयमा, **सर्वं व्यवहारं वारयति** = सबै व्यवहारलाई निषेध गर्छ ।

विशदीकरण

त्यसो भए एउटै देहमा दुई द्रष्टा कसरी हुन सक्दछन् भन्ने शङ्का हुन्छ । जस्तो कि- एउटा ईश्वर अन्तर्यामी अर्को जीव तैपनि यसले के हानि भन्ने हो भने '**यो भन्दा अर्को द्रष्टा छैन**' भन्ने श्रुति वचनसँग विरोध हुन आउला, यहाँ त अन्तर्यामी बाहेकको अर्को कुनै पनि द्रष्टा, श्रोता, मन्ता र विज्ञाता आत्मा छैन भनेर निषेध गरेको छ । त्यो बाहेक अर्को नियन्ता छैन भन्ने सन्दर्भमा पनि अर्को नियन्ताको कुनै प्रसङ्ग नभएको र सो बारे विशेष कुरा नसुनिएकोबाट पनि एउटै देहमा दुई द्रष्टा कसरी हुन सक्दछन् भन्ने शङ्का ज्यौंका त्यौं रहेको छ ।

यसमा भनिन्छ - अन्तर्यामी र जीवको भेदनिर्देश वास्तविक नभएर अविद्याजन्य कार्यकारण रूप उपाधिद्वारा भएको भेदलाई लिएर हो । फेरि आत्मा भनेको एउटै हुन्छ दुइटा हुनसक्दैन । एउटै आत्माको उपाधिद्वारामात्र भेदनिर्देश गरिएको हो । जस्तै एउटै आकाशमा घटरूप उपाधिले गर्दा घँटाकाश र महाकाश भनिन्छ । त्यसै औपाधिक भेदबाट नै ज्ञाता र ज्ञान भन्ने भेद बताउने श्रुतिहरू, प्रत्यक्ष आदि प्रमाण, संसारको अनुभव र विधि निषेध बताउने शास्त्रहरू यी सबै गतार्थ हुन्छन् ।

श्रुतिको भनाइ छ - जुनबेला द्वैत जस्तो हुन्छ त्यसबेला एकले अर्कोलाई देख्दछ । अविद्याकालमा सबै व्यवहार देखा परे पनि ज्ञानको अवस्थामा 'जसको सबै आत्मा नै भयो भने के बाट कसलाई देख्ने' भनेर सबै व्यवहारको अभाव देखाउँछ ।।२०।।

इतिअन्तर्याम्यधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. अदृश्यत्वाधिकरणम् {सू. २१-२३}

ब्रह्मसूत्रम् - अदृश्यत्वादिगुणको धर्मोक्तेः १/२/२१

सूत्रार्थ - धर्मोक्तेः = परमात्माको धर्म बताइएको कारणबाट, **अदृश्यत्वादिगुणकः**= अदृश्यत्व गुणले युक्त भनेको परमात्मा नै हो ।

शाङ्करभाष्यम्

'अथ परा यया तदक्षरमधिगम्यते ।

यत्तदद्रेश्यमग्राह्यमगोत्रमवर्णमचक्षुःश्रोत्रं तदपाणिपादम् ।

नित्यं विभुं सर्वगतं सुसूक्ष्मं तदव्ययं यद् भूतयोनिं परिपश्यन्ति धीराः।।

(मुण्ड० १/१/५-६) इति श्रूयते। तत्र संशयः- किमयमद्रेश्यत्वादिगुणको भूतयोनिः प्रधानं स्यात्, उत शारीरः, आहोस्वित् परमेश्वर इति। तत्र प्रधानमचेतनं भूतयोनिरिति युक्तम्, अचेतनानामेव तद्दृष्टान्तत्वेनोपादानात् ।

'यथोर्णनाभिः सृजते गृह्णते च यथा पृथिव्यामोषधयः संभवन्ति ।

यथा सतः पुरुषात् केशलोमानि तथाक्षरात् संभवतीह विश्वम् ।।'

(मुण्ड. १/१/७) इति ।

नेपालीभाषानुवाद

अथ = अब, **परा** = परा विद्या सुरु हुन्छ, **यया** = जुन परा विद्याद्वारा, **तत् अक्षरम्** = त्यो अक्षररूप ब्रह्म, **अधिगम्यते** = जानिन्छ, **यत् तत्** = जुन त्यो, **अद्रेश्यम्** = ज्ञानेन्द्रियले नजानिने, **अग्राह्यम्** = कर्मेन्द्रियले ग्रहण नगरिने, **अगोत्रम्**= गोत्र नभएको, **अवर्णम्** = वर्ण (जाति) अथवा रङ्गरहित, **अचक्षुः श्रोत्रम्**= आँखा र कान नभएको, **तत्** = त्यो जुन, **अपाणिपादम्** = हात, खुट्टा नभएको, **नित्यम्** = अविनाशी, **विभुम्** = व्यापक, **सर्वगतम्** = सबैमा भएको, **सुसूक्ष्मम्** = निकै सानो, **अव्ययम्** = अव्यय (अविकृत), **यत्** = जुन छ, **तत् भूतयोनिम्** = त्यस प्राणी वा पञ्चभूतको कारणलाई, **धीराः** = धीरपुरुषहरू, **परिपश्यन्ति** = देख्दछन्, सबै तिर खोज्छन् भन्ने, **इति** = यस्तो, **श्रूयते** = सुनिन्छ र, **तत्र संशयः** = त्यसमा शङ्का हुन्छ कि, **अदृश्यत्वादिगुणकः** = अदृश्यत्व आदि गुणवाला, **अयम्** = यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनिएको, **भूतयोनिः** = भूतयोनि (भूतहरूको कारण), **किं प्रधानं स्यात्** = के प्रधान हुनसक्दछ, **उत**= अथवा फेरि, **शारीरः**= जीव हो, **आहोस्वित्** = के अथवा, **परमेश्वरः इति** = परमेश्वर हो भन्ने, **तत्र** = त्यसमा, **अचेतनं प्रधानं भूतयोनिः** = जड प्रधान भूतयोनि हो भन्ने, **इति**= यस्तो, **युक्तम्** = ठीक हुन्छ, किनभने, **अचेतनानाम् एव** = जडको मात्र, **दृष्टान्तत्वेन** = दृष्टान्तरूपले, **उपादानात्**= लिएकोबाट, **यथा**= जस्तै, **ऊर्णनाभिः** = मकरो, **सृजते** = जालको सृष्टि गर्छ, **च** = फेरि, **गृह्णते** = लिन्छ (संहार गर्छ), **यथा** = जस्तै, **पृथिव्याम्** = पृथ्वीमा, **औषधयः** = धान्यादिहरू, **सम्भवन्ति**= उत्पन्न हुन्छन्, **यथा**= जस्तै, **असतः पुरुषात्** = जडरूप पुरुष शरीरबाट, **केशलोमानि** = केश र रौंहरू हुन्छन्, **तथा** = त्यस्तै, **अक्षरात्** = अक्षरबाट, **इह** = यहाँ, **विश्वम्** = संसार, **सम्भवति इति** = उत्पन्न हुन्छ ।

विशदीकरण

यहाँबाट अदृश्यत्व नामको अधिकरण सुरु हुन्छ । यहाँ अदृश्यत्व आदि गुणवाला परमात्मा हो, किनकि परमात्माकै धर्म बताइएकाले भन्ने सूत्राशय हो । अब पराविद्या सुरु हुन्छ- जसद्वारा त्यो अक्षर जानिन्छ, जुन त्यो ज्ञानेन्द्रियले नजानिने, कर्मेन्द्रियले ग्रहण नगरिने, गोत्र र वर्ण नभएको, आँखा र कानले रहित, हात खुट्टा नभएको, नित्य, समर्थ, सर्वव्यापी, अतिसूक्ष्म, अविकारी र भूतयोनि छ, जसलाई धीरपुरुषहरू ध्यान दृष्टिले देख्दछन् भन्ने श्रुतिमा सुनिन्छ र त्यस विषयमा यो भूतयोनि भनेको अचेतन प्रधान हो ? अथवा जीव हो ? अथवा परमेश्वर हो ? इत्यादि शङ्का गर्दै पूर्वपक्षी भन्दछ -

त्यसमा अचेतन प्रधान नै भूतयोनि हो भन्ने कुरा अचेतनलाई नै दृष्टान्तरूपमा लिएको देखिनाले ठीक हुन आउँछ । जस्तो कि- माकुराले जाल फिजाउँछ र फेरि आफै समेटेर भित्र लैजान्छ । पृथ्वीमा धान्यादि हुन्छन्, जड पुरुषशरीरबाट केश र रौं हुन्छन्, त्यस्तै अक्षरबाट यहाँ संसार हुन्छ इत्यादि ।

शाङ्करभाष्यम्

ननूर्णनाभिः पुरुषश्च चेतनाविह दृष्टान्तत्वेनोपात्तौ, नेति ब्रूमः । न हि केवलस्य चेतनस्य सूत्रयोनित्वं केशलोमयोनित्वं चास्ति तत्र । चेतनाधिष्ठितं ह्यचेतनमूर्णनाभिशरीरं सूत्रस्य योनिः, पुरुषशरीरं च केशलोम्नामिति प्रसिद्धम् । अपि च पूर्वत्रादृष्टत्वाद्यभिलापसंभवेऽपि द्रष्टृत्वाद्यभिलापासंभवात् न प्रधानमभ्युपगतम् । इह त्वदृश्यत्वादयो धर्माः प्रधाने सम्भवन्ति । न चात्र विरुध्यमानो धर्मः कश्चिदभिलप्यते । **'ननु यः सर्वज्ञः सर्वविद्यस्य ज्ञानमयं तपः'** (मुण्ड० १/१/९) इत्ययं वाक्यशेषोऽचेतने प्रधाने न संभवति, कथं प्रधानं भूतयोनिः प्रतिज्ञायत इति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

ननु = शङ्का, **ऊर्णनाभिः पुरुषः च** = माकुरा र पुरुष पनि, **चेतनौ** = चेतन, **इह** = यहाँ, **दृष्टान्तत्वेन** = दृष्टान्त (उदाहरण) रूपले, **उपात्तौ** = लिइएका छन्, **न इति ब्रूमः** = होइन भन्छौं, **हि** = निश्चय, **केवलस्य चेतनस्य** = खाली चेतनको मात्र, **तत्र** = त्यो दृष्टान्तमा, **सूत्रयोनित्वम्** = जालको कारणत्व र, **केशलोमयोनित्वं च**= केश र रौंको कारणत्व पनि, **न अस्ति** = छैन किनकि, **हि**= निश्चय, **चेतनाधिष्ठितम्** = चेतनद्वारा सञ्चालित, **ऊर्णनाभिशरीरम्** = माकुराको शरीर, **सूत्रस्य योनिः** = जालको कारण हो, **पुरुषशरीरं च** = चेतन चालित नै पुरुष शरीर पनि, **केशलोम्नाम् इति** = केश र रौंको कारण हो भन्ने, **प्रसिद्धम्** = प्रख्यात छ, **अपि च** = फेरि, **पूर्वत्र** = अघिल्ला सूत्रमा, **अदृष्टत्वाद्यभिलापसंभवे अपि** = अदृष्टत्व आदि धर्म छन् भन्ने कुरा संभव भए पनि, **दृष्ट्रत्वाद्यभिलापासंभवात्**= द्रष्टापन आदि धर्म छन् भन्न नसकिने हुनाले, **प्रधानं न अभ्युपगतम्**= प्रधानलाई लिइएन, **इह तु** = यहाँ त, **अदृश्यत्वादयः धर्माः** = अदृश्यत्व आदि धर्महरू, **प्रधाने** = प्रधानमा, **अत्र** = यहाँ, **विरुध्यमानः धर्मः** = नमिल्दो धर्म, **कश्चित् च**= कुनै पनि, **न अभिलप्यते** = भनिन्न (बताइन्न), **ननु** = शङ्का, **यः सर्वत्रः सर्ववित्**= जो सर्वज्ञ र सर्ववेत्ता छ भन्ने, **इति अयं वाक्यशेषः** = यो यस्तो उपसंहार वाक्य, **अचेतने प्रधाने न संभवति** = अचेतन प्रधानमा हुनसक्दैन र, **प्रधानं भूतयोनिः इति** = प्रधान भूतयोनि हो भनेर, **कथं प्रतिज्ञायते** = कसरी प्रतिज्ञा गरिन्छ ।

विशदीकरण

यद्यपि माकुरो र पुरुषशरीरवर्ती चेतनलाई यहाँ उदाहरणमा लिइएको भए पनि चेतनद्वारा चालित माकुराको शरीर जालको कारण हो र पुरुषको शरीर केश (रौं) को कारण हो भनेर देखाइएको छ र त्यही नै प्रसिद्ध छ पनि । अघिल्ला सूत्रमा प्रधानमा अदृश्यत्व आदि धर्म हुन सके पनि द्रष्टापन हुन नसक्ने हुनाले प्रधानलाई लिइएन । यहाँ त अदृश्यत्व आदि धर्म प्रधानमा हुनसक्दछन् । फेरि प्रधानमा नमिल्दो धर्म यहाँ कुनै पनि बताइएको छैन । '**जो सर्वज्ञ**' भन्ने इत्यादि उपसंहार वाक्य पनि भएकोले प्रधान भूतयोनि हो भनेर कसरी भन्न सकिन्छ भन्ने शङ्का हुन आउँछ, सो बारे भनिन्छ ।

शाङ्करभाष्यम्

अत्रोच्यते - '**यया तदक्षरमधिगम्यते यत्तदद्रेश्यम्**' इत्यक्षरशब्देना-दृश्यत्वादिगुणकं भूतयोनिं श्रावयित्वा पुनरन्ते श्रावयिष्यति - '**अक्षरात् परतः परः**' (मुण्ड० २/१/२) इति । तत्र यः परोऽक्षराच्छ्रुतः, स सर्वज्ञः सर्ववित्सं-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्यति । प्रधानमेव त्वक्षरशब्दनिर्दिष्टं भूतयोनिः। यदा तु योनिशब्दो निमित्तवाची, तथा शारीरोऽपि भूतयोनिः स्यात् । धर्माधर्माभ्यां भूतजातस्योपार्जनादिति । एवं प्राप्तेऽभिधीयते –

नेपालीभाषानुवाद

अत्र उच्यते = यहाँ, यसमा भनिन्छ, **यया** = जुन परा विद्याले, **तत् अक्षरम्**= त्यो अक्षररूप, **अधिगम्यते** = जानिन्छ, पाइन्छ, **यत् तत् अद्रेश्यम्** = जुन त्यो ज्ञानेन्द्रियले नभेटाइने, **इति** = यसरूपले, **अक्षरशब्देन** = अक्षर भन्ने शब्दद्वारा, **अदृश्यत्वादिगुणकम्** = अदृश्य आदि गुणवाला, **भूतयोनिम्** = भूतयोनिलाई, **श्रावयित्वा** = सुनाएर, **पुनः** = फेरि, **अन्ते** = आखिरमा, **अक्षरात् परतः** = त्यो अक्षरभन्दा पर, **परः इति** = परमात्मा छ भन्ने, **श्रावयिष्यति** = सुनाउने छन्, **तत्र यः अक्षरात् परः श्रुतः** = त्यसमा जुन अक्षरभन्दा परको सुनियो, **सः** = त्यो, **सर्वज्ञः सर्ववित् संभविष्यति** = सर्वज्ञ र सर्ववित् हुनसक्ने छ, **प्रधानम् एव तु** = प्रधान नै त, **अक्षर-शब्दनिर्दिष्टम्** = अक्षरशब्दले बताइएको, **भूतयोनिः** = भूतयोनि हो, **यदा तु** = जब त, **योनिशब्दः** = योनिशब्द, **निमित्तवाची** = निमित्त भन्ने अर्थमा लिइन्छ, **तदा**= त्यस बखत, **शारीरः अपि** = जीव पनि, **भूतयोनिः स्यात्**= भूतयोनि हुनसक्दछ, किनकि, **धर्माधर्माभ्याम्** = धर्म र अधर्मद्वारा, **भूतजातस्य** = भूतसमूहको, **उपार्जनात्** = उपार्जन गर्ने हुनाले, **एवं प्राप्ते** = यस्तो शङ्का भएमा, **अभिधीयते** = उत्तररूपमा भनिन्छ ।

विशदीकरण

यहाँ उत्तररूपमा भनिन्छ– 'जुन परा विद्याद्वारा त्यो अक्षर जानिन्छ, जुन त्यो ज्ञानेन्द्रियद्वारा नजानिने भनी अक्षरशब्दद्वारा अदृश्यत्व आदि गुण भएको भूतयोनि हो' भन्ने बताएर अक्षरभन्दा पनि पर रहेको भनेर जसलाई सुनाउने छ, त्यही सर्वज्ञ सर्ववित् हुनसक्दछ। अथवा भूतयोनिमा रहेको योनिशब्दको निमित्त भन्ने अर्थ गरेर जीव भूतयोनि हुनसक्दछ । किनभने जीवले पनि धर्म र अधर्मद्वारा भूतसमूहको उपार्जन गर्दछ यस्तो शङ्का भएमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

योऽयमदृश्यत्वादिगुणको भूतयोनिः स परमेश्वर एव स्यान्नान्य इति। कथमेत-दवगम्यते ? धर्मोक्तेः । परमेश्वरस्य हि धर्म इहोच्यमानो दृश्यते– **'यः सर्वज्ञः सर्ववित्'** इति । न हि प्रधानस्याचेतनस्य शारीरस्य वोपाधिपरिच्छिन्नदृष्टेः सर्वज्ञत्वं सर्ववित्त्वं वा संभवति । नन्वक्षरशब्दनिर्दिष्टाद् भूतयोनेः परस्यैव तत्सर्वज्ञत्वं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्ववित्त्वं च न भूतयोनिविषयमित्युक्तम्। अत्रोच्यते-

नेपालीभाषानुवाद

यः अयम् = जुन यो, **अदृश्यत्वादिगुणकः** = अदृश्यत्व आदि गुणवाला, **भूतयोनिः** = भूतयोनि छ, **सः** = त्यो, **परमेश्वरः एव स्यात्** = परमेश्वर नै हुनसक्दछ, **न अन्यः** = अर्को कुनै हुनसक्दैन, **इति एतत् कथम् अवगम्यते** = यो कुरा कसरी जानिन्छ, **धर्मोक्तेः** = परमेश्वरको धर्म बताइएकाले, **हि** = निश्चय, **इह** = यहाँ, **परमेश्वरस्य धर्मः** = परमेश्वरको धर्म, **उच्यमानः दृश्यते** = बताइरहेको देखिन्छ जस्तै कि, **यः सर्वज्ञः सर्ववित्**= जो सर्वज्ञ तथा सर्ववित् छ, **हि** = निश्चय, **अचेतनस्य प्रधानस्य** = अचेतन प्रधानको र, **वा** = अथवा, **उपाधिपरिच्छिन्नदृष्टेः**= उपाधिद्वारा संकुचित दृष्टिवाला, **शारीरस्य** = जीवको, **सर्वज्ञत्वं** = सर्वज्ञपन र, **सर्ववित्त्वम्** = सर्ववेत्तापन, **वा** = प्रसिद्ध, **न संभवति** = हुनसक्दैन, **ननु** = शङ्का, **अक्षरशब्दनिर्दिष्टात् भूतयोनेः** = अक्षरशब्दले बताइएका भूतयोनिभन्दा परकाको, **एव** = नै, **तत्** = त्यो, **सर्वज्ञत्वं सर्ववित्त्वं च** = सर्वज्ञपन र सर्ववेत्तापन हो, **भूतयोनिविषयं न** = भूतयोनिको विषयमा होइन भन्ने, **उक्तम् इति** = भनेको हो भन्ने, **अत्र उच्यते** = यहाँ (यसमा) भनिन्छ ।

विशदीकरण

'यत्तत् अद्रेश्यम्' इत्यादिमा जुन भूतयोनि भनेर सुनियो, त्यो परमेश्वर नै हो । किनभने यस वाक्यमा परमेश्वरमा भएको धर्म जस्तै जुन सर्वज्ञ र सर्ववेत्ता छ इत्यादि कुराहरू बताइएको छ । खास गरेर पूर्वपक्षमा भनिएको जडस्वरूप प्रधान अथवा जीव पनि सर्वज्ञ र सर्ववेत्ता हुनै सक्दैन ।

फेरि शङ्का हुनसक्दछ – प्रधान र जीवलाई सर्वज्ञ र सर्ववेत्ता भनेको होइन, किन्तु पूर्वपक्षीले अक्षरशब्दवाच्य भूतयोनि शब्दबाट भनेको प्रधानभन्दा जो पर छ त्यसलाई नै भनेको हो भनेर कसैले भनेमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

नैवं सम्भवति । यत्कारणम् **'अक्षरात्संभवतीह विश्वम्'** इति प्रकृतं भूतयोनिमिह जायमानप्रकृतित्वेन निर्दिश्यानन्तरमपि जायमानप्रकृतित्वेनैव सर्वज्ञं निर्दिशति –

'यः सर्वज्ञः सर्वविच्च यस्य ज्ञानमयं तपः ।
तस्मादेतद् ब्रह्म नामरूपमन्नं च जायते ।। इति ।

तस्मान्निर्देशसाम्येन प्रत्यभिज्ञायमानत्वात् प्रकृतस्यैवाक्षरस्य भूतयोनेः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वज्ञत्वं सर्वविच्चं च धर्म उच्यत इति गम्यते । '**अक्षरात् परतः परः**' इत्यत्रापि न प्रकृताद् भूतयोनेरक्षरात्परः कश्चिदभिधीयते । कथमेतदवगम्यते ? '**येनाक्षरं पुरुषं वेद सत्यं प्रोवाच तां तत्त्वतो ब्रह्मविद्याम्**' (मुण्ड० १/२/१३) इति प्रकृत्य तस्यैवाक्षरस्य भूतयोनेरदृश्यत्वादिगुणकस्य वक्तव्यत्वेन प्रतिज्ञानात् ।

नेपालीभाषानुवाद

एवं न संभवति = यस्तो हुनसक्दैन, **यत्कारणम्** = जुन कारणबाट कि, **इह** = यहाँ, **अक्षरात् विश्वं सम्भवति** = अक्षरबाट नै विश्व उत्पन्न हुन्छ भन्ने, **इति**= यसप्रकारले, **प्रकृतम्** = सुरुमा भनिएको, **भूतयोनिम्** = भूतयोनिलाई, **जायमान-प्रकृतित्वेन**= उत्पन्न हुन लागेका जगतको कारणरूपको, **निर्दिश्य** = देखाएर (बताएर), **अनन्तरम् अपि** = पछिबाट पनि, **जायमानप्रकृतित्वेन एव** = उत्पन्न हुने जगतको कारणरूपले नै, **सर्वज्ञं निर्दिशति** = सर्वज्ञलाई बताउँछ जस्तै, **यः सर्वज्ञः सर्ववित्**= जो सर्वज्ञ र सर्ववेत्ता छ, **यस्य ज्ञानमयं तपः** = जसको ज्ञानरूप तप छ, **तस्मात्** = त्यो परमात्माबाट, **एतत् ब्रह्म**= यो कार्यब्रह्म (हिरण्यगर्भ) र, **नामरूपम् अन्नं च**= नामरूप र अन्न पनि, **जायते इति** = उत्पन्न हुन्छ भन्ने, **तस्मात्** = त्यस कारणबाट, **निर्देशसाम्येन** = निर्देशको बराबरीले, **प्रत्यभिज्ञायमानत्वात्** = प्रतिज्ञात (जानिएको) हुनाले, **प्रकृतस्य एव भूतयोनेः अक्षरस्य** = सुरुमा बताइएका अक्षररूप भूतयोनिको नै, **सर्वज्ञत्वं सर्वविच्चं च**= सर्वज्ञ र सर्ववेत्तापन पनि, **धर्मः** = धर्म, **उच्यते इति**= बताइन्छ भन्ने, **गम्यते** = बुझिन्छ, **अक्षरात् परतः परः** = पररूप अक्षरभन्दा पर छ भन्ने, **इति अत्र अपि** = यहाँ पनि, **प्रकृतात्** = सुरुमा बताइएका, **अक्षरात् भूतयोनेः**= अक्षररूप भूतयोनि भन्दा, **परः** = पर, **कश्चित्** = कुनै, केही, **न अभिधीयते** = बताइदैन, **एतत्**= यो बताइन्न भन्ने कुरा, **कथम् अवगम्यते**= कसरी जानिन्छ, **येन**= जुन ज्ञानले, **अक्षरं सत्यं पुरुषं वेद** = अक्षररूप सत्य पुरुषलाई जान्दछ, **तां ब्रह्म-विद्याम्** = त्यो ब्रह्मविद्या (ज्ञान)लाई, **तत्त्वतः प्रोवाच इति** = यथार्थरूपले भन्दा भए भन्ने रूपले, **प्रकृत्य** = सुरु गरेर, **अदृश्यत्वादिगुणकस्य** = अदृश्यत्व आदि गुणवाला, **तस्य अक्षरस्य भूतयोनेः एव** = त्यही अक्षररूप भूतयोनिको नै, **वक्तव्यत्वेन प्रतिज्ञानात्** = भन्नुपर्ने रूपले प्रतिज्ञा गरेको हुनाले ।

विशदीकरण

शङ्काको समाधान गर्ने क्रममा भनिन्छ- यो हुन सक्दैन, किनभने अक्षरबाट यो विश्व उत्पन्न हुन्छ भनेर भूतयोनिलाई जगत्को कारणरूपले बताएर पछिबाट पनि उत्पन्न हुने जगतको कारणरूपले नै 'जो सर्वज्ञ सर्ववेत्ता छ, जसको ज्ञानरूप तपस्या छ, त्यसैबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य ब्रह्म नाम, रूप र अन्न आदि हुन्छन् भनेर त्यसै अक्षर तथा भूतयोनिको सर्वज्ञता आदि बताइएको छ । फेरि अक्षरभन्दा पर भन्नेमा पनि अक्षरभन्दा पर कुनै वस्तु बताइदैन र अक्षर भनेको सुरुको भूतयोनि हो ।

'जुन ज्ञानले अक्षररूप सत्यपुरुषलाई जान्दछ त्यो ब्रह्मविद्या हो र त्यसैको उपदेश गरे' भन्ने इत्यादि वाक्यद्वारा अक्षरस्वरूप भूतयोनिलाई बताइने रूपले अदृश्यत्व आदि गुणवाला भनेर प्रतिज्ञा गरेको हुनाले यो कुरा जानिन्छ ।

शाङ्करभाष्यम्

कथं तर्हि अक्षरात्परतः पर इति व्यपदिश्यते ? इति, उत्तरसूत्रे तद् वक्ष्यामः। अपि चात्र द्वे विद्ये वेदितव्ये उक्ते- **'परा चैवापरा'** चेति । तत्रापरामृग्वेदादिलक्षणां विद्यामुक्त्वा ब्रवीति- **'अथ परा यया तदक्षरमधिगम्यते'** इति । तत्र परस्या विद्याया विषयत्वेनाक्षरं श्रुतम् । यदि पुनः परमेश्वरादन्यददृश्यत्वादिगुणकमक्षरं परिकल्प्येत नेयं परा विद्या स्यात् । परापरविभागो ह्ययं विद्ययोरभ्युदयनिःश्रेय-सफलतया परिकल्प्यते । न च प्रधानविद्या निःश्रेयसफला केनचिदभ्युपगम्यते। तिस्रश्च विद्याः प्रतिज्ञायेरन्, त्वत्पक्षेऽक्षराद् भूतयोनेः परस्य परमात्मनः प्रतिपाद्य-मानत्वात् । द्वे एव तु विद्ये वेदितव्ये इह निर्दिष्टे । **'कस्मिन्नु भगवो विज्ञाते सर्वमिदं विज्ञातं भवति'** (मुण्ड० १/१/३) इति चैकविज्ञानेन सर्वविज्ञानापेक्षणं सर्वात्मके ब्रह्मणि विवक्ष्यमाणेऽवकल्प्यते, नाचेतनमात्रैकायतने प्रधाने भोग्यव्यतिरिक्ते वा भोक्तरि ।

नेपालीभाषानुवाद

तर्हि = त्यसो भए, **अक्षरात् परतः परः** = पर भइरहेको अक्षरभन्दा पनि पर भन्ने, **इति** = यस्तो, **कथं व्यपदिश्यते इति** = कसरी बताइन्छ भन्ने हो भने, **तत्** = त्यो विषय, **उत्तरसूत्रे** = यस पछिको सूत्रमा, **वक्ष्यामः** = भन्नेछौं, **अपि च अत्र** = फेरि यहाँ, **द्वे विद्ये वेदितव्ये उक्ते** = दुई किसिमको विद्या जान्नु पर्ने भनेर बताइएका छन्, कुन भने, **परा च अपरा च इति** = परा र अपरा भन्ने, **तत्र** = त्यहाँ ती दुई मध्ये, **ऋग्वेदादिलक्षणाम्** = ऋग्वेद आदि शास्त्रलक्षण भएको, **अपरां विद्याम् उक्त्वा** = अपरा नामको विद्या बताएर, **ब्रवीति** = भन्दछन् कि, **अथ** = अब, **परा**= परा नामको विद्या भनिन्छ, **यथा** =जुन परा विद्याद्वारा, **तत् अक्षरम्** = त्यो अक्षर (परमात्मा), **अधिगम्यते इति आदि** = पाइन्छ (जानिन्छ) भन्ने इत्यादि, **तत्र** = त्यहाँ, **परस्याः विद्यायाः** = परा विद्याको, **विषयत्वेन** = लक्ष्यरूपले, **अक्षरम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षर भनिने वस्तु, **श्रुतम्** = सुनिएको छ, **यदि पुनः** = फेरि यदि, **परमेश्वरात् अन्यत्** = परमेश्वरभन्दा बाहेकको, **अदृश्यत्वादिगुणकम्** = अदृश्यत्व आदि गुणवाला, **अक्षरं परिकल्प्येत** = अक्षर भन्ने वस्तु कल्पित हुन्थ्यो त, **इयं विद्या** = यो विद्या, **परा न स्यात्** = परा हुने थिएन वा भनिने छैन, **हि** = निश्चय, **विद्ययोः** = यी दुवै विद्याको, **अयम्** = यो, **परापरविभागः** = परा र अपरा भन्ने विभाजन, **अभ्युदयनिः-श्रेयसफलतया**= वैषयिकसुख र मोक्षरूप फलवाला हुनाले, **परिकल्प्यते** = कल्पना गरिन्छ फेरि, **प्रधानविद्या** = प्रधानसम्बन्धी विद्या, **निःश्रेयसफला** = मुक्तिफलवाला भनेर, **केनचित्** = कसैले पनि, **न अभ्युपगम्यते च** = मानिदैन (भनिदैन) पनि, **तिस्रः विद्याः च** = दुईको सट्टा तीन विद्या पनि, **प्रतिज्ञायेरन्** = प्रतिज्ञात हुनन् (भनिनन्) किनकि, **त्वत्पक्षे**= तिम्रो भनाइको पक्षमा, **भूतयोनेः अक्षरात्** = भूतयोनि रूपअक्षर भन्दा, **परस्य परमात्मनः** = पर भनिएका परमात्माको, **प्रतिपाद्यमानत्वात्**= प्रतिपादन गरिने हुनाले, **इह** = यहाँ, **द्वे एव तु** = दुईटा मात्र नै, **विद्ये** = विद्या, **वेदितव्ये** = जान्नुपर्ने भनेर, **निर्दिष्टे** = देखाइएका (बताइएका) छन्, **भगवः** = हे भगवन्, **नु**= निश्चय, **कस्मिन् विज्ञाते** = कसलाई जानेमा, **इदं सर्वं विज्ञातं भवति**= यो सबै जानिएको हुन्छ भन्ने, **इति** = यस्तो, **एकविज्ञानेन** = एक वस्तुको विज्ञानद्वारा, **सर्वविज्ञानापेक्षणम्** = सबै विज्ञानको अपेक्षा हुनु, **सर्वात्मके ब्रह्मणि** = सर्वस्वरूपी ब्रह्म, **विवक्ष्यमाणे** = बताउन (भन्न) खोजिएमा मात्र, **अवकल्प्यते** = ठीक हुनसक्दछ, **अचेतनमात्रैकायतने** = जडमात्र स्वरूप वा स्थान भएको, **प्रधाने**= प्रधानलाई भन्न खोजिएमा र, **वा** = अथवा, **भोग्यव्यतिरिक्ते** = भोग्यवर्गभन्दा अलग, **भोक्तरि** = भोक्ता (जीव) लाई भन्न खोजिएमा पनि, **न** = ठीक हुनसक्दैन ।

विशदीकरण

सबभन्दा पर भनेको 'अक्षरभन्दा पनि पर' रहेको भनेर कसरी बताइयो भन्ने शङ्का भएमा त्यसको उत्तर पछिल्लो सूत्रमा बताउने छौं । खास गरेर दुई विद्या यहाँ जान्नुपर्ने भनेर बताइएका छन् । ती दुई मध्ये ऋग्वेद आदि शास्त्रस्वरूप अपरा विद्या बताएर पछिबाट जुनद्वारा 'त्यो अक्षर जानिन्छ, त्यो विद्या परा हो' भनेर बताइएको छ । त्यसमा पनि परा विद्याद्वारा जानिने भनेर अक्षरलाई बताएको देखिन्छ । यदि अक्षर भनेर अदृश्यत्व आदि गुणवाला र परमेश्वर बाहेकको अक्षर भनेर बताइएको भन्ने हो भने यो विद्या परा हुने छैन।

यी दुई विद्यालाई परा र अपरा भनेर विभाजन गरेको पनि भोग र मोक्षरूप फलवाला भनेर नै हो। फेरि अक्षर प्रधानलाई भनिन्थ्यो भने प्रधानसम्बन्धी विद्या मुक्ति फल दिने भनेर कसैले पनि भन्न (मात्र) सकिंदैन । अर्को कुरा- त्यस्तो भए अपरा, परा र अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानपरक विद्या गरेर तीन विद्या मानिनु पर्दथ्यो। परन्तु त्यसो नभएर यहाँ दुइटा मात्र विद्या जान्नु पर्ने भनेर बताइएका छन् । 'कसलाई जानेपछि यो सबै जानिन्छ' भनेर एउटाको ज्ञानले सबैको ज्ञान हुने कुराको अपेक्षा पनि सर्वात्मा ब्रह्मलाई बताउनु खोजेमा मात्र ठीक मिल्न सक्दछ । जडस्थानीय प्रधान वा जीवलाई बताउन खोजेमा मिल्न सक्दैन ।

शाङ्करभाष्यम्

अपि च **'स ब्रह्मविद्यां सर्वविद्याप्रतिष्ठामथर्वाय ज्येष्ठपुत्राय प्राह'** (मुण्ड० १/१/१) इति ब्रह्मविद्यां प्राधान्येनोपक्रम्य परापरविभागेन परां विद्यामक्षराधिगमनीं दर्शयँस्तस्या ब्रह्मविद्यात्वं दर्शयति । सा च ब्रह्मविद्यासमाख्या तदधिगम्यस्याक्षरस्याब्रह्मत्वे बाधिता स्यात्। अपरग्वेदादिलक्षणा कर्मविद्या ब्रह्मविद्योपक्रम उपन्यस्यते ब्रह्मविद्याप्रशंसायै –

प्लवा ह्येते अदृढा यज्ञरूपा अष्टादशोक्तमवरं येषु कर्म ।
एतच्छ्रेयो येऽभिनन्दन्ति मूढा जरामृत्युं ते पुनरेवापियन्ति ।।
(मुण्ड. १/२/७)

इत्येवमादिनिन्दावचनात् । निन्दित्वा चापरं विद्यां ततो विरक्तस्य परविद्याधिकारं दर्शयति–

परीक्ष्य लोकान्कर्मचितान् ब्राह्मणो निर्वेदमायान्नास्त्यकृतः कृते न ।
तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम् ।।

(मुण्ड० १/२/१२) इति । यत्तूक्तम्- अचेतनानां पृथिव्यादीनां दृष्टान्तत्वेनोपादानाद्दार्ष्टान्तिकेनाप्यचेतनेन भूतयोनिना भवितव्यमिति – तदयुक्तम्, नहि दृष्टान्तदार्ष्टान्तिकयोरत्यन्तसाम्येन भवितव्यमिति नियमोऽस्ति । अपि च स्थूलाः पृथिव्यादयो दृष्टान्तत्वेनोपात्ता इति न स्थूल एव दार्ष्टान्तिको भूतयोनिरभ्युपगम्यते । तस्माददृश्यत्वादिगुणको भूतयोनिः परमेश्वर एव ।।२१।।

नेपालीभाषानुवाद

अपि च = फेरि, **सः** = त्यो अथर्वको पिताले, **अथर्वाय ज्येष्ठपुत्राय** = ज्येष्ठ पुत्र अथर्वलाई, **सर्वविद्याप्रतिष्ठाम्** = सम्पूर्ण विद्याको समाप्तिको स्थान भएको, **ब्रह्मविद्याम्** = ब्रह्मविद्या, **प्राह इति** = भने भन्ने, **ब्रह्मविद्याम्** = ब्रह्मविद्यालाई, **प्राधान्येन** = प्रधानरूपले, **उपक्रम्य** = सुरु गरेर, **परापरविभागेन** = परापरको विभाग गरेर, **परां विद्याम्** = पराविद्यालाई, **अक्षराधिगमनीयम्** = अक्षररूप ब्रह्मलाई प्राप्त गराउने किसिमको, **दर्शयन्** = देखाउँदो, **तस्याः** = त्यो पराविद्याको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मविद्यात्वम् = ब्रह्मविद्या हो भन्ने कुरा, **दर्शयति** = देखाउँछ, **सा च** = त्यो, **ब्रह्मविद्यासमाख्या** = ब्रह्मविद्यारूपको समाख्या, **तदधिगम्यस्य अक्षरस्य** = त्यो विद्याद्वारा पाइने भनेका अक्षरको, **अब्रह्मत्वे** = ब्रह्म नमानिएमा, **बाधिता स्यात्** = बाधित हुनेछ, **ऋग्वेदादिलक्षणा** = ऋग्वेद आदि शास्त्ररूपको, **अपरा** = अपरा विद्या, **ब्रह्मविद्याप्रशंसायै** = ब्रह्मविद्याको प्रशंसा निमित्त, **उपन्यस्यते** = दर्शाइन्छ जस्तै, **हि** = निश्चय, **एते** = यी, **अदृढाः** = बलिष्ठ नभएका, **प्लवाः** = अस्थायी डुँगा जस्ता, **यज्ञरूपाः** = यज्ञहरू छन्, **येषु** = जसमा, **अष्टादशोक्तम्** = १६ ऋत्विक् र यजमान उसकी पत्नी समेत १८ मा बताइएको, **अवरम्** = अनित्य (अश्रेष्ठ), **कर्म** = कर्म छ, **एतत्** = यसलाई, **ये मूढाः** = जुन मूर्खहरू, **अभिनन्दन्ति**= प्रशंसा गर्छन्, **ते** = तिनीहरू, **जरामृत्युम्** = जरामरण, **पुनः एव** = फेरि बारम्बार, **अपियन्ति** = प्राप्त हुन्छन्, **इति एवम् आदि** = इत्यादि, **निन्दावचनात्** = निन्दाको वचन हुनाले, **च**= फेरि, **अपरां विद्याम्** = कर्मरूप अपरा विद्यालाई, **निन्दित्वा** = निन्दा गरेर, **ततः विरक्तस्य** = त्यस कर्मबाट विरक्त भएका पुरुषका निमित्त, **परविद्याधिकारम्** = परा विद्याको अधिकार, **दर्शयति** = देखाउँछ जस्तै, **कर्मचितान् लोकान्** = कर्मद्वारा उपार्जन गरिएको लोकलाई, **परीक्ष्य**= परीक्षा(युक्तिद्वारा विचार) गरेर, **ब्राह्मणः** = ब्राह्मण, **निर्वेदम्** = वैराग्यमा, **आयात्** = प्राप्त होस् किनकि, **कृतेन** = कर्मले, **अकृतः**= मोक्ष, **न अस्ति** = छैन, **तद्विज्ञानार्थम्** = त्यो मोक्षरूप आत्मालाई जान्न, **समित्पाणिः** = हातमा समिधा लिएको छँदो, **सः** = त्यो पुरुष, **श्रोत्रियम्** = वेद पढेको, **ब्रह्मनिष्ठम्** = ब्रह्मरत ब्रह्मवेत्ता, **गुरुम् एव** = गुरुसँग नै, **अभिगच्छेत् इति**= जाओस् भन्ने, **यत्तु** = जो कि, **अचेतनानाम् पृथिव्यादीनाम्**= जडरूप पृथ्वी आदिलाई, **दृष्टान्तत्वेन** = दृष्टान्तरूपले, **उपादानात्** = लिनाले, **दार्ष्टान्तिकेन** = दार्ष्टान्तिकरूप, **भूतयोनिना अपि** = भूतयोनि पनि, **अचेतनेन भवितव्यम् इति** = जड नै हुनुपर्दछ भन्ने, **उक्तम्** = पूर्वपक्षमा भनियो, **तत् अयुक्तम्**= त्यो ठीक छैन, **हि** = निश्चय, **दृष्टान्तदार्ष्टान्तिकयोः** = दृष्टान्त र दार्ष्टान्तिक को, **अत्यन्तसाम्येन भवितव्यम् इति**= नितान्त नै समता हुनुपर्छ भन्ने, **नियमः न अस्ति**= नियम छैन, **अपि च** = फेरि, **स्थूलाः पृथिव्यादयः** = स्थूलरूपका पृथ्वी आदि, **दृष्टान्तत्वेन उपात्ताः इति** = दृष्टान्तरूपमा लिएका भनेर, **दार्ष्टान्तिकः भूतयोनिः** = दार्ष्टान्तिकरूप भूतयोनि, **स्थूलः एव** = स्थूल नै, **न अभ्युपगम्यते** = लिइदैन (मानिदैन), **अदृश्यत्वादिगुणकः भूतयोनिः** = अदृश्यत्व आदि गुणवाला भूतयोनि भनेको, **परमेश्वरः एव** = परमेश्वर नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

'सबै विद्याको समाप्तिस्थान भएको ब्रह्मविद्या अथर्वका पिताले जेठा छोरा अथर्वलाई भने' भन्दै ब्रह्मविद्याको प्रधानता राख्दै उठान गरेर विद्याको परा र अपरा नामले विभाजन गरी त्यो अक्षरलाई प्राप्त गराउने परा विद्यालाई ब्रह्मविद्या भनेर बताएको छ। त्यसै प्रसङ्गमा श्रुति-लिङ्ग-वाक्य-प्रकरण-स्थान-समाख्यामध्ये यस वाक्यार्थमा ब्रह्मविद्याले समाख्याको रूप पाएको छ । त्यसभन्दा पूर्ववर्ती स्थान आदिको यहाँ अवकाश नहुनाले सो ब्रह्मविद्यारूप यौगिक अर्थवाला समाख्या बाधित हुन नसक्ने स्थितिमा पनि अक्षरलाई ब्रह्म नमानेमा ब्रह्मविद्या बाधित हुन जाला । अक्षर भनेको परमात्मा नै हो । त्यही ब्रह्मविद्याको प्रशंसा निमित्त ऋग्वेदादि शास्त्ररूप अपरा भन्ने कर्मविद्या पनि दर्शाइन्छ ।

जस्तै - यज्ञहरू अस्थायी र बलहीन डुंगा जस्तै हुन् । यिनमा सोह्रवटा ऋत्विक् र यजमान तथा उनकी पत्नी समेत अठारको आधारमा कर्म हुन्छ । यिनमा मात्र निष्ठा हुनेहरू फलभोक्ता हुनाले जरा-मृत्युको फन्दामा बारम्बार पर्छन् भनेर गरिएको निन्दा ब्रह्मविद्याको प्रशंसा निमित्त नै देखिन्छ । यसप्रकार अपरा विद्याको निन्दा गरेर त्यो अपरारूप कर्मविद्याबाट विरक्त हुने पुरुषका निमित्त परानामको ब्रह्मविद्यामा अधिकार देखाउँछ ।

कर्मद्वारा उपार्जन हुने कृषि आदिबाट यस लोकका फल जस्तै यज्ञादि कर्मद्वारा उपार्जन हुने स्वर्गादि फल पनि अनित्य हुन्छन् । यिनको युक्तिपूर्वक परीक्षा गरेर उत्पादित कर्मद्वारा अनुत्पाद्य मोक्ष हुँदैन भनेर कर्मबाट विरक्त भई हातमा समिधा लिएर ज्ञानको निमित्त श्रोत्रिय ब्रह्मनिष्ठ गुरुसँग नै जानु इत्यादि भनिएको छ ।

अक्षरबाट विश्व उत्पन्न हुन्छ भन्ने कुराको उदाहरण रूपमा पृथ्वी, माकुरो, शरीर आदि जडपदार्थलाई लिएको हुनाले दृष्टान्त जडभएपछि दार्ष्टान्तिक अक्षर पनि जड नै हुनुपर्छ र प्रधाननै जड हुनाले अक्षर हो भनेर जो शङ्का गरिएको थियो, त्यो शङ्का पनि ठीक छैन । किनभने दृष्टान्त र दार्ष्टान्तिकमा पूर्ण समानता हुनुपर्छ भन्ने नियम पनि छैन । त्यस्तो भए दृष्टान्तमा लिइएका पृथ्वी आदि स्थूल हुनाले अक्षर (भूतयोनि) पनि स्थूल हुनुपर्ने जस्तो अर्को आपत्ति होला । अतः पूर्वोक्त शङ्का गर्नु नै अनुचित छ । यसप्रकार अदृश्यत्व आदि गुणवाला भूतयोनि भनेको परमेश्वर नै हो ।।२१।।

ब्रह्मसूत्रम् - विशेषणभेदव्यपदेशाभ्याञ्च नेतरौ १/२/२२

सूत्रार्थ - **विशेषणभेदव्यपदेशाभ्याम्** = जीवलाई भन्दा विलक्षणरूपले विशेषण दिएको र भेदको व्यपदेश भएकाले, **च** = पनि, **इतरौ** = परमेश्वरबाहेकका जीव अथवा प्रधान पनि, **न** = भूतयोनि होइनन् ।

शाङ्करभाष्यम्

इतश्च परमेश्वर एव भूतयोनिर्नेतरौ- शारीरः प्रधानं वा । कस्मात् ? विशेषण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेदव्यपदेशाभ्याम् । विशिनष्टि हि प्रकृतं भूतयोनिं शारीराद् विलक्षणत्वेन– '**दिव्यो ह्यमूर्तः पुरुषः स बाह्याभ्यन्तरो ह्यजः। अप्राणो ह्यमनाः शुभ्रः**' (मु० २/१/२) इति न ह्येतद् दिव्यत्वादिविशेषणमविद्याप्रत्युपस्थापितनामरूपपरिच्छेदाभिमानिनस्तद्धर्मान्स्वात्मनि कल्पयतः शारीरस्योपपद्यते । तस्मात्साक्षादौपनिषदः पुरुष इहोच्यते । तथा प्रधानादपि प्रकृतं भूतयोनिं भेदेन व्यपदिशति– '**अक्षरात्परतः परः**' इति अक्षरमव्याकृतं नामरूपबीजशक्तिरूपं भूतसूक्ष्ममीश्वराश्रयं तस्यैवोपाधिभूतं सर्वस्माद् विकारात् परो योऽविकारस्तस्मात्परतः पर इति भेदेन व्यपदेशात् परमात्मानमिह विवक्षितं दर्शयति । नात्र प्रधानं नाम किञ्चित्स्वतन्त्रं तत्त्वमभ्युपगम्य तस्माद् भेदव्यपदेश उच्यते । किं तर्हि ? यदि प्रधानमपि कल्प्यमानं श्रुत्यविरोधेनाव्याकृतादिशब्दवाच्यं भूतसूक्ष्मं परिकल्प्येत, परिकल्प्यताम् । तस्माद् भेदव्यपदेशात् परमेश्वरो भूतयोनिरित्येतदिह प्रतिपाद्यते ।।२२।।

नेपालीभाषानुवाद

इतः च = अझै पनि, **परमेश्वरः एव भूतयोनिः** = भूतयोनि भनेको परमेश्वर नै हो, **इतरौ** = त्यसभन्दा बाहेक, **शारीरः** = जीव, **वा** = अथवा, **प्रधानम्** = प्रधान पनि, **न** = भूतयोनि होइनन्, **हि** = निश्चय, **प्रकृतं भूतयोनिम्** = सुरुको भूतयोनिलाई, **शारीरात् विलक्षणत्वेन** = जीवभन्दा विलक्षण रूपले, **विशिनष्टि** = विशेषणरूपले भन्दछ जस्तै, **दिव्यः अमूर्तः** = दिव्य तथा मूर्तिरहित, **हि** = निश्चय, **स बाह्याभ्यन्तरः**= भित्र बाहिर पूर्ण, **हि** = निश्चय, **अजः** = जन्मरहित, **अमनाः** = मनरहित भन्ने र, **शुभ्रः इति**= निष्पाप भन्ने, **हि** = निश्चय, **एतत्** = यो, **दिव्यत्वादिविशेषणम्** = दिव्यत्व आदि विशेषण, **अविद्याप्रत्युपस्थापितनामरूपपरिच्छेदाभिमानिनः** = अविद्याबाट देखिन आएको नाम र रूप आदि परिच्छेदको अभिमान गर्ने र, **तद्धर्मान् स्वात्मनि कल्पयतः** = नाम, रूप आदि परिच्छेदको धर्म आफूमा भएको सम्झने, **शारीरस्य** = जीवको, **न उपपद्यते** = हुनसक्दैन, **तस्मात्** = त्यस कारणबाट, **साक्षात् औपनिषदः पुरुषः** = खास उपनिषद्गम्य पुरुष (परमात्मा), **इह** = यस वाक्यमा, **उच्यते** = भूतयोनि भनिन्छ, **तथा** = त्यस्तै, **प्रधानात् अपि** = प्रधानभन्दा पनि, **प्रकृतं भूतयोनिम्** = सुरुको भूतयोनिलाई, **भेदेन** = भिन्नरूपले, **व्यपदिशति**= बताउँछ जस्तै, **अक्षरात् परतः परः इति**= अक्षरभन्दा पर इत्यादि, **अक्षरम्** = अक्षर भनेको, **अव्याकृतम्** = अव्यक्तरूप, **नामरूपबीजशक्तिरूपम्** = नाम र रूपको बीज (ईश्वर) को शक्तिरूप, **ईश्वराश्रयम्** = ईश्वरको आश्रयवाला वा ईश्वरमा रहने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतसूक्ष्मम् = भूतसूक्ष्म, **तस्यैव** = त्यसै ईश्वरको, **उपाधिभूतम्** = उपाधि भएको, **सर्वस्मात् विकारात् पर यः अविकारः** = सबै विकारभन्दा पररहेको जुन अविकृत छ, **तस्मात् परः इति** = त्यसभन्दा पर भनेर, **भेदेन व्यपदेशात्** = भेदद्वारा बताएकोबाट, **इह** = यस वाक्यमा, **विवक्षितम्** = भन्न (बताउन) खोजिएको, **परमात्मानम्** = परमेश्वरलाई हो भन्ने, **दर्शयति** = देखाउँछ, **अत्र** = यहाँ, **प्रधानं नाम** = प्रधान भनिने, **किञ्चित् स्वतन्त्रं तत्त्वम् अभ्युपगम्य** = केही वा कुनै स्वतन्त्रतत्त्व मानेर, **तस्मात् भेदव्यपदेशः** = त्यसबाट भिन्न भन्ने कुराको व्यपदेश, **न उच्यते** = बताइँदैन, **किं तर्हि** = के त फेरि, **यदि** = यदि, **प्रधानम् अपि कल्प्यमानम्** = कल्पित गरिने प्रधान पनि, **श्रुत्यविरोधेन** = श्रुतिमा विरोध नपारेर, **अव्याकृतादिशब्दवाच्यम्**= अव्याकृत आदि शब्दले बोलिने, **भूतसूक्ष्मम्** = भूतसूक्ष्म नै प्रधान भनेर, **परिकल्प्येत**= कल्पना गरिन्छ भने, **परिकल्प्यताम्** = कल्पना गरियोस्, **तस्मात्** = त्यस कारणबाट, **भेदव्यपदेशात्** = भेद बताएकोबाट, **भूतयोनिः परमेश्वरः**= भूतयोनि भनेको परमेश्वर हो भन्ने, **इति एतत्** = यस्तो, **प्रतिपाद्यते** = प्रतिपादन गरिन्छ ।

विशदीकरण

फेरि पनि विचार गर्दा विशेषण र भेद देखाएको हुनाले भूतयोनि भनेको परमेश्वर नै हो, जीव र प्रधान होइनन् । सुरुमा बताएको त्यो भूतयोनिलाई 'दिव्य अमूर्त व्यापक अजन्मा प्राणरहित, मनरहित निष्पाप' भन्ने इत्यादि विशेषणबाट जीवभन्दा विलक्षणरूपले विशेषण दिएर बताएको देखिन्छ । अविद्याद्वारा कल्पित भएका नाम र रूप आदिबाट परिच्छिन्न र ती नामरूपादिमा आत्माभिमान गर्ने जीवमा ती विशेषण घट्न नसक्ने हुनाले जीव भूतयोनि हुनै सक्दैन । वेदान्तद्वारा जानिने वा प्राप्त गरिने खास परमात्मा नै यहाँ बताइएको हो। प्रधान हो कि ? भन्न पनि त्यो सुरुमा बताइएको भूतयोनिलाई प्रधानभन्दा पनि भिन्न रूपमा बताइएकोबाट नसकिने छ । '**अक्षरात् परतः परः**' यस वाक्यबाट त्यो कुरा सिद्ध हुन आउँदछ ।

अक्षर भनेको अव्याकृत र नाम र रूपको कारण भइरहेको परमेश्वरको शक्तिरूप तथा ईश्वरलाई आश्रय गरेको भूतसूक्ष्म र ईश्वरको उपाधि जसलाई मानिन्छ, त्यो सबै विकारभन्दा पर अविकारी छ । 'त्यसभन्दा पनि पर' भनेर बताएको बाट भूतयोनि भनेर परमात्मालाई नै यहाँ बताउन चाहेको स्पष्ट नै छ। वास्तवमा प्रधान भन्ने कुनै स्वतन्त्र वस्तु तत्त्व मानेर त्यसबाट भेद देखाएको होइन । हो, के भने ? प्रधान कल्पित हुन्छ भन्ने श्रुतिवाक्यसँग विरोध नपारेर अव्याकृत आदि शब्दको अर्थरूपमा भूतसूक्ष्मलाई भनियोस् भन्ने अभिप्राय हो। यी कारणबाट भूतयोनि भनेको परमेश्वर नै हो भन्ने कुरा यहाँ बताइन्छ।।२२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम् - कुतश्च परमेश्वरो भूतयोनिः ?

नेपालीभाषानुवाद - **च**= फेरि, **कुतः** = के बाट, **परमेश्वरः** = परमेश्वर, **भूतयोनिः**= भूतयोनि भनिन्छ ?

ब्रह्मसूत्रम् - **रूपोपन्यासाच्च　१/२/२३**

सूत्रार्थ - **रूपोपन्यासात्** = रूप देखाउनाले, **च** = पनि परमेश्वर भूतयोनि हो ।

शाङ्करभाष्यम्

अपि च '**अक्षरात्परतः परः**' इत्यस्यानन्तरम् '**एतस्माज्जायते प्राणः**' इति प्राणप्रभृतीनां पृथिवीपर्यन्तानां तत्त्वानां सर्गमुक्त्त्वा तस्यैव भूतयोनेः सर्व-विकारात्मकं रूपमुपन्यस्यमानं पश्यामः-

अग्निर्मूर्धा चक्षुषी चन्द्रसूर्यौ दिशः श्रोत्रे वाग्विवृताश्च वेदाः ।
वायुः प्राणो हृदयं विश्वमस्य पद्भ्यां पृथिवी ह्येष सर्वभूतान्तरात्मा ।।

(मु० २/१/४) इति । तच्च परमेश्वरस्यैवोचितम्, सर्वविकारकारणत्वात् । न शारीरस्य तनुमहिम्नः । नापि प्रधानस्यायं रूपोपन्यासः संभवति, सर्वभूतान्त-रात्मत्वासंभवात् । तस्मात् परमेश्वर एव भूतयोनिर्नेतराविति गम्यते । कथं पुनर्भूत-योनेरयं रूपोपन्यास इति गम्यते ? प्रकरणात्, '**एषः**' इति च प्रकृतानुकर्षणात् । भूतयोनिं हि प्रकृत्य '**एतस्माज्जायते प्राणः, एष सर्वभूतान्तरात्मा**' इति वचनं भूतयोनिविषयमेव भवति । यथोपाध्यायं प्रकृत्यैतस्मादधीष्वैष वेदवेदाङ्गपारग इति वचनमुपाध्यायविषयं भवति, तद्वत् । कथं पुनरदृश्यत्वादिगुणकस्य भूतयोने-र्विग्रहवद्रूपं संभवति ? सर्वात्मत्वविवक्षयेदमुच्यते, न तु विग्रहवत्त्वविवक्षयेत्यदोषः।

नेपालीभाषानुवाद

अपि च = फेरि, **अक्षरात्परतः परः** = अक्षर (जो पर छ) त्यसभन्दा पनि पर भन्ने, **इति अस्य** = यस वाक्यको, **अनन्तरम्** = पछिबाट, **एतस्मात् प्राणः जायते** = यो भूतयोनिबाट प्राण उत्पन्न हुन्छ, **इति** = यसप्रकार, **प्राणप्रभृतीनाम्** = प्राण आदि गरेका, **पृथिवीपर्यन्तानाम्** = पृथ्वीसम्मका, **तत्त्वानाम्** = तत्त्वहरूको, **सर्गम् उक्त्वा** = सृष्टि बताएर, **तस्य भूतयोनेः एव** = त्यही भूतयोनिको नै, **सर्वे विकारात्मकम्** = सबै विकारस्वरूप भएको, **रूपम्** = रूप, **उपन्यस्यमानम्** = देखाइएको (बताइएको), **पश्यामः** = देख्दछौं जस्तो कि, **अग्निः मूर्धा** = अग्नि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस परमेश्वरको शिर हो, **चन्द्रसूर्यौ** = चन्द्र र सूर्य, **चक्षुषी** = आँखा हुन्, **च** = फेरि, **विवृताः वेदाः**= व्यक्त वा विवृतरूपका वेद, **वाक्** = वाणी हो, **अस्य** = यस भूतयोनि (परमात्मा) को, **विश्वं हृदयम्** = विश्व हृदय हो, **पद्भ्याम् पृथिवी** = पदद्वारा भएको वा पदस्थानीय पृथ्वी हो, **हि**= निश्चय, **एषः** = यो भूतयोनि, **सर्वभूतान्तरात्मा इति** = सबै प्राणीको अन्तरात्मा हो भन्ने, **तत् च** = पूर्वोक्त त्यो स्वरूप पनि, **परमेश्वरस्य एव उचितम्** = परमेश्वरको निमित्त नै सुहाउँदो हो, किनकि, **सर्वविकारकारणत्वात्** = सबै विकारको कारण हुनाले, **तनुमहिम्नः** = अल्पसमर्थ (सामर्थ्य) वाला, **शारीरस्य** = जीवको, **न** = सुहाउँदो होइन, **प्रधानस्य अपि** = प्रधानको पनि, **अयं रूपोपन्यासः** = यो रूपको उपन्यास, **न संभवति** = हुन सक्दैन किनकि, **सर्वभूतान्तरात्मत्वासंभवात्** = सबै प्राणीको अन्तरात्मा हुने कुरा प्रधानमा असंभव हुनाले, **तस्मात्** = त्यसकारणबाट, **परमेश्वरः एव** = परमेश्वर नै, **भूतयोनिः** = भूतयोनि हो, **इतरौ** = त्यसदेखि भिन्न जीव र प्रधान, **न इति** = भूतयोनि होइनन् भन्ने, **गम्यते** = बुझिन्छ, **पुनः** = फेरि, **अयं रूपोपन्यासः** = यो रूप प्रतिपादन हुने कुरा, **भूतयोनेः इति** = भूतयोनिको हो भन्ने, **कथं गम्यते** = कसरी बुझिन्छ, **प्रकरणात्** = भूतयोनिको प्रकरण हुनाले, **एषः इति** = यो भन्ने, **प्रकृतानुकर्षणात् च** = सुरुको अनुकर्ष (अनुवृत्ति) हुनाले पनि, **हि** = निश्चय, **भूतयोनिं प्रकृत्य** = भूतयोनिलाई सुरु गरेर, **एतस्मात् प्राणः जायते** = यसबाट प्राण उत्पन्न हुन्छ, **एषः सर्वभूतान्तरात्मा** = यो सबै प्राणीको अन्तरात्मा हो भन्ने, **इति** = यस्तो, **वचनम्** = भनाइ, **भूतयोनिविषयम् एव** = भूतयोनिलाई लक्ष्य गरेर नै, **भवति** = हुनसक्दछ, **यथा** = जस्तै, **उपाध्यायं प्रकृत्य** = अध्यापक गुरुलाई सुरुमा संकेत गरेर, **एतस्मात् अधीष्व**= यिनीसँग पढ, **एषः वेदवेदाङ्गपारगः इति**= यी वेदवेदाङ्गमा पारङ्गत छन् भन्ने, **वचनम्** = वचन, **उपाध्यायविषयं भवति** = उपाध्यायलाई लक्ष्य गरेर हुन्छ, **तद्वत्** = त्यस्तै हो, **पुनः** = फेरि, **अदृश्यत्वादिगुणकस्य**= अदृश्यत्व आदि गुणवाला, **भूतयोनेः** = भूतयोनिको, **विग्रहवत् रूपम्**= शरीरवाला रूप, **कथं सम्भवति**= कसरी हुनसक्दछ, **इदम् तु** = यो शरीरवाला हुने कुरा त, **सर्वात्मविवक्षया** = सर्वात्मा भनेर भन्नु निमित्त हो, **विग्रहवत्त्वविवक्षया** = शरीरवाला भन्नु निमित्तले, **न उच्यते इति**= भनिदैन भन्नाले, **अदोषः** = दोष छैन ।

विशदीकरण

'अक्षरभन्दा पनि पर' भन्ने वाक्यको पछि 'यसबाट प्राण उत्पन्न हुन्छ' भनेर प्राणदेखि लिएर पृथ्वीसम्मका तत्त्वहरूको त्यसै भूतयोनिबाट सृष्टि बताएर त्यसै भूतयोनिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वविकारात्मकरूपवाला भनेर बताएको देखिन्छ । जस्तो कि – 'अग्नि यसको शिर हो, सूर्य चन्द्र आँखा हुन्, दिशा कान हुन्, वेद वाक् हो, वायु प्राण हो, संसार अथवा विश्व समष्टि हृदय हो, पाउ पृथ्वी हो र यो सबै प्राणीको अन्तरात्मा हो' इत्यादि । यी सबै कुरा सबै विकारको कारण भएकोले परमेश्वरमा मात्र हुनसक्दछन् । अल्प सामर्थ्य र परिच्छिन्नस्वरूप जीवमा र सबै प्राणीको आत्मा हुन नसकेकोले प्रधानमा पनि यी सबै कुरा घट्न सक्दैनन्। त्यसैले जीव र प्रधान दुवै नै भूतयोनि हुन सक्दैनन् ।

भूतयोनिकै पनि त यस किसिमको रूप कसरी हुनसक्दछ, जब कि त्यसमा अदृश्यत्व छ र रूप भएपछि दृश्य नै हुन्छ, शङ्का हुनसक्दछ । परन्तु यस शङ्काको लागि यहाँ अवकाश छैन, किनकि यो प्रकरण भूतयोनिको हो । यो यसबाट भन्ने सुरुको अनुवृत्तिरूप संकेत हुनाले पनि यो भूतयोनिकै सम्बन्धमा रूप देखाएको भन्ने स्पष्ट बुझिन्छ । जस्तो कसैले यी उपाध्याय (गुरु) बाट तिमीले पढ, यी वेदवेदाङ्गमा पारङ्गत छन् भन्यो भने यी भन्ने शब्द तिनै पूर्व प्रकृत उपाध्यायको सम्बन्धमा भनेको ठहर्छ। त्यस्तै यहाँ पनि भूतयोनिबाट सुरु गरेर 'यसबाट प्राण हुन्छ' इत्यादि र 'यो सबैको अन्तरात्मा हो' भनेकोबाट '**एतस्मात्**' र '**एषः**' ले पनि त्यसै पूर्वप्रकृत भूतयोनिलाई बुझाउँछ ।

फेरि अदृश्यत्व गुणवाला भूतयोनिको दृश्यरूप कसरी हुन्छ ? भन्ने शङ्का हुनसक्छ, तर अदृश्यरूप भूतयोनिको दृश्यरूप प्रतिपादनमा त्यो भूतयोनि सर्वात्मा हो र सर्वत्र व्यापक छ भन्ने कुरा बुझाउने उद्देश्य रहेको छ । त्यसकारण यहाँ शङ्का गरिरहन आवश्यक छैन । सर्वव्यापक देखाउने उद्देश्यले गर्दा कुनै दोष पनि छैन ।

शाङ्करभाष्यम्

'**अहमन्नमहमन्नादः**'(तै०३/१०/६) इत्यादिवत्। अन्ये पुनर्मन्यन्ते नायं भूतयोने रूपोपन्यासः, जायमानत्वेनोपन्यासात् ।

एतस्माज्जायते प्राणो मनःसर्वेन्द्रियाणि च ।
खं वायुर्ज्योतिरापः पृथ्वी विश्वस्य धारिणी ।।

इति हि पूर्वत्र प्राणादिपृथिव्यन्तं तत्त्वजातं जायमानत्वेन निरदिक्षत् । उत्तरत्रापि च '**तस्मादग्निः समिधो यश्च सूर्यः**' इत्येवमादि '**अतश्च सर्वा ओषधयो रसाश्च**' इत्येवमन्तं जायमानत्वेनैव निर्देक्ष्यति। इहैव कथमकस्मादन्तराले भूतयोने रूपमुपन्यसेत् ? सर्वात्मत्वमपि सृष्टिं परिसमाप्योपदेक्ष्यति– '**पुरुष एवेदं विश्वं कर्म**' (मु० २/१/१०) इत्यादिना । श्रुतिस्मृत्योश्च त्रैलोक्यशरीरस्य प्रजापतेर्जन्मादि निर्दिश्यमानमुपलभामहे –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।
स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ।।

(ऋ.सं० १०/१२१/१) इति । समवर्ततेत्यजायतेत्यर्थः । तथा-

स वै शरीरी प्रथमः स वै पूरुष उच्यते ।
आदिकर्ता स भूतानां ब्रह्माग्रे समवर्तत ।। इति च ।

विकारपुरुषस्यापि सर्वभूतान्तरात्मत्वं संभवति, प्राणात्मना सर्वभूतानामध्यात्ममवस्थानात् । अस्मिन्पक्षे **'पुरुष एवेदं विश्वं कर्म'** इत्यादि सर्वरूपोपन्यासः परमेश्वरप्रतिपत्तिहेतुरिति व्याख्येयम् ।।२३।।

नेपालीभाषानुवाद

अहम् अन्नम् अहम् अन्नादः = म अन्न हूँ, म खाने वाला हूँ भन्ने; **इत्यादिवत्**= इत्यादि वाक्यार्थ जस्तै हो, **अन्ये**= अरू कोही, **पुनः** = फेरि यहाँ, **मन्यन्ते** = यस्तो मान्दछ, के भने, **अयं रूपोपन्यासः** = यो रूपको उपन्यास गरेको, **भूतयोनेः न** = भूतयोनिको होइन किनकि, **जायमानत्वेन उपन्यासात्** = उत्पत्ति हुने रूपले उपन्यास गरेकोले, **एतस्मात् प्राणः जायते**= यसदेखि प्राण उत्पन्न हुन्छ, **च** = फेरि, **सर्वेन्द्रियाणि मनः** = सबै इन्द्रिय र मन उत्पन्न हुन्छन्, **खं वायुः ज्योतिः आपः** = आकाश, वायु, तेज, जल र; **विश्वस्य धारिणी पृथिवी** = विश्वलाई धारण गर्ने पृथ्वी उत्पन्न हुन्छ भन्ने, **इति हि** = यस्तो निश्चय, **पूर्वत्र** = पहिले, **प्राणदिपृथिव्यन्तम्**= प्राणदेखि पृथ्वीसम्मको, **तत्त्वजातम्** = तत्त्वसमूहलाई, **जायमानत्वेन** = उत्पन्न हुने रूपले, **निरदिक्षत्** = बताएको छ, **उत्तरत्र अपि** = पछि पनि, **यः सूर्यः च** = जुन सूर्य पनि, **समिधः अग्निः** = समिधाको जस्तै द्युलोकाग्निको भासक छ, **तस्मात्** = त्यसबाट उत्पन्न हुन्छ, **इति एवम् आदि** = यस्तो आदि लिएर, **अतः च** = यसैबाट नै, **सर्वाः ओषधयः रसाः च**= सबै औषधी र रस पनि हुन्छन्, **इति एवम् अन्तम्**= यस्तो, यहाँसम्म, **जायमानत्वेन एव** = उत्पन्न हुने रूपले नै, **निर्देक्ष्यति** = बताउने छन्, **सर्वात्मत्वम् अपि** = सर्वात्मा हुने कुरा पनि, **सृष्टिं परिसमाप्य** = सृष्टिप्रक्रिया सिद्ध्याएर, **उपदेक्ष्यति** = पछिल्लो वाक्यद्वारा बताउने छन् जस्तै, **इदं विश्वं कर्म** = यो विश्व र कर्म, **पुरुषः एव** = पुरुष नै हो भन्ने, **इत्यादिना** = इत्यादि वाक्यद्वारा, **श्रुतिस्मृत्योः च** = श्रुति र स्मृतिमा पनि, **त्रैलोक्यशरीरस्य** = तीनै लोक शरीर भएका, **प्रजापतेः** = प्रजापति (ब्रह्मा) को, **जन्मादि** = उत्पत्ति आदि, **निर्दिश्यमानम्**= बताइँदै रहेको, **उपलभामहे** = भेटाउँछौं जस्तै जो कि, **भूतस्य** = प्राणी मात्रको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातः = उत्पन्न भएको, **एकः पतिः आसीत्** = एउटै पति थिए ती, **हिरण्यगर्भः** = हिरण्यभर्गः (ब्रह्मा), **अग्रे** = सबभन्दा पहिले, **समवर्तत** = उत्पन्न भए, **सः** = ती प्रजापति, **पृथिवीम्** = पृथ्वी र, **उत** = फेरि, **इमाम् द्याम्** = यो द्युलोकलाई पनि, **दाधार** = धारण गरे त्यस्ता, **कस्मै देवाय** = प्रजापति देवलाई, **हविषा** = हविका साथै, **विधेम इति** = स्तुति गर्छौं भन्ने, **समवर्तत इति** = समवर्तत भनेको, **अजायत इति अर्थः** = उत्पन्न भए भन्ने अर्थ हो, **तथा** = त्यस्तै, **स प्रथमः शरीरी** = ती पहिला शरीर धारी र, **वै**= निश्चय, **सः** = ती, **पूरुषः उच्यते** = पुरुष भनेर भनिन्छन्, **भूतानाम् आदिकर्ता** = प्राणीहरूका आदिकर्ता, **सः ब्रह्मा** = ती ब्रह्मा, **अग्रे** = पहिले, **समवर्तत इति च** = उत्पन्न भए भने पनि, **विकारपुरुषस्य अपि** = यस उत्पत्तिवाला पुरुषको पनि, **सर्वभूतान्तरात्मत्वं संभवति** = सबै प्राणीको अन्तरात्मा हुने कुरा हुनसक्दछ किनकि, **प्राणत्मना** = प्राणरूपले, **सर्वभूतानाम् अध्यात्मम्**= सबै प्राणीका भित्र, **अवस्थानात्**= रहनाले, **अस्मिन् पक्षे** = यस पक्षमा, **पुरुष एव इदं विश्वं कर्म इत्यादि**= यो विश्व र कर्म पुरुष नै हो भन्ने इत्यादि रूपको, **सर्वरूपोपन्यासः** = सर्वरूप भएको बताउनु, **परमेश्वरप्राप्तिहेतुः** = परमेश्वरलाई प्राप्तगर्न निमित्त हो भन्ने, **इति** = यस्तो, **व्याख्येयम्** = व्याख्या (अर्थ) गर्नु योग्य छ ।

विशदीकरण

जस्तो 'म अन्न हूँ, भोक्ता हूँ' भन्ने भनाइ सर्वरूपत्व बुझाउनलाई हो । शरीरवाला भोक्ता, भोग्यपन बताउन होइन र त्यस्तै पूर्वोक्त वाक्यको पनि अभिप्राय हो । कुनै कुनै व्याख्याकारहरू यस सम्बन्धमा यस्तो मान्दछन्- यो पहिला देखाइएको रूपविन्यास भूतयोनिको बारेमा होइन । किनकि, देखाइएका प्राण आदि तत्त्वहरू उत्पन्न हुने वस्तु हुन् । अदृश्यत्व गुणवाला भूतयोनिको दृश्यवस्तु शरीर तथा स्वरूप बन्न पनि सक्दैन ।

फेरि पहिले प्राणादि पृथिव्यन्त तत्त्वको उत्पत्ति हुने कुरा बताएर अन्तमा पनि सबै रस औषधी पनि उत्पत्ति हुन्छन् भनेर सूर्यको समेत उत्पत्ति देखाएको छँदाछँदै उपक्रम र उपसंहारको विरुद्ध अकस्मात् बीचमा ती प्राणदेखि पृथिवीसम्मका औत्पत्तिक तत्त्वको स्वरूप बताउने कुरा युक्तियुक्त ठहर्दैन भन्ने शङ्का हुनसक्छ । तर श्रुतिस्मृतिमा ब्रह्मसम्मको सृष्टि बताएर तिनको सर्वात्मता बताइएको छ । 'यो विश्व र कर्म पुरुष नै हो' भनेर पुरुषको सर्वरूपता प्रतिपादनको उद्देश्य परमेश्वरप्राप्तिको साधनरूप हो भनेर व्याख्या गर्नुपर्दछ।।२३।।

इतिअदृश्यत्वाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. वैश्वानराधिकरणम् {सू. २४-३२}

ब्रह्मसूत्रम् - वैश्वानरः साधारणशब्दविशेषात् १/२/२४

सूत्रार्थ - वैश्वानरः = वैश्वानर भनेको परमात्मा हो किनकि, **साधारणशब्दविशेषात्**= साधारण शब्द विशेष हुनाले ।

शाङ्करभाष्यम्

'को न आत्मा किं ब्रह्म' इति, **'आत्मानमेवेमं वैश्वानरं संप्रत्यध्येषि तमेव नो ब्रूहि'** (छा० ५/११/१-६) इति चोपक्रम्य द्युसूर्यवाय्वाकाशवारिपृथिवीनां सुतेजस्त्वादिगुणयोगमेकैकोपासननिन्दया च वैश्वानरं प्रत्येषां मूर्धादिभावमुपदिश्याम्नायते- **'यस्त्वेतमेवं प्रादेशमात्रमभिविद्यमानमात्मानं वैश्वानरमुपास्ते, स सर्वेषु लोकेषु सर्वेषु भूतेषु सर्वेष्वात्मस्वन्नमत्ति तस्य ह वा एतस्यात्मनो वैश्वानरस्य मूर्धैव सुतेजाश्चक्षुर्विश्वरूपः प्राणः पृथग्वर्त्मात्मा सन्देहो बहुलो-वस्तिरेव रयि पृथिव्येव पादावुर एव वेदिर्लोमानि बर्हिर्हृदयं गार्हपत्यो मनोऽन्वाहार्यपचन आस्यमाहवनीयः'**(छा० ५/१८/२) इत्यादि । तत्र संशयः- किं वैश्वानरशब्देन जाठरोऽग्निरुपदिश्यते, उत भूताग्निः, अथ तदभिमानिनी देवता, अथवा शारीरः, आहोस्वित् परमेश्वर इति ।

नेपालीभाषानुवाद

को नः आत्मा किं ब्रह्म इति = कुन हो हाम्रो आत्मा, ब्रह्म के हो भन्ने, **आत्मानम् एव इमं वैश्वानरम्** = आत्मरूपनै यो वैश्वानरलाई, **संप्रति** = यस बखत, **अध्येषि** = मान्दछौ, **तम् एव** = त्यसैलाई नै, **नः** = हामीलाई, **ब्रूहि** = भन(बताउ) भन्ने, **इति च** = यसरूपले, **उपक्रम्य** = सुरु गरेर, **द्युसूर्यवाय्वाकाशवारिपृथिवीनाम्**= द्युलोक, सूर्य, वायु, आकाश, जल र पृथ्वीको; **सुतेजस्त्वादिगुणयोगम्** = सुतेजस्त्व आदि गुणको सम्बन्ध तथा, **एकैकोपासननिन्दया** = एक एकका अलग उपासनाको निन्दाले, **मूर्धादिभावम्**= मूर्धा आदि भावना गर्ने कुरा, **उपदिश्य** = उपदेश (लक्ष्य) गरेर, **आम्नायते** = भनिन्छ, जस्तै, **यस्तु** = जुन पुरुष, **प्रादेशमात्रम्** = संकेतरूपको वा उपास्यत्वको वितस्तिमात्ररूपको, **अभिविद्यमानम्** = प्रत्यक्षरूपले विश्वलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्ने, **वैश्वानरम् आत्मानम्** = वैश्वानररूप आत्माको, **उपास्ते** = उपासना गर्दछ, **सः** = त्यो, **सर्वेषु लोकेषु** = सबैलोकमा, **सर्वेषु भूतेषु** = सबै प्राणीमा, **सर्वेषु आत्मसु** = सबै आत्मामा, **अन्नम् अत्ति** = अन्न खान्छ, **ह** = निश्चय, **वा** = प्रसिद्ध, **तस्य एतस्य** = त्यस, **वैश्वानरस्य आत्मनः** = वैश्वानर आत्माको, **मूर्धा एव** = ललाट नै, **सुतेजाः** = सुतेजवाला हो, **चक्षुः विश्वरूपः** = आँखा विश्वरूप हो, **प्राणः पृथक् वर्त्मात्मा** = प्राण नै पृथक् वर्त्मस्वरूप हो, **संदेहः बहुलः** = देहमध्यभाग बहुल हो, **वस्तिः एव रयिः** = वस्ति नै धन हो, **पृथिवी एव पादौ** = पृथ्वी नै पाउ हुन्, **उरः एव वेदिः** = छाती नै वेदि हो, **बर्हिः एव लोमानि** = कुश नै रौं हुन्, **गार्हपत्यः हृदयम्** = गार्हपत्य अग्नि हृदय हो, **अन्वाहार्यपचनः मनः** = अन्वाहार्य पचन मन हो; **आहवनीयः आस्यम्** = आहवनीय मुख हो भन्ने, **इत्यादि** = इत्यादि, **तत्र संशयः** = त्यसमा शङ्का हुन्छ, **वैश्वानरशब्देन** = वैश्वानर भन्नाले, **किं जाठरः अग्निः उपदिश्यते** = के जाठर (पेटको अग्नि) बताइन्छ कि, **उत** = फेरि, **भूताग्निः**= भूतमध्येको अग्निलाई भनिन्छ, **अथ** = अथवा, **तदभिमानिनी देवता** = त्यसको सञ्चालक देवतालाई भनिन्छ, **अथवा** = अथवा, **शारीरः** = जीवलाई बताइन्छ, **आहोस्वित्** = के अथवा, **परमेश्वरः** = परमेश्वरलाई भनिन्छ भन्ने ।

विशदीकरण

अब वैश्वानर नामको अधिकरण सुरु हुन्छ । वैश्वानर र आत्मा यी साधारण शब्दहरूको अपेक्षा परब्रह्मको बोधक विशेषशब्दको प्रयोग हुनाले वैश्वानर भनेको परमेश्वर हो भन्ने सूत्राभिप्राय हो ।

हाम्रो आत्मा के हो ? र ब्रह्म भनेको के हो ? आत्मालाई वैश्वानर सम्झन्छौ भने हामीलाई त्यसैको उपदेश गर, इत्यादि रूपले उठान गरेर द्युलोक, सूर्य, वायु, आकाश, जल र पृथ्वीको सुतेजस्त्व आदि गुणसँग सम्बन्ध बताएर त्यसपछि ती मध्ये एक एकको पृथक् उपासनालाई निन्दा गरेर वैश्वानरसँग यिनको ललाट आदि स्वरूपत्व बताउँदै - 'जसले यस वैश्वानर आत्माको उपासना गर्छ भने त्यसले सबै लोकमा, सबै प्राणीमा र सबै आत्मामा रहेर अन्न ग्रहण गर्दछ' भनिएको छ ।

यहाँ वैश्वानर भनेको पेटको अग्निलाई हो कि ? पञ्चभूत मध्येको अग्नि हो कि ? भूताग्निको सञ्चालक अभिमानी देवता हो कि ? जीवात्मा हो कि ? अथवा परमेश्वर हो ? इत्यादि शङ्का हुन्छ ।

शाङ्करभाष्यम्

किं पुनरत्र संशयकारणम् ? वैश्वानर इति जाठरभूताग्निदेवतानां साधारण-शब्दप्रयोगादात्मेति च शारीरपरमेश्वरयोः । तत्र कस्योपादानं न्याय्यम्, कस्य वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हानमिति भवति संशयः। किं तावत्प्राप्तम् ? जाठरोऽग्निरिति । कुतः ? तत्र हि विशेषेण क्वचित्प्रयोगो दृश्यते– **'अयमग्निर्वैश्वानरो योऽयमन्तःपुरुषे येनेदमन्नं पच्यते यदिदमद्यते'** (बृ० ५/९) इत्यादौ । अग्निमात्रं वा स्यात्, सामान्येनापि प्रयोगदर्शनात् **'विश्वस्मा अग्निं भुवनाय देवा वैश्वानरं केतुमह्नामकृण्वन्'** (ऋ.सं० १०/८८/१२) इत्यादौ। अग्निशरीरा वा देवता स्यात्, तस्यामपि प्रयोग-दर्शनात्। **'वैश्वानरस्य सुमतौ स्याम राजा हि कं भुवनानामभिश्रीः'** (ऋ.सं० १/९८/१) इत्येवमाद्यायाः श्रुतेर्देवतायामैश्वर्याद्युपेतायां संभवात् । अथात्मशब्द-सामानाधिकरण्यादुपक्रमे च **'को न आत्मा किं ब्रह्म'** इति केवलात्मशब्द-प्रयोगादात्मशब्दवशेन च वैश्वानरशब्दः परिणेय इत्युच्यते, तथापि शारीर आत्मा स्यात्, तस्य भोक्तृत्वेन वैश्वानरसन्निकर्षात्। प्रादेशमात्रमिति च विशेषणस्य तस्मिन्नु-पाधिपरिच्छिन्ने संभवात् । तस्मान्नेश्वरो वैश्वानर इत्येवं प्राप्ते तत इदमुच्यते–

नेपालीभाषानुवाद

पुनः = फेरि, **अत्र** = यस विषयमा, **संशयकारणम्** = शङ्का हुनुको कारण, **किम्** = के छ, **वैश्वानरः इति** = वैश्वानर भनेर, **जाठरभूताग्निदेवतानाम्** = पेटको अग्नि, भूत अग्नि र अभिमानी देवताको अर्थमा, **साधारणशब्दप्रयोगात्** = साधारणशब्द प्रयोग हुनाले र, **आत्मा इति च** = आत्मा भनेर पनि, **शारीरपरमेश्वरयोः**= जीव र परमेश्वरको बारेमा प्रयोग हुनाले, **तत्र** = त्यहाँ, **कतरस्य उपादानं न्याय्यम्**= कसको ग्रहण गर्न योग्य छ, **वा** = अथवा, **कस्य हानम् इति** = कसको त्यागगर्न उचित छ भन्ने, **संशयः भवति** = शङ्का हुन्छ, **तावत्** = पहिले, **किं प्राप्तम्** = के देखिन आयो, **जाठरः अग्निः इति** = पेटको अग्नि भन्ने, **कुतः** = के बाट, **हि** = निश्चय, **तत्र** = त्यहाँ पेटको अग्नि बारेमा, **क्वचित्** = कहीं, **विशेषेण** = विशेषरूपले, **प्रयोगः दृश्यते** = वैश्वानर शब्दको प्रयोग देखापर्दछ जस्तै, **अयम् वैश्वानरः अग्निः**= यो वैश्वानर (पेटको अग्नि) हो, **यः अयम्**= जुन यो, **अन्तः पुरुषे** = पुरुषको भित्र छ, **येन इदम् अन्नं पच्यते** = जसले यो अन्न पचाइन्छ, **यत् इदम् अद्यते इति** = जुन अन्न यो खाइन्छ भन्ने, **आदौ** = आदिमा, **वा** = अथवा, **अग्निमात्रं स्यात्** = बाहिरको अग्नि पनि हुनसक्दछ, **सामान्येन अपि** = सामान्यरूपले पनि, **प्रयोग-दर्शनात्** = प्रयोग देखिनाले जस्तै, **विश्वस्मै भुवनाय** = सबै विश्वको निमित्त, **देवाः** = देवताहरू, **अह्नाम् केतुम्** = दिनको चिह्न सूर्यरूपमा, **अग्निम्** = अग्निलाई, **अकृण्वन्** = चुने (उपयोग गरे), **वा** = अथवा, **अग्निशरीरा देवता स्यात्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्न्यभिमानिनी देवता हुनसक्दछ, **तस्याम् अपि**= त्यस देवतामा पनि, **प्रयोगदर्शनात्**= प्रयोग गरेको देखिनाले जस्तै, **वैश्वानरस्य** = वैश्वानर अग्निको, **सुमतौ** = राम्रो बुद्धिमा, **स्याम** = होऊँ (हाम्रो विषयमा शुभबुद्धि होस्), **हि** = निश्चय, **भुवनानाम् अभिश्रीः** = भुवनको संपत्तिरूप, **राजा** = अग्नि राजा हुन् र ती बाहेक, **कम्** = कसलाई उपासना गरौं, भन्ने, **इति एवम् आद्यायाः** = इत्यादि रूपका, **श्रुतेः** = श्रुति हुनाले, **ऐश्वर्याद्युपेतायाम् देवतायाम्** = ऐश्वर्ययुक्त देवतामा, **सम्भवात्** = संभव हुनाले, **अथ** = अनि, यदि, **आत्मशब्दसामानाधिकरण्यात्** = आत्मशब्दसँग वैश्वानरशब्दको एक अधिकरण हुनाले र, **उपक्रमे च** = सुरुमा पनि, **कः नः आत्मा किं ब्रह्म इति** = कुन हो हाम्रो आत्मा, के हो ब्रह्म भन्ने, **केवलात्मशब्दप्रयोगात्** = शुद्ध आत्म शब्दको प्रयोग हुनाले, **आत्मशब्दवशेन च**= आत्मशब्दका बलले पनि, **वैश्वानरशब्दः** = वैश्वानरशब्द, **परिणेयः इति** = अर्कै अर्थमा लैजानुपर्छ भनेर, **उच्यते** = भनिन्छ भने, **तथा अपि** = तैपनि, **शारीरः आत्मा स्यात्** = जीवात्मा हुनसक्दछ किनकि, **तस्य भोक्तृत्वेन** = त्यो जीव भोक्ता हुनाले, **वैश्वानरसन्निकर्षात्**= वैश्वानरको नजिक भएबाट, **प्रादेशमात्रम् इति विशेषणस्य च** = वित्ता भर भन्ने विशेषणको पनि, **उपाधिपरिच्छिन्ने** = उपाधिद्वारा परिच्छिन्न भएका, **तस्मिन्** = त्यस जीवमा, **संभवात्** = संभव हुनाले, **तस्मात्** = त्यस कारणबाट, **ईश्वरः वैश्वानरः न** = ईश्वर वैश्वानर होइन भन्ने, **इति एवं प्राप्ते** = यस्तो शङ्का भएमा, **ततः** = अनि, **इदम्** = यो (उत्तररूपमा), **उच्यते** = भनिन्छ ।

विशदीकरण

उक्त सन्दर्भमा वैश्वानर शब्द पेटको अग्नि, भूत अग्नि तथा अग्निको अभिमानी देवता यी तीन अर्थमा प्रयोग गरिएको पाइन्छ र आत्मा शब्दको जीव र परमात्मा दुवै अर्थमा प्रयोग गरिएको पाइन्छ । त्यसकारण यहाँ शङ्का भएको हो । त्यसो हुनाले वैश्वानर भन्नाले कसलाई लिने ? कसलाई नलिने ? त्यस्तै प्रकारले आत्मशब्दले पनि जीवलाई लिने ? अथवा परमेश्वरलाई लिने ? भन्ने प्रश्न उठेको छ ।

त्यसमा पनि पहिले के देखापर्न आउँछ भने वैश्वानर भनेको पेटको अग्नि हो, किनकि यो अग्नि वैश्वानर हो 'जो कि पुरुष भित्र छ, जसले यो अन्न पचाउँछ, त्यो अन्न हो, जुन यो खाइन्छ' इत्यादि वाक्यहरूमा पेटको अग्नि(जाठर)को बारेमा सामन्यरूपले प्रयोग गरेको देखिएको छ ।

फेरि भूत अग्नि पनि भन्न सकिन्छ । जस्तै- 'सबै विश्वको निमित्त देवताहरूले वैश्वानर अग्निलाई दिनको चिह्न सूर्यरूपमा चुने' भन्ने इत्यादि देखिनाले वैश्वानरको अर्थ भूताग्नि पनि हुनसक्छ अथवा अग्निको अभिमानी देवता पनि वैश्वानर हुनसक्दछ । 'वैश्वानर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निको हामी प्रति सुबुद्धि होस्' इत्यादि वाक्यमा ऐश्वर्य सम्पन्न देवतामा पनि वैश्वानरको प्रयोग देखिनाले त्यसको अर्थ अग्निको अभिमानी देवता पनि हुनसक्छ ।

अर्को कुरा आत्मशब्दको प्रयोग र उपक्रम गर्दा प्रश्नार्थमा आत्मा र ब्रह्मशब्द हुनाले वैश्वानर र आत्मशब्द एकै अधिकरणमा देखिएकोबाट वैश्वानरशब्दको अर्थ आत्मा भन्ने नै गर्नुपर्छ भन्ने लागे पनि आत्मा भनेर यहाँ जीवलाई नै लिनुपर्दछ । किनभने आत्मा (जीव) भोक्ता हुनाले त्यसको वैश्वानरसँग सान्निध्य हुन्छ र आत्मालाई वैश्वानर भन्न मनासिब पनि पर्दछ । फेरि वित्ताभरको भन्ने विशेषण पनि उपाधिद्वारा परिच्छिन्न हुनाले जीवमा नै घट्न सक्दछ । परन्तु आत्मशब्दको वाच्य भए पनि ईश्वरलाई वैश्वानर हो भन्न (मान्न) उचित हुँदैन भन्ने इत्यादि शङ्का हुन आएमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

वैश्वानरः परमात्मा भवितुमर्हतीति । कुतः? साधारणशब्दविशेषात् । साधारणशब्दयोर्विशेषः साधारणशब्दविशेषः । यद्यप्येतावुभावप्यात्मवैश्वानरशब्दौ साधारणशब्दौ, वैश्वानरशब्दस्तु त्रयस्य साधारणः, आत्मशब्दश्च द्वयस्य, तथापि विशेषो दृश्यते, येन परमेश्वरपरत्वं तयोरभ्युपगम्यते, तस्य ह वा एतस्यात्मनो वैश्वानरस्य मूर्धैव सुतेजा इत्यादि । अत्र हि परमेश्वर एव द्युमूर्धत्वादिविशिष्टोऽवस्थान्तरगतः प्रत्यगात्मत्वेनोपन्यस्त आध्यानायेति गम्यते, कारणत्वात् । कारणस्य हि सर्वाभिः कार्यगताभिरवस्थाभिरवस्थावत्वाद्द्युलोकाद्यवयवत्त्वमुपपद्यते । **'स सर्वेषु लोकेषु सर्वेषु भूतेषु सर्वेष्वात्मस्वन्नमत्ति'** इति च सर्वलोकाद्याश्रयं फलं श्रूयमाणं परमकारणपरिग्रहे संभवति । **'एवं हास्य सर्वे पाप्मानः प्रदूयन्ते'** (छा० ५/२४/३) इति च तद्विदः सर्वपाप्मप्रदाहश्रवणम् । **'को न आत्मा किं ब्रह्म'** इति चात्मब्रह्मशब्दाभ्यामुपक्रम इत्येवमेतानि लिङ्गानि परमेश्वरमेवावगमयन्ति । तस्मात्परमेश्वर एव वैश्वानरः ।।२४।।

नेपालीभाषानुवाद

वैश्वानरः = वैश्वानर भनेको यहाँ, **परमात्मा भवितुम् अर्हति** = परमात्मा हुन योग्य छ भन्ने, **इति** = यसरूपको, **कुतः** = कोबाट, **साधारणशब्दविशेषात्** = साधारण शब्दको विशेषताबाट, **साधारणशब्दयोः विशेषः साधारणशब्दविशेषः**= साधारण शब्दको विशेष सधारणशब्द विशेष हो, **यदि अपि** = हुन त, **एतौ** = यी, **उभौ अपि आत्मवैश्वानरशब्दौ** = दुवै नै आत्म शब्द र वैश्वानर शब्द, **साधारणशब्दौ**= सामान्य शब्द हुन् त्यसमा, **वैश्वानरशब्दः** = वैश्वानरशब्द, **त्रयस्य साधारणः** = पेटको अग्नि, भूताग्नि र अभिमानी देवता यी तीनैको सामान्यवाची हो, **आत्मशब्दः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मशब्द, **च** = पनि फेरि, **द्वयस्य** = जीव र परमात्माको सामान्यवाची हो, **तथापि** = तापनि, **विशेषः दृश्यते** = यहाँ विशेष देखिन्छ, **येन** = जुनद्वारा, **तयोः**= ती आत्म वैश्वानर शब्दको, **परमात्मत्वपरत्वम्** = परमात्मालाई बुझाउने भन्ने कुरा, **अभ्युपगम्यते** = जानिन्छ (मानिन्छ) जस्तै, **ह वा** = निश्चय प्रसिद्ध, **तस्य एतस्य आत्मनः वैश्वानरस्य** = त्यो यो आत्मरूप वैश्वानरको, **मूर्धा एव सुतेजाः** = मूर्धा नै सुतेजा हो र द्युलोक मूर्धा हो भन्ने, **इत्यादि** = इत्यादि, **हि** = निश्चय, **अत्र** = यहाँ, यस वाक्यमा, **द्युमूर्धत्वादिविशिष्टः** = द्युलोक मूर्धा हुनु आदि गुण विशिष्ट भएको, **अवस्थान्तरगतः** = अध्यात्म अधिदैव आदि रूपवाला, **परमेश्वरः एव** = परमात्मा नै, **आध्यानाय** = उपासनाका निमित्त, **प्रत्यगात्मत्वेन** = प्रत्यक् आत्मा (कूटस्थ) रूपले, **उपन्यस्तः इति**= देखाइएको हो भन्ने, **गम्यते**= बुझिन्छ, किनकि, **कारणत्वात्**= सबैको कारण हुनाले, **हि** = निश्चय नै, **कारणस्य** = कारणको, **कार्यगताभिः सर्वाभिः अवस्थाभिः** = कार्यमा भएका सबै अवस्थाद्वारा, **अवस्थावत्त्वात्** = त्यही त्यही अवस्थावाला हुनाले, **द्युलोकाद्यवयवत्वम्** = द्युलोक आदि अवयव हुने कुरा, **उपपद्यते** = सिद्ध हुनसक्दछ, **सः** = त्यो, **सर्वेषु लोकेषु सर्वेषु भूतेषु** = सबै लोकमा र सबै प्राणीमा, **सर्वेषु आत्मसु** = सबै आत्मामा, **अन्नम् अत्ति** = भोक्तारूपले अन्न खान्छ भन्ने, **इति च** = यो पनि, **सर्वलोकाद्याश्रयं फलं श्रूयमाणम्**= सबै लोक, सबै प्राणी र सबै आत्माको आश्रय हुनु रूप फल सुनिएको, **परमकारणपरिग्रहे** = खासकारणरूप परमात्मालाई लिएमा, **संभवति** = हुनसक्दछ, **ह** = निश्चय, **एवम्** = यसप्रकार, **अस्य** = यस उपासकका, **सर्वे पाप्मानः** = सबै पापदोषहरू, **प्रदूयन्ते इति च** = भस्म हुन्छन् भन्ने पनि, **तद्विदः** = त्यस परमात्मालाई (वैश्वानरलाई) जान्नेको, **सर्वपाप्मप्रदाहश्रवणम्** = सबै पापदोष भस्म हुने कुरा सुनिनु र, **कः नः आत्मा किं ब्रह्म इति च** = कुन हाम्रो आत्मा हो र कुन त्यो ब्रह्म हो भन्ने, **आत्मब्रह्मशब्दाभ्याम्**= आत्म र ब्रह्म शब्दद्वारा, **उपक्रमः** = सुरु गर्नु, **इति एवम् एतानि लिङ्गानि** = यस्ता यी लिङ्गहरू, **परमेश्वरम् एव** = वैश्वानर शब्दले परमेश्वरलाई नै, **अवगमयन्ति** = बुझाउँछन्, **तस्मात्** = त्यस कारणबाट, **वैश्वानरः**= यहाँ वैश्वानर भनेको, **परमेश्वरः एव** = परमेश्वर नै हो ।

विशदीकरण

सामान्यशब्दमा विशेषता सुनिएकोबाट वैश्वानर भनेको यहाँ परमात्मा नै हो । यहाँ साधारण शब्द भन्नाले साधारण दुई शब्द आत्मा र वैश्वानरको विशेषता हो । आत्मा र वैश्वानरशब्द साधारण शब्द भएर पनि वैश्वानर शब्द पेटको अग्नि, भूताग्नि र अग्न्यभिमानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवता तीनथरीको साधारणवाचक र आत्मशब्द जीव र परमात्मा दुईको साधारणवाचक हो, तापनि यहाँ विशेष अर्थबाट यी दुवै शब्दको परमात्मा भन्ने अर्थ बुझिन्छ ।

जस्तो कि 'त्यो यो वैश्वानररूप आत्माको द्युलोक नै मूर्धा हो' इत्यादि वाक्यमा अध्यात्म, अधिदैव आदि अवस्थामा प्राप्त भएको र द्युलोक मूर्धा हुनु आदि गुणवाला हुनाले परमात्मा नै उपासनाको निमित्त देखाइएको भन्ने स्पष्ट बुझिन्छ । किनकि परमात्मा सबैका कारण हुन् । जो कारण हुन्छ त्यो आफ्ना सबै कार्यमा उपरक्त हुने गर्दछ । अर्थात् कार्यगत अवस्थाहरूमा कारण अनुस्यूत रहेको हुन्छ। अतः कारण रूप परमात्माको द्युलोक आदि कार्य अवयव हुने कुरा सिद्ध हुन्छ र आफू स्वयं अवयवी कहलाउँछ ।

'त्यसले सबै प्राणीमा, सबै लोकमा र सबै आत्मामा रहेर भोक्तारूपले खान्छ' भन्ने र 'त्यस्तो परमात्मालाई जान्ने पुरुषका सबै पाप नष्ट हुन्छन्' भन्ने पनि सुनिएकाले वैश्वानरशब्दको परमकारणरूप परमात्मा भन्ने अर्थ गरेमा नै उचित देखिन्छ । सुरुमा आत्म र ब्रह्मशब्दको उठानबाट प्रश्न भएकाले त्यो सबै कुरा परमेश्वरमा नै घट्ने हुनाले वैश्वानर भनेको यहाँ परमात्मा नै हो ।।२४।।

ब्रह्मसूत्रम् - स्मर्यमाणमनुमानं स्यादिति १/२/२५

सूत्रार्थ - **स्मर्यमाणम्** = स्मृति (**यस्याग्निः०** इत्यादि वचन), **अनुमानं स्यात्**= अनुमान (लिङ्ग) हुनसक्दछ, **इति** = हेतुरूपले पनि वैश्वानरशब्द परमात्माको वाचक हो ।

शाङ्करभाष्यम्

इतश्च परमेश्वर एव वैश्वानरः, यस्मात् परमेश्वरस्यैवाग्निरास्यं द्यौर्मूर्धेतीदृशं त्रैलोक्यात्मकं रूपं स्मर्यते-

यस्याग्निरास्यं द्यौर्मूर्धा खं नाभिश्चरणौ क्षितिः ।
सूर्यश्चक्षुर्दिशः श्रोत्रं तस्मै लोकात्मने नमः ।। इति ।

एतत्स्मर्यमाणं रूपं मूलभूतां श्रुतिमनुमापयदस्य वैश्वानरशब्दस्य परमेश्वरपरत्वे लिङ्गं गमकं स्यादित्यर्थः । इति शब्दो हेत्वर्थः । यस्मादिदं गमकं तस्मादपि वैश्वानरः परमात्मैवेत्यर्थः। यद्यपि स्तुतिरियं 'तस्मै लोकात्मने नमः' इति । स्तुतित्वमपि नासति मूलभूते वेदवाक्ये सम्यगीदृशेन रूपेण संभवति ।

'द्यां मूर्धानं यस्य विप्रा वदन्ति खं वै नाभिं चन्द्रसूर्यौ च नेत्रे ।
दिशः श्रोत्रे विद्धि पादौ क्षितिं च सोऽचिन्त्यात्मा सर्वभूतप्रणेता ।।'

इत्येवंजातीयका च स्मृतिरिहोदाहर्तव्या ।।२५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

इतः च = अभै पनि, **वैश्वानरः** = वैश्वानर भनेको यहाँ, **परमात्मा एव** = परमात्मा नै हो, **यस्मात्** = जसबाट कि, **अग्निः आस्यं द्यौः मूर्धा इति** = अग्नि मुख र द्युलोक मूर्धा भएको भन्ने, **ईदृशं रूपम् त्रैलोक्यात्मकम्** = यसप्रकारको रूप जो त्रिलोकसमूहरूपको, **परमेश्वरस्य एव स्मर्यते** = परमेश्वरको मात्र नै स्मृतिमा पाइन्छ, जस्तै; **यस्य** = जुन परमात्माको, **अग्निः आस्यम्** = अग्नि मुख हो, **द्यौः मूर्धा** = द्युलोक मूर्धा (शिर वा तालु) हो, **खं नाभिः** = आकाश नाभि हो, **क्षितिः चरणौ** = पृथ्वी चरण हो, **सूर्यः चक्षुः** = सूर्य आँखा हो, **दिशः श्रोत्रे** = दिशा कान हुन्, **तस्मै** = त्यस, **लोकात्मने** = लोकरूपीलाई, **नमः इति** = नमस्कार छ, भन्ने; **एतत् स्मर्यमाणं रूपम्** = त्यो स्मृतिमा बताइएको रूप, **मूलभूतां श्रुतिम् अनुमापयत्**= यसको फेंदरूपी श्रुतिलाई अनुमान गराउँदो छँदो, **अस्य वैश्वानरशब्दस्य** = यस वैश्वानरशब्दको, **परमेश्वरपरत्वे**= परमेश्वरलाई बताउने विषयमा, **लिङ्गं गमकं स्यात् इति** = लिङ्ग अर्थात् बुभ्काउने हुन्छ भन्ने, **अर्थः** = सूत्रको अर्थ हो, **इति शब्दः हेत्वर्थः** = सूत्रको इति शब्द निमित्त वाचक छ, **यस्मात् इदं गमकम्** = जसबाट कि यो लिङ्गरूप छ र, **तस्मात् अपि**= त्यसकारणबाट पनि, **वैश्वानरः परमात्मा एव इति अर्थः** = वैश्वानर भनेको परमात्मा नै हो भन्ने अर्थ हो, **यद्यपि** = हुन त, **लोकात्मने तस्मै नमः इति**= लोकरूपी ती परमेश्वरलाई नमस्कार भन्ने, **इयं स्तुतिः**= यो स्तुति (प्रशंसा) हो तापनि, **स्तुतित्वम् अपि** = स्तुति ठहर्ने कुरा पनि त, **मूलभूते वेदवाक्ये असति** = फेंदरूप वेदवाक्य नभएमा, **ईदृशेन रूपेण** = यस्ता रूपद्वारा, **सम्यक्** = राम्ररी, **न संभवति** = हुनसक्दैन, **विप्राः** = विद्वान् ब्राह्मणवर्ग, **यस्य** = जसको, **द्याम् मूर्धानं वदन्ति**= द्युलोकलाई शिररूप भन्दछन्, **खम् नाभिम्**= अन्तरिक्षलाई नाभि र, **चन्द्रसूर्यौ च** = चन्द्र र सूर्य, **नेत्रे** = आँखा भन्दछन्, **दिशः श्रोत्रे** = दिशाहरू कान र, **क्षितिं पादौ च विद्धि** = पृथ्वीलाई पाउ जान, **सः** = त्यो, **अचिन्त्यात्मा** = अचिन्त्यरूप परमेश्वर, **सर्वभूतप्रणेता** = सबै प्राणीको कर्ता हो भन्ने, **इति एवंजातीयका** = यस्ता खालको, **स्मृतिः च** = स्मृति पनि, **इह** = यहाँ, **उदाहर्तव्या** = उदाहरण दिनु योग्य छ ।

विशदीकरण

स्मृतिमा देखिएको यही स्वरूपवर्णनबाट तदनुसारको श्रुतिको पनि अनुमान हुन्छ र श्रुतिस्मृति प्रतिपादित हुनाले वैश्वानर भनेको परमात्मा हो भन्ने सूत्राशय हो ।

अभै पनि विचार गर्दा जसको 'अग्निनै मुख हो' भन्ने इत्यादि स्मृतिवाक्यबाट पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको स्रोतस्वरूप भएको श्रुतिवाक्यको अनुमान गरिन्छ । श्रुति तथा तदनुकूल स्मृतिद्वारा समेत समर्थित हुनाले वैश्वानर भनेको यहाँ परमात्मा नै हो । सूत्रमा रहेको 'इति' शब्द हेतु निमित्त राखिएको हो । वास्तवमा स्मृति नै उक्त अर्थ बताउने श्रुतिको गमक (लिङ्ग) हुनाले वैश्वानर परमात्मा नै ठहर्दछ ।

फेरि स्तुतिरूप (प्रशंसा) वाक्य हो र त्यसलाई कसरी प्रमाणित मान्ने (गर्ने) भन्न पनि मनासिब हुँदैन, किनभने स्तुतिरूप स्मृतिवाक्य नै भए पनि त्यसको स्रोत प्रमाणवाक्य श्रुति नभए स्तुति पनि प्रमाणित हुँदैन । यस विषयमा 'द्युलोक जसको मूर्धा हो' भन्ने इत्यादि अरू स्मृतिलाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । त्यसकारण श्रुतिस्मृतिसिद्ध हुनाले वैश्वानर परमात्मा नै हो ।।२५।।

ब्रह्मसूत्रम् - शब्दादिभ्योऽन्तःप्रतिष्ठानाच्च नेति चेन्न तथादृष्ट्युपदेशादसंभवात् पुरुषमपि चैनमधीयते १/२/२६

सूत्रार्थ - **शब्दादिभ्यः** = सुनिएको शब्द आदिबाट र, **अन्तःप्रतिष्ठानात् च** = प्राणीको भित्र रहनाले पनि, **न इति चेत्** = वैश्वानर भनेको परमात्मा होइन भन्छौ भने, **न** = त्यो कुरा हुँदैन, किनभने, **तथा दृष्ट्युपदेशात्** = पेटको अग्निमा परमात्मदृष्टि राख्ने कुराको उपदेश हुनाले र, **असंभवात्** = परमेश्वरबाहेक अरू जाठर आदिमा द्युलोक शिरस्थान हुने कुरा असंभव हुनाले र, **एनम्** = यस वाक्यमा रहेको वैश्वानरलाई, **पुरुषम् अपि च** = पुरुष भनेर पनि, **अधीयते** = मान्दछन् र जाठर अग्नि पुरुष हुन नसक्ने हुनाले पनि वैश्वानर परमात्मा हो ।

शाङ्करभाष्यम्

अत्राह- न परमेश्वरो वैश्वानरो भवितुमर्हति । कुतः ? शब्दादिभ्योऽन्तः- प्रतिष्ठानाच्च । शब्दस्तावद् वैश्वानरशब्दो न परमेश्वरे संभवति, अर्थान्तरे रूढत्वात्। तथाग्निशब्दः **'स एषोऽग्निर्वैश्वानरः'** इति । आदिशब्दात् **'हृदयं गार्हपत्यः'** (छा० ५/१८/२) इत्याद्यग्नित्रेताप्रकल्पनम् । **'तद्यद्भक्तं प्रथममागच्छेत्तद्धोमीयम्'** (छा० ५/१९/१) इत्यादिना च प्राणाहुत्यधिकरणतासङ्कीर्तनम् । एतेभ्यो हेतुभ्यो जाठरो वैश्वानरः प्रत्येतव्यः । तथान्तःप्रतिष्ठानमपि श्रूयते- **'पुरुषेऽन्तःप्रतिष्ठितं वेद'** इति । तच्च जाठरे संभवति । यदप्युक्तम्- मूर्धैव सुतेजा इत्यादेर्विशेषात् कारणात्परमेश्वरो वैश्वानर इति, अत्र ब्रूमः - कुतो ह्येष निर्णयः? यदुभयथापि विशेषप्रतिभाने सति परमेश्वरविषय एव विशेष आश्रयणीयो न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाठरविषय इति। अथवा भूताग्नेरन्तर्बहिश्चावतिष्ठमानस्यैष निर्देशो भविष्यति। तस्यापि हि द्युलोकादिसम्बन्धो मन्त्रवर्णादवगम्यते – **'यो भानुना पृथिवीं द्यामुतेमामाततान रोदसी अन्तरिक्षम्'** (ऋ.सं० १०/८८/३) इत्यादौ। अथवा तच्छरीराया देवताया ऐश्वर्ययोगाद् द्युलोकाद्यवयवत्वं भविष्यति। तस्मान्न परमेश्वरो वैश्वानर इति। अत्रोच्यते –

नेपालीभाषानुवाद

अत्र आह = पूर्वपक्षी यहाँ भन्दछ, **परमेश्वरः वैश्वानरः भवितुम्** = परमेश्वर वैश्वानर हुन, **न अर्हति** = सक्दैन, योग्य छैन; **कुतः** = के बाट, **शब्दादिभ्यः** = सुनिएको शब्द आदि बाट र, **अन्तःप्रतिष्ठानात्** = सबैको भित्र रहँनाले पनि, **शब्दः**= शब्दको हकमा, **तावत्**= अहिले, **वैश्वानरशब्दः**= वैश्वानर शब्द, **परमेश्वरे न संभवति**= परमेश्वरमा घट्न सक्दैन, किनभने; **अर्थान्तरे** = अर्कै अर्थमा, **रूढत्वात्** = रहेकोबाट, **तथा** = त्यस्तै, **अग्निशब्दः** = अग्निशब्द पनि, **सः एषः अग्निः वैश्वानरः** = त्यो यो अग्नि वैश्वानर हो, भन्ने; **इति** = यस्तो छ, **आदिशब्दात्**= आदि शब्दबाट, **हृदयं गार्हपत्यः** = हृदय गार्हपत्य अग्नि हो भन्ने, **इत्यादि** = इत्यादि, **अग्नित्रेताप्रकल्पनम्**= अग्नित्रेता (तीन तह) को कल्पना हुन्छ, **तत् यत् भक्तम्** = त्यो यो जुन अन्न, **प्रथमम् आगच्छेत्** = पहिले आइपर्छ, **तत् होमीयम्** = त्यो होमको साधन हो (प्राणाग्निहोत्र गर्नु भन्ने), **इत्यादिना च** = इत्यादि द्वारा पनि, **प्राणाहुत्यधिकरणता-सङ्कीर्तनम्** = प्राणाहुतिको आधार भनिएको छ, **एतेभ्यः हेतुभ्यः** = यिनै कारणहरूबाट, **वैश्वानरः** = वैश्वानर भनेर, **जाठरः प्रत्येतव्यः** = पेटको अग्नि भन्ने जान्न(मान्नु) पर्दछ, **तथा** = त्यस्तै, **अन्तःप्रतिष्ठानम् अपि** = भित्र रहने कुरा पनि, **श्रूयते** = सुनिन्छ, जस्तै; **पुरुषे** = पुरुषमा, **अन्तःप्रतिष्ठितम्** = भित्ररहेको, **वेद इति**= जान्दछ भन्ने, **तत् च** = त्यो कुरा पनि, **जाठरे संभवति** = पेटको अग्निमा हुनसक्दछ, **अपि** = फेरि, **यत्** = जो, **सुतेजा एव मूर्धा** = द्युलोक नै शिर हो भन्ने, **इत्यादेः** = इत्यादि कुराको, **विशेषात्** = विशेष हुनाले, भन्ने; **कारणात्** = कारणबाट, **परमात्मा वैश्वानरः इति** = परमात्मा वैश्वानर हो भनेर, **उक्तम्** = भनियो, **अत्र** = यहाँ यस विषयमा, **ब्रूमः** = भन्दछौं कि, **हि** = निश्चय, **एषः निर्णय** = यो निर्णय, **कुतः** = कसरी भयो, **यत्** = जो कि, **उभयथा अपि** = दुवै पक्षमा नै, **विशेषप्रतिभाने सति** = विशेष देखिन आएमा, **परमेश्वरविषयः एव विशेषः** = परमेश्वर सम्बन्धी मात्र विशेष, **आश्रयणीयः** = लिइने, अंगालिने, **जाठरविषयः न इति** = पेटको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निसम्बन्धी विशेष नलिइने भन्ने, **अथवा** = अथवा पक्षान्तरमा, **अन्तः बहिः च अवतिष्ठमानस्य** = भित्र र बाहिर समेत रहेका, **भूताग्नेः** = भूत अग्निको बारेमा, **एषः निर्देशः** = यो निर्देश, **भविष्यति** = हुनसक्नेछ, **हि** = निश्चय, **तस्य अपि** = त्यस भूत अग्निको पनि, **द्युलोकादिसम्बन्धः** = द्युलोक आदिको सम्बन्ध हुने कुरा, **मन्त्रवर्णात्** = मन्त्राक्षरबाट, **अवगम्यते**= बुझिन्छ, जस्तै; **यः** = जुन अग्नि, **पृथिवीम्** = पृथ्वीलाई र या, **इमाम् द्याम्** = यो द्युलोक या, **रोदसी** = यी दुवैको ऐक्यलाई या, **अन्तरिक्षम्** = दुइको बीचलाई या, **भानुना** = सूर्यरूपले, **आततान**= व्याप्त भए भन्ने, **इत्यादौ** = इत्यादिमा, **अथवा** = अथवा, **तच्छरीरायाः** = अग्निनै शरीर भएका, **देवतायाः** = अभिमानी देवताको, **ऐश्वर्ययोगात्** = ऐश्वर्ययोगबाट, **द्युलोकाद्यवयवत्वम्** = द्युलोक आदि अवयव हुने कुरा, **भविष्यति** = हुनसक्नेछ, **तस्मात्** = त्यसकारणबाट, **परमेश्वरः वैश्वानरः न** = परमेश्वर वैश्वानर होइन ।

विशदीकरण

वैश्वानर आदि शब्द सुनिएको र पुरुषको भित्र रहेको भन्ने कुराबाट पनि वैश्वानर भनेको 'पेटको अग्नि हो, परमात्मा होइन' भन्छौ भने त्यो कुरा हुनसक्दैन । किनभने पेटको अग्निमा परमेश्वरबुद्धि राख्ने उपदेश गरिएको, पेटको अग्निको द्युलोक मूर्धा हुने कुराको संभव नदेखिएको र वैश्वानरलाई पुरुषशब्द प्रयोग गरेको कारणबाट पेटको अग्निलाई पुरुष भन्न नमिल्ने हुनाले पनि वैश्वानर भनेको परमात्मा हो भन्ने सूत्रको आशय हो ।

यसमा भन्दछन् - शब्द र पुरुषभित्र रहेको भन्नाले परमेश्वर वैश्वानर हुन सक्दैन । शब्दको विषयमा पनि वैश्वानर शब्द परमेश्वर बाहेक अरूमा रहन्छ । फेरि अग्निशब्दसँग सामानाधिकरण्यरूपले वैश्वानरशब्द पनि 'त्यो यो अग्नि वैश्वानर हो' भन्ने इत्यादि वाक्यमा सुनिएको र हृदय गार्हपत्य अग्नि हो, 'जुन अन्न पहिले प्राप्त हुन्छ, त्यो होम साधन हो' इत्यादि वाक्यमा प्राणाहुतिको अधिकरणरूपले बताइएको र 'पुरुष भित्र रहेको लाई जान्दछ' इत्यादि वाक्यहरूलाई विचार गर्दा पनि वैश्वानर भनेको पेटको अग्नि हो, परमेश्वर होइन ।

द्युलोक मूर्धा हुने कुराको विशेषताबाट 'वैश्वानर भनेको परमात्मा नै हो' जो भनियो त्यो पनि ठीक छैन । फेरि यहाँ प्रश्न हुन्छ कि परमेश्वरलाई भन्नु पर्ने र पेटको अग्निलाई भन्नु पर्ने विशेषकारण दुवैतर्फ बराबर भएपछि परमेश्वरलाई लिने अग्निलाई नलिने भन्ने कुरामा केबाट निर्णय गर्ने ?

अथवा वैश्वानर भनेर पेटको अग्नि नलिए पनि भूत अग्निलाई किन नलिनु ? 'जुन अग्नि पृथ्वीको द्युलोक अर्थात् द्यावा पृथ्वी र अन्तिरिक्षमा पनि सूर्यरूपले व्याप्त छ' इत्यादि वाक्यबाट भूताग्निको पनि द्युलोक आदि अवयव हुने कुरा सिद्ध हुन्छ । अथवा अग्निको अभिमानी देवतालाई पनि वैश्वानर भन्न सकिन्छ, किनकि अभिमानी देवतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो ऐश्वर्यसामर्थ्यद्वारा द्युलोक अवयव हुनसक्ने कुरा निस्सन्दिग्ध छ । परन्तु यहाँ वैश्वानर भनेर परमेश्वरलाई भन्न सर्वथा उचित छैन इत्यादि शङ्का भएमा उत्तररूपमा भनिन्छ।

शाङ्करभाष्यम्

न तथा दृष्ट्युपदेशादिति । न शब्दादिभ्यः कारणेभ्यः परमेश्वरस्य प्रत्याख्यानं युक्तम् । कुतः ? तथा जाठरापरित्यागेन दृष्ट्युपदेशात् । परमेश्वरदृष्टिर्हि जाठरे वैश्वानर इहोपदिश्यते, **'मनो ब्रह्मेत्युपासीत'** (छा० ३/१८/१) इत्यादिवत् । अथवा जाठरवैश्वानरोपाधिः परमेश्वर इह द्रष्टव्यत्वेनोपदिश्यते, **'मनोमयः प्राणशरीरो भारूपः'** (छा० ३/१४/२) इत्यादिवत् । यदि चेह परमेश्वरो न विवक्ष्येत, केवल एव जाठरोऽग्निर्विवक्ष्येत, ततो मूर्धैव सुतेजा इत्यादेर्विशेषस्यासंभव एव स्यात् । यथा तु देवताभूताग्निव्यपाश्रयेणाप्ययं विशेष उपपादयितुं न शक्यते, तथोत्तरसूत्रे वक्ष्यामः । यदि च केवल एव जाठरो विवक्ष्येत, पुरुषेऽन्तः-प्रतिष्ठितत्वं केवलं तस्य स्यान्न तु पुरुषत्वम् । पुरुषमपि चैनमधीयते वाजसनेयिनः-

नेपालीभाषानुवाद

न = त्यो कुरा हुनसक्दैन, किनभने, **तथा दृष्ट्युपदेशात् इति** = पेटको अग्निमा परमेश्वर बुद्धिको उपदेश हुनाले, **शब्दादिभ्यः कारणेभ्यः** = वैश्वानर आदि शब्द सुनिएको कारणबाट, **परमेश्वरस्य प्रत्याख्यानम्** = परमेश्वरको खण्डन गर्नु, **न युक्तम्** = ठीक छैन, **कुतः**= के बाट, **तथा**= त्यस्तै अर्थात्, **जाठरापरित्यागेन**= जाठर अग्निलाई नछोडेर, **दृष्ट्युपदेशात्** = परमेश्वर दृष्टि राख्ने कुराको उपदेश हुनाले, **हि** = निश्चय, **जाठरे वैश्वानरे** = पेटको अग्निमा, **परमेश्वरदृष्टिः** = परमेश्वर बुद्धि गर्ने कुरा, **इह** = यहाँ, यस वाक्यमा, **उपदिश्यते** = उपदेश गरिन्छ, **मनः ब्रह्म इति उपासीत** = मनलाई ब्रह्म भनेर उपासना गर भन्ने, **इत्यादिवत्** = इत्यादि वाक्यार्थ जस्तै, **अथवा** = अथवा, **जाठरवैश्वानरोपाधिः परमेश्वरः** = जाठर अग्निलाई उपाधि बनाएको परमेश्वर, **इह** = यहाँ, **द्रष्टव्यत्वेन** = उपास्य एवं जान्नु योग्य रूपले, **उपदिश्यते** = उपदेश गरिन्छ, **प्राणशरीरः मनोमयः भारूपः** = मनोमय प्राणशरीरवाला प्रकाशरूप भन्ने, **इत्यादिवत्** = इत्यादि जस्तै, **च**= फेरि, **यदि इह** = यदि यहाँ, यस वाक्यमा, **परमेश्वरः न विवक्ष्येत** = परमेश्वरलाई बताउन खोजिंदैनथ्यो र, **केवलः जाठरः अग्निः एव** = खालि पेटको अग्निलाई मात्र, **विवक्ष्येत** = बताउन खोजिन्थ्यो भने, **ततः** = अनि त, **मूर्धा एव सुतेजाः** = मूर्धा नै द्युलोक भन्ने, **इत्यादेः विशेषस्य**= इत्यादि विशेषको, **असंभवः एव स्यात्** = असंभव नै होला, **यथा तु** = जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तरिकाबाट, **देवताभूताग्निव्यपाश्रयेण अपि** = अभिमानी देवता र भूत अग्निलाई लिएर पनि, **विशेषः उपपादयितुं न शक्यते** = विशेष कारण सिद्ध गर्न सकिंदैन, **तथा** = त्यसै तरिकाबाट, **उत्तरसूत्रे वक्ष्यामः** = यसपछिको सूत्रमा भन्नेछौं, **च** = फेरि, **यदि** = यदि, **केवलः जाठरः एव** = केवल पेटको अग्निमात्र, **विवक्ष्येत** = भन्न खोजिन्थ्यो त, **तस्य** = त्यस पेटका अग्निको, **केवलम्** = केवल, **पुरुषे अन्तःप्रतिष्ठितत्वं स्यात्** = पुरुषको भित्र रहने कुरा हुनसक्दथ्यो, **पुरुषत्वं तु न** = स्वयं पुरुष हुने कुरा हुनसक्ने थिएन, **वाजसनेयिनः** = वाजसनेय शाखाध्यायीहरू, **एनम्** = यस वैश्वानरलाई, **पुरुषम् अपि च अधीयते** = पुरुष भनेर पनि मान्दछन्।

विशदीकरण

वैश्वानरमा परमात्मबुद्धि गर्ने कुराको उपदेश हुनाले वैश्वानर परमात्मा होइन भन्ने कुरा हुनसक्दैन । वस्तुतः वैश्वानर आदि शब्दको कारणबाट परमेश्वर होइन भन्न युक्तिसंगत हुँदैन, किनकि यस वाक्यमा वैश्वानरलाई समेत लिएर परमात्मदृष्टि राख्ने उपदेश छ । वैश्वानरलाई परमात्मदृष्टिले उपासना गर्ने यो वाक्यको अभिप्राय हो । जस्तो कि 'मन ब्रह्म हो' भनेर 'उपासना गर' भन्ने वाक्य जस्तै अथवा पेटको अग्निलाई उपाधि गराएर बसेको परमेश्वरको उपसना गर्ने तरिकाको यहाँ उपदेश गरिन्छ ।

जस्तै- 'प्राण शरीर भएको मनोमय र प्रकाशरूप' भनेर उपास्यरूपमा बताएको छ। यहाँ केवल पेटको अग्निलाई मात्र लक्ष्य गरेर बताएको भए द्युलोक नै मूर्धा भएको भन्ने भनाइ पेटको अग्निको सम्बन्धमा घट्ने थिएन, वाक्यार्थ युक्तिसंगत हुने थिएन । फेरि अग्निको अभिमानी देवता र भूत अग्निलाई लिएका पक्षमा पनि उक्त विशेषता हुन सक्दैन भन्ने कुरा पनि यसपछिको सूत्रमा बताइने छ।

यदि यहाँ केवल पेटको अग्निलाई नै लक्ष्य गरेर भन्न खोजिएको भए 'पुरुष भित्र रहने' भन्ने कुरासम्म पेटको अग्निमा घट्न सक्दथ्यो । परन्तु पेटको अग्नि पुरुष हुने कुरा घट्न सक्ने थिएन । यहाँ उपदेश गरिएको वैश्वानरलाई त पुरुष भनेर पनि वाजसनेय शाखावालाहरू मान्दछन् ।

शाङ्करभाष्यम्

'स एषोऽग्निर्वैश्वानरो यत्पुरुषः स यो हैतमेवमग्निं वैश्वानरं पुरुषविधं पुरुषेऽन्तःप्रतिष्ठितं वेद'(श.ब्रा० १०/६/१/११) इति। परमेश्वरस्य तु सर्वात्मत्वा-त्पुरुषत्वं पुरुषेऽन्तःप्रतिष्ठितत्वं चोभयमुपपद्यते । **'ये तु पुरुषविधमपि चैन-मधीयते'** इति सूत्रावयवं पठन्ति, तेषामेषोऽर्थः- केवलजाठरपरिग्रहे पुरुषेऽन्तः-प्रतिष्ठितत्वं केवलं स्यान्न पुरुषविधत्वम् । पुरुषविधमपि चैनमधीयते वाजसनेयिनः- **'पुरुषविधं पुरुषेऽन्तःप्रतिष्ठितं वेद'** इति । पुरुषविधत्वं च प्रकरणाद्यदधिदैवतं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्युमूर्धत्वादिपृथिवीप्रतिष्ठितत्वान्तम्, यच्चाध्यात्मं प्रसिद्धं मूर्धत्वादि चुबुकप्रतिष्ठितत्वान्तं तत्परिगृह्यते ।।२६।।

नेपालीभाषानुवाद

सः यः वैश्वानरः अग्निः = त्यो जुन वैश्वानर अग्नि, **यत् पुरुषः** = जुन पूर्ण, **सः यः**= त्यो जुन, **ह** = निश्चय, **एवम्** = यसप्रकार, **एतम् वैश्वानरम् अग्निम्**= यस वैश्वानर अग्निलाई, **पुरुषविधम्** = पुरुषप्रकारको र, **पुरुषे अन्तःप्रतिष्ठितम्** = पुरुषका भित्र रहेको, **वेद इति** = जान्दछ भन्ने, **परमेश्वरस्य तु** = परमेश्वरको त, **सर्वात्मत्वात्** = सर्वस्वरूपी हुनाले, **पुरुषत्वम्** = पुरुष (व्यापक) हुने कुरा र, **पुरुषे अन्तःप्रतिष्ठितत्वं च** = पुरुषका भित्र रहने कुरा पनि, **उभयम्**= दुवै, **उपपद्यते**= सिद्ध हुनसक्दछ, **ये तु** = जो व्याख्याकार त, **पुरुषविधम् अपि च एनम् अधीयते**= पुरुष जस्तै वैश्वानरलाई भन्दछन् भनेर, **सूत्रावयवम्** = सूत्रको अंशलाई, **पठन्ति** = पढ्दछन्, **तेषाम्** = तिनका मतमा, **एषः अर्थः** = यस्तो अर्थ हुन्छ, जस्तै; **केवल जाठरपरिग्रहे** = केवल पेटको अग्निलाई लिएमा, **केवलम्** = खालि, **पुरुषे अन्तः-प्रतिष्ठितत्वं स्यात्** = पुरुषका भित्र रहने कुरासम्म हुन्छ, **पुरुषविधत्वम् न** = पुरुष जस्तो हुने कुरा हुने छैन, **पुरुषविधम् अपि एनं वाजसनेयिनः अधीयते च** = पुरुष जस्तै भनेर पनि यस वैश्वानरलाई वाजसनेयवाला भन्दछन्, जस्तै; **पुरुषविधं पुरुषम् अन्तःप्रतिष्ठितं वेद** = पुरुष जस्तै र पुरुषका भित्र रहेकालाई जान्दछ, इत्यादि; **पुरुषविधत्वं च** = पुरुष जस्तो हुने कुरा पनि, **प्रकरणात्** = प्रकरणवश, **द्युमूर्धत्वादिपृथिवीप्रतिष्ठितत्वान्तम्** = द्युलोक मूर्धा हुनुदेखि लिएर पृथ्वीमा रहनुसम्मको, **यद् अधिदैवतम्** = जुन अधिदैव छ र, **यत्** = जुन, **प्रसिद्धम्** = प्रसिद्धरूपको, **मूर्धत्वादिचुबुकप्रतिष्ठितत्वान्तम्** = मूर्धादेखि चुबुक (तल्लो ओठ) सम्म रहने, **अध्यात्मम्** = अध्यात्मरूप छ, **तत् परिगृह्यते** = त्यो लिइन्छ ।

विशदीकरण

जस्तै- 'त्यो यो पूर्ण तथा वैश्वानर' इत्यादि वाक्यबाट परमेश्वर सर्वात्मा हुनाले पुरुष हुने र पुरुषभित्र रहने समेत दुवै सिद्ध हुन सक्दछ । जो व्याख्याकार '**पुरुषमपि चैनमधीयते**' भन्नेमा '**पुरुष-विधमपि चैनमधीयते**' भन्ने यस्तो मान्दछन् । तिनीहरूको मतमा यस्तो अर्थ हुन्छ - केवल पेटको अग्नि भनेर लिएमा त्यो अग्निको पुरुषभित्र रहने कुरासम्म मिल्नआउँछ, पुरुष हुने कुरा मिल्न आउँदैन। पुरुष जस्तो भन्ने कुरा पनि प्रकरणबलबाट द्युमूर्धादेखि पृथ्वीमा रहनेसम्मको अधिदेवत्व र मूर्धादेखि तल्लो ओठसम्म रहने अध्यात्मरूप जुन हो त्यही लिइन्छ ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - अत एव न देवता भूतञ्च १/२/२७

सूत्रार्थ - **अतः एव** = यसै कारणबाट नै, **देवता** = अग्न्यभिमानी देवता र, **भूतञ्च** = भूताग्नि पनि, **न** = वैश्वानर होइन ।

शाङ्करभाष्यम्

यत्पुनरुक्तं भूताग्नेरपि मन्त्रवर्णे द्युलोकादिसम्बन्धदर्शनान्मूर्धैव सुतेजा इत्याद्यवयवकल्पनं तस्यैव भविष्यतीति, यच्छारीराया देवताया वैश्वर्ययोगादिति, तत्परिहर्तव्यम् । अत्रोच्यते- अत एवोक्तेभ्यो हेतुभ्यो न देवता वैश्वानरः । तथा-भूताग्निरपि न वैश्वानरः । न हि भूताग्नेरौष्ण्यप्रकाशमात्रात्मकस्य द्युमूर्धत्वादि-कल्पनोपपद्यते, विकारस्य विकारान्तरात्मत्वासंभवात् । तथा देवतायाः सत्यप्यैश्वर्य-योगे न द्युमूर्धत्वादिकल्पना संभवति । अकारणत्वात्परमेश्वराधीनैश्वर्यत्वाच्च । आत्मशब्दासंभवश्च सर्वेष्वेषु पक्षेषु स्थित एव ।।२७।।

नेपालीभाषानुवाद

पुनः = फेरि, **भूताग्नेः अपि** = भूताग्निको पनि, **मन्त्रवर्णे** = मन्त्राक्षरमा, **द्युलोकादिसम्बन्धदर्शनात्** = द्युलोक आदिको सम्बन्ध भएको देखिएबाट, **मूर्धा एव सुतेजाः इत्यादि अवयवकल्पनम्** = मूर्धा नै द्युलोक हो भन्ने इत्यादि अवयवको कल्पना, **तस्य एव** = त्यसै भूताग्निको नै, **भविष्यति इति** = हुनेछ भनेर, **यत् उक्तम्** = जुन भनियो, **वा** = अथवा, **शारीरायाः देवतायाः** = शरीरका अभिमानी देवताको, **ऐश्वर्ययोगात् इति** = सामर्थ्यबाट हुन्छ भन्ने, **यत्** = जो भनियो, **तत् परिहर्तव्यम्** = त्यसको परिहार गर्नु (हटाउनु) योग्य छ र, **अत्र उच्यते** = यहाँ, यसमा भनिन्छ, **अतःएव उक्तेभ्यः हेतुभ्यः** = यस हेतुले अर्थात् बताइएका कारणबाट, **देवता वैश्वानरः न** = अभिमानी देवता वैश्वानर होइन, **तथा** = त्यस्तै, **भूताग्निः अपि** = भूताग्नि पनि, **न वैश्वानरः** = वैश्वानर होइन, **हि** = निश्चय, **औष्ण्यप्रकाश-मात्रात्मकस्य** = तातो र प्रकाशमात्र स्वरूप भएका, **भूताग्नेः** = भूताग्निको, **द्युमूर्धत्वादिकल्पना** = द्युलोक मूर्धा हुने आदि कुराको कल्पना, **न उपपद्यते** = सिद्ध हुन सक्दैन किनकि, **विकारस्य** = विकार (कार्य) को, **विकारान्तरात्मत्वा-संभवात्** = अर्को विकारस्वरूप हुने कुरा असंभव हुनाले, **तथा** = त्यस्तै, **देवतायाः** = देवताको, **ऐश्वर्ययोगे सति अपि** = सामर्थ्य योग भए पनि, **द्युमूर्धत्वादिकल्पना** = द्युलोक मूर्धा हुने कुराको कल्पना, **न संभवति** = हुनसक्दैन, **अकारणत्वात् परमेश्वराधीनैश्वर्यत्वात् च** = कारण नभएको र परमेश्वरका अधीनको ऐश्वर्यवाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनाले पनि, **आत्मशब्दासंभवः च** = आत्मशब्द यिनीहरूमा घट्न नसक्ने कुरा पनि, **एषु सर्वेषु पक्षेषु** = यी सबै पक्षमा, **स्थितः एव**= रहेकै छ ।

विशदीकरण

पूर्वोक्त कारणहरूबाट नै अग्निको अभिमानी देवता र भूताग्नि पनि यहाँ वैश्वानर शब्दले भनिएको होइन भन्ने सूत्राशय हो । भूताग्नि को पनि मन्त्रवर्णबाट द्युलोकसँग अवयवसम्बन्ध भएको देखिनाले 'मूर्धा नै सुतेजा हो' भन्ने कुराको कल्पना गर्न उचित छैन र साथै अभिमानी देवताको पनि । किनकि बताइएका कारणहरूबाट नै अभिमानी देवता र भूत अग्नि पनि वैश्वानर भनेर यहाँ लिइँदैनन् ।

वास्तवमा तातो र प्रकाशमात्र रूप भएका भूताग्निको सर्वथा नै द्युलोक मूर्धा हुने कुरा कल्पना गर्न मिल्दैन । किनभने एक प्रकारका विकार (कार्य) को अर्को विकार (कार्य) बन्ने कुरा हुनै सक्दैन। त्यो अभिमानी देवता पनि परमकारण नहुनाले र परमेश्वरको अधीनवर्ती भएर परमेश्वरप्रदत्त ऐश्वर्यको उपभोग गर्ने वाला हुनाले वैश्वानरशब्दको वाच्य हुँदैन । जाठर अग्नि, भूताग्नि र अग्निको अभिमानी देवतामा आत्मशब्दको प्रयोग गर्न मिल्ने विषय त समानै छ। त्यसकारण वैश्वानर शब्दको अर्थ परमात्मा नै हो ।।२७।।

ब्रह्मसूत्रम् - साक्षादप्यविरोधं जैमिनिः १/२/२८

सूत्रार्थ - साक्षात् अपि = पेटको अग्निको प्रतीक वा उसलाई उपाधि मान्ने रूपबाट नभई खासै (साक्षात्) रूपले पनि, **अविरोधम्** = परमेश्वरको उपासना बताएको भन्ने बारेमा विरोध छैन भन्ने कुरा, **जैमिनिः** = जैमिनि आचार्य मान्नुहुन्छ ।

शाङ्करभाष्यम्

पूर्वं जाठराग्निप्रतीको जाठराग्न्युपाधिको वा परमेश्वर उपास्य इत्युक्तमन्तः-प्रतिष्ठितत्वानुरोधेन, इदानीं तु विनैव प्रतीकोपाधिकल्पनाभ्यां साक्षादपि परमेश्वरो-पासनपरिग्रहे न कश्चिद् विरोध इति जैमिनिराचार्यो मन्यते । ननु जाठराग्न्यपरिग्रहे-ऽन्तःप्रतिष्ठितत्ववचनं शाब्दादीनि च कारणानि विरुध्येरन्निति। अत्रोच्यते - अन्तः-प्रतिष्ठितत्ववचनं तावन्न विरुध्यते । नहीह पुरुषविधं **'पुरुषेऽन्तःप्रतिष्ठितं वेद'** इति जाठराग्न्यभिप्रायेणेदमुच्यते, तस्याप्रकृतत्वादसंशब्दितत्वाच्च । कथं तर्हि? यत्प्रकृतं मूर्धादिचुबुकान्तेषु पुरुषावयवेषु पुरुषविधत्वं कल्पितं तदभिप्रायेणे-दमुच्यते-

नेपालीभाषानुवाद

पूर्वम् = अघि, **जाठराग्निप्रतीकः** = पेटको अग्निप्रतीक रूप र, **वा** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा, **जाठराग्न्युपाधिकः** = पेटको अग्नि नै उपाधि भएको, **परमेश्वरः** = परमेश्वर, **अन्तःप्रतिष्ठितत्वानुरोधेन** = भित्र रहेको कुराको बलबाट, **उपास्यः इति उक्तम्** = उपासना गर्नु योग्य छ भन्ने कुरा भनियो, **इदानीं तु** = यस बखतमा त, **प्रतीकोपाधि-कल्पनाभ्यां विना एव**= प्रतीक र उपाधिको कल्पनालाई छोडेर नै, **साक्षात् अपि**= खास गरेर मुख्य रूपले नै पनि, **परमेश्वरोपासनपरिग्रहे अपि** = परमेश्वरको उपासना गर्ने कुरालाई लिएमा पनि, **कश्चित् विरोधः न इति** = कुनै विरोध छैन भन्ने, **जैमिनिः आचार्यः मन्यते** = जैमिनि आचार्य मान्नुहुन्छ, **ननु** = शङ्का, **जाठराग्न्य-परिग्रहे** = पेटको अग्नि भन्ने पक्ष नलिएमा, **अन्तःप्रतिष्ठितत्ववचनम्**= भित्र रहेको, भन्ने विशेष रूप वचन र; **शाब्दादीनि कारणानि च** = वैश्वानर आदि शब्दसम्बन्धी कारणहरू पनि, **विरुध्येरन् इति** = मिल्न आउने छैनन् भन्ने, **अत्र उच्यते** = यसमा भनिन्छ, **हि** = निश्चय नै, **इह** = यहाँ वाजसनेयशाखामा, **पुरुषविधम्** = व्यापक पुरुषप्रकार भनेर, **पुरुषे अन्तःप्रतिष्ठितं वेद**= पुरुषमा भित्र रहेकोलाई जान्दछ भन्ने, **इति** = यस्तो रूपबाट, **जाठराग्न्याभिप्रायेण** = जाठराग्नि भन्ने अभिप्रायले, **इदं न उच्यते** = यो कुरा भनिंदैन किनकि, **तस्य** = त्यस जठराग्निको (पेटका अग्निको), **अप्रकृतत्वात्** = सुरु नगरेको (उपक्रममा नभएको) र, **असंशब्दितत्वात् च** = शब्दद्वारा नबताएबाट पनि, **तर्हि कथम्** = त्यसो भए कसरी त, **यत्** = जुन, **प्रकृतम्** = उपक्रममा भएको र, **मूर्धादिचुबुकान्तेषु पुरुषावयवेषु** = मूर्धादेखि चुबुक(तल्लो ओठ)सम्मका पुरुषका अवयवमा, **पुरुषविधत्वं कल्पितम्** = पुरुषप्रकारको कल्पना छ, **तदभिप्रायेण इदम् उच्यते** = त्यसैका अभिप्रायले यो कुरा भनिन्छ ।

विशदीकरण

वैश्वानरशब्दलाई परब्रह्मको वाचक मान्नुमा कुनै विरोध छैन वा हुँदैन भन्ने कुरा आचार्य जैमिनिले पनि बताउनुभएको छ भन्ने सूत्रको अभिप्राय हो । अघि जाठर अग्नि प्रतीकरूपले अथवा जाठर अग्निलाई उपाधि मानेर परमेश्वर उपास्य छ भनिएको थियो । ती दुवै पक्षमा नगएर मुख्यरूपमा नै पनि परमेश्वरको उपास्यत्व हुनुमा कुनै बाधा अड्चन छैन भन्ने कुरा आचार्य जैमिनि भन्नुहुन्छ । यहाँ वैश्वानरको अर्थ जाठराग्नि नलिएमा भित्ररहेको भन्ने कुरा र वैश्वानर आदि शब्दजन्य कारणहरू मिल्न कसरी सक्दछन् ? इत्यादि शङ्का हुनसक्दछ ।

यसमा भनिन्छ - वाजसनेय शाखामा पुरुष प्रकार पुरुषभित्र रहेकोलाई जान्दछ. भन्ने कुरा जाठराग्निलाई लक्ष्य गरेर भनिंदैन । किनभने सुरुमा जठराग्निलाई लिएको छैन र त्यसलाई लक्ष्य गर्ने कुनै शब्द पनि त्यहाँ छैन । त्यसो भए कसरी (कुन अभिप्रायले)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ भनेर प्रश्न गर्न सक्नुहुन्छ । त्यसको उत्तरमा हामी भन्छौं – सुरु वाक्यमा मूर्धादेखि चिबुक(तल्लो ओठ)सम्म पुरुषका अवयवमा पुरुष तथा पूर्णरूपले जसको कल्पना गरिएको हो त्यसै अभिप्राय र त्यसै लक्ष्यले यो कुरा भनिन्छ ।

शाङ्करभाष्यम्

'पुरुषविधं पुरुषेऽन्तःप्रतिष्ठितं वेद' इति । यथा वृक्षे शाखां प्रतिष्ठितां पश्यतीति तद्वत् । अथवा यः प्रकृतः परमात्माध्यात्ममधिदैवतं च पुरुषविधत्वोपाधिस्तस्य यत्केवलं साक्षिरूपं तदभिप्रायेणेदमुच्यते- **'पुरुषेऽन्तः प्रतिष्ठितं वेद'** इति । निश्चिते च पूर्वापरालोचनवशेन परमात्मपरिग्रहे तद्विषय एव वैश्वानरशब्दः केनचिद्योगेन वर्तिष्यते। विश्वश्चायं नरश्चेति, विश्वेषां वायं नरः, विश्वे वा नरा अस्येति विश्वानरः परमात्मा, सर्वात्मत्वात् । विश्वानर एव वैश्वानरः । तद्धितोऽनन्यार्थः, राक्षसवायसादिवत् । अग्निशब्दोऽप्यग्रणीत्वादियोगाश्रयणेन परमात्मविषय एव भविष्यति । गार्हपत्यादिकल्पनं प्राणाहुत्यधिकरणत्वञ्च परमात्मनोऽपि सर्वात्मत्वादुपपद्यते।।२८।।

नेपालीभाषानुवाद

पुरुषविधम् पुरुषेन्तःप्रतिष्ठितं वेद = पुरुष प्रकार र पुरुषका भित्र रहेको भन्ने, **इति** = यस्तो, **यथा** = जस्तै, **वृक्षे** = वृक्षमा, **प्रतिष्ठिताम्** = रहेको, **शाखाम्**= हाँगालाई, **पश्यति इति** = देख्दछ भन्ने, **तद्वत्** = त्यस्तै, **अथवा** = अथवा, **यः प्रकृतः परमात्मा** = जुन सुरुमा उठान गरिएको परमात्मा छ, **अध्यात्मम् अधिदैवतं च** = अध्यात्म र अधिदैवतरूप, **पुरुषविधत्वोपाधिः** = पुरुषत्व उपाधिवाला छ, **तस्य** = त्यसको, **यत् केवलं साक्षिरूपम्** = जुन खालि साक्षिमात्र छ, **तदभिप्रायेण**= त्यसैलाई लक्ष्य गरेर, **इदम् उच्यते** = यो कुरा भनिन्छ जस्तै, **पुरुषे अन्तःप्रतिष्ठितं वेद इति** = पुरुषका भित्र रहेकालाई जान्दछ भन्ने, **पूर्वापरालोचनवशेन** = पूर्वोत्तर वाक्यको विचारको बलद्वारा, **परमात्मपरिग्रहे** = परमात्मालाई नै लिनुपर्ने कुरा, **निश्चिते** = निश्चित भएमा, **वैश्वानरशब्दः** = वैश्वानर शब्द, **केनचित् योगेन** = कुनै यौगिक अर्थद्वारा, **तद्विषये एव** = परमात्म विषयमा नै, **वर्तिष्यते** = रहन्छ (रहने छ) जस्तै; **विश्वः च अयं नरः इति** = विश्वरूप नै यो नर भन्ने, **विश्वेषां वा अयं नरः** = सबैको यो नर भन्ने, **विश्वे वा नराः अस्य इति** = सबै नै यो नर जसको भन्ने, **विश्वानरः परमात्मा** = विश्वानर परमात्मा हो, **विश्वानरः एव वैश्वानरः** = विश्वानर नै वैश्वानर हो, **तद्धितः** = यो तद्धितप्रत्यय, **अनन्यार्थः** = प्रकृतिवाहेक अरू अर्थले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शून्य छ, **राक्षसवायसादिवत्** = राक्षस र वायस भन्ने शब्द जस्तै, **अग्निशब्दः अपि** = अग्निशब्द पनि, **अग्रणीत्वादियोगेन** = अघि लगाइने भन्ने आदि यौगिक अर्थले, **परमात्मविषयः एव** = परमात्मविषयक नै, **भविष्यति** = हुनेछ, **गार्हपत्यादि-कल्पनम्** = गार्हपत्य आदि तीन अग्निको कल्पना र, **प्राणाहुत्याधिकरणत्वं च** = प्राणाहुतिको आधार हुनु पनि, **सर्वात्मत्वात्** = सर्वरूपी हुनाले, **परमात्मनः अपि** = परमात्माको पनि, **उपपद्यते** = सिद्ध हुनसक्दछ ।

विशदीकरण

'पुरुषप्रकार र पुरुषका भित्ररहेकोलाई जान्दछ' भन्ने इत्यादि कुरालाई वृक्षमा रहेको शाखालाई देख्दछ भने जस्तै सम्झनु पर्दछ । अथवा सुरुमा उठान गरिएको अध्यात्म अधिदैवरूप पुरुष प्रकारको उपाधिवालाको शुद्ध साक्षी रूपलाई लक्ष्य गरेर यस वाक्यले भन्दछ कि - 'पुरुषका भित्र रहेकोलाई जान्दछ' इत्यादि । यसप्रकार वाक्यको पूर्वापर विचारद्वारा वैश्वानर भनेर परमात्मालाई नै लिनुपर्ने कुराको निश्चय भएपछि वैश्वानर शब्द पनि कुनै यौगिक अर्थद्वारा परमात्मपरक नै हुन आउँछ ।

जस्तै 'विश्व नै यो नर, विश्वको यो नर अथवा विश्व नै नर' भन्नाले विश्वानर भनिन्छ र 'विश्वानर नै वैश्वानर' भन्ने शब्द बन्दछ । यहाँ तद्धित प्रत्यय भए पनि प्रकृत्यर्थलाई नछाडेर नै भएको हो । राक्षस, वायस भन्ने शब्द जस्तै सर्वात्मा हुनाले वैश्वानर परमात्मा पनि हुनसक्दछ । अग्निशब्द पनि अगाडि लगाइने भन्ने यौगिक अर्थबाट परमात्मपरक हुनसक्दछ । फेरि अग्निको गार्हपत्य आदि त्रित्व कल्पना र प्राणाहुतिको अधिकरण हुनु पनि सर्वात्मा हुनाले परमात्मामा घट्न सक्दछ ।।२८।।

शाङ्करभाष्यम् - कथं पुनः परमेश्वरपरिग्रहे प्रादेशमात्रश्रुतिरुपपद्यत इति तां व्याख्यातुमारभते-

नेपालीभाषानुवाद - पुनः = फेरि, **परमेश्वरपरिग्रहे** = वैश्वानरशब्दबाट परमेश्वरलाई लिएमा, **प्रादेशमात्रश्रुतिः**= ब्रह्म वितस्ति (एकवित्ता) मात्र छन् भन्ने श्रुतिको भनाइ, **कथम्** = कसरी, **उपपद्यते** = मिल्न आउँदछ भन्ने, **इति** = यस कुरालाई, **व्याख्यातुम्**= वर्णन गर्न, **आरभ्यते** = आरम्भ गरिन्छ ।

ब्रह्मसूत्रम् - अभिव्यक्तेरित्याश्मरथ्यः १/२/२९

सूत्रार्थ - अभिव्यक्तेः इति = अभिव्यक्ति (प्राकट्य) निमित्त हुनाले प्रादेशमात्र भन्ने श्रुति गतार्थ छ भन्ने, **आश्मरथ्यः** = आश्मरथ्य आचार्य मान्नु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

अतिमात्रस्यापि परमेश्वरस्य प्रादेशमात्रत्वमभिव्यक्तिनिमित्तं स्यात् । अभिव्यज्यते किल प्रादेशमात्रपरिमाणः परमेश्वर उपासकानां कृते । प्रदेशेषु वा हृदयादिषूपलब्धिस्थानेषु विशेषेणाभिव्यज्यते । अतः परमेश्वरेऽपि प्रादेशमात्रश्रुतिरभिव्यक्तेरुपपद्यत इत्याश्मरथ्य आचार्यो मन्यते ।।२९।।

नेपालीभाषानुवाद

अतिमात्रस्य = मापरहित, **अपि** = पनि, **परमेश्वरस्य** = परमेश्वरको, **प्रादेशमात्रत्वम्** = प्रादेशपरिमाणको हुनु, **अभिव्यक्तिनिमित्तं स्यात्** = प्राकट्य निमित्त छ, **किल** = निश्चय नै, **प्रादेशमात्रपरिमाणः** = प्रादेशमात्र परिमाणवाला (भएर), **परमेश्वरः**= परमेश्वर, **उपासकानां कृते**= उपासकका निमित्त, **अभिव्यज्यते**= प्रकट हुन्छ, **वा** = अथवा, **प्रदेशेषु** = प्रदेश भन्नाले, **उपलब्धिस्थानेषु** = जान्नु निमित्त स्थान भएका, **हृदयादिषु** = हृदय आदिमा, **विशेषेण** = विशेषरूपले, **अभिव्यज्यते** = प्रकट हुन्छ, **अतः** = यस कारणबाट, **परमेश्वरे अपि** = परमेश्वरमा पनि, **प्रादेशमात्रश्रुतिः** = प्रादेश भनेर बताउने श्रुति, **अभिव्यक्तेः उपपद्यते इति** = प्राकट्य निमित्त हुनाले सिद्ध हुन्छ भनेर, **आश्मरथ्यः आचार्यः मन्यते** = आश्मरथ्य आचार्य मान्नुहुन्छ ।

विशदीकरण

परिमाण (नापो, जोखो) नभएका परमात्माको पनि प्रादेश मात्र भन्नु प्राकट्यनिमित्त हुनसक्दछ। फेरि परमात्मा प्रादेशमात्रपरिमाणवाला बनेर उपासकहरूको निमित्त अभिव्यक्त पनि हुनसक्दछ । हृदयादिप्राप्ति स्थानमा (प्रादेशमा) परमात्मा विशेषरूपले अभिव्यक्त हुन्छ र परमेश्वरलाई प्रादेशमात्र भन्ने जुन श्रुतिको भनाइ छ त्यो अभिव्यक्ति निमित्त छ भनेर आश्मरथ्य आचार्य भन्नु (मान्नु)हुन्छ।।२९।।

ब्रह्मसूत्रम् - अनुस्मृतेर्बादरिः १/२/३०

सूत्रार्थ - **अनुस्मृतेः** = अनुस्मरण हुनाले प्रादेश मात्र श्रुति हो भन्ने, **बादरिः** = बादरि आचार्य भन्दछन् ।

शाङ्करभाष्यम्

प्रादेशमात्रहृदयप्रतिष्ठेन वायं मनसानुस्मर्यते तेन प्रादेशमात्र इत्युच्यते । यथा प्रस्थमिता यवा प्रस्था इत्युच्यन्ते तद्वत्, यद्यपि च यवेषु स्वगतमेव परिमाणं प्रस्थसम्बन्धाद् व्यज्यते । न चेह परमेश्वरगतं किञ्चित्परिमाणमस्ति यद् हृदय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्धाद् व्यज्यते । तथापि प्रयुक्तायाः प्रादेशमात्रश्रुतेः संभवति यथाकथञ्चिदनुस्मरणमालम्बनमित्युच्यते । प्रादेशमात्रत्वेन वायमप्रादेशमात्रोऽप्यनुस्मरणीयः प्रादेशमात्रश्रुत्यर्थवत्तायै । एवमनुस्मृतिनिमित्ता परमेश्वरे प्रादेशमात्रश्रुतिरिति बादरिराचार्यो मन्यते ।।३०।।

नेपालीभाषानुवाद

वा = अथवा, **अयम्** = यो परमात्मा, **प्रादेशमात्रहृदयप्रतिष्ठेन मनसा** = प्रादेश प्रमाणको हृदयमा रहने मनले, **अनुस्मर्यते** = सम्झिन्छ र, **तेन** = त्यसकारणले, **प्रादेशमात्रः इति उच्यते**= प्रादेश परिमाणको भनेर भनिन्छ, **यथा** = जस्तै, **प्रस्थमिताः यवाः** = पाथीले नापेका जौहरू, **प्रस्थाः इति उच्यते**= पाथी भनेर भनिन्छ, **तद्वत्**= त्यस्तै हो, **यद्यपि च** = हुन त, **यवेषु** = जौहरूमा, **स्वगतं एव परिमाणम्** = आफैमा रहेको परिमाण, **प्रस्थसम्बन्धात्** = पाथीको सम्बन्धले, **व्यज्यते** = व्यक्त हुन्छ, **च**= फेरि, **इह** = यहाँ, **परमेश्वरगतम्** = परमेश्वरमा रहेको, **किञ्चित् परिमाणं न अस्ति** = कुनै केही परिमाण छैन, **यत्** = जुन, **हृदयसम्बन्धात्** = हृदयका सम्बन्धबाट, **व्यज्यते** = प्रकट हुन सक्दछ, **तथापि** = तापनि, **प्रयुक्तायाः** = त्यस अर्थमा रहेका, **प्रादेशमात्रश्रुतेः** = प्रादेशमात्र, भन्ने श्रुतिबाट, **यथाकथञ्चित् अनुस्मरणम् आलम्बनम् सम्भवति** = जसो तसो अनुस्मरणको आलम्बन हुनसक्दछ भन्ने, **इति उच्यते** = यस्तो भनिन्छ, **वा** = अथवा, **अयम्** = यो परमेश्वर, **प्रादेशमात्रत्वेन** = प्रादेशमात्र हुनुबाटै, **अप्रादेशमात्रः अपि** = प्रादेशमात्र नभएको, **अनुस्मरणीयः**= सम्झनु योग्य छ किनकि, **प्रादेशमात्रश्रुत्यर्थवत्तायै** = प्रादेशमात्र भन्ने श्रुतिलाई सार्थक बनाउन, **एवम्** = यसप्रकार, **परमेश्वरप्रादेशमात्रश्रुतिः** = परमेश्वरमा प्रादेशमात्र बताउने श्रुति, **अनुस्मृतिनिमित्ता इति** = अनुस्मरण निमित्त छ भनेर, **बादरिः आचार्यः मन्यते** = बादरि आचार्य मान्दछन् ।

विशदीकरण

अथवा प्रादेशमात्र परिमाण भएको मनद्वारा यो परमेश्वर सम्झिने हुनाले पनि प्रादेशमात्र भनिएको हो । जस्तै पाथीले नापिएका जौ, धान आदिलाई पनि पाथी भनिन्छ । हुन त जौ, धान आदिको आफैमा रहे(भए)को परिमाण नै पाथीको सम्बन्धबाट व्यक्त हुने हो, परमात्मामा (आफूमा) कुनै परिमाण छैन। जो कि मनको सम्बन्धबाट व्यक्त हुन सकोस् । तथापि त्यो विषय बताउन प्रवृत्त भएको श्रुतिको सार्थकता निमित्त पनि मनको अनुस्मरणात्मक आलम्बन हुनसक्दछ । फेरि प्रादेशमात्र भन्नाले अप्रादेश मात्र पनि सम्झिन्छ, किनकि प्रादेशमात्र भन्ने श्रुतिलाई सार्थक बनाउन प्रयुक्त प्रादेशमात्र श्रुतिलाई अनुस्मरणात्मक हो भनेर बादरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्य मान्नुहुन्छ ।।३०।।

ब्रह्मसूत्रम् - सम्पत्तेरिति जैमिनिस्तथा हि दर्शयति १/२/३१

सूत्रार्थ - संपत्तेः इति= प्रादेशमात्र भन्ने श्रुति संपत्रूप उपासनानिमित्त हो भनेर, **जैमिनिः**= जैमिनि मान्नुहुन्छ र, **हि** = निश्चय नै, **तथा दर्शयति** = त्यस्तै नै देखाउँनुहुन्छ।

शाङ्करभाष्यम्

संपन्निमित्ता वा स्यात्प्रादेशमात्रश्रुतिः । कुतः ? तथा हि- समानप्रकरणं वाजसनेयिब्राह्मणं द्युप्रभृतीन्पृथिवीपर्यन्ताँस्त्रैलोक्यात्मनो वैश्वानरस्यावयवान- ध्यात्ममूर्धप्रभृतिषु चुबुकपर्यन्तेषु देहावयवेषु संपादयत्प्रादेशमात्रसंपत्तिं परमेश्वरस्य दर्शयति- **'प्रादेशमात्रमिव ह वै देवा सुविदिता अभिसम्पन्नास्तथा नु व एतान् वक्ष्यामि यथा प्रादेशमात्रमेवाभिसंपादयिष्यामीति । स होवाच मूर्धानमुपदिशन्नुवाचैष वा अतिष्ठा वैश्वानर इति । चक्षुषी उपदिशन्नुवाचैष वै सुतेजा वैश्वानर इति । नासिके उपदिशन्नुवाचैष वै पृथग्वर्त्मामा वैश्वानर इति । मुख्यमाकाशमुपदिशन्नुवाचैष वै बहुलो वैश्वानर इति । मुख्या अप उपदिशन्नुवाचैष वै रयिर्वैश्वानर इति । चुबुकमुपदिशन्नुवाचैष वै प्रतिष्ठा वैश्वानर इति ।'** चुबुकमित्यधरं मुखफलकमुच्यते । यद्यपि वाजसनेयके द्यौरतिष्ठात्वगुणा समान्नायत आदित्यश्च सुतेजस्त्वगुणः । छान्दोग्ये पुनर्द्यौः सुतेजस्त्वगुणा समाम्नायत आदित्यश्च विश्वरूपत्वगुणः । तथापि नैतावता विशेषेण किञ्चिद्धीयते, प्रादेशमात्रश्रुतेरविशेषात् । सर्वशाखाप्रत्ययत्वाच्च । सम्पत्तिनिमित्तां प्रादेशमात्रश्रुतिं युक्ततरां जैमिनिराचार्यो मन्यते ।

नेपालीभाषानुवाद

वा = अथवा, **प्रादेशमात्रश्रुतिः** = प्रादेशमात्र भन्ने श्रुति, **संपन्निमित्ता स्यात्**= संपत् निमित्त हुनसक्दछ, **कुतः** = केबाट, **तथा हि** = त्यस्तै कि, **समानप्रकरणं वाजसनेयिब्राह्मणम्** = तुल्य प्रकरण भएको वाजसनेयिब्राह्मण, **द्युप्रभृतीन् पृथिवीपर्यन्तान्** = द्युलोकदेखि पृथ्वीसम्मलाई, **त्रैलोक्यात्मनः वैश्वानरस्य** = त्रिलोकरूपी वैश्वानरको, **अध्यात्ममूर्धप्रभृतिषु** = अध्यात्मरूप मूर्धा आदि, **चुबुकपर्यन्तेषु** = चुबुक (तल्लो ओठ) सम्म, **देहावयवेषु** = शरीरका अवयवमा, **अवयवान् संपादयत्** = अवयव सम्पन्न गराउँदो, **परमेश्वरस्य** = परमेश्वरको, **प्रादेशमात्रसंपत्तिम् दर्शयति** = प्रादेश मात्र सम्पत्तिलाई, **दर्शयति**= देखाउँछ जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वै = निश्चय नै, **ह** = प्रसिद्ध, **देवाः** = देवताहरू, **इह** = यो, **प्रादेशमात्रम् इव** = प्रादेशमात्र जस्तै, **सुविदिताः यथा अभिसंपन्नाः** = जानेका र संपत् रूपमा प्राप्त भएका जसरी हुन्, **तथा** = त्यसै प्रकार, **नु** = निश्चय नै, **वः** = तिमीहरूलाई, **वक्ष्यामि**= भन्नेछु (भन्छु) जसरी, **एतान्**= यी भावुकहरूलाई, **प्रादेशमात्रम् एव**= प्रादेशमात्र (ईशत्व) मा, **अभिसंपादयिष्यामि इति** = सम्पन्न गराउनेछु, **ह** = निश्चय नै, **सः उवाच** = उनले भने र, **मूर्धानम् उपदिशन् उवाच** = मूर्धालाई बताउँदै भने, **एषः वैश्वानरः इति अतिष्ठाः** = यो वैश्वानर हो भन्ने जानेर, **चक्षुषी उपदिशन् उवाच** = आँखालाई बताउँदै भने, **वै** = निश्चय नै, **एषः सुतेजाः वैश्वानरः**= यो सूर्यरूप वैश्वानर हो, **वै** = निश्चय नै, **नासिके उपदिशन् उवाच** = नासिकालाई बताउँदै भने, **एषः पृथक् वर्त्मात्मा वैश्वानरः इति** = यो पृथक् वर्त्मरूप वैश्वानर हो भन्ने, **वै** = निश्चय नै, **मुख्यम् आकाशम् उपदिशन् उवाच** = मुख्य आकाशलाई बताउँदै भने, **एषः बहुलो वैश्वानरः इति** = यो बहुलरूप वैश्वानर हो भन्ने, **वै** = निश्चय नै, **मुख्याः अपः उपदिशन् उवाच** = मुख्य जललाई बताउँदै भने, **एष रयिः वैश्वानरः इति** = यो रयिरूप वैश्वानर हो भन्ने, **चुबुकम् उपदिशन् उवाच** = तल्लो ओठलाई देखाउँदै भने, **एषः प्रतिष्ठा वैश्वानरः इति** = यो प्रतिष्ठारूप वैश्वानर हो भन्ने, **चुबुकम् इति** = चुबुक भनेको, **अधरं मुखफलकम् उच्यते** = तल्लो ओठलाई भनिन्छ,. **यद्यपि** = हुन त, **वाजसनेयके** = वाजसनेय शाखामा, **द्यौः अतिष्ठात्वगुणाः आदित्यः सतेजस्त्वगुणः** = द्युलोक अतिष्ठात्वगुण भएको र सूर्य सुतेजस्त्वगुणयुक्त भनेर, **समाम्नायते** = भनिन्छ, **पुनः** = फेरि, **छान्दोग्ये**= छान्दोग्यमा, **द्यौः सुतेजस्त्वगुणा आदित्यःविश्वरूपत्वगुणः** = द्युलोक सुतेजस्त्वगुणयुक्त र आदित्य विश्वरूपत्व गुणयुक्त भनिन्छ, **तथापि** = तापनि, **एतावता विशेषेण** = यति विशेषले, **न किञ्चित् हीयते** = कुनै क्षति छैन, किनकि, **प्रादेशमात्रश्रुतेः अविशेषात्** = प्रादेशमात्र भन्ने श्रुतिमा विशेषता नहुनाले, **सर्वशाखाप्रत्ययत्वात् च** = सबै शाखामा समान प्रत्यय हुनाले पनि, **प्रादेशमात्रश्रुतिं सम्पन्निमित्तां** = प्रादेशमात्र श्रुति संपत् निमित्त हो र, **युक्ततराम् आचार्यः जैमिनिः मन्यते** = ठीक हो भनेर आचार्य जैमिनि भन्नुहुन्छ ।

विशदीकरण

प्रादेशमात्र श्रुति संपत् निमित्त हो भन्ने जैमिनिको भनाइ छ र त्यस्तै श्रुति पनि छ भन्ने सूत्राशय हो। एउटै प्रकरणवाला वाजसनेयिब्राह्मणले द्युलोकदेखि लिएर चुबुक(तल्लो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओठ)सम्ममा त्रिलोकरूपी वैश्वानरको अवयव बताउँदै प्रादेशमात्र संपत् वैश्वानरको बताउँछ। 'प्रादेशमात्र' भन्ने इत्यादि वाजसनेयि ब्राह्मणमा द्युलोकलाई अतिष्ठात्वगुण भएको, सूर्यलाई सुतेज भएको र आदित्यलाई विश्वरूपत्व गुणवाला भनेर बताएको देखिन्छ। प्रादेशमात्र भन्ने कुरा एकैनास सबैमा भएको र सबै शाखाको समान प्रत्यय हुनु रूप विशेषले गर्दा कुनै हानि छैन। प्रादेशमात्र श्रुति संपन्निमित्त ठीक छ भनेर आचार्य जैमिनि भन्नुहुन्छ।।३१।।

ब्रह्मसूत्रम् - आमनन्ति चैनमस्मिन् १/२/३२

सूत्रार्थ - **एनम्** = यस परमात्मालाई, **अस्मिन्** = मूर्धा र चुबुकको बीचमा, **आमनन्ति** = छन् भनेर जावालहरू पनि मान्दछन् ।

शाङ्करभाष्यम्

आमनन्ति चैनं परमेश्वरमस्मिन्मूर्धचुबुकान्तराले जावालाः- **'य एषोऽनन्तोऽव्यक्त आत्मा सोऽविमुक्ते प्रतिष्ठित इति । सोऽविमुक्तः कस्मिन्प्रतिष्ठित इति । वरणायां नास्यां च मध्ये प्रतिष्ठित इति । का वै वरणा का च नासीति**'(जा० १) । तत्र चेमामेव नासिकां वरणा नासीति निरुच्य या सर्वाणीन्द्रिय-कृतानि पापानि वारयति सा वरणा, सर्वाणीन्द्रियकृतानि पापानि नाशयतीति सा नासीति । पुनरामनन्ति - **'कतमच्चास्य स्थानं भवतीति । भ्रुवोर्घ्राणस्य च यः संधिः स एष द्युलोकस्य परस्य च संधिर्भवति, इति'** (जा० १) तस्मादुपपन्ना परमेश्वरे प्रादेशमात्रश्रुतिः । अभिविमानश्रुतिः प्रत्यगात्मत्वाभिप्राया। प्रत्यगात्मतया सर्वैः प्राणिभिरभिविमीयत इत्यभिविमानः । अभिगतो वायं प्रत्यगात्मत्वात्, विमानश्च मानवियोगादित्यभिविमानः । अभिविमिमीते सर्वं जगत्कारणत्वादित्यभिविमानः । तस्मात्परमेश्वरो वैश्वानर इति सिद्धम् ।।३२।।

इति श्रीमच्छारीरकमीमांसाभाष्ये श्रीशङ्करभगवत्पादकृतौ प्रथमाध्यायस्य द्वितीयः पादः

नेपालीभाषानुवाद

एनम् परमेश्वरम् = यस वैश्वानररूप परमेश्वरलाई, **जावालाः** = जावालहरू, **मूर्धचुबुकान्तराले आमनन्ति च** = मूर्धा र तल्लो ओठको मध्यभागमा, **आमनन्ति च** = मान्दछन् पनि जस्तै, **यः एषः** = जुन यो परमात्मा, **अनन्तः अव्यक्तः** = अन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभएको र व्यक्त नभएको, **आत्मा** = आत्मरूप हो, **सः** = त्यो, **अविमुक्ते प्रतिष्ठितः इति** = अविद्याद्वारा कल्पित परिच्छिन्नत्व–वाला जीवात्मामा भेदकल्पनाबाट रहेको छ भनेर, **सः अविमुक्तः** = यो अविमुक्त, **कस्मिन् प्रतिष्ठितः** = के मा रहेको छ, **वरणायां नास्यां च मध्ये प्रतिष्ठितः** = वरणा (भ्रू) र नासिकामा बीचमा रहेको छ, **का वै वरणा का च नासीति इति** = कुन हो त्यो वरणा र कुन हो त्यो नासिका इत्यादि, **च तत्र** = फेरि त्यसमा, **इमाम् एव नासिकाम्** = यही नासिकालाई, **वरणा नासीति निरुच्य** = वरणा र नासीरूपले लक्षण गरेर, **या सर्वाणि इन्द्रियकृतानि पापानि** = जुन सबै इन्द्रियले गरेका पापहरू, **वारयति सा वरणा** = हटाउँछ, नाश गर्छ, त्यो वरणा हो, **या सर्वाणि इन्द्रियकृतानि यानि** = जो सबै इन्द्रियले गरेका पाप नष्ट गर्छ, **सा नासी इति** = त्यो नासी भनिन्छ, **पुनः आमनन्ति** = फेरि मान्दछन् कि, **अस्य स्थानं कतमत् भवति इति** = यसको स्थान कुन चाँहि हो त, **भ्रुवोः घ्राणस्य च यः संधिः** = भ्रू र नाकको जुन संधि छ, **सः एषः** = त्यो यो, **द्युलोकस्य परस्य च संधिः भवति**= द्युलोक र त्यसपरिको संधि हुन्छ भन्ने, **इति**= यस्तो, **तस्मात्** = त्यस कारणबाट, **परमेश्वरे** = परमेश्वरमा, **प्रादेशमात्रश्रुतिः उपपन्ना**= प्रादेशमात्र भन्ने श्रुति युक्तिसाथ सिद्ध छ, **अभिविमानश्रुतिः प्रत्यगात्मत्वाभिप्राया**= अभिविमान भन्ने श्रुति प्रत्यक् चैतन्यलाई संकेत गर्ने हो, **प्रत्यक्-अात्मतया सर्वैः प्राणिभिः** = प्रत्यक् चैतन्यरूपले सबै प्राणीले, **अभिविमीयते**= जो जानिन्छ, त्यो, **अभिविमानः** = अभिविमान हो, **वा**= अथवा, **प्रत्यगात्मतया अभिगतः** = प्रत्यक् आत्मरूपले प्राप्त गरिएको र, **मानवियोगात् विमानः च** = प्रमाण वा नाप जोखाले रहित हुनाले पनि अभिविमान भनिन्छ, **कारणत्वात् सर्वं जगत् अभिविमिमीते इति** = आफू कारण हुनाले सबै जगतको थाह गर्छ भन्नाले, **अभिविमानः**= अभिविमान हो, **तस्मात्** = त्यस कारणबाट, **वैश्वानरः परमेश्वरः इति सिद्धम्** = वैश्वानर भनेको परमेश्वर हो भन्ने सिद्ध छ ।

विशदीकरण

यस परमात्मालाई जावालहरू मूर्धा र चुबुकको बीचमा मान्दछन् भन्ने सूत्राशय हो। जावालहरू जुन यो अनन्त र अव्यक्त आत्मा हो, त्यो अविमुक्तमा रहन्छ । अविमुक्त (कूटस्थ) कसमा रहन्छ ? वरणा र नासिकाको बीचमा रहन्छ । वरणा के हो ? सबै पाप हटाउने वरणा र सबै पाप नाश गर्ने नासी हो । यसको स्थान कुन हो ? भ्रू र नासिकाको बीच जुन हो, त्यो द्युलोक र त्यस परको लोक वा परमात्माको संधि हो, इत्यादि रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्दछन् ।

तल्लो ओठबाट मूर्धासम्म प्रादेशमात्र छ परमेश्वरमा तत् विषयकश्रुति सिद्ध हुन्छ । यस्तै अभिविमान भनेको पनि प्रत्यक् चैतन्यरूपले जानिने हुनाले अथवा प्रत्यक् रूपले उपलब्ध भएको र प्रमाण तथा नापतौल नभएकोले अथवा आफू सबैको कारण हुनाले सबैलाई जान्ने हुनाले पनि हुन सक्दछ । अतः वैश्वानर भनेको परमात्मा हो ।।३२।।

इतिवैश्वानराधिकरणम् ।

इति पण्डितप्रवरश्रीमीनप्रसादनेपालवेदान्ताचार्यदर्शनशिरोमणिकृतब्रह्मसूत्रशाङ्कर-भाष्यानुवादे प्रथमाध्यायस्य द्वितीयः पादः समाप्तः ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः
{नेपालीभाषानुवादसहितः}

तृतीयपादः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

सुखिना विविक्तवचसा त्वया सता
कृपया परार्थविनिवेशिबुद्धिना ।
जगतो हिताय सुकृते ह भारते
भुवि वाङ्मयं सकलमेव दर्शितम् ।।

अर्थ - आनन्दस्वरूप, निष्पृह वचन भएका, सज्जन र कृपापूर्वक अरूको उपकारका निमित्त सदा आफ्नो बुद्धिलाई लगाइरहनु हुने तपाईं वेदव्यासले संसारको कल्याणका लागि रचिएको आफ्नो ऐतिहासिक रचना महाभारतमा विश्वका सम्पूर्ण वाङ्मयको सारसर्वस्व भरिदिनुभएको छ ।

(लिच्छविकालीन हाँडीगाउँ सत्यनारायणस्थानको शिलालेखबाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमाध्याये तृतीयः पादः

(अत्रास्पष्टब्रह्मलिङ्गानां प्रायो ज्ञेयब्रह्मविषयाणां विचार एवम् पादत्रयेणापि वाक्यविचारः)

१. द्युभ्वाद्यधिकरणम् {सू. १-७}

ब्रह्मसूत्रम् - द्युभ्वाद्यायतनं स्वशब्दात् १/३/१

सूत्रार्थ - स्वशब्दात् = आफ्नै र ब्रह्मकै शब्द सुनिएकोले, **द्युभ्वाद्ययतनम्** = द्युलोक र पृथ्वी आदिको आयतन (आधार) भनेको ब्रह्म नै हो ।

शाङ्करभाष्यम्

इदं श्रूयते-

यस्मिन्द्यौः पृथिवी चान्तरिक्षमोतं मनः सह प्राणैश्च सर्वैः ।

तमेवैकं जानथ आत्मानमन्या वाचो विमुञ्चथामृतस्यैष सेतुः ।।

(मु० २/२/५) इति । अत्र द्युप्रभृतीनामोतत्त्ववचनादायतनं किञ्चिदवगम्यते, तत् किं परं ब्रह्म स्यात्, आहोस्विदर्थान्तरमिति संदिह्यते । तत्रार्थान्तरं किमप्यायतनं स्यादिति प्राप्तम् । कस्मात् ? **'अमृतस्यैष सेतुः'** इति श्रवणात् । पारवान् हि लोके सेतुः प्रख्यातः । न च परस्य ब्रह्मणः पारवत्वं शक्यमभ्युपगन्तुम्, **'अनन्तमपारम्'** (बृ० २/४/१२) इति श्रवणात् । अर्थान्तरे चायतने परिगृह्यमाणे स्मृतिप्रसिद्धं प्रधानं परिग्रहीतव्यं तस्य कारणत्वादायतनत्वोपपत्तेः । श्रुतिप्रसिद्धो वा वायुः स्यात्, **'वायुर्वै गौतम तत्सूत्रं वायुना वै गौतम सूत्रेणायं च लोकः परश्च लोकः सर्वाणि संदृब्धानि भवन्ति'** (बृ. ३/७/२) इति वायोरपि विधारणात्वश्रवणात् । शारीरो वा स्यात् । तस्यापि भोक्तृत्वाद् भोग्यप्रपञ्चं प्रत्यायतनत्वोपपत्तेरित्येवं प्राप्त इदमाह -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

अत्र = यहाँ तेश्रो पाउमा, **अस्पष्टब्रह्मलिङ्गानाम्** = स्पष्टरूपमा ब्रह्मको निशाना नभएको र, **प्रायः** = धेरै जसो, **ज्ञेयब्रह्मविषयाणाम्** = जान्नुयोग्य ब्रह्म विषयक वाक्यको, **विचारः** = विचार हुन्छ, **एवम्** = यसप्रकार, **पादत्रयेण अपि**= तीनै पादद्वारा, **वाक्यविचारः** = वाक्यको विचार गरिन्छ । द्युभ्वादि प्रथम अधिकरण सुरु हुन्छ ।

इदम् श्रूयते = यो कुरा सुनिन्छ, जस्तो कि, **यस्मिन्** = जहाँ, जसमा, **द्यौः**= द्युलोक, **च** = फेरि, **पृथिवी** = पृथ्वी, **अन्तरिक्षम्** = अन्तरिक्ष, **सर्वैः प्राणैः सह**= सबै प्राण इन्द्रियलाई लिएर, **मनः च** = मन पनि, **ओतम्** = ओतप्रोत छ, **तम् एव एकम् आत्मानम्** = त्यही मात्र एक आत्मालाई, **जानथ** = जान, **अन्याः वाचः** = अरू वचनलाई, **विमुञ्चथ** = छोड्, **एषः** = यो आत्मा, **अमृतस्य** = मोक्षको, **सेतुः इति** = सेतु (पुल) हो भन्ने, **अत्र** = यस वाक्यमा, **यत् एतत्** = जुन यो, **द्युप्रभृतीनाम् ओतत्ववचनात्** = द्युलोक आदिको ओतप्रोत हुनेरूपको वचन हुनाले, **आयतनं किञ्चित्** = आधार केही रहेछ भन्ने, **अवगम्यते** = बुझिन्छ र, **तत्** = त्यो, **किं परं ब्रह्म स्यात्** = के पर ब्रह्म हो, **आहोस्वित्** = अथवा, **अर्थान्तरम् इति** = अर्कै वस्तु हो भन्ने यस्तो, **संदिह्यते** = शङ्का गरिन्छ, **तत्र** = त्यस शङ्का रूपमा, **किम् अपि अर्थान्तरम् आयतनं स्यात् इति** = अर्कै कुनै वस्तु त्यो आयतन हुनु पर्छ भन्ने, **प्राप्तम्** = शङ्का प्राप्त छ, **कस्मात्** = केबाट, **अमृतस्य एषः सेतुः इति श्रवणात्**= मोक्षको यो सेतु हो भन्ने सुनिएकोले, **हि** = निश्चय नै, **लोके** = लोकमा, **पारवान्**= पारवाला नै, **सेतुः इति** = सेतु भनेर, **प्रख्यातः** = प्रसिद्ध छ र, **च** = फेरि, **परस्य ब्रह्मणः** = परब्रह्मको बारेमा, **पारवत्वम् अभ्युपगन्तुम्** = पारवाला भनेर मात्र, **न शक्यम्** = सकिंदैन, किनकि; **अनन्तम् अपारम् इति श्रवणात्** = अन्त नभएको र पार नभएको भन्ने सुनिएकाले, **अर्थान्तरे आयतने परिगृह्यमाणे च** = कुनै अर्को वस्तु आयतन मानिएमा पनि, **स्मृतिप्रसिद्धं प्रधानं परिग्रहीतव्यम्** = सांख्य स्मृतिमा प्रसिद्ध भएको प्रधानलाई लिनु योग्य छ, **वा** = अथवा, **श्रुतिप्रसिद्धः वायुः स्यात्**= श्रुतिमा प्रख्यात भएको वायु हुन सक्दछ, किनकि, **वै** = निश्चय नै, **गौतम** = हे गौतम, **वायुः तत्सूत्रम्** = वायु त्यो सूत्र हो, **वै** = निश्चय नै, **गौतम** = हे गौतम. **वायुना सूत्रेण** = वायुरूप सूत्रले, **अयं लोकः परः लोकः च** = यो लोक र परलोक पनि र, **सर्वाणि भूतानि च** = सबै प्राणी पनि, **संदृब्धानि भवन्ति इति** = गाँसिएका हुन्छन् भनेर, **वायोः अपि** = वायुको पनि, **विधारणत्वश्रवणात्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारण गर्ने कुरा सुनिएकोले, **वा** = अथवा, **शारीरः स्यात्** = जीव हुन सक्दछ, **तस्य अपि** = त्यस जीवको पनि, **भोक्तृत्वात्** = भोक्ता हुनाले, **भोग्यप्रपञ्चं प्रति**= भोगगरिने विषयको लागि, **आयतनत्वोपपत्तेः** = आयतन हुन सक्ने हुनाले भन्ने, **इति एवं प्राप्ते** = यस्तो शङ्का भएमा, **इदम् आह** = यो कुरा उत्तर रूपमा भन्दछन्।

विशदीकरण

यहाँदेखि प्रथमाध्यायको तेस्रो पाद सुरु हुन्छ । यस पाउमा स्पष्टरूपमा ब्रह्मको लिङ्ग (निशाना) नभएका सगुणब्रह्मको लक्ष्य गर्ने वाक्यहरूको धेरै जसो छानबिन गरिन्छ। यसको पहिला द्युभ्वादि अधिकरण रहेको छ ।

द्युलोक र पृथिवी आदिको आयतन भनेको परमात्मा हो, किनकि परमात्मविषयक शब्द हुनाले भन्ने सूत्रको अभिप्राय हो । 'जसमा द्युलोक यो पृथ्वी अन्तरिक्ष इन्द्रिय प्राण सहितको मन ओतप्रोत (संयुक्त) छ, त्यही एउटा आत्मालाई जान, चिन; अरू निकम्मा सबै बोली वचनलाई छोड, यही आत्मा नै मोक्षको सेतु (पुल) हो' इत्यादि कुरा सुनिन्छ।

अब यस वाक्यमा जो द्युलोक आदिसँग ओतप्रोत कुनै आयतन भएको बुझिन्छ र त्यो आयतन भनेको परब्रह्म हो अथवा कुनै अर्को वस्तु हो ? भन्ने शङ्का हुन्छ । अमृतको सेतु भन्ने सुनिएकोले त्यसमा पहिले आयतन भनिएको कुनै अर्को वस्तु हुनुपर्दछ भन्ने कुरा देखिन आउँछ । फेरि सेतु भन्नाले पार (अवधि) भएको वस्तुलाई भनिन्छ । अनन्त र अपार भन्ने वाक्यद्वारा ब्रह्म पारवाला नहुनाले त्यो आयतन ब्रह्म हुन सक्दैन ।

ब्रह्मबाहेक अर्को आयतन लिने भएपछि सांख्यस्मृतिले बताएको प्रधानलाई लिन उचित छ । फेरि कारण हुनाले प्रधान आयतन पनि हुन सक्दछ । 'वायुरूप सूत्रले यो लोक, परलोक र सबै प्राणी गाँसिएका छन्' भनेकोले अथवा वायु पनि आयतन हुन सक्दछ । अथवा जीव पनि भोक्ता हुनाले भोग्यवर्ग माथि आयतन हुन सक्ने हुन्छ र आयतन मात्र सकिन्छ । परन्तु परमात्मा आयतन हुनसक्दैन भन्ने यस्तो शङ्का हुन आएमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

द्युभ्वाद्यायतनमिति । द्यौश्च भूश्च द्युभुवौ द्युभुवावादी यस्य तदिदं द्युभ्वादि। यदेतदस्मिन्वाक्ये द्यौः पृथिव्यन्तरिक्षं मनः प्राणा इत्येवमात्मकं जगदोतत्वेन निर्दिष्टं तस्यायतनं परं ब्रह्म भवितुमर्हति । कुतः ? स्वशब्दात्, आत्मशब्दात्, इत्यर्थः । आत्मशब्दो हीह भवति – **'तमेवैकं जानथ आत्मानम्'** इति । आत्मशब्दश्च परमात्मपरिग्रहे सम्यगवकल्पते, नार्थान्तरपरिग्रहे। क्वचिच्च स्वशब्देनैव ब्रह्मण आयतनत्वं श्रूयते **'सन्मूलाः सोम्येमाः सर्वाः प्रजाः सदायतनाः सत्प्रतिष्ठाः'** (छा० ६/८/४) इति । स्वशब्देनैव चेह पुरस्तादुपरिष्टाच्च ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्कीर्त्यते– **'पुरुष एवेदं विश्वं कर्म तपो ब्रह्म परामृतम्'** इति । **'ब्रह्मैवेदमृतं पुरस्तात् ब्रह्म पश्चाद् ब्रह्म दक्षिणतश्चोत्तरेण'** (मु० २/२/११) इति च । तत्र त्वायतनायतनवद्भावश्रवणात् । सर्वं ब्रह्मेति च सामानाधिकरण्यात् ।

नेपालीभाषानुवाद

द्युभ्वाद्यायतनम् इति = द्यु, भू आदिको आयतन भन्ने इत्यादि, **द्यौः च भूः च द्युभुवौ** = द्युलोक र पृथ्वी द्यु भू भनिन्छ, **द्युभुवौ आदि यस्य तत् इदं द्युभ्वादि**= द्यु र भू छन् आदि मा जसको त्यो यो द्युभ्वादि हो, **यत् एतत् अस्मिन्वाक्ये** = यस वाक्यमा, **द्यौः पृथिव्यन्तरिक्षं मनः प्राणाः इत्येवमात्मकं जगत्** = द्यु, पृथ्वी, आकाश, मन, प्राणरूपको जगत्, **ओतत्वेन निर्दिष्टम्** = ओतरूपले बताइएको छ र, **तस्य आयतनम्** = त्यस जगत्को आयतन, **परं ब्रह्म भवितुम् अर्हति** = परब्रह्म नै हुन सक्दछ, **योग्य छ; कुतः** = के बाट, **स्वशब्दात् आत्मशब्दात् इति अर्थः** = स्वशब्द भन्नाले आत्मशब्दबाट भन्ने अर्थ हो, **हि** = निश्चय नै, **इह** = यहाँ, यस वाक्यमा, **आत्मशब्दः भवति**= आत्मा भन्ने शब्द छ जस्तै, **तम् एव एकम् आत्मानम् इति** = त्यही एउटा आत्मालाई भन्ने, **आत्मशब्दः च** = आत्मशब्द पनि, **परमात्म-परिग्रहे** = परमात्मालाई लिएमा, **सम्यक् अवकल्पते** = ठीकसँग मिल्दछ, **अर्थान्तरपरिग्रहे** = अरू कुनै वस्तुलाई लिएमा, **न** = मिल्दैन, **च** = फेरि, **क्वचित्**= कहीं छान्दोग्यमा, **स्वशब्देन एव** = आफ्नै शब्दद्वारा नै, **ब्रह्मणः आयतनत्वं श्रूयते**= ब्रह्मको आयतन हुने कुरा सुनिन्छ, जस्तै; **सोम्य** = हे सौम्य, **इमाः सर्वाः प्रजाः सन्मूलाः** = यी सबै प्राणीहरू सत् मूलक हुन् र, **सदायतनाः** = सत् (ब्रह्म) नै आयतन भएको र, **सत् प्रतिष्ठाः इति** = सत मैं अवसान भएका हुन् भन्ने र, **इदं विश्वं कर्म** = यो विश्व कर्म रूप, **पुरुषः एव** = पुरुषमात्र हो, **तपः परामृतं ब्रह्म** = तप र मोक्षरूप ब्रह्म पनि पुरुष मात्र हो, **इदं पुरस्तात् ब्रह्म एव अमृतम्** = यो अघिल्तिर ब्रह्म हो जो अमृतरूप छ, **पश्चात् ब्रह्म** = पछाडि ब्रह्म हो, **दक्षिणतः ब्रह्म** = दाहिनेतर्फबाट ब्रह्म र, **च** = फेरि, **उत्तरेण च ब्रह्म** = बायाँतर्फबाट पनि ब्रह्म हो भन्ने, **इति च** = यस्तो पनि, **तत्र तु आयतनायतनवद्भावश्रवणात्** = त्यसमा आयतन भन्ने र आयतनवाला भन्ने सुनिएकोबाट र, **सर्वं ब्रह्म इति च सामानाधिकरण्यात्** = सबै विषय ब्रह्म हो भन्ने आधारमा ब्रह्मको जगत्सँग एकाधिकरण हुनाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

द्युलोक र भूलाई द्यु र भू भनिन्छ र ती आदि गरिएका अन्तरिक्ष मनः प्राण आदिलाई द्युभ्वादि भनिन्छ । उक्त वाक्यमा जुन द्युलोक पृथ्वी आकाश मन प्राण आदिको आयतन स्वरूप सुनिन्छ त्यो खास परब्रह्म नै हो अरू कुनै अर्को वस्तु होइन । किनभने स्वशब्द अर्थात् आफ्नो शब्द (आत्म शब्द) सुनिएको छ । जस्तो कि – 'त्यही एउटा मात्र आत्मालाई जान' भन्ने फेरि परमात्मालाई लिएको पक्षमा आत्मशब्द पनि त्यसमा पूर्णरूपले मिल्न आउँछ, अरूलाई लिएमा आउँदैन । कहीं कहीं त जस्तो कि छान्दोग्यमा खास आफ्नै शब्द (सत्) द्वारा आयतन भएको सुनिन्छ ।

जस्तै यी सबै प्रजा सत् (ब्रह्म) मूलक हुन्, ब्रह्म नै उनीहरूको आयतन र अवसान पनि ब्रह्म हो। पुरुष नै यो कर्मरूप विश्व र तप तथा मोक्ष रूप ब्रह्म हो भन्ने आफ्नै शब्दद्वारा बताइएको पाइन्छ । अघिल्लो वाक्यमा आयतन वाला र उनको आयतन भन्ने सुनिएको र उत्तर मन्त्रमा जगत्सँग सामानाधिकरण्य भएकोबाट ब्रह्म बाहेक अरूमा ती दुवै कुरा हुन नसक्ने हुनाले द्यु, भू आदिको आयतन परमात्मा नै हो।

शाङ्करभाष्यम्

यथानेकात्मको वृक्षः शाखास्कन्धो मूलं चेत्येवं नानारसो विचित्र आत्मा इत्याशङ्का भवति, तां निवर्तयितुं सावधारणमाह– **'तमेवैक जानथ आत्मानम्'** इति । एतदुक्तं भवति– न कार्यप्रपञ्चविशिष्टो विचित्र आत्मा विज्ञेयः । किं तर्हि? अविद्याकृतं कार्यप्रपञ्चं विद्यया प्रविलापयन्तस्तमेवैकमायतनभूतमात्मानं जानथै– करसमिति । यथा यस्मिन्नास्ते देवदत्तस्तदानयेत्युक्त आसनमेवानयति न देवदत्तम्। तद्वदायतनभूतस्यैवैकरसस्यात्मनो विज्ञेयत्वमुपदिश्यते ।

नेपालीभाषानुवाद

यथा = जस्तै, **वृक्षः** = वृक्ष, **शाखा स्कन्धः मूलं च इति** = हाँगा, मूलहाँगा, जरा इत्यादि रूपले, **अनेकात्मकः** = अनेक रूपको हुन्छ, **एवम्**= यस्तै, **आत्मा** = आत्मा पनि, **नानारसः विचित्रः** = अनेक रसको विचित्र हुन सक्दछ भन्ने, **इति आशङ्का** = यस्तो शङ्का, **भवति** = हुन्छ र, **तां निवर्तयितुम्** = त्यो शङ्का हटाउन, **सावधारणम् आह** = निश्चित (किटानी) साथ भन्दछन्, **तम् एव एकम् आत्मानं जानथ** = त्यही एक मात्र आत्मालाई जान, **एतत् उक्तं भवति** = भनाइ यो हुन्छ, कि; **आत्मा**= आत्मा, **कार्यप्रपञ्चविशिष्टः विचित्रः**= कार्य प्रपञ्चले युक्त विचित्ररूपको भनेर, **न विज्ञेयः** = जान्नुयोग्य छैन, सम्झनु हुँदैन; **तर्हि किम्**= अनि के त भने. **अविद्याकृतं कार्यप्रपञ्चम्** = अविद्याबाट भएको कार्यप्रपंचलाई, **विद्यया**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या (ज्ञान) ले, **प्रविलापयन्तः** = विलीन गर्दा (पन्छाउँदा) छँदा; **एकम् आयतनभूतं तम् एव आत्मानम्** = एकमात्र र आयतन स्वरूप त्यही आत्मालाई नै, **एकरसं जानथ इति**= एकरस रूपको जान भन्नु हो, **यथा**= जस्तै, **यस्मिन् देवदत्तः आस्ते**= जसमा देवदत्त बसेको छ, **तत् आनय इति उक्ते**= त्यो लिएर आउ, भनेमा; **आसनम् एव आनयति** = आसनमात्र ल्याउँछ, **देवदत्तम्** = बस्नेवाला देवदत्तलाई ल्याउँदैन, **तद्वत्** = त्यस्तै, **आयतनभूतस्य एकरसस्य आत्मनः एव** = आधारभूत एकरस आत्माको मात्र, **विज्ञेयत्वम् उपदिश्यते** = जान्नु पर्ने भनेर उपदेश गरिन्छ ।

विशदीकरण

यहाँ, जस्तो वृक्ष एक भए पनि हाँगा, बिंगा जरा इत्यादि अनेकरूपको भनिन्छ, त्यस्तै आत्मा पनि अनेक रस र विचित्ररूपको होला भन्ने शङ्का हुन्छ । उक्त शङ्का हटाउन 'त्यो एकमात्र आत्मालाई जान' भनी निर्धारणपूर्वक भनिन्छ ।

भनाइको तात्पर्य विचित्र रूपको प्रपञ्च विशिष्टआत्मालाई जान भनेको होइन । अपितु प्रपञ्च चाहिं अविद्याबाट भएको हुनाले ज्ञानद्वारा त्यसको प्रविलापन (निरसन) गरेर त्यस प्रपञ्चको आधार भएको एकरस आत्मालाई जान भन्नु नै तात्पर्य हो । जस्तै- 'देवदत्त जे मा बसेको छ, त्यो ल्याउ' भनेमा देवदत्त बसेको आसन मात्र लिइन्छ, देवदत्तलाई लिइँदैन । त्यस्तै यहाँ पनि प्रपञ्चको आयतन भएको आत्माको मात्र विज्ञेयरूपले उपदेश गरिन्छ ।

शाङ्करभाष्यम्

विकारानृताभिसन्धस्य चापवादः श्रूयते । **'मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति'** (का० २/४/११) इति । सर्वं ब्रह्मेति तु सामानाधिकरण्यं प्रपञ्चविलापनार्थम्, नानेकरसताप्रतिपादनार्थम् । **'स यथा सैन्धवघनोऽन्तरोऽबाह्यःकृत्स्नो रसघन एवैवं वा अरेऽयमात्माऽनन्तरोऽबाह्यः कृत्स्नः प्रज्ञानघन एव'** (बृ० ४/५/१३) इत्येकरसताश्रवणात् । तस्माद् द्युभ्वाद्यायतनं परं ब्रह्म । यत्तूक्तम्, सेतुश्रुतेः सेतोश्च पारवत्त्वोपपत्तेर्ब्रह्मणोऽर्थान्तरेण द्युभ्वाद्यायतनेन भवितव्यमिति । अत्रोच्यते - विधारणत्वमात्रमत्र सेतुश्रुत्या विवक्ष्यते न पारवत्त्वादि। नहि मृद्दारुमयो लोके सेतुर्दृष्ट इत्यत्रापि मृद्दारुमय एव सेतुरभ्युपगम्यते । सेतुशब्दार्थोऽपि विधारणत्वमात्रमेव न पारवत्वादि, षिञोबन्धनकर्मणः सेतुशब्दव्युत्पत्तेः । अपर आह- **'तमेवैकं जानथ आत्मानम्'** इति यदेतत्सङ्कीर्तितमात्मज्ञानम्, यच्चैतत् **'अन्या वाचो विमुञ्चथ'** इति वाग्विमोचनम्, तदत्रामृतत्वसाधनत्वात् **'अमृतस्यैष सेतुः'** इति सेतुश्रुत्या सङ्कीर्त्यते, न तु द्युभ्वाद्यायतनम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र यदुक्तं सेतुश्रुतेर्ब्रह्मणोऽर्थान्तरेण द्युभ्वाद्यायतनेन भाव्यमित्येतदयुक्तम् ।।१।।

नेपालीभाषानुवाद

च = फेरि, **विकारानृताभिसन्धस्य** = विकाररूप मिथ्याकल्पितमा अभिमान हुनेको विषयमा, **अपवादः श्रूयते** = अपवाद सुनिन्छ जस्तै, **सः** = त्यो मिथ्याभिमानी पुरुष, **मृत्योः** = मृत्युदेखि, **मृत्युम् आप्नोति** = मृत्युमा नै प्राप्त हुन्छ, **यः** = जो कि, **इह** = यहाँ आत्मामा, **नाना पश्यति इति** = भेद तथा अनेक रूप संसार देख्दछ भन्ने, **सर्वं ब्रह्म इति सामानाधिकरण्यम्** = सबै ब्रह्म हो भन्ने सामानाधिकरण्य त, **प्रपञ्चविलापनार्थम्** = प्रपञ्चको निरसन निमित्त हो, **अनेकरसताप्रतिपादनार्थं न** = अनेक रसवाला भन्ने कुरा प्रतिपादन गर्ने होइन, **यथा** = जस्तै, **सः सैन्धवघनः**= सैन्धवको कसाउपन, **अनन्तरः अबाह्यः** = भित्र बाहिर भन्ने दुवै नभएको, **कृत्स्नः रसघनः एव** = सबै रसको घनत्वमात्र छ, **वा** = निश्चित पक्षान्तर, **एवम्** = यस्तै, **अरे** = सम्बोधन, **अयम् आत्मा** = यो आत्मा, **अनन्तरः अबाह्यः** = भित्र र बाहिर नभएको, **कृत्स्नः प्रज्ञानघनः एव** = सम्पूर्ण प्रज्ञान घन मात्र छ भन्ने, **इति एकरसता-श्रवणात्** = यस प्रकार एकरस भएको भन्ने सुनिएबाट, **तस्मात्** = त्यसो हुनाले, **द्युभ्वाद्यायतनम्** = द्युलोक र पृथ्वी आदिको आयतन, **परं ब्रह्म** = पर ब्रह्म नै हो, **यत् तु** = जो कि, **सेतुश्रुतेः** = सेतु भन्ने सुनिएको र, **सेतोः पारवत्त्वोपपत्तेः च** = सेतुको पारवाला हुने कुरा सिद्ध हुनाले पनि, **ब्रह्मणः अर्थान्तरेण** = ब्रह्म बाहेक कुनै अर्को वस्तु, **द्युभ्वाद्यायतनेन** = द्युलोक र पृथ्वी आदिको आयतन, **भवितव्यम् इति** = हुनुपर्छ भन्ने, **उक्तम्** = पूर्वपक्षरूपमा भनियो, **अत्र उच्यते** = यो विषयमा भनिन्छ, **अत्र** = यहाँ, **सेतुश्रुत्या** = सेतु भन्ने श्रुतिले, **विधारणत्वमात्रं विवक्ष्यते**= विधारण गर्ने कुरामात्र भनिन्छ, **पारवत्त्वादि न** = पारवाला हुने कुरा भनिदैन, **हि** = निश्चय नै, **लोके** = लोकमा, **मृद्दारुमयः सेतुः दृष्टः इति** = माटो र काठ प्रचुर भएको पुल देखियो भनेर, **अत्र अपि** = यहाँ आत्मामा पनि, **मृद्दारुमयः एव सेतुः न अभ्युपगम्यते** = माटो र काठ प्रचुर भएको नै पुल यहाँ मानिदैन, **सेतुशब्दार्थः अपि** = सेतु शब्दको अर्थ पनि, **विधारणत्वमात्रम् एव** = विधारण गर्नु मात्र हो, परन्तु; **पारवत्त्वादि न** = पारवाला हुने कुरा होइन, किनकि; **बन्धनकर्मणः षिञः सेतुशब्दव्युत्पत्तेः** = बन्धनार्थक षिञ् धातुबाट सेतु शब्द बन्ने हुनाले, **अपरःआह**= अरू कुनै व्याख्याकार भन्दछन्, **तम् एव एकम् आत्मानं जानथ इति** = त्यही मात्र एक आत्मालाई जान भन्ने, **यत् एतत्, आत्मज्ञानं सङ्कीर्तितम्** = जुन यो आत्मज्ञान बताइयो र, **यत् च एतत्** = फेरि जुन यो, **अन्याः वाचः विमुञ्चथ इति वाग्विमोचनम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू वाग्व्यवहार छोड भनेर मौन हुने कुरा बताइयो, **तत्** = त्यो, **अत्र** = यहाँ, **अमृतत्वसाधनत्वात्** = अमृतत्वको साधन हुनाले, **अमृतस्य एषः सेतुः इति** = अमृतको यो सेतु हो भनेर, **सेतुश्रुत्या सङ्कीर्त्यते** = सेतु भन्ने श्रुतिद्वारा भनिन्छ, **द्युभ्वाद्यायतनं तु न** = द्यु, भू आदिको आयतनलाई त होइन, **तत्र** = त्यहाँ, त्यसमा, **सेतुश्रुतेः** = सेतु भन्ने श्रुति हुनाले, **ब्रह्मणः अर्थान्तरेण**= ब्रह्म बाहेकको कुनै वस्तु नै, **द्युभ्वाद्यायतनेन भाव्यम् इति** = द्युलोक र पृथ्वी आदिको आयतन हुनुपर्छ भनेर, **यत् उक्तम्** = जो भनियो, **तत् अयुक्तम्** = त्यो ठीक छैन ।

विशदीकरण

'विकार र मिथ्याकल्पित प्रपञ्चमा अभिमान गर्ने लाई लक्ष्य गरेर त्यो पुरुष मृत्युबाट मृत्युमा नै प्राप्त हुन्छ' भनेर अपवाद सुनिएको आयतनरूप आत्माको ज्ञानमा आयतनवालाको कुनै आवश्यकता छैन र एकमात्र आत्मा लिइन्छ । सबै ब्रह्म हो भनेर सामानाधिकरण्य भए पनि त्यो सामानाधिकरण्य प्रपञ्च हटाई ब्रह्मलाई मात्र लिनका निमित्त हो, आत्मामा अनेकरसता देखाउन होइन । जस्तो- पानीमा मिलेको नून भित्र बाहिर कुनै रूप नभएको रसघन मात्र हुन्छ । 'आत्मामा पनि भित्र बाहिरको कुनै रूपरेखा छैन, आत्मा केवल ज्ञानघन मात्र छ' भन्ने इत्यादि श्रुतिमा एकरसले बताएकोबाट प्रपञ्चनिरसन निमित्तको सामानाधिकरण्य हो भन्ने स्पष्ट बुझिन्छ र द्युभ्वाद्यायतन भनेको ब्रह्म नै हो ।

सेतु भनेर बताएकोमा पारवाला वस्तु नै सेतु भनिन्छ र द्युभ्वाद्यायतन भनेको पार नभएको ब्रह्मबाहेकको कुनै अर्को वस्तु हुनुपर्छ भन्ने इत्यादि शङ्का हुन्छ । यसमा भनिन्छ- सेतु भन्नाले विधारण गर्नुलाई लिएर भनेको हो पारवाला भन्ने अभिप्रायले सेतु शब्द होइन। अन्यथा सेतु माटो काठ आदिको हुन्छ र द्युभ्वाद्यायतन पनि माटो काठको हुनुपर्छ भनेर भन्न हुँदैन त्यस्तै यहाँ पनि हो । किनभने बन्धनार्थक षिञ् धातुबाट सेतु शब्द बनेको छ ।

यहाँ कुनै व्याख्याकारको भनाइ छ- 'त्यही मात्र एक आत्मालाई जान भनेर आत्मज्ञान बताउनु र अरू फोस्रा कुरा छाड' भनेर बोली त्याग गर्ने कुरा बताई ब्रह्म अमृतको साधन हुनाले त्यसलाई अमृतको सेतु भनेको हो, द्युभ्वाद्यायतनलाई लिएको होइन । तसर्थ ब्रह्म बाहेक अरू कुनै वस्तु द्युभ्वाद्यायतन हो भन्नु नितान्त अनपयुक्त छ ॥१॥

ब्रह्मसूत्रम् - मुक्तोपसृप्यव्यपदेशात्   १/३/२

सूत्रार्थ - **मुक्तोपसृप्यव्यपदेशात्** = मुक्तात्माहरूको गम्य भनेर उपदेश गरेकोले द्युभ्वाद्यायतन भनेको ब्रह्म हो ।

शाङ्करभाष्यम्

इतश्च परमेव ब्रह्म द्युभ्वाद्यायतनम् । यस्मान्मुक्तोपसृप्यतास्य व्यपदिश्यमाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्यते । मुक्तैरुपसृप्यं मुक्तोपसृप्यम् । देहादिष्वनात्मस्वहमस्मीत्यात्मबुद्धिरविद्या, ततस्तत्पूजनादौ रागस्तत्परिभवादौ द्वेषस्तदुच्छेददर्शनाद् भयं मोहश्चेत्येवमयमनन्त-भेदोऽनर्थव्रातः संततः सर्वेषां नः प्रत्यक्षः । तद्विपर्ययेणाविद्यारागद्वेषादिदोषमुक्तै-रूपसृप्यं गम्यमेतदिति द्युभ्वाद्यायतनं प्रकृत्य व्यपदिश्यते । कथम् ?

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ।। (मु० २/२/८)

इत्युक्त्वा ब्रवीति - '**तथा विद्वान् नामरूपाद् विमुक्तः परात्परं पुरुषमुपैति दिव्यम्**' (मु० ३/२/८) इति ।

नेपालीभाषानुवाद

इतः च = अभै पनि, **परम् एव ब्रह्म द्युभ्वाद्यायतनम्** = परब्रह्म नै द्युभ्वाद्यायतन हो, **यस्मात्** = जसबाट किनकि, **अस्य** = द्युभ्वाद्यायतनको, **मुक्तोपसृप्यता** = मुक्तात्माहरूको गम्य भन्ने कुरा, **व्यपदिश्यमाना दृश्यते** = बताइएको देखिन्छ, **मुक्तैः उपसृप्यं मुक्तोपसृप्यम्** = मुक्तहरूद्वारा गम्य मुक्तोपसृप्य हो, **अनात्मसु देहादिषु** = आत्मभिन्न शरीर आदिमा, **अहम् अस्मि इति** = म हूँ (छु) भन्ने, **आत्मबुद्धिः** = आत्मबुद्धि, **अविद्या** = अविद्या (अज्ञान) हो र, **ततः** = अनि, **तत्पूजनादौ रागः** = त्यो शरीर आदिको सम्मानमा राग, **तत्परिभवादौ द्वेषः**= शरीरको निन्दा तिरस्कार आदिमा द्वेष र, **तदुच्छेददर्शनात् भयम्** = त्यसको (शरीर) को विनाश देख्नु (सोच्नु) बाट डर हुनु, **मोहः च** = मोह हुनु पनि, **इति एवम्** = यसप्रकारको, **अयम्** = यो, **अनन्तभेदः** = अनन्त प्रकारको, **अनर्थव्रातः संततः** = फैलिएको अनर्थ समूह, **सर्वेषां नः प्रत्यक्षः** = सबै हामीहरूको दृष्टिमा प्रत्यक्ष नै छ, **तद्विपर्ययेण** = त्यसको उल्टो रूपले, **अविद्यारागद्वेषादिदोषमुक्तैः** = अविद्या राग द्वेष आदि दोषबाट छुटेका पुरुषहरूद्वारा, **एतत्** = यो परब्रह्म, **उपसृप्यम् गम्यम्** = उपसृप्य भनेको गम्य (अन्तिम) प्राप्तिस्थान हो भन्ने, **इति** = यस हेतुले, **द्युभ्वाद्यायतनं प्रकृत्य** = द्युभ्वाद्यायतनलाई उठान गरेर, **व्यपदेशः भवति** = उपदेश हुन्छ (गरिन्छ); **कथम्** = कसरी त , **हृदयग्रन्थिः भिद्यते** = हृदयको वासनारूप गाँठो फुस्कन्छ, **सर्वसंशयाः छिद्यन्ते**= सबै शङ्काहरू नाश हुन्छन् कहिले त, **परावरे तस्मिन् दृष्टे** = पर र अपररूप त्यो परमेश्वरलाई जाने (चिने) पछि, **च** = फेरि, **अस्य कर्माणि क्षीयन्ते इति** = राग आदि दोषबाट छुटेका पुरुषको तीनै किसिमका कर्म नाश हुन्छन् भन्ने, **उक्त्वा** = भनेर बताएर, **ब्रवीति** = भन्छन्, बताउँछन् जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि, **तथा** = त्यसप्रकार, **विद्वान्** = आत्मवेत्ता पुरुष, **नामरूपात् विमुक्तः** = नामरूप संसारबाट छुटेर, **परात्परं दिव्यं पुरुषम् उपैति इति** = अव्यक्त भन्दा पनि परको दिव्य पुरुषमा प्राप्त हुन्छ भन्ने ।

विशदीकरण

मुक्तात्मा पुरुषहरूको गम्यरूपले बताएकोले द्युलोक र पृथ्वी आदिको आयतन भनेको ब्रह्म नै हो भन्ने सूत्राशय हो । मुक्त पुरुषहरूको गम्यरूपले उपदेश गरिएकोबाट पनि द्युभ्वाद्यायतन भनेको ब्रह्म हो । मुक्तहरूको गम्य हुनाले मुक्तोपसृप्य भनेको हो । शरीर आदि अनात्म वस्तुमा 'म हूँ, मेरो हो भनेर आत्मबुद्धि गर्नु अविद्या हो । त्यसको सम्मान आदिमा हुने राग, निन्दा आदिमा हुने द्वेष र शरीरको विनाश देखेर हुने डर हो, मोह हो' इत्यादि रूपको अनन्त प्रकारको फैलिएको अनर्थसमूह हाम्रो प्रत्यक्ष नै छ ।

त्यसको विपरीत ती सबै दोषहरूबाट छुटेका महापुरुषहरूको गम्य (अन्तिम प्राप्तिस्थान) भनेर नै यो द्युभ्वाद्यायतनलाई उठान गरेर उपदेश गरिन्छ । यसका हृदयका कर्मरूप गाँठाहरू फुस्कन्छन्, सबै शङ्काहरू नाश हुन्छन्, यस मुक्तात्माका सबै कर्म नाश हुन्छन् भनिएको छ । कहिले त ? भन्ने प्रश्नमा- परावररूप त्यो परमेश्वरलाई जाने (चिने) पछि, इत्यादि उत्तर दिएर फेरि भन्छन्- त्यसप्रकार आत्मवेत्ता पुरुष नामरूपात्मक संसारबाट छुटेर अव्यक्तभन्दा परको दिव्य पुरुषमा प्राप्त हुन्छ ।

शाङ्करभाष्यम्

ब्रह्मणश्च मुक्तोपसृप्यत्वं प्रसिद्धं शास्त्रे-

यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि स्थिताः ।

अथ मर्त्योऽमृतो भवत्यत्र ब्रह्म समश्नुते ।। (बृ० ४/४/७) इत्येवमादौ। प्रधानादीनां तु न क्वचिन्मुक्तोपसृप्यत्वमस्ति प्रसिद्धम्। अपि च '**तमेवैकं जानथ आत्मानमन्या वाचो विमुञ्चथामृतस्यैष सेतुः**' इति वाग्विमोकपूर्वकं विज्ञेयत्व-मिह द्युभ्वाद्यायतनस्योच्यते । तच्च श्रुत्यन्तरे ब्रह्मणो दृष्टम् -

तमेव धीरो विज्ञाय प्रज्ञां कुर्वीत ब्राह्मणः ।

नानुध्यायाद् बहून् शब्दान्वाचो विग्लापनं हि तत् ।। (बृ. ४/४/२१) इति । तस्मादपि द्युभ्वाद्यायतनं परं ब्रह्म ।।२।।

नेपालीभाषानुवाद

ब्रह्मणः = ब्रह्मको, **मुक्तोपसृप्यत्वं च** = मुक्तात्माहरूको गम्य हुने कुरा पनि, **शास्त्रे प्रसिद्धम्** = शास्त्रमा प्रसिद्ध छ जस्तै, **यदा सर्वे कामाः प्रमुच्यन्ते** = जुन बखत सबै इच्छाहरू छुट्दछन्, **ये अस्य हृदि स्थिताः** = जो कि यस पुरुषका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयमा थिए, **अथ** = अनि (इच्छा हटेपछि), **मर्त्यः** = मानिस (पुरुष); **अमृतः भवति** = मुक्त हुन्छ, **अत्र ब्रह्म समश्नुते** = यहाँ ब्रह्म प्राप्त गर्दछ भन्ने, **इत्येवम् आदौ** = इत्यादिमा, **प्रधानादीनां तु** = प्रधान आदिको त, **क्वचित्** = कहीं पनि, **मुक्तोसृप्यत्वं प्रसिद्धं न अस्ति** = मुक्तात्माको गम्य हुने कुरा प्रसिद्ध छैन, **अपि च**= फेरि, **तम् एव एकम् आत्मानम्** = त्यही एउटा आत्मालाई, **जानथ** = जान, **अन्याः वाचः विमुञ्चथ** = अरू वचनलाई छोड, **एषः अमृतस्य सेतुः इति** = यो आत्मा अमृतको सेतु हो भनेर, **वाग्विमोकपूर्वकम्** = वचन त्यागनुको साथै, **इह**= यहाँ, **अस्य** = यो, **द्युभ्वाद्यायतनस्य** = द्युभ्वाद्यायतन भनिएकाको, **विज्ञेयत्वम् उच्यते** = जान्नु (भन्नु) पर्ने कुरा, **उच्यते** = भनिन्छ, **तच्च** = त्यो पनि, **श्रुत्यन्तरे**= अर्को श्रुतिमा, **ब्रह्मणः दृष्टम्** = ब्रह्मको नै देखिएको छ जस्तै, **धीरः ब्राह्मणः** = धीर ब्राह्मण, **तमेव विज्ञाय** = त्यस आत्मालाई नै जानेर, **प्रज्ञां कुर्वीत** = वाक्यार्थ बुद्धि गरोस्, **बहून् शब्दान् न अनुध्यायात्** = धेरै शब्दको चिन्तन नगरोस् किनकि, **तत्** = त्यो, **हि** = निश्चय नै, **वाचः विग्लापनम् इति** = वचनको प्रयास दिने मात्र हो भन्ने, **तस्मात् अपि** = त्यसकारणबाट पनि, **द्युभ्वाद्यायतनम्** = द्युभ्वाद्यायतन भनेको, **परं ब्रह्म** = परब्रह्म हो ।

विशदीकरण

ब्रह्म मुक्तात्माको गम्य हुने कुरा पनि जब पुरुषका हृदयमा भएका विषय कामना छुट्दछन्, अनि 'त्यो मुक्त हुन्छ र यही संसारमा नै ब्रह्म प्राप्त गर्छ (जीवन्मुक्त हुन्छ)' भन्ने इत्यादि शास्त्रमा प्रसिद्ध छ। परन्तु प्रधान आदिको भने मुक्तात्माको गम्य हुने कुरा कहीं प्रसिद्ध छैन । फेरि 'त्यही एक आत्मामात्रलाई जान' इत्यादिमा वाग्विमोचनपूर्वक जान्नुपर्ने कुरा पनि द्युभ्वाद्यायतनकै लागि मात्र बताइन्छ ।

'विद्वान् धीर ब्राह्मणले त्यस परमात्मालाई जानेर वाक्यार्थ बुद्धि गरोस्, धेरै शब्दको चिन्तन नगरोस्' इत्यादि भनिएको छ। यसबाट पनि द्युभ्वाद्यायतन भनेको परब्रह्म नै हो।।२।।

ब्रह्मसूत्रम् - नानुमानमतच्छब्दात् १/३/३

सूत्रार्थ - **अतच्छब्दात्** = प्रधानलाई बताउने कुनै शब्द नहुनाले, **अनुमानम् न**= साङ्ख्यस्मृतिले कल्पना गरेको प्रधान द्युभ्वाद्यायतन होइन ।

शाङ्करभाष्यम्

यथा ब्रह्मणः प्रतिपादको वैशेषिको हेतुरुक्तो नैवमर्थान्तरस्य वैशेषिको हेतुः प्रतिपादकोऽस्तीत्याह। नानुमानिकं सांख्यस्मृतिपरिकल्पितं प्रधानं द्युभ्वा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्यायतनत्वेन प्रतिपत्तव्यम् । कस्मात् ? अतच्छब्दात् । तस्याचेतनस्य प्रधानस्य प्रतिपादकः शब्दस्तच्छब्दः, न तच्छब्दोऽतच्छब्दः । न ह्यत्राचेतनप्रधानस्य प्रतिपादकः कश्चिच्छब्दोऽस्ति, येनाचेतनं प्रधानं कारणत्वेनायतनत्वेन वाऽवगम्येत। तद्विपरीतस्य चेतनस्य प्रतिपादकशब्दोऽत्रास्ति– 'यः सर्वज्ञः सर्ववित्' (मु० १/१/९) इत्यादि । अत एव न वायुरपीह द्युभ्वाद्यायतनत्वेनाश्रीयते ।।३।।

नेपालीभाषानुवाद

यथा = जस्तै, **ब्रह्मणः प्रतिपादकः** = ब्रह्मको प्रतिपादन गर्ने, **वैशेषिकः हेतुः उक्तः** = विशेषरूपको कारण बताइयो, **एवम्** = यस्तै, **अर्थान्तरस्य प्रतिपादकः**= ब्रह्मबाहेक अर्को वस्तु बताउने, **वैशेषिकः हेतुः** = विशेषकारण, **न अस्ति इति** = छैन भन्ने कुरा, **आह** = सूत्रकार भन्दछन् कि, **आनुमानिकं साङ्ख्यस्मृतिपरिकल्पितम्**= अनुमानबाट ठम्याएको अर्थात् साङ्ख्यकल्पित, **प्रधानम्** = प्रधान, **इह** = यहाँ, **द्युभ्वाद्यायतनत्वेन** = द्युभ्वाद्यायतन भनेर, **न प्रतिपत्तव्यम्** = जान्नु (मान्नु) योग्य छैन, **कस्मात्** = केबाट, **अतच्छब्दात्** = प्रधानलाई बताउने शब्द नहुनाले, **तस्य अचेतनस्य प्रधानस्य प्रतिपादकः शब्दः तच्छब्दः** = त्यो अचेतन प्रधानलाई बताउन शब्द तत् शब्द हो, **न तच्छब्दः अतच्छब्दः** = तत् शब्द नभएकोलाई अतत् शब्द भनिन्छ, **हि अत्र** = निश्चय नै यहाँ, **अचेतनस्य प्रधानस्य प्रतिपादकः** = अचेतन प्रधानलाई बताउने, **कश्चित् शब्दः न अस्ति** = कुनै शब्द छैन, **येन** = जुनद्वारा, **अचेतनं प्रधानम्**= अचेतन प्रधान, **कारणत्वेन आयतनत्वेन वा अवगम्यते**= कारणरूपले आयतनरूपले जानियोस्, **अत्र**= यहाँ यो वाक्यमा, **तद्विपरीतस्य चेतनस्य प्रतिपादक शब्दः** = उसको विपरीत चेतनलाई बताउने शब्द, **अस्ति** = छ जस्तै, **यः सर्वज्ञःसर्ववित्** = जुन सर्वज्ञ र सर्ववित् भन्ने, **इत्यादिः** = इत्यादि, **अतः एव**= यसकारणबाट, **वायुः अपि इह** = वायु पनि यहाँ, **द्युभ्वाद्यायतनत्वेन** = द्युभ्वाद्यायतन रूपले, **न आश्रीयते** = लिइँदैन ।

विशदीकरण

प्रधानलाई बताउने कुनै शब्द यस वाक्यमा नहुनाले साङ्ख्यले अनुमानद्वारा कल्पना गरेको अचेतन प्रधान द्युभ्वाद्यायतन होइन भन्ने सूत्रको आशय हो । जस्तो ब्रह्मलाई बताउने विशेष कारण बताइयो, त्यस्तो ब्रह्म बाहेक अरूलाई बताउनु पर्ने यो वाक्यमा विशेष कारण कुनै पनि छैन भन्ने अभिप्रायबाट सूत्रकार भन्नुहुन्छ– अनुमानले ठम्याएको साङ्ख्यकल्पित प्रधानलाई यहाँ कारण तथा द्युभ्वाद्यायतन भन्न (मान्न) सकिंदैन र त्यसलाई यहाँ लिन पनि हुँदैन, किनभने त्यसलाई बताउने शब्द छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय रूपमा नै अचेतन प्रधानको वाचक कुनै शब्द छैन जसबाट अचेतनप्रधानलाई कारण र आयतन भनेर मान्न सकियोस् । बरु उसको विपरीत चेतनलाई बताउने 'जो सर्वज्ञ र सर्ववेत्ता छ' भन्ने शब्द छ । यसै कारणबाट नै द्युभ्वाद्यायतन भनेर वायुलाई पनि भन्न सकिंदैन ।

ब्रह्मसूत्रम् - प्राणभृच्च १/३/४

सूत्रार्थ - प्राणभृत् च = प्राणधारी जीव पनि द्युभ्वाद्यायतन होइन, किनकि त्यसको प्रतिपादक कुनै शब्द छैन ।

शाङ्करभाष्यम्

यद्यपि प्राणभृतो विज्ञानात्मन आत्मत्वं चेतनत्वं च संभवति, तथाप्युपाधि-परिच्छिन्नज्ञानस्य सर्वज्ञत्वाद्यसंभवे सत्यस्मादेवातच्छब्दात्प्राणभृदपि न द्युभ्वाद्या-यतनत्वेनाश्रयितव्यः। न चोपाधिपारिच्छिन्नस्याविभोः प्राणभृतो द्युभ्वाद्यायतनत्वमपि सम्यक् संभवति । पृथग्योगकरणमुत्तरार्थम् ।।४।।

नेपालीभाषानुवाद

यत् अपि = हुन त, **प्राणभृतः विज्ञानात्मनः** = प्राणधारी विज्ञानात्मा (जीव) को, **आत्मत्वं चेतनत्वं च संभवति** = आत्मत्व र चेतनत्व हुनसक्दछ, **तथापि** = तापनि, **उपाधिपरिच्छिन्नज्ञानस्य** = उपाधिद्वारा संकुचित ज्ञानवाला जीवको, **सर्वज्ञत्वाद्यसंभवे सति** = सर्वज्ञता असंभव छ र त्यस्तो भएमा, **अस्मात् एव अतच्छब्दात्** = यही अतत् शब्दबाट नै, **प्राणभृत् अपि** = जीव पनि, **द्युभ्वाद्यायतनत्वेन न आश्रयितव्यः** = द्युभ्वाद्यायतन भनेर लिनु योग्य छैन, **च** = फेरि, **उपाधिपरिच्छिन्नस्य अविभोः प्राणभृतः** = उपाधिद्वारा संकुचित र अव्यापक जीवको, **द्युभ्वाद्यायतनत्वम् अपि** = द्युभ्वाद्यायतनत्व पनि, **सम्यक् न संभवति**= राम्रोसँग हुन सक्तैन, **पृथक् योगकरणम् उत्तरार्थम्** = अलग सूत्र लेख्नु उत्तरनिमित्त छ ।

विशदीकरण

प्राणधारी जीव पनि द्युभ्वाद्यायतन होइन भन्ने सूत्रको आशय हो । प्राणधारी जीव पनि आत्मा र चेतन त हुनसक्दछ तापनि उपाधिद्वारा संकुचित ज्ञानवाला हुनाले सर्वज्ञ हुनसक्दैन । जीव परिच्छिन्न भएकाले र व्यापक नभएकाले अतत् शब्दरूप कारणबाट द्युभ्वाद्यायतन हुनसक्दैन । यहाँ **'नानुमान-मतच्छब्दात्प्राणभृच्च'** भनेर सूत्र लेख्नु पर्नेमा **'प्राणभृच्च'** भनेर छुट्टै सूत्र लेखेको छुट्टै उत्तरका निमित्त हो ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम् - कुतश्च न प्राणभृद् द्युभ्वाद्यायतनत्वेनाश्रयितव्यः ?

नेपालीभाषानुवाद - **च** = फेरि, **प्राणभृत्** = जीव, **द्युभ्वाद्यायतनत्वेन** = द्युभ्वाद्यायतनरूपले, **कुतः न आश्रयितव्यः** = के बाट लिन (मात्र) योग्य छैन ?

ब्रह्मसूत्रम् - **भेदव्यपदेशात्   १/३/५**

सूत्रार्थ - **भेदव्यपदेशात्** = भेद बताएको बाट, द्युभ्वाद्यायतन भनेर जीव लिनु योग्य छैन ।

शाङ्करभाष्यम्

भेदव्यपदेशश्चेह भवति- **'तमेवैकं जानथ आत्मानम्'** इति ज्ञेयज्ञातृभावेन। तत्र प्राणभृत्तावन्मुमुक्षुत्वाज्ज्ञाता, परिशेषादात्मशब्दवाच्यं ब्रह्म ज्ञेयं द्युभ्वाद्यायतनमिति गम्यते न प्राणभृत् ।।५।।

नेपालीभाषानुवाद

च = फेरि, **इह** = यहाँ, **भेदव्यपदेशः** = भेदको कथन हुन्छ, जस्तै, **तम् एव एकम् आत्मानं जानथ** = त्यही मात्र एउटा आत्मालाई जान, भन्ने; **इति** = यसरूपले, **ज्ञेयज्ञातृभावेन** = ज्ञेय (जान्नु योग्य) र ज्ञाता (जान्ने वाला) को भावद्वारा, **तत्र** = त्यहाँ, त्यसमा; **तावत्**= पहिले, **प्राणभृत्**= जीव चाहिं, **मुमुक्षुत्वात् ज्ञाता**= मोक्षको इच्छुक हुनाले ज्ञाता, हो; **परिशेषात्** = अन्तिम निष्कर्षबाट, **आत्मशब्दवाच्यं ब्रह्म** = आत्मशब्दले भनिने ब्रह्म, **ज्ञेयम्** = ज्ञेय (जान्नुपर्ने) हो र, **द्युभ्वाद्यायतनम् इति** = द्युभ्वाद्यायतन भनेर, **गम्यते** = बुझिन्छ, **प्राणभृत्** = जीव, **न** = बुझिंदैन ।

विशदीकरण

पुनश्च के कारणले जीवलाई द्युभ्वाद्यायतन नमान्ने ? भन्ने शङ्का भएमा सूत्रकार भन्नुहुन्छ - **'भेदव्यपदेशात्'** अर्थात् भेद देखाएकोले जीव द्युभ्वाद्यायतन भनिंदैन । यहाँ 'त्यही मात्र एक आत्मालाई जान' भनेर भेद कथन गरेको देखिन्छ । त्यसमा पनि मुक्त हुन खोज्ने जीव ज्ञाता (जान्ने) र निष्कर्षबाट आत्मा भनिने ब्रह्म चाहीं ज्ञेय (जान्नु पर्ने) भनेर भेद देखाएको कारणबाट जीव ज्ञाता हुन्छ । ज्ञेय भनिने ब्रह्म नै द्युभ्वाद्यायतन हो, परन्तु जीव द्युभ्वाद्यायतन होइन ।।५।।

शाङ्करभाष्यम् - कुतश्च न प्राणभृद् द्युभ्वाद्यायतनत्वेनाश्रयितव्यः ?

नेपालीभाषानुवाद - **प्राणभृत्** = जीव, **च** = फेरि, **द्युभ्वाद्यायतनत्वेन** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्युभ्वाद्यायतनरूपले, **कुतः न आश्रयितव्यः** = केबाट लिनु वा मान्नु योग्य छैन ?

ब्रह्मसूत्रम् - प्रकरणात् १/३/६

सूत्रार्थ - प्रकरणात् = प्रकरणको बलबाट, जीव द्युभ्वाद्यायतनरूपले मान्नु योग्य छैन ।

शाङ्करभाष्यम्

प्रकरणं चेदं परमात्मनः । '**कस्मिन् नु भगवो विज्ञाते सर्वमिदं विज्ञातं भवति**' (मु० १/१/३) इत्येकविज्ञानेन सर्वविज्ञानापेक्षणात् । परमात्मनि हि सर्वात्मके विज्ञाते सर्वमिदं विज्ञातं स्यान्न केवले प्राणभृति ।।६।।

नेपालीभाषानुवाद

इदं प्रकरणं च = यो प्रकरण पनि, **परमात्मनः** = परमात्माको हो, जस्तै; **भगवः** = हे भगवन्, **नु** = निश्चय नै, **कस्मिन् विज्ञाते** = कसलाई जाने(चिने)मा, **इदं सर्वं विज्ञातं भवति**= यो सबै संसार जाने (चिने) को हुन्छ भन्ने, **इति** = यस्तो, **एकविज्ञानेन** = एक (परमात्मा) को ज्ञानले, **सर्वविज्ञानापेक्षणात्** = सबै जानिने कुराको अपेक्षा गरिएकोले, **हि** = निश्चय नै, **सर्वात्मके परमात्मनि** = सर्वरूपी परमात्मालाई, **विज्ञाते** = जाने (चिने) मा, **इदं सर्वं विज्ञातं स्यात्** = यो सबै जानिएको हुनसक्दछ, **केवले प्राणभृति न** = केवल जीवलाई जानेमा जानिंदैन ।

विशदीकरण

अझै पनि के कारणबाट द्युभ्वाद्यायतन भनेर जीवलाई नलिने ? भन्ने विषयमा सूत्रकार भन्नुहुन्छ- प्रकरणबाट । प्रकरणबाट विचार गरेमा पनि जीव द्युभ्वाद्यायतन हो भन्न मिल्दैन भन्ने सूत्राशय हो । वास्तविक विचारमा कुन एउटालाई जाने पछि यो सबै संसार जानिन्छ भनेर एकको विज्ञानबाट सर्वविज्ञानको आदेश गरेको देखिनाले, यो प्रकरण पनि परमात्माको नै रहेछ भन्ने स्पष्ट हुन आउँछ । फेरि एउटाको विज्ञानले सर्वविज्ञान हुने कुरा परमात्माको विषयमा मात्र हुन्छ । जीवको विषयमा हुन सक्दैन र यहाँ प्रकरणबाट पनि परमात्मा नै द्युभ्वाद्यायतन ठहर्दछ, जीव ठहर्दैन ।।६।।

शाङ्करभाष्यम् - कुतश्च न प्राणभृद् द्युभ्वाद्यातनत्वेनाश्रयितव्यः ?

नेपालीभाषानुवाद - प्राणभृत् = जीव, **च** = फेरि, अझै पनि, **द्युभ्वाद्यायतनत्वेन**= द्युभ्वाद्यायतनरूपले, **कुतः न आश्रयितव्यः** = के बाट लिन (मान्नु) योग्य छैन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - स्थित्यदनाभ्याञ्च १/३/७

सूत्रार्थ - स्थित्यदनाभ्याम् च = उदासीन रहनु र कर्मफल भोग्नु यी दुईबाट पनि द्युभ्वाद्यायतन जीव होइन, परमात्मा हो ।

शाङ्करभाष्यम्

द्युभ्वाद्यायतनं च प्रकृत्य **'द्वा सुपर्णा सयुजा सखाया'** (मु० ३/१/१) इत्यत्र स्थित्यदने निर्दिश्येते । **'तयोरन्यः पिप्पलं स्वाद्वत्ति'** इति कर्मफलाशनम्, **'अश्नन्नन्योऽभिचाकशीति'** इत्यौदासीन्येनावस्थानं च । ताभ्यां च स्थित्यदनाभ्यामीश्वरक्षेत्रज्ञौ तत्र गृह्येते । यदि चेश्वरो द्युभ्वाद्यायतनत्वेन विवक्षितस्ततस्तस्य प्रकृतस्येश्वरस्य क्षेत्रज्ञात् पृथग्वचनमवकल्पते । अन्यथा ह्यप्रकृतवचनमाकस्मिकमसंबद्धं स्यात् । ननु तवापि क्षेत्रज्ञस्येश्वरात्पृथग्वचनमाकस्मिकमेव प्रसज्येत । न, तस्याविवक्षितत्वात् । क्षेत्रज्ञो हि कर्तृत्वेन भोक्तृत्वेन च प्रतिशरीरं बुद्ध्याद्युपाधिसंबद्धो नासौ श्रुत्या तात्पर्येण विवक्ष्यते । ईश्वरस्तु लोकतोऽप्रसिद्धत्वाच्छ्रुत्या तात्पर्येण विवक्ष्यत इति न तस्याकस्मिकं वचनं युक्तम् । **'गुहां प्रविष्टावात्मानौ हि'** इत्यत्राप्येतद्दर्शितं **'द्वा सुपर्णा'** इत्यस्यामृचि, ईश्वरक्षेत्रज्ञावुच्येत इति ।

नेपालीभाषानुवाद

द्युभ्वाद्यायतनं प्रकृत्य च = द्युभ्वाद्यायतनलाई सुरुमा उठान गरेर पनि, **द्वा सुपर्णा सयुजा सखाया इति अत्र** = द्वा सुपर्णा इत्यादि ऋचामा, **स्थितिअदने निर्दिश्येते** = स्थिति र भोग देखाइन्छन्, **तयोः अन्यः पिप्पलं स्वादु अत्ति** = ती दुईमध्ये एउटा चाहीं कर्मफल चाखसँग खान्छ भने, **इति**= यसप्रकार, **कर्मफलाशनम्**= कर्मफलको भोग र, **अन्यः अनश्नन् अभिचाकशीति इति** = अर्को चाहिं कर्मफल नखाँदो तटस्थरूपमा रहन्छ भन्ने रूपबाट, **औदासीन्येन अवस्थानं च** = उदासीन रहन्छ भन्ने पनि, **ताभ्यां स्थित्यदनाभ्याम्** = ती तटस्थ रहनु र कर्मफल भोग्नु दुईले, **ईश्वरक्षेत्रज्ञौ तत्र गृह्येते** = ईश्वर र जीव हुन् भनेर त्यस वाक्यमा लिइन्छन्, **च** = फेरि, **यदि** = यदि, **ईश्वरः** = ईश्वर, **द्युभ्वाद्यायतनत्वेन विवक्षितः**= द्युभ्वाद्यायतनरूपले भन्न खोजियो भने, **ततः** = अनि, **प्रकृतस्य तस्य ईश्वरस्य** = उठान गरिएका त्यो ईश्वरको, **क्षेत्रज्ञात् पृथक् वचनम्** = क्षेत्रज्ञभन्दा अलग बताउनु, **अवकल्पते** = ठीक हुन (सुहाउँन) आउँछ, **अन्यथा** = त्यसो नभएमा, **हि** = निश्चय नै, **आकस्मिकम्** = आकस्मिक, **अप्रकृतवचनम्** = सुरु उठानलाई छोडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नु, **असम्बद्धं स्यात्** = पूर्वापर नमिल्दो हुन्छ, **ननु** = शङ्का, **तव अपि**= तिम्रो पक्षमा पनि, **क्षेत्रज्ञस्य** = क्षेत्रज्ञको, **ईश्वरात् पृथकवचनम्** = ईश्वरभन्दा अलग बताउनु, **आकस्मिकम् एव प्रसज्येत** = एक्कासी नै हुन आउँला भन्ने, **न** = यो हुँदैन, किनकि, **तस्य** = त्यो क्षेत्रज्ञको, **अविवक्षितत्वात्** = बताउने उद्देश्य नभएकोबाट, **हि** = निश्चय नै, **क्षेत्रज्ञः** = क्षेत्रज्ञ, **प्रतिशरीरम्** = शरीरै पिछे, **कर्तृत्वेन भोक्तृत्वेन च** = कर्तापन र भोक्तापनद्वारा, **बुद्ध्याद्युपाधिसंबद्धं** = बुद्धिआदि उपाधिमा रहेको भन्ने, **लोकतः एव** = लोकबाट नै, **प्रसिद्धः** = प्रसिद्ध छ र, **असौ** = यो क्षेत्रज्ञ, **श्रुत्या** = श्रुतिले, **तात्पर्येण**= त्यसैलाई बताउने लक्ष्यले, **न विवक्ष्यते**= भन्न खोजिंदैन, **ईश्वरः तु** = ईश्वर त, **लोकतः अप्रसिद्धत्वात्** = लोकबाट प्रसिद्ध नहुनाले, **श्रुत्या**= श्रुतिले, **तात्पर्येण** = तत्परत्व रूपले, **विवक्ष्यते** = भन्न खोजिन्छ (भनिन्छ) भन्ने; **इति**= यस हेतुले, **तस्य** = त्यो ईश्वरको (विषयमा), **आकस्मिकं वचनं न युक्तम्**= एक्कासीको भनाइ हो भन्नु ठीक छैन, **गुहां प्रविष्ठावात्मानौ हि इति** = गुहां प्रविष्टौ भन्ने, **अत्र अपि**= यो सूत्रमा पनि, **द्वा सुपर्णा इति अस्याम् ऋचि** = द्वा सुपर्णा भन्ने ऋचामा पनि, **ईश्वरक्षेत्रज्ञौ उच्येते** = ईश्वर र क्षेत्रज्ञ बताइन्छन् भन्ने, **एतत् दर्शितम्**= यो कुरा देखाइएको हो ।

विशदीकरण

जीवलाई द्युलोक र भूलोक आदिको आयतनरूपले किन नलिने भन्ने सम्बन्धमा उदासीन रहनु र कर्मफल भोग्नु यी दुई ईश्वर र जीवका कार्यविशेष बताइएकाले जीव द्यु भू आदिको आयतन हुनसक्दैन, त्यो त परमात्मामात्र हुनसक्छ भन्ने सूत्रको आशय हो ।

द्युभ्वाद्यायतनको विषयमा प्रारम्भमा उठान गरेर 'द्वा सुपर्णा' इत्यादि ऋचामा उदासीन स्थिति र भोग देखाइएका छन् । यसबाट तटस्थ वा उदासीन रहने परमेश्वर र कर्मफलको भोग गर्ने जीव हो कुरा स्पष्ट हुन्छ । ईश्वरलाई जीवभन्दा विशिष्ट देखाएको कारण नै त्यो द्युभ्वाद्यायतन हो ।

जीव र ईश्वरलाई यसरी छुट्याएर हेर्न मिल्दैन भनेर कसैले प्रश्न गरेमा हामी भन्छौं- जीव प्रतिशरीर भिन्न छ र सुख दुःखको भोक्ता छ भन्ने कुरा लोकप्रसिद्ध छ । ईश्वरलाई त्यसरूपमा लिइदैन, त्यसकारण जीवभन्दा ईश्वर विशिष्ट छ । श्रुतिले पनि जीवलाई तात्पर्यरूपमा बताइएको छैन । गुहाधिकरणमा पनि क्षेत्रज्ञ र ईश्वरको भेद बारे बताइसकिएको छ । त्यसकारण द्युभ्वाद्यायतन भनेको परमात्मा नै हो भन्ने कुरा ठहर हुन्छ ।

शाङ्करभाष्यम्

यदापि पैङ्ग्युपनिषत्कृतेन व्याख्यानेनास्यामृचि सत्त्वक्षेत्रज्ञावुच्येते, तदापि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न विरोधः कश्चित् । कथम् ? प्राणभृद्धीह घटादिच्छिद्रवत् सत्त्वाद्युपाधिष्वभिमानित्वेन प्रतिशरीरं गृह्यमाणो द्युभ्वाद्यायतनं न भवतीति निषिध्यते । यस्तु सर्वशरीरेषूपाधिभिर्विनोपलक्ष्यते, परमात्मैव स भवति । यथा घटादिच्छिद्राणि घटादिभिरुपाधिभिर्विनोपलक्ष्यमाणानि महाकाश एव भवन्ति, तदवत्प्राणभृतः परस्मादन्यत्वानुपपत्तेः प्रतिषेधो नोपपद्यते । तस्मात् सत्त्वाद्युपाध्यभिमानिन एव द्युभ्वाद्यायतनत्वप्रतिषेधः। तस्मात्परमेव ब्रह्म द्युभ्वाद्यायतनम् । तदेतत्, **'अदृश्यत्वादिगुणको धर्मोक्तेः'** इत्यनेनैव सिद्धम्, तस्यैव हि भूतयोनिवाक्यस्य मध्य इदं पठितम्- **'यस्मिन्द्यौः पृथिवी चान्तरिक्षम्'** इति । प्रपञ्चार्थं तु पुनरुपन्यस्तम् ।।७।।

नेपालीभाषानुवाद

यदा अपि = जुनबखत कि, **पैङ्ग्युपनिषत्कृतेन** = पैङ्गीरहस्योपनिषत्ले गरेका, **व्याख्यानेन** = व्याख्यानले, **अस्याम् ऋचि** = यो द्वा सुपर्णा ऋचामा, **सत्त्वक्षेत्रज्ञौ उच्यते** = बुद्धि र क्षेत्रज्ञ भनिन्छन्, **तदा अपि** = त्यस स्थितिमा पनि, **कश्चित् विरोधः न** = कुनै विरोध छैन, **हि** = निश्चय नै, **इह** = यहाँ, **प्राणभृत्** = जीव, **घटादिच्छिद्रवत्** = घट आदि छिद्र जस्तै, **सत्त्वाद्युपाध्यभिमानित्वेन** = बुद्धि आदि उपाधिको अभिमानी हुनाले, **प्रतिशरीरं गृह्यमाणः**= शरीरै पिच्छे जाने (बुझ्Ʌे)को छँदो, **द्युभ्वाद्यायतनं न भवति इति** = द्युभ्वाद्यायतन हुनसक्दैन भनेर, **निषिध्यते**= निषेध गरिन्छ, **यः तु** = जुन त, **सर्वशरीरेषु** = सबै शरीरमा, **उपाधिभिः विना** = उपाधिबाहेक, **उपलक्ष्यते** = प्रतीत हुन्छ, **सः** = त्यो, **परमात्मा एव भवति** = परमात्मा नै हुन्छ, **यथा** = जस्तै, **घटादिच्छिद्राणि** = घट आदिका छिद्रहरू, **घटादिभिः उपाधिभिः विना** = घट आदि उपाधिलाई छाडेर, **उपलक्ष्यमाणानि** = देखिएका, **महाकाशः एव भवन्ति** = महाकाश नै हुन्छन्, **तद्वत्**= त्यस्तै, **प्राणभृतः**= जीवको, **परस्मात् अन्यत्वानुपपत्तेः** = परमेश्वरभन्दा फरक सिद्ध नहुनाले, **प्रतिषेधः न उपपद्यते** = निषध सिद्ध हुन सक्दैन, **तस्मात्** = त्यस कारण, **सत्त्वाद्युपाध्यभिमानिनः एव**= बुद्धि आदि उपाधिमा अभिमान गर्नेको विषयमा मात्र, **द्युभ्वाद्यायतनप्रतिषेधः** = द्युभ्वाद्यायतन हुने कुराको निषेध हो, **तस्मात्** = त्यस कारणबाट, **परम् एव ब्रह्म द्युभ्वाद्यायतनम्**= परब्रह्म नै द्युभ्वाद्यायतन हो, **तत् एतत्** = त्यो यो कुरा, **अदृश्यत्वादिगुणकः धर्मोक्तेः** = अदृश्यत्वादि गुणवाला ब्रह्म हो, त्यसको धर्म बताएकोले, भन्ने; **इति अनेन एव सिद्धम्** = यही सूत्रले नै सिद्ध छ, **तस्य एव हि**= निश्चय त्यसको नै, **भूतयोनिवाक्यस्य मध्ये** = भूतयोनि भन्नेवाक्यका बीचमा, **इदं**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठितम् = यो पढिएको हो, जस्तै; **यस्मिन् द्यौः पृथिवी अन्तरिक्षं च** = जसमा द्युलोक पृथ्वी र आकाश भन्ने, **इति** = यसप्रकारले, **पुनः उपन्यस्तम् तु** = फेरि देखाइएको त, **प्रपञ्चार्थम्** = विस्तार निमित्त हो ।

विशदीकरण

यस विषयमा पनि पैङ्गी उपनिषत्‌ले गरेका व्याख्याअनुसार 'द्वा सुपर्णा' भनेर बुद्धि र क्षेत्रज्ञ भन्ने अर्थ गरेमा पनि कुनै विरोध छैन । किनभने घटाकाश जस्तै बुद्धिको अभिमान गर्ने हुनाले जीव प्रत्येक शरीरमा प्रतीत हुन्छ र त्यो द्युभ्वाद्यायतन होइन भनेर निषेध गरिन्छ। जुन चाहिं सबै शरीरमा उपाधिबाहेक प्रतीत हुन्छ त्यो (कूटस्थ) त परमात्मा नै हुन्छ ।

जस्तो कि घटाकाशको घटलाई हटाउँदा आकाशमात्र प्रतीत हुन्छ र त्यो आकाश महाकाश नै हुन्छ, त्यस्तै जीव ईश्वरभन्दा पृथक् प्रतीत नभएमा त्यसको बारेमा निषेध उपयुक्त हुँदैन । तसर्थ बुद्धि आदि उपाधिमा अभिमान हुनेको बारेमा मात्र द्युभ्वाद्यायतन हुने कुराको निषेध हो । त्यसकारण द्युभ्वाद्यायतन भनेको परब्रह्म नै हो । यो कुरा '**अदृश्यत्वादिगुणको धर्मोक्तेः**' भन्ने सूत्रबाट नै सिद्ध छ ।।७।।

इतिद्युभ्वाद्यधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. भूमाधिकरणम् {सू. ८-९}

ब्रह्मसूत्रम् - भूमा संप्रसादादध्युपदेशात् १/३/८

सूत्रार्थ - संप्रसादात् अधि = प्राणभन्दा पर, **उपदेशात्** = उपदेश गरेको हुनाले, **भूमा** = भूमा भनेको परमात्मा हो ।

शाङ्करभाष्यम्

इदं समामनन्ति – **'भूमा त्वेव विजिज्ञासितव्य इति भूमानं भगवो विजिज्ञास इति । यत्र नान्यत् पश्यति नान्यच्छृणोति नान्यद् विजानाति स भूमाऽथ यत्रान्यत्पश्यति अन्यच्छृणोति अन्यद् विजानाति तदल्पम्'** (छा० ७/२३–२४) इत्यादि । तत्र संशयः - किं प्राणो भूमा स्यात्, आहोस्वित् परमात्मेति । कुतः संशयः ? भूमेति तावद्बहुत्वमभिधीयते, **'बहोर्लोपो भू च बहोः'** (पा० ६/४/१५८) इति भूमशब्दस्य भावप्रत्ययान्ततास्मरणात् । किमात्मकं पुनस्तद् बहुत्वमिति विशेषाकाङ्क्षायां **'प्राणो वा आशाया भूयान्'** (छा० ७/१५/१) इति सन्निधानात् प्राणो भूमेति प्रतिभाति ।

नेपालीभाषानुवाद

इदं समामनन्ति = यो कुरा मान्दछन् के भने, **भूमा एव तु विजिज्ञासितव्यः**= भूमा नै त जान्नु योग्य छ भन्ने, **इति** = यस हेतुले, **भगवः** = हे भगवन्, **भूमानं विजिज्ञासे इति** = भूमालाई जान्न खोज्दछु भन्ने, **यत्र अन्यत् न पश्यति** = जहाँ अर्को कुनै देख्दैन, **अन्यत् न शृणोति** = अरू केही सुन्दैन, **अन्यत् न विजानाति**= अरू केही जान्दैन, **सः भूमा** = त्यो भूमा हो, **अथ** = अनि, **यत्र** = जहाँ, **अन्यत् पश्यति** = अरू केही देख्दछ, **अन्यत् शृणोति** = अरू केही सुन्दछ, **अन्यत् विजानाति** = अरू केही अनुभव गर्दछ, **तत् अल्पम्** = त्यो अल्प हो भन्ने, **इत्यादि** = इत्यादि, **तत्र संशयः** = त्यसमा शङ्का हुन्छ के भने, **किं प्राणः भूमा स्यात्** = के प्राण भूमा हो, **आहोस्वित् परमात्मा इति** = अथवा परमात्मा भूमा हो भन्ने, **कुतः संशयः** = के बाट शङ्का हुन्छ, **भूमा इति तावत् बहुत्त्वम् अभिधीयते**= भूमा भनेर पहिले बहुत्वलाई भनिन्छ किनकि, **बहोर्लोपो भू च बहोः इति** = बहु शब्दको लोप होस् र बहुका स्थानमा भू होस् भन्ने, **इति** = यो पाणिनिको सूत्रले,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमशब्दस्य = भूमशब्दको, **भावप्रत्ययान्ततास्मरणात्** = भाव प्रत्ययान्तत्व हुने कुरा स्मरण हुनाले, **पुनः तत् बहुत्वम्** = फेरि त्यो बहुत्व, **किमात्मकम् इति विशेषाकाङ्क्षायाम्** = के रूपको र को सँग सम्बन्ध राख्ने भन्ने आकाङ्क्षा भएमा, **प्राणः वा आशायाः भूयान्, इति** = प्राण नै अथवा आशा भन्दा ठूलो भनेर, **सन्निधानात्** = नजिक हुनाले, **प्राणः भूमा इति** = प्राण भूमा हो भन्ने, **प्रतिभाति** = देखापर्दछ ।

विशदीकरण

भूमा नामको अधिकरण सुरु हुन्छ । प्राणभन्दा पनि पछिबाट बताइएको हुनाले भूमा भनेको परमात्मा हो भन्ने सूत्राशय हो । भूमालाई जान्नु पर्दछ भनेर श्रुतिमा भनिएको छ । 'भूमालाई जान्न इच्छा गर्दछु' बाट उठान गरेर जनु वस्तुमा त्यसको अतिरिक्त 'अरू कुनै केही देख्दैन, सुन्दैन र अनुभव गर्दैन त्यो भूमा हो; जसमा अरू कुनै केही देख्दछ, सुन्दछ र अनुभव गर्दछ त्यो अल्प हो' भन्ने सुनिएकोले त्यो भूमा भनेको प्राण हो कि परमात्मा ? भन्ने शङ्का हुन्छ ।

शङ्का हुनुको कारण के भने – पाणिनीयव्याकरणको '**बहोर्लोपो भू च बहोः**' भन्ने सूत्रअनुसार बहुत्त्व भन्ने अर्थमा बहु शब्दको लोप भएर त्यसको ठाउँमा भू आदेश हुन्छ र भावार्थक इमनिच् प्रत्ययबाट भूमा शब्द बन्दछ । त्यसको अर्थ हुन्छ बहुत्व (धेरै) अर्थात् व्यापकता । अनि कुन रूपको बहुत्व भन्ने आकाङ्क्षा भएमा आशाभन्दा प्राण भूमा हो भनेकोले प्राणनै भूमा हो कि ? भन्ने देखा पर्दछ र प्राण भूमा हो कि, भन्ने शङ्का हुन्छ ।

शाङ्करभाष्यम्

तथा –

श्रुतं ह्येव मे भगवद्दृशेभ्यस्तरति शोकमात्मविदिति ।

सोऽहं भगवः शोचामि तं मा भगवाञ्शोकस्य पारं तारयतु ।।

(छा० ७/१/३) इति प्रकरणोत्थानात् परमात्मा भूमेत्यपि प्रतिभाति । तत्र कस्योपादानं न्याय्यम्, कस्य वा हानमिति भवति संशयः । किं तावत् प्राप्तम् ? प्राणो भूमेति। कस्मात् ? भूयः प्रश्नप्रतिवचनपरम्परादर्शनात् । यथा हि– '**अस्ति भगवो नाम्नो भूयः**' इति '**वाग्वाव नाम्नो भूयसी**' इति। तथा अस्ति '**भगवो वाचो भूयः**' इति '**मनो वाव वाचो भूयः**' इति च नामादिभ्यो ह्याप्राणाद् भूयः प्रश्नप्रतिवचनप्रवाहः प्रवृत्तः । नैवं प्राणात्परं भूयः प्रश्नप्रतिवचनं दृश्यते– '**अस्ति भगवः प्राणाद् भूय इत्यदो वाव प्राणाद् भूयः**' इति, प्राणमेव तु नामादिभ्य आशान्तेभ्यो भूयांसं '**प्राणो वा आशाया भूयान्**' इत्यादिना सप्रपञ्चमुक्त्वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणदर्शिनश्चातिवादित्वम् –

नेपालीभाषानुवाद

तथा = फेरि त्यस्तै, **हि** = निश्चय नै, **मे** = मेरो (मैले), **भगवद्दृशेभ्यः** = तपाईं जस्ताबाट, **श्रुतम् एव** = सुनेको नै छु कि, **आत्मवित्** = आत्मवेत्ता, **शोकं तरति इति** = शोक (संसार) लाई तर्दछ भन्ने र, **भगवः** = हे भगवन्, **सः अहम्** = त्यो म, **शोचामि** = शोक गर्दछु र, **तम् माम्** = त्यो मलाई, **भगवान्** = ज्ञानैश्वर्यादियुक्त तपाइँ, **शोकस्य पारम्** = शोक(संसार) को पार, **तारयतु** = तार्नु (पार पुऱ्याउनु) होस् भन्ने, **इति** = यस्तो, **प्रकरणोत्थानात्** = प्रकरणको उठान हुनाले, **परमात्मा भूमा** = परमात्मा भूमा हो भन्ने, **इति अपि** = यस्तो पनि, **प्रतिभाति** = शङ्का हुन्छ (देखा पर्छ), **तत्र** = त्यसमा, त्यहाँ, **कस्य उपादानं न्याय्यम्** = कसलाई लिनु योग्य र, **वा** = अथवा, **कस्य हानम् इति** = कसलाई छाड्ने भन्ने, **संशयः भवति**= शङ्का हुन्छ, **तावत् किं प्राप्तम्** = पहिले के देखिन आयो, **प्राणः भूमा इति** = प्राण भूमा हो भन्ने, **कस्मात्** = केबाट, **भूयः प्रश्नप्रतिवचनपरम्परादर्शनात्** = भूमा के हो भन्ने प्रश्न र उत्तरको परम्परा देखिनाले, **यथा हि** = जस्तै कि, **भगवः** = हे भगवन्, **नाम्नः भूयः अस्ति** = नामभन्दा पनि ठूलो छ भन्ने प्रश्न, **वाव** = निश्चय नै प्रसिद्ध, **नाम्नः वाक् भूयसी इति** = नामभन्दा वाणी ठूलो छ भन्ने उत्तर, **तथा** = त्यस्तै, **भगवः** = हे भगवन्, **वाचः भूयः अस्ति** = वाणीभन्दा ठूलो छ भन्ने प्रश्न र, **वाव** = निश्चय नै प्रसिद्ध, **वाचः मनः भूयः इति च** = वाणीभन्दा मन ठूलो छ भन्ने उत्तर पनि, **हि** = निश्चय नै, **नामादिभ्यः आप्राणात्** = नामबाट सुरु गरेर प्राणसम्म (देखि), **भूयः प्रश्नप्रतिवचनप्रवाहः प्रवृत्तः** = ठूलो के छ भन्ने प्रश्न र उत्तरको प्रवाह चलेको छ, **एवम्** = यस्तै प्रकारले, **प्राणात् परम्** = प्राणभन्दा पर, **भगवः** = हे भगवन्, **प्राणात् भूयः अदः इति** = प्राणभन्दा ठूलो छ भन्ने प्रश्न र, **वाव** = निश्चय नै प्रसिद्ध, **प्राणात् भूयः अदः इति** = प्राणभन्दा ठूलो यो छ भन्ने, **भूयः प्रश्नप्रतिवचनम्** = ठूलो छ भन्ने प्रश्न र उत्तर, **न दृश्यते** = देखिंदैन, **प्राणम् एव तु** = प्राणलाई नै बरु, **वा** = अथवा, **प्राणः** = प्राण, **आशायाः** = आशाभन्दा, **भूयान्** = ठूलो छ भन्ने, **इत्यादिना** = इत्यादि वाक्यद्वारा, **नामादिभ्यः आशान्तेभ्यः**= नाम देखि आशासम्म भन्दा पनि, **भूयासम्** = ठूलो छ भनेर र, **प्राणदर्शिनः च** = प्राणलाई जान्नेको विषयमा. **सप्रपञ्चम् अतिवादित्वम् च** = विस्तारपूर्वक अतिवादी हुने कुरा पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

त्यस्तै मैले तपाईंहरू जस्ताबाट सुनेको छु कि 'आत्मा जान्ने पुरुष शोकरूप संसारबाट पार हुन्छ' भन्ने र 'म पनि शोकरूप संसारमा फँसेको छु, तपाईंले मलाई शोकरूप संसारदेखि पार लगाउनु होस्' भन्ने इत्यादिबाट प्रकरण उठाएको छ । त्यसैले शोकलाई तर्ने कुरा परमात्मालाई जानेपछि मात्र हुनाले प्रकरणको उठानबाट भूमा भनेको परमात्मा हो कि ? भन्ने पनि देखापर्दछ । कुन लिने, कुन छोड्ने भन्ने कुराबाट शङ्का हुन सक्दछ ।

त्यसमा पनि प्राण नै भूमा हो कि ? भन्ने पहिले देखिन आउँछ । किनकि कुन ठूलो भन्ने कुराको प्रश्नोत्तरको प्रवाह देखिएको छ । जस्तै- हे भगवन्! नाम भन्दा ठूलो छ वा छैन भन्ने प्रश्नमा नामभन्दा- वाक् ठूलो भन्ने उत्तर हुन्छ, वाक् भन्दा ठूलो छ वा छैनभन्दा- मन ठूलो भन्ने उत्तर पाइन्छ । यस प्रकार नामदेखि प्राणसम्म बताउँदै जाँदा प्राणभन्दा ठूलो के छ ? भन्ने प्रश्न र अमुक चीज प्राणभन्दा ठूलो भन्ने उत्तर नभएको र प्राणमा नै पछिल्लो प्रश्नोत्तर टुङ्गिएको हुँदा प्राणभन्दा पर प्रश्न नै छैन, बरु प्राणलाई नै नामदेखि आशाभन्दा पनि ठूलो र प्राण जान्नेलाई विस्तारपूर्वक अतिवादी पनि भनिएको छ ।

शाङ्करभाष्यम्

'अतिवाद्यसीत्यतिवाद्यस्मीति ब्रूयान्नापह्नुवीत' इत्यभ्यनुज्ञाय **'एष तु वा अतिवदति यः सत्येनातिवदति'** इति प्राणव्रतमतिवादित्वमनुकृष्या- परित्यज्यैव प्राणं सत्यादिपरम्परया भूमानमवतारयन् प्राणमेव भूमानं मन्यत इति गम्यते । कथं पुनः प्राणे भूमनि व्याख्यायमाने **'यत्र नान्यत्पश्यति'** इत्येतद् भूम्नो लक्षणपरं वाक्यं वाख्यायेतेति ? उच्यते - सुषुप्त्यवस्थायां प्राणग्रस्तेषु करणेषु दर्शनादिव्यवहारनिवृत्तिदर्शनात्संभवति प्राणस्यापि **'यत्र नान्यत्पश्यति'** इत्येतल्लक्षणम् ।

नेपालीभाषानुवाद

अतिवादी असि इति = अतिवक्ता हौ भन्ने र, **अतिवादी अस्मि इति** = अतिवक्ता हूँ भन्ने, **ब्रूयात्** = भनोस्, **न अपह्नुवीत इति** = खिसिटिउरी नगरोस् अथवा नलुकाओस् भन्दै, **अभ्यनुज्ञाय**= बताएर, **एषः तु वा अतिवदति यः सत्येन अतिवदति** = त्यो निश्चय अतिवादी भनिन्छ जो सत्यद्वारा अतिवादी बन्दछ भन्ने, **इति** = यसरूपबाट, **प्राणव्रतम् अतिवादित्वम्** = प्राणव्रतस्वरूप अतिवादित्वलाई, **अनुकृष्य**= अनुवृत्त गरेर, **प्राणम् अपरित्यज्य एव** = प्राणलाई नछोडेर नै, **सत्यादि- परम्परया** = सत्यत्व आदिको परम्पराद्वारा, **भूमानम् अवतारयन्** = भूमालाई लक्ष्य गर्दै, **प्राणम् एव**= प्राणलाई नै, **भूमानं मन्यते इति** = भूमा मान्दछ भन्ने कुरा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गम्यते = बुझिन्छ, **पुनः** = फेरि, **कथम्** = कसरी, **प्राणे भूमनि व्याख्यायमाने** = प्राणलाई भूमा भनेर व्याख्या गरेमा, **यत्र अन्यत् न पश्यति** = जहाँ अर्को देख्दैन भन्ने, **अति एतत्** = यस्तो यो, **भूम्नः लक्षणपरं वचनम्** = भूमाको लक्षणपरक भनेर श्रुतिवचनलाई, **व्याख्यायेत इति** = व्याख्या गरिन्छ, **उच्यते** = भनिन्छ, **सुषुप्त्यवस्थायाम्** = सुषुप्तिअवस्थामा, **करणेषु** = इन्द्रियहरू, **प्राणग्रस्तेषु** = प्राणद्वारा ग्रास गरिएमा अर्थात् प्राणमा लीन भएमा, **दर्शनादिव्यवहारनिवृत्तिदर्शनात्**= देख्नु आदि व्यवहारको निवृत्ति देख्नाले, **प्राणस्य अपि**= प्राणको पनि, **यत्र अन्यत् न पश्यति इति एतत् लक्षणम्** = जहाँ अर्को देख्दैन भन्ने यो लक्षण, **संभवति** = हुन सक्दछ ।

विशदीकरण

अतिवादीको रूपमा प्राणवेत्ताको प्रशंसा गर्दै प्राणलाई लक्ष्य गरेर नै भूमाको स्वरूप बताउने तहमा प्राणलाई भूमा मानेको देखिन आउँछ । प्राणलाई भूमा मानेर वाक्यलाई व्याख्या गरेको खण्डमा 'जहाँ कुनै अर्को देख्दैन' भनेर भूमाको स्वरूप बताउने वाक्यको कसरी अर्थ गर्ने ? भन्ने इत्यादि शङ्का हुँदा उत्तररूपमा भनिन्छ – सुषुप्तिअवस्थामा सबै इन्द्रिय प्राणमा लीन हुन्छन् । त्यसैले सबै किसिमका देख्नु, सुन्नु आदि व्यवहार नहुनाले 'जहाँ अर्को देख्दैन' भन्ने रूपको भूमाको लक्षण प्राणमा पनि अवश्य घट्न सक्दछ ।

शाङ्करभाष्यम्

तथा च श्रुतिः – **'न शृणोति न पश्यति'** इत्यादिना सर्वकरणव्यापार-प्रत्यस्तमयरूपां सुषुप्त्यवस्थामुक्त्वा **'प्राणाग्नय एवैतस्मिन्पुरे जाग्रति'** (प्र० ४/२/३) इति तस्यामेवावस्थायां पञ्चवृत्तेः प्राणस्य जागरणं ब्रुवती प्राणप्रधानां सुषुप्त्यवस्थां दर्शयति । यच्चैतद् भूम्नः सुखत्वं श्रुतम्– **'यो वै भूमा तत्सुखम्'** (छा० ७/२३) इति, तदप्यविरुद्धम्, **'अत्रैष देवः स्वप्नान्नपश्यत्यथ यदेतस्मिञ्शरीरे सुखं भवति'** (प्र० ४/६) इति सुषुप्त्यवस्थायामेव सुखश्रवणात्। **'यच्च यो वै भूमा तदमृतम्'** (छा० ७/२४/१) इति, तदपि प्राणस्याविरुद्धम्, **'प्राणो वा अमृतम्'** (कौ० ३/२) इति श्रुतेः ।

नेपालीभाषानुवाद

च = फेरि, **तथा** = त्यस्तै बताउने, **श्रुतिः** = श्रुति छ जस्तै, **न शृणोति न पश्यति** = सुन्दैन, देख्दैन भन्ने, **इत्यादिना** = इत्यादिद्वारा, **सर्वकरणव्यापारप्रत्यस्तमयरूपाम्** = सबै इन्द्रियका व्यवहारको समाप्त हुनु रूपको, **सुषुप्त्यवस्थाम् उक्त्वा**= सुषुप्तिनामको अवस्थालाई बताएर, **प्राणाग्नयः एव** = प्राणरूप अग्निमात्र, **तस्मिन्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरे = त्यो पुर(स्थान) मा, **जाग्रति** = जागा रहन्छन्, भन्ने; **इति** = यस रूपबाट, **तस्याम् एव अवस्थायाम्** = त्यही नै अवस्थामा, **पञ्चवृत्तेः प्राणस्य** = पाँचवृत्ति (व्यापार)वाला प्राणको, **जागरणम्** = जागा रहने कुरा, **ब्रुवती** = भन्दो (बताउँदो) श्रुतिले; **प्राणप्रधानां सुषुप्त्यवस्थाम्** = प्राण प्रधान भएको सुषुप्ति अवस्थालाई, **दर्शयति** = देखाउँछ, **च** = फेरि, **यत्** = जोकि, **एतद् भूम्नः** = यो भूमाको, **सुखत्वम्** = सुखरूप हुने कुरा, **श्रुतम्** = सुनियो, जस्तै; **वै** = निश्चय नै, **यः भूमा**= जो भूमा हो, **तत् सुखम् इति**= त्यो सुख हो भन्ने, **तत् अपि** = त्यो पनि, **अविरुद्धम्**= नमिल्दो छैन किनकि, **अत्र** = यहाँ (सुषुप्तिमा), **एषः देवः** =यो बुद्धि उपाधिवाला जीव, **स्वप्नान् न पश्यति** = स्वप्नहरू देख्दैन, **अथ** = अनि यसकारणबाट, **यत्** = जो कि, **अस्मिन् शरीरे** = यस शरीरमा, **सुखं भवति इति** = सुख हुन्छ भन्ने हुनाले, **सुषुप्त्यवस्थायाम् एव** = सुषुप्तिअवस्थामा नै, **सुखश्रवणात्** = सुख हुने कुरा सुनिएकोले, **यत् च** = जो पनि कि, **वै** = निश्चय नै, **यः भूमा** = जो भूमा छ, **तत् अमृतम्** = त्यो अमृत हो भन्ने, **इति** = यस्तो छ, **तत् अपि** = त्यो पनि, **प्राणस्य अविरुद्धम्** = प्राणको निमित्त नमिल्दो छैन, किनकि, **वा** = प्रसिद्ध, **प्राणः अमृतम्, इति** = प्राणअमृत हो भन्ने, **श्रुतेः** = श्रुति भएकोले ।

विशदीकरण

त्यस्तै प्रकारबाट श्रुतिले पनि 'सुन्दैन, देख्दैन' भन्ने इत्यादि वाक्यद्वारा सबै इन्द्रियको क्रिया व्यवहार अस्त हुने रूपको सुषुप्तिअवस्था पहिले बताएर प्राणरूप अग्निमात्र यस शरीरमा जागा रहन्छ भन्दै त्यसै सुषुप्तिअवस्थामा पाँच व्यापारवाला प्राणको जागरण बताउँदै प्राण प्रधान भएको सुषुप्तिअवस्थालाई देखाउँछ ।

फेरि 'जो भूमा हो, त्यो सुख हो' भनेर भूमालाई सुखरूपको बताउने कुरा पनि नमिल्दो देखिंदैन। किनभने यस जीवले सुषुप्तिमा स्वप्नहरू देख्दैन । यसमा सुख हुन्छ भनेर सुषुप्तिअवस्थामा नै सुख हुने कुरा पनि सुनिएको छ । अर्को कुरा 'जो भूमा हो, त्यो अमृत हो' भन्ने कुरा पनि प्राण नै अमृत हो भनिएकाले प्राणको सम्बन्धमा मिल्दो नै हुन आउँछ ।

शाङ्करभाष्यम्

कथं पुनः प्राणं भूमानं मन्यमानस्य '**तरति शोकमात्मवित्**' इत्यात्मविविदिषया प्रकरणस्योत्थानमुपपद्यते ? प्राण एवेहात्मा विवक्षित इति ब्रूमः । तथाहि **'प्राणो ह पिता प्राणो माता प्राणो भ्राता प्राणः स्वसा प्राण आचार्यः प्राणो ब्राह्मणः'** (छा० ७/१५/१) इति प्राणमेव सर्वात्मानं करोति । '**यथा वा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरा नाभौ समर्पिता एवमस्मिन्प्राणे सर्वं समर्पितम्' इति च सर्वात्मत्वार-नाभिनिदर्शनाभ्याञ्च संभवति वैपुल्यात्मिका भूमरूपता प्राणस्य । तस्मात् प्राणो भूमेत्येवं प्राप्तम् ।

नेपालीभाषानुवाद

पुनः = फेरि, **प्राणं भूमानं मन्यमानस्य** = प्राणलाई भूमा भनेर मान्नेका मतमा, **आत्मवित् शोकं तरति इति** = आत्मवेत्तापुरुषले शोकरूप संसार तर्छ भन्ने, **आत्मविविदिषया** = आत्मालाई जान्ने इच्छाले, **प्रकरणस्य उत्थानम्** = प्रकरणको सुरु गर्नु (उठाउनु), **कथम् उपपद्यते** = कसरी, ठीक हुन्छ; **इह** = यहाँ, **प्राणः एव** = प्राण नै, **आत्मा** = त्यो जान्न खोजिएको आत्मा हो भनेर, **विवक्षितः इति** = भन्न खोजिएको छ भनेर, **ब्रूमः** = भन्दछौं, **तथाहि** = त्यस्तै कि, **ह** = निश्चय नै प्रसिद्ध, **प्राणः पिता** = प्राण पिता हो, **प्राणः माता** = प्राण माता हो, **भ्राता प्राणः**= दाजु र भाइ पनि प्राण हो, **स्वसा प्राणः** = दिदी र बहिनी पनि प्राण हो, **आचार्यः प्राणः** = आचार्य पनि प्राण नै हो, **प्राणः ब्राह्मणः इति** = प्राण नै ब्राह्मण हो भनेर, **प्राणम् एव** = प्राणलाई नै, **सर्वात्मानम् करोति** = सर्वरूपी बताउँछ, **यथा वा** = जस्तै कि अथवा, **अराः नाभौ समर्पिताः** = रथका अरहरू नाभिमा समर्पित छन्, **एवम्** = यसै प्रकारले, **अस्मिन् प्राणे** = यसै प्राणमा, **सर्वम्** = सबै, **समर्पितम् इति** = संलग्न छ भनेर, **सर्वात्मत्वारनाभिनिदर्शनाभ्यां च** = सर्वात्मत्व, अर र नाभिको दृष्टान्त दिएकाले पनि, **प्राणस्य** = प्राणको, **वैपुल्यात्मिका भूमरूपता** = ठूलो हुनु रूप (भूमास्वरूप), **संभवति** = हुन सक्दछ, **तस्मात्** = त्यस कारणबाट, **प्राणः भूमा इति** = प्राण नै भूमा हो भन्ने, **प्राप्तम्** = शङ्का प्राप्त छ (देखापर्दछ) ।

विशदीकरण

प्राणलाई भूमा मानेका पक्षमा 'आत्मा जान्ने पुरुष शोकरूप संसार तर्छ' भनेर आत्मालाई जान्ने इच्छाले प्रकरण उठाउन कसरी ठीक होला अर्थात् ठीक हुँदैन । परन्तु उठाएको देखिन्छ र प्राण नै भूमा कसरी हुन सक्दछ भन्ने शङ्का हुन्छ । तर त्यो शङ्का उचित छैन, किनभने 'पिता, माता, दिदी, बहिनी, आचार्य र ब्राह्मण सबै प्राण नै हुन्' भनेकाले प्राण सर्वरूपी रहेछ भन्ने कुरा सिद्ध हुन्छ ।

जस्तै- अरहरू नाभिमा आधारित छन्, त्यस्तै प्राणमा सबै आधारित छ भनेर प्राणलाई सर्वरूप र अर तथा नाभि जस्तो सर्वाधार बताएकोले विशालरूपको भूमापन प्राणको हुनसक्दछ । अतः प्राण नै यस वाक्यमा भूमा भनिएको हो भन्ने शङ्का हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

तत इदमुच्यते - परमात्मैवेह भूमा भवितुमर्हति न प्राणः । कस्मात् ? संप्रसादादध्युपदेशात् । संप्रसाद इति सुषुप्तं स्थानमुच्यते, सम्यक् प्रसीदत्यस्मिन्निति निर्वचनात् । बृहदारण्यके च स्वप्नजागरितस्थानाभ्यां सह पाठात्, तस्याञ्च सम्प्रसादावस्थायां प्राणो जागर्तीति प्राणोऽत्र संप्रसादोऽभिप्रेयते । प्राणादूर्ध्वं भूम्न उपदिश्यमानत्वादित्यर्थः। प्राण एव चेद् भूमा स्यात् स एव तस्मादूर्ध्वमुपदिश्ये- तेत्यश्लिष्टमेवैतत्स्यात् । नहि नामैव नाम्नो भूय इति नाम्न ऊर्ध्वमुपदिष्टम् । किं तर्हि नाम्नोऽन्यदर्थान्तरमुपदिष्टं वागाख्यम् - **'वाग्वाव नाम्नो भूयसी'** इति । तथा वागादिभ्योऽप्याप्राणादर्थान्तरमेव तत्र तत्रोर्ध्वमुपदिष्टम्, तद्वत् प्राणादूर्ध्वमु- पदिश्यमानो भूमा प्राणादर्थान्तरभूतो भवितुमर्हति ।

नेपालीभाषानुवाद

ततः = त्यस्तो शङ्का भएमा, **इदम् उच्यते** = उत्तररूपमा यो भनिन्छ कि, **इह** = यहाँ, **परमात्मा एव भूमा भवितुम् अर्हति** = परमात्मा नै भूमा हुनु योग्य छ, **प्राणः न** = प्राण योग्य छैन, **कस्मात्** = केबाट, **संप्रसादात् अधि** =प्राणभन्दा पर (माथि), **उपदेशात्** = उपदेश हुनाले, **संप्रसादः इति** = संप्रसाद भनेर, **सुषुप्तं स्थानम् उच्यते** = सुषुप्त स्थान भनिन्छ, **सम्यक् प्रसीदति अस्मिन्** = राम्रोसँग आनन्दित हुन्छ जसमा भन्ने, **इति निर्वचनात्** = यस्तो लक्षण (व्युत्पत्ति) बताइएकोले, **बृहदारण्यके च** = बृहदारण्यक उपनिषदमा पनि, **स्वप्नजागरितस्थानाभ्यां सह** = स्वप्न र जागृत दुवै स्थानसँगै, **पाठात्** = पाठ हुनाले (बताएकोले), **च** = फेरि, **तस्यां संप्रसादावस्थायाम्** = त्यस संप्रसाद अवस्थामा, **प्राणः जागर्ति इति** = प्राण जागा नै रहन्छ र, **अत्र** = यहाँ, **प्राणः** = प्राण, **संप्रसादः अभिप्रेयते** = संप्रसाद हो भन्ने अभिप्राय बुझिन्छ, **प्राणात् ऊर्ध्वम्** = प्राणभन्दा माथि(पर), **भूम्नः उपदिश्यमानत्वात्** = भूमाको उपदेश गरिने हुनाले, **इति अर्थः** = यो यस्तो अर्थ हो, **चेत्** = यदि, **प्राणः एव भूमा स्यात्** = प्राण नै भूमा हुन्थ्यो (भनिन्थ्यो) त, **सः एव तस्मात् ऊर्ध्वम्** = त्यो प्राण नै त्यो भन्दा पर (माथि), **उपदिश्यते इति** = उपदेश गरिन्थ्यो भन्नाले, **अश्लिष्टम् एव एतत् स्यात्** = नराम्रो नै यो हुन्थ्यो, **हि** = निश्चय नै, **नाम एव नाम्नः भूयः इति** = नाम नै नाम भन्दा ठूलो भनेर, **नाम्नः ऊर्ध्वम्** = नामभन्दा पर, **न उपदिष्टम्** = उपदेश गरिएको छैन, **तर्हि किम्** = त्यसो भए के त, **नाम्नः अन्यत्** = नामभन्दा अलग, **अर्थान्तरम्** = अर्कै वस्तु, **वागाख्यम्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदिष्टम् = वाक् नामको उपदेश गरिएको छ जस्तै, **वाक् वाव नाम्नः भूयसी इति** = वाक् नै प्रसिद्ध नामभन्दा ठूलो छ भन्ने, **तथा** = त्यस्तै, **वागादिभ्यः आप्राणात्** = वाक् आदिदेखि लिएर प्राणसम्म, **अर्थान्तरम् एव** = भिन्नै अर्को वस्तु नै, **तत्र तत्र** = त्यहाँ-त्यहाँ, **ऊर्ध्वम् उपदिष्टम्** = माथि-माथि बताइएको छ, **तद्वत्** = त्यस्तै, **प्राणात् ऊर्ध्वम् उपदिश्यमानः भूमा** = प्राणभन्दा माथि बताइएको भूमा, **प्राणात् अर्थान्तरभूतः** = प्राणभिन्न अर्कै वस्तु, **भवितुम् अर्हति** = हुनुपर्दछ।

विशदीकरण

उक्त शङ्काको उत्तररूपमा भनिन्छ- परमात्मालाई नै यहाँ भूमा भनेर लिइन्छ । प्राणभन्दा पनि अझ पछिल्लो रूपमा उपदेश गरेकोले प्राण चाहिं भूमा होइन । खास गरेर, जसमा राम्रोसँग आनन्दित हुन्छ भन्ने अर्थबाट र बृहदारण्यकमा स्वप्न जाग्रतको साथै उल्लेख गरिएकोबाट पनि सुषुप्ति स्थान संप्रसाद हो । त्यस स्थानमा जागा रहने हुनाले प्राणलाई संप्रसाद नै भनिन्छ ।

भूमालाई त्यसभन्दा पनि पर बताएकोले प्राण भूमा हुनसक्दैन । यदि प्राण नै हुन्थ्यो त त्यसभन्दा पर त्यसैलाई बताउनु राम्रो र युक्तिसंगत नभएर उपहासमात्र हुने थियो। जस्तै नामभन्दा ठूलो को ? भन्ने प्रश्नमा नामभन्दा ठूलो भनेर नामलाई बताइएको छैन, वाक्लाई बताइएको छ । त्यस्तै प्राणभन्दा पर ठूलो भनेर बताइएको भूमा पनि प्राण नभएर परमात्मा नै हुनुपर्दछ ।

शाङ्करभाष्यम्

नन्विह नास्ति प्रश्नः - **'अस्ति भगवः प्राणाद् भूयः'** इति नापि प्रतिवचनमस्ति प्राणाद् वाव भूयोऽस्तीति कथं प्राणादधि भूमोपदिश्यत इत्युच्यते ? प्राणविषयमेव चातिवादित्वमुत्तरत्रानुकृष्यमाणं पश्यामः - **'एष तु वा अति वदति यः सत्येनाति वदति'** इति । तस्मान्नास्ति प्राणादध्युपदेश इति । अत्रोच्यते- न तावत्प्राणविषयस्यैवातिवादित्वस्यैतदनुकर्षणमिति शक्यं वक्तुम्, विशेषवादात् **'यः सत्येनातिवदति'** इति । ननु विशेषवादोऽप्ययं प्राणविषय एव भविष्यति। कथम्? **'यथैषोऽग्निहोत्री यः सत्यं वदति'**, इत्युक्ते न सत्यवदनेनाग्निहोत्रित्वम्, केन तर्हि ? अग्निहोत्रेणैव, तत्सत्यवदनन्त्वग्निहोत्रिणो विशेष उच्यते। तथा- **'एष तु वा अतिवदति यः सत्येनातिवदति'** इत्युक्ते न सत्यवदनेनातिवादित्वम् । केन तर्हि ? प्रकृतेन प्राणविज्ञानेनैव । सत्यवदनं तु प्राणविदो विशेषो विवक्षत इति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

ननु = शङ्का, **इह** = यहाँ, **भगवः** = हे भगवन्, **प्राणात् भूयः अस्ति** = प्राणभन्दा ठूलो छ त भन्ने, **प्रश्नः अपि** = प्रश्न पनि, **न अस्ति** = छैन र, **वाव** = प्रसिद्ध, **प्राणात् भूयः अस्ति इति** = प्राणभन्दा ठूलो छ भनेर, **प्रतिवचनम् अपि** = उत्तर पनि, **न** = छैन र, **प्राणात् अधि** = प्राणभन्दा पर, **कथम्** = कसरी, **भूमा उपदिश्यते इति** = भूमाको उपदेश गरिन्छ भनेर, **उच्यते**= भनिन्छ किनकि, **उत्तरत्र च** = पछिल्ला वाक्यमा पनि, **प्राणविषयम् एव** = प्राणसम्बन्धित नै, **अतिवादित्वम्**= अतिवादी भन्ने कुरा, **अनुकृष्यमाणम्** = अनुवर्तन गरिएको, **पश्यामः** = देख्दछौं जस्तै-, **एष तु वा अति वदति** = यो अतिवादी हो, **यः सत्येन अतिवदति इति** = जो सत्यरूपले अतिवादी छ भन्ने, **अत्र उच्यते**= यसमा उत्तररूपमा भनिन्छ, **तावत्**= पहिले, **प्राणविषयस्य एव अतिवादित्वस्य** = प्राणसम्बन्धित नै अतिवादित्वको, **एतत् अनुकर्षणम्** = यो अनुवर्तन हो भनेर, **वक्तुं न शक्यम्** = भन्न सकिंदैन किनकि, **विशेषवादात्** = विशेषरूपको भनाइ हुनाले जस्तै, **यः सत्येन अतिवदति इति** = जो सत्यरूपले अतिवादी छ भनेर, **ननु** = शङ्का, **अयं विशेषवादः अपि** = यो विशेषरूपको भनाइ पनि, **कथम्** = कसरी, **यथा** = जस्तै, **एष अग्निहोत्री यः सत्यं वदति इति** = यो अग्निहोत्री हो जो सत्य बोल्दछ भन्ने, **इति उक्ते** = यसो भनेमा, **सत्यवदनेन अग्निहोत्रित्वं न** = साँचो बोल्नाले अग्निहोत्री हुँदैन, **केन तर्हि** = के ले हुन्छ त्यसो भए, **अग्निहोत्रेण एव** = अग्निहोत्रले नै हुन्छ, **सत्यवदनं तु** = साँचो बोल्ने कुरा त, **अग्निहोत्रिणः** = अग्निहोत्रीको, **विशेषः उच्यते** = विशेष भनिन्छ, **तथा**= त्यस्तै, **एष तु वा अतिवदति** = निश्चय नै यो अतिवाद गर्छ, **यः सत्येन अतिवदति इति** = जो सत्यरूपले अतिवाद गर्छ भनेर, **उक्ते** = भनेमा, **सत्यवदनेन न अतिवादित्वम्** = सत्यवादले अतिवादी हुँदैन, **केन तर्हि** = के ले त त्यसो भए, **प्रकृतेन प्राणविज्ञानेन एव** = सुरुको प्राण विज्ञानले नै, **सत्यवदनं तु** = सत्यवाद त, **प्राणविदः विशेषः वक्ष्यते इति** = प्राणवेत्ताको विशेष बताइन्छ भन्ने ।

विशदीकरण

शङ्का हुन्छ कि- यहाँ प्राणभन्दा ठूलो के छ भनेर न त प्रश्न नै छ, न त प्राणभन्दा पर कुनै छ भन्ने उत्तर नै छ । अनि प्राणभन्दा पर भूमाको उपदेश छ भनेर कसरी भन्न सकिन्छ ? प्राणविषयक अतिवादलाई विगत वाक्यमा दोहोऱ्याइएको छ र 'त्यो अतिवादी हो, जो सत्यको आश्रय लिएर अतिवाद गर्छ' भनिएको छ । त्यसकारण प्राणभन्दा पर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैको विषयमा प्रश्न छैन । यसविषयमा भनिन्छ- प्राणविषयक विशेष विषयको प्रतिपादन गरिएकाले यहाँ प्राणविषयक अतिवाद गरिएको छैन ।

विशेष कुरा पनि प्राण विषयक नै हुनसक्नेछ । कसरी भने जस्तै 'त्यो यो अग्निहोत्री हो, जो सत्यद्वारा अतिवाद गर्छ' भनेमा सत्यवादले अग्निहोत्री हुन्न, किन्तु अग्निहोत्रले नै हुन्छ । सत्य बोल्नु त अग्निहोत्रीको विशेषतामात्र हो । त्यस्तै यो अतिवादी हो जो सत्यद्वारा बोल्छ भनेमा पनि सत्यवादबाट अतिवादी नभएर प्राणविज्ञानले नै हुन्छ । सत्य बोल्नु त प्राणवेत्ताको विशेषता हो तापनि इत्यादि शङ्का हुन्छ ।

शाङ्करभाष्यम्

नेति ब्रूमः। श्रुत्यर्थपरित्यागप्रसङ्गात्। श्रुत्या ह्यत्र सत्यवदनेनातिवादित्वं प्रतीयते- **'यः सत्येनातिवदति सोऽतिवदति'** इति। नात्र प्राणविज्ञानस्य सङ्कीर्तन-मस्ति । प्रकरणात्तु प्राणविज्ञानं संबध्येत । तत्र प्रकरणानुरोधेन श्रुतिः परित्यक्ता स्यात्। प्रकृतव्यावृत्यर्थश्च तु शब्दो न सङ्गच्छते- **'एष तु वा अतिवदति'** इति। **'सत्यं त्वेव विजिज्ञासितव्यम्'**(छा० ७/१६) इति च प्रयत्नान्तरकरणमर्थान्तर-विवक्षां सूचयति । तस्माद् यथैकवेदप्रशंसायां प्रकृतायामेष तु महाब्राह्मणो यश्चतुरो वेदानधीत इत्येकवेदेभ्योऽर्थान्तरभूतश्चतुर्वेदः प्रशस्यते, तादृगेतद् द्रष्टव्यम् ।

नेपालीभाषानुवाद

न इति ब्रूमः = यो कुरा होइन भनेर हामी भन्दछौं किनकि, **श्रुत्यर्थपरित्याग-प्रसङ्गात्** = श्रुतिको शुद्धअर्थ को त्याग हुनाले, **हि** = निश्चय नै, **अत्र** = यहाँ, **श्रुत्या** = श्रुतिद्वारा, **सत्यवदनेन** = सत्यवदन द्वारा, **अतिवादित्वम्** = अतिवादी हुने कुरा, **प्रतीयते** = थाह हुन्छ जस्तै, **यः सत्येन अतिवदति सः अतिवदति** = जो सत्यद्वारा बोल्छ त्यो अतिवादी हुन्छ भन्ने, **इति** = यस्तो, **अत्र** = यहाँ, **प्राणविज्ञानस्य**= प्राणविज्ञानको, **सङ्कीर्तनं न अस्ति** = कथन छैन, **प्रकरणात् तु** = प्रकरणबाट, **प्राणविज्ञानं संबध्येत** = प्राणविज्ञानसम्बन्धित हुनसक्दछ, **तत्र** = त्यस्तो गरेमा त्यहाँ, **प्रकरणानुरोधेन** = प्रकरणको बलबाट, **श्रुतिः परित्यक्ता स्यात्** = श्रुति छोडिएला, **प्रकृतव्यावृत्यर्थः**= सुरुको अर्थलाई हटाउने वाला, **तु शब्दः च** = 'एष तु' को तु शब्द पनि, **न सङ्गच्छते** = राम्रो मिल्दैन जस्तै, **एषः तु वा अतिवदति सत्यं तु एव विजिज्ञासितव्यम्** = यो त अतिवादी हुन्छ, सत्य नै त जान्नु योग्य छ भन्ने; **इति च** = यो पनि, **प्रयत्नान्तरकरणम्** = अर्को विचार सुरु गर्नु जो हो त्यो, **अर्थान्तरविवक्षाम्** = अर्कै वस्तुको विवक्षा(भन्नु खोज्नु) लाई, **सूचयति** = सूचना गर्छ, **तस्मात्** = त्यसकारणबाट, **यथा** = जस्तै, **एकवेदप्रशंसायां प्रकृतायाम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकवेद पढ्नेको प्रशंसा सुरु भएमा, **एषः तु महाब्राह्मणः** = यो त ठूलो ब्राह्मण हो, **यः चतुरः वेदान् अधीते** = जो चारै वेद पढ्दछ, भन्ने; **इति** = यसरूपले, **एकवेदेभ्यः**= एकवेद जान्नेभन्दा, **अर्थान्तरभूतः चतुर्वेदः** = भिन्न वस्तुरूप चार वेदवाला, **प्रशस्यते**= प्रशंसित हुन्छ, **तादृक् एतत् द्रष्टव्यम्** = त्यस्तै यो जान्नु पर्दछ ।

विशदीकरण

यो कुरा हुँदैन, किनभने श्रुतिको शुद्धार्थ त्यागिने हुनाले, श्रुतिको भनाइ सत्यवदनद्वारा नै अतिवादी हुन्छ भन्नुमा छ । जस्तै- 'जो सत्यद्वारा अतिवदन गर्छ त्यो अतिवादी हो' इत्यादि । परन्तु यहाँ प्राण विज्ञानको कथन छँदै छैन । प्रकरणबाट (सम्म) प्राण विज्ञान देखिन आउँछ, तापनि प्राणविज्ञानको अनुरोधद्वारा श्रुतिको अर्थत्याग हुनु मनासिब हुँदैन । फेरि सुरु गरेको विषय बाहेक अर्थान्तर बताउने तु शब्दको पनि प्राणविज्ञान लिएमा अर्थ मिल्न आउँदैन ।

जस्तै- 'यो त अतिवादी हो, सत्य नै त जान्नु योग्य छ' भन्ने छुट्टै विचारको सुरु गर्नुबाट पनि प्राणविज्ञानभन्दा अलग तत्त्व बताउन इच्छा गरेको कुरा वाक्यबाट देखिन आउँछ । त्यसकारणबाट जस्तै एक वेद पढ्नेको प्रशंसा गर्दागर्दै 'जसले चारवेद पढ्दछ त्यो महाब्राह्मण हो' भनेर चारवेदवालाको प्रशंसा गर्नु, त्यस्तै प्राणविज्ञानको प्रशंसा गर्दागर्दै 'जसले सत्यद्वारा अतिवादन गर्छ त्यो अतिवादी हो' भनेर भूमाको प्रशंसा गर्नु नै यहाँको अभिप्राय हो ।

शाङ्करभाष्यम्

न च प्रश्नप्रतिवचनरूपयैवार्थान्तरविवक्षया भवितव्यमिति नियमोऽस्ति, प्रकृतसम्बन्धासम्भवकारितत्वादर्थान्तरविवक्षायाः । तत्र प्राणान्तमनुशासनं श्रुत्वा तूष्णीम्भूतं नारदं स्वयमेव सनत्कुमारो व्युत्पादयति। यत्प्राणविज्ञानेन विकारानृत-विषयेणातिवादित्वमनतिवादित्वमेव तत् **'एष तु वा अतिवदति यः सत्येनाति-वदति'** इति । तत्र सत्यमिति परं ब्रह्मोच्यते, परमार्थरूपत्वात् । **'सत्यं ज्ञानमनन्तं ब्रह्म'**(तै० २/१) इति च श्रुत्यन्तरात्। तथा व्युत्पादिताय नारदाय **'सोऽहं भगवः सत्येनातिवदानि'** इत्येवं प्रवृत्ताय विज्ञानादिसाधनपरम्परया भूमानमुपदिशति। तत्र यत् प्राणादधि सत्यं वक्तव्यं प्रतिज्ञातम्, तदेवेह भूमेत्युच्यत इति गम्यते । तस्मादस्ति प्राणादधि भूम्न उपदेश इत्यतः प्राणादन्यः परमात्मा भूमा भवितुमर्हति।

नेपालीभाषानुवाद

च = फेरि, **प्रश्नप्रतिवचनरूपया** = प्रश्न र उत्तरको रूपवाला, **अर्थान्तर-विवक्षया** = अर्कै पदार्थको भन्ने इच्छा वाला हुने कुरा, **भवितव्यम् इति** = हुनुपर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने, **नियमः** = नियम, **न अस्ति** = छैन किनकि, **अर्थान्तरविवक्षायाः** = अर्थान्तरका विवक्षाको, **प्रकृतसम्बन्धासंभवकारितत्वात्** = सुरुमा उठान गरेका विषयको सम्बन्धमा भएका असंभवबाट भएकोले, **तत्र** = त्यहाँ, **प्राणान्तम्** = प्राणसम्मको, **अनुशासनम्** = उपदेशलाई, **श्रुत्वा** = सुनेर, **तूष्णीम्भूतम् नारदम्** = चूप रहेका नारदलाई, **सनत्कुमारः** = सनत्कुमार, **स्वयम् एव** = आफू नै, **व्युत्पादयति** = निष्कर्षरूपमा प्रतिपादन गर्नुहुन्छ, **यत्** = जो कि, **विकारानृतविषयेण** = विकार तथा मिथ्यारूपको लक्ष्य राख्ने, **प्राणविज्ञानेन** = प्राणविज्ञानले, **अतिवादित्वम्** = अतिवादी हुने कुरा जो छ, **तत्** = त्यो, **अनतिवादित्वम् एव** = अतिवादी नहुनु नै हो जस्तै-, **एषः तु वा अतिवदति यः सत्येन अतिवदति** = निश्चय नै यो त अतिवादी हो जो सत्यद्वारा अतिवादी छ, भन्ने; **इति** = यस्तो हुनाले, **तत्र** = त्यहाँ (त्यो वाक्यमा), **सत्यम् इति** = सत्य भनेर, **परम् ब्रह्म उच्यते** = परब्रह्मलाई भनिन्छ, किनकि; **परमार्थरूपत्वात्**= वास्तविक हुनाले, **सत्यं ज्ञानम् अनन्तं ब्रह्म**= सत्य ज्ञान अनन्तरूप ब्रह्म हो भन्ने, **इति च** = यस्तो पनि, **श्रुत्यन्तरात्** = अर्को श्रुति भएकोले, **तथा व्युत्पादिताय** = त्यसरूपले व्युत्पन्न गराइएका, **सः अहं भगवः सत्येन अतिवदानि** = हे भगवन् त्यो म सत्यद्वारा बोल्ने छु भनेर, **प्रवृत्ताय** = लागेका, **नारदाय** = नारदका निमित्त, **विज्ञानादिसाधन-परम्परया** = निदिध्यासन आदि साधन परम्पराद्वारा, **भूमानम् उपदिशति** = भूमाको उपदेश गर्दछन्, **तत्र** = त्यहाँ, **यत्** = जो, **प्राणात् अधि** = प्राणभन्दा पर, **सत्यं वक्तव्यम्** = सत्यलाई भन्नुपर्ने कुरा, **प्रतिज्ञातम्** = जुन प्रतिज्ञा गरियो, **तत् एव इह भूमा इति उच्यते इति** = त्यही नै यहाँ भूमा भनेर बताइन्छ भने, **गम्यते** = बुझिन्छ, **तस्मात्** = त्यस कारणबाट, **प्राणात् अधि** = प्राणभन्दा पर, **भूम्नः उपदेशः** = भूमाको उपदेश हो, **इति अतः** = यस कारणबाट, **प्राणात् अन्यः परमात्मा** = प्राणबाहेकको परमात्मा, **भूमा भवितुम् अर्हति** = भूमा हुन योग्य छ ।

विशदीकरण

अर्थान्तरको विवक्षा प्रश्नोत्तरको रूपमा नै हुनुपर्छ भन्ने कुनै नियम पनि छैन । किनकि सुरुमा उठान गरेका विषय असंभव भएबाट मात्र नै अर्थान्तरको विवक्षा हुने गर्दछ। उक्त सन्दर्भमा प्राणसम्मको उपदेश सुनेपछि चुप लागेका नारदलाई सनत्कुमारजी आफै व्युत्पन्न गराउनु हुन्छ - प्राणविज्ञान विकार र मिथ्या वस्तुविषयक हुनाले त्यसबाट अतिवादित्व हुनु नहुनु नै हो ।

यो त अतिवादी हो जो सत्यद्वारा अतिवाद गर्छ भन्ने वाक्यमा जुन सत्य शब्द छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको अर्थ परमार्थरूपको हुनाले ब्रह्म नै हो । अर्को श्रुतिमा पनि 'सत्य, ज्ञान र अनन्त' भनेर ब्रह्मलाई नै भनिन्छ। त्यसरूपबाट व्युत्पन्न गराइएका र 'म अब सत्यद्वारा नै अतिवादी हुन्छु' भनेर सत्य विषयमा प्रवृत्त भएका नारदलाई निदिध्यासन आदि साधनपरम्पराद्वारा सनत्कुमारजी भूमाको उपदेश गर्नु हुन्छ । उपदेशको क्रममा प्राणभन्दा पर जुन सत्यलाई बताउनुपर्ने रूपमा जो प्रतिज्ञा गरिएको छ त्यही नै यहाँ भूमा शब्दले बताइएको बुझिन्छ । प्राणभन्दा पर भूमाको उपदेश हुनाले त्यो भूमा परमात्मा हुनुपर्दछ ।

शाङ्करभाष्यम्

एवं चेहात्मविविदिषया प्रकरणस्योत्थानमुपपन्नं भविष्यति । प्राण एवेहात्मा विवक्षित इत्येतदपि नोपपद्यते । नहि प्राणस्य मुख्यया कृत्यात्मत्वमस्ति । न चान्यत्र परमात्मज्ञानाच्छोकनिवृत्तिरस्ति, **'नान्यः पन्था विद्यतेऽयनाय'** (श्वे० ६/१५) इति श्रुत्यन्तरात् । **'तं मा भगवाञ्शोकस्य पारं तारयतु'**(छा० ७/१/३) इति चोपक्रम्योपसंहरति- **'तस्मै मृदितकषायाय तमसः पारं दर्शयति भगवान्सनत्कुमारः'** (छा० ७/२६/२) इति । तम इति शोकादिकारणमविद्योच्यते। प्राणान्ते चानुशासने न प्राणस्यान्यायत्ततोच्येत । **'आत्मनः प्राणः'** (छा० ७/२६/१) इति च ब्राह्मणम् । प्रकरणान्ते परमात्मविवक्षा भविष्यति, भूमा तु प्राण एवेति चेत्- न, **'स भगवः कस्मिन्प्रतिष्ठित इति स्वे महिम्नि'** (छा० ७/२४/१) इत्यादिना भूम्न एवाप्रकरणसमाप्तेरनुकर्षणात् । वैपुल्यात्मिका च भूमरूपता सर्वकारणत्वात् परमात्मनः सुतरामुपपद्यते ।।८।।

नेपालीभाषानुवाद

च = फेरि, **एवम्** = यसै प्रकारले, **इह** = यहाँ, **आत्मविविदिषया** = आत्मा जान्ने इच्छाले, **प्रकरणस्य उत्थानम्** = प्रकरणको उठान गर्ने कुरा, **उपपन्नं भविष्यति** = मिल्दो र सिद्ध हुन आउने छ, **इह** = यहाँ, **प्राणः एव** = प्राण नै, **आत्मा विवक्षितः इति** = आत्मा भन्न खोजिएको छ भन्ने, **एतत् अपि** = यो कुरा पनि, **न उपपद्यते** = मिल्न आउँदैन, **हि** = निश्चय नै, **प्राणस्य** = प्राणको, **मुख्यया वृत्या** = मुख्य वृत्तिद्वारा, **आत्मत्वं न अस्ति** = आत्मत्व छैन, **च**= फेरि, **परमात्मज्ञानात् अन्यत्र** = परमात्मालाई जान्नुबाहेक अन्तबाट, **शोकविनिवृत्तिः** = शोक (संसार) हट्ने कुरा, **न अस्ति** = छैन किनकि, **अयनाय अन्यः पन्था न विद्यते इति** = मुक्तिको लागि ज्ञान बाहेक अर्को बाटो छैन भन्ने, **श्रुत्यन्तरात्** = अर्को श्रुति हुनाले, **भगवान् तं मा शोकस्य पारं तारयतु** = तपाईं त्यस्तो मलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोकको पार तार्नुहोस् भन्ने, **इति च** = यस प्रकारले पनि, **उपक्रम्य उपसंहरति** = उठान गरेर उपसंहार गर्दछ श्रुति जस्तै कि, **भगवान् सनत्कुमारः** = भगवान् सनत्कुमार, **मृदितकषायाय**= मन पखालिएका, **तस्मै** = ती नारदलाई, **तमसः पारम्** = अज्ञान (अविद्या) को पार, **दर्शयति इति** = देखाउँछन् भन्ने, **तमः इति** = तम भनेर, **शोकादिकारणम्** = संसारको कारण भएको, **अविद्या उच्यते** = अविद्या भनिन्छ, **प्राणान्ते अनुशासने** = प्राणमा नै थितिने उपदेश भएमा, **प्राणस्य** = प्राणको, **अन्यायत्तता च** = अर्को को अधीन हुने कुरा पनि, **न उच्यते** = भनिने थिएन जस्तै, **आत्मनः प्राणः इति** = आत्मादेखि प्राण भन्ने, **इति ब्राह्मणम् च** = यस्तो ब्राह्मण (उपनिषत्) छ र, **प्रकरणान्ते परमात्मविवक्षा भविष्यति** = प्रकरणको अन्त्यमा परमात्माबताउने कुरा हुनेछ, **भूमा तु प्राणः एव इति चेत्** = भूमा भनेको प्राण नै हो भन्छौ भने, **न** = त्यो हुँदैन किनकि, **भगवः** = हे भगवन्, **सः कस्मिन् प्रतिष्ठितः इति** = त्यो भूमा के मा प्रतिष्ठित छ, **स्वे महिम्नि** = आफ्नै महिमामा, भन्ने, **इत्यादिना** = इत्यादि श्रुतिद्वारा, **भूम्नः एव** = भूमाको नै, **आप्रकरणसमाप्तेः**= प्रकरण समाप्तिसम्म, **अनुकर्षणात्**= अनुकर्षण (दोहऱ्याउनु) गरेकोबाट, र; **वैपुल्यात्मिका भूमरूपता च** = विशिष्ट र व्यापकरूपको भूमत्व पनि, **सर्वकारणत्वात्** = सबैको कारणरूप हुनाले, **परमात्मनः एव** = परमात्माको नै, **सुतराम्** = राम्रोसँग, **उपपद्यते** = सुहाँउदो हुन्छ ।

विशदीकरण

यस प्रकरणको उठान आत्मजिज्ञासाबाट भएको भन्ने कुरा पछि सिद्ध हुनेछ । यहाँ आत्मा भनेर प्राणलाई नै लिएको हो भन्न पनि प्राणको मुख्यवृत्तिद्वारा आत्मत्व छैन । फेरि परमात्माको ज्ञानबाहेक अरूबाट शोकरूप संसारको निवृत्ति पनि हुँदैन । किनकि, 'त्यस परमात्मालाई जान्नु बाहेक मुक्तिलाई अर्को बाटो छैन' भन्ने श्रुति रहेको छ । 'मलाई शोकबाट तार्नु होस्' भन्दै उठान गरी मन पखालिएका नारदलाई सनत्कुमारले अज्ञानको पार देखाउनु हुन्छ भन्दै उपसंहार पनि गरेको देखिन्छ ।

तम भनेको संसारको कारण भएको अविद्या हो । फेरि प्राणमा नै उपदेश थितिएको भए आत्मादेखि प्राण भएको भन्ने भनाइअनुसार प्राणको पराश्रयत्व तथा अधांनता बताइने थियो । प्रकरणको अवसानमा परमात्माको विवक्षा होला तर भूमा भनेको त प्राण नै हो भन्न पनि योग्य हुँदैन । किनकि, हे भगवन्! त्यो भूमा के मा प्रतिष्ठित छ ? भन्दा 'आफ्नै महिमामा छ' भन्दै प्रकरणको समाप्तिसम्म पनि भूमालाई दोहोऱ्याइएको छ । विशिष्ट तथा व्यापकरूपको भूमत्व पनि सबैको कारण हुनाले भूमाको अर्थ परमात्मामा नै राम्रोसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिल्न आउँदछ ।

ब्रह्मसूत्रम् - धर्मोपपत्तेश्च १/३/९

सूत्रार्थ - धर्मोपपत्तेः= भूमामा सुनिएका धर्म परमात्मामा सिद्ध हुनाले पनि, **च**= भूमा भनेको परमात्मा हो ।

शाङ्करभाष्यम्

अपि च ये भूम्नि श्रूयन्ते धर्मास्ते परमात्मन्युपपद्यन्ते । **'यत्र नान्यत्पश्यति नान्यच्छृणोति नान्यद् विजानाति स भूमा'** इति दर्शनादिव्यवहाराभावं भूमन्यवगमयति । परमात्मनि चायं दर्शनादिव्यवहाराभावोऽवगतः, **'यत्र त्वस्य सर्वमात्मैवाभूत्तत्केन कं पश्येत्'** (बृ० ४/५/१५) इत्यादिश्रुत्यन्तरात्। योऽप्यसौ सुषुप्तावस्थायां दर्शनादिव्यवहाराभाव उक्तः सोऽप्यात्मन एवासङ्गत्वविवक्षयोक्तो न प्राणस्वभावविवक्षया, परमात्मप्रकरणात् । यदपि तस्यामवस्थायां सुखमुक्तं तदप्यात्मन एव सुखरूपत्वविवक्षयोक्तम् । यत आह- **'एषोऽस्य परम आनन्द एतस्यैवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति'** (बृ० ४/३/३२) इति । इहापि **'यो वै भूमा तत्सुखं नाल्पे सुखमस्ति भूमैव सुखम्'** इति सामयसुखनिराकरणेन ब्रह्मैव सुखं भूमानं दर्शयति । **'यो वै भूमा तदमृतम्'** इत्यमृतत्वमपीह श्रूयमाणं परमकारणं गमयति। विकाराणाममृतत्वस्यापेक्षिकत्वात्, **'अतोऽन्यदार्तम्'** (बृ० ३/४/२) इति च श्रुत्यन्तरात्। तथा च सत्यत्वं स्वमहिमप्रतिष्ठितत्वं सर्वगतत्वं सर्वात्मत्वमिति चैते धर्माः श्रूयमाणाः परमात्मन्येवोपपद्यन्ते, नान्यत्र । तस्माद् भूमा परमात्मेति सिद्धम् ।।९।।

नेपालीभाषानुवाद

अपि च = फेरि, **ये धर्माः**= जुन धर्महरू, **भूम्नि श्रूयन्ते** = भूमामा सुनिन्छन्, **ते** = ती, **परमात्मनि उपपद्यन्ते**= परमात्मामा मिल्न आउँछन्, **यत्र** = जहाँ, **अन्यत् न पश्यति** = अर्को देख्दैन, **अन्यत् न शृणोति** = अर्को सुन्दैन, **अन्यत् न विजानाति**= अर्को जान्दैन, **सः भूमा** = त्यो भूमा हो भन्ने, **इति** = यसप्रकारले, **दर्शनादिव्यवहाराभावम्** = देख्नु, सुन्नु आदि व्यवहारको नहुने कुरा, **भूमनि अवगमयति** = बुझाउँछ, **अयम्** = यो, **दर्शनादिव्यवहाराऽभावः** = देख्नु आदि व्यवहारको अभाव, **परमात्मनि च** = परमात्मामा पनि, **अवगतः** = जानिएको छ जस्तै, **यत्र तु अस्य सर्वम् आत्मा एव अभूत्** = जहाँ त यसपुरुषको सबै आत्मा नै छ भने, **तत् केन**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कं पश्येत् = त अनि कसले कसलाई देख्ला भन्ने, **इत्यादिश्रुत्यन्तरात्** = इत्यादि अर्को श्रुति हुनाले, **यः असौ** = जुन हो, **सुषुप्तावस्थायाम् अपि** = सुषुप्त अवस्थामा पनि, **दर्शनादिव्यवहाराऽभावः उक्तः** = देख्नु आदि व्यवहारको अभाव बताइयो, **सः अपि** = त्यो पनि, **आत्मनः एव** = आत्माको नै, **असङ्गत्वविवक्षया उक्तः** = असङ्ग छ भन्ने बताउनु निमित्त भनेको हो, **प्राणस्वभावविवक्षया न** = प्राणको स्वभाव बताउने इच्छाले होइन किनकि, **परमात्मप्रकरणात्** = परमात्माको प्रकरण हुनाले, **यद् अपि** = जो कि फेरि, **तस्याम् अवस्थायाम्** = त्यस सुषुप्ति अवस्थामा, **सुखम् उक्तम्** = सुख बताइयो, **तद् अपि** = त्यो पनि, **आत्मनः एव** = आत्माको नै, **सुखरूपत्वविवक्षया उक्तम्** = सुखरूप छ भन्ने कुरा बताउन भनियो, **यतः आह** = जुनकारणबाट श्रुति भन्दछ, **एषःअस्य परमः आनन्दः** = यही हो यस परमात्माको आनन्द, **एतस्य आनन्दस्य एव** = यसै आनन्दको नै, **अन्यानि भूतानि**= अरू प्राणीहरू, **मात्राम्** = एकांश मात्र, **उपजीवन्ति इति** = भोग गर्दछन् भन्ने, **इह अपि** = यहाँ पनि, **वै यः भूमा तत्सुखम्** = निश्चय नै जुन भूमा हो त्यो सुख हो, **अल्पे सुखं न अस्ति** = अल्प(थोरै) मा सुख छैन, **भूमा एव सुखम्** = भूमा नै सुख हो भन्ने, **इति** =यस प्रकार, **सामयसुखनिराकरणेन** = दुःखयुक्त सुखलाई खण्डन गर्नाले, **ब्रह्म एव सुखं भूमानं दर्शयति** = ब्रह्मलाई नै सुखरूप भूमा भनेर देखाउँछ, **वै यः भूमा तत् अमृतम्** = निश्चय नै जुन भूमा छ त्यो अमृत हो भन्ने, **इति** = यस्तो, **अमृतत्वम् अपि** = अमृत हो भन्ने पनि, **इह** = यहाँ, **श्रूयमाणम्** = सुनिएकोले, **परमकारणं गमयति** = परमकारण स्वरूप ब्रह्मलाई बुझाउँछ किनकि, **विकाराणाम्** = विकारहरूको, **अमृतत्वस्य** = अमृत हुने कुरा, **आपेक्षिकत्वात्** = अपेक्षाकृत हुनाले र, **अतः अन्यत् आर्तम् इति** = ब्रह्मबाहेक अरू झुट्टा हो भन्ने, **श्रुत्यन्तरात्** = अर्को श्रुति हुनाले, **तथा च**= त्यस्तै पनि, **सत्यत्वम्** = सत् रूप हुनु, **स्वमहिमप्रतिष्ठितत्वम्** = आफ्नो महिमामा रहनु, **सर्वगतत्वम्** = सर्वव्यापी हुनु, **सर्वात्मत्वम् च** = सर्वरूपी हुनु पनि, **इति एते धर्माः** = यस प्रकारका यी धर्महरू, **श्रूयमाणाः** = सुनिएका, **परमात्मनि एव उपपद्यन्ते** = परमात्मामा नै ठीक मिल्न सक्दछन्, **अन्यत्र न** = अन्त मिल्न सक्दैनन्, **तस्मात् भूमा परमात्मा इति** = त्यसकारण भूमा परमात्मा हो भन्ने, **सिद्धम्** = सिद्ध छ ।

विशदीकरण

भूमामा बताइएका धर्महरू परमात्मामा मिल्ने हुनाले पनि भूमा भनेको परमात्मा हो भन्ने सूत्राशय हो । भूमामा सुनिएका धर्महरू परमात्मामा मिल्न आउँछन् । जस्तै – 'जहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को देख्दैन' भन्ने इत्यादि श्रुतिले भूमामा देख्नु आदि व्यवहारको अभाव देखाउँछ । परमात्मामा पनि यो देख्नु आदि व्यवहारको अभाव जानिएको छ । जस्तै – 'जहाँ यो आत्मवेत्ताको सबै आफ्नो आत्मा नै भयो त त्यहाँ कसले कसलाई देख्ने, सुन्ने, जान्ने' इत्यादि भनिएको छ ।

सुषुप्तावस्थामा पनि जो देख्नु आदि व्यवहारको अभाव बताइएको छ, त्यो पनि आत्माको असङ्गित्व बताउने इच्छाले हो, प्राणको स्वभाव बताउने इच्छाले होइन । किनभने यो प्रकरण परमात्माको हो । फेरि सुषुप्तावस्थामा जुन सुख बताइयो त्यो पनि आत्माको नै सुखरूपत्व बताउने अभिप्रायले नै हो। जसबाट भनिन्छ कि – यो आत्माको उत्कृष्ट आनन्द हो, यसै आनन्दको लवलेशमात्र अरू प्राणी भोग गर्दछन् इत्यादि ।

'भूमा नै सुख हो, थोरैमा सुख छैन, भूमा नै सुख हो' भन्ने कुरा पनि श्रुतिले स्पष्ट देखाउँछ । 'त्यो भूमा हो, त्यो अमृत हो' भन्नुले पनि परमकारणरूप ब्रह्मलाई बुझाउँछ । फेरि 'आत्मा बाहेक अरू सबै मिथ्या हो' भन्ने अर्को श्रुति पनि हुनाले 'सद्रूप हुनु, आफ्नै महिमामा स्थित हुनु, सर्वव्यापी हुनु र सर्वस्वरूपी हुनु' इत्यादि भूमामा सुनिएका धर्महरू परमात्मामा नै मिल्न आउँछन्, अन्यत्र आउँदैनन् । यसप्रकार भूमा भनेको परमात्मा हो भन्ने सिद्ध हुन्छ ।।९।।

इतिभूमाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. अक्षराधिकरणम् {सू. १०-१२}

ब्रह्मसूत्रम् - अक्षरमम्बरान्तधृतेः १/३/१०

सूत्रार्थ - **अम्बरान्तधृतेः** = आकाशसम्मको धारणबाट, **अक्षरम्** = अक्षर भनेको ब्रह्म हो ।

शाङ्करभाष्यम्

'कस्मिन्नु खल्वाकाश ओतश्च प्रोतश्चेति । स होवाचैतद्वै तदक्षरं गार्गि ब्राह्मणा अभिवदन्त्यस्थूलमनणु' (बृ. ३/८/७-८) इत्यादि श्रूयते । तत्र संशयः - किमक्षरशब्देन वर्ण उच्यते, किं वा परमेश्वर इति । तत्राक्षरसमाम्नाय इत्यादौ अक्षरशब्दस्य वर्णे प्रसिद्धत्वात्, प्रसिद्ध्यतिक्रमस्य चायुक्तत्वात् **'ॐकार एवेदं सर्वम्'**(छा० २/२३/३) इत्यादौ च श्रुत्यन्तरे वर्णस्याप्युपास्यत्वेन सर्वात्मकत्वावधारणात्, वर्णा एवाक्षरशब्द इति। एवं प्राप्त उच्यते - पर एवात्माक्षर-शब्दवाच्यः । कस्मात् ? अम्बरान्तधृतेः- पृथिव्यादेराकाशान्तस्य विकारजातस्य धारणात् ।

नेपालीभाषानुवाद

नु खलु = शङ्कारूप निश्चय नै, **आकाशः कस्मिन् ओतः च प्रोतः च** = आकाश कसमा ओत र प्रोत पनि छ, **ह सः उवाच** = निश्चयरूपमा उनले भने, **गार्गि वै एतत् अक्षरम्** = हे गार्गी, यो त्यो अक्षर हो, **जसलाई; ब्राह्मणाः** = ब्रह्मवेत्ताहरू, **अस्थूलम् अनणु** = स्थूल र अणु दुवै नभएको भनेर, **अभिवदन्ति** = भन्दछन् (स्वीकार गर्दछन्) भन्ने, **इत्यादि श्रूयते** = इत्यादि कुरा श्रुतिमा सुनिन्छ, **तत्र संशयः** = त्यसमा शङ्का हुन्छ, **अक्षरशब्देन किं वर्णः उच्यते** = अक्षर शब्दले के यहाँ वर्ण भनिन्छ, **किं वा परमेश्वरः इति** = के परमेश्वर भन्ने, **तत्र** = त्यसमा, **अक्षरसमाम्नायः इत्यादौ** = 'अक्षरसमाम्नाय' भन्ने ठाउँमा, **अक्षरशब्दस्य वर्णे प्रसिद्धत्वात्** = अक्षरशब्द वर्ण अर्थमा प्रसिद्ध हुनाले, **प्रसिद्ध्यतिक्रमस्य अयुक्तत्वात् च** = प्रसिद्ध भएकोलाई छाड्न योग्य नहुनाले पनि र, **ॐकारः एव इदं सर्वम्** = ॐकार नै यो सबै हो भन्ने, **इत्यादौ श्रुत्यन्तरे** = इत्यादि अरू श्रुतिमा, **वर्णस्य अपि** = वर्णको पनि, **उपास्यत्वेन** = उपास्यरूपले, **सर्वात्मकत्वावधारणात्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वात्मरूपमा निश्चय गरेकोबाट, **वर्णः एव अक्षरशब्दः इति** = वर्ण नै अक्षरशब्दको अर्थ हो भन्ने, **एवं प्राप्ते उच्यते** = यस्तो शङ्का भएमा भनिन्छ, **परः एव आत्मा अक्षरशब्दवाच्यः**= परमात्मा नै अक्षरशब्दको अर्थ हो, **कस्मात्** = के बाट, **पृथिव्यादेः आकाशान्तस्य** = पृथ्वीदेखि आकाशसम्मका, **विकारजातस्य** = विकार समूहको, **धारणात्** = धारण गरेकोबाट ।

विशदीकरण

अब अक्षरनामक अधिकरण सुरु हुन्छ । पृथ्वीदेखि लिएर आकाशसम्मको धारण गर्ने हुनाले **'कस्मिन्नु'** इत्यादि श्रुतिमा अक्षर भनेको परमात्मा हो भन्ने सूत्राशय हो । आकाश कसमा ओतप्रोत छ? भन्ने प्रश्नको उत्तररूपमा गार्गीलाई- 'त्यो यो अक्षर हो' भनी बताइएकोले शङ्का हुन्छ - यहाँ अक्षर भनेर वर्ण लिने ? कि परमेश्वर ? त्यसमा पनि व्याकरणशास्त्रमा अक्षरसमाम्नाय भनेको ठाउँमा अक्षर भनेर वर्णमा प्रसिद्ध भएको र प्रसिद्ध अर्थलाई त्याग्न उचित हुँदैन ।

'ॐकार नै यो सबै हो' भनेर अरूश्रुतिमा उपास्य रूपमा वर्णलाई नै निश्चय गरेकोले यहाँ अक्षर भनेको वर्ण नै हो भन्ने शङ्कारूप पूर्वपक्ष भएको हुँदा भनिन्छ- परमात्मालाई नै यहाँ अक्षर शब्दले लिएको हो, किनभने पृथ्वीदेखि लिएर आकाशसम्मका विकारसमूहको धारण गर्ने कुरा परमात्मामा नै मिल्न आउँछ ।

शाङ्करभाष्यम्

तत्र हि पृथिव्यादेः समस्तविकारजातस्य कालत्रयविभक्तस्य **'आकाश एव तदोतञ्च प्रोतञ्च'** इत्याकाशे प्रतिष्ठितत्वमुक्त्वा **'कस्मिन्नु खल्वाकाश ओतश्च प्रोतश्च'** इत्यनेन प्रश्नेनेदमक्षरमवतारितम् । तथा चोपसंहृतम्- **'एतस्मिन्खल्वक्षरे गार्ग्याकाश ओतश्च प्रोतश्च'** इति । नचेयमम्बरान्तधृतिर्ब्रह्मणोऽन्यत्र संभवति । यदपि **'ॐकार एवेदं सर्वम्'** इति तदपि ब्रह्मप्रतिपत्तिसाधनत्वात्स्तुत्यर्थं द्रष्टव्यम् । तस्मान्न क्षरत्यश्नुते चेति नित्यत्वव्यापित्वाभ्यामक्षरं परमेव ब्रह्म ।।१०।।

नेपालीभाषानुवाद

तत्र हि = त्यहाँ निश्चय नै, **पृथिव्यादेः** = पृथ्वी आदि गरिएका, **कालत्रय-विभक्तस्य** = तीनै कालमा विभाजित गरिएका, **समस्तविकारजातस्य** = सम्पूर्ण विकारसमूहको, **आकाशे एव तत् ओतं च प्रोतं च इति** = आकाशमा नै त्यो आतेप्रोत छ भनेर, **आकाशे प्रतिष्ठितत्वम् उक्त्वा** = आकाशमा प्रतिष्ठित रहेको बताएर, **कस्मिन् नु खलु आकाशः ओतः प्रोतः च इति** = केमा आकाश निश्चय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै ओतप्रोत छ भन्ने, **प्रश्नेन** = प्रश्नद्वारा, **इदम् अवतारितम्** = यो कुरा उतारिएको (निश्चय गरिएको) छ, **तथा उपसंहृतम् च** = त्यस्तै उपसंहार गरिएको पनि छ जस्तै, हे **गार्गि एतस्मिन् खलु अक्षरे आकाशः ओतः प्रोतः च** = हे गार्गी यसै अक्षरमा निश्चय आकाश ओतप्रोत छ भन्ने, **इति** = यस रूपले, **च** = फेरि, **इयम् अम्बरान्तधृतिः** = यो आकाशसम्मको धारण गर्ने कुरा, **ब्रह्मणः अन्यत्र** = ब्रह्मबाहेक अन्त, **न संभवति** = हुनसक्दैन, **यत् अपि** = जो पनि कि, **ॐ कारः एव इदं सर्वम् इति** = ॐकार नै यो सबै हो भन्ने कुरा छ, **तत् अपि** = त्यो पनि, **ब्रह्मप्रतिपत्ति-साधनत्वात्**= ब्रह्मप्राप्तिको साधन हुनाले, **स्तुत्यर्थं द्रष्टव्यम्** = प्रशंसा निमित्त जान्नु पर्दछ, **तस्मात्** = त्यसकारणबाट, **न क्षरति अश्नुते च इति** = नाशहुन्न र व्याप्तहुन्न भन्ने, **इति** = यस्तो, **नित्यत्वव्यापित्वाभ्याम्** = नित्यत्व र व्यापित्वद्वारा, **अक्षरं परम् एव ब्रह्म** = अक्षरभनेको परब्रह्म नै हो ।

विशदीकरण

त्यसमा फेरि तीनकालमा विभाजित गरिएको सम्पूर्ण विकारसमूह आकाशमा नै ओतप्रोत छ भनेर आकाशमा नै प्रतिष्ठित भएको बताएपछि फेरि त्यो विकारसमूह केमा ओतप्रोत छ ? भन्ने प्रश्नद्वारा यो कुरा उठाइएको हो र उपसंहारमा पनि- 'हे गार्गी ! त्यो अक्षरमा ओतप्रोत छ' भन्ने कुरा श्रुतिद्वारा भनिएको हो ।

आकाशसम्मका जगत्को धारण गर्ने कुरा ब्रह्मबाहेक अरूमा हुन सक्दैन । फेरि 'ॐकार नै यो सबै हो' भन्नु पनि ब्रह्म प्राप्तिको साधन हुनाले स्तुतिनिमित्त हो । अक्षर शब्दको अविनाशी र व्यापक भन्ने अर्थद्वारा पनि अक्षर भनेको परब्रह्म नै हो ॥१०॥

शाङ्करभाष्यम्

स्यादेतत् कार्यस्य चेत्कारणाधीनत्वमम्बरान्तधृतिरभ्युपगम्यते, प्रधानकारण-वादिनोऽपीयमुपपद्यते । कथमम्बरान्तधृतेर्ब्रह्मप्रतिपत्तिः । अत उत्तरं पठति-

नेपालीभाषानुवाद

एतत् स्यात् = यो कुरा होस्, **कार्यस्य** = कार्यको, **कारणाधीनत्वम्** = कारणको अधीन हुनु, **अम्बरान्तधृतिः** = आकाशसम्मको धारण, **अभ्युपगम्यते चेत्** = मानिन्छ भने, **प्रधानकारणवादिनः अपि** = प्रधानलाई कारण मान्नेको पनि, **इयम् उपपद्यते** = यो धारण गर्ने कुरा मिल्न सक्दछ र, **अम्बरान्तधृतेः** = आकाशसम्मको धारण गर्नुबाट, **कथं ब्रह्मप्रतिपत्तिः**= कसरी ब्रह्म भन्ने थाह हुन्छ, **अतः** = यो शङ्का भएबाट, **उत्तरं पठति** = आचार्यसूत्ररूपमा उत्तर भन्नुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - सा च प्रशासनात् १/३/११

सूत्रार्थ - सा च = त्यो आकाशसम्मको धृति पनि, **प्रशासनात्** = प्रशासन सुनिएकोबाट परमात्माकै कर्म हो ।

शाङ्करभाष्यम्

सा चाम्बरान्तधृतिः परमेश्वरस्यैव कर्म । कस्मात् ? प्रशासनात् । प्रशासनं हीह श्रूयते- **'एतस्य वा अक्षरस्य प्रशासने गार्गि सूर्याचन्द्रमसौ विधृतौ तिष्ठतः'** (बृ० ३/८/९) इत्यादि । प्रशासनञ्च पारमेश्वरं कर्म । नाचेतनस्य प्रधानस्य प्रशासनं भवति । नह्यचेतनानां घटादिकारणानां मृदादीनां घटादिविषयं प्रशासनमस्ति ।।११।।

नेपालीभाषानुवाद

सा च अम्बरान्तधृतिः = त्यो आकाशसम्मको धृति, **परमेश्वरस्य एव कर्म**= परमेश्वरको नै कर्म हो, **कस्मात्** = के बाट, **प्रशासनात्** = प्रशासन सुनिएकोबाट, **हि इह प्रशासनं श्रूयते** = निश्चय नै यहाँ प्रशासन सुनिन्छ कि, **वा एतस्य अक्षरस्य प्रशासने** = प्रसिद्ध यस अक्षरको प्रशासनमा, **गार्गि** = हे गार्गी, **सूर्याचन्द्रमसौ** = सूर्य र चन्द्रमा, **विधृतौ** = धारण गरिएका छँदा, **तिष्ठतः** = रहन्छन् भन्ने, **इत्यादि** = इत्यादि, **प्रशासनं च** = त्यो प्रशासन फेरि, **पारमेश्वरं कर्म** = परमेश्वरकै कर्म(काम) हो, **अचेतनस्य प्रधानस्य** = जडप्रधानको, **प्रशासनं न भवति** = प्रशासन हुनसक्दैन, **हि** = निश्चय नै, **अचेतनानाम्** = जड, **घटादिकारणानाम्** = घटपट आदिको कारण भएका, **मृदादीनाम्** = माटो तन्तु आदिको, **घटादिविषयम्** = घडा, वस्त्र आदिलाई लिएर, **प्रशासनं न अस्ति** = प्रशासन छैन ।

विशदीकरण

कारणका अधीनमा कार्य रहने हुँदा आकाशरूप कार्यलाई परमेश्वर कारणले धारण गर्दछन् भनिएको छ । यहाँ प्रश्न हुन्छ त्यसो भए त प्रधानलाई जगत्को कारण मान्नेहरूका मतमा पनि यो कुरा घट्न सक्दछ र आकाशसम्मको धृतिबाट अक्षर भनेको ब्रह्म नै हो भन्ने कुरा कसरी हुन सक्दछ ? भन्ने शङ्का भएमा आचार्य व्यास सूत्ररूपमा भन्नुहुन्छ- **'सा च प्रशासनात्'** । आकाशसम्मको धृति परमेश्वरको कर्म हो ।

खासरूपमा पृथ्वीदेखि लिएर आकाशसम्मको धारण गर्ने काम परमेश्वरको नै हो । किनभने यस्तै प्रशासन सुनिएको छ । यहाँ, हे गार्गी ! यसै अक्षरका प्रशासनमा सूर्य चन्द्र रहेका र अडेका छन् भन्ने प्रशासन सुनिदैछ । प्रशासन भनेको परमेश्वरको काम हो । जड प्रधानबाट प्रशासन हुनसक्दैन । कारण भनिदैमा कार्य विषयको प्रशासन हुन्छ भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपयुक्त ठहर्दैन । जस्तो कि – घट र कपडाका माटो र धागो कारण हुन्, परन्तु धागाको र माटाको कपडा र घडा प्रति प्रशासन छैन ।।११।।

ब्रह्मसूत्रम् - अन्यभावव्यावृत्तेश्च   १/३/१२

सूत्रार्थ -   अन्यभावव्यावृत्तेः = ब्रह्मबाहेक अरूलाई निषेध गरेकोबाट पनि, **च**= अक्षर ब्रह्म हो ।

शाङ्करभाष्यम्

अन्यभावव्यावृत्तेश्च कारणाद् ब्रह्मैवाक्षरशब्दवाच्यम् । तस्यैवाम्बरान्तधृतिः कर्म नान्यस्य कस्यचित् । किमिदमन्यभावव्यावृत्तेरिति ? अन्यस्य भावोऽन्यभावः, तस्माद् व्यावृत्तिरन्यभावव्यावृत्तिरिति तस्याः । एतदुक्तं भवति- यदन्यद् ब्रह्मणो-ऽक्षरशब्दवाच्यमिहाशङ्क्यते तद्भावादिदमम्बरान्तविधारणमक्षरं व्यावर्तयति श्रुतिः- **'तद्वा एतदक्षरं गार्ग्यदृष्टं द्रष्टृश्रुतं श्रोत्रमतं मन्त्रविज्ञातं विज्ञातृ'** (बृ० ३/८/ ११) इति । तत्रादृष्टत्वादिव्यपदेशः प्रधानस्यापि संभवति, द्रष्टृत्वादिव्यपदेशस्तु न संभवति, अचेतनत्वात् । तथा- **'नान्यदतोऽस्ति द्रष्टृ नान्यदतोऽस्ति श्रोतृ नान्यदतोऽस्ति मन्तृ नान्यदोऽस्ति विज्ञातृ'** इत्यात्मभेदप्रतिषेधात् न शारीरस्या-प्युपाधिमतोऽक्षरशब्दवाच्यत्वम् । **'अचक्षुष्कमश्रोत्रमवागमनः'** (बृ० ३/८/ ८) इति चोपाधिमत्ताप्रतिषेधात्। नहि निरुपाधिकः शारीरो नाम भवति । तस्मात्परमेव ब्रह्माक्षरमिति निश्चयः ।।१२।।

नेपालीभाषानुवाद

अन्यभावव्यावृत्तेः करणात् च = ब्रह्मबाहेक अरूको निराकरण गर्नु रूपकारणबाट पनि, **ब्रह्म एव अक्षरशब्दवाच्यम्** = ब्रह्म नै अक्षर शब्दको वाच्य हो, **तस्य एव** = त्यसै ब्रह्मको नै, **अम्बरान्तधृतिः कर्म** = आकाशसम्मको धारण गर्नु रूपकर्म हो, **अन्यस्य कस्यचित् न** = अरू कसैको होइन, **अन्यभावव्यावृत्तेः इदं किम्** = अन्यभावव्यावृत्ति भन्ने यो भनाइ के हो, **अन्यस्य भावः अन्यभावः** = अरूको अस्तित्व (हुनु) अन्यभाव हो, **तस्मात् व्यावृत्तिः** = त्यसबाट हटाउनु, हट्नु; **अन्यभावव्यावृत्तिरिति** = अन्यभावव्यावृत्ति हो, **एतत् उक्तं भवति** = वास्तविक भनाइ यो हुन आउँछ कि, **ब्रह्मणः अन्यत्** = ब्रह्मदेखि बाहेक, **यत्** = जो, **ब्रह्म** = यहाँ, **अक्षरशब्दवाच्यम्** = अक्षर शब्दले भनिने भनेर, **आशङ्क्यते** = शङ्का गरिन्छ, **तत् भावात्** = त्यसको अस्तित्वबाट, **इदम् अम्बरान्तविधारणम्** = यो आकाशसम्मको धारण गर्ने, **अक्षरम् श्रुति** = यो अक्षरलाई श्रुति, **व्यावर्तयति** = अलग्याउँछ जस्तै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गार्गि = हे गार्गी, **वा** = प्रसिद्ध नै वा पक्षान्तर, **तत् एतत् अक्षरम्** = त्यो यो विधारण गर्ने अक्षर, **अदृष्टं द्रष्टृ** = अदृश्य रूपको द्रष्टा हो, **अश्रुतं श्रोतृ** = नसुनिएको श्रोता हो, **अमतं मन्तृ** = आफू अमत भएर मननकर्ता हो, **अविज्ञातं विज्ञातृ इति** = आफू नजानिएको भएर विज्ञाता हो भन्ने, **तत्र** = त्यस भनाइमा, **अदृश्यत्वादिव्यपदेशः**= अदृश्य आदि भन्ने उल्लेख त, **प्रधानस्य अपि** = प्रधानको पनि, **सम्भवति** = हुन सक्दछ, **द्रष्टृत्वादिव्यपदेशः तु** = द्रष्टा भन्ने उल्लेख त, **न संभवति** = हुन सक्दैन किनकि, **अचेतनत्वात्** = प्रधान अचेतन (जड) हुनाले, **तथा** = त्यस्तै, **अतः अन्यत् द्रष्टृ न अस्ति** = यसभन्दा अर्को देख्ने छैन, **अतः अन्यत् श्रोतृ न अस्ति** = यो भन्दा अर्को सुन्नेवाला छैन, **अतः अन्यत् मन्तृ न अस्ति** = यो भन्दा अर्को मननकर्ता छैन, **अतः अन्यत् विज्ञातृ न अस्ति** = यो भन्दा अर्को जान्ने छैन भन्ने, **इति** = यसप्रकारले, **आत्मभेदप्रतिषेधात्** = आत्माको भेदलाई निषेध गरेकोबाट, **उपाधिमतः शरीरस्य अपि** = उपाधियुक्त जीवको पनि, **अक्षरशब्दवाच्यत्वं न** = अक्षरशब्दले भनिने कुरा हुनसक्दैन किनकि, **अचक्षुष्कम् अश्रोत्रम् अवाक् अमनः इति** = आँखा, कान, बोली र मन नभएको भनेर, **उपाधिमत्ताप्रतिषेधात्** = उपाधि हुने कुराको निषेध हुनाले, **हि** = निश्चय नै, **शारीरः नाम** = जीवभनेको, **निरुपाधिकः न भवति** = उपाधि नभएको हुनसक्दैन, **तस्मात्** = त्यसकारणबाट, **परम् एव ब्रह्म** = परब्रह्म नै, **अक्षरम् इति** = अक्षर हो भन्ने, **निश्चयः** = निर्णय हो ।

विशदीकरण

अन्य भावबाट पृथक् देखाउनुको कारणबाट पनि अक्षर भनेको ब्रह्म नै हो । आकाशसम्मको धारण पनि त्यसको नै कर्म हो, अरू कसैको हुन सक्दैन । अन्यभावव्यावृत्ति भन्नु ब्रह्मबाहेक अरूको सत्तालाई निराकरण गर्नु नै हो । खास गरेर यहाँ ब्रह्मबाहेकको अरू कुनैलाई अक्षर भनेर जुन शङ्का गरिन्छ, त्यो शङ्का आकाशसम्मको विधारणद्वारा हटाइन्छ । जस्तै– 'त्यो यो अक्षर आफू नदेखिएर देख्ने, नसुनिएर सुन्ने, मननमा नआएर मनन गर्ने, नजानिएर जान्ने' इत्यादि रूपले बताइएको छ । नदेखिनेपना त प्रधानमा पनि हुनसक्दछ तर प्रधान जड भएकाले त्यसमा देख्ने र जान्ने क्रिया हुनसक्दैन ।

'यो भन्दा अर्को द्रष्टा, श्रोता, मन्ता र विज्ञाता छैन' भनेर आत्मादेखि बाहेक अरू कुनै द्रष्टा र ज्ञाता नहुने कुरा बताइएकाले उपाधिवाला जीव चेतन भएपछि अक्षरशब्दको वाच्य हुनसक्दैन । फेरि आँखा, कान, वाणी र मन नभएको भनेर उपाधिको पनि निरसन हुनाले जीव अक्षर नहुने कुरा स्पष्ट पनि छ । विना उपाधिको जीव हुँदैन, त्यसकारण अक्षर भनेको यहाँ ब्रह्म नै हो भन्ने निर्णय गरिएको हो।।१२।।

इतिअक्षराधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. ईक्षतिकर्मव्यपदेशाधिकरणम् {सू. १३}

ब्रह्मसूत्रम् - ईक्षतिकर्मव्यपदेशात् सः   १/३/१३

सूत्रार्थ - ईक्षतिकर्मव्यपदेशात् = ईक्षतिकर्मरूपले बताउनाले, **सः** = त्यो अभिध्यातव्यरूपमा भनिएको परमात्मा हो ।

शाङ्करभाष्यम्

'एतद् वै सत्यकाम परं चापरं च ब्रह्म यदोंकारस्तस्माद्विद्वानेतेनैवायतनेनैकतरमन्वेति' इति प्रकृत्य श्रूयते – **'यः पुनरेतं त्रिमात्रेणोमित्येतेनैवाक्षरेण परं पुरुषमभिध्यायीत'** (प्र० ५/२-५) इति । किमस्मिन् वाक्ये परं ब्रह्माभिध्यातव्यमुपदिश्यते, आहोस्विदपरमिति । एतेनैवायतनेन परमपरं वैकतरमन्वेतीति प्रकृतत्वात्संशयः । तत्रापरमिदं ब्रह्मेति प्राप्तम् । कस्मात् ? **'स तेजसि सूर्ये सम्पन्नः, स सामभिरुन्नीयते ब्रह्मलोकम्'** इति च तद्विदो देशपरिच्छिन्नस्य फलस्योच्यमानत्वात् । नहि परब्रह्मविद्देशपरिच्छिन्नं फलमश्नुवीतेति युक्तम्, सर्वगतत्वात्परस्य ब्रह्मणः । नन्वपरब्रह्मपरिग्रहे परं पुरुषमिति विशेषणं नोपपद्यते। नैष दोषः, पिण्डापेक्षया प्राणस्य परत्वोपपत्तेः । इत्येवं प्राप्तेऽभिधीयते –

नेपालीभाषानुवाद

सत्यकाम = हे सत्यकाम, **वै** = निश्चय नै, **एतत् ब्रह्म** = यो ब्रह्म, **परं च अपरं च** = पर र अपर दुईरूपको छ, **यत् ओंकारः** = जुन ॐकार छ, **विद्वान्** = विद्वान्, **एतेन आयतनेन एव** = प्राप्तिको साधनरूप यस आयतनद्वारा नै, **एकतरम्**= यी मध्ये एकलाई, **अन्वेति इति** = प्राप्त गर्छ भन्ने, **प्रकृत्य** = सुरु उठान गरेर, **श्रूयते** = सुनिन्छ, **यः पुनः** = जो फेरि, **एतम् परं पुरुषम्** = यो परमपुरुषलाई, **त्रिमात्रेण एतेन ओम् इति अक्षरेण एव** = तीनमात्रा भएको यही ॐ भन्ने अक्षरद्वारा नै, **अभिध्यायीत इति** = ध्यान गरोस् भन्ने, **किम् अस्मिन् वाक्ये** = के यस वाक्यमा, **अभिध्यातव्यं परं ब्रह्म उपदिश्यते** = ध्यान गर्ने भनेर परब्रह्म उपदेश गरिन्छ, **आहोस्वित् अपरम् इति** = अथवा अपरब्रह्म उपदेश गरिन्छ भन्ने, **एतेन एव आयतनेन** = यही साधनद्वारा नै, **परम् अपरं च एकतरम् अन्वेति इति** = पर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा अपरमा कुनै एकलाई प्राप्त गर्छ भन्ने, **प्रकृतत्वात्** = सुरमा उठान गरेकोले, **संशयः** = शङ्का हुन्छ, **तत्र** = त्यसमा पहिले, **अपरम् इदं ब्रह्म** = अपर (कार्यब्रह्म हिरण्यगर्भ) नै यो भनिएको हो, **कस्मात्**= केबाट, **सः तेजसि सूर्ये सम्पन्नः** = त्यो तेज सूर्यमा सम्पन्न हुन्छ, **सः सामभिः ब्रह्मलोकं उन्नीयते** = त्यो सामद्वारा ब्रह्मलोकमा पुऱ्याइन्छ भन्ने, **इति च** = यो पनि, **तद्विदः** = त्यो जान्नेका विषयमा, **देशपरिच्छिन्नस्य फलस्य** = देशद्वारा सीमित गरिएको फल, **उच्यमानत्वात्** = बताइने हुनाले, **हि** = निश्चय नै, **परब्रह्मवित्** = परब्रह्मलाई जान्ने वाला पुरुष, **देशपरिच्छिन्नं फलम्** = देशबाट सीमित फल, **अश्नुवीत इति**= भोगोस् भन्ने, **न युक्तम्**= ठीक छैन किनभने, **परस्य ब्रह्मणः** = परब्रह्मको, **सर्वगतत्वात्** = सर्वव्यापी हुनाले, **ननु** = शङ्का, **अपरब्रह्मपरिग्रहे** = अपर ब्रह्मलाई लिएमा, **परं पुरुषम् इति विशेषणम्** = परपुरुष भन्ने विशेषण, **न उपपद्यते**= ठीक हुँदैन, **एषः दोषः न** = यो दोष हुँदैन, **पिण्डापेक्षया**= पिण्ड(विराट्)को अपेक्षाले, **प्राणस्य** = प्राण (हिरण्यगर्भ) को, **परत्वोपपत्तेः** = परत्व हुन सक्ने हुनाले भन्ने, **इति एवं प्राप्ते** = यो यस्तो शङ्का भएमा, **अभिधीयते**= उत्तररूपमा भनिन्छ ।

विशदीकरण

अब ईक्षतिकर्मव्यपदेश भन्ने अधिकरण सुरु हुन्छ । ईक्षणको कर्मरूपमा बताएकोबाट ध्यान गरिने भनेको परमात्मा हो भन्ने सूत्राशय हो । ब्रह्मोपनिषद्मा पर र अपर रूपमा ब्रह्मलाई बताउँदै त्रिमात्राद्वारा उपासनागर्ने विधि छ । 'ॐकाररूप आयतन (साधन) द्वारा ती दुईमा एकलाई प्राप्त गर्छ' भनिएकाले त्यहाँ उपास्यरूपमा बताइएको परब्रह्म हो कि अपर ब्रह्म भन्ने शङ्का हुन्छ –

'त्यो सूर्यमा सम्पन्न हुन्छ र सामद्वारा ब्रह्मलोक पुऱ्याइन्छ' इत्यादि भनाइबाट देश परिच्छिन्न फल सुनिएकाले र परब्रह्मका उपासकका निमित्त देश सीमित फल नसुहाउने हुनाले अपर ब्रह्म (हिरण्यगर्भ) लाई नै भनेको हो । अपर ब्रह्मलाई लिएमा '**परं पुरुषम्**' भन्ने विशेषण नमिल्दो देखिन्छ, तापनि विराट्को अपेक्षामा प्राणात्मा हिरण्यगर्भ पर हुन् (भन्न) मिल्दछ र दोष आउँदैन । यहाँ उपास्य भनिएको अपरब्रह्म नै हो भन्ने शङ्का भएमा उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

परमेव ब्रह्मेहाभिध्यातव्यमुपदिश्यते । कस्मात् ? ईक्षतिकर्मव्यपदेशात् । ईक्षतिर्दर्शनम्। दर्शनव्याप्यमीक्षतिकर्म । ईक्षतिकर्मत्वेनास्याभिध्यातव्यस्य पुरुषस्य वाक्यशेषे व्यपदेशो भवति- **'स एतस्माज्जीवघनात्परात्परं पुरुषमीक्षते'**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति । तत्राभिध्यायतेरतथाभूतमपि वस्तु कर्म भवति, मनोरथकल्पितस्याप्यभिध्यायतिकर्मत्वात् । ईक्षतेस्तु तथाभूतमेव वस्तु लोके कर्म दृष्टमित्यतः परमात्मैवायं सम्यग्दर्शनविषयभूत ईक्षतिकर्मत्वेन व्यपदिष्ट इति गम्यते । स एव चेह परपुरुषशब्दाभ्यामभिध्यातव्यः प्रत्यभिज्ञायते ।

नेपालीभाषानुवाद

इह = यहाँ, **परम् एव ब्रह्म** = परब्रह्म नै, **अभिध्यातव्यम्** = ध्यान गर्नुपर्ने भनेर, **उपदिश्यते** = उपदेश गरिन्छ, **कस्मात्** = केबाट, **ईक्षतिकर्मव्यपदेशात्** = ईक्षति कर्मरूपमा व्यपदेश गरेबाट, **ईक्षतिः दर्शनम्** = ईक्षति भन्नु देख्नु (दृष्टि) हो, **ईक्षतिकर्म** = ईक्षतिको कर्म भनेको, **दर्शनव्याप्यम्** = दृष्टिको विषय हो, **अस्य अभिध्यातव्यस्य पुरुषस्य** = यो ध्यान गरिने भन्ने पुरुषको, **वाक्यशेषे** = उपसंहारमा, **व्यपदेशः भवति** = व्यपदेश हुन्छ जस्तै, **सः** = त्यो पुरुष, **एतस्मात् जीवघनात्** = यो जीवघन(हिरण्यगर्भ)भन्दा, **परात्परम् पुरिशयं पुरुषम्** = परभन्दा पनि गुहास्थित पुरुषलाई, **ईक्षते इति** = देख्दछ भन्ने, **तत्र** = त्यसमा, **अभिध्यायतेः** = अभिध्यानको, **अतथाभूतम् अपि वस्तु** = तद्रूप नभएको पनि वस्तु, **कर्म भवति** = कर्म हुन सक्दछ अर्थात्, **मनोरथकल्पितस्य अपि** = मनोरथद्वारा कल्पित भएका वस्तुको पनि, **अभिध्यायतिकर्मत्वात्** = अभिध्यानको कर्म हुनाले, **ईक्षतेः तु** = ईक्षणको त, **तथाभूतम् एव वस्तु** = सत्यरूपको नै वस्तु, **लोके** = लोकमा, **कर्मदृष्टम् इति अतः** = कर्म भएको देखिएको छ र यसकारणबाट, **सम्यग्दर्शनविषयभूतः** = सम्यक् दृष्टिको विषय भएको छँदो, **अयं परमात्मा एव**= यो परमात्मा नै, **ईक्षतिकर्मत्वेन व्यपदिष्टः इति**= सम्यक् दर्शनको विषयरूपले व्यपदेश गरिएको हो भन्ने, **गम्यते** = बुझिन्छ, **सः एव च इह** = त्यही परमात्मा नै यहाँ, **परपुरुषशब्दाभ्याम्**= पर र पुरुष यी दुई शब्दद्वारा, **अभिध्यातव्यः** = ध्यान गर्नु योग्य, **प्रत्यभिज्ञायते** = जानिन्छ।

विशदीकरण

सम्यग्दर्शनको कर्मरूपमा बताइएकोले परमात्मा नै यहाँ अभिध्यातव्य रूपमा उपदेश गरिन्छ । जस्तो कि अभिध्यातव्य पुरुषलाई लिएर वाक्यको उपसंहारमा बताइन्छ– 'त्यो यो जीवघन(हिरण्यगर्भ)भन्दा पर गुहास्थित पुरुषलाई सम्यक् दृष्टिद्वारा देख्दछ' । त्यसमा अभिध्यातव्य वस्तु असत्य नै किन नहोस्, त्यो मनोरथकल्पित वस्तु जस्तै अभिध्यानको कर्म हुन्छ । यहाँ त लोकमा पनि सम्यग्दृष्टिको कर्म त यथार्थ वस्तु नै हुन्छ र परमात्मा नै यहाँ सम्यक् दृष्टिको कर्मरूपमा उपदेश गरिएको हो भन्ने बुझिन्छ । त्यही परमात्मा नै यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर र पुरुष यी दुई शब्दद्वारा अभिध्यातव्यरूपमा बताइएको भन्ने बुझिन्छ र अनुभवमा आउँछ पनि ।

शाङ्करभाष्यम्

ननु अभिध्याने परः पुरुष उक्तः, ईक्षणे तु परात्परः, कथमितर इतरत्र प्रत्यभिज्ञायते इति । अत्रोच्यते- परंपुरुषशब्दौ तावदुभयत्र साधारणौ । न चात्र जीवघनशब्देन प्रकृतोऽभिध्यातव्यः। परः पुरुषः परामृश्यते, येन तस्मात् परात्परोऽयमीक्षितव्यः पुरुषोऽन्यः स्यात् । कस्तर्हि ? जीवघन इति । उच्यते - घनो मूर्तिः, जीवलक्षणो घनो जीवघनः सैन्धवखिल्यवद् यः परमात्मनो जीवरूपः । खिल्यभाव उपाधिकृतः परश्च विषयेन्द्रियेभ्यः सोऽत्र जीवघन इति ।

नेपालीभाषानुवाद

ननु =शङ्का, **अभिध्याने परः पुरुषः उक्तः** = अभिध्यानमा पर पुरुष बताइयो, **ईक्षणे तु परात्परः** = सम्यक् दर्शनमा परभन्दा पर बताइयो, **इतरः इतरत्र कथं प्रत्यभिज्ञायते**= एक अर्को, अर्को ठाउँमा कसरी मानिन्छ भन्ने, **इति** = यस प्रकारको, **अत्र उच्यते**= यहाँ यसमा भनिन्छ, **परपुरुषशब्दौ** = पर तथा पुरुष शब्द, **तावत्** = पहिले, **उभयत्र** = दुवैमा (पर अपर वा अभिध्यान र सम्यक् दर्शनमा), **साधारणौ**= साधारण छन्, **च** = फेरि, **अत्र** = यहाँ, **जीवघनशब्देन** = जीवघन भन्ने शब्दद्वारा, **प्रकृतः अभिध्यातव्यः परः पुरुषः** = सुरुको अभिध्यान योग्य परपुरुष, **न परामृश्यते**= लक्ष्य गरिन्न, **येन** = जुनद्वारा, **तस्मात्परात्परः** = त्यो परभन्दा पर, **अयम् ईक्षितव्यः पुरुषः** = यो सम्यक्दृष्टिले हेरिने पुरुष, **अन्यः स्यात्** = अर्कै होस्, **तर्हि** = त्यसो भए, **कः जीवघनःइति** = कुन हो जीवघन भन्ने, **उच्यते** = भनिन्छ, बताइन्छ; **मूर्तिःघनः** = मूर्ति घन हो, **जीवलक्षणः घनः जीवघनः** = जीवरूपको मूर्ति जीवघन भनिन्छ, **सैन्धवखिल्यवत्**= नूनको डल्लो जस्तै, **यः** = जुन कि, **परमात्मनः**= परमात्माको, **जीवरूपः** = जीवरूप हो, **खिल्यभावः** = पिण्डीभाव हुनु, **उपाधिकृतः**= उपाधिद्वारा भएको र, **विषयेन्द्रियभ्यः परः** = विषय र इन्द्रिय भन्दा पर छ, **सः अत्र** = त्यही नै यहाँ, **जीवघनः इति** = जीवघन हो ।

विशदीकरण

यहाँ अभिध्यानमा पर पुरुष बताइएको र सम्यक् दर्शनमा परात्पर बताइएको छ । 'अर्कोको स्थानमा एक अर्को कसरी बताइने' भन्ने शङ्का हुन्छ । तापनि परशब्द र पुरुषशब्द अभिध्यान र सम्पत् दर्शन दुवैमा साधारण छन् । यहाँ जीवघन भनेर सुरुको अभिध्यातव्य पर पुरुषलाई संकेत गरिएको होइन । जसबाट कि त्यसभन्दा पर सम्यक् दृष्टिले हेर्नु योग्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष अर्कै हुनसकोस् । त्यसो भए जीवघन के हो ? घन भनेको मूर्ति हो, जीवरूपको मूर्ति जीवघन हो । नूनको डल्लो जस्तै परमात्माको जीवरूप हो। डल्लो (पिण्डीभाव) उपाधिबाट भएको र विषय तथा इन्द्रिय भन्दा पर जुन छ, त्यसलाई जीवघन भनिन्छ ।

शाङ्करभाष्यम्

अपर आह– **'स सामभिरुन्नीयते ब्रह्मलोकम्'** इत्यतीतानन्तरवाक्यनिर्दिष्टो यो ब्रह्मलोकः परश्च लोकान्तरेभ्यः सोऽत्र जीवघन इत्युच्यते। जीवानां हि सर्वेषां करणपरिवृतानां सर्वकरणात्मनि हिरण्यगर्भे ब्रह्मलोकनिवासिनि सङ्घातोपपत्तेर्भवति ब्रह्मलोको जीवघनः । तस्मात्परो यः परमात्मेक्षणकर्मभूतः स एवाभिध्यानेऽपि कर्मभूत इति गम्यते । परं पुरुषमिति च विशेषणं परमात्मपरिग्रह एवावकल्पते । परो हि पुरुषः परमात्मैव भवति, यस्मात्परं किञ्चिदन्यन्नास्ति, **'पुरुषान्न परं किञ्चित्सा काष्ठा सा परागतिः'** इति च श्रुत्यन्तरात् । **'परं चापरं च ब्रह्म यदोंकारः'** इति च विभज्य, अनन्तरमोंकारेण परं पुरुषमभिध्यातव्यं ब्रुवन् परमेव ब्रह्म परं पुरुषं गमयति । **'यथा पादोदरस्त्वचा विनिर्मुच्यत एवं ह वै स पाप्मना विनिर्मुच्यते'** इति पाप्मविनिर्मोकफलवचनं परमात्मानमिहाभिध्यातव्यं सूचयति ।अथ यदुक्तम्– परमात्माभिध्यायिनो न देशपरिच्छिन्नफलं युज्यत इति। अत्रोच्यते– त्रिमात्रेणोङ्कारेणालम्बनेन परमात्मानमभिध्यायतः फलं ब्रह्मलोकप्राप्तिः, क्रमेण च सम्यग्दर्शनोत्पत्तिरिति क्रममुक्त्यभिप्रायमेतद् भविष्यतीत्यदोषः ।।१३।।

नेपालीभाषानुवाद

अपरः आह = अर्को कुनै भन्दछ, **स सामभिः ब्रह्मलोकम् उन्नीयते** = त्यो पुरुष सामद्वारा ब्रह्मलोकमा पुऱ्याइन्छ भन्ने, **इति** = यस्तो, **अतीतानन्तरवाक्यनिर्दिष्टः**= पहिलेको र बीचको वाक्यद्वारा देखाइएको, **लोकान्तरेभ्यः परः** = अरू लोकभन्दा पर, **यः ब्रह्मलोकः**= जुन ब्रह्मलोक छ, **सः अत्र**= त्यो नै यहाँ, **जीवघनः उच्यते**= जीवघन भनिन्छ, **हि** = निश्चय नै, **करणपरिवृतानां सर्वेषां जीवानाम्** = इन्द्रियद्वारा वेष्टित सबै जीवको, **सर्वकरणात्मनि** = सबै इन्द्रियादि स्वरूप, **ब्रह्मलोकनिवासिनि हिरण्यगर्भे** = ब्रह्मलोकमा बस्ने हिरण्यगर्भमा, **सङ्घातोपपत्तेः** = सङ्घात (समूह) हुन सक्ने हुनाले, **ब्रह्मलोकः जीवघनः भवति** = ब्रह्मलोक जीवघन हुनसक्दछ, **तस्मात् परः ईक्षणकर्मभूतः** = त्यसदेखि पर ईक्षणको कर्म भएको, **यः परमात्मा**= जुन परमात्मा छ, **सः एव** = त्यही नै, **अभिध्याने अपि** = अभिध्यानमा पनि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मभूतः इति गम्यते = कर्म भएको भन्ने बुझिन्छ, **परं पुरुषम् इति** = परपुरुष भन्ने, **विशेषणं च**= विशेषण पनि, **परमात्मपरिग्रहे एव** = परमात्मालाई लिएमा नै, **अवकल्पते** = ठीक हुन आउँछ, **हि** = निश्चय नै, **परः पुरुषः** = पर पुरुष भनेको, **परमात्मा एव भवति** = परमात्मा नै हुन सक्दछ, **यस्मात्परम् अन्यत् किञ्चित् न अस्ति** = जसदेखि पर अरू केही छैन, **पुरुषात् परं किञ्चित् न** = पुरुषभन्दा पर केही छैन, **सा काष्ठा सा परागतिः इति** = त्यही पछिल्लो दिशा हो, त्यही पछिल्लो गति हो भन्ने, **श्रुत्यन्तरात्** = अर्को श्रुति हुनाले, **परं च अपरं च ब्रह्म यत् ओंकारः**= परापर दुवै रूप ब्रह्म हो जो ओंकार हो भन्ने, **इति च** = यस्तो पनि, **विभज्य** = विभाग गरेर, **अनन्तरम्** = पछिबाट, **ॐ कारेण** = ॐ कारद्वारा, **परं पुरुषम् अभिध्यातव्यं ब्रुवन्** = परपुरुषलाई ध्यान गर्नु पर्ने रूपमा भन्दो, **परम् एव ब्रह्म** = परब्रह्मलाई नै, **परं पुरुषं गमयति** = परपुरुष भन्ने बुझाउँछ, **यथा** = जस्तै, **पादोदरः**= सर्प, **त्वचा विनिर्मुच्यते इति** = काँचुलीद्वारा छोडिन्छ, **ह एवं सः** = निश्चय नै यस्तै त्यो पुरुष, **पाप्मना विनिर्मुच्यते इति** = पापबाट छुट्दछ भन्ने, **पाप्मविनिर्मोक-फलवचनम्** = पापबाट छुट्नु रूप फल बताउनु, **इह** = यहाँ, **परमात्मानम् अभिध्या-तव्यम्**= परमात्मालाई नै ध्यान गर्नु योग्य रूपमा, **सूचयति**= सूचित गर्दछ, **अथ**= फेरि, **परमात्माभिध्यायिनः** = परमात्माको ध्यान (उपासना) गर्नेको, **देशपरिच्छिन्न-फलं न युज्यते इति** = देशसीमित फल ठीक हुन्न भन्ने, **यत् उक्तम्** = जो भनियो, **अत्र उच्यते** = यसमा भनिन्छ, **त्रिमात्रेण ओंकारेण आलम्बनेन** = तीनमात्रावाला ॐ रूप आलम्बनद्वारा, **परमात्मानम् अभिध्यायतः** = परमात्मालाई ध्यान गर्नेको, **फलम्** = फल, **ब्रह्मलोकप्राप्तिः** = ब्रह्मलोकको प्राप्ति र, **क्रमेण** = क्रमैसँग, **सम्यग् दर्शनोत्पत्तिः इति** = सम्यक् दृष्टिको उत्पत्ति हुन्छ भन्ने, **क्रममुक्त्यभिप्रायेण**= क्रममुक्तिको अभिप्रायवाला, **एतत्** = यो भनाइ, **भविष्यति इति** = हुन सक्नेछ र, **अदोषः** = दोष छैन ।

विशदीकरण

त्यो पुरुष सामद्वारा त्यस ब्रह्मलोकमा पुऱ्याइन्छ भन्ने कसैको भनाइ छ । पहिला र बीचको वाक्यद्वारा बताइएको अरू लोकभन्दा परको ब्रह्मलोक नै जीवघन हो । सबै इन्द्रियद्वारा वेष्टित जीवहरूको सर्वकरणस्वरूप ब्रह्मलोकमा बस्ने हिरण्यगर्भमा सङ्घात (एकत्रित हुनु) हुनाले ब्रह्मलोक नै जीवघन हुनसक्दछ । त्यसभन्दा परको सम्यक्दर्शनको कर्म भएको परमात्मा नै अभिध्यानको कर्म हो । जसबाट पर अरू केही छैन त्यो परमात्मा नै परपुरुष हुनसक्दछ । परपुरुष भनेर परमात्मालाई लिएमा नै ठीकसँग वाक्यार्थ मिल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ ।

फेरि 'पुरुषभन्दा पर केही छैन पछिल्लो स्थिति र गति पनि त्यही हो' भन्ने अर्को श्रुति पनि यसमा प्रमाण छ । ॐकार परब्रह्म र अपरब्रह्म दुवै हो भनेर विभाग गरेपछि 'ॐकारद्वारा परपुरुषको नै ध्यान गर्नुपर्छ' भन्ने श्रुतिले परपुरुषलाई ब्रह्म भन्नु पर्ने र ब्रह्मलाई परपुरुष भन्ने कुरा बताउँछ । 'यो अभिध्याता पुरुष सर्प काँचुलीबाट छुटेझैं पापबाट छुट्दछ' भनेर पापबाट छुट्नु रूप फल बताएकोले पनि अभिध्यातव्यरूपमा परमात्मालाई नै बताएको भन्ने बुझिन्छ ।

फेरि परमात्मोपासकको देशसीमित फल उचित हुँदैन जो भनियो, त्यसमा पनि ॐकारद्वारा परमात्माको उपासना गर्नुको फल ब्रह्मलोकप्राप्ति र त्यसपछि सम्यग्दृष्टिको उदय हुनुरूप क्रममुक्तिको अभिप्रायले उपासकको ब्रह्मलोक प्राप्तिरूप फल हुने कुरामा कुनै दोष छैन ।।१३।।

इतिईक्षतिकर्मव्यपदेशाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. दहराधिकरणम् {सू. १४-२१}

ब्रह्मसूत्रम् - दहर उत्तरेभ्यः १/३/१४

सूत्रार्थ - **उत्तरेभ्यः** = उत्तर (पछिल्ला) वाक्यबाट, **दहरः** = दहर भनेको परमात्मा हो ।

शाङ्करभाष्यम्

अथ यदिदमस्मिन्ब्रह्मपुरे दहरं पुण्डरीकं वेश्म दहरोऽस्मिन्नन्तराकाशस्तस्मिन्यदन्तस्तदन्वेष्टव्यं तद्वाव विजिज्ञासितव्यम् (छा० ८/१/१) इत्यादिवाक्यं समाम्नायते । तत्र योऽयं दहरे हृदयपुण्डरीके दहर आकाशः श्रुतः स किं भूताकाशः, अथवा विज्ञानात्मा, अथवा परमात्मेति संशय्यते। कुत संशयः? आकाशब्रह्मपुरशब्दाभ्याम् । आकाशशब्दो ह्ययं भूताकाशे परस्मिँश्च प्रयुज्यमानो दृश्यते । तत्र किं भूताकाश एव दहरः स्यात्, किंवा पर इति संशयः । यथा ब्रह्मपुरमिति- किं जीवोऽत्र ब्रह्मनामा तस्येदं पुरं शरीरं ब्रह्मपुरम्, अथवा परस्यैव ब्रह्मणः पुरं ब्रह्मपुरमिति । तत्र जीवस्य परस्य वाऽन्यतरस्य पुरस्वामिनो दहराकाशत्वे संशयः ।

नेपालीभाषानुवाद

अथ = अब, **अस्मिन् ब्रह्मपुरे** = यो ब्रह्मपुर (शरीर)मा, **यत् इदम्** = जुन यो, **दहरं पुण्डरीकं वेश्म** = सूक्ष्म कमल (हृदय) रूप स्थान छ, **अस्मिन् अन्तः**= यसमा भित्र, **दहरः आकाशः** = सूक्ष्म आकाश छ, **तस्मिन् अन्तः यत्** = त्यसमा भित्र जे छ, **तत् अन्वेष्टव्यम्** = त्यो खोज्नु योग्य छ, **तत्** = त्यो, **वाव** = निश्चय नै प्रसिद्ध, **विजिज्ञासितव्यम्** = जान्न इच्छा गर्नु योग्य छ भन्ने, **इत्यादिवाक्यम्** = इत्यादि गरेको वाक्य, **समाम्नायते** = भनिन्छ (सुनिन्छ); **तत्र** = त्यसमा, **दहरे हृदयपुण्डरीके** = सूक्ष्म हृदय कमलमा, **यः अयं दहरः आकाशः श्रुतः** = जुन यो सूक्ष्म आकाश दहर भन्ने सुनियो, **सः** = त्यो, **किं भूताकाशः** = के पञ्चभूतमध्येको आकाश हो, **अथवा विज्ञानात्मा** = अथवा विज्ञानात्मा हो, **अथवा परमात्मा इति**= अथवा परमात्मा हो भन्ने, **संशय्यते** = शङ्का गरिन्छ, **कुतः संशयः** = केबाट शंका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, **आकाशब्रह्मपुर-शब्दाभ्याम्** = आकाश र ब्रह्मपुर भन्ने दुई शब्दबाट, **हि** = निश्चय नै, **अयम् आकाशशब्दः** = यो आकाश शब्द, **भूताकाशे परस्मिन् च** = भूताकाशमा र परमात्मामा पनि, **प्रयुज्यमानः दृश्यते** = प्रयोग गरिएको देखिन्छ, **तत्र** = त्यसमा, **किं भूताकाशः एव दहरः स्यात्** = के भूताकाश नै दहर भनिन्छ, **किं वा परः इति** = के त अथवा परमात्मा भनिन्छ भन्ने, **संशयः** = शङ्का हुन्छ, **यथा** = फेरि जस्तै, **ब्रह्मपुरम् इति** = ब्रह्मपुर भनेर, **किं जीवः अत्र ब्रह्मनामा** = के जीव नै यहाँ ब्रह्मनाम गरेको हो र, **तस्य इदं पुरं शरीरं ब्रह्मपुरम्** = त्यसको पुर शरीर ब्रह्मपुर हो, **अथवा** = अथवा, **परस्य एव ब्रह्मणः पुरं ब्रह्मपुरम् इति** = परब्रह्मको नै पुर ब्रह्मपुर हो, **तत्र** = त्यहाँ (त्यसमा), **जीवस्य परस्य अन्यतरस्य वा पुरस्वामिनः** = जीवको परमात्माको वा अर्को कुनै पुरका स्वामीको, **दहराकाशत्वे संशयः** = दहर आकाश हुनुमा शङ्का हुन्छ ।

विशदीकरण

अब दहर नामको अधिकरण सुरु हुन्छ । पछिल्ला वाक्यहरूबाट दहर भनेको परमात्मा हो भन्ने सूत्राशय हो । 'अब यो जुन ब्रह्मपुर(शरीर)मा सूक्ष्म हृदयकमल छ, त्यसमा दहर आकाश छ; त्यसभित्र जो छ, त्यो खोज्नु छ, जान्नु छ' भन्ने इत्यादि वाक्य सुनिन्छ । त्यसमा जुन दहररूप हृत्कमलमा दहर आकाश छ भन्ने सुनियो, आकाश र ब्रह्मपुर दुइटा शब्द सुनिएकाले त्यो भूताकाश हो कि ? जीव हो कि? परमात्मा हो ? भन्ने शङ्का हुन्छ । पहिले आकाशशब्दलाई भूताकाश र परमात्मा दुवै अर्थमा प्रयोग गरेको देखिनाले भूताकाश नै दहर हो, अथवा परमात्मा दहर हो भन्ने शङ्का हुनु स्वाभाविक छ ।

फेरि ब्रह्मपुर पनि ब्रह्मनाम गरेको जीव हो र त्यसको पुर शरीरलाई ब्रह्मपुर भनेको हो कि ? अथवा परब्रह्मकै पुर भनेर ब्रह्मपुर भनेको हो ? अथवा जीव, परमात्मा र अर्को कुनै पुरका स्वामीलाई दहर आकाश मान्ने हो भन्ने शङ्का हुन्छ ।

शाङ्करभाष्यम्

तत्राकाशशब्दस्य भूताकाशे रूढत्वाद् भूताकाश एव च दहरशब्द इति प्राप्तम् । तस्य च दहरायतनापेक्षया दहरत्वम् । **'यावान्वा अयमाकाशस्तावानेषोऽन्तर्हृदय आकाशः'** इति च बाह्याभ्यन्तरभावकृतभेदस्योपमानोपमेयभावः, द्यावापृथिव्यादि च तस्मिन्नन्तः समाहितम्, अवकाशात्मनाकाशस्यैकत्वात्, अथवा जीवो दहर इति प्राप्तम्, ब्रह्मपुरशब्दात्। जीवस्य हीदं पुरं सच्छरीरं ब्रह्मपुरमित्युच्यते, तस्य स्वकर्मणोपार्जितत्वात् । भक्त्या च तस्य ब्रह्मशब्दवाच्यत्वम् । नहि परस्य ब्रह्मणः शरीरेण स्वस्वामिभावः सम्बन्धोऽस्ति । तत्र पुरस्वामिनः पुरैकदेशेऽवस्थानं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टम्, यथा राज्ञः । मनउपाधिकश्च जीवः, मनश्च प्रायेण हृदये प्रतिष्ठितमित्यतो जीवस्यैवेदं हृदयेऽन्तरवस्थानं स्यात् । दहरत्वमपि तस्यैव आराग्रोपमितत्वादवकल्पते । आकाशोपमितत्वादि च ब्रह्माभेदविवक्षया भविष्यति । न चात्र दहरस्याकाशस्यान्वेष्यत्वं विजिज्ञासितव्यत्वं च श्रूयते । '**तस्मिन्यदन्तः**' इति परविशेषणत्वेनोपादानादिति । अत उत्तरं ब्रूमः –

नेपालीभाषानुवाद

तत्र = त्यसमा, **आकाशशब्दस्य** = आकाश शब्दको, **भूताकाशे रूढत्वात्**= भूताकाशमा रूढि हुनाले, **भूताकाशः एव** = भूताकाश नै, **दहरशब्दः इति** = दहरः शब्दको अर्थ हो भन्ने, **प्राप्तम्** = शङ्का प्राप्त हुन्छ, **तस्य च** = त्यसको फेरि, **दहरायतनापेक्षया** = दहरको आयतन (स्थान) हुनुको अपेक्षाले, **दहरत्वम्** = दहरत्व हो, **या** = प्रसिद्ध फेरि, **अयम् आकाशः यावान्** = यो आकाश जत्रो र जत्तिको छ, **तावान्** = त्यत्रै (त्यस्तै), **अन्तर्हृदये** = हृदयभित्र, **एषः आकाशः इति च** = यो आकाश छ भन्ने पनि, **बाह्याभ्यन्तरभावकृतभेदस्य** = बाहिर र भित्र भन्ने भावबाट भएका भेदको, **उपमानोपमेयभावः** = उपमान र उपमेयरूप भाव हो, **द्यावापृथिव्यादि च** = द्युलोक र पृथ्वी आदि, **तस्मिन्** = त्यसमा, **अन्तः** = भित्र, **समाहितम्** = स्थित छ किनकि, **अवकाशात्मना** = अवकाश (खुलापन) रूपले, **आकाशस्य एकत्वात्**= आकाशको एकता हुनाले, **अथवा** = अथवा, **जीवः दहरः इति**= जीव नै दहर भन्ने, **प्राप्तम्** = शङ्का हुन्छ किनकि, **ब्रह्मपुरशब्दात्** = ब्रह्मपुरभन्ने शब्दबाट, **हि** = निश्चय नै, **इदं शरीरम्** = यो शरीर, **जीवस्य पुरं सत्** = जीवको पुर भएको छँदो, **ब्रह्मपुरम् इति उच्यते** = ब्रह्मपुर भनिन्छ किन, **तस्य**= त्यो शरीरको, **स्वकर्मणा उपार्जितत्वात्** = आफ्नै कर्मद्वारा उपार्जन गरेको हुनाले, **भक्त्या** = चैतन्यगुणको योगरूप गौणरूपले, **तस्य** = त्यो शरीरको, जीव कै पनि, **ब्रह्मशब्दवाच्यत्वम्** = ब्रह्मशब्दको अर्थ हुन्छ, **हि** = निश्चय नै, **परस्य ब्रह्मणः** = परब्रह्मको, **शरीरेण**= शरीरसँग, **स्वस्वामिभावः सम्बन्धः** = स्वस्वामिभाव सम्बन्ध, **न अस्ति**= छैन, **तत्र**= त्यसमा, **पुरस्वामिनः** = पुरका स्वामीको, **पुरैकदेशे अवस्थानम् युक्तम्**= पुरको एकछेउमा बस्नु ठीक पनि छ, **यथा राज्ञः** = जस्तै कि राजाको, **च** = फेरि, **जीवः** = जीव, **मनउपाधिकः** = मनरूप उपाधिवाला हो, **मनः च** = फेरि, **हृदये प्रतिष्ठितम् इति अतः** = हृदयमा रहेको छ भन्ने यसकारणबाट, **इदं हृदये अन्तः अवस्थानम्** = यो हृदयमा भित्र रहनु, **जीवस्य एव स्यात्** = जीवको नै हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्दछ, **दहरत्वम् अपि** = दहर हुने कुरा पनि, **आराग्रोपमित्वात्** = आर (कीला)को टुप्पासँग उपमित हुनाले, **तस्य एव अवकल्पते** = त्यस जीवको नै ठीक मिल्न सक्दछ, **आकाशोपमितत्वादि च**= आकाशसँग तुलिने कुरा पनि, **ब्रह्माभेदविवक्षया**= ब्रह्मसँग भेद छैन भन्ने बताउनको इच्छाले, **भविष्यति** = हुनसक्दछ, **च** = फेरि, **अत्र** = यो वाक्यमा, **दहरस्य आकाशस्य** = दहर आकाशको, **अन्वेष्यत्वं विजिज्ञासितव्यत्वं च** = खोज्नु पर्ने र जान्न खोज्नु पर्ने पनि, **न श्रूयते** = सुनिदैन किनकि, **तस्मिन् यत् अन्तः इति** = त्यो दहरमा पनि भित्र जे छ भनेर, **परविशेषणत्वेन उपादानात् इति** = ब्रह्मको विशेषण वा अर्कै परको ग्रहण हुनाले भन्ने, **अतः उत्तरं ब्रूमः** = यसकारण उत्तररूपमा भन्छौं ।

विशदीकरण

उक्त प्रसङ्गमा आकाशशब्द भूताकाशमा नै प्रायः प्रयुक्त हुन्छ र दहरको स्थान हुनुको अपेक्षाका कारण पनि दहरशब्दले भूताकाश नै लिनुपर्छ भन्ने शङ्का हुन्छ । फेरि 'जति यो बाहिरी आकाश छ, त्यत्ति हृदयभित्र यो आकाश छ' भन्ने बाहिरी र भित्री भेदद्वारा उपमान उपमेयभाव देखाएको पनि युक्त देखिन्छ। द्युलोक र पृथ्वी पनि त्यसमा सम्बद्ध छँदैछन् र अवकाश दिने कामबाट एकत्व पनि हुन्छ ।

अथवा जीव पनि दहर हुनसक्दछ, किनभने ब्रह्मपुर भन्ने शब्द सुनिएको छ । यो शरीर जीवको पुर हुनाले ब्रह्मपुर भन्न सकिन्छ र शरीरलाई जीवले आफ्नो कर्मद्वारा उपार्जन गरेको हो । चेतनयुक्त हुनाले गौणरूप त्यसलाई ब्रह्म भन्न पनि मिल्दछ । अर्को तिर ब्रह्म र शरीरको स्वस्वामिभावसम्बन्ध पनि छैन । पुनश्च राजा राजधानीमा रहे जस्तै पुरको स्वामी पुरको एकभागमा रहनु पनि युक्तिसङ्गत हुन्छ । यता जीवको उपाधि मन हो, मन धेरै जसो हृदयमा रहन्छ र पुरको स्वामीको पुरका एकभागमा रहने कुरा र मनको हृदयको भित्र रहने कुरा दुवै सुसङ्गत हुन्छ ।

जीवको कीलाको टुप्पासँग तुलना गरिएकोले त्यसलाई दहर भन्न पनि सुहाउँछ । आकाशसँग जीवको तुलना गरिने कुरा पनि ब्रह्मसँग अभेद भएकोले हो । यस वाक्यमा 'दहरलाई खोज्नुपर्ने र जान्ने इच्छा गर्नुपर्ने' भन्ने भनाइ पनि रहेको छैन, किनकि 'त्यस दहरमा भित्र जे छ' भनेर परको विशेषण राखिएको छ । उतः उक्त शङ्का भएपछि उत्तररूपमा भन्दछौं ।

शाङ्करभाष्यम्

परमेश्वर एवात्र दहराकाशो भवितुमर्हति, न भूताकाशो जीवो वा । कस्मात्? उत्तरेभ्यो वाक्यशेषगतेभ्यो हेतुभ्यः। तथा हि – अन्वेष्टव्यतयाविहितस्य दहरस्याकाशस्य '**तं चेद् ब्रूयुः**' इत्युपक्रम्य '**किं तदत्र विद्यते यदन्वेष्टव्यं यद् वाव**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजिज्ञासितव्यम्' इत्येवमाक्षेपपूर्वकं प्रतिसमाधानवचनं भवति – **'स ब्रूयाद्यावान्वा अयमाकाशस्तावानेषोऽन्तर्हृदय आकाश उभे अस्मिन्द्यावा पृथिवी अन्तरेव समाहिते'** (छा० ८/१/३) इत्यादि । तत्र पुण्डरीकदहरत्वेन प्राप्तदहरत्वस्याकाशस्य प्रसिद्धाकाशौपम्येन दहरत्वं निवर्तयन्भूताकाशत्वं दहरस्याकाशस्य निवर्तयतीति गम्यते । यद्यप्याकाशशब्दो भूताकाशे रूढः, तथापि तेनैव तस्योपमा नोपपद्यत इति भूताकाशशङ्का निवर्तिता भवति ।

नेपालीभाषानुवाद

अत्र = यस वाक्यमा, **परमेश्वरः एव** = परमेश्वर नै, **दहराकाशः भवितुम् अर्हति**= दहराकाश हुन योग्य छ, **भूताकाशः**= भूताकाश र, **या** = अथवा, **जीवः**= जीव पनि, **न** = दहर हुन सक्दैन, **कस्मात्** = केबाट, **उत्तरेभ्यः** = पछिल्ला, **वाक्यशेषगतेभ्यः** = वाक्यको उपसंहारमा परेका, **हेतुभ्यः** = कारणहरूबाट, **तथा हि** = जस्तै कि, **अन्वेष्टव्यतया विहितस्य** = खोज्नुपर्ने रूपले विधान गरिएका, **दहराकाशस्य** = दहराकाशको, **चेत् तं ब्रूयुः इति** = यदि त्यसलाई बताउँछन् भने यस्तो, **उपक्रम्य** = सुरु गरेर, **अत्र किं तत् विद्यते** = यो दहराकाशमा त्यो के छ, **यत् अन्वेष्टव्यम्** = जो कि खोज्नु योग्य छ, **यत् वाव** = जो कि अथवा, **विजिज्ञासितव्यम्** = जान्न (खोज्नु) योग्य छ भन्ने, **आक्षेपपूर्वकम्** = आक्षेप (शङ्का झल्काउनु) साथको, **प्रतिसमाधानवचनं भवति** = समाधानरूपको उत्तर वचन हुन्छ जस्तै, **सः ब्रूयात्** = त्यसले उत्तररूपमा भनोस्, **वा अयम् आकाशः यावान्**= प्रसिद्ध यो आकाश जत्रो र जति छ, **तावान्** = त्यत्रो र त्यत्ति, **अन्तर्हृदये** = हृदयभित्र, **अयम् आकाशः** = यो आकाश छ, **अस्मिन्** = यसमा, **उभे द्यावा पृथिवी** = दुवै द्युलोक र पृथ्वी, **अन्तः** = भित्र, **समाहिते इति आदि** = स्थित छन् भन्ने इत्यादि, **तत्र** = त्यसमा, **पुण्डरीकदहरत्वेन**= हृदयकमलको दहररूपले, **प्राप्तदहरत्वस्य आकाशस्य**= दहरत्व प्राप्त हुन आएका आकाशको, **प्रसिद्धाकाशौपम्येन** = प्रसिद्ध भूताकाशको उपमा स्वरूप दिनाले, **दहरत्वं निवर्तयन्**= दहरत्वलाई हटाउँदो, **दहरस्य आकाशस्य**= दहर आकाशको, **भूताकाशत्वम् निवर्तयति इति** = भूताकाश हुने कुरा हटाउँछ भन्ने, **गम्यते** = बुझिन्छ, **आकाशशब्दः** = आकाश भन्ने शब्द, **यदि अपि** = हुन त, **आकाशे रूढः**= भूताकाशमा रहेको छ, **तथापि**= तापनि, **तेन एव तस्य उपमा**= त्यसैका साथ त्यसैको उपमा, **न उपपद्यते इति** = मिल्दो हुन्न भन्नाले, **भूताकाशशङ्का निवर्तिता भवति** = भूताकाश हो कि, भन्ने शङ्का हटेर जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

यहाँ पछिल्ला उपसंहारवाक्यहरूमा निर्दिष्ट कारणहरूबाट दहराकाश भनेर परमेश्वर नै लिइन्छ, भूताकाश अथवा जीव लिइदैन। जस्तै कि 'खोज्नुपर्ने रूपले' श्रुतिद्वारा विधान गरिएका दहराकाशलाई लिएर 'यो दहराकाशमा के छ र ? जसलाई खोज्नु परोस्' भन्ने शङ्का कसैले गर्छ भने उत्तरदाताले – 'यो आकाश जत्रो र जति छ, भित्र हृदयमा पनि यो दहर आकाश त्यत्रो र त्यत्ति छ, द्युलोक तथा पृथ्वी यी दुवै यसभित्र एकत्र स्थित छन्' इत्यादि उत्तररूपमा भनोस् ।

हृदयकमलको दहर रूपले दहरत्व मानिन खोजेका आकाशको प्रसिद्ध बाहिरी आकाशसँग उपमा हुनाले दहरत्व हटाउँदै दहराकाशलाई पनि भूताकाश हुने कुराबाट हटाउँछ भन्ने बुझिन्छ। आकाश शब्द यद्यपि भूताकाशमा लागू छ, तापनि त्यसैका साथ त्यसैका उपमा हुन सक्दैन र भूताकाश हो कि ? भन्ने शङ्का पनि स्वतः हराउँछ ।

शाङ्करभाष्यम्

नन्वेकस्याप्याकाशस्य बाह्याभ्यन्तरत्वकल्पितेन भेदेनोपमानोपमेयभावः संभवतीत्युक्तम्। नैवं संभवति, अगतिका हीयं गतिः, यत्काल्पनिकभेदाश्रयणम्। अपि च कल्पयित्वापि भेदमुपमानोपमेयभावं वर्णयतः परिच्छिन्नत्वादभ्यन्तराकाशस्य न बाह्याकाशपरिमाणत्वमुपपद्येत। ननु परमेश्वरस्यापि '**ज्यायानाकाशात्**' (शत.ब्रा० १०/६/३/२) इति श्रुत्यन्तरान्नैवाकाशपरिमाणत्वमुपपद्यते। नैष दोषः, पुण्डरीकवेष्टनप्राप्तदहरत्वनिवृत्तिपरत्वाद्वाक्यस्य न तावत्त्वप्रतिपादनपरत्वम् । उभयप्रतिपादने हि वाक्यं भिद्येत। न च कल्पितभेदे पुण्डरीकवेष्टित आकाशैकदेशे द्यावापृथिव्यादीनामन्तः समाधानमुपपद्यते ।

नेपालीभाषानुवाद

ननु = शङ्का, **एकस्य अपि आकाशस्य** = एउटै आकाशको पनि, **बाह्याभ्यन्तरत्वकल्पितेन** = बाहिरीपन र भित्रीपनबाट कल्पना गरिएका, **भेदेन** = भेदद्वारा, **उपमानोपमेयभावः** = उपमा र उपमेयको भाव, **संभवति इति** = हुन्छ भन्ने कुरा, **उक्तम्** = भनियो नि त, **एवं न संभवति** = यस्तो हुन सक्दैन, **हि** = निश्चय नै, **इयं गतिः** = यस किसिमको सम्झाइ, **अगतिका**= आधाररहित छ, हो, **यत्** = जो कि, **काल्पनिकभेदाश्रयणम्** = कल्पितभेदको आधार गर्नु, **अपि च** = त्यसमा पनि कि, **भेदं कल्पयित्वा अपि** = भेदको कल्पना गरेर पनि, **उपमानोपमेयभावम्** = उपमा र उपमेयलाई, **कल्पयतः** = कल्पना गर्नेका पक्षमा पनि, **परिच्छिन्नत्वात्** = परिच्छिन हुनाले, **अभ्यन्तराकाशस्य** = भित्री आकाशको, **बाह्याकाश-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिमाणात्वम् = बाहिरी आकाशको बराबर हुने कुरा, **न उपपद्येत** = हुन सक्ने छैन, **ननु** = शङ्का, **परमेश्वरस्य अपि** = परमेश्वरको पनि, **आकाशात् ज्यायान् इति**= आकाश भन्दा ठूलो भन्ने, **श्रुत्यन्तरात्** = अर्को श्रुति हुनाले, **आकाशपरिमाणत्वं न उपपद्यते** = आकाशतुल्य हुने कुरा ठीक मिल्न सक्दैन, **एषः दोषः न** = यो दोष हुन सक्दैन, **वाक्यस्य** = वाक्यको, **पुण्डरीकवेष्टनप्राप्तदहरत्वनिवृत्तिपरत्वात्** = हृदयकमलको घेरोबाट प्राप्त हुन आएको सानोपनको निवृत्तिमा तात्पर्य हुनाले, **तावत्त्वप्रतिपादनपरत्वं न** = हृदयाकाशको बराबर भन्ने तात्पर्य होइन, **उभयप्रतिपादने**= दोहरै अर्थ प्रतिपादन गरेमा, **हि** = निश्चय नै, **वाक्यं भिद्येत** = वाक्य नै भिन्न हुन आउला, **च** = फेरि, **कल्पितभेदे** = कल्पित भेदलाई लिएमा, **पुण्डरीकवेष्टिते आकाशैकदेशे** = हृदयकमलले बेह्रिएका आकाशको एक छेउमा, **द्यावापृथिव्यादीनाम्** = द्युलोक र पृथ्वी आदिको, **अन्तःसमाधानम्** = भित्र समाहित हुने कुरा, **न उपपद्यते** = मिल्न आउँदैन ।

विशदीकरण

आकाशको पनि बाहिरी र भित्रीपनबाट भएको भेदको आधारमा पनि उपमान र उपमेयभाव हुनसक्दछ भन्ने शङ्का हुन्छ । त्यस शङ्काको उत्तरमा भनिन्छ – यसरी उपमानोपमेयभावको परिकल्पना निराधार हुन आउँछ । फेरि काल्पनिक भेदलाई लिएर उपमा र उपमेयभाव बताउनेका पक्षमा भित्री आकाश परिच्छिन्न हुनाले त्यसका साथमा बाहिरी आकाशको बराबरी हुने कुरा पनि मिल्दैन ।

अर्को कुरा 'परमेश्वरलाई पनि आकाशभन्दा ठूलो' भनेर अर्कै श्रुतिले बताएकोबाट त्यससँग आकाशको उपमान उपमेयभाव पनि त कसरी होला ? भन्ने शङ्का हुन्छ, तापनि त्यो शङ्का ठीक छैन । किनकि त्यसवाक्यको तात्पर्य हृदयकमलको परिधिभित्र रहेकोले सानो भन्ने भान परेकोलाई हटाउनु मात्र हो । दुवैतर्फको अर्थ गर्ने हो भने त वाक्यार्थ नै बिग्रन जान्छ । फेरि हृदयकमलवेष्टित आकाशको एक छेउमा द्युलोक आदिको अन्तःसमाधान (भित्र) रहने कुरा पनि मिल्दैन ।

शाङ्करभाष्यम्

'एष आत्मापहतपाप्मा विजरो विमृत्युर्विशोको विजिघत्सोऽपिपासः सत्यकामः सत्यसङ्कल्पः' इति चात्मत्वापहतपाप्मत्वादयश्च गुणा न भूताकाशे संभवन्ति । यद्यप्यात्मशब्दो जीवे संभवति, तथापीतरेभ्यः कारणेभ्यो जीवाशङ्कापि निवर्तिता भवति । न ह्युपाधिपरिच्छिन्नस्याराग्रोपमितस्य जीवस्य पुण्डरीकवेष्टनकृतं दहरत्वं शक्यं निवर्तयितुम् । ब्रह्माभेदविवक्षया जीवस्य सर्वगतत्वादि विवक्ष्येतेति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेत्– यदात्मतया जीवस्य सर्वगतत्वादि विवक्ष्येत, तस्यैव ब्रह्मणः साक्षात्सर्वगतत्वादि विवक्ष्यतामिति युक्तम् ।

नेपालीभाषानुवाद

एषः आत्मा = यो आत्मा, **अपहतपाप्मा** = पाप नभएको, **विजरः**= वृद्धावस्था नभएको, **विमृत्युः**= मरण नभएको, **विशोकः** = शोक(संसार) नभएको, **विजिघत्सः**= भोक नभएको, **अपिपासः** = प्यास नभएको, **सत्यकामः** = सत्य ईच्छावाला, **सत्यसङ्कल्पः** = सत्य सङ्कल्पवाला भन्ने, **इति च** = यसप्रकारले, **अपहतपाप्मत्वादयः गुणाः च** = पाप नहुनु आदि गुणहरू पनि, **भूताकाशे** = भूताकाशमा, **न संभवन्ति**= हुनसक्दैनन्, **यद्यपि** = हुन त, **आत्मशब्दः जीवे संभवति** = आत्मशब्द जीवमा हुनसक्दछ, **तथापि** = तापनि, **इतरेभ्यः कारणेभ्यः** = अरू अरू कारणहरूबाट, **जीवाशङ्का अपि** = जीव हो कि भन्ने शङ्का पनि, **निवर्तिता भवति** = हटाइएको हुन्छ किनकि, **उपाधिपरिच्छिन्नस्य** = उपाधिद्वारा परिच्छिन्न र, **आराग्रोपमितस्य**= किलाको टुप्पा बराबर, **जीवस्य** = जीवको, **पुण्डरीकवेष्टनकृतं दहरत्वम्** = हृदय-कमलको वेष्टनबाट भएको सानोपन, **निवर्तयितुं न शक्यम्** = हटाउन सकिंदैन, **ब्रह्माभेदविवक्षया**= ब्रह्मसँगको एकत्व विवक्षाले, **जीवस्य** = जीवको, **सर्वगतत्वादि**= सर्वव्यापी र सर्वाधार हुने कुरा, **विवक्ष्येत इति चेत्** = भन्न सकिन्छ भन्छौ भन्ने, **यदात्मतया**= जसको स्वरूप हुनाले, **जीवस्य** = जीवको, **विवक्ष्येत** = भन्न सकिएला, **तस्य एव ब्रह्मण**= उसै ब्रह्मको, **साक्षात्** = प्रत्यक्षरूपले, **सर्वगतत्वादि** = सर्वव्यापी आदि, **विवक्ष्यताम्** = भनियोस् भन्ने, **इति युक्तम्** = यही नै ठीक छ ।

विशदीकरण

अर्को कुरा दहराकाशलाई लक्ष्य गरेर यो आत्मा पाप नभएको अजर, अमर, अशोक, भोक-प्यासरहित, सत्यकाम र सत्यसङ्कल्प छ भनेर बताइएका गुणहरू भूताकाशमा रहन सक्दैनन् । यद्यपि आत्मा भन्ने शब्द जीवमा पनि घट्न सक्दछ र जीव हो कि ? भन्ने शङ्का पनि हुन सक्दछ । तापनि यो बाहेकका अरू अरू कारणबाट जीवभन्ने शङ्का हटेर जान्छ ।

शङ्का हट्नुका कारणलाई यसरी बताउन सकिन्छ – उपाधिबाट परिच्छिन्न भएको र किलाको टुप्पासँग तुलिएका जीवको हृदयकमलको वेष्टनबाट भएको सानोपन हटाउन सकिंदैन । त्यसमा पनि जीव र ब्रह्मको एकताको विवक्षाले ब्रह्मका सर्वव्यापी गुणहरू जीवका पनि गुण हुन् भनेर लिन सकिन्छ भन्ने हो भने पनि ब्रह्मकै स्वरूप भएकाले जीवलाई सर्वव्यापी भन्नुको सट्टा प्रत्यक्ष ब्रह्मलाई नै सर्वव्यापी गुणवाला भन्नु ठीक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

यदप्युक्तं ब्रह्मपुरमिति जीवेन परस्योपलक्षितत्वात् । राज्ञ इव जीवस्यैवेदं पुरस्वामिनः पुरैकदेशवर्तित्वमस्त्विति । अत्र ब्रूमः- परस्यैवेदं ब्रह्मणः पुरं सच्छरीरं ब्रह्मपुरमित्युच्यते, ब्रह्मशब्दस्य तस्मिन्मुख्यत्वात् । तस्याप्यस्ति पुरेणानेन सम्बन्धः, उपलब्ध्यधिष्ठानत्वात् । **'स एतस्माज्जीवघनात्परात्परं पुरिशयं पुरुषमीक्षते'** (प्र० ५/५) **'स वा अयं पुरुषः सर्वासु पूर्षु पुरिशयः'** (बृ० २/५/१८) इत्यादिश्रुतिभ्यः ।

नेपालीभाषानुवाद

यत् अपि= जो पनि कि, **ब्रह्मपुरम् इति** = ब्रह्मपुर भनेर, **जीवेन** = जीवद्वारा, **परस्य उपलक्षितत्वात्** = परब्रह्म उपलक्षित हुनाले, **राज्ञः इव** = राजाको जस्तै, **इदम्** = यो, **पुरस्वामिनः**= पुरका मालिकको, **पुरैकदेशवर्त्तित्वम्** = पुरको एकछेउमा रहने कुरा, **जीवस्य एव** = जीवको नै, **अस्तु** = होस् भन्ने, **उक्तम्** = भनियो, **अत्र**= यहाँ, यस सम्बन्धमा, **ब्रूमः** = उत्तररूपमा भन्छौं, **परस्य ब्रह्मणः एव** = परब्रह्मको नै, **पुरं सत्** = पुर भएको छँदो, **इदं शरीरम्** = यो शरीर, **ब्रह्मपुरम् इति उच्यते** = ब्रह्मपुर भनिन्छ किनकि, **ब्रह्मशब्दस्य** = ब्रह्मशब्दको, **तस्मिन्**= त्यो ब्रह्ममा (प्रयोग), **मुख्यत्वात्** = मुख्य हुनाले, **सः** = त्यो (उपासक), **एतस्मात् जीवघनात्** = यो जीवघनभन्दा, **परात् परम्** = परभन्दा पनि पर, **पुरिशयं पुरुषम्** = शरीर वा हृदयमा रहने पुरुषलाई, **ईक्षते** = सम्यक् दृष्टिद्वारा देख्दछ (हेर्दछ) भनेर, **सः वा अयं पुरुषः** = त्यो वा यो पुरुष, **सर्वासु पूर्षु** = सबै पुरहरूमा, **पुरिशयः** = पुरमा सुत्ने (रहने) वाला हो भन्ने; **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुति प्रमाणबाट ।

विशदीकरण

फेरि जीव परब्रह्मको उपलक्षण हुनाले ब्रह्मपुर भनेर राजाको जस्तै पुरको एक छेउमा बस्ने कुरा जीवको नै किन नहुनु ? इत्यादि जो शङ्का गरिएको थियो, सो बारेमा उत्तररूपमा भन्दछौं - ब्रह्मको पुर भएर नै शरीर ब्रह्मपुर हो, किनकि ब्रह्मशब्द मुख्यरूपले परमात्मामा नै लागू हुन्छ । फेरि शरीर ब्रह्मप्राप्ति गर्ने अधिष्ठान हुनाले शरीररूप पुरसँग ब्रह्मको पनि सम्बन्ध छ । जस्तै- 'त्यो दहरको उपासकले यो जीवघनभन्दा पनि परदेखि पर हृदयमा रहने पुरुषलाई सम्यक् दृष्टिद्वारा देख्दछ, त्यही यो पुरुष सबै पुरहरूमा पुरिशय हो' भन्ने इत्यादि श्रुतिहरूको भनाइ रहेको छ ।

शाङ्करभाष्यम्

अथवा जीवपुर एवास्मिन् ब्रह्म सन्निहितमुपलक्ष्यते । यथा शालग्रामे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुः सन्निहित इति, तद्वत् । '**तद्यथेह कर्मचितो लोकः क्षीयत एवमेवामुत्र पुण्यचितो लोकः क्षीयते**' (छा० ८/१/६) इति च कर्मणामन्तवत्फलत्वमुक्त्वा '**अथ य इहात्मानमनुविद्य व्रजन्त्येतांश्च सत्यान्कामांस्तेषां सर्वेषु लोकेषु कामचारो भवति**' इति प्रकृतदहराकाशविज्ञानस्यानन्तफलत्वं वदन्परमात्मत्वमस्य सूचयति । यदप्येतदुक्तम् – न दहराकाशस्यान्वेष्टव्यत्वं विजिज्ञासितव्यत्वं च श्रुतं परविशेषणत्वेनोपादानादिति, अत्र ब्रूमः–

नेपालीभाषानुवाद

अथवा = अथवा, **जीवपुरे एव अस्मिन्** = जीवकै पुर भएको यो ब्रह्मपुर (शरीर)मा, **ब्रह्म** = ब्रह्म, **सन्निहितम्** = सन्निहित भएको, **उपलक्ष्यते** = देखिन आउँछ, **यथा शालग्रामे विष्णुः सन्निहितः** = शालग्राममा विष्णु सन्निहित छ भन्ने, **इति** = यस्तै जसरी छ, **तद्वत्** = त्यस्तै फेरि, **तत् यथा इह** = त्यो कि जस्तै यहाँ, **कर्मचितः लोकः क्षीयते** = कर्मद्वारा उपार्जित कृष्यादि नाश हुन्छ, **एवम् एव अमुत्र** = यस्तै नै परलोकमा, **पुण्यचितः लोकः क्षीयते इति** = पुण्यद्वारा उपार्जित भोग पनि नाश हुन्छ भन्ने, **च** = पनि, **कर्मणाम्** = कर्मको, **अन्तवत्फलत्वम्** = विनाशिफल भएको कुरा, **उक्त्वा** = बताएर, **अथ** = अनि, **ये इह आत्मानम् अनुविद्य** = जो यहाँ आत्माको अनुभव गरेर, **व्रजन्ति** = जान्छन् (संन्यास लिन्छन्) र, **एतान् सत्यान् कामान्** = यी सत्य भनिएका काम (इच्छा, भोगलाई) छाड्दछन्, **तेषाम्** = तिनको, **सर्वेषु लोकेषु कामचारः भवति** = सबैलोकमा इच्छाविहार हुन्छ भन्ने, **इति** = यस्तो, **प्रकृतदहराकाशविज्ञानस्य** = सुरुको दहराकाशलाई जान्नुको, **अनन्तफलत्वम्** = अविनाशी फल भएको भनेर, **वदन्** = बताउँदो, **अस्य परमात्मत्वं सूचयति** = यो दहराकाश परमात्मा हुने कुरा सूचित गर्दछ, **यत् अपि एतत् उक्तम्** = जो कि यो कुरा पनि भनियो, के भने, **दहराकाशस्य अन्वेष्टव्यत्वं विजिज्ञासितव्यत्वं च** = दहराकाशबारे खोज्नु पर्ने र जान्न खोज्नु पर्ने समेत, **न** = होइन किनकि, **परविशेषणत्वेन उपादानात्** = पर भन्ने विशेषण लिएकोबाट, भन्ने; **इति** = यसप्रकारको, **अत्र ब्रूमः** = यसमा उत्तररूपमा भन्दछौं ।

विशदीकरण

अथवा शरीरलाई जीवपुर माने पनि शालग्राममा विष्णु रहे झैं त्यसमा ब्रह्म सन्निहित हुन सक्दछ। जस्तो यहाँ 'कर्मद्वारा उपार्जित गरेको कृष्यादि फल विनाशी छ, त्यस्तै परलोक पनि कर्मद्वारा प्राप्त हुनाले विनाशी छ' भनेर कर्मको बारेमा विनाशिफल वाला भनेर बताइयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि 'जो यहाँ ध्यानद्वारा आत्माको अनुभव गरेर सत्य मानिएका भोगलाई छाडेर जान्छन्, ती सबै लोकमा निर्बाध विहार गर्छन्' भनेर दहराकाशका ज्ञानबाट अविनाशी फलप्राप्त हुने कुरा बताइएको छ । यसबाट दहराकाश भनेर परमात्मालाई नै बताइएको कुरा बुझिन्छ । फेरि पर भन्ने विशेषण दिएकोले 'दहराकाशलाई नै खोज्नु र जान्नु पर्ने' भन्ने कुरा त कसरी हुन आउँछ ? इत्यादि शङ्का गरेकोमा भन्दछौं ।

शाङ्करभाष्यम्

यद्याकाशो नान्वेष्टव्यत्वेनोक्तः स्यात्, '**यावान्वा अयमाकाशस्तावानेषो-ऽन्तर्हृदय आकाशः**' इत्याकाशस्वरूपप्रदर्शनं नोपयुज्यते । नन्वेतदप्यन्तर्वर्तिवस्तु-सद्भावप्रदर्शनायैव प्रदर्श्यते । '**तं चेद् ब्रूयुर्यदिदमस्मिन्ब्रह्मपुरे दहरं पुण्डरीकं वेश्म दहरोऽस्मिन्नन्तराकाशः किं तदत्र विद्यते ? यदन्वेष्टव्यं यद्वाव विजिज्ञासितव्यम्**' इत्याक्षिप्य परिहारावसर आकाशौपम्योपक्रमेण द्यावा पृथिव्या-दीनामन्तः-समाहितत्वदर्शनात् । नैतदेवम्, एवं हि सति यदन्तःसमाहितं द्यावा पृथिव्यादि तदन्वेष्टव्यं विजिज्ञासितव्यं चोक्तं स्यात् । तत्र वाक्यशेषो नोपपद्येत। **अस्मिन् कामाः समाहिताः, एष आत्माऽपहतपाप्मा** इति हि प्रकृतं द्यावापृथि-व्यादिसमाधानाधारमाकाशमाकृष्य '**अथ य इहात्मानमनुविद्य व्रजन्त्येतांश्च सत्यान्कामान्**' इति समुच्चयार्थेन च शब्देनात्मानं कामाधारमाश्रितांश्च कामान् विज्ञेयान्वाक्यशेषो दर्शयति । तस्माद्वाक्योपक्रमेऽपि दहर एवाकाशो हृदयपुण्डरीका-धिष्ठानः सहान्तःस्थैः समाहितैः पृथिव्यादिभिः सत्यैश्च कामैर्विज्ञेय उक्त इति गम्यते । स चोक्तेभ्यो हेतुभ्यः परमेश्वर इति ।।१४।।

नेपालीभाषानुवाद

यदि = यदि, **आकाशः** = दहराकाश, **अन्वेष्टव्यत्वेन** = खोज्नुपर्ने रूपले, **न उक्तः स्यात्** = नभनिएको हुँदो हो त, **वा अयम् आकाशः यावान्** = प्रसिद्ध यो आकाश जत्रो र जति छ, **अन्तःहृदये एषः आकाशः तावान्**= भित्र हृदयमा यो आकाश त्यत्रै र त्यत्ति छ भन्ने, **इति** = यसप्रकार, **आकाशस्वरूपप्रदर्शनम्** = आकाशको स्वरूप बताउने कुरा, **न उपयुज्यते** = ठीक मिल्दैन, **ननु** = शङ्का, **एतत् अपि** = यो आकाशको स्वरूप बताउने कुरा पनि, **अन्तर्वर्तिवस्तुसद्भाव-प्रदर्शनाय एव** = आकाशभित्र रहेका वस्तुको अस्तित्व देखाउनालाई नै, **प्रदर्श्यते**= देखाइन्छ जस्तै, **तं चेत् ब्रूयुः** = त्यसलाई यदि भनून् कि, **अस्मिन् ब्रह्मपुरे** = यो ब्रह्मपुरमा, **यत्** = जुन, **दहरं पुण्डरीकं वेश्म** = सूक्ष्म हृदयकमलरूप स्थान छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDE

अस्मिन् अन्तः दहरः आकाशः = यसमा भित्र जो सूक्ष्म आकाश छ, **अत्र किं तत् विद्यते** = यसमा के त्यो छ, **यत् वाव** = जो प्रसिद्ध निश्चय नै, **अन्वेष्टव्यम्** = खोज्नुपर्ने छ र, **यत्** = जो, **विजिज्ञासितव्यम्** = विशेषरूपले जान्न (खोज्नु) पर्ने छ भन्ने, **इति आक्षिप्य** = यस्तो शङ्कारूप देखाएर, **परिहारावसरे** = समाधानको बखतमा, **आकाशौपम्योपक्रमेण** = आकाशको तुलनात्मक प्रारम्भद्वारा, **द्यावापृथिव्यादीनाम्** = द्युलोक तथा पृथ्वी आदिको, **अन्तःसमाहितत्वदर्शनात्** = भित्र समाहित भएको कुरा देखिएकोबाट, **एतत् न एवम्** = यो यसप्रकार भनाइ होइन, **हि एवं सति** = निश्चय नै यस्तो भएमा, **द्यावापृथिव्यादि यत् अन्तःसमाहितम्** = द्युलोक पृथ्वी आदि जो भित्र रहेको छ, **तत्** = त्यही, **अन्वेष्टव्यं विजिज्ञासितव्यं च** = अन्वेषण गर्नु पर्ने र खोज्नु पर्ने पनि, **उक्तं स्यात्** = भनिएको हुनपर्ला, **तत्र** = त्यसो भएमा, **वाक्यशेषः न उपपद्यते** = वाक्यशेष मिल्न आउने छैन, **अस्मिन् कामाः समाहिताः**= यसमा सबै कामहरू समाहित छन्, **एषः अपहतपाप्मा आत्मा**= यो पाप, दोषरहित आत्मा हो भन्ने, **इति** = यस रूपले, **प्रकृतम्** = सुरुको, **द्यावापृथिव्यादि समाधानाधारम्**= द्युलोक, पृथ्वी आदिको समाहित हुनुको आधाररूप, **आकाशम् आकृष्य** = दहराकाशलाई अपकर्ष गरेर, **अथ ये इह** = अनि जो यहाँ, **आत्मानम् अनुविद्य** = यो आत्मालाई ध्यानद्वारा अनुभव गरेर र, **एतान् सत्यान् कामान् च** = यी सत्यरूपका कामहरूलाई पनि, **इति** = यस रूपले, **समुच्चयार्थेन च शब्देन** = समुच्चय बुझाउने च शब्दद्वारा, **कामाधारम् आत्मानम्** = कामहरूको आधाररूप आत्मालाई र, **आश्रितान् कामान् च** = आत्माको आश्रय गर्ने कामहरूलाई पनि, **विज्ञेयान्** = जान्नुपर्ने भनेर, **वाक्यशेषः दर्शयति** = वाक्यशेषले देखाउँछ, **तस्मात्** = त्यसकारणबाट, **वाक्योपक्रमे अपि** = वाक्यको सुरुमा पनि, **हृदय-पुण्डरीकाधिष्ठानः** = हृदयकमलमा रहेको, **दहरः आकाशः एव** = दहर आकाश नै, **अन्तःस्थैःसमाहितैः** = भित्र रहेका र समाहित भएका, **द्यावापृथिव्यादिभिः सत्यैः कामैः च** = द्यावा, पृथ्वी आदि र सत्यरूप कामहरूले पनि, **सह** = साथै, **विज्ञेयः उक्तः इति** = जान्नु पर्ने भनेर बताइएको भन्ने, **गम्यते** = बुझिन्छ, **सःच** = त्यो जान्नुपर्ने भनिएको, **उक्तेभ्यः हेतुभ्यः** = बताइएका कारणहरूबाट, **परमेश्वरः इति** = परमेश्वर नै हो ।

विशदीकरण

दहराकाश यदि जान्नु (खोज्नु) पर्ने रूपले नबताइँदो हो त, 'जत्रो यो आकाश छ, त्यस्तै र त्यत्रै हृदयभित्र यो आकाश छ' भनेर आकाशस्वरूप बताउने कुरा युक्तिसङ्गत हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन । हृदयकमलरूप 'जो सूक्ष्म स्थान छ त्यसभित्र जुन आकाश छ, त्यसभित्र त्यो चीज जान्नु खोज्नुपर्ने छ' भन्ने इत्यादि शङ्का देखाएर आकाशसंग तुलनात्मक सुरुवात गरी द्युलोक, पृथ्वी आदिको समाहित स्थिति देखाउँदै समाधानको तात्पर्य आकाशभित्र रहेका वस्तुको अस्तित्व प्रदर्शन गर्नु हुनसक्छ भन्ने शङ्का हुन्छ, तापनि त्यो भनाइ त्यस रूपको होइन ।

त्यस्तो भए 'जुन पृथ्वी, द्युलोक आदि भित्र रहेका छन्, ती नै जानिन खोजिन योग्य छन्' भन्ने भनाइ हुन जान्थ्यो र त्यस्तो भएमा वाक्यशेष मिल्ने थिएन । 'यसमा सबै कामहरू छन् यो पापदोष नभएको आत्मा हो' भन्ने रूपबाट सुरुकै द्युलोक आदिको समाहित हुनुको आधार रूप आकाशको अपकर्ष गरिएको छ ।

त्यसपछि 'जसले ध्यानद्वारा यस आत्माको अनुभव गरेर सत्यरूप कामलाई छाड्दछन्' भन्ने रूपले समुच्चय अर्थ वाला च शब्दद्वारा आत्मा र आत्मामा आश्रित कामहरूलाई जान्नुपर्ने कुरा वाक्यशेषमा देखिन्छ । उपक्रममा पनि हृदयकमलको अधिष्ठान भएको दहर आकाशनै त्यसभित्र रहेका द्युलोक, पृथ्वी आदिका साथमा र सत्यकाम आदिका साथमा ज्ञेयरूपमा बताएको भन्ने स्पष्ट बुझिन्छ । त्यही ज्ञेयरूपमा बताइएको वस्तु नै माथि बताइएका कारणर्हरूबाट परमात्मा नै हो ।।१४।।

ब्रह्मसूत्रम् - गतिशब्दाभ्यां तथाहि दृष्टं लिङ्गञ्च १/३/१५

सूत्रार्थ - गतिशब्दाभ्याम्= गमन शब्दद्वारा, **हि तथा** = निश्चय नै त्यस्तै, **दृष्टम्**= दृष्टरूप वा देखिको, **लिङ्गम् च** = लिङ्ग(चिह्न) पनि भएकाले दहर भनेको ब्रह्म नै हो भन्ने कुरा ज्ञात हुन्छ।

शाङ्करभाष्यम्

दहरः परमेश्वरः उत्तरेभ्यो हेतुभ्य इत्युक्तम् । त एवोत्तरे हेतव इदानीं प्रपञ्च्यन्ते । इतश्च परमेश्वर एव दहरः, यस्माद्दहरवाक्यशेषे परमेश्वरस्यैव प्रतिपादकौ गतिशब्दौ भवतः । **'इमाः सर्वाः प्रजा अहरहर्गच्छन्त्य एतं ब्रह्मलोकं न विन्दन्ति'**(छा० ८/३/२) इति । तत्र प्रकृतं दहरं ब्रह्मलोकशब्देनाभिधाय तद्विषया गतिः प्रजाशब्दवाच्यानां जीवानामभिधीयमाना दहरस्य ब्रह्मतां गमयति । तथा ह्यहरहर्जीवानां सुषुप्तावस्थायां ब्रह्मविषयं गमनं दृष्टं श्रुत्यन्तरे- **'सता सोम्य तदा सम्पन्नो भवति'**(छा० ६/८/१) इत्येवमादौ । लोकेऽपि किल गाढं सुषुप्तमाचक्षते- **'ब्रह्मीभूतो ब्रह्मतां गतः'** इति । तथा ब्रह्मलोकशब्दोऽपि प्रकृते दहरे प्रयुज्यमानो जीवभूताकाशशङ्कां निवर्तयन् ब्रह्मतामस्य गमयति । ननु कमलासनलोकमपि ब्रह्मलोकशब्दो गमयेत् । गमयेद् यदि ब्रह्मणो लोक इति षष्ठीसमासवृत्त्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

व्युत्पाद्येत । सामानाधिकरण्यवृत्त्या तु व्युत्पाद्यमानो ब्रह्मैव लोको ब्रह्मलोक इति परमेव ब्रह्म गमयिष्यति । एतदेव चाहरहर्ब्रह्मलोकगमनं दृष्टं ब्रह्मलोकशब्दस्य सामानाधिकरण्यवृत्तिपरिग्रहे लिङ्गम् । नह्यहरहरिमाः प्रजाः कार्यब्रह्मलोकं सत्यलोकाख्यं गच्छन्तीति शक्यं कल्पयितुम् ॥१५॥

नेपालीभाषानुवाद

उत्तरेभ्यः हेतुभ्यः = पछिका कारणहरूबाट, **दहरः परमेश्वरः इति** = दहर भनेको परमेश्वर हो भन्ने, **उक्तम्** = बताइयो, **ते एव उत्तरे हेतवः** = ती नै पछिल्ला हेतुहरू, **इदानीं प्रपञ्च्यन्ते** = यस बखतमा विस्तार गरिन्छन्, **इतः च** = अभै पनि, **परमेश्वरः एव दहरः** = परमेश्वर नै दहर हो, **यस्मात्** = जसबाट कि, **दहरवाक्यशेषे**= दहर वाक्यको उपसंहारमा, **परमेश्वरस्य एव**= परमेश्वरका नै, **प्रतिपादकौ** = प्रतिपादन गर्ने, **गतिशब्दौ भवतः** = गतिशब्द हुन्छन् जस्तै, **इमाः सर्वाः प्रजाः** = यी सबै प्राणीहरू, **अहरहः** = दिनदिनै, **गच्छन्त्यः** = जाँदा छँदा, **एतम् ब्रह्मलोकम्** = यो ब्रह्मलोकलाई, **न विन्दन्ति** = जान्दैनन् (पाउँदैनन्) भन्ने, **इति** = यसप्रकार, **तत्र** = त्यसमा, **प्रकृतं दहरम्** = सुरुको दहरलाई, **ब्रह्मलोकशब्देन अभिधाय** = ब्रह्मलोक शब्दले भनेर, **प्रजाशब्दवाच्यानां जीवानाम्** = प्रजाशब्दले भनिएका जीवहरूको, **तद्विषया गतिः**= ब्रह्मलोक सम्बन्धिनी गति, **अभिधीयमाना** = बताइँदो, **दहरस्य**= दहरको, **ब्रह्मताम्** = ब्रह्म भन्ने कुरा, **गमयति** = बुझाउँछ, **तथा** = त्यस्तै, **अहरहः**= प्रतिदिन, **जीवानाम्** = जीवहरूको, **सुषुप्तावस्थायाम्** = सुषुप्तावस्थामा, **ब्रह्मविषयं गमनम्** = ब्रह्मविषयक गमन, **श्रुत्यन्तरे दृष्टम्** = अर्को श्रुतिमा देखिएको छ जस्तै, **सोम्य** = हे सोम्य, **तदा** = त्यसबखत (सुषुप्तिमा), **सता संपन्नः भवति** = सत् सँग सम्पन्न हुन्छ भन्ने, **इति एवम् आदौ** = इत्यादिमा, **किल** = निश्चय नै, **लोके अपि** = लोकमा पनि, **गाढं सुप्तम्** = मस्त सुतेकालाई, **ब्रह्मीभूतः ब्रह्मतां गतः इति** = ब्रह्म भैं भएको (ब्रह्ममा गएको) भनेर, **आचक्षते** = भन्दछन्, **तथा** = त्यस्तै, **ब्रह्मलोकशब्दः अपि** = ब्रह्मलोक शब्द पनि, दहरे **प्रयुज्यमानः** = दहरमा प्रयोग गरिएको छँदो, **जीवभूताकाशशङ्काम्** = जीव अथवा भूताकाश हो कि भन्ने शङ्कालाई, **निवर्तयन्** = हटाउँदै, **अस्य** = दहरको, **ब्रह्मतां गमयति** = ब्रह्म हो भन्ने बुझाउँछ, **ननु** = शङ्का, **कमलासन-लोकम् अपि** = कमलासन (ब्रह्मा) को लोकलाई पनि, **ब्रह्मलोकशब्दः गमयेत्** = ब्रह्मलोकशब्दले बुझाउला, **गमयेत्** = बुझाउला, **यदि**= यदि, **ब्रह्मणः लोकः इति** = ब्रह्मको लोक भनेर, **षष्ठीसमासवृत्त्या**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठी समासको वृत्तिद्वारा, **व्युत्पाद्येत** = व्युत्पादन (सिद्ध) गरियोस्, **तु** = परन्तु, **सामानाधिकरण्यवृत्त्या** = सामानाधिकरण्य समासवृत्तिद्वारा, **ब्रह्म एव लोकः ब्रह्मलोकः इति** = ब्रह्म नै लोक, ब्रह्मलोक भनेर; **व्युत्पाद्यमानः** = सिद्ध गरिएको छँदो, **परं ब्रह्म एव गमयिष्यति** = परब्रह्मलाई नै बुझाउँने छ, **दृष्टम् च** = देखिएको पनि छ, **एतत् एव** = यही नै, **अहरहः** = प्रतिदिन, **ब्रह्मलोकगमनम्** = ब्रह्मलोकमा जानु जो हो, **ब्रह्मलोकशब्दस्य** = ब्रह्मलोक शब्दको, **सामानाधिकरण्यवृत्तिपरिग्रहे**= कर्मधारय समासवृत्ति लिनुमा, **लिङ्गम्** = चिह्न छ, **हि** = निश्चय नै, **अहरहः** = दिनदिनै, **इमाः प्रजाः** = यी प्रजा (जीव), **सत्यलोकाख्यं कार्यब्रह्मलोकम्** = सत्यलोक भनिएको कार्य ब्रह्मको लोकमा, **गच्छन्ति इति** = जान्छन् भनेर, **कल्पयितुं न शक्यम्** = कल्पना गर्न सकिंदैन ।

विशदीकरण

पछिल्ला वाक्यरूप कारणबाट दहर भनेको परमेश्वर हो भन्ने कुरा बताइएको थियो। अब ती पछिल्ला कारणहरूको विस्तार गरिन्छ । खास गरेर दहर भनेको परमात्मा नै हो, किनकि दहरवाक्यको उपसंहारमा परमेश्वरलाई नै प्रतिपादन गर्ने गति र शब्द सुनिन्छन् । जस्तै – 'यी सबै प्रजा दिनदिनै ब्रह्मलोकमा जान्छन् तापनि त्यस ब्रह्मलोकलाई जान्दैनन्' भन्ने गति सुनिन्छ । त्यसमा प्रजाशब्दले भनिने जीवहरूको ब्रह्मलोकशब्दले भनिएका दहरमा गति बताउनाले दहर भनेको ब्रह्म रहेछ भन्ने स्पष्ट बुझिन्छ।

अर्को श्रुतिमा पनि 'सत्सँग सुषुप्तिमा मिलेको हुन्छ' भनेर निर्देशनात्मकशब्द पनि पाइन्छ । यी दुवै कारणबाट पनि दहरको ब्रह्मत्व सिद्ध हुन्छ । लोकमा पनि मस्त निदाएका मानिसलाई ब्रह्मस्वरूप भएको छ भन्ने चलन पनि छ । त्यसपछि दहरमा ब्रह्मलोकशब्द प्रयोग गरेको कारणबाट दहर भनेको भूताकाश हो अथवा जीव भन्ने शङ्का पनि हराउँछ ।

कमलासन ब्रह्माको लोकलाई पनि त ब्रह्मलोक भनिन्छ र यहाँ त्यसलाई नै ब्रह्मलोक भनेको हो कि ? भन्ने शङ्का हुन्छ । उत्तररूपमा भनिन्छ – ब्रह्मलोकशब्दले ब्रह्मलोक भन्ने षष्ठी समास गरेको भए त त्यो अर्थ हुनसक्थ्यो, परन्तु यहाँ त ब्रह्मलोक भनेर ब्रह्म नै लोक ब्रह्मलोक भन्ने सामानाधिकरण्य (कर्मधारय) समास लिएको हुनाले ब्रह्मलोक भनेर परमेश्वरलाई नै लिएको हो । ब्रह्मलोकशब्दमा कर्मधारय समास हुने कुरा दहरलाई ब्रह्मलोक भनी दिनदिनै त्यसमा जीवको गमन देखाउनुले प्रमाणित हुन्छ । कार्यब्रह्मको सत्यलोकलाई ब्रह्मलोक भनेको भए त दिनदिनै सबै जीवहरू त्यहीं जानुपर्ने थियो तर त्यो नदेखिनाले ब्रह्मलोक भनेर सत्यलोक भन्न र त्यहाँ जीव जान्छन् भन्ने कुरा कल्पनासम्म पनि गर्न मिल्दैन ।।१५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - धृतेश्च महिम्नोऽस्यास्मिन्नुपलब्धेः १/३/१६

सूत्रार्थ - **धृतेः** = सबै लोकहरूको धारणबाट र, **अस्य महिम्नः** = यो महिमाको, **अस्मिन् उपलब्धेः च** = यो परमेश्वरमा पाइनाले पनि दहर आकाश परमेश्वर हो ।

शाङ्करभाष्यम्

धृतेश्च हेतोः परमेश्वर एवायं दहरः । कथम् ? '**दहरोऽस्मिन्नन्तराकाशः**' इति हि प्रकृत्याकाशौपम्यपूर्वकं तस्मिन्सर्वसमाधानमुक्त्वा तस्मिन्नेव चात्मशब्दं प्रयुज्यापहतपाप्मत्वादिगुणयोगं चोपदिश्य तमेवानतिवृत्तप्रकरणं निर्दिशति- '**अथ य आत्मा स सेतुर्विधृतिरेषां लोकानामसंभेदाय**'(छा० ८/४/१) इति । तत्र विधृतिरित्यात्मशब्दसामानाधिकरण्याद्विधारयितोच्यते, क्तिचः कर्तरि स्मरणात् । यथोदकसन्तानस्य विधारिता लोके सेतुः क्षेत्रसंपदामसंभेदाय, एवमयमात्मैषा-मध्यात्मादिभेदभिन्नानां लोकानां वर्णाश्रमादीनाञ्च विधारयिता सेतुरसंभेदाया-सङ्करायेति । एवमिह प्रकृते दहरे विधारणलक्षणं महिमानं दर्शयति । अयञ्च महिमा परमेश्वर एव श्रुत्यन्तरादुपलभ्यते '**एतस्य वा अक्षरस्य प्रशासने गार्गि सूर्याचन्दमसौ विधृतौ तिष्ठतः**' इत्यादेः । तथान्यत्रापि निश्चिते परमेश्वरवाक्ये श्रूयते- '**एष सर्वेश्वर एष भूताधिपतिरेष भूतपाल एष सेतुर्विधरण एषां लोकानामसंभेदाय**' इति । एवं धृतेश्च हेतोः परमेश्वर एवायं दहरः ।।१६।।

नेपालीभाषानुवाद

धृतेः हेतोः च = धारण गर्नुरूप कारणबाट पनि, **अयं दहरः** = यो दहर भनेको, **परमेश्वरः एव** = परमेश्वर नै हो, **कथम्** = कसरी, **अस्मिन्** = यो हृदयकमलमा, **दहरः अन्तराकाशः** = सूक्ष्म भित्री आकाश छ भन्ने, **इति हि** = यस प्रकार निश्चय नै, **प्रकृत्य** = सुरु गरेर, **आकाशौपम्यपूर्वकम्** = बाहिरी आकाशसँग उपमा दिनुको साथै, **तस्मिन्** = त्यसै दहरमा, **सर्वसमाधानम् उक्त्वा** = सबै रहेको कुरा बताएर, **तस्मिन् एव** = त्यसै दहरमा, **आत्मशब्दं च प्रयुज्य** = आत्मशब्दको पनि प्रयोग गरेर, **अपहतपाप्मत्वादिगुणयोगम्** = निष्पाप हुनु आदि गुणका सम्बन्धको, **उपदिश्य च** = उपदेश गरेर पनि, **तम् एव** = त्यही नै, **अनतिवृत्तप्रकरणम्** = प्रकरणभन्दा बाहिर नभएको कुरा, **निर्दिशति** = निर्देश गर्दछ जस्तै, **अथ** = अनि, **यः आत्मा** = जुन त्यो दहररूप आत्मा छ, **सः** = त्यो, **सेतुः** = सेतुरूप छ, **एषः** = यो आत्मा, **लोकानाम् असंभेदाय** = लोकको असांकर्यनिमित्त, **विधृतिः इति** = धारक हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने, **तत्र** = त्यसमा, **विधृतिः इति** = विधृति (धारक) भन्ने, **आत्मशब्दसामानाधिकरण्यात्** = आत्मशब्दसित एक अधिकरण हुनाले, **विधारयिता उच्यते** = धारण गर्ने भनिन्छ, किनकि, **क्तिचः** = क्तिच् प्रत्ययको, **कर्तरि स्मरणात्** = कर्ता अर्थमा सम्झिएकोले, **यथा** = जस्तै, **उदकसन्तानस्य** = जलप्रवाहको, **विधारयिता**= धारण गर्ने, **लोके** = लोकमा, **सेतुः** = सेतु (पुल, बाँध) हुन्छ र त्यो, **क्षेत्रसंपदाम् असंभेदाय** = क्षेत्रसंपत्तिको असांकर्यनिमित्त हुन्छ, **एवम्** = यस्तै, **अयम् आत्मा**= यो दहररूप आत्मा, **अध्यात्मादिभेदभिन्नानाम्** = अध्यात्म अधिदैव आदि विभिन्न रूपका, **लोकानाम्** = लोकहरूको र, **एषां वर्णाश्रमादीनां च** = यी वर्णाश्रम धर्महरूको, **असंभेदाय असङ्कराय इति**= असंभेद र असंकरताको निमित्त, **विधारयिता सेतुः** = धारण गर्ने सेतुरूप हो, **एवम् इह** = यसप्रकार यहाँ, **प्रकृतदहरे** = सुरुको दहरमा, **विधारणलक्षणं महिमानम्** = धारण गर्नु रूप महिमालाई, **दर्शयति** = देखाउँछ, **च** = फेरि, **अयं महिमा** = यो महिमा, **श्रुत्यन्तरात्** = अर्को श्रुतिबाट पनि, **परमेश्वरे एव** = परमेश्वरमा नै, **उपलभ्यते** = देखापर्दछ जस्तै, **गार्गि** = हे गार्गी, **वा**= प्रसिद्ध, **एतस्य अक्षरस्य** = यही अक्षररूप ब्रह्मको, **प्रशासने** = प्रशासनमा, **सूर्याचन्द्रमसौ** = सूर्य र चन्द्रमा, **विधृतौ तिष्ठतः** = धारण गरिएका रहन्छन् भन्ने, **इत्यादेः** = इत्यादिबाट, **तथा** = त्यस्तै, **अन्यत्र अपि** = अन्त पनि, **निश्चिते परमेश्वरवाक्ये** = निश्चित भएका परमेश्वरसम्बन्धी वाक्यमा, **श्रूयते** = सुनिन्छ जस्तै, **एषः सर्वेश्वरः** = यो सर्वेश्वर हो, **एषः भूताधिपतिः** = यो प्राणीहरूको अधिपति हो, **एषः भूतपालः** = यो प्राणीहरूको पालक हो, **एषां लोकानाम्** = यी लोकहरूलाई, **असंभेदाय** = सुव्यवस्थित राख्न, **एषः विधरणः सेतुः इति** = यो विधारक सेतु हो भन्ने, **एवम्** = यसप्रकार, **धृतेः हेतोः च** = धारणरूप कारणबाट पनि, **अयं दहरः** = यो दहर, **परमात्मा एव** = परमात्मा नै हो ।

विशदीकरण

धारण गर्नुरूप कारण र श्रुतिद्वारा बताइएको दहरको महिमा यसै परमेश्वरमा पाइने हुनाले दहर भनेको परमात्मा हो भन्ने सूत्रको आशय छ । 'धारणरूप कारणबाट पनि दहर परमेश्वर हो, किनकि यसका भित्र दहररूप आकाश छ' भन्दै आकाशसँग तुलना गरी त्यसैमा द्युलोकादि सबै रहेको र त्यसैलाई आत्मा शब्दले बताइएको छ । फेरि त्यसैलाई निर्दोष, निष्पाप समेत भन्दै – 'यो जुन आत्मा छ, त्यो लोक मर्यादा राख्ने सेतुरूप विधारक छ' भन्ने कुरा प्रकरणभित्रबाट नै देखाइएको छ ।

यसमा विधारण गर्ने भन्ने र आत्मा भन्ने दुई शब्द एकाधिकरणवाला छन् । क्तिच्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यय कर्ता अर्थमा हुनाले धारण गर्ने आत्माको विशेषण हुन्छ र आत्मा नै धारण गर्ने वाला हो भन्ने अर्थ हुन आउँछ। त्यो आत्मा सबै लोक र सबै धर्मलाई सुव्यवस्थित राख्न विधारक छ भन्ने सिद्ध हुन्छ । त्यो आत्मा दहरलाई भनेको हो र दहरमा बताइएका गुण र महिमा परमेश्वरमा नै मिल्ने हुनाले दहर भनेको परमात्मा नै हो ।

गार्गीलाई संबोधन गरेर 'यसै अक्षररूप परमात्माको प्रशासनमा सूर्यचन्द्र रहन्छन्' भनिएको र निर्विवाद सिद्ध परमेश्वरसम्बन्धी वाक्यहरूमा पनि 'यो सबैको पालक, अधिपति, मालिक र लोकव्यवहार आदिको सुव्यवस्था निमित्त विधारक हो' भनिएको देखिएको छ। उक्त धृतिरूप कारणबाट समेत दहर भनेको परमात्मा हो भन्ने कुरा सिद्ध हुन्छ ।।१६।।

ब्रह्मसूत्रम् - प्रसिद्धेश्च १/३/१७

सूत्रार्थ - प्रसिद्धेः = आकाशशब्द परमात्मामा प्रसिद्ध हुनाले पनि, **च** = दहर आकाश भनेको परमात्मा हो ।

शाङ्करभाष्यम्

इतश्च परमेश्वर एव **'दहरोऽस्मिन्नन्तराकाशः'** इत्युच्यते। यत्कारणमाकाश-शब्दः परमेश्वरे प्रसिद्धः । **'आकाशौ वै नाम नामरूपयोनिर्वहिता'** (छा० ८/१/४) **'सर्वाणि ह वा इमानि भूतान्याकाशादेव समुत्पद्यन्ते'** (छा० १/९/१) इत्यादिप्रयोगदर्शनात् । जीवे तु न क्वचिदाकाशशब्दः प्रयुज्यमानो दृश्यते । भूताकाशस्तु सत्यामप्याकाशशब्दप्रसिद्धावुपमानोपमेयभावाद्यसंभवान्न ग्रहीतव्य इत्युक्तम् ।।१७।।

नेपालीभावानुवाद

इतः च = अझै पनि, **अस्मिन् अन्तः दहरः आकाशः इति** = यस हृदयकमलमा भित्र तर्फ दहर आकाश छ भनेर, **परमेश्वरः एव उच्यते** = परमेश्वर नै भनिन्छ, **यत् कारणम्** = जुनकारणबाट, **आकाशशब्दः** = आकाशशब्द, **परमेश्वरे प्रसिद्धः** = परमेश्वरमा प्रसिद्ध छ जस्तै किनकि, **वै** = निश्चय नै, **आकाशः नाम** = प्रसिद्ध आकाश, **नामरूपयोः** = नाम र रूप (संसार) को, **निर्वहिता** = धारक छ, **वा ह** = प्रसिद्ध निश्चय नै, **इमानि सर्वाणि भूतानि** = यी सबै भूत र प्राणीहरू, **आकाशात् एव समुत्पद्यन्ते** = आकाशबाट नै उत्पन्न हुन्छन् भन्ने, **इत्यादिप्रयोग-दर्शनात्** = इत्यादि प्रयोग देखिनाले, **जीवे तु** = जीवमा भने, **आकाशशब्दः** = आकाशशब्द, **क्वचित् अपि** = कहीं पनि, **प्रयुज्यमानः न दृश्यते** = प्रयोग गरेको देखिंदैन, **भूताकाशः तु** = भूताकाश त, **आकाशशब्दप्रसिद्धौ सत्याम् अपि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशशब्दको प्रसिद्ध भए पनि, **उपमानोपमेयभावाद्यसंभवात्** = उपमान र उपमेय भाव असंभव भएको कारणबाट, **न ग्रहीतव्यः इति**= लिनु योग्य छैन भन्ने, **उक्तम्**= भनिएको हो ।

विशदीकरण

आकाशशब्द परमेश्वरमा प्रसिद्ध हुनाले दहराकाश परमेश्वर नै हो भन्ने सूत्राशय हो। अझै पनि 'हृदयकमलभित्र दहर आकाश छ' भनेकोले त्यो दहर आकाश परमेश्वर हो । कारण के भने आकाश शब्दद्वारा धेरै ठाउँमा परमेश्वरलाई नै बताएको पाइन्छ । जस्तै- 'आकाश सबै नाम रूपको धारक हो र आकाशबाट नै यी सबै प्राणी एवं पञ्चभूत उत्पन्न हुन्छन्' भन्ने इत्यादि प्रयोग देखिएको छ ।

जीवमा भने आकाशशब्दको प्रयोग कहीं पनि देखिंदैन । यस भूताकाशमा पनि आकाशशब्द प्रसिद्ध भए पनि त्यससँग त्यसैको उपमान र उपमेय भाव हुन नसक्ने हुनाले भूताकाशलाई दहर आकाश भनेर लिन नमिल्ने कुरा पहिले नै भनिसकिएको छ ।।१७।।

ब्रह्मसूत्रम् - इतरपरामर्शात् स इति चेन्नासंभवात् १/३/१८

सूत्रार्थ - इतरपरामर्शात् = **'एष संप्रसादः'** यस प्रकरणमा संप्रसाद शब्दबाट जीवको परामर्श हुने हुनाले, **सः इति चेत्** = त्यो जीव दहर हो भन्छौ भने, **न** = होइन किनकि, **असंभवात्** = असंभव हुनाले ।

शाङ्करभाष्यम्

यदि वाक्यशेषबलेन दहर इति परमेश्वरः परिगृह्येतास्तीतरस्यापि जीवस्य वाक्यशेषे परामर्शः- **'अथ य एष संप्रसादोऽस्माच्छरीरात्समुत्थाय परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्य एष आत्मेति होवाच'** (छा० ८/३/४) इति । अत्र हि संप्रसादशब्दः श्रुत्यन्तरे सुषुप्तावस्थायां दृष्टत्वात्तदवस्थावन्तं जीवं शक्नोत्युपस्थापयितुं नार्थान्तरम् । तथा शरीरव्यपाश्रयस्यैव जीवस्य शरीरात् समुत्थानं संभवति । यथाकाशव्यपाश्रयाणां वाय्वादीनामाकाशात्समुत्थानं तद्वत्। यथा चादृष्टोऽपि लोके परमेश्वरविषय आकाशशब्दः परमेश्वरधर्मसमभिव्याहारात् **'आकाशो वै नाम नामरूपयोर्निर्वहिता'** इत्येवमादौ परमेश्वरविषयोऽभ्युपगत एवं जीवविषयोऽपि भविष्यति । तस्मादितरपरामर्शात्, **'दहरोऽस्मिन्नन्तराकाश'** इत्यत्र जीव उच्यत इति चेत् नैतदेवं स्यात्, कस्मात् ? असंभवात् । न हि जीवो बुद्ध्याद्युपाधिपरिच्छेदाभिमानी सन्नाकाशेनोपमीयेत । न चोपाधिधर्मानभिमन्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानस्यापहतपाप्मत्वादयो धर्माः संभवन्ति । प्रपञ्चितं चैतत्प्रथमसूत्रे । अतिरेका-शङ्कापरिहारायात्र तु पुनरुपन्यस्तम् । पठिष्यति चोपरिष्टात् **'अन्यार्थश्च परामर्शः'** (ब्र० १/३/२०) इति ॥१८॥

नेपालीभाषानुवाद

यदि = यदि, **वाक्यशेषबलेन**= वाक्यशेष (उपसंहार) का बलद्वारा, **दहरः इति परमेश्वरः परिगृह्येत** = दहर भनेर परमेश्वर लिइन्छ भने, **इतरस्य जीवस्य अपि** = अर्को जीवको पनि, **वाक्यशेषे परामर्शः अस्ति** = वाक्य शेषमा परामर्श छ जस्तै, **अथ यः एषः संप्रसादः** = अनि जुन यो संप्रसाद (जीव)छ त्यो, **अस्मात् शरीरात्**= यस शरीरबाट, **समुत्थाय**= उठेर, **परं ज्योतिः**= उत्कृष्टप्रकाशमा, **उपसंपद्य**= प्राप्त भएर, **स्वेन रूपेण अभिनिष्पद्यते** = आफ्नै स्वरूपले सम्पन्न हुन्छ, **एषः आत्मा इति**= यही नै आत्मा हो भनेर, **ह उवाच**= निश्चय नै भने भन्ने, **इति**= यस्तो, **हि अत्र**= निश्चय नै यहाँ, **संप्रसादशब्दः**= संप्रसाद शब्द, **श्रुत्यन्तरे**= अर्को श्रुतिमा, **सुषुप्तावस्थायां दृष्टत्वात्** = सुषुप्त अवस्था (अर्थ)मा देखिएकोले, **तदवस्थावन्तं जीवम्** = त्यही सुषुप्त अवस्थावाला जीवलाई, **उपस्थापयितुम्** = बुझाउन, **शक्नोति**= सक्दछ, **अर्थान्तरं न** = अर्को वस्तुलाई सक्दैन, **तथा** = त्यसकारण, **शरीरव्यपाश्रयस्य** = शरीर भित्र रहेको वा शरीरमा आश्रय गर्ने, **जीवस्य** = जीवको, **समुत्थानम्**= उठ्ने कुरा, **शरीरात् संभवति** = शरीरबाट हुन्छ, **यथा** = जुन प्रकार, **आकाशव्यपाश्रयाणां वाय्वादीनाम्** = आकाशको आश्रय गर्ने वा आकाशमा रहेका वायु आदिको, **आकाशात् समुत्थानं भवति**= आकाशबाट समुत्थान हुन्छ, **तद्वत्**= त्यस्तै हो, **यथा लोके**= जस्तै लोकमा, **परमेश्वरविषये**= परमेश्वर अर्थमा, **अदृष्टः अपि आकाशशब्दः**= नदेखिएको पनि आकाशशब्द, **परमेश्वरधर्मसमभिव्याहारात्** = परमेश्वरका धर्मसँग साथै उच्चारित हुनाले, **आकाशो वै नाम नामरूपयोर्निर्वहिता** = आकाश नाम र रूपको धारक हो भन्ने, **इति एवम् आदौ** = इत्यादि मा, **परमेश्वरविषयः अभ्युपगतः**= परमेश्वरविषय भनेर मानियो, **एवम्** = यस्तै, **जीवविषयः अपि भविष्यति**= जीव-विषयक पनि हुन सक्नेछ, **तस्मात्**= त्यसकारणबाट, **इतरपरामर्शात्**= जीव वा उपसंहारको विचारबाट, दहरः **अस्मिन् अन्तः आकाशः**= हृदयकमलमा भित्र दहर आकाश छ भन्ने, **इति अत्र**= यहाँ, **सः जीवः एव**= त्यो जीव नै हो, **उच्यते इति चेत्**= भन्छौ भने, **एतत् एवं न स्यात्** = यो कुरा वा अर्थ यस्तो होइन, **कस्मात्** = केबाट, **असंभवात्** = असंभव हुनाले, **बुद्ध्याद्युपाधिपरिच्छेदाभिमानी: जीवः** = बुद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि उपाधिद्वारा परिच्छिन्न जीव जो कि त्यसमा अभिमान गर्ने, **सन्** = छँदो, **हि** = निश्चय नै, **आकाशेन न उपमीयेत** = आकाशसँग तुलना गरिने छैन, **च** = फेरि, **उपाधिधर्मात्**= उपाधिका धर्ममाथि, **अभिमन्यमानस्य** = आफूमा मान्नेवाला जीवका, **अपहतपाप्मत्वादयः धर्माः** = निष्पाप हुनु आदि धर्महरू, **न संभवन्ति** = हुन सक्दैनन्, **एतत्** = यो कुरा, **प्रथमसूत्रे प्रपञ्चितम्** = पहिलो सूत्रमा विस्तार गरियो, **अत्र तु** = यहाँ त, **अतिरेकाशङ्कापरिहाराय** = **'उत्तरात्'** भन्नेमा धेरै शङ्का हटाउन, **पुनः उपन्यस्तम्** = फेरि देखाइएको हो, **उपरिष्टात्** = माथि गएर, **अन्यार्थश्च परामर्शः इति** = 'अन्यार्थश्च परामर्शः' यस रूपको सूत्र, **पठिष्यति च** = स्पष्टीकरण रूपले पनि भन्नुहुने छ ।

विशदीकरण

यस प्रकरणमा संप्रसाद शब्दबाट जीवको परामर्श हुने हुनाले त्यो जीव दहर हो भन्छौ भने होइन किनकि असंभव हुनाले भन्ने सूत्राशय हो । वाक्यशेषलाई प्रमाण गराएर परमेश्वर दहर भनिन्छ । 'जो शरीरबाट उठेर उत्कृष्ट ज्योतिमा पुगेर आफ्नो स्वरूपलाई प्राप्त गर्दछ, त्यो सुषुप्तावस्थामा हुने जीव आत्मा हो' भन्ने रूपले वाक्यशेषमा जीवको परामर्श भएको देखिन्छ । यो वाक्यशेषमा संप्रसादशब्दले सुषुप्तिको वाचक हुनाले त्यसै अवस्था भएको जीवलाई बुझाउँछ, अरू वस्तुलाई बुझाउँदैन । आकाशको आश्रय गर्ने वायु आदिको आकाशबाट समुत्थान भए जस्तै शरीरको आश्रय गर्ने जीवको पनि शरीरबाट उत्थान हुनसक्दछ ।

परमेश्वरमा आकाशशब्द प्रसिद्ध नभएकोमा पनि परमेश्वरका धर्मसित उच्चारित हुनाले 'आकाश नै नामरूपको धारक हो' भन्ने इत्यादि मा आकाशशब्दले परमेश्वरलाई लिइयो । त्यस्तै यहाँ पनि आकाशशब्द जीवमा प्रसिद्ध नभए पनि जीव धर्म सित उच्चारित हुनाले दहराकाश जीव नै हो भन्ने शङ्का गर्छौ भने त्यो असम्भव हुनाले त्यो अर्थ लिन मिल्दैन । बुद्धि आदि उपाधिका परिच्छेदमा अभिमान गर्ने जीव आकाशसँग उपमित हुनै सक्दैन ।

अर्को कुरा उपाधिका धर्ममा अभिमान गरिँदैन भन्ने कुरा पहिला **'दहर उत्तरेभ्यः'** भन्ने सूत्रमा नै विस्ताररूपमा भनिएको छ । यहाँ त **उत्तरात्** इत्यादि सूत्रद्वारा शङ्का हटाउनु निमित्त देखाइएको हो । यस विषयमा **'अन्यार्थश्च परामर्शः'** भन्ने सूत्रमा आचार्यले पछि भन्नु हुनेछ।।१८।।

ब्रह्मसूत्रम् - उत्तराच्चेदाविर्भूतस्वरूपस्तु १/३/१९

सूत्रार्थ - उत्तरात् = पछिल्लो प्रजापतिवाक्यबाट, **चेत्** = जीव दहर हो भन्छौ भने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आविर्भूतस्वरूपः तु = त्यो त शुद्धस्वरूप प्रकट भएको जीव हो ।

शाङ्करभाष्यम्

इतरपरामर्शाद् या जीवाशङ्का जाता साऽसंभवान्निराकृता । अथेदानीं मृतस्यैवामृतसेकात् पुनः समुत्थानं जीवाशङ्कायाः क्रियते– उत्तरस्मात्प्राजापत्याद् वाक्यात्। तत्र हि **'य आत्मा अपहतपाप्मा'** इत्यपहतपाप्मत्वादिगुणकमात्मानमन्वेष्टव्यं विजिज्ञासितव्यं च प्रतिज्ञाय **'य एषोऽक्षिणि पुरुषो दृश्यत एष आत्मा'** (छा० ८/७/४) इति ब्रुवन्नक्षिस्थं द्रष्टारं जीवमात्मानं निर्दिशति । **'एतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि'**(छा० ८/९/३) इति च तमेव पुनः पुनः परामृश्य **'य एष स्वप्ने महीयमानश्चरत्येष आत्मा'** (छा० ८/१०/१) इति । **'तद्यत्रैतत्सुप्तः समस्तः सम्प्रसन्नः स्वप्नं न विजानात्येष आत्मा'** (छा. ८/११/१) इति च जीवमेवावस्थान्तरगतं व्याचष्टे । तस्यैव चापहतपाप्मत्वादि दर्शयति –

नेपालीभाषानुवाद

इतरपरामर्शात् = इतरवाक्य वा जीव परामृष्ट भएबाट, **या जीवाशङ्का जाता** = जो जीव हो भन्ने शङ्का भएको थियो, **असंभवात्** = असंभव हुनाले, **सा निराकृता** = त्यो शङ्का हटाइयो, **अथ इदानीम्** = अब यसबेलामा, **अमृतसेकात् मृतस्य इव** = मरेका व्यक्तिलाई अमृतले सेचन गरे जस्तै, **जीवाशङ्कायाः** = जीव हो कि भन्ने शङ्काको, **पुनः समुत्थानं क्रियते** = फेरि उत्थान गरिन्छ के बाट भने, **उत्तरस्मात् प्राजापत्यात् वाक्यात्** = प्रजापतिसम्बन्धी पछिल्ला वाक्यबाट, **हि तत्र** = निश्चय नै त्यहाँ, **यः आत्मा अपहतपाप्मा** = जुन आत्मा निष्पाप छ भन्ने, **इति** = यसप्रकार, **अपहतपाप्मत्वादिगुणकम्** = निष्पाप आदि गुणवाला, **आत्मानम्** = आत्मालाई, **अन्वेष्टव्यम्** = खोज्नुपर्ने र, **विजिज्ञासितव्यं च** = जान्नुपर्ने भनेर पनि, **प्रतिज्ञाय** = प्रतिज्ञा गरेर, **यः एषः अक्षिणि पुरुषः** = जुन यो आँखामा पुरुष छ, **एषः आत्मा इति** = यो आत्मा हो भनेर, **ब्रुवन्** = भन्दो (बताउँदो), **अक्षिस्थं द्रष्टारं जीवम्** = आँखामा रहेको द्रष्टा जीवलाई, **आत्मानं निर्दिशति** = आत्मा भनेर बताउँछ, **एतं तु एव** = यसै आत्मालाई नै, **ते** = तिम्रो लागि, **भूयः अनुव्याख्यास्यामि** = बारम्बार वा फेरि व्याख्या गर्नेछु भनेर, **इति च** = यस प्रकार पनि, **पुनः पुनः परामृश्य** = दोहऱ्याइ तेहऱ्याइ परामर्श गरेर, **यः एषः** = जुन यो, **स्वप्ने** = स्वप्नमा, **महीयमानः** = ऐश्वर्ययुक्त भएको छँदो (वासनात्मक विषय पूजित), **चरति** = डुल्दछ, **एषः आत्मा इति** = त्यो यो, **यत्र सुप्तः** = जहाँ कि सुतेको छँदो, **समस्तः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संप्रसन्नः = सबै कारणलाई एकत्रित गरेको र सुषुप्तिमा गएको भई, **स्वप्नं न विजानाति** = स्वप्नलाई जान्दैन, **एषः आत्मा**= यो आत्मा हो भन्ने, **इति च** = यसप्रकार पनि, **अवस्थान्तरगतम्**= विभिन्न अवस्थामा प्राप्त भएको, **जीवम् एव**= जीवलाई नै, **व्याचष्टे** = बताउँछ, **तस्य एव** = त्यसै जीवको नै, **च** = फेरि पनि, **अपहतपाप्मत्वादि** = निष्पाप हुनु आदि गुण, **दर्शयति** = देखाउँछ जस्तै ।

विशदीकरण

'एषोऽक्षिणि०' इत्यादि पछिल्ला वाक्यद्वारा जीव दहर हो भन्ने शुद्धस्वरूप प्रकट भएका जीवलाई बताएको हुनाले, वास्तवमा जीव दहर होइन भन्ने सूत्राशय रहेको छ । इतर परामर्शबाट जीव दहर हो कि? भन्ने जुन शङ्का थियो, त्यो आकाशसँग तुलिने कुराको असंभव भएबाट हटाइयो । अब फेरि मरेको प्राणी अमृतको सेचनबाट जागे झैं पछिल्ला प्रजापति वाक्यद्वारा त्यो शङ्का पुनः जागृत हुन्छ।

प्रजापतिवाक्यबाट जीव दहर हो भन्ने कुरा शङ्काको रूपमा उठाएपछि प्रजापतिवाक्य कुन रूपको हो ? कसरी त्यो जीव दहर हो भन्ने कुरा देखाउँदै भनिन्छ- 'जुन आत्मा पापदोष रहित छ, त्यस्तो आत्मालाई खोज्नु र जान्नुपर्ने भनेर प्रतिज्ञा गरीं जुन यो आँखामा पुरुष देखिन्छ, त्यो आत्मा हो' भनेर द्रष्टा जीव अक्षिपुरुषलाई आत्मा भनेर देखाउँछ ।

त्यसपछि यसको 'म फेरि व्याख्यान गर्छु' भन्दै 'स्वप्नमा ऐश्वर्ययुक्त जो डुल्दछ, त्यो आत्मा हो, त्यसले सुतेको अवस्थामा सपना देख्दैन र जो सबै कारणलाई हटाई सुषुप्ति अवस्थामा प्राप्त भएको छ, त्यही आत्मा हो' भनेर त्यसै आत्मालाई विभिन्न अवस्थामा पुगेको र निष्पापगुण भएको भनेर पनि देखाइन्छ ।

शाङ्करभाष्यम्

'एतदमृतमभयमेतद् ब्रह्म' इति । **'नाह खल्वयमेव संप्रत्यात्मानं जानात्ययमहमस्मीति नो एवेमानि भूतानि'** (छा० ८/११/१-२) इति च सुषुप्तावस्थायां दोषमुपलभ्य **'एतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि नो एवान्यत्रैतस्मात्'** इति चोपक्रम्य, शरीरसम्बन्धनिन्दापूर्वकं **'एष संप्रसादोऽस्माच्छरीरात्समुत्थाय परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्यते स उत्तमः पुरुषः'** इति जीवमेव शरीरात्समुत्थितमुत्तमं पुरुषं दर्शयति । तस्मादस्ति संभवो जीवे पारमेश्वराणां धर्माणाम् । अतः **'दहरोऽस्मिन्नन्तराकाशः'** इति जीव एवोक्त इति चेत्कश्चिद् ब्रूयात्, तं प्रति ब्रूयात् -

नेपालीभाषानुवाद

एतत् अमृतम् अभयम् = यो अमृत हो भयरहित हो, **एतत् ब्रह्म इति** = यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म हो भन्ने, **अह** = खेदको कुरा छ, **खलु अयम्** = निश्चय नै यो, **सम्प्रति** = यो सुषुप्ति स्थितिमा, **एवम् आत्मानम्** = यसप्रकारले वा यसरूपको आफूलाई, **अयम् अहम् अस्मि इति** = यो म हूँ भन्ने, **न जानाति** = जान्दैन फेरि, **इमानि भूतानि** = यी अरू प्राणी वा भूतलाई, **नो एव** = जान्दैन नै भन्ने, **इति च** = यसप्रकारले पनि, **सुषुप्तावस्थायाम्**= सुषुप्तावस्थामा, **दोषम् उपलभ्य** = दोष भेटाएर, **एतं तु एव**= यसैलाई नै, **ते** = तिम्रो निमित्त, **भूयः अनुव्याख्यास्यामि** = फेरि व्याख्या गर्छु, **एतस्मात् अन्यत्र** = यो भन्दा अर्को, **नो एव** = बताउँदिन नै भन्ने, **इति च उपक्रम्य**= यस्तो रूपले सुरु गरेर, **शरीरसम्बन्धनिन्दापूर्वकम्** = शरीरसँग सम्बन्ध हुने कुराको निन्दा गरेर, **एषः संप्रसादः**= यो जीव, **अस्मात् शरीरात्** = यस शरीरदेखि, **समुत्थाय**= उठेर, **परं ज्योतिः उपसंपद्य**= उत्कृष्टज्योति (ब्रह्म) लाई प्राप्त गरेर, **स्वेन रूपेण**= आफ्नै स्वरूपले, **अभिसंपद्यते**= सम्पन्न हुन्छ, **सः उत्तमः पुरुषः इति**= त्यो उत्तमपुरुष हो भनेर, **जीवम् एव**= जीवलाई नै, **शरीरात् समुत्थितम्**= शरीरबाट उत्थान गरेको, **उत्तमपुरुषम्** = उत्तमपुरुष भनेर, **दर्शयति** = देखाउँछ, **तस्मात्** = त्यसकारणबाट, **जीवे**= जीवमा, **पारमेश्वरधर्माणाम्** = परमेश्वरका धर्मको, **संभवः अस्ति** = संभव छ, **अतः**= यसकारणबाट, **दहरः अस्मिन् अन्तः आकाशः**= यस भित्र दहर आकाश छ भन्ने, **इति** = यस रूपले, **जीवः उक्तः इति** = जीव भनिएको हो भनेर, **कश्चित् ब्रूयात् चेत्** = कुनै भन्दछ भने, **तं प्रति ब्रूयात्** = त्यसलाई उत्तररूपमा भनोस् ।

विशदीकरण

'यो अमृतस्वरूप भयरहित छ र यो ब्रह्म पनि हो' भन्दै त्यस अवस्थामा 'म यो हूँ' भनिएको छ। 'आफूलाई र अरू कसैलाई पनि जान्दैन' भनेर नजान्नु दोष बताएकोले 'त्यही स्वरूपको म तिमीलाई फेरि व्याख्या गर्छु' भन्दै सुरु गरेर 'यो संप्रसाद (जीव) यस शरीरबाट उठेर उत्कृष्ट ज्योतिरूप ब्रह्ममा प्राप्त हुन्छ र आफ्नो स्वरूपले रहन्छ, त्यो नै उत्तमपुरुष हो' भनेर जीवलाई नै शरीरबाट उठेको उत्तमपुरुष भनेर बताइएको छ ।

परमेश्वरसँग सम्बन्धित धर्महरू जीवमा पनि हुन सक्दछन्, त्यसकारण 'यस हृदयकमलभित्र दहर आकाश छ' भनेर बताएको जीवलाई नै हो भनेर कसैले भन्छ (शङ्का गर्छ) भने त्यसको उत्तररूपमा यो भन्नुपर्दछ ।

शाङ्करभाष्यम्

'आविर्भूतस्वरूपस्तु' इति । तुशब्दः पूर्वपक्षव्यावृत्यर्थः । नोत्तरस्मादपि वाक्यादिह जीवास्याशङ्का भवतीत्यर्थः । कस्मात् ? यतस्तत्राप्याविर्भूतस्वरूपो जीवो विवक्ष्यते । आविर्भूतं स्वरूपमस्येत्याविर्भूतस्वरूपः । भूतपूर्वगत्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीववचनम्। एतदुक्तं भवति- **'य एषोऽक्षिणि'** इत्यक्षिलक्षितं द्रष्टारं निर्दिश्योदशरावब्राह्मणेनैनं शरीरात्मतायाः व्युत्थाप्य **'एतं त्वेव ते'** इति पुनः पुनस्तमेव व्याख्येयत्वेनाकृष्य स्वप्नसुषुप्तोपन्यासक्रमेण **'परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्यते'** इति यदस्य पारमार्थिकं स्वरूपं परं ब्रह्म तद्रूपतयैनं जीवं व्याचष्टे न जैवेन रूपेण। यत् परं ज्योतिरुपसंपत्तव्यं श्रुतं तत्परं ब्रह्म। तच्चापहतपाप्मत्वादिधर्मकम्, तदेव च जीवस्य पारमार्थिकं स्वरूपम् **'तत्त्वमसि'** इत्यादिशास्त्रेभ्यः, नेतरदुपाधिकल्पितम्। यावदेव हि स्थाणाविव पुरुषबुद्धिं द्वैतलक्षणामविद्यां निवर्तयन् कूटस्थनित्यदृक्स्वरूपमात्मानमहं ब्रह्मास्मीति न प्रतिपद्यते, तावज्जीवस्य जीवत्वम्।

नेपालीभाषानुवाद

आविर्भूतस्वरूपः तु इति = प्रकट भएको शुद्धस्वरूपवाला जीव हो भनेर, **तुशब्दः** = सूत्रको तु भन्ने शब्द, **पूर्वपक्षव्यावृत्त्यर्थः** = पूर्वपक्षलाई हटाउनु निमित्त हो, **उत्तरस्मात् वाक्यात् अपि** = पछिल्लो प्रजापति वाक्यबाट पनि, **जीवस्य आशङ्का** = जीव हो कि भन्ने शङ्का, **न संभवति** = हुनसक्दैन, **कस्मात्** = के बाट, **यतः** = यसबाट कि, **तत्र अपि** = त्यहाँ (उत्तरवाक्यमा) पनि, **आविर्भूतस्वरूपः-जीवः** = प्रकट भएको छ स्वरूप जसको यस्तो जीव, **विवक्ष्यते** = भनिन्छ, बताइन्छ, **आविर्भूतं स्वरूपम् अस्य इति** = प्रकट भएको छ स्वरूप जसकोभन्दा, **आविर्भूतस्वरूपः** = आविर्भूतस्वरूप भनिन्छ, **भूतपूर्वगत्या जीववचनम्** = अघि भएका स्थितिद्वारा वा **'भूतपूर्वे चरट्'** भन्ने सूत्रगतिले जीववाची हो, **एतत् उक्तं भवति** = भन्नुको अर्थ यो हो कि, **यः एषः अक्षिणि इति** = जुन यो आँखाभित्र छ भनेर, **अक्षिलक्षितं द्रष्टारम्** = आँखामा लक्षित भएको द्रष्टा (जीव)लाई, **निर्दिश्य**= देखाएर, **उदशरावब्राह्मणेन**= जलले भरिएका घटको दृष्टान्तवाला वाक्यद्वारा, **एनम्**= यो द्रष्टालाई, **शरीरात्मतायाः** = शरीरलाई आत्मा भन्ने स्थितिबाट, **व्युत्थाप्य** = उठाएर, **एतं तु एव ते** = यसलाई फेरि म तिमीलाई (भन्छु) भन्ने, **इति** = यस्तो, **पुनः पुनः** = बारम्बार, **तम् एव** = त्यसैलाई नै, **व्याख्येयत्वेन आकृष्य** = व्याख्यान गर्नुपर्ने रूपले अपकर्ष गरेर, **स्वप्नसुषुप्तोपन्यासक्रमेण** = स्वप्न र सुषुप्तिको उपन्यासको क्रमद्वारा, **परं ज्योतिः उपसंपद्य** = परं ज्योतिमा प्राप्त भएर, **स्वेन रूपेण अभिनिष्पद्यते इति** = आफ्नो स्वरूपले सम्पन्न हुन्छ भनेर, **यत् यस्य पारमार्थिकं स्वरूपं ब्रह्म** = जुन यसको स्वरूप हो पर ब्रह्म भनिने वास्तविक, **तत्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपतया = त्यही रूपले नै, **जीवं व्याचष्टे** = जीवलाई व्याख्या गर्छ, **जैवेन रूपेण न** = जीवत्वरूपले होइन, **उपसंपत्तव्यम्** = प्राप्त हुने रूपले, **यत् परं ज्योतिः श्रुतम्** = जुन उत्कृष्ट ज्योति भन्ने सुनियो, **तत् परं ब्रह्म** = त्यो परब्रह्म हो, **च** = फेरि, **तत्** = त्यो, **अपहतपाप्मत्वादिधर्मकम्** = निष्पाप हुनु आदि गुणवाला छ, **तत् एव च** = त्यही नै फेरि, **जीवस्य पारमार्थिकं स्वरूपम्** = जीवको वास्तविकस्वरूप हो, किनकि; **तत् त्वम् असि इत्यादिशास्त्रेभ्यः** = 'त्यो तिमी हौ' भन्ने इत्यादि शास्त्रबाट, **इतरत्** = त्यो भन्दा बाहेक, **उपाधिकल्पितं न** = उपाधिले कल्पना गरेको स्वरूप होइन, **हि** = निश्चय नै, **यावत् एव** = जबसम्म नै, **स्थाणौ पुरुषबुद्धिम् इव** = ठुटोमा पुरुष भन्ने बुद्धिलाई जस्तै, **द्वैतलक्षणाम् अविद्यां निवर्तयन्** = द्वैतरूप अविद्यालाई हटाउँदै, **कूटस्थनित्यदृक्स्वरूपम् आत्मानम्** = कूटस्थ तथा नित्य र ज्ञानरूप आत्मालाई, **अहं ब्रह्म अस्मि इति न प्रतिपद्यते** = म ब्रह्म हूँ भनेर जान्दैन, **तावत्** = तबसम्म, **जीवस्य** = जीवको, **जीवत्वम्** = जीवपन रहन्छ ।

विशदीकरण

'त्यो जीव प्रकट भएको स्वरूपवाला छ' भन्ने सूत्रमा रहेको तुशब्द पूर्वपक्षबाट गरिएको शङ्का हटाउनु निमित्त छ । खासरूपमा पछिल्ला प्रजापति वाक्यबाट पनि जीव दहर हो कि ? भन्ने तर्फ शङ्का हुनसक्दैन । किनकि उत्तरवाक्यमा बताइएको जीव त आफ्नो शुद्धस्वरूप प्रकट भइसकेको जीवको अर्थमा भनिएको हो । जसको आफ्नो स्वरूप प्रकट भएको छ भन्ने अर्थमा आविर्भूतस्वरूप भन्ने वाक्यको अर्थ हो । त्यसमा जीवको पूर्वावस्थालाई संकेत गरेर मात्र जीव भनिएको छ ।

'जुन यो आँखाभित्र छ' भनेर आँखामा लक्षित हुने कुरा छ, त्यसमा जाग्रत अवस्थावाला द्रष्टा (जीव) लाई निर्देश गरिएको छ । त्यहाँ जलपूर्ण घटमा परेको प्रतिबिम्बको दृष्टान्त दिंदै शरीर आत्मा हो भन्ने भावनाबाट उत्थान गराई स्वप्न र सुषुप्तिको दृष्टान्त देखाएर परम ज्योतिमा सम्पन्न भई आफ्नो स्वरूपमा स्थित वा प्राप्त हुन्छ भनिएको छ । यस भनाइबाट जीव वास्तविक स्वरूप भएको ब्रह्म नै हो भन्ने कुरा स्पष्ट हुन्छ ।

यहाँ सम्पन्न हुने भनेको परं ब्रह्म हो । 'त्यो जीवको निजी खास स्वरूप हो, त्यसैलाई नै तिमी हौ (**तत्त्वमसि**)' भन्ने शास्त्रद्वारा बताइएको छ । यो बाहेक जीवको उपाधिकल्पितस्वरूपलाई होइन । जीव जबसम्म 'ठुटोमा भएको पुरुष हो' भन्ने बुद्धिलाई जस्तै द्वैतरूप अविद्यालाई हटाएर आफूलाई कूटस्थ, साक्षी नित्यरूपको आत्मा 'म यही ब्रह्म हूँ' भनेर जान्दैन, तबसम्म उसको जीवपन रहिरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

यदा तु देहेन्द्रियमनोबुद्धिसङ्घाताद् व्युत्थाप्य श्रुत्या प्रतिबोध्यते, नासि त्वं देहेन्द्रियमनोबुद्धिसङ्घातः, नासि संसारी, किं तर्हि ? तद्यत्सत्यं स आत्मा चैतन्यमात्रस्वरूपस्तत्त्वमसीति तदा कूटस्थनित्यदृक्स्वरूपमात्मानं प्रतिबुद्धयास्माच्छरीराद्यभिमानात्समुत्तिष्ठन् स एव कूटस्थनित्यदृक्स्वरूप आत्मा भवति, **'स यो ह वै तत्परमं ब्रह्म वेद ब्रह्मैव भवति'** (मु० ३/२/९) इत्यादिश्रुतिभ्यः । तदेव चास्य पारमार्थिकं स्वरूपं येन शरीरात्समुत्थाय स्वेन रूपेणाभिनिष्पद्यते । कथं पुनः स्वं च रूपं स्वेनैव च निष्पद्यत इति संभवति कूटस्थनित्यस्य ? सुवर्णादीनां तु द्रव्यान्तरसंपर्कादभिभूतस्वरूपाणामनभिव्यक्तासाधारणविशेषाणां क्षारप्रक्षेपादिभिः शोध्यमानानां स्वरूपेणाभिनिष्पत्तिः स्यात् । यथा नक्षत्रादीनामहन्यभिभूतप्रकाशानामभिभावकवियोगे रात्रौ स्वरूपेणाभिनिष्पत्तिः स्यात् । न तु तथात्मचैतन्यज्योतिषो नित्यस्य केनचिदभिभवः संभवत्यसंसर्गित्वाद् व्योम्न इव, दृष्टविरोधाच्च । दृष्टिश्रुतिमतिविज्ञातयोहि जीवस्य स्वरूपम् । तच्च शरीरादसमुत्थितस्यापि जीवस्य सदा निष्पन्नमेव दृश्यते । सर्वो हि जीवः पश्यन् शृण्वन्मन्वानो विजानन् व्यवहरति, अन्यथा व्यवहारानुपपत्तेः । तच्चेच्छरीरात्समुत्थितस्य निष्पद्यते, प्राक्समुत्थानाद्दृष्टो व्यवहारो विरुद्धयेत । अतः किमात्मकमिदं शरीरात्समुत्थानम्, किमात्मिका वा स्वरूपेणाभिनिष्पत्तिरिति ? अत्रोच्यते –

नेपालीभाषानुवाद

यदा तु = जुन बखतमा त, **देहेन्द्रियमनोबुद्धिसङ्घातात्** = देह, इन्द्रिय, मन र बुद्धिरूप सङ्घातबाट, **व्युत्थाप्य** = विशेषरूपले उत्थान गराएर, **त्वम्** = तिमी जीव, **देहेन्द्रियमनोबुद्धिसङ्घातः** = शरीर, इन्द्रिय, मन र बुद्धिको सङ्घात, **न असि**= होइनौ, **संसारी न असि** = संरारी (बद्ध) होइनौ, **किं तर्हि** = के त त्यसो भए, **तत् यत् सत्यम्** = त्यो यो जुन सद्रूप, **चैतन्यमात्रस्वरूपः आत्मा** = चैतन्यमात्र स्वरूपको आत्मा हो, **तत् त्वम् असि इति** = त्यही तिमी हौ भनेर, **श्रुत्या प्रतिबोध्यते** = श्रुतिद्वारा संझाइन्छ, उपदेश गरिन्छ, **तदा** = त्यस बखत, **कूटस्थनित्यदृक्स्वरूपम्**= अपरिणामिनित्य ज्ञानरूपको, **आत्मानम् प्रतिबुध्य** = आत्मा (आफू) लाई जानेर, **अस्मात् शरीराद्यभिमानात्** = यो शरीर आदिको अभिमान देखि, **समुत्तिष्ठन्** = जागृत भएर उठ्दो, **सः एव** = त्यही नै, **कूटस्थनित्यदृक्स्वरूपः** = कूटस्थ नित्यज्ञानरूपको, **आत्मा भवति** = आत्मा संपन्न हुन आउँछ (आफू बन्छ), **ह** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय नै, **सः यः** = त्यो यो जुन पुरुष, **एतत् परम् ब्रह्म वेद** = यस परम ब्रह्मलाई जान्दछ, **ब्रह्म एव भवति** = ब्रह्म नै हुन्छ भन्ने, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुतिबाट, **च** = फेरि, **तत् एव** = त्यही नै, **अस्य** = यो जीवको, **पारमार्थिकं स्वरूपम्** = वास्तविक स्वरूप हो, **येन** = जुन स्वरूपज्ञानद्वारा, **शरीरात् समुत्थाय** = देहाभिमानबाट जागृत भएर, **स्वेन रूपेण अभिनिष्पद्यते** = आफ्नै स्वरूपले संपन्न हुन्छ,(शङ्का); **कथं पुनः** = कसरी फेरि, **स्वरूपं स्वेन एव निष्पद्यते इति** = आफ्नो रूप आफैले संपन्न भइन्छ भन्ने, **कूटस्थनित्यस्य** = अपरिणामी नित्यको, **संभवति** = हुनसक्दछ, **सुवर्णादीनाम् तु** = सुन चाँदी आदिको भने, **द्रव्यान्तरसंपर्कात्** = अर्को कुनै धातु वा वस्तुको संसर्गबाट, **अभिभूतस्वरूपाणाम्** = स्वरूप ढाकिएकोबाट, **अनभिव्यक्तासाधारणविशेषाणाम्** = आफ्नो असाधारणस्वरूपविशेष प्रकट हुँदैन र त्यस्ताको, **क्षारप्रक्षेपादिभिः** = सुहाग जवाखार आदि राख्नुबाट, **शोध्यमानानाम्** = शुद्धयाइएका हुन्छन् र त्यस्ताको, **स्वरूपेण अभिनिष्पत्तिः स्यात्** = वास्तविक आफ्नो स्वरूपले संपद्य हुन्छन्, **तथा** = त्यस्तै फेरि, **अहनि** = दिनमा, **अभिभूत-प्रकाशानाम्** = सूर्यप्रकाशद्वारा प्रकाश ढाकिएका, **नक्षत्रादीनाम्** = नक्षत्र आदिको, **रात्रौ** = रातमा, **अभिभावकवियोगे** = ढाक्ने प्रकाश नभएमा, **स्वरूपेण अभिनिष्पत्तिः स्यात्** = आफ्नो स्वरूपले संपन्न हुने कुरा हुनसक्दछ, **नित्यस्य** = नित्य, **आत्म-चैतन्यज्योतिषः** = आत्माका चैतन्य ज्योतिको त, **तथा** = त्यसप्रकार, **केनचित्** = कुनै द्वारा, **अभिभवः न संभवति** = आच्छादन हुनसक्दैन, किनकि, **व्योम्नः इव असंसर्गित्वात्** = आकाश जस्तै निर्लेप हुनाले र, **दृष्टिविरोधात् च** = प्रत्यक्षमा विरोध पर्ने हुनालें पनि, **हि** = निश्चय नै, **दृष्टिश्रुतिमतिविज्ञातयः** = दर्शन, श्रवण, मनन र विशेषज्ञान, **जीवस्य स्वरूपम्** = जीवको स्वरूप हो, **च** = फेरि, **तत्** = त्यो कुरा अर्थात् यी चार त, **शरीरात् असमुत्थितस्य अपि** = शरीरबाट व्युत्थान नभएकाको पनि, **जीवस्य** = जीवको, **निष्पन्नम् एव दृश्यते** = सम्पन्न भएको नै देखिन्छ, **हि** = निश्चय नै, **सर्वः जीवः** = सबै प्राणी (जीव), **पश्यन् शृण्वन् मन्वानः विजानन्** = देख्ने, सुन्ने, मनन गर्ने र विशेषज्ञान गर्दो छँदो, **व्यवहरति** = व्यवहार गर्दछ, **अन्यथा** = यस्तो नहुँदो हो त, **व्यवहारानुपपत्तेः** = व्यवहारको असिद्धि हुने थियो र सो भएबाट, **तत् चेत्** = त्यो कुरा यदि, **शरीरात् समुत्थितस्य निष्पद्यते** = शरीरबाट उत्थान भएकोको मात्र हुन्छ भने, **प्राक्दृष्टः व्यवहारः** = त्यसभन्दा पहिले भएको प्रत्यक्ष व्यवहारमा विरोध होला, **अतः** = यसकारण, **इदम् शरीरात् समुत्थानं किमात्मकम्** = यस शरीरबाट उत्थान हुने भनेको के रूपको र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपेण अभिनिष्पत्तिः किमात्मिका वा = स्वरूपले सम्पन्न हुने कुरा पनि के रूपको हो भन्ने, **इति**= यो शङ्का हुन्छ र, **अत्र उच्यते** = यसमा उत्तररूपमा भनिन्छ।

विशदीकरण

जुन बखतमा शरीर, इन्द्रिय, मन र बुद्धिको सङ्घातबाट आत्मालाई अलग देखाएर 'तिमी शरीर, इन्द्रिय, मन र बुद्धिको सङ्घातस्वरूप होइनौ र तद्रूप संसारी पनि होइनौ; तिमी सत्स्वरूप तथा चैतन्यमात्र शुद्ध हौ' भनेर श्रुतिद्वारा उपदेशरूपमा सम्झाइन्छ । त्यस बखत अपरिणामी नित्य (कूटस्थ) ज्ञानस्वरूप आफूलाई जानेर शरीर आदिको अभिमानलाई त्यागेर उत्थानमा आउँदो जीव कूटस्थ नित्य ज्ञानस्वरूप हुन्छ। यस कुरालाई जसले 'त्यस परब्रह्मलाई जान्यो त्यो ब्रह्म नै हुन्छ' भन्ने इत्यादिश्रुतिहरूले प्रमाणित गर्छन् । जीवको वास्तविकस्वरूप पनि त्यही हो कि 'जसद्वारा आफ्नो स्वरूपमा सम्पन्न हुन्छ' भनेर बताइन्छ।

यहाँ शङ्का हुन्छ कि कूटस्थ नित्यको आफ्नै रूप आफै सम्पन्न हुन्छ भन्ने कुरा कसरी हुनसक्दछ? यसको उत्तररूपमा भनिन्छ – सुन, चाँदी आदि वस्तुमा कुनै अर्को धातु वा वस्तुको सम्पर्क भएर उसको खास स्वरूपमा भएका विशेषताहरूको अभिभवद्वारा आच्छादन हुने हुनाले सो वस्तु प्रकट हुन पाउँदैन र खारवस्तुको प्रयोगबाट त्यसलाई शुद्ध्याएपछि त्यो आफ्नो स्वरूपमा प्राप्त हुन्छ । नक्षत्रहरूको पनि दिनमा सूर्यको प्रकाशद्वारा अभिभव भएर तिनीहरूको प्रकाशको अभिनिष्पत्ति हुँदैन तर रातमा अभिभावक नहुनाले तिनको स्वरूप व्यक्त हुन्छ । जीवको त आफू स्वयं आत्मचैतन्य ज्योतिरूप हुनाले त्यो आकाश जस्तै निर्लेप छ र त्यसमा कसैद्वारा अभिभव नै हुनसक्दैन ।

फेरि प्रत्यक्ष कुरामा विरोध पनि पर्न आउने हुन्छ, जस्तै कि दर्शन, श्रवण, मनन र विज्ञान जीवको स्वरूप हो । यी चार कुरा त पूर्वोक्त प्रकारले शरीर, इन्द्रिय आदि सङ्घातबाट उत्थान नहुँदै जीवमा हुन्छन्। त्यसको निमित्त उत्थान चाहिंदैन । त्यसकारण सबै जीवहरूले देख्ने, सुन्ने, मनन गर्ने, जान्ने जस्ता व्यवहार गरेकै छन्, यो कुरा प्रत्यक्षसिद्ध नै छ । यदि शरीरादिबाट उत्थान भएकाको मात्र ती चार कुरा हुन्छन् भन्ने हो भने त उत्थानभन्दा पहिले भएको जीवको व्यवहारमा विरोध हुन आउला । फेरि यहाँ प्रश्न हुन्छ कि – यो शरीरबाट उत्थान हुनु भनेको कुन रूपको उत्थान हो ? अथवा आफ्नो स्वरूपले सम्पन्न हुन्छ भन्ने कुन रूपको भनाइ हो ? इत्यादि शङ्काको उत्तररूपमा भनिन्छ ।

शाङ्करभाष्यम्

प्राग्विवेकविज्ञानोत्पत्तेः शरीरेन्द्रियमनोबुद्धिवेदनोपाधिभिरविविक्तमिव जीवस्य दृष्ट्यादिज्योतिःस्वरूपं भवति । यथा शुद्धस्य स्फटिकस्य स्वाच्छ्यं शौक्ल्यं च स्वरूपं प्राग्विवेकग्रहणाद्रक्तनीलाद्युपाधिभिरविविक्तमिव भवति । प्रमाणजनितविवेकग्रहणात्तु पराचीनः स्फटिकःस्वाच्छ्येन शौक्ल्येन च स्वेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपेणाभिनिष्पद्यत इत्युच्यते प्रागपि तथैव सन् । तथा देहाद्युपाध्यविविक्तस्यैव सतो जीवस्य श्रुतिकृतं विवेकविज्ञानं शरीरात्समुत्थानम्, विवेकविज्ञानफलं स्वरूपेणाभिनिष्पत्तिः केवलात्मस्वरूपावगतिः । तथा विवेकाविवेकमात्रेणैवात्मनोऽशरीरत्वं सशरीरत्वञ्च, मन्त्रवर्णात् '**अशरीरं शरीरेषु**' (का० १/२/२२) इति। '**शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते**' (गी० १३/३१) इति च सशरीरत्वाशरीरत्वविशेषाभावस्मरणात् । तस्माद् विवेकविज्ञानाभावादनाविर्भूतस्वरूपः सन् विवेकविज्ञानादाविर्भूतस्वरूप इत्युच्यते ।

नेपालीभाषानुवाद

विवेकविज्ञानोत्पत्तेः प्राक् = विवेकविज्ञान (त्वं पदार्थशोधन) हुन भन्दा पहिले, **शरीरेन्द्रियमनोबुद्धिवेदनोपाधिभिः** = शरीर, इन्द्रिय, मन, बुद्धि र हर्ष, शोक आदि उपाधिले, **जीवस्य** = जीवको, **दृष्ट्यादिज्योतिः स्वरूपम्** = दृष्टि आदि ज्योतिः स्वरूप, **अविविक्तम् इव भवति** = विवेचन (छुट्याउनु) नगरिएको जस्तै हुन्छ, **यथा** = जस्तै, **शुद्धस्य स्फटिकस्य** = शुद्ध स्फटिकको, **स्वाच्छ्यम्** = स्वच्छता र, **शौक्ल्यम् च** = सेतो उज्ज्वलपनको, **स्वरूपम्** = स्वरूप, **विवेकग्रहणात् प्राक्** = विवेक हुनु भन्दा पहिले, **रक्तनीलाद्युपाधिभिः** = रातो, नीलो आदि उपाधिद्वारा, **अविविक्तम् इव भवति** = छ्यासमिस जस्तो हुन्छ, **प्रमाणजनितविवेकग्रहणात् तु** = प्रमाणजन्य, प्रमाण विवेक भएपछि, **पराचीनः स्फटिकः** = पछिल्लो (विवेक पछिको) स्फटिक, **स्वाच्छ्येन शौक्ल्येन च** = स्वच्छपन र सेतोपनका, **स्वेन रूपेण** = आफ्नो स्वरूपले, **अभिनिष्पद्यते इति** = सम्पन्न हुन्छ (भनिन्छ), **प्राक् अपि तथैव सन्** = पहिले पनि त्यस्तै नै छँदो, **तथा** = त्यस्तै, **देहाद्युपाध्यविविक्तस्य सतः** = ज्ञानले शरीर आदि उपाधिबाट न अलग्याइएको, **जीवस्य** = जीवको, **श्रुतिकृतम्** = श्रुतिद्वारा भएको विवेकविज्ञान (त्वं पदार्थशोधन), **शरीरात् समुत्थानम्**= शरीरबाट उत्थान हुनु र, **विवेकविज्ञानफलम्** = विवेकविज्ञानको फल, **स्वरूपेण अभिनिष्पत्तिः** = स्वरूपले सम्पन्न हुनु वा, **केवलात्मस्वरूपावगतिः**= शुद्ध आफ्नो स्वरूपको प्राप्ति हो, **तथा** = त्यस्तै वा त्यसरूपको, **विवेकाविवेकमात्रेण एव** = विवेक हुनु र नहुनुद्वारा मात्र नै, **अशरीरत्वं सशरीरत्वं च** = शरीर भएको र नभएको भन्नु हो किनकि, **मन्त्रवर्णात्** = मन्त्राक्षर हुनाले जस्तै, **अशरीरम् शरीरेषु इति** = शरीरमा रहेर पनि शरीररहित भन्ने श्रुति र, **हे कौन्तेय ! शरीरस्थः अपि न करोति न लिप्यते** = हे कुन्तीपुत्र शरीरमा रहे पनि विवेकी केही गर्दैन, लिप्त पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन भने, **इति** = यसप्रकारको, **सशरीरत्वाशरीरत्वविशेषाभावास्मरणात्** = शरीरभएको र नभएको भन्ने विशेषताको अभाव बताउने स्मृतिबाट, **तस्मात्** = त्यसकारणबाट, **विवेकविज्ञानाभावात्** = त्वं पदार्थशोधनरूप विवेकविज्ञान नहुनाले, **अनाविर्भूतस्वरूपः सन्** = प्रकट स्वरूप नभएको छँदो, **विवेकविज्ञानात्** = विवेक-विज्ञानबाट, **आविर्भूतस्वरूपः इति उच्यते** = स्वरूप प्रकट भएको भनेर भनिन्छ।

विशदीकरण

त्वं पदार्थको शोधनात्मक विवेकविज्ञान हुनुभन्दा पहिले जीवको शरीर, इन्द्रिय, मन, बुद्धि / हर्षशोकात्मक वेदना आदि उपाधिले गर्दा दर्शन, श्रवण, मनन तथा विज्ञानात्मक जीवको स्वरूप परस्परमा संपृक्त (मिलेको) जस्तो हुन्छ । जस्तो कि शुद्ध सेतो स्फटिकको रातो, नीलो आदि वस्तुसँग संपर्क हुनाले स्फटिकमा त्यही-त्यही रङ्ग देखा पर्दछ । विचार विवेकबाट केलाए पछि रातो, नीलो आदि वस्तुको विश्लेषण गरेपछिको स्फटिकको शुद्धता, शुक्लतालाई आफ्नो रूपले सम्पन्न हुन्छ भनिन्छ । परन्तु विवेक विश्लेषण नगर्दै पनि स्फटिक त शुद्ध नै हुन्छ ।

त्यस्तै शरीर आदिको सम्पर्कबाट दबेको जस्तो जीवको वास्तविकस्वरूपको विवेकविज्ञानात्मक त्वं पदार्थको शोधन हुँदा शरीरादिबाट उत्थान हुनु भनेको र त्यसैको फलस्वरूप आफ्नो वास्तविक स्वरूप प्राप्त हुनु आफ्नो स्वरूपले सम्पन्न हुनु हो । विवेक हुनु र नहुनु लाई लिएर नै शरीर नहुनु र हुनु पनि भनिन्छ । त्यो कुरा 'शरीरमा रहेर शरीरमा नरहेको' भन्ने श्रुति र 'शरीरमा रहेको भए पनि त्यसले कुनै काम गरेको ठहर्दैन र कुनै कर्ममा लिप्त पनि हुँदैन' भन्ने स्मृतिबाट पनि प्रमाणित हुन्छ । विवेकविज्ञान नभएर आफ्नो स्वरूप प्रकट नभएको र विवेकविज्ञान भएपछि आफ्नो स्वरूप प्रकट भएको हो भन्ने बुझ्नु पर्छ ।

शाङ्करभाष्यम्

नत्वन्यादृशावाविर्भावानाविर्भावौ स्वरूपस्य भवतः स्वरूपत्वादेव । एवं मिथ्याज्ञानकृत एव जीवपरमेश्वरयोर्भेदो न वस्तुकृतः, व्योमवदसङ्गत्वाविशेषात्। कुतश्चैतदेवं प्रतिपत्तव्यम्। **'यतो य एषोऽक्षिणि पुरुषो दृश्यते'** इत्युपदिश्य **'एतदमृतमभयमेतद् ब्रह्म'** इत्युपदिशति। योऽक्षिणि प्रसिद्धो द्रष्टा द्रष्टृत्वेन विभाव्यते सोऽमृताभयलक्षणाद् ब्रह्मणोऽन्यश्चेत्स्यात्, ततोऽमृताभयब्रह्मसामाना-धिकरण्यं न स्यात् । नापि प्रतिच्छायात्मायमक्षिलक्षितो निर्दिश्यते प्रजापतेर्मृषा-वादित्वप्रसङ्गात् । तथा द्वितीयेऽपि पर्याये **'य एषः स्वप्ने महीयमानश्चरति'** इति न प्रथमपर्यायनिर्दिष्टादक्षिपुरुषाद् द्रष्टुरन्योनिर्दिष्टः **'एतं त्वेव ते भूयोऽनु-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्यास्यामि' इत्युपक्रमात् । किं चाहमद्य स्वप्ने हस्तिनमद्राक्षम्, नेदानीं तं पश्यामीति दृष्टमेव प्रतिबुद्धः प्रत्याचष्टे, द्रष्टारं तु तमेव प्रत्यभिजानाति, **'य एवाहं स्वप्नमद्राक्षं स एवाहं जागरितं पश्यामि'** इति ।

नेपालीभाषानुवाद

स्वरूपस्य = स्वरूपको, **अन्यादृशौ** = अरूको जस्ता सत्य रूपका, **आविर्भावानाविर्भावौ** = आविर्भाव र अनाविर्भाव (प्रकट हुनु र नहुनु), **न भवतः**= छैन वा हुँदैनन् किनकि, **स्वरूपत्वात् एव** = स्वरूप हुनाले नै, **एवम्** = यसप्रकार, **जीवपरमेश्वरयोः भेदः** = जीव र परमेश्वरको भेद, **मिथ्याज्ञानकृतः** = मिथ्याज्ञानबाट भएको हो, **वस्तुकृतः न** = वस्तुबाट भएको (वास्तविक) होइन किनभने, **व्योमवत्**= आकाशको जस्तै, **असङ्गत्वाविशेषात्** = निर्लेप हुने कुराको विशेष नहुनाले, **च** = फेरि, **एतत्** = यो कुरा, **कुतः एवं प्रतिपत्तव्यम्** = केबाट, यस्तै हो भनेर जान्ने, **यतः** = यसकारणबाट कि, **यः एषः अक्षिणि पुरुषः दृश्यते** = जुन यो आँखामा पुरुष देखिन्छ भन्ने, **इति उपदिश्य** = यस्तो उपदेश गरेर, **एतत् अमृतम् अभयम्** = यो अमृतरूप र भयरहित भन्ने, **इति उपदिशति** = यस्तो उपदेश गर्दछ, **यः अक्षिणि प्रसिद्धः द्रष्टा** = जुन आँखामा प्रसिद्ध भएको द्रष्टा, **द्रष्टृत्वेन विभाव्यते** = द्रष्टारूपले मानिन्छ, **सः** = त्यो, **अमृताभयलक्षणात् ब्रह्मणः** = अमृत र अभयरूप ब्रह्मभन्दा, **चेत् अन्यः स्यात्** = यदि अलग ठहर्दो हो त, **अमृताभयब्रह्मसामानाधिकरण्यम्**= अमृत र अभयरूप ब्रह्मसँग सामानाधिकरण्य (एउटै विभक्तिवाला पदले बताइने कुरा) यो द्रष्टा, **न स्यात्** = हुन्नथ्यो, **अयम् अक्षिलक्षितः प्रतिच्छायात्मा अपि** = यो आँखामा देखिएको प्रतिबिम्बित छायापुरुष पनि, **न निर्दिश्यते** = निर्देश गरिंदैन (बताइन्न) किनकि, **प्रजापतेः** = सत्यवक्ता प्रजापतिको, **मृषावादित्वप्रसङ्गात्** = झुट्टा बोल्ने आइपर्ने भएबाट, **द्वितीये पर्याये तथा** = दोश्रो पटकमा पनि त्यस्तै, **यः एषः स्वप्ने महीयमानः चरति** = जो यो स्वप्नमा वासनात्मा महिमावाला भएर डुल्दछ भन्ने, **इति** = यसरूपले, **प्रथमपर्यायनिर्दिष्टात्** = प्रथमपर्यायमा निर्देश गरिएका, **द्रष्टुः अक्षिपुरुषात्** = द्रष्टा अक्षिपुरुषभन्दा, **अन्यः** = अलग अर्को, **न निर्दिष्टः** = निर्देश गरिएको छैन, किनकि, **एतम् एव तु ते भूयः अनुव्याख्यास्यामि**= यसैको विषयमा म तिमीलाई फेरि व्याख्या गर्नेछु भन्ने, **इति उपक्रमात्** = यस्तो सुरु हुनाले, **किं च** = फेरि, **अहम् अद्य स्वप्ने** = मैले आज स्वप्नमा, **हस्तिनम् अद्राक्षम्** = हात्तीलाई देखें, **इदानीं तं न पश्यामि** = यसबेला त्यसलाई देख्दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर, **इति** = यसरूपले, **प्रतिबुद्धः**= जागेको छँदो, **दृष्टम् एव प्रत्याचष्टे** = देखेका वस्तुको मात्र प्रत्याख्यान (निषेध) गर्छ, **द्रष्टारं तु** = देख्नेवालालाई त, **तम् एव प्रत्यभिजानाति** = द्रष्टाको रूपमा नै जान्दछ जस्तै, **यः एव अहम्** = जुन म नै, **स्वप्नम् अद्राक्षम्** = स्वप्न देखें, **सः एव अहम्** = त्यही नै म, **जागरितम् पश्यामि इति** = जागृत अवस्थालाई देख्दछु (जान्दछु भन्ने) ।

विशदीकरण

नित्य आत्मस्वरूपको वास्तविकरूपमा आविर्भाव (प्रकट हुनु) र अनाविर्भाव (प्रकट नहुनु) हुँदैनन्, किनभने आत्माको खासस्वरूप हुनु नै आविर्भाव र अनाविर्भाव हुनुमा कारण रहेको छ । यसप्रकार जीव र परमेश्वरमा भएको भेद पनि वास्तविक नभएर मिथ्याज्ञानबाट नै भएको हो, किनभने वास्तवमा जीव र ईश्वर दुवै असंगी हुन् । यो यस्तै हो भन्ने कसरी बुझ्ने ? भन्ने शङ्का हुँदा उत्तररूपमा बताइन्छ- पूर्वापरवाक्यार्थ विचार गर्दा 'जुन आँखामा पुरुष देखापर्दछ' भन्ने उपदेश दिएर 'त्यो अमृत, अभय, ब्रह्म हो' भनेर त्यसैलाई नै भनिन्छ । अब आँखामा बताइएको पुरुष अमृत (अभयरूप ब्रह्मभन्दा अलग, भिन्न) वस्तु भएको भए त्यस (पुरुष) को अमृत अभयरूप ब्रह्मसँग सामानाधिकरण्य समानविभक्तिकपदप्रतिपाद्यत्व (समानविभक्तिद्वारा बताइने कुरा) हुने थिएन ।

यो आँखामा देखिने छायापुरुषलाई बताएको पनि होइन । त्यस्तो भएमा पनि छायापुरुष मिथ्या हुनाले त्यसलाई बताएपछि सत्योपदेश गर्ने प्रजापतिको बारेमा झुट्टो बोल्ने लाञ्छना आउने हुन्छ । दोश्रो पटकको उपदेशमा पनि 'जुन यो स्वप्नमा वासनात्मक महिमावाला भएर डुल्दछ' भनेर द्रष्टालाई अक्षिपुरुषभन्दा भिन्न बताइएको छैन र होइन पनि। किनभने सुरुमा नै यसैलाई 'म तिमीलाई फेरि व्याख्या गर्छु' भनेर बताइएको छ ।

'आज मैले स्वप्नमा हात्ती देखें, अहिले त्यसलाई देख्दिन' भनेर जागेपछि स्वप्नमा देखेको चीजको मात्र निषेध गर्दछ, देख्नेवालाको गर्दैन । स्वप्न देख्ने र जागरित अवस्थामा अनुभव गर्ने पुरुष द्रष्टा एउटै भएकाले भेद छैन । देख्ने वाला त त्यसै द्रष्टालाई नै अनुभव गर्दछ । जस्तै - 'स्वप्न द्रष्टा जो म थिएँ, जागृत अवस्थामा त्यही म देख्दछु र जान्दछु' इत्यादि पनि भनिएको छ ।

शाङ्करभाष्यम्

तथा तृतीयेऽपि पर्याये '**नहि खल्वयमेवं सम्प्रत्यात्मानं जानात्ययमहमस्मीति नो एवेमानि भूतानि**' इति सुषुप्तावस्थायां विशेषविज्ञानाभावमेव दर्शयति न विज्ञातारं प्रतिषेधति। '**यत्तु तत्र विनाशमेवापीतो भवति**' इति तदपि विशेषविज्ञानविनाशाभिप्रायमेव न विज्ञातृविनाशाभिप्रायम्, '**नहि विज्ञातुर्विज्ञातेर्विपरिलोपो विद्यतेऽविनाशित्वात्**' (बृ० ४/३/३०) इति श्रुत्यन्तरात्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा चतुर्थेऽपि पर्याये '**एतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि नो एवान्यत्रैतस्मात्**' इत्युपक्रम्य '**मघवन्मर्त्यं वा इदं शरीरम्**' इत्यादिना प्रपञ्चेन शरीराद्युपाधिसंबन्ध-प्रत्याख्यानेन संप्रसादशब्दोदितं जीवं '**स्वेन रूपेणाभिनिष्पद्यते**' इति ब्रह्म-स्वरूपमापन्नं दर्शयन् न परस्माद् ब्रह्मणोऽमृताभयस्वरूपादन्यं जीवं दर्शयति ।

नेपालीभाषानुवाद

तथा = त्यस्तै, **तृतीये पर्याये अपि** = तेश्रो पटकमा पनि, **हि खलु** = निश्चय नै, **अयम्** = यो सुषुप्ति अवस्था रहेंको पुरुष (आत्मा), **संप्रति** = यस सुषुप्तिमा, **अहम् आत्मानम्** = अहङ्कारको आधार आफूलाई, **अयम् अस्मि इति**= यो हूँ भनेर, **न जानाति**= जान्दैन र, **इमानि भूतानि न एव** = यी भूत (प्राणी) लाई पनि जान्दैन नै भनेर, **इति** = यसप्रकार, **सुषुप्तावस्थायाम्** = सुषुप्ति अवस्थामा, **विशेषविज्ञानाभावमात्रम् एव** = विशेषज्ञान नभएको कुरामात्र, **दर्शयति** = देखाउँछ, **विज्ञातारं न प्रतिषेधति** = जान्नेवालालाई निषेध गर्दैन, **यत् तु तत्र** = जो कि त्यहाँ, **विनाशम् एव अपीतः भवति इति** = विनाशमा नै प्राप्त भएको हुन्छ भन्ने भनाइ छ, **तत् अपि**= त्यो पनि, **विशेषविज्ञानविनाशाभिप्रायम् एव** = विशेष ज्ञानको विनाश हुन्छ भन्ने मात्र अभिप्राय हो किनकि; **हि** = निश्चय नै, **विज्ञातुः** = विज्ञाता को, **विज्ञातेः** = जान्नु (ज्ञान) को, **विपरिलोपः न विद्यते** = आत्यन्तिक लोप छैन (हुँदैन) किन, **अविनाशित्वात् इति** = अविनाशी हुनाले भन्ने, **श्रुत्यन्तरात्** = अर्को श्रुतिमा भनेकोबाट, **तथा** = त्यस्तै, **चतुर्थे पर्याये अपि** = चौथापटकमा पनि, **एतं तु एव ते** = यही मात्र नै तिमीलाई, **भूयः अनुव्याख्यास्यामि** = फेरि व्याख्या गर्ने छु, **एतस्मात् अन्यत्र न एव** = यो बाहेक अर्को होइन नै भन्ने, **इति उपक्रम्य** = यहाँबाट सुरु गरेर, **मघवन्** = हे इन्द्र, **वा** = प्रसिद्ध निश्चय नै, **इदं शरीरम् मर्त्यम्** = यो शरीर विनाशशील छ भन्ने, **इत्यादिना प्रपञ्चेन** = इत्यादि वाक्यद्वारा विस्तार गर्नाले सो द्वारा, **शरीराद्युपाधिसंबन्धप्रत्याख्यानेन** = शरीर आदि उपाधिको सम्बन्धलाई खण्डन गर्नाले, **संप्रसादशब्दोदितं जीवम्** = संप्रसादशब्दले भनिएको जीवलाई, **स्वेन रूपेण अभिनिष्पद्यते इति** = आफ्नै रूपले सम्पन्न हुन्छ भनेर, **ब्रह्मस्वरूपम् आपन्नम् दर्शयन्** = ब्रह्मस्वरूपमा प्राप्त भएको देखाउँदो, **जीवम्** = जीवलाई, **अमृताभयस्वरूपात् परस्मात् ब्रह्मणः** = अमृत तथा निर्भयरूप परब्रह्मभन्दा, **अन्यम्** = अर्को (भिन्न), **न दर्शयति** = देखाउँदैन (बताउँदैन) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

तेश्रो पटकको भनाइबाट पनि 'जीव ब्रह्मबाट पृथक् छैन' भन्ने कुरा प्रमाणित हुन्छ। जस्तै – यसले सुषुप्ति अवस्थामा आफूलाई 'म यस्तो छु' भनेर अहमालम्बनको रूपमा जान्दैन, अरू 'प्राणी वा विषयलाई पनि जान्दैन' भनेर विशेषविज्ञान नभएको स्थितिलाई देखाउँछ, परन्तु ज्ञाताको निषेध गर्दैन । फेरि जो कि 'विनाशमा नै प्राप्त भएको हुन्छु' भन्ने भनाइ छ, त्यो पनि विशेषविज्ञानको नाश हुन्छ भन्ने अभिप्रायले भनेको हो, विज्ञाताकै विनाश हुन्छ भनेर भनेको होइन । अन्यथा 'विज्ञाताका विज्ञानको लोप हुँदैन' भन्ने अर्को श्रुतिसँग विरोध हुन आउला ।

चारौं पटकको भनाइमा पनि 'यसैलाई म तिम्रो निमित्त फेरि व्याख्या गर्छु, यो बाहेक अर्को होइन' भन्दै सुरु गरेर 'हे इन्द्र, यो शरीर मरणशील छ' भन्नु आदि श्रुतिबाट जीवको शरीर आदि उपाधिको सम्बन्धलाई खण्डन गरिएको छ । खण्डन पछि संप्रसाद शब्दले भनिएको जीवलाई 'आफ्नो स्वरूपले संपन्न हुन्छ' भन्दै त्यही जीवलाई अमृत तथा निर्भयरूप परब्रह्मभन्दा अभिन्न छ भनेर देखाइएको छ ।

शाङ्करभाष्यम्

केचित्तु- परमात्मविवक्षायाम् **'एतं त्वेव ते'** इति जीवाकर्षणमन्याय्यं मन्यमाना एतमेव वाक्योपक्रमसूचितमपहतपाप्मत्वादिगुणकमात्मानं ते भूयोऽनु- व्याख्यास्यामीति कल्पयन्ति । तेषामेतमिति सन्निहितावलम्बिनी सर्वनामश्रुतिर्वि- प्रकृष्येत । भूयःश्रुतिश्चोपरुध्येत, पर्यायान्तराभिहितस्य पर्यायान्तरेऽनभिधीयमान- त्वात् । **'एतं त्वेव ते'** इति प्रतिज्ञाय प्राक् चतुर्थात्पर्यायादन्यमन्यं व्याचक्षाणस्य प्रजापतेः प्रतारकत्वं प्रसज्येत ।

नेपालीभाषानुवाद

केचित् तु= कोही त, **परमात्मविवक्षायाम्** = परमात्माको विवक्षा भएमा, **एतं ते इति** = यही नै तिमीलाई भन्ने वाक्यमा, **जीवाकर्षणम्** = जीवलाई आकर्षण गर्ने कुरा, **अन्याय्यम् मन्यमाना** = अनुचित संझदा छँदा, **एतम् एव** = यही नै, **वाक्योपक्रमसूचितम्** = वाक्यको सुरुद्वारा सूचित गरिएको, **अपहतपाप्म- त्वादिगुणकम्** = निष्पाप हुनु आदि गुणवाला, **आत्मानम्** = आत्मालाई, **ते भूयः अनुव्याख्यास्यामि** = तिमीलाई फेरि बताउँछु भन्ने, **इति कल्पयन्ति** = यस्तो कल्पना गर्दछन् (बताउँछन्), **तेषाम्** = तिनीहरूका (भनाइमा), **एतम् इति** = यसलाई भन्ने, **सन्निहितावलम्बिनी**= नजिकैलाई अवलम्बन गर्ने, **सर्वनामश्रुतिः** = सर्वनामशब्दको श्रुति, **विप्रकृष्येत** = पन्छाउनु पर्ने हुन जाला, **भूयःश्रुतिः च** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि भन्ने श्रुति पनि, **उपरुध्येत** = नमिल्दो हुन आउला, विरुद्ध होला, **पर्यायान्तराभिहितस्य** = एकपटकमा भनिएकाको, **पर्यायान्तरे** = अर्को पटकमा, **अनभिधीयमानत्वात्** = नभनिने हुनाले, **एतं तु एव ते इति च** = यही नै तिमीलाई भन्ने समेत, **प्रतिज्ञाय** = प्रतिज्ञा गरेर, **चतुर्थात् पर्यायात् प्राक्** = चारौं पटकभन्दा पहिले, **अन्यम् अन्यम् व्याचक्षाणस्य** = अर्कै अर्कै वस्तु बताउन खोज्ने, **प्रजापतेः** = प्रजापतिको, **प्रतारकत्वं प्रसज्येत** = ठग्ने बानी रहेछ भन्ने आइपर्ला ।

विशदीकरण

कुनै व्याख्याकारहरू परमात्माको विवक्षा गरेको अवस्थाको वर्णन गरिएको 'यही नै तिमीलाई' भन्ने इत्यादि श्रुतिवाक्यमा जीवपरक अर्थ गर्नु न्यायसङ्गत हुँदैन भन्दछन् । किनकि जीवपरक अर्थ गर्न मिल्दैन भनेर सुरुको निष्पाप आदि गुणवाला आत्मालाई नै 'तिम्रा निमित्त फेरि व्याख्या गर्नेछु, भनेको हो' भन्ने कुराको कल्पना गर्दछन् ।

तिनीहरूको त्यो भनाइ लिने हो भने त 'यो' भन्ने नजिकैलाई निर्देश गर्ने सर्वनाम संज्ञक शब्दश्रुति नमिल्दो हुनेछ । त्यसैलाई फेरि 'भन्ने छु' भन्ने प्रतिज्ञावाक्य पनि विरुद्ध हुन आउनेछ । किनभने एकपटकमा भनेकालाई अर्को पटक नभनेको ठहर्न सक्ने छ । फेरि यसैलाई 'म फेरि भन्छु' भनेर बीचमा त्यो प्रतिज्ञात कुरा छाडेर अर्कै कुरा बताउँदा प्रजापतिमा प्रतारकत्व (ठग्नेपन) आइपर्ने हुनाले समेत त्यो कुरा युक्तिसङ्गत हुँदैन ।

शाङ्करभाष्यम्

तस्माद्यदविद्याप्रत्युपस्थापितमपारमार्थिकं जैवं रूपं कर्तृभोक्तृरागद्वेषादिदोषकलुषितमनेकानर्थयोगि तद्विलयनेन तद्विपरीतमपहतपाप्मत्वादिगुणकं पारमेश्वरं स्वरूपं विद्यया प्रतिपाद्यते, सर्पादिविलयनेनेव रज्वादीन् । अपरे तु वादिनः पारमार्थिकमेव जैवं रूपमिति मन्यन्तेऽस्मदीयाश्च केचित् । तेषां सर्वेषामात्मैकत्वसम्यग्दर्शनप्रतिपक्षभूतानां प्रतिबोधायेदं शारीरकमारब्धम् । एक एव परमेश्वरः कूटस्थनित्यो विज्ञानधातुरविद्यया मायया मायाविवदनेकधा विभाव्यते नान्यो विज्ञानधातुरस्तीति। यत्त्विदं परमेश्वरवाक्ये जीवमाशङ्क्य प्रतिषेधति सूत्रकारः– '**नासंभवात्**' (ब्र० १/३/१८) इत्यादिना, तत्रायमभिप्रायःनित्यशुद्धबुद्धमुक्तस्वभावे कूटस्थनित्ये एकस्मिन्नसङ्गे परमात्मनि तद्विपरीतं जैवं रूपं व्योम्नीव तलमलादि परिकल्पितम् । तदात्मैकत्वप्रतिपादनपरैर्वाक्यैर्न्यायोपेतैर्द्वैतवादप्रतिषेधैश्चापनेष्यामीति परमात्मनो जीवादन्यत्वं द्रढयति । जीवस्य तु न परस्मादन्यत्वं प्रतिपिपादयिषति किंत्वनुवदत्येवाविद्याकल्पितं लोकप्रसिद्धं जीवभेदम्। एवं हि स्वाभाविककर्तृत्वभोक्तृत्वानुवादेन प्रवृत्ताः कर्मविधयो न विरुध्यन्त इति मन्यते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपाद्यं तु शास्त्रार्थमात्मैकत्वमेव दर्शयति– '**शास्त्रदृष्ट्या तूपदेशो वामदेववत्**' (ब्र० १/१/३०) इत्यादिना । वर्णितश्चास्माभिर्विद्वदविद्वद्भेदेन कर्मविधिविरोध-परिहारः ।।१९।।

नेपालीभाषानुवाद

तस्मात् = त्यसकारणबाट, **यत्** = जुन, **अविद्याप्रत्युपस्थापितम्** = अविद्याद्वारा प्राप्त गराइएको, **कर्तृभोक्तृरागद्वेषादिदोषकलुषितम्** = कर्ता भोक्तापन तथा राग, द्वेष आदि दोषले मलिन भएको, **अनेकानर्थयोगि** = अनेक अनर्थहरूको योगवाला, **अपारमार्थिकम्** = अवास्तविक, **जैवं रूपम्** = जीवसम्बन्धी रूप छ, **विद्यया** = विद्या (महावाक्य) द्वारा, **तद्विलयनेन** = त्यसको संशोधनले, **तद्विपरीतम्** = त्यो अवास्तविकस्वरूपको उल्टा, **अपहतपाप्मत्वादिगुणकम्** = निष्पाप आदि गुणवाला, **पारमेश्वरं स्वरूपम्** = परमेश्वरसम्बन्धी स्वरूप, **प्रतिपाद्यते** = सम्पन्न गराइन्छ, **इव** = जस्तै कि, **सर्पादिविलयनेन** = सर्पको विलयन (संशोधन) द्वारा, **रज्वादीन्** = डोरी आदिलाई प्राप्त गराइन्छ, **अपरे वादिनः तु** = अरू वादी हरू त, **जैवं रूपम्** = जीवको स्वरूपलाई, **पारमार्थिकम् एव मन्यन्ते** = वास्तविक नै भन्दछन्, **केचित् अस्मदीयाः च** = कुनै कुनै हाम्रो पक्षका पनि, **आत्मैकत्वसम्यग्-दर्शनप्रतिपक्षभूतानाम्** = आत्माको एकतारूप सम्यक् ज्ञानको विरोधी भएको, **तेषां सर्वेषाम्** = ती सबैको, **प्रतिबोधाय** = शुद्ध (सम्यक्) ज्ञान निमित्त, **इदं शारीरकम् आरब्धम्** = यो शारीरकमीमांसा सुरु गरिएको छ, **एकः एव परमेश्वरः**= एउटै नै परमेश्वर, **कूटस्थनित्यःविज्ञानधातुः** = अपरिणामी नित्य ज्ञानरूप छँदो, **अविद्यया मायया** = अज्ञान तथा मायाद्वारा, **मायाविवत्** = मायावी (इन्द्रजाली) जस्तै, **अनेकधा विभाव्यते** = अनेकरूपमा देखापर्दछ, **अन्यः** = यो भन्दा अलग, **विज्ञानधातुः** = ज्ञानरूप, **न अस्ति इति** = छैन, **यत् तु इदम्** = जोकि यो, **परमेश्वरवाक्ये** = परमेश्वरबाक्यमा, **जीवम् आशङ्क्य** = जीवको शङ्का गरेर, **नासंभवात् इत्यादिना** = असंभव हुनाले होइन, भन्ने इत्यादि द्वारा; **प्रतिषेधति सूत्रकारः** = निषेध गर्नु हुन्छ सूत्रकार, **तत्र अयम् अभिप्रायः** = त्यसमा यो आशय हो, **नित्यशुद्धबुद्धमुक्तस्वभावे** = नित्य, निर्मल ज्ञान र मुक्तस्वभावको, **कूटस्थनित्ये**= अपरिणामी नित्य, **एकस्मिन् असङ्गे परमात्मनि** = अद्वितीय सङ्गहीन परमात्मामा, **व्योम्नि तलम् इव** = आकाशमा छत जस्तै, **जैवम् रूपम्** = जीवसम्बन्धी रूप, **परिकल्पितम्** = कल्पना गरिएको छ, **तत्** = कल्पित रूपलाई, **आत्मैकत्व-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपादनपरैः = आत्माको एकत्व प्रतिपादन गर्न लागेका, **न्यायोपेतैः** = युक्तिसङ्गत, **वाक्यैः** = वाक्यहरू द्वारा र, **द्वैतवादप्रतिषेधैः च** = द्वैतवादको निषेधद्वारा पनि, **अपनेष्यामि इति** = हटाउँछु भनेर, **जीवात्** = जीवभन्दा, **परमात्मनः** = परमात्माको, **अनन्यत्वम्** = भिन्न नभएको कुरा, **द्रढयति** = दृढ गराउनु हुन्छ, **जीवस्य तु** = जीवको भने, **परस्मात् अन्यत्वम्** = परमात्माभन्दा अलगपन, **न प्रतिपिपादयिषति**= प्रतिपादन गर्न खोज्नु हुन्न, **किम् तु** = के त, **अविद्याकल्पितं लोकप्रसिद्धम्** = अविद्याकल्पित तथा लोकमा प्रसिद्ध भएको, **जीवभेदम्** = जीवको भेदलाई, **अनुवदति** = भाषान्तर मात्र गर्नुहुन्छ, **हि एवम्** = निश्चय नै यसप्रकार, **स्वाभाविक-कर्तृत्वभोक्तृत्वानुवादेन** = स्वभावप्राप्त कर्तापन र भोक्तापनको आधारबाट, **प्रवृत्ताः कर्मविधयः** = लागू भएका कर्मका विधिहरू, **न विरुध्यन्ते इति** = विरुद्ध हुन्न भनेर, **मन्यते** = मान्नु हुन्छ, **प्रतिपाद्यं तु शास्त्रार्थम्** = प्रतिपादन गरिने शास्त्रको विषय त, **आत्मैकत्वम् एव** = आत्माको एकता नै हो भनेर, **दर्शयति** = देखाउनु हुन्छ जस्तै, **शास्त्रदृष्ट्या तूपदेशो वामदेववत्** = भन्ने, **इत्यादिना** = इत्यादि सन्दर्भद्वारा, **अस्माभिः च** = हामी (भाष्यकार) ले पनि, **विद्वदविद्वद्भेदेन** = ज्ञानी र अज्ञानीको भेदद्वारा, **विरोधपरिहारः** = विरोध हटाउने कुरा, **वर्णितः** = बयान गरिएको छ ।

विशदीकरण

अविद्याद्वारा कल्पित राग, द्वेष आदि दोषबाट मलिन र अनेक अनर्थ आइपर्ने जुन अवास्तविक जीवको स्वरूप हो, त्यसको विद्याद्वारा संशोधन गरी त्यसलाई निष्पाप र निर्दोष भएको परमेश्वरसम्बन्धी स्वरूपवाला संपन्न गराइन्छ । जस्तै- 'कल्पित सर्पको यो सर्प होइन, किन्तु डोरी हो' भन्ने उपदेशबाट सर्पत्वको संशोधन गरेर डोरीको स्वरूप सम्पन्न गराइन्छ ।

कुनै कुनै व्याख्याकारहरू त यहाँ बताइएको पारमार्थिकस्वरूप नै जीवको स्वरूप हो भन्दछन् र कुनै अद्वैतवादी पनि । त्यसो हुनाले आत्माको एकत्व ज्ञानरूपी सम्यक् दृष्टिका विरोधीहरूलाई संझाउनका निमित्त यो शारीरकमीमांसा सुरु गरिएको हो ।

वास्तवमा एक असङ्गी, निर्लेप, कूटस्थ (अपरिणामी, नित्य) ज्ञानरूप परमात्मा बाहेक अर्को कुनै ज्ञानरूप वस्तु नै छैन । यहाँ एउटा शङ्का हुन्छ - परमेश्वरको अतिरिक्त जीव नभएको भए त्यसको निषेध यहाँ सूत्रकारले '**नासंभवात्**' भनेर गर्नु नपर्ने ? त्यसको उत्तररूपमा भनिन्छ- कूटस्थ, नित्य, शुद्ध, बुद्ध र मुक्त परमात्मामा अविद्याद्वारा आकाशमा छत र नीलत्व जस्तै जीवपन कल्पित छ । सर्वप्रथम आत्माको एकता र आत्माको शुद्धतालाई प्रतिषेध गरेर प्रमाणित तर्कयुक्त महावाक्यद्वारा त्यसको संशोधन गर्दै जीवभन्दा परमेश्वर भिन्न नभएको कुरा उपदेश गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा यहाँ जीवको परमात्माभन्दा अलग हुने कुरा नबताएर लोकसिद्ध भेदको अनुवाद गरेको मात्र हो । यसकारण कर्तापन र भोक्तापनको अनुसरणबाट सारा क्रियाकलाप प्रवृत्त भएका छन् । पहिले बताइएको 'वामदेवको उपदेश' जस्तै आत्माको र परमात्माको एकत्व नै शास्त्रप्रतिपादनको लक्ष्य हो । यसै विषयलाई लिएर ज्ञानी र अज्ञानीको भेदबाट नै कर्मविधिको विरोध परिहार हुन्छ भन्ने चतुःसूत्री भाष्यमा भनिसकिएको छ ।।१९।।

ब्रह्मसूत्रम् - अन्यार्थश्च परामर्शः १/३/२०

सूत्रार्थ - **परामर्शः** = उत्तरवाक्यमा जीवपरामर्श गरेको, **च** = पनि, **अन्यार्थः** = ईश्वरपर्यवसायी हो ।

शाङ्करभाष्यम्

अथ यो दहरवाक्यशेषे जीवपरामर्शो दर्शितः - **'अथ य एषः संप्रसाद'** (छा० ८/३/३) इत्यादिः । स दहरे परमेश्वरे व्याख्यायमाने न जीवोपासनोपदेशो न प्रकृतविशेषोपदेश इत्यनर्थकत्वं प्राप्नोति इति । अत आह- अन्यार्थोऽयं जीवपरामर्शो न जीवस्वरूपपर्यवसायी । किं तर्हि ? परमेश्वरस्वरूपपर्यवसायी । कथम् ? सम्प्रसादशब्दोदितो जीवो जागरितव्यवहारे देहेन्द्रियपञ्जराध्यक्षोभूत्वा तद्वासनानिर्मितांश्च स्वप्नान्नाडीचरोऽनुभूय श्रान्तः शरणं प्रेप्सुरुभयरूपादपि शरीराभिमानात्समुत्थाय सुषुप्तावस्थायां परं ज्योतिराकाशशब्दितं परं ब्रह्मोपसंपद्य विशेषविज्ञानवत्त्वञ्च परित्यज्य स्वेन रूपेणाभिनिष्पद्यते । यदस्योपसंपत्तव्यं परं ज्योतिर्येन स्वेन रूपेणायमभिनिष्पद्यते स पर आत्माऽपहतपाप्मत्वादिगुण उपास्य इत्येवमर्थोऽयं जीवपरामर्शः परमेश्वरवादिनोऽप्युपपद्यते ।।२०।।

नेपालीभाषानुवाद

अथ = अनि, **दहरवाक्यशेषे** = दहरवाक्यको उपसंहारमा, **यः जीवपरामर्शः दर्शितः** = जो जीवको परामर्श देखाइयो, अब जुन यो संप्रसाद भन्ने इत्यादि, **सः** = त्यो परामर्श, **दहरे परमेश्वरे व्याख्यायमाने** = दहर भनेर परमेश्वर भन्ने अर्थ गरेमा, **न जीवोपासनोपदेशः** = जीवको उपासनाको उपदेश हुँदैन, **न प्रकृतविशेषोपदेशः**= न त सुरुमा बताइएका वस्तुको विशेष उपदेश हुन्छ, **इति** = यसकारण, **अनर्थकत्वं प्राप्नोति इति** = वाक्यार्थ वृथा हुन आउँछ, **अतः आह** = यसकारणबाट सूत्रकार भन्नु हुन्छ, **अयं जीवपरामर्शः** = यो जीवको परामर्श, **अन्यार्थः** = अर्कै निमित्त हो, **न जीवस्वरूपपर्यवसायी** = जीवको स्वरूपमा तत्पर्यवाला होइन, **किं तर्हि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के हो त त्यसो भए, **परमेश्वरस्वरूपपर्यवसायी** = परमेश्वरको स्वरूपमा तात्पर्यवाला हो, **कथम्** = कसरी, **संप्रसादशब्दोदितः जीवः** = संप्रसादशब्दले भनिएको जीव, **जागरितव्यवहारे** = जागृत अवस्थाको व्यवहारमा, **देहेन्द्रियपञ्जराध्यक्षः भूत्वा** = शरीर इन्द्रियरूप पिंजडाको अध्यक्ष भएर, **तद्वासनानिर्मितान् स्वप्नान्** = जाग्रत् वासनाले निर्माण गरिएका स्वप्नहरूको, **नाडीचरः (सन्)** = नाडी मार्गमा गतिवाला छँदो, **अनुभूय** = अनुभव गरेर, **श्रान्तः** = थाकेको, **शरणं प्रेप्सुः** = विश्रामस्थानको इच्छा (गर्दो) छँदो, **उभयात् शरीराभिमानात् अपि**= दुवै (सूक्ष्म र स्थूल) शरीरको अभिमानबाट, **समुत्थाय** = माथि उठेर, **सुषुप्तावस्थायाम्** = सुषुप्ति अवस्थामा, **आकाशशब्दितं परं ज्योतिः** = आकाशशब्दले भनिएको उत्कृष्ट ज्योतिस्वरूप, **परं ब्रह्म** = परब्रह्ममा, **उपसंपद्य** = प्राप्त भएर, **विशेषविज्ञानवत्त्वं च परित्यज्य** = विशेष जान्नेपनलाई पनि छाडेर, **स्वेन रूपेण अभिनिष्पद्यते** = आफ्नो स्वरूपले सम्पन्न हुन्छ, **यत् अस्य** = जुन यस जीवको, **उपसंपत्तव्यं परं ज्योतिः** = प्राप्त गरिने उत्कृष्ट ज्योति हो र, **येन स्वेन रूपेण** = जुन आफ्नो रूपले, **अयम्** = यो जीव, **अभिनिष्पद्यते** = सम्पन्न हुन्छ, **सः एषः आत्मा** = त्यही यो आत्मा, **अपहतपाप्मत्वादिगुणः** = निष्पाप आदि गुणवाला, **उपास्यः** = उपास्य हो, **इति एवम् अर्थः** = यो यस्तो प्रयोजनवाला, **अयं जीवपरामर्शः** = यो जीवपरामर्श गर्नु हो र, **परमेश्वरवादिनः अपि** = परमेश्वर भन्ने अर्थ गर्ने वालाको पनि, **उपपद्यते** = मिल्न आउँछ ।

विशदीकरण

उत्तरवाक्यमा गरेको जीवपरामर्श परमेश्वर निमित्त हो भन्ने सूत्राशय हो । यस दहरवाक्यको उपसंहारमा जुन जीवपरामर्श देखाइएको छ, त्यो 'दहर भनेर परमेश्वरलाई लिएको पक्षमा न जीवको उपासना सिद्ध हुन्छ, न त सुरुमा बताइएका वस्तुको नै विशेष उपदेश हुन्छ र त्यो वाक्य नै अनर्थ हुन आउँछ' इत्यादि शङ्का हुन्छ ।

शङ्काको उत्तरमा सूत्रकार भन्नुहुन्छ – यो जीवपरामर्श गरेको जीवको स्वरूप बोध गराउने तात्पर्यले होइन, किन्तु परमेश्वरलाई बुझाउन तात्पर्य राखेर हो । कसरी भन्छौ भने संप्रसादशब्दले भनिएको जीवले जागृत अवस्थामा शरीर, इन्द्रियरूप, पिंजडाको अध्यक्ष भएर त्यस अवस्थाका वासनाद्वारा निर्मित स्वप्नको अनुभव गर्दछ ।

फेरि थाकेर त्यो जीव विश्रामस्थान खोज्दो स्थूल र सूक्ष्म शरीरको अभिमान छोडेर सुषुप्ति अवस्थामा आकाशशब्दले बताइएको उत्कृष्ट ज्योतिःस्वरूप परब्रह्ममा प्राप्त हुन्छ र विशेषज्ञान समेत छाडेर आफ्नो स्वरूपले सम्पन्न हुन्छ । त्यो जीवको प्राप्तव्य उत्कृष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योति मानिएको र जुन रूपले यो सम्पन्न हुन्छ, त्यही निष्पाप आदि गुणवाला आत्मा उपास्य हो भन्ने बताउन यो जीवपरामर्श गरिएको हो। यो कुरा दहरलाई परमेश्वर भनेर बताउनका लागि गरिएको हो भन्दा पनि नमिल्ने हुँदैन ।।२०।।

ब्रह्मसूत्रम् - अल्पश्रुतेरिति चेत्तदुक्तम् १/३/२१

सूत्रार्थ - अल्पश्रुतेः इति चेत् = दहराकाश सानो सुनिएकोले परमात्मा होइन भन्छौ भने, **तत् उक्तम्** = त्यसको उत्तर दिइसकियो ।

शाङ्करभाष्यम्

यदप्युक्तम्– **'दहरोऽस्मिन्नन्तराकाशः'** इत्याकाशस्याल्पत्वं श्रूयमाणं परमेश्वरे नोपपद्यते, जीवस्य त्वाराग्रोपमितस्याल्पत्वमवकल्पते इति, तस्य परिहारो वक्तव्यः । उक्तो ह्यस्य परिहारः परमेश्वरस्यापेक्षिकमल्पत्वमवकल्पत इति **'अर्भकौकस्त्वात्तद्व्यपदेशाच्च नेति चेन्न' 'निचाय्यत्वादेवं व्योमवच्च'** (ब्र० १/२/७) इत्यत्र । स एवेह परिहारोऽनुसन्धातव्य इति सूचयति । श्रुत्यैव चेदमल्पत्वं प्रत्युक्तं प्रसिद्धेनाकाशेनोपमिमानया **'यावान्वा अयमाकाशस्ता-वानेषोऽन्तर्हृदय आकाशः'** इति ।

नेपालीभाषानुवाद

यत् अपि उक्तम् = जो पनि भनियो कि, **अस्मिन् अन्तः दहरः आकाशः इति** = यो हृदयकमलभित्र सूक्ष्म आकाश छ भन्ने, **आकाशस्य अल्पत्वं श्रूयमाणम्**= दहरको सानो भन्ने कुरा सुनिएको छ र, **परमेश्वरे न उपपद्यते** = परमेश्वरमा मिल्न सक्दैन, **जीवस्य तु** = जीवको भने, **आराग्रोपमितस्य** = कीलाको टुप्पासँग तुलना गरिएको, **अल्पत्वम् अवकल्पते** = सानो हुनु मिल्दो हुन्छ भन्ने, **इति** = यसप्रकारको जुन भनाइ छ, **तस्य परिहारः वक्तव्यः** = त्यसको समाधान भन्नु पर्ने हो परन्तु, **अर्भकौकस्त्वात्तद्व्यपदेशाच्च नेति चेन्न निचाय्यत्वादेवं व्योमवच्च इत्यत्र** = यो प्रथमाध्यायका दोश्रापाउको सातौं सूत्रमा, **हि** = निश्चय नै, **अस्य परिहारः** = यस शङ्काको समाधान, **उक्तः** = भनिएको, **सः एव परिहारः** = त्यही नै समाधान, **इह अनुसन्धातव्यः इति** = ख्याल गर्नु अथवा खोज गर्नु भन्ने, **सूचयति** = सूचना गर्नुहुन्छ, **इदम् अल्पत्वं च** = यो सानो भन्ने कुरा पनि, **प्रसिद्धेन आकाशेन उपमिमानया** = प्रसिद्ध आकाशसँग तुलना गर्ने, **श्रुत्या एव** = श्रुतिले नै, **प्रत्युक्तम्**= खण्डन गरिएको छ जस्तै, **यावात् अयम् आकाशः** = यो प्रसिद्ध जत्रो र जति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाश छ, **तावान् अन्तर्हृदये एषः आकाशः** = हृदयभित्र यो आकाश त्यत्रो र त्यति छ भन्ने, **इति** = यस्तो ।

विशदीकरण

यदि पूर्वोक्त दहराकाश निकै सानो छ र परमात्मा व्यापक तथा ठूलो हुनाले दहर परमात्मा हुन्न भन्छौ भन्ने त्यसको परिहार भइसकेको छ भन्ने सूत्राशय हो । 'दहर सानो हुनाले परमेश्वर हुन मिल्दैन, जीव भने किलाको टुप्पो बराबर मानिएकोले दहर हुन सक्दछ' भन्ने यस्तो शङ्कारूपमा जो भनिएको हो, त्यसको '**अर्भकौकस्त्वात्**' इत्यादि ब्रह्मसूत्रको प्रथमाध्यायको सातौं सूत्रमा यस विषयको यथोचित उत्तर दिइसकिएको छ ।

यहाँ पनि ब्रह्मसूत्रको प्रथमाध्यायको सातौं सूत्रमा दिइएको उत्तरलाई अनुसन्धान गर्नु उचित छ, वास्तवमा दहर अल्प छैन । 'जत्रो यो आकाश छ, त्यत्रै हृदयभित्र आकाश पनि रहेको छ' भनेर दहरलाई आकाशसँग तुलना गर्ने कुरा श्रुतिले नै बताइसकेको छ।।२१।।

इतिदहराधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. अनुकृत्यधिकरणम् {सू. २२-२३}

ब्रह्मसूत्रम् - अनुकृतेस्तस्य च १/३/२२

सूत्रार्थ - **तस्य** = त्यो प्राज्ञ (परमात्मा) को, **अनुकृतेः** = अनुकरणबाट बताएको ज्योतिः, **च** = प्राज्ञ आत्मा हो ।

शाङ्करभाष्यम्

न तत्र सूर्यो भाति न चन्द्रतारकं नेमा विद्युतो भान्ति कुतोऽयमग्निः ।

तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति ।। (मु० २/२/१०) इति समामनन्ति । तत्र यं भान्तमनुभाति सर्वं यस्य च भासा सर्वमिदं विभाति स किं तेजोधातुः कश्चिदुत प्राज्ञ आत्मेति विचिकित्सायां तेजोधातुरिति तावत्प्राप्तम् । कुतः ? तेजोधातूनामेव सूर्यादीनां भानप्रतिषेधात् । तेजःस्वभावकं हि चन्द्रतारकादि तेजःस्वभावक एव सूर्ये भासमानेऽहनि न भासत इति प्रसिद्धम्। तथा सह सूर्येण सर्वमिदं चन्द्रतारकादि यस्मिन्न भासते, सोऽपि तेजःस्वभाव एव कश्चिदित्यवगम्यते । अनुभानमपि तेजःस्वभावक एवोपपद्यते, समानस्वभावकेष्वनुकारदर्शनात्, गच्छन्तमनुगच्छतीतिवत् । तस्मात्तेजोधातुः कश्चिदित्येवं प्राप्ते ब्रूमः -

नेपालीभाषानुवाद

तत्र = त्यहाँ, **सूर्यः न भाति** = सूर्यले प्रकाशित गर्दैन, **चन्द्रतारकं न** = चन्द्रताराले गर्दैनन्, **अयम् अग्निः कुतः** = यो अग्निले कसरी गर्ला, **भान्तं एव सर्वम् अनुभाति** = प्रकाशित भइरहेको त्यसको सबै पछि नकल गर्छन्, **तस्य भासा** = त्यसैको तेजले, **इदं सर्वं विभाति** = यो सबै प्रकाशित हुन्छ भन्ने, **इति समामनन्ति** = यस्तो मान्दछन् (भन्दछन्), **तत्र** = त्यसमा, **यं भान्तं सर्वम् अनुभाति**= प्रकाशित भएका जसका पछि सबै प्रकाशित हुन्छन्, **यस्य भासा च इदं सर्वं विभाति** = जसको तेजले यो सबै प्रकाशित हुन्छ, **सः किं तेजोधातुः कश्चित्** = त्यो के तेजोधातु प्रकाशपुञ्ज हो, **उत प्राज्ञः आत्मा इति** = प्राज्ञ आत्मा हो भन्ने, **विचिकित्सायाम्** = शङ्का भएमा, **तावत् तेजोधातुः इति** = तेजोधातु हो भन्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्तम् = केबाट, **तेजोधातूनाम् एव** = तेजोधातु रूप, **सूर्यादीनाम्** = सूर्य आदिको, **भानप्रतिषेधात्** = प्रकाश हुने कुराको निषेध हुनाले, **हि** = निश्चय नै, **तेजःस्वभावकं चन्द्रतारकादि** = तेज (प्रकाश) स्वभाववाला चन्द्र र तारा आदि, **तेजःस्वभावके एव सूर्ये अहनि भासमाने**= तेज स्वभाववाला नै सूर्य दिनमा प्रकाशित भए छँदामा, **न भासते इति प्रसिद्धम्** = प्रकाशित हुन्न भन्ने कुरा प्रसिद्ध नै छ, **तथा** = त्यस्तै, **सूर्येण सह** = सूर्यका साथ, **इदं सर्वं चन्द्रतारकादि** = यो सबै चन्द्र, तारा आदि, **यस्मिन् न भासते** = जसमा प्रकाशित हुँदैन, **सः अपि** = त्यो वस्तु पनि, **तेजः स्वभावः एव कश्चित् इति** = तेज स्वभाववाला नै कुनै हो भन्ने, **अवगम्यते** = बुझिन्छ, **अनुमानम् अपि** = प्रकाशको अनुकरण हुनु पनि, **तेजःस्वभावके एव** = तेज स्वभाववाला वस्तुमा नै, **उपपद्यते** = ठीक हुन आउँछ किनकि, **समानस्वभाव-केषु** = मिल्दो स्वभाव भएकोमा नै, **अनुकारदर्शनात्** = अनुकरण देखिएको बाट, **गच्छन्तम् अनुगच्छति इति वत्** = हिंड्न लागेकाको पछि लाग्छ भने झैं, **तस्मात्**= त्यसकारण, **तेजोधातुः कश्चित् इति** = प्रकाशस्वरूप नै कुनै हो भन्ने, **एवं प्राप्ते** = यस्तो शङ्का भएमा, **ब्रूमः** = उत्तररूपमा भन्दछौं ।

विशदीकरण

अब अनुकृति नामक अधिकरण सुरु हुन्छ । प्रकाशको अनुकरणबाट पनि '**न तत्र सूर्यो भाति**' भन्ने श्रुतिमा बताइएको प्रकाशतत्त्व प्राज्ञ आत्मा हो भन्ने सूत्राशय हो । त्यहाँ 'सूर्य, चन्द्र, तारा, बिजुली र अग्नि कसैले पनि प्रकाश गर्न सक्दैनन्, त्यसको प्रकाशमा नै अरू सबै प्रकाशित हुन्छन् । त्यसैद्वारा सबैको प्रकाश छ' भन्ने इत्यादि श्रुति सुनिन्छ र त्यस्तो वस्तु कुनै प्रकाश पुञ्ज हो कि ? प्राज्ञ आत्मा हो? भन्ने शङ्का हुँदा प्रकाश पुञ्ज नै हो भन्ने कुरा पहिलो उत्तर देखिन आउँछ ।

किन, केबाट भन्ने प्रश्न हुँदा तेजोधातु भएका सूर्य आदिको प्रकाशलाई निषेध गरेकोबाट नै आत्मालाई प्रकाश पुञ्जको रूपमा लिइएको छ । वास्तवमा 'तेजस्वभाववाला सूर्यादिको प्रकाशस्थितिमा तेजःस्वभाव भएका चन्द्र, तारा आदि दिउँसो नै प्रकाशित हुँदैनन्' भन्ने कुरा पनि प्रसिद्ध नै छ । त्यस्तै 'जसलाई सूर्यसहित चन्द्र, तारा आदि प्रकाश पार्न सक्दैनन्' त्यो वस्तु पनि तेजस्वभाव भएकोले अरू कुनै हो भन्ने बुझिन्छ । ऊ प्रकाशित भएपछि अरू सबै प्रकाशित हुन्छन् भन्ने कुरा भनिएको छ । समान स्वभाववालामा नै अनुकरण देखिनाले अर्को अनुकरण गरिने तेजस्वभाववाला नै होला भन्ने स्पष्ट हुन्छ। जस्तै- 'जानेका पछि लाग्ने व्यक्तिको र जानेवालाको गमनरूप स्वभाव एउटै हुन्छ, तसर्थ तेजोधातु नै कुनै अर्कै हो' भन्ने शङ्का भएमा उत्तररूपमा भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

प्राज्ञ एवात्मा भवितुमर्हति । कस्मात् ? अनुकृतेः। अनुकरणमनुकृतिः । यदेतत् '**तमेव भान्तमनुभाति सर्वम्**' इत्यनुभानम्, तत्प्राज्ञपरिग्रहेऽवकल्पते । '**भारूपः सत्यसङ्कल्पः**' (छा० ३/१४/२) इति हि प्राज्ञमात्मानमामनन्ति । न तु तेजोधातुं कञ्चित् सूर्यादयोऽनुभान्ति इति प्रसिद्धम् । समत्वाच्च तेजोधातूनां सूर्यादीनां न तेजोधातुमन्यं प्रत्यपेक्षास्ति, यं भान्तमनुभायुः। न हि प्रदीपः प्रदीपान्तरमनुभाति । यदप्युक्तम्- समानस्वभावकेष्वनुकारो दृश्यत इति । नायमेकान्तो नियमः, भिन्नस्वभावकेष्वपि ह्यनुकारो दृश्यते । यथा सुतप्तोऽयःपिण्डोऽग्न्यनुकृतिरग्निं दहन्तमनुदहति, भौमं वा रजो वायुं वहन्तमनुवहतीति । अनुकृतेरित्यनुभानमसूसुचत् ।

नेपालीभाषानुवाद

प्राज्ञः आत्मा एव = प्राज्ञ आत्मा नै, **भवितुम् अर्हति** = हुन योग्य छ अर्थात् हो, **कस्मात्** = केबाट, **अनुकृतेः** = अनुकरणबाट, **अनुकरणम् अनुकृतिः**= अनुकरणअनुकृति हो, **यत् एतत्** = जो कि यो, **भान्तं तम् एव सर्वम् अनुभाति** = प्रकाशित भइरहेका जसका पछि सबै प्रकाशित हुन्छ भन्ने, **इति अनुभानम्** = यस्तो पछि प्रकाश हुनु छ, **तत्** = त्यो, **प्राज्ञपरिग्रहे अवकल्पते** = प्राज्ञलाई लिएमा नै मिल्न आउँछ, **भारूपः सत्यसङ्कल्पः इति** = प्रकाशरूप र सत्यसङ्कल्पवाला भन्ने, **हि** = निश्चय नै, **प्राज्ञम् आत्मानम् आमनन्ति** = प्राज्ञ आत्मालाई मान्दछन्, **कञ्चित् तेजोधातुं तु** = कुनै अरू तेजोधातुको भने, **सूर्यादयः अनुभान्ति इति न प्रसिद्धम्**= सूर्य आदिले अनुकरण गर्छन् भन्ने प्रसिद्ध छैन, **तेजोधातूनां सूर्यादीनाम्** = तेजोधातुरूप सूर्य आदिको, **समत्वात् च** = बराबर हुनाले पनि, **अन्यं तेजोधातुं प्रति अपेक्षा अस्ति** = अर्को तेजोधातु माथि अपेक्षा छैन, **यं भान्तम्** = प्रकाशित भएका जसका पछि, **अनुभायुः** = प्रकाशित हुनुरूप अनुकरण गरून्, **हि** = निश्चय नै, **प्रदीपः** = बत्तीले, **प्रदीपान्तरम्** = अर्को बत्तीको, **अनुभाति न** = अनुभान गर्दैन, **यत् अपि उक्तम्** = जो पनि भनियो कि, **समानस्वभावकेषु** = एउटै स्वभाववालामा, **अनुकारः हि दृश्यते** = अनुकरण निश्चय नै देखिन्छ भन्ने, **इति** = यस्तो, **अयम् नियमः एकान्तः न** = यो नियम प्रबल छैन, **भिन्नस्वभावकेषु अपि अनुकारः दृश्यते** = बेग्लै स्वभाववालामा पनि अनुकरण देखापर्दछ, **यथा** = जस्तै, **सुतप्तः अयःपिण्डः**= राम्रोसँग तातेको फलामको पिण्डले, **अग्न्यनुकृतिः** = अग्निको अनुकरण गर्दो, **दहन्तम्** = पोल्ने अग्निको, **अनुदहति** = पोल्नु रूप अनुकरण गर्दछ, **वा** = अथवा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौमं रजः = पृथ्वीको धूलोले, **वहन्तम् वायुम्** = बहिरहेको वायुको, **अनुवहति इति** = बहनु रूप नकल गर्दछ, **अनुकृतेः इति** = अनुकरण भनेर, **अनुभानम् असूसुचत्** = भानका पछि भान हुनु भन्ने सूचित गरेको हो ।

विशदीकरण

यहाँ बताइएको प्रकाशक तत्त्व अनुकरण बताइएको हुनाले प्राज्ञ आत्मा हो । नकल गर्नुलाई अनुकरण भनिन्छ । प्रकाशित भइरहेका वस्तुको अनुसरण गर्ने अन्य सबै वस्तुहरू प्रकाशित हुन्छन् भनेर जो भनियो त्यो नै प्रकाशको अनुकरण हो । यो अनुकरणको सन्दर्भ प्राज्ञलाई लिएमा नै ठीक मिल्दो हुन आउँछ । किनभने प्राज्ञलाई प्रकाशरूप र सत्यसङ्कल्पवाला मानिएको छ । अरू कुनै पनि तेजोधातुको अनुकरण सूर्य आदिले गर्छन् भन्ने प्रसिद्ध पनि छैन ।

फेरि अर्को कुरा- कुनै तेजोधातुसँग सूर्य आदिको प्रकाशत्वमा समता हुनाले प्रकाशित हुने बारेमा सूर्यादिलाई आफूभन्दा भिन्न अरूको अपेक्षा नै नहुनाले कुनै तेजोधातुको अनुकरण किन गरून्? फेरि समानस्वभाववालामा अनुकरण हुन्छ भने जो भनियो त्यो पनि ठीक छैन, किनभने भिन्न स्वभाववालामा पनि अनुकरण देखिन्छ । जस्तै- तातेको फलामले पोल्ने अग्निको अनुकरण गरेर पोल्दछ, त्यस्तै पृथ्वीको धूलो पनि बहने वायुको अनुकरण गरेर बहन्छ । अनुकरणशब्दले त्यसपछि प्रकाशित हुने भन्ने कुरा बुझाउँछ ।

शाङ्करभाष्यम्

तस्य च इति चतुर्थं पादमस्य श्लोकस्य सूचयति । तस्य '**भासा सर्वमिदं विभाति**' इति, तद्धेतुकं भानं सूर्यादेरुच्यमानं प्राज्ञमात्मानं गमयति । '**तद्देवा ज्योतिषां ज्योतिरायुर्होपासतेऽमृतम्**' (बृ० ४/४/१६) इति हि प्राज्ञमात्मा- नमामनन्ति, तेजोऽन्तरेण सूर्यादितेजो विभातीत्यप्रसिद्धं विरुद्धञ्च, तेजोऽन्तरेण तेजोऽन्तरस्य प्रतिघातात् । अथवा, न सूर्यादीनामेव श्लोकपरिपठितानामिदं तद्धेतुकं विभानमुच्यते । किं तर्हि ? सर्वमिदं इत्यविशेषश्रुतेः सर्वस्यैवास्य नामरूपक्रिया- कारकफलजातस्य याभिव्यक्तिः सा ब्रह्मज्योतिःसत्तानिमित्ता । यथा सूर्यादिज्योतिः- सत्तानिमित्ता सर्वस्य रूपजातस्याभिव्यक्तिस्तद्वत् । '**न तत्र सूर्यो भाति**' इति च 'तत्र' शब्दमाहरत् प्रकृतग्रहणं दर्शयति । '**प्रकृतञ्च ब्रह्म यस्मिन्द्यौः पृथिवी चान्तरिक्षमोतम्**' (मु० २/२/५) इत्यादिना ।

नेपालीभाषानुवाद

तस्य च इति = '**तस्य च**' भन्ने सूत्रावयवले, **अस्य श्लोकस्य** = यस श्लोकको, **चतुर्थं पादम्** = '**तस्य भासा**' भन्ने चौथो पाउलाई, **सूचयति** = सूचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछ, **तस्य** = त्यसको, **भासा** = प्रकाशले, **इदम्**= यो, **सर्वम्** = सबै, **विभाति** = प्रकाशित हुन्छ, **इति** = यस प्रकार, **सूर्यादेः** = सूर्यादिको, **तद्धेतुकं भानम् उच्यमानम्** = त्यही तत्त्वबाट भएको बताइने प्रकाशनले, **प्राज्ञम् आत्मानं गमयति**= प्राज्ञ आत्मालाई बुझाउँछ, **तत् ज्योतिषां ज्योतिः** = त्यो प्रकाशको पनि प्रकाशलाई, **देवाः** = देवताहरू, **ह** = निश्चय नै, **अमृतम् आयुः** = अमृतरूप आयु भनेर, **उपासते** = उपासना गर्छन् भनेर, **प्राज्ञम् आत्मानम् आमनन्ति** = प्राज्ञ आत्मालाई बताउँछन्, **तेजोऽन्तरेण** = कुनै अर्को तेजद्वारा, **सूर्यादितेजः** = सूर्यादिको तेज, **विभाति** = प्रकाशित हुन्छ भन्ने, **इति** = यो कुरा, **अप्रसिद्धं विरुद्धं च** = प्रसिद्ध नभएको र विरुद्ध पनि हो, **तेजोऽन्तरेण** = अर्को तेजले, **तेजोऽन्तरस्य** = अर्को तेजको, **प्रतिघातात्** = प्रतिघात हुनाले, **अथवा** = अथवा, **श्लोकपरिपठितानाम्**= श्लोकमा पढिएका, **सूर्यादीनाम् एव** = सूर्यचन्द्र आदिको मात्र, **इदम्** = यो, **तद्धेतुकं विभानम्** = त्यो द्वारा हुने प्रकाशन, **न उच्यते** = बताइदैन, **किं तर्हि** = त्यसो भए के त, **इदं सर्वम् इति** = यो सबै भन्ने, **अविशेषश्रुतेः** = सामान्यश्रुति हुनाले, **अस्य सर्वस्य एव** = यो सम्पूर्ण नै, **नामरूपक्रियाकारकफलजातस्य** = नामरूपात्मक जगत् क्रियाकारकफलका समूहको, **या अभिव्यक्तिः सा** = जुन प्रकाशित हुनु हो त्यो, **ब्रह्मज्योतिःसत्तानिमित्ता** = ब्रह्मज्योतिको अस्तित्वको अधीन छ, **यथा** = जस्तै, **सर्वस्य रूपजातस्य** = सबै किसिमका रूपको, **अभिव्यक्तिः** = प्रकाशन, **सूर्यादिज्योतिःसत्तानिमित्ता** = सूर्य आदि ज्योतिको अस्तित्व-मूलक हो, **न तत्र सूर्यः भाति इति** = त्यहाँ सूर्यले प्रकाश पार्न सक्दैन भनेर, **तत्र शब्दम् आहरत्** = तत्र (त्यहाँ) भन्ने शब्दलाई लिइएको हुँदा, **प्रकृतग्रहणं दर्शयति** = उपक्रमलाई नै लिएको देखाउँछ, **प्रकृतं च ब्रह्म** = उपक्रम पनि ब्रह्म नै छ जस्तै, **यस्मिन् द्यौः पृथिवी** = जसमा द्युलोक र पृथ्वी, **अन्तरिक्षं च** = आकाश पनि, **इत्यादिना** = इत्यादि वाक्यद्वारा ।

(पण्डित मीनप्रसाद नेपालद्वारा गरिएको ब्रह्मसूत्रशाङ्करभाष्यको नेपालीभाषानुवाद यहाँसम्म मात्र उपलब्ध छ ।)

विशदीकरण

'**अनुकृतेस्तस्य च**' यस सूत्रमा निहित '**तस्य**' पदले -

न तत्र सूर्यो भाति न चन्द्रतारकं नेमा विद्युतो भान्ति कुतोऽयमग्निः ।
तमेव भान्तमनुभाति सर्वं तस्य च भासा सर्वमिदं विभाति ।।

यस श्लोकको चौथो पाउ- '**तस्य भासा सर्वमिदं विभाति**' लाई सूचित गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसै परमात्माका प्रकाशबाट सबै प्रकाशित हुन्छ भन्ने उक्त चतुर्थ पादको अभिप्राय हो । परमात्माद्वारा गरिएको सूर्यादि तैजस तत्त्वहरूको प्रकाशनले परमात्मालाई बुझाउँछ । **'तद्देवा ज्योतिषां ज्योतिः'** अर्थात् त्यस सूर्यादि ज्योतिस्तत्त्वहरूको पनि परम ज्योति वा परमप्रकाशकलाई देवताहरू अमृत भनेर उपासना गर्दछन् भन्ने श्रुतिले पनि परमात्मालाई सबैलाई प्रकाशित गर्ने परमतत्त्वका रूपमा बताएको छ ।

सूर्य आदि तैजस तत्त्व अन्य कुनै तैजस तत्त्वबाट ज्योतिर्मय हुन्छन् भन्ने कुरा लोकमा प्रसिद्ध छैन र विरुद्ध पनि देखिन्छ । किनकि एउटा प्रबल तेजबाट अर्को तेजको प्रतिघात हुन्छ । अतः एउटा तेजबाट अर्को तेज प्रकाशित हुन्छ भन्ने कुरा मिल्दैन ।

त्यसो भए ब्रह्मरूप तेजबाट सूर्य, चन्द्र आदि तेज कसरी प्रकाशित हुन्छन् त ? भन्ने प्रश्न हुनसक्छ । त्यसको समाधानमा भनिन्छ– त्यसै परमात्माका तेजले सूर्य आदि तैजस तत्त्व मात्र प्रकाशित हुन्छन् भन्नुको तात्पर्य सूर्य र चन्द्र आदि तैजस तत्त्वमात्र प्रकाशित हुन्छन् भन्नु होइन अपितु **'न तत्र सूर्यो भातिः'** इत्यादि श्लोकको चतुर्थ पादमा भनिएअनुसार परब्रह्मको प्रकाशबाट सूर्य, चन्द्र लगायत सम्पूर्ण नामरूपात्मक विश्वप्रपञ्च प्रकाशित हुन्छ भनिएको हो ।

वस्तुतः नाम, रूप, क्रिया, कारक र फलसमुदायको जो अभिव्यक्ति भएको छ त्यो ब्रह्मकै सत्ताबाट भएको हो भन्नुमा श्रुतिको तात्पर्य रहेको छ । पुनश्च सम्पूर्ण रूपहरू दृष्टिगोचर हुनुमा सूर्यादि तेजको कारणता रहे झैं नामरूपात्मक प्रपञ्चको सत्तामा पनि ब्रह्म कारण भएर रहेको छ । प्रकारान्तरले भन्नुपर्दा सम्पूर्ण नामरूपात्मक विश्वप्रपञ्च ब्रह्ममा अडेर रहेको छ भनेर भंन्न सकिन्छ ।

उक्त श्लोकको उपक्रम (प्रारम्भ) मा **'न तत्र सूर्यो भातिः'** इत्यादि उठान गरेर 'आत्मरूप ब्रह्ममा न सूर्य प्रकाशित हुन्छ, न चन्द्रमा र न ताराहरू नै प्रकाशित हुन्छन् । त्यहाँ बिजुली पनि बल्न सक्दैन भने विचरा अग्निको प्रकाशित हुने कुरै नगरौं, त्यस ब्रह्मकै प्रकाशबाट सबै प्रकाशित हुन्छन्' भनिएको छ ।

'तत्र' पदले प्रकृतलाई नै सङ्केत गरेको छ । 'प्रकृत भनेको त्यो परमात्मा ब्रह्म हो, जसमा द्युलोक, पृथिवी र अन्तरिक्ष ओतप्रोत भएर रहेका छन्' भनेर मुण्डकश्रुतिले भनेको छ । अतः **'न तत्र सूर्यो भाति'** इत्यादि श्रुतिमा निर्दिष्ट तेजोविशेष ब्रह्म नै हो भन्ने कुरा सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

अनन्तरञ्च–

'हिरणमये परे कोशे विरजं ब्रह्म निष्कलम् ।

तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद्यदात्मविदो विदुः ।। इति ।

कथं तज्ज्योतिषां ज्योतिरित्यत इदमुत्थितम्– **'न तत्र सूर्यो भाति'** इति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदप्युक्तम्– सूर्यादीनां तेजसां भानप्रतिषेधस्तेजोधातावेवान्यस्मिन्नवकल्पते सूर्य इवेतरेषामिति । तत्र तु स एव तेजोधातुरन्यो न संभवतीत्युपपादितम् । ब्रह्मण्यपि चैषां भानप्रतिषेधोऽवकल्पते । यतः– यदुपलभ्यते तत्सर्वं ब्रह्मणैव ज्योतिषोपलभ्यते, ब्रह्म तु नान्येन ज्योतिषोपलभ्यते, स्वयंज्योतिः स्वरूपत्वात्, येन सूर्यादयस्तस्मिन्भायुः । ब्रह्म ह्यन्यद् व्यनक्ति, न तु ब्रह्मान्येन व्यज्यते; **'आत्मनैवायं ज्योतिषाऽऽस्ते'** (बृ. ४/३/६), **'अगृह्यो नहि गृह्यते'** (बृ. ४/२/४) इत्यादिश्रुतिभ्यः ।

नेपालीभाषानुवाद

च = फेरि, **अनन्तरम्** = **'यस्मिन् द्यौः पृथिवी चान्तरिक्षमोतम्'** भन्ने माथि बताइएको श्रुति पछि, **विरजम्** = निर्मल, **निष्कलम्** = कलारहित, **ब्रह्म** = ब्रह्म, **हिरणमये** = हिरण्मय, **परेः** = परम, **कोशे** = कोशमा विराजमान छ, **तत्** = त्यो, **शुभ्रम्** =शुद्ध, **ज्योतिषाम्** = सम्पूर्ण ज्योतिर्मय पदार्थहरूको, **ज्योतिः** = प्रकाश हो, **तत्** = त्यो हो, **यत्** = जसलाई, **आत्मविदः** = आत्मज्ञानी पुरुषहरूले, **विदुः** = जान्दछन्, **इति** = यसरी भनिएको छ, **तत्** = त्यो ब्रह्म, **ज्योतिषाम्** = ज्योतिर्मय पदार्थहरूको, **ज्योतिः** = ज्योति, **कथम्** = कसरी हुनसक्छ, **इति** = यस्तो प्रश्न हुँदा, **'न तत्र सूर्यो भातिः' इति** = यो मन्त्र, **इदम्** = उत्तररूपमा, **उत्थितम्** = आएको हो, **सूर्यादीनाम्** = सूर्य, चन्द्र आदि, **तेजसाम्** = ज्योतिर्मय तत्त्वहरूको, **भानप्रतिषेधः** = प्रकाशको निषेध अर्थात् प्रकाशको अभाव, **अन्यस्मिन्**= सूर्य, चन्द्र बाहेकको, **तेजोधातौ** = तेजस्वी पदार्थ भएमा नै, **अवकल्पते** = सङ्गत हुन सक्दछ भनेर, **सूर्ये** = सूर्य देदीप्यमान रहँदा, **इतरेषाम् इव** = सूर्यभन्दा कम तेज भएका पदार्थहरूको तेजको अभाव भए झैं, **यदपि** = जो, **उक्तम्** = प्रश्न गरिएको छ, **तत्र** = त्यस प्रश्नको विषयमा, **तु** = त, **सः एव** = परमात्मा नै, **तेजोधातुः** = तेजस्वी तत्त्व हो, **अन्यः** = परमात्मा बाहेक अर्को तेज, **न संभवति**= हुन सक्दैन, **इति** = यस्तो उत्तर, **उपपादितम्** = दिइसकिएको छ, **च** = फेरि, **ब्रह्मणि अपि** = ब्रह्ममा पनि, **एषाम्** = सूर्य, चन्द्र आदि तैजस तत्त्वहरूको, **भानप्रतिषेधः** = प्रकाश नपुग्ने कुरा अर्थात् सूर्य, चन्द्रद्वारा ब्रह्म प्रकाशित नहुने कुरा, **अवकल्पते** = सङ्गत हुन्छ, **यतः** = किनकि, **यत्** = जो, **उपलभ्यते** = नाम, रूप आदि जे दृष्टिपथ र प्रतीतिपथमा आउँछ, **तत् सर्वम्** = त्यो सबै, **ज्योतिषा** = ज्योतिर्मय, **ब्रह्मणा** = ब्रह्मद्वारा नै, **उपलभ्यते** = प्राप्त हुन्छ, **ब्रह्म तु** = ब्रह्म त, **अन्येन** = ब्रह्म बाहेकको, **ज्योतिषा** = कुनै ज्योतिर्मय वस्तुबाट, **न उपलभ्यते** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभूतिपथमा आउँदैन, **स्वयं ज्योतिःस्वरूपत्वात्** = किनकि ब्रह्म स्वयं ज्योति अथवा स्वप्रकाश भएकाले, **येन** = जसबाट, **सूर्यादयः** = सूर्य, चन्द्र आदि, **तस्मिन्** = ब्रह्ममा, **भायुः** = प्रकाशित हुन सकुन् अर्थात् ब्रह्म अरू ज्योतिबाट प्रकाशित हुने र खास गरेर सूर्य, चन्द्रको प्रकाशद्वारा प्रकाशित हुने तत्त्व होइन र त्यसमा सूर्य, चन्द्र प्रकाशित हुनसक्दैनन्, **हि** = किनकि, निश्चय नै, **ब्रह्म** = ब्रह्मले, **अन्यत्** = अन्य पदार्थलाई, **व्यनक्ति** = अभिव्यक्त गर्दछ, **तु** = किन्तु, **ब्रह्म** = ब्रह्म, **अन्येन** = अन्य पदार्थद्वारा, **न अभिव्यज्यते** = अभिव्यक्त हुँदैन, **अयम्** = यो परमात्मा, **आत्मना एव ज्योतिषा** = आत्मरूप ज्योतिबाट नै, **आस्ते** = ज्योतिर्मय भएर रहेको छ, **अगृह्यः** = त्यो ब्रह्म अगृह्य छ, **हि** = किनकि, **न गृह्यते** = त्यसको ग्रहण गरिंदैन, **इत्यादिश्रुतिभ्यः** = यी आदि श्रुतिवाक्यहरूबाट ब्रह्मले अन्य पदार्थलाई अभिव्यक्त गर्दछ र आफू स्वयं अरू कसैबाट प्रकाशित हुँदैन भन्ने कुरा प्रमाणित हुन्छ ।

विशदीकरण

'यस्मिन् द्यौः पृथिवी चान्तरिक्षमोतम्' यस श्रुति पछि **'हिरण्मये०'** इत्यादि श्रुतिले 'निर्मल एवं निष्कल परब्रह्म हिरण्मय परमकोशमा विद्यमान छ । त्यो शुद्ध एवं ज्योतिर्मय ब्रह्म सम्पूर्ण पदार्थहरूको प्रकाशक परम ज्योति हो' जसलाई 'आत्मज्ञानी पुरुषहरूले जान्दछन्' भनेर बताएको छ । यस श्रुतिमा प्रकृत ब्रह्मकै उठान गरिएको छ ।

त्यो ब्रह्म ज्योतिहरूको पनि ज्योति हो भनेर कसरी भनियो ? यस प्रश्नको उत्तर **'न तत्र सूर्यो भाति०'** इत्यादि श्रुतिवाक्यले नै दिएको छ । सूर्यका सामु अन्य तेजस्वी पदार्थहरू रहन नसकेझैं सूर्यको प्रकाश निस्तेज हुनका लागि सूर्यभन्दा तेजस्वी पदार्थको आवश्यकता हुन्छ, त्यो सूर्यभन्दा तेजस्वी पदार्थ कुन हो ? यस प्रश्नको उत्तरमा 'त्यो ब्रह्म नै तेजस्वी पदार्थ हो, जसको उपस्थितिमा अन्य कुनै तेज रहन सक्दैनन्' भनेर भनिसकिएको छ ।

परब्रह्ममा सूर्य, चन्द्र आदिको प्रकाश पुग्न सक्दैन अर्थात् परब्रह्म सूर्य, चन्द्र आदि तैजस पदार्थबाट प्रकाशित हुँदैन, किनकि जे छ त्यो ब्रह्मको ज्योति हो र जो जे प्रकाशित हुन्छ त्यो ब्रह्मकै ज्योतिबाट प्रकाशित हुन्छ ।

ब्रह्म आफूबाहेक अन्य कुनै ज्योतिबाट प्रकाशित हुने भएमा मात्र सूर्य, चन्द्रले ब्रह्मलाई प्रकाशित गर्न सक्ने थिए तर ब्रह्म अरू पदार्थबाट प्रकाशित हुँदैन । किनभने ब्रह्म स्वयं प्रकाशित हुन्छ र त्यसलाई स्वप्रकाश भनिएको छ ।

ब्रह्मबाट नै नामरूपात्मक विश्वप्रपञ्च अभिव्यक्त हुन्छ, तर ब्रह्म कुनै अन्य द्वारा अभिव्यक्त हुँदैन, त्यसै भएर श्रुतिले पनि **'आत्मनैवाऽयं ज्योतिषाऽऽस्ते'** अर्थात् 'यो ब्रह्म आफ्नै आत्मज्योतिबाट ज्योतिर्मय भएर रहेको छ' भनेर ब्रह्मको स्वप्रकाशतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणित गरेको छ । '**अगृह्यो न हि गृह्यते**' इत्यादि श्रुतिबाट पनि ब्रह्म अरूबाट प्रकाशित नहुने र स्वयं प्रकाशित हुने तथ्य प्रमाणित हुन्छ ।

ब्रह्मसूत्रम् - अपि च स्मर्यते १/३/२३

सूत्रार्थ - स्मर्यते = '**न तद्भासते सूर्यः**', '**यदादित्यगतं तेजः**' इत्यादि स्मृतिले **अपि च**= पनि ब्रह्म ज्योतिरूप हो भन्ने कुरा निरूपण गरेको छ ।

शाङ्करभाष्यम्

अपि चेदृग्रूपत्वं प्राज्ञस्यैवात्मनः स्मर्यते भगवद्गीतासु –

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।।' (गी. १५/६) इति ।
'**यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।**
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ।।'(गी. १५/१२) इति च ।।२३।।

नेपालीभाषानुवाद

अपि च = अरू पनि, **प्राज्ञस्य** = ज्ञानाधिकरण, **आत्मनः** = आत्माको, **ईदृग्रूपत्वम्** = अप्रकाश्यत्व र स्वयं प्रकाशत्व, **भगवद्गीतासु** = श्रीमद्भगवद्गीतामा, **स्मर्यते** = स्मरण एवं वर्णन गरिएको छ । जस्तै, **सूर्यः** = सूर्य, **शशाङ्कः** = चन्द्रमा र, **पावकः**= अग्निले पनि, **तत्** = ब्रह्मलाई, **न भासयते** = प्रकाशित गर्दैनन्, **यत्**= जुन ब्रह्मलाई, **गत्वा**= पाएर, **न निवर्तन्ते**= (प्राणीहरू) संसारमा फेरि जन्म लिंदैनन्, **तत्** = त्यो, **मम** = मेरो, **परमं धाम** = तेजोमय स्वरूप हो, **यत्** = जुन, **आदित्यगतम्**= सूर्यमा स्थित, **तेजः** = तेजले, **अखिलम्** = सम्पूर्ण, **जगत्** = जगत्लाई, **भासयते**= प्रकाशित गर्दछ, **यत्** = जुन, **अग्नौ** = अग्निमा छ, **तत्** = त्यसलाई, **मामकम्** = मेरो, **तेजः** = तेज, **विद्धि** = जान ।

विशदीकरण

स्वयं प्रकाश ब्रह्मले अरूलाई प्रकाशित गर्दछ, तर त्यो अरूबाट प्रकाशित हुँदैन भनेर जो वेदद्वारा भनियो; त्यस कुरालाई ब्रह्मविद्यारूप मानिएको श्रीमद्भगवद्गीतामा पनि भनिएको छ । जस्तै– ब्रह्मलाई सूर्य, चन्द्रमा र अग्निले प्रकाशित गर्दैनन् । जसको साक्षात्कार गरेपछि फेरि संसारमा जन्मन पर्दैन, त्यो ब्रह्म, मेरो तेजोमय धाम हो । फेरि सूर्यमा रहेको जुन तेजले संसारलाई प्रकाशित गर्दछ, जो चन्द्रमा र अग्निमा प्रकाशित हुन्छ त्यो पनि मेरो आत्मचैतन्यरूप तेज नै हो ।।२३।।

इतिअनुकृत्यधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. प्रमिताधिकरणम् {सू. २४-२५}

ब्रह्मसूत्रम् - शब्दादेव प्रमितः १/३/२४

सूत्रार्थ - त्यो पुरुष अङ्गुष्ठमात्र परिमाणवाला छ भन्ने कुरा, **शब्दात् एव** = **'अङ्गुष्ठमात्रः पुरुषो मध्य आत्मनि तिष्ठति'** अर्थात् 'बूढी औंलाको आकार प्रकार भएको आत्मा हृदयको माझमा रहन्छ' भन्ने इत्यादि शब्दबाट नै जानिन्छ ।

शाङ्करभाष्यम्

'अङ्गुष्ठमात्रः पुरुषो मध्य आत्मनि तिष्ठति' इति श्रूयते । तथा- **'अङ्गुष्ठमात्रः पुरुषो ज्योतिरिवाधूमकः। ईशानो भूतभव्यस्य स एवाद्य स उ श्व एतद्वै तत् ।।'** (का. २/१/१३) इति च । तत्र योऽयमङ्गुष्ठमात्रः पुरुषः श्रूयते, स किं विज्ञानात्मा, किंवा परमात्मेति संशयः । तत्र परिमाणोपदेशात्तावद्विज्ञानात्मेति प्राप्तम् । न ह्यनन्तायामविस्तारस्य परमात्मनोऽङ्गुष्ठपरिमाणमुपपद्यते । विज्ञानात्मनस्तूपाधिमत्त्वात्संभवति कयाचित्कल्पनयाऽङ्गुष्ठमात्रत्वम् । स्मृतेश्च -

'अथ सत्यवतः कायात्पाशबद्धं वशं गतम् ।
अङ्गुष्ठमात्रं पुरुषं निश्चकर्ष यमो बलात् ।।' (म.भा. ३/२९७/१७)

इति । नहि परमेश्वरो बलाद्यमेन निष्क्रष्टुं शक्यः । तेन तत्र संसार्यङ्गुष्ठमात्रो निश्चितः, स एवेहापीति ।

नेपालीभाषानुवाद

अङ्गुष्ठमात्रः = बूढी औंलाको मात्र परिमाण भएको, **पुरुषः** = पुरुष, **मध्ये आत्मनि** = शरीरको माझ हृदयमा, **तिष्ठति** = रहन्छ, **इति** = यस्तो, **श्रूयते** = सुनिन्छ, **तथा** = त्यस्तै, **अधूमकः** = निर्मल, **ज्योतिः** =प्रकाश, **इव** = जस्तै, **अङ्गुष्ठमात्रः** = बूढी औंलाको परिमाण भएको, **पुरुषः** = पुरुष छ, **सः** = त्यो, **भूतभव्यस्य** = अतीत, वर्तमान र भविष्यको, **ईशानः** = नियन्ता हो, **सः एव**= त्यो नै, **अद्य**= आज छ, **श्वः** = भोलि पनि छ, **तत्** = त्यो नै, **वै** = निश्चय, **एतत्** = यो हो, **तत्र** = त्यस उपनिषद्मा, **अयम्** = जुन यो, **अङ्गुष्ठमात्रः** = अङ्गुष्ठमात्र परिमाण भएको, **पुरुषः** = पुरुष छ भन्ने, **श्रूयते** = सुनिन्छ, **सः** = त्यो, **किम्** = के,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञानात्मा = जीव हो, **किम् वा** = अथवा, **परमात्मा** = परब्रह्म, परमात्मा हो, **इति** = यस्तो, **संशयः** = सन्देह हुन्छ, **तत्र** = त्यहाँ, **परिणामोपदेशात्** = अङ्गुष्ठमात्र परिणाम भएको भनी परिणामको निर्देश गरिएबाट, **तावत्** = सर्वप्रथम, **विज्ञानात्मा**= त्यो पुरुष विज्ञानात्मा जीव हो भन्ने, **इति** = यस्तो, **प्राप्तम्** = प्राप्त हुन्छ, **अनन्तायाम-विस्तारस्य** = अन्तहीन लम्बाई र अन्तहीन फैलावट भएको, **परमात्मनः** = परमात्माको, **अङ्गुष्ठमात्रपरिमाणम्** = बूढी औंलामात्रको परिमाण हुनु, **हि** = निश्चय, **न उपपद्यते**= सिद्ध हुँदैन, **विज्ञानात्मनः**= विज्ञानात्मा जीवको, **तु** = त, **उपाधिमत्त्वात्** = उपाधि-भएको कारणबाट, **कयाचित्** = कुनै, **कल्पनया** = कल्पनाद्वारा, **अङ्गुष्ठमात्रत्वम्**= बूढीऔंलाको परिणामवाला हुनु, **सम्भवति** = सम्भव हुन आउँछ, **अथ** = त्यसपछि यमराजले, **पाशबद्धम्** = यमपाशद्वारा बाँधिएको, **वशम् गतम्** = कर्मको वशमा परेको, **अङ्गुष्ठमात्रम्** = बूढी औंला जस्तो, **पुरुषम्** = जीवलाई, **बलात्** = शक्ति-प्रयोगबाट, **निश्चकर्ष** = (सत्यवान्को शरीरबाट) खिंचे, **इति** = यस्तो, **स्मृतेश्च** = धर्मशास्त्ररूप महाभारतको वचन छ, **यमेन** = यमराजद्वारा, **परमेश्वरः** = परमात्मा, **बलान्** = बलपूर्वक, **निष्क्रष्टुम्** = शरीरबाट खिंच्न, **न हि शक्यः** = सकिने खालको हुँदैन, **तेन** = त्यसकारण, **तत्र** = स्मृतिमा, **संसारी** = जीव, **अङ्गुष्ठमात्रः**= बूढी औंलाको आकारको हुन्छ भन्ने, **निश्चितः** = निश्चित गरिएको छ, **सः एव** = त्यो जीव नै, **अत्र** = यहाँ (श्रुतिवाक्यमा), **अपि** = पनि (**अङ्गुष्ठमात्रः** = औंठाको आकारको हुन्छ भन्ने, **निश्चितः** = निश्चित गरिएको छ)।

विशदीकरण

यहाँ शङ्का हुन्छ कि श्रुतिमा 'बूढी औंलाको परिमाण भएको पुरुष शरीरको मध्यभाग हृदयमा रहन्छ' भनिएको छ। निर्धूम प्रकाश जस्तै, पुरुष बूढी औंलाको परिमाणवाला छ । त्यो नै भूत र भविष्यको नियामक हो, त्यो नै आज प्राणीहरूमा विराजमान छ र भविष्यमा पनि रहने छ । नचिकेताले यमसँग जस्को विषयमा सोधेका थिए, त्यो ब्रह्म यही हो । बूढी औंला परिमाणभएको जुन पुरुषको श्रुतिमा चर्चा सुनिएको छ, त्यो पुरुष विज्ञानात्मा जीव हो कि परब्रह्म परमात्मा ? वास्तवमा परिमाणको निर्देशका आधारमा हाम्रा सामु सबैभन्दा पहिले जीवात्मा नै विचारणीय हुन आउँछ ।

'अनन्त लम्बाई र अनन्तविस्तार एवं महत्त्व भएको परमात्मा एउटा बूढी औंला परिमाणको' हुन सक्दैन, तर विज्ञानात्मा जीव भने सोपाधिक भएको कारण कुनै कल्पनाद्वारा अङ्गुष्ठमात्र हुने कुरा सम्भव हुन आउँछ । स्मृतिमा पनि यस्तै कुरा बताइएको छ । महाभारतमा– 'मृत्यूपरान्त यमराजले सत्यवान्को शरीरबाट यमपाशले बाँधिएको कर्मको वशीभूत बूढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औंला परिमाणको पुरुषलाई बलप्रयोग गरी खिंचे' भनिएको छ । परमात्मा यसरी यमद्वारा बलप्रयोग गरेर शरीरबाट खिंचिने हुँदैनन् । अतः स्मृतिअनुसार '**अङ्गुष्ठमात्रः**' भनिने तत्त्व संसारी जीव नै हुन सक्दछ । यही कुरा श्रुतिवाक्यमा पनि भनिएको छ । यो पूर्वपक्षीको अभिप्राय हो ।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः - परमात्मैवायमङ्गुष्ठमात्रपरिमितः पुरुषो भवितुमर्हति कस्मात् ? शब्दात्, '**ईशानो भूतभव्यस्य**' इति । नह्यन्यः परमेश्वराद्भूतभव्यस्य निरङ्कुशमीशिता। '**एतद्वै तत्**' इति च प्रकृतं पृष्टमिहानुसंदधाति । एतद्वै तद्यत्पृष्टं ब्रह्मेत्यर्थः । पृष्टं चेह ब्रह्म

'अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात् ।
अन्यत्र भूताच्च भव्याच्च यत्तत्पश्यसि तद्वद ।।'(का. १/२/१४) इति शब्दादेवेति, अभिधानश्रुतेरेवेशान इति परमेश्वरोऽयं गम्यत इत्यर्थः ।।२४।।

नेपालीभाषानुवाद

एवम् प्राप्ते = विज्ञानात्मा जीवमा श्रुतिवाक्य र स्मृतिवाक्यद्वारा अङ्गुष्ठ-परिमाणवाला हो भन्ने कुरा प्राप्त हुन आएपछि, **ब्रूमः** = भन्दछौं, **परमात्मा** = परमात्मा, **एव** = नै, **अङ्गुष्ठमात्रपरिमितः** = बूढी औंला परिमाणभएको, **पुरुषः** = पुरुष, **भवितुम्** = हुन, **अर्हति** = सक्दछ, **कस्मात्** = कुन कारणबाट, **ईशानः भूतभव्यस्य** = अतीत, वर्तमान र भविष्यको नियन्ता भन्ने अर्थ भएको, **शब्दात्** = औपनिषदशब्दप्रमाणबाट, **परमेश्वरात्** = परमेश्वरदेखि, **अन्यः** = अरू कुनै, **भूत-भव्यस्य** = अतीत, वर्तमान र भविष्यको, **निरङ्कुशम्** = स्वतन्त्र, **ईशिता** = नियन्ता, **न हि** = हुन सक्दैन, **तत्** = नचिकेताद्वारा सोधिएको ब्रह्म, **वै** = निश्चय, **एतत्** = यही हो, भन्ने अर्थमा प्रयोग गरिएको '**एतद् वै तद्**' त्यो ब्रह्म यही हो भन्ने, **प्रकृतम्** = नचिकेताद्वारा गरिएको, **पृष्टम्** = सोधाइलाई, **इह** = यहाँ, **अनुसन्दधाति** = अनुसन्धान गरिन्छ, **तत्** = त्यो, **यत् पृष्टम्** = जो सोधिएको, **ब्रह्म** = ब्रह्म नै हो, **इत्यर्थः** = भन्ने अर्थ हो, **इह** = यहाँ, **पृष्टम्** = सोधिएको, **ब्रह्म** = ब्रह्म नै हो, **धर्मात्** = धर्मदेखि, **अन्यत्र** = भिन्न, अन्यरूपमा रहेको, **अधर्मात्** = अधर्मदेखि, **अन्यत्र** = भिन्न रूपमा रहेको, **अस्मात्** = यस, **कृताकृतात्** = कार्यकारणभावदेखि, **अन्यत्र** = भिन्न, **भूतात्** = भूतकालदेखि, **च** = र, **भव्यात्** = वर्तमान एवं भविष्यदेखि, **अन्यत्र** = भिन्न, **यत्** = जुन तत्त्वलाई, **पश्यसि** = देख्नु हुन्छ, **तद्** = त्यसलाई, **वद** = बताउनुहोस्, **इति** = यसरी नचिकेताले यमसँग भनेका हुन्, **ईशानः इति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशान भन्ने, **अभिधानश्रुतेः** = नाम सुनिन आएको कारणबाट, **शब्दात्** = शब्दबाट, **एव** = नै, **अयम्** = बूढी औंलाको परिमाण भएको पुरुष, **परमात्मा**= परमात्मा नै हो भन्ने कुरा, **गम्यते** = प्रतीत हुन्छ, **इत्यर्थः** = यो तात्पर्य हो ।

विशदीकरण

परमात्मा बूढी औंला परिमाणको हुन सक्दैन । विज्ञानात्मा जीव नै त्यस रूपको हुन सम्भव छ भन्ने शङ्का भएपछि उत्तररूपमा भनिन्छ - '**ईशानो भूतभव्यस्य**' भूत, भविष्य र वर्तमानका नियन्ता इति यस्तो शब्दप्रमाणबाट बूढी औंला परिमाण भएको पुरुष भनेर परमात्मालाई नै बुझ्नु पर्दछ । परमात्माबाहेक अरू कुनै अतीत, वर्तमान र भवियको स्वतन्त्र नियामक हुनसक्दैन ।

नचिकेताद्वारा यमसँग '**एतद् वै तत्**' सोधिएको प्रसङ्गमा 'जो त्यो त्यही हो भनेर भनियो, त्यसबारे पनि अनुसन्धान गरिन्छ । जसको विषयमा सोधियो, त्यो ब्रह्म नै हो भन्ने अर्थ हो । वास्तवमा यहाँ सोधिएको तत्त्व पुरुष त ब्रह्म नै हो ।' धर्म, अधर्म, कार्य, कारण भूत र वर्तमान बाहेक जसलाई देख्नु हुन्छ, त्यो बताउनु होस् भन्ने भनाइ छ । यसरी माथिको वाक्यमा प्रयुक्त ईशान भन्ने ईश्वरको नाम सुनिनाले अङ्गुष्ठमात्र प्रमाणवाला विज्ञानात्मा (जीव) नभएर परब्रह्म नै हो भन्ने कुरा प्रतीत हुन्छ ।।२४।।

शाङ्करभाष्यम् - कथं पुनः सर्वगतस्य परमात्मनः परिमाणोपदेश इत्यत्र ब्रूमः -

नेपालीभाषानुवाद - **पुनः** = फेरि, **सर्वगतस्य** = सर्वव्यापक, **परमात्मनः** = परमात्माको, **कथम्** = कसरी, **परिमाणोपदेशः** = अङ्गुष्ठमात्र परिमाणको उपदेश गरिन्छ, **इत्यत्र** = यस विषयमा, **ब्रूमः** = भन्दछौं ।

ब्रह्मसूत्रम् - हृद्यपेक्षया तु मनुष्याधिकारत्वात् १/३/२५

सूत्रार्थ- **हृदि अपेक्षया** = अङ्गुष्ठमात्र परिमाणवाला परमात्मा मनुष्यहरूको हृदयमा विराजमान छ भन्ने श्रौतप्रमाणहरूको आधारमा पुरुषलाई अङ्गुष्ठपरिमाणवाला भनिएको हो । सर्वान्तर्यामी पुरुषलाई मनुष्यको हृदयमा मात्र बसेको देखाउनुमा, **मनुष्याधिकारत्वात्** = ब्रह्मप्राप्तिसम्बन्धी साधनहरूको अधिकार मनुष्यमा मात्र भएकाले त्यसरी भनिएको हो ।

शाङ्करभाष्यम्

सर्वगतस्यापि परमात्मनो हृदयेऽवस्थानमपेक्ष्याङ्गुष्ठमात्रत्वमिदमुच्यते । आकाशस्येव वंशपर्वापेक्षमरत्निमात्रत्वम् । नह्यञ्जसाऽतिमात्रस्य परमात्मनोऽङ्गुष्ठ-मात्रत्वमुपपद्यते । न चान्यः परमात्मन इह ग्रहणमर्हतीशानशब्दादिभ्य इत्युक्तम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

सर्वगतस्य = सर्वव्यापक, **परमात्मनः** = परमात्माको, **अपि** = पनि, **हृदये**= हृदयमा, **अवस्थानम्** = स्थितिलाई, **अपेक्ष्य** = दृष्टिगत गरेर, **इदम्** = यो, **अङ्गुष्ठमात्रत्वम्** = बूढी औंला परिमाणको आकृति, **उच्यते** = भनिएको छ, **इव** = जस्तै, **आकाशस्य** = आकाशको, **वंशपर्वापेक्षम्** = बाँसका आँख्लाको दूरीको आधारलाई दृष्टिगत गरेर, **अरत्निमात्रत्वम्** = एकहात परिमाणको छ भन्ने गरिन्छ, **अतिमात्रस्य** = सर्वव्यापक, **परमात्मनः** = परमात्माको, **अङ्गुष्ठमात्रत्वम्** = हृदयमा रहने अपेक्षा नगरेसम्म बूढी औंला परिमाण भएको तथ्य, **अञ्जसा** = वस्तुतः, **न हि एव उपपद्यते** = सिद्ध हुनसक्दैन, **ईशानशब्दादिभ्यः** = ईशान (नियन्ता) आदि शब्दहरूलाई मनन गर्दा, **परमात्मनः** = परमात्माभन्दा, **अन्यः** = अरू कुनै, **न ग्रहणमर्हति** = ग्रहण गरिंदैन ।

विशदीकरण

सर्वव्यापक परमात्मालाई बूढी औंला परिमाणवाला भनी कसरी भनियो ? यस्तो शङ्का भएमा उत्तररूपमा भनिन्छ कि सर्वव्यापक परमात्माको हृदयमा बास हुने तथ्यलाई दृष्टिगत गरेर परमात्मालाई अङ्गुष्ठमात्र परिमाणवाला भनिएको हो । जस्तै – बाँसको तल्लो आँख्लादेखि त्यसमाथिको आँख्लासम्म सोपाधिक आकाश रहेको हुन्छ, तापनि दुई आँख्लाको बीचलाई एकहातको भनेर भनिन्छ ।

वास्तवमा भन्ने हो भने आकाश हातले नापिने विषय होइन । त्यस्तै सर्वव्यापक परमात्माको पनि हृदयमा अवस्थिति हुने विषयलाई दृष्टिगत गरेर अङ्गुष्ठमात्र परिमाणवाला भनिएको हो । वस्तुतः परमात्मा अङ्गुष्ठपरिमाणवाला हुन सक्दैन । यस प्रसङ्गमा श्रौतप्रमाण–हरूमा निहित परमात्माको वाचक ईशान आदि शब्दहरूलाई मनन गर्दा अङ्गुष्ठमात्र परिमाणा–वाला भन्नाले विज्ञानात्मा जीवलाई लिन सकिंदैन ।

शाङ्करभाष्यम्

ननु प्रतिप्राणिभेदं हृदयानामनवस्थितत्वात्तदपेक्षमप्यङ्गुष्ठमात्रत्वं नोपपद्यत इत्यत उत्तरमुच्यते- मनुष्याधिकारत्वादिति । शास्त्रं ह्यविशेषप्रवृत्तमपि मनुष्या–नेवाधिकरोति, शक्तत्वादर्थित्वादपर्युदस्तत्वादुपनयनादिशास्त्राच्चेति वर्णितमेत–दधिकारलक्षणे (जै. ६/१) मनुष्याणां च नियतपरिमाणः कायः । औचित्येन नियतपरिमाणमेव चैषामङ्गुष्ठमात्रं हृदयम् । अतो मनुष्याधिकारत्वाच्छास्त्रस्य मनुष्यहृदयावस्थानापेक्षमङ्गुष्ठमात्रत्वमुपपन्नं परमात्मनः ।

नेपालीभाषानुवाद

ननु = शङ्का, **प्रतिप्राणिभेदम्** = प्रत्येक प्राणीको भिन्नताअनुसार, **हृदयानाम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयप्रवेशहरूको, **अनवस्थितत्वात्** = समानस्वरूप नहुने हुनाले, **तदपेक्षम्** = हृदयको अपेक्षालाई हृदयङ्गम गरेर, **अङ्गुष्ठमात्रत्वम्** = परमात्मा बूढी औंला परिमाण हुने कुरा, **न उपपद्यते** = सिद्ध हुन सक्दैन, **इति** = यस्तो शङ्का प्रति, **अतः** = यसपछि, **उत्तरम्** = उत्तर, **उच्यते** = दिइन्छ, **मनुष्याणाम्** = मनुष्यहरूको, **अधिकारत्वात्** = कर्म, भक्ति र ज्ञानादिमा अधिकार हुने कुरा शास्त्र-प्रमाणित भएकाले (मनुष्यहरूको हृदयमा परमात्माको स्थितिको अपेक्षा गर्दा परमात्माको अङ्गुष्ठमात्र परिमाण सिद्ध हुन्छ, **हि** = किनकि, **अविशेषप्रवृत्तमपि** = सामान्यरूपले जहाँसुकै प्रवृत्त हुने भएमा पनि, **शास्त्रम्** = शास्त्रले, **मनुष्यान्** = मनुष्यहरूलाई, **एव** = नै, **अधिकरोति** = कर्म, भक्ति र ज्ञान आदिको अधिकार प्रदान गर्दछ, **शक्तत्वात्** = सामर्थ्यसम्पन्न भएकाले, **अर्थित्वात्** = कर्मफलको इच्छुक हुनाले, **अपर्युदस्तत्वात्** = निषेध नगरिएको हुनाले, **च**= र, **उपनयनादिशास्त्रात्** = उपनयन आदि कर्मको अधिकार हुनाले अर्थात् उपनयनादि शास्त्रबाट उपनयनादि कार्य गर्नेलाई नै त्रैवर्णिक कर्महरूमा शास्त्रबोधित अधिकार रहेको कुरा, **अधिकार-लक्षणे** = जैमिनिसूत्र अधिकाराध्यायमा, **वर्णितम्** = वर्णन गरिएको छ, **मनुष्याणाम्**= मानिसहरूको, **नियतपरिमाणः** = निश्चित परिमाण भएको, **कायः** = शरीर हुन्छ, **एषाम्** = मानिसहरूको, **औचित्येन** = शरीरको योग्यताद्वारा, **नियतपरिमाणम्** = निश्चित परिमाणले युक्त, **अङ्गुष्ठपरिमाणम्** = बूढी औंला परिमाणको, **हृदयम्** = हृदय हुन्छ, **अतः** = यसकारण, **शास्त्रस्य** = ब्रह्मविद्या प्राप्त गर्ने विषयमा, **मनुष्याधि-कारत्वात्** = मानिसहरूको अधिकार रहेको हुँदा, **मनुष्यहृदयावस्थानापेक्षम्** = मानिसहरूको हृदयमा स्थितिको अपेक्षा गरिएअनुसार (अर्थात् मनुष्यहरूका हृदयको नाप बूढी औंला परिमाणको हुने हुँदा त्यसमा निवास गर्ने परमात्मालाई पनि त्यसै अनुसार बूढी औंला परिमाणको मानिएकाले), **परमात्मनः** = परमात्माको, **अङ्गुष्ठ-मात्रत्वम्** = बूढी औंलामा बराबरको मात्रा (परिणाम) हुने कुरा, **उपपन्नम्** = सिद्ध हुन्छ ।

विशदीकरण

भिन्न भिन्न प्राणीहरूका हृदयहरूमा पनि भिन्नता हुनु स्वाभाविक हो । एक प्राणीभन्दा अर्को प्राणी भिन्न भएपछि एक प्राणीका हृदयभन्दा अर्को प्राणीका हृदयमा भिन्नता हुने कुरा स्वतः सिद्ध छ । त्यसकारण परमात्मालाई "बूढी औंलाको नापो वरावरको स्वरूप भएका" भनेर भन्न कसरी सकिन्छ ? यो पूर्वपक्षीद्वारा उठाइएको प्रश्न हो ।

त्यसको उत्तरमा भनिन्छ कि मनुष्यहरूको कर्म भक्ति र ज्ञान आदिमा अधिकार हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा शास्त्र प्रमाणित भएकाले मनुष्यहरूका हृदयमा परमात्माको बासको अपेक्षा गर्दा मनुष्य हृदय अङ्गुष्ठपरिमाणको भनिएकाले त्यहाँ बास गर्ने मरमात्मालाई पनि सामान्यरूपमा बूढी औंलाको परिमाणवाला भनेर भनिएको हो ।

वस्तुतः शास्त्रको प्रवृत्ति सामान्यतः सर्वत्र भएपनि त्यसमा विशेषाधिकार मानिसहरूको रहेको हुन्छ । किनकि मानिसहरू समर्थ छन्, कर्मफलका इच्छुक हुन्छन्, अनिषिद्ध छन् र उपनयन आदि संस्कारका अधिकारी हुन्छन् भन्ने कुरा जैमिनिसूत्रको अधिकाराध्यायमा वर्णन गरिएको छ । मानिसहरूको निश्चित परिमाणको शरीर हुन्छ र त्यसमा औचित्य अनुसारको अङ्गुष्ठपरिमाणवाला हृदय प्रवेश हुन्छ ।

ब्रह्मविद्या प्राप्त गर्ने सम्बन्धमा मानिसहरूको अधिकार रहेको र मनुष्यका हृदयको नाप 'बूढी औंला बराबरको रहेको हुँदा मानिसहरूका हृदयमा बास गर्ने परमात्माको मानिसका हृदयको नापो अनुसार बूढी औंला परिमाण हुने कुरा सिद्ध हुन आउँछ ।'

शाङ्करभाष्यम्

यदप्युक्तम्, परिमाणोपदेशात्स्मृतेश्च संसार्येवायमङ्गुष्ठमात्रः प्रत्येतव्य इति, तत्प्रत्युच्यते- **'स आत्मा तत्त्वमसि'** इत्यादिवत्संसारिण एव सतोऽङ्गुष्ठमात्रस्य ब्रह्मत्वमिदमुपदिश्यत इति। द्विरूपा हि वेदान्तवाक्यानां प्रवृत्तिः, क्वचित्परमात्मस्वरूपनिरूपणपरा, क्वचिद्विज्ञानात्मनः परमात्मैकत्वोपदेशपरा । तदत्र विज्ञानात्मनः परमात्मनैकत्वमुपदिश्यते, नाङ्गुष्ठमात्रत्वं कस्यचित् । एतमेवार्थं परेण स्फुटीकरिष्यति-

'अङ्गुष्ठमात्रः पुरुषोऽन्तरात्मा सदा जनानां हृदये सन्निविष्टः ।
तं स्वाच्छरीरात्प्रबृहेन्मुञ्जादिवेषीकां धैर्येण, तं विद्याच्छुक्रममृतम्'।।

(का. २/६/१७) इति ।।२५।।

नेपालीभाषानुवाद

परिमाणोपदेशात् = परिमाणको उपदेशबाट, **च** = र, **स्मृतेः** = स्मृतिबाट, **यद् अपि** = जुन यो, **उक्तम्** = भनियो कि, **अयम्** = यो, **संसारी** = सांसारिक जीव, **एव** = नै, **अङ्गुष्ठमात्रः** = अङ्गुष्ठमात्र परिमाणवाला छ भनेर, **प्रत्येतव्यः इति** = जान्नु पर्दछ, **तत्** = त्यसप्रति, **उच्यते** = भनिन्छ (समाधानको रूपमा भनिन्छ), **सः** = त्यो, **आत्मा** = सत्यादिरूप आत्मा छ, **तत्** = त्यो ब्रह्म, **त्वम्** = तिमी, **असि** = हौ, **इत्यादिवत्** = इत्यादि जस्तै, **अङ्गुष्ठमात्रस्य** = अङ्गुष्ठमात्रपरिमाण भएको, **संसारिणः सतः** = संसारी जीवलाई नै, **इदम्** = यसप्रकारको, **ब्रह्मत्वम्** = ब्रह्मरूप छ भन्ने कुरा, **उपदिश्यते इति** = उपदेश गरिन्छ, **हि** = निश्चयरूपले,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्तवाक्यानाम् = वेदान्त (उपनिषद्) वाक्यहरूको, **द्विरूपा** = दुइप्रकारको, **प्रवृत्तिः** = अर्थ गर्ने शैली छ, **क्वचित्** = कहीं, **परमात्मस्वरूपनिरूपणपरा** = परमात्माको स्वरूपको निरूपणमा केन्द्रित र, **क्वचित्** = कहीं (अन्यत्र), **विज्ञानात्मनः** = विज्ञानात्मा जीवको, **परमात्मैकत्वोपदेशपरा** = परमात्माका साथमा एकत्व प्रतिपादन गर्ने अर्थमा केन्द्रित हुन्छ, **तत्** = त्यसकारण, **अत्र** = यहाँ, **विज्ञानात्मनः** = विज्ञानात्मा जीवको, **परमात्मना** = परमात्माका साथ, **एकत्वम्** = एकरूपता, **उपदिश्यते** = बताइन्छ, **कस्यचित्** = जीवात्मा परमात्मामध्ये कुनैको पनि, **अङ्गुष्ठमात्रत्वम्** = अङ्गुष्ठ (बूढी औंला) मात्र परिमाण हुने कुरा, **न** = उपदेश गरिंदैन, **एतम् एव** = यसै, **अर्थम्** = अर्थलाई, **परेण** = पछिको प्रसङ्गबाट, **स्फुटीकरिष्यति** = स्पष्ट गर्नेछन्, **अङ्गुष्ठमात्रः** = अङ्गुष्ठको परिमाण-वाला, **अन्तरात्मा पुरुषः** = अन्तरात्मारूप पुरुष, **सदा** = सधैं, **जनानाम्** = प्राणीहरूको, **हृदये** = हृदयमा, **सन्निविष्टः** = राम्रोसँग रहेको छ, **मुञ्जात्** = मुञ्जनामक झारबाट, **ईषीकाम् इव** = सिन्का झिके जस्तै, **तम्** = अङ्गुष्ठमात्र परिमाण भएको पुरुषलाई, **स्वात्** = आफ्नो, **शरीरात्** = शरीरबाट, **धैर्येण** = धैर्यपूर्वक, **प्रवृहेत्** = बाहिर निकालोस् अर्थात् पृथक् गरोस्, **तम्** = त्यसलाई, **शुक्रम्** = शुद्धस्वरूप, **अमृतम्** = अमृतस्वरूप, **विद्यात्** = जानोस् ।

विशदीकरण

परमात्माको उपदेश र स्मार्तवचनहरूको आधारमा जीवात्मालाई नै अङ्गुष्ठपरिमाणवाला भनेर जान्नु पर्दछ भन्ने जुन पूर्वपक्षीको भनाइ छ, त्यसको समाधानरूपमा भनिन्छ- 'त्यो सत्यस्वरूप परमात्मा हो र आत्मा तिमी नै हौ' आदि वाक्यहरूद्वारा, अङ्गुष्ठमात्रपरिमाणवाला जीवात्मालाई ब्रह्म हो भनेर उपदेश गरिन्छ ।

वस्तुतः वेदान्तवाक्यहरूका दुई प्रकारका प्रवृत्ति रहेका छन् - अर्थात् ती कहीं आत्मस्वरूप निरूपणमा र कहीं विज्ञानात्मा जीव एवं परमात्माको एकत्व प्रतिपादनमा केन्द्रित रहेका छन् । अतः वेदान्तवाक्यहरूले कसैलाई अङ्गुष्ठमात्र परिमाणवाला बताउनु लक्ष्य नभएर जीवात्मा र परमात्माको एकताको उपदेश गर्नु नै लक्ष्य हो ।।२५।।

इतिप्रमिताधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. देवताधिकरणम् {सू. २६-३३}

ब्रह्मसूत्रम् - तदुपर्यपि बादरायणः सम्भवात् १/३/२६

सूत्रार्थ - **तदुपर्यपि** = मनुष्यहरूभन्दा माथि जुन देवता आदि छन्, तिनको पनि ब्रह्मविद्यामा अधिकार छ भन्ने कुरा, **बादरायणः** = आचार्य बादरायण मान्दछन्, **सम्भवात्** = विकाररूप विषयको अनित्यताको आलोचनाद्वारा देवादिहरूमा पनि ब्रह्मविद्याको जिज्ञासा हुनु, शरीरधारण निमित्तक सामर्थ्य हुनु, विद्याप्राप्तिको लागि आवश्यक ब्रह्मचर्य पालन गर्नु जस्ता विषयहरूमा श्रौत र आप्तवाक्यहरू प्रमाण हुनाले देवता आदिको पनि ब्रह्मविद्यामा अधिकार छ ।

शाङ्करभाष्यम्

अङ्गुष्ठमात्रश्रुतिर्मनुष्यहृदयापेक्षा मनुष्याधिकारत्वाच्छास्त्रस्येत्युक्तम्, तत्प्रसङ्गेनेदमुच्यते । बाढम्, मनुष्यानधिकरोति शास्त्रम्, नतु मनुष्यानेवेतीह ब्रह्मज्ञाने नियमोऽस्ति । तेषां मनुष्याणामुपरिष्टाद्ये देवादयस्तानप्यधिकरोति शास्त्रमिति बादरायण आचार्यो मन्यते । कस्मात्? संभवात् । संभवति हि तेषामप्यर्थित्वाद्य-धिकारकारणम् । तत्रार्थित्वं तावन्मोक्षविषयं देवादीनामपि संभवति विकारविषय-विभूत्यनित्यत्वालोचनादिनिमित्तम् । तथा सामर्थ्यमपि तेषां संभवति, मन्त्रार्थवादेति-हासपुराणलोकेभ्यो विग्रहवत्त्वाद्यवगमात् ।

नेपालीभाषानुवाद

शास्त्रस्य = शास्त्रको, **मनुष्याधिकारत्वात्** = मानिसहरूको अधिकारको क्षेत्रमा सत्ता भएकाले, **मनुष्यहृदयापेक्षा** = मानिसहरूका हृदयप्रदेशको अर्थअनुसार भएको, **अङ्गुष्ठमात्रश्रुतिः** = परमात्मा बूढी औंलाको परिमाणवाला छ भन्ने श्रुतिवचन रहेको छ, **बाढम्** = यो सत्य हो अथवा ठीक हो, **शास्त्रम्** = शास्त्रले, **मनुष्यान्** = मनुष्यहरूलाई, **अधिकरोति** = ब्रह्मज्ञानमा अधिकृत गराउँछ, **मनुष्यान् एव** = मानिसहरूलाई मात्र, **शास्त्रम् अधिकरोति** = शास्त्रले अधिकृत बनाउँछ, **इति** = यस्तो, **तु** = त, **न** = होइन, **इह** = यहाँ, **ब्रह्मज्ञाने** = ब्रह्मविद्याको ज्ञानमा, **न नियमः** = मानिसको मात्र अधिकार भन्ने कुनै नियम छैन, **तेषाम्** = ती, **मनुष्याणाम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसहरूको, **उपरिष्टात्** = माथि, **ये** = जुन, **देवादयः** = देवता आदि छन्, **तान् अपि** = तिनलाई पनि, **शास्त्रम्** = शास्त्रले, **अधिकरोति** = अधिकारी बनाउँछ, **इति** = यस्तो, **आचार्यःबादरायणः** = आचार्य बादरायण, **मन्यते** = मान्दछन्, **कस्मात्** = कसरी, (यस्तो जिज्ञासा हुँदा), **सम्भवात्** = सम्भव हुनाले, **तेषाम्** = देवता आदिको, **अपि** = पनि, **अर्थित्वात् अपि** = ब्रह्मजिज्ञासा, मूर्तत्वहैतुक सामर्थ्य र विद्याप्राप्तिका लागि आवश्यक ब्रह्मचर्य पनि हुनु नै, **अधिकारकारणम्**= शास्त्रमा अधिकार हुने विषयका हेतु हुन्, **तत्र** = ती हेतुहरूमा, **तावत्** = सर्वप्रथम, **देवादीनाम्** = देवता आदिको, **अपि** = पनि, **हि** = निश्चय नै, **विकारविषयविभूत्य-नित्यत्वालोचनादिनिमित्तम्** = विकारस्वरूप विषयका विभूतिहरूको अनित्यताको विचारका कारण प्रकट भएको, **मोक्षविषयम्** = मोक्षसँग सम्बन्धित, **अर्थित्वम्** = इच्छा (जिज्ञासा), **संभवति**= हुन सक्दछ, **तथा** = त्यस्तै, **तेषाम्** = देवता आदिको, **मन्त्रार्थवादेतिहासपुराणलोकेभ्यः** = मन्त्र, अर्थवाद, इतिहासपुराण र जनश्रुतिबाट, **विग्रहवत्त्वाद्यवगमात्** = शरीरित्व (शरीर धारण गर्ने विषय) आदिको ज्ञान हुनाले, **सामर्थ्यम्** = ब्रह्मविद्यालाई धारण गर्ने क्षमता, **अपि** = पनि, **सम्भवति** = हुन सक्दछ ।

विशदीकरणम्

शास्त्रहरूमा मानिसहरूको अधिकार हुनाले मनुष्यहृदयको अपेक्षा अनुरूप परमात्मा अङ्गुष्ठमात्र परिमाणवाला हुन्छ भन्ने विषय भनियो । त्यसै अधिकारको प्रसङ्गमा भनिन्छ कि शास्त्रले मनुष्यलाई अधिकारी तुल्याएको छ, तर त्यसको अर्थ मनुष्यलाई मात्र अधिकारी बनाएको भन्ने होइन । अधिकारीको चर्चा गर्दा मनुष्यमात्रले ब्रह्मविद्याको ज्ञानमा अधिकार पाएको छ र अरूले पाएका छैनन् भन्ने कुनै नियम छैन । त्यसकारण मनुष्यलोकमाथि जो देवता आदि छन्, तिनलाई पनि शास्त्रले आफ्नो अधिकारी बनाएको छ भन्ने आचार्य बादरायणको अभिमत रहेको छ ।

यस्तो कुरा गर्दा सामान्यतः कसरी ? भन्ने जिज्ञासा हुन्छ । त्यसको उत्तरमा 'सम्भव भएकाले' भन्न सकिन्छ । देवता आदिमा निहित जिज्ञासा, शरीरित्व र ब्रह्मचर्य आदि विषय नै उनीहरूलाई शास्त्रमा अधिकार दिलाउने कारणका रूपमा रहेका छन् । ती कारणहरू मध्ये सर्वप्रथम विकाररूप विषयका विभूतिहरूको अनित्यताको अनुभवमा आधारित मोक्षविषयक जिज्ञासा निश्चय नै देवता आदिमा पनि सम्भव छ । त्यस्तै मन्त्र, अर्थवाद, इतिहास-पुराण र लोकविश्वासका आधारमा देवताहरू शरीरधारण गर्दछन् भन्ने ज्ञान भएकाले तिनीहरूले शास्त्र अध्ययन गर्न सक्ने सम्भावना रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

न च तेषां कश्चित्प्रतिषेधोऽस्ति। नचोपनयनशास्त्रेणैषामधिकारो निवर्त्येत, उपनयनस्य वेदाध्ययनार्थत्वात्। तेषां च स्वयंप्रतिभातवेदत्वात्। अपि चैषां विद्याग्रहणार्थं ब्रह्मचर्यादि दर्शयति – **'एकशतं ह वै वर्षाणि मघवान्प्रजापतौ ब्रह्मचर्यमुवास'** (छा. ८/११/३), **'भृगुर्वै वारुणिः वरुणं पितरमुपससार। अधीहि भगवो ब्रह्म ।।'** (तै. ३/१) इत्यादि। यद्यपि कर्मस्वनधिकारकारण-मुक्तम्- **'न देवानां देवतान्तराभावात्'** (जै. ६/१/६) इति, **'न ऋषीणामार्षेयान्तराभावात्'** (जै. ६/१/७) इति। न तद्विद्यास्वस्ति। न हीन्द्रादीनां विद्यास्वधि-क्रियमाणानामिन्द्राद्युद्देशेन किञ्चित्कृत्यमस्ति। न च भृग्वादीनां भृग्वादिसगोत्रतया। तस्माद्देवादीनामपि विद्यास्वधिकारः केन वार्यते ? देवाद्यधिकारेऽप्यङ्गुष्ठमात्रश्रुतिः स्वाङ्गुष्ठापेक्षया न विरुध्यते ।।२६।।

नेपालीभाषानुवाद

तेषाम् = देवता आदिका अधिकारका कारणहरूमा, **कश्चित्** = कुनै, **प्रतिषेधः** = निषेध, **अस्ति** = छ, **उपनयनादिशास्त्रेण** = उपनयनविधिलाई बुझाउने शास्त्रद्वारा, **एषाम्** = देवता आदिको, **अधिकारः**= शास्त्र अध्ययन गर्न पाउने अधिकार, **न च निवर्त्येत** = हटाउन सकिंदैन, किनकि; **उपनयनस्य** = उपनयनको, **वेदाध्ययनार्थत्वात्** = वेदाध्ययनको अधिकारका लागि व्यवस्था गरिएको हुनाले, **च** = र, **तेषाम्** = देवता आदिको, **स्वयंप्रतिभातवेदत्वात्**= जन्मान्तर संस्कारहरूद्वारा वेदहरू स्मृतिपथमा प्रतिभाद्वारा स्वयं स्फूर्त हुनाले, **अपि च** = फेरि, **एषाम्** = देवता आदिको, **विद्याग्रहणार्थम्** = विद्याप्राप्तिका लागि (आवश्यक), **ब्रह्मचर्यादि** = ब्रह्मचर्य आदि गुणलाई, **दर्शयति** = श्रुतिले यसरी देखाउँछ, **मघवान्** = इन्द्र, **एकशतम्** = एकसय, **वर्षाणि** = वर्षपर्यन्त, **वै** = निश्चय नै, **प्रजापतौ** = प्रजापतिका समीपमा, **ब्रह्मचर्यम्** = ब्रह्मचारीरूपमा, **उवास ह** = बसे; **वारुणिः** = वरुणका छोरा, **भृगुः** = भृगु, **वै** = निश्चय, **पितरम्** = पिता, **वरुणम्** = वरुणका समीपमा, **उपससार** = गएर भने, **भगवः** = हे भगवन्, **ब्रह्म** = ब्रह्मज्ञान, **अधीहि** = उपदेश गर्नुहोस्; **इत्यादि** = आदि, **यद्यपि** = जो, **कर्मसु** = कर्महरूमा, **अनधिकार-कारणम्** = देवता आदिको अधिकार नभएको कारण, **उक्तम्** = बताइएको छ, त्यो; **देवानाम्** = देवताहरूको (देवोद्देश्यक, देवताहरूका लागि गरिने) कर्ममा, **न**= अधिकार हुँदैन, **देवतान्तराभावात्** = उद्देश्यरूप देवताभन्दा बाहेक अरू देवता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न हुनाले; **ऋषीणाम्** = ऋषिहरूको, **न** = ऋषि उद्देश्यक कर्ममा अधिकार छैन, **आर्षेयान्तराभावात्** = आफू जस्तै अन्य ऋषि नहुनाले, अर्थात् कश्यप ऋषिको लागि आराध्य कश्यप ऋषि नहुनाले, **इति** = यसरी बुझ्नु पर्दछ, **तत्** = कर्ममा अधिकार नहुने कुरा, **विद्यासु** = ब्रह्मविद्या आदिका विषयमा, **न अस्ति** = छैन, **विद्यासु** = ब्रह्मविद्यामा, **अधिक्रियमाणानाम्** = अधिकृत, **इन्द्रादीनाम्** = इन्द्र आदि देवताहरूको, **हि** = निश्चय नै, **इन्द्राद्युद्देश्येन** = इन्द्रको प्रसन्नताको उद्देश्यले, **किञ्चित् कृत्यम्** = केही गर्नुपर्ने कर्तव्य, **न अस्ति** = छैन, **भृग्वादीनाम्** = भृगु आदिको, **भृग्वादिसगोत्रतया** = भृगु आदि सगोत्रको माध्यमबाट, **न च** = भृगु आदिको प्रसन्नताको उद्देश्यले गर्नुपर्ने कुनै कर्तव्य छैन, **तस्मात्** = त्यसकारण, **देवादीनाम्** = देवता आदिको, **अपि** = पनि, **विद्यासु** = ब्रह्मविद्यामा, **अधिकारः**= अधिकार हुने कुरा, **केन** = को द्वारा, **वार्यते** = रोकिन सक्छ र, **देवाद्यधिकारे अपि** = देवादिको अधिकारमा पनि, **स्वाङ्गुष्ठापेक्षया** = आफ्नो औंठाको अपेक्षाले, **अङ्गुष्ठमात्रश्रुतिः** = बूढी औंला परिमाणको परमात्मा हुने कुरा, **न विरुध्यते** = विरुद्ध हुँदैन ।

विशदीकरण

शास्त्रहरूमा मनुष्यहरूको अधिकार भएकाले हृदयमा अङ्गुष्ठपरिमाणवाला पुरुषको अवस्थिति हुने कुरा मानिसहरूका हृदयको अपेक्षाबाट गरिएको हो । त्यसै अधिकारका प्रसङ्गले यहाँ भनिन्छ - शास्त्रले मनुष्यहरूलाई अधिकारी बनाएको भएता पनि मनुष्यहरूलाई मात्र बनाएको छ भन्ने होइन । ब्रह्मविद्या प्राप्त गर्ने सम्बन्धमा मनुष्यमात्रको अधिकार हुने र अरूको नहुने भन्ने कुनै नियम छैन। शास्त्रले मनुष्यहरूभन्दा माथि रहेका देवताहरूलाई पनि जिज्ञासा, अर्थित्व र ब्रह्मचर्य आदि कारण रहेको आधारमा अधिकारी बनाएको सम्भावना आचार्य बादरायणले गरेका छन् । लौकिक विषयविभूतिको अनित्यता दर्शन गर्नाले देवताहरूको पनि मोक्षविषयक जिज्ञासा सम्भव छ ।

मन्त्र, अर्थवाद, इतिहास-पुराण र जनविश्वासका आधारमा देवताहरूले शरीरधारण गर्ने कुराको ज्ञान भएकाले निराकार देवताले कसरी जिज्ञासा गर्ने ? भन्ने सवाल हुँदैन । फेरि देवताहरूलाई ब्रह्मविद्यामा अधिकार छैन भन्ने कुरा कतै पनि शास्त्रहरूमा निर्देश गरिएको छैन । देवताहरूको उपनयनादि संस्कार नहुने हुँदा शास्त्राध्ययनमा अधिकार छैन भन्न पनि सकिदैन । वास्तवमा उपनयन वेदाध्ययनका लागि गरिने संस्कार हो, देवताहरू जन्मान्तर संस्कारका कारणबाट स्वयं वेदलाई स्मरण गर्न सक्ने प्रतिभाले परिपूर्ण हुने हुँदा ती देवताहरू उपनयन नभएका कारणबाट ब्रह्मविद्याका अधिकारी हुँदैनन् भन्न पनि मिल्दैन।

श्रुतिले पनि देवता आदिको विद्याप्राप्तिका लागि ब्रह्मचर्य आदि अङ्गीकार गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथ्य यसरी व्यक्त गरेको छ- 'इन्द्र प्रजापतिका समीपमा एकसय वर्षसम्म ब्रह्मचर्यपूर्वक बसे', वरुणका छोरा भृगुले आफ्ना पिता वरुणका समीपमा गएर भने - 'भगवन् ! मलाई ब्रह्मविद्याको उपदेश गर्नुहोस्' इत्यादि । देवताहरूको कर्ममा अधिकार छैन भन्ने जो भनिएको छ, त्यो देवताले देवोद्देश्यक कर्म गर्न देवता बाहेक अरू देवता नहुने हुँदा भनिएको हो । वसुले वसुको आराधना गर्ने कुरा निश्चय नै मिल्दैन । त्यस्तै कुनै ऋषिले आफ्नै आराधना गर्न पनि मिल्दैन । तर ब्रह्मविद्याको मामलामा यो कुरा लागू हुँदैन । तसर्थ देवताहरूले ब्रह्मविद्या लिने सन्दर्भमा निषेध गर्न कसैले सक्दैन । देवताहरूको शास्त्राधिकारको सन्दर्भमा पनि आफ्नै अङ्गुष्ठको अपेक्षाबाट परमात्माको अङ्गुष्ठपरिमाण हुने विषय विरुद्ध हुँदैन ।।२६।।

ब्रह्मसूत्रम् - विरोधः कर्मणीति चेन्नानेकप्रतिपत्तिदर्शनात् १/३/२७

सूत्रार्थ- **कर्मणि** = यज्ञादिकर्ममा, **विरोधः** = विरोध हुन्छ, **इति चेत्** = यस्तो शङ्का भएमा, **न** = विरोध हुँदैन, **अनेकप्रतिपत्तेः** = देवताहरूद्वारा एउटै समयमा लिइने अनेकरूपताको, **दर्शनात्** = शास्त्रहरूमा दर्शन हुनाले ।

शाङ्करभाष्यम्

स्यादेतत्, यदि विग्रहवत्त्वाद्यभ्युपगमेन देवादीनां विद्यास्वधिकारो वर्ण्येत। विग्रहवत्त्वादृत्विगादिवदिन्द्रादीनामपि स्वरूपसन्निधानेन कर्माङ्गभावोऽभ्युपगम्येत। तदा च विरोधः कर्मणि स्यात् । नहीन्द्रादीनां स्वरूपसन्निधानेन यागेऽङ्गभावो दृश्यते । न च संभवति, बहुषु यागेषु युगपदेकस्येन्द्रस्य स्वरूपसन्निधानतानुपपत्तेरिति चेत्, नायमस्ति विरोधः । कस्मात् ? अनेकप्रतिपत्तेः । एकस्यापि देवतात्मनो युगपदनेकस्वरूपप्रतिपत्तिः संभवति ।

नेपालीभाषानुवाद

एतत् = देवादिको अधिकारमा पनि अङ्गुष्ठमात्रको श्रुति आफ्नै अङ्गुष्ठको अपेक्षाबाट विरुद्ध नहुने कुरा, **स्यात्** = हुन सक्छ, **यदि** = यदि, **विग्रहवत्त्वाद्य-भ्युपगमेन** = शरीरधारिता आदिलाई स्वीकार गरेर, **देवादीनाम्** = देवता आदिको, **विद्यासु** = ब्रह्मविद्यामा, **अधिकारः** = अधिकार, **वर्ण्येत** = वर्णन गरिन्छ भने, **इन्द्रादीनामपि** = इन्द्र आदिहरूको पनि, **ऋत्विगादिवत्** = ऋत्विग् आदिको जस्तै, **विग्रहवत्त्वात्** = शरीरधारी हुनाले, **स्वरूपसन्निधानेन** = स्वरूपलाई मूर्तरूपमा उपस्थित बनाउने प्रक्रियाद्वारा, **कर्माङ्गभावः** = यज्ञकर्मको अङ्गता, **अभ्युपगम्येत**= स्वीकार गर्नु पर्नेछ, **तदा च** = यसरी देवताहरू स्वरूपधारी भएर यज्ञकर्मका अङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्दछन् भन्ने तथ्य स्वीकृत गरिएमा, **कर्मणि** = यज्ञकर्ममा, **विरोधः** = विरोध, **स्यात्** = हुने छ, **हि** = किनकि, **इन्द्रादीनाम्** = इन्द्र आदि देवताहरूको, **स्वरूपसन्निधानेन** = आफ्ना स्वरूपको प्रत्यक्ष उपस्थापनद्वारा, **यागे** = यज्ञमा, **अङ्गभावः** = अङ्गता, **न दृश्यते** = देखिंदैन, **न च सम्भवति** = सशरीर इन्द्र आदि देवताहरू यज्ञमा उपस्थित भई यज्ञको अङ्गता गर्ने कुरा सम्भव पनि छैन, **बहुषु** = धेरै, **यागेषु** = इन्द्रनिमित्तक यज्ञहरूमा, **एकस्य** = एउटा, **इन्द्रस्य** = इन्द्रको, **युगपद्** = एकै पटक, **स्वरूपसन्निधानतानुपपत्तेः** = सर्वत्र सशरीर उपस्थित भई सहभागी बन्ने कुरा नमिल्ने हुनाले, **इति चेत्** = पूर्वपक्षीद्वारा यस्तो शङ्का गरिन्छ भने उत्तरपक्षीरूपमा हामी भन्दछौं, **विरोधः** = विरोध, **न अस्ति** = हुँदैन, **कस्मात्** = किनभने, **अनेकप्रतिपत्तेः** = कुनै पनि शक्तिशाली देवताले एकै पटक अनेकरूप धारण गर्ने हुनाले, **कस्य अपि** = कुनै पनि, **देवतात्मनः** = देवतात्माको, **युगपत्** = एकै पटक, **अनेकस्वरूपप्रतिपत्तिः** = अनेकरूपप्राप्ति, **सम्भवति** = हुन सक्दछ।

विशदीकरण

देवताहरूको ब्रह्मविद्यामा अधिकार छ भन्ने कुरा उनीहरू शरीरधारी हुन्छन् र यज्ञहरूमा सशरीर उपस्थित भई अङ्गता प्राप्त गर्दछन् भन्ने मानेमा मात्र मिल्न आउँछ । इन्द्र आदि सशरीर उपस्थित भई अङ्गता प्राप्त गर्दछन् भन्ने कुरा मान्ने हो भने फेरि कर्ममा विरोध पर्न आउँछ । किनभने इन्द्र आदि देवताहरूले सशरीर उपस्थित भएर यज्ञमा अङ्गता ग्रहण गरेको पाइदैन र सम्भव पनि हुँदैन । त्यस्ता यज्ञहरू एकपटक धेरै ठाउँमा हुन सक्दछन् । ती सबैमा एउटा इन्द्र एकै चोटि सशरीर उपस्थित हुने कुरा पनि मिल्दैन । यो पूर्वपक्षीको आशय हो ।

पूर्वपक्षीद्वारा प्रस्तुत शङ्काको समाधान गर्दै सिद्धान्तपक्षी भन्दछ – तपाईंले भनेको विरोध पर्न आउँदैन, किनकि देवताहरू एकै पटक अनेक स्वरूप लिन सक्दछन् । एउटा देवतात्माका पनि एकै समयमा अनेकरूप हुन सक्दछन् ।

शाङ्करभाष्यम्

कथमेतदवगम्यते ? दर्शनात् । तथा हि – '**कति देवाः**' इत्युपक्रम्य– '**त्रयश्च त्री च शता त्रयश्च त्री च सहस्रा**' इति निरुच्य '**कतमे ते**' इत्यस्यां पृच्छायाम् '**महिमान एवैषामेते त्रयस्त्रिंशत्त्वेव देवाः**' (बृ. ३/९/१-२) इति ब्रुवती श्रुतिरेकैकस्य देवतात्मनो युगपदनेकरूपतां दर्शयति । तथा त्रयस्त्रिंशतोऽपि षडाद्यन्तर्भावक्रमेण '**कतम एको देव इति प्राणः**' इति प्राणैकरूपतां देवानां दर्शयन्ती तस्यैवैकस्य प्राणस्य युगपदनेकरूपतां दर्शयति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

एतत् = यो कुरा, **कथम्** = कसरी, **अवगम्यते** = जानिन्छ, **दर्शनात्** = शास्त्रको अध्ययन (दर्शन)बाट, **तथा हि** = त्यस्तै शास्त्र छ कि, **कति देवाः** = (यज्ञमा स्तुति गर्न योग्य) देवताहरू कति छन्, **इति** = यसरी, **उपक्रम्य** = प्रश्नको आरम्भ गरेर, **त्रयश्च त्री च शता** = तीनसय तीन देवताहरू छन्, **त्रयश्च त्री च सहस्रा** = तीनहजार तीन देवताहरू छन्, अर्थात् तीनहजार तीन सय छ देवताहरू छन् यस्तो भनेर, **ते** = ती देवता, **कतमे** = को, को हुन् भन्ने, **इति** = यसरी, **अस्याम्** = यसप्रकारको, **पृच्छायाम्** = सोधनी भएपछि, **एते** = तीनहजार तीनसय ६ संख्या भएका देवताहरू, **एषाम्** = देवताहरूको नै, **महिमानः एव** = महिमा नै हुन्, **देवाः** = देवताहरू, **त्रयस्त्रिंशत् तु एव** = तेंत्तीस (८ वसु, ११ रुद्र, १२ सूर्य, १ इन्द्र र १ प्रजापति गरी) नै हुन्छन्, **इति** = यस्तो, **निर्ब्रुवती** = निर्वचन गर्ने, **श्रुतिः** = वेदले, **एकैकस्य** = एक एक, **देवतात्मनः** = देवतात्माको, **युगपद्** = एकै पटक, **अनेकरूपताम्** = अनेकरूपतालाई, **दर्शयति** = देखाउँछ, **तथा** = त्यस्तै, **त्रयस्त्रिंशतः अपि** = ३३ देवताहरूको पनि, **षडाद्यन्तर्भावक्रमेण** = ६ (अग्नि, वायु, पृथ्वी, अन्तरिक्ष, आदित्य, दिव) मा अन्तर्भाव र यी सबैको तीनलोकमा अन्तर्भाव, तीन लोकको हिरण्यगर्भमा अन्तर्भाव गर्ने रूपले एकमात्र बाँकी रहेको देवता देखाउने श्रुतिले, **कतमः एकः देवः** = त्यो एक कुन हो भनेर प्रश्न हुँदा, **प्राणः** = प्राण हो भनेर उत्तर दिएको छ, **देवानाम्** = देवताहरूको, **प्राणैकरूपताम्** = एक प्राणरूपता, **दर्शयन्ती** = देखाउने श्रुतिले, **तस्य एव** = त्यसै, **एकस्य** = एक, **प्राणस्य** = प्राणको, **युगपत्** = एकै पटक, **अनेकरूपताम्** = अनेकरूपतालाई, **दर्शयति** = देखाएको छ ।

विशदीकरण

एउटै देवताका अनेकरूप हुन सक्दछन् भन्ने कुरा कसरी जानिन्छ ? भन्ने पूर्वपक्षको शङ्काको समाधानरूप उत्तरपक्षको भनाइ छ, शास्त्रबाट नै त्यो जानिन्छ । बृहदारण्यकोपनिषद्मा शाकल्य र विश्वामित्रको संवादमा यस्तो प्रसङ्ग भेटिन्छ । शाकल्यले यज्ञमा स्तुति गर्न योग्य देवता कति छन् ? र ती को हुन् ? भनेर सोधेपछि याज्ञवल्क्यले उत्तर दिए - तीन सय तीन र तीन हजार तीन। फेरि शाकल्यले सोधे ती देवता वास्तवमा कति छन् ? याज्ञवल्क्यले भने (८ वसु, ११ रुद्र, १२ सूर्य, १ इन्द्र, १ प्रजापति गरी) तेंत्तीस छन्, त्यसपछि शाकल्यको धेरै पटक प्रश्न दोहोरिए पछि याज्ञवल्क्यले भने यी त ती देवताहरूका महिमा हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'एकै देवता अनेक हुन सक्छन्' भन्ने श्रुतिले नै 'एक एक देवताका अनेकरूप हुन्छन्' भन्ने कुरा देखाएको छ । त्यस्तै ३३ देवताहरूको पनि अग्नि, वायु, पृथ्वी, अन्तरिक्ष, आदित्य र दिवमा अन्तर्भाव गर्दा ६ रूप हुन जाने र ती ६ रूपलाई पनि तीन लोकमा अन्तर्भाव गर्दा ३ रूप भएपछि तिनको हिरण्यगर्भमा अन्तर्भाव गर्दा एकरूपता प्राप्त हुन्छ। त्यो एकरूप देवता कुन हो ? भन्ने प्रश्न हुँदा श्रुतिले प्राण हो भन्दै प्राणको पनि अनेकरूपताको प्रतिपादन गरेको छ ।

शाङ्करभाष्यम्

तथा स्मृतिरपि-

'आत्मनो वै शरीराणि बहूनि भरतर्षभ ।
योगी कुर्याद्बलं प्राप्य तैश्च सर्वैर्महीं चरेत् ।।
प्राप्नुयाद्विषयान्कैश्चित्कैश्चिदुग्रं तपश्चरेत् ।
संक्षिपेच्च पुनस्तानि सूर्यो रश्मिगणानिव ।।'

इत्येवंजातीयका प्राप्ताणिमाद्यैश्वर्याणां योगिनामपि युगपदनेकशरीरयोगं दर्शयति । किमु वक्तव्यमाजन्मसिद्धानां देवानाम् । अनेकरूपप्रतिपत्तिसंभवाच्चैकैका देवता बहुभी रूपैरात्मानं प्रविभज्य बहुषु यागेषु युगपदङ्गभावं गच्छतीति । परैश्च न दृश्यतेऽन्तर्धानादिक्रियायोगादित्युपपद्यते ।

नेपालीभाषानुवाद

तथा = त्यस्तै, **स्मृतिरपि** = गीतारूप स्मृतिले पनि भनेको छ, **भरतर्षभ** = हे भरतश्रेष्ठ, **वै** = निश्चय नै, **योगी** = योगीले, **बलम्** = योगजन्य अणिमादि सिद्धिको बललाई, **प्राप्य** = पाएर, **बहूनि** = धेरै, **शरीराणि** = शरीरहरू, **कुर्यात्** = बनाउन सक्छ, **च** = फेरि, **तैः** = ती, **सर्वैः** = निर्मित शरीरहरूबाट, **महीम्** = पृथ्वीमा, **चरेत्** = विचरण गर्न सक्छ, **कैश्चित्** = ती शरीर मध्ये कुनैबाट, **विषयान्** = भोग्यवस्तुलाई, **प्राप्नुयात्** = प्राप्त गर्छ, **कैश्चित्** = कुनै शरीरबाट, **उग्रम्** = कठिन, **तपः** = तपस्या, **चरेत्** = गर्न सक्छ, **पुनश्च** = र फेरि, **सूर्यः** = सूर्यले, **रश्मिगणान्** = किरणपुञ्जलाई, **इव** = जस्तै, **तानि** = ती शरीरलाई, **संक्षिपेत्** = समेट्न सक्छ, **इत्येवंजातीयका** = यसप्रकारको स्मृतिले, **प्राप्ताणिमाद्यैश्वर्याणाम्** = अणिमा आदि ऐश्वर्य पाएका, **योगिनाम्** = योगीहरूको, **अपि** = पनि, **युगपत्** = एकै पटक, **अनेकशरीरयोगम्** = अनेकशरीरको सम्बन्धलाई, **दर्शयति** = देखाउँछ, **आजन्मसिद्धानाम्** = जन्मैदेखि अणिमादिसिद्धि सम्पन्न, **देवानाम्** = देवताहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयमा, **किमु वक्तव्यम्** = के भन्नु पऱ्यो अर्थात् उनीहरू स्वतः समर्थ हुन्छन्, **अनेकरूपप्रतिपत्तिसम्भवात्**= धेरै रूपहरूको प्राप्ति सम्भव भएकाले, **एका एका देवता** = प्रत्येक देवताले, **बहुभिः रूपैः**= अनेकरूपहरूद्वारा, **आत्मानम्** = आत्मालाई, **प्रविभज्य** = विभक्त बनाएर, **बहुषु यागेषु** = अनेक यागहरूमा, **युगपत्** = एकै पटकमा, **अङ्गभावम्** = अङ्गता, **गच्छति** = प्राप्त गर्दछन्, **च** = र, **अन्तर्धानादि-क्रियायोगात्** = अन्तर्धान आदि क्रियायोगको सम्बन्धबाट, **परैः** = अरूद्वारा, **न दृश्यते** = देखिंदैनन्, **इति** = यो कुरा, **उपपद्यते** = सिद्ध हुन्छ ।

विशदीकरण

योगी योगद्वारा अणिमा आदि सिद्धिप्राप्त गरेर आफूलाई अनेक शरीरहरूमा आबद्ध गराई पृथ्वीमा विचरण गर्दछ । कुनै शरीरबाट विषयभोग गर्दछ र कुनै शरीरको माध्यमबाट कठोर तपस्या गर्दछ । त्यसपछि 'सूर्यले आफ्ना किरणहरूलाई समेटे झैं त्यसले ती ती शरीरहरूलाई समेट्दछ' भन्ने कुरा स्मृतिमा अभिव्यक्त भएको छ ।

उक्त तथ्य बताउने स्मृतिले जब अणिमादि सिद्धिसम्पन्न योगीहरूको एकै समयमा अनेक शरीरसँग संबद्धता देखाउँछ भने जन्मसिद्ध देवताहरूको उक्त सामर्थ्यको विषयमा के भन्न बाँकी रहन्छ र? यसरी एकै समयमा अनेक शरीरयोग संभव भएकाले ती देवताहरूले आफ्नो आत्मालाई विभक्त गरी अनेक यागहरूमा एकै समयमा सशरीर उपस्थित भई यागहरूको अङ्गता प्राप्त गर्दछन् । तर अन्तर्धान क्रियाद्वारा अरूका आँखासामु देखिंदैनन् भन्ने कुरा प्रमाणित हुन्छ । अतः देवताहरूको पनि ब्रह्मविद्यामा अधिकार भएको तथ्य पुनः प्रमाणित हुन्छ ।

शाङ्करभाष्यम्

अनेकप्रतिपत्तेर्दर्शनादित्यस्यापरा व्याख्या- विग्रहवतामपि कर्माङ्गभाव-चोदनास्वनेका प्रतिपत्तिर्दृश्यते । क्वचिदेकोऽपि विग्रहवाननेकत्र युगपदङ्गभावं न गच्छति, यथा बहुभिर्भोजयद्भिर्नैको ब्राह्मणो युगपद्भोज्यते । क्वचिच्चैकोऽपि विग्रवाननेकत्र युगपदङ्गभावं गच्छति, यथा बहुभिर्नमस्कुर्वाणैरेको ब्राह्मणो युगपन्नमस्क्रियते । तद्वदिहोद्देशपरित्यागात्मकत्वाद्यागस्य विग्रहवतीमप्येकां देवता-मुद्दिश्य बहवः स्वं स्वं द्रव्यं युगपत्परित्यक्ष्यन्तीति विग्रहवत्त्वेऽपि देवतानां न किञ्चित्कर्मणि विरुध्यते ।।२७।।

नेपालीभावानुवाद

अनेकप्रतिपत्तेः = अनेकरूपको प्राप्ति, **दर्शनात्** = देखिनाले, **इत्यस्य** = यस सूत्रांशको, **अपरा** = अर्को, **व्याख्या** = अर्थ निम्नअनुसार छ, **विग्रहवताम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरधारीहरूको, **अपि** = पनि, **कर्माङ्गभावचोदनासु** = कर्मको अङ्गतासम्बन्धी विधिहरूमा, **अनेका** = अनेक, **प्रतिपत्तिः**= रीति (प्राप्ति), **दृश्यते** = देखिन्छ, **क्वचित्** = कहीं, **एकः अपि** = एउटै पनि, **विग्रहवान्** = शरीरीले, **अनेकत्र** = धेरै ठाउँमा, **युगपत्** = एकै समयमा, **अङ्गभावम्** = अङ्गत्व, **न गच्छति**= पाउँदैन, **यथा** = जस्तै, **बहुभिः** = धेरै, **भोजयद्भिः** = भोजन गराउने यजमानहरूद्वारा, **एकः ब्राह्मणः** = एउटा ब्राह्मण, **युगपत्** = एकै पटकमा, **न भोज्यते** = भोजन गराइँदैन, **च** = र, **क्वचित्** = कहीं, **एकः अपि** = एउटै पनि, **विग्रहवान्** = शरीरधारीले, **अनेकत्र** = धेरै ठाउँमा, **युगपत्** = एकै समयमा, **अङ्गभावम्** = अङ्गता, **गच्छति** = प्राप्त गर्दछ, **यथा** = जस्तै, **बहुभिः** = धेरै, **नमस्कुर्वाणैः** = नमस्कार गर्नेहरूद्वारा, **एकः** = एउटा, **ब्राह्मणः** = ब्राह्मण, **युगपत्** = एकसाथ, **नमस्क्रियते** = नमस्कृत हुन्छ अर्थात् नमस्कार गरिन्छ, **तद्वत्** = त्यस्तै, **इह** = यस प्रसङ्गमा पनि, **यागस्य** = यज्ञको, **उद्देशपरित्यागात्मकत्वात्** = देवतालाई लक्ष्य बनाएर द्रव्यको उत्सर्ग गरिने स्वरूप भएकाले, **विग्रहवतीमपि** = शरीरधारी नै भए पनि, **एकाम्** = कुनै एक, **देवताम्** = देवतालाई, **उद्दिश्य** = लक्ष्य गरेर, **बहवः** = धेरैलाई, **स्वम् स्वम्** = आ-आफ्नो, **द्रव्यम्** = वस्तुको, **परित्यक्षन्ति** = उत्सर्ग गर्ने छन्, **इति** = यसरी, **देवानाम्** = देवताहरूको, **विग्रहवत्त्वे अपि** = शरीरधारित्व भएतापनि, **कर्मणि** = कर्ममा, **किञ्चित्** = कत्ति पनि, केही पनि; **न विरुध्यते** = विरुद्ध हुँदैन ।

विशदीकरण

'**विरोधः कर्मणीति चेन्नानेकप्रतिपत्तेदर्शनात्**' सूत्रको उत्तरार्ध '**अनेकप्रतिपत्ति-दर्शनात्**' को प्रकारान्तरले व्याख्या गरिन्छ – शरीरधारीहरूको पनि कर्ममा अङ्गसम्बन्धी विधिहरूमा अनेक रीति देखिन्छन्। कहीं एउटै शरीरधारी एकै चोटि अनेक ठाउँमा सहभागी हुन सक्दैन । जस्तो कि धेरै यजमानहरूले एउटा ब्राह्मणलाई एकै चोटि भोजन गराउन, खुवाउन सक्तैनन् । फेरि कहीं एउटै शरीरधारी एकै चोटि धेरै ठाउँमा सहभागी बनेको देखिन्छ । जस्तो कि धेरै यजमानहरूले एउटा ब्राह्मणलाई नमस्कार गर्दा त्यो ब्राह्मण एकै समयमा नमस्कृत हुन्छ ।

त्यस्तै यस प्रसङ्गमा पनि देवतालाई लक्ष्य बनाएर द्रव्यको उत्सर्ग गर्नु नै यज्ञको स्वरूप भएकाले शरीरधारी नै भए पनि कुनै एक देवतालाई लक्ष्य गरेर धेरैले एकै पटकमा आ-आफ्ना द्रव्यहरूको उत्सर्ग गर्दछन् । यसरी देवताहरू शरीरधारी भएमा पनि कर्ममा कत्ति पनि अन्तर पर्दैन ।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - शब्द इति चेन्नातः प्रभवात् प्रत्यक्षानुमानाभ्याम् १/३/२८

सूत्रार्थ - **शब्दे** = वेदवाक्यमा विरोध हुने छ कि ?, **इति चेन्न** = यस्तो सोधाइ उचित छैन, **अतः** = वैदिकशब्दहरूबाट, **प्रभवात्** = देव आदि जगत्को प्रादुर्भाव हुनाले, यो कुरा; **प्रत्यक्षानुमानाभ्याम्** = प्रत्यक्षरूप श्रुति र अनुमानरूप स्मृतिबाट प्रमाणित हुन्छ ।

शाङ्करभाष्यम्

मा नाम विग्रहवत्त्वे देवादीनामभ्युपगम्यमाने कर्मणि कश्चिद्विरोधः प्रसञ्जि। शब्दे तु विरोधः प्रसज्येत । कथम् ? औत्पत्तिकं हि शब्दस्यार्थेन संबन्धमाश्रित्य 'अनपेक्षत्वात्' इति वेदस्य प्रामाण्यं स्थापितम् । इदानीं तु विग्रहवती देवता-ऽभ्युपगम्यमाना यद्यप्यैश्वर्ययोगाद्युगपदनेककर्मसंबन्धीनि हवींषि भुञ्जीत, तथापि विग्रहयोगादस्मदादिवज्जननमरणवती सेति नित्यस्य शब्दस्य नित्येनार्थेन नित्ये संबन्धे प्रतीयमाने यद्वैदिके शब्दे प्रामाण्यं स्थितं तस्य विरोधः स्यादिति चेत्, नायमप्यस्ति विरोध । कस्मात् ? अतः प्रभवात् । अत एव हि वैदिकाच्छब्दा-द्देवादिकं जगत् प्रभवति ।

नेपालीभाषानुवाद

देवादीनाम् = देवता आदिको, **विग्रहवत्त्वे** = शरीरधारित्वलाई, **अभ्युप-गम्यमाने** = स्वीकार गरेको खण्डमा, **कर्मणि** = कर्ममा, **कश्चित्** = कुनै, **विरोधः**= विरोध, **मा नाम प्रसञ्जि**= आउने छैन, **तु**= तर, **शब्दे**= शब्दमा, **विरोधः**= विरोध, **प्रसज्ज्येत**= पर्न सक्छ, **कथम्** = कसरी भन्ने भएमा, **शब्दस्य** = शब्दको, **अर्थेन**= अर्थका साथ, **औत्पत्तिकम्** = स्वाभाविक, **सम्बन्धम्** = सम्बन्धलाई, **आश्रित्य**= मानेर, **अनपेक्षत्वात्** = अरू कुनै प्रमाणको अपेक्षा गर्न नपर्ला, **इति**= यस्तो कारणद्वारा, **वेदस्य** = वेदको, **प्रामाण्यम्** = प्रमाणतालाई, **स्थापितम्** = अङ्गीकार गरिएको छ, **इदानीम्** = अहिले, **विग्रहवती** = शरीरधारी भनेर, **अभ्युपगम्यमाना**= सकारिएको, **देवता** = देवताले, **यद्यपि** = यद्यपि, **ऐश्वर्ययोगात्** = ऐश्वर्यको प्रभावबाट, **युगपत्**= एकै समयमा, **अनेककर्मसम्बन्धीनि** = अनेक कर्मसम्बन्धी, **हवींषि** = हविहरूलाई, **भुञ्जीत**= ग्रहण गर्न (खान) सक्तछन्, **तथापि** = तापनि, **सा** = त्यो देवता, **विग्रहयोगात्** = शरीरधारी भएको कारणबाट, **अस्मदादिवत्** = हामीहरू जस्तै, **जननमरणवती**= जन्म र मृत्यु धर्म भएका मानिने छन्, **इति**= यस्तो स्थितिमा, **नित्यस्य शब्दस्य** = नित्य शब्दको, **नित्येन अर्थेन** = नित्य अर्थका साथ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यसम्बन्धे = नित्यसम्बन्ध, **प्रतीयमाने** = प्रतीयमान हुनाले, **यत्** = जुन, **वैदिके** = वैदिक, **शब्दे** = शब्दमा, **प्रामाण्यम्** = अन्य प्रमाणको अपेक्षा गर्नु नपर्ने प्रमाणरूपता, **स्थितम्** = स्थापित गरिएको छ, **तस्य** = त्यस प्रमाणरूपताको, **विरोधः**= विरोध, **स्यात्**= संभव छ, **इति चेत्** = यस्तो शङ्का छ भने सुन, त्यहाँ, **न विरोधः**= विरोध हुँदैन, **कस्मात्** = किन विरोध पर्दैन, **अतः प्रभवात्** = त्यसबाट देवादिको उत्पत्ति भएकाले, **अतः एव हि वैदिकात् शब्दात्** = त्यसैबाट अर्थात् वैदिक शब्दबाट, **देवादिकं जगत्** = देवता आदि जगत्, **प्रभवति** = उत्पन्न हुन्छ ।

विशदीकरण

देवादिलाई शरीरधारी मान्दा यद्यपि कर्ममा कुनै विरोध न आउला तर शब्दमा भने विरोध देखिन आउँछ । किनकि शब्दको अर्थका साथ स्वाभाविक अथवा नित्य सम्बन्धको विषयलाई लिएर अरू कुनै प्रमाण नचाहिने हुँदा शब्दमूलक वेदलाई प्रमाण मानिएको छ। यहाँनेर देवताहरूलाई शरीरधारी मानिएको प्रसङ्गमा यद्यपि ऐश्वर्यशक्तिबाट एकै पटकमा देवताहरूले अनेक कर्मसम्बन्धी हविको भोग गर्न सक्लान्, तर देहधारीहरूले अवश्यमेव जन्म र मरण भोग्नु पर्ने हुँदा देवताहरूले पनि देहधारी भएका कारण जन्म र मरणको प्रक्रियामा जानुपर्ने देखिन आउँछ ।

अतः नित्य शब्दको नित्य अर्थका साथ नित्यसम्बन्ध प्रतीत हुनाले जुन वैदिक शब्दमा प्रामाण्य रहेको छ, त्यसमा विरोध पर्न आउँछ भन्ने पूर्वपक्षीको शङ्का रहेको छ । त्यस शङ्काको समाधान गर्दै सिद्धान्तपक्षी भन्दछ - उक्त सम्बन्धमा कुनै किसिमको पनि विरोध पर्दैन, किनकि वैदिकशब्दबाट नै यो देवादि जगत् उत्पन्न हुने गर्दछ ।

शाङ्करभाष्यम्

ननु **'जन्माद्यस्य यतः'** (बृ. १/१/२) इत्यत्र ब्रह्मप्रभवत्वं जगतोऽवधारितम्, कथमिह शब्दप्रभवत्वमुच्यते ? अपि च यदि नाम वैदिकाच्छब्दादस्य प्रभवोऽभ्युपगतः, कथमेतावता विरोधः शब्दे परिहृतः ? यावता वसवो रुद्रा आदित्या विश्वेदेवा मरुत इत्येतेऽर्था अनित्या एवोत्पत्तिमत्त्वात् । तदनित्यत्वे च तद्वाचिनां वैदिकानां वस्वादिशब्दानामनित्यत्वं केन निवार्यते ? प्रसिद्धं हि लोके देवदत्तस्य पुत्र उत्पन्ने यज्ञदत्त इति तस्य नाम क्रियत इति । तस्माद्विरोध एव शब्द इति चेत् - न, गवादिशब्दार्थसम्बन्धनित्यत्वदर्शनात् । न हि गवादिव्यक्तीनामुत्पत्तिमत्त्वे तदाकृतीनामप्युत्पत्तिमत्त्वं स्यात् । द्रव्यगुणकर्मणां हि व्यक्तय एवोत्पद्यन्ते, नाकृतयः। आकृतिभिश्च शब्दानां संबन्धः, न व्यक्तिभिः, व्यक्तीनामानन्त्यात्संबन्धग्रहणानुपपत्तेः । व्यक्तिषूत्पद्यमानास्वप्याकृतीनां नित्यत्वान्न गवादिशब्देषु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कश्चिद्विरोधो दृश्यते । तथा देवादिव्यक्तिप्रभवाभ्युपगमेऽप्याकृतिनित्यत्वान्न कश्चिद्वस्वादिशब्देषु विरोध इति द्रष्टव्यम् ।

नेपालीभाषानुवाद

ननु = शङ्का हुन्छ कि **'जन्माद्यस्य यतः'** **इत्यत्र** = 'जन्माद्यस्य यतः' भन्ने ब्रह्मसूत्रको प्रथम अध्यायको प्रथमपादको दोस्रो सूत्रमा, **जगतः** = संसारको, **ब्रह्मप्रभवत्वम्** = ब्रह्मबाट उत्पत्ति हुने कुरा, **अवधारितम्** = निश्चित गरिएको छ भने, **इह** = यहाँ, **कथम्** = कसरी, **शब्दप्रभवत्वम्** = देवादि जगत्को शब्दबाट उत्पत्ति हुने कुरा, **उच्यते** = भनिंदैछ, **अपि च** = र अर्को कुरा, **यदि** = यदि, **वैदिकात् शब्दात्** = वैदिक शब्दबाट, **अस्य** = देवता आदिको, **प्रभवः** = उत्पत्ति, **अभ्युपगतः नाम** = स्वीकारिन्छ भने पनि, **एतावता** = यसबाट, **शब्दे** = शब्दमा पर्न आउने, **विरोधः** = विरोध, **कथम्** = कसरी, **परिहृतः** = निवारित हुन्छ, **यावता** = जबकि, **वसवः** = वसुहरू, **रुद्राः** = रुद्रहरू, **आदित्याः** = आदित्यहरू, **विश्वेदेवाः** = विश्वेदेवहरू, **मरुतः** = मरुत्हरू, **इत्येते** = यी सबै, **अर्थाः** = अर्थहरू, **अनित्या एव** = अनित्य नै ठहरिन्छन्, **च** = र, **तदनित्यत्वे** = तिनीहरूको अनित्यता ठहरिए पछि, **तद्वाचिनाम्** = वसु, रुद्र आदिका वाचक, **वैदिकानाम्** = वेदमा उल्लिखित, **वस्वादिशब्दानाम्** = वसु आदि शब्दहरूको, **अनित्यत्वम्** = अनित्यतालाई, **केन**= कुन उपायले, **निवार्यते** = रोक्न सकिन्छ र, **लोके** = संसारमा, **देवदत्तस्य** = देवदत्तनामवाला कुनै व्यक्तिको, **पुत्रे** = छोरा, **उत्पन्ने** = उत्पन्न हुँदा, **तस्य** = त्यस छोराको, **यज्ञदत्तः इति** = यज्ञदत्त यस्तो, **नाम** = नाम, **क्रियते** = राखिन्छ भन्ने कुरा, **प्रसिद्धम्** = प्रसिद्ध नै छ, **तस्मात्** = त्यसकारण, **शब्दे एव** = शब्दमा नै, **विरोधः** = विरोध नै छ, **चेत्** = यस्तो शङ्का हुन्छ भने, **न** = यो शङ्का ठीक छैन, किनभने; **गवादिशब्दार्थसम्बन्धनित्यत्वदर्शनात्** = गो(गाईको वाचक)शब्द र त्यसको अर्थ (गाई) को सम्बन्धमा नित्यता देखिनाले, **गवादिव्यक्तीनाम्** = काली, माली, धौली आदि नाम भएका प्रत्येक गाई व्यक्तिको, **उत्पत्तिमत्त्वेऽपि** = उत्पत्ति हुने कुरा भएतापनि, **तदाकृतीनाम्** = तिनका आकृतिहरूको (जाति र जातिका व्यञ्जकहरूको) पनि, **उत्पत्तिमत्त्वम्** = उत्पत्ति हुने कुरा, **न हि स्यात्** = हुँदैन, **हि** = निश्चय नै, **द्रव्यगुणकर्मणाम्** = द्रव्य, गुण र कर्महरूमा, **व्यक्तयः** = व्यक्तिहरूनै, **उत्पद्यन्ते** = उत्पन्न हुन्छन्, **आकृतयः** = आकृतिहरू, **न**= उत्पन्न हुँदैनन्, **शब्दानाम्**= शब्दहरूको, **सम्बन्धः** = सम्बन्ध, **आकृतिभिः**= आकृतिहरूसँग हुन्छ, **न व्यक्तिभिः**= व्यक्तिहरूसँग हुँदैन, **व्यक्तीनाम्** = व्यक्तिहरूको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्त्यात् = अनन्तसङ्ख्या हुनाले, **संबन्धग्रहणानुपपत्तेः** = उनीहरूसँग शब्दहरूका सम्बन्धको ग्रहण हुन सक्तैन, **व्यक्तिषु**= व्यक्तिहरू, **उत्पद्यमानासु अपि** = उत्पत्तिवाला भएतापनि, **आकृतीनाम्** = गाई आदि आकृति अर्थात् गोजाति र गोजातिव्यञ्जकहरूको, **नित्यत्वात्** = नित्यता हुनाले, **गवादिशब्देषु** = गो (गाई) आदि शब्दहरूमा, **कश्चित्** = कुनै, **विरोधः** = विरोध, **न दृश्यते** = देखिंदैन, **तथा** = त्यस्तै, **देवादिव्यक्तिप्रभवाऽभ्युपगमेऽपि** = वसु, रुद्र आदि देवता व्यक्तिहरूको उत्पत्ति हुने कुरा स्वीकार गरिए पनि, **आकृतिनित्यत्वात्** = जाति, रूप र आकृतिमा नित्यता हुनाले, **वस्वादिशब्देषु** = वेदोक्त वसु आदि शब्द र अर्थमा, **न कश्चित् विरोधः** = कुनै विरोध पर्न आउँदैन भन्ने कुरा, **द्रष्टव्यम्** = बुझ्नु पर्दछ ।

विशदीकरण

'**जन्माद्यस्य यतः**' सूत्रमा जगत्को उत्पत्ति ब्रह्मबाट हुने कुरा बताइएको छ भने यस सूत्रमा किन शब्दबाट जगत्को उत्पत्ति हुने कुरा गरियो भन्ने शङ्का र शब्दबाट नै जगत्को उत्पत्तिलाई सकारेको खण्डमा पनि शब्दनिर्दिष्ट वसु, रुद्र, आदित्य, मरुत् आदि उत्पत्तिधर्मी हुने भए पछि तिनका वाचक शब्दहरू पनि अनित्य नै ठहर्छन् र शब्द नित्यतावादमा विरोध पर्दैन र ? भन्ने पूर्वपक्षको शङ्का रहेको छ।

उक्त शङ्काको समाधान गर्दै उत्तरपक्ष भन्दछ– कुनै विरोध पर्दैन, किनकि शब्द र अर्थको सम्बन्ध नित्य भनिएको छ । गाई आदि व्यक्तिहरूको उत्पत्ति हुने भएता पनि गोत्व जाति र गोत्व जातिका व्यञ्जकहरूको उत्पत्ति हुँदैन, किनकि व्यक्ति भिन्न-भिन्न प्रकारका हुनसक्छन्, तर जाति, आकृति त भूत, वर्तमान र भविष्यमा पनि एकै प्रकारका रहन्छन् ।

द्रव्यगुण र कर्मबाट व्यक्ति नै उत्पन्न हुन्छन् । शब्दहरूको ती उत्पत्तिधर्मवाला व्यक्तिहरूसँग सम्बन्ध रहँदैन र जातिसँग सम्बन्ध रहन्छ । व्यक्ति धेरै छन् र ती सँग शब्दको सम्बन्ध बन्दैन । यसरी व्यक्तिहरू उत्पत्तिधर्मवाला भएतापनि जाति र आकृतिको नित्यताका कारण कुनै विरोध हुँदैन । देव व्यक्तिहरूको (मरुत्, वसु, रुद्र आदि देवताहरूको) उत्पत्ति भएता पनि देवत्व जाति नित्य भएकाले वसु आदि शब्दहरूमा कुनै विरोध पर्दैन भन्ने कुरा बुझ्नु पर्दछ ।

शाङ्करभाष्यम्

आकृतिविशेषस्तु देवादीनां मन्त्रार्थवादादिभ्यो विग्रहवत्त्वाद्यवगमादवगन्तव्यः स्थानविशेषसंबन्धनिमित्ताश्चेन्द्रादिशब्दाः सेनापत्यादिशब्दवत् । ततश्च यो यस्तत्तत्स्थानमधिरोहति स स इन्द्रादिशब्दैरभिधीयत इति न दोषो भवति । न चेदं शब्दप्रभवत्वं ब्रह्मप्रभवत्ववदुपादानकारणाभिप्रायेणोच्यते । कथं तर्हि ? स्थिते वाचकात्मना नित्ये शब्दे नित्यार्थसंबन्धिनी शब्दव्यवहारयोग्यार्थव्यक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्पत्तिः । '**अतः प्रभवः**' इत्युच्यते । कथं पुनरवगम्यते शब्दात्प्रभवति जगदिति? प्रत्यक्षानुमानाभ्याम् । प्रत्यक्षं श्रुतिः, प्रामाण्यं प्रत्यनपेक्षत्वात् । अनुमानं स्मृतिः, प्रामाण्यं प्रति सापेक्षत्वात् । ते हि शब्दपूर्वां सृष्टिं दर्शयतः । '**एत इति वै प्रजापतिर्देवानसृजतासृग्रमिति मनुष्यानिन्दव इति पितॄँस्तिरःपवित्रमिति ग्रहानाशव इति स्तोत्रं विश्वानीति शस्त्रमभिसौभगेत्यन्याः प्रजाः**' इति श्रुतिः । तथाऽन्यत्रापि '**स मनसा वाचं मिथुनं समभवत्**' (बृ. १/२/४) इत्यादिना तत्र तत्र शब्दपूर्विका सृष्टिः श्राव्यते ।

नेपालीभाषानुवाद

मन्त्रार्थवादादिभ्यः = मन्त्र एवं अर्थवाद आदिबाट, **विग्रहवत्त्वाद्यवगमात्**= शरीरवाला हुन्छन् भन्ने बोध गरे पछि, **देवादीनाम्** = देवता आदिको, **आकृतिविशेषः**= आकारविशेष पनि, **अवगन्तव्यः** = जान्नु पर्दछ, **सेनापत्यादिशब्दवत्** = सेनापति, सेनानायक, दण्डनायक, शब्दजस्तै; **इन्द्रादिशब्दाः** = इन्द्र आदि शब्दहरू, **स्थानविशेषसम्बन्धनिमित्ताः** = स्थानविशेष अथवा पदविशेषसँग सम्बन्धका निमित्त हुन्, **ततश्च** = त्यसकारण, **यः यः** = जो जो, **तत् तत् स्थानम्** = त्यस त्यस स्थान वा पदमा, **अधिरोहति** = आरूढ हुन्छ, **सः सः** = त्यो त्यो, **इन्द्रादिशब्दैः** = इन्द्र आदि शब्दहरूबाट, **अभिधीयते** = संबोधित हुन्छ, **इति** = यसकारण, **दोषः** = दोष, **न भवति** = हुँदैन, **इदम्** = यो, **शब्दप्रभवत्वम्** = शब्दबाट देवादि जगत्को सृष्टि हुने कुरा, **उच्यते** = भनिन्छ त्यो, **ब्रह्मप्रभवत्वम्** = ब्रह्मबाट जगत्को सृष्टि हुने कुरा जस्तै, **उपादानकारणाभिप्रायेण** = उपादानकारणको अभिप्रायबाट, **न** = होइन, **कथम् तर्हि** = कुन अभिप्रायले हो त, **वाचकात्मना** = वाचकरूपबाट, **नित्यार्थसंबन्धिनि** = नित्य अर्थसँग सम्बन्ध राख्ने, **नित्ये शब्दे** = नित्य शब्द, **स्थिते** = स्थिर छँदा, **शब्दव्यवहारयोग्यार्थव्यक्तिनिष्पत्तिः** = शब्दबाट व्यवहार योग्य अर्थव्यक्तिको उत्पत्ति हुन्छ यसकारण, **अतः प्रभवः इति** = शब्दबाट देवादि जगत् उत्पन्न हुन्छ भनेर भनिन्छ, **पुनः**= फेरि, **शब्दात्** = शब्दबाट, **जगत्** = देवादि जगत्, **प्रभवति इति** = उत्पन्न हुन्छ भन्ने कुरा, **कथम्** = कसरी, **अवगम्यते** = जानिन्छ, **प्रत्यक्षानुमानाभ्याम्** = (उक्त जिज्ञासाको उत्तररूपमा भनिन्छ) प्रत्यक्ष र अनुमानबाट, **प्रामाण्यं प्रति** = आफूलाई प्रमाणित गराउन, **अनपेक्षत्वात्** = अरू कुनै प्रमाणको आवश्यकता नहुनाले, **श्रुतिः** = वेद, **प्रत्यक्षम्** = प्रत्यक्षप्रमाणका रूपमा रहेको छ, **अनुमानम्** = अनुमान प्रमाण, **स्मृतिः** = धर्मशास्त्र हो, **प्रामाण्यम्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रति = प्रमाणताको लागि, **सापेक्षत्वात्** = सापेक्ष हुनाले, **हि** = निश्चय नै, **ते** = श्रुति र स्मृतिले, **शब्दपूर्वाम्** = शब्दपूर्वक हुने, **सृष्टिम्** = देवादि जगत्को उत्पत्तिलाई, **दर्शयतः** = देखाउँछन्, **एते इति** = देवताको स्मारक **एते** शब्दबाट, **वै** = निश्चय नै देवताहरूलाई स्मरण गरेर, **प्रजापतिः** = प्रजापतिले, **देवान्** = देवताहरूलाई, **असृजत** = सृष्टि गरे, **असृग्रम् इति** = **असृग्रम्** शब्दको स्मरण गरेर, **मनुष्यान्** = असृग्मय (रुधिरमय) देहमा रमाउने मनुष्यहरूको सृष्टि गरे, **इन्दवः इति** = **इन्दवः** शब्दको स्मरण गरेर, **पितृन्**= पितृहरूको सृष्टि गरे, **तिरःपवित्रम्** = **तिरःपवित्रम्** यस शब्दको स्मरण गरेर, **ग्रहान्** = ग्रहहरूको सृष्टि गरे, **आशवः इति** = **आशवः** पदबाट स्तोत्रको स्मरण गरेर, **स्तोत्रम्** = स्तोत्रको रचना गरे, **विश्वानि इति** = **विश्वानि** पदबाट शस्त्रको स्मरण गरेर, **शस्त्रम्** = शस्त्रको सृष्टि गरे, **अभिसौभगा इति** = **अभिसौभगा** शब्दबाट प्रजाहरूको स्मरण गरेर, **अन्याः प्रजा** = अरू प्रजाहरूको सृष्टि गरे, **इति श्रुतिः**= यो वेदवचन हो, **तथा** = त्यस्तै, **अन्यत्र अपि**= अन्य स्थलरूमा पनि, **सः** = ती प्रजापतिले, **मनसा** = मनबाट, **वाचम्** = वेदवाणीको, **मिथुनं समभवत्** = द्वन्द्वभावले भावना गरे अर्थात् मनद्वारा वेदत्रयीको समालोचना गरे, **इत्यादिना** = इत्यादि ऋचाहरूद्वारा, **तत्र तत्र** = वेदका विभिन्न स्थलहरूमा, **शब्दपूर्विका** = शब्दपूर्वक हुने, **सृष्टिः**= सृष्टिलाई, **श्राव्यते** = सुनाइएको छ अर्थात् प्रतिपादन गरिएको छ ।

विशदीकरण

मन्त्र र अर्थवादबाट देवताहरूले शरीरधारण गर्ने तथ्य अवगत हुनाले देवताहरूको आकृतिविशेष पनि हुन्छ । गो आदि व्यक्तिमा गोशब्दको प्रवृत्तिको कारण गोत्व जाति नै हो। कहीं प्रवृत्तिमा उपाधि कारण हुन्छ जस्तै - स्थानविशेष सम्बन्धरूप उपाधिद्वारा सेनापति शब्दको प्रयोग गरिन्छ । त्यस्तै इन्द्र आदि पद पनि स्थानविशेष नै हुन् । जो त्यस पदमा आरूढ हुन्छ, त्यो इन्द्र कहलाउँछ । अतः व्यक्ति विनश्वर भएतापनि जाति नित्य हुन्छ ।

अतः शब्द र अर्थको सम्बन्ध पनि नित्य नै छ । यसकारण शब्द प्रामाण्यमा कुनै विरोध आउँदैन । जस्तो कि ब्रह्म जगत्को उत्पत्तिमा उपादानकारण बन्दछ, त्यस्तै शब्द देवादि जगत्को उत्पत्तिमा उपादानकारण हुँदैन, अपितु निमित्तकारण हुन्छ । यसरी पूर्वापर समीक्षा गर्दा कारणविषयमा कुनै विरोध देखिंदैन । देव, मनुष्य र पशु आदि व्यक्तिहरूमा नित्यरूपले समवायसम्बन्धले रहने धर्मनै जाति कहलाउँछ, जस्तै- देवत्व, मनुष्यत्व, पशुत्व आदि । मनुष्यशब्दको सम्बन्ध मनुष्यत्व जातिसँग हुन्छ । देवशब्दको सम्बन्ध देवत्व जातिसँग रहेको हुन्छ । यसकारण शब्द नित्य छ र शब्दबाट जगत्को उत्पत्ति हुन्छ।

उक्त विषयमा श्रुति प्रमाण छ- '**एते इति प्रजापतिः**' यस श्रुतिवाक्यमा निहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'**एते**' पदले देवताहरूलाई स्मरण गराउँछ, '**असृग्रम्**' पदले मनुष्यको सम्झना गराउँछ। '**इन्दवः**' चन्द्रमण्डलमा रहने पितृहरूको स्मारक हो, त्यस्तै **तिरःपवित्रम्** शब्द ग्रहहरूको, **आशव** शब्द स्तोत्रहरूको, **विश्वानि** पद शस्त्रको र **अभिसौभगा** पद अन्य प्रजाहरूको संस्मारक हो । त्यस्तै अन्यत्र पनि '**स मनसा**' इत्यादि वाक्यद्वारा शब्दपूर्वक हुने सृष्टिको प्रतिपादन गरिएको छ ।

शाङ्करभाष्यम्

स्मृतिरपि –

'अनादिनिधना नित्या वागुत्सृष्टा स्वयंभुवा ।
आदौ वेदमयी दिव्या यत सर्वाः प्रवृत्तयः ।' इति ।

उत्सर्गोऽप्ययं वाचः संप्रदायप्रवर्तनात्मको द्रष्टव्यः, अनादिनिधनाया अन्यादृशस्योत्सर्गस्यासंभवात् । तथा –

'नाम रूपञ्च भूतानां कर्मणाञ्च प्रवर्तनम् ।
वेदशब्देभ्य एवादौ निर्ममे स महेश्वरः ।।' (मनु. १/२१) इति
'सर्वेषां तु स नामानि कर्माणि च पृथक्पृथक् ।
वेदशब्देभ्य एवादौ पृथक्संस्थाश्च निर्ममे ।।' इति च ।

अपि च चिकीर्षितमर्थमनुतिष्ठंस्तस्य वाचकं शब्दं पूर्वं स्मृत्वा पश्चात्तमर्थमनुतिष्ठतीति सर्वेषां नः प्रत्यक्षमेतत् । तथा प्रजापतेरपि स्रष्टुः सृष्टेः पूर्वं वैदिकाः शब्दा मनसि प्रादुर्बभूवुः, पश्चात्तदनुगतानर्थान्ससर्जेति गम्यते । तथा च श्रुतिः – **'स भूरिति व्याहरन्स भूमिमसृजत'** (तै.ब्रा. २/२/४/२) इत्येवमादिका भूरादिशब्देभ्य एव मनसि प्रादुर्भूतेभ्यो भूरादिलोकान्सृष्टान्दर्शयति ।

नेपालीभाषानुवाद

आदौ = सृष्टिको आरम्भमा, **स्वयम्भुवा** = स्वयम्भूले, **अनादिनिधना** = अनादि र अनन्त, **नित्या** = नित्य, **दिव्य** = दिव्य, **वेदमयी** = वेदमय, **वाक्** = वाणीलाई, **उत्सृष्टा** = अभिव्यक्त गरे, **यतः** = जुन वेदवाणीबाट, **सर्वाः** = सबै, **प्रवृत्तयः** = सांसारिक प्रवृत्तिहरूको प्रवर्त्तन भयो, **इति** = यस्तो, **स्मृतिः** = स्मृतिवचन, **अपि** = पनि छ, **अयम्** = यस, **उत्सर्गः अपि** = वाणीहरूको उत्सर्ग अथवा अभिव्यञ्जनालाई पनि, **सम्प्रदायप्रवर्तनात्मकः** = गुरु–शिष्यपरम्पराद्वारा गरिने अध्ययनरूप सम्प्रदायको प्रर्वतनका रूपमा, **द्रष्टव्यः**= बुझ्नु पर्दछ, **अनादिनिधनायाः**= अनादि र अनन्त वाणीको, **अन्यादृशस्य** = अरू कुनै प्रकारको, **उत्सर्गस्य**= उत्सर्ग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा अभिव्यञ्जनाको, **असंभवात्** = संभव नहुनाले, **तथा** = त्यस्तै, **सः** = महेश्वरले ती परमेश्वरले, **आदौ** = सृष्टिको आरम्भमा, **वेदशब्देभ्यः एव** = वैदिकशब्दहरूबाट नै, **भूतानाम्** = प्राणीहरूको, **नाम** = नाम, **रूपञ्च** = रूप पनि, **च** = र, **कर्मणाम्** = कर्महरूका, **प्रवर्त्तनम्** = प्रवृत्तिको, **निर्ममे** = रचना गरे, **इति** = यस्तो र फेरि, **सः** = ती महेश्वरले, **तु** = त, **आदौ** = सृष्टिको आरम्भमा, **सर्वेषाम्** = सबै प्राणीहरूको, **पृथक् पृथक्** = अलग अलग, **नामानि** = नामहरू, **च** = र, **कर्माणि** = कर्महरू, **च** = र, **पृथक्** = अलग अलग, **संस्थाश्च** = अवस्थाहरू, **वेदशब्देभ्यः एव** = वैदिकशब्दहरूबाट नै, **निर्ममे** = बनाए, **इति च** = यस्तो पनि स्मृतिवचन छ, **अपि च** = र फेरि, **चिकीर्षितम्** = अभीष्ट, **अर्थम्** = वस्तुलाई, **अनुतिष्ठन्** = बनाउन चाहने कुनै पुरुषले, **पूर्वम्** = सर्वप्रथम, **तस्य** = त्यस वस्तुको, **वाचकम्** = वाचक, **शब्दम्** = शब्दलाई, **स्मृत्वा** = याद गरेर, **पश्चात्** = त्यस पछि, **तम्** = त्यस, **अर्थम्** = अभीष्ट वस्तुलाई, **अनुतिष्ठन्** = बनाउँछ, **इति एतत्** = यो कुरा, **नः सर्वेषाम्** = हामी सबैलाई, **प्रत्यक्षम्** = प्रत्यक्ष छ, **तथा** = त्यस्तै, **स्रष्टुः** = जगत्स्रष्टा, **प्रजापतेः** = प्रजापतिको, **अपि** = पनि, **मनसि** = मनमा, **पूर्वम्** = सृष्टि गर्नुभन्दा पहिले, **वैदिकाः शब्दाः** = वैदिकशब्दहरू, **प्रादुर्बभूवुः**= उत्पन्न भए, **पश्चात्** = त्यसपछि प्रजापतिले, **तदनुगतान्**= ती शब्दसँग सम्बद्ध, **अर्थान्** = अर्थहरूको, **ससर्ज** = रचना गरे, **इति** = यो तथ्य, **गम्यते** = ज्ञात हुन्छ, **तथा च** = त्यस्तै, **सः** = उनले, **भूः इति** = भूः यस्तो, **व्याहरन्** = उच्चारण गरे र, **सः** = तिनले, **भूमिम्** = पृथ्वीको, **असृजत** = रचना गरे, **इत्यादिका**= यसरूपको, **श्रुतिः** = वेदले, **मनसि** = प्रजापतिका मनमा, **प्रादुर्भूतेभ्यः**= प्रादुर्भाव भएका, **शब्देभ्यः** = वैदिकशब्दहरूबाट, **सृष्टान्** = उत्पन्न भएका, **भूः आदिलोकान्**= भू आदि लोकहरूलाई, **दर्शयति** = देखाउँछ ।

विशदीकरण

रामायण, महाभारत र पुराण आदि वाक्यसमुदाय जसरी महापुरुषहरूद्वारा निर्मित छन्, त्यसरी वैदिकशब्दहरूको उत्पत्ति भएको छैन । अपितु त्यो गुरु-शिष्यपरम्पराबाट प्रवृत्त भएको अध्ययन हो र यसैलाई सम्प्रदाय पनि भनिन्छ । जस्तै कुम्हालेले गाग्रो बनाउनभन्दा पहिले त्यस गाग्राको नाम सम्झेर त्यसको आकार प्रकारलाई विचार गरीकन गाग्राको स्वरूप निर्माण गर्दछ । त्यस्तै प्रजापतिले पनि पूर्व-पूर्व कल्पका संस्कारहरूबाट कुनै वस्तुको नाम सम्झेर त्यस वस्तुको शब्दबाट निर्माण गर्दछन् । यस प्रकार 'वैदिक शब्दहरूबाट जगत् उत्पन्न हुन्छ र शब्दपूर्वक अर्थको सृष्टि हुन्छ' भन्ने कुरा श्रुति स्मृतिहरूबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणित हुन्छ ।

शाङ्करभाष्यम्

किमात्मकं पुनः शब्दमभिप्रेत्येदं शब्दप्रभवत्वमुच्यते ? स्फोटमित्याह । वर्णपक्षे हि तेषामुत्पन्नप्रध्वंसित्वान्नित्येभ्यः शब्देभ्यो देवादिव्यक्तीनां प्रभव इत्यनुपपन्नं स्यात् । उत्पन्नध्वंसिनश्च वर्णाः, प्रत्युच्चारणमन्यथा चान्यथा च प्रतीयमानत्वात्। तथाहि – अदृश्यमानोऽपि पुरुषविशेषोऽध्ययनध्वनिश्रवणादेव विशेषतो निर्धार्यते– देवदत्तोऽयमधीते, यज्ञदत्तोऽयमधीते इति । न चायं वर्णविषयोऽन्यथात्वप्रत्ययो मिथ्याज्ञानम्, बाधकप्रत्ययाभावात् । न च वर्णेभ्योऽर्थावगतिर्युक्ता । न ह्येकैको वर्णोऽर्थं प्रत्याययेत्, व्यभिचारात् । न च वर्णसमुदायप्रत्ययोऽस्ति, क्रमवत्त्वाद्वर्णानाम् । पूर्वपूर्ववर्णानुभवजनितसंस्कारसहितोऽन्त्यो वर्णोऽर्थं प्रत्याययिष्यतीति यद्युच्येत। तन्न, संबन्धग्रहणापेक्षो हि शब्दः स्वयं प्रतीयमानोऽर्थं प्रत्याययेत्, धूमादिवत् । न च पूर्वपूर्ववर्णानुभवजनितसंस्कारसहितस्यान्त्यवर्णस्य प्रतीतिरस्ति, अप्रत्यक्षत्वात् संस्काराणाम् । कार्यप्रत्यायितैः संस्कारैः सहितोऽन्त्यो वर्णोऽर्थं प्रत्याययिष्यतीति चेत्– न, संस्कारकार्यस्यापि स्मरणस्य क्रमवर्तित्वात् । तस्मात्स्फोट एव शब्दः । स चैकैकवर्णप्रत्ययाहितसंस्कारबीजेऽन्त्यवर्णप्रत्ययजनितपरिपाके प्रत्ययिन्येकप्रत्ययविषयतया झटिति प्रत्यवभासते । न चायमेकप्रत्ययो वर्णविषया स्मृतिः, वर्णानामनेकत्वादेकप्रत्ययविषयत्वानुपपत्तेः । तस्य च प्रत्युच्चारणं प्रत्यभिज्ञायमानत्वान्नित्यत्वम्, भेदप्रत्ययस्य वर्णविषयत्वात् । तस्मान्नित्याच्छब्दात् स्फोटरूपादभिधायकात् क्रियाकारकफललक्षणं जगदभिधेयभूतं प्रभवतीति ।

नेपालीभाषानुवाद

पुनः = फेरि, **किमात्मकम्** = वर्णात्मक र स्फोटात्मक मध्ये कुन रूपको, **शब्दम्** = शब्दलाई, **अभिप्रेत्य** = मानेर, **इदम्** = प्रसङ्गमा आएको, **शब्दप्रभवत्वम्**= सम्पूर्ण देवादि जगत् शब्दबाट उत्पन्न हुन्छ भनेर, **उच्यते** =भनिन्छ यस्तो प्रश्न हुँदा वैयाकरणपक्षले, **स्फोटम्**= स्फोटात्मक शब्दलाई मानेर शब्दबाट जगत् उत्पन्न हुन्छ, **इति** = यस्तो, **आह** = भन्दछ, **हि** = निश्चय नै, **वर्णपक्षे** = वर्णात्मक शब्दबाट सृष्टि मानेको खण्डमा, **तेषाम्** = गकार आदि वर्णहरूको, **उत्पन्नप्रध्वंसित्वात्** = उत्पन्न र नष्ट हुने स्वभाव भएकाले, **नित्येभ्यः शब्देभ्यः** = नित्य शब्दहरूबाट, **देवादिव्यक्तिनाम्** = देवता आदि व्यक्तिहरूको, **प्रभवः** = उत्पत्ति हुन्छ भन्ने कुरा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुपपन्नम् = असिद्ध वा अयुक्त हुने छ अर्थात् सिद्ध हुने छैन, **च** = र, **प्रत्युच्चारणम्** = प्रत्येक उच्चारणमा, **अन्यथा अन्यथा** = फरक फरक, **प्रतीयमानत्वात्** = देखिनाले, **वर्णाः** = वर्णहरू, **उत्पन्नप्रध्वंसिनः** = उत्पन्न हुन्छन् र नष्ट हुन्छन्, **तथाहि** = किनकि, **अध्ययनध्वनिश्रवणात्** = अध्ययन गर्दाका समयको ध्वनि सुन्नाले, **अदृश्यमानः** = परोक्षमा रहेको, **पुरुषविशेषः** = कुनै अध्ययनशील पुरुष, **विशेषतः** = विशेषरूपबाट, **अयम्** = यो, **देवदत्तः** = देवदत्तनामको मानिस, **अधीते** = अध्ययन गर्दैछ, **अयम्** = यो, **यज्ञदत्तः**= यज्ञदत्तनामको मानिस, **अधीते**= अध्ययन गर्दैछ, **इति** = यसरी, **निर्धार्यते** = ठम्याइन्छ, **अयम्** = यो, **वर्णविषयः**= वर्णसम्बन्धी, **अन्यथात्वप्रत्ययः**= भिन्न भिन्न रूपको प्रतीति, **मिथ्याज्ञानम्** = मिथ्याज्ञान (असत्य ज्ञान), **न** = होइन, **बाधकप्रत्ययाभावात्** = किनकि त्यसको कुनै बाधक भान छैन, **वर्णेभ्यः** = वर्णहरूबाट, **अर्थावगतिः** = अर्थज्ञान हुन्छ भन्ने कुरा, **न च युक्ता** = युक्तियुक्त पनि छैन, **हि** = किनकि, **एकैकः** = छुट्टा छुट्टै वर्णले, **अर्थम्**= तात्पर्यलाई, **न प्रत्याययेत्** = बुझाउन सक्तैन, **व्यभिचारात्** = दोष हुने हुनाले, न मिल्दो हुनाले (अर्थात् एउटा वर्णबाट पदको अर्थप्रतीति गर्न सकिदैन, वर्णमात्र बाट अर्थको प्रतीति हुँदैन र यदि यस्तो भएमा अरू वर्ण व्यर्थ हुन जान्छन्, त्यसकारण व्यभिचार हुनाले), **च** = र, **वर्णसमुदायप्रत्ययः** = वर्णसमुदायबाट अर्थज्ञान, **न अस्ति** = हुँदैन, **क्रमवत्त्वात्** = वर्णहरूको क्रम हुनाले (अर्थात् एउटा समयमा एउटा वर्णको र अर्को समयमा अर्को वर्णको छुट्टा छुट्टै अर्थज्ञान हुनाले, शब्दहरूको सम्पूर्णरूपमा ज्ञान भएपछि मात्र ज्ञान हुन्छ र वर्णसमुदायबाट मात्र अर्थज्ञान हुन सक्तैन), **यदि** = यदि, **पूर्वपूर्ववर्णानुभवजनितसंस्कारसहितः** = पूर्व पूर्व वर्णहरूको अनुभवबाट उत्पन्न संस्कारले सहित भएको, **अन्त्यः** = अन्तिम, **वर्णः** = वर्णले, **अर्थम्** = अर्थलाई, **प्रत्याययिष्यति**= बुझाउने छ, **इति** = यस्तो, **उच्येत**= भनिन्छ भने पनि, **तत् न** = त्यो हुँदैन, **धूमादिवत्** = धूम आदि हेतु जस्तै, (अर्थात् पर्वतमा ज्ञात भएको हेतु धूमले अग्निको अनुमितिको ज्ञान भए झैं), **सम्बन्धग्रहणापेक्षः** = सम्बन्ध ग्रहणको अपेक्षा राख्ने, अर्थसँग सङ्केत ग्रहणको अपेक्षा राख्ने, **शब्दः** = शब्दले, **स्वयम्** = आफू, **प्रतीयमानः** = ज्ञात भएर नै, **अर्थम्** = अर्थलाई, **प्रत्याययेत्** = बुझाउँछ, **पूर्वपूर्ववर्णानुभवजनितसंस्कारसहितस्य** = पूर्व पूर्व वर्णहरूको अनुभवद्वारा जनित संस्कारवाला, **अन्त्यवर्णस्य** = अन्तिमवर्णको, **न च प्रतीतिरस्ति** = प्रतीति हुँदैन, **संस्काराणाम्** = संस्कारहरूको, **अप्रत्यक्षत्वात्** = प्रत्यक्षता नहुनाले, **कार्यप्रत्यायितैः** = स्मरणरूप कार्यद्वारा ज्ञापित, **संस्कारैः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारहरूले, **सहित** = युक्त, **अन्त्यः** = अन्तिम, **वर्णः** = वर्णले, **अर्थम्** = अर्थलाई, **प्रत्याययिष्यति**= प्रत्यायन (बोध) गराउनेछ, **न** = त्यो पनि हुँदैन किनभने, **संस्कारकार्यस्य** = संस्कारको कार्यरूप, **स्मरणस्यापि** = स्मरणको पनि, **क्रम-वर्तित्वात्** = छुट्टा छुट्टै वर्णको छुट्टा छुट्टै स्मरणको क्रम रहनाले अर्थात् वर्णहरू क्रमयुक्त हुँदा तिनका अनुभव पनि क्रमैले हुने हुनाले अनुभव जस्तै संस्कार पनि क्रमैले हुन्छन्, संस्कारको कार्य स्मरण पनि क्रमैले हुन्छ, त्यसैले अन्तिम वर्ण अर्थज्ञानको हेतु हुन सक्तैन, **तस्मात्** = त्यसकारण वर्णहरूमा अर्थप्रतीतिको अभाव हुनाले, **स्फोटः एव शब्दः** = स्फोट नै शब्द हो (**स्फुट्यते वर्णैरभिव्यज्यते इति स्फोटः**) वर्णहरूबाट व्यक्त हुने अर्थको प्रतीति गराउने जो **गो** आदि शब्द छ त्यो नै स्फोट हो, **सः च** = त्यो स्फोट, **एकैकवर्णप्रत्ययाहितसंस्कारबीजे** = एक एक वर्णको प्रतीतिद्वारा जसमा संस्कारको बीजाधान गरिएको छ, **अन्त्यवर्णप्रत्यय-जनितपरिपाके** = अन्तिम वर्णको प्रतीतिद्वारा जसमा परिपाक अर्थात् अन्तिम संस्कार उत्पन्न गराइएको छ, **प्रत्ययिनि** = त्यस्तो चित्तमा, **एकप्रत्ययविषयतया** = एक ज्ञानको विषयका रूपमा, **झटिति** = अतिशीघ्र, **अवभासते** = अभिव्यक्त हुन्छ, **अयम्**= यो स्फोटरूप, **एकप्रत्ययः** = एकात्मक ज्ञान, **वर्णविषया** = वर्णविषयक, **स्मृतिः** = सम्झना, **न** = होइन, **वर्णानाम्** = वर्णहरूको, **अनेकत्वात्** = अनेकता हुनाले, **एकप्रत्ययविषयस्य** = एकात्मकज्ञानका विषयताको, **अनुपपत्तेः** = वर्णहरूमा सङ्गति नहुनाले, **तस्य** = स्फोटको, **प्रत्युच्चारणम्** = प्रत्येक उच्चारणमा, **प्रत्यभि-ज्ञायमानत्वात्** = प्रत्यभिज्ञाको विषयता रहनाले, **नित्यत्वम्** = नित्यता प्रमाणित हुन्छ, **भेदप्रत्ययस्य** = भेदप्रतीतिको अर्थात् उदात्त, अनुदात्त, स्वरित आदि भेदज्ञान वा तार, मन्द, आदि भेदप्रतीतिको, **वर्णविषयत्वात्** = वर्णहरूसँग मात्र सम्बन्ध रहनाले, **तस्मात्** = त्यसकारण, **नित्यात्** = नित्यस्वरूप, **अभिधायकात्** = वाचक, **स्फोटात्** = स्फोटरूप शब्दबाट, **क्रियाकारकफललक्षणम्** = क्रिया र कारकरूपी फलवाला, **अभिधेयम्** = अर्थरूप, **जगत्** = संसार, **प्रभवतीति** = उत्पन्न हुन्छ ।

विशदीकरण

स्फोटात्मकशब्द जगत्को जनक हो कि वर्णात्मकशब्द, यसको उत्तरमा वैयाकरणहरू स्फोटात्मक शब्द नै जगत्को जनक हो भन्दछन् । उनीहरूको मतमा वर्णात्मकशब्दबाट जगत्को सृष्टि मानेको खण्डमा वर्ण स्वयं नै उत्पन्न हुने र नष्ट हुने हुँदा अनित्य भएकाले 'नित्य शब्दबाट देवता आदि जगत्को सृष्टि हुन्छ' भन्ने भनाइ नमिल्ने हुन आउँछ ।

कसैले अध्ययनको अवसरमा उच्चारण गरेको ध्वनि सुन्दा त्यो पढ्ने व्यक्ति न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिएता पनि 'यो देवदत्त हो या यो यज्ञदत्त हो' भनेर ठम्याइन्छ । फेरि वर्णहरूबाट अर्थज्ञान हुने कुरा पनि युक्तिसंगत छैन। छुट्टा छुट्टै वर्णले अर्थ बुझाउँन सक्तैनन् र वर्णसमुदायले पनि अर्थ बुझाउन सक्तैन । पूर्व-पूर्व वर्णहरूमध्ये संस्कारसहित अन्तिम वर्णले अर्थ बोध गराउने कुरा पनि युक्तिसंगत हुँदैन । धूमादिले स्वयं प्रतीयमान भएर अग्नि आदिको प्रत्यायन गराए झैं शब्दले पनि संकेत सम्बन्धको अपेक्षा राख्दछ, स्वयं ज्ञात भएको शब्दबाट नै अर्थ प्रतीति हुन सक्तछ ।

अतः पूर्व-पूर्व वर्णजनित संस्कारले युक्त भएको अन्तिम वर्णबाट अर्थ प्रतीति हुन सक्तैन, किनकि संस्कारहरूको क्रमिकता हुँदा वर्णसमुदायको भानमा व्यत्यास पर्न जाने सम्भावना हुन आउँछ र संस्कार स्वयं अप्रत्यक्ष पनि छ अर्थात् ज्ञात छैन । संस्कारको कार्यरूप स्मरण पनि क्रमवाला भएकाले वर्णहरूबाट अर्थप्रतीति हुँदैन । अतः देवादि जगत्को उत्पत्तिको निमित्तकारण शब्द स्फोटात्मक नै हो । अतः स्फोटरूप नित्यवाचक शब्दबाट क्रियाकारक र फलरूप अभिधेयात्मक जगत् उत्पन्न हुन्छ । यो वैयाकरणहरूको मत हो ।

शाङ्करभाष्यम्

'वर्णा एव तु शब्दः' इति भगवानुपवर्षः । ननूत्पन्नप्रध्वंसित्वं वर्णानामुक्तम्; तन्न, त एवेति प्रत्यभिज्ञानात् । सादृश्यात्प्रत्यभिज्ञानं केशादिष्विवेति चेत् - न, प्रत्यभिज्ञानस्य प्रमाणान्तरेण बाधानुपपत्तेः । प्रत्यभिज्ञानमाकृतिनिमित्तमिति चेत्- न, व्यक्तिप्रत्यभिज्ञानात् । यदि हि प्रत्युच्चारणं गवादिव्यक्तिवदन्या अन्या वर्ण-व्यक्तयः प्रतीयेरँस्तत आकृतिनिमित्तं प्रत्यभिज्ञानं स्यात्, नत्वेतदस्ति, वर्णव्यक्तय एव हि प्रत्युच्चारणं प्रत्यभिज्ञायन्ते । द्विर्गोशब्द उच्चारित इति हि प्रतिपत्तिर्न तु द्वौ गोशब्दाविति । ननु वर्णा अप्युच्चारणभेदेन भिन्नाः प्रतीयन्ते देवदत्तयज्ञदत्तयो-रध्ययनध्वनिश्रवणादेव भेदप्रतीतेरित्युक्तम्। अत्राभिधीयते- सति वर्णविषये निश्चिते प्रत्यभिज्ञाने संयोगविभागाभिव्यङ्ग्यत्वाद्वर्णानामभिव्यञ्जकवैचित्र्यनिमित्तोऽयं वर्णविषयो विचित्रः प्रत्ययो न स्वरूपनिमित्तः। अपि च वर्णव्यक्तिभेदवादिनापि प्रत्यभिज्ञानसिद्धये वर्णाकृतयः कल्पयितव्याः । तासु च परोपाधिको भेदप्रत्यय इत्यभ्युपगन्तव्यम् । तद्वरं वर्णव्यक्तिष्वेव परोपाधिको भेदप्रत्ययः स्वरूपनिमित्तञ्च प्रत्यभिज्ञानमिति कल्पनालाघवम्। एष एव च वर्णविषयस्य भेदप्रत्ययस्य बाधकः प्रत्ययो यत्प्रत्यभिज्ञानम् । कथं ह्येकस्मिन्काले बहूनामुच्चारयतामेक एव सन् गकारो युगपदनेकरूपः स्यात्? उदात्तश्चानुदात्तश्च स्वरितश्च सानुनासिकश्च निरनुनासिकश्चेति। अथवा- ध्वनिकृतोऽयं प्रत्ययभेदो न वर्णकृत इत्यदोषः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

वैयाकरणमतको विरुद्ध सिद्धान्तमत राख्दै आचार्य भन्नुहुन्छ, **वर्णाः एव** = वर्णहरू नै, **तु** = त, **शब्दः** = शब्द हो, **इति** = यसरी, **भगवान्** = आदरणीय, **उपवर्षः** = उपवर्ष भन्नुहुन्छ, (तार्त्पय यो छ कि- वर्णहरू नै शब्द हुन्, वर्णहरू अतिरिक्त स्फोट शब्दको अनुभव नै हुँदैन) **ननु** = शङ्का हुन्छ कि, **वर्णानाम्** = वर्णहरूको, **उत्पन्नप्रध्वंसित्वम्** = उत्पन्न हुने र नाश हुने स्वभाव, **उक्तम्** = जो भनियो, **तत् न** = त्यो होइन, **त एवेति प्रत्यभिज्ञानात्** = जुन वर्णको उच्चारण देवदत्तले गऱ्यो ती वर्ण नै यज्ञदत्तबाट उच्चारण गरिएका छन् भन्ने प्रत्यभिज्ञाबाट वर्णहरू उत्पन्न- प्रध्वंसी होइनन्, यहाँ शङ्का हुन्छ-, **केशादिषु इव** = काटिएर फेरि उम्रेका कपालका रौं आदिमा, **सादृश्यात्** = पुराना केश जस्तै यी रौं भन्ने समानताबाट, **प्रत्यभिज्ञानम् चेत्**= जस्तो भ्रमात्मक प्रत्यभिज्ञा हुन्छ, त्यस्तै वर्णहरूमा पनि पहिले उच्चारण गरिएका वर्ण जस्तै अहिले उच्चारण गरिएका वर्णहरू भनेर भ्रमात्मक प्रत्यभिज्ञा हुन्छ कि भन्ने प्रश्न हुँदा, त्यसको उत्तरमा भनिन्छ –, **न** = त्यस्तो भ्रमात्मक प्रत्यभिज्ञा वर्णहरूको मामलामा हुँदैन, **प्रमाणान्तरेण** = अरू प्रमाणबाट, **बाधानुपपत्तेः** = वर्णहरूको प्रत्यभिज्ञा भ्रमात्मक हो भन्ने कुरा असिद्ध हुनाले, अर्थात् भ्रमको प्रमाणान्तरबाट नाश हुन्छ, तर वर्णहरूको प्रत्यभिज्ञाको अवरोधक केही पनि छैन, **प्रत्यभिज्ञानम्** = प्रत्यभिज्ञा, **आकृतिनिमित्तकम् इति चेत्** = आकृति वा जातिबाट हुने कुरा हो कि, **न**= होइन, **व्यक्तिप्रत्यभिज्ञानात्** = व्यक्तिको नै प्रत्यभिज्ञा गरिनाले, **यदि** = यदि, **हि** = वास्तवमा, **प्रत्युच्चारणम्** = प्रत्येक उच्चारणमा, **गवादिव्यक्तिवत्** = गो आदि व्यक्ति जस्तै, **अन्याः अन्याः** = थरी थरीका, **वर्णव्यक्तयः** = वर्णव्यक्तिहरू, **प्रतीयेरन्** = प्रतीत हुन्थे भने, **ततः** = त्यसकारणबाट, **आकृतिनिमित्तम्** = आकृतिको आधारमा हुने, **प्रत्यभिज्ञानम्** = प्रत्यभिज्ञा, **स्यात्**= हुने थियो, **एतत्** = यो कुरा, **तु** = त, **न अस्ति** = हुँदैन, **हि** = वास्तवमा, **प्रत्युच्चारणम्** = प्रत्येक उच्चारणमा, **वर्णव्यक्तयः एव** = वर्ण व्यक्तिहरू नै, **प्रत्यभिज्ञायन्ते** = प्रत्यभिज्ञाबाट जानिन्छन्, **द्विः** = दुइपटक, **गोशब्दः** = गोपद, **उच्चारित इति** = उच्चारण गरियो भन्ने, **प्रतिपत्तिः**= ज्ञान हुन्छ, तर; **द्वौ** = दुइवटा, **गोशब्दौ** = गोशब्दहरू उच्चारण गरिए, **इति** = यस्तो, **न** = प्रतीति हुँदैन, **ननु** = शङ्का हुन्छ, **वर्णाः अपि** = वर्णहरू पनि, **उच्चारणभेदेन** = उदात्त, अनुदात्त आदि भेदले उच्चारणभेदद्वारा, **भिन्नाः** = भिन्न-भिन्न, **प्रतीयन्ते** = प्रतीत हुन्छन्, **देवदत्तयज्ञदत्तयोः** = देवदत्त र यज्ञदत्तको, **अध्ययनध्वनिश्रवणादेव** = अध्ययनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्त हुने फरक फरक ध्वनिको श्रवण गर्नाले नै, **भेदप्रतीतेः** = भेदको प्रतीति हुनाले, **इति** = यस्तो कुरा, **उक्तम्** = भनिसकिएको छ, **अत्र** = यहाँ, **अभिधीयते**= त्यस शङ्काको उत्तररूपमा भनिन्छ, **वर्णविषये** = वर्णको विषयमा, **निश्चिते** = निश्चित, **प्रत्यभिज्ञाने सति** = प्रत्यभिज्ञा भएपछि, **वर्णानाम्** = वर्णहरूको, **संयोग-विभागाभिव्यङ्ग्यत्वात्** = तत्तत् तालु आदि स्थानहरूमा वायु आदिको संयोग र विभागद्वारा अभिव्यक्ति हुनेहुँदा, **यः अयम्** = जो यो, **वर्णविषयः** = वर्णसम्बन्धी, **विचित्रः** = आश्चर्यजनक, **प्रत्ययः** = ज्ञान, **अभिव्यञ्जकवैचित्र्यनिमित्तः** = अभिव्यञ्जक स्थान र वायुको विचित्रताका हेतुबाट उत्पन्न हुन्छ, **स्वरूपनिमित्तः** = वर्णको स्वरूपको आधारबाट हुने, **न** = होइन, **अपि च** = र फेरि, **वर्णव्यक्तिभेद-वादिनाम्** = वर्णरूप व्यक्तिका भेद मान्नेहरूका मतमा, **अपि** = पनि, **प्रत्यभिज्ञान-सिद्धये** = प्रत्यभिज्ञानको सिद्धिका लागि, **वर्णाकृतयः** = वर्णमा आकृतिहरू (जाति), **कल्पयितव्याः** = कल्पनीय हुन आउँछन् अर्थात् वर्णका जातिहरूको कल्पना गर्नुपर्ने हुन्छ, **तासु** = वर्णका आकृति वा जातिहरूमा, **भेदप्रत्ययः**= उदात्त, अनुदात्त आदि भेदप्रतीति, **परोपाधिकः इति** = अन्य उपाधिनिमित्तक, **इति** = भन्ने कुरा, **अवगन्तव्यम्** = स्वीकार गर्नुपर्ने हुन्छ, **तद्वरम्** = वर्णका जातिको कल्पना भन्दा राम्रो त, **वर्णव्यक्तिषु एव** = वर्णरूप व्यक्तिहरूमा नै, **परोपाधिकः** = अन्य उपाधिनिमित्तक, **भेदप्रत्ययः** = भेदप्रतीति, **च** = र, **स्वरूपनिमित्तकम्** = स्वरूपमा आधारित, **प्रत्यभिज्ञानम्** = प्रत्यभिज्ञा, **इति** = यो स्वीकार गर्नुमा, **कल्पनालाघवम्**= कल्पनाको लघुता हुन्छ अर्थात् थोरै कल्पना गरेपुग्छ, **यत्** = जो, **प्रत्यभिज्ञानम्** = प्रत्यभिज्ञाको, **एषः एव** = यो नै, **वर्णविषयस्य** = वर्णमा आधारित, **भेदप्रत्ययस्य**= भेदज्ञानको, **बाधकः** = बाधक, **प्रत्ययः** = ज्ञान हो, **हि** = वास्तवमा, **एकस्मिन् काले** = एउटै समयमा, **बहूनाम् उच्चारयताम्** = उच्चारण गर्ने धेरै व्यक्तिहरूको उच्चारणप्रक्रियाद्वारा उच्चारित, **गकारः** = गकार अर्थात् ग वर्ण, **एकः एव सन्** = एउटै हुँदा हुँदै पनि, **युगपत्** = एकसाथ, **उदात्तश्च** = उदात्त स्वरवाला, **अनुदात्तश्च**= अनुदात्त स्वरवाला **स्वरितश्च** = स्वरित स्वरवाला, **सानुनासिकश्च** = सानुनासिक र, **निरनासिकश्चेति** = अनुनासिक नभएको, **कथं स्यात्**= कसरी हुन्छ, **अथवा** = यसको उत्तर यसरी दिनसकिन्छ -, **अयम्** = माथि बताइएको, **प्रत्ययभेदः**= उदात्त, अनुदात्त आदि प्रतीतिभेद, **ध्वनिकृतः** = ध्वनिबाट हुनगएको हो, **न वर्णकृतः** = वर्णबाट भएको होइन, **इति** = यसकारण, **अदोषः** = दोष हुँदैन, अर्थात् वर्णमा स्वतः कुनै अन्तर छैन, जो भेद प्रतीति हो, त्यो त उच्चारण गर्ने मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चारणप्रक्रियामा ध्वनिमा जो अन्तर हुन्छ त्यसैको कारणले हो । अतः धेरैबाट उच्चारण गरिएको गकारमा स्वतः कुनै अन्तर हुँदैन ।

विशदीकरण

सम्प्रदायको युक्तिपूर्वक सिद्धान्त प्रतिपादन गर्दै आचार्य भन्नुहुन्छ– भगवान् उपवर्षको मतमा वर्णरूप नै शब्द हो । वर्णभन्दा बाहेक स्फोटको अनुभव हुँदैन । फेरि वर्णहरू उत्पन्न र नाश हुने प्रकृतिका अनित्य हुँदैनन्, जुन वर्णलाई देवदत्तले उच्चारण गरेको थियो, त्यो नै यो वर्ण हो जसको उच्चारण यज्ञदत्त गर्दैछ यस प्रकारको प्रत्यभिज्ञाबाट वर्णको नित्यता प्रमाणित हुन्छ । यस्तो प्रत्यभिज्ञा कपालका काटिएका रौं उम्रिएको जस्तो कतै भ्रमरूप त होइन भन्ने शङ्का पनि उचित छैन । कपालका रौंको भ्रम प्रमाणान्तरबाट नष्ट हुन्छ, तर वर्णमा भ्रम पऱ्यो भने यसको निवारण यसरी गर्न सकिन्छ भन्ने कुनै बाधप्रमाण छैन ।

पुनश्च वर्णजातिमा प्रत्यभिज्ञा हुन्छ कि भन्ने शङ्का पनि जायज छैन, गाई गाई दुई पटक भन्दा दुइटा गाईको ज्ञान हुन्छ, तर गकार गकार दुइपटक भन्दा दुइप्रकारका गकारको प्रतीति हुँदैन । त्यसकारण, वर्णमा नै प्रत्यभिज्ञा हुन्छ । उच्चारण गर्ने मानिसहरूको उच्चारण भेदद्वारा वर्ण फरक फरक सुनिन्छन् । उच्चारण गर्दा वर्णमा भेद छ भन्नु पनि जायज छैन, त्यो भेद त वायुको संयोग वियोगबाट वर्णको अभिव्यक्ति हुनाले र वायुजन्य भेदका कारण वर्णविषयक विचित्रताको अनुभूति हुन्छ ।

यति हुँदा हुँदै पनि वर्णमा भेद कसैले मान्छ भने त्यसले प्रत्यभिज्ञासिद्धिका लागि वर्णका जाति वा आकृतिको कल्पना गरेर त्यसमा प्रत्यभिज्ञा गर्नु पर्ने हुन्छ । त्यसको अपेक्षा वर्णका व्यक्तिहरूमा अन्योपाधिक भेदप्रतीति र स्वरूपनिमित्तक प्रत्यभिज्ञा छ भनेर मान्नुमा लाघव हुन्छ । एउटै समयमा उच्चारण गरिने ग को उच्चारण गर्ने मानिसका भेदले उदात्त, अनुदात्त, स्वरित, सानुनासिक र निरनुनासिक आदि जो भेद प्रतीति हुन्छ त्यो वास्तवमा ध्वनिजन्य भेद हो वर्णजन्य भेद होइन ।

शाङ्करभाष्यम्

कः पुनरयं ध्वनिर्नाम ? यो दूरादाकर्णयतो वर्णविवेकमप्रतिपद्यमानस्य कर्णपथमवतरति। प्रत्यासीदतश्च पटुमृदुत्वादिभेदं वर्णेष्वासञ्जयति । तन्निबन्धनाश्चोदात्तादयो विशेषा न वर्णस्वरूपनिबन्धनाः, वर्णानां प्रत्युच्चारणं प्रत्यभिज्ञायमानत्वात् । एवञ्च सति सालम्बना उदात्तादिप्रत्यया भविष्यन्ति । इतरथा हि वर्णानां प्रत्यभिज्ञायमानानां निर्भेदत्वात्संयोगविभागकृता उदात्तादिविशेषाः कल्पेरन्। संयोगविभागानां चाप्रत्यक्षत्वान्न तदाश्रया विशेषा वर्णेष्वध्यवसातुं शक्यन्त इत्यतो निरालम्बना एवैत उदात्तादिप्रत्ययाः स्युः । अपि च नैवैतदभिनिवेष्टव्यमुदात्तादिभेदेन वर्णानां प्रत्यभिज्ञायमानानां भेदो भवेदिति । न ह्यन्यस्य भेदेनान्यस्याभिद्यमानस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेदो भवितुमर्हति । नहि व्यक्तिभेदेन जातिं भिन्नां मन्यन्ते । वर्णेभ्यश्चार्थप्रतीतेः संभवात्स्फोटकल्पनाऽनर्थिका । न कल्पयाम्यहं स्फोटम्, प्रत्यक्षमेव त्वेतमवगच्छामि, एकैकवर्णग्रहणाहितसंस्कारायां बुद्धौ झटिति प्रत्यवभासनादिति चेत्– न, अस्या अपि बुद्धेर्वर्णविषयत्वात् । एकैकवर्णग्रहणोत्तरकाला हीयमेका बुद्धिर्गौरिति समस्तवर्णविषया, नार्थान्तरविषया । कथमेतदवगम्यते ? यतोऽस्यामपि बुद्धौ गकारादयो वर्णा अनुवर्तन्ते, नतु दकारादयः ।यदि ह्यस्या बुद्धेर्गकारादिभ्योऽर्थान्तरं स्फोटो विषयः स्यात्ततो दकारादय इव गकारादयोऽप्यस्या बुद्धेर्व्यावर्तेरन्, नतु तथास्ति । तस्मादियमेकबुद्धिर्वर्णविषयैव स्मृतिः ।

नेपालीभाषानुवाद

ध्वनिः नाम = ध्वनि भनेर प्रसिद्ध, **अयम्** = यो, **कः** = के हो, यो शङ्का हुन्छ, **दूरात्** = टाढाबाट, **आकर्णयतः** = सुनिरहेको तर, **वर्णविवेकम्** = अलग अलग वर्णलाई, **अप्रतिपद्यमानस्य** = नबुझ्ने श्रोतापुरुषको, **कर्णपथम्** = कानमा, **यः** = जो, **अवतरति** = प्रवेश गर्दछ, **प्रत्यासीदतश्च** = नजीकबाट सुन्ने श्रोताको लागि, **वर्णेषु** = वर्णहरूमा, **पटुमृदुत्वादिभेदम्** = पटुत्व र मृदुत्व आदि भेद, **आसञ्जयति** = आरोपित गर्दछ, त्यो ध्वनि हो, **उदात्तादयः विशेषाः** = उदात्त, अनुदात्त, स्वरित आदि भेदहरू, **तन्निबन्धनाः**= त्यसै ध्वनिमा आधारित विषय हुन्, **न वर्णस्वरूपनिबन्धनाः** = वर्णस्वरूपमा आधारित होइनन्, **प्रत्युच्चारणम्** = प्रत्येक उच्चारणमा, **वर्णानाम्** = वर्णहरूको नै, **प्रत्यभिज्ञायमानत्वात्** = प्रत्यभिज्ञान हुने हुनाले, **एवं च सति** = यस्तो भएमा प्रत्यक्ष ध्वनिरूप वर्णको उपाधि स्वीकार गरेमा, **सालम्बनाः** = विषयसहित, **उदात्तादिप्रत्ययाः** = उदात्त आदि प्रत्यय (ज्ञान), **भविष्यन्ति** = हुनेछन्, **इतरथा** = अन्यथा, **हि** = निश्चय नै, **प्रत्यभिज्ञायमानानाम्**= प्रत्यभिज्ञाका विषयभूत, **वर्णानाम्** = वर्णहरूको, **निर्भेदत्वात्** = भेद नहुनाले, **संयोगविभागकृताः** = वायुको संयोग र विभागबाट जनित, **उदात्तादिविशेषाः** = उदात्त, अनुदात्त, स्वरित आदि विशेषहरू, **कल्पेरन्** = कल्पना गरिने छन्, **संयोगविभागानाम्** = संयोग र विभागहरूको, **अप्रत्यक्षत्वात्** = प्रत्यक्षीकरण नहुनाले, **तदाश्रयाः विशेषाः** = संयोग विभागमा आश्रित विशेषहरू, **वर्णेषु** = वर्णहरूमा, **अध्यवसातुम्**= निश्चय गर्न, **न शक्याः** = सकिंदैनन्, **इत्यतः**= त्यसकारण, **एते**= यी, **उदात्तादिप्रत्ययाः** = उदात्त, अनुदात्त आदि प्रतीतिहरू, **निरालम्बनाः** = निराधार, **स्युः** =हुनेछन्, **अपि च** = फेरि स्फोटवादीले, **एतत्** = यो, **न एव अभिनिवेष्टव्यम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय गर्न हुँदैन कि, **उदात्तादिभेदेन** = उदात्त, अनुदात्त आदि भेदद्वारा, **प्रत्यभिज्ञाय-मानानाम्** = प्रत्यभिज्ञा गरिने, **वर्णानाम्** = वर्णहरूको पनि, **भेदः** = भेद, **भवति** = हुनसक्छ, **हि** = किनकि, **अन्यस्य** = एउटाको, **भेदेन** = भेदद्वारा, **अविद्यमानस्य** = अविद्यमान, **अन्यस्य** = अन्य पदार्थको, **भेदः** = भेद, **न भवितुम् अर्हति** = हुन सक्तैन, **हि** = निश्चय नै, **व्यक्तिभेदेन** = व्यक्तिको भेदले, **भिन्नाम्** = भिन्न भिन्न, **जातिम्** = जातिलाई, **न मन्यन्ते** = मान्दैनन्, **वर्णेभ्यः** = वर्णहरूबाट, **अर्थप्रतीतेः** = अर्थप्रतीति, **संभवात्** = संभव हुनाले, **स्फोटकल्पना** = विवादग्रस्त स्फोटको कल्पना, **अनर्थिका** = व्यर्थ छ, पूर्वपक्षी भन्न सक्तछ–, **अहम्** = म, **स्फोटम्** = स्फोटलाई, **न कल्पयामि** = कल्पना गरिरहेको छैन, **तु** = किन्तु, **प्रत्यक्षम् एव** = साक्षात् नै, **एतम्** = स्फोटलाई, **अवगच्छामि** = अनुभव गरिरहेको छु, **एकैकवर्णग्रहणाहित-संस्कारायाम्** = एक–एक वर्णको ग्रहणबाट जनित संस्कारले युक्त, **बुद्धौ** = बुद्धिमा, **झटिति** = सहसा, **प्रत्यवभासनात्** = स्फोटको आभास हुनाले, **इति चेत्** = यस्तो तर्क छ भने, **न** = त्यो तर्क ठीक छैन, **अस्याः** = यस, **बुद्धेः** = बुद्धिको, **अपि** = पनि, **वर्णविषयत्वात्** = वर्णविषयता रहेकाले, **एकैकवर्णग्रहणोत्तरकाला** = एक–एक वर्णको ग्रहणपछि, **हि** = वास्तवमा, **इयम्** = यो, **एका** = एक, **बुद्धिः** = बुद्धि स्फुरित हुन्छ जो, **समस्तवर्णविषया** = त्यो समस्त वर्ण विषयक नै हुन्छ, **अर्थान्तर-विषया न** = अर्थान्तर अर्थात् स्फोटविषयसँग संबद्ध हुँदैन, यहाँ शङ्का हुनसक्छ; **एतत्** = स्फोटविषय हुँदैन भनेर, **कथम्** = कसरी, **अवगम्यते** = जानिन्छ, **यतः** = किनकि, **अस्याम्** = यस, **बुद्धौ** = बुद्धिमा, **अपि** = पनि, **गकारादयः** = गकार आदि, **वर्णाः** = वर्णहरू, **अनुवर्तन्ते** = संबद्ध (अनुवृत्त) हुन्छन्, **न तु दकारादयः** = तर दकारादि वर्ण अनुवृत्त हुँदैनन्, **यदि** = यदि, **हि** = वास्तवमा, **अस्याः** = यस, **बुद्धेः** = बुद्धिको, **गकारादिभ्यः** = गकारादिभन्दा, **अर्थान्तरम्** = भिन्न, **स्फोटः** = स्फोटरूप अर्थ, **विषयः** = ईप्सितवस्तु, **स्यात्** = हुन्छ भने, **ततः** = त्यसपछि, **दकारादयः इव** = दकार आदि जस्तै, **गकारादयः** = गकार आदि, **अपि** = पनि, **अस्याः** = यस बुद्धिबाट, **व्यावर्तेरन्** = निवृत्त हुने छन्, (अर्थात्– जस्तै पूर्व गकार-बुद्धिमा दकारादिविषयक बुद्धि अनुवृत्त हुँदैन, त्यस्तै यस स्फोटविषयक बुद्धिमा पनि गकारादिविषयक बुद्धिको अनुवृत्ति हुँदैन), उत्तरपक्षीको भनाइ छ–, **न तु तथाऽस्ति** = तर त्यस्तो हुँदैन, **तस्मात्** = त्यसकारण, **इयम्** = यो, **एकबुद्धिः** = एक बुद्धि, **वर्णविषया एव** = वर्णविषयक नै, **स्मृतिः** = स्मृति हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

टाढाबाट सुन्ने र छुट्टाछुट्टै वर्णको ज्ञान गर्न नसक्ने पुरुषका कानमा जो प्रविष्ट हुन्छ र नजिकैबाट सुन्ने पुरुषको लागि जसले वर्णहरूमा पटुत्व र मृदुत्वको आरोप गर्छ, त्यो नै ध्वनि हो । उदात्त, अनुदात्त आदि विशेष ध्वनिबाट नै हुन्छन्, वर्णबाट हुँदैनन् । किनकि प्रत्येक उच्चारणमा वर्णहरू नै प्रत्यभिज्ञात हुन्छन् । वर्णबाट नै अर्थप्रतीति सम्भव हुनाले स्फोटको कल्पना व्यर्थ छ ।

यति हुँदाहुँदै पनि स्फोटवादीले स्फोटको प्रत्यक्ष अनुभव हुन्छ र एक एक वर्णको ग्रहणबाट अनुभवजन्य संस्कार सहित बुद्धिमा स्फोटको अवभास हुन्छ भनेर जो भन्दछन्, त्यो ठीक छैन । किनकि एक एक वर्णको ग्रहण पछि जो गो (गाई) आदि बुद्धि हुन्छ, त्यो समस्तवर्णविषयक बुद्धि हो, स्फोट विषयक होइन । किनकि यस बुद्धिमा गकारादि वर्णको अनुवृत्ति हुन्छ, दकारादिको हुँदैन । यदि यो बुद्धि स्फोटविषयक हुन्छ भने दकारादि जस्तै गकारादि पनि त्यसमा रहने छैनन्, तर यस्तो हुँदैन । अतः यो एकबुद्धि वर्णविषयक स्मृति नै हो ।

शाङ्करभाष्यम्

नन्वनेकत्वाद्वर्णानां नैकबुद्धिविषयतोपपद्यत इत्युक्तम्, तत्प्रतिब्रूमः– संभवत्यनेकस्याप्येकबुद्धिविषयत्वम्, पङ्क्तिर्वनं सेना शतं सहस्रमित्यादिदर्शनात् । या तु गौरित्येकोऽयं शब्द इति बुद्धिः, सा बहुष्वेव वर्णेष्वेकार्थावच्छेदनिबन्धनौपचारिकी वनसेनादिबुद्धिवदेव । अत्राह – यदि वर्णा एव सामस्त्येनैकबुद्धिविषयतामापद्यमानाः पदं स्युस्ततो जारा राजा कपिः पिक इत्यादिषु पदविशेषप्रतिपत्तिर्न स्यात्। त एव हि वर्णा इतरत्र चेतरत्र च प्रत्यवभासन्त इति । अत्र वदामः – सत्यपि समस्तवर्णप्रत्यवमर्शे यथा क्रमानुरोधिन्य एव पिपीलिकाः पङ्क्तिबुद्धिमारोहन्ति, एवं क्रमानुरोधिन एव वर्णाः पदबुद्धिमारोक्ष्यन्ति । तत्र वर्णानामविशेषेऽपि क्रमविशेषकृता पदविशेषप्रतिपत्तिर्न विरुध्यते । वृद्धव्यवहारे चेमे वर्णाः क्रमाद्यनुगृहीता गृहीतार्थविशेषसंबन्धाः सन्तः स्वव्यवहारेऽप्येकैकवर्णग्रहणानन्तरं समस्तप्रत्यवमर्शिन्यां बुद्धौ तादृशा एव प्रत्यवभासमानास्तं तमर्थमव्यभिचारेण प्रत्याययिष्यन्तीति वर्णवादिनो लघीयसी कल्पना, स्फोटवादिनस्तु दृष्टहानिरदृष्टकल्पना च, वर्णाश्चेमे क्रमेण गृह्यमाणाः स्फोटं व्यञ्जयन्ति स स्फोटोऽर्थं व्यनक्तीति गरीयसी कल्पना स्यात्, अथापि नाम प्रत्युच्चारणमन्येऽन्ये वर्णाः स्युः, तथापि प्रत्यभिज्ञालम्बनभावेन वर्णसामान्यानामवश्याभ्युपगन्तव्यत्वाद्या वर्णेष्वर्थप्रतिपादनप्रक्रिया रचिता सा सामान्येषु संचारयितव्या । ततश्च नित्येभ्यः शब्देभ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवादिव्यक्तीनां प्रभव इत्यविरुद्धम् ।।२८।।

नेपालीभाषानुवाद

ननु = शङ्का हुन्छ, **वर्णानाम्** = वर्णहरूको, **अनेकत्वात्** = अनेकता हुनाले, **एकबुद्धिविषयता** = एक बुद्धिसँग संबद्ध हुने कुरा, **न उपपद्यते** = मिल्न आउँदैन, **इति** = यस्तो, **उक्तम्** = भनिएको छ, **तत्** = त्यससम्बद्धमा, **प्रतिब्रूमः** = प्रत्युत्तर दिन्छौं, **अनेकस्य अपि** = अनेकको पनि, अनेक वर्णहरूको पनि, **एकबुद्धिविषयता**= एक बुद्धिको विषयता, **सम्भवति** = हुनसक्छ, जस्तै; **पङ्क्तिः** = लाम, **वनम्** = वन, **सेना** = फौज, **शतम्** = सय, **सहस्रम्** = हजार, **इत्यादि** = अनेकतामा एकताका भावहरूको, **दर्शनात्** = अनुभव हुनाले, **या तु** = जुन, **गौः** = गो, **इति** = यस्तो, **एकः** = एक, **अयम्** = यो, **शब्दः** = शब्द छ, **इति** = यस्तो बुद्धि हो, **सा** = त्यो बुद्धि, **बहुषु** = धेरै, **एव** = नै, **वर्णेषु** = वर्णहरूमा, **एकार्थावच्छेदनिबन्धना** = एकार्थबोधक सम्बन्धवाला, **औपचारिकी** = औपचारिक (गौण) सादृश्यमूलक, **वनसेनादिबुद्धिवद् एव** = वन, सेना आदिमा हुने बुद्धि जस्तो नै हो, **अत्र आह**= यहाँ स्फोटवादी भन्दछ, **यदि** = यदि, **वर्णाः एव** = गकारादि वर्णहरू नै, **सामस्त्येन**= एकरूप भएर (मिलेर), **एकबुद्धिविषयताम्** = एउटै बुद्धिको विषयतामा, **आपद्यमानाः** = प्राप्त भएमा, **पदम्** = पद, **स्युः** = बन्दछन् भने, **ततः** = त्यसो भए, जारा, राजा, कपि, पिक, इत्यादि उल्टा र सुल्टा प्रयोगहरूमा, **पदविशेषप्रतिपत्तिः**= पदविशेषको ज्ञान अर्थात् यो जारा हो र यो राजा हो भन्ने भिन्न ज्ञान, **न स्यात्** = हुने छैन, **ते एव च वर्णाः** = ती ती वर्णहरू नै, **इतरत्र इतरत्र च** = यता र उता अर्थात् राजामा पनि र जारामा पनि, **प्रत्यवभासन्ते इति** = आभासित हुन्छन्, **अत्र वदामः**= उक्त प्रश्नबारे हामी उत्तर दिन्छौं-, **समस्तवर्णप्रत्यवमर्शे सति अपि** = समस्त वर्णहरूको भिन्न भिन्न स्थान ज्ञात भए तापनि, **यदा** = जसरी, **क्रमानुरोधिन्यः** = क्रमअनुसार स्थित वा गतिशील, **पिपीलिकाः**= कमिलाहरू, **पङ्क्तिबुद्धिम्** = बुद्धिमा कमिलाको लामको रूपमा, **आरोहन्ति** = आरूढ हुन्छन्, **एवम्** = त्यस्तै, **क्रमानुरोधिनः** = क्रमसँग उच्चारित, **वर्णाः एव** = वर्णहरू नै, **पदबुद्धिम्** = बुद्धिमा पदको रूपमा, **आरोक्ष्यन्ति** = आरूढ हुनेछन्, **वर्णानाम्** = वर्णहरूको, **अभेदे अपि** = भेद नभएता पनि अर्थात् राजा र जारामा वर्णहरू उनै-उनै भए पनि, वर्णहरू विभु(व्यापक) भएकाले; **क्रमविशेषकृता** = क्रमविशेषको रूपमा रहेको, **पदविशेषप्रतिपत्तिः** = पदविशेषको ज्ञान, **न विरुद्ध्यते** = बुद्धिमा विरुद्ध भएर भास्दैन, **क्रमाद्यनुगृहीताः** = विशेषक्रमद्वारा ग्रहण गरिएका, **इमे वर्णाः** = यी वर्णहरू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृद्धव्यवहारे = उत्तमवृद्धले मध्यमवृद्धलाई र मध्यमवृद्धले कुनै बालकलाई भनेको आधारमा सङ्केतग्रह गराउने सन्दर्भमा, **गृहीतार्थविशेषाः सन्तः** = तत् तत् विशेष अर्थका साथ शक्तिसम्बन्ध ज्ञान भएका छँदा, **स्वव्यवहारे अपि** = आफ्नो व्यवहारमा पनि, **एकैकवर्णग्रहणानन्तरम्** = एक-एक वर्णको ज्ञानपछि, **समस्तप्रत्यवमर्शिन्याम्** = समस्त वर्णहरूलाई आत्मसात् गर्ने, **बुद्धौ** = स्मृतिरूप बुद्धिमा, **तादृशाः एव** = क्रमिकरूपमा स्थित नै, **प्रत्यवभासमानाः** = प्रकाशित भएका छँदा, **तम् तम्** = त्यस त्यस अभीप्सित, **अर्थम्** = अर्थलाई, **अव्यभिचारेण** = निश्चितरूपमा (निर्दुष्ट रूपमा), **प्रत्याययिष्यन्ति** = बुझाउने छन्, **इति** = यस्तो, **वर्णवादिनः** = वर्णवादीको, **लघीयसी** = हलुका, सरल; **कल्पना** = कल्पना छ, **स्फोटवादिनः तु** = स्फोटवादीको कल्पनाअनुसार त, **दृष्टहानिः** = वर्णहरू अर्थबोधक हुन्छन् भन्ने प्रत्यक्ष कुरा न मान्नाले प्रत्यक्षहानि, **च** = र, **अदृष्टकल्पना** = स्फोटमात्र अर्थका बोधक हुन्छन् भन्ने नदेखेको कल्पना हुन आउँछ, **इमे वर्णाः** = यी गकारादि वर्णहरू, **क्रमेण** = क्रमैले, **गृह्यमाणाः** = ग्रहण गरिएका, (क्रमानुरोधले राखिएका), **स्फोटम्** = स्फोटलाई, **व्यञ्जयन्ति** = अभिव्यक्त गर्दछन्, **स स्फोटः**= त्यस अभिव्यक्त स्फोटले, **अर्थम्**= अर्थलाई, **व्यनक्ति इति** = प्रकट गराउँछ भने, **गरीयसी** = अति ठूलो, **कल्पना** = कल्पना, **स्यात्** = हुनसक्छ, **अथ अपि नाम** = मानि लिउँ कि, **प्रत्युच्चारणम्**= प्रत्येक उच्चारणका, **अन्ये अन्ये वर्णाः स्युः** = भिन्न भिन्न वर्णहरू हुन सक्छन्, **तथापि** = तापनि, **प्रत्यभिज्ञालम्बनभावेन** = प्रत्यभिज्ञाको आधारबाट, **वर्णसामान्यानाम्** = वर्णगत जातिहरूको, **अभ्युपगन्तव्यत्वात्** = स्वीकार गरिनुपर्ने हुनाले, **वर्णेषु** = वर्णहरूमा, **या** = जो, **अर्थप्रतिपादनप्रक्रिया**= अर्थबोधन गराउने प्रक्रिया, **रचिता** = निर्धारित गरिएको छ, **सा**= त्यसलाई, **सामान्येषु** = जातिहरूमा, **संचारयितव्या** = संचार गर्नुपर्दछ, **ततश्च** = त्यसकारण वर्णजातिको निकटताको आधारमा, **नित्येभ्यः** = नित्य, **शब्देभ्यः** = वैदिक शब्दहरूबाट, **देवादिव्यक्तीनाम्**= देवादि जगत्को, **प्रभवः इति**= उत्पत्ति हुन्छ भन्ने कुरा, **अविरुद्धम्** = विरुद्ध हुँदैन।

विशदीकरण

वर्ण अनेक भएकाले तिनमा एकबुद्धिगम्यता कसरी हुन्छ ? भन्ने प्रश्नको उत्तरमा आचार्य भन्नुहुन्छ- अनेक वर्ण पनि एक बुद्धिका विषय (ग्राह्य) बन्न सक्तछन् । जस्तै पङ्क्ति, वन, सेना, दश सय, आदिमा एक बुद्धि रहेको हुन्छ । गौ त्यो शब्दबुद्धि हो जो पङ्क्ति, सेना र वन आदिमा जस्तै धेरै वर्णहरूमा एकार्थबोधक सम्बन्धबाट प्रयुक्त हुन्छ ।

स्फोटवादी शङ्का गर्दछन् कि - वर्ण मिलेर एकबुद्धिगम्य बन्दछन् भने राजा, जारा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपि र पिक जस्ता उल्टा सुल्टा पदहरूमा पनि एकबुद्धिविषयता हुन आउँछ, यस स्थितिमा अर्थबोध कसरी गर्ने ? यसको उत्तरमा भनिन्छ कि सबै वर्णहरूको ग्रहण गर्ने स्मृति भएता पनि क्रमअनुसार रहेको कमिलाको लामलाई पङ्क्ति भनिए झैं वर्णहरू पनि क्रमानुरोधी भएर पदबुद्धिमा आरूढ हुन्छन् । क्रमानुरोधी वर्णहरू शक्तिग्रहको माध्यमबाट अर्थबोधक हुन आउँछन् । तर यस मामलामा स्फोटवादीहरूको मतमा क्रमगृहीत वर्णबाट स्फोट व्यक्त हुन्छ र स्फोटबाट अर्थाभिव्यक्त हुन्छ भन्ने कल्पना अनपेक्षितरूपमा भारी देखिन आउँछ । वर्णहरूलाई अनित्य मानेको खण्डमा वर्णजातिको नित्यतालाई हृदयङ्गम गरी अर्थबोध गर्नुपर्दछ। अतः 'नित्य शब्दहरूबाट देवादि जगत् उत्पन्न हुन्छन्' भन्ने भनाइ सार्थक हुन आउँछ ।।२८।।

ब्रह्मसूत्र - अत एव च नित्यत्वम् १/३/२९

सूत्रार्थ - अतः एव च = देव आदि समस्त जगत् वेदशब्दबाट उत्पन्न भएको कारणबाट, **नित्यत्वम्** = वेदमा नित्यता छ अथवा वैदिक शब्दहरू नित्य छन् ।

शाङ्करभाष्यम्

स्वतन्त्रस्य कर्तुरस्मरणादिभिः स्थिते वेदस्य नित्यत्वे देवादिव्यक्तिप्रभवाभ्युपगमेन तस्य विरोधमाशङ्क्य **'अतः प्रभवात्'** इति परिहृत्येदानीं तदेव वेदनित्यत्वं स्थितं द्रढयति– **'अत एव च नित्यत्वम्'** इति । अत एव नियताकृतेर्देवादेर्जगतो वेदशब्दप्रभवत्वाद्वेदशब्दे नित्यत्वमपि प्रत्येतव्यम् । तथा च मन्त्रवर्णः– **'यज्ञे न वाचः पदवीयमायन्तामन्वविन्दन्नृषिषु प्रविष्टाम्'**(ऋ.सं. १०/७१/३) इति स्थितामेव वाचमनुविन्नां दर्शयति । वेदव्यासश्चैवमेव स्मरति–

'युगान्तेऽन्तर्हितान् वेदान् सेतिहासान् महर्षयः ।
लेभिरे तपसा पूर्वमनुज्ञाताः स्वयम्भुवा ।।' इति ।।२९।।

नेपालीभाषानुवाद

स्वतन्त्रस्य = निश्चित, **कर्तुः** = कर्ताको, **अस्मरणादिभिः** = स्मरण आदि नभएको कारणले, **वेदस्य** = वेदको, **नित्यत्वे** = नित्यता, **स्थिते** = निश्चित गरिए पनि, **देवादिव्यक्तिप्रभवाभ्युपगमेन** = देव आदि व्यक्तिको उत्पत्ति स्वीकार गर्नाले (अर्थात् देवता इन्द्र आदिको शब्दबाट उत्पत्तिमान्दा अनित्यता समेत मान्नुपर्ने हुँदा), **तस्य विरोधम्** = वेदमा पनि अनित्यता छ भन्ने विरोधलाई, **आशङ्क्य** = आशङ्का गरेर, **'अतः प्रभवात्'** = यस सूत्रबाट, **परिहृत्य** = विरोध परिहार गरेपछि, **इदानीम्**= अहिले, **स्थितम्** = निश्चित, **वेदनित्यत्वम्** = वेदको नित्यतालाई, **द्रढयति** = दृढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउँछन्, '**अत एव च नित्यत्वम्**' **इति** = **अत एव०** इत्यादि सूत्रबाट, **अत एव**= यस कारण, **नियताकृतेः** = निश्चित आकार भएका, **देवादेः** = देव आदि, **जगतः**= जगत्‌को, **वेदशब्दप्रभवत्वात्** = वेदशब्दबाट उत्पत्ति भएको कारणबाट, **वेदशब्दे**= वेदशब्दमा, **नित्यत्वम् अपि** = नित्यता पनि, **प्रत्येतव्यम्** = सम्झनु पर्दछ, **तथा च** = फेरि पनि, **यज्ञेन** = पूर्व पुण्यद्वारा, **वाचः** = वेदवाणीको, **पदवीम् आयन्** = प्राप्तिको योग्यतामा पुगेका याज्ञिक पुरुषहरूले, **ऋषिषु** = ऋषिहरूमा, **प्रविष्टाम्** = प्रविष्ट, **ताम्** = वेदवाणीलाई, **अन्वविन्दन्** = प्राप्त गरे, **इति** = यो, **मन्त्रवर्णः** = मन्त्रले, **स्थिताम् एव** = पूर्वकल्पनासिद्ध वेदवाणीलाई, **अनुविन्नाम्** = पुनः प्राप्त गरिएको भनेर, **दर्शयति** = देखाउँछ, **पूर्वम्** = पहिले, **स्वयम्भुवा** = ब्रह्माद्वारा, **अनुज्ञाताः** = आज्ञाप्राप्त गरेका, **महर्षयः** = महर्षिहरूले, **युगान्ते** = प्रलय पछि, **अन्तर्हितान्** = तिरोभूत, **सेतिहासान्** = इतिहाससहित, **वेदान्** = वेदहरूलाई, **तपसा** = तपस्याद्वारा, **लेभिरे** = प्राप्त गरे, **इति** = यसरी, **वेदव्यासश्च** = वेदव्यासले पनि, **स्मरति** = स्मृतिमा भन्नुभएको छ ।

विशदीकरण

निश्चित आकृति भएका इन्द्र आदि देवताहरूको वेदशब्दबाट उत्पत्ति भएकाले वेदमा अनित्यताको पूर्व आशङ्का गरी समाधान गरिएपछि पनि '**अत एव च नित्यत्वम्**' सूत्रले पुनः वेदमा नित्यता रहेको कुरा दृढतापूर्वक प्रतिपादन गरेको छ । 'याज्ञिकहरूले ऋषिहरूमा प्रविष्ट वेदवाणीलाई प्राप्त गरे' भनेर वेदमा उल्लेख हुनु र स्मृतिमा 'ब्रह्माजीद्वारा आज्ञा पाएर महर्षिहरूले युगान्तमा तिरोहित ज्ञानको राशि इतिहाससहित वेदलाई प्राप्त गरे' भनिएकाले पनि वेदको नित्यता प्रमाणित हुन्छ ।।२९।।

ब्रह्मसूत्रम्- समाननामरूपत्वाच्चावृत्तावप्यविरोधो दर्शनात् स्मृतेश्च १/३/३०

सूत्रार्थ - **आवृत्तौ अपि** = सृष्टि र प्रलयको पटक पटक आवृत्ति भएता पनि, **अविरोधः** = शब्द र अर्थको सम्बन्धमा अनित्यत्व दोषरूपी विरोध छैन, **समाननामरूपत्वात्** = प्रत्येक सृष्टिमा एउटै रूप र एउटै नाम भएका देवता आदि हुन्छन् भने कुरा, **दर्शनात्** = श्रुतिमा देखिनाले, **स्मृतेश्च** = स्मृतिमा पनि उल्लेख गरिनाले ।

शाङ्करभाष्यम्

अथापि स्यात् - यदि पश्वादिव्यक्तिवद्देवादिव्यक्तयोऽपि संतत्यैवोत्पद्येर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्निरुध्येरँश्च ततोऽभिधानाभिधेयाभिधातृव्यवहाराविच्छेदात्संबन्धनित्यत्वेन विरोधः शब्दे परिह्रियेत । यदा तु खलु सकलं त्रैलोक्यं परित्यक्तनामरूपं निर्लेपं प्रलीयते, प्रभवति चाभिनवमिति श्रुतिस्मृतिवादा वदन्ति, तदा कथमविरोध इति ?

नेपालीभाषानुवाद

अथापि = यसपछि पनि, **स्यात्** = त्यो कुरा हुन सक्थ्यो, **यदि**= यदि, **पश्वादिव्यक्तिवत्** = पशु आदि व्यक्ति जस्तै, **देवादिव्यक्तयः अपि** = देवता आदि व्यक्ति पनि, **सन्तत्या एव** = परम्परा प्रवाहद्वारा, **उत्पद्येरन्** = उत्पन्न हुन्थे, **च** = र, **निरुध्येरन्** = नष्ट हुन्थे, **ततः** = त्यस पछि, **अभिधानाभिधेयाभिधातृव्यवहारा-विच्छेदात्** = नाम, नामी र वक्ताको व्यवहारको विच्छेद नहुनाले अर्थात् व्यवहार निरन्तर रहनाले, **सम्बन्धनित्यत्वेन** = नाम र नामीको सम्बन्धमा नित्यता हुनेहुँदा, **शब्दे** = शब्दमा, **विरोधः** = अनित्यत्वदोष, **परिह्रियेत** = निवारित हुने थियो, **यदा तु** = जब त, **श्रुतिस्मृतिवादाः** = श्रुति र स्मृतिका सिद्धान्तहरूले, **सकलम्** = सम्पूर्ण, **त्रैलोक्यम्** = त्रिभुवन, **परित्यक्तनामरूपम्** = आ-आफ्ना नाम र रूपको सम्बन्ध छाडेर, **निर्लेपम्** = निःशेषरूपमा, **प्रलीयते** = नष्ट हुन्छ, **अभिनवञ्च** = र नयाँ, **प्रभवति** = उत्पन्न हुन्छ, **इति** = यस्तो, **वदन्ति** = भन्दछन्, **तदा** = तब, **कथम्** = कसरी, **अविरोधः**= शब्दको नित्यताबारे, विरोध नगर्ने कुरा हुनसक्छ।(शङ्का)।

विशदीकरण

यहाँ शङ्का हुन्छ- भन्न त गत सूत्रहरूमा शब्द नित्य हुन्छ भनियो, तर पशुपक्षीसरह देवता आदिको उत्पत्ति र लोप हुने गरेको देखिने भए देवतावाचक शब्द र अर्थको नित्यसम्बन्ध स्पष्ट हुनाले शब्द नित्यतामा कुनै विरोध पर्ने थिएन । सम्पूर्ण नामरूपात्मक जगत् नै लीन हुन्छ र फेरि नयाँ सृष्टि हुन्छ भनेर श्रुति एवं स्मृतिमा भनिएकाले शब्द कसरी नित्य हुन्छ, शब्द नित्य नभए पछि समन्वय कसरी हुन्छ ? यो पूर्वपक्षको प्रश्न हो ।

शाङ्करभाष्यम्

तत्रेदमभिधीयते - समाननामरूपत्वादिति । तदापि संसारस्यानादित्वं तावदभ्युपगन्तव्यम् । प्रतिपादयिष्यति चाचार्यः संसारस्यानादित्वम् - '**उपपद्यते चाप्युपलभ्यते च**' (ब्र. २/१/३६) इति । अनादौ च संसारे यथा स्वापप्रबोधयोः प्रलयप्रभवश्रवणेऽपि पूर्वप्रबोधवदुत्तरप्रबोधेऽपि व्यवहारान्न कश्चिद्विरोधः, एवं कल्पान्तरप्रभवप्रलययोरपीति द्रष्टव्यम् । स्वापप्रबोधयोश्च प्रलयप्रभवौ श्रूयेते - '**यदा सुप्तः स्वप्नं न कञ्चन पश्यत्यथास्मिन्प्राण एवैकधा भवति तदैनं**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्सर्वैर्नामभिः सहाप्येति चक्षुः सर्वै रूपैः सहाप्येति श्रोत्रं सर्वैः शब्दैः सहाप्येति मनः सर्वैर्ध्यानैः सहाप्येति स यदा प्रतिबुध्यते यथाऽग्नेर्ज्वलतः सर्वा दिशो विस्फुलिङ्गा विप्रतिष्ठेरन्नेवमेवैतस्मादात्मनः सर्वे प्राणा यथायतनं विप्रतिष्ठन्ते प्राणेभ्यो देवा देवेभ्यो लोकाः' (कौ. ३/३) इति ।

नेपालीभाषानुवाद

तत्र = त्यस शङ्काको उत्तररूपमा, **इदम्** = यो, **अभिधीयते** = भनिन्छ, **समाननाम-रूपत्वात्** = प्रलयपछिको पुनः सृष्टिमा उत्पन्न हुने देवादिको नाम र रूप पूर्वकल्प समान नै हुनेहुंनाले, **इति** = यस कारण कुनै विरोध हुँदैन, **तदा अपि पुनः**= फेरि सृष्टि हुँदा पनि, **तावत्** = सर्वप्रथम, **संसारस्य** = संसारको, **अनादित्वम्**= अनादिता, **अभ्युपगन्तव्यम्** = स्वीकार गर्नुपर्छ, **आचार्यश्च** = आचार्यले पनि, **'उपपद्यते चाप्युपलभ्यते च' इति** = यस सूत्रद्वारा, **संसारस्य** = संसारको, **अनादित्वम्** = अनादितालाई, **प्रतिपादयिष्यति** = प्रतिपादन गर्नेछन्, **संसारे** = संसार, **अनादौ च** = अनादि भएको हुँदा, **स्वापप्रबोधयोः** = सुषुप्ति र जागरणमा, **प्रलयप्रभवश्रवणे अपि** = प्रलय र सृष्टिशब्दको प्रयोगको विषय सुनिएता पनि, **पूर्वप्रबोधवत्**= पूर्वजागरण जस्तै, **उत्तप्रबोधे अपि** = पछिल्लो जागरणमा पनि, **कश्चित्** = कुनै पनि, **व्यवहारात्** = व्यवहारबाट, **विरोधः न** = विरोध हुँदैन, **एवम्** = यसै प्रकारबाट, **कल्पान्तरप्रभवप्रलययोः अपि** = कल्पान्तरका प्रलय र सृष्टिसम्बन्धमा पनि, **द्रष्टव्यम्** = व्यवहारको विरोध हुँदैन भन्ने कुरा बुझ्नु पर्दछ, **स्वापप्रबोधयोश्च** = सुषुप्ति र जागरण अवस्थामा, **प्रलयप्रभवौ** = जगत्को प्रलय र उत्पत्ति हुन्छ भन्ने कुरा, **श्रूयेते**= श्रुतिद्वारा प्रातिपादित छ-, **यदा**= जहिले, **सुप्तः**= निदाएको पुरुषले, **कञ्चन** = कुनै, **स्वप्नम्** = सपना, **न पश्यति** = देख्दैन, **अथ**= त्यसपछि त्यो, **अस्मिन् प्राणे एव** = यस प्राणरूप परमात्मामा, **एकधा भवति** = एकाकार बन्दछ, **तदा** = त्यसबेला, **सर्वैः** = सबै किसिमका, **नामभिः** = नामहरूका, **सह** = साथ, **वाक्** = वाणी, **अपि** = पनि, **एनम्** = प्राणरूप परमात्मामा, **एति** = विलीन हुन्छ, **चक्षुः अपि** = आँखा पनि, **सर्वैः** = सबै किसिमका, **रूपैः** = रूपहरूका, **सह** = साथ, **एति** = प्राणरूप परमात्मामा विलीन हुन्छ, **श्रोत्रम्** = श्रोत्रेन्द्रिय, **अपि** = पनि, **सर्वैः** = सबै किसिमका, **शब्दैः** = शब्दहरूका, **सह**= साथ, **एति** = प्राणरूप परमात्मामा विलीन हुन्छ, **मंनः अपि** = मन पनि, **सर्वैः**= सबै किसिमका चिन्तनहरूका, **सह** = साथ, **एति** = प्राणरूप परमात्मामा विलीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, **सः** = त्यो पुरुष, **यदा**= जुनबेला, **प्रतिबुध्यते**= जाग्दछ, त्यसबेला; **ज्वलतः**= प्रज्वलित, **अग्नेः** = अग्निका, **विस्फुलिङ्गाः**= फिलिङ्गाहरू, **यथा** = जस्तै, **सर्वाः दिशः** = सबै दिशाहरूमा, **विप्रतिष्ठेरन्** = फैलिन्छन्, **एवम् एव** = त्यस्तै, **एतस्मात्**= यस, **आत्मनः** = आत्माबाट, **सर्वे प्राणाः** = सबै इन्द्रिय र प्राणहरू, **यथास्थानम्**= आ-आफ्ना स्थानमा, **विप्रतिष्ठन्ते** = प्राप्त हुन्छन्, **प्राणेभ्यः** = प्राणरूप इन्द्रियहरूको स्व-स्वस्थानप्राप्ति पछि, **देवाः** = देवताहरू र, **देवेभ्यः** = देवतापछि, **लोकाः** = विषयरूप लोकहरू प्रकट हुन्छन्', **इति** = यसरी कौषीतकिश्रुतिमा भनिएको छ ।

विशदीकरण

शङ्का समाधान गर्दै आचार्य भन्नुहुन्छ- 'पूर्वकल्पकै नाम र रूप अनुसारका देवता आदिको वर्तमान कल्पमा उत्पत्ति हुनेहुनाले संसारलाई अनादि मान्नु पर्दछ' । यस तथ्यलाई स्वयं बादरायणले ब्रह्मसूत्रको दोस्रो अध्यायको प्रथमपादको ३६ सौं सूत्रमा पनि भन्नु हुनेछ।

त्यस सूत्रको सारतत्त्व यसप्रकार छ- 'विधाताले पूर्वकल्प अनुसार सृष्टिको पुनः कल्पना गर्नु भयो' भन्ने श्रुति र 'यस जगत्को आदि, अन्त र रूप समेत छैन' भन्ने स्मृतिको समेत भनाइ रहेकोहुँदा संसारको अनादित्व प्रमाणित हुन्छ । प्रत्येक सुषुप्ति पछि हुने जागरणमा समान व्यवहार देखिनाले पनि उक्त तथ्य प्रमाणित हुन्छ । 'सुषुप्ति र जागरण अवस्थामा जगत्को लय र सृष्टि हुन्छ' भन्ने वैदिक वचन पनि पाइन्छ । यसकारण समूल नष्ट भएर पुनः सृष्टि हुने हुँदा कसरी संसारको अनादित्व हुन्छ भन्ने शङ्का निराधार छ ।

शाङ्करभाष्यम्

स्यादेतत् - स्वापे पुरुषान्तरव्यवहाराविच्छेदात्स्वयं च सुप्तप्रबुद्धस्य पूर्वप्रबोधव्यवहारानुसंधानसंभवादविरुद्धम् । महाप्रलये तु सर्वव्यवहारोच्छेदाज्जन्मान्तरव्यवहारवच्च कल्पान्तरव्यवहारस्यानुसन्धातुमशक्यत्वाद्वैषम्यमिति । नैष दोषः, सत्यपि सर्वव्यवहारोच्छेदिनि महाप्रलये परमेश्वारनुग्रहादीश्वराणां हिरण्यगर्भादीनां कल्पान्तरव्यवहारानुसन्धानोपपत्तेः। यद्यपि प्राकृताः प्राणिनो न जन्मान्तरव्यवहारमनुसन्दधाना दृश्यन्त इति, तथापि न प्राकृतवदीश्वराणां भवितव्यम् । यथा हि प्राणित्वाविशेषेऽपि मनुष्यादिस्तम्बपर्यन्तेषु ज्ञानैश्वर्यादिप्रतिबन्धः परेण परेण भूयान् भवन् दृश्यते, तथा मनुष्यादिष्वेव हिरण्यगर्भपर्यन्तेषु ज्ञानैश्वर्याद्यभिव्यक्तिरपि परेण परेण भूयसी भवतीत्येतच्छ्रुतिस्मृतिवादेष्वसकृदनुश्रूयमाणं न शक्यं नास्तीति वदितुम् । ततश्चातीतकल्पानुष्ठितप्रकृष्टज्ञानकर्मणामीश्वराणां हिरण्यगर्भादीनां वर्तमानकल्पादौ प्रादुर्भवतां परमेश्वरानुगृहीतानां सुप्तप्रति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धवत्कल्पान्तरव्यवहारानुसन्धानोपपत्तिः ।

नेपालीभाषानुवाद

एतत् = यो कुरा, **स्यात्** = वक्ष्यमाण विरोध नपर्ने भए हुने थियो तर, **स्वापे** = सुषुप्तिमा, **पुरुषान्तरव्यवहाराविच्छेदात्** = एउटा पुरुष निदाए पनि अरू पुरुष ननिदाएको हुने हुँदा तिनको व्यवहारको लय नहुनाले र, **स्वयं च** = आफै जो, **सुप्तप्रबुद्धस्य** = सुतेर जागेको छ, त्यसको, **पूर्वप्रबोधव्यवहारानुसन्धानसम्भवात्**= पहिले जागा अवस्थाको व्यवहारहरूको अनुशीलन संभव भएकाले, **अविरुद्धम्** = पुरानो व्यवहार र नयाँ व्यवहारमा अन्तर पर्दैन, तर; **महाप्रलये तु** = महाप्रलयमा त, **सर्वव्यवहारोच्छेदात्**= सबै सांसारिक व्यवहारको नाश हुनाले, **जन्मान्तरव्यवहारवत्**= जन्मान्तरको व्यवहार जस्तै, **कल्पान्तरव्यवहारस्य** = कल्पान्तरका व्यवहारको, **अनुसन्धातुम्** = अनुसन्धान गर्न, **अशक्यत्वात्** = नसकिने हुनाले, **वैषम्यम्** = महाप्रलयका लागि प्रयुक्त सुषुप्तिको उदाहरणमा समानता देखिंदैन, **इति** = यस्तो शङ्का हुन्छ (उत्तरमा भनिन्छ), **एषः** = यो, **दोषः** = महाप्रलयमा अनुसन्धान गर्न नसकिने र सुतेर जागा हुनेले पूर्वव्यवहारको अनुसन्धान गर्न सक्ने दोष, **न** = हुँदैन, **सर्वव्यवहारोच्छेदिनि** = सबै व्यवहारको नाश हुने, **महाप्रलये सति अपि** = महाप्रलय भए पनि, **परमेश्वरानुग्रहात्** = परमात्माको असीम कृपाबाट, **ईश्वराणाम्**= ईश्वररूप, **हिरण्यगर्भादीनाम्** = हिरण्यगर्भ आदिको, **कल्पान्तरव्यवहारानुसन्धानोपपत्तेः**= अरू कल्पमा भएका व्यवहारको अनुसन्धान गर्ने सामर्थ्य हुनेहुनाले, **यद्यपि**= हुन त, **प्राकृताः** = साधारण, **प्राणिनः** = प्राणीहरू, **जन्मान्तरव्यवहारम्** = पूर्वजन्मका व्यवहारको, **अनुसन्दधानाः** = अनुसन्धानमा तत्पर, **न दृश्यन्ते** = देखिदैनन्, **इति** = यो हो, **तथापि** = तापनि, **ईश्वराणाम्** = हिरण्यगर्भ आदि ईश्वरहरूको कार्य, **प्राकृतवत्** = साधारण मानिसहरूको जस्तै, **न भवितव्यम्** = हुनसक्दैन, **यथाहि**= जस्तै, **प्राणित्वाविशेषे अपि** = प्राणधारण गर्ने सवालमा समानता रहे पनि, **मनुष्यादिस्तम्बपर्यन्तेषु** = मनुष्यदेखि लिएर तृण (घाँस) सम्ममा, **परेण परेण** = उत्तरोत्तर, **ज्ञानैश्वर्यादिप्रतिबन्धः** = ज्ञान, ऐश्वर्य आदिको निरोध, **भूयान्** = धेरै, **भवन्** = हुँदै गइरहेको, **दृश्यते** = पाइन्छ, **तथा** = त्यस्तै, **मनुष्यादिषु एव** = मनुष्य आदिमा पनि, **हिरण्यगर्भपर्यन्तेषु** = हिरण्यगर्भ पर्यन्त, **ज्ञानैश्वर्याद्यभिव्यक्तिः** = ज्ञान, ऐश्वर्य आदिको अभिव्यक्ति पनि, **परेण परेण** = उत्तरोत्तर, **भूयसी** = धेरै, **भवति इति** = हुँदै जान्छ, **एतत्** = यो, **श्रुतिस्मृतिवादेषु** = वेद र धर्मशास्त्रका वचनहरूमा, **असकृत्**= वारम्बार, **अनुश्रूयमाणम्**= सुनिने कुरालाई, **न अस्ति इति** = होइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर, **वदितुम्** = भन्न, **न शक्यम्** = सकिंदैन, **ततश्च** = त्यसकारण, **अतीतकल्पानुष्ठितप्रकृष्टज्ञानकर्मणाम्** = बितेका कल्पमा सर्वोत्तम ज्ञान र आधानदेखि अश्वमेध पर्यन्तका कर्मको अनुष्ठान गरेका, **वर्तमानकल्पादौ** = वर्तमानकल्पको आरम्भमा, **प्रादुर्भूतानाम्** = प्रादुर्भूत, **परमेश्वरानुगृहीतानाम्** = परमेश्वरद्वारा अनुगृहीत, **ईश्वराणाम्** = ईश्वररूप, **हिरण्यगर्भादीनाम्** = हिरण्यगर्भ आदिको, **सुप्तप्रतिबुद्धवत्**= सुषुप्तिबाट जागेका मानिसले जागरण अवस्थाका व्यवहारहरूको अनुसन्धान गरे झैं, **कल्पान्तरव्यवहारानुसन्धानोपपत्तिः** = व्यतीत कल्पका व्यवहारको अनुसन्धानको सिद्धि हुन्छ ।

विशदीकरण

सुषुप्तिबाट जागृत अवस्थामा पुगेको मानिसले सुषुप्ति पूर्वको जागरण अवस्थाको अनुशीलन गर्दछ, किनकि त्यसमा असुषुप्त अन्य पुरुषहरूको व्यवहार सहयोगी हुन्छ, तर यस व्यवहारलाई महाप्रलय र सृष्टिको व्यवहारसँग दाँज्न मिल्दैन । महाप्रलयमा सम्पूर्ण सांसारिक व्यवहार निःशेषरूपमा विनष्ट हुन्छन् र त्यसपछि सृष्टि हुन्छ ।

त्यसबेला कल्पान्तरको व्यवहारको अनुसन्धान हुन सक्तैन भन्ने प्रश्नको उत्तरमा आचार्य भन्नुहुन्छ– महाप्रलयमा सबै प्रकारका व्यवहारहरू उच्छिन्न हुने भएतापनि परमेश्वरका अनुग्रहबाट हिरण्यगर्भ आदि ईश्वरहरूलाई कल्पान्तरका व्यवहारहरूको स्मरण (सम्झना) हुन्छ । यद्यपि सामान्य प्राणीहरूले आफ्ना पूर्वजन्मका व्यवहारहरू सम्झन सक्तैनन्, तापनि हिरण्यगर्भ आदि ईश्वरहरूलाई सामान्य मानिसको दृष्टिबाट हेर्न हुँदैन ।

मनुष्यदेखि तृण (घाँस–फुँस) सम्म प्राणित्व समान भएता पनि उत्तरोत्तर ज्ञान र ऐश्वर्य आदिको हीनता हुन्छ । त्यस्तै मनुष्यदेखि हिरण्यगर्भसम्मका प्राणीहरूमा उत्तरोत्तर ज्ञान र ऐश्वर्यको अधिकता हुन्छ, यस्तो तथ्य श्रुति र स्मृतिद्वारा प्रमाणित हुन्छ । त्यसकारण अतीत कल्पमा उत्तम ज्ञान, उत्तमसाधना र उत्तमकर्म संपन्न गरेका यस कल्पको प्रारम्भमा पैदा भएका ईश्वरस्वरूप र परमेश्वरको अनुग्रह पाएका हिरण्यगर्भ आदिले सुषुप्तिबाट जागेका मानिसले सुषुप्तिपूर्वको जागरण अवस्थाका व्यवहारको सम्झना गरेझैं पूर्व–पूर्व कल्पका व्यवहारको सम्झना गर्दछन् भन्ने कुरा सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

तथा च श्रुतिः–

'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै ।

तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये'(श्वे. ६/१८) इति। स्मरन्ति च शौनकादयः **'मधुच्छन्दःप्रभृतिभिर्ऋषिभिर्दाशतय्यो दृष्टाः'** इति। प्रतिवेदं चैवमेव काण्डर्ष्यादयः स्मर्यन्ते । श्रुतिरप्यृषिज्ञानपूर्वकमेव मन्त्रेणानुष्ठानं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शयति – '**यो ह वा अविदितार्षेयच्छन्दोदैवतब्राह्मणेन मन्त्रेण याजयति वाध्यापयति वा स्थाणुं वर्च्छति गर्तं वा प्रतिपद्यते**' (सर्वानु. परि.) इत्युपक्रम्य '**तस्मादेतानि मन्त्रे मन्त्रे विद्यात्**' इति। प्राणिनां च सुखप्राप्तये धर्मो विधीयते। दुःखपरिहाराय चाधर्मः प्रतिषिध्यते। दृष्टानुश्रविकसुखदुःखविषयौ च रागद्वेषौ भवतः, न विलक्षणविषयावित्यतो धर्माधर्मफलभूतोत्तरा सृष्टिर्निष्पद्यमाना पूर्वसृष्टिसदृश्येव निष्पद्यते। स्मृतिश्च भवति –

'तेषां ये यानि कर्माणि प्राक्सृष्ट्यां प्रतिपेदिरे।
तान्येव ते प्रपद्यन्ते सृज्यमानाः पुनः पुनः॥
हिंस्राहिंस्रे मृदुक्रूरे धर्माधर्मावृतानृते।
तद्भाविताः प्रपद्यन्ते तस्मात्तत्तस्य रोचते॥' इति।

नेपालीभाषानुवाद

तथा च = त्यस्तै, **श्रुतिः** = वेदले भन्दछ–, **यः** = जो, **पूर्वम्** = सृष्टिको आरम्भमा, **ब्रह्माणम्** = ब्रह्माजीलाई, **विदधाति** = उत्पन्न गर्दछ, **यः** = जसले, **तस्मै** = ब्रह्माजीका लागि, **वेदान्** = वेदत्रयीलाई, **वै** = निश्चयपूर्वक, **प्रहिणोति** = संचारित गर्दछ, **मुमुक्षुः** = मोक्षको कामना गर्ने, **अहम्** = म, **ह** = वास्तवमा, **आत्मबुद्धिप्रकाशम्** = मेरो बुद्धिलाई पनि प्रकाशित गर्ने, **देवम्** = देवताको, **वै** = निश्चय नै, **शरणं प्रपद्ये** = शरणमा पर्छु, **मधुच्छन्दःप्रभृतिभिः** = मधुछुन्द आदि, **ऋषिभिः** = ऋषिहरूले, **दाशतय्यः** = दशमण्डल भएका ऋग्वेदका ऋचाहरूलाई, **दृष्टाः** = देखे, **इति** = यस्तो, **शौनकादयः** = शौनक आदि ऋषिहरूले, **स्मरन्ति** = स्मृतिहरूमा भनेका छन्, **प्रतिवेदम्** = प्रत्येक वेदमा, **एवम् एव** = माथि भनिए झैं, **काण्डर्ष्यादयः** = काण्ड आदि द्रष्टा ऋषिहरू, **स्मर्यन्ते** = बोधायन आदिले आ–आफ्ना स्मृतिमा ऋषिहरू स्मरण गरिएका छन्, **यो ह वा** = जो मानिस निश्चितरूपमा, **अविदितार्षेयछन्दोदैवतब्राह्मणेन**= जसको ऋषि, छन्द, देवता र विनियोजक ब्राह्मण थाहा छैन, **मन्त्रेण** = त्यस्ता मन्त्रले, **याजयति** = यज्ञ गराउँछ, अथवा; **अध्यापयति**= पढाउँछ, त्यो; **स्थाणुं वा ऋच्छति**= ठूटो सरह हुन्छ, **वा**= अथवा, **गर्तम्**= खाडलमा, **प्रतिपद्यते** = प्राप्त हुन्छ, **इति उपक्रम्य** = यस मन्त्रको उपक्रम (आरम्भ) गरेर, **तस्मात्** = त्यसकारण, **एतानि** = ऋषि, छन्द, देवता र विनियोगलाई, **मन्त्रे मन्त्रे**= प्रतिमन्त्रमा, **विद्यात्** = जानोस्, **इति** = यसरी, **श्रुतिः** = वेदले, **अपि** = पनि, **ऋषिज्ञानपूर्वकम्** = ऋषिको ज्ञान गरिकन, **मन्त्रेण** = वेदमन्त्रद्वारा, **अनुष्ठानम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मसम्पादन गर्नुपर्छ भन्ने कुरा, **दर्शयति** = देखाउँछ, **प्राणिनां च** = र प्राणीहरूको, **सुखप्राप्तये** = सुखप्राप्तिका लागि, **धर्मः विधीयते** = धर्मको विधान गरिएको छ, **दुःखपरिहाराय** = दुःखनिवारणका लागि, **अधर्मः निषिध्यते** = अधर्मको निषेध गरिएको छ, **दृष्टानुश्रविकसुखदुःखविषयौ** = दृष्ट अर्थात् यस लोकका र आनुश्रविक अर्थात् शास्त्रबाट बताइएको परलोकका सुख र दुःखसँग सम्बन्धित, **रागद्वेषौ** = जो राग र द्वेष छन् ती, **विलक्षणविषयौ**= सुख र दुःख जस्ता विषयदेखि भिन्न विषयवाला, **न भवतः** = हुँदैनन् अथवा सुखमा द्वेष र दुःखमा रागको प्रवृत्ति हुँदैन, **इति अतः**= यसकारण, **धर्माधर्मफलभूता** = धर्म र अधर्मको परिणामवाला, **उत्तरा निष्पद्यमाना**= पछि निष्पन्न हुने, **सृष्टिः** = ब्रह्माण्डको रचना, **पूर्वसृष्टिसदृशी एव** = पूर्वकल्पको सृष्टि समान नै, **निष्पद्यते** = हुन्छ, **स्मृतिश्च** = उक्त तथ्यलाई प्रमाणित गर्ने स्मृतिवचन, **भवति** = यस्तो छ, **ये**= जुन प्राणीहरूले, **प्राक्सृष्ट्याम्** = पूर्वसृष्टिमा, **यानि** = जुन, **कर्माणि** = कर्महरू, **प्रतिपेदिरे** = गरे, **पुनः पुनः** = बारम्बार, **सृज्यमानाः**= सृष्टिचक्रको प्रवाहमा परेका, **ते** = तिनीहरूले, **तेषाम्** = आ–आफ्ना, **तानि एव** = ती ती कर्महरूलाई, **प्रपद्यन्ते** = पुनः प्राप्त गर्दछन्, **तद्भाविताः** = आ–आफ्ना पूर्व कर्मप्रकृतिबाट प्रभावित ती प्राणीहरूले, **हिंस्राहिंस्रे** = हिंसाप्रधान र अहिंसाप्रधान, **मृदुक्रुरे** = कोमल र कठोर, **ऋतानृते** = सत्यकर्म र असत्यकर्म, र; **धर्माधर्मौ**= धर्म र अधर्मलाई, **प्रपद्यन्ते** = आ–आफ्नो प्रकृतिअनुसार प्राप्त गर्दछन्, **तस्मात्** = त्यसकारण, **तस्य** = त्यस प्राणीलाई, **तत्** = आफ्नो प्रकृतिअनुसारको कर्म, **रोचते**= राम्रो लाग्दछ, **इति** = यस्तो स्मृतिवचन छ ।

विशदीकरण

'हिरण्यगर्भले पूर्वकल्पको स्मरण गरेर नयाँ सृष्टिको प्रवर्तन गर्दछन्' भनेर जो भनियो त्यसलाई वैदिकवचनहरूले पनि 'जसले सर्वप्रथम ब्रह्माजीको सृष्टि गर्‍यो, ब्रह्मालाई वेदरूपी ज्ञान दियो, त्यस्ता बुद्धिलाई प्रकाशित गर्ने परमात्माको शरणमा म मुमुक्षु पर्छु' भनेर प्रमाणित गरेका छन् । 'मधुच्छन्द ऋषिहरूले १० मण्डलवाला ऋग्वेदका मन्त्रहरूको साक्षात्कार गरे' भन्ने शौनक आदि ऋषिका स्मृतिवचनहरूले पनि उक्त तथ्यलाई प्रमाणित गर्दछन् । फेरि प्रत्येक वेदमा तत् तत् शाखाका ऋषिहरूको चर्चा गरिन्छ ।

ऋषि आदिको ज्ञान गरेर मात्र वैदिकमन्त्रको प्रयोग गर्नुपर्ने कुरालाई श्रुतिमा भनिएअनुसार 'जसले ऋषि–छन्द–देवता र विनियोजक ब्राह्मणमन्त्र विना वेदका मन्त्रको प्रयोग गरेर कर्मानुष्ठान गर्दछ अथवा वेद पढाउँछ, त्यो स्थावरयोनिमा जन्म लिन्छ र नरकमा पर्छ' भन्ने कुराबाट सुरु गरेर 'ऋषि–छन्द–देवता र विनियोग पूर्वक तत् तत् मन्त्रको प्रयोग गर्ने पुरुषहरू कल्पान्तरका संस्कारअनुसारका कर्मप्राप्त गर्दछन् र पूर्वकल्पका कर्मानुरागी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वभावको अनुसरण गर्दछन्' भन्ने वर्णन पाइन्छ ।

प्राणीहरूका सुखको लागि धर्मको विधान गरिएको छ र दुःखनिवारणका लागि अधर्मको निषेध गरिएको छ । त्यसकारण लौकिक र पारलौकिक सुख र दुःख विषयक राग र द्वेषले यो संसार जेलिएको छ। यो सृष्टि पनि राग, द्वेष भएका प्राणीहरूको संस्कारले अनुप्राणित छ । ती ती प्राणीहरूका ती ती स्वभावका कारण पछि हुने सृष्टि पूर्वकल्पको सृष्टि समान नै हुन्छ भन्ने कुरालाई निम्न लिखित स्मृतिवचनले प्रमाणित गर्दछ– 'प्राणीहरूले पूर्वकल्पमा हिंसाप्रधान वा अहिंसाप्रधान, कठोर वा कोमल, सत्य वा असत्य, धार्मिक वा अधार्मिक जस्ता कर्म गरेका हुन्छन्, ती ती कर्मनै पछिल्लो सृष्टिमा पनि तिनका कर्म बन्दछन् र स्वभाव तथा रुचि पनि त्यस्तै हुन्छ'।

शाङ्करभाष्यम्

प्रलीयमानमपि चेदं जगच्छक्त्यवशेषमेव प्रलीयते । शक्तिमूलमेव च प्रभवति, इतरथाऽऽकस्मिकत्वप्रसङ्गात् । न चानेकाकाराः शक्तयः शक्याः कल्पयितुम् । ततश्च विच्छिद्य विच्छिद्याप्युद्भवतां भूरादिलोकप्रवाहाणाम्, देवतिर्यङ्मनुष्यलक्षणानाञ्च प्राणिनिकायप्रवाहाणाम्, वर्णाश्रमधर्मफलव्यवस्थानां चानादौ संसारे नियतत्वमिन्द्रियविषयसंबन्धनियतत्ववत्प्रत्येतव्यम् । न हीन्द्रिय-विषयसंबन्धादेर्व्यवहारस्य प्रतिसर्गमन्यथात्वं षष्ठेन्द्रियविषयकल्पं शक्युमुत्प्रेक्षितुम्। अतश्च सर्वकल्पानां तुल्यव्यवहारत्वात्कल्पान्तरव्यवहारानुसंधानक्षमत्वाच्चेश्वराणां समाननामरूपा एव प्रतिसर्गं विशेषाः प्रादुर्भवन्ति । समाननामरूपत्वाच्चावृत्तावपि महासर्गमहाप्रलयलक्षणायां जगतोऽभ्युपगम्यमानायां न कश्चिच्छब्दप्रामाण्यादि-विरोधः । समाननामरूपतां च श्रुतिस्मृती दर्शयतः –

'सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् ।

दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः' (ऋ. सं. १०/१९०/३) इति । यथा पूर्वस्मिन् कल्पे सूर्याचन्द्रमःप्रभृति जगत्क्लृप्तं यथास्मिन्नपि कल्पे परमेश्वरो-ऽकल्पयदित्यर्थः। तथा– **'अग्निर्वा अकामयत । अन्नादो देवानाꣳस्यामिति। स एतमग्नये कृत्तिकाभ्यः पुरोडाशमष्टाकपालं निरवपत्'** (तै. ब्रा. ३/१/४/१) इति,नक्षत्रेष्टिविधौ योऽग्निर्निरवपद्यस्मै वाऽग्नये निरवपत्तयोः समाननाम-रूपतां दर्शयतीत्येवंजातीयका श्रुतिरिहोदाहर्तव्या । स्मृतिरपि–

'ऋषीणां नामधेयानि याश्च वेदेषु दृष्टयः ।

शर्वर्यन्ते प्रसूतानां तान्येवैभ्यो ददात्यजः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथर्तुष्वृतुलिङ्गानि नानारूपाणि पर्यये ।
दृश्यन्ते तानि तान्येव तथा भावा युगादिषु ।
यथाभिमानिनोऽतीतास्तुल्यास्ते सांप्रतैरिह ।
देवा देवैरतीतैर्हि रूपैर्नामभिरेव च ।।' इत्येवंजातीयका द्रष्टव्या ।।३०।।

नेपालीभाषानुवाद

प्रलीयमानम् अपि = प्रलय हुने प्रक्रियामा प्राप्त, **इदम्** = यो, **जगत्** = संसार, **शक्त्यवशेषम् एव**= वासना वा संस्कारनामक शक्तिलाई शेष(स्थिर) राखेर, **प्रलीयते** = विलीन हुन्छ, **शक्तिमूलकम् एव** = पूर्व वासनालाई साथमा लिएर नै, **प्रभवति** = फेरि उत्पन्न हुन्छ, **इतरथा** = संस्कार समेत लीन हुन्छ भनेर नमान्ने हो भने, **आकस्मिकत्वप्रसङ्गात्** = सृष्टि विनाहेतु प्रवर्तित हुन्छ भन्ने दोष पर्न सक्ने हुनाले, **अनेकाकाराः**= अनेक प्रकारका, **शक्तयः** = कल्प कल्पका छुट्टाछुट्टै शक्तिहरू, **कल्पयितुम्** = कल्पना गर्न, **न शक्याः** = योग्य छैनन्, **ततश्च** = त्यसकारण, **विच्छिद्य विच्छिद्य अपि** = पटक पटक छिन्नभिन्न भएर पनि (लीन भएर पनि), **उद्भवताम्** = फेरि उत्पन्न हुने, **भूरादिलोकप्रवाहाणाम्** = **भूः भुवः स्वः** आदि लोकहरूका परम्पराहरूको, **देवतिर्यङ्मनुष्यलक्षणानां च** = देवता, मनुष्य, पशु आदि स्वरूपका, **प्राणिनिकायप्रवाहाणाम्** = प्राणी समूहका परम्पराहरूको, **वर्णाश्रमफलव्यवस्थानां च** = वर्ण, आश्रम, धर्म, पुण्यफल र पापफलका व्यवस्थाहरूको, **अनादौ** = अनादि, **संसारे** = संसारमा, **नियतत्वम्** = जो निश्चित सम्बन्ध रहेको छ, त्यसलाई; **इन्द्रियविषयसम्बन्धनियतत्ववत्** = चक्षुरादि इन्द्रियहरूको रूपादि विषयसँग जस्तो नियतसम्बन्ध छ त्यस्तै, **प्रत्येतव्यम्** = जान्नु पर्दछ, **इन्द्रियविषयसम्बन्धादेः** = इन्द्रिय र विषयको सम्बन्ध आदि, **व्यवहारस्य**= व्यवहारको, **षष्ठेन्द्रियविषयकल्पम्**= छैठौं ज्ञानेन्द्रिय मन र विषयको सम्बन्ध जस्तै, **प्रतिसर्गम्** = प्रत्येक सृष्टिमा, **अन्यथात्वम्** = फरक फरक हुने कुरा, **उत्प्रेक्षितुम्**= संभावना गर्न, **न हि शक्यम्** = सकिंदैन, **अतश्च** = यसकारण, **सर्वकल्पानाम्** = सबै कल्पहरूको, **तुल्यव्यवहारत्वात्** = समान व्यवहार हुने हुनाले, **ईश्वराणाम्** = हिरण्यगर्भ आदि ईश्वरहरूको, **कल्पान्तरव्यवहारानुसन्धानक्षमत्वात्** = कल्प कल्पका व्यवहारहरूको स्मरण गर्ने सामर्थ्य हुनाले, **प्रतिसर्गम्** = हरेक सृष्टिमा, **समान-नामरूपाः एव** = समान नाम र रूप भएका, **विशेषाः** = देवादि भिन्न-भिन्न व्यक्तिहरू, **प्रादुर्भवन्ति** = उत्पन्न हुन्छन्, **समाननामरूपत्वात् च** = प्रतिसर्गमा समान नाम र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप हुनेहुँदा, **जगतः** = संसारको, **महासर्गमहाप्रलयलक्षणायाम्** = महासर्ग र महाप्रलयरूप, **आवृत्तौ** = पुनरावृत्तिलाई, **अभ्युपगम्यमानायाम्** = मान्दा पनि, **कश्चित्** = कुनै, **न शब्दप्रामाण्यादिविरोधः** = शब्दको प्रमाणतामा विरोध पर्दैन, **श्रुतिस्मृती च** = वेद र स्मृतिले पनि, **समाननामरूपताम्** = प्रत्येक सृष्टिमा देवादि व्यक्तिहरूको समान नाम र समान रूप हुने कुरालाई, **दर्शयतः**= देखाउँछन्, **धाता**= जगत्को धारण गर्ने परमात्माले, **यथापूर्वम्** = पूर्वकल्पमा जस्तै, **सूर्याचन्द्रमसौ** = सूर्य र चन्द्रमा, **दिवं च** = दिव्यलोक, **भूमिं च** = पृथिवी, **अन्तरिक्षम्** = अन्तरिक्ष, **अथ** = त्यसपछि, **स्वः** = स्वर्गको, **अकल्पयत्**= रचना गरे(कल्पना गरे), **यथा**= जसरी, **पूर्वस्मिन्** = पूर्व, **कल्पे** = कल्पमा, **सूर्याचन्द्रमः प्रभृति** = सूर्य, चन्द्रमा आदि, **जगत्** = संसार, **क्लृप्तम्** = सिद्ध थियो, **तथा** = त्यसरी, **अस्मिन्** = यस, **कल्पे** = कल्पमा, **अपि** = पनि, **परमेश्वरः** = परमात्माले, **अकल्पयत्** = सिद्ध गरे, **इत्यर्थः** = यो श्रुतिको अर्थ हो, **तथा** = त्यस्तै, **अग्निः वा अकामयत** = यजमानले कामना गऱ्यो 'म अग्नि होऊँ', **अन्नादः देवानां स्याम् इति** = म देवताहरूको माझमा अन्न खाने अग्निरूप बनूँ, **सः तम् अग्नये कृत्तिकाभ्यः पुरोडाशम् अष्टा-कपालं निरवपत्** = त्यसले कृत्तिकानक्षत्रहरूका अभिमानी अग्निका लागि आठ कपालहरूमा (आठ माटाका भाँडाहरूमा) बनाइएको हविष्य(पुरोडाश) अर्पण गऱ्यो, **इति** = यस श्रुतिले, **नक्षत्रेष्टिविधौ** = नक्षत्रेष्टि विधिमा, **यो** = जुन, **अग्निः** = यजमानरूप अग्निले, **निरवपत्** = अर्पण गऱ्यो, **यस्मै** = जुन, **अग्नये** = अग्निका लागि, **निरवपत्** = हविष्य अर्पण गऱ्यो, **तयोः** = ती दुवै यजमानरूप अग्नि र अग्निको, **समानरूपताम्** = समान स्वरूपलाई, **दर्शयति** = देखाउँछ, **इत्येवं-जातीयका** = यस्तै, **श्रुतिः** = वेदका मन्त्रलाई, **इह** = यस विवेच्य प्रसङ्गमा, **उदाहर्तव्या** = उदाहरणका रूपमा प्रयोग गर्नुपर्दछ, **स्मृतिः अपि** = स्मृतिवचन छ कि, **ऋषीणाम्** = पूर्वकल्पमा ऋषिहरूका, **नामधेयानि**= नामहरू, **वेदेषु** = वेदहरूमा, **याश्च** = जे जस्ता, **दृष्टयः** = दृष्टिहरू थिए, **शर्वयन्ते** = महाप्रलय पछि, **अजः** = परमात्माले, **प्रसूतानाम्** = उत्पन्न भएका ती ती ऋषिका, **तानि एव** = ती-ती नाम र दृष्टि, **एभ्यः** = तिनैलाई, **ददाति** = दिन्छन्, **यथा**= जस्तै, **ऋतुषु** = वसन्त आदि ऋतुहरूमा, **नानारूपाणि** = थरी थरी रूप भएका, **ऋतुलिङ्गानि** = ऋतुका नवपल्लव आदि चिह्नहरू हुन्छन्, **तानि** = ती ती चिह्नहरूनै, **पर्यये** = ऋतुको पुनरावृत्ति हुँदा, **दृश्यन्ते** = देखिन्छन्, **तथा** = त्यसरी नै, **युगादिषु** = सृष्टिका आदि कालहरूमा, **भावाः** = पदार्थहरू देखिन्छन्, **यथा**= जस्तै, **अतीताः** = पूर्वकल्पका, **अभिमानिनः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियाभिमानी देवताहरू थिए, **इह**= अहिले, **ते** = ती पूर्वकल्पका देवताहरू, **साम्प्रतैः**= वर्तमान समयका देवताहरूसँग, **तुल्याः** = समान नै छन्, **हि** = निश्चय नै, **अतीतैः**= पूर्वकल्पका, **देवैः** = देवताहरूसँग, **रूपैः** = तिनका रूपहरूसँग, र; **नामभिः** = नामहरूसँग; **तुल्याः** = तुल्यता राख्ने, **देवाः** = वर्तमानकालिक देवताहरू छन्, **इत्येवंजातीयका** = यस्ता खाले स्मृतिवचन पनि, **द्रष्टव्या** = मननीय छन् ।

विशदीकरण

पटक पटक महाप्रलय हुँदा यो जगत् वासना-शक्तिलाई अंगालेर नै लीन हुन्छ । विषय र इन्द्रियको नियतसम्बन्ध भएझैं वासना र अनादि संसारको पनि नियतसम्बन्ध छ। फलस्वरूप **भू भुवः स्वः** आदि लोकपरम्परा, देव, मनुष्य, पशु आदि प्राणीहरूको प्रवाह, वर्ण,आश्रम, धर्म र फलका व्यवस्थाहरूको अनादि संसारसँग नियतसम्बन्ध रहेको छ । प्रत्येक कल्पको व्यवहार समान छ । हिरण्यगर्भ आदि ईश्वरहरू पूर्वकल्पको अनुसन्धान गर्न समर्थ छन् र प्रत्येक सृष्टिमा समान नाम र रूप भएका भिन्न भिन्न व्यक्तिहरूको सृष्टि हुन्छ । हिरण्यगर्भको पूर्वकल्पीय अनुसन्धानमा क्षमता र प्रत्येक कल्पका भिन्न भिन्न व्यक्तिहरूको नाम र रूपमा समानताका कारण वैदिक शब्दको प्रामाण्यमा कुनै विरोध हुँदैन ।

श्रुति र स्मृतिमा सबै कल्पहरूमा भिन्न भिन्न व्यक्तिहरूको नाम र रूपमा समानता बताइएको छ । जस्तै '**सूर्याचन्द्रमसौ**' मन्त्रद्वारा - 'ब्रह्माले पूर्वकल्प कै समान सूर्य, चन्द्र, पृथ्वी, दिव्यलोक, अन्तरिक्ष र स्वर्गको सृष्टि गरे । पूर्वकल्पमा परमात्माले जस्तो जगत्को कल्पना गरेका थिए, त्यस्तै यस कल्पमा पनि जगत्को कल्पना गरे' भन्ने तथ्य प्रतिपादित भएको छ । त्यस्तै '**अग्निर्वा**' मन्त्रले पनि यजमानरूप अग्नि र अग्निको समानता बताएको छ । '**ऋषीणाम्**' इत्यादि स्मृतिवाक्यमा पनि 'प्राक्तन कल्पका सम्पूर्ण व्यवहारहरू आगामी कल्पमा पनि समानरूपमा प्रकट हुन्छन्' भनिएको छ ।

उक्त रीतिबाट पूर्वसृष्टि जस्तै नवीन सृष्टि उत्पन्न हुन्छ भन्ने तथ्य प्रमाणित भएको छ। यसबाट देवताहरूलाई जन्म-मरण धर्मवाला शरीरी स्वीकार गरे पनि देवादिको कर्म र देवादिशब्दमा कुनै विरोध छैन । अर्थात् नित्य वेदबाट अनित्य देवादि व्यक्तिहरूको उत्पत्ति मान्दा पनि वेदको नित्यतामा कुनै विरोध पर्न आउँदैन ।

ब्रह्मसूत्रम् - मध्वादिष्वसम्भवादनधिकारं जैमिनिः १/३/३१

सूत्रार्थ - **मध्वादिषु** = **असौ वा आदित्यो देवमधु०** इत्यादि मनुष्यको अधिकारक्षेत्रमा पर्ने मध्वादि विद्याका उपासनाहरूमा, **असम्भवात्** = देवता आदिको अधिकार असम्भव भएकाले, **अनधिकारम्** = देवादिको ब्रह्मविद्यामा अधिकार छैन भन्ने कुरा, **जैमिनिः** = जैमिनि आचार्य भन्नुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

इह देवादीनामपि ब्रह्मविद्यायामस्त्यधिकार इति यत्प्रतिज्ञातं तत्पर्यावर्त्यते। देवादीनामनधिकारं जैमिनिराचार्यो मन्यते । कस्मात् ? मध्वादिष्वसंभवात् । ब्रह्मविद्यायामधिकाराभ्युपगमे हि विद्यात्वाविशेषान् मध्वादिविद्यास्वप्यधिकारो-ऽभ्युपगम्येत । न चैवं संभवति । कथम् ? **'असौ वा आदित्यो देवमधु'** (छा. ३/१/१) इत्यत्र मनुष्या आदित्यं मध्वध्यासेनोपासीरन् । देवादिषु ह्युपास-केष्वभ्युपगम्यमानेष्वादित्यः कमन्यमादित्यमुपासीत ? पुनश्चादित्यव्यपाश्रयाणि पञ्च रोहितादीन्यमृतान्युपक्रम्य वसवो रुद्रा आदित्या मरुतः साध्याश्च पञ्च देवगणाः क्रमेण तत्तदमृतमुपजीवन्तीत्युपदिश्य **'स य एतदेवममृतं वेद वसूनामेवैको भूत्वाऽग्निनैव मुखेनैतदेवामृतं दृष्ट्वा तृप्यति'** इत्यादिना वस्वाद्युपजीव्यान्यमृतानि विजानतां वस्वादिमहिमप्राप्तिं दर्शयति । वस्वादयस्तु कानन्यान्वस्वादीनमृतोप-जीविनो विजानीयुः ? कं वाऽन्यं वस्वादिमहिमानं प्रेप्सेयुः ? तथा **'अग्निः पादो वायुः पाद आदित्यः पादो दिशः पादः'**(छा. ३/१८/२), **'वायुर्वाव संवर्गः'** (छा. ४/३/१) **'आदित्यो ब्रह्मेत्यादेशः'** (छा. ३/११/१) इत्यादिषु देवतात्मोपासनेषु न तेषामेव देवतात्मनामधिकारः संभवति । तथा **'इमावेव गोतमभरद्वाजावयमेव गोतमोऽयं भरद्वाजः'** (बृ. २/२/४) इत्यादिष्वप्यृषि-संबन्धेषूपासनेषु न तेषामेवर्षीणामधिकारः संभवति ।।३१।।

नेपालीभाषानुवाद

इह = यस प्रकरणमा, **देवादीनाम्** = देवता आदिको, **अपि** = पनि, **ब्रह्मविद्यायाम्** = ब्रह्मविद्यामा, **अधिकारः** = अधिकार, **अस्ति इति** = छ भन्ने, **यत्** = जो, **प्रतिज्ञातम्** = प्रतिज्ञा गरियो, **तत्** = त्यसको, **पर्यावर्त्यते** = निवारण गरिन्छ, **आचार्यः** = आचार्य, **जैमिनिः** = जैमिनि, **देवादीनाम्** = देवता आदिको, **अनधिकारम्** = ब्रह्मविद्यामा अधिकार नहुने कुरा, **मन्यते** = मान्नुहुन्छ, **कस्मात्** = किन, **मध्वादिषु** = मधु आदि विद्याहरूमा, **असम्भवात्** = देवता आदिको अधिकार सम्भव नभएकाले, **हि** = निश्चय नै, **ब्रह्मविद्यायाम्** = ब्रह्मविद्यामा, **अधिकारा-भ्युपगमे** = देवताहरूको अधिकार हुन्छ भन्ने स्वीकार गरिएमा, **विद्यात्वाविशेषात्**= विद्यात्वमा कुनै अन्तर नभएकाले, **मध्वादिविद्यासु** = मधु आदि विद्याहरूमा पनि, **अधिकारः** = अधिकार, **अभ्युपगम्येत** = मान्नुपर्ने हुन्छ, तर, **एवम्** = मधुविद्या आदिमा देवादिको अधिकार मान्ने कुरा, **न च संभवति** = सम्भव हुँदैन, **कथम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनभने, **'असौ वा आदित्यो देवमधु'**= सूर्य देवताका मधु हुन् – अर्थात् यी बाट नै देवताहरूले मोद प्राप्त गर्ने हुँदा यी देव मधु हुन्, **इत्यत्र** = उक्त मधु उपासनामा, **मनुष्याः** = मानिसहरूले, **मध्वध्यासेन** = सूर्यमा मधुको अध्यास (अभेददर्शन) गरेर, **आदित्यम्** = सूर्यको, **उपासीरन्** = उपासना गर्न सक्छन्, तर, **हि** = निश्चय नै, **देवादिषु** = देवता आदिलाई, **उपासकेषु** = उपासकका रूपमा, **अभ्युपगम्यमानेषु**= स्वीकार गरिंदा उपासक, **आदित्यः** = सूर्य देवताले, **कम् अपि अन्यम् आदित्यम्**= कुन आफूभन्दा बाहेकको कुन अर्को उपास्य सूर्यलाई, **उपासीत** = उपासना गर्न सक्छन्, अर्थात् उपास्य कुनै दोस्रो सूर्य रहेको हुँदैन र आफूले आफ्नै उपासना गर्ने कुरा पनि आउँदैन, **पुनश्च** = फेरि, **आदित्यव्यपाश्रयाणि** = आदित्यमा आश्रित, **पञ्च** = पाँच, **रोहितादीनि** = रोहित आदि किरणहरू, अर्थात् लोहित, शुक्ल, कृष्ण, अतिकृष्ण र गोप्यनामक किरणहरू, **अमृतानि** = अमृत हुन्, **उपक्रम्य** = यसरी आरम्भ गरेर, **वसवः** = वसुहरू, **रुद्राः** = रुद्रहरू, **आदित्याः** = आदित्यहरू, **मरुतः** = मरुतहरू, **साध्याश्च** = र साध्यहरू, **पञ्च** = पाँच, **देवगणाः** = देवताका गणहरू, **क्रमेण** = क्रमैले, **तत् तत् अमृतम्** = त्यस त्यस अमृतलाई, **उपजीवन्ति**= उपभोग गर्दछन्, **इति** = यस्तो, **उपदिश्य** = उपदेश दिएर, **सः यः** = त्यो जो, **एवम्** = यसप्रकार, **एतत्** = यस, **अमृतम्** = अमृतलाई, **वेद** = जान्दछ, त्यो; **वसूनाम् एव** = वसुहरूमध्ये नै, **एकः** = एक वसु, **भूत्वा** = भएर, **अग्निना एव**= अग्निरूप, **मुखेन** = मुखद्वारा, **अमृतम्** = अमृतलाई, **दृष्ट्वा** = देखेर, **तृप्यति** = तृप्त हुन्छ इत्यादि मन्त्रद्वारा श्रुतिले, **वस्वाद्युपजीव्यानि** = वसु आदिका उपजीव्य, **अमृतानि** = अमृतहरूलाई, **विजानताम्** = जान्नेहरूका लागि, **वस्वादिमहिमप्राप्तिम्**= वसु आदिको महिमा प्राप्त हुने कुरा, **दर्शयति** = देखाउँछ, **वस्वादयस्तु** = वसु आदिहरूले (स्वयं उपासक भएको खण्डमा), **कान् अन्यान्** = कुन अरू, **अमृतोपजीविनः** = अमृतोपजीवी, **वस्वादीन्** = वसु आदिलाई, **विजानीयुः** = जान्न सक्छन् र, **वा** = अथवा, **कम् अन्यम्** = कुन अर्को, **वस्यादिमहिमानम्** = वसु आदिद्वारा प्राप्त महिमालाई, **प्रेप्सेयुः** = प्राप्त गर्न इच्छा गर्छन् र, **तथा** = त्यस्तै, **अग्निः** = अग्नि, **पादः** = चरण हो, **वायुः** = हावा, **पादः** = चरण हो, **आदित्यः**= सूर्य, **पादः** = चरण हो, **दिशः** = दिशाहरू, **पादः** = चरण हुन्, **वाव** = निश्चय नै, **वायुः** = वायु, **संवर्गः** = संवर्ग हो, **आदित्यः** = सूर्य, **ब्रह्म** = ब्रह्म हो, **इति** = यस्तो, **आदेशः** = आदेश छ, **इत्यादिषु** = छान्दोग्योपनिषद्का उक्त मन्त्रहरूमा निर्दिष्ट, **देवतात्मोपासनेषु**= देवतात्मक उपासनाहरूमा, **तेषाम् एव**= तिनै, **देवतानाम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरूको, **अधिकारः** = अधिकार, **न संभवति** = सम्भव छैन, युक्तियुक्त छैन; **तथा** = त्यस्तै, **इमौ एव** = यी दुई नै, **गौतमभरद्वाजौ** = गौतम र भरद्वाज हुन्, **अयमेव** = यो दायाँ कान, **गौतमः** = गौतम हो, **अयम्** = यो बायाँ कान, **भरद्वाजः**= भरद्वाज हो, **इत्यादिषु** = यी आदि, **ऋषिसम्बन्धेषु** = ऋषिहरूसँग सम्बन्धित, **उपासनेषु** = उपासनाहरूमा, **तेषाम्** = ती ती, **ऋषीणाम्** = ऋषिहरूको नै, **अधिकारः** = अधिकार, **न संभवति** = संभव हुँदैन ।

विशदीकरण

ब्रह्मविद्यामा देवताहरूको अधिकार छ भन्ने स्वीकार गरिएको विषयमा जैमिनिको विमति रहेको छ । उनी भन्दछन् - देवताहरूको [१]मधुविद्यामा अधिकार हुनै सक्तैन । ब्रह्मविद्यामा अधिकार मान्ने र मधुविद्यामा अधिकार नमान्ने कुरा पनि हुँदैन । दुवै विद्या भएकाले विद्यात्व दुवैमा छ । त्यस्तो हो भने मधुविद्यामा पनि अधिकार सिद्ध हुनेछ । तर त्यो संभव छैन किनकि '**असौ वा आदित्यः**' इत्यादि मधुविद्यामा आदित्य देवताका मधु हुन् । यस मधुको अध्यासबाट मानिसहरूले आदित्यको उपासना गर्नुपर्दछ भनिएको छ ।

तर यसप्रकरणमा आदित्यका उपासकका रूपमा देवताहरूलाई स्वीकार गर्न मिल्दैन। आदित्य आदि देवताहरूलाई उपासक मान्ने हो भने आदित्यले आदित्यको उपासना गर्नु पर्दछ भन्ने अर्थ निस्कन्छ। यस अवस्थामा आदित्यले आफूभन्दा बाहेक कुन आदित्यको उपासना गर्ने ? त्यस्तै '**स एव एतदेवममृतम्**' इत्यादि मन्त्रमा 'जसले आदित्यमा आश्रित अमृतहरूलाई जान्दछ, त्यसले वसुको महिमा प्राप्त गर्दछ' भनिएकोमा यदि वसु नै उपासक बन्छन् भने तिनले कुन वसुको महिमा प्राप्त गर्ने ? यो प्रश्न हुन आउँछ।

'आकाशरूप ब्रह्मको अग्नि पाद हो, वायु पाद हो, आदित्य पाद हो, दिशाहरू पाद हुन्, वायु संवर्ग हो, आदित्य ब्रह्म नै हुन्' भनेर जो श्रुतिमा भनिएको छ, त्यस आधारमा ती ती देवताले आ-आफ्नै उपासना गर्न मिल्दैन । फेरि ऋषिसम्बन्धी उपासनामा 'दायाँ कान गौतम हो, बायाँ भरद्वाज हो' भन्ने उल्लेख गरिएको छ । त्यस आधारमा स्वयं ती ती उपासक हुन मिल्दैन । अतः उपास्य देवता र ऋषिहरूको उक्त उपासनाहरूमा अधिकार छैन भन्ने जैमिनिको आशय छ ।

मधुविद्याको रहस्य- उक्त सूत्रमा मधुविद्याको उल्लेख भएको छ । ४ वेदमा निर्दिष्ट ४ प्रकारका कर्म र प्रणव यी ५ पुष्प हुन् । होममन्त्ररूप माहुरीहरूले आहुत सोम, घृत आदि पदार्थरूप लोहित, शुक्ल, कृष्ण, अतिकृष्ण र गोप्यनामक पाँच अमृतहरूलाई पूर्व, पश्चिम, उत्तर, दक्षिण र ऊर्ध्व यी पाँच दिशाहरूमा माहुरीको चाकाका छिद्ररूप सूर्यकिरणद्वारा सूर्यमण्डलमा पुऱ्याउँछन् । जहाँ पुगेर ती पाँच अमृतहरू यश, तेज, इन्द्रिय, वीर्य र अन्नरूपमा परिणत भएर पाँच दिशामा स्थित वसु आदिका भोग्य बन्दछन् । यसप्रकार सूर्यको मधुरूपमा उपासना गर्नु पर्दछ । जसले यसरी ध्यान गर्दछ त्यसैले वसुरूपत्व प्राप्त गर्दछ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मधुविद्याको निष्कर्ष हो ।

शाङ्करभाष्यम् - कुतश्च देवादीनामनधिकारः -

नेपालीभाषानुवाद - **कुतश्च** = कुन हेतुबाट, **देवादीनाम्** = देवता आदिको, **अनधिकारः** = ब्रह्मविद्यामा अनधिकार छ ?

ब्रह्मसूत्रम् - **ज्योतिषि भावाच्च १/३/३२**

सूत्रार्थ - **ज्योतिषि** = दृश्यमान ज्योतिर्मण्डलमा, **भावात् च** = आदित्यशब्दको प्रयोग र आदित्य बुद्धि हुन्छ । ज्योतिर्मण्डलहरू अचेतन छन् । ज्योतिर्मण्डल बाहेकका आदित्य आदिका शरीरादि युक्त चेतनहरू प्रत्यक्ष आदि प्रमाणहरूबाट अज्ञात छन् । शरीररहित हुनाले आदित्य आदि देवताहरूको ब्रह्मविद्यामा अधिकार छैन, यो जैमिनिको आशय हो ।

शाङ्करभाष्यम्

यदिदं ज्योतिर्मण्डलं द्युस्थानमहोरात्राभ्यां बम्भ्रमज्जगदवभासयति, तस्मिन्नादित्यादयो देवतावचनाः शब्दाः प्रयुज्यन्ते । लोकप्रसिद्धेर्वाक्यशेषप्रसिद्धेश्च। न च ज्योतिर्मण्डलस्य हृदयादिना विग्रहेण चेतनतयाऽर्थित्वादिना वा योगोऽवगन्तुं शक्यते, मृदादिवदचेतनत्वावगमात् । एतेनाग्न्यादयो व्याख्याताः । स्यादेतत्- मन्त्रार्थवादेतिहासपुराणलोकेभ्यो देवादीनां विग्रहवत्त्वाद्यवगमादयमदोष इति, नेत्युच्यते, नहि तावल्लोको नाम किञ्चित् स्वतन्त्रं प्रमाणमस्ति । प्रत्यक्षादिभ्य एव ह्यविचारितविशेषेभ्यः प्रमाणेभ्यः प्रसिद्ध्यन्नर्थो लोकात् प्रसिध्यतीत्युच्यते। न चात्र प्रत्यक्षादीनामन्यतमं प्रमाणमस्ति । इतिहासपुराणमपि पौरुषेयत्वात्प्रमाणान्तरं मूलमाकाङ्क्षति । अर्थवादा अपि विधिनैकवाक्यत्वात्स्तुत्यर्थाः सन्तो न पार्थगर्थ्येन देवादीनां विग्रहादिसद्भावे कारणभावं प्रतिपद्यन्ते । मन्त्रा अपि श्रुत्यादिविनियुक्ताः प्रयोगसमवायिनोऽभिधानार्था न कस्यचिदर्थस्य प्रमाणमित्याचक्षते । तस्मादभावो देवादीनामधिकारस्य ।।३२।।

नेपालीभाषानुवाद

द्युस्थानम् = द्युलोकमा स्थित, **यत्** = जो, **इदम्** = यो, **ज्योतिर्मण्डलम्**= ज्योतिर्मण्डल छ, **अहोरात्राभ्याम्** = दिन-रात, **बम्भ्रमद्** = बारबार भ्रमण गर्दो छँदो, **जगत्** = संसारलाई, **अवभासयति** = प्रकाशित गर्दछ, **तस्मिन्** = त्यसमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदित्यादयः = आदित्य सूर्य आदि, **देवतावाचकाः** = देवतावाचक, **शब्दाः** = शब्दहरू, **प्रयुज्यन्ते** = प्रयुक्त हुन्छन्, **लोकप्रसिद्धेः** = लोकप्रसिद्धि भएकाले, **वाक्यशेषप्रसिद्धेश्च** = मधुविद्याको वाक्यशेषमा आदित्य शब्दको प्रयोग जड ज्योतिर्मण्डलमा प्रसिद्ध भएकाले, **ज्योतिर्मण्डलस्य** = ज्योतिर्मण्डलको, **हृदयादिना विग्रहेण** = हृदय आदि समन्वित शरीरसँग, **चेतनतया** = चेतनशीलतासँग, **वा** = अथवा, **अर्थित्वादिना** = इच्छाशक्ति–सम्पन्नतासँग, **योगः** = सम्बन्ध, **अवगन्तुम्** = जान्न, **न च शक्यते** = सकिंदैन, **मृदादिवत्** = माटो दुङ्गा आदि झैं, **अचेतनत्वावगमात्** = उनीहरूमा अचेतनता रहेको ज्ञान हुनाले, **एतेन** = ज्योतिर्मण्डलको निरूपणबाट, **अग्न्यादयः** = अग्नि आदि पनि, **व्याख्याताः** = कहिए, अर्थात् ज्योतिर्मण्डलको जस्तो आकार–प्रकार र प्रकृति छ, त्यस्तै अग्नि आदिको पनि सम्झिन्छ, (यहाँ शङ्का हुन्छ); **एतत्** = माथि भनिएको विषय, **स्यात्** = हुन सक्ला, तर, **मन्त्रार्थवादेतिहासपुराणलोकेभ्यः** = मन्त्र अर्थवाद (**वज्रहस्तः पुरन्दरः सोऽरोदीत्**) इत्यादि वाक्य इतिहास, पुराण र लोकव्यवहारबाट, **देवादीनाम्** = देवता आदिको, **विग्रहवत्वाद्यवगमात्** = शरीरधारिता (शरीरित्व) ज्ञान हुनाले, **अयम्** = देवता आदिको विद्यामा अधिकार हुने विषय, **अदोषः** = प्रमाणसिद्ध हुनाले निर्दुष्ट छ यो जैमिनिको मत हो त्यसको उत्तरमा भनिन्छ, **न इति उच्यते** = उक्त भनाइ ठीक छैन, किनकि; **तावत्** = सर्वप्रथम, **लोकः नाम** = लोकनामबाट प्रसिद्ध, **किञ्चित्** = कुनै, **स्वतन्त्रम्** = छुट्टै देवता आदिको शरीरित्व साधक, **प्रमाणम्** = प्रमाण, **न अस्ति** = छैन, **हि** = निश्चय नै, **अविचारितविशेषेभ्यः** = विशेष विचार न गरिएका, **प्रमाणेभ्यः** = प्रत्यक्ष आदि प्रमाणहरूबाट, **प्रसिद्ध्यन्**= प्रसिद्ध भइरहेको, **अर्थः** = विषय, **लोकात्** = लोकव्यवहारबाट, **प्रसिद्ध्यति** = प्रसिद्ध हुन्छ, **इति** = यस्तो, **उच्यते** = भनिन्छ, **अत्र** = देवताको शरीर हुन्छ, उनीहरू विषय भोग गर्दछन् र ऐश्वर्य सम्पन्न हुन्छन् भन्ने विषयमा, **प्रत्यक्षादीनाम्** = प्रत्यक्ष अनुमान, उपमान र शब्दमध्ये, **अन्यतमम्** = कुनै, **प्रमाणम्** = प्रमाण, **न च अस्ति** = छैन, **इतिहासपुराणम्** = इतिहास र पुराण, **अपि** = पनि, **पौरुषेयत्वात्**= मनुष्यद्वारा नै रचिएकाले, आफ्नो प्रामाण्यका लागि, **मूलम्** = स्रोतरूप, **प्रमाणान्तरम्**= अन्य प्रमाणको, **आकाङ्क्षति** = आकाङ्क्षा गर्दछन्, **अर्थवादाः** = अर्थवादवाक्यहरू, **अपि** = पनि, **विधिना** = विधिवाक्यका साथ, **एकवाक्यत्वात्** = एकवाक्यता (एकार्थ प्रतिपादकता) भएको कारणले, **स्तुत्यर्थाः सन्तः** = स्तुति र अर्थमा परिणत भएर, **पार्थक्येन** = भिन्दै अर्थको रूपमा, **देवादीनाम्** = देवता आदिको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विग्रहादिसद्भावे = शरीरधारित्व आदि हुनुमा, **न कारणभावं प्रतिपद्यन्ते** = कारणता प्राप्त गर्दैनन्, **श्रुत्यादिविनियुक्ताः** = श्रुति, लिङ्ग आदि छ प्रमाणहरूद्वारा तत् तत् कर्ममा विनियोजित, **मन्त्राः**= मन्त्रहरू पनि, **प्रयोगसमवायिनः** = प्रयोगसँग सम्बद्ध हुन्छन् र, **अभिधानार्थाः** = प्रयोगसंबद्ध अर्थको प्रतिपादन गर्दछन्, **कस्यचित्** = कुनै पनि, **अर्थस्य** = अर्थका विषयमा, **न प्रमाणम्** = प्रमाण बन्दैनन्, **इति** = यस्तो, **आचक्षते** = मीमांसकहरू भन्दछन्, **तस्मात्** = त्यसकारणले, **देवादीनाम्**= देवताहरूको, **अधिकारस्य**= ब्रह्मविद्यामा रहने अधिकारको, **अभावः**= अभाव छ।

विशदीकरण

देवताहरूको ब्रह्मविद्या आदिमा किन अधिकार छैन ? यसको उत्तर दिंदै मीमांसकहरू भन्दछन्- आकाशमा रहेर जुन ज्योतिर्मण्डलले रात दिन जगत्लाई प्रकाशित गर्दछ, त्यसलाई बुझाउन नै आदित्य आदि देवतावाचक शब्दको प्रयोग गरिन्छ । अर्थात् त्यो ज्योतिर्मण्डल नै सूर्य चन्द्र शुक्र वृहस्पति आदि विभिन्न रूपमा जानिन्छ ।

उक्त विषय लोकप्रसिद्धि र '**आदित्यः पुरस्तादुदेता पश्चादस्तेता**' अर्थात् 'सूर्य पूर्वदिशामा उदाउँछन् र पश्चिममा अस्ताउँछन्' इत्यादि वाक्यशेषबाट बुझिन्छ । त्यस ज्योतिर्मण्डललाई हृदय र प्राणले समवेत शरीरधारीरूपमा र कुनै विषयको आशा (इच्छा) गर्ने प्राणीको रूपमा कसैले बुझ्दैन, अपितु ढुङ्गा, माटो जस्तै अचेतनको रूपमा नै बुझ्दछ।

ज्योतिर्मण्डल अचेतन छ भन्ने कुरा जानेपछि अग्नि, वायु, भूमि आदि पनि अचेतन र ज्ञानका अनधिकारी भन्ने कुरा बुझ्न कुनै गाह्रो पर्दैन । तर यहाँ मीमांसाकहरूसँग सहमत नहुनेहरू भन्दछन्- 'यी देखिने ज्योतिर्मण्डल अचेतन नै मानिए पनि मन्त्र, अर्थवाद, इतिहास, पुराण र लोकव्यवहारबाट देवता आदि सशरीर र सचेतन हुन्छन् भन्ने प्रमाणित हुने हुनाले देवताहरूको विद्यामा अधिकार सिद्ध हुन्छ ।'

यसको उत्तर दिंदै मीमांसक भन्दछन् - लोकप्रसिद्धि भन्ने कुनै प्रमाण नै हुँदैन, प्रत्यक्ष आदि प्रमाणहरूको अपरिष्कृत स्वरूप नै लोकप्रसिद्धि हो। देवता आदिलाई शरीरधारीको रूपमा सिद्ध गर्ने कुनै प्रमाण भेटिंदैन । इतिहास र पुराण पनि मानवकृत हुनाले आफूलाई प्रमाणित गराउन प्रमाणान्तरको खोजी गर्छन् । अर्थवाद वाक्य पनि विधिवाक्य कै पूरक हो। श्रुति, लिङ्ग आदि प्रमाणहरूबाट कर्मका विनियुक्त मन्त्रहरू पनि कर्मसम्बन्धी अर्थका प्रतिपादक मात्र हुन् र स्वतः प्रमाण होइनन् । अतः विग्रह चेतना आदिको अभावका कारणले देवता आदिको विद्यामा अधिकार छैन ।।३२।।

ब्रह्मसूत्रम् - भावं तु बादरायणोऽस्ति हि १/३/३३

सूत्रार्थ - **तु** = तर त्यसो होइन, **बादरायणः** = बादरायण (व्यास) को मतमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावम् = शरीरधारी हुनाले ब्रह्मविद्यामा देवता आदिको अधिकार छ, **हि** = किनभने, **अस्ति** = देवताहरूमा ब्रह्मविद्याको अर्थिता रहेको छ ।

शाङ्करभाष्यम्

तुशब्दः पूर्वपक्षं व्यावर्तयति । बादरायणस्त्वाचार्यो भावमधिकारस्य देवादीनामपि मन्यते । यद्यपि मध्वादिविद्यासु देवतादिव्यामिश्रास्वसंभवोऽधिकारस्य, तथाप्यस्ति हि शुद्धायां ब्रह्मविद्यायां संभवः । अर्थित्वसामर्थ्याप्रतिषेधाद्यपेक्षत्वादधिकारस्य । न च क्वचिदसंभव इत्येतावता यत्र संभवस्तत्राप्यधिकारोऽपोद्येत। मनुष्याणामपि न सर्वेषां ब्राह्मणादीनां सर्वेषु राजसूयादिष्वधिकारः संभवति । तत्र यो न्यायः सोऽत्रापि भविष्यति । ब्रह्मविद्यां च प्रकृत्य भवति दर्शनं श्रौतं देवाद्यधिकारस्य सूचकम्- **'तद्यो यो देवानां प्रत्यबुध्यत स एव तदभवत्तथर्षीणां तथा मनुष्याणाम्'** (बृ. १/४/१०) इति । **'ते होचुर्हन्त तमात्मानमन्विच्छामो यमात्मानमन्विष्य सर्वांश्च लोकानाप्नोति सर्वांश्च कामान्'** इति । **'इन्द्रो ह वै देवानामभिप्रवव्राज विरोचनोऽसुराणाम्'** (छा. ८/७/२) इत्यादि च । स्मार्तमपि गन्धर्वयाज्ञवल्क्यसंवादादि ।

नेपालीभाषानुवाद

तुशब्दः = सूत्रमा रहेको तुपदले, **पूर्वपक्षम्** = मीमांसकमतलाई, **व्यावर्तयति** = निवृत्त गराउँछ, अर्थात् यहाँसम्म पूर्वपक्षको मत भनियो अब सिद्धान्तपक्षको आरम्भ हुन्छ भन्ने कुरा जनाउँछ, **आचार्यः बादरायणः** = आचार्य बादरायण, **तु** = त, **देवादीनाम्** = देवता आदिको, **अपि** = पनि, **भावम्** = ब्रह्मविद्यामा अधिकार हुने कुरालाई, **मन्यते** = मान्दछन्, **यद्यपि** = यद्यपि, **देवतादिव्यामिश्रासु** = देवता आदि सँग सम्बन्धित, **मधुविद्यासु** = मधुविद्याहरूमा, **अधिकारस्य** = अधिकारको, **असंभवः** = असंभव हुन सक्छ, **तथापि** = त्यस्तो भएतापनि, **हि** = निश्चय नै, **शुद्धायाम्** = विशुद्ध, **ब्रह्मविद्यायाम्** = ब्रह्मविद्यामा, **अर्थित्वसामर्थ्याप्रतिषेधाद्यपेक्षत्वात्** = अर्थित्व, सामर्थ्य र अप्रतिषेध आदिको अपेक्षा रहनाले, **अधिकारस्य**= अधिकारको, **संभवः** = संभव छ, अर्थात् चाहना र सामर्थ्य हुनु एवं प्रतिबन्ध नहुनु जस्ता कारणबाट कुनै विषयमा पनि कसैको अधिकार वा प्रवृत्ति हुनसक्छ, **क्वचित्**= कहीं अर्थात् मधुविद्याहरूमा, **असंभवः** = अधिकार असंभव छ, **इत्येतावता**= यसो भन्दैमा, **यत्र**= जहाँ अर्थात् ब्रह्मविद्यामा, **संभवः** = अधिकार संभव छ, **तत्र**= त्यहाँ, **अधिकारः** = त्यो अधिकार, **न अपोद्येत** = निवारित हुँदैन, **मनुष्याणाम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसहरूको, **अपि** = पनि, **सर्वेषाम्** = सबै, **ब्राह्मणादीनाम्** = ब्राह्मण क्षत्रिय आदिको, **सर्वेषु** = सबै प्रकारका, **राजसूयादिषु** = राजसूय आदि यज्ञहरूमा, **अधिकारः** = अधिकार, **न सम्भवति** = सम्भव हुँदैन, **तत्र** = मनुष्यहरूमा, **यो** = जुन, **न्यायः** = नीति छ, **सः** = त्यो, **अत्रापि** = यहाँ पनि, **भविष्यति** = लागू हुनेछ, **ब्रह्मविद्यां च**= ब्रह्मविद्यालाई, **प्रकृत्य** = लिएर, अर्थात् ब्रह्मविद्याको प्रकरणमा, **देवाद्यधिकारस्य** = देवता आदिको अधिकारको, **सूचकम्** = परिचायक, **श्रौतम्**= वैदिक, **दर्शनम्** = दृष्टि, **भवति** = तल लेखिएअनुसार रहेको छ, **देवानाम्**= देवताहरूमध्ये, **यः यः** = ज-जसले, **तद्** = त्यस ब्रह्मलाई, **प्रत्यबुध्यत** = आत्मरूपले जान्यो, **सः** = त्यो, **एव** = निश्चय नै, **तद्** = ब्रह्मरूप, **अभवत्** = भयो, **तथा** = त्यस्तै, **ऋषीणाम्** = ऋषिहरूमध्ये ज-जसले ब्रह्मलाई आत्मरूपले जान्यो त्यो ब्रह्मरूप नै भयो, **तथा**= त्यस्तै, **मनुष्याणाम्** = मनुष्यहरूमा पनि ज-जसले ब्रह्मलाई आत्मरूपमा जान्यो, त्यो ब्रह्मरूप नै भयो, **इति** = यसरी एउटा यो श्रौत दर्शन हो, **ते**= देवताहरू, **ह** = निश्चय नै, **ऊचुः** = भन्न थाले, **हन्त** = खुसीको कुरा छ, **तम्**= त्यस, **आत्मानम्** = आत्मालाई, **अन्विच्छामः** = जान्न चाहन्छौं, **यम्** = जुन, **आत्मानम्** = आत्मालाई, **अन्विष्य** = जानेपछि जीवले, **सर्वान्** = सबै, **लोकान्**= लोकहरू, **च** = र, **सर्वांश्च** = सबै, **कामान्**= भोगहरूलाई, **आप्नोति** = पाउँछ, **इति** = यसरी अर्को यो श्रौतदर्शनको उदाहरण रहेको छ, **ह वै** = त्यसपछि निश्चय नै, **देवानाम्** = देवताहरूका राजा, **इन्द्रः** = इन्द्र, **असुराणाम्** = असुरहरूका राजा, **विरोचनः** = विरोचन, **अभिप्रवव्राज** = विद्याका लागि प्रजापतिका समीपमा गए, **इत्यादि च** = इत्यादि अरू पनि श्रौत दर्शनका दृष्टान्त रहेका छन्, **स्मार्तम्** = स्मृतिशास्त्रमा आधारित ब्रह्मविद्यामा देवाधिकारको प्रयोजक दर्शन, **अपि** = पनि, **गन्धर्वयाज्ञवक्ल्यसंवादादि** = गन्धर्व र याज्ञवल्क्यका संवाद आदिका रूपमा रहेका छन् ।

विशदीकरण

पूर्वपक्षीले 'ब्रह्मविद्यामा देवता आदिको अधिकार छैन, विद्या हुनाले, मधुविद्यामा जस्तै' भनेर जुन तर्क अघि सारे त्यो तर्क ठीक छैन । मधुविद्यामा अधिकार नहुन सक्ला तर शुद्ध ब्रह्मविद्यामा देवता आदिको पनि अधिकार छ । एकमा अधिकार नहुँदैमा अर्कोमा पनि अधिकार हुँदैन भन्न मिल्दैन ।

मनुष्यमा पनि त राजसूययज्ञका लागि सबैको अधिकार हुँदैन । ब्राह्मणको राजसूयमा अधिकार हुँदैन राजाको मात्र हुन्छ तर वृहस्पतिसवमा राजाको अधिकार हुँदैन ब्राह्मणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र अधिकार हुन्छ । त्यस्तै देवताहरूको मधुविद्यामा अधिकार नभए पनि ब्रह्मविद्यामा अधिकार छ । अधिकारका कारण अर्थित्व हुनु, सामर्थ्य हुनु र निषेध नहुनु नै हुन् । देवताहरूमा अर्थित्व, सामर्थ्य छ र निषेध वाक्य छैनन्, तसर्थ देवादिको ब्रह्मविद्यामा अधिकार सिद्ध हुन्छ । फेरि उक्त श्रुतिवचनबाट र स्मृतिसङ्केतबाट पनि देवता आदिको ब्रह्मविद्यामा अधिकार सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

यदप्युक्तं ज्योतिषि भावाच्चेति । अत्र ब्रूमः – ज्योतिरादिविषया अपि आदित्यादयो देवतावचनाः शब्दाश्चेतनावन्तमैश्वर्याद्युपेतं तं तं देवतात्मानं समर्पयन्ति, मन्त्रार्थवादादिषु तथा व्यवहारात् । अस्ति ह्यैश्वर्ययोगाद्देवतानां ज्योतिराद्यात्मभिश्चावस्थातुम्, यथेष्टञ्च तं तं विग्रहं ग्रहीतुं सामर्थ्यम् । तथा हि श्रूयते सुब्रह्मण्यार्थवादे-मेधातिथेर्मेषेति । '**मेधातिथिं ह काण्वायनमिन्द्रो मेषो भूत्वा जहार**' (षड्विंश०ब्रा. १/१) इति । स्मर्यते च– '**आदित्यः पुरुषो भूत्वा कुन्तीमुपजगाम ह**' इति । मृदादिष्वपि चेतना अधिष्ठातारोऽभ्युपगम्यन्ते, '**मृदब्रवीदापोऽब्रुवन्**' इत्यादिदर्शनात् । ज्योतिरादेस्तु भूतधातोरादित्यादिष्वचेतनत्वमभ्युपगम्यते । चेतनास्त्वधिष्ठातारो देवतात्मानो मन्त्रार्थवादादिव्यवहारादित्युक्तम् । यदप्युक्तम्-मन्त्रार्थवादयोरन्यार्थत्वान्न देवताविग्रहादिप्रकाशनसामर्थ्यमिति । अत्र ब्रूमः – प्रत्ययाप्रत्ययौ हि सद्भावासद्भावयोः कारणम्, नान्यार्थत्वमनन्यार्थत्वं वा । तथा ह्यन्यार्थमपि प्रस्थितः पथि पतितं तृणपर्णाद्यस्तीत्येव प्रतिपद्यते। अत्राह– विषम उपन्यासः । तत्र हि तृणपर्णादिविषयं प्रत्यक्षं प्रवृत्तमस्ति, येन तदस्तित्वं प्रतिपद्यते। अत्र पुनर्विध्युद्देशैकवाक्यभावेन स्तुत्यर्थेऽर्थवादे न पार्थगर्थ्येन वृत्तान्तविषया प्रवृत्तिः शक्याऽध्यवसातुम् । नहि महावाक्येऽर्थप्रत्यायकेऽवान्तरवाक्यस्य पृथक्प्रत्यायकत्वमस्ति, यथा '**न सुरां पिबेत्**' इति नञ्वति वाक्ये पदत्रयसंबन्धात्सुरापानप्रतिषेध एवैकोऽर्थोऽवगम्यते, **न पुनः सुरां पिबेत्** इति पदद्वयसंबन्धात्सुरापानविधिरपीति ।

नेपालीभाषानुवाद

ज्योतिषि भावाच्च = उक्त सूत्रमा ज्योतिर्मण्डलमा आदित्य आदि शब्दको प्रयोग एवं आदित्य बुद्धि हुन्छ, ती मण्डल अचेतन छन्, तिनको चेतनत्व प्रमाणित छैन र ती आदित्य आदि देवता ब्रह्मविद्याका अधिकारी हुँदैनन् भनेर, **यदपि** = जो, **उक्तम्** = पूर्वपक्षीद्वारा भनियो, **अत्र** = त्यस विषयमा, **ब्रूमः** = उत्तररूपमा भन्दछौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

ज्योतिरादिविषयकाः = ज्योतिर्मण्डलसँग सम्बन्धित, **अपि** = भएता पनि, **देवतावचनाः** = देवतावाचक, **आदित्यादयः** = आदित्य आदि, **शब्दाः** = शब्द, **चेतनावन्तम्** = चेतनावान्, **ऐश्वर्याद्युपेतम्** = ऐश्वर्य ज्ञान आदिले सम्पन्न, **तं तम्** = त्यस त्यस, **देवतात्मानम्** = देवतालाई, **समर्पयन्ति** = बुझाउँछन्, **मन्त्रार्थवादादिषु** = मन्त्र र अर्थवादहरूमा, **तथा** = त्यस्तै, **व्यवहारात्** = व्यवहार भएकाले, **हि** = निश्चय नै, **देवतानाम्** = देवताहरूको, **ऐश्वर्ययोगात्** = ऐश्वर्यको योग भएबाट, **ज्योतिराद्यात्मभिः** = ज्योतिर्मण्डल आदि स्वरूपद्वारा, **अवस्थातुम्** = स्थिर रहन, **च** = र, **यथेष्टम्** = इच्छानुसार, **तं तम्** = त्यो त्यो, **विग्रहम्** = शरीरलाई, **ग्रहीतुम्**= ग्रहण गर्न, **सामर्थ्यम्** = सामर्थ्य, **अस्ति** = छ, **तथा हि** = त्यस्तै, **सुब्रह्मण्यार्थवादे** = सुब्रह्मण्य अर्थवादमा, **मेधातिथे** = मेधातिथिको, **मेष इति** = इन्द्र प्रति भेडा भन्ने संबोधन, **श्रूयते** = सुनिन्छ, **ह** = निश्चय नै, **इन्द्रः** = इन्द्रले, **मेषः भूत्वा** = भेडाको रूप लिएर, **काण्वम्** = कण्वका छोरा, **मेधातिथिम्** = मेधातिथिलाई, **जहार** = हरण गरे, **ह** = निश्चय नै, **आदित्यः** = सूर्य, **पुरुषः भूत्वा** = पुरुषको रूप लिएर, **कुन्तीम्**= कुन्तीका समीपमा, **उपजगाम** = गए, **इति** = यस्तो, **स्मर्यते च**= स्मृतिमा भनिएको छ, **मृदादिषु अपि**= माटो आदिमा पनि, **चेतना** = चेतन भएका, **अधिष्ठातारः** = मृत्तिकाभिमानी देवता, **अभ्युपगम्यन्ते** = स्वीकार गरिएका छन्, **मृद्** = माटो, **अब्रवीत्** = बोल्यो, **आपः** = जल, **अब्रुवन्** = बोले, **इत्यादिदर्शनाद्**= श्रुतिवचनहरू देखिनाले, **आदित्यादिषु** = आदित्य आदिमा, **ज्योतिरादेः** = ज्योतिर्मण्डलरूप, **भूतधातोः** = भौतिकवस्तुको मात्र, **अचेतनत्वम्** = जडत्व अथवा चेतनाहीनता, **अभ्युपगम्यते** = स्वीकार गरिन्छ, **मन्त्रार्थवादव्यवहारात्** = मन्त्र र अर्थवादको व्यवहारबाट, **अधिष्ठातारः** = ज्योतिर्मण्डलका अधिष्ठाता, **देवतात्मानः**= देवताहरू, **चेतनाः** = चेतन छन्, **इत्युक्तम्** = यस्तो भनिएको छ, **मन्त्रार्थवादयोः**= मन्त्र र अर्थवादको, **अन्यार्थत्वात्** = आफूबाहेक अरू कै अर्थमा प्रयोग हुने हुनाले, **देवतादिविग्रहादिप्रकाशनसामर्थ्यम्** = देवता आदिका विग्रह आदिको अर्थ बताउने सामर्थ्य, **न** = छैन भनें, **यदपि** = जो, पूर्वपक्षी मीमांसकहरूद्वारा, **उक्तम्** = भनियो, **अत्र** = त्यस सम्बन्धमा सिद्धान्तरूपमा, **ब्रूमः** = भन्दछौं, **हि** = निश्चय नै, **सद्भावासद्भावयोः** = वस्तुको सद्भाव (हुनु) र असद्भाव (नहुनु) मा, **कारणम्** = कारण, **प्रत्ययाप्रत्ययौ** = त्यसका प्रतीति (ज्ञान) र अप्रतीति (अज्ञान) नै हुन्छन्, **अन्यार्थत्वम्** = अन्य प्रयोजनका लागि उपयोग गरिनु, **वा** = अथवा, **अनन्यार्थत्वम्** = अन्य प्रयोजनका लागि उपयोग न गरिनु, **न** = कारण हुँदैनन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा हि = जस्तै, **अन्यार्थम् अपि** = कुनै अन्य प्रयोजनका लागि, **प्रस्थितः** = प्रस्थान गर्ने मानिसले, **पथि** = बाटोमा, **पतितम्** = खसेको, **तृणपर्णादि** = घाँस, पात आदिलाई, **अस्ति** = छ, **इत्येव** = भनेर नै, **प्रतिपद्यते** = जान्दछ, अर्थात् उसको त्यसमा प्रयोजन नरहे पनि देख्दछ, त्यस्तै यहाँ पनि अन्य प्रयोजनका लागि उच्चरित मन्त्रहरूको अर्थ, अर्थवादबाट उपस्थित हुन्छ भन्ने तात्पर्य हुन आउँछ, **अत्र**= यस विषयमा, **आह** = मीमांसक भन्दछ, **विषमः** = नमिल्दो, **उपन्यासः** = दृष्टान्त हो, **अर्थात्** = यो दृष्टान्त सङ्गत छैन, **तत्र** = त्यहाँ, **हि** = किनकि, **तृर्णपर्णादिविषयः** = घाँस, पात आदि विषय, **प्रत्यक्षम्** = प्रत्यक्ष, **प्रवृत्तम्** = सामु आउँछन्, **येन** = जुन प्रत्यक्षीकरणबाट, **तदस्तित्वम्**= घाँस, पात आदिको अस्तित्व, **प्रतिपद्यते** = पथिकले जान्दछ, **पुनः अत्र** = यहाँ त, **विध्युद्देशैकवाक्यभावेन** = विधिवाक्यसँग एकवाक्यता प्राप्त गर्नाले, **स्तुत्यर्थके** = स्तुति अर्थवाला, **अर्थवादे** = अर्थवादमा, **पार्थगर्थ्येन** = छुट्टै अर्थको रूपमा, **वृत्तान्तविषयका** = तात्पर्यविषयक वा भूतार्थसम्बन्धी, **प्रवृत्तिः** = प्रवृत्तिलाई, **अध्यवसातुम्**= निश्चय गर्न, **न शक्या** = सकिंदैन, **अर्थप्रत्यायके** = अर्थबोधक, **महावाक्ये** = महावाक्यमा, **अवान्तरवाक्यस्य** = अन्तर्भूत पूरक वाक्यहरूको, **पृथक्** = स्वतन्त्र, **प्रत्यायकत्वम्** = अर्थबोधकता, **न अस्ति** = हुँदैन, **यथा** = जस्तै, **न सुरां पिबेत्**= मदिरा न पिओस्, **इति** = यस्तो, **नञ्वति** = नकार भएको, **वाक्ये** =वाक्यमा, **पदत्रयसम्बन्धात्** = न १, सुराम् २, पिबेत् ३, गरी यी ३ पदको सम्बन्धबाट, **सुरापानप्रतिषेधः** = रक्सी खान हुँदैन भन्ने, **एव** = नै, **एकः** = एक, **अर्थः** = अर्थ, **अवगम्यते**= जानिन्छ, तर; **पदद्वयसम्बन्धात्** = **सुरां पिबेत्** यी दुई पदको मात्र सम्बन्ध गराएर अर्थात् आफूखुसी 'न' लाई पन्छाएर, **सुरापानविधिः** = सुरापानको विधान, **अपि** = पनि, **न** = गरिंदैन, त्यसकारण अर्थवाद वाक्यबाट देवताहरूको शरीरित्व आदि प्रमाणित हुँदैन ।

विशदीकरण

मन्त्र, अर्थवाद, पुराण, इतिहास आदिबाट आदित्य आदि ज्योतिर्मण्डलका दुई-दुई रूपसिद्ध हुन्छन् । एक पाञ्चभौतिक कार्यरूप अचेतन ज्योतिर्मण्डल, अर्को दृश्यमान ज्योतिर्मण्डल आदिका अधिष्ठाता देवतारूप चेतनहरू । ती देवतारूप चेतनको नै ब्रह्मविद्यामा अधिकार हुन्छ भन्ने कुरा प्रमाणित गरिन्छ ।आदित्यशब्दलाई लिएर विचार गर्ने हो भने चेतन र अचेतन दुवै अर्थमा आदित्यशब्दको प्रयोग हुन्छ । यसै विषयलाई '**अभिमानिव्यपदेशस्तु विशेषानुगतिभ्याम्**' भन्ने सूत्रद्वारा प्रमाणित गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

अत्रोच्यते – विषम उपन्यासः । युक्तं यत्सुरापानप्रतिषेधे पदान्वयस्यैकत्वादवान्तरवाक्यार्थस्याग्रहणम् । विध्युद्देशार्थवादयोस्त्वर्थवादस्थानि पदानि पृथगन्वयं वृत्तान्तविषयं प्रतिपद्यान्तरं कैमर्थवशेन कामं विधेः स्तावकत्वं प्रतिपद्यन्ते । यथा हि – **'वायव्यं श्वेतमालभेत भूतिकामः'** इत्यत्र विध्युद्देशवर्तिनां वायव्यादिपदानां विधिना संबन्धः, नैवम्, **'वायुर्वै क्षेपिष्ठा देवता वायुमेव स्वेन भागधेयेनोपधावति स एवैनं भूतिं गमयति'** इत्येषामर्थवादगतानां पदानाम् । न हि भवति वायुर्वा आलभेतेति क्षेपिष्ठा देवता वा आलभेतेत्यादि । वायुस्वभावसङ्कीर्तनेन त्ववान्तरमन्वयं प्रतिपद्यैवंविशिष्टदैवत्यमिदं कर्मेति विधिं स्तुवन्ति । तद्यत्र सोऽवान्तरवाक्यार्थः प्रमाणान्तरगोचरो भवति, तत्र तदनुवादेनार्थवादः प्रवर्तते। यत्र प्रमाणान्तरविरुद्धस्तत्र गुणवादेन । यत्र तु तदुभयं नास्ति तत्र किं प्रमाणान्तराभावाद् गुणवादः स्यात्, आहोस्वित् प्रमाणान्तराविरोधाद्विद्यमानवाद इति प्रतीतिशरणैर्विद्यमानवाद आश्रयणीयो न गुणवादः । एतेन मन्त्रो व्याख्यातः । अपि च विधिभिरेवेन्द्रादिदैवत्यानि हवींषि चोदयद्भिरपेक्षितमिन्द्रादीनां स्वरूपम्। न हि स्वरूपरहिता इन्द्रादयश्चेतस्यारोपयितुं शक्यन्ते । न च चेतस्यनारूढायै तस्यै तस्यै देवतायै हविः प्रदातुं शक्यते। श्रावयति च– **'यस्यै देवतायै हविर्गृहीतं स्यात्तां ध्यायेद्वषट्करिष्यन्'** (ऐ. ब्रा. ३/८/१) इति । न च शब्दमात्रमर्थस्वरूपं संभवति, शब्दार्थयोर्भेदात् । तत्र यादृशं मन्त्रार्थवादयोरिन्द्रादीनां स्वरूपमवगतं न तत्तादृशं शब्दप्रमाणकेन प्रत्याख्यातुं युक्तम् । इतिहासपुराणमपि व्याख्यातेन मार्गेण संभवन्मन्त्रार्थवादमूलत्वात्प्रभवति देवताविग्रहादि साधयितुम् । प्रत्यक्षादिमूलमपि संभवति भवति ह्यस्माकमप्रत्यक्षमपि चिरंतनानां प्रत्यक्षम् । तथा च व्यासादयो देवादिभिः प्रत्यक्षं व्यवहरन्तीति स्मर्यते । यस्तु ब्रूयादिदानींतनानामिव पूर्वेषामपि नास्ति देवादिभिर्व्यवहर्तुं सामर्थ्यमिति, स जगद्वैचित्र्यं प्रतिषेधेत् । इदानीमिव च नान्यदापि सार्वभौमः क्षत्रियोऽस्तीति ब्रूयात् । ततश्च राजसूयादिचोदनोपरुन्ध्यात् । इदानीमिव च कालान्तरेऽप्यव्यवस्थितप्रायान्वर्णाश्रमधर्मान्प्रतिजानीते। ततश्च व्यवस्थाविधायि शास्त्रमनर्थकं स्यात् । तस्माद्धर्मोत्कर्षवशाच्चिरन्तना देवादिभिः प्रत्यक्षं व्यवजह्रुरिति श्लिष्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

अत्र = उक्त सम्बन्धमा, **उच्यते** = सिद्धान्तरूपमा भनिन्छ, **उपन्यासः**= **'न सुरां पिबेत्'** भन्ने वाक्यलाई उदाहरण रूपमा प्रस्तुत गर्नु, **विषमः** = नसुहाउने कुरा हो, **यत्** = किनकि, **सुरापानप्रतिषेधे**= सुरापानको निषेधमा, **पदान्वयस्य** = पदका अन्वयको, **एकत्वात्** = एकत्व हुनाले, **अवान्तरवाक्यार्थस्य** = 'सुरा पिउनु पर्छ' भन्ने अर्थको (मध्यगत भिन्न वाक्यार्थको, **अग्रहणम्** = ग्रहण नगर्नु, **युक्तम्** = उचित छ, **विध्युद्देशार्थवादयोः** = विधिवाक्य र अर्थवादवाक्य मध्ये, **अर्थवादस्थानि**= अर्थवादमा रहेका, **पदानि** = पदहरू, **वृत्तान्तविषयम्** = भूतार्थविषयक, **पृथगन्वयम्**= छुट्टै अन्वय, **प्रतिपद्य** = प्राप्त गरेर, **अनन्तरम्** = त्यसपछि, **कैमर्थ्यवशेन** = त्यस वाक्यमा रहेको 'फलनिर्देशको श्रवण नभएको, यो के का लागि हो, यसको के प्रयोजन हो जस्ता' आकांक्षाद्वारा, **कामम्** = यथेष्टरूपमा, **विधेः** = विधिवाक्यको, **स्तावकत्वं प्रतिपद्यन्ते** = स्तावकत्व (स्तुतिकर्तृत्व) प्राप्त गर्दछन्, **यथा हि** = जस्तै, **भूतिकामः** = ऐश्वर्य चाहने मानिसले, **वायव्यम्** = वायुका लागि प्रीतिजनक, **श्वेतम्** = सेता पशुको, **आलभेत** = अर्पण गरोस्, **इत्यत्र** = यस वाक्यमा, **विध्युद्देश-वर्तिनाम्** = विधिवाक्यगत, **वायव्यादिपदानाम्** = वायव्य आदि पदहरूको, **विधिना**= विधिसँग, **सम्बन्धः** = सम्बन्ध रहेको छ, **वै** = निश्चय नै, **वायुः** = वायु, **क्षेपिष्ठा**= शीप्रगामी, **देवता** = देवता हो, **स्वेन** = आफ्नो, **भागधेयेन** = हविद्वारा जो, **उपधावति** = सेवा गर्दछ, **एनम्** = त्यसलाई, **स एव** = वायु देवताले नै, **भूतिम्**= ऐश्वर्य, **गमयति** = प्राप्त गराउँछ, **इत्येषाम्** = यस्ता, **अर्थवादगतवाक्यानाम्** = अर्थवाद वाक्यहरूको, **न** = विधिवाक्यसँग सम्बन्ध हुँदैन, **वा** = अथवा, **वायुः** = वायुले, **आलभेत** = आलभन, गरोस्, **क्षेपिष्ठा** = क्षिप्रगामी, **देवता** = वायुदेवता, **वा** = अथवा, **आलभेत** = आलभन गरोस्, **इत्यादि** = इत्यादि वाक्यको, **न हि भवति** = विधिवाक्यसँग पदैकवाक्यतारूप सम्बन्ध हुँदैन, **वायुस्वभावसङ्कीर्तनेन**= तर यस्ता वाक्यले वायुको स्वभावको कीर्तनद्वारा, **तु** = त, **अवान्तरम्** = बीचमा, **अन्वयम्** = सम्बन्ध, **प्रतिपद्य** = प्राप्त गरेर, **एवं विशिष्टदैवत्यम्** = यस्तो विशिष्ट देवता भएको, **इदम्** = यो, **कर्म** = कर्म, **इति** = यसरी, **विधिम्** = विधिको, **स्तुवन्ति** = गुणगान गर्दछन्, **तद्** = त्यसकारण, **यत्र** = जहाँ, **यः** = जुन, **अवान्तर-वाक्यार्थः** = अवान्तर वाक्यार्थ छ, **प्रमाणान्तरगोचरः** = प्रत्यक्ष आदि ६ प्रमाणहरूको विषय, **भवति** = हुन्छ, **तत्र** = त्यहाँ, **तदनुवादेन** = त्यसको अनुवादद्वारा अनुवाद-नामक, **अर्थवादः** = अर्थवाद, **प्रवर्तते** = प्रवृत्त हुन्छ, **यत्र** = जहाँ वाक्यार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणान्तरविरुद्धः = प्रत्यक्ष आदि प्रमाणहरूको विरुद्ध हुन्छ, **तत्र** = त्यहाँ अर्थवाद, **गुणवादेन**= गुणवाद नामबाट प्रवृत्त हुन्छ, **यत्र** = जहाँ, **तु** = त, **तदुभयम्** = अनुवाद र गुणवाद दुवै, **नास्ति** = हुँदैनन्, **तत्र** = त्यहाँ, **प्रमाणान्तराभावात्** = प्रमाणान्तरको अभावको कारणबाट, **किम्** = के, **गुणवादः** = गुणवाद संभव छ, **आहोस्वित्** = अथवा के, **प्रमाणान्तराविरोधात्** = प्रमाणान्तरसँग अविरुद्ध, **विद्यमानवादः** = भूतार्थवाद हुन्छ, **इति** = यस्तो सन्देह भएमा, **प्रतीतिशरणैः**= ज्ञानलाई नै महत्त्वदिने पुरुषहरूले, **विद्यमानवादः** = भूतार्थवादको, **आश्रयणीयः**= आश्रय लिनु पर्दछ, **न तु गुणवादः** = गुणवादको आश्रय लिन हुँदैन भनेका छन्, **एतेन** = उक्त सरणिबाट, **मन्त्रः** = मन्त्रको प्रामाण्य पनि, **व्याख्यातः** = व्याख्यात भयो अर्थात् मन्त्र पनि प्रमाणान्तरको संवाद र विसंवाददेखि रहित भएकाले स्वार्थमा प्रमाणस्वरूप नै हुन्छन्, **अपि च** = फेरि, **इन्द्रादिदैवत्यानि** = इन्द्र आदि देवतासम्बन्धी, **हवींषि** = हविष्यहरूलाई, **चोदयद्भिः** = प्रदान गर्न प्रेरणा गर्ने, **विधिभिः** = विधिहरू पनि, **इन्द्रादीनाम्** = इन्द्र आदि देवताहरूका, **स्वरूपम्** = स्वरूप, **अपेक्षितम्** = चाहन्छन्, **हि** = निश्चय नै, **स्वरूपरहिताः** = आकार-प्रकार विहीन, **इन्द्रादयः** = इन्द्र आदि देवताहरू, **चेतसि** = चित्तमा, **आरोपयितुम्** = आरोपित गर्न, **न शक्यन्ते** = सकिंदैनन्, **च** = फेरि, **चेतसि** = चित्तमा, **अनारूढायै** = प्रतिबिम्बित नभएका, **तस्यै तस्यै** = ती ती, **देवतायै** = देवताका लागि, **हविः** = हवि, **प्रदातुम्** = दिन, **न शक्यते** = सकिंदैन, **च** = फेरि, **यस्यै** = जुन, **देवतायै**= देवतालाई दिन भनी, **हविः** = हवि, **गृहीतम्** = ग्रहण गरिएको होस्, **ताम्** = ती देवतालाई, **वषट्करिष्यन्** = वषट्को उच्चारण गर्दै, **ध्यायेत्**= ध्यान गरोस्, **इति**= यस्तो **श्रावयति** = श्रुतिको निर्देश छ, **शब्दमात्रम्** = शब्दस्वरूपमात्र, **अर्थस्वरूपम्**= अर्थस्वरूप, **न च संभवति** = हुन सक्तैन, **शब्दार्थयोः** = शब्द र अर्थमा, **भेदात्**= अन्तर हुनाले, **मन्त्रार्थवादयोः** = मन्त्र र अर्थवादमा, **यादृशम्** = जुन प्रकारको, **इन्द्रादीनाम्** = इन्द्र आदि देवताहरूको, **स्वरूपम्** = स्वरूप, **अवगतम्** = ज्ञात हुन्छ, **तादृशम्** = त्यसप्रकारको, **तत्** = स्वरूपलाई, **शब्दप्रमाणकेन**= शब्दप्रमाणद्वारा, **प्रत्याख्यातुम्** = निषेध गर्न, **न युक्तम्** = उचित हुँदैन, **इतिहासपुराणम्** = इतिहास र पुराण, **अपि**= पनि, **संभवन्मन्त्रार्थवादमूलत्वात्** = मन्त्र र अर्थवादमूलक भएर, **व्याख्यातेन** = माथि बताइएको, **मार्गेण** = रीतिद्वारा, **देवताविग्रहादि** = देवता आदिको शरीर आदि हुने कुरा, **साधयितुम्** = सिद्ध गर्न, **प्रभवति** = समर्थ हुन्छ, **प्रत्यक्षादिमूलम्** = देवता आदिको स्वरूप आदिको सिद्धि प्रत्यक्ष आदि प्रमाणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारित, **संभवति** = हुन सक्छ, **हि** = किन कि, **अस्माकम्** = हाम्रा निमित्त, **अप्रत्यक्षम्** = अप्रत्यक्षविषय, **अपि** = पनि, **चिरन्तनानाम्** = प्राचीन महात्माहरूका लागि, **प्रत्यक्षम्** = प्रत्यक्ष, **भवति** = हुन्छ, **तथा च** = जस्तै, **व्यासादयः** = व्यास आदि महर्षिहरू, **देवादिभिः** = देवता आदिका साथ, **प्रत्यक्षम्** = प्रत्यक्ष, **व्यवहरन्ति**= व्यवहार गर्छन्, **इति** = यस्तो, **स्मर्यते** = स्मृतिहरूमा भनिएको छ, **यस्तु** = जसले त, **इदानीन्तनानाम्** = हिजो आजका मानिसहरूको, **इव** = जस्तै, **पूर्वेषाम्** = प्राचीन पुरुषहरूको, **अपि** = पनि, **देवादिभिः** = देवता आदिका साथ, **व्यवहर्तुम्**= प्रत्यक्षरूपमा व्यवहार गर्न, **सामर्थ्यम्** = शक्ति, **नास्ति** = छैन, **इति** = यस्तो, **ब्रूयात्** = भन्दछ, **सः** = त्यसले, **जगद्वैचित्र्यम्** = संसारको विचित्र स्वभावलाई, **प्रतिषेधेत्** = निषेध गर्छ, **च** = र, **इदानीम्** = अहिले, **इव** = जस्तै, **अन्यदा** = अरू समयमा, **अपि** = पनि, **सार्वभौमः** = समग्र पृथिवीका पालक चक्रवर्ती, **क्षत्रियः** = क्षत्रिय राजा, **न अस्ति** = थिएन, **इति** = यस्तो, **ब्रूयात्** = भन्न सक्छ, **ततश्च** = त्यस्तो भन्ने मानिसको कुरा मान्ने हो भने, **राजसूयादिचोदना** = राजसूय यज्ञ गर्नुपर्छ भन्ने विधि, **उपरुन्ध्यात्** = अवरुद्ध हुनेछ, **इदानीम्** = वर्तमान समयमा, **इव** = जस्तै, **कालान्तरे** = अरू समयमा, **अपि** = पनि, **वर्णाश्रमधर्मान्** = वर्ण र आश्रमका धर्महरू, **अव्यवस्थितप्रायान्** = प्रायः अव्यवस्थित स्वरूपका हुन्छन् भनेर यदि कसैले, **प्रतिजानीते** = प्रतिज्ञा गर्दछ, **ततश्च** = त्यस भनाइलाई मान्ने हो भने, **व्यवस्थाविधायि** = व्यवस्थाको विधि बताउने, **शास्त्रम्** = शास्त्र, **अनर्थकम्**= व्यर्थ, **स्यात्** = हुन जानेछ, **तस्मात्** = त्यसकारण, **धर्मोत्कर्षवशात्** = धर्मको उत्कर्षका कारणबाट, **चिरन्तनाः** = व्यासादि महर्षिहरू, **देवादिभिः** = देवता आदिका साथ, **प्रत्यक्षम्** = प्रत्यक्ष, **व्यवजह्रुः** = व्यवहार गर्दथे, **इति** = यो कुरा, **श्लिष्यते** = सङ्गत हुन्छ ।

विशदीकरण

उक्त भाष्यखण्डमा निर्दिष्ट एकवाक्यता पदैकवाक्यता र वाक्यैकवाक्यता गरी दुई प्रकारको हुन्छ। एकवाक्यमा रहेका अनेक पदहरूको परस्पर अन्वयलाई पदैकवाक्यता भनिन्छ भने दुई पदैकवाक्यहरूको परस्पर अन्वयबाट हुने एकवाक्यतालाई वाक्यैक्यवाक्यता भनिन्छ। यहाँ उक्त भाष्यमा प्रयुक्त अर्थवादको पनि अर्थ स्पष्ट्याउनु सान्दर्भिक हुन आउँछ।

गुणवाद, अनुवाद र भूतार्थवाद गरी अर्थवाद ३ प्रकारको मानिएको छ– प्रत्यक्षादि प्रमाणहरूको विरोधमा आउने अर्थवादलाई गुणवाद, निश्चित अर्थको पुष्टिका लागि प्रयुक्त अर्थवादलाई अनुवाद, प्रत्यक्षादि प्रमाणहरूबाट अनिश्चित भए पनि श्रौत प्रमाणबाट प्रमाणित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थवादलाई भूतार्थवाद भनिन्छ । जस्तै –

विरोधे गुणवादः स्यादनुवादोऽवधारिते ।
भूतार्थवादस्तद्धानादर्थवादस्त्रिधा मतः ।।

गुणवाद – 'आदित्यो यूपः' यो गुणवादको नमूना उदाहरण हो । यज्ञस्तम्भ सूर्य हो । यो अर्थ प्रत्यक्षादि प्रमाणविरुद्ध छ । किनकि सूर्य र यज्ञस्तम्भमा प्रत्यक्ष भेद छ, तर त्यसको विरुद्ध यहाँ सारोपा लक्षणाद्वारा अभेदारोप गरेर सूर्याभिन्न यज्ञस्तम्भ अर्थ हुन आएको छ । यहाँ गुणवादनामक अर्थवादको यज्ञस्तम्भलाई सूर्यवत् चंकिलो देखाउनु मात्र तात्पर्य रहेको छ ।

अनुवाद – 'वायुर्वै क्षेपिष्ठा देवता' यो अनुवादको नमूना उदाहरण हो । 'वायु शीघ्रगामी देवता हुन्' भन्ने यस वाक्यार्थद्वारा प्रत्यक्ष प्रमाणसिद्ध तथ्यकै अनुवाद गरिएको छ।

भूतार्थवाद – 'वज्रहस्तः पुरन्दरः' यो भूतार्थवादको उदाहरण हो । वज्रहातमा लिने इन्द्र अर्थ लाग्ने यस वाक्यमा प्रत्यक्षादिप्रमाणविरुद्ध इन्द्रलाई वज्रपाणि भनेर उल्लेख गरिएको भएता पनि इन्द्रका हातमा वज्र रहने तथ्य वेदद्वारा प्रमाणित छ । कुनै पनि वाक्यका अवान्तरअर्थ र महार्थ गरी दुई अर्थ हुन्छन्। गुणवाद र अनुवादको अवान्तर अर्थको सिद्धिमा प्रामाण्य हुँदैन तर ती महार्थका सहयोगी हुन्छन्। तर भूतार्थवादको अवान्तर अर्थ र महार्थ दुवैमा प्रामाण्य हुन्छ ।

प्रकृतमा 'देवता शरीरधारी नभएकाले उनीहरूको ब्रह्मविद्यामा अधिकार छैन' भन्ने प्रसङ्गमा सिद्धान्तवादी भन्छन्– इन्द्र आदि देवताहरूको शारीरित्व श्रुतिबाट नै प्रमाणित छ। प्रत्यक्षप्रमाणबाट पनि देवताको विग्रहवत्व प्रमाणित हुन सक्छ । हामीले प्रत्यक्षीकरण गर्न सक्तैनौ भन्दैमा वेदव्यास जस्ता प्राचीन मनीषीले प्रत्यक्षीकरण गरेको स्मृतिसम्मत तथ्यलाई नकार्न सकिंदैन ।

कसैले 'वेदव्यास आदिले देवताको प्रत्यक्षीकरण गरेनन्' भन्ने पूर्वाग्रह राख्छ भने त्यसले जगत्को विचित्रतालाई नकारेको हुन्छ । सार्वभौम क्षत्रिय धर्तीमा नभएको मान्नु पर्ने हुन्छ र सार्वभौम क्षत्रियको अस्तित्वलाई नकार्दा राजसूयको विधान पनि व्यर्थ हुन सक्छ । त्यस्तै वर्ण र आश्रमको परिपालनको सम्बन्धमा नकारात्मक धारणाको विकास हुनसक्छ र अन्तमा सम्पूर्णव्यवस्थाका विधायक शास्त्र नै व्यर्थ हुन जान्छन् ।

त्यसकारण छुद्र तर्कलाई पन्छ्याएर धर्मोत्कर्षका कारण प्राचीन मनस्वी वेदव्यास आदिले ईश्वरसँग प्रत्यक्ष सम्पर्क गरेका थिए भन्ने विषय सङ्गत छ र देवादि शरीरी भएकाले तिनको ब्रह्मविद्यामा अधिकार छ भन्ने कुरा पनि सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

अपि च स्मरन्ति – **'स्वाध्यायादिष्टदेवतासंप्रयोगः'** (यो.सू. २/४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि । योगोऽप्यणिमाद्यैश्वर्यप्राप्तिफलः स्मर्यमाणो न शक्यते साहसमात्रेण प्रत्याख्यातुम् ।

श्रुतिश्च योगमाहात्म्यं प्रख्यापयति–

'पृथ्व्यप्तेजोऽनिलखे समुत्थिते पञ्चात्मके योगगुणे प्रवृत्ते ।

न तस्य रोगो न जरा न मृत्युः प्राप्तस्य योगाग्निमयं शरीरम्' ।।

(श्वे. २/१२) इति । ऋषीणामपि मन्त्रब्राह्मणदर्शिनां सामर्थ्यं नास्मदीयेन सामर्थ्येनोपमातुं युक्तम् । तस्मात्समूलमितिहासपुराणम् । लोकप्रसिद्धिरपि न सति संभवे निरालम्बनाऽध्यवसातुं युक्तम् । तस्मादुपपन्नो मन्त्रादिभ्यो देवादीनां विग्रहवत्त्वाद्यवगमः । ततश्चार्थित्वादिसंभवादुपपन्नो देवादीनामपि ब्रह्मविद्यायामधिकारः । क्रममुक्तिदर्शनान्यप्येवमेवोपपद्यन्ते ।।३३।।

नेपालीभाषानुवाद

स्वाध्यायात् = स्वाध्याय, वेदाध्ययन, मन्त्रजपबाट, **इष्टदेवतासंप्रयोगः** = इष्टदेवताको सान्निध्यप्राप्त हुन्छ र उनीहरूसँग सम्भाषण हुन्छ, **इत्यादि** = यी आदि, **अपि** = पनि, **स्मरन्ति** = योगदर्शनमा भनिएका छन्, **अणिमाद्यैश्वर्यप्राप्तिफलः** = अणिमा आदि ऐश्वर्यको प्राप्तिरूप प्रयोजनवाला, **स्मर्यमाणः** = स्मृतिहरूमा चर्चित, **योगः** = योगशास्त्रलाई, **अपि** = पनि, **साहसमात्रेण** = साहस (धृष्टता) मात्रले, **प्रत्याख्यातुम्** = निषेध गर्न, **न शक्यते** = सकिंदैन, शरीरमा स्थित, **पृथिव्यप्तेजोऽनिलखे** = पृथिवी, जल, तेज, हावा र आकाश नामक, **पञ्चात्मके**= पाँच महाभूतका अंशहरू, **समुत्थिते** = वशीकृत भए पछि, **योगगुणे** = अणिमादि योगैश्वर्य, **प्रवृत्ते**= प्राप्त भएपछि, **योगाऽग्निमयम्** = योगप्रदीप्त तेजोमय देहलाई, **प्राप्तस्य** = प्राप्त गरेका, **तस्य** = योगीको, **न रोगः** = रोग हुँदैन, **न जरा** = वृद्धावस्था हुँदैन, **न मृत्युः** = मरण हुँदैन, **इति** = यसरी, **श्रुतिश्च** = वेदले, **योगमहात्म्यं प्रख्यापयति**= योगमहिमाको वर्णन गर्दछ, **मन्त्रब्राह्मणदर्शिनाम्** = मन्त्र र वेदैकभाग ब्राह्मणका तत्त्वदर्शी, **ऋषीणाम्** = ऋषिहरूको, **अपि** = पनि, **सामर्थ्यम्** = सामर्थ्यलाई, **अस्मदीयेन** = हामी जस्ताका, **सामर्थ्येन** = सामर्थ्य सँग, **उपमातुम्** = तुलना गर्न, **न युक्तम्** = उचित हुँदैन, **तस्मात्** = त्यसकारण, **इतिहासपुराणम्** = ऋषि आदिका चरित्रले अनुप्राणित इतिहास र पुराणहरू, **समूलम्** = वेदमूलक छन् र प्रमाणका रूपमा छन्, **लोकप्रसिद्धिः** = लोक प्रसिद्धि, **अपि** = पनि, **संभवे सति** = श्रुति स्मृति आदि मूलाधार सँग संबद्ध भएको खण्डमा, **निरालम्बना** = निराधार छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर, **अध्यवसातुम्** = निश्चय गर्नु, **न उक्ता** = योग्य हुँदैन, **तस्मात्** = उक्त कारणबाट, **देवादीनाम्** = देवता आदिको, **मन्त्रादिभ्यः** = मन्त्र आदि प्रमाणहरूबाट, **विग्रहवक्त्वाद्यवगमः** = शरीरीत्वको ज्ञान, **उपपन्नः**= सिद्ध हुन्छ, **ततश्च** = यस प्रकार, **अर्थित्वादिसम्भवात्** = अर्थित्व, सामर्थ्य आदि सम्भव हुनाले, **देवादीनाम्**= देवता आदिको, **अपि** = पनि, **ब्रह्मविद्यायाम्** = ब्रह्मविद्यामा, **अधिकारः**= अधिकार, **उपपन्नः** = सिद्ध हुन्छ, **एवमेव** = यस प्रकार नै, **क्रममुक्तिदर्शनानि** = क्रममुक्तिका प्रतिपादक शास्त्रहरू पनि, **उपपद्यन्ते** = सिद्ध हुन्छन् ।

विशदीकरण

श्रुति–स्मृतिसम्मत योगशास्त्रमा 'स्वाध्यायबाट ईश्वरप्राप्ति र ईश्वरसम्भाषण हुने' कुरा बताइएको छ । त्यसकारण व्यास आदि महर्षिद्वारा गरिएको ईश्वरसाक्षात्कार प्रमाणित हुन्छ । पञ्चमहाभूतको वशीकरण गरेर अणिमा आदि सिद्धिप्राप्त गरी 'योगाग्निदीप्त योगीहरूको रोग, वृद्धावस्था र मृत्यु माथि विजय बताउने' श्रुतिले योगशास्त्रको महिमा बताएको हुँदा योगशास्त्रको प्रामाण्यलाई निराकरण गर्न मिल्दैन ।

ऋषि आदिका लोकपावन चरित्रले भरिएका इतिहास र पुराण श्रुतिसम्मत भएकाले तिनलाई पनि निराधार भन्ने साहस गर्न हुँदैन । अरू त के कुरा लोकप्रसिद्धि पनि श्रुति–स्मृति अनुकूल छ भने प्रमाण नै हुन्छ । उक्त सबै कारणहरूबाट 'देवता आदि शरीरी हुन्छन्' भन्ने तथ्य सिद्ध हुन्छ । उनीहरू शरीरी र इच्छुक भए पछि उनको ब्रह्मविद्यामा अधिकार रहन्छ यस प्रकार पुण्योत्कर्षका कारण देवयोनिमा रहेकाहरूको क्रममुक्ति हुने हुँदा क्रममुक्तिका प्रतिपादित शास्त्र पनि सिद्ध हुन्छन् ।

पुनश्च संसारमा परस्परमा कलाकारहरूद्वारा रचिएका देवमूर्ति, देवचित्र आदि पनि श्रुति स्मृति इतिहास पुराण र लोकप्रसिद्धिका आधारमा निर्मित हुनाले निराधार छन् भन्न सकिंदैन । फेरि विग्रहधारी देवताको विषयमा भनिएको छ –

विग्रहो हविषां भोग ऐश्वर्यञ्च प्रसन्नता ।
फलदातृत्वमित्येतत् पञ्चकं विग्रहादिकम् ।।

यस पद्यमा भनिएअनुसार विग्रह, हविको भोग, ऐश्वर्य, प्रसन्नता र वरदान दिने सामर्थ्य कुनै चेतनमा मात्र घट्न सक्छन् । यी सबै कुरा देवताहरूमा रहने तथ्य शास्त्र प्रमाणित छ । यसबाट पनि देवता आदिको विग्रह हुन्छ र तिनको ब्रह्मविद्यामा अधिकार छ भन्ने कुरा पनि सिद्ध हुन्छ ।।३३।।

इतिदेवताधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. अपशूद्राधिकरणम् {सू. ३४-३८}

ब्रह्मसूत्रम् - **शुगस्य तदनादरश्रवणात् तदाद्रवणात् सूच्यते हि १/३/३४**

सूत्रार्थ - **अस्य** = राजा जानश्रुतिको हृदयमा, **तदनादरश्रवणात्** = हंसोक्त आफ्नो अपमान गर्ने वचन सुन्नाले, **शुक्** = जुन शोक उत्पन्न भयो त्यो, **हि** = निश्चय नै, **सूच्यते** = सूचित गरिएको छ, **तदाद्रवणात्** = जानश्रुति राजा शोकको कारणबाट नै रैक्वऋषिका समीपमा गए, यसकारण जानश्रुतिलाई शूद्र भनिएको हो ।

शाङ्करभाष्यम्

यथा मनुष्याधिकारनियममपोह्य देवादीनामपि विद्यास्वधिकार उक्तस्तथैव द्विजात्यधिकारनियमापवादेन शूद्रस्याप्यधिकारः स्यादित्येतामाशङ्कां निवर्तयितुमिदमधिकरणमारभ्यते । तत्र शूद्रस्याप्यधिकारः स्यादिति तावत्प्राप्तम्, अर्थित्वसामर्थ्ययोः संभवात्, **'तस्माच्छूद्रो यज्ञेऽनवक्लृप्तः'** (तै. सं. ७/१/१/६) इति वत् **'शूद्रो विद्यायामनवक्लृप्तः'** इति च निषेधाश्रवणात् । यच्च कर्मस्वनधिकारकारणं शूद्रस्यानग्नित्वम्, न तद्विद्यास्वधिकारस्यापवादकं लिङ्गम् । न ह्याहवनीयादिरहितेन विद्या वेदितुं न शक्यते । भवति च लिङ्गं शूद्राधिकारस्योपोद्बलकम् । संवर्गविद्यायां हि जानश्रुतिं पौत्रायणं शुश्रूषुं शूद्रशब्देन परामृशति - **'अह हारेत्वा शूद्र तवैव सह गोभिरस्तु'** (छा. ४/२/३) इति । विदुरप्रभृतयश्च शूद्रयोनिप्रभवा अपि विशिष्टविज्ञानसंपन्नाः स्मर्यन्ते । तस्मादधिक्रियते शूद्रो विद्यास्विति ।

नेपालीभाषानुवाद

यथा = जस्तै, **विद्यासु** = ब्रह्मविद्याहरूमा, **मनुष्याधिकारनियमम्** = मानिसहरूको मात्र अधिकार हुन्छ भन्ने कुरालाई, **अपोह्य** = निषेध गरेर, **देवादीनाम्** = देवता आदिको पनि, **अधिकारः** = अधिकार, **उक्तः** = बताइयो, **तथैव** = त्यसप्रकार, **द्विजात्यधिकारनियमापवादेन** = ब्राह्मण, क्षत्रिय र वैश्यको मात्र ब्रह्मविद्यामा अधिकार हुन्छ भन्ने नियमको अपवादस्वरूप, **शूद्रस्य** = शूद्रजातिको, **अपि** = पनि, **अधिकारः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकार, **स्यात्** = हुनुपर्छ, **इति एताम्** = यस्तो, **आशङ्काम्** = आशङ्कालाई, **निवारयितुम्** = निवारण गर्न, **इदम्** = यो, **अधिकरणम्** = अपशूद्राधिकरण, **आरभ्यते** = आरम्भ गरिन्छ, **तावत्** = सर्वप्रथम, **तत्र** = ब्रह्मविद्यामा, **शूद्रस्य** = शूद्रको, **अपि** = पनि, **अधिकारः** = अधिकार हुनुपर्छ, **इति** = यस्तो प्राप्त हुन्छ किनकि, **अर्थित्वसामर्थ्ययोः**= विद्या प्राप्तिको इच्छा र अध्ययन गर्ने सामर्थ्य शूद्रमा पनि प्राप्त हुने हुनाले, **तस्मात्** = अग्निकर्मरहित हुनाले, **शूद्रः** = शूद्र, **यज्ञे** = यज्ञमा, **अनवक्लृप्तः** = असमर्थ हुन्छ, **इति वत्** = यस्तो तैत्तिरीयश्रुतिवचनमा भनिए झैं, **शूद्रः**= शूद्र, **विद्यायाम्** = ब्रह्मविद्यामा, **अनवक्लृप्तः** = असमर्थ हुन्छ, **इति च**= यस्तो, **निषेधाश्रवणात्** = निषेधश्रुति नहुनाले, **शूद्रस्य** = शूद्रको, **कर्मसु**= कर्महरूमा, **अनधिकारकारणम्**= अधिकार नहुनुको कारण, **यत्** = जो, **अनग्नित्वम्**= अनाहिताग्नि हुनु हो, **तद्** = त्यो, **विद्यासु** = विद्याहरूमा, **अधिकारस्य** = अधिकारको, **अपवादकम्** = बाधक, **लिङ्गम्** = कारण, **न** = हुँदैन, **हि** = निश्चय नै, **आहवनीया-दिरहितेन** = आहवनीय आदि अग्निरहित पुरुषद्वारा, **विद्या** = विद्या, **वेदितुम्** = जान्न, **न शक्यते** = सकिंदैन भन्ने कुरा, **न** = होइन अर्थात् अनाहिताग्निले पनि विद्याध्ययन गर्न सक्छ, **शूद्राधिकारस्य** = विद्यामा शूद्रका अधिकारको, **उपोद्बलकम्**= समर्थक, **लिङ्गम्** = हेतु, **श्रुतिः भवति** = श्रुति रहेको छ, **हि** = किनकि, **संवर्ग-विद्यायाम्** = संवर्गविद्याको विषयमा, **शुश्रूषुम्** = सुन्न चाहने, **पौत्रायणम्**= पौत्रायण, **जानश्रुतिम्** = जानश्रुतिलाई, **शूद्रशब्देन** = शूद्रशब्दले, **परामृशति** = रैक्व ऋषि सम्बोधन गर्दछन्, जस्तै-; **अह शूद्र** =हे शूद्र, **गोभिः** = गाईहरू, **सह** = सहित, **हारेत्वा** = यो हारयुक्त इत्वा (रथ), **तव एव** = तिम्रो साथमा नै, **अस्तु** = रहोस्, **इति** = यसप्रकार शूद्रशब्दबाट सम्बोधन गरिएको श्रुतिवाक्य छ, **विदुरप्रभृतयः** = विदुर आदि, **शूद्रयोनिप्रभवाः** = शूद्रयोनिमा जन्मेका मानिसहरू, **अपि** = पनि, **विशिष्टविज्ञानसंपन्नाः**= विशिष्टविज्ञान सम्पन्न व्यक्तिका रूपमा, **स्मर्यन्ते** = स्मृतिहरूमा उल्लेख गरिएका छन्, **तस्मात्** = यसकारण, **शूद्रः** = शूद्र, **विद्यासु** = विद्याहरूको, **अधिक्रियते** = अधिकारी सिद्ध हुन्छ, **इति** = यस्तो पूर्वपक्षीको आशय रहेको छ।

विशदीकरण

'तद्यो देवानाम्' यस श्रुतिवचनमा ब्रह्मविद्या अध्ययनको प्रसङ्गमा मानिसमात्रको अधिकारलाई हटाएर देवताहरूको पनि अधिकार हुन्छ भन्ने कुरा सिद्ध गरिए जस्तै 'अह हारेत्वा शूद्र! तवैव सह गोभिरस्तु' यस श्रुतिवचनका आधारमा ब्रह्मविद्यामा द्विजहरूको मात्र अधिकार हुने नियमलाई हटाएर शूद्रको पनि अधिकार सिद्ध गर्न चाहने पूर्वपक्षीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्क सहित अपशूद्राधिकरणको आरम्भ गरिएको छ।

देवताहरूको ब्रह्मविद्यामा जसरी अधिकार निश्चित गरिएको छ, त्यसै आधारमा शूद्रहरूको पनि अधिकार सिद्ध हुन्छ कि हुँदैन भन्ने कुरा निर्णय गर्न सर्वप्रथम पूर्वपक्षीको मत राखिएको छ। पूर्वपक्षी भन्दछ – शूद्रको पनि ब्रह्मविद्यामा अधिकार छ। यस प्रसङ्गमा एउटा दृष्टान्त दिइन्छ – एकपटक राजा जानश्रुतिले ६०० गाई र रथ आदि आफ्ना गुरु रैक्वलाई सुम्पेर प्रार्थना गरे– गुरुदेव! मलाई संवर्ग विद्याको उपदेश गर्नुहोस्।

प्रार्थना पछि जानश्रुतिकी छोरीसँग विवाह गर्न चाहने विधुर रैक्वले भने '**अह हारेत्वा शूद्र तवैव गोभिरस्तु**' अर्थात् हे शूद्र ! हारशोभित रथ र गाईहरू तिमीसँग नै रहून्। यस वचनमा शूद्रशब्दको प्रयोग भएको छ। त्यसपछि विपुल धनसंपत्तिका साथ आफ्नी छोरी रैक्वलाई दिए। त्यसबाट प्रसन्न रैक्वले राजा जानश्रुतिलाई संवर्ग विद्याको उपदेश गरे। यसबाट प्रमाणित हुन्छ कि अर्थित्व र सामर्थ्य भएका शूद्रहरूको पनि ब्रह्मविद्यामा अधिकार छ।

पुनः उक्त सिद्धान्तमा जोड दिंदै पूर्वपक्षी भन्दछ– शूद्रयोनिमा उत्पन्न विदुर आदि पनि विशिष्टविज्ञानसंपन्न भएको तथ्य महाभारत आदि इतिहास र पुराणहरूमा चर्चित भएकाले शूद्रको विद्याहरूमा अधिकार सिद्ध हुन्छ।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः – न शूद्रस्याधिकारः, वेदाध्ययनाभावात्। अधीतवेदो हि विदितवेदार्थो वेदार्थेष्वधिक्रियते। न च शूद्रस्य वेदाध्ययनमस्ति, उपनयनपूर्वकत्वाद्वेदाध्ययनस्य। उपनयनस्य च वर्णत्रयविषयत्वात्। यत्त्वर्थित्वं न तदसति सामर्थ्येऽधिकारकारणं भवति। सामर्थ्यमपि न लौकिकं केवलमधिकारकारणं भवति, शास्त्रीयेऽर्थे शास्त्रीयस्य सामर्थ्यस्यापेक्षितत्वात्, शास्त्रीयस्य च सामर्थ्यस्याध्ययननिराकरणेन निराकृतत्वात्। यच्चेदं '**शूद्रो यज्ञेऽनवक्लृप्तः**' इति, तन्न्यायपूर्वकत्वाद्विद्यायामप्यनवक्लृप्तत्वं द्योतयति, न्यायस्य साधारणत्वात्। यत्पुनः संवर्गविद्यायां शूद्रशब्दश्रवणं लिङ्गं मन्यसे, न तल्लिङ्गम्, न्यायाभावात्। न्यायोक्ते हि लिङ्गदर्शनं द्योतकं भवति। न चात्र न्यायोऽस्ति। कामं चायं शूद्रशब्दः संवर्गविद्यायामेवैकस्यां शूद्रमधिकुर्यात्, तद्विषयत्वात्, न सर्वासु विद्यासु। अर्थवादस्थत्वात्तु न क्वचिदप्ययं शूद्रमधिकर्तुमुत्सहते। शक्यते चायं शूद्रशब्दोऽधिकृतविषयो योजयितुम्।

नेपालीभाषानुवाद

एवम् = यसरी, **प्राप्ते** = शूद्रको पनि विद्यामा अधिकार छ भन्ने पूर्वपक्षीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिप्राय बुझेपछि, **ब्रूमः** = सिद्धान्तरूपमा भन्दछौं, **वेदाध्ययनाभावात्** = वेदको अध्ययन नभएको कारणबाट, **शूद्रस्य** = शूद्रको, **न अधिकारः** = ब्रह्मविद्यामा अधिकार हुँदैन, **हि** = निश्चय नै, **अधीतवेदः** = जसले वेदाध्ययन गरेको छ, **विदितवेदार्थः** = जसले वेदको अर्थ जानेको छ, त्यो व्यक्ति नै; **वेदार्थेषु** = वेदार्थको विवेचनमा, **अधिक्रियते** = अधिकारी हुन्छ, **च** = र, **शूद्रस्य** = शूद्रको, **वेदाध्ययनम्** = वेदाध्ययन, **न अस्ति** = हुँदैन, किनकि; **वेदाध्ययनस्य** = वेदाध्ययन, **उपनयनपूर्वकत्वात्** = उपनयनपूर्वक हुने हुनाले, **उपनयनस्य**= उपनयनको, **च**= पनि, **वर्णत्रयविषयत्वात्** = ब्राह्मण, क्षत्रिय र वैश्य वर्णसँग सम्बन्ध हुने हुनाले, **यत्** = जुन, **अर्थित्वम्** = विद्यालाभको इच्छा हो, **तत् तु** = त्यो त, **सामर्थ्ये** = सामर्थ्य, **असति** = नभएमा, **अधिकारकारणम्** = वेदाध्ययनमा अधिकार प्राप्त गर्ने कारण, **न भवति** = हुँदैन, **केवलम्** = एकमात्र, **लौकिकम्** = लौकिक, **सामर्थ्यम्**= सामर्थ्य, **अपि** = पनि, **अधिकारकारणम्** = वेदाधिकारको कारण, **न भवति** = हुँदैन, **शास्त्रीये** = शास्त्रीय (शास्त्रसम्बन्धी), **अर्थे** = अर्थमा, **शास्त्रीयस्य**= शास्त्रसम्बन्धी, **सामर्थ्यस्य** = सामर्थ्यको, **अपेक्षितत्वात्** = अपेक्षा हुने हुनाले, **च** = र, **अध्ययननिराकरणेन** = शूद्र वर्णलाई वेदाध्ययनमा अधिकार न दिइएको हुँदा, **शास्त्रीयस्य** = शास्त्रीय, **सामर्थ्यस्य** = सामर्थ्यको, **निराकृतत्वात्** = स्वतः निराकरण हुने हुनाले, **यच्च** = जो फेरि, **इदम्** = यो, **शूद्रः** = शूद्र, **यज्ञे** = यज्ञमा, **अनवक्लृप्तः** = असमर्थ छ, **इति** = यसरी भनिएको छ, **तत्** = त्यसले, **न्यायपूर्वकत्वात्** = न्यायपूर्वक हुनाले, **विद्यायाम्** = विद्यामा, **अपि** = पनि, **अनवक्लृप्तत्वम्** = असामर्थ्य, **द्योतयति** = जनाउँछ, **न्यायस्य** = न्यायको, **समानत्वात्** = समानता हुनाले, अर्थात् वेदमा असामर्थ्य बताइए पनि विद्यामा असामर्थ्य बताइएको छैन भन्ने न्याय र वेदमा अधिकार नभएपछि विद्यामा पनि अधिकार हुँदैन भन्ने न्यायको समानता हुनाले, **यत्** = जो, **पुनः** = फेरि, **संवर्गविद्यायाम्** = संवर्ग विद्याको प्रसङ्गमा, **शूद्रश्रवणम्** = शूद्रपदको प्रयोगलाई, **लिङ्गम्** = कारण, **मन्यसे**= मान्दछौ, **तत्** = त्यो, **न लिङ्गम्** = कारण होइन, **न्यायाभावात्** = किनकि वेदार्थ ज्ञानको प्रयोजक सामर्थ्यरूप अनुकूल न्याय नभएकाले, **हि** = निश्चय नै, **न्यायोक्ते**= न्यायद्वारा भनिएको अर्थमा, **लिङ्गदर्शनम्** = कारणको दर्शन, **द्योतकम्** = न्यायोक्त अर्थको द्योतक हुन्छ, **अत्र च**= र यहाँ, **न्यायः**= न्याय, **न अस्ति** = छैन, **कामम्**= संभवतः, **अयम्** = यो, **शूद्रशब्दः** = शूद्रशब्दले, **एकायाम्** = एकमात्र, **संवर्गविद्यायाम्** = संवर्गविद्यामा, **एव** = मात्र, **शूद्रम्** = शूद्रलाई, **अधिकुर्यात्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकार दिन सक्छ, **तद्विषयत्वात्** = शूद्रशब्दको संवर्गविद्याको प्रसङ्गमा नै उल्लेख गरिएकाले, तर; **सर्वासु** = सबै, **विद्यासु** = विद्याहरूमा, **न** = अधिकार दिंदैन, **अयम्** = यो शूद्र शब्दले, **अर्थवादस्थत्वात्** = अर्थवादवाक्यमा पढिएका कारणबाट, **तु** = त, **क्वचिद् अपि** = कुनै विद्यामा पनि, **शूद्रम्** = शूद्रलाई, **अधिकर्तुम्** = अधिकार प्रदान गर्न, **न उत्सहते** = सक्तैन, **अयम्** = यो, **च** = र, **शूद्रशब्दः** = शूद्रशब्द, **अधिकृतविषये** = ब्राह्मण, क्षत्रिय र वैश्यलाई कहने द्विजातिको वाचक अर्थमा, **योजयितुम्** = लगाउन, **शक्यते** = सकिन्छ ।

विशदीकरण

उपनयनसंस्कार पछि '**स्वाध्यायोऽध्येतव्यः**' यस अध्ययनविधिअनुसार जसले आचार्यबाट वेदाध्ययन गरी वेदार्थ जानेको छ, त्यसको मात्र वेदार्थ विवेचनामा अधिकार हुन्छ, अरूको हुँदैन । उपनयन संस्कार नगरिने हुँदा अध्ययनविधिबाट हुने वेदाध्ययन र वेदार्थज्ञान यी दुवै शूद्रमा रहँदैनन् । अतः वेदाध्ययनमा अधिकार नभएकाले शूद्रको ब्रह्मविद्यामा पनि अधिकार हुँदैन ।

अर्थवाद वाक्यमा पढिएको शूद्रशब्दले शूद्रलाई संवर्गविद्यामा यद्यपि अधिकार दिलाओस्, तर ब्रह्मविद्यामा दिलाउँदैन । पुनश्च अर्थवाद वाक्यमा निहित हुनाले असमर्थ भनिएको शूद्रशब्दले कुनै विद्यामा पनि अधिकार छ भनेर ठोकुवा गर्न सक्तैन ।

यहाँ अर्को विचारणीय विषय के छ भने जुन अर्थवाद वाक्यमा शूद्रशब्दको उल्लेख भएको छ, जसका आधारमा पूर्वपक्षले शूद्रको ब्रह्मविद्यामा अधिकार हुन्छ भन्ने अभिप्राय राखेको छ, त्यो शूद्रशब्द स्वयंमा शूद्रवर्णको वाचक नभएर द्विजातिको पनि वाचक हुनसक्छ भन्ने सिद्धान्तपक्षको आशय रहेको छ।

शाङ्करभाष्यम्

कथमित्युच्यते ? '**कम्वर एनमेतत्सन्तं सयुग्वानमिव रैक्वमात्थ**' (छा. ४/१/३) इत्यस्माद्धंसवाक्यादात्मनोऽनादरं श्रुतवतो जानश्रुतेः पौत्रायणस्य शुगुत्पेदे, तामृषी रैक्वः शूद्रशब्देनानेन सूचयांबभूवात्मनः परोक्षज्ञताख्यापनायेति गम्यते, जातिशूद्रस्यानधिकारात् । कथं पुनः शूद्रशब्देन शुगुत्पन्ना सूच्यत इति ? उच्यते- तदाद्रवणात् । शुचमभिदुद्राव, शुचा वाऽभिदुद्रुवे, शुचा वा रैक्वमभिदुद्रावेति शूद्रः, अवयवार्थसंभवाद्रूढ्यर्थस्य चासंभवात् । दृश्यते चायमर्थोऽस्यामाख्यायिकायाम् ।।३४।।

नेपालीभाषानुवाद

पूर्वपक्षबाट प्रश्न हुन्छ - **इति** = शूद्रशब्द द्विजातिको पनि वाचक हुन सक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर, **कथम्**= कसरी, **उच्यते** = भन्न सकिन्छ (उत्तरमा सिद्धान्तपक्षी भन्दछ)–, **वर** = हे उत्तम, **सयुग्वानम्** = शकटयुक्त, **रैक्वम्** = रैक्व, **इव** = जस्तै, **सन्तम्**= रहेको, **कम्** = कुन, **एवम्** = महत्त्वहीन अर्का पुरुषका प्रति, **एतत्** = यो सम्मानित–वचन, **आत्थ** = बोल्दैछौ, **इत्यस्मात्** = यसप्रकारको, **हंसवाक्यात्** = हाँसका बोलीबाट, **आत्मनः** = आफ्नो, **अनादरम्** = अपमान, **श्रुतवतः** = थाहा पाएका, **पौत्रायणस्य** = पौत्रायण, **जानश्रुतेः** = जानश्रुतिको मनमा, **शुक्** = शोक, **उत्पेदे**= उत्पन्न भयो, **ऋषिः** = ऋषि, **रैक्वः** = रैक्वले, **आत्मनः** = आफ्नो, **परोक्षज्ञताख्यापनाय** = परोक्षज्ञानको परिचय दिन, **ताम्** = त्यस शोकलाई, **अनेन** = यस, **शूद्रशब्देन** = शूद्रशब्दद्वारा, **सूचयाम्बभूव** = सूचिते गरे, **इति** = यस्तो, **गम्यते** = बुझिन्छ, **जातिशूद्रस्य** = जन्मशूद्रको, **अनधिकारात्** = विद्यामा अधिकार नहुनाले, अर्थात् रैक्वले जानश्रुतिलाई उपदेशको सन्दर्भमा शूद्र भने तर जानश्रुति जाति शूद्र भएको भए विद्याध्ययनमा प्रवृत्त हुने थिएनन्, **पुनः** = फेरि, **शूद्रशब्देन** = शूद्रशब्दको प्रयोगबाट, **शुक्** = शोक, **उत्पन्ना** = उत्पन्न भयो, **इति** = यसो, **कथम्** = कसरी, **सूच्यते** = सूचित हुन्छ भन्ने पूर्वपक्षीको जिज्ञासा रहेको छ, सिद्धान्तपक्षी भन्दछ, **उच्यते** = भनिन्छ, **तदाद्रवणात्**= जानश्रुति रैक्वका समीपमा दौडेर जानाले शोकको संकेत हुन्छ, **शुचम्**= शोकतर्फ, **अभिदुद्राव** = अग्रसर भए, **वा** = अथवा, **शुचा**= चिन्ताले, **अभिदुद्राव** = व्याप्त भए, **वा** = अथवा, **शुचा** = शोकले, **रैक्वम्** = रैक्वका समीपमा, **अभिदुद्राव**= गए, **इति** = यी व्युत्पत्तिहरूको आधारमा उनलाई, **शूद्रः** = शूद्र भनियो, **अवयवार्थसम्भवात्** = यहाँ शुच्+द्रु यी अवयवहरूबाट अर्थनिष्पत्ति सम्भव छ, **रूढ्यर्थस्य** = जाति शूद्र अर्थमा रूढ शूद्र शब्दको, **असंभवात्**= असंभव हुनाले, **अयम्** = यो, **अर्थः** = अर्थ, **अस्याम्** = यस, **आख्यायिकायाम्**= कथामा, **दृश्यते** = बुझिन्छ ।

विशदीकरण

छान्दोग्य उपनिषद् अनुसार राजा जानश्रुति ग्रीष्म ऋतुमा राजभवनको छतमा सुतिरहेका थिए । राजाका दान दयादि गुणहरूबाट सन्तुष्ट ऋषिहरू राजाको कल्याणका उद्देश्यले हंसको रूप धारण गरेर पङ्क्तिबद्धरूपमा महल माथि उड्दै थिए । तिनका बीचमा भएको संवादको स्वरूप निम्नअनुसार रहेको छ।

ती मध्ये सबभन्दा पछि रहेको हंसले सबभन्दा अगाडि रहेको हंसलाई भन्यो – 'भलाक्ष ! हेर त पौत्रायण जानश्रुतिको तेज द्युलोक जस्तै फैलिएको छ । तिमी तिनलाई न छोउ, उनको तेजले तिमी खरानी बन्न सक्ने छौ' । त्यसबेला अगाडिको हंसले भन्यो – 'अरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचरा ! जानश्रुति ! त्यो त विद्याहीन मूर्ख छ, त्यसका लागि यस्तो सम्मानित वचनको प्रयोग गर्दैछौ, जुन वचनको प्रयोग त गाडीवाला रैक्वका लागि उपयुक्त हुने थियो, किनकि रैक्वको तेज दुर्लङ्घ्य छ। आत्मज्ञान नभएको जानश्रुतिको तेज त्यस्तो छैन'।

हंसरूप ऋषिहरूको भित्री मनसाय राजालाई पश्चात्तापतप्त बनाएर उसलाई ब्रह्मज्ञानका लागि रैक्वको समीपमा पठाउनु थियो। त्यो आशय नबुझेका राजा जानश्रुति हंसका मुखबाट आफ्नो निन्दा सुनेर दौडेर रैक्वका छेउमा गएका हुनाले पछि रैक्वले उनलाई शूद्र भनेको कुरा स्पष्ट हुन्छ। अतः त्यस अर्थवादमा प्रयुक्त शूद्रशब्दले यौगिक अर्थ व्यक्त गर्दछ। यो शूद्रशब्द शूद्रवर्णको अर्थमा रूढ छैन।

ब्रह्मसूत्रम् - क्षत्रियत्वगतेश्चोत्तरत्र चैत्ररथेन लिङ्गात्। १/३/३५

सूत्रार्थ - **क्षत्रियत्वगतेः च** = क्षत्रियत्वको ज्ञान हुनाले, जानश्रुति जात्या शूद्र होइन, किनकि, **उत्तरत्र** = संवर्गविद्याको वाक्यशेषमा, **चैत्ररथेन** = चैत्ररथ अभिप्रतारीका साथ, **लिङ्गात्** = समभिव्याहाररूप लिङ्गबाट जानश्रुति क्षत्रिय भएको तथ्य प्रमाणित हुन्छ, **अतः** = ब्रह्मविद्यामा शूद्रको अधिकार हुँदैन।

शाङ्करभाष्यम्

इतश्च न जातिशूद्रो जानश्रुतिः। यत्कारणं प्रकरणनिरूपणेन क्षत्रियत्वमस्योत्तरत्र चैत्ररथेनाभिप्रतारिणा क्षत्रियेण समभिव्याहाराल्लिङ्गाद्गम्यते। उत्तरत्र हि संवर्गविद्यावाक्यशेषे चैत्ररथिरभिप्रतारी क्षत्रियः सङ्कीर्त्यते - **'अथ ह शौनकं च कापेयमभिप्रतारिणं च काक्षसेनिं परिविष्यमाणौ ब्रह्मचारी बिभिक्षे'** (छा. ४/३/५) इति। चैत्ररथित्वं चाभिप्रतारिणः कापेययोगादवगन्तव्यम्। कापेययोगो हि चित्ररथस्यावगतः **'एतेन वै चित्ररथं कापेया अयाजयन्'** (ताण्ड्यब्रा. २०/१२/५) इति। समानान्वयानाञ्च प्रायेण समानान्वया याजका भवन्ति। **'तस्माच्चैत्ररथिर्नामैकः क्षत्रपतिरजायत'** इति च क्षत्रपतित्वावगमात्क्षत्रियत्वमस्यावगन्तव्यम्। तेन क्षत्रियेणाभिप्रतारिणा सह समानायां विद्यायां सङ्कीर्तनं जानश्रुतेरपि क्षत्रियत्वं सूचयति। समानानामेव हि प्रायेण समभिव्याहारा भवन्ति। क्षत्तृप्रेषणाद्यैश्वर्ययोगाच्च जानश्रुतेः क्षत्रियत्वावगतिः। अतो न शूद्रस्याधिकारः ॥३५॥

नेपालीभाषानुवाद

इतश्च = वक्ष्यमाण हेतुबाट, **जानश्रुतिः** = जानश्रुति, **जातिशूद्रः** = जन्मशूद्र, **न** = होइनन्, **यत् कारणम्** = जुन कारणबाट, **प्रकरणनिरूपणेन** = प्रकरण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरूपणद्वारा, **उत्तरत्र** = पछि, **चैत्ररथेन अभिप्रतारिणा** = चैत्ररथ अभिप्रतारी, **क्षत्रियेण** = क्षत्रियका साथ, **समभिव्याहारात्** = अध्ययन सहचरणरूप लिङ्गबाट, **अस्य** = जानश्रुतिको, **क्षत्रियत्वम्** = क्षत्रिय वर्ण, **गम्यते** = जानिन्छ, **उत्तरत्र** = पछि, **संवर्गविद्यावाक्यशेषे** = संवर्गविद्याको वाक्यशेषमा, **अथ ह** = यस पछि, **शौनकम्** = शुनकका पुत्र, **कापेयम्** = कापेयलाई, **च** = र, **काक्षसेनिम्** = कक्षसेनका पुत्र, **अभिप्रतारिणम्** = अभिप्रतारी, यी दुवै, **परिविष्यमाणौ** = पाचकद्वारा पस्किएको भोजनबाट सत्कार गरिंदै थिए, त्यसबेला; **ब्रह्मचारी** = कुनै ब्रह्मचारी आएर, **बिभिक्षे** = भिक्षा, याचना गऱ्यो, **इति** = यसरी, **चैत्ररथिः अभिप्रतारी** = चित्ररथका छोरा अभिप्रतारी, **क्षत्रियः** = क्षत्रिय हुन् भनेर, **सङ्कीर्त्यते** = उल्लेख गरिएको छ, **अभिप्रतारिणः** = अभिप्रतारीको, **चैत्ररथित्वम्** = चैत्ररथि उपनाम, **कापेययोगात्** = कापेयको सम्बन्धबाट, **अवगन्तव्यम्**= जान्नु पर्दछ, **एतेन** = यस द्विरात्रेष्टिद्वारा, **कापेयाः** = कापेय ब्राह्मणहरूले, **अयाजयन्** = यज्ञ गराए, **इति** = यस्तो, ताण्ड्य ब्राह्मणको भनाइबाट, **हि** = निश्चय नै, **चित्ररथस्य** = चित्ररथको, **कापेययोगः**= कापेयहरूसँगको सम्बन्ध, **अवगतः** = ज्ञात हुन्छ, **प्रायेण** = प्रायः, **समानान्वयानाम्** = समान वंश हुनेका, **याजकाः** = पुरोहितहरू, **समानान्वयाः**= समान वंशवालाहरू नै हुन्छन्, अर्थात् राजवंशीहरूका याजक परम्परागत पुरोहितवंशका नै हुन्छन्, **तस्मात्** = चित्ररथबाट, **चैत्ररथिर्नाम** = चैत्रनामबाट प्रसिद्ध, **एकः** = एक, **क्षत्रपतिः**= क्षत्रपति, **अजायत** = उत्पन्न भयो, **इति च** = यस प्रकार, **क्षेत्रपतित्वावगमात्** = क्षेत्रपतित्वको ज्ञानबाट, **अस्य** = चैत्ररथिको, **क्षत्रियत्वम्** = क्षत्रियवर्ण, **अवगन्तव्यम्** = जान्नु पर्दछ, **तेन** = त्यस, **क्षत्रियेण** = क्षत्रिय, **अभिप्रतारिणा** = अभिप्रतारीका साथ, **समानायाम्** = समान, **विद्यायाम्** = संवर्गविद्यामा, **सङ्कीर्तनम्**= जानश्रुतिको पनि जुन चर्चा छ, त्यसले; **जानश्रुतेः** = जानश्रुतिको, **अपि** = पनि, **क्षत्रियत्वम्** = क्षत्रियवर्णलाई, **सूचयति** = सूचित गर्दछ, **हि** = निश्चय नै, **प्रायेण**= प्रायः, **समानानाम् एव** = समान गुणस्वभाववालाहरूको, **समभिव्याहाराः** = सहोच्चारण (सहोल्लेख), **भवन्ति** = हुन्छन्, **क्षत्तृप्रेषणाद्यैश्वर्ययोगाच्च** = सारथिप्रेषण आदि ऐश्वर्यको द्योतकसम्बन्धबाट पनि, **जानश्रुतेः** = जानश्रुतिको, **क्षत्रियत्वावगतिः** = क्षत्रियत्वको ज्ञान हुन्छ, **अतः** = यसकारण, **जातिशूद्रस्य** = जन्मना शूद्रको, **न अधिकारः** = ब्रह्मविद्यामा अधिकार हुँदैन ।

विशदीकरण

अघिल्लो सूत्रमा पौत्रायण जानश्रुति जन्मका शूद्र होइनन्, त्यसकारण जानश्रुतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवर्गविद्यामा चर्चा भएकै कारण शूद्रवर्णको वेदाध्ययनमा अधिकार हुँदैन भन्ने चर्चा गरियो। साथै तिनलाई रैक्वद्वारा किन शूद्र भनियो त ? भन्ने प्रश्नमा, त्यो शूद्रशब्द शूद्रवर्णको परिचायक नभएर शोकका कारण रैक्वका समीपमा गए भने यौगिक अर्थको वाचक हो भनियो ।

उक्त सन्दर्भका साथै उनी क्षत्रियकै रूपमा चर्चित व्यक्ति भएको कुरा पनि प्रमाणित भएको छ । संवर्गविद्यामा चैत्ररथि अभिप्रतारी क्षत्रियका साथ जानश्रुतिको समभिव्याहाररूप चर्चा भएबाट पनि जानश्रुति क्षत्रिय हुन् भन्ने सिद्ध हुन्छ । 'भेडा भेडाकै सँग, बाख्रा बाख्राकै सँग' भन्ने लौकिक उक्तिमा भनिए झैं **'समानानामेव हि प्रायेण समभिव्याहारा भवन्ति'** गुण, स्वभाव, कुल, पद आदि समान भएका व्यक्तिहरूको सँगै चर्चा र उल्लेख हुने गर्दछ। अतः अभिप्रतारीका साथ जानश्रुतिको उल्लेखले पनि जानश्रुति क्षत्रिय हुन् । तसर्थ शूद्रको ब्रह्मविद्यामा अधिकार हुँदैन ।।३५।।

ब्रह्मसूत्रम् - संस्कारपरामर्शात् तदभावाभिलापाच्च १/३/३६

सूत्रार्थ - संस्कारपरामर्शात् = ब्रह्मविद्यामा उपनयन आदि संस्कारहरूको आवश्यकता देखाइनाले, **च** = तथा, **तदभावाभिलापात्** = शूद्रका लागि उपनयन आदि संस्कार-हरूका अभावको कथन गरिनाले पनि, शूद्रको ब्रह्मविद्यामा अधिकार हुँदैन ।

शाङ्करभाष्यम्

इतश्च न शूद्रस्याधिकारः, यद्विद्याप्रदेशेषूपनयनादयः संस्काराः परामृश्यन्ते- **'तं होपनिन्ये'** (श.ब्रा. ११/५/३/१३) । **'अधीहि भगव इति होपससाद'** (छा. ७/१/१) **'ब्रह्मपरा ब्रह्मनिष्ठाः परं ब्रह्मान्वेषमाणा एष ह वै तत्सर्वं वक्ष्यतीति ते ह समित्पाणयो भगवन्तं पिप्पलादमुपसन्नाः'** (प्र. १/१) इति च । **'तान्हानुपनीयैव'** (छा. ५/११/७) इत्यपि प्रदर्शितैवोपनयनप्राप्तिर्भवति । शूद्रस्य संस्काराभावोऽभिलप्यते, **'शूद्रश्चतुर्थो वर्ण एकजातिः'**(मनु. १०/४) इत्येकजातित्वस्मरणात् । **'न शूद्रे पातकं किञ्चिन्न च संस्कारमर्हति'** (मनु. १०/१२/६) इत्यादिभिश्च ।।३६।।

नेपालीभाषानुवाद

इतश्च = अगाडि बताइने कारणबाट पनि, **शूद्रस्य** = शूद्रको ब्रह्मविद्यामा, **न अधिकारः**= अधिकार हुँदैन, **यत्** = जो कि, **विद्याप्रदेशेषु** = विद्याका प्रकरणहरूमा अथवा विद्याका उपदेशका प्रसङ्गहरूमा, **उपनयनादयः** = उपनयन आदि, **संस्काराः**= संस्कारहरू, **परामृश्यन्ते** = आवश्यक छन् भनेर विचार गरिन्छन्, जस्तै-; **ह** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय नै, **तम्** = त्यसको, **उपनिन्ये** = उपनयन संस्कार गरे, **भगवः अधीहि** = हे भगवन् मलाई उपदेश गर्नुहोस्, **इति** = यसरी, **ह** = निश्चय नै, **उपससाद**= (नारद) सनत्कुमारका समीपमा गए, **ब्रह्मपराः** = वेदाध्ययनपरायण, **ब्रह्मनिष्ठाः** = वेदानुकूल अनुष्ठानमा तत्पर, **परम्** = निर्गुण, **ब्रह्म** = ब्रह्मतत्त्वको, **अन्वेषमाणाः** = खोजीमा लागेका, **ते** = भरद्वाज आदि ६ जना ऋषिहरू, **एषः** = यी पिप्पलाद ऋषिले, **ह वै**= निश्चय नै, **तत् सर्वम्**= ती सबै कुरा, **कथयति** = बताउने छन्, **इति** = यस्तो विचार गरेर, **समित्पाणयः** = हातमा समिधा धारण गरेका छँदा, **ह** = निश्चय नै, **भगवन्तम्**= भगवान्, **पिप्पलादम्**= पिप्पलादका, **उपसन्नाः** = समीपमा गए, **इति च** = यो पनि संस्कारको परामर्शकै प्रसङ्ग हो, **ह** = निश्चय नै, **तान्** = औपमन्यव आदि ब्राह्मणहरूलाई, **अनुपनीय एव** = उपनयन संस्कार नगराइकन नै विद्या अध्ययन गराए, **इत्यादि** = यस भनाइले पनि, **उपनयनप्राप्तिः** = ब्रह्मविद्याका लागि उपनयन संस्कारको आवश्यकता, **प्रदर्शिता भवति** = देखाउँछ, **च** = तथा, **शूद्रस्य** = शूद्रको, **संस्काराभावः** = संस्कार नहुने कुरा, **अभिलप्यते** = भनिन्छ, **शूद्रः** = शूद्र, **चतुर्थः** = चौथो, **वर्णः** = वर्ण, **एकजातिः** = उपनयनरहित एक जाति हो, **इति** = यसरी, **एकजातित्वस्मरणात्** = मनुद्वारा एकजातिका रूपमा मनुस्मृतिमा उल्लेख गरिनाले, **शूद्रे** = शूद्रमा, **किञ्चित्** = लशुन आदि खाएको र नित्यकर्म नगरिएको कारणबाट, **पातकं न** = पाप हुँदैन, **च** = र त्यो, **संस्कारम्** = उपनयन आदि संस्कारको, **न अर्हति** = योग्य हुँदैन, **इत्यादिभिश्च** = इत्यादि स्मृतिवचनहरूबाट पनि शूद्रका उपनयन आदि संस्कार हुँदैनन् र तिनको अभावमा उपनयन संस्कारपूर्वक गरिने ब्रह्मविद्याप्राप्तिमा अधिकार हुँदैन ।

विशदीकरण

एक पटक नारदजी - 'भगवन्! मलाई ब्रह्मविद्याको उपदेश गर्नुहोस्' भन्दै सनत्कुमारजीका समीपमा जानुभयो भन्ने श्रुति प्रमाणहरू रहेका छन् । त्यस्तै 'ब्रह्मनिष्ठ सदाचार सम्पन्न भरद्वाज आदि ६ जना ऋषिहरू हातमा समिधा लिएर ब्रह्मसम्बन्धी जिज्ञासालाई समाधान गर्न भगवान् पिप्पलादका समीपमा गए' भन्ने पनि श्रुतिमा उल्लेख गरिएको छ । अन्यत्र 'राजा अश्वपतिले प्राचीनशाल आदि ६ जना ऋषिहरूलाई उपनयनसंस्कार नगराइकननै ब्रह्मविद्याको उपदेश गरे' भन्ने समेत श्रुतिमा उल्लेख भएकाले ब्रह्मविद्याका लागि उपनयनसंस्कार र तदनुकूलको सदाचार आवश्यक हुने कुरा प्रमाणित हुन्छ ।

शूद्रवर्णको सम्बन्धमा भगवान् मनुले 'शूद्रलाई चतुर्थ जाति मान्दै शूद्रको संस्कार हुँदैन र अभक्ष्य भक्षणबाट हुने पापले पनि स्पर्श गर्दैन' समेत भन्नुभएकाले पनि शूद्रको ब्रह्मविद्यामा अधिकार हुँदैन भन्ने सिद्धान्तपक्षीको आशय रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्कर्षरूपमा भन्न सकिन्छ कि– उपनिषद्हरूमा जहाँ जहाँ वेदविद्याको अध्ययनको प्रसङ्ग आएको छ, त्यहाँ त्यहाँ गुरुले शिष्यलाई उपनयन आदि संस्कार सम्पन्न गरेपछि मात्र वेदविद्याको उपदेश गरेको पाइन्छ । यसकारण, उपनयन नगरिकन वेदाध्ययन गर्न नपाइने र शूद्रको उपनयन संस्कार नहुने यी कारणबाट शूद्रको वेदाध्ययनमा अधिकार नभएको कुरा स्पष्ट हुन्छ ।

ब्रह्मसूत्रम् - तदभावनिर्धारणे च प्रवृत्तेः १/३/३७

सूत्रार्थ - तदभावनिर्धारणे = शिष्यमा शूद्रत्वको अभाव निश्चित भए पछि मात्र, **प्रवृत्तेः** = गुरुको वेदोपदेशमा प्रवृत्ति देखिनाले पनि, वेदाध्ययनमा शूद्रको अधिकार हुँदैन ।

शाङ्करभाष्यम्

इतश्च न शूद्रस्याधिकारः । यत्सत्यवचनेन शूद्रत्वाभावे निर्धारिते जाबालं गौतम उपनेतुमनुशासितुं च प्रववृते, **'नैतदब्राह्मणो विवक्तुमर्हति समिधं सोम्याहरोप त्वा नेष्ये न सत्यादगाः'** (छा. ४/४/५) इति श्रुतिलिङ्गात् ।।३७।।

नेपालीभाषानुवाद

इतः च = पछि बताइने कारणबाट पनि, **शूद्रस्य** = शूद्रको, **न अधिकारः** = वेदमा अधिकार हुँदैन, **यत्** = जो कि, **गौतमः** = गौतमऋषि, **सत्यवचनेन** = गोत्र थाहा नभएका टुहुरा जावालको सत्यवचनद्वारा, **शूद्रत्वाभावे** = स्पष्टवादी यो बालक शूद्र हुन सक्तैन भनेर शूद्र नभएको कुरा, **निर्धारिते** = ठम्याए पछि, **जाबालम्** = जाबालको, **उपनेतुम्** = उपनयनसंस्कार सम्पन्न गर्न र, **अनुशासितुम्** = वेदाध्ययन संस्कार गराउन, **प्रववृत्ते** = प्रवृत्त भए, **अब्राह्मणः** = ब्राह्मणेतर पुरुषले, **एतत्** = यस्तो सत्य, **विवक्तुम्**= भन्न, **न अर्हति** = सक्तैन, अर्थात् तिमी ब्राह्मण हौ, **सोम्य**= सुन्दर, **समिधम्** = समिधा, **आहर** = ल्याऊ, **उप त्वा नेष्ये** = म तिम्रो उपनयन संस्कार सम्पन्न गर्छु, **सत्यात्** = सत्यबाट, **न अगाः** = तिमी तल खसेका छैनौ, **इति** = यस्तो गौतमको वचनरूप, **श्रुतिलिङ्गात्** = वेदवचनरूप कारणबाट पनि वेदमा शूद्रको अनधिकार सिद्ध हुन्छ ।

विशदीकरण

वेदाध्ययनको दीर्घपरम्परालाई विशुद्धरूपमा कायम राख्नुमा गौतम जस्ता क्रान्तदर्शी आंचार्यहरूको ठूलो योगदान रहेको छ । उनी बालकको मनोवैज्ञानिक परीक्षण गरेर अध्ययंन गराउँथे । आफूसँग पढ्न आएका तर कुल, गोत्र थाहा नपाएका अनाथ जाबालको इच्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसै पूरा हुन सक्तैनथ्यो । जाबालसँग बाबुको नाम सोधे, जात-पात सोधे गौतमले । बालकले निर्भयतापूर्वक नढाँटिकन भन्यो – 'मैले आफ्नो गोत्र जान्दिन । मैले आमासँग सोधेको थिएँ आमाले भन्नुभयो – 'मलाई गोत्र थाहा छैन । मेरो नाम जबाला हो, तिम्रो नाम सत्यकाम हो' । यसकारण म भन्न सक्छु 'म सत्यकाम जाबाल हुँ' ।

बालकको स्पष्टवादिता र सत्यवादितालाई विचार गरेर गौतमले यस्तो स्पष्टवादी र सत्यवादी ब्राह्मणबाहेक अरू हुन सक्तैन, अतः यसलाई पढाउँदा मलाई प्रत्यवाय लाग्दैन भनेर उपनयनसंस्कार गराएर वेदोपदेश गरे । यस छान्दोग्यश्रुतिको प्रसङ्गबाट पनि शूद्रको वेदाध्ययनमा अधिकार हुँदैन भन्ने कुरा स्पष्ट हुन्छ ।।३७।।

ब्रह्मसूत्रम् - श्रवणाध्ययनार्थप्रतिषेधात् स्मृतेश्च १/३/३८

सूत्रार्थ - श्रवणाध्ययनार्थप्रतिषेधात् = शूद्रका निमित्त वेदको श्रवण, अध्ययन तथा अर्थज्ञानको निषेध गरिएकाले, **च** = र, **स्मृतेः** = स्मृतिप्रमाणबाट पनि शूद्रको वेदविद्यामा अधिकार हुँदैन भन्ने कुरा सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

इतश्च न शूद्रस्याधिकारः । यदस्य स्मृतेः श्रवणाध्ययनार्थप्रतिषेधो भवति। वेदश्रवणप्रतिषेधो वेदाध्ययनप्रतिषेधस्तदर्थज्ञानानुष्ठानयोश्च प्रतिषेधः शूद्रस्य स्मर्यते। श्रवणप्रतिषेधस्तावत् **'अथास्य वेदमुपश्शृण्वतस्त्रपुजतुभ्यां श्रोत्रप्रतिपूरणम्'** इति । **'पद्यु ह वा एतच्छ्मशानं यच्छूद्रस्तस्माच्छूद्रसमीपे नाध्येतव्यम्'** इति च । अत एवाध्ययनप्रतिषेधः । यस्य हि समीपेऽपि नाध्येतव्यं भवति, स कथमश्रुतमधीयीत ? भवति च वेदोच्चारणे जिह्वाच्छेदो धारणे शरीरभेद इति । अत एव चार्थादर्थज्ञानानुष्ठानयोः प्रतिषेधो भवति – **'न शूद्राय मतिं दद्यात्'** इति, **'द्विजातीनामध्ययनमिज्या दानम्'** इति च । येषां पुनःपूर्वकृतसंस्कारवशाद्विदुरधर्मव्याधप्रभृतीनां ज्ञानोत्पत्तिस्तेषां न शक्यते फलप्राप्तिः प्रतिषेद्धुम्, ज्ञानस्यैकान्तिकफलत्वात्। **'श्रावयेच्चतुरो वर्णान्'** इति चेतिहासपुराणाधिगमे चातुर्वर्ण्यस्याधिकारस्मरणात् । वेदपूर्वकस्तु नास्त्यधिकारः शूद्राणामिति स्थितम् ।।३८।।

नेपालीभाषानुवाद

इतश्च = यसकारणबाट पनि, **शूद्रस्य** = शूद्रको, **न अधिकारः** = वेदाध्ययनमा अधिकार हुँदैन, **यत्** = किनभने, **स्मृतेः** = स्मृतिबाट, **अस्य** = शूद्रका लागि, **अध्ययनार्थप्रतिषेधः** = श्रवण, अध्ययन र अर्थज्ञानको, **प्रतिषेधः** = निषेध, **भवति** = हुन्छ, **वेदश्रवणप्रतिषेधः** = वेद श्रवणको निषेध, **वेदाध्ययनप्रतिषेधः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदाध्ययनको निषेध, **च** = र, **तदर्थज्ञानानुष्ठानयोः** = वेदार्थ ज्ञान एवं अनुष्ठानको, **प्रतिषेधः** = निषेध, **स्मर्यते** = स्मृतिद्वारा गरिएको छ, **तावत्** = सर्वप्रथम, **अथ** = यस पछि, **वेदम्**= वेदलाई, **उपश्रृण्वतः**= श्रवण गर्ने, **अस्य** = शूद्रको, **त्रपुजतुभ्याम्**= राङ र लाहाद्वारा, **श्रोत्रप्रतिपूरणम्** = दुवै कान भरिदिनुपर्छ, **इति** = यस प्रकारको वचनबाट, **श्रवणप्रतिषेधः** = वेदश्रवणको निषेध गरिएको छ, **यत्** = किनकि, **शूद्रः** = शूद्र, **ह वा** = निश्चय नै, **पद्यु** = जङ्गम (सञ्चरण गर्न सक्ने खुट्टा भएको), **श्मशानम्** = श्मशान हो, **तस्मात्** = त्यसकारण, **शूद्रसमीपे** = शूद्रका समीपमा, **न अध्येतव्यम्** = वेदाध्ययन गर्न हुँदैन, **इति च** = यस्तो पनि स्मृतिमा भनिएको छ, **इति** = यस प्रकारको वचनबाट, **श्रवणप्रतिषेधः** = वेदश्रवणको निषेध गरिएको कारणबाट, **अत एव** = यसकारण नै, **अध्ययनप्रतिषेधः** = वेदाध्ययनको निषेध गरिएको हो, **हि** = निश्चय नै, **यस्य** = जसको (जुन शूद्रको), **समीपे** = समीपमा, **अध्येतव्यम्** = अध्ययन गर्नु, **न भवति**= उचित हुँदैन, **सः** = त्यस शूद्रले, **कथम्**= कसरी, **अश्रुतम्** = श्रवण गर्ने अधिकार नभएका कारण नसुनिएका वेदको, **अधीयीत**= अध्ययन गर्न सक्छ र, **वेदोच्चारणे** = वेदको उच्चारण गरेमा, **जिह्वाच्छेदः** = जिभ्रो थुत्ने (काट्ने) र, **धारणे** = वेदलाई कण्ठस्थ बनाई धारण गरेमा, **शरीरभेदः**= शरीरलाई टुक्र्याएर छिन्नभिन्न बनाउने, **इति भवति** = यस्तो विधान गरिएको छ, **अतः एव** = यसकारण, **अर्थज्ञानानुष्ठानयोः** = वेदार्थज्ञान र वेदार्थज्ञान अनन्तर गरिने वैदिकप्रयोगहरूमा, **अर्थात्** = उक्त अर्थहरूको अनुशीलनबाट गरिने आचारहरूमा, **प्रतिषेधः** = निषेध, **भवति** = ज्ञात हुन्छ, **शूद्राय** = शूद्रलाई, **मतिम्** = वेदार्थबुद्धि, **न दद्यात्**= दिनु हुँदैन, **इति** = यस्तो र, **द्विजातीनाम्** = ब्राह्मण, क्षत्रिय र वैश्यहरूका कर्म, **अध्ययनम्** = वेदको अध्ययन गर्नु, **इज्या** = यज्ञ र, **दानम्** = दान हुन्, **इति च** = यस्तो पनि विधान गरिएको छ, **पुनः** = फेरि, **येषाम्** = जुन, **विदुरधर्मव्याध-प्रभृतीनाम्**= विदुर र धर्मव्याध आदि शूद्रहरूको, **पूर्वकृतसंस्कारवशात्** = जन्मान्तरमा गरिएका संस्कारहरूका कारण, **ज्ञानोत्पत्तिः** = ज्ञानको उत्पत्ति देखिन्छ, **तेषाम्** = तिनको, **फलप्राप्तिः** = ज्ञानोत्पत्तिरूप फलप्राप्तिलाई, **प्रतिषेद्धुम्** = निषेध गर्न, **न शक्यते** = सकिंदैन, **ज्ञानस्य** = ज्ञानको, **एकान्तिकफलत्वात्** = अवश्यंभावी फल हुने हुनाले, **चतुरः**= ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चार, **वर्णान्** = वर्णहरूलाई, **श्रावयेत्** = सुनाओस्, **इति च** = यस स्मृतिकारको भनाइमा, **इतिहासपुराणाधिगमे**= इतिहास र पुराणको ज्ञानमा, **चातुर्वर्ण्यस्य**= उक्त चार वर्णको नै, **अधिकारस्मरणात्**= अधिकारको प्रतिपादन गरिएकाले, **शूद्राणाम्** = शूद्रहरूको, **वेदपूर्वकः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदाध्ययनपूर्वक, **तु** = त, **अधिकारः**= ज्ञानको अधिकार, **न अस्ति** = छैन, **इति**= यो सिद्धान्त, **स्थितम्** = निश्चित छ ।

विशदीकरण

स्मृतिशास्त्रद्वारा शूद्रवर्णले वेदश्रवण, वेदाध्ययन, वेदार्थज्ञान र वेदमूलक कर्मकाण्ड गर्न नहुने भनिएकाले शूद्रको वेदविद्यामा र वेदमूलक ब्रह्मविद्यामा अधिकार हुँदैन । कुनै शूद्रले वेदको श्रवण गरेमा त्यसको कानमा राङ र लाहा भरिदिनु पर्छ, शूद्र जंगम श्मशान नै हो अतः त्यसका सामु वेदाध्ययन गर्न हुँदैन । कुनै शूद्रले वेदाच्चारण गरेमा त्यसको जिभ्रो काटिदिनु पर्छ, वेदलाई धारण गरेमा शरीरको अङ्गभङ्ग गरिदिनु पर्छ । शूद्रलाई वेदविषयक बुद्धि प्रदान गर्न हुँदैन जस्ता स्मृतिवचनहरूबाट शूद्रले वेदको श्रवण, अध्ययन, धारण, अर्थज्ञान र वेदमूलक प्रयोग गर्न हुँदैन भन्ने कुरा प्रमाणित हुन्छ ।

अधिकरण परिचय -

प्रमिताधिकरणमा शास्त्रमा मनुष्यमात्रको अधिकार सिद्ध गर्दै मनुष्यका मुटुको नापो बूढी औंला प्रमाणको भएकाले र परमात्मा त्यसै मुटुमा अटाउने भएकाले परमात्माको पनि बूढी औंला प्रमाणको स्वरूप सिद्ध गरियो । त्यसपछि देवताधिकरणमा ब्रह्मविद्यामा देवताहरूको पनि अधिकार हुन्छ भन्ने कुरा सिद्ध गरियो । त्यसपछि यस अपशूद्राधिकरणमा शूद्रको वेदाध्ययनमा अधिकार नहुने कुरा सिद्ध गरियो। अब यस पछिको 'कम्पनाधिकरण'मा जगत्लाई चेष्टामय तुल्याउने '**प्राणतत्त्व**' पनि परब्रह्म नै हो भन्ने कुरा बताइने छ ।

इतिअपशूद्राधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. कम्पनाधिकरणम् {सू. ३९}

ब्रह्मसूत्रम् - कम्पनात् १/३/३९

सूत्रार्थ - **कम्पनात्** = परमात्माको सत्तामा सम्पूर्ण जगत्ले चेष्टा गर्दछ, त्यसैले अङ्गुष्ठमात्र पुरुष परब्रह्म परमात्मा नै हो ।

शाङ्करभाष्यम्

अवसितः प्रासङ्गिकोऽधिकारविचारः । प्रकृतामेवेदानीं वाक्यार्थविचारणां प्रवर्तयिष्यामः।

'यदिदं किञ्च जगत्सर्वं प्राण एजति निःसृतम् ।

महद्भयं वज्रमुद्यतं य एतद्विदुरमृतास्ते भवन्ति' (का. २/६/२) इति।

एतद्वाक्यं **'एजृ कम्पने'** इति धात्वर्थानुगमाल्लक्षितम् । अस्मिन्वाक्ये सर्वमिदं जगत्प्राणाश्रयं स्पन्दते, महच्च किञ्चिद्भयकारणं वज्रशब्दितमुद्यतम्, तद्विज्ञानाच्चामृतत्वप्राप्तिरिति श्रूयते । तत्र कोऽसौ प्राणः, किं तद्भयानकं वज्रमित्यप्रतिपत्तेर्विचारे क्रियमाणे प्राप्तं तावत्प्रसिद्धेः पञ्चवृत्तिर्वायुः प्राण इति । प्रसिद्धेरेव चाशनिर्वज्रं स्यात् । वायोश्चेदं माहात्म्यं सङ्कीर्त्यते । कथम् ? सर्वमिदं जगत्पञ्चवृत्तौ वायौ प्राणशब्दिते प्रतिष्ठायैजति । वायुनिमित्तमेव च महद्भयानकं वज्रमुद्यम्यते। वायौ हि पर्जन्यभावेन विवर्तमाने विद्युत्स्तनयित्नुवृष्ट्यशनयो विवर्तन्त इत्याचक्षते । वायुविज्ञानादेव चेदममृतत्वम् । तथा हि श्रुत्यन्तरम्- **'वायुरेव व्यष्टिर्वायुः समष्टिरप पुनर्मृत्युं जयति य एवं वेद'** इति । तस्माद्वायुरयमिह प्रतिपत्तव्य इति ।

नेपालीभाषानुवाद

प्रासाङ्गिकः = प्रसङ्गबाट आएको, **अधिकारविचारः** = अधिकारसम्बन्धी विचार, **अवसितः** = समाप्त भयो, **प्रकृताम्** = अवान्तर प्रसङ्गभन्दा पहिलेको दहराकाशसम्बन्धी, **वाक्यार्थविचारणाम्** = वाक्यार्थको विचारलाई, **एव** = नै, **इदानीम्** = अहिले, **प्रवर्त्तयिष्यामः** = चलाउने छौं, **यत्** = जो, **इदम्** = यो, **निःसृतम्** = परमात्माबाट आविष्कृत, **किञ्च** = जे जस्तो, **सर्वम्** = सम्पूर्ण जगत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ त्यो, **प्राणे** = प्राणस्वरूप ब्रह्मद्वारा नै, **एजते** = चेष्टा गर्दछ, **उद्यतम्** = उठाइएको, **वज्रम्** = वज्र जस्तो, **महद्** = महान्, **भयम्** = डरलाग्दो, **एतत्** = परमात्मालाई, **ये** = जसले, **विदुः** = जान्दछन्, **ते** = ती, **अमृताः** = अमर, **भवन्ति** = हुन्छन्, **इति** = यस्तो, काठकोपनिषद्को वचन रहेको छ, **एजृ कम्पने इति** = कम्पनार्थक 'एजृ' यस्तो, **धात्वर्थानुगमात्** = धातुको अर्थ कम्पनलाई ज्ञान गर्नाले, **एतद्** = यो काठकोपनिषद्को, **वाक्यम्** = वाक्य, **लक्षितम्** = बोधित छ, **अस्मिन्** = यस काठकोपनिषद्को, **वाक्ये** = वाक्यमा, **इदम्** = यो, **सर्वम्** = सम्पूर्ण, **जगत्** = संसार, **प्राणाश्रयम्** = प्राणमा आश्रित रहेर, **स्पन्दते** = चेष्टा गर्दछ, **किञ्चित्** = कुनै जो, **उद्यतम्** = उदित, **वज्रशब्दितम्** = वज्रसमान, **भयकारणम्** = भयको कारण, **महत्** = महान छ, **च** = र, **तद्विज्ञानात्** = त्यसलाई जान्नाले, **अमृतत्वप्राप्तिः**= अमर स्वरूपको प्राप्ति हुन्छ, **इति** = यस्तो, **श्रूयते** = श्रुतिमा भनिएको छ, **तत्र** = उक्त वाक्यमा बताइएको, **असौ** = यो, **प्राणः** = प्राण, **कः** = के हो, **तत्** = त्यो, **भयानकम्** = डर लाग्दो, **वज्रम्** = वज्र, **किम्**= के हो, **इति** = यो कुरा, **अप्रतिपत्तेः**= निश्चय नहुनाले, **विचारे क्रियमाणे** = विचार गर्दा, **प्रसिद्धेः** = लोकप्रसिद्धिको आधारमा, **तावत्** = प्रथम, **पञ्चवृत्तिः** = प्राण, अपान, उदान, समान र व्यान गरी पाँच स्वरूप एवं स्वरूप अनुसारका व्यापार भएको, **वायुः** = हावा, **प्राणः** = प्राण हो, **इति**= कुरा, **प्राप्तम्** = ज्ञात हुन्छ, **प्रसिद्धेः एव** = लोकप्रसिद्धिबाट नै, **वज्रम्**= वज्रशब्दको अर्थ, **अशनिः**= इन्द्र आदिको आयुध वज्र, **स्यात्** = हुनसक्छ, **इदम्**= यो, **च** = पनि, **वायोः** = वायुको, **माहात्म्यम्** = महिमा, **सङ्कीर्त्यते** = गाइन्छ, **कथम्** = कसरी गाइन्छ, **इदम्** = दृश्यमान यो, **सर्वम्** = सम्पूर्ण, **जगत्** = संसार, **पञ्चवृत्तौ** = पूर्वोक्त पाँच व्यापार भएको, **प्राणशब्दिते** = प्राणनामक, **वायौ** = वायुमा, **प्रतिष्ठाय** = रहेर, **एजति** = चेष्टा गर्दछ, **च**= र, **महत्** = महान्, **भयानकम्**= डरलाग्दो, **वज्रम्** = वज्र, **वायुनिमित्तकम्** = वायुको सहयोगबाट, **एव** = नै, **उद्यम्यते** = उठाइन्छ, **हि** = निश्चय नै, **वायौ** = वायु, **पर्जन्यभावेन** = पर्जन्यरूपमा, **विवर्तमाने** = विवर्तित भएपछि अर्थात् रूपान्तरित भएपछि, **विद्युत्स्तनयित्नुवृष्ट्य-शनयः** = बिजुली, बादल, वर्षा र वज्रहरू पनि, **विवर्तन्ते** = वायुकै विवर्तका रूपमा अर्थात् रूपान्तर बनेर रहन्छन्, **इति** = यस्तो, **आचक्षते** = भन्दछन्, **तथाहि**= फेरि, **वायुविज्ञानाद्** = वायुका स्वरूपको ज्ञानबाट, **एव** = नै, **इदम्** = प्रसिद्ध, **अमृतत्वम्** = अमरत्व प्राप्त हुन्छ, **वायुः एव** = वायु नै, **व्यष्टिः** = व्यक्ति हो, **वायुः** = वायु, **एव** = नै, **समष्टिः** = समष्टि व्यापक ब्रह्माण्डमय स्वरूप हो, **पुनः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि, **यः** = जसले, **एवम्** = वायु सर्वव्यापक हो भनेर, **वेद** = जान्दछ, त्यसले; **अपमृत्युम्**= अपमृत्युलाई, **जयति**= जित्दछ अर्थात् त्यसको अपमृत्यु हुँदैन, **इति**= यस्तो, **श्रुत्यन्तरम्** = दोस्रो श्रुतिवाक्य रहेको छ, **तस्मात्** = त्यसकारण, **इह** = यहाँ प्राणशब्दले, **अयं वायुः** = वायुलाई नै, **प्रतिपत्तव्यः** = बुझ्नु पर्दछ । (पूर्वपक्ष)

विशदीकरण

कठोपनिषद्को दोस्रो अध्यायमा प्रथमवल्लीदेखि तृतीयवल्लीसम्म अङ्गुष्ठमात्र पुरुषको वर्णन गरिएको छ । '**कम्पनात्**' यस सूत्रमा अङ्गुष्ठमात्र परमात्माको प्रभाव बताइएको छ । त्यस परमात्माबाट रचिएको जो यो सम्पूर्ण जगत् छ, त्यो प्राणस्वरूप ब्रह्मको आश्रय पाएर नै चेष्टा गर्दछ । 'जसले उठाइएको वज्रसमान भयङ्कर स्वरूप भएका परमात्मालाई जान्दछ, त्यो अमर हुन्छ' भन्ने कुरा काठकोपनिषद्मा वर्णन गरिएको छ ।

तर यहाँ प्रश्न हुन्छ, त्यो स्वयं वायु प्राण किन होइन ? वायु नै प्राण, अपान, समान, उदान र व्यानका रूपमा व्यापक छ, पर्जन्य पनि वायुकै रूपान्तर हो । पर्जन्य मात्रै किन ? बिजली, बादल, वर्षा र वज्र पनि वायुकै विवर्त हुन् । वायुको विज्ञानबाट अमरत्व प्राप्त हुन सक्छ । वायुलाई व्यष्टि र समष्टि भनेर जो जान्दछ त्यसले अपमृत्यु माथि विजय गर्छ भनेर पनि भनिएको छ। त्यसकारण प्राण भनेर वायुलाई नै बुझ्नु पर्दछ। यो पूर्वपक्षको आशय हो।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः – ब्रह्मैवेदमिह प्रतिपत्तव्यम् । कुतः ? पूर्वोत्तरालोचनात्। पूर्वोत्तरयोर्हि ग्रन्थभागयोर्ब्रह्मैव निर्दिश्यमानमुपलभामहे । इहैव कथमकस्मादन्तराले वायुं निर्दिश्यमानं प्रतिपद्येमहि ? पूर्वत्र तावत्–

'तदेव शुक्रं तद् ब्रह्म तदेवामृतमुच्यते ।

तस्मिँल्लोकाः श्रिताः सर्वे तदु नात्येति कश्चन' (का. २/६/१) इति ब्रह्म निर्दिष्टं, तदेवेहापि, सन्निधानात्, जगत्सर्वं प्राण एजतीति च लोकाश्रयत्वप्रत्यभिज्ञानान्निर्दिष्टमिति गम्यते । प्राणशब्दोऽप्ययं परमात्मन्येव प्रयुक्तः, '**प्राणस्य प्राणम्**' (बृ. ४/४/१८) इति दर्शनात् । एजयितृत्वमपीदं परमात्मन एवोपपद्यते न वायुमात्रस्य । तथा चोक्तम्–

'न प्राणेन नापानेन मर्त्यो जीवति कश्चन ।

इतरेण तु जीवन्ति यस्मिन्नेतावुपाश्रितौ' (का. २/५/५) इति ।

उत्तरत्रापि–

'भयादस्याग्निस्तपति भयात्तपति सूर्यः ।

भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः' (का. २/६/३) इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मैव निर्देक्ष्यते न वायुः । सवायुकस्य जगतो भयहेतुत्वाभिधानात् । तद्वदिहापि सन्निधानात् '**महद्भयं वज्रमुद्यतम्**' इति च भयहेतुत्वप्रत्यभिज्ञानान्निर्दिष्टमिति गम्यते । वज्रशब्दोऽप्ययं भयहेतुत्वसामान्यात्प्रयुक्तः । यथा हि वज्रमुद्यतं ममैव शिरसि निपतेद्यद्यहमस्य शासनं न कुर्यामित्यनेन भयेन जनो नियमेन राजादिशासने प्रवर्तत एवमिदमग्निवायुसूर्यादिकं जगदस्मादेव ब्रह्मणो बिभ्यन्नियमेन स्वव्यापारे प्रवर्तत इति भयानकं वज्रोपमितं ब्रह्म । तथा च ब्रह्मविषयं श्रुत्यन्तरम्- '**भीषाऽस्माद्वातः पवते । भीषोदेति सूर्यः । भीषाऽस्मादग्निश्चेन्द्रश्च । मृत्युर्धावति पञ्चमः**। (तै. ८/१) इति । अमृतत्वफलश्रवणादपि ब्रह्मैवेदमिति गम्यते। ब्रह्मज्ञानाद्ध्यमृतत्वप्राप्तिः । '**तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय**' (श्वे. ६/१५) इति मन्त्रवर्णात् ।

नेपालीभाषानुवाद

एवम् = प्राण भनेको वायु नै हो भन्ने तर्क, **प्राप्ते**= अगाडि आएपछि, **ब्रूमः**= सिद्धान्तरूपमा भन्दछौं, **इह** = यस प्रसङ्गमा, **इदम्** = संसारको कारण, **ब्रह्म** = ब्रह्म (परमात्मा), **एव** = नै, **प्रतिपत्तव्यम्** = बुझ्नु पर्दछ, **कुतः** = किनभने, **पूर्वोत्तरालोचनात्** = पूर्वापर विचार गर्नाले यही नै स्पष्ट हुन्छ, **हि** = किनकि, **पूर्वोत्तरयोः ग्रन्थभागयोः** = '**यदिदं किञ्च०**' इत्यादि पहिलेका र पछिका ग्रन्थभागहरूमा, **ब्रह्म एव** = ब्रह्मतत्त्वलाई नै, **निर्दिश्यमानम्** = निर्देश गरिएको, **उपलभामहे** = पाउँछौ, **इहैव** = यहाँ मात्र, **अकस्मात्** = अचानक, **अन्तराले** = बीचमा, **वायुम्**= वायुलाई, **निर्दिश्यमानम्** = निर्देश गरिएको भनेर, **कथम्** = कसरी, **प्रतिपद्येमहि**= मानौं, **तावत्**= पहिले, **पूर्वत्र** = '**यदिदम्**' आदि मन्त्रवाक्यभन्दा पहिले, **तद् एव**= त्यो नै, **शुक्रम्** = तेज हो अथवा संसारको मूल हो, **तत्** = त्यो, **ब्रह्म** = ब्रह्म हो, **तद् एव** = त्यो नै, **अमृतम्** = अमृत, **उच्यते** = भनिन्छ, **सर्वे** = सबै, **लोकाः** = लोकहरू, **तस्मिन्** = त्यसमा, **श्रिताः** = आश्रित छन्, **कश्चन** =कसैले पनि, **तद्** = त्यसलाई, **न अत्येति** = नाघ्न सक्दैन, **उ**= यही निश्चय हो, **इति** = यसरी पूर्वभागमा, **ब्रह्म** = ब्रह्म, **निर्दिष्टम्**= निर्दिष्ट गरियो, **इह अपि** = यस '**यदिदं किञ्च०**' मा पनि, **सन्निधानात्** = उक्त प्रसङ्गको समीपमा रहनाले, **सर्वम्** = सम्पूर्ण, **जगत्** = संसार, **प्राणे** = प्राणको आधारमा, **एजति**= चेष्टा गर्दछ, **इति**= यसरी, **च** = पनि, **लोकाश्रयत्वप्रत्यभिज्ञानात्** = संसारको आश्रयको प्रत्यभिज्ञान हुनाले, **तद् एव** = ब्रह्म नै, **निर्दिष्टम्**= निर्दिष्ट छ, **इति** = यस्तो, **गम्यते** = जानिन्छ, **अयम्** = यो, **प्राणशब्दः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणशब्द, **अपि** = पनि, **परमात्मनि** = परमात्माको अर्थमा, **एव** = नै, **प्रयुक्तः** = प्रयोग गरिएको पाइन्छ, **प्राणस्य** = प्राणको पनि, **प्राणम्** =प्राणरूप, **इति** = यस्तो प्रयोग, **दर्शनात्** = बृहदारण्यकोपनिषद्मा देखिनाले, **इदम्** = यो, **एजयितृत्वम्** = कम्पनकर्तृत्व अर्थात् कम्पन गराउने कर्तृत्व, **अपि** = पनि, **परमात्मनः** = परमात्माका लागि, **एव** = नै, **उपपद्यते** = सुहाउँछ, **वायुमात्रस्य** = वायुमात्रका लागि, **न** = सुहाउँदैन, **तथा च** = जस्तै, **उक्तम्** = भनिएको छ, **कश्चन** = कुनै पनि प्राणी, **प्राणेन** = प्राणद्वारा मात्र, **न जीवति** = बाँचिरहेको हुँदैन, **अपानेन** = अपानद्वारा, **न** = बाँच्दैन, **तु** = किन्तु, **यस्मिन्** = जसमा, **एतौ** = प्राण र अपान, **आश्रितौ** = आश्रित हुन्छन्, **इतरेण** = त्यस कुनै अन्य तत्त्वबाट नै, **जीवन्ति** = प्राणीहरू जीवित रहन्छन्, **इति**= यस रूपमा काठकोपनिषद्मा भनिएको छ, **उत्तरत्र** = **'यदिदं किञ्च०'** भन्ने श्रुतिवचन पछि पनि, **अस्य** = यसका, **भयात्** = डरबाट, **अग्निः** = अग्नि, **तपति** = प्रज्वलित रहन्छन्, **सूर्यः** = सूर्य, **भयात्** = त्यसैको डरबाट, **तपति** = दीप्त रहन्छन्, **इन्द्रः च** = इन्द्र, **वायुः** = हावा, **पञ्चमः** = पाँचौ संख्यामा रहेको, **मृत्युः** = मृत्यु, **च** = पनि, **धावति** = आ–आफ्ना जिम्माका कार्य संपादनमा दौडिन्छन्, अर्थात् सूर्य, अग्नि, इन्द्र, वायु र मृत्यु आ–आफ्नो कार्य गर्न प्रवृत्त हुन्छन्, **इति** = यस काठकोपनिषद्को वचनबाट, **ब्रह्म एव** = ब्रह्म नै, **निर्देश्यते** = निर्दिष्ट छ, **तु** = तर, **वायुः** = वायु, **न** = निर्दिष्ट छैन, **सवायुकस्य** = वायुसहित, **जगतः** = जगत्को, **भयहेतुत्वाभिधानात्** = भयको कारण बताइएको हुनाले अर्थात् वायु पनि डराउने मध्ये पर्ने हुनाले, वायु सबैको डरको कारण बन्न सक्तैन, **तद् वत्**= त्यस्तै, **इह अपि** = यहाँ पनि, **अर्थात्** = **'यदिदं किञ्च०'** मन्त्रमा पनि, **संनिधानात्**= पूर्वापर रूपमा गरिएको ब्रह्मचर्चाको सान्निध्यबाट, **महत्** = महान्, **भयम्** = भयानक, **उद्यतम्** = उठाइएको, **वज्रम्** = वज्र, **इति च** = यसप्रकार पनि, **भयहेतुत्वप्रत्यभिज्ञानात्** = भयहेतुरूपमा प्रत्यभिज्ञान गराइएको हुँदा, **निर्दिष्टम्** = सबैको भयकारण त्यही ब्रह्म निर्दिष्ट छ, **इति** = यस्तो, **गम्यते** = बुझिन्छ, **अयम्** = यो, **वज्रशब्दः**= वज्रशब्द, **अपि** = पनि, **भयहेतुत्वसामान्यात्** = भयको हेतुतामा देखिने सादृश्यबाट, **प्रयुक्तः** = प्रयोग गरिएको छ, **यथा हि** = जस्तै, **यदि** = यदि, **अहम्** = मैले, **अस्य** = यसको, **शासनम्** = आदेशलाई, **न कुर्याम्** = पालन गर्दिन भने, **मम एव**= मेरो नै, **शिरसि** = शिरमा, **वज्रम्** = वज्र, **उद्यतम्** = आइलाग्ने छ, **इति** = यसप्रकार, **अनेन** = यस, **भयेन** = डरले, **जनः** = मानिस, **राजादिशासने** = राजा आदिको आदेश पालन गर्न, **प्रवर्तते** = प्रवृत्त हुन्छ, **एवम्** = यसै प्रकार, **इदम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो, **अग्निवायुसूर्यात्मकम्** = अग्नि, वायु, सूर्य आदिले सहित, **जगत्** = संसार, **अस्माद् एव** = यसै, **ब्रह्मणः** = ब्रह्मबाट, **बिभ्यत्** = भयभीत भएर, **नियमेन** = नियमपूर्वक, **स्वव्यापारे** = आ-आफ्नो कर्तव्यपालनमा, **प्रवर्त्तते** = प्रवृत्त हुन्छ, **इति** = यसकारण, **भयानकम्** = डरलाग्दो, **ब्रह्म** = ब्रह्मको, **वज्रोपमितम्** = वज्रसँग तुलना गरिएको छ, **तथा च** = त्यस्तै, **ब्रह्मविषयम्** = ब्रह्मविषयमा आधारित, **श्रुत्यन्तरम्** = अर्को श्रुतिवचन छ जस्तै, **अस्मात्** = यसबाट हुने, **भीषा** = भयले, **वातः** = वायु, **पवते** = गतिशील हुन्छ, **भीषा** = यसकै भयले, **सूर्यः** = सूर्य, **उदेति**= उदाउँछ, **अस्मात्** = यसबाट हुने, **भीषा**= भयले, **अग्निः**= अग्नि, **इन्द्रः**= इन्द्र, **पञ्चमः** = पाँचौ, **मृत्युः** = मृत्यु, **च** = पनि, **धावति** = दौडिन्छ अर्थात् यी सबै आ-आफ्ना कर्तव्यको पालनमा प्रवृत्त हुन्छन्, **इति** = यस्तो तैत्तिरीयश्रुतिको रूपमा, **अमृतत्वफलश्रवणाद्** = अमरत्वप्राप्त हुने फलको श्रवणबाट, **अपि** = पनि, **इदम्** = यो प्राण, **ब्रह्म एव** = ब्रह्म नै हो भनेर, **गम्यते** = जानिन्छ, **हि** = निश्चय नै, **ब्रह्मज्ञानात्** = ब्रह्मज्ञानबाट, **अमृतत्वप्राप्तिः** = अमरताको प्राप्ति हुन्छ, **तम् एव** = त्यसैलाई नै, **विदित्वा** = जानेर, **अतिमृत्युम् एति** = मृत्युलाई जित्दछ अर्थात् मृत्युको अतिक्रमण गर्दछ, **अन्यः** = यो बाहेक अर्को, **अयनाय** = जानका लागि अर्थात् मोक्षप्राप्तिका लागि उपयोगी, **पन्थाः** = मार्ग, **न विद्यते** = छैन, **इति**= यस्तो श्वेताश्वतरोपनिषद्को, **मन्त्रवर्णात्** = मन्त्रवर्णबाट पनि ब्रह्मज्ञानबाट नै मोक्षप्राप्ति हुन्छ भन्ने कुरा सिद्ध हुन्छ ।

विशदीकरण

माथिको प्रसङ्गमा 'प्राणशब्दले वायुलाई बुझ्नु पर्दछ' भन्ने पूर्वपक्षीको आशयको खण्डन गर्दै सिद्धान्तरूपमा आचार्य भन्नुहुन्छ - प्राणशब्दबाट ब्रह्मलाई नै बुझ्नु पर्दछ, किनकि-

यदिदं किञ्च जगत् सर्वं प्राण एजति निस्सृतम् ।
महद् भयं वज्रमुद्यतं य एतद्विदुरमृतास्ते भवन्ति ।।

यस उपनिषद्वाक्यमा प्रयुक्त प्राणशब्दको अर्थ विचार गर्दा पूर्वापरसम्बन्ध पनि हेरिनु पर्दछ । यो मन्त्रभन्दा पहिले र पछि पनि ब्रह्मकै चर्चाको सन्दर्भ रहेको छ । त्यसकारण बीचमा आएर मात्र वायुको चर्चा सान्दर्भिक हुँदैन । यो भन्दा पहिले जस्तै -

तदेव शुक्रं तद् ब्रह्म तदेवामृतमुच्यते ।।
तस्मिन् लोकाः श्रिताः सर्वे तदु नात्येति कश्चन ।। का. २/६/१

भन्ने मन्त्रमा सर्वत्र व्याप्त ब्रह्मको निर्देश गरियो । त्यसको लगत्तै पछि का. २/६/२ को **यदिदं किञ्च०** मन्त्रमा सम्पूर्ण जगत् प्राणस्वरूप परमात्माको आश्रयमा रहेर चेष्टा गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्न सुहाउँछ, तर प्राणस्वरूप हावाको आश्रयमा रहेर चेष्टा गर्दछ भन्न सुहाउँदैन भनिएको छ। प्रासङ्गिक यस मन्त्रको लगत्तै पछि –

भयादस्याग्निस्तपति भयात्तपति सूर्यः ।
भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः ।।

यस का. २/६/३ मा अग्नि, सूर्य, चन्द्र, वायु र मृत्यु माथि शासन गर्ने तत्त्वको चर्चा भएकाले वायु पनि भयभीत भई कर्तव्यपालन गर्ने वर्गमा पर्न आएकाले का. २/६/२ को प्राण शब्दले वायुलाई बुझाउँदैन र सामीप्यसम्बन्धबाट परब्रह्मलाई नै बुझाउँछ । पुनश्च प्राणशब्दको अर्थ परमात्मा हो भन्ने कुरा '**प्राणस्य प्राणम्**' भन्ने बृहदारण्यकोपनिषद्को वचनले प्रमाणित गर्दछ ।

'राजाको वज्रको भयले प्रजा कर्तव्यपालनमा लागे जस्तै सूर्य, वायु, इन्द्र आदि पनि परब्रह्मको भयले आ-आफ्नो कर्तव्यपालन गर्छन्' भन्ने अर्थमा भयको हेतुकारूपमा वज्रसँग ब्रह्मको तुलना गरिएको छ । 'प्राणको ज्ञान गर्नाले अमृततत्वप्राप्ति हुन्छ' भन्नुले पनि प्राण भनेको ब्रह्म नै हो भन्ने सिद्ध हुन्छ । 'प्राणरूप ब्रह्मको ज्ञान विना मोक्षका लागि अर्को मार्ग छैन' भन्ने श्रुतिवाक्यार्थबाट पनि प्राण भनेको ब्रह्म नै हो भन्ने तथ्य सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

यत्तु वायुविज्ञानात्क्वचिदमृतत्वमभिहितम्, तदापेक्षिकम् । तत्रैव प्रकरणान्तरकरणेन परमात्मानमभिधाय '**अतोऽन्यदार्तम्**' (बृ. ३/४) इति वाय्वादेरार्तत्वाभिधानात् । प्रकरणादप्यत्र परमात्मनिश्चयः,

'अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात् ।
अन्यत्र भूताच्च भव्याच्च यत्तत्पश्यसि तद्वद ।।' (का. १/२/१४)

इति परमात्मनः पृष्टत्वात् ।।३९।।

नेपालीभाषानुवाद

यत्= जो, **क्वचित्**= कहीं, **वायुविज्ञानात्** = वायुको विज्ञानबाट, **अमृतत्वम्**= अमृतभावको प्राप्ति हुन्छ, **अभिहितम्** = भनियो, **तत्** = त्यो, **तु** = त, **आपेक्षिकम्**= ब्रह्मको अपेक्षाले भनिएको वचन हो, **तत्रैव** = त्यहीं नै **प्रकरणान्तरकरणेन** = दोस्रो प्रकरणको विधानद्वारा, **परमात्मानम्** = परमात्माको, **अभिधाय** = अभिधान गरेर, **अतः** = परमात्मादेखि, **अन्यत्** = भिन्न जो छ, त्यो; **आर्तम्** = विनाशी तत्त्व हो, **इति** = यस्तो वचनबाट, **वाय्वादेः** = वायु आदिको, **आर्तत्वाभिधानात्** = विनाशधर्मिताको प्रतिपादन गरिनाले, त्यसकारण; **प्रकरणात्** = प्रकरणबाट, **अपि**= पनि, **अत्र** = यहाँ, **परमात्मनिश्चयः** = परमात्माकै निश्चय हुन्छ, **धर्मात्** = धर्मदेखि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यत्र = भिन्न, **अधर्मात्** = अधर्मदेखि, **अन्यत्र** = भिन्न, **अस्मात्** = यस, **कृताकृतात्** = कार्यकारणरूप प्रपञ्चदेखि, **अन्यत्र** = भिन्न, **भूतात्** = भूतकालदेखि, **च** = र, **भव्यात्** = वर्तमान र भविष्यत्कालदेखि, **अन्यत्र** = भिन्न, **यत्** = जुन तत्त्वलाई, **पश्यसि** = अनुभव गर्नुहुन्छ, **तत्** = अनुभव गरिएको कारणबाट, **तत्** = त्यस तत्त्वको, **वद** = उपदेश गर्नुहोस्, **इति** = यसरी नचिकेताद्वारा, **परमात्मनः** = परमात्माकै विषयमा, **पृष्टत्वात्** = सोधिएकाले प्रकरणबाट पनि परमात्मा भन्ने नै अर्थ सिद्ध हुन्छ ।

विशदीकरण

प्राण शब्दको वाच्यार्थ परब्रह्म नै हो । कहीं शब्दबाट स्पष्ट नभएमा प्रकरणबाट पनि त्यस्ता शब्दहरूको अर्थ परमात्मपरक नै गर्नुपर्दछ । 'धर्म, अधर्म र कार्य-कारणभावदेखि पृथक् रहेका तत्त्वको उपदेश गर्नुहोस्' भनी नचिकेताले यमसँग प्रार्थना गरेका छन् । उक्त प्रार्थनामा नचिकेताको भनाइमा रहेको अस्पष्टताले परमात्मालाई संकेत गरे झैं अन्यत्र पनि प्रकरणलाई नियामक मानेर अर्थ गर्नु पर्दछ ।।३९।।

इतिकम्पनाधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. ज्योतिरधिकरणम् {सू. ४०}

ब्रह्मसूत्रम् - **ज्योतिर्दर्शनात् १/३/४०**

सूत्रार्थ - **एष सम्प्रसादः० इत्यादि** = श्रुतिमा प्रयुक्त, **ज्योतिः** = ज्योतिशब्द, परमात्माको वाचक हो, **दर्शनात्** = किनकि श्रुतिका अनेक स्थलहरूमा ब्रह्मको अर्थमा 'ज्योतिः' शब्दको प्रयोग देखिने हुनाले ।

शाङ्करभाष्यम्

'एष संप्रसादोऽस्माच्छरीरात्समुत्थाय परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्यते' (छा. ८/१२/३) इति श्रूयते । तत्र संशय्यते- किं ज्योतिःशब्दं चक्षुर्विषयतमोपहं तेजः, किंवा परं ब्रह्मेति । किं तावत्प्राप्तम् ? प्रसिद्धमेव तेजो ज्योतिःशब्दमिति । कुतः ? तत्र ज्योतिःशब्दस्य रूढत्वात् । **'ज्योतिःश्चरणाभिधानात्'** (ब्र.सू. १/१/२४) इत्यत्र हि प्रकरणाज्ज्योतिःशब्दः स्वार्थं परित्यज्य ब्रह्मणि वर्तते। न चेह तद्वत्किञ्चित्स्वार्थपरियागे कारणं दृश्यते। तथा च नाडीखण्डे- **'अथ यत्रैतदस्माच्छरीरादुत्क्रामत्यथैतैरेव रश्मिभिरूर्ध्वमाक्रमते'** (छा. ८/६/५) इति मुमुक्षोरादित्यप्राप्तिरभिहिता । तस्मात्प्रसिद्धमेव तेजो ज्योतिःशब्दमिति।

नेपालीभाषानुवाद

एषः = यो, **सम्प्रसादः** = अविद्या अवस्थामा देहात्मभावमा प्राप्त भएपछि, आचार्यको उपदेशबाट प्रसन्न अवस्थामा पुगेको जीव, **अस्मात्** = यस, **शरीरात्** = शरीरबाट, **समुत्थाय** = उठेर, अर्थात् शरीरमा आत्माभिमान छाडेर, **परम्** = परम, **ज्योतिः** = प्रकाशलाई, **उपसंपद्य** = प्राप्त गरेर, **स्वेन** = आफ्नै, **रूपेण** = स्वरूपले, **अभिनिष्पद्यते** = अभिव्यक्त हुन्छ, **इति** = यस्तो, **श्रूयते** = छान्दोग्यश्रुतिको वचन छ, **किम्** = के, **ज्योतिःशब्दम्** = ज्योतिःशब्दको वाच्यार्थ, **चक्षुर्विषयतमोपहम्**= आँखाका विषय मानिने घट, पट आदि विषयलाई ढाक्ने अन्धकारको नाशक, **तेजः**= सूर्यादि तेज हो, **किंवा** = अथवा, **परं ब्रह्म** = परब्रह्म हो, **इति** = यसरी, **तत्र** = वाक्यार्थनिर्धारणको सन्दर्भमा, **संशय्यते** = संशय हुन्छ, **ज्योतिःशब्दम्**= ज्योतिशब्दको वाचक, **तावत्** = पहिले, **किम्** = कुन अर्थ, **प्राप्तम्** = प्राप्त हुन्छ, **प्रसिद्धम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध, **तेजः** = सूर्यादि तेज, **एव** = नै, प्राप्त हुन्छ, **कुतः** = कसरी, **तत्र** = सूर्यादि अर्थमा, **ज्योतिःशब्दस्य** = ज्योतिःशब्द, **रूढत्वात्** = रूढ भएकाले, **'ज्योतिश्चरणाभिधानात्' इत्यत्र** = 'ज्योतिश्चरणाभिधानात्' यस सूत्रमा, **हि** = निश्चय नै, **प्रकरणात्**= प्रसङ्गबाट, **स्वार्थम्** = आफ्नो सूर्यादि अर्थलाई, **परित्यज्य** = छाडेर, **ब्रह्मणि** = ब्रह्मको अर्थमा, **वर्तते** = रहेको छ, **इह** = यहाँ, **तद्वत्** = **'ज्योतिश्चरणाभिधानात्'** सूत्रमा ज्योतिःशब्दले आफ्नो अर्थ छाडे झैं, **स्वार्थपरित्यागे** = आफ्नो अर्थ छाड्नुमा, **किञ्चित्** = केही, **कारणम्** = कारण, **न दृश्यते** = देखिंदैन, **तथा च** = त्यस्तै, **नाडीखण्डे** = नाडीखण्डमा, **अथ** = फेरि, **यत्र** = जुन समयमा, **एतत्** = यो, **अस्मात्** = यस, **शरीरात्** = शरीरबाट, **उत्क्रामति** = उत्क्रमण गर्दछ अर्थात् माथि उठ्छ, **अथ** = त्यसपछि, **एतैः** = नाडीहरूमा फैलिएका, **रश्मिभिः** = किरणहरूद्वारा, **एव** = नै, **ऊर्ध्वम्** = माथि सूर्यको समीपमा, **आक्रमते** = जान्छ, **इति** = यस छान्दोग्यश्रुतिद्वारा, **मुमुक्षोः** = मुमुक्षुको, **सूर्यप्राप्तिः** = सूर्यमा प्राप्ति हुने कुरा, **अभिहिता** = भनिएको छ, **तस्मात्** = त्यसकारण, **ज्योतिःशब्दम्** = ज्योतिःशब्दको वाच्यार्थ, **प्रसिद्धम्** = प्रसिद्ध, **तेजः** = सूर्यादि तेज नै हो, यो पूर्वपक्षीको आशय हो।

विशदीकरण

कम्पनाधिकरणमा लिङ्गबाट प्राणशब्दले वायुको अर्थलाई त्यागेर ब्रह्मको वाचन गर्ने कुरा बताइएको छ । तर यस ज्योतिरधिकरणमा ज्योतिःशब्दले प्रसिद्ध तेजलाई छाडेर ब्रह्मलाई बुझाउँछ भन्नुमा कुनै लिङ्ग छैन । **'ज्योतिश्चरणाभिधानात्'** सूत्रमा रहेको ज्योतिःशब्दले प्रकरणका कारणबाट ब्रह्मलाई बुझाएको छ, तर **'एष संप्रसादः०'** इत्यादि छान्दोग्यश्रुतिमा निहित ज्योतिःशब्दले आफ्नो सूर्यादिपरक अर्थ छाडेर ब्रह्मलाई बुझाउँछ भन्ने हो भने पनि कुनै प्रकरण छैन र कुनै तुक छैन ।

नाडीखण्डमा रहेको **'अथ यत्रैतत्०'** इत्यादि छान्दोग्यश्रुतिमा मुमुक्षुले सूर्यलाई प्राप्त गर्दछ भनिएको छ । त्यसबाट पनि उक्त **'एष सम्प्रसादः०'** भन्ने श्रुतिमा निहित ज्योतिःशब्द सूर्यकै वाचक हो भन्ने कुरा सिद्ध हुन्छ, यो पूर्वपक्षीको अभिप्राय हो ।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः- परमेव ब्रह्म ज्योतिःशब्दम् । कस्मात् ? दर्शनात् । तस्य हीह प्रकरणे वक्तव्यत्वेनानुवृत्तिर्दृश्यते, **'य आत्माऽपहतपाप्मा'** (छा. ८/७/१) इत्यपहतपाप्मत्वादिगुणकस्यात्मनः प्रकरणादावन्वेष्टव्यत्वेन विजिज्ञासितव्यत्वेन च प्रतिज्ञानात् । **'एतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि'** (छा. ८/९/३) इति चानुसन्धानात् । **'अशरीरं वाव सन्तं न प्रियाप्रिये स्पृशतः'** (छा. ८/१२/१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति चाशरीरतायै ज्योतिःसंपत्तेरस्याभिधानात्, ब्रह्मभावाच्चान्यत्राशरीरतानुपपत्तेः, **'परं ज्योतिः', 'स उत्तमः पुरुषः'** (छा. ८/१२/३) इति च विशेषणात् । यत्तूक्तं मुमुक्षोरादित्यप्राप्तिरभिहितेति । नासावात्यन्तिको मोक्षो गत्युत्क्रान्तिसंबन्धात् । न ह्यात्यन्तिके मोक्षे गत्युत्क्रान्ती स्त इति वक्ष्यामः ।।४०।।

नेपालीभाषानुवाद

एवं प्राप्ते = यस्तो पूर्वपक्षीको आशय बुझे पछि, **ब्रूमः** = हामी सिद्धान्तरूपमा भन्दछौं, **ज्योतिःशब्दम्** = ज्योतिःशब्दको वाच्यार्थ, **परम्** = परम, **ब्रह्म एव** = ब्रह्म नै हो, **कस्मात्** = कसरी, **दर्शनात्** = प्रकरणबाट ब्रह्मको अनुवृत्ति देखिनाले, **हि** = निश्चय नै, **इह** = यस, **प्रकरणे** = प्रकरणमा, **तस्य** = ब्रह्मको, **वक्तव्यत्वेन**= प्रतिपादन गर्नुपर्ने हेतुले, **अनुवृत्तिः** = अध्याहार, **दृश्यते** = देखिन्छ, **यः** = जुन, **आत्मा** = आत्मा हो, त्यो; **अपहतपाप्मा** = निष्पाप छ, **इति** = इत्यादि वचनमा प्रतिबिम्बित, **अपहतपाप्मत्वादिगुणकस्य** = निष्पापत्व आदि गुणले युक्त, **आत्मनः**= आत्माको, **प्रकरणादौ** = प्रकरण आदिमा, **अन्वेष्टव्यत्वेन** = अनुसन्धान गर्नु र, **विजिज्ञासितत्वेन** = जान्नुरूपमा, **प्रतिज्ञानात्** = प्रतिज्ञा गरिएकाले, **ते एव** = तिम्रा निमित्त नै, **तु**= त, **एतम्** = यसको, **भूयः** = फेरि, **अनुव्याख्यास्यामि** = व्याख्या गर्ने छु, **इति** = यस छान्दोग्यश्रुतिबाट, **अनुसन्धानात्** = आत्माको अनुसन्धान गरिएकाले, **प्रियाप्रिये** = प्रिय र अप्रियले, **वाव** = निश्चय नै, **अशरीरम्** = निःशरीर, **सन्तम्** = रहेकालाई, **न स्पृशतः** = स्पर्श गर्दैनन्, **इति च** = यस श्रुतिद्वारा, **अस्य**= जीवका निमित्त, **अशरीरतायै** = शरीरमुक्ति पछि सानन्दस्थितिका लागि, **ज्योतिः-सम्पत्तेः** = ज्योतिःस्वरूप प्राप्ति गर्नु पर्ने, **अभिधानात्** = भनिएकाले र, **ब्रह्मभावात् च** = ब्रह्मभावदेखि, **अन्यत्र** = भिन्न स्थितिमा, **अशरीतानुपपत्तेः** = अशरीरीभावको ज्ञान नहुनाले, **परं ज्योतिः** = जो परम ज्योतिर्मय छ, **सः** = त्यो, **उत्तमः** = उत्तम, **पुरुषः** = पुरुष हो, **इति च** = यसरी, **विशेषणात्** = गुणप्रकाश गर्नाले ज्योतिःशब्दको वाच्यार्थ ब्रह्म नै हो, **मुमुक्षोः** = मुमुक्षुको, **आदित्यप्राप्तिः** = सूर्यलोकमा प्राप्ति, **अभिहिता** = भनिएको छ भनेर, **यत्तु** = जो त, **उक्तम्** = भनियो, **असौ** = त्यो, **आत्यन्तिकः** = पारमार्थिक, **मोक्षः** = मोक्ष, **न** = होइन, **गत्युत्क्रान्तिसम्बन्धात्**= किनकि त्यसमा गति र उत्क्रमणको सम्बन्ध रहेको छ, **हि** = निश्चय नै, **आत्यन्तिके मोक्षे** = आत्यन्तिक मोक्षमा, **गत्युत्क्रान्ती** = गति र उत्क्रमण, **न स्तः** = हुँदैनन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति = यस विषयलाई, **वक्ष्यामः** = पछि बताउने छौं ।

विशदीकरण

प्रकरणको प्रतिपाद्य अर्थ त्यही हुन्छ, जसको आरम्भमा प्रतिज्ञा, बीचमा अनुसन्धान र अन्तमा उपसंहार रहेको हुन्छ । त्यसकारण बीचमा रहेको वाक्यले पनि प्रतिपाद्यको प्रतिपादन गर्छ । छान्दोग्यको अष्टम अध्यायमा दुई प्रकरण छन् । प्रथमप्रकरणमा दहरविद्याको प्रतिपादन गरिएको छ भने द्वितीयप्रकरणमा '**य आत्मा अपहतपाप्मा**'देखि लिएर अन्तिमसम्म निर्गुण ब्रह्मको नै प्रतिपादन गरिएको छ ।

'**य आत्मा अपहतपाप्मा०**' यसमन्त्रमा निष्पाप आत्मा जान्नका लागि प्रतिज्ञा गरिएको छ । '**एतं त्वेव ते**' इत्यादि मन्त्रमा प्रजापतिद्वारा आत्माको परामर्श गरिएको छ, '**स उत्तमः पुरुषः**' यस वचनबाट उपसंहार गरिएको छ । अत : प्रतिज्ञा, परामर्श र उपसंहारद्वारा यस प्रकरणमा ब्रह्मको नै अनुवृत्ति देखिन्छ ।

तसर्थ प्रकरणबलद्वारा ज्योतिःशब्दले सूर्यादि तेजलाई नबताएर परमात्मालाई नै बताउँछ भन्ने कुरा सिद्ध हुन्छ । आदित्यप्राप्तिरूप मोक्ष जो भनिएको छ त्यो वास्तविक मोक्ष होइन, किनकि गति र उत्क्रान्तिको चर्चा भएको छ । '**न तस्य प्राणा उत्क्रामन्ति अत्रैव संविलीयन्ते**' अर्थात् मोक्ष प्राप्त गर्ने व्यक्तिका प्राण उत्क्रमण गर्दैनन् यहीं नै विलीन हुन्छन् भनिएको छ। अतः ज्योतिःस्वरूप ब्रह्ममा विलीन हुनु नै मोक्ष हो भन्ने तात्पर्य निस्कन्छ।।४०।।

इतिकम्पनाधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. अर्थान्तरत्वव्यपदेशाधिकरणम् {सू. ४१}

ब्रह्मसूत्रम् - **आकाशोऽर्थान्तरत्वादिव्यपदेशात् १/३/४१**

सूत्रार्थ - **आकाशः** - **'आकाशो वै नाम०'** इत्यादि श्रुतिमा बताइएको आकाशशब्द ब्रह्मको वाचक हो; **अर्थान्तरत्वादिव्यपदेशात्** = **'आकाशो वै नाम०'** इत्यादि श्रुतिमा निहित **'यदन्तरा'** पदमा नाम र रूपले भिन्न अर्थभूत (अर्थान्तरत्व) आकाशको प्रतिपादन गरिनाले, यहाँ आदिशब्दबाट ब्रह्मत्वको अभिधान गरिएको छ ।

शाङ्करभाष्यम्

'आकाशो वै नाम नामरूपयोर्निर्वहिता ते यदन्तरा तद् ब्रह्म तदमृतं स आत्मा' (छा. ८/१४/१) इति श्रूयते । तत्किमाकाशशब्दं परं ब्रह्म, किंवा प्रसिद्धमेव भूताकाशमिति विचारे भूतपरिग्रहो युक्तः, आकाशशब्दस्य तस्मिन्रूढत्वात्, नामरूपनिर्वहणस्य चावकाशदानद्वारेण तस्मिन् योजयितुं शक्यत्वात्, स्रष्टृत्वादेश्च स्पष्टस्य ब्रह्मलिङ्गस्याश्रवणादिति। एवं प्राप्त इदमुच्यते- परमेव ब्रह्मेहाकाशशब्दं भवितुमर्हति । कस्मात् ? अर्थान्तरत्वादिव्यपदेशात् । **'ते यदन्तरा तद् ब्रह्म'** इति हि नामरूपाभ्यामर्थान्तरभूतमाकाशं व्यपदिशति । न च ब्रह्मणोऽन्यन्नामरूपाभ्यामर्थान्तरं संभवति, सर्वस्य विकारजातस्य नामरूपाभ्यामेव व्याकृतत्वात् । नामरूपयोरपि निर्वहणं निरङ्कुशं न ब्रह्मणोऽन्यत्र संभवति, **'अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि'** (छा. ६/३/२) इत्यादि ब्रह्मकर्तृकत्वश्रवणात् । ननु जीवस्यापि प्रत्यक्षं नामरूपविषयं निर्वोढृत्वमस्ति । बाढमस्ति। अभेदस्त्विह विवक्षितः । नामरूपनिर्वहणाभिधानादेव च स्रष्टृत्वादि ब्रह्मलिङ्गमभिहितं भवति । **'तद् ब्रह्म तदमृतं स आत्मा'**(छा. ८/१३) इति च ब्रह्मवादस्य लिङ्गानि । **'आकाशस्तल्लिङ्गात्'** (ब्र. १/१/२२) इत्यस्यैवायं प्रपञ्चः ।।४१।।

नेपालीभाषानुवाद

वै= निश्चय नै, **आकाशः नाम**= आकाशनामबाट प्रसिद्ध आत्मा, **नामरूपयोः**= नाम र रूपको, **निर्वहिता** = निर्वाहक हो, **ते** = ती नाम र रूप, **यदन्तरा** = जसका अन्तर्गत छन्, **तद्** = त्यो, **ब्रह्म** = ब्रह्म हो, **तद्** = त्यो, **अमृतम्** = अमृत हो, **सः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो, **आत्मा** = आत्मा हो, **इति** = यस्तो, **श्रूयते** = छान्दोग्यश्रुति रहेको छ, **किम्**= के, **आकाशशब्दम्** = आकाशशब्दको वाच्यार्थ, **तत्** = त्यो, **परं ब्रह्म** = परब्रह्म हो, **किम् वा** = अथवा के, **प्रसिद्धम्** = प्रसिद्ध, **भूताकाशम्** = भूताकाशको वाचक हो, **इति** = यस्तो, **विचारे** = विचार उपस्थित भएमा, **भूतपरिग्रहः** = पञ्चमहाभूत अन्तर्गतको भूत आकाशको ग्रहण, **युक्तः** = उचित छ, **आकाशशब्दस्य**= आकाशशब्दको अर्थ, **तस्मिन्** = त्यस भूताकाशमा, **रूढत्वात्** = रूढ भएकाले, **अवकाशदानद्वारेण** = अवकाश दिने कारणबाट, **नामरूपनिर्वहणस्य** = नाम एवं रूप धारण गर्ने कुराको, **तस्मिन्** = भूताकाशमा, **योजयितुम्** = सम्बन्ध गराउन, **शक्यत्वात्** = सकिने हुनाले र '**आकाशो वै नाम०**' इत्यादि श्रुतिमा, **स्रष्टृत्वादेः**= सृष्टिकर्तृत्व आदि, **स्पष्टस्य** = स्पष्ट, **ब्रह्मलिङ्गम्** = ब्रह्मको परिचायक हेतुको, **अश्रवणात्** = उल्लेख नगरिएकाले, **इति** = यसरी उक्त आकाशशब्द ब्रह्मको वाचक नभएर भूताकाशको वाचक हो भन्ने पूर्वपक्षीको अभिप्राय छ, **एवं प्राप्ते** = यस्तो पूर्वपक्षीको अभिप्राय बुझिएपछि, **इदम्** =यो कुरा, **उच्यते** = सिद्धान्तरूपमा भनिन्छ, **इह** = यहाँ, **आकाशशब्दम्** = आकाशको अर्थ, **परं ब्रह्म** = परब्रह्म, **एव** = नै, **भवितुम्** = हुन, **अर्हति** = सक्दछ, **कस्मात्** = कुन कारणबाट भने, **अर्थान्तर-त्वादिव्यपदेशात्** = नाम र रूपले भिन्न जो छ त्यो ब्रह्म हो, **इति** = यस श्रुतिवचनले, **नामरूपाभ्याम्** = नाम एवं रूपबाट, **अर्थान्तरभूतम्** = भिन्न अर्थवाला, **आकाशम्**= आकाशलाई, **व्यपदिशति** = निर्देश गर्दछ, **नामरूपाभ्याम्** = नाम एवं रूपबाट, **अर्थान्तरम्** = भिन्न, **ब्रह्मणः** = परब्रह्मभन्दा, **अन्यत्** = भिन्न अरू कुनै, **न संभवति**= हुनसक्तैन, **सर्वस्य** = सम्पूर्ण, **विकारजातस्य** = विकारहरूको, **नामरूपाभ्याम्** = नाम र रूपबाट नै, **व्याकृतत्वात्** = अभिव्यक्ति गरिएकाले, **नामरूपयोः** = नाम र रूपको, **अपि**= पनि, **निरङ्कुशम्** = स्वतन्त्र, **निर्वहणम्** = धारण अथवा नियन्त्रण, **ब्रह्मणः** = ब्रह्मदेखि, **अन्यत्र** = भिन्न कुनै वस्तुबाट, **न सम्भवति** = हुनसक्तैन, किनकि; **अनेन** = यस, **जीवेन** = जीवरूप, **आत्मना** = आत्माद्वारा, **अनुप्रविश्य**= प्रवेश गरेर, **नामरूपे** = नाम र रूपलाई, **व्याकरवाणि** = प्रकट गर्ने छु, **इत्यादि** = इत्यादि छान्दोग्यश्रुतिमा, **ब्रह्मकर्तृकत्वश्रवणात्** = नाम र रूपको अभिव्यक्तिमा ब्रह्मको कर्तृत्वको प्रतिपादन गरिएको छ, **ननु** = शङ्का हुन्छ, **जीवस्य** = जीवको, **अपि** = पनि, **नामरूपविषयकम्** = नाम र रूपसम्बन्धी, **निर्वोढृत्वम्** = निर्वाहकता, **प्रत्यक्षम्** = प्रत्यक्ष छ, त्यसकारण के जीवमा नै नाम र रूपको कर्तृत्व हुन सक्दैन, **बाढम्** = निर्वाहकता वास्तवमा, **अस्ति** = हुन्छ, **इह** = यस '**अनेन जीवेनात्मना०**'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि वचनमा, **अभेदः** = ब्रह्म र जीवको अभेद, **विवक्षितः** = भन्न खोजिएको छ, **अर्थात्** = ब्रह्माभिन्नरूपबाट जीव, नाम र रूपको निर्वाहक हो, साक्षात् होइन भन्न खोजिएको छ, **नामरूपनिर्वहणाभिधानाद्** = नाम र रूपको धारण अथवा नियन्त्रण भन्नाले, **एव** = नै, **स्त्रष्टृत्वादि** = सृष्टिकर्तृत्व आदि, **ब्रह्मलिङ्गम्** = ब्रह्मको परिचायक हेतु, **अभिहितम्** = प्रतिपादित हुन्छ, **तद्** = त्यो, **ब्रह्म** = ब्रह्म हो, **तद्** =त्यो, **अमृतम्** = अमृत हो, **सः** = त्यो, **आत्मा** = आत्मा हो, **इति** = यो भनाइ, **ब्रह्मवादस्य** = ब्रह्मवादका, **लिङ्गानि** = लिङ्ग (परिचायक) हुन्, **'आकाशस्तल्लिङ्गात्' इत्यस्य अयं प्रपञ्चः एव** = यस भाष्यमा गरिएको अर्थ उक्त **'आकाशस्तल्लिङ्गात्'** सूत्रको अर्थ विस्तार नै हो ।

विशदीकरण

जसरी पूर्वाधिकरणमा ज्योतिःशब्दको अर्थ तेज होइन, परन्तु ब्रह्म नै हो भनियो । त्यसरी नै यस अधिकरणमा आकाशको अर्थ भूताकाश नभएर ब्रह्म नै हो भनिएको छ । तर यहाँ पूर्वपक्षीले शङ्का नउठाएका होइनन्, उनीहरूको भनाइ थियो - **'आकाशो वै नाम नामरूपयोर्निर्वहिता ते यदन्तरा तद् ब्रह्म तदमृतं स आत्मा'** यस छान्दोग्यश्रुतिमा प्रयुक्त आकाशशब्द भूताकाशको वाचक हो, परब्रह्मको होइन, अवकाश दिने हुनाले भूताकाशमा नाम र रूपको निर्वाहकत्व रहन सक्छ । फेरि **'आकाशस्तल्लिङ्गात्'** सूत्रमा ब्रह्ममा जगत् सृष्टि गर्ने विशेष लिङ्ग बताइए झैं **'आकाशो नाम'** यस श्रुतिमा स्पष्टरूपमा ब्रह्मको लिङ्गनिर्देश नगरिएकाले आकाशको अर्थ लोकप्रसिद्ध नीलो आकाश नै हो, ब्रह्म होइन । यो पूर्वपक्षीको आशय रहेको छ ।

सिद्धान्तमत उपस्थापित गर्दै आचार्य भन्दछन् - आकाशशब्दको वाच्य परब्रह्म नै हो, किनकि उक्त छान्दोग्यश्रुतिमा **'ते यदन्तरा'** जस्ता पदहरूको विन्यास गरेर नाम र रूपदेखि भिन्न अर्थवाला आकाशको चर्चा गरिएको छ । ब्रह्मरूप अमृतस्वरूप र आत्मरूप, त्यो आकाश नै भनिएकाले, त्यो परब्रह्मबाहेक अरू हुन सक्दैन । भूताकाश नाम र रूपदेखि भिन्न हुन सक्तैन, त्यसकारण पनि उक्त आकाशको अर्थ भूताकाश होइन । **'अनेन जीवेनात्मनाऽनुप्रविश्य नामरूपे व्याकरवाणि'** जस्ता वचनहरू पनि ब्रह्मकर्तृत्वलाई बताउँछन् । पुनश्चः यो वर्णन **'आकाशस्तल्लिङ्गात्'** सूत्रको नै विस्तार भएकाले आकाशशब्दको अर्थ ब्रह्म नै हो ।।४१।।

इतिअर्थान्तरत्वव्यपदेशाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. सुषुप्त्युत्क्रान्त्यधिकरणम् {सू. ४२-४३}

ब्रह्मसूत्रम् - **सुषुप्त्युत्क्रान्त्योर्भेदेन १/३/४२**

सूत्रार्थ - **सुषुप्त्युत्क्रान्त्योः** = सुषुप्ति र मृत्युकालमा जीवात्मा र परमात्माको, **भेदेन** = भेदपूर्वक वर्णन गरिएकोले आकाशशब्द परमात्माको नै बोधक हो ।

शाङ्करभाष्यम्

व्यपदेशादित्यनुवर्तते । बृहंदारण्यके षष्ठे प्रपाठके '**कतम आत्मेति योऽयं विज्ञानमयः प्राणेषु हृद्यन्तर्ज्योतिः पुरुषः**' (बृ. ४/३/७) इत्युपक्रम्य भूयानात्म-विषयः प्रपञ्चः कृतः । तत्किं संसारिस्वरूपमात्रान्वाख्यानपरं वाक्यम्, उतासंसारि-स्वरूपप्रतिपादनपरमिति संशयः । किं तावत्प्राप्तम् ? संसारिस्वरूपमात्रविषयमेवेति। कुतः ? उपक्रमोपसंहाराभ्याम् । उपक्रमे '**योऽयं विज्ञानमयः प्राणेषु**' इति शारीरलिङ्गात् । उपसंहारे च '**स वा एष महानज आत्मा योऽयं विज्ञानमयः प्राणेषु**' (बृ. ४/४/२२) इति तदपरित्यागात्, मध्येऽपि बुद्धान्ताद्यवस्थोपन्यासेन तस्यैव प्रपञ्चनादिति ।

नेपालीभाषानुवाद

व्यपदेशात् इति = अघिल्लो सूत्रबाट 'व्यपदेशात्' पदको, **अनुवर्तते** = अनुवृत्ति गरिन्छ, **बृहदारण्यके** = बृहदारण्यकोपनिषद्मा, **षष्ठे** = छैठौं, **प्रपाठके**= प्रपाठकमा, **कतमः आत्मा** = अहं बुद्धिका विषय, शरीर, इन्द्रिय, मन र प्राण आदि मध्ये कुन आत्मा हो, **अयं यः** = यो जो, **प्राणेषु** = प्राणहरूमा, **विज्ञानमयः** = विज्ञानमय (बुद्धिवृत्तिको साक्षी) र, **हृदि** = हृदयमा, **अन्तर्ज्योतिः** = ज्योतिःस्वरूप, **पुरुषः** = पुरुष छ, त्यही शरीर, इन्द्रय, बुद्धि, प्राण आदिबाट भिन्न आत्मा हो, **इति**= यसप्रकार, **उपक्रम्य** = आरम्भ गरेर, **भूयान्** = धेरै, **आत्मविषयः** = आत्मविषयक, **प्रपञ्चः** = विस्तारः, **कृतः** = गरिएको छ, **किम्** = के, **तत्** = त्यो, **वाक्यम्** = 'कतम आत्मा०' इत्यादि वाक्य, **संसारिस्वरूपमात्रान्वाख्यानपरम्** = संसारी जीवका स्वरूपको मात्र अनुवादमा केन्द्रित छ, **उत** = अथवा, **असंसारिस्वरूपप्रतिपादनपरम्**= असंसारिस्वरूपप्रतिपादनमा केन्द्रित छ, **इति** = यस्तो, **संशयः** = सन्देह हुन्छ, **तावत्** = विमर्श गरे पछि, **किम्** = के, **प्राप्तम्** = निष्कर्ष निकालियो त (उत्तरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वपक्षी भन्दछ)–, **संसारिस्वरूपप्रतिपादनपरम् एव** = 'कतम आत्मा०' इत्यादि वाक्य संसारी जीवका स्वरूपको अनुवाद गर्ने वाक्य नै हो, **इति** = यस्तो निश्चय गरियो, **कुतः** = किनभने, **उपक्रमोपसंहाराभ्याम्** = आरम्भ (उपक्रमवाक्य) र उपसंहार (निष्कर्षवाक्य) द्वारा संसारी जीवको विषय नै ज्ञात हुन्छ, **उपक्रमे** = आरम्भमा, **अयं यः** = यो जो, **प्राणेषु** = प्राणहरूमा, **विज्ञानमयः**= विज्ञानमय छ, **इति** = यस्तो, **शारीरलिङ्गात्** = जीवको इन्द्रिय आदि चिह्नसँग संबद्ध भएकाले, **च** = र, **उपसंहारे** = उपसंहार–वाक्यमा, **सः** = त्यो, **एषः** = यो, **वा** = निश्चय नै, **महान्** = ठूलो, **अजः**= अजन्मा, **आत्मा** = आत्मा हो, **अयं यः**= यो जो, **प्राणेषु**= प्राणहरूमा, **विज्ञानमयः** = विज्ञानमय छ, **इति** = यसरी उपसंहारमा पनि, **तदपरित्यागात्** = जीवको इन्द्रियादि सँगको सम्बन्ध जनाउने 'विज्ञानमयः' भन्ने पदलाई त्याग गरिएको छैन, **मध्ये** = उपक्रम र उपसंहारका बीचमा, **अपि** = पनि, **बुद्धान्ताद्यवस्थोपन्यासेन** = जाग्रत (बुद्धान्त) आदि अवस्थाको प्रतिपादनद्वारा, **तस्य** = संसारी जीवको, **एव** = नै, **प्रपञ्चनात्** = विस्तारपूर्वक वर्णन गरिएको छ, **इति** = यसकारण 'कतम आत्मा०' इत्यादि वाक्यको तात्पर्यार्थ संसारी जीव नै हो भन्ने पूर्वपक्षीको अभिप्राय रहेको छ ।

विशदीकरण

बृहदारण्यक उपनिषदको छैठौं प्रपाठमा **कतम आत्मा०** मन्त्रमा प्रतिपादित आत्मसम्बन्धी जिज्ञासालाई लिएर धेरै चर्चा भएको छ । वास्तवमा उक्तमन्त्रमा निरूपित आत्मा जीव हो अथवा परमात्मा, यो जिज्ञास्य विषय हो ।

यस सम्बन्धमा पूर्वपक्षीको दृष्टिकोण यसप्रकार रहेको छ– 'त्यो आत्मा जीव नै हो' त्यहाँ '**विज्ञानमयः**' पदको प्रयोग गरिएको छ । विज्ञानमय भन्नुको तात्पर्य बुद्धि आदि इन्द्रियसँग संबद्ध हुनु हो। '**कतम आत्मा०**' भन्ने उपक्रम वाक्यमा विज्ञानमय आत्माको उल्लेख हुनु र उपसंहारवाक्य '**स वा एषः०**' मा पनि विज्ञानमय नै भनिनु एवं मध्यवाक्यहरूमा जाग्रत् आदि अवस्थाको निरूपण गरिनुले उक्त आत्मा जीव नै हो भन्ने पूर्वपक्षीको अभिप्राय रहेको छ ।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः– परमेश्वरोपदेशपरमेवेदं वाक्यं न शारीरमात्रान्वाख्यानपरम्। कस्मात् ? सुषुप्तावुत्क्रान्तौ च शारीराद्भेदेन परमेश्वरस्य व्यपदेशात् । सुषुप्तौ तावत् '**अयं पुरुषः प्राज्ञेनात्मना संपरिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरम्**' (बृ. ४/३/२१) इति शारीराद्भेदेन परमेश्वरं व्यपदिशति । तत्र पुरुषः शारीरः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्यात्तस्य वेदितृत्वात् । बाह्याभ्यन्तरवेदनप्रसङ्गे सति तत्प्रतिषेधसंभवात् । प्राज्ञः परमेश्वरः, सर्वज्ञत्वलक्षणया प्रज्ञया नित्यमवियोगात् । तथोत्क्रान्तावपि **'अयं शारीर आत्मा प्राज्ञेनात्मनान्वारूढ उत्सर्जन्याति'** (बृ. ४/३/३५) इति जीवाद्भेदेन परमेश्वरं व्यपदिशति । तत्रापि शारीरो जीवः स्यात्, शरीरस्वामित्वात् । प्राज्ञस्तु स एव परमेश्वरः । तस्मात्सुषुप्त्युत्क्रान्त्योर्भेदेन व्यपदेशात्परमेश्वर एवात्र विवक्षित इति गम्यते ।

नेपालीभाषानुवाद

एवं प्राप्ते = **'कतम आत्मा०'** वाक्यमा जिज्ञासित आत्मा जीव नै हो भन्ने पूर्वपक्षीको आशय बुझेपछि, **ब्रूमः** = सिद्धान्तरूपमा भन्दछौं, **इदम्** = यो, **वाक्यम्**= वाक्य, **परमेश्वरोपदेशपरम् एव** = परमेश्वरको प्रतिपादनमा केन्द्रित छ, **शारीरमात्रान्वाख्यानपरम्** = शारीर जीवको अनुवादमा केन्द्रित, **न** = छैन, **कस्मात्** = किनभने, **सुषुप्तौ** = सुषुप्तिकालमा, **च** = र, **उत्क्रान्तौ** = मरणकालमा, **परमेश्वरस्य** = परमेश्वरको, **शारीराद्** = जीवभन्दा, **भेदेन**= भिन्नतापूर्वक, **व्यपदेशात्** = प्रतिपादन गरिएको छ, **तावत्** = पहिले, **सुषुप्तौ** = सुषुप्तिमा, **अयम्** = यो, **पुरुषः** = जीवात्मारूप पुरुष, **प्राज्ञेन** = प्राज्ञरूप, **आत्मना** = परमात्माका साथ, **संपरिष्वक्तः**= एकरूपमा प्राप्त भएर, **किञ्चन** = केही पनि, **बाह्यम्** = बाहिरी विषयलाई, **न वेद**= जान्दैन, **आन्तरम्** = भित्री विषयलाई, **न** = जान्दैन, **इति** = यस छान्दोग्यश्रुतिले, **शारीरात्** = जीवभन्दा, **भेदेन** = भिन्नतापूर्वक, **परमेश्वरम्** = परमेश्वरलाई, **व्यपदिशति** = बताउँछ, **तत्र** = उक्त **'अयं पुरुषः०'** इत्यादि श्रुतिमा निर्दिष्ट, **पुरुषः** = पुरुष, **शारीरः** = जीवको वाचक, **स्यात्** = हो किनकि, **तस्य** = त्यसमा, **वेदितृत्वात्** = जान्ने क्रियाको कर्तृता रहेको छ, **बाह्याभ्यन्तरवेदनप्रसङ्गे** = बाहिरी विषय र आभ्यन्तर विषयको ज्ञानको प्रसङ्ग, **सति** = आएपछि, **तत्प्रतिषेधसम्भवात्**= त्यसको निषेध गर्न सुहाउने हुन्छ अर्थात् सर्वज्ञ परमेश्वरले केही जान्दैनन् भन्न सुहाउँदैन, **परमेश्वरः** = परमेश्वर, **प्राज्ञः** = प्राज्ञ छन्, किनकि; **सर्वज्ञत्वलक्षणया** = सर्वज्ञताको परिचायकस्वरूप भएको, **प्रज्ञया** = प्रज्ञा (बुद्धि) सँग, उनको; **नित्यम्** = संधै, **अवियोगात्** = संयोग भइरहेको हुन्छ, **तथा** =त्यस्तै, **उत्क्रान्तौ** = मरणमा, **अपि**= पनि, **अयम्** =यो, **शारीरः** = जीवसंज्ञक, **आत्मा** = आत्मा, **प्राज्ञेन** = सर्वज्ञ, प्राज्ञ; **आत्मना** = परमेश्वरद्वारा, **अन्वारूढः** = युक्त रहेर, **उत्सर्जन्** = आर्तनाद गर्दै, **याति** = जान्छ, **इति** = यो बृहदारण्यकश्रुतिले, **जीवात्** = जीवदेखि, **भेदेन** = भेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(फरक) गरेर, **परमेश्वरम्** = परमेश्वरलाई, **व्यपदिशति** = बताउँछ, **तत्र** = त्यहाँ, **अपि** = पनि, **शारीरः** = शरीरसँग संबद्ध, **जीवः** = जीव, **एव** = नै, **स्यात्** = हो, किनकि त्यसमा; **शरीरस्वामित्वात्** = शरीरको स्वामित्व रहेको छ, **प्राज्ञः** = सर्वज्ञ, **तु** = त, **सः** = त्यो, **परमेश्वरः एव** = परमेश्वर नै हो, **तस्मात्** =त्यसकारण, **सुषुप्त्युत्क्रान्त्योः** = सुषुप्ति र मरणमा, **भेदेन** = भिन्न-भिन्न लक्षणद्वारा, **व्यपदेशात्**= प्रतिपादन गरिएकाले, **अत्र** = '**कतम आत्मा०**' इत्यादि बृहदारण्यकश्रुतिमा, **परमेश्वरः एव** = परमेश्वरलाई नै, **विवक्षितः** = बताउन खोजिएको छ, **इति** = यस्तो, **गम्यते**= बुझिन्छ ।

विशदीकरण

'**कतम आत्मा०**' इत्यादि बृहदारण्यकश्रुतिमा प्रतिपाद्य विषय 'जीव नै हो, परमात्मा होइन' भन्ने प्रतिपक्षीलाई उत्तर दिंदै सिद्धान्तरूपमा आचार्य भन्दछन्- वस्तुतः उक्त वाक्यमा परमेश्वरको नै प्रतिपादन गरिएको छ, जीवको होइन । बृहदारण्यकश्रुतिको सुषुप्ति (प्रगाढ निद्रा) वर्णनमा र मरणवर्णनमा समेत जीव र परमेश्वरको भेद देखाइएको छ । तसर्थ उक्त श्रुतिको प्रतिपाद्य विषय परमेश्वर नै हो ।

शाङ्करभाष्यम्

यदुक्तमाद्यन्तमध्येषु शारीरलिङ्गात्तत्परत्वमस्य वाक्यस्येति । अत्र ब्रूमः- उपक्रमे तावत् '**योऽयं विज्ञानमयः प्राणेषु**' इति न संसारिस्वरूपं विवक्षितं, किं तर्हि ? अनूद्य संसारिस्वरूपं परेण ब्रह्मणैकतां विवक्षति । यतो '**ध्यायतीव लेलायतीव**' इत्येवमाद्युत्तरग्रन्थप्रवृत्तिः संसारिधर्मनिराकरणपरा लक्ष्यते । तथोपसंहारेऽपि यथोपक्रममेवोपसंहरति - '**स वा एष महानज आत्मा योऽयं विज्ञानमयः प्राणेषु**' इति। योऽयं विज्ञानमयः प्राणेषु संसारी लक्ष्यते स वा एष महानज आत्मा परमेश्वर एवास्माभिः प्रतिपादित इत्यर्थः ।

नेपालीभाषानुवाद

आद्यन्तमध्येषु = उक्त वाक्यको आदि, अन्त्य र बीचमा, **शारीरात्** = शरीरसम्बन्धी, **लिङ्गात्** = चिह्न प्रतिपादित हुनाले, **अस्य** = प्रासङ्गिक, **वाक्यस्य**= वाक्यको, **तत्परत्वम्** = जीवपरक अर्थ हुन्छ भनेर, **इति** = यसरी, **यत्** = जो, **उक्तम्** = भनियो, **अत्र** = यहाँ, **ब्रूमः** = त्यसको उत्तर दिन्छौं, **तावत्** = जस्तो कि, **उपक्रमे** = आरम्भमा, **योऽयं विज्ञानमयः प्राणेषु** = जो यो विज्ञानमय प्राणमा आश्रित छ, **इति** = यस वाक्यमा, **संसारिस्वरूपम्** = संसारी जीवको स्वरूपलाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न विवक्षितम् = बताउन खोजिएको छैन, **किं तर्हि** = त्यसो भए के भन्न खोजिएको छ भन्छौ भने, **संसारिस्वरूपम्** = संसारी जीवलाई, **अनूद्य** = प्रकारान्तरले फेरि बताएर (अनुवाद गरेर), **अस्य** = संसारी जीवको, **परेण ब्रह्मणा** = परब्रह्मका साथ, **एकताम्** = एकरूपताको, **विवक्षति** = विवक्षा गर्दछ, **यतः** = किनकि, **ध्यायति इव** = ध्यान गरे झैं गर्छ, **लेलायति इव** = हिंडे झैं गर्छ, **इत्येवम् आदि**= इत्यादि उपक्रम जस्तै, **उत्तरग्रन्थप्रवृत्तिः** = **'कतम आत्मा०'** इत्यादि वाक्यदेखि पछिको ग्रन्थको प्रवृत्ति, **संसारिधर्मनिराकरणपरा** = आत्मामा संसारी धर्महरूको निराकरण गर्ने उद्देश्यमा केन्द्रित, **लक्ष्यते** = बुझिन्छ, **तथा एव** = त्यस्तै, **उपसंहारे**= उपसंहारमा, **अपि** = पनि, **यथोपक्रमम्** = उपक्रमवाक्यमा जस्तै, **वा** = निश्चय नै, **सः** = त्यो, **एषः** = यो, **महान्** = महान्, **अजः** = अजन्मा, **आत्मा** = आत्मा हो, **अयम् यः** = यो जो, **प्राणेषु** = प्राणहरूमा, **विज्ञानमयः** = विज्ञानस्वरूप, **इति** = यसरी, **उपसंहरति** = उपसंहार गरिएको छ, **यः अयम्** = जुन यो, **प्राणेषु** = प्राणहरूमा आश्रित, **विज्ञानमयः** = बुद्धि आदि इन्द्रियसँग संबद्ध, **संसारी** = जीव, **लक्ष्यते** = बुझिन्छ, **वा** = निश्चय नै, **सः एषः** = त्यो यो, **महान्** = सर्वव्यापक, **अजः** = नजन्मिने, **आत्मा** = आत्मा, **परमेश्वरः एव** =परमेश्वर नै हो भनेर, **अस्माभिः** = हामीहरूद्वारा, **प्रतिपादितः** = बताइयो, **इत्यर्थः** = उक्त उपसंहारवाक्यको अर्थ हो ।

विशदीकरण

'कतम आत्मा०' इत्यादि बृहदारण्यकका छैठौं प्रपाठका आदि, मध्य र अन्तमा शरीरसँग संबद्ध विषयको प्रतिपादन भएकाले यो वाक्य जीवपरक हो कि भन्ने शङ्काको सम्बन्धमा उत्तर दिइन्छ- संसारी जीवको स्वरूप प्रतिबिम्बित भए पनि जीवको स्वरूप प्रतिपादन गर्ने लक्ष्य रहेको छैन । त्यहाँ जीव यस्तो हुन्छ भन्ने बताएर त्यसको परमात्मासँग एकता बताउनका लागि परमेश्वरको स्वरूप बताउने लक्ष्य राखिएको छ ।

उपक्रम वाक्यमा जस्तै **'योऽयं विज्ञानमयः०'** इत्यादि उपसंहार वाक्यमा 'प्राणहरूमा विज्ञानमय संसारी जस्तो लाग्ने आत्मा ज्योतिर्मय परमेश्वर नै हो' भनिएको छ । अतः उक्त वाक्यको प्रतिपाद्य विषय जीव नभएर परमेश्वर नै हो ।

शाङ्करभाष्यम्

यस्तु मध्ये बुद्धान्ताद्यवस्थोपन्यासात्संसारिस्वरूपविवक्षां मन्यते, स प्राचीमपि दिशं प्रस्थापितः प्रतीचीमपि । यतो न बुद्धान्ताद्यवस्थोपन्यासेनावस्थावत्त्वं संसारित्वं वा विवक्षति, किं तर्हि ? अवस्थारहितत्वमसंसारित्वञ्च।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथमेतदवगम्यते ? यत् '**अत ऊर्ध्वं विमोक्षायैव ब्रूहि**' इति पदे पदे पृच्छति। यच्च '**अनन्वागतस्तेन भवत्यसङ्गो ह्ययं पुरुषः**' (बृ. ४/३/१४-१५) इति पदे पदे प्रतिवक्ति । '**अनन्वागतं पुण्येनानन्वागतं पापेन तीर्णो हि तदा सर्वाञ्शोकान्हृदयस्य भवति**' (बृ. ४/३/२२) इति च । तस्मादसंसारिस्वरूपप्रतिपादनपरमेवैतद्वाक्यमित्यवगन्तव्यम् ।।४२।।

नेपालीभाषानुवाद

यः = जसले, **तु** = त, **मध्ये** = प्रपाठकको बीचमा, **बुद्धान्ताद्यवस्थोपन्यासात्** = जाग्रत् आदि अवस्थाको प्रतिपादन गरिनाले, **संसारिस्वरूपविवक्षाम्**= उक्त वाक्यमा संसारी जीवको प्रतिपादन गर्ने विवक्षा रहेको छ भन्ने कुरा, **मन्यते** = मान्दछ, **सः** = त्यो कस्तो मानिस हो भने जो, **प्राचीम्** = पूर्व, **दिशम्** = दिशातर्फ, **प्रस्थापितः** = पठाइएको छ तर, **प्रतीचीम्** = पश्चिम, **दिशम्** = दिशातर्फ, **प्रतिष्ठेत**= प्रस्थान गर्दछ, **यतः** = किनकि, **बुद्धान्ताद्यवस्थोपन्यासेन** = जाग्रत् आदि अवस्थाको प्रतिपादन भएबाट, **अवस्थावत्त्वम्** = आत्मा जाग्रत् आदि, अवस्थावान् छ भन्ने अर्थमा, **वा** = अथवा, **संसारित्वम्** = संसारी हो भनेर, **न विवक्षति** = विवक्षा गरिएको छैन, **किं तर्हि** = त्यसो भए के विवक्षा गरिएको छ भन्ने सवालमा हामी भन्छौं, **असंसारित्वम्** = परमेश्वर असंसारी हो, **च** = र, **अवस्थारहितत्वम्** = जाग्रत् आदि अवस्थारहित हो भन्ने विवक्षा गरिएको छ, **एतत्** = यो कुरा, **कथम्** = कसरी, **अवगम्यते** = जानिन्छ भन्दछौ भने हामी भन्छौं, **यत्** = जो कि जनक राजा याज्ञवल्क्यसँग, **अतः** = यस, **ऊर्ध्वम्** = पछि, **विमोक्षाय एव** = मोक्षका लागि नै, **ब्रूहि** = उपदेश गर्नुहोस्, **इति** = यस रूपमा, **पदे पदे** = पटक पटक, **पृच्छति** = सोधनी गर्छन्, **यत् च** = जो कि, **अयम् याज्ञवल्क्यः** = यी याज्ञवल्क्यले जनकका प्रति, **हि** = निश्चय नै, **पुरुषः** = यो परमेश्वर, **तेन** = जाग्रत् आदि अवस्थासँग, **अनन्वागतः** = संबद्ध छैन, **असङ्गः** = सम्पूर्ण, सांसारिक संबद्धबाट रहित; **भवति**= हुन्छ, **इति** = यसरी, **पदे पदे** = पटक पटक, **प्रतिवक्ति** = उत्तर दिन्छन्, **तदा** = त्यसबेला, **पुण्येन** = पुण्यद्वारा, **अनन्वागतम्** = असंबद्ध, **पापेन** = पापद्वारा, **अनन्वागतम्**= र असंबद्ध, परमेश्वरलाई जानेर, जीव; **हृदयस्य** = हृदयका, **सर्वान्**=सबै प्रकारका, **शोकान्** = शोक आदिलाई, **हि** = निश्चय नै, **तीर्णः भवति** = पार गर्दछ, **इति च** = यो पनि बृहदारण्यकश्रुतिको वचन हो, **तस्मात्** = शोक आत्माको धर्म नभई मनको धर्म भएबाट, **एतत् वाक्यम्** = '**कतम आत्मा०**' इत्यादि वाक्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असंसारिस्वरूपप्रतिपादनपरम् एव = असंसारी परमेश्वरको प्रतिपादनमा केन्द्रित हो भन्ने कुरा, **अवगन्तव्यम्** = बुझ्नु पर्दछ ।

विशदीकरण

जाग्रत् आदि अवस्थाहरूको प्रतिपादन जीवको स्वरूप बताउन गरिएको होइन, अपि तु '**त्वम्**' पदार्थको शोधन गरेर जीव र ब्रह्मको अभेद निरूपणका लागि हो । यसकारण '**विज्ञानमय**' आदि लिङ्गहरू जीवबोधक होइनन् । राजा जनक र याज्ञवल्क्यको संवादबाट पनि अंसारी परमेश्वरको नै ज्ञान हुन्छ। अतः '**कतम आत्मा०**' इत्यादि श्रुतिवाक्यले पनि असंसारी परमेश्वरको नै प्रतिपादन गर्दछन्।।४२।।

ब्रह्मसूत्रम् - **पत्यादिशब्देभ्यः । १/३/४३**

सूत्रार्थ - **पत्यादिशब्देभ्यः** = '**सर्वस्य वशी०**' इत्यादि श्रुतिवाक्यमा निहित पति आदि शब्दहरूबाट पनि यस प्रकरणमा असंसारी परमेश्वरका स्वरूपको निरूपण गरिएको छ, संसारी जीवको होइन भन्ने ज्ञान हुन्छ ।

शाङ्करभाष्यम्

इतश्चासंसारिस्वरूपप्रतिपादनपरमेवैतद्वाक्यमित्यवगन्तव्यम् । यदस्मिन्वाक्ये पत्यादयः शब्दा असंसारिस्वरूपप्रतिपादनपराः संसारिस्वभावप्रतिषेधनाश्च भवन्ति। **'सर्वस्य वशी सर्वस्येशानः सर्वस्याधिपतिः'** इत्येवंजातीयका असंसारिस्वभावप्रतिपादनपराः । **'स न साधुना कर्मणा भूयान्नो एवासाधुना कनीयान्'** इत्येवंजातीयकाः संसारिस्वभावप्रतिषेधनाः । तस्मादसंसारी परमेश्वर इहोक्त इत्यवगम्यते ।।४३।।

इति श्रीमच्छारीरकमीमांसाभाष्ये श्रीशङ्करभगवत्पादकृतौ प्रथमाध्यायस्य तृतीयः पादः

नेपालीभाषानुवाद

इतश्च = यसपछि बताइने कारणबाट पनि, **एतत् वाक्यम्** = यस वाक्यलाई, **असंसारिस्वरूपप्रतिपादनपरम्** = असंसारी परमेश्वरका स्वरूपको प्रतिपादक, **अवगन्तव्यम्** = जान्नु पर्दछ, **यत्** = किनकि, **अस्मिन्** = यस, **वाक्ये** = वाक्यमा, **पत्यादयः** = पति आदि, **शब्दाः** = शब्दहरू, **असंसारिस्वरूपप्रतिपादनपराः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारसँग असम्बद्ध परमेश्वरका स्वरूपका प्रतिपादक, **च** = र, **संसारिस्वभाव-प्रतिषेधनाः** = संसारी जीवका स्वभावको निराकरण गर्ने अर्थमा केन्द्रित छन्, **सर्वस्य** = सबैलाई, **वशी** = वशीभूत गराउने, स्वतन्त्र; **सर्वस्य** = सबैका, **ईशानः**= नियामक, **सर्वस्य** = सबैका, **अधिपतिः** = स्वामी परमेश्वर हुन्, **इत्येवंजातीयकाः**= यसप्रकारका शब्दहरू, **असंसारिस्वभावप्रतिपादनपराः** = परमेश्वरको अलौकिक स्वभावका प्रतिपादक हुन्, **सः** = त्यो परमेश्वर, **साधुना** = उत्तम, पुण्य, **कर्मणा** = कर्मद्वारा, **न भूयान्** = न त ठूलो मानिन्छ, **नो** = न त, **असाधुना**= अनुत्तम (पाप) कर्मद्वारा, **कनीयान्** = सानो मानिन्छ, **इत्येवंजातीयकाः** = यस प्रकारका, **संसारि-स्वभावप्रतिषेधनाः** = परमेश्वरको संसारी स्वभावको निषेध गर्ने शब्दहरू हुन्, **तस्मात्** = त्यसकारण, **इह** = यहाँ, **असंसारी** = अलौकिक, **परमेश्वरः** = परमेश्वर, **उक्तः** = भनिएका छन्, **इति** = यस्तो, **अवगम्यते** = बुझिन्छ ।

विशदीकरण

'सर्वस्य वशी सर्वस्येशानः सर्वस्याधिपतिः' यस वाक्यमा प्रयुक्त वशी, ईशान र अधिपति शब्दहरूले संसारी जीवको स्वभावलाई निषेध गरेर असंसारी परमात्माका सर्ववशित्व, सर्वशासकत्व र सर्वस्वामित्व जस्ता विशिष्ट गुणहरूको प्रतिपादन गर्दछन् ।

'स न साधुना भूयान्नो एवासाधुना कनीयान्' त्यो परमात्मा पुण्यकर्मद्वारा महान् मानिंदैन र अपुण्य कर्मद्वारा हीनशब्दबाट पनि संबोधित हुँदैन । वस्तुतः 'परमात्मा पुण्य-पाप, सुख-दुःख, राग-विराग आदिबाट असंपृक्त छ' इत्यादि शब्दार्थ र अभिप्राय भएका वाक्यहरूले पनि परमात्माका संसारी स्वभावको प्रत्याख्यान गर्दछन् ।

तमीश्वराणां परमं महेश्वरम्
तं देवतानां परमञ्च दैवतम् ।
पतिं पतीनां परमं परस्ताद्
विदाम देवं भुवनेशमीड्यम् ।।

श्वेताश्वतरोपनिषद् (६/७) को यस वाक्यमा 'ईश्वरहरूका पनि परम महेश्वर, देवताहरूका पनि परम देवता, पतिहरूका पनि परम पति, अनन्त कोटि ब्रह्माण्डका स्वामी, स्तुति गर्न योग्य र ज्योतिर्मय परमात्मा परात्परतर हुनुहुन्छ भन्ने कुरा हामी जान्दछौं' भनिएको छ । यस भनाइबाट पनि कोटि कोटि जीवात्मा, देवात्मा र ब्रह्माण्डका पति परमात्माको प्रतिपादनमा नै उक्त वाक्यको अभिप्राय रहेको विषय स्पष्ट हुन्छ ।

यसबाट सिद्ध हुन्छ कि शोधित तत् र त्वम्' अर्थको एकतामा नै बृहदारण्यक उपनिषद्को छैठौं अध्यायको समन्वय रहेको छ । यस अधिकरणको पूर्वपक्षमा कर्मकर्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

जीवको प्रसंशा गरिएको छ भने सिद्धान्तपक्षमा जीवलाई अनुवाद गरेर 'त्यो परमात्मा तिमी नै हौ' भन्ने अर्थमा एकताको निश्चय गरिएको छ । परम प्रयोजन पनि यही हो ।

इतिसुषुप्त्युत्क्रान्त्यधिकरणम् ।

इति पण्डितप्रवरमीनप्रसादनेपालवेदान्ताचार्यदर्शनशिरोमणिप्रारब्धे सम्पादनक्रमे डा. वेणीमाधवढकालपूरिते ब्रह्मसूत्रशाङ्करभाष्यानुवादे प्रथमाध्यायस्य तृतीयः पादः समाप्तः ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रशाङ्करभाष्यम्

समन्वयाध्यायः
{नेपालीभाषानुवादसहितः}

चतुर्थपादः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रुतिस्मृतिपुराणानामालयं करुणालयम् ।
नमामि भगवत्पादं शङ्करं लोकशङ्करम् ।।

अर्थ - वेद, धर्मशास्त्र र पुराणका कोश, करुणानिधि, लोक-कल्याणका लागि अवतरित, लोककल्याणकारी शङ्करस्वरूप आद्यशङ्कराचार्यलाई प्रणाम गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमाध्याये चतुर्थः पादः

(अत्र प्रधानविषयत्वेन सन्दिह्यमानानामव्यक्ताजादिपदानां चिन्तनम्)

१. आनुमानिकाधिकरणम् {सू. १-७}

शाङ्करभाष्यम्

ब्रह्मजिज्ञासां प्रतिज्ञाय ब्रह्मणो लक्षणमुक्तम् - **जन्माद्यस्य यतः** (ब्र. १/१/२) इति । तल्लक्षणं प्रधानस्यापि समानमित्याशङ्क्य तदशब्दत्वेन निराकृतम्- **'ईक्षतेर्नाशब्दम्'** (ब्र. १/१/५) इति । गतिसामान्यं च वेदान्तवाक्यानां ब्रह्मकारण-वादं प्रति विद्यते न प्रधानकारणवादं प्रतीति प्रपञ्चितं गतेन ग्रन्थेन । इदं त्विदानीमव-शिष्टमाङ्क्यते- यदुक्तम्, प्रधानस्याशब्दत्वं तदसिद्धम्, कासुचिच्छाखासु प्रधानस-मर्पणाभासानां शब्दानां श्रूयमाणत्वात् । अतः प्रधानस्य कारणत्वं वेदसिद्धमेव महद्भिः परमर्षिभिः कपिलप्रभृतिभिः परिगृहीतमिति प्रसज्यते; तद्यावत्तेषां शब्दाना-मन्यपरत्वं न प्रतिपाद्यते तावत्सर्वज्ञं ब्रह्म जगतः कारणमिति प्रतिपादितमप्या-कुलीभवेत् । अतस्तेषामन्यपरत्वं दर्शयितुं परः संदर्भः प्रवर्तते -

नेपालीभाषानुवाद

अत्र = यस प्रथम अध्यायको चतुर्थपादमा, **प्रधानविषयत्वेन** = साङ्ख्यसम्मत प्रकृतिवाचक हुन् कि भनेर, **सन्दिह्यमानानाम्** = सन्देहास्पद भएका, **अव्यक्ताजादि-पदानाम्** = अव्यक्त र अज आदि पदहरूको, **चिन्तनम्** = यथार्थ अर्थ बारे चिन्तन गरिने छ । **आनुमानिकाधिकरणम्** = अब आनुमानिकाधिकरण सुरु हुन्छ ।

ब्रह्मजिज्ञासाम् = **'अथातो ब्रह्मजिज्ञासा'** द्वारा, **प्रतिज्ञाय** = प्रतिज्ञा गरेर, **'जन्माद्यस्य यतः' इति** = यस सूत्रबाट, **ब्रह्मणः** = ब्रह्मको, **लक्षणम्** = स्वरूप, **उक्तम्** = बताइयो, **तल्लक्षणम्** = ब्रह्मको लक्षण, **प्रधानस्य** = प्रकृतिको लक्षणमा, **अपि** = पनि, **समानम्** = समान छ, **इति** = यसरी, **आशङ्क्य** = पूर्वपक्षद्वारा शङ्का उठाएर, **'ईक्षतेर्नाशब्दम्' इति** = यस सूत्रद्वारा, **तत्**= त्यस आशङ्कालाई, **अशब्दत्वेन**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

श्रुतिसम्मत नभएको कारणबाट, **निराकृतम्** = निषेध गरियो, **गतेन** = यहाँ सम्मको, **ग्रन्थेन** = ग्रन्थद्वारा, **वेदान्तवाक्यानाम्** = वेदान्तका वाक्यहरूको, **ब्रह्मकारणवादं प्रति** = ब्रह्मकारणवादका प्रति, **गतिसामान्यम्** = समान गति, **विद्यते** = रहेको छ, **न प्रधानकारणवादं प्रति** = प्रधानकारणवाद प्रति रहेको छैन, **इति** = यो कुरा, **प्रपञ्चितम्** = विस्तार गरियो, **इदानीम्** = अहिले, **तु** = त, **इदम्** = यो, **अवशिष्टम्**= बाँकी रहेका विषयको सम्बन्धमा, **आशङ्क्यते** = आशङ्का गरिन्छ, **प्रधानस्य** = प्रधानको, **अशब्दत्वम्** = श्रुति प्रमाणित नभएको विषय, **यद्** = जो, **उक्तम्** = भनियो, **तद्** = त्यो, **असिद्धम्** = अयुक्त छ, **कासुचित्** = कुनै, **शाखासु** = वेदका शाखाहरूमा, **प्रधानसमर्पणाभासानाम्** = प्रधानमा समर्पणको आभास भएका अथवा प्रधानपरक, **शब्दानाम्** = शब्दहरूको, **श्रूयमाणत्वात्** = श्रवण हुनाले, **अतः** = यसकारण, **महद्भिः** = महान्, **महर्षिभिः** = महर्षि, **कपिलप्रभृतिभिः** = कपिल आदिद्वारा, **परिगृहीतम् इति** = स्वीकार गरिएको कारणबाट, **प्रधानस्य** = प्रधानको, **कारणत्वम्** = सृष्टिकर्तृत्व आदि कारणता, **वेदसिद्धम्** = श्रुतिसिद्ध, **एव**= नै, **प्रसज्यते** = प्राप्त हुन आउँछ, **तत्** = त्यस कारण, **यावत्** = जबसम्म, **तेषाम्** = ती ती, **शब्दानाम्**= शब्दहरूको, **अन्यपरत्वम्** = ब्रह्मपरकता, **न प्रतिपाद्यते**= प्रतिपादन गरिंदैन, **तावत्** = तबसम्म, **सर्वज्ञम्** = अन्तर्यामी, **ब्रह्म** = ब्रह्म, **जगतः**= जगत्का, **कारणम् इति** = कारण हुन् भन्ने कुरा, **प्रतिपादितम् अपि** = प्रतिपादित गरिएको भएता पनि, **आकुलीभवेत्** = व्यर्थ हुन आउला, **अतः** = यसकारण, **तेषाम्**= ती शब्दहरूको, **अन्यपरत्वम्**= ब्रह्मपरकता, **दर्शयितुम्** = देखाउन, **परः**= अग्रिम, **सन्दर्भः** = ग्रन्थ, **प्रवर्त्तते** = प्रवृत्त हुन्छ ।

विशदीकरण

'अथातो ब्रह्मजिज्ञासा' सूत्रद्वारा ब्रह्मको जिज्ञासाको प्रतिज्ञा गरेर **'जन्माद्यस्य यतः'** यस सूत्रद्वारा ब्रह्मको लक्षण पनि बताइयो । ब्रह्मको लक्षण र प्रधानको लक्षण लगभग मिल्न जाने हुँदा श्रुतिमा प्रधानको चर्चा नभएको कारण देखाएर प्रधानकारणवादको निराकरण गरियो र वेदान्तवाक्यहरूको तात्पर्य ब्रह्ममा रहेको छ प्रधानमा रहेको छैन भन्ने समेत स्पष्ट गरियो ।

अहिले बाँकी रहेको विषयमा शङ्का गरिन्छ कि - जो प्रधानलाई श्रुतिमा निर्देश नगरिएको विषय हो भनेर त्यसमा अशब्दत्वको आरोप गरिएको छ, त्यो जायज छैन । किनकि वेदका कुनै कुनै शाखाहरूमा प्रधानको आभास गराउने शब्दहरू रहेका छन् । अतः प्रधान जगत्को कारण हो भन्ने कुरा वेदबाट प्रमाणित भएको हुनाले नै कपिल आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महर्षिहरूले पनि त्यसलाई जगत्को रूपमा लिएका छन्। त्यसकारण प्रधान जगत्को कारण हो । यस्तो शङ्का भएपछि जबसम्म वेदका विभिन्न शाखाहरूमा रहेका ती-ती विवादास्पद पदहरूको राम्ररी अर्थनिर्णय गरिंदैन तबसम्म अन्यौल रहिरहने हुनाले ती पदहरूको प्रधानदेखि भिन्न अर्थमा प्रयोग भएको कुरालाई स्पष्ट गर्न अग्रिम सन्दर्भको आरम्भ गरिन्छ ।

'महतः परमव्यक्तमव्यक्तात् पुरुषः परः' भन्ने वचन रहेको छ । यस अव्यक्तको अर्थ प्रधान हो अथवा शरीर । यस विषयमा धेरै चर्चा भएका छन् । ब्रह्म र प्रधानको लक्षणगत सादृश्य रहेको छ भन्ने पूर्वपक्षको मत छ । अव्यक्त के हो ? अज के हो ? प्रधान के हो ? भन्ने विषयमा सन्देह भइरहने हुँदा शङ्का निवारणका लागि आनुमानिकाधिकरण लगायतका अधिकरणहरू उपस्थापित गरिदैछन् ।

ब्रह्मसूत्रम् - **आनुमानिकमप्येकेषामिति चेन्न शरीररूपकविन्यस्तगृहीतेर्दर्शयति च १/४/१**

सूत्रार्थ - **एकेषाम्** = केही शाखाध्यायीको मतमा **'महतः परमव्यक्तम्'** इत्यादि वाक्यमा, **आनुमानिकम्**= अनुमान बोध्य, **अपि** = पनि, प्रधानलाई अव्यक्त भनिएको छ, अतः प्रधानशब्द वेदसम्मत छैन, **इति चेन्न** = यसो भनिन्छ भने त्यो उचित हुने छैन, **शरीररूपकविन्यस्तगृहीतेः** = **'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु'** यस वाक्यमा रथरूपकबाट कल्पित शरीरलाई लिइएको छ, **दर्शयति च**= पूर्वापर ग्रन्थको अनुशीलनले पनि शरीरलाई नै अव्यक्त भन्नु पर्ने कुरा ठहर हुन्छ ।

शाङ्करभाष्यम्

आनुमानिकमप्यनुमाननिरूपितमपि प्रधानमेकेषां शाखिनां शब्दवदुपलभ्यते। काठके हि पठ्यते- **'महतः परमव्यक्तमव्यक्तात्पुरुषः परः'**(१/३/११) इति। तत्र य एव यन्नामानो यत्क्रमाश्च महदव्यक्तपुरुषाः स्मृतिप्रसिद्धास्त एवेह प्रत्यभिज्ञायन्ते । तत्राव्यक्तमिति स्मृतिप्रसिद्धेः, शब्दादिहीनत्वाच्च न व्यक्तमव्यक्तमिति व्युत्पत्तिसंभवात्, स्मृतिप्रसिद्धं प्रधानमभिधीयते । तस्य शब्दवत्त्वादशब्दत्वमनुपपन्नम् । तदेव च जगतः कारणं श्रुतिस्मृतिन्यायप्रसिद्धिभ्यः ।

नेपालीभाषानुवाद

आनुमानिकम् = अनुमानद्वारा निरूपित, **अपि** = पनि, अर्थात्, **अनुमाननिरूपितम् अपि** = अनुमानप्रमाणद्वारा जगत्को कारणको रूपमा बोधित, **अपि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि, **प्रधानम्** = प्रधान (प्रकृति), **एकेषाम्** = केही, **शाखिनाम्** = वेदका शाखागत मन्त्रहरूमा, **शब्दवत्**= शब्दबाट नै प्रतिपादित, **उपलभ्यते** = पाइन्छ, **हि** = किनकि, **काठके** = काठकोपनिषद्मा, **महतः** = महत्भन्दा, **अव्यक्तम्** = मूलप्रकृति, **परम्**= सूक्ष्मतर छ, **अव्यक्तात्** = अव्यक्तभन्दा, **पुरुषः** = पुरुष, **परः** = सूक्ष्म छ भनेर, **पठ्यते** = भनिएको छ, **तत्र** = त्यहाँ, **स्मृतिप्रसिद्धाः** = साङ्ख्यप्रसिद्ध, **ये एव** = जो नै, **यन्नामानः** = जुन जुन नाम भएका, **यत्क्रमाः** = जुन जुन क्रम भएका, **महदव्यक्तपुरुषाः** = महत् अव्यक्त र पुरुषहरू छन्, **इह** = यहाँ, काठकोपनिषद्मा पनि; **ते एव**= ती त्यही नाम र त्यही क्रममा, **प्रत्यभिज्ञायन्ते** = जानिन्छन्, **तत्र** = तिनमा, **अव्यक्तम्** = अव्यक्त, **स्मृतिप्रसिद्धेः** = साङ्ख्यशास्त्रमा प्रसिद्ध भएकाले, **शब्दादिहीनत्वात्** = शब्द आदि रहित भएकाले, **च** = र, **न व्यक्तम् इति अव्यक्तम्**= जो व्यक्त छैन त्यो अव्यक्त हो भन्ने व्युत्पत्ति हुन सक्नाले, **स्मृतिप्रसिद्धम्** = साङ्ख्यशास्त्रमा प्रसिद्ध, **प्रधानम्** = प्रधान, **अभिधीयते** = भनिन्छ, **तस्य** = प्रधानको, **शब्दवत्त्वात्** = वेदमा प्रतिपादित हुनाले, **अशब्दत्वम्** = अशब्द हो भनेर भन्नु, **अनुपपन्नम्** = उपयुक्त हुँदैन, **श्रुतिस्मृतिन्यायप्रसिद्धिभ्यः** = श्रुति-स्मृति, तर्क र प्रसिद्धिबाट, **तद्** = त्यो, **एव** = नै, **जगतः** = जगत्को, **कारणम्** = कारण हो, यस्तो पूर्वपक्षको अभिप्राय छ ।

विशदीकरणम्

'**कार्यतस्तदुपलब्धेः**' अर्थात् कार्यबाट कारणको ज्ञान हुन्छ, यस भनाइका आधारमा प्रधानलाई अनुमानगम्य भनिएको हो । प्रधानको वेदमा चर्चा नभएको भन्नु पनि उचित छैन, किनकि '**महतः परमव्यक्तम्**' इत्यादि कठश्रुतिमा अव्यक्त शब्दबाट प्रधानलाई नै लिइएको छ । '**अजामेकां लोहितशुक्लकृष्णाम्**' इत्यादि श्वेताश्वतरश्रुतिमा प्रधानलाई अजाशब्दबाट बताइएको हो । '**हेतुः प्रकृतिरुच्यते**' यस गीतावाक्यमा प्रकृति वा प्रधानको हेतुको रूपमा उल्लेख भएको छ । '**यदल्पं तज्जडप्रकृतिजन्यम्**' जो परिच्छिन्न छ, त्यो जडप्रकृतिबाट जन्य विषय हो भन्ने तर्क छ । त्यसकारण श्रुति, स्मृति र तर्कबाट प्रधान नै जगत्को कारण सिद्ध हुन्छ भन्ने पूर्वपक्षको आशय हो ।

शाङ्करभाष्यम्

इति चेत्- नैतदेवम्, न ह्येतत्काठकं वाक्यं स्मृतिप्रसिद्धयोर्महदव्यक्तयोरस्तित्वपरम् । न ह्यत्र यादृशं स्मृतिप्रसिद्धं स्वतन्त्रं कारणं त्रिगुणं प्रधानं तादृशं प्रत्यभिज्ञायते । शब्दमात्रं ह्यत्राव्यक्तमिति प्रत्यभिज्ञायते । स च शब्दो न व्यक्तमव्यक्तमिति यौगिकत्वादन्यस्मिन्नपि सूक्ष्मे सुदुर्लक्ष्ये च प्रयुज्यते । न चायं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्मिंश्चिद्रूढः । या तु प्रधानवादिनां रूढिः सा तेषामेव पारिभाषिकी सती न वेदार्थनिरूपणे कारणभावं प्रतिपद्यते । न च क्रममात्रसामान्यात्समानार्थप्रतिपत्तिर्भवत्यसति तद्रूपप्रत्यभिज्ञाने । न ह्यश्वस्थाने गां पश्यन्नश्वोऽयमित्यमूढोऽध्यवस्यति। प्रकरणनिरूपणायां चात्र न परपरिकल्पितं प्रधानं प्रतीयते, शरीररूपकविन्यस्तगृहीतेः । शरीरं ह्यत्र रथरूपकविन्यस्तमव्यक्तशब्देन परिगृह्यते । कुतः ? प्रकरणात्परिशेषाच्च । तथा ह्यनन्तरातीतो ग्रन्थ आत्मशरीरादीनां रथिरथादिरूपकक्लृप्तिं दर्शयति–

'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।
बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ।।
इन्द्रियाणि हयानाहुर्विषयांस्तेषु गोचरान् ।
आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ।।' (का० १/३/३-४) इति । तैश्चेन्द्रियादिभिरसंयतैः संसारमधिगच्छति । संयतैस्त्वध्वनः पारं तद्विष्णोः परमं पदमाप्नोतीति दर्शयित्वा, किं तदध्वनः पारं विष्णोः परमं पदमित्यस्यामाकाङ्क्षायाम्, तेभ्य एव प्रकृतेभ्य इन्द्रियादिभ्यः परत्वेन परमात्मानमध्वनः पारं विष्णोः परमं पदं दर्शयति –

इन्द्रियेभ्यः परा ह्यर्था अर्थेभ्यश्च परं मनः ।
मनसस्तु परा बुद्धिर्बुद्धेरात्मा महान्परः ।।
महतः परमव्यक्तमव्यक्तात्पुरुषः परः ।
पुरुषान्न परं किञ्चित् सा काष्ठा सा परा गतिः ।।' (का. १/३/१०-११) इति । तत्र य एवेन्द्रियादयः पूर्वस्यां रथरूपककल्पनायामश्वादिभावेन प्रकृतास्त एवेह परिगृह्यन्ते प्रकृतहानाप्रकृतप्रक्रियापरिहाराय। तत्रेन्द्रियमनोबुद्धयस्तावत्पूर्वत्रेह च समानशब्दा एव । अर्था ये शब्दादयो विषया इन्द्रियहयगोचरत्वेन निर्दिष्टास्तेषां चेन्द्रियेभ्यः परत्वम्; **'इन्द्रियाणां ग्रहत्वं विषयाणामतिग्रहत्वम्'** (बृ. ३/२) इति श्रुतिप्रसिद्धेः । विषयेभ्यश्च मनसः परत्वम्; मनोमूलत्वाद्विषयेन्द्रियव्यवहारस्य । मनसस्तु परा बुद्धिः । बुद्धिं ह्यारुह्य भोग्यजातं भोक्तारमुपसर्पति । **'बुद्धेरात्मा महान्परः'**, यः स **'आत्मानं रथिनं विद्धि'** इति रथित्वेनोपक्षिप्तः। कुतः? आत्मशब्दात् । भोक्तुश्च भोगोपकरणात्परत्वोपपत्तेः । महत्त्वं चास्य स्वामित्वादुपपन्नम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

इति चेत् = प्रधान नै जगत्को कारण हो भन्छौ भने, **एवम्** = यस प्रकारको, **एतत्** = प्रधान, **न** = छैन, **हि** = निश्चय नै, **एतत्** = यो, **काठकम्** = कठोपनिषद्को, **वाक्यम्** = वाक्य, **स्मृतिप्रसिद्धयोः** = साङ्ख्यशास्त्रमा प्रसिद्ध, **महदव्यक्तयोः** = महत् र अव्यक्तको, **अस्तित्वपरम्** = अस्तित्वमा आधारित, **न** = होइन, **हि** = किनकि, **यादृशम्** = जस्तो, **स्मृतिप्रसिद्धम्** = साङ्ख्यशास्त्रमा प्रसिद्ध, **त्रिगुणम्** = सत्व, रज र तमोगुणवाला, **स्वतन्त्रम्** = स्वतन्त्र, **कारणम्** = जगत्को कारण, **प्रधानम्** = प्रधान छ, **तादृशम्** = त्यस्तो, **अत्र** = यहाँ, **न प्रत्यभिज्ञायते** = प्रत्यभिज्ञान (स्मरण) गरिंदैन, **हि** = निश्चय नै, **अत्र** = यहाँ, **अव्यक्तम्** = अव्यक्त, **शब्दमात्रम्** = शब्दमात्रको, **प्रत्यभिज्ञायते** = स्मरण गरिएको छ, **च** = र, **सः** = त्यो, **शब्दः** = शब्द, **न व्यक्तम् इति अव्यक्तम्** = जो प्रकट छैन त्यो अव्यक्त हो, **इति** = यस्तो विग्रहअनुसार, **यौगिकत्वात्** = नञ् र व्यक्तको योगबाट अर्थ लाग्ने (यौगिक शब्द भएको) हुँदा, त्यस शब्दमा, **अन्यस्मिन्** = अरू कुनै, **सूक्ष्मे** = सूक्ष्म, **च** = र, **सुदुर्लक्ष्ये** = दुर्बोध्य पदार्थमा, **अपि** = पनि, **प्रयुज्यते** = प्रयोग गर्न सकिन्छ, **अयम्** = यो शब्द, **कस्मिंश्चित्** = कुनै अर्थविशेषमा, **न च रूढः** = रूढ पनि छैन, **या** = जुन, **तु** = त, **प्रधानवादिनाम्** = अव्यक्तको अर्थ 'प्रधान' हो भन्नेहरूको मतमा, **रूढिः** = रूढि छ, **सा** = त्यो, **तेषाम् एव** =तिनीहरूको नै, **पारिभाषिकी** = परिभाषा अनुसार निष्पन्न, **सती** = छँदो, त्यो रूढि, **वेदार्थनिरूपणे**= अपौरुषेय वेदको अर्थ बताउने कार्यमा, **कारणभावम्** = कारणतालाई, **न प्रतिपद्यते**= प्राप्त गर्दैन, **तद्रूपप्रत्यभिज्ञाने** = प्रतिपाद्य अपौरुषेय वेदको स्वरूपज्ञान, **असति** = नभएमा, **क्रममात्रसामान्यात्** = महत्‌बाट अव्यक्त, अव्यक्तबाट पुरुष जस्तो क्रमको समानताले मात्र, **समानार्थप्रतिपत्तिः** = समान अर्थको ज्ञान, **न च भवति** = हुन सक्दैन, **हि** = किनकि, **अमूढः** = बुद्धिमान् मानिसले, **अश्वस्थाने** = घोडा रहने ठाउँमा, **गाम्** = गोरुलाई, **पश्यन्** = बसेको, रहेको देखेर, **अयम्** = यो, **अश्व इति**= घोडा हो भनेर, **न अध्यवस्यति** = निश्चय गर्दैन, **च** = र, **अत्र** = यहाँ, **प्रकरणनिरूपणायाम्**= प्रकरणको निरूपण गरेपछि, **परिकल्पितम्** = पूर्वपक्षीहरूद्वारा कल्पना गरिएको, **प्रधानम्** = प्रधान, **न प्रतीयते** = प्रतीत हुँदैन, किनकि, **शरीररूपक-विन्यस्तगृहीतेः** = शरीरमा आरोपित रूपकको विन्यासलाई ग्रहण गरिने हुनाले अर्थात् '**शरीरं रथमेव तु**' यस वाक्यमा शरीर नै रथरूप रूपकबाट प्रस्तुत छ, **हि** = किनकि, **अत्र** = यहाँ, **रथरूपकविन्यस्तम्** = रथको रूपकद्वारा प्रस्तुत, **शरीरम्** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरलाई, **अव्यक्तशब्देन** = अव्यक्त शब्दबाट, **परिगृह्यते** = लिइन्छ, **कुतः** = किनभने, **प्रकरणात्** = प्रकरणहेतुबाट यही सिद्ध हुन्छ, **च** = र, **परिशेषात्** = परिशेषहेतुबाट यही सिद्ध हुन्छ, **तथा हि** = त्यस्तै, **अनन्तरातीतः** = काठकको १/३/११ मा स्थित '**महतः परमव्यक्तम्**' देखि ठीक पहिले काठक. १/३/३-४ मा पढिएको, **ग्रन्थः** = **आत्मानं रथिनम्** इत्यादि ग्रन्थले, **आत्मशरीरादीनाम्** = आत्मा र शरीर आदिको, **रथिरथादिरूपकादिक्ल्कृप्तिम्** = रथी र रथ आदि कल्पनालाई, **दर्शयति** = देखाउँछ, जस्तै, **आत्मानम्** = आत्मालाई; **रथिनम्** = रथको स्वामी, **विद्धि** = जान, **शरीरम्** = शरीरलाई, **तु** = त, **रथम्** = रथ भनेर, **एव** = नै जान, **बुद्धिम्** = बुद्धिलाई, **तु**= त, **सारथिम्** = **सारथि** = रथ हाँक्ने (ड्राइभर), **विद्धि**= जान, **मनः** = मनलाई, **प्रग्रहम्** = लगाम, **एव च** = नै जान, **मनीषिणः** = बुद्धिमानहरूले, **इन्द्रियाणि** = इन्द्रियहरूलाई, **हयान्** = घोडा, **तेषु** = इन्द्रियहरूमा, **गोचरान्** = गोचर हुने वस्तुलाई, **विषयान्**= विषय र, **आत्मेन्द्रियमनोयुक्तम्** = आत्मा, इन्द्रिय र मनले युक्त हुनेलाई, **आत्मा**= आत्मा, **भोक्ता**= भोग गर्ने, **आहुः**= भन्दछन्, **इति** = यसरी काठकोपनिषद्को १/३/३-४ मा भनिएको छ, **असंयतैः** = छाडा (स्वतन्त्र), **तैश्च** = ती, **इन्द्रियादिभिः**= इन्द्रिय, मन आदिहरूद्वारा आत्माले, **संसारम्**= संसारलाई (जन्म र मरण धर्मी महाप्रवाहलाई), **अधिगच्छति** = प्राप्त गर्दछ, **संयतैः**= नियमित भएका ती इन्द्रिय आदि द्वारा, **तु** = त, **अध्वनः** = संसारको राजमार्गभन्दा, **पारम्** = पारी रहेको, **तत्**= त्यो दुर्लभ, **विष्णोः** = विष्णुको, **परमं पदम्** = परमपदलाई, **आप्नोति** = प्राप्त गर्दछ, **इति**= यस्तो, **दर्शयित्वा** = देखाएर, **अध्वनः**= संसारमार्गभन्दा, **पारम्**= पारी(टाढा) रहेको, **विष्णोः** = विष्णुको, **तत्** = त्यो, **परमं पदम्** = परमपद, **किम्** = के हो, **इति** = यस्तो नचिकेताको, **जिज्ञासायाम्**= जान्ने इच्छा हुँदा, **तेभ्य एव** = ती नै, **प्रकृतेभ्यः** = प्रासङ्गिक, **इन्द्रियादिभ्यः**= इन्द्रियहरूभन्दा, **परत्वेन** = कालकृत र देशकृत दूरताको दिग्दर्शनद्वारा, **परमात्मानम्**= परमात्मालाई नै, **अध्वनः** = संसारमार्गभन्दा, **पारम्**= पारी रहेको, **विष्णोः** = विष्णुको, **परमं पदम्** = परम पदको रूपमा, **दर्शयति** = यमराजले देखाउँछन्, **इन्द्रियेभ्यः** = इन्द्रियहरूभन्दा, **हि** = निश्चय नै, **अर्थाः** = इन्द्रियका विषयहरू, **पराः** = श्रेष्ठ छन्, **च** = र, **अर्थेभ्यः** = इन्द्रियार्थभन्दा, **परम्** = श्रेष्ठ, **मनः**= मन छ, **मनसः**= मनभन्दा, **तु** = त, **परा** = श्रेष्ठ, **बुद्धिः** = बुद्धि छ, **बुद्धेः**= बुद्धिभन्दा **महान् आत्मा** = जीवात्मा, **परः** = प्रबल छ, **महतः** = त्यस महान्भन्दा, **अव्यक्तम्** = अव्यक्त, **परम्** = श्रेष्ठ छ, **अव्यक्तात्** = अव्यक्तभन्दा, **पुरुषः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष, **परः** = श्रेष्ठ छ, **पुरुषात्**= पुरुषभन्दा, **परम्** = श्रेष्ठ, **किञ्चित्** = केही पनि, **न** = छैन, **सा** = पुरुष नै, **काष्ठा** = परत्वको अन्तिम दिशा हो, **सा** = त्यो नै, **परा**= अन्तिम, **गतिः** = मुक्ति हो, **इति** = यसरी १/३/१०-११ काठकश्रुतिमा भनिएको छ, **तत्र पूर्वस्याम्** = पहिले उल्लेख गरिएको '**आत्मानम्०**' इत्यादि श्रुतिमा, **रथरूपककल्पनायाम्** = रथरूपकको कल्पनामा, **ये एव** = जो नै, **इन्द्रियादयः** = इन्द्रिय आदिहरू, **अश्वादिभावेन** = घोडा आदि रूपले, **प्रकृताः** = वर्णित छन्, **ते एव** = ती इन्द्रिय आदि नै, **इह** = यस श्रुतिमा, **प्रकृतहानाप्रकृतप्रक्रियापरिहाराय**= प्रकृतको (पूर्ववर्णितको) त्याग र अप्रकृत (अवर्णित) प्रक्रियाको प्राप्तिलाई हटाउन, **परिगृह्यन्ते** = ग्रहण गरिन्छन्, **तत्र** = तिनमा, **तावत्** = पहिले, **इन्द्रियमनोबुद्धयः**= इन्द्रिय, मन र बुद्धि; **पूर्वत्र** = पूर्व '**आत्मानं रथिनम्०**' इत्यादि वाक्यमा, **च** = र, **इह** = यहाँ '**इन्द्रियेभ्यः०**' इत्यादि वाक्यमा, **समानशब्दाः एव** = समानशब्दद्वारा नै निर्दिष्ट छन् अर्थात् पूर्ववर्णित (प्रकृत) को ग्रहण भएको छ, **अर्थाः** = अर्थहरू, अर्थात्, **ये** = जो, **शब्दादयः** = शब्द, रूप, गन्ध आदि अर्थहरू, **विषयाः** = विषय कहिन्छन्, ती; **इन्द्रियहयगोचरत्वेन** = इन्द्रियरूपी घोडाहरूद्वारा ग्रहण गरिने रूपमा, **निर्दिष्टाः** = बताइएका छन्, **तेषाम्** = ती अर्थहरूको, **च** = र, **इन्द्रियेभ्यः** = इन्द्रियहरूभन्दा, **परत्वम्** = बलको अधिकता छ, परत्व छ, **इन्द्रियाणाम्** = प्राण, रसना, वाक्, चक्षु, श्रोत्र, मन, हस्त र त्वक् यी आठ इन्द्रियहरूको, **ग्रहत्वम्** = 'ग्रह' नामकरण गरिएको छ, किनकि यिनले पुरुषरूप पशुलाई ग्रहण गरी आफ्नो वशमा राख्दछन्, **विषयाणाम्** = गन्ध, रस, शब्द, नाम, रूप, काम, कर्म र स्पर्श आदि विषयहरूको सम्बन्ध विना पुरुषलाई वशमा राख्न नसकिने हुनाले, यी विषयलाई, **अतिग्रहत्वम्** = अतिग्रह भनिएको छ, **इति श्रुतिप्रसिद्धेः** = यो भनाइ बृहदारण्यक श्रुतिमा प्रसिद्ध छ, **विषयेन्द्रियव्यवहारस्य** = विषय र इन्द्रियहरूको पारस्परिक सम्बन्धको, **मनोमूलत्वात्** = मन नै जरो भएकाले, **विषयेभ्यः** = विषयहरूभन्दा, **मनसः** = मनको, **परत्वम्** = परत्व छ, अर्थात् मन प्रबल छ, **मनसः** = मनभन्दा, **तु** = त, **बुद्धिः** = बुद्धि, **परा** = प्रबल छ,पर छ; **हि** = किनकि, **भोग्यजातम्** = भोग्य समुदाय (भोगिने विषय), **बुद्धिम्** = बुद्धिमा, **आरुह्य** = आधारित भएर (आश्रय लिएर), **भोक्तारम्** =भोग गर्ने पुरुषका समीपमा, **उपसर्पति** = पुग्दछ, **बुद्धेः** = बुद्धिभन्दा, **महान् आत्मा** = जीवात्मा, **परः** = श्रेष्ठ छ भनिने, **यः** = जुन आत्मा छ, **सः** = त्यो, **आत्मानम्** = आत्मालाई, **रथिनम्** = रथको स्वामी, **विद्धि** = जान, **इति** = यस भनाइद्वारा, **रथित्वेन** = शरीररूपी रथको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वामीका रूपमा, **उपक्षिप्तः** = निर्दिष्ट छ, **कुतः** = किन, कसरी, **आत्मशब्दात्** = बुद्धिभन्दा श्रेष्ठ आत्मा हो भन्ने श्रुतिवचन भएकाले, **च** = र, **भोक्तुः** = भोग गर्ने वालाको (भोक्ताको), **भोगोपकरणात्** = भोगको साधन बुद्धि आदि भन्दा, **परत्वोपपत्तेः** = सामर्थ्य धेरै हुनु स्वाभाविक भएकाले, **च** = र, **अस्य** = भोक्ता पुरुषको, **महत्त्वम्** = विशेषता (महत्ता), **स्वामित्वात्** = ती इन्द्रिय आदिको स्वामी भएकाले, **उपपन्नम्**= सिद्ध हुन्छ ।

विशदीकरण

'**महतः परमव्यक्तम्**' यस क्रमका आधारमा अव्यक्तशब्दको अर्थ 'प्रधान' भनेर भन्न मिल्दैन । कुनै एकपदार्थको ठाउँमा कुनै अर्को पदार्थ रहेको अवस्थामा पछि देखिने पदार्थलाई पहिलो नैहो भन्न मिल्दैन । अश्व राख्ने अश्वशालामा कारणवश गाई बाँधियो भने त्यसलाई घोडा भनिंदैन । त्यस्तै '**महतः परमव्यक्तम्**' यो श्रुतिवाक्यमा रहेको शरीरवाचक अव्यक्तलाई प्रधान भन्न मिल्दैन । त्यसकारण प्रकरण र परिशेषरूप हेतुद्वारा अव्यक्त शब्दको अर्थ शरीर नै हो भन्नु पर्दछ । किनकि श्रुतिले शरीरमा रथको सादृश्य कल्पना गरेको छ।

'**आत्मानं रथिनं विद्धि**' यस मन्त्रमा रथरूपकको कल्पना गर्दा अश्व आदि रूपकबाट जुन इन्द्रिय आदिको ग्रहण गरिएको छ,तिनको नै '**इन्द्रियेभ्यः परा ह्यर्थाः**' इत्यादि श्रुतिमा ग्रहण भएको छ। तसर्थ ती इन्द्रियहरू प्रकृत भनिन्छन्, तिनको ग्रहण नगर्दा 'प्रकृतको हानि र अपकृतको ग्रहण' जस्तो दोष लाग्न सक्दछ । उक्त दोषको निराकरण गर्न पनि अव्यक्त शब्दको अर्थ शरीर हो भन्नु पर्दछ। '**आत्मानं रथिनं विद्धि**' यस पूर्व मन्त्रमा तथा '**इन्द्रियेभ्यः परा ह्यर्थाः**' यस उत्तर मन्त्रमा इन्द्रिय मन र बुद्धि समानरूपमा रहेका छन् । पूर्वमन्त्रमा 'विषय' शब्द छ भने उत्तरमन्त्रमा त्यसको समानार्थी 'अर्थ' शब्द रहेको छ । शब्दभेदको कुनै माने छैन । अतः अर्थशब्दबाट पनि विषयको ग्रहण गर्नु पर्दछ। यसप्रकार दुवै मन्त्रहरूको तात्पर्य भोक्तासँग सम्बन्धित छ र भोग्यसमुदाय भोक्ताका लागि नै हुने गर्दछ। अतः भोक्ता भोग्य विषयभन्दा महान् र श्रेष्ठ हुन्छ ।

शाङ्करभाष्यम्

अथवा -

'मनो महान्मतिर्ब्रह्मा पूर्बुद्धिः ख्यातिरीश्वरः ।
प्रज्ञा संविच्चितिश्चैव स्मृतिश्च परिपठ्यते ।।' इति स्मृतेः

'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै' (श्वे. ६/१८) इति च श्रुतेः, या प्रथमजस्य हिरण्यगर्भस्य बुद्धिः, सा सर्वासां बुद्धीनां परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिष्ठा । सेह महानात्मेत्युच्यते । सा च पूर्वत्र बुद्धिग्रहणेनैव गृहीता सती हिरुगिहोपदिश्यते; तस्या अप्यस्मदीयाभ्यो बुद्धिभ्यः परत्वोपपत्तेः । एतस्मिंस्तु पक्षे परमात्मविषयेणैव परेण पुरुषग्रहणेन रथिन आत्मनो ग्रहणं द्रष्टव्यम्; परमार्थतः परमात्मविज्ञानात्मनोर्भेदाभावात् । तदेवं शरीरमेवैकं परिशिष्यते । इतराणीन्द्रियादीनि प्रकृतान्येव परमपददिदर्शयिषया समनुक्रामन्परिशिष्यमाणेनेहान्त्येनाव्यक्तशब्देन परिशिष्यमाणं प्रकृतं शरीरं दर्शयतीति गम्यते । शरीरेन्द्रियमनोबुद्धिविषयवेदनासंयुक्तस्य ह्यविद्यावतो भोक्तुः शरीरादीनां रथादिरूपककल्पनया संसारमोक्षगतिनिरूपणेन प्रत्यगात्मब्रह्मावगतिरिह विवक्षिता । तथा च -

'एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते ।

दृश्यते त्वग्र्यया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः ।।' (का. २/३/१२) इति वैष्णवस्य परमपदस्य दुरवगमत्वमुक्त्वा तदवगमार्थं योगं दर्शयति-

'यच्छेद्वाङ्मनसी प्राज्ञस्तद्यच्छेज्ज्ञान आत्मनि ।

ज्ञानमात्मनि महति नियच्छेत्तद्यच्छेच्छान्त आत्मनि ।।' (का. १/३/१३) इति । एतदुक्तं भवति- वाचं मनसि संयच्छेत् वागादिबाह्येन्द्रियव्यापारमुत्सृज्य मनोमात्रेणावतिष्ठेत । मनोऽपि विषयविकल्पाभिमुखं विकल्पदोषदर्शनेन ज्ञानशब्दोदितायां बुद्धावध्यवसायस्वभावायां धारयेत् । तामपि बुद्धिं महत्यात्मनि भोक्तर्यग्र्यायां वा बुद्धौ सूक्ष्मतापादनेन नियच्छेत् । महान्तं त्वात्मानं शान्त आत्मनि प्रकरणवति परस्मिन्पुरुषे परस्यां काष्ठायां प्रतिष्ठापयेदिति च । तदेवं पूर्वापरालोचनायां नास्त्यत्र परपरिकल्पितस्य प्रधानस्यावकाशः ।।१।।

नेपालीभाषानुवाद

अथवा = हिरण्यगर्भका बुद्धिको विशेषताको आधारमा अव्यक्तको अर्थ निर्धारण गरेको खण्डमा, त्यो हिरण्यगर्भको बुद्धि; **मनः** = सङ्कल्परूप शक्तिका कारण **'मन'** भनिन्छ, **महान्** = व्यष्टि मनहरूमा व्यक्त हुनाले **'महान्'** शब्दबाट पुकारिन्छ, **मतिः** = सन्देहनिवारण गर्ने हेतु भएकाले **'मति'** कहाउँछ, **ब्रह्मा** = महत्त्व संपन्न भएकाले **'ब्रह्मा'** शब्दबाट संबोधित हुन्छ, **पूः** = भोग्य समुदायको आश्रय भएकाले **'पूः'** (नगरी) भनेर चिनिन्छ, **बुद्धिः** = निश्चयात्मक भएकाले **'बुद्धि'** को नामबाट प्रख्यात छ, **ख्यातिः** = कीर्ति दिने शक्ति भएकाले **'ख्याति'** को नामबाट बुझिन्छ, **ईश्वरः** = सम्पूर्ण जगत्‌को नियमन गर्ने शक्ति भएकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसलाई '**ईश्वर**' भन्द छन्, **प्रज्ञा**= लोकमा सर्वोत्तम ज्ञानका रूपमा रहेकाले त्यसलाई '**प्रज्ञा**' शब्दले पनि व्यवहार गरिन्छ, **संवित्** = सकल पदार्थहरूको अभिव्यञ्जन (प्रकाशन) गर्ने भएकाले त्यसलाई '**संवित्**' संज्ञाबाट पनि जानिन्छ, **चितिः** = चैतन्य प्रधान भएकाले त्यो '**चिति**' नाम पनि चर्चित छ, **च** = र, **स्मृतिः** = जानेका सबै विषयहरूको अनुसन्धान गर्ने भएकाले त्यसलाई '**स्मृति**' नामबाट पनि, **एव** = निश्चय नै, **परिपठ्यते** = पढिन्छ (बुझिन्छ), **इति** = यस्तो, **स्मृतेः** = स्मृतिबाट प्रमाणित छ, "**यः** = जसले, **पूर्वम्** = पहिले, **ब्रह्माणम्** = ब्रह्मालाई, **विदधाति** = पैदा गर्छ, **वै** =निश्चय नै, **यः** =जसले, **तस्मै** = ब्रह्माका लागि, **वेदान् च** = वेदहरूलाई, **प्रहिणोति** = ब्रह्माको बुद्धिमा, आविर्भाव गर्दछ, **इति** =यस्तो, **श्रुतेः** = श्वेताश्वतरश्रुतिअनुसार,**प्रथमजस्य** = सर्वप्रथम उत्पन्न, **हिरण्यगर्भस्य** = हिरण्यगर्भको, **या** = जुन, **बुद्धिः** = बुद्धि छ, **सा** = त्यो बुद्धि, **सर्वासाम्** = सबै प्रकारका, **बुद्धीनाम्** = बुद्धिहरूको, **परा** = परम्, **प्रतिष्ठा** = स्रोत हो, महिमा हो; **इह** = यहाँ, **सा** = त्यो, बुद्धि नै; **महान् आत्मा** = महान् आत्मा, **इति** = यस्तो शब्दबाट, **उच्यते** = पुकारिन्छ, **सा च** = त्यो बुद्धि पनि, **पूर्वत्र** = '**आत्मानं रथिनम्०**' इत्यादि श्रुतिमा, **बुद्धिग्रहणेन एव** = बुद्धिशब्दको नै प्रयोग गरेर, **गृहीता सती** = ग्रहण गरिएको भएता पनि, **इह** = यहाँ, **हिरुक्** = छुट्टै (पृथक्); **उपदिश्यते**= निर्देश गरिएको छ, किनकि, **तस्याः अपि** = त्यस बुद्धिको पनि, **अस्मदीयाभ्यः** = हामी जस्ता सामान्यपुरुषहरूमा आश्रित, **बुद्धिभ्यः** = बुद्धिहरूभन्दा, **परत्वोपपत्तेः**= श्रेष्ठत्व (प्रबलता) सिद्ध भएकाले, **एतस्मिन्** = यस, **पक्षे** = '**इन्द्रियेभ्यः परा ह्यर्थाः**' इत्यादि श्रुतिको विवेचनको पक्षमा, **परेण** = अन्तिममा आएको, **परमात्म-विषयेण** = परमात्मविषयक, **पुरुषग्रहणेन** ='**पुरुषः परः**' यस रूपमा पुरुषशब्दको ग्रहणबाट, **एव**= नै, **रथिनः** = शरीर रथका स्वामी, **आत्मनः** = आत्माको, **ग्रहणम्**= ग्रहण गरिएको कुरा, **द्रष्टव्यम्** = विचार गर्नुपर्छ अथवा देख्नु पर्दछ, **परमार्थतः** = वस्तुतः, **परमात्मविज्ञानात्मनोः** = परमात्मा र विज्ञानात्मा (जीव) मा, **भेदाभावात्**= भेद हुँदैन, **तदेवम्**= पूर्वश्रुतिमा वर्णित विषयहरूको उत्तरश्रुतिमा प्रायः वर्णन भएकाले, **एकम्** = एउटा, **शरीरम् एव**= शरीर नै, **अवशिष्यते** = पूर्वश्रुतिमा उल्लेख भएतापनि उत्तरश्रुतिमा ग्रहण नगरिएकाले बाँकी रहन्छ (कठश्रुतिले), **परमपददिदर्शयिषया**= परम पद तर्फ उन्मुख गराउने इच्छाबाट, **इतराणि** = अन्य, **इन्द्रियादीनि** = इन्द्रिय आदि, **प्रकृतानि एव** = पूर्व मन्त्रमा जो वर्णित नै छन्, तिनलाई, **समनुक्रामन्** = ग्रहण गर्दै, **परिशिष्यमाणेन** = बाँकी रहेको, **अव्यक्तशब्देन** = अव्यक्त शब्दद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतम् = पूर्वमन्त्रमा वर्णित, **परिशिष्यमाणम्** = उत्तरमन्त्रमा शब्दतः ग्रहण नगरिएको, **शरीरम्** = शरीरलाई, **इह** = यहाँ, **दर्शयति** = देखाउँछ, **इति** = यस्तो, **गम्यते** = बुझिन्छ, **हि** = त्यसकारण, **शरीरेन्द्रियमनोबुद्धिविषयवेदनासंयुक्तस्य** = शरीर, इन्द्रिय, मन, बुद्धि, विषय र वेदनाले जेलिएका; **अविद्यावतः** = अज्ञानी, **भोक्तुः** = जीवका, **शरीरादीनाम्** = शरीर र इन्द्रिय आदिको, **रथादिरूपकपरिकल्पनया** = रथआदिका साथ सादृश्यकल्पनाद्वारा, **संसारमोक्षगतिनिरूपणेन** = संसारयात्रा र मोक्षप्राप्तिको निरूपण गरेर, **प्रत्यगात्मब्रह्मावगतिः** = प्रत्यगात्मा (जीवात्मा)लाई ब्रह्मरूपबाट चिनाउने विषय नै, **इह**= यहाँ, **विवक्षिता** = भन्न खोजिएको छ (प्रतिपाद्य) छ, **तथा च** = त्यस्तै, **एषः** =यो, **सर्वेषु** = सबै, **भूतेषु** = प्राणीहरूमा, **गूढोत्मा** = लुकेको आत्मा, **न प्रकाशते** = गूढ भएकाले प्रकाशित हुँदैन, **तु** = तर,**सूक्ष्मदर्शिभिः**= मसिनो र गहकिलो कुरा देख्ने सूक्ष्मदर्शीहरूद्वारा, **अग्र्यया** = तीक्ष्ण, **सूक्ष्मया** = सूक्ष्म, **बुद्ध्या**= बुद्धिद्वारा (ब्रह्माकार वृत्तिद्वारा), **दृश्यते** = देखिन्छ, **इति** = यस्तो काठकश्रुतिले, **वैष्णवस्य** = विष्णुको, **परमपदस्य** = परमपदको, **दुरवगमत्वम्** = दुर्लभता, **उक्त्वा** = बताएर, **तदवगमार्थम्** = वैष्णव परमपद प्राप्तिका लागि, योगविद्या बताएको छ जस्तै, "**प्राज्ञः** = विवेकीपुरुषले,**वाक्** = वाणी इन्द्रियलाई, **मनसि** = मनमा, **यच्छेत्** = लीन गराओस्, **तत्** = त्यस मनलाई, **ज्ञाने आत्मनि** = ज्ञानात्मा बुद्धिमा, **यच्छेत्** = लीन गराओस्, **ज्ञानम्** = ज्ञानात्मा बुद्धिलाई, **महति आत्मनि** = महान् आत्मामा, **नियच्छेत्** = लीन गराओस्, **तत्** = त्यस महान् आत्मालाई, **शान्ते आत्मनि** = शान्त आत्मामा, **यच्छेत्** = लीन गराओस्, **इति** = यस्तो काठकश्रुतिको योगदर्शन रहेको छ, **एतदुक्तम्** = यसको तात्पर्यार्थ, **भवति**= यो हुन्छ कि– "**वाचम्** = विवेकी पुरुषले वाणीलाई, **मनसि** = मनमा, **संयच्छेत्**= लीन गराओस्, **वागादिबाह्येन्द्रियव्यापारम्** = वाणी आदि बाहिरी इन्द्रियका व्यापार (क्रियाकलाप)लाई, **उत्सृज्य** = छाडेर, **मनोमात्रेण** = मनस्वरूपले, **तिष्ठेत्** = रहोस्, **विषयविकल्पाभिमुखम्**= विषयगत संकल्प र विकल्प प्रति उन्मुख, **मनः**= मनलाई, **अपि** = पनि, **विकल्पदोषदर्शनेन** = संकल्प र विकल्पमा हुने दोषलाई हृदयङ्गम गरेर, **ज्ञानशब्दोदितायाम्** = माथि ज्ञानात्मा शब्दले भनिएको, **अध्यवसायस्वभावायाम्** = निश्चय गर्ने स्वभाव भएको, **बुद्धौ** = बुद्धिमा, **धारयेत्** = स्थिर गराओस् अर्थात् लीन गराओस्, **ताम्** = त्यस, **बुद्धिम्** = बुद्धिलाई, **अपि** = पनि, **भोक्तरि** = भोक्ता, **महति** = महान्, **आत्मनि** = आत्मामा, **वा** = अथवा, **अग्र्यायाम्** = समाधिपरिपाकबाट उत्पन्न तीक्ष्ण, **बुद्धौ** = बुद्धिमा, **सूक्ष्मतापादनेन**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूक्ष्मबाट सूक्ष्मतर र सूक्ष्मतम बनाएर, **नियच्छेत्** = लीन गराओस्, **महान्तम्** = महान्, **आत्मानम्** = आत्मालाई, **प्रकरणवति** = प्रकरणप्राप्त, **शान्ते** = शान्त, **आत्मनि** = आत्मनि, **परस्याम् काष्ठायाम्** = अन्तिम आश्रय, **परस्मिन्** = परम, **पुरुषे** = ब्रह्ममा, **प्रतिष्ठापयेत्** = लीन गराओस्, **इति च** = यस्तो निष्कर्ष रहेको छ, **तत्** = त्यसकारण, **एवम्** = यस रूपमा, **पूर्वपरालोचनायाम्** = पूर्वापरपर्यालोचन गरे पछि, **अत्र** = यहाँ, **परिकल्पितस्य** = पूर्वपक्षद्वारा कल्पित, **प्रधानस्य** = प्रधानका लागि, **अवकाशः** = स्थान, **न अस्ति** = हुँदैन ।

विशदीकरण

'मननशक्तिरूप मन, व्यापक शक्तिको परिचायक महान्, भाविनिश्चयरूप मति, जीवात्मरूप ब्रह्म, भोग्याश्रयरूप, तात्कालिकज्ञानरूप बुद्धि, कीर्ति, नियमनशक्ति, त्रैकालिक प्रज्ञा, संवित्, चिति र स्मृतिको समष्टिरूप नै हिरण्यगर्भको बुद्धि हो' भन्ने स्मृतिको भनाइ रहेको छ । त्यस्तै- श्रुतिले पनि 'जसले सर्वप्रथम ब्रह्मालाई उत्पन्न गर्छ र उनको बुद्धिमा वेदलाई प्रकट गराउँछ' भनेको छ । 'जो हिरण्यगर्भको बुद्धि छ त्यो सबै व्यष्टि बुद्धिहरूको परम आश्रय हो, त्यही नै महान् आत्मा हो' भनेर पनि भनिएको छ।

'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।
बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ।।

यस काठकश्रुतिमा बुद्धिको उल्लेख गरिएको छ, किनकि हिरण्यगर्भको बुद्धि हामीहरूको बुद्धिभन्दा श्रेष्ठ छ । '**इन्द्रियेभ्यः परा अर्थाः**' इत्यादि श्रुतिमा पुरुषभन्दा पर केही छैन भनिएकाले शरीररूपी रथका स्वामी आत्माको ग्रहण गर्नु नै उपयुक्त हुन्छ । किनकि वास्तवमा परमात्मा र जीवात्मामा भेद छैन ।

'**आत्मानम्०**' इत्यादि पूर्वश्रुतिमा वर्णित विषयहरूको '**इन्द्रियेभ्यः०**' इत्यादि उत्तरश्रुतिमा प्रायः ग्रहण गरिएको छ । तर एउटा शरीर शब्द छ जसको उत्तरश्रुतिमा शरीरशब्दले ग्रहण गरिएको छैन । अतः उत्तरश्रुतिको अव्यक्तशब्दको अर्थ शरीर बुझ्नु पर्दछ। शरीर, इन्द्रिय, मन, बुद्धि र भोगले जेलिएको जुन भोक्ता जीव छ, त्यसका शरीर आदिको रथादिरूपक कल्पना गरेर संसार र मोक्षप्राप्तिको निरूपण गरिएको छ । यस निरूपणद्वारा प्रत्यगात्मालाई ब्रह्मरूपमा चिनाउने उद्देश्य राखिएको छ ।

'त्यो प्राणीहरूमा लुकेको आत्मा गूढ भएकाले प्रकाशित हुँदैन, यसलाई सूक्ष्मदर्शी योगीहरूले सूक्ष्म बुद्धिद्वारा देख्दछन्' भनेर वैष्णव पदको दुर्लभता बताएर त्यस वैष्णव पदको प्राप्तिका लागि योगविद्याको उपदेश गरिएको छ । जस्तै- 'विवेकी पुरुषले वाणीलाई मनमा, मनलाई बुद्धिमा, बुद्धिलाई महान् आत्मामा, महान् आत्मालाई शान्त आत्मामा अर्थात् परम पुरुषमा लीन गराओस्' भनिएको छ । यसरी श्रुतिको पूर्वापर पर्यालोचन गरे पछि साङ्ख्य कल्पित प्रधानको वर्णन श्रुतिमा भएको छ भन्ने आधार भेटिंदैन । अतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव्यक्त भनेको प्रधान होइन, अपितु शरीर हो भनेर बुझ्नु पर्दछ ।

अतः निष्कर्षमा यसरी भन्न सकिन्छ – श्रुति र स्मृतिमा हिरण्यगर्भको बुद्धिलाई महान् आत्मा भनिएको छ । यसरी ग्रहण गर्नाले श्रुतिवचन पनि सार्थक हुन आउँछन् । यस प्रकार प्रकरण र परिशेषबाट अव्यक्त शब्दको अर्थ शरीर नै हुन आउँछ । वाणीलाई मनमा, मनलाई बुद्धिमा, बुद्धिलाई महान्मा र महान् आत्मालाई शान्त आत्मामा लीन गर्न निर्देश दिने योगविद्याले पनि कतै प्रधानको चर्चा गरेको छैन । जुन अव्यक्त छ, त्यो त वास्तवमा शरीर नै हो ॥१॥

ब्रह्मसूत्रम् - सूक्ष्मं तु तदर्हत्वात् १/४/२

सूत्रार्थ - **सूक्ष्मम्** = सूक्ष्मशरीरलाई अव्यक्त भनिन्छ, **तु** = त, **तदर्हत्वात्** = किनकि त्यो अव्यक्त शब्द प्रयोगका लागि उपयुक्त हुन्छ ।

शाङ्करभाष्यम्

उक्तमेतत्प्रकरणपरिशेषाभ्यां शरीरमव्यक्तशब्दं न प्रधानमिति । इदमिदानीमाशङ्क्यते– कथमव्यक्तशब्दार्हत्वं शरीरस्य ? यावता स्थूलत्वात्स्पष्टतरमिदं शरीरं व्यक्तशब्दार्हमस्पष्टवचनस्त्वव्यक्तशब्द इति । अत उत्तरमुच्यते– सूक्ष्मं त्विह कारणात्मना शरीरं विवक्ष्यते; सूक्ष्मस्याव्यक्तशब्दार्हत्वात् । यद्यपि स्थूलमिदं शरीरं न स्वयमव्यक्तशब्दमर्हति, तथापि तस्य त्वारम्भकं भूतसूक्ष्ममव्यक्तशब्दमर्हति । प्रकृतिशब्दश्च विकारे दृष्टः । यथा **'गोभिः श्रीणीत मत्सरम्'** (ऋ.सं० ९/४६/४) इति । श्रुतिश्च – **'तद्धेदं तर्ह्यव्याकृतमासीत्'** (बृ. १/४/७) इतीदमेव व्याकृतनामरूपविभिन्नं जगत्प्रागवस्थायां परित्यक्तव्याकृतनामरूपं बीजशक्त्यवस्थमव्यक्तशब्दयोग्यं दर्शयति ॥२॥

नेपालीभाषानुवाद

प्रकरणपरिशेषाभ्याम् = प्रकरण र परिशेषद्वारा, **अव्यक्तशब्दम्** = अव्यक्तशब्दको वाच्यार्थ, **शरीरम्** = शरीर हो, **न प्रधानम्** = प्रधान होइन, **इति** = यस्तो, **उक्तम्** = पूर्वसूत्रमा भनियो, **इदानीम्** = अहिले, **इदम्** = यो, **आशङ्क्यते** = पूर्वपक्षको दृष्टिबाट आशङ्का गरिन्छ, **शरीरस्य** = शरीरको, **अव्यक्तशब्दार्हत्वम्** = अव्यक्तशब्दबाट बुझाउने योग्यता, **कथम्** = कसरी हुन्छ, **यावता** = जब कि, **स्थूलत्वात्** = स्थूल (मोटो) हुनाले, **स्पष्टतरम्** = अत्यन्त स्पष्ट छ कि, **इदम्** = यो स्थूल, **शरीरम्** = शरीर, **व्यक्तशब्दार्हम्** = व्यक्त शब्दबाट पुकारिन योग्य छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव्यक्तशब्दः = अव्यक्त शब्द त, **अस्पष्टवचनः** = अस्पष्ट अर्थको वाचक हो, **इति** = यस्तो शङ्का हुन्छ, **अतः** = यसकारण, **उत्तरम्** = त्यस शङ्काको उत्तर, **उच्यते** = भनिन्छ, **इह** = यहाँ, **तु** = त, अव्यक्तशब्दको अर्थ, **कारणात्मना** = कारणरूप हुनाले, **सूक्ष्मम्** = सूक्ष्म, **शरीरम्** = शरीर, **विवक्ष्यते** = भन्न खोजिएको छ, **सूक्ष्मस्य** = सूक्ष्म शरीरको नै, **अव्यक्तशब्दार्हत्वात्** = अव्यक्त शब्दबाट पुकारिने योग्यता हुनाले, **यद्यपि** = हुन त, **इदम्** = यस, **स्थूलम्** = स्थूल, **शरीरम्** = शरीरले, **स्वयम्** = आफैंमा, **अव्यक्तशब्दम्** = अव्यक्त शब्द भनिने, **न अर्हति** = योग्यता राख्दैन, **तथापि** = तापनि, **तस्य** = स्थूलशरीरको, **आरम्भकम्** = निर्माणं प्रारम्भ गर्ने, **भूतसूक्ष्मम्** = आकाश, पृथिवी आदि महाभूतका सूक्ष्म परमाणुहरूले, **अव्यक्तशब्दम्** = 'अव्यक्त' भनिने, **अर्हति** = योग्यता राख्दछन्, **प्रकृतिशब्दः** = मूलशब्द, **विकारे** = त्यसका अर्थको विकारलाई बताउनमा, **दृष्टः** = प्रयोग भएको देखिएको छ, **यथा** = जस्तै, **गोभिः** = गाईका विकार दूधका साथ, **मत्सरम्** = सोमरसलाई, **श्रीणीत** = मिसाउनु पर्दछ", **इति** = यसरी प्रकृति गाईको वाचक गोशब्दको विकार अर्थात् दूध भन्ने अर्थ बुझाउन प्रयोग गरिएको छ, **श्रुतिश्च** = श्रुतिले पनि, **तर्हि** = पूर्वावस्थामा, **ह** = निश्चय नै, **तत्** = त्यो, **इदम्** = यो, **जगत्** = जगत्, **अव्याकृतम्** = अव्यक्त, **आसीत्** = थियो, **इति** = यसरी भनेको छ, **इदम् एव** = यही नै, **व्याकृतनामरूपविभिन्नम्** = व्यक्त भएका नाम र रूपका कारण अनेक रूपको, **जगत्** = जगत्, **प्रागवस्थायाम्** = सृष्टिभन्दा पहिले, **परित्यक्त-व्याकृतनामरूपम्** = व्यक्त नाम र रूपबाट रहित, **बीजशक्त्यवस्थम्** = बीजशक्तिरूप (संस्काररूप)ले अवस्थित रहन्छ, **अव्यक्तशब्दयोग्यम्** = अतः जगत्ले अव्यक्त शब्दबाट सम्बोधित हुने योग्यता राख्दछ भनेर, **दर्शयति** = श्रुतिले देखाएको छ, अतः गाईबाट दूध अर्थ लागे झैं सूक्ष्मशरीरको अर्थ अव्यक्त स्थूल शरीरलाई बुझाउन पनि प्रयुक्त हुन्छ र अव्यक्त भनेको शरीर नै हो ।

विशदीकरण

जुन वस्तु आँखा आदि इन्द्रियद्वारा स्पष्टरूपमा जानिन्छ, त्यो व्यक्त वस्तु हो र जुन त्यसरी जानिदैन, त्यो अव्यक्त हो । यो स्थूल शरीर त आँखा आदि इन्द्रिहरूबाट स्पष्ट नै प्रत्यक्ष छ । यसलाई कसरी अव्यक्त भन्न सकिन्छ, यो पूर्वपक्षको आशङ्का हो ।

यसको सिद्धान्तपक्षबाट उत्तर दिंदै आचार्य भन्दछन् - कारण र कार्यमा वस्तुतः भेद हुँदैन । अतः कारणको वाचक अव्यक्त शब्द कार्यमा प्रयुक्त हुन सक्तछ । '**गोभिः श्रीणीत मत्सरम्**' यसवाक्यको वाच्यार्थ हो- 'गाईहरूसँग सोमरस मिसाउ' गाईसँग सोमरसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्रण त असम्भव छ । अतः लक्षणाद्वारा गाईको अर्थ गाईको दूध भन्ने हुन्छ । त्यस्तै आकाश आदि सूक्ष्म भूतले अनुप्राणित सूक्ष्म शरीर स्थूलशरीरको कारण हो, त्यसका लागि अव्यक्त शब्दको प्रयोग हुन्छ ।अतः प्रकृति सूक्ष्मशरीरको वाचक अव्यक्त शब्द, विकृति स्थूल शरीरको पनि वाचक हुन्छ ।।२।।

ब्रह्मसूत्रम् - तदधीनत्वादर्थवत् १/४/३

सूत्रार्थ - तदधीनत्वात् = ईश्वरको अधीनमा हुनाले **'अव्यक्त'** स्वतन्त्र छैन, **अर्थवत्** = तर जगत्को उत्पत्तिमा ईश्वरको सहायक हुनाले सार्थक पनि छ ।

शाङ्करभाष्यम्

अत्राह - यदि जगदिदमनभिव्यक्तनामरूपं बीजात्मकं प्रागवस्थमव्यक्त-शब्दार्हमभ्युपगम्येत, तदात्मना च शरीरस्याप्यव्यक्तशब्दार्हत्वं प्रतिज्ञायेत, स एव तर्हि प्रधानकारणवाद एवं सत्यापद्येत । अस्यैव जगतः प्रागवस्थायाः प्रधानत्वे-नाभ्युपगमादिति ।

नेपालीभाषानुवाद

अत्र = यहाँ, **आह** = पूर्वपक्ष भन्दछ, **यदि** = यदि, **अनभिव्यक्तनामरूपम्**= नाम र रूप प्रकट नभएको, **प्रागवस्थम्** = सृष्टिभन्दा पहिलेको अवस्थामा रहेको, **बीजात्मकम्** = बीज शक्ति रूप (संस्काररूप), **इदम्** = यस, **जगत्** = जगत्ले, **यदि** = यदि, **अव्यक्तशब्दार्हम्** = अव्यक्त भनिने योग्यता राख्दछ भन्ने कुरा, **अभ्युपगम्येत** = स्वीकार गरिन्छ भने, **तदात्मना** = त्यस रूपबाट, **शरीरस्य** = स्थूल शरीरको, **अपि** = पनि, **अव्यक्तशब्दार्हत्वम्** = अव्यक्त शब्दबाट पुकारिने योग्यता छ भनेर, **प्रतिज्ञायेत** = यदि प्रतिज्ञा गरिन्छ, **एवं सति** = त्यसो भए, **तर्हि**= त, **सः एव** = साङ्ख्यवादीहरूद्वारा स्वीकार गरिएको, **प्रधानकारणवादः** = प्रधान नै जगत्को कारण हो भन्ने सिद्धान्त, **आपद्येत**= स्वीकार्य हुनआउने छ, **अस्य एव**= यसै, **जगतः** = जगत्को, **प्रागवस्थायाः** = कारणावस्थालाई, **प्रधानत्वेन** = प्रधानको रूपमा, **अभ्युपगमात्** = साङ्ख्यदर्शनमा स्वीकार गरिएकाले, **इति** = यस्तो पूर्वपक्षको आशङ्का रहेको छ ।

विशदीकरण

यदि कारणरूप सूक्ष्मशरीरलाई अव्यक्त भनिन्छ र त्यसको कार्यरूप स्थूलशरीरका निम्ति पनि कारण र कार्यमा अभेद मानेर अव्यक्तशब्दको प्रयोग गर्न सकिन्छ भने साङ्ख्यशास्त्रले जगत्को कारणरूपमा रहेको प्रधानलाई अव्यक्त भन्नु र वेदान्तले जगत्कारणरूप सूक्ष्मशरीरलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव्यक्त भन्नुमा कुनै अन्तर देखिएन । यो पूर्वपक्षबाट उठाइएको आशङ्का हो ।

शाङ्करभाष्यम्

अत्रोच्यते – यदि वयं स्वतन्त्रां काञ्चित्प्रागवस्थां जगतः कारणत्वेनाभ्युपगच्छेम, प्रसञ्जयेम तदा प्रधानकारणवादम् । परमेश्वराधीना त्वियमस्माभिः प्रागवस्था जगतोऽभ्युपगम्यते, न स्वतन्त्रा । सा चावश्याभ्युपगन्तव्या । अर्थवती हि सा । न हि तया विना परमेश्वरस्य स्रष्टृत्वं सिद्धयति, शक्तिरहितस्य तस्य प्रवृत्त्यनुपपत्तेः। मुक्तानां च पुनरनुत्पत्तिः । कुतः ? विद्यया तस्या बीजशक्तेर्दाहात् । अविद्यात्मिका हि बीजशक्तिरव्यक्तशब्दनिर्देश्या परमेश्वराश्रया मायामयी महासुषुप्तिः, यस्यां स्वरूपप्रतिबोधरहिताः शेरते संसारिणो जीवाः । तदेतदव्यक्तं क्वचिदाकाशशब्दनिर्दिष्टम् – '**एतस्मिन्नु खल्वक्षरे गार्ग्याकाश ओतश्च प्रोतश्च**' (बृ. ३/८/११) इति श्रुतेः । क्वचिदक्षरशब्दोदितम्, '**अक्षरात्परतः परः**' (मु. २/१/२) इति श्रुतेः । क्वचिन्मायेति सूचितम्, '**मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्**' (श्वे. ४/१०) इति मन्त्रवर्णात् । अव्यक्ता हि सा माया तत्त्वान्यत्वनिरूपणस्याशक्यत्वात् । तदिदं '**महतः परमव्यक्तम्**' इत्युक्तम्; अव्यक्तप्रभवत्वान्महतः, यदा हैरण्यगर्भी बुद्धिर्महान्, यदा तु जीवो महान्, तदाप्यव्यक्ताधीनत्वाज्जीवभावस्य '**महतः परमव्यक्तम्**' इत्युक्तम् । अविद्या ह्यव्यक्तम्। अविद्यावत्त्वेनैव जीवस्य सर्वः संव्यवहारः संततो वर्तते । तच्चाव्यक्तगतं महतः परत्वमभेदोपचारात्तद्विकारे शरीरे परिकल्प्यते । सत्यपि शरीरवदिन्द्रियादीनां तद्विकारत्वाविशेषे शरीरस्यैवाभेदोपचारादव्यक्तशब्देन ग्रहणमिन्द्रियादीनां स्वशब्दैरेव गृहीतत्वात्परिशिष्टत्वाच्च शरीरस्य ।

नेपालीभाषानुवाद

अत्र = यहाँ उत्तररूपमा, **उच्यते** = भनिन्छ, **यदि** = यदि, **वयम्** = हामीहरू, **स्वतन्त्राम्** = कसैको अधीनमा नरहने, **काञ्चित्** = कुनै, **प्रागवस्थाम्** = कारणावस्थालाई, **जगतः** = जगत्को, **कारणत्वेन** = कारणरूपमा, **अभ्युपगच्छेम**= स्वीकार गर्छौं भने, **तदा** = त्यसबेला मात्र, **प्रधानकारणवादम्** = साङ्ख्यसम्मत प्रधानकारणवादलाई, **प्रसञ्जयेम** = अनुगमन गर्ने वाला हुनेछौं, **अस्माभिः** = हामीहरूद्वारा, **तु** = त, **जगतः** = संसारको, **इयम्** = यो, **प्रागवस्था** = कारणावस्था, **परमेश्वराधीना** = परमेश्वरको अधीनमा रहेको, **अभ्युपगम्यते** = स्वीकार गरिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न स्वतन्त्रा = स्वतन्त्ररूपमा सक्रिय कारणावस्था स्वीकार गरिंदैन, **सा च** = त्यो, ईश्वराधीन कारणावस्था, **अवश्याभ्युपगन्तव्या** = अवश्य नै स्वीकारयोग्य छ, **हि**= निश्चय नै, **सा** = ईश्वराधीन कारणावस्था, **अर्थवती** = सफल छ, **हि** = किनकि, **तया विना** = ईश्वराधीन कारणावस्था विना, **परमेश्वरस्य** = परमेश्वरको, **स्रष्टृत्वम्**= सृष्टि गर्ने सामर्थ्य, **न सिद्ध्यति** = सिद्ध हुँदैन, **शक्तिरहितस्य** = विना शक्तिका, **तस्य** = परमेश्वरको, **प्रवृत्त्यनुपपत्तेः** = सृष्टिकार्यमा संलग्नता सिद्ध हुँदैन, **मुक्तानाम्**= मुक्त भएका पुरुषहरूको, **पुनः** = फेरि, **अनुत्पत्तिः** = उत्पत्ति हुँदैन, **कुतः** = किनकि, **विद्यया** = ब्रह्मविद्याद्वारा, **तस्याः** = कारणरूप शक्तिको, **दाहात्** = नाश हुनाले, **हि** = निश्चय नै, **अविद्यात्मिका** = अज्ञानले पूर्ण, **बीजशक्तिः** = प्रागवस्थारूप कारणशक्ति, **अव्यक्तशब्दनिर्देश्या** = अव्यक्त शब्दबाट निर्देश गर्न योग्य छ, **परमेश्वराश्रया** = परमेश्वरको आश्रयमा रहेको छ, **मायामयी** = मायारूप छ र, **महासुषुप्तिः**= महानिद्रास्वरूपको छ, **यस्याम्** = जुन अविद्यामय महामोह निद्रारूप कारणशक्तिमा, **स्वरूपप्रतिबोधरहिताः** = आफूलाई नचिन्ने, **संसारिणः**= संसारी, **जीवाः** = जीवहरू, **शेरते** = सुतिरहेका छन्, **तत्** = त्यही, **एतत्**= यो, **अव्यक्तम्** = अव्यक्त, **क्वचित्**= कहीं, **आकाशशब्दनिर्दिष्टम्** = आकाश नामबाट निर्दिष्ट छ, जस्तै, **गार्गि** = हे गार्गी, **एतस्मिन्** = यस, **अक्षरे** = अविनाशी ब्रह्ममा, **आकाशः** = अव्यक्त, **ओतश्च प्रोतश्च**= मालामा फूलका थुंगा उनिए झैं उनिएको छ, **इति** = यसप्रकारको, **श्रुतेः**= बृहदारण्यकश्रुतिको भनाइ छ, **क्वचित्** = कहीं त्यस अव्यक्तलाई, **अक्षरशब्दोदितम्**= अक्षरशब्दबाट चिनाइएको छ, जस्तै, **परतः** = सर्वश्रेष्ठ, **अक्षरात्** = अव्यक्तबाट पनि, **परः** = श्रेष्ठ छ, **इति** = यस्तो, **श्रुतेः** = मुण्डकश्रुतिको वचन छ, **क्वचित्** = कहीं त्यो अव्यक्त, **माया इति** = माया भनेर, **सूचितम्** = सूचित गरिएको छ, जस्तै-; **प्रकृतिम्** = प्रकृतिलाई, **तु** = त, **मायाम्** = मायाको रूपमा, **विद्यात्** = जानोस्, **महेश्वरम्** = महेश्वरलाई, **तु** = त, **मायिनम्** = मायावी जानोस्, **इति** = यस्तो, **मन्त्रवर्णात्** = श्वेताश्वतरश्रुतिको मन्त्रवर्णबाट स्पष्ट हुन्छ, **हि** = निश्चय नै, **सा** = त्यो, **माया** = माया, **अव्यक्त** = अव्यक्त छ, **तत्त्वान्यत्वनिरूपणस्य** = तत्त्वहरूमा कुन तत्त्व हो भनेर निरूपण गर्न अर्थात् त्यो सद्रूप हो अथवा असद्रूप हो, अथवा ब्रह्मदेखि भिन्न हो अथवा अभिन्न इत्यादि प्रकारबाट निरूपण गर्न, **अशक्यत्वात्**= नसकिने हुनाले, **महतः** = महान्, **अव्यक्तप्रभवत्वात्** = अव्यक्तबाट उत्पन्न हुनाले, **परम्** = श्रेष्ठ, **अव्यक्तम्** = अव्यक्त, **इति** = यस्तो, **उक्तम्** = भनियो, **यदा** = यदि, **हैरण्यगर्भी** = हिरण्यगर्भको बुद्धि, **महान्** = महत्तत्व भनिन्छ अर्थात् यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्को अर्थ हिरण्यगर्भको बुद्धि हुन्छ भने, **महतः** = महान्, **अव्यक्तप्रभवत्वात्**= अव्यक्तबाट उत्पन्न हुने हुनाले, **तत्** = त्यसैले, **महतः** = महान् भन्दा, **परम्** = श्रेष्ठ, **अव्यक्तम्** = अव्यक्त हुन्छ, **इदम्** = यो कुरा, **उक्तम्** = भनियो, **यदा** = जब, **जीवः** = जीव, **महान्** = महान् (महत्तत्व) भनिन्छ भने, **तदा अपि** = त्यस स्थितिमा पनि, **जीवभावस्य** = जीवत्व, **अव्यक्ताधीनत्वात्** = अव्यक्तको अधीनमा हुने हुनाले, **महतः** = महान् भन्दा, **परम्** = श्रेष्ठ, **अव्यक्तम्** = अव्यक्त हुन्छ, **इति**= यस्तो, **उक्तम्** = भनियो, **हि** = निश्चय नै, **अविद्या** = अविद्या नै, **अव्यक्तम्** = अव्यक्त हो, **अविद्यावत्त्वेन एव** = अविद्याले युक्त हुनाले नै, **जीवस्य** = जीवात्माको, **सर्वः** = सबै, **संव्यवहारः** = व्यवहार, **संततः** = फैलिएको, **वर्तते** = छ, **तत् च** = त्यो, **अव्यक्तगतम्** = अव्यक्तमा रहने, **महतः** = महान्भन्दा, **परत्वम्** = श्रेष्ठता छ त्यसको वा परत्व, **अभेदोपचारात्** = कार्य र कारणमा अभेदको उपचारबाट, **तद्विकारे** = अव्यक्त को विकार, **शरीरे** = शरीरमा, **परिकल्प्यते** = परिकल्पना गरिन्छ, **इन्द्रियादीनाम्** = इन्द्रिय आदिमा, **शरीरवत्** = शरीरको जस्तै, **तद्विकारत्वाविशेषे** = अव्यक्तको सामान्य विकारत्व, **सति अपि** = भए पनि अर्थात् शरीर अव्यक्तको विकार भए जस्तै इन्द्रिय आदि पनि अव्यक्तकै विकार भएता पनि, **अभेदोपचारात्** = कार्य-कारणमा अभेदको आरोपबाट, **अव्यक्तशब्देन** = अव्यक्तशब्दद्वारा, **शरीरस्य एव** = शरीरको नै, **ग्रहणम्** = ग्रहण गरिन्छ, किनभने; **इन्द्रियादीनाम्** = इन्द्रिय आदिको, **स्वशब्दैः एव** = **'इन्द्रियेभ्यः परा ह्यर्थाः'** इत्यादिमा इन्द्रिय शब्दबाट नै, **गृहीतत्वात्** = ग्रहण गरिएकाले, **च** = र, **शरीरस्य** = शरीरको, **परिशिष्टत्वात्** = ग्रहण गर्न बाँकी रहेकाले अर्थात् परिशेष भएकाले ।

विशदीकरण

दृश्यमान कार्यरूप जगत् दुःख र मोहात्मक छ । यस्तो जगत्को उत्पत्ति सुखात्मक, दुःखात्मक र मोहात्मक कारणबाट नै हुन्छ । यसमा सुखात्मकता सत्त्वबाट, दुःखात्मकता रजबाट र मोहात्मकता तमो गुणबाट हुन्छ । उक्त ३ गुणहरूको साम्यावस्थालाई कारणावस्था अथवा प्रधान भनी साङ्ख्यदर्शनले नामकरण गरेको छ। जगत्को कारणावस्था माया नै हो। त्यो परमेश्वरको अधीनमा छ । माया वस्तुतः अनित्य, अनिर्वचनीय, मिथ्या र परतन्त्र छ । साङ्ख्यको प्रधान निर्वचनीय सत्य र स्वतन्त्र छ । अतः माया र प्रधानमा समानता हुन सक्तैन । जब वेदान्तदर्शनमा कारणावस्था अव्यक्त मायालाई स्वतन्त्र मानिदैन भने साङ्ख्यसम्मत प्रधानकारणवाद र मायावाद एउटै हो भन्नुमा कुनै तात्त्विक आधार पनि रहँदैन।

अव्याकृत नामरूपात्मक कारणावस्था मायालाई बन्ध र मोक्षको व्यवस्थाका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि स्वीकार गर्नै पर्ने हुन्छ । त्यसो नगरेको खण्डमा आत्मामा बन्ध र मोक्ष सिद्ध हुन आउँदैन । माया अविद्यामय बीजशक्ति स्वरूप परमेश्वरमा आश्रित र महासुषुप्तिस्वरूप छ। यसैमा अविद्यापतित जीवहरू ढुलमुल गरिरहेका छन् । यसैलाई अक्षर, आकाश, अविद्या र अव्यक्त पनि भनिन्छ । हुन त अव्यक्त भनेर भौतिक जगत्‌को कारणावस्था सूक्ष्मकारणबाट नै स्थूल कार्य उत्पन्न हुनाले स्थूल शरीरलाई पनि अव्यक्त भनिएको छ । यसरी स्थूल शरीरलाई अव्यक्त भन्नुमा प्रकरण र परिशेष पनि कारण बनेका छन् ।

शाङ्करभाष्यम्

अन्ये तु वर्णयन्ति– द्विविधं हि शरीरं स्थूलं सूक्ष्मञ्च । स्थूलं यदिदमुपलभ्यते। सूक्ष्मं यदुत्तरत्र वक्ष्यते – **'तदन्तरप्रतिपत्तौ रंहति संपरिष्वक्तः प्रश्ननिरूपणाभ्याम्'** (ब्र.सू. ३/१/१) इति । तच्चोभयमपि शरीरमविशेषात्पूर्वत्र रथत्वेन सङ्कीर्तितम् । इह तु सूक्ष्ममव्यक्तशब्देन परिगृह्यते, सूक्ष्मस्याव्यक्तशब्दार्हत्वात् । तदधीनत्वाच्च बन्धमोक्षव्यवहारस्य जीवात्तस्य परत्वम्। यथाऽर्थाधीनत्वादिन्द्रियव्यापारस्येन्द्रियेभ्यः परत्वमर्थानामिति ।

नेपालीभाषानुवाद

अन्ये = अरू वृत्तिकार आचार्यहरू, **तु** = त, **वर्णयन्ति** = भन्दछन्, **हि** = वस्तुतः, **शरीरम्** = शरीर, **स्थूलम्** = स्थूल शरीर, **च** = र, **सूक्ष्मम्** = सूक्ष्म शरीर गरी, **द्विविधम्** = दुई प्रकारको हुन्छ, **स्थूलम्** = स्थूल शरीर, **यद्** = जो, **इदम्** = यो, **उपलभ्यते** = आँखा आदि इन्द्रियबाट अनुभूत हुन्छ, **यत्** = जुन, **सूक्ष्मम्** = सूक्ष्मशरीर छ त्यसबारे, **उत्तरत्र** = यसपछि, (**'तदन्तरप्रतिपत्तौ रंहति सम्परिष्वक्तः प्रश्ननिरूपणाभ्याम्'** ब्र. ३/१/१) **तदन्तरप्रतिपत्तौ** = देहान्तरमा प्रवेश गर्ने वेलामा जीवात्मा, **सम्परिष्वक्तः** = शरीरका बीजरूप सूक्ष्मतत्त्वहरूले युक्त भएको छँदो, **रंहति** = जान्छ भन्ने कुरा, **प्रश्ननिरूपणाभ्याम्** = प्रश्नोत्तरबाट सिद्ध हुन्छ, **इति** = यस सूत्रमा, **वक्ष्यते** = बताइने छ, **तत्** = त्यस, **उभयम् अपि** = दुवै प्रकारको अर्थात् सूक्ष्म र स्थूल, **शरीरम्** = शरीरको, **अविशेषात्** = समानरूपमा, **पूर्वत्र** = **'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु'** भन्ने वचनमा, **रथत्वेन** = रथरूपमा, **संकीर्तितम्**= चर्चा भएको छ, **इह** = उत्तरमन्त्रमा अर्थात्, **'इन्द्रियेभ्यः पराः ह्यर्थाः'** यस मन्त्रमा, **तु** = त, **अव्यक्तशब्देन** = अव्यक्तशब्दद्वारा, **सूक्ष्मम्** = सूक्ष्म शरीरमात्र, **परिगृह्यते** = ग्रहण गरिन्छ, **सूक्ष्मस्य** = सूक्ष्म शरीरको नै, **अव्यक्तशब्दार्हत्वात्** = सूक्ष्म शरीरमा मात्र अव्यक्त भनिने योग्यता भएकाले, **बन्धमोक्षव्यवहारस्य** = जगत्मा बाँधिने र जगत्‌बाट मुक्त हुने व्यवहार, **तदधीनत्वात्** = सूक्ष्म शरीरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधीनमा रहेको हुनाले, **जीवात्** = जीवभन्दा, **तस्य** = त्यसको, **परत्वम्** = श्रेष्ठता छ, **यथा** = जस्तै, **इन्द्रियव्यापारस्य** = चक्षु आदि इन्द्रियहरूको क्रियाकलाप, **अर्थाधीनत्वात्** = रूप, रस आदि विषयको अधीनमा हुनाले, **इन्द्रियेभ्यः** = इन्द्रियहरूभन्दा, **अर्थानाम्** = विषयहरूको, **परत्वम्** = श्रेष्ठता रहेको हुन्छ, **इति** = यस्तो वृत्तिकारहरूको मत रहेको छ ।

विशदीकरण

केही आचार्यहरूको प्राकरणिक अर्थबोधको सम्बन्धमा छुट्टै मत रहेको छ। उनीहरू भन्दछन् – **'आत्मानं रथिनं विद्धि०'** यस मन्त्रमा रथरूपमा सूक्ष्म र स्थूल दुवै शरीरको ग्रहण गरिएको छ र **'इन्द्रियेभ्यः परा ह्यर्थाः'** यस मन्त्रमा (उत्तरमन्त्रमा) प्रयुक्त अव्यक्त शब्दले केवल सूक्ष्म शरीरलाई संकेत गर्दछ । जगत्मा बाँधिने र जगत्बाट मुक्त हुने व्यवहार सूक्ष्म शरीरका अधीनमा छ । इन्द्रियहरूको भन्दा विषयहरूको सूक्ष्मता र श्रेष्ठता भए झैं जीवभन्दा सूक्ष्म शरीर श्रेष्ठ हुन्छ । त्यसकारण अव्यक्त शब्दबाट सूक्ष्मशरीरको मात्र ग्रहण गरिनु पर्दछ ।

शाङ्करभाष्यम्

तैस्त्वेतद्वक्तव्यम् – अविशेषेण शरीरद्वयस्य पूर्वत्र रथत्वेन सङ्कीर्तितत्वात्समानयोः प्रकृतत्वपरिशिष्टत्वयोः कथं सूक्ष्ममेव शरीरमिह गृह्यते न पुनः स्थूलमिति । आम्नातस्यार्थं प्रतिपत्तुं प्रभवामो नाम्नातं पर्यनुयोक्तुम्, आम्नातं चाव्यक्तपदं सूक्ष्ममेव प्रतिपादयितुं शक्नोति, नेतरत्, व्यक्तत्वात्तस्येति चेत्, न; एकवाक्यताधीनत्वादर्थप्रतिपत्तेः, न हीमे पूर्वोत्तरे आन्नाते एकवाक्यतामनापद्य कञ्चिदर्थं प्रतिपादयतः, प्रकृतहानाप्रकृतक्रियाप्रसङ्गात् । न चाकाङ्क्षामन्तरेणैकवाक्यताप्रतिपत्तिरस्ति । तत्राविशिष्टायां शरीरद्वयस्य ग्राह्यत्वाकाङ्क्षायां यथाकाङ्क्षं संबन्धेऽनभ्युपगम्यमान एकवाक्यतैव बाधिता भवति, कुत आम्नातस्यार्थप्रतिपत्तिः ?

नेपालीभाषानुवाद

पूर्वत्र = प्रथममन्त्रमा, **शरीरद्वयस्य** = सूक्ष्मशरीर र स्थूल शरीरको, **अविशेषेण** = समानरूपमा, **रथत्वेन** = रथरूपद्वारा, **सङ्कीर्तितत्वात्** = उल्लेख गरिएकाले, **प्रकृतत्व-परिशिष्टत्वयोः** = पूर्वमन्त्रमा वर्णन गरिनाले प्रकृतत्व र उत्तरमन्त्रमा ग्रहण नगरिनाले परिशेषत्व, **समानयोः** = समान भएको हुँदा, **इह** = यहाँ, **कथम्** = किन, **सूक्ष्मम्** = सूक्ष्म, **शरीरम् एव** = शरीर नै, **गृह्यते** = लिइँदैछ, **पुनः** = फेरि, **स्थूलम्** = स्थूल, **शरीरम्** = शरीरलाई, **अपि** = पनि, **न** = लिइएन, **इति** = यस बारेमा, **तैः एव** = ती वृत्तिकार विद्वान्हरूले नै, **एतत्** = यो प्रश्नलाई लिएर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्तव्यम् = उत्तर दिनु पर्दछ (यदि तपाईंहरू), **आम्नातस्य** = वेदको, **अर्थम्** = अर्थलाई, **प्रतिपत्तुम्** = जान्न, **प्रभवामः** = सक्छौं तर, **आम्नातम्** = वेदबारे, **पर्यनुयोक्तुम्** = प्रश्न गर्न, **न** = सक्दैनौं, **आम्नातम्** = वेदोक्त, **अव्यक्तपदम्** = अव्यक्तशब्दले, **सूक्ष्मम् एव** = सूक्ष्म शरीरलाई नै, **प्रतिपादयितुम्** = बताउन, **शक्नोति** = सक्दछ, **न इतरत्** = स्थूल शरीरलाई बताउँदैन, **तस्य** = स्थूलशरीरको, **व्यक्तत्वात्** = स्पष्ट रूपमा अनुभव गरिने स्वरूप भएकाले, **इति** = यस्तो भन्नुहुन्छ भने, **न** = तपाईंहरूको भनाइ ठीक छैन, **अर्थप्रतिपत्तेः** = अर्थज्ञान, **एकवाक्यता-धीनत्वात्** = एकवाक्यताको अधीनमा मात्र संभव हुन्छ, **हि** = किनकि, **इमे** =यी, **पूर्वोत्तरे** = '**आत्मानम्०**' र '**इन्द्रियेभ्य०**' आदि पूर्व र उत्तर, **आम्नाते** = श्रुतिवाक्यहरू, **एकवाक्यताम्** = एकवाक्यतामा, **अनापद्य** = नपुगीकन, **कञ्चित्** = कुनै पनि, **अर्थम्** = अर्थलाई, **न प्रतिपादयतः** = प्रतिपादन गर्दैनन्, अथवा, **प्रकृतहानाऽप्रकृत-क्रियाप्रसङ्गात्** = प्रकृतको हानि र अप्रकृत प्रक्रियाको ग्रहणको प्रसङ्ग आइपर्ने हुनाले, अर्थात् अव्यक्त शब्दबाट पूर्व मन्त्रमा वर्णित स्थूल शरीरलाई ग्रहण नगर्नाले प्रकृतहानि र पूर्वमन्त्रमा वर्णन नगरिएको सूक्ष्म शरीरलाई ग्रहण गर्नाले अप्रकृतप्रक्रियारूप दोष आइलाग्ने छ, **आकाङ्क्षाम्** = आकाङ्क्षा, **अन्तरेण** = विना, **एकवाक्यता-प्रतिपत्तिः** = एकवाक्यताज्ञान, **न च अस्ति** = हुँदैन, **तत्र** = ती दुई श्रुतिवाक्यहरूमा, **शरीरद्वयस्य** = सूक्ष्म शरीर र स्थूलशरीर दुवै, **ग्राह्यत्वाकाङ्क्षायाम्** = ग्रहण गर्न योग्य छन् भन्ने आकारको आकाङ्क्षा, **अविशिष्टायाम्** = समान भएकाले, **यथाकाङ्क्षम्**= आकाङ्क्षा अनुसार, **संबन्धे** = सम्बन्ध, **अनभ्युपगम्यमाने** = स्वीकार नगरिएमा, **एकवाक्यता एव** = एकवाक्यता नै, **बाधिता भवति** = असफल हुन्छ, अनि; **कुतः** = कसरी, **आम्नातस्य** = वेदको, **अर्थप्रतिपत्तिः**= अर्थज्ञान हुनसक्छ त्यसकारण अव्यक्त शब्दको अर्थ सूक्ष्म शरीर मात्र हो भन्ने तर्कमा औचित्य छैन, अव्यक्त शब्दको अर्थ स्थूल शरीर नै हुन आउँछ ।

विशदीकरण

अव्यक्त शब्दको अर्थ सूक्ष्म शरीर नै हो भन्ने वृतिकारहरू प्रति आचार्य भन्दछन् - पूर्वमन्त्र र उत्तरमन्त्रमा एकवाक्यता नगरी मनपरी अर्थ गर्न मिल्दैन । वाक्यहरूको परस्पर आकाङ्क्षा भएपछि एकवाक्यता हुन्छ, एकवाक्यताबाट अर्थज्ञान हुन्छ, अन्यथा अर्थज्ञान हुँदैन । '**शरीरं रथमेव तु**' मा उल्लेख गरिएको शरीरलाई '**इन्द्रियेभ्यः परा ह्यर्थाः**' यसवाक्यमा कुन पदबाट व्यक्त गरिएको छ, अव्यक्त भन्नाले के बुझ्नु पर्छ भन्ने आकाङ्क्षा हुँदा उक्त दुवैमा एकवाक्यता संभव हुन आउँछ । 'शरीर' शब्दले सूक्ष्म र स्थूल दुवै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरको आकाङ्क्षा भएको तथ्य खुलाउँछ ।

अतः 'अव्यक्त' शब्दका दुवै शरीर अर्थ हुन आउँछन् । यदि आकाङ्क्षा अनुसार अन्वय गरिंदैन भने अव्यक्तबाट सूक्ष्म शरीरको मात्र बोध हुनेछ र स्थूल शरीरको बोध हुनेछैन । यस्तो भएमा एकवाक्यताले फेल खाने छ । अतः अव्यक्त शब्दबाट स्थूल शरीर पनि ग्राह्य छ ।

शाङ्करभाष्यम्

न चैवं मन्तव्यम् - दुःशोधत्वात्सूक्ष्मस्यैव शरीरस्येह ग्रहणम्, स्थूलस्य तु दृष्टबीभत्सतया सुशोधत्वादग्रहणमिति । यतो नैवेह शोधनं कस्यचिद्विवक्ष्यते। न ह्यत्र शोधनविधायि किञ्चिदाख्यातमस्ति । अनन्तरनिर्दिष्टत्वात्तु किं तद्विष्णोः परमं पदमितीदमिह विवक्ष्यते । तथा हीदमस्मात्परमिदमस्मात्परमित्युक्त्वा **'पुरुषान्न परं किञ्चित्'** इत्याह । सर्वथापि त्वानुमानिकनिराकरणोपपत्तेस्तथा नामास्तु, न नः किञ्चिच्छिद्यते ।।३।।

नेपालीभाषानुवाद

इह = यहाँ (यस प्रसङ्गमा), **दुःशोधत्वात्** = अनात्मा हो भनेर निश्चयका लागि शोधन गर्ने काम दुष्कर हुनाले, **सूक्ष्मस्य** = सूक्ष्म, **शरीरस्य एव** = शरीरको नै, **ग्रहणम्** = ग्रहण गर्नुपर्दछ, **स्थूलस्य** = स्थूल शरीरको, **तु** = त, **दृष्टबीभत्सतया**= प्रत्यक्ष नै घृणाजनक स्वरूप भएका कारण, **सुशोधत्वात्** = यो आत्मादेखि भिन्न विषय हो भनेर सजिलै शोधन गर्न सकिने भएकाले, **अग्रहणम्** = अव्यक्तको अर्थमा लिन हुँदैन, **इति एवम्** = यस्तो, **न च मन्तव्यम्** = मात्र हुँदैन, **यतः** = किनकि, **इह** = यहाँ, **कस्यचित्** = कुनैको पनि, **शोधनम्** = संशोधन गर्ने कामको, **न एव विवक्ष्यते** = चर्चा नै गर्न खोजिएको छैन, **अत्र** = यहाँ, **हि** = निश्चय नै, **शोधनविधायि** = शोधनको विधान गर्ने, **किञ्चित्** = कुनै पनि, **आख्यातम् च** = क्रियापद पनि, **न अस्ति** = छैन, **अनन्तरनिर्दिष्टत्वात्** = **'आत्मानं रथिनं विद्धि॰'** इत्यादि वाक्य पछि निर्देश गरिएकाले, **तु** = त, **'किं तद् विष्णोः परमं पदम्'** = त्यो विष्णुको परम पद के हो, **इति** = यस्तो, **इदम्** = विषय, **इह** = यहाँ, **विवक्ष्यते**= भन्न खोजिएको छ, **तथाहि** = किनकि, **इदम्** = यो, **अस्मात्** = यो भन्दा, **परम्** = पर छ (श्रेष्ठ छ), **इदम्** = यो, **अस्मात्** = यो भन्दा, **परम्** = पर छ, **इति उक्त्वा**= यस्तो भनेर, **किञ्चित्** = कुनै पनि वस्तु, **पुरुषात्** = पुरुषभन्दा, **न परम्** = श्रेष्ठ छैन, **इति आह**= यस्तो भनिएको छ, **सर्वथा अपि** = जुनसुकै प्रकारबाट पनि, **तु**= त, **आनुमानिकनिराकरणोपपत्तेः** = अनुमान निरूपित 'प्रधान' को निषेध नै सिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, **तथा नाम** = वृत्तिकारको अव्यक्त शब्दबाट सूक्ष्म शरीरको पनि ग्रहण गर्नुपर्छ भन्ने जो मत छ, त्यसअनुसार अव्यक्त शब्दबाट सूक्ष्म शरीरको ग्रहण, **अस्तु** = होस् तर अनुमाननिरूपित स्वतन्त्र प्रधानको ग्रहण हुन सक्तैन, तसर्थ; **नः** = हाम्रो, वृत्तिकारसम्मत सूक्ष्म शरीरमात्रको ग्रहण हुन्छ भनेमा, **किञ्चित्** = केही पनि, **न च्छिद्यते** = हानि हुँदैन ।

विशदीकरण

यदि पूर्वपक्षीले सूक्ष्मशरीरको अनात्मत्व शोधन गर्न कठिन छ, प्रत्यक्ष स्थूलशरीर त घृणाजनक भएकाले अनात्मा हो भन्न सजिलो छ, त्यसकारण अव्यक्त शब्दबाट सूक्ष्मशरीरमात्रको ग्रहण गरिनु पर्दछ भनेर भन्छ भने त्यस भनाइमा कुनै दम छैन । यस प्रकरणमा शोधन उद्देश्य नै होइन, कुनै क्रियापदले पनि शोधनको सङ्केत गर्दैन । यहाँको मुख्य विषय त विष्णुपदको निरूपण हो । अतः अव्यक्त शब्दबाट सूक्ष्म शरीरको पनि ग्रहण हुन्छ भने पनि कुनै हानि छैन तर अव्यक्त शब्दबाट आनुमानिक प्रधानको ग्रहण गर्न ठ्याम्मै सकिंदैन ।।३।।

ब्रह्मसूत्रम् - ज्ञेयत्वावचनाच्च १/४/४

सूत्रार्थ - **ज्ञेयत्वावचनात्** = यस प्रकरणमा अव्यक्तलाई जान्नुपर्ने विषय भनेर नभनिएकाले, **च** = पनि श्रुतिमा अव्यक्तबाट प्रधानको ग्रहण गरिंदैन ।

शाङ्करभाष्यम्

ज्ञेयत्वेन च साङ्ख्यैः प्रधानं स्मर्यते गुणपुरुषान्तरज्ञानात्कैवल्यमिति वदद्भिः। न हि गुणस्वरूपमज्ञात्वा गुणेभ्यः पुरुषस्यान्तरं शक्यं ज्ञातुमिति । क्वचिच्च विभूतिविशेषप्राप्तये प्रधानं ज्ञेयमिति स्मरन्ति । न चेदमिहाव्यक्तं ज्ञेयत्वेनोच्यते। पदमात्रं ह्यव्यक्तशब्दः । नेहाव्यक्तं ज्ञातव्यमुपासितव्यञ्चेति वाक्यमस्ति । न चानुपदिष्टपदार्थज्ञानं पुरुषार्थमिति शक्यं प्रतिपत्तुम् । तस्मादपि नाव्यक्तशब्देन प्रधानमभिधीयते । अस्माकं तु रथरूपकक्लृप्तशरीराद्यनुसरणेन विष्णोरेव परमं पदं दर्शयितुमयमुपन्यास इत्यनवद्यम् ।।४।।

नेपालीभाषानुवाद

गुणपुरुषान्तरज्ञानात् = सत्त्व आदि गुण र पुरुषको भेदज्ञानबाट, **कैवल्यम्**= मोक्षप्राप्त हुन्छ, **इति** = यस्तो, **वदद्भिः** = प्रतिपादन गर्ने, **साङ्ख्यैः च** = साङ्ख्यमतका अनुयायीहरूले, **प्रधानम्** = प्रधानलाई, **ज्ञेयत्वेन**= जान्न पर्ने तत्त्वका रूपमा, **स्मर्यते**= स्मरण गर्दछन्, **हि** = किनकि, **गुणस्वरूपम्** = गुणहरूको लक्षण, **अज्ञात्वा** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नजानिकन, **पुरुषस्य**= पुरुषको, **गुणेभ्यः** = गुणहरूभन्दा, **अन्तरम्** = भेद, **ज्ञातुम्**= जान्न, **न शक्यम्** = सकिंदैन, **इति** = यस्तो, साङ्ख्यवादीहरूको अवधारणा छ, **च**= र, **क्वचित्** = कुनै स्मृतिमा, **विभूतिविशेषप्राप्तये** = अणिमा आदि विशेष ऐश्वर्य-प्राप्तिका लागि, **प्रधानम्** = प्रधान, **ज्ञेयम्** = जान्न योग्य छ, **इति** = यस्तो, **स्मरन्ति**= भन्दछन्, **इह**= **'महतः परमव्यक्तम्'** यो मन्त्रमा, **इदम्** = यो, **अव्यक्तम्** = अव्यक्त, **ज्ञेयत्वेन** = जान्न पर्ने विषयका रूपमा, **न उच्यते** = उपदेश गरिएको छैन, **हि** = किनकि, **अव्यक्तशब्दः** = त्यहाँ प्रयोग गरिएको अव्यक्तशब्द, **पदमात्रम्** = एउटा पद मात्र हो, **इह** = त्यस मन्त्रमा, **अव्यक्तम्** = अव्यक्त, **ज्ञातव्यम्** = जान्न योग्य छ, **च** = र, **उपासितव्यम्**= उपासना गर्न योग्य छ, **इति** = यस्तो बताउने, **वाक्यम्**= वाक्य, **न अस्ति** = छैन, **अनुपदिष्टपदार्थज्ञानम्** = जुन पदार्थको उपदेश गरिएको छैन त्यसको ज्ञानलाई, **पुरुषार्थम्** = पुरुषार्थ, **इति** = हो भनेर, **प्रतिपत्तुम्** = जान्न र मान्न, **न शक्यम्** = सकिंदैन, **तस्माद्** = त्यसकारण, **अपि** = पनि श्रुतिले, **अव्यक्तशब्देन** = अव्यक्तशब्दद्वारा, **प्रधानम्** = प्रधानलाई, **न अभिधीयते** = बताइएको छैन, **अस्माकम्** = हाम्रो मतमा, **तु** = त, **रथरूपकक्लृप्तशरीराद्यनु-सरणेन** = **'शरीरं रथमेव तु'** यस श्रुतिवाक्यमा रथको सादृश्य कल्पना गरिएका शरीर आदिको अनुसरण गरेर, **विष्णोः** = विष्णुको, **एव** = नै, **परमम्** = सर्वोत्तम, **पदम्** = धामलाई, **दर्शयितुम्** = देखाउन, **अयम्** = यो, **उपन्यासः** = रूपकको विन्यास गरिएको हो, **इति** = यसो गर्दा, **अनवद्यम्** = कुनै प्रकारको दोष हुँदैन ।

विशदीकरण

अव्यक्त श्रुतितात्पर्यको विषय नभएकाले ज्ञेयविषय होइन । **'महतः परमव्यक्तम्'** मा 'जान्नै पर्ने महत्त्वपूर्ण विषय हो' भन्ने वाक्यका रुपमा अव्यक्तको प्रयोग भएको छैन, अपि तु त्यो त एउटा पद मात्र हो । हुन त शरीर पनि ज्ञेय होइन, तर त्यो शरीर अवश्य नै जान्नु पर्ने, दर्शन गर्नुपर्ने विष्णुको परमपदको प्राप्ति वा दर्शनका लागि आधार हो । अतः अव्यक्त शब्दको अर्थ स्थूल शरीर हो भन्नुमा कुनै दोष छैन।।४।।

ब्रह्मसूत्रम् - वदतीति चेन्न प्राज्ञो हि प्रकरणात् । १/४/५

सूत्रार्थ - **वदति**= **'महतः परं ध्रुवं निचाय्य०'** यो उत्तरवाक्यले प्रधानलाई, **ज्ञेय**= बताउँछ, **इति चेन्न** = यस्तो भन्छौ भने त्यो उचित हुँदैन, **प्रकरणात्** = **'पुरुषान्न परम्'** यस आत्मप्रकरणबाट, **प्राज्ञः** = परमेश्वर, **हि** = नै ज्ञेयरूपबाट बताइएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

अत्राह साङ्ख्यः – '**ज्ञेयत्वावचनात्**' इत्यसिद्धम्, कथम्?, श्रूयते ह्युत्तरत्राव्यक्तशब्दोदितस्य प्रधानस्य ज्ञेयत्ववचनम् – '**अशब्दमस्पर्शमरूपमव्ययं तथाऽरसं नित्यमगन्धवच्च यत्। अनाद्यनन्तं महतः परं ध्रुवं निचाय्य तं मृत्युमुखात्प्रमुच्यते।**' (का. २/३/१५) इति। अत्र हि यादृशं शब्दादिहीनं प्रधानं महतः परं स्मृतौ निरूपितम्, तादृशमेव निचाय्यत्वेन निर्दिष्टम्, तस्मात्प्रधानमेवेदम्, तदेव चाव्यक्तशब्दनिर्दिष्टमिति।

नेपालीभाषानुवाद

अत्र = यस विषयमा, **साङ्ख्यः** = साङ्ख्यमतानुयायी, **आह** = भन्दछन्, **ज्ञेयत्वावचनात्** = अव्यक्तलाई जान्नुपर्ने तत्त्व मानिएको छैन, **इति** = यो हेतु, **असिद्धम्** = असिद्ध छ (अनुपयुक्त छ), **कथम्** = किनकि, **हि** = निश्चय, **उत्तरत्र**= उत्तरश्रुतिवाक्यमा, **अव्यक्तशब्दोदितस्य** = अव्यक्तशब्दबाट बताइएका, **प्रधानस्य**= प्रधानको, **ज्ञेयत्ववचनम्** = जान्नुपर्ने विषयताको प्रतिपादक वचन, **श्रूयते** = भनिएको छ, **यत्** = जो, **अशब्दम्** = शब्दरहित छ, **अस्पर्शम्** = स्पर्शरहित छ, **अरूपम्** = रूपरहित छ, **अव्ययम्** = अविनाशी छ, **तथा** = त्यस्तै, **अरसम्** = रसरहित छ, **अगन्धवत्** = गन्धरहित छ, **नित्यम्** = नित्य छ, **अनादि** = आदिरहित छ, **अनन्तम्**= अनन्तरहित छ, **महतः** = महत्तत्त्वभन्दा पनि, **परम्** = पर (श्रेष्ठ) छ, **ध्रुवम्** = निश्चल छ, **तम्** = त्यस तत्त्वलाई, **निचाय्य**= जानेर, ज्ञाता; **मृत्युमुखात्** = कालको मुखबाट, **प्रमुच्यते** = मुक्त हुन्छ, **इति**= यस्तो काठकश्रुतिले अव्यक्त भनेर प्रधानलाई नै बताउँछ, **अत्र** = यहाँ, **हि** = किनकि, **यादृशम्** = जस्तो, **प्रधानम्** = प्रधानलाई, **शब्दादिहीनम्** = अशब्द, अरूप आदि र, **महतः** = महत्‌भन्दा, **परम्** = श्रेष्ठ भनेर, **स्मृतौ** = साङ्ख्यदर्शनमा, **निरूपितम्** = बताइएको छ, **तादृशम् एव** = त्यस्तै नै प्रधानलाई, **निचाय्यत्वेन** = ज्ञेय रूपमा, **निर्दिष्टम्** = भनियो, **तस्मात्** = त्यसकारण, **इदम्** = अव्यक्त भनेको, **प्रधानम् एव** = प्रधान नै हो, **तद् एव** = त्यही प्रधान नै, **अव्यक्तशब्दनिर्दिष्टम्** = '**महतः परमव्यक्तम्**' इत्यादि श्रुतिमा अव्यक्त शब्दबाट निर्दिष्ट छ, **इति** = यस्तो पूर्वपक्षीको आशय छ।

विशदीकरण

अव्यक्त जान्नुपर्ने र बुझ्नु पर्ने विषय होइन भन्ने सिद्धान्तपक्षीको भनाइ प्रति असहमत हुँदै पूर्वपक्षी तर्क गर्दछ – '**ज्ञेयत्वावचनाच्च**' सूत्रद्वारा अभिव्यक्त तपाईंको विचार युक्तियुक्त छैन। तपाईंले अव्यक्तलाई श्रुतिले ज्ञेयविषय नभनेको कारण देखाई प्रधानकारणवादलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निराकरण गर्न खोज्नुभएको छ । तर काठकश्रुतिमा 'अशब्द, अस्पर्श, अरूप, अविनाशी, अरस, अगन्ध, नित्य, अनादि, अनन्त, महत्‌भन्दा श्रेष्ठ र निश्चल तत्त्वलाई जानेर मृत्युबाट छुट्कारा पाइन्छ' भनेर साङ्ख्यदर्शनमा जस्तो अव्यक्तको स्वरूप बताइएको छ, त्यस्तै महत् देखि परको तत्त्वलाई ज्ञेय विषयका रूपमा निर्देश गरिएको छ । त्यसकारण '**महतः परमव्यक्तम्**' यस श्रुतिवचनमा निर्दिष्ट अव्यक्तको अर्थ 'प्रधान' नै हो भन्ने पूर्वपक्षीको आशय रहेको छ ।

शाङ्करभाष्यम्

अत्र ब्रूमः - नेह प्रधानं निचाय्यत्वेन निर्दिष्टम् । प्राज्ञो हीह परमात्मा निचाय्यत्वेन निर्दिष्ट इति गम्यते । कुतः ? प्रकरणात् । प्राज्ञस्य हि प्रकरणं विततं विर्तते, '**पुरुषान्न परं किञ्चित् सा काष्ठा सा परा गतिः** इत्यादिनिर्देशात्, '**एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते**' इति च दुर्ज्ञातत्ववचनेन तस्यैव ज्ञेयत्वाकाङ्क्षणात् । '**यच्छेद्वाङ्मनसि प्राज्ञः**' इति च तज्ज्ञानायैव वागादिसंयमस्य विहितत्वात्, मृत्युमुखप्रमोक्षणफलत्वाच्च । नहि प्रधानमात्रं निचाय्य मृत्युमुखात्प्रमुच्यत इति साङ्ख्यैरिष्यते । चेतनात्मविज्ञानाद्धि मृत्युमुखात्प्रमुच्यत इति तेषामभ्युपगमः । सर्वेषु वेदान्तेषु प्राज्ञस्यैवात्मनोऽशब्दादिधर्मत्वमभिलप्यते । तस्मान्न प्रधानस्यात्र ज्ञेयत्वमव्यक्तशब्दनिर्दिष्टत्वं वा ॥५॥

नेपालीभाषानुवाद

अत्र = यस सन्दर्भमा सिद्धान्तपक्ष राख्दै, **ब्रूमः** = भन्दछौं, **इह** = यहाँ (अर्थात् उक्त मन्त्रमा), **प्रधानम्** = प्रधान, **निचाय्यत्वेन** = ज्ञेयविषयका रूपमा, **न निर्दिष्टम्** = निर्दिष्ट भएको छैन, **हि** = किनकि, **इह** = यहाँ, **प्राज्ञः** = ज्ञानस्वरूप, **परमात्मा** = परमेश्वर, **निचाय्यत्वेन** = ज्ञेय छन् भनेर, **निर्दिष्टः** = निर्देश गरिएका छन्, **इति**= यस्तो, **गम्यते** = बुझिन्छ, **कुतः** = कसरी बुझिन्छ भन्छौ भने, **प्रकरणात्**= प्रसङ्गबाट बुझिन्छ, **हि** = किनकि, **प्राज्ञस्य** = प्राज्ञको, **विततम्** = विस्तृत, **प्रकरणम्**= प्रसङ्ग, **वर्तते** = छ, अर्थात् माथि जुन '**अशब्दम् अरूपम्**' आदि भनियो त्यो प्राज्ञका वर्णनका प्रसङ्गको हो, फेरि त्यसै प्रकरणमा; '**पुरुषात्** = पुरुषभन्दा, **परम्**= श्रेष्ठ, **किञ्चित्** = केही पनि, **न** = छैन, **सा** = त्यो पुरुष नै, **परा** = परम्, **काष्ठा** = धाम हो, **परा** = परम, **गतिः** = गति हो, **इत्यादिनिर्देशात्** = इत्यादि वर्णनबाट परमात्मालाई निर्देश गरिएको छ, फेरि; **एषः** = यो, **सर्वेषु** = सबै, **भूतेषु** = प्राणीहरूमा, **गूढोत्मा** = लुकेको आत्मा हो, **न प्रकाशते** = प्रकाशित हुँदैन, **इति च**= यस्तो पनि, **दुर्ज्ञातत्ववचनेन** = दुःखले मात्र जानिने भन्ने अर्थले, **तस्य एव** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

परमात्माको विषयमा नै, **ज्ञेयत्वाकाङ्क्षणात्** = ज्ञेय छन् भनेर जान्न खोजिएकाले परमात्मा नै ज्ञेय हुन्, प्रधान ज्ञेय होइन, फेरि; **प्राज्ञः** = विवेकी पुरुषले, **वाक्** = वाणीलाई, **मनसि** = मनमा, **यच्छेत्** = लीन गराओस्, **इति च** = यस मन्त्रद्वारा पनि, **तज्ज्ञानाय एव** = पुरुषको ज्ञानका लागि नै, **वागादिसंयमस्य** = वाणी आदिको मन आदिमा लय गराउने कुरा, **विहितत्वात्**= विधान गरिएकाले, **च** = र, **मृत्युमुखप्रमोक्षणफलत्वात्** = पुरुषलाई जान्नुको फल कालको मुखबाट जोगिनु हो भन्ने समेत देखाइएकाले पनि 'अशब्द र अरूप' आदि मन्त्रमा वर्णित तत्त्व परमात्मा हो प्रधान होइन, **साङ्ख्यैः** = साङ्ख्यदर्शनका अनुयायीहरू, **प्रधानमात्रम्**= प्रधानलाई मात्र, **निचाय्य** = जानेर, **मृत्युमुखात्** = कालको मुखबाट, **प्रमुच्यते** = छुट्कारा पाइन्छ भनेर, **हि** = निश्चय नै, **न इष्यते** = स्वीकार गर्दैनन्, **हि** = किनकि, **चेतनात्मविज्ञानात्** = चेतन आत्माको ज्ञानबाट नै, **मृत्युमुखात्** = मृत्युको मुखबाट, **प्रमुच्यते** = जीवले छुट्कारा पाउँछ, **इति** = यस्तो, **तेषाम्** = साङ्ख्यवादीहरूको, **अभ्युपगमः** = स्वीकृति छ, **सर्वेषु** = सबै, **वेदान्तेषु** = वेदान्तहरूमा, **प्राज्ञस्य** = विवेकी, **आत्मनः**= आत्मा नै, **अशब्दादिधर्मत्वम्** = अशब्द, अरूप, आदि धर्मले युक्त हुने कुरा, **अभिलप्यते** = बताइएको छ, **तस्मात्** = त्यसकारण, **अत्र** = यहाँ, **प्रधानस्य** = प्रधानको, **ज्ञेयत्वम्** = ज्ञेयता, **वा** = अथवा, **अव्यक्तशब्दनिर्दिष्टत्वम्**= अव्यक्तशब्दबाट निर्दिष्ट, **न** = रहेको छैन ।

विशदीकरण

श्रुतिवचनको आधारमा '**अव्यक्त**' शब्दको अर्थ प्रधान नै हो भन्ने पूर्वपक्षीको भनाइप्रति सिद्धान्तपक्ष राख्दै आचार्य भन्नुहुन्छ –

'अशब्दमस्पर्शमरूपमव्ययं तथाऽरसं नित्यमगन्धवच्च यत् ।
अनाद्यनन्तं महतः परं ध्रुवं निचाय्य तं मृत्युमुखात् प्रमुच्यते ।।'

यस श्रुतिमा प्रधानलाई जान्नु पर्ने तत्त्वका रूपमा बताइएको छैन । यहाँ त प्राज्ञपरमात्माको वर्णन छ । यस मन्त्रको प्रकरण पनि पुरुषवर्णनको नै रहेको छ । '**पुरुषात् न परं किञ्चित्**' इत्यादि श्रुतिमा पुरुषलाई नै सर्वोत्तम धाम र गतिका रूपमा चित्रण गरिएको छ. '**एष सर्वेषु भूतेषु**' इत्यादि श्रुतिमा पुरुषलाई नै दुर्ज्ञेय ठहऱ्याइएको छ । '**यच्छेद् वाङ्मनसि**' इत्यादि श्रुतिमा पुरुषलाई जान्नका लागि नै वाणी आदिको संयममा जोड दिइएको छ र कालको मुखबाट जोगिएर आनन्दमयस्वरूप प्राप्त गर्नका लागि परमात्मालाई नै जान्नु पर्ने कुरा बताइएको छ ।

साङ्ख्यदर्शनले पनि 'प्रधानलाई मात्र जानेर मृत्युबाट छुट्कारा पाइन्छ' भन्न सकेको छैन । त्यसले त वास्तवमा 'चेतन आत्माको ज्ञानबाट नै मृत्युबाट जोगिन सकिन्छ' भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । सबै वेदान्तहरूमा प्राज्ञ परमात्मालाई नै नामरूपहीन, अनादि, अनन्त, स्थिर, नित्य आदि शब्दहरूबाट वर्णन गरिएको छ। त्यसकारण प्रधान ज्ञेय पनि होइन र अव्यक्त पनि होइन ।।५।।

ब्रह्मसूत्रम् - त्रयाणामेव चैवमुपन्यासः प्रश्नश्च १/४/६

सूत्रार्थ - **एवम्** = पूर्ववाक्य र उत्तरवाक्यको पर्यालोचनबाट, **त्रयाणाम् एव** = अग्नि, जीव र परमात्मा यी तीन तत्त्वहरूको नै, **उपन्यासः** = वक्तव्य रूपमा उपस्थापन गरिएको छ, **च** = र, **प्रश्नः** = जिज्ञासा पनि तिनकै विषयमा भएको छ, यसकारण पनि प्रधानलाई अव्यक्त भन्न मिल्दैन ।

शाङ्करभाष्यम्

इतश्च न प्रधानस्याव्यक्तशब्दवाच्यत्वं ज्ञेयत्वं वा । यस्मात्त्रयाणामेव पदार्थानामग्निजीवपरमात्मनामस्मिन्ग्रन्थे कठवल्लीषु वरप्रदानसामर्थ्याद्वक्तव्यतयोपन्यासो दृश्यते । तद्विषय एव च प्रश्नः । नातोऽन्यस्य प्रश्न उपन्यासो वाऽस्ति । तत्र तावत् **'स त्वमग्निं स्वर्ग्यमध्येषि मृत्यो ! प्रब्रूहि तं श्रद्दधानाय मह्यम्'** (का. १/१/१३) इत्यग्निविषयः प्रश्नः ।

'येयं प्रेते विचिकित्सा मनुष्येऽस्तीत्येके नायमस्तीति चैके ।
एतद्विद्यामनुशिष्टस्त्वयाहं वराणामेष वरस्तृतीयः ।' (का. १/१/२०) इति जीवविषयः प्रश्नः ।

'अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात् ।
अन्यत्र भूताच्च भव्याच्च यत्तत्पश्यसि तद्वद ।' (का. १/२/१४)

इति परमात्मविषयः । प्रतिवचनमपि **'लोकादिमग्निं तमुवाच तस्मै या इष्टका यावतीर्वा यथा वा ।'** (का. १/१/१५) इत्यग्निविषयम् ।

'हन्त त इदं प्रवक्ष्यामि गुह्यं ब्रह्म सनातनम् ।
यथा च मरणं प्राप्य आत्मा भवति गोतम ।।
योनिमन्ये प्रपद्यन्ते शरीरत्वाय देहिनः ।
स्थाणुमन्येऽनुसंयन्ति यथाकर्म यथाश्रुतम् ।।' (का० २/५/६-७)

इति । व्यवहितं जीवविषयम् । **'न जायते म्रियते वा विपश्चित्'** (का. १/२/१८) इत्यादि बहुप्रपञ्चं परमात्मविषयम् । नैवं प्रधानविषयः प्रश्नोऽस्ति, अपृष्टत्वाच्चानुपन्यसनीयत्वं तस्येति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

इतश्च = यस कारणबाट पनि, **प्रधानस्य** = प्रधानको, **ज्ञेयत्वम्** = ज्ञेयता, **वा** = अथवा, **अव्यक्तशब्दवाच्यत्वम्** = अव्यक्तबाट पुकारिने योग्यता, **न** = छैन, **यस्मात्** = किनकि, **अस्मिन्** = यस, **ग्रन्थे** = ग्रन्थ, **कठवल्लीषु** = कठवल्लीमा, **वरप्रदानसामर्थ्यात्** = यमद्वारा नचिकेतालाई वरप्रदान गरिएको सामर्थ्यबाट, **वक्तव्यतया** = विवेचन गरिने विषयका रूपमा, **अग्निजीवपरमात्मनाम्** = अग्नि, जीव र परमात्मा, **त्रयाणाम्** = यी तीन, **पदार्थानाम्** = पदार्थहरूको, **एव** = नै, **उपन्यासः** = उपस्थापन (विवेचनको लागि आरम्भ), **दृश्यते** = देखिन्छ, **च** = र, **तद्विषये** = अग्नि, जीव र परमात्माको विषयमा, **एव** = नै, **प्रश्नः** = प्रश्न भएको छ, **अतः** = अग्नि, जीव र परमात्मा, **अन्यस्य** = बाहेक अरूको, **उपन्यासः** = विवेचनको आरम्भ, **वा** = अथवा, **प्रश्नः** = जिज्ञासा, **न अस्ति** = छैन, **तावत्** = पहिले, **तत्र** = कठवल्लीमा, **मृत्यो** = हे मृत्युदेवता धर्मराज, **सः त्वम्** = अध्यात्मविषयका ज्ञाता तपाईंले, **स्वर्ग्यम्** = स्वर्गको साधन, **अग्निम्** = अग्निलाई, **अध्येषि** = जान्नु हुन्छ, **श्रद्दधानाय** = श्रद्धालु, **मह्यम्** = मलाई, **तम्** = अग्निको विषयमा, **प्रब्रूहि** = उपदेश गर्नुहोस्, **इति** = यसरी यमसमक्ष नचिकेताद्वारा गरिएको यो, **अग्निविषयः** = अग्निविषयक, **प्रश्नः** = प्रश्न हो, **प्रेते** = मरेका, **मनुष्ये** = मानिसका विषयमा, **या** = जो, **इदम्** = यो, **विचिकित्सा** = सन्देह छ कि, **एके** = केही, **अयम्** = देहादिसङ्घातभन्दा भिन्न आत्मा, **अस्ति इति** = छ भन्दछन्, **च** = र, **एके** = अन्य पुरुषहरू, **न अस्ति** = देहादिभिन्न आत्मा भनिने पदार्थ छैन भन्दछन्, **त्वया**= तपाईंद्वारा, **अनुशिष्टः**= उपदेश प्राप्त गरेर, **अहम्** = मैले, **एतत्**= त्यो आत्मा छ अथवा छैन भन्ने विषयमा, **विद्याम्**= जान्न पाऊँ, **वराणाम्** = तपाईंले मलाई वाचा गर्नुभएको वरहरूमध्ये, **एषः** = जीवज्ञान विषयक, **तृतीयः** = तेस्रो, **वरः** = वर मेरो हुनेछ, **इति** = यसरी नचिकेताद्वारा यमसमक्ष गरिएको, **जीवविषयः**= जीवज्ञानविषयमा आधारित, **प्रश्नः** = प्रश्न हो, **धर्मात्** = धर्मदेखि, **अन्यत्र** = भिन्न, **अधर्मात्** = अधर्मदेखि, **अन्यत्र** = भिन्न, **अस्मात्** = यस, **कृताकृतात्** = कार्य र कारणदेखि, **अन्यत्र** = भिन्न, **च** = र, **भूतात्** = भूतकालदेखि, **अन्यत्र** = भिन्न, **च** = र, **भव्यात्** = वर्तमान एवं भविष्यत् कालदेखि, **अन्यत्र** = भिन्न, **यत्**= जुन जुन कुरालाई, **पश्यसि** = तपाईं देख्नुहुन्छ अथवा अनुभव गर्नुहुन्छ, **तत् तत्**= त्यस त्यस विषयमा, **वद** = उपदेश गर्नुहोस्, **इति** = यसरी नचिकेताले यमसँग, **परमात्मविषयः** = परमात्मामा आधारित प्रश्न गरे, **प्रतिवचनम्** = यमले नचिकेतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएको प्रत्युत्तर, **अपि** = पनि यसप्रकार छ –, **तस्मै** = नचिकेताका लागि यमले, **तम्** = त्यस, **लोकादिम्** = संसारको कारणस्वरूप, **अग्निम्** = अग्निको विषयमा र, **याः** = अग्निचयनमा जस्तो, **इष्टकाः** = ईंटा लाग्छन्, **वा** = अथवा, **यथा** = जसरी स्थण्डिलमा अग्निचयन गरिन्छ ती सबै विषयमा, **उवाच** = उपदेश गरे, **इति**= यसरी यमले नचिकेतालाई, **अग्निविषयम्** = अग्निविषयक, **प्रतिवचनम्**= प्रत्युत्तर दिए भन्ने कठवल्लीमा रहेको छ, **गोतम** = हे नचिकेता, **हन्त** = खुसीको कुरा छ कि, **ते** = तिमीलाई, **गुह्यम्** = रहस्यमय, **सनातनम्** = सनातन (सार्वकालिक), **ब्रह्म** = ब्रह्मको विषयमा, **इदम्** = यसरी, **वक्ष्यामि** = भन्ने छु, **च**= र, **मरणम्** = मृत्युलाई, **प्राप्य** = प्राप्त गरेर, **आत्मा** = आत्मा, **यथा** = जस्तो, **भवति** = हुन्छ त्यो पनि बताउने छु, **अन्ये** = केही, **देहिनः** = मृतात्माहरू, **यथाकर्म** = कर्मअनुसार र, **यथाश्रुतम्** = ज्ञानअनुसार, **शरीरत्वाय** = अर्को शरीर पाउनका लागि, **योनिम्**= कुनै योनिमा, **प्रपद्यन्ते** = प्राप्त हुन्छन्, **अन्ये** = केही, **स्थाणुम्** = स्थावरयोनिमा, **अनुसंयन्ति** = प्राप्त हुन्छन्, **इति** = यसरी यमराजले नचिकेतालाई, **व्यवहितम्** = अविद्याले ढाकिएका, **जीवविषयम्** = जीवसँग सम्बन्धित प्रतिवचन दिए, **विपश्चित्**= आत्मज्ञानी, **न जायते** = जन्मिदैन, **वा** = र, **न म्रियते** = मर्दैन, **इत्यादिबहुप्रपञ्चितम्**= इत्यादि धेरै विस्तारपूर्वक, **परमात्मविषयम्**= परमात्माको विषयमा आधारित प्रत्युत्तर दिए, **एवम्** = यसप्रकार, **प्रश्नः** = यो प्रश्न, **प्रधानविषयः** = प्रधानको विषयमा आधारित, **न अस्ति** = छैन, **अपृष्टत्वात्** = प्रधानको विषयमा न सोधिएको हुनाले पनि, **तस्य** = प्रधानको, **अनुपन्यसनीयत्वम्** = विवेचनका लागि उपस्थापन गर्ने सन्दर्भ पनि रहेको छैन, **इति** = यसरी यस प्रसङ्गमा अग्नि, जीव र परमात्मामा आधारित प्रश्नोत्तरको उपस्थापन गरियो ।

विशदीकरण

कठवल्लीमा यमद्वारा नचिकेतालाई दिइएका वरदानहरूको विवेचन गर्ने सन्दर्भमा अग्नि, जीव र परमात्माको मात्र उल्लेख भएको छ । त्यहाँ प्रधानको रत्तिभर पनि चर्चा भएको छैन । त्यसकारण प्रधानलाई अव्यक्त शब्द भन्न मिल्दैन ।

कठवल्लीमा सर्वप्रथम नचिकेताले 'हे धर्मराज ! तपाईं अध्यात्मका ज्ञाता हुनुहुन्छ, म श्रद्धापूर्वक तपाईंका सामु उपस्थित छु, कृपया मलाई अग्निको विषयमा उपदेश गर्नुहोस्' भने । यो नचिकेताको अग्निविषयक प्रश्न हो । मरेका मानिसका सम्बन्धमा कोही देहादिसङ्घातभन्दा भिन्दै आत्मा छ भन्दछन्, कोही देहादि भिन्न आत्मा भनिने पदार्थ छैन भन्छन्, धर्मराज ! साँचो के हो ? जान्न पाऊँ भनेर नचिकेताले यमसँग जीवविषयक प्रश्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे । धर्म, अधर्म, कार्यकारण भूत र भविष्यदेखि भिन्न जुन तत्त्व छ, त्यसबारे जान्न पाऊँ भनेर नचिकेताले पुनः यमसंग प्रश्न गरे ।

धर्मराजले अग्नि र जीवको स्वरूप बताएपछि भने- नचिकेता ! म तिमीलाई गोपनीय सार्वकालिक ब्रह्मका विषयमा र मृत्यु पछि आत्मा कुन रूपमा रहन्छ, सो बारेमा पनि बताउने छु । त्यसपछि क्रमशः कर्मअनुसार जीवको गति बताउँदै 'आत्मज्ञानी पुरुषलाई फेरि जन्मन र मर्न पर्दैन' भनेर परमात्मामा आधारित प्रत्युत्तर दिए । तर नचिकेताले प्रधानको विषयमा कुनै प्रश्न नगरेकाले त्यस विषयमा उत्तर पनि दिइएन । अतः निष्कर्षमा भन्नु पर्दा यसरी भन्न सकिन्छ -

कठवल्लीग्रन्थमा प्रधानको विषयमा प्रश्न र उत्तर दुवै गरिएका छैनन् । त्यसकारण पनि अव्यक्तशब्दको अर्थ साङ्ख्यसम्मत प्रधान हुन आउँदैन । यसै कुरालाई ग्रन्थकारले **'त्रयाणामेव०'** इत्यादि सूत्रमा अग्नि, जीव र परमात्माको विषयमा मात्र कठवल्लीमा विवेचना गरिएको छ र उत्तर पनि तिनकै विषयमा दिइएको छ भनेका छन् । अग्नि, जीव र परमात्माको विषयमा यम र नचिकेताको संवादमा अभिव्यक्त भएका प्रश्न र उत्तरले पनि कठवल्लीश्रुतिमा प्रधानको विषयमा प्रश्न र उत्तर नभएको तथ्यलाई प्रमाणित गर्दछन् ।

शाङ्करभाष्यम्

अत्राह - योऽयमात्मविषयः प्रश्नो येयं प्रेते विचिकित्सा मनुष्येऽस्तीति, किं स एवायम् **'अन्यत्र धर्मादन्यत्राधर्मात्'** इति पुनरनुकृष्यते, किंवा ततोऽन्योऽयमपूर्वः प्रश्न उत्थाप्यत इति । किञ्चातः ? स एवायं प्रश्नः पुनरनुकृष्यत इति यद्युच्येत, द्वयोरात्मविषययोः प्रश्नयोरेकतापत्तेरग्निविषय आत्मविषयश्च द्वावेव प्रश्नावित्यतो न वक्तव्यं त्रयाणां प्रश्नोपन्यासाविति । अथान्योऽयमपूर्वः प्रश्न उत्थाप्यत इत्युच्येत, ततो यथैव वरप्रदानव्यतिरेकेण प्रश्नकल्पनायामदोषः, एवं प्रश्नव्यतिरेकेणापि प्रधानोपन्यासकल्पनायामदोषः स्यादिति ।

नेपालीभाषानुवाद

अत्र = यस सम्बन्धमा, **आह** = पूर्वपक्षी भन्दछ, **ये यं प्रेते विचिकित्सा मनुष्येऽस्तीति** = इत्यादि रूपको नचिकेताको प्रश्नवाक्यमा, **यः** = जुन, **अयम्** = यो, **आत्मविषयः** = आत्माको विषयमा आधारित, **प्रश्नः** = प्रश्न छ, **किम्** = के, **सः एव** = त्यही नै, **अयम्** = यो आत्मविषयक प्रश्न, **'अन्यत्र धर्मादन्यत्राधर्मात्' इत्यत्र** = नचिकेताको तेस्रो परमात्माको विषयमा आधारित प्रश्नमा, **पुनः** = फेरि, **अनुकृष्यते** = दोहोऱ्याइएको छ, **किंवा** = के अथवा, **ततः** = जीवविषयक प्रश्न-वाक्यभन्दा, **अन्यः** = भिन्दै, **अयम्** = यो, **अपूर्वः** = पहिले उल्लेख नगरिएको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः = जिज्ञासा, **उत्थाप्यते** = उठाइएको छ, **इति** = यस्तो हाम्रो जिज्ञासा छ, फेरि; **अतः** = एउटै कुरा दोहोरिने यस प्रकरणवाट, **किञ्च** = के उपलब्धि छ, **यदि** = यदि तपाईंहरूद्वारा, **स एव** = जीवविषयक प्रश्न नै, **पुनः** = फेरि परमात्मविषयक प्रश्नमा, **अनुकृष्यते** = दोहोराइएको छ, **इति** = यसो, **उच्यते** = भनिन्छ भने, **आत्मविषययोः**= आत्माको विषयमा आधारित, **द्वयोः** = दुवै, **प्रश्नयोः**= प्रश्नहरूको, **एकतापत्तेः** = अभेद हुन आउनाले, **अग्निविषयः** = अग्निसम्बन्धी, **च** = र, **आत्मविषयः** = आत्मासम्बन्धी, **द्वौ एव** = दुइटामात्र, **प्रश्नौ** = प्रश्न हुन्छन्, **इति अतः** = यसकारण, **त्रयाणाम्** = अग्नि, जीव र आत्मामा आधारित तीन विषयहरूको, **प्रश्नोपन्यासौ**= प्रश्न र विषयप्रस्तुति गरिएको छ, **इति** = यस्तो तपाईंहरूले, **न वक्तव्यम्** = भन्न मिल्दैन, **अथ** = यसपछि, **अयम्** = यो, **अन्यः** = उक्त प्रश्नहरूमा भिन्न, **अपूर्वः** = पहिलो चर्चा नभएको, **प्रश्नः** = प्रश्न, **उत्थाप्यते**= उठाइएको छ, **इति** = यस्तो, **उच्यते** = भनिन्छ भन्नुहुन्छ भने, **ततः** = त्यसो भए, **यथा एव** = जसरी नै, **वरप्रदानव्यतिरेकेण** = नचिकेताले यमसँग पाएका जुन प्रश्नसम्बन्धी वरदान छन्, ती प्रश्नभन्दा भिन्नै तरिकाले, **प्रश्नकल्पनायाम्** = नयाँ प्रश्नको कल्पना गर्दा, **अदोषः** = तपाईंहरूलाई दोष भएन, **एवम्** = त्यसरी नै, **प्रश्नव्यतिरेकेण अपि** = प्रधानसम्बन्धी प्रश्न नहुँदा पनि, **प्रधानोपन्यासकल्पनायाम्**= प्रधानविषयक उत्तर हो भनेर कल्पना गर्नुमा, **अदोषः स्यात्** = हाम्रो पनि दोष हुँदैन, **इति** = यस्तो पूर्वपक्षीको आशङ्का रहेको छ ।

विशदीकरण

'येयं प्रेते विचिकित्सा मनुष्येऽस्तीति' इत्यादि पूर्ववर्णित श्रुतिवाक्यमा आत्मा कै विषयमा प्रश्न गरियो र **'अन्यत्र धर्मादन्यत्राधर्मात्'** इत्यादि पूर्ववर्णित श्रुतिवाक्यमा पनि आत्मासम्बन्धी नै प्रश्न दोहोरियो, जब कि सिद्धान्तपक्षबाट तीनवटा प्रश्न र तीन प्रतिवचन भए भनिएको छ ।

यहाँ पूर्वपक्षीको आशय यस्तो रहेको छ– तपाईं तीन प्रश्न छन् भन्नुहुन्छ । वस्तुतः प्रश्न दुइमात्र हुन आउँछन् । यदि दोहोरिएको मान्नु हुन्छ र दुइटा मात्र प्रश्न हुन् भन्ने स्वीकार गर्नुहुन्छ भने तीन प्रश्न र तीन उत्तर भन्ने आफ्नो पूर्व कथनलाई तपाईंले फिर्ता लिनुपर्छ । होइन, दोहोरिएको होइन तर त्यो नयाँ प्रश्न हो, यसरी प्रश्न तीन नै हुन्छन्, दुई प्रश्न भन्न मिल्दैन भन्नुहुन्छ भने तपाईंको नयाँ प्रश्न यम र नचिकेताको संवादभन्दा बाहिरको हुनेछ । तपाईंले वरप्रदानप्रसङ्गबाट बाहिर गएर नयाँ प्रश्नको परिकल्पना गर्न सक्नुहुन्छ भने हामी पनि प्रधानविषयक प्रश्न नभए पनि त्यो उत्तर प्रधानको विषयमा आधारित छ भन्न सक्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

अत्रोच्यते- नैवं वयमिह वरप्रदानव्यतिरेकेण प्रश्नं कञ्चित्कल्पयामः, वाक्योपक्रमसामर्थ्यात् । वरप्रदानोपक्रमा हि मृत्युनचिकेतःसंवादरूपा वाक्य-प्रवृत्तिरासमाप्तेः कठवल्लीनां लक्ष्यते । मृत्युः किल नचिकेतसे पित्रा प्रहिताय त्रीन्वरान्प्रददौ । नचिकेताः किल तेषां प्रथमेन वरेण पितुः सौमनस्यं वव्रे, द्वितीयेनाग्निविद्याम्, तृतीयेनात्मविद्याम्, **'येयं प्रेते'** इति **'वराणामेष वरस्तृतीयः'** (का. १/१/२०) इति लिङ्गात् । तत्र यद्यन्यत्र धर्मादित्यन्योऽयमपूर्वः प्रश्न उत्थाप्येत, ततो वरप्रदानव्यतिरेकेणापि प्रश्नकल्पनाद्वाक्यं बाध्येत ।

नेपालीभाषानुवाद

अत्र = यहाँ, **उच्यते** = सिद्धान्तपक्ष लिएर भनिन्छ, **इह** = यस प्रकरणमा, **वयम्** = हामी, **वरप्रदानव्यतिरेकेण** = नचिकेताले वरमा पाएका विषयदेखि अतिरिक्त-रूपमा, **कञ्चित्** = कुनै नयाँ, **प्रश्नम्** = प्रश्नको, **न कल्पयामः** = कल्पना गरेका छैनौं, किनकि, **वाक्योपक्रमसामर्थ्यात्** = वरदानदेखि लिएर संवादपर्यन्तको कठवल्लीको सामर्थ्यले गर्दा नयाँ कल्पना नै गर्नुपर्दैन, **हि** = किनकि, **वरप्रदानो-पक्रमा** = वरप्रदानबाट आरम्भ गरिएको, **मृत्युनचिकेतःसंवादरूपा** = यम र नचिकेताको संवादरूप, **वाक्यप्रवृत्तिः** = वचनव्यापार, **कठवल्लीनाम्** = कठवल्ली-श्रुतिको, **आसमाप्तेः** = समाप्तिपर्यन्त, **लक्ष्यते** = बोधगम्य हुन आउँछ, **मृत्युः** = यमराजले, **किल** = निश्चय नै, **पित्रा** = आफ्ना पिताद्वारा,**प्रहिताय** = मृत्युलोकमा पठाइएका, **नचिकेतसे** = नचिकेतालाई, **त्रीन्** = तीनवटा, **वरान्** = वर, **ददौ** = दिए, **किल** = वास्तवमा, **नचिकेताः** = नचिकेताले, **तेषाम्** = ती तीन वरमध्ये, **प्रथमेन** = पहिलो, **वरेण** = वरद्वारा, **पितुः** = आफ्ना पिताको, **सौमनस्यम्** = प्रसन्नता होस् भन्ने, **वव्रे** = मागे, **द्वितीयेन** = दोस्रो वरद्वारा, **अग्निविद्याम्** = अग्निविद्याको ज्ञान मागे, **तृतीयेन** = तेस्रो वरद्वारा आत्मविद्याको ज्ञान मागे, **'येयं प्रेते' इति** = 'येयं प्रेते' इत्यादि र, **'वराणामेषः तृतीयः' इति** = वरहरूमध्ये यो तेस्रो वर हो भन्ने, **लिङ्गात्** = श्रुति हेतुबाट तीन वरमा आधारित तीन प्रश्नसिद्ध हुन्छन्, **तत्र** = तिनमा, **यदि** = यदि, **'अन्यत्र धर्मात्' इति** = माथि चर्चा गरिएको उक्त मन्त्रको विषयलाई लिएर, **अयम्** = यो, **अपूर्वः** = पहिले चर्चा नभएको, **प्रश्नः** = प्रश्न हो भनेर, **उत्थाप्येत** = कुरा उठाइन्छ भने, **वरप्रदानव्यतिरेकेण अपि** = वरभित्र परेका प्रश्नभन्दा अतिरिक्त , **प्रश्नकल्पनात्** = प्रश्नको कल्पना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नाले, **वाक्यम्** = कठवल्लीको संबद्ध प्रकरणको, **आरम्भवाक्यं बाध्येत** = उपक्रमवाक्य प्रयोजनशून्य हुनेछ ।

विशदीकरण

उक्त शङ्काको समाधानका क्रममा सिद्धान्त पक्ष राख्दै भाष्यकार भन्नुहुन्छ – यमराज र नचिकेताको संवादरूप वाक्यहरूको प्रवृत्तिबाट **'येयं प्रेते'** र **'अन्यत्र धर्मात्'** इत्यादि मन्त्रहरूमा आत्मविषयक एउटै प्रश्न छ । त्यसकारण प्रधानले त्यहाँ ठाउँ पाउने प्रश्न नै उठ्दैन । **'अन्यत्र धर्मात्'** यस वाक्यलाई नयाँ प्रश्नवाक्यको रूपमा राख्न मिल्दैन । त्यसो गर्ने हो भने प्रकरणदेखि बाहिर जानाले आरम्भवाक्य नै विना प्रयोजनको सिद्ध हुनेछ ।

शाङ्करभाष्यम्

ननु प्रष्टव्यभेदादपूर्वोऽयं प्रश्नो भवितुमर्हति । पूर्वो हि प्रश्नो जीवविषयः, येयं प्रेते विचिकित्सा मनुष्येऽस्ति नास्तीति विचिकित्साभिधानात् । जीवश्च धर्मादि-गोचरत्वान्नान्यत्र धर्मादिति प्रश्नमर्हति । प्राज्ञस्तु धर्माद्यतीतत्वादन्यत्र धर्मादिति प्रश्नमर्हति । प्रश्नच्छाया च न समाना लक्ष्यते, पूर्वस्यास्तित्वनास्तित्वविषय-त्वादुत्तरस्य धर्माद्यतीतवस्तुविषयत्वात् । तस्मात्प्रत्यभिज्ञानाभावात्प्रश्नभेदः । न पूर्वस्यैवोत्तरत्रानुकर्षणमिति चेत् – न, जीवप्राज्ञयोरेकत्वाभ्युपगमात् । भवेत्प्रष्टव्य-भेदात्प्रश्नभेदो यद्यन्यो जीवः प्राज्ञात्स्यात्। न त्वन्यत्वमस्ति । **'तत्त्वमसि'** इत्यादि-श्रुत्यन्तरेभ्यः । इह च **'अन्यत्र धर्मात्'** इत्यस्य प्रश्नस्य प्रतिवचनं **'न जायते म्रियते वा विपश्चित्'** इति जन्ममरणप्रतिषेधेन प्रतिपाद्यमानं शारीरपरमेश्वरयोरभेदं दर्शयति । सति हि प्रसङ्गे प्रतिषेधो भागी भवति । प्रसङ्गश्च जन्ममरणयोः शरीर-संस्पर्शाच्छारीरस्य भवति, न परमेश्वरस्य । तथा–

'स्वप्नान्तं जागरितान्तं चोभौ येनानुपश्यति ।
महान्तं विभुमात्मानं मत्वा धीरो न शोचति ।।' (का. २/४/४) इति

स्वप्नजागरितदृशो जीवस्यैव महत्त्वविभुत्वविशेषणस्य मननेन शोकविच्छेदं दर्शयन्न प्राज्ञादन्यो जीव इति दर्शयति । प्राज्ञविज्ञानाद्धि शोकविच्छेद इति वेदान्तसिद्धान्तः।

नेपालीभाषानुवाद

ननु = शङ्का हुन्छ, **अयम्** = यो, **प्रश्नः** = **अन्यत्र धर्मात्०** इत्यादि विषयक प्रश्न, **प्रष्टव्यभेदात्** = जीव र ईश्वररूप प्रश्नद्वारा जान्न खोजिएका विषयहरूको परस्परमा भेद हुनाले, **अपूर्वः** = नयाँ, **भवितुम्** = हुन, **अर्हति** = सक्तछ, **पूर्वम्** = **'येयं प्रेते विचिकित्सा मनुष्येऽस्तीति'** इत्यादि पहिलो, **प्रश्नः** = प्रश्न, **हि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय नै, **जीवविषयः** = जीवात्मासम्बन्धी हो, **प्रेते** = मरेका, **मनुष्ये** = मनुष्यको विषयमा, **या** = जो, **इयम्** = यो, **विचिकित्सा** = सन्देह छ, **अस्ति** = देहादि सङ्घातदेखि भिन्न आत्मा छ अथवा, **न अस्ति** = छैन, **इत्यादि** = यसरूपमा, **अभिधानात्** = जीवको अस्तित्व र नास्तित्व विषयको शङ्का गरिएको छ, **जीवः च**= फेरि जीव, **धर्मादिगोचरत्वात्** = धर्म आदिको आश्रय हुनाले, **अन्यत्र धर्मात्०**= धर्मदेखि भिन्न, **इति** = यस प्रकरका, **प्रश्नम्** = प्रश्नको, **न अर्हति** = योग्य हुँदैन, **प्राज्ञः** = परमेश्वर, **तु** = त, **धर्माद्यतीतत्वात्** = धर्म, अधर्म आदि देखि पर हुनाले '**अन्यत्र धर्मात्**' अर्थात् धर्मदेखि पर को छ, **इति** = यस्तो, **प्रश्नम्** = प्रश्नको, **अर्हति** = योग्य हुन्छ, **च** = र, **प्रश्नच्छाया** = (ज्ञेय जीव र परमेश्वरका भेदले मात्र प्रश्नको भेद छैन अपितु) प्रश्नको स्वरूपमा पनि, **समाना** = समान, **न दृश्यते** = देखिंदैन किनकि; **पूर्वस्य** = '**येयं प्रेते विचिकित्सा**' इत्यादि मन्त्रको, **अस्तित्व-नास्तित्वविषयत्वात्** = आत्माको अस्तित्व र नास्तित्व बारेको जिज्ञासा नै विषय छ भने, **उत्तरस्य** = '**अन्यत्र धर्मात्**' इत्यादि मन्त्रको, धर्म अधर्म आदि विषयदेखि पररहेका वस्तुको जिज्ञासा प्रमुख विषय रहेको छ, **तस्मात्** = त्यसकारण, **प्रत्यभिज्ञानाभावात्** = पूर्वमन्त्रको प्रत्यभिज्ञा (पूर्वस्मृति) उत्तरमन्त्रमा नभएकाले, **प्रश्नभेदः** = पूर्वमन्त्र र उत्तरमन्त्रका प्रश्नहरूमा पनि अन्तर छ, **पूर्वस्य एव** = पूर्वप्रश्नको, **उत्तरत्र** = उत्तरवाक्यमा, **न एव अनुकर्षणम्** = अनुवृत्ति भएकै छैन, **इति** = यस्तो शङ्का, **न** = उचित छैन, किनकि; **जीवप्राज्ञयोः** = जीव र परमेश्वरमा, **एकत्वाभ्युपगमात्** = अभेद स्वीकार गरिएकाले दुवै प्रश्न एउटै विषयमा आधारित हुन आउँछन् र एउटै बन्दछन्, **यदि** = यदि, **जीवः** = जीवात्मा, **प्राज्ञात्** = परमेश्वरभन्दा, **अन्यः स्यात्** = भिन्दै हुन्थ्यो भने, **प्रष्टव्यभेदात्** = ज्ञेय जीव र परमेश्वरमा भेद भएकाले '**येयं विचिकित्सा**' इत्यादि मन्त्रमा र '**अन्यत्र धर्मात्**' इत्यादि मन्त्रमा, **प्रश्नभेदः** = प्रश्नमा भिन्नता हुने थियो, **तत्त्वमस्यादिश्रुत्यन्तरेभ्यः**= '**तत्त्वमसि**' आदि (**तत्** = त्यो परमेश्वर, **त्वम्** = तिमी नै, **असि** = होउ आदि बताउने) अन्यश्रुतिहरूबाट, **अन्यत्वम्** = जीव, प्राज्ञ र परमेश्वरमा भेद, **तु** = त, **न**= छैन, **च** = र, **इह** = यहाँ, '**अन्यत्र धर्मात्' इत्यस्य** = धर्मदेखि पर को छ इत्यादि, **प्रश्नस्य** = प्रश्नको, '**न जायते म्रियते वा विपश्चित्' इति** = विद्वान् (विवेकी) न जन्मन्छ, न त मर्दछ इत्यादि अर्थ भएको श्रुतिद्वारा, **जन्ममरणनिषेधेन**= जन्म र मृत्युको निषेधको माध्यमबाट, **प्रतिपाद्यमानम्**= प्रतिपादन गरिने, **प्रतिवचनम्**= उत्तरले, **शारीर-परमेश्वरयोः** = जीवात्मा र परमेश्वरको, **अभेदम्** = एकरूपता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शयति = देखाउँछ, **प्रसङ्गे सति** = जन्म र मरणको प्रसङ्ग भएमा, **हि** = निश्चय नै, **प्रतिषेधः** = जन्म र मरणको निषेध, **भागी** = उचित, **भवति** = हुन्छ, **च** = र, **जन्ममरणयोः** = जन्म र मरणको, **प्रसङ्गः** = प्रसङ्ग, **शरीरसंस्पर्शात्** = शरीरको सम्बन्धले, **शारीरस्य** = जीवात्माको, **भवति** = हुन्छ, **परमेश्वरस्य** = परमेश्वरको, **न** = शरीरसम्बन्ध नभएकाले जन्म र मरणको प्रसङ्ग हुँदैन, **तथा** = त्यस्तै, **धीरः** = बुद्धिमान् पुरुष, **येन** = जो द्वारा, **स्वप्नान्तम्** = सपनामा प्रतीत हुने, **च** = र, **जागरितान्तम्** = जागरणमा प्रतीत हुने, **उभौ** = यी दुवै प्रकारका पदार्थलाई, **अनुपश्यति** = देख्दछ, त्यस्ता, **महान्तम्** = महान्, **विभुम्** = व्यापक, **आत्मानम्**= आत्मालाई, **मत्वा** = जानेर, **न शोचति**= शोकबाट मुक्त हुन्छ, **इति** = यसप्रकार, **स्वप्नजागरितदृशः** = स्वप्न र जागरणलाई देख्ने, **महत्त्वविभुत्वविशेषणस्य** = महत्त्व र विभुत्व विशेषणवाला अर्थात् महान् र विभु, **जीवस्य एव** = जीवको नै, **मननेन** = मनन, चिन्तन गर्नाले, **शोकविच्छेदम्** = शोकको नाश हुने कुरा, **दर्शयन्**= देखाउँदै, **प्राज्ञात्** = परमेश्वरदेखि, **जीवः** =जीवात्मा, **न अन्यः** = फरक छैन, **इति**= यस तथ्यलाई, **दर्शयति** = यमले नचिकेतालाई देखाएका छन्, **हि** = किनकि, **प्राज्ञविज्ञानात्** = परमेश्वरको ज्ञानबाट नै, **शोकविच्छेदः** = शोकको नाश हुन्छ, **इति** = यस किसिमको, **वेदान्तसिद्धान्तः** = वेदान्तदर्शनको सिद्धान्त रहेको छ ।

विशदीकरण

यहाँ पूर्वपक्षीको भनाइ छ – **'येयं प्रेते'** इत्यादि जीवविषयक प्रश्नमा देहादिसङ्घातभन्दा भिन्न आत्मा छ वा छैन भन्ने सन्देह हुन्छ र जीवमा धर्म आदिको आश्रयता झल्किन्छ । पुनश्च परमात्मा धर्म र अधर्मभन्दा पर रहेकाले जीव र परमात्मामा नै स्पष्टरूपमा भेद देखिन्छ । फेरि **'येयं प्रेते'** र **'अन्यत्र धर्मात्'** यी दुवै मन्त्रमा रहेका प्रश्नहरूमा पनि समानता छैन ।

फेरि तीन वरको सट्टा पिताको प्रसन्नता, अग्निविद्या, जीवविद्या र परमात्मविद्या गरी चार विषयमा चार प्रश्नवाक्यको कल्पना गर्नुपर्ने हुन्छ । त्यसरी नै उत्तर पनि चारवटा मान्नुपर्ने हुन्छ । चार प्रश्न र चार उत्तर मान्नासाथ आरम्भवाक्यसँग विरोध हुन जानेछ । जसरी सिद्धान्तवादीले चतुर्थ प्रश्नको कल्पना गरेका छन्, त्यसरी नै हामीले पनि प्रधानको कल्पना गर्न सक्छौं । यो पूर्वपक्षीको अभिप्राय हो।

त्यसको उत्तरमा सिद्धान्तपक्षीको भनाइ यसप्रकार रहेको छ – जीव र प्राज्ञमा अन्तर छैन । यस तथ्यलाई **'तत्त्वमसि;** आदि वाक्यले पनि प्रमाणित गरेका छन् । 'परमात्माको ज्ञान पछि शोकमुक्त हुन्छ, जीवात्मा र परमात्मामा भेद हुँदैन' भन्ने वेदान्तदर्शनको सिद्धान्त छ । त्यसकारण पूर्वपक्षीद्वारा प्रस्तुत जीव र परमेश्वरको भेदसिद्धान्त फेल खान्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र त्यस आधारमा परिकल्पित तर्क पनि स्वतः निरस्त हुन्छन् ।

शाङ्करभाष्यम्

तथाऽग्रे –

'यदेवेह तदमुत्र यदमुत्र तदन्विह ।

मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति ।।' (का. २/४/१०)

इति जीवप्राज्ञभेददृष्टिमपवदति । तथा जीवविषयस्यास्तित्वनास्तित्वप्रश्नस्यानन्तरम् **'अन्यं वरं नचिकेतो वृणीष्व'** इत्यारभ्य मृत्युना तैस्तैः कामैः प्रलोभ्यमानोऽपि नचिकेता यदा न चचाल, तदैनं मृत्युरभ्युदयनिःश्रेयसविभागप्रदर्शनेन विद्याविद्या-विभागप्रदर्शनेन च **'विद्याभीप्सिनं नचिकेतसं मन्ये न त्वा कामा बहवोऽलो-लुपन्त'** (का. १/२/४) इति प्रशस्य प्रश्नमपि तदीयं प्रशंसन्यदुवाच –

'तं दुर्दर्शं गूढमनुप्रविष्टं गुहाहितं गह्वरेष्ठं पुराणम् ।

अध्यात्मयोगाधिगमेन देवं मत्वा धीरो हर्षशोकौ जहाति ।।' (का. १/२/१२) इति, तेनापि जीवप्राज्ञयोरभेद एवेह विवक्षित इति गम्यते । यत्प्रश्ननिमित्तां च प्रशंसां महतीं मृत्योः प्रत्यपद्यत नचिकेताः, यदि तं विहाय प्रशंसानन्तरमन्यमेव प्रश्नमुपक्षिपेदस्थान एव सा सर्वा प्रशंसा प्रसारिता स्यात् । तस्मात् **'येयं प्रेते'** इत्यस्यैव प्रश्नस्यैतदनुकर्षणम् **'अन्यत्र धर्मात्'** इति । यत्तु प्रश्नच्छायावै-लक्षण्यमुक्तम्, तददूषणम्; तदीयस्यैव विशेषस्य पुनः पृच्छ्यमानत्वात् । पूर्वत्र हि देहादिव्यतिरिक्तस्यात्मनोऽस्तित्वं पृष्टम्, उत्तरत्र तु तस्यैवासंसारित्वं पृच्छ्यत इति, यावद्ध्यविद्या न निवर्तते तावद्धर्मादिगोचरत्वं जीवस्य जीवत्वं च न निवर्तते। तन्निवृत्तौ तु प्राज्ञ एव **'तत्त्वमसि'** इति श्रुत्या प्रत्याय्यते । न चाविद्यावत्त्वे तदपगमे च वस्तुनः कश्चिद्विशेषोऽस्ति । यथा कश्चित्संतमसे पतितां काञ्चिद्रज्जुमहिं मन्यमानो भीतो वेपमानः पलायते, तं चापरो ब्रूयान्मा भैषीर्नायमही रज्जुरेवेति । स च तदुपश्रुत्याहिकृतं भयमुत्सृजेद्वेपथुं पलायनञ्च । न त्वहिबुद्धिकाले तदपगमकाले च वस्तुनः कश्चिद्विशेषः स्यात्। तथैवैतदपि द्रष्टव्यम् । ततश्च **'न जायते म्रियते वा'** इत्येवमाद्यपि भवत्यस्तित्वप्रश्नस्य प्रतिवचनम् । सूत्रं त्वविद्याकल्पितजीव-प्राज्ञभेदापेक्षया योजयितव्यम् । एकत्वेऽपि ह्यात्मविषयस्य प्रश्नस्य प्रायणावस्थायां देहव्यतिरिक्तास्तित्वमात्रविचिकित्सनात्कर्तृत्वादिसंसारस्वभावानपोहनाच्च पूर्वस्य पर्यायस्य जीवविषयत्वमुत्प्रेक्ष्यते । उत्तरस्य तु धर्माद्यत्ययसङ्कीर्तनात्प्राज्ञविषयत्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिति । ततश्च युक्ताऽग्निजीवपरमात्मकल्पना । प्रधानकल्पनायां तु न वरप्रदानं न प्रश्नो न प्रतिवचनमिति वैषम्यम् ।।६।।

नेपालीभाषानुवाद

तथा = त्यस्तै, **अग्रे** =त्यसपछि, **इह** = यहाँ देह र इन्द्रियको सङ्घातमा, **यद्**= जो भासमान छ, **तद् एव** = त्यो नै, **अमुत्र** = देहेन्द्रिय सङ्घातदेखि भिन्न स्थानमा पनि छ, **यद्** = जो, **अमुत्र** = अन्यत्र छ, **तद्** = त्यो, **अनु इह** = यहाँ पनि छ, **यः** = जसले, **इह** = यस तत्त्वमा, **नाना इव** = भिन्नता भए झैं, **पश्यति** = देख्दछ, **सः** = त्यो, **मृत्योः** = मृत्युबाट, **मृत्युम्** = मृत्युमा नै, **आप्नोति** = प्राप्त हुन्छ, अर्थात् जन्म र मृत्युको चक्रमा पर्दछ, **इति** = यस श्रुतिले, **जीवप्राज्ञभेददृष्टिम्**= जीव र परमेश्वरको भेद दृष्टिलाई, **अपवदति** = निषेध गर्दछ, **तथा** = त्यस्तै, **जीवविषयस्य** = नचिकेताद्वारा यमसँग जीवविषयक, **अस्तित्वनास्तित्वप्रश्नानन्तरम्**= छ वा छैन भन्ने प्रश्न गरिए पछि, **मृत्युना** = यमले, **अन्यम्** = अर्कै, **वरम्** =वर, **वृणीष्व** = माग, **इति** = यसरी, **आरभ्य** = सुरु गरेर, **तैः तैः** = ती ती दुर्लभ मानिने, **कामैः** = भोगहरूद्वारा, **प्रलोभ्यमानः** = लोभ्याइएका, **नचिकेताः** = नचिकेता, **यदा**= जब, **न चचाल** = आफ्नो आत्मज्ञान विषयक जिज्ञासाको अडानबाट एकइञ्च पनि डगेनन्, **तदा** = त्यसबेला, **मृत्युः** = यमले, **एनम्** = नचिकेतालाई, **अभ्युदयनिःश्रेयसविभागदर्शनेन** = अभ्युदय र मोक्षको भेद देखाएर, **विद्या-ऽविद्याविभागप्रदर्शनेन** = विद्या र अविद्याको भेददर्शन गराएर (यमले नचिकेतालाई), **त्वा** = तिमीलाई, **बहवः** = धेरै प्रकारका, **कामाः** = भोगहरूले, **न अलोलुपन्त** = लोभ्याउन सकेनन्, **इति** = यसप्रकार, **प्रशस्य** = प्रशंसा गरेर, **तदीयम्** = नचिकेताले गरेका, **प्रश्नम् अपि** = प्रश्नको पनि, **प्रशंसन्** = प्रशंसा गर्दै, **दुदर्शम्** = धेरै मुस्किलले देखिने, **गूढम् अनुप्रविष्टम्** = गूढस्थानमा प्रविष्ट भएका, **गुहाहितम्** = बुद्धिरूपी गुफामा आश्रय लिने, **गह्वरेष्ठम्** = अनर्थबहुल शरीरमा वर्तमान, **पुराणम्**= सनातन, **तम्** = ती, **देवम्** = देवलाई, **अध्यात्मयोगाधिगमेन** = अध्यात्मविद्याको प्राप्तिबाट, **मत्वा** = जानेर, **धीरः** = बुद्धिमान् पुरुषले, **हर्षशोकौ** = हर्ष र शोकलाई, **जहाति** = त्याग गर्दछ, **इति** = यसरूपमा, **यद्** = जो, **उवाच** = भने, **तेन अपि** = त्यस भनाइबाट पनि, **जीवप्राज्ञयोः** = जीव र प्राज्ञको, **अभेदः** = अभिन्नता, **इह** = यहाँ, **विवक्षितः** = बताउन खोजिएको छ,**इति** = यस्तो, **गम्यते** = बुझिन्छ, **च** = र, **नचिकेताः** = नचिकेताले, **मृत्योः** = मृत्युबाट, **यत्प्रश्ननिमित्ताम्** = जुन प्रश्नको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निमित्त, **प्रशंसाम्** = प्रशंसा, **प्रत्यपद्यत** = पाए, **यदि** = यदि, **प्रशंसानन्तरम्** = यमराजले गरेको प्रशंसा पछि, **तम्** = त्यस आत्मासम्बन्धी, **प्रश्नम्** = प्रश्नलाई छाडेर, **अन्यम् एव** = अरू नै प्रश्न, **उपक्षिपेत्** = उठाउँथे भने, **सा सर्वा** = ती सबै, **प्रशंसा** = प्रशंसा, **अस्थाने एव** = कु–ठाउँमा, **प्रसारिता स्यात्** = फैलिने थियो अर्थात् अनुपयुक्त स्थानमा गरिएको कारणबाट व्यर्थ हुने थियो, **तस्मात्** = त्यसकारण, **'येयं प्रेते' इति अस्य** = 'येयं प्रेते' भन्ने मन्त्रमा आधारित, **प्रश्नस्य एव** = प्रश्नको नै, **'अन्यत्र धर्मात्' इति** = 'अन्यत्र धर्मात्' इत्यादि मन्त्रमा, **अनुकर्षणम्** = अनुवृत्ति भएको छ, **यत्** = जो, **तु** = त, **प्रश्नछायावैलक्षण्यम्**= प्रश्नको स्वरूपगत भिन्नता छ भनेर, **उक्तम्** = पहिले पूर्वपक्षीद्वारा भनियो, **तद्** = त्यो, **अदूषणम्** = दोष होइन, किनकि; **तदीयस्य एव** = **'येयं प्रेते'** मन्त्रमा सामान्यरूपमा निर्दिष्ट प्रश्नको नै, **विशेषस्य** = विशिष्टीकृत स्वरूपको, **पुनः** = फेरि, **पृच्छ्यमानत्वात्** = जिज्ञासा गरिएको छ, **हि** = किनकि, **पूर्वत्र** = **'येयं प्रेते'** इत्यादि मन्त्रमा, **देहादिव्यतिरिक्तस्य** = देह इन्द्रियदेखि अतिरिक्त, **आत्मनः** = आत्माको, **अस्तित्वम्** =अस्तित्वबारे, **पृष्टम्** = सोधिएको छ, **उत्तरत्र** = **'अन्यत्र धर्मात्'** इत्यादि मन्त्रमा, **तु** = त, **तस्य एव** =त्यसै आत्माको, **असंसारित्वम्** = संसारका समग्र विषय र भावदेखि छुट्टै रहने असंसारी स्वभावको विषयमा, **पृच्छ्यते**= सोधिएको छ, **इति** = यसकारण, **यावत्** = जबसम्म, **हि** = निश्चय नै, **अविद्या** = अज्ञान (अविद्या), **न निवर्तते** = हट्दैन, **तावत्** = तबसम्म, **जीवस्य** = जीवको, **धर्मादिगोचरत्वम्** = धर्म, अधर्म आदिको आश्रयता, **च** = र, **जीवत्वम्** = जीवभाव, **न निवर्तते** = निवृत्त हुँदैन, **तन्निवृत्तौ** = धर्म अधर्मादिको आश्रयता र जीवभावको निवारण भएपछि, **तु** = त, **प्राज्ञःएव** = त्यो जीव प्राज्ञ नै हो भन्ने कुरा, **तत्त्वमसीति-श्रुत्या** = **'तत्त्वमसि'** अर्थात् 'हे! जीवात्मा त्यो परमेश्वर तिमी होउ' भन्ने श्रुतिद्वारा, **प्रत्याय्यते** = ज्ञान वा प्रतीति गराइन्छ, **अविद्यावत्वे** = अविद्याले युक्त हुँदा, **च** = र, **तदपगमे** = अविद्याको निवृत्ति हुँदा, **वस्तुनः** = आत्मारूप वस्तुको, **कश्चित्** = कुनै, **विशेषः** = हानि अथवा लाभ, **न अस्ति** = हुँदैन, अर्थात् जीवको ब्रह्मरूप आगन्तुक होइन, वास्तविक हो, **यथा** = जस्तै, **कश्चित्** = कुनै मानिसले, **सन्तमसे**= गाढा अन्धकारमा, **पतिताम्** = भुइँमा तेर्सिएको, **काञ्चित्**= कुनै, **रज्जुम्** = डोरीलाई, **अहिम्** = सर्प, **मन्यमानः** = मान्दो छँदो, **भीतः** = भयभीत, **वेपमानः** = काम्दै, **पलायते** = दौडिन्छ, **अपरः** = अर्कोले, **तं च** = डराएर भाग्ने मानिसलाई, **मा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैषीः = नडराउ, **अयम्** = यो, **न अहिः** = सर्प होइन, **रज्जुः एव** = डोरी नै हो, **इति** = यस्तो, **ब्रूयात्** = भन्दछ, **सः च** = त्यो डराएको र भागिरहेको मानिसले, **तद्** = अर्को मानिसको भनाइ, **उपश्रुत्य** = सुनेर, **भयम्** = डर, **वेपथुम्** = कम्पन, **च** = र,**पलायनम्** = दौडलाई (दौडिने कामलाई), **उत्सृजेत्** = छोड्दछ, **अहिबुद्धिकाले** = कसैले 'सर्पो हो' भनेर धारणा बनाएको बखतमा, **च**= र,**तदपगमकाले** = अर्को मानिसबाट सुनेर 'सर्प हो; भन्ने धारणा हटाएको समयमा, **वस्तुनः** = डोरीको, **कश्चित्** = कुनै, **विशेषः** = हानि, लाभ वा अन्तर, **न स्यात्** = हुँदैन, **तथा एव** = त्यसरी नै, **एतद् अपि** = अविद्या वा विद्याले आत्मामा कुनै अन्तर नपर्ने कुरा पनि, **द्रष्टव्यम्** = सम्झनु पर्दछ, **ततः च** = दुवै मन्त्रमा एउटै आत्माबारे प्रश्न गरिएको हो भन्ने कारणबाट प्रश्नमा एकता भएपछि र जीव र ब्रह्ममा पनि भिन्नता नभएपछि, **'न जायते म्रियते वा' इत्येवम् आदि अपि** = पूर्ववर्णित 'त्यो आत्मा जन्मिदैन र मर्दैन' इत्यादि पनि, **अस्तित्वप्रश्नस्य**= **'येयं प्रेते विचिकित्सा'** इत्यादि मन्त्रद्वारा गरिएका आत्माको अस्तित्वसम्बन्धी प्रश्नको, **प्रतिवचनम् भवति**= उत्तर हुन आउँछ, **सूत्रम्** = **'त्रयाणामेव चैवमुपन्यासः प्रश्नश्च'** यो सूत्र र यसका वाक्यार्थको, **तु** = त, **अविद्याकल्पितजीवप्राज्ञभेदापेक्षया** = अविद्याद्वारा कल्पित जीव र प्राज्ञका भेदका अपेक्षा गरेर, **योजयितव्यम्** = समन्वय गर्नुपर्दछ, अर्थात् सूत्रमा **'त्रयाणाम्'** भनेर अग्नि, जीव र परमेश्वर भनी जीव र परमेश्वरमा भेद देखाइएको छ भने 'कसरी जीव र ब्रह्ममा एकता हुन सक्छ' भन्ने प्रश्न आउन सक्छ, त्यसको समाधान- 'सूत्रमा देखाइएको भेद अविद्याद्वारा कल्पित भेद हो' भन्ने ठम्याएर वाक्यार्थको समन्वय गर्नु पर्दछ, भन्ने हुन्छ, **हि** = किनकि, **आत्मविषयस्य**= आत्मासँग सम्बन्धित, **प्रश्नस्य** = प्रश्नको, **एकत्वेऽपि** = एकरूपता भए पनि, **प्रायणावस्थायाम्** = मरणसमयमा, **देहव्यतिरिक्तास्तित्वमात्रविचिकित्सनात्** = देहदेखि छुट्टिएका आत्माको अस्तित्वको विषयमा मात्रमा सन्देह गर्नुनै तात्पर्य भएकाले, **कर्तृत्वादिसंसारस्वभावानपोहनात् च** = कर्तृत्व, भोक्तृत्व आदि संसारका स्वभावको निवारण नगरिएकाले पनि, **पूर्वस्य** = पहिलो, **पर्यायस्य** = प्रश्नको, **जीवविषयत्वम्** = जीवसँग सम्बन्ध छ भन्ने कुरा, **उत्प्रेक्ष्यते** = सम्भावना गरिन्छ, **उत्तरस्य** = दोस्रो प्रश्नको, **तु** = त, **धर्माद्यत्ययसङ्कीर्तनात्** = धर्मदेखि भिन्न अधर्मदेखि भिन्न आदि प्रकारले आत्माको धर्म अधर्म आदि सँग सम्बन्ध नभएको स्वरूप देखाएको कारणबाट, **प्राज्ञविषयत्वम्** = परमेश्वरसँग सम्बन्ध छ भन्ने कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भावना हुन्छ, **ततश्च** = यसरी समन्वय गरेपछि **अग्निजीवपरमात्मकल्पना** = अग्नि, जीव र परमात्माको कल्पना, **युक्ता**= समन्वित हुन आउँछ, **प्रधानकल्पनायाम्**= परमात्मविषयक प्रश्नलाई '**प्रधान**'सम्बन्धी प्रश्न हो भनेर कल्पना गर्ने हो भने, **तु**= त, **वैषम्यम्** = विषमता हुनेछ, किनकि; **न वरप्रदानम्** = प्रधानको ज्ञानसम्बन्धी वरदान पाएको प्रसङ्ग नै छैन, **न प्रश्नः** = प्रधान के हो र कस्तो छ भन्ने विषयमा नचिकेताले यमसँग प्रश्न नै गरेका छैनन्, **न प्रतिवचनम्** = यमले नचिकेतालाई 'यो प्रधान हो र यो यस स्वरूपको हुन्छ' भन्ने उत्तर पनि दिएका छैनन्, यस कारण अव्यक्तपद प्रधानको वाचक होइन ।

विशदीकरण

'देहन्द्रियसंघातमा, देहेन्द्रियसंघातदेखि भिन्न स्थानमा समीपमा र टाढा रहने परमात्मालाई जसले भिन्न रूपको वा अनेक रूपको छ भनेर विश्वास गर्दछ, त्यो जन्म र मृत्युको चक्रमा पर्दछ' यस श्रुतिवाक्यार्थले जीव र परमेश्वरको भेदलाई निराकरण गर्दछ ।

जुन बेला नचिकेताले यमसँग जीवको अस्तित्व र नास्तित्वको विषयमा श्रद्धापूर्वक प्रश्न गरे, त्यसबेला यमले नचिकेताको जिज्ञासाको वास्तविकता बुझ्न 'जीवविषयक प्रश्न नगर, बरु चाहेका दुर्लभ भोगहरू माग' भनेर धेरै लोभ्याए । तर नचिकेता प्रलोभनमा परेर डगेनन् । त्यसपछि यमले नचिकेतालाई विद्या र अविद्याको भेद देखाएर 'हे सौम्य ! तिमीलाई भोगहरूले लोभ्याउन सकेनन्, तिमी प्रशंसनीय छौ र तिम्रो प्रश्न पनि प्रशंसनीय छ' भन्दै 'रहस्यमय, बुद्धिरूप गुफामा आश्रित र अनर्थबहुल शरीरमा विराजमान सनातन परमात्मालाई अध्यात्मविद्याको माध्यमबाट जानेर बुद्धिमान् पुरुष हर्ष र शोकदेखि मुक्त हुन्छ' भन्ने उपदेश गरे ।

त्यस बेला यमराजको प्रशंसाबाट मखख परेर नचिकेताले आत्मसम्बन्धी प्रश्न छाडी कुनै सांसारिक प्रश्न गर्थे भने उनको प्रशंसा व्यर्थ हुने थियो । त्यसकारण '**येयं प्रेते**' इत्यादि मन्त्रका प्रश्नको नै '**अन्यत्र धर्मात्**' इत्यादि मन्त्रमा अनुवृत्ति भएको छ । यद्यपि प्रश्नहरूको स्वरूपगत विलक्षणता छ, तथापि जीवको र परमेश्वरको '**तत्त्वमसि**' आदि वाक्यद्वारा अभेद सिद्ध हुनाले प्रश्न छुट्टाछुट्टै हो भन्न मिल्दैन । वस्तुतः, जीव र आत्मा एउटै हुन् । अज्ञानले 'डोरीलाई सर्प' मान्ने अवस्था र 'सर्प होइन डोरी नै हो' भन्ने यथार्थ ज्ञानको अवस्थामा अन्तर भएपनि डोरीमा कुनै अन्तर आउँदैन, 'डोरी' डोरी नै रहन्छ। त्यस्तै जीव (अल्पज्ञ) अवस्था र परमेश्वर (सर्वज्ञ) अवस्थामा अन्तर रहे पनि 'आत्मा' आत्मा नै रहन्छ। त्यसकारण जीवविषयक प्रश्न र परमात्माविषयक प्रश्नको विषय एउटै ठहर्छ ।

यसरी प्रथम प्रश्नमा 'मरेपछि जीव कहाँ जान्छ ?' अथवा 'शरीर नै जीव हो कि?' भनेर जो भनियो '**न जायते म्रियते वा कदाचित्**' यो भनाइ त्यसैको उत्तररूपमा आएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । अग्नि, जीव र परमेश्वरविषयक प्रश्नहरूको समन्वय 'यी तत्त्वहरूमा देखिएको साम्प्रतिकभेद अविद्या कल्पित हो भनेर' गर्नु पर्दछ । समन्वयक्रममा प्रथम प्रश्न जीवसँग संबद्ध छ, दोस्रो प्रश्न परमेश्वरसँग संबद्ध छ, वास्तवमा ती दुईको अभेद छ भनेर बुझ्नु पर्दछ । यसरी समन्वय गरेपछि दोस्रो प्रश्न प्रधानसँग संबद्ध छ भन्ने प्रश्नै उठ्दैन । किनकि यहाँ न प्रश्नमा, न त उत्तरमा प्रधानको उल्लेख छ । त्यसकारण अव्यक्त पद प्रधानको वाचक हुन सक्दैन ।

अन्तमा निष्कर्षरूपमा भन्न सकिन्छ - श्रुतिले जीव र परमेश्वरको भेददृष्टिको निवारण गरेको छ। अतः पूर्ववर्णित जीवविषयक र परमात्मविषयक दुवै प्रश्न आत्मविषयक हुन् । श्रुतिमा आत्मा र परमात्मामा भेददृष्टि राख्नेहरूको निन्दा गरिएको छ । अतः जीव र ब्रह्ममा अभेद छ । अभेद हुनाले जीवविषय प्रश्नको तेस्रो प्रश्नमा अन्तर्भाव हुन्छ । प्रधानको कल्पना गर्दा वरप्रदानको प्रसङ्ग हुँदैन, फेरि प्रधान अनात्मा हो, त्यसको आत्मविषयक तृतीय प्रश्नमा अन्तर्भाव गर्न पनि मिल्दैन । त्यसकारण अव्यक्तशब्द प्रधानको वाचक होइन ।।६।।

ब्रह्मसूत्रम् - महद्वच्च १/४/७

सूत्रार्थ - महद्वत् = **'बुद्धेरात्मा महान् परः'** इत्यादि श्रुतिमा प्रयुक्त 'महत्' शब्दले साङ्ख्यदर्शनका अनुयायीद्वारा स्वीकार गरिएको 'सत्तामात्र प्रथम उत्पन्न महत्तत्त्व' भन्ने अर्थलाई बताउँदैन, **च** = त्यस्तै वैदिक अव्यक्त शब्दले पनि साङ्ख्यसम्मत 'प्रधान' भन्ने अर्थलाई बुझाउँदैन ।

शाङ्करभाष्यम्

यथा महच्छब्दः साङ्ख्यैः सत्तामात्रेऽपि प्रथमजे प्रयुक्तो न तमेव वैदिकेऽपि प्रयोगेऽभिधत्ते । **'बुद्धेरात्मा महान्परः'**(का. १/३/१०), **'महान्तं विभुमात्मानम्'** (का. १/२/२२), **'वेदाहमेतं पुरुषं महान्तम्'** (श्वे. ३/८) इत्येवमादावात्मशब्दप्रयोगादिभ्यो हेतुभ्यः । तथाऽव्यक्तशब्दोऽपि न वैदिके प्रयोगे प्रधानमभिधातुमर्हति । अतश्च नास्त्यानुमानिकस्य शब्दवत्त्वम् ।।७।।

नेपालीभाषानुवाद

यथा =जस्तै, **साङ्ख्यैः** = साङ्ख्यदर्शनका अनुयायीहरूले, **सत्तामात्रेऽपि** = सृष्टिप्रक्रियामा सर्वप्रथम उत्पन्न प्रयोग गरिएको, **महत् शब्दः** = महत् शब्दले, **वैदिके** = वैदिक, **प्रयोगे अपि** = प्रयोगमा पनि, **न अभि धत्ते** = बताउँदैन, किनकि; **बुद्धेः** = बुद्धिभन्दा, **महान्** = ठूलो, **आत्मा** = आत्मा, **परः** = श्रेष्ठ छ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कठश्रुतिको वचन, **महान्तम्** = महान्, **विभुम्** = व्यापक, **आत्मानम्** = आत्मालाई जानेर बुद्धिमान पुरुष शोकबाट मुक्त हुन्छ भन्ने कठश्रुतिको वचन, **अहम्** = म, **एतम्** = यस, **महान्तम्**= महान्, **पुरुषम्** = आत्मालाई, **वेद** = जान्दछु इत्यादि भन्ने श्वेताश्वतरश्रुतिको वचन रहेको छ, **इति एवम् आदौ** = यस प्रकार यी सबै श्रुतिहरूमा, **आत्मशब्दप्रयोगादिभ्यः** = आत्मशब्दको प्रयोग आदि, **हेतुभ्यः** = कारणहरूबाट सिद्ध भएको छ, **तथा** = त्यस्तै, **अव्यक्तशब्दः** = अव्यक्त शब्दले, **अपि** = पनि, **वैदिके** = वैदिक, **प्रयोगे** = प्रयोगमा, **प्रधानम्** = प्रधानलाई, **अभिधातुम्** = बताउन, **न अर्हति** = सक्तैन, **अतः च** = यसकारण पनि, **आनुमानिकस्य** = अनुमानबाट मात्र बुझिने प्रधानको, **शब्दवत्त्वम्** = श्रुतिमा उल्लेख, **न अस्ति** = छैन ।

विशदीकरण

साङ्ख्यसम्मत महत् शब्दले सत्तामात्र महत्तत्त्वको प्रतिपादन गर्दछ, तर त्यही शब्द वैदिकवाङ्मयमा आत्माको वाचक हुन्छ । अतः वेद र साङ्ख्यका धेरै जसो पारिभाषिक शब्दका अर्थ भिन्दाभिन्दै रूपमा रहेका छन् । त्यसकारण वैदिक अव्यक्तशब्दले साङ्ख्यको अवधारणा 'प्रधान' तत्त्वको प्रतिपादन गर्दैन। यसरी सिद्ध हुन्छ कि श्रुतिमा प्रयुक्त अव्यक्त शब्द प्रधान (साङ्ख्यसम्मत प्रकृति) को वाचक होइन ।।७।।

इतिआनुमानिकाधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. चमसाधिकरणम् {सू. ८-१०}

ब्रह्मसूत्रम् - चमसवदविशेषात् १/४/८

सूत्रार्थ - **चमसवत्** = **'अर्वाग्बिलश्चमसः०'** यस मन्त्रमा प्रयुक्त चमसशब्दले स्वतन्त्ररूपले यज्ञपात्रलाई नबुझाए जस्तै, **अविशेषात्** = अविशेष हुनाले वैदिक अजा शब्दले पनि प्रधानलाई बुझाउँदैन, अर्थात् अर्वाग्विलत्व सामान्य धर्म हुनाले चमसको वाचक हुँदैन । त्यस्तै अजात्व पनि सामान्य धर्म हुनाले प्रधानको वाचक हुँदैन ।

शाङ्करभाष्यम्

पुनरपि प्रधानवाद्यशब्दत्वं प्रधानस्यासिद्धमित्याह । कस्मात् ? मन्त्रवर्णात्- **'अजामेकां लोहितशुक्लकृष्णां बह्वीः प्रजाः सृजमानां सरूपाः । अजो ह्येको जुषमाणोऽनुशेते जहात्येनां भुक्तभोगामजोऽन्यः ।।'** (श्वे. ४/५) इति । अत्र हि मन्त्रे लोहितशुक्लकृष्णशब्दै रजःसत्त्वतमांस्यभिधीयन्ते। लोहितं रजः, रञ्जनात्मकत्वात् । शुक्लं सत्त्वम्, प्रकाशात्मकत्वात् । कृष्णं तमः, आवरणात्मकत्वात् । तेषां साम्यावस्थाऽवयवधर्मैर्व्यपदिश्यते लोहितशुक्लकृष्णेति। न जायत इति चाजा स्यात्, **'मूलप्रकृतिरविकृतिः'** इत्यभ्युपगमात् । नन्वजाशब्द-श्छागायां रूढः । बाढम्, सा तु रूढिरिह नाश्रयितुं शक्या, विद्याप्रकरणात् । सा च बह्वीः प्रजास्त्रैगुण्यान्विता जनयति । तां प्रकृतिमज एकः पुरुषो जुषमाणः प्रीयमाणः सेवमानो वाऽनुशेते । तामेवाविद्ययाऽऽत्मत्वेनोपगम्य सुखी दुःखी मूढोऽहमित्यविवेकतया संसरति । अन्यः पुनरजः पुरुष उत्पनविवेकज्ञानो विरक्तो जहात्येनां प्रकृतिं भुक्तभोगां कृतभोगापवर्गां परित्यजति । मुच्यत इत्यर्थः । तस्माच्छ्रुतिमूलैव प्रधानादिकल्पना कापिलानामिति ।

नेपालीभाषानुवाद

प्रधानवादी = अव्यक्त शब्दको अर्थ प्रधान हो भन्ने पूर्वपक्षीले, **पुनरपि** = फेरि पनि, **प्रधानस्य** = प्रधानशब्दको, **अशब्दत्वम्** = अवैदिकत्व, **असिद्धम्** = प्रमाणित हुँदैन, अर्थात् प्रधानको वैदिकत्व प्रमाणित हुन्छ, **इति** = यस्तो, **आह** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछ, **कस्मात्** = कुन कारणबाट, **मन्त्रवर्णात्** = मन्त्राक्षरबाट प्रधानको वैदिकत्व सिद्ध हुन्छ, जस्तै –; **एकः** = एक, **अजः** = बोकाले, **सरूपाः** = आफू जस्तै, **बह्वीः** = धेरै, **प्रजाः** = सन्तानको, **सृजमानाः** = सृष्टि गर्ने, **लोहितशुक्लकृष्णवर्णाम्**= रातो, सेतो र कालो वर्ण भएको,**एकाम्** = एक,**अजाम्** = बाख्राको, **जुषमाणः** = सेवा गर्दै, **अनुशेते** = भोग गर्दछ, **अन्यः** = अर्को, **अजः** = बोकाले, **भुक्तभोगाम्**= भोग भोगिसकेको, **एनाम्** = बाख्रालाई, **जहाति** = छोडिदिन्छ, **इति** = यस्तो मन्त्र छ, **हि** = किनकि, **अत्र** = यस मन्त्रमा, **लोहितशुक्लकृष्णशब्दैः** = रातो, सेतो र कालो अर्थका वाचक लोहित शुक्ल र कृष्ण शब्दले, **रजःसत्त्वतमांसि** = रजोगुण, सत्त्वगुण र तमोगुणलाई, **अभिधीयन्ते** = बताउँछन्, **लोहितम्** = रातो वर्ण, **रञ्जनात्मकत्वात्** = रागात्मक भएकाले, **रजः** = रजोगुणको वाचक हो, **शुक्लम्** = सेतो, **प्रकाशात्मकत्वात्** = प्रकाशमय भएकाले, **सत्त्वम्** =सत्त्वगुण हो, **कृष्णम्**= कालो, **आवरणात्मकत्वात्** = ढाक्ने सामर्थ्य भएकाले, **तमः** = तमोगुण हो, **तेषाम्** = ती गुणहरूको, **साम्यावस्था** = समानुपातिक स्थिति, **अवयवधर्मैः** = आफ्नै अवयवका स्वभावले, **लोहितशुक्लकृष्णा** = रातो, सेतो र कालो वर्णवाला, **इति** = यस, **व्यपदिश्यते** = भनिन्छ, **न जायते** = जन्मिदैन, **इति** = यसकारणले त्यो साम्यावस्था, **अजा** = अजा नाम वाला, **स्यात्** = हुन्छ, **मूलप्रकृतिः अविकृतिः** = अर्थात् मूलप्रकृति विकाररहित छ, **इति** = यस्तो, **अभ्युपगमात्** = साङ्ख्यदर्शनमा स्वीकार गरिएको छ, **ननु** = यहाँ कसैले शङ्का गर्न सक्छ, **अजाशब्दः** = अजा पद, **छागायाम्** = बाख्रोलाई बताउने अर्थमा, **रूढः** = परम्पराबाट प्रसिद्ध छ, कसरी प्रकृतिको अथवा प्रधानको वाचक हुन सक्छ, **बाढम्** = त्यो शङ्का उचित छ तर, **सा**= त्यो, **रूढिः** = परम्पराबाट आएको अर्थप्रसिद्धिलाई, **इह** = यहाँ, **आश्रयितुम्**= लिन, **न शक्या** = सकिंदैन, **विद्याप्रकरणात्** = विद्याको विवेचनको प्रसङ्ग भएकाले, **सा च** = त्यस अनुरूप प्रकृतिले, **त्रैगुण्यान्विता** = रज, सत्त्व र तमोगुण भएका, **बह्वीः** = धेरै, **प्रजाः** = प्रजाहरूलाई, **जनयति** = जन्माउँछ, **एकः** = एक, **अजः**= अज, **पुरुषः** = पुरुषले, **ताम्** = त्यस, **प्रकृतिम्** = प्रकृतिलाई, **जुषमाणः** = आसक्तभावले हेर्दै, **प्रीयमाणः** = माया गर्दै, **वा** = अथवा, **सेवमानः** = सेवा गर्दै, **अनुशेते** = भोग्दछ, **अविद्यया** = अविद्याले गर्दा, **ताम् एव** = प्रकृतिलाई नै, **आत्मत्वेन** = आत्मरूपमा, **उपगम्य** = जानेर, **अहम्** = म, **सुखी** = सुखी छु, **दुःखी** = दुःखी छु, **मूढः** = मुग्ध छु, **इति** = यस प्रकारका भावना लिएर, **अविवेकतया** = विवेक नभएका कारणबाट, **संसरति** = जन्म र मरणको चक्रव्यूहमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फँस्दछ, **पुनः** = फेरि, **अन्यः** = अर्को, **उत्पन्नविवेकज्ञानः** = विवेकज्ञान जस्को उत्पन्न भएको छ, **विरक्तः** = जो विरक्त छ, त्यस्तो; **अजः** = अज, **पुरुषः** = पुरुष, **भुक्तभोगाम्** = जसले, भोग भोगिसकेको छ, **कृतभोगापवर्गाम्**= भोग र मोक्षको सम्पादन गरिसकेको, **एनाम्** = यस, **प्रकृतिम्** = प्रकृतिलाई, **परित्यजति** = छाडिदिन्छ, अर्थात् पुरुष, **मुच्यते** = मुक्त हुन्छ, **इत्यर्थः** = यो तात्पर्य हो, **तस्मात्** = त्यसकारण, **कापिलानाम्** = कपिलका अनुयायी साङ्ख्यवादीहरूको, **प्रधानादिकल्पना** = प्रधान, अजा र प्रकृति आदिको कल्पना, **श्रुतिमूला** = वेदमा नै आधारित छ, **इति** = यस्तो साङ्ख्यवादी पूर्वपक्षीको मत रहेको छ।

विशदीकरण

प्रधान (प्रकृति) श्रुतिसम्मत छ । '**अजामेकाम्०**' इत्यादि श्वेताश्वतरश्रुतिमा रजोगुण, सत्त्वगुण र तमोगुणको साम्यवस्थारूप भूतप्रकृतिको अजा नामबाट चर्चा भएको छ । यसै अजाले तीन गुणको सहयोगबाट त्रिगुणमय सृष्टिचक्रको सञ्चालन गर्दछ । अजा भन्नाले बाख्रो भन्ने अर्थ पनि रूढ छ,तर त्यो अर्थयहाँ विद्याको प्रसङ्ग हुनाले लाग्दैन ।

पुरुषले 'अजारूप प्रकृतिसँग घुलमिल भएर मोहमा परी प्रकृतिलाई नै आत्मा मानेर म दुःखी छु, म सुखी छु र म मोहित छु' भन्दै विवेकहीन भएर संसारमा जन्मने र मर्ने गर्दछ । जब विवेक हुन्छ अनि मात्र विरक्त भएर भोग्या प्रकृतिबाट मुक्त हुन्छ । त्यसकारण कपिलका अनुयायी साङ्ख्यवादीहरूद्वारा कल्पित प्रकृति, अजा अथवा प्रधान शब्दहरू श्रुतिमा नै आधारित छन् । यस्तो पूर्वपक्षीको अभिमत रहेको छ ।

ब्रह्मसूत्रम्

एवं प्राप्ते ब्रूमः – नानेन मन्त्रेण श्रुतिमत्त्वं साङ्ख्यवादस्य शक्यमाश्रयितुम्। न ह्ययं मन्त्रः स्वातन्त्र्येण कञ्चिदपि वादं समर्थयितुमुत्सहते, सर्वत्रापि यया कयाचित्कल्पनयाऽजात्वादिसंपादनोपपत्तेः, साङ्ख्यवाद एवेहाभिप्रेत इति विशेषाव-धारणकारणाभावात्, चमसवत्। यथा हि '**अर्वाग्बिलश्चमस ऊर्ध्वबुध्नः**' (बृ. २/२/३) इत्यस्मिन्मन्त्रे स्वातन्त्र्येणायं नामासौ चमसोऽभिप्रेत इति न शक्यते निरूपयितुम् । सर्वत्रापि यथाकथञ्चिदर्वाग्बिलत्वादिकल्पनोपपत्तेः। एवमिहाप्य-विशेषः 'अजामेकाम्' इत्यस्य मन्त्रस्य । नास्मिन्मन्त्रे प्रधानमेवाजाऽभिप्रेतेति शक्यते नियन्तुम् ।। ८।।

नेपालीभाषानुवाद

एवं प्राप्ते = यसरी पूर्वपक्षद्वारा वैदिक मन्त्रहरूमा प्रधानको चर्चा भएको भन्ने धारणा गरेपछि, **ब्रूमः** = सिद्धान्तमत प्रतिपादन गर्दछौं, **अनेन** = '**अजामेकाम्०**'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि, **मन्त्रेण** = मन्त्रबाट, **साङ्ख्यवादस्य** = साङ्ख्यसिद्धान्त, **श्रुतिमत्त्वम्** = श्रुतिमा प्रतिपादित भएको विषयलाई, **प्रतिपादयितुम्** = प्रतिपादन गर्न, **न शक्यम्**= सकिंदैन, **हि** = किनकि, **अयं मन्त्रः** = '**अजामेकाम्०**' इत्यादि मन्त्र, **स्वातन्त्र्येण**= स्वतन्त्ररूपले, **कञ्चिद् अपि** = कुनै पनि, **वादम्**= सिद्धान्तको, **समर्थयितुम्** = समर्थन गर्न, **न उत्सहते** = उन्मुख हुँदैन, **सर्वत्र अपि** = जुनसुकै सिद्धान्तमा पनि, **यया कयाचित्** = जुन कुनै, **कल्पनया** = कल्पनाद्वारा, **अजात्वादिसंपादनोपपत्तेः**= अजात्व, प्रधानत्व र प्रकृतित्व आदि अर्थ लगाउन सकिन्छ, **इह** = यहाँ, **साङ्ख्यवादः एव** = अरू सबै सिद्धान्तहरूमध्ये साङ्ख्यवाद नै, **अभिप्रेतः** = बताउन इच्छा गरिएको छ भन्ने, **इति** = यस्तो, **विशषावधारणकारणाभावात्** = साङ्ख्यवाद नै प्रतिपाद्य विशेष विषय हो भन्ने निश्चयका लागि कुनै हेतु पनि यहाँ देखिंदैन, **चमसवत्**= चमसको अर्थ यज्ञपात्र भनिए जस्तै, अजाको अर्थ प्रकृति भनिएको छ; **यथाहि** = जस्तै, **अर्वाग्बिलः** = तलतिर प्वाल भएको, **ऊर्ध्वबुध्नः** = माथिल्तिर उठेको, **चमसः** = यज्ञपात्र नै चमस हो, **इति**= यस्तो बृहदारण्यकश्रुतिको, **अस्मिन्** = यस, **मन्त्रे** = मन्त्रमा, **स्वातन्त्र्येण** = स्वतन्त्ररूपमा, **अयं नाम** = प्रसिद्ध यो, **असौ** = त्यो, **चमसः** = चमस (यज्ञपात्र) लाई, **अभिप्रेतः** = भन्न खोजिएको छ, **इति** = यसरी, **निरूपयितुम्** = भन्न, **न शक्यते** = सकिंदैन, **सर्वत्र अपि** = जुनसुकै वस्तुमा पनि, **अर्वाग्बिलत्वादिकल्पनोपपत्तेः** = तलतिर प्वाल भएको भन्ने कल्पना सिद्ध हुनसक्छ, **एवम्** = यसै प्रकारले, **इह अपि** = यहाँ पनि, **'अजाम् एकाम्०' इत्यादि मन्त्रस्य** = 'अजामेकाम्०' इत्यादि मन्त्रको, **अविशेषः** = प्रधान भन्ने विशेष अर्थ रहेको छैन, **अस्मिन्** = यस, **मन्त्रे** = मन्त्रमा, **अभिप्रेता** = बताउन खोजिएको, **अजा** = अजापदनै, **प्रधानम्** = प्रधान हो भनेर, **नियन्तुम्** = नियमन गर्न, **न शक्यते** = सकिंदैन ।

विशदीकरण

पूर्वपक्षका तर्कको खण्डन गर्दै सिद्धान्तपक्षका प्रतिपादक आचार्य भन्दछन् - '**अजामेकाम्०** ' यस मन्त्रका आधारमा साङ्ख्यसिद्धान्त श्रुतिमा आधारित छ' भन्न सकिंदैन। यस मन्त्रमा प्रयुक्त अजाशब्द साङ्ख्यवादीहरूको प्रधानको वाचक हो भन्ने कुरालाई सत्यापित गर्ने कुनै ठोस प्रमाण छैन । जस्तै- 'तल प्वाल भएको माथि फैलिएको चमस हो' भन्ने चमसको लक्षणले चमसपद यज्ञपात्रको अर्थमा रूढ भएता पनि स्वतन्त्रतापूर्वक चमस भनेको यज्ञपात्र हो भन्न मिल्दैन । त्यस्तै **अजामेकाम्** इत्यादि मन्त्र प्रयुक्त अजाशब्दले पनि स्वतन्त्ररूपमा 'प्रधान'लाई बताउन सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदमा अजापदद्वारा जुन प्रकृतिको निर्देश गरिएको छ त्यो भगवान्को अधीनमा रहने अचिन्त्य शक्ति हो तर साङ्ख्यसम्मत प्रकृति होइन । जस्तै चमसशब्द रूढिबाट सोमपानका लागि निर्मित यज्ञपात्रविशेषको वाचक भएता पनि बृहदारण्यकोपनिषद्को उक्त मन्त्रमा शिरको अर्थमा प्रयुक्त भएको छ । त्यसकारण अजापदको अर्थ प्रधान होइन। यो सिद्धान्तपक्षको आशय हो ।।८।।

शाङ्करभाष्यम्

तत्र तु **'इदं तच्छिर एष ह्यर्वाग्बिलश्चमस ऊर्ध्वबुध्नः'** इति वाक्यशेषाच्चमसविशेषप्रतिपत्तिर्भवति । इह पुनः केयमजा प्रतिपत्तव्येति ? अत्र ब्रूमः-

नेपालीभाषानुवाद

तत्र = **'अर्वाग्बिलश्चमसः'** मा, **तु** = त, **इदम्** = यो, **तत्** = त्यो, **शिरः**= शिर नै हो जो, **चमसः** = चमस हो, **एषः** = यो, **अर्वाग्बिलः** = जसमा तल मुखरूप बिल छ (अधोमुख), **ऊर्ध्वमुखः** = माथितिर फर्केको जो बाटुलो आकारको छ, **इति** = यसप्रकारको, **वाक्यशेषात्**= वाक्यशेषबाट, **चमसविशेषप्रतिपत्तिः**= शिरको वाचक चमसविशेषको ज्ञान हुन्छ, **इह** = यहाँ, **पुनः** = फेरि, **इयम्** = यो, **अजाः** = अजालाई, **का प्रतिपत्तव्या** = के अर्थमा लिने, **इति** = यस्तो प्रश्न भएमा, **अत्र** = यहाँ, **ब्रूमः** = उत्तररूपमा भन्दछौं -

ब्रह्मसूत्रम् - ज्योतिरुपक्रमा तु तथा ह्यधीयत एके १/४/९

सूत्रार्थ - **तु** = निश्चय नै, **ज्योतिरुपक्रमा** = जसको उपक्रम (आरम्भ) मा ज्योतिः छ, त्यस तेज, जल र अन्नरूप प्रकृतिको निश्चय अजापदबाट गर्नुपर्दछ, साङ्ख्यसम्मत प्रकृतिको होइन, **हि** = किनकि, **एके** = एक शाखावाला मानिसहरूले, **तथा** = त्यसरूपमा नै, **अधीयते** = वर्णन गर्दछन् ।

शाङ्करभाष्यम्

परमेश्वरादुत्पन्ना ज्योतिःप्रमुखा तेजोबन्नलक्षणा चतुर्विधस्य भूतग्रामस्य प्रकृतिभूतेयमजा प्रतिपत्तव्या। तुशब्दोऽवधारणार्थः । भूतत्रयलक्षणैवेयमजा विज्ञेया, न गुणत्रयलक्षणा । कस्मात्? तथा ह्येके शाखिनस्तेजोबन्नानां परमेश्वरादुत्पत्तिमाम्नाय तेषामेव रोहितादिरूपतामामनन्ति- **'यदग्ने रोहितं रूपं तेजसस्तद्रूपं यच्छुक्लं तदपां यत्कृष्णं तदन्नस्य'** इति, तान्येवेह तेजोबन्नानि प्रत्यभिज्ञायन्ते रोहितादिशब्दसामान्यात् । रोहितादीनां च शब्दानां रूपविशेषेषु मुख्यत्वाद्भाक्तत्वाच्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणविषयत्वस्य । असंदिग्धेन च संदिग्धस्य निगमनं न्याय्यं मन्यन्ते ।

नेपालीभाषानुवाद

परमेश्वरात् = परमेश्वरबाट, **उत्पन्ना** = उत्पन्न भएको, **ज्योतिःप्रमुखा** = प्रमुखरूपमा जसमा तेज रहेको छ, **तेजोऽबन्नलक्षणा** = तेज, पानी र अन्नको स्वरूप भएको, **चतुर्विधस्य** = जरायुज, अण्डज, स्वेदज र उद्भिजरूप चार प्रकारको, **भूतग्रामस्य** = प्राणीसमूहको, **प्रकृतिभूता** = कारणमानिने, **इयम्** = यस अर्थको, **अजा** = ईश्वराधीन शक्तिलाई, **प्रतिपत्तव्या** = अजा मानेर बुझ्नु पर्दछ, **तुशब्दः** = सूत्रको तु पद, **अवधारणार्थः** = निश्चयको अर्थमा प्रयुक्त छ, **इयम्** = यो, **अजा** = अजापद, **भूतत्रयलक्षणा** = तेज, जल र अन्नको लक्षणवाला हो, **तु** = तर, **गुण-त्रयलक्षणा**= रज, सत्त्व र तमगुण स्वरूप भएको साङ्ख्यसम्मत प्रकृति, **न** = होइन, **कस्मात्** = किनभने, **तथाहि** = त्यस्तै नै, **एके शाखिनः** = एक शाखावालाहरू, **तेजोऽबन्नानाम्**= तेज, जल र पानीको, **परमेश्वरात्** = परमेश्वरबाट, **उत्पत्तिम्** = उत्पत्ति हुन्छ भन्ने कुरा, **आम्नाय** = बताएर, **तेषाम् एव** = ती तेज, जल र अन्नको नै, **रोहितादिरूपताम्** = लोहित (रातो) आदि रूप हुने कुरा, **आमनन्ति** = बताउँछन्, जस्तै, **यद्** = जो, **अग्नेः** = अग्निमा, **रोहितम्** = रातो, **रूपम्** = स्वरूप छ, **तद्**= त्यो, **रूपम्** = रूप, **तेजसः** = तेजको हो, **यत्** = जो, **शुक्लम्** = सेतो रूप छ, **तत्** = त्यो, **अपाम्** = जलको हो, **यत्** = जो, **कृष्णम्** = कालो रूप छ, **तत्** = त्यो, **अन्नस्य** = अन्नको हो, **इति** = यसरी, **इह** = यहाँ अजामन्त्रमा, **तानि** = ती, **तेजोऽबन्नानि** = तेज, जल र अन्नहरू, **एव** = नै, **रोहितादिशब्दसामान्यात्** = रोहित-शुक्ल-कृष्ण जस्ता सामान्य संज्ञाबाट, **प्रत्यभिज्ञायन्ते** = चिनिन्छन्, अर्थात् **अजामेकाम्०** मन्त्रमा वर्णित विषय हुन् भनेर चिनिन्छन्; **च** = र, **रोहितादीनाम्**= रोहित, शुक्ल र कृष्ण, **शब्दानाम्**= शब्दहरूले, **रूपविशेषेषु**= रातो, सेतो र कालो भन्ने स्वरूप निर्देष, **मुख्यत्वात्** = अभिधावृत्तिबाट गराउँछन्, **गुणविषयत्वस्य** = रज, सत्त्व र तम भन्ने गुणहरूलाई बताउने काम, **भाक्तत्वात्** = गौणीवृत्तिबाट गराउँछन्, **असंदिग्धेन** = सन्देह नभएको वाक्यबाट, **संदिग्धस्य** = सन्देह हुने वाक्यको, **निगमनम्** = निर्णय गर्नु, **न्याय्यम्** = न्यायसंगत, **मन्यन्ते** = बुद्धिमानहरू मान्दछन् ।

विशदीकरण

'**अजामेकाम्०**' यस श्वेताश्वतरश्रुतिमा '**अजा**' सम्पूर्ण कार्यहरूको कारणरूप प्रकृति हो भनिएको छ । त्यस्तै '**यदग्ने रोहितं रूपम्०**' इत्यादि छान्दोग्यश्रुतिमा तेज, जल र अन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण कार्यका कारण मानिएका छन् । दुवै मन्त्रमा रोहित, कृष्ण आदि शब्दहरूको समानरूपमा प्रयोग भएको छ र तिनको अर्थ पनि समान छ । छान्दोग्य श्रुति असंदिग्ध छ। अतः छान्दोग्यश्रुतिका आधारमा '**अजामेकाम्०**' इत्यादि संदिग्ध वाक्यार्थको तात्पर्यनिर्णय गर्नुपर्छ ।

शाङ्करभाष्यम्

तथेहापि '**ब्रह्मवादिनो वदन्ति । किं कारणं ब्रह्म**' (श्वे. १/१) इत्युपक्रम्य '**ते ध्यानयोगानुगता अपश्यन्देवात्मशक्तिं स्वगुणैर्निगूढाम्**' (श्वे. १/३) इति पारमेश्वर्याः शक्तेः समस्तजगद्विधायिन्या वाक्योपक्रमेऽवगमात् । वाक्यशेषेऽपि '**मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्**' इति '**यो योनिं योनिमधितिष्ठत्येकः**' (श्वे. १/१०-११) इति च तस्या एवावगमान्न स्वतन्त्रा काचित्प्रकृतिः प्रधानं नामाजामन्त्रेणाम्नायत इति शक्यते वक्तुम् । प्रकरणात्तु सैव दैवी शक्तिरव्याकृतनामरूपा नामरूपयोः प्रागवस्थानेनापि मन्त्रेणाम्नायत इत्युच्यते । तस्याश्च स्वविकारविषयेण त्रैरूप्येण त्रैरूप्यमुक्तम् ।।९।।

नेपालीभाषानुवाद

तथा = त्यसै प्रकारले, **इह अपि** = यहाँ पनि (यस श्वेताश्वतरमा पनि) **ब्रह्मवादिनः** = ब्रह्मवादीहरू, **वदन्ति** = भन्दछन्, **कारणम्** = जगत्को कारण, **ब्रह्म** = ब्रह्म, **किम्** = कस्तो छ, **इति** = यसरी, **उपक्रम्य** = आरम्भ गरेर, **ध्यानयोगानुगताः** = ध्यानयोगको अनुसरण गर्ने, **ती** = ऋषिहरूले, **स्वगुणैः** = आफ्ना गुणहरूबाट, **निगूढाम्** = लुकेर रहेको, **देवात्मशक्तिम्**= देवात्मा शक्तिलाई, **अपश्यन्** = साक्षात्कार गरे, **इति** = यसरी, **वाक्योपक्रमे** = वाक्यको उपक्रममा, **समस्तजगद्विधायिन्याः** = सम्पूर्ण जगत्लाई उत्पन्न गराउने, **पारमेश्वर्याः** = परमेश्वरको, **शक्तेः** = शक्तिको, **अवगमात्** = ज्ञान हुन्छ, **वाक्यशेषे अपि** = उपसंहारमा पनि, **मायाम्** = मायालाई, **तु** = त, **प्रकृतिम्** = प्रकृति भनेर, **विद्यात्** = जानोस्, **महेश्वरम्** = महेश्वरलाई, **तु**= त, **मायिनम्** = मायावी भनेर, **विद्यात्** = जानोस्, **इति** = यसरी बताएर, फेरि; **यः** = जो, **एकः**= एउटै भएर पनि, **योनिम् योनिम्** = प्रत्येक योनिमा, **अधितिष्ठति** = अधिष्ठाता बनेर रहेको छ, **इति** = यस उक्तिबाट, **तस्याःएव** = सम्पूर्ण जगत्को कारण शक्तिको नै, **अवगमात्** = ज्ञान हुनाले, **अजामन्त्रेण** = '**अजामेकाम्०**' इत्यादि श्वेताश्वतरको मन्त्रद्वारा, **स्वतन्त्रा** = स्वतन्त्र, **काचित्** = कुनै, **प्रकृतिः** = प्रकृतिलाई, **आम्नायते** = बताइएको छ भनेर, **वक्तुम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

भन्न, **न शक्यते** = सकिंदैन, **प्रकरणात्** = प्रकरणबाट, **तु** = त, **अनेन** = यस '**अजामेकाम्०**' इत्यादि, **मन्त्रेण अपि** = मन्त्रद्वारा पनि, **अव्याकृतनामरूपा** = जसको नाम र रूप अभिव्यक्त भएको छैन, **नामरूपयोः** = नाम र रूपको, **प्रागवस्था**= पूर्वावस्था स्वरूप, **सा एव** = त्यही नै, **दैवी** = परमात्माको, **शक्तिः** = शक्तिलाई, **आम्नायते** = बताइएको छ, **इति** = यस्तो, **उच्यते** = भनिन्छ, **च** = र, **तस्याः** = त्यस दैवी शक्तिका, **स्वविकारविषयेण** = आफ्ना विकार तेज, जल र अन्नमा रहने, **त्रैरूप्येण** = त्रिविधताबाट, **त्रैरूप्यम्** = तीनरूप हुन्छन्, **उक्तम्** = भनिएको हो ।

विशदीकरण

निर्विकार ब्रह्मबाट नामरूपात्मक जगत्को उत्पत्ति असम्भव छ र ब्रह्मदेखि बाहेकको जडत्त्वबाट पनि कार्यविषयक ज्ञान नभएको कारणले जगत्को उत्पत्ति हुन सक्तैन । अतः ब्रह्मवादीहरूले मायारूप सहायक कारणसहित ब्रह्मबाट जगत्को उत्पत्ति हुने सिद्धान्तलाई सकारेका छन् । नाम र रूप अभिव्यक्त नभएकाले मायालाई अव्याकृतनामरूपा भनिएको हो । माया एउटै भएपनि त्यसका अविद्यारूप अनन्त शक्ति छन् । ती शक्ति नै उपाधि हुन्। अविद्यारूप उपाधिबाट ढाकिएको हुनाले ब्रह्म जीवको रूपमा परिणत हुन्छ ।

वास्तवमा जीव र ब्रह्ममा कुनै भेद छैन । मायाको विकार तेज रातो छ, पानी सेतो छ र अन्न (पृथ्वी) कालो छ । तेज, पानी र पृथ्वी जस्ता कार्यहरूमा रहेका यी रूपहरूले गर्दा मायालाई पनि '**लोहितशुक्लकृष्णा**' रातो, सेतो र कालोस्वरूप भएको भनिएको हो। यसकारण '**अजामेकाम्०**' इत्यादि मन्त्रबाट अव्याकृत नाम र रूपवाला मायाको वर्णन गरिएको र साङ्ख्यवादीहरूले भने जस्तै 'प्रधान' को वर्णन नगरिएको तथ्य बुझ्नु पर्दछ ।

शाङ्करभाष्यम्

कथं पुनस्तेजोबन्नात्मना त्रैरूप्येण त्रिरूपाऽजा प्रतिपत्तुं शक्यते ? यावता न तावत्तेजोबन्नेष्वजाकृतिरस्ति । न च तेजोबन्नानां जातिश्रवणाद् जातिनिमित्तो-ऽप्यजाशब्दः संभवतीति । अत उत्तरं पठति –

नेपालीभाषानुवाद

पुनः = फेरि, रूढिको आधारमा, **तेजोऽबन्नात्मना** = तेज, जल र अन्नरूपको, **त्रैरूप्येण** = रातो, सेतो र कालो तीन रूपद्वारा, **त्रिरूपा** = तीन रूपवाला भनेर, **अजा** = अजालाई, **कथम्** = कसरी, **प्रतिपत्तुम्** = जान्न, **शक्यते** = सकिन्छ, **यावता** = किनकि, **तावत्** = सर्वप्रथम, **तेजोऽबन्नेषु** = तेज, जल र अन्नहरूमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजाकृतिः = अजाको जाति अथवा आकृति, **न अस्ति**= छैन, (यौगिक अर्थलाई लिएर शङ्का गरिन्छ), **तेजोऽबन्नानाम्** = तेज, जल र अन्नको, **जातिश्रवणात्** = उत्पत्ति हुने कुरा प्रतिपादित भएकाले, **अजातिनिमित्तः अपि** = **'न जायत इति अजा'** यस व्युत्पत्तिको आधारमा कहिल्यै न जन्मिने भन्ने अर्थ बताउने, **अजाशब्दः**= त्रिरूपा अजाको अर्थमा अजाशब्दको प्रयोग, **न च संभवति** = हुन सक्तैन, **इति** = यस्तो पूर्वपक्षीको प्रश्न छ । **अतः** = यसकारण, **उत्तरम्** = सूत्रात्मक उत्तर, **पठति**= दिन्छन् (पढ्छन्)।।९।।

ब्रह्मसूत्रम् - कल्पनोपदेशाच्च मध्वादिवदविरोधः १/४/१०

सूत्रार्थ - कल्पनोपदेशात् च = तेज, जल र अन्नरूप प्रकृतिमा सादृश्य सूचित गर्नको लागि अजाको रूपक मानेर उसका तीन प्रकारका रूपहरूको कल्पनापूर्वक उपदेश गरिएको छ, यसैले, **च** = पनि, **मध्वादिवत्** = छान्दोग्य (३/१)मा रूपकको कल्पनाद्वारा, मधुभिन्न सूर्यमा मधुको आरोप गरिए जस्तै, **अविरोधः**= विरोध हुँदैन।

शाङ्करभाष्यम्

नायमजाकृतिनिमित्तोऽजाशब्दः । नापि यौगिकः । किं तर्हि ? कल्पनोपदेशोऽयम् । अजारूपकक्लृप्तिस्तेजोबन्नलक्षणायाश्चराचरयोनेरुपदिश्यते । यथा हि लोके यदृच्छया काचिदजा लोहितशुक्लकृष्णवर्णा स्याद्बहुबर्करा सरूपबर्करा च, ताञ्च कश्चिदजो जुषमाणोऽनुशयीत, कश्चिच्चैनां भुक्तभोगां जह्यात्, एवमियमपि तेजोबन्नलक्षणा भूतप्रकृतिस्त्रिवर्णा बहु सरूपं चराचरलक्षणं विकारजातं जनयति, अविदुषा च क्षेत्रज्ञेनोपभुज्यते, विदुषा च परित्यज्यत इति ।

नेपालीभाषानुवाद

अयम् = यो, **अजाशब्दः** = अजाशब्द, **अजाकृतिनिमित्तः** = अजा (बाख्रा) को आकार बताउने अर्थात् जातिनिमित्तक, **न** = होइन, **यौगिकः अपि** = यौगिक अर्थ (न जायत इति अजा) लाई बुझाउने शब्द पनि, **न** = होइन, **किं तर्हि** = त्यसो भए के हो त, **अयम्**= यो, **कल्पनोपदेशः**= काल्पनिक उपदेश मात्र हो, **चराचरयोनेः**= चर, अचर जगत्को कारण, **तेजोऽबन्नलक्षणायाः** = तेज, जल र अन्नरूप प्रकृतिको. **अजारूपकक्लृप्तिः** = अजासादृश्य कल्पनाको (अजारूपकको), **उपदिश्यते** = उपदेश गरिएको छ, **यथाहि** = जस्तै, **लोके** = संसारमा, **यदृच्छया** = दैववश, **लोहितशुक्लकृष्णा** = रातो, सेतो र कालो रूपरंग भएको, **बहुबर्करा** = धेरै बच्चा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको, **सरूपबर्करा** = एकनासका आकारप्रकार भएका बच्चा भएको, **अजा** = बाख्री, **स्यात्** = होस्, **च** = र, **ताम्** = त्यस बाख्रीलाई, **कश्चित्** = कुनै, **अजः** = पाठो, **जुषमाणः** = माया गर्दै, **अनुशयीत** = पछि पछि लागोस्, **च**= र, **कश्चित्**= कुनै अर्को पाठो, **भुक्तभोगाम्** = दूध पिएर आफू हुर्केपछि पहिले दूध पिउनका लागि उपयोग गरिएकी, **एनाम्** = बाख्रीलाई, **जह्यात्** = छाडोस्, **एवम्** = त्यस्तै, **इयम्** = यो, **तेजोऽबन्नलक्षणा** = तेज, जल र अन्नरूप, **त्रिवर्णा** = तीन वर्ण भएको, **भूतप्रकृतिः** = भूतप्रकृति सम्पूर्ण जगत्को उत्पत्तिको कारण ईश्वरीय मायारूप प्रकृतिले, **अपि** =पनि, **बहु** = धेरै, **सरूपम्** = समानरूप भएको, **चराचरलक्षणम्**= स्थावररूप एवं जङ्गमरूप, **विकारजातम्** = विकारसमूहलाई, **जनयति** = पैदा गर्न, **च** = र, **अविदुषा** = अविद्याग्रस्त, **क्षेत्रज्ञेन** = जीवात्माद्वारा, **उपभुज्यते** = त्यो प्रकृति भोगिन्छ, **विदुषा च** = विद्वान्, विवेकी पुरुषद्वारा, **परित्यज्यते** = परित्यक्त हुन्छ, **इति** = यो विषय रूपककल्पनाद्वारा स्पष्ट भएको छ ।

विशदीकरण

यहाँ अजाशब्द अजाजातिको अर्थमा अर्थात् बाख्राको अर्थमा रूढ शब्द होइन र **जो जन्मिदैन त्यो अजा हो** भन्ने अर्थ रहेको यौगिक पद पनि होइन । यो त तेज, जल र अन्नरूप ईश्वरीय शक्ति मायामा गरिएको रूपककल्पना हो । एकै प्रकारका धेरै पाठा-पाठी भएको कुनै बाख्रो हुन्छ । ती पाठा-पाठी मध्ये कुनै आमाको पछि पछि लाग्छ, कुनै आफू हुर्के पछि आमा बाख्रीलाई छाडी दिन्छ । त्यस्तै हो यो जगत्को उत्पत्तिको कारण त्रिरूपा भगवान्को शक्तिविशेष माया । जसले सदा यो दृश्यमान स्थावर र जङ्गमलाई जन्माउँछ, कति बिहोसीहरू उसैका पछि लाग्छन् र जन्म-मरणको चक्रव्यूहमा फसिरहन्छन् । कति बुद्धिमान्हरू उम्कन्छन् र परमात्माको स्वरूपमा रमाउँछन् । अजाशब्दबाट कसरी त्रिरूपा मायाको ग्रहण हुन्छ भन्ने सवालमा रूपककल्पनाद्वारा त्रिगुणा प्रकृतिको ग्रहण गर्न सकिन्छ भन्ने उत्तर दिइयो ।

शाङ्करभाष्यम्

न चेदमाशङ्कितव्यम् - एकः क्षेत्रज्ञोऽनुशेतेऽन्यो जहातीत्यतः क्षेत्रज्ञभेदः पारमार्थिकः परेषामिष्टः प्राप्नोतीति । न हीयं क्षेत्रज्ञभेदप्रतिपिपादयिषा, किंतु बन्धमोक्षव्यवस्थाप्रतिपिपादयिषा त्वेषा । प्रसिद्धं तु भेदमनूद्य बन्धमोक्षव्यवस्था प्रतिपाद्यते । भेदस्तूपाधिनिमित्तो मिथ्याज्ञानकल्पितो न पारमार्थिकः, **'एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा'** इत्यादिश्रुतिभ्यः । मध्वादिवत्, यथा **'आदित्यस्यामधुनो मधुत्वम्'** (छा. ३/१) **'वाचश्चाधेनोर्धेनुत्वम्'**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(बृ. ५/८), 'द्युलोकादीनां चानग्नीनामग्नित्वम्' (बृ. ८/२/९) इत्येवंजातीयकं कल्प्यते, एवमिदमनजाया अजात्वं कल्प्यत इत्यर्थः । तस्मादविरोधस्तेजो-बन्नेष्वजाशब्दप्रयोगस्य ॥१०॥

नेपालीभाषानुवाद

एकः = एउटा, **क्षेत्रज्ञः** = पुरुष, **अनुशेते** = प्रकृतिका साथमा शयन गर्दछ, **अन्यः** = अर्को पुरुषले, **जहाति** = प्रकृतिलाई छाडिदिन्छ, **इति** = यस्तो भनियो, **अतः** = यस भनाइका आधारमा, **परेषाम्** = साङ्ख्यवादीहरूको, **इष्टः** = सम्मत, **पारमार्थिकः** = वास्तविक, **क्षेत्रज्ञभेदः** = पुरुषभेद, **प्राप्नोति** = प्राप्त हुन्छ (मान्नु पर्ने हुन्छ) भन्ने, **इदम्** = यो कुरा, **न च आशङ्कितव्यम्** = आशङ्का गर्न हुँदैन, **हि**= किनकि, **इयम्** = यो पुरुषभेद कल्पना, **क्षेत्रज्ञभेदप्रतिपिपादयिषा**= पुरुष-पुरुषमा भेद प्रतिपादन गर्ने इच्छारूप, **न** = होइन, **किन्तु** = तर, **एषा** = यो, **तु** = त, **बन्ध-मोक्षव्यवस्थाप्रतिपिपादयिषा** = बन्धन र मोक्षको व्यवस्थाको प्रतिपादन गर्ने इच्छारूप कल्पना हो, **तु** = किनकि, **प्रसिद्धम्** = लोकमा प्रसिद्ध, **भेदम्** = भेदलाई, **अनूद्य**= अनुवाद गरेर (वचनद्वारा दोहोऱ्याएर), **बन्धमोक्षव्यवस्था** = बन्ध र मोक्षको व्यवस्था, **प्रतिपाद्यते** = बताइएको छ, **भेदः** = यहाँ देखाइएको भेद, **तु** = त, **उपाधिनिमित्तः**= अविद्याका कारणबाट भएको, **मिथ्याज्ञानकल्पितः** = असत्यलाई सत्य मान्नाले कल्पना गरिएको हो, **पारमार्थिकः**= वास्तविक, **न** = होइन, **एकः**= एउटा, **देवः**= परमेश्वर छन् ती, **सर्वभूतेषु** = सबै प्राणीहरूमा, **गूढः** = लुकेर रहेका छन्, **सर्वव्यापी**= सर्वत्र फैलिएका छन्, **सर्वभूतान्तरात्मा** = सबै प्राणीहरूका अन्तरात्मा हुन्, **इत्यादि-श्रुतिभ्यः** = इत्यादि श्रुतिहरूबाट पनि भेदकल्पना पारमार्थिक होइन भन्ने विषय प्रमाणित हुन्छ, **मध्वादिवत्** = यहाँको भेद कल्पना मधुविद्यामा निर्दिष्ट 'मधुभिन्न सूर्यमा मधुकल्पना' जस्तै हो, **यथा** = जस्तै, **अमधुनः** = मधुभिन्न, **आदित्यस्य** = सूर्यको, **मधुत्वम्** = मधु नाम राखिएको छ, **अधेनोः** = धेनुभन्दा भिन्न, **वाचः** = वाणीको, **च** = र, **धेनुत्वम्** = धेनु संज्ञा राखिएको छ, **अनग्नीनाम्** = अग्निभिन्न, **द्युलोकादीनाम्** = द्यु आदि लोकहरूको, **अग्नित्वम्** = अग्निंनाम राखिएको छ, **इत्येवंजातीयकम्** = यस प्रकारको, **कल्पते**= कल्पना गरिन्छ, **एवम्** = यस प्रकार यहाँ पनि, **अनजायाः** = अजा भिन्न परमेश्वरका शक्तिको, **अजात्वम्** = अजात्व, **कल्प्यते** = कल्पना गरिएको छ, **इति अर्थः** = यो अर्थ हो, **तस्मात्** = त्यसकारण, **तेजोऽबन्नेषु** = तेज, जल र अन्नमा, **अजाशब्दप्रयोगस्य** = अजाशब्दको प्रयोगको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविरोधः = उपयुक्तता सिद्ध हुन्छ ।

विशदीकरण

एउटा पुरुष मायाको अनुगामी हुन्छ, अर्कोले मायाको परित्याग गर्छ भन्ने भनाइबाट साङ्ख्यदर्शनसम्मत पुरुषबहुत्वलाई स्वीकारिएको हो कि भन्ने शङ्का गर्नु हुँदैन । यहाँ बन्ध र मोक्षको स्वरूप बताउन भेदकल्पना गरिएको हो । यो उपाधिमूलक र मिथ्याज्ञानमूलक भेद हो, पारमार्थिक भेद होइन । 'परमेश्वर एक छन्, सबै प्राणीमा गूढ (लुकेका) छन् र सबैका अन्तरात्मा हुन्' भन्ने कुरा श्रुतिद्वारा प्रमाणित छ ।

यहाँ अजाभिन्न मायामा जुन अजात्वको आरोप गरिएको छ त्यो त छान्दोग्यश्रुतिमा मधुभिन्न सूर्यमा मधुको आरोप, बृहदारण्यकश्रुतिमा धेनुभिन्न वाणीमा धेनुको आरोप र अग्निभिन्न द्युलोक आदिमा अग्निको आरोप गरिए जस्तै हो । त्यस्तै यहाँ पनि भगवान्को शक्ति प्रकृतिलाई अजाको नाम दिएर तीन प्रकारका रूपको कल्पना गरिएको छ । यसकारण कुनै विरोध देखिन आउँदैन ।

वास्तवमा जिज्ञासुलाई परमार्थ बुझाउन रूपककल्पना गर्ने गरिन्छ । अतः श्रुतिमा प्रयुक्त अजाशब्द साङ्ख्यशास्त्रोक्त त्रिगुणात्मक प्रकृतिको वाचक होइन, किन्तु परब्रह्म परमात्माको स्वरूपभूत अनादि शक्तिको वाचक हो ।।१०।।

इतिचमसाधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. सङ्ख्योपसङ्ग्रहाधिकरणम् {सू. ११-१३}

ब्रह्मसूत्रम् - न सङ्ख्योपसंग्रहादपि नानाभावादतिरेकाच्च १/४/११

सूत्रार्थ - सङ्ख्योपसंग्रहाद् अपि = 'यस्मिन् पञ्च पञ्चजना आकाशश्च प्रतिष्ठितः०' इत्यादि बृहदारण्यकश्रुतिमा सङ्ख्यावाचक पदबाट २५ सङ्ख्याको ग्रहण भएतापनि, **न** = त्यो साङ्ख्यदर्शनका तत्त्वहरूको गणना होइन, अथवा त्यो साङ्ख्यसम्मत प्रधान (त्रिगुणात्मिका प्रकृति) श्रुतिप्रतिपादित होइन, **नानाभावात्** = त्यो सङ्ख्या अरू अनेक भावहरूको वाचक हो, **च** = र, **अतिरेकात्** = २५ सङ्ख्या अतिरिक्त आत्मा र आकाशको पनि उल्लेख भएकाले त्यो २७ सङ्ख्या हुन आउँछ, त्यसरी २७ तत्त्व मान्नु पर्ने हुन्छ र अपसिद्धान्त हुन आउँछ । अतः उक्त सङ्ख्याको आधारमा उक्त श्रुतिमा साङ्ख्यसम्मत प्रधानको प्रतिपादन भएको हो भन्न मिल्दैन ।

शाङ्करभाष्यम्

एवं परिहृतेऽप्यजामन्त्रे पुनरन्यस्मान्मन्त्रात्साङ्ख्यः प्रत्यवतिष्ठते ।

'यस्मिन् पञ्च पञ्चजना आकाशश्च प्रतिष्ठितः ।

तमेव मन्य आत्मानं विद्वान्ब्रह्मामृतोऽमृतम् ।।' (बृ. ४/४/१७)

इति । अस्मिन्मन्त्रे पञ्च पञ्चजना इति पञ्चसङ्ख्याविषयाऽपरा पञ्चसङ्ख्या श्रूयते; पञ्चशब्दद्वयदर्शनात् । त एते पञ्चपञ्चकाः पञ्चविंशतिः संपद्यन्ते । तथा पञ्चविंशति-सङ्ख्यया यावन्तः सङ्ख्येया आकाङ्क्ष्यन्ते तावन्त्येव च तत्त्वानि साङ्ख्यैः सङ्ख्यायन्ते-

'मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त ।

षोडशकश्च विकारो न प्रकृतिर्न विकृतिः पुरुषः ।।' (साङ्ख्यका. ३) इति तया श्रुतिप्रसिद्धया पञ्चविंशतिसङ्ख्यया तेषां स्मृतिप्रसिद्धानां पञ्चविंशति-तत्त्वानामुपसंग्रहात्प्राप्तं पुनः श्रुतिमत्त्वमेव प्रधानादीनाम् ।

नेपालीभाषानुवाद

एवम् = यसप्रकार, **अजामन्त्रे** = **'अजामेकाम्०'** इत्यादि मन्त्रमा, **परिहृते अपि** = साङ्ख्यसम्मत प्रधानको परिहार भएता पनि, **पुनः** = फेरि, **अन्यस्मात्** = अर्को, **मन्त्रात्** = मन्त्रबाट, **साङ्ख्यः** = साङ्ख्यवादीले, **प्रत्यवतिष्ठते** = पूर्वपक्षीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा शङ्काको उपस्थापन गर्दछ, **यस्मिन्** = जसमा, **पञ्च** = पाँच, **पञ्चजनाः** = पञ्चजनहरू, **च** = र, **आकाशः** = आकाश, **प्रत्यवतिष्ठते**= प्रतिष्ठित छन्, **तम्** = त्यस, **आत्मानम् एव** = आत्मालाई नै, **अमृतम्** = अमृतस्वरूप, **ब्रह्म** = ब्रह्म, **मन्ये** = मान्दछु, **विद्वान्** = त्यस आत्मालाई जान्ने, **अमृतः** = म स्वयं अमृत हुँ, **इति** = इत्यादि, **अस्मिन्** = यस, **मन्त्रे** = मन्त्रमा, **पञ्च** = पञ्चजना, **इति** = पाँचको अर्थ बताउने, **अपरा** = अर्को, **पञ्चसङ्ख्या** = पाँचको सङ्ख्या, **श्रूयते** = सुनिन्छ, **पञ्चशब्दद्वयदर्शनात्**= दुइटा पाँचको सङ्ख्या भएकाले, **ते एते** = ती यी, **पञ्चपञ्चकाः**= पाँच पटक दोहोरिएर भएका पाँच पञ्चकहरू नै, **पञ्चविंशतिः** = पच्चीस, **संपद्यन्ते**= बन्दछन्, **तथा** = त्यसप्रकारले, **पञ्चविंशतिसङ्ख्यया** = २५ सङ्ख्याद्वारा, **यावन्तः**= जति, **सङ्ख्येयाः** = गणना गर्न सकिने विषयहरूको, **आकाङ्क्ष्यन्ते** = आकाङ्क्षा गरिन्छ, **तावन्ति एव** = त्यति नै, **तत्त्वानि** = तत्त्वहरूको, **साङ्ख्यैः** = साङ्ख्यवादीहरूले, **सङ्ख्यायन्ते** = गणना गर्दछन्, जस्तै; **मूलप्रकृतिः**= त्रिगुणमय प्रकृति, **अविकृतिः**= निर्विकार छ, त्यो एक भयो, **महदाद्याः** = महत् आदि, **प्रकृतिविकृतयः** = प्रकृति र विकृतिहरू, **सप्त** = सात, **च** = र, **षोडशकः** = सोह्र प्रकारको, **विकारः** = विकार हो, **पुरुषः**= पुरुष जो एक छ त्यो, **न प्रकृतिः** = प्रकृति होइन, **न विकृतिः**= विकृति पनि होइन, **इति** = यसरी साङ्ख्यकारिकामा २५ तत्त्वहरूको गणना गरिएको छ,**श्रुतिप्रसिद्धया** = वेदमा प्रसिद्ध, **तया** = त्यस, **पञ्चविंशतिसङ्ख्यया** = २५ सङ्ख्यासँग, **स्मृतिप्रसिद्धानाम्**= स्मृतिमा प्रसिद्ध, **तेषाम्** = ती, **पञ्चविंशतितत्त्वानाम्**= पच्चीस (२५) तत्त्वहरूको, **उपसंग्रहात्** = उपसंग्रह (समानरूपमा गणना) हुनाले, **पुनः** = फेरि, **प्रधानादीनाम्** = प्रधान आदिको, **श्रुतिमत्त्वम् एव** = वैदिकत्व (वेदमा निर्दिष्ट भएकाले वैदिकता) नै, **प्राप्तम्** = प्राप्त हुन्छ ।

विशदीकरण

'यस्मिन् पञ्च पञ्चजनाः०' यस बृहदारण्यक मन्त्रमा पढिएको पञ्चजन शब्द यौगिक हो अथवा रूढ । यो निश्चय नहुनाले साङ्ख्यका तत्त्वहरूको प्रतिपादन गर्छ वा अन्य पदार्थहरूको ? यो संशय हुन्छ। जस्तै- तत्त्वविद्याको प्रकरणमा प्रसिद्ध बाख्री भन्ने अर्थमा तात्पर्य नभएकाले **'अजामेकाम्०'** इत्यादि मन्त्रमा रहेको अजापदबाट रूढ अर्थलाई छाडेर तेज, जल र अन्नको ग्रहण गरिएको छ, त्यस्तै यहाँ पनि पञ्चजनको मनुष्यमा तात्पर्य नभएकाले रूढिलाई छाडेर साङ्ख्यसम्मत २५ तत्त्वहरूको अर्थ गरिनु पर्दछ भन्ने पूर्वपक्षीको भनाइ रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्करभाष्यम्

ततो ब्रूमः – न सङ्ख्योपसंग्रहादपि प्रधानादीनां श्रुतिमत्त्वं प्रत्याशा कर्तव्या। कस्मात् ? नानाभावात् । नाना ह्येतानि पञ्चविंशतिस्तत्त्वानि नैषां पञ्चशः पञ्चशः साधारणो धर्मोऽस्ति, येन पञ्चविंशतेरन्तराले पराः पञ्च पञ्चसङ्ख्या निविशेरन् । न ह्येकनिबन्धनमन्तरेण नानाभूतेषु द्वित्वादिकाः सङ्ख्या निविशन्ते । अथोच्येत पञ्चविंशतिसङ्ख्यैवेयमवयवद्वारेण लक्ष्यते, यथा '**पञ्च सप्त च वर्षाणि न ववर्ष शतक्रतुः**' इति द्वादशवार्षिकीमनावृष्टिं कथयन्ति, तद्वदिति। तदपि नोपपद्यते, अयमेवास्मिन्पक्षे दोषो यल्लक्षणाश्रयणीया स्यात् । परश्चात्र पञ्चशब्दो जनशब्देन समस्तः पञ्चजना इति, पारिभाषिकेण स्वरेणैकपदत्वनिश्चयात् । प्रयोगान्तरे च '**पञ्चानां त्वा पञ्चजनानाम्**' (तै. १/६/२/२) इत्येकपद्यैकस्वर्यैकविभक्तिकत्वावगमात् ।

नेपालीभाषानुवाद

ततः = पूर्वपक्षको भनाइमा असहमति हुनाका कारण, **ब्रूमः** = भन्दछौं, **सङ्ख्योपसंग्रहाद्**= सङ्ख्याको संग्रह भएबाट, **अपि** = पनि, **प्रधानादीनाम्** = प्रधान आदिको, **श्रुतिमत्त्वम् प्रति** = श्रुतिप्रतिपाद्यताको विषयमा, **प्रत्याशा** = आशा, **न कर्तव्या** = गर्न हुँदैन, **कस्मात्** = किन, **नानाभावात्** = अनेक भाव हुनाले अर्थात् एउटै धर्म विशेषमा आबद्ध नहुनाले, **हि** = किनकि, **एतानि** = यी, **पञ्चविंशतितत्त्वानि** = पच्चीस तत्त्वहरू, **नाना** = पृथक् पृथक् आ-आफ्नै धर्मवाला छन्, **एषाम्** = यी तत्त्वहरूको, **पञ्चशः पञ्चशः** = प्रत्येक पञ्चकको, **साधारणः** = समान, **धर्मः** = स्वभाव, **न** = छैन, **येन** = जसबाट कि, **पञ्चविंशतेः** = पच्चीस सङ्ख्याको, **अन्तराले** = बीचमा, **पराः** = अरू, **पञ्च पञ्च सङ्ख्याः** = पाँच पाँच सङ्ख्याहरू, **निविशेरन्** = अन्तर्भूत हुनसकून्, **हि** = किनकि, **एकनिबन्धनम्** = एउटै अनुगत धर्म, **अन्तरेण** = विना, **नानाभूतेषु** = अलग अलग पदार्थहरूमा, **द्वित्वादिकाः** = द्वित्व आदि सङ्ख्याहरू, **न निविशन्ते** = प्रविष्ट हुँदैनन्, **अथ** = यसपछि, **यथा** = जसरी, **पञ्च सप्त च** = १२, **वर्षाणि** = वर्षसम्म, **शतक्रतुः** = इन्द्रले, **न ववर्ष** = वर्षा गरेनन् **इति** = यसरी, **द्वादशवार्षिकीम्** = बाह्रवर्षसम्म भएको, **अनावृष्टिम्** = अनावृष्टि, **कथयन्ति** = बताउँछन्, **तद्वत्** =त्यसरी नै, **इयम्**= यो, **पञ्चविंशतिसङ्ख्या** = पच्चीसको सङ्ख्या, **अवयवद्वारेण** = अवान्तर अवयव सङ्ख्याद्वारा अर्थात् पाँच पाँचको अवयवसङ्ख्याद्वारा, **लक्ष्यते** = जानिन्छ, **इति** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो, **उच्यते** = भनिन्छ भने, **तद् अपि** = त्यो पनि, **न उपद्यते** = संगत हुँदैन, **अस्मिन्** = यस, **पक्षे** = पक्षमा, **अयम् एव** = यो नै, **दोषः** = दोष हुन्छ, **यत्** = जो कि, **लक्षणा** = लक्षणाशक्तिको, **आश्रयणीया** = आश्रय लिनुपर्ने, **स्यात्** = हुन आउँछ, **अत्र च** = यहाँ, **परः** = दोस्रो, **पञ्चशब्दः** = पञ्चशब्द, **जनशब्देन** = जनशब्दका साथ, **पञ्चजनाः इति** = पञ्चजना यसरूपले, **समस्तः** = समासवाला छ किनकि, **परिभाषिकेण स्वरेण** = उदात्त र अनुदात्त स्वरद्वारा, **एकपदत्वनिश्चयात्**= पञ्चजना यो एउटै पद हो भन्ने निश्चय हुनाले अन्य प्रयोगमा, **पञ्चानाम्** = पाँच, **पञ्चजनानाम्** = पाँचजनहरू मध्ये, **त्वाम्** = तिमीलाई, **इति** =यस्तो, **प्रयोगान्तरे**= अन्य प्रयोगमा, **एकपद्यैकस्वर्यैकविभक्तिकत्वावगमात्** = एक पद, एक स्वर र एकविभक्ति भएको अवगत हुनाले, पनि पञ्चजना समस्तपद नै हो ।

विशदीकरण

'यस्मिन् पञ्च पञ्चजनाः' यस मन्त्रमा पच्चीससङ्ख्या ग्रहण गरिए पनि प्रधान आदि श्रुतिसम्मत होइनन्, किनकि पुरुष प्रधान महत् आदि भिन्न भिन्न पदार्थहरू हुन् । यिनमा अनुगत समान धर्म छैन । भिन्न भिन्न पदार्थहरूमा द्वित्व सङ्ख्याको ५-५ जना, ४-४ पाथी भने जस्तै प्रयोग पनि हुँदैन । यद्यपि ५ ज्ञानेन्द्रियमा ज्ञानकारणता, ५ कर्मेन्द्रियमा कर्मकारणता र तन्मात्राहरूमा स्थूलप्रकृतिकत्व भएता पनि आत्मा र आकाशको छुट्टै उल्लेख भएकाले सत्त्व, रज, तम, महत् र अहंकार यी पाँचको एकसमूह र आकाशबाहेकका ४ महाभूत र मन १ गरी अर्को समूहमा प्रत्येकमा अनुगत हुने र अरू पञ्चमा व्यावृत्त धर्म छैन ।

अर्कोकुरा **'पञ्चजनाः'** यो समस्त पद हो । संहितामा उदात्त, अनुदात्त र स्वरित भेदले ३ स्वर हुन्छन् । ब्राह्मणमा उदात्त र अनुदात्त २ मात्र स्वर हुन्छन् । यो नियम ऐतरेय ब्राह्मण, सामवेद ब्राह्मण र शुक्ल यजुर्वेद शतपथब्राह्मणमा मानिएको छ । **'पञ्च पञ्चजनाः'** यस मन्त्रमा प्रथम पञ्चशब्दको आदिमा उदात्त स्वर छ,दोस्रो पञ्चशब्दमा अनुदात्त स्वर मात्र छ, द्वितीय पञ्चशब्द र जनशब्दमा समास नभएसम्म अन्त्य आकार उदात्त र पूर्ववर्ण अनुदात्त हुन सक्तैनन् । **'समासस्य'** (६/१/२२३ पाणिनि) यस सूत्रले समासको अन्तमा उदात्त स्वरको विधान गर्छ, **'अनुदात्तपदमेकवर्जम्'** (६/१/१५८ - पाणिनि) यस सूत्रले जुन पदमा जुन वर्णका स्थानमा उदात्त अथवा स्वरितको विधान गरिन्छ, त्यो वर्ण बाहेक अरू वर्ण अनुदात्त हुन्छन् भन्ने विधान गरिएको छ । तदनुसार यस मन्त्रको अन्त्य स्वर उदात्त भएकाले **'पञ्चजनाः'** समस्तपद हो र एकपद हो भन्ने निश्चय हुन्छ ।

पुनश्चः सामवेद, ऋग्वेद, शुक्लयजुर्वेद र तिनका ब्राह्मणग्रन्थहरूमा उदात्त र अनुदात्त स्वरलाई भाषिक स्वर भनिन्छ । मन्त्रदशामा स्वरित र अनुदात्त स्वर ब्राह्मणदशामा उदात्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । यस्तो अपवाद स्वीकार गरिएको हो । यसबाट अन्त्य आकार देखि पूर्वस्वरलाई ब्राह्मण दशामा उदात्तत्त्वको प्राप्ति हुने भयो तर '**उदात्तमनुदात्तमनन्त्यम्**' यस सूत्रबाट मन्त्रदशामा अन्त्यभिन्न र अग्रिम पदसँग मिलेर उच्चारण गरिने उदात्तस्वरमा अनुदात्त स्वर हुने विधान गरिएको छ । पञ्चजनाको 'ना' मा नकारपछिको आकारलाई त्यसपछिको आकाशसँगै पढिने हुँदा अनुदात्तत्वको विधान गरिएको छ । यो मन्त्रानुदात्त स्वर भाषिक कहलाउँछ । यसबाट पनि एकपदत्वको निश्चय हुन्छ । '**पञ्च पञ्चजनाः**' मा अन्तोदात्त मान्त्रिक स्वर हो। '**यस्मिन् पञ्च पञ्चजनाः**' मा अनुदात्त ब्राह्मस्वर हो । दुवै प्रकारबाट एकपद भएको कारण यहाँ समास भएको तथ्य प्रमाणित हुन्छ ।

पूर्वपक्षीहरूले '**पञ्च पञ्चजनाः**' यस्तो छुट्टाछुट्टै पद मानेर २५ तत्त्व हुन्छन् भन्ने अर्थगरेका छन्, त्यो होइन, यहाँ पञ्चमात्र छुट्टै छ, अर्को पञ्चको जनसँग समास भएको छ। यस्ता समास भएका अरू पनि उदाहरण पाइन्छन् । जस्तै '**पञ्चानां त्वा पञ्चजनानाम्**' यहाँ पनि पञ्चजनपदमा समास भएको छ। त्यसकारण '**पञ्च पञ्चजनाः**' वाक्यबाट साङ्ख्यसम्मत २५ तत्त्वको ज्ञान हुँदैन ।

शाङ्करभाष्यम्

समस्तत्वाच्च न वीप्सा '**पञ्च पञ्च**' इति । न च पञ्चकद्वयग्रहणं पञ्च पञ्चेति । न च पञ्चसङ्ख्याया एकस्याः पञ्चसङ्ख्यया परया विशेषणं पञ्च पञ्चका इति, उपसर्जनस्य विशेषणेनासंयोगात् । नन्वापन्नपञ्चसङ्ख्याका जना एव पुनः पञ्चसङ्ख्यया विशेष्यमाणाः पञ्चविंशतिः प्रत्येष्यन्ते । यथा **पञ्च पञ्चपूल्य** इति पञ्चविंशतिपूलाः प्रतीयन्ते, तद्वत् । नेति ब्रूमः, युक्तं यत्पञ्चपूलीशब्दस्य समाहाराभिप्रायत्वात्कतीति सत्यां भेदकाङ्क्षायां पञ्च पञ्चपूल्य इति विशेषणम्, इह तु पञ्चजना इत्यादित एव भेदोपादानात्कतीत्यसत्यां भेदाकाङ्क्षायां न पञ्च पञ्चजना इति विशेषणं भवेत्। भवदपीदं विशेषणं पञ्चसङ्ख्याया एव भवेत्, तत्र चोक्तो दोषः। तस्मात्पञ्च पञ्चजना इति न पञ्चविंशतितत्त्वाभिप्रायम् । अतिरेकाच्च न पञ्चविंशतितत्त्वाभिप्रायम्। अतिरेको हि भवत्यात्माकाशाभ्यां पञ्चविंशतिसङ्ख्यायाः । आत्मा तावदिह प्रतिष्ठां प्रत्याधारत्वेन निर्दिष्टः, यस्मिन्निति सप्तमीसूचितस्य '**तमेव मन्य आत्मानम्**' इत्यात्मत्वेनानुकर्षणात् । आत्मा च चेतनः पुरुषः । स च पञ्चविंशतावन्तर्गत एवेति न तस्यैवाधारत्वमाधेयत्वं च युज्यते । अर्थान्तरपरिग्रहे च तत्त्वसङ्ख्यातिरेकः सिद्धान्तविरुद्धः प्रसज्येत । तथा '**आकाशश्च प्रतिष्ठितः**' इत्याकाशस्यापि पञ्चविंशतावन्तर्गतस्य न पृथगुपादानं न्याय्यम् । अर्थान्तरपरिग्रहे चोक्तं दूषणम् । कथञ्च सङ्ख्यामात्रश्रवणे सत्यश्रुतानां पञ्चविंशतितत्त्वानामुपसंग्रहः प्रतीयेत?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनशब्दस्य तत्त्वेष्वरूढत्वात् । अर्थान्तरोपसंग्रहोऽपि सङ्ख्योपपत्तेः । कथं तर्हि पञ्च पञ्चजना इति ? उच्यते – '**दिक्सङ्ख्ये संज्ञायाम्**' (पा.सू. २/१/५०) इति विशेषणस्मरणात्संज्ञायामेव पञ्चशब्दस्य जनशब्देन समासः । ततश्च रूढत्वाभिप्रायेणैव केचित्पञ्चजना नाम विवक्ष्यन्ते, न साङ्ख्यतत्त्वाभिप्रायेण । ते कतीत्यस्यामाकाङ्क्षायां पुनः पञ्चेति प्रयुज्यते । पञ्चजना नाम ये केचित्ते च पञ्चैवेत्यर्थः । सप्तर्षयः सप्तेति यथा ॥११॥

नेपालीभाषानुवाद

समस्तत्वात् = समास भएकाले, **च** = पनि, **पञ्च पञ्च इति** = पाँच पाँच यस रूपको, **न वीप्सा** = द्विरुक्ति पनि होइन, **पञ्च पञ्च इति** = पाँच पाँच यस रूपमा, **च** = र, **पञ्चकद्वयग्रहणम्** = दुईवटा पाँच पाँच पञ्चहरू (५ पञ्चे २५) अर्थको लागि, **एकस्याः** = एउटा, **पञ्चसंख्यायाः** = ५ संख्याको, **परया** = पर रहेको, **पञ्चसंख्यया** = पाँच संख्याद्वारा, **विशेषणम्** = विशेषणभाव, **न** = हुँदैन, **उपसर्जनस्य** = गौणपदको कुनै प्रधानसँग जोडिएका अप्रधान पदको, **विशेषणेन**= छुट्टै रहेका विशेषणपदसँग, **असंयोगात्** = संयोग हुनसक्तैन, अर्थात् '**पञ्च पञ्चजनाः**' यस वाक्यमा पहिलो पञ्चपद दोस्रो '**जनाः**' सँग समास गरिएका पञ्चपदको विशेषण बन्न सक्तैन, **ननु** = शङ्का गरिन्छ, **आपन्नपञ्चसंख्याकाः** = '**पञ्चजनाः**' समस्तपदको आधारमा पाँच संख्यामा प्राप्त भएका जनहरूनै, **पञ्चसंख्यया** = छुट्टै रहेको पूर्ववर्ती पाँचको संख्याद्वारा, **विशेष्यमाणाः** = विशेष्य बनाइएका, **पञ्चविंशतिः** = पच्चीसको रूपमा, **प्रत्येष्यन्ते** = प्रतीत हुनेछन्, **यथा** = जस्तै, **पञ्च** = पाँच, **पञ्चपूल्यः** = पाँचमुठाधान (अथवा धानका ५ मुठाहरू), **इति** = यसरी अर्थ गर्दा, **पञ्चविंशतिपूलाः** = पच्चीस मुठा, **प्रतीयन्ते** = प्रतीत हुन्छन्, **तद्वत्** = त्यस्तै (यहाँ पनि पाँच पाँचसंख्या भएका जनहरू अर्थहुन सक्छ) यो शङ्का हो, तर उत्तरपक्षी भन्छ–, **न** = '**पञ्च पञ्चपूल्यः**' जस्तै अर्थ '**पञ्च पञ्चजनाः**' को हुँदैन, **इति** = यस्तो, **ब्रूमः** = भन्दछौं, **यत्** = किनकि, **पञ्चपूलीशब्दस्य** = पञ्चपूली शब्दको **समाहाराभिप्रायत्वात्** = '**पञ्चानां पूलानां समाहारः**' पञ्चपूली छन् अर्थात् कतिवटा पाँच मुठे धान छ भन्ने जिज्ञासा भए पछि, **पञ्च पञ्चपूल्यः इति** = पाँच पाँचमुठे धान, **इति** = यस्तो, **विशेषणम्**= पञ्चपूल्यको विशेषणका रूपमा पञ्च (पाँच) को संख्या आउँछ, **इह तु** = यहाँ त,**पञ्चजनाः** = पाँच जना, **इति** = यसरी, **आदितः एव** = सुरुबाट नै, **भेदोपादानात्** = पाँच जना भनेर भेद देखाइएकाले कति, **इति भेदाकाङ्क्षायाम्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कति जना छन् यस्तो भेदको आकाङ्क्षा, **असत्याम्** = गर्नै पर्ने नभएपछि, **पञ्चजनाः इति** = पञ्चजना यस पदको, **पञ्च** = छुट्टै रहेको पाँचको संख्या, **विशेषणम्** = विशेषण, **न भवेत्** = हुँदैन, **इदम्** = पूर्ववर्ती पञ्चपद, **विशेषणम्** = विशेषण, **भवद् अपि** = भएपनि, **पञ्चसंख्यायाः** = उत्तरवर्ती पञ्च (पाँच) संख्याको, **एव** = नै, **भवेत्** = हुनसक्छ, **तत्र च** = तर यहाँ, **दोषः** = उपसर्जनपदको विशेषणसँग योग नहुने हुँदा दोष हुन्छ भन्ने कुरा, **उक्तः** = भनिसकिएको छ, **तस्मात्** = त्यसकारण, **पञ्च पञ्चजना इति** = पाँच पञ्चजन यस्तो प्रयोग, **पञ्चविंशतितत्त्वाभिप्रायम्** = पच्चीस तत्त्वको अभिप्रायवाला, **न** = छैन, **अतिरेकात्** = **'यस्मिन् पञ्च पञ्चजनाः'** इत्यादि मन्त्रमा अतिरिक्त तत्त्वहरू समेत भएकाले, **च** = पनि, **न पञ्चविंशतितत्त्वाभिप्रायम्** = उक्त मन्त्र सांख्यसम्मत पच्चीस तत्त्व बताउने अभिप्राय राख्दैन, **हि** = किनकि, **पञ्चविंशतिसंख्यायाः** = पच्चीससंख्याको निमित्त, **अतिरेकः** = अतिरिक्त संख्याजन्य अधिकता, **आत्माकाशाभ्याम्** = आत्मा र आकाशद्वारा, **भवति** = हुन आउँछ, **इह** = उक्त मन्त्रमा, **तावत्** = सर्वप्रथम, **प्रतिष्ठाम् प्रति** = आकाश आदिको स्थितिका लागि, **आधारत्वेन** = आधारका रूपमा, **आत्मा** = आत्माको, **निर्दिष्टः**= निर्देश गरिएको छ, किनकि, **यस्मिन् इति** = जसमा भन्ने, **सप्तमीसूचितस्य** = सप्तमीद्वारा सूचित, **यत्** = पदको अर्थलाई, **'तमेव आत्मानं मन्ये'** इति = त्यसलाई नै म आत्मा मान्दछु भन्ने वचनद्वारा, **अनुकर्षणात्** = आत्मासँग सम्बन्ध गरिएको छ, **च** = र, **आत्मा** = आत्मा, **चेतनः** = चैतन्यानुप्राणित, **पुरुषः** = पुरुष हो, **सः च** = त्यो पनि, **पञ्चविंशतौ**= पच्चीस संख्याभित्र, **एव** = नै, **अन्तर्गतः** = अन्तर्भूत छ, **इति** = यस कारण, **तस्य एव** = आधेय रूपमा निर्दिष्ट आत्माको नै, **आधारत्वम्**= अधिकरणता, **च**= र, **आधेयत्वम्** = आधेयता, **न युज्यते** = युक्तियुक्त हुँदैन, **च**= र, **अर्थान्तरपरिग्रहे** = पच्चीससंख्याभित्रको पुरुषको अर्को अर्थ स्वीकार गरिएमा, अर्थात् आत्मभिन्न अर्थ गरिएमा, **तत्त्वसंख्यातिरेकः** = तत्त्वहरूको संख्यामा अधिकता, **प्रसज्येत** = आइलाग्ने छ,जो, **सिद्धान्तविरुद्धः** = सांख्यसिद्धान्तको विपरीत हुनेछ, **तथा** = त्यसरी नै, **'आकाशश्च प्रतिष्ठितः' इति** = जुन आत्मामा आकाश पनि प्रतिष्ठित छ यस भनाइद्वारा, **पञ्चविंशतौ** = पच्चीस तत्त्वहरूमध्ये, **अन्तर्गतस्य** = एकतत्त्वका रूपमा परिगणित, **आकाशस्य अपि**= आकाशको पनि, **पृथक् उपादानम्**= छुट्टै उल्लेख गर्नु, **न न्याय्यम्** = न्यायसंगत हुँदैन, **अर्थान्तरपरिग्रहे** = पच्चीस संख्या अन्तर्गत रहेका आकाशको अर्को अर्थ गरिएमा, **पूर्वोक्तम्**= आत्माको सम्बन्धमा उल्लेख गरिएको, **दूषणम्** = दोष आइलाग्ने छ, **च** = र, **संख्यामात्रश्रवणे सति**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'पञ्च पञ्चजनाः' इत्यादि मन्त्रमा संख्याको उल्लेख गरिंदैमा, **अश्रुतानाम्** = श्रुतिमा निर्देश नगरिएका, **पञ्चविंशतितत्त्वानाम्** = पच्चीस तत्त्वहरूको, **उपसंग्रहः** = उपसंग्रह (समानरूपमा गणना), **कथम्** = कसरी, **प्रतीयेत** = प्रतीत हुन सक्छ, अर्थात् हुन सक्तैन, यदि जनशब्दबाट तत्त्वहरूको ग्रहण हुन्छ भनिन्छ भने पनि, **जनशब्दस्य** = जनशब्दको, **तत्त्वेषु** = तत्त्वहरूमा, **अरूढत्वात्** = लोकप्रसिद्धि छैन, यदि संख्याको बलबाट तत्त्वहरूको ग्रहण हुन्छ भन्ने हो भने पनि, **अर्थान्तरोपसंग्रहे अपि** = पच्चीस तत्त्व बाहेकका अरू पञ्चजन आदि अर्थको उल्लेख गरेपनि, **संख्योपपत्तेः** = पच्चीस संख्या त हुनसक्छ, तर पच्चीस संख्या पुग्दैमा सांख्यमतको पुष्टि हुनसक्तैन, **कथं तर्हि पञ्च पञ्चजनाःइति** = जुन अर्थान्तरको ग्रहण गर्दा संख्याको सिद्धि हुन्छ त्यो पदार्थान्तर **'पञ्च पञ्चजना'** को तात्पर्य के हो, यस्तो प्रश्न गर्छौ भने, **उच्यते** = भनिन्छ, **दिक्संख्ये संज्ञायाम् इति** = 'दिशा र संख्यावाचक शब्दको संज्ञा अर्थमा उत्तर सुबन्तका साथ समास हुन्छ' यस्तो अर्थभएको समास-विधायक सूत्रको, **विशेषस्मरणात्** = दिशा र संख्यारूप विशेष अर्थलाई स्मरण गर्नाले, **पञ्चशब्दस्य** = संख्यावाचक पञ्चशब्दका साथ संज्ञा अर्थमा, **समासः** = समास गरिन्छ अर्थात् एकता हुन्छ, **च** = र, **ततः** = त्यसबाट, **रूढत्वाभिप्रायेण एव** = लोकप्रसिद्धिको अभिप्रायले नै, **केचित्** = केही, **पञ्चजनाः नाम** = पञ्चजनसंज्ञाबाट प्रसिद्ध जनहरू, **विवक्ष्यन्ते** = बताइएका छन्, **सांख्यतत्त्वाभिप्रायेण न** = सांख्यसम्मत पच्चीस तत्त्वहरूलाई बताउने अभिप्रायले पञ्चजनको उल्लेख गर्न खोजिएको छैन, **ते** = ती पञ्चजन, **कति** = कति छन् भन्ने, **आकाङ्क्षायाम्** = आकाङ्क्षा हुँदा, **पुनः** = फेरि, **पञ्च** = पाँच छन्, **इति** = यस्तो, **प्रयुज्यते** = प्रयोग गरिन्छ, **पञ्चजनाः नाम** = पञ्चजनशब्दबाट प्रसिद्ध, **ये केचित्** = जो कोही छन्, **ते च** = ती, **पञ्च एव** = पाँच नै छन्, **इत्यर्थः** = पञ्च पञ्चजनको यही अर्थ हो, **सप्तर्षयः** = सप्तर्षिहरू कति छन् भन्दा, **सप्त** = सात, **इति** = यस्तो उत्तर, **यथा**= जसरी दिइन्छ त्यसरी नै पञ्चजन पाँच छन् भन्ने कुरा बुझ्नु पर्दछ ।

विशदीकरण

'पञ्च पञ्चजनाः' यस वाक्यमा दुइ पञ्च शब्दहरूको वीप्सा द्वारा५-५ भनेर अन्वय हुन सक्तैन, पछिल्लो पञ्चशब्द समस्त छ । पहिलो र पछिल्लो पञ्चशब्दमा विशेषणविशेष्यभाव पनि बन्न सक्तैन किनकि दुवैका परस्परमा सम्बन्ध हुँदैन अर्थात् विशेषण पद विशेषण कै अङ्ग बन्न सक्तैन । पाँच संख्यामा प्राप्त भएका जनहरूको ५ संख्या पाँच मुठा भएका धानको पाँच संख्या जस्तै, यस्तो अर्थ गरेर पच्चीसको संख्या पनि प्राप्त हुँदैन किनकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'पञ्च पञ्चपूल्यः'मा **'पञ्चानां पूलानां समाहारः'** यस अर्थमा **'संख्यापूर्वो द्विगुः'** द्विगु समास छ । त्यसपछि **'द्विगोः'** सूत्रबाट डीप् गरिएपछि समाहारको प्रतीति हुन्छ र कति पञ्चपूली छन् भन्दा पाँच भन्नाले पञ्चपूली र पाँचको समन्वय हुन्छ, तर पञ्च पञ्चजनामा समाहारको प्रतीति हुँदैन ।

'पञ्चजनाः' पदले नै ५ जना भन्ने अर्थ बुझाएकाले कति भन्ने प्रश्न पनि उठ्दैन । यहाँ **'पञ्च च अमी जनाः इति पञ्च जनाः'** यसरी कर्मधारय समास गरिएको छ । अतः पञ्च पञ्चजनाले पच्चीसको संख्या बुझाउँदैन । यदि पच्चीस संख्याको प्राप्ति हुन्छ भन्ने हो भने पनि आत्मा र आकाश समेतको उल्लेख भएकाले २७ संख्या मान्नु पर्ने हुन्छ । २७ सांख्यसम्मत संख्या होइन ।

'यस्मिन्' पदको आधारमा चेतन पुरुषलाई सबै तत्त्वहरूको आधार मान्ने कुरा पनि सांख्य विरुद्ध हुन आउँछ किनकि सांख्यमतमा सबैको आधार स्वतन्त्र प्रधानलाई मानिएको छ । फेरि २५ संख्याको प्राप्ति भइनै हाले पनि २५ तत्त्वकै अर्थ बताउने यो पच्चीस संख्या हो भन्न पनि सकिंदैन, किनकि जनशब्दको अर्थ तत्त्व होइन । अतः सांख्यसम्मत तत्त्वहरूको वर्णन यहाँ भएको छैन, अपितु पञ्चजननामबाट प्रसिद्ध ५ जनाको मात्र वर्णन भएको छ । **'सप्त सप्तर्षयः'** भनेर सात सप्तर्षिलाई बुझे जस्तै यहाँ त्यस्तै अर्थ बुझ्नु पर्दछ ॥११॥

शाङ्करभाष्यम् - के पुनस्ते पञ्चजना नामेति ? तदुच्यते -

नेपालीभाषानुवाद - पुनः = फेरि, **ते** = ती, **पञ्चजनाः नाम** = पञ्चजननाम भएका, **के** = को हुन्, **इति** = यस्तो प्रश्न भएमा, **तत्** = त्यसको उत्तर, **उच्यते** = भनिन्छ ।

ब्रह्मसूत्रम् - प्राणादयो वाक्यशेषात् । १/४/१२

सूत्रार्थ - वाक्यशेषात् = **'यस्मिन् पञ्च पञ्चजनाः'** यस मन्त्रभन्दा पछि आएका वाक्यबाट, **प्राणादयः** = प्राण, चक्षु, श्रोत्र, अन्न र मन नै पञ्चजन भनिन्छन् ।

शाङ्करभाष्यम्

'यस्मिन्पञ्च पञ्चजनाः' इत्यत उत्तरस्मिन्मन्त्रे ब्रह्मस्वरूपनिरूपणाय प्राणादयः पञ्च निर्दिष्टाः - **'प्राणस्य प्राणमुत चक्षुषश्चक्षुरुत श्रोत्रस्य श्रोत्रमन्नस्यान्नं मनसो ये मनो विदुः'** इति । तेऽत्र वाक्यशेषगताः सन्निधानात्पञ्च-जना विवक्ष्यन्ते । कथं पुनः प्राणादिषु जनशब्दप्रयोगः ? तत्त्वेषु वा कथं जनशब्द-प्रयोगः ? समाने तु प्रसिद्ध्यतिक्रमे वाक्यशेषवशात्प्राणादय एव ग्रहीतव्या भवन्ति। जनसंबन्धाच्च प्राणादयो जनशब्दभाजो भवन्ति । जनवचनश्च पुरुषशब्दः प्राणेषु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयुक्तः – **'ते वा एते पञ्च ब्रह्मपुरुषाः'** (छा. ३/१३/६) इत्यत्र । **'प्राणो ह पिता प्राणो ह माता'** (छा. ७/१५/१) इत्यादि च ब्राह्मणम् । समासबलाच्च समुदायस्य रूढत्वमविरुद्धम् ।

नेपालीभाषानुवाद

यस्मिन् पञ्च पञ्चजना इत्यतः = उक्त मन्त्रभन्दा पछि, **उत्तरस्मिन्** = अग्रिम, **मन्त्रे** = मन्त्रमा, **ब्रह्मस्वरूपनिरूपणाय** = ब्रह्मका स्वरूपको निरूपणका लागि, **प्राणादयः** = प्राण आदि, **पञ्च** = ५ तत्त्व, **निर्दिष्टाः** = निर्देश गरिएका छन्, **प्राणस्य** = प्राणको पनि, **प्राणम्** = प्राण, **उत** = अथ वा, **चक्षुषः** = आँखाको पनि, **चक्षुः** = आँखा, **उत** = अथवा, **श्रोत्रस्य** = कानको पनि, **श्रोत्रम्** = कान, **अन्नस्य** = अन्नको पनि, **अन्नम्** = अन्न, **मनसः** = मनको पनि, **मनः** = मन भनेर, **ये** = जसले, **विदुः** = जान्दछन् (ती ब्रह्मज्ञ हुन्), **इति** = यसरी प्राणआदि ५ तत्त्वको उल्लेख भएको छ, **अत्र** = यहाँ, **वाक्यशेषगताः** = अघिल्लो मन्त्रका बाँकी भागका रूपमा प्रस्तुत भएका, **ती** = प्राणादि, **संनिधानात्** = सन्निहित भएको कारणबाट, **पञ्चजनाः** = पञ्चजन संज्ञाद्वारा, **विवक्ष्यन्ते** = विवक्षित छन्, **पुनः** = फेरि, **प्राणादिषु** = प्राण आदिहरूमा, **कथम्** = कसरी, **जनशब्दप्रयोगः** = मानिसहरूमा उपयुक्त हुने जनशब्दको प्रयोग गरिन्छ, यो प्रश्न हुनसक्छ, तर हामी प्रतिप्रश्न गर्न सक्छौं, **वा** = अथवा त्यसो भए तत्त्वहरूमा, **कथम्** = कसरी, **जनशब्दप्रयोगः** = जनशब्दको प्रयोग हुन्छ त, **प्रसिद्ध्यतिक्रमे** = प्रसिद्धि (आदिको) त्याग, **समाने तु** = समान भएता पनि, **वाक्यशेषात्** = अघिल्लो वाक्यको शेषार्थरूपमा विवक्षित भएको कारणबाट, **प्राणादयः एव** = प्राण आदि नै, **ग्रहीतव्याः** = ग्रहण गर्न योग्य, **भवन्ति** = हुन्छन्, **च** = र, **जनसंबन्धात्** = प्राण आदिको मनुष्यसँग सम्बन्ध भएकाले, **प्राणादयः** = प्राणआदि पूर्वोक्त ५ तत्त्वहरू, **जनशब्दभाजः** = जनशब्दसँग संबद्ध हुन्छन्, **ते वा एते पञ्च ब्रह्मपुरुषाः** = निश्चय नै ती यी उनै ब्रह्मपुरुष हुन्, **इति अत्र** = यस छान्दोग्यश्रुतिमा, **जनवचनः**= जनवाचक, **पुरुषशब्दः च** = पुरुषशब्द पनि, **प्राणेषु** = प्राणहरूका निमित्त, **प्रयुक्तः** = प्रयुक्त छ, **ह** = निश्चय नै, **प्राणः** = प्राण, **पिता** = बाबु हुन्, **ह** = निश्चय नै, **प्राणः** = प्राण, **माता**= आमा हुन्, **इत्यादि** = यस रूपको, **ब्राह्मणं च** = छान्दोग्य ब्राह्मण मन्त्र रहेको छ, **समासबलात्**= समासशक्तिबाट, **च** = पनि, **समुदायस्य** = समुदायलाई, **रूढत्वम्**= रूढि मान्नु, **अविरुद्धम्** = विरुद्ध हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

पञ्चजन को हुन् ? यस प्रश्नको उत्तरमा प्राण, आँखा, कान, अन्न र मननै पञ्चजन हुन् भन्न सकिन्छ । किनकि '**यस्मिन् पञ्च पञ्चजनाः०**' इत्यादि मन्त्रको उत्तरमन्त्रमा ब्रह्मको स्वरूपनिरूपणको सन्दर्भमा प्राणको पनि प्राण, आँखाको पनि आँखा, कानको पनि कान, अन्नको पनि अन्न, मनको पनि मन भएको अर्थात् प्राण आदिको साक्षीलाई 'जसले जान्दछ त्यसले ब्रह्म जान्दछ' भनिएको छ ।

यहाँ पूर्वपक्षीबाट शङ्का उठाइन्छ– प्राण आदिमा र तत्त्व आदिमा जनशब्दको प्रयोग किन गरियो? '**जायन्त इति जनाः**' जो उत्पन्न हुन्छन्, ती जन कहलाउँछन् । यस व्युत्पत्तिअनुसार त महत् आदिको जनक भएकाले प्रधान पनि जनशब्दवाच्य हुन सक्छ ? यस प्रश्नको उत्तरमा सिद्धान्तपक्षी भन्दछ– प्राण आदिमा र तत्त्व आदिमा जनशब्द प्रसिद्ध छैन । जुन अर्थमा जनशब्दको प्रयोग प्रचलित छ, प्रसङ्गअनुसार यहाँ त्यस अर्थले मेल खाँदैन । तत्त्व अर्थ लिए पनि अथवा प्राण आदि अर्थ लिएपनि ती दुवै अर्थमा रूढि (प्रसिद्धि)को अतिक्रमण बराबर हुन्छ । त्यस कारण यहाँ लाक्षणिक प्रयोग मान्नु पर्दछ । वाक्यशेषको सामर्थ्यबाट यहाँ पञ्चजन शब्दबाट प्राण आदिलाई नै लिनु पर्दछ ।

छान्दोग्यश्रुतिमा जनवाचक ब्रह्मशब्दको प्रयोग भएको छ 'प्राण पिता र माता हुन्' भन्ने ब्राह्मणवचन पनि छ । तपाईंले भने जस्तै '**जायन्ते इति जनाः**' यसरी यौगिक अर्थ सम्भव छँदाछँदै रूढिको आधार लिनुमा समासशक्तिबाट प्राण आदि समुदायमा पञ्चजनशब्दलाई रूढ मान्नु नै अविरुद्ध हेतु हो ।

शाङ्करभाष्यम्

कथं पुनरसति प्रथमप्रयोगे रूढिः शक्याऽऽश्रयितुम् ? शक्योद्भिदादिवदित्याह– प्रसिद्धार्थसन्निधाने ह्यप्रसिद्धार्थः शब्दः प्रयुज्यमानः समभिव्याहारात्तद्विषयो नियम्यते, यथा '**उद्भिदा यजेत**', '**यूपं छिनत्ति**', '**वेदिं करोति**' इति। तथाऽयमपि पञ्चजनशब्दः समासान्वाख्यानादवगतसंज्ञाभावः संज्याकाङ्क्षी वाक्यशेषसमभिव्याहृतेषु प्राणादिषु वर्तिष्यते । कैश्चित्तु देवाः पितरो गन्धर्वा असुरा रक्षांसि च **पञ्च पञ्चजना** व्याख्याताः । अन्यैश्च चत्वारो वर्णा निषादपञ्चमाः परिगृहीताः। क्वचिच्च '**यत्पाञ्चजन्यया विशा**' (ऋ.सं. ८/५३/७) इति प्रजापरः प्रयोगः पञ्चजनशब्दस्य दृश्यते । तत्परिग्रहेऽपीह न कश्चिद्विरोधः । आचार्यस्तु न पञ्चविंशतेस्तत्त्वानामिह प्रतीतिरस्तीत्येवंपरतया '**प्राणादयो वाक्यशेषात्**' इति जगाद।।१२।।

नेपालीभाषानुवाद

पुनः = फेरि, **प्रथमप्रयोगे असति** = कसैद्वारा पूर्वप्रयोग नगरिएको परिस्थितिमा, **कथम्** = कसरी, **रूढिः** = पूर्वप्रसिद्धिको, **आश्रयितुम्** = आश्रय गर्न, **शक्या** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ, **उद्भिदादिवत्** = उद्भिद् आदिशब्दहरूमा जस्तै **पञ्च पञ्चजनाः** मा पनि रूढिको आश्रय लिन, **शक्या**= सकिन्छ, **इत्यादि** = यस्तो भनिएको छ, **प्रसिद्धार्थसन्निधाने** = प्रसिद्ध अर्थको समीपमा, **प्रयुज्यमानः** = प्रयोग गरिने, **अप्रसिद्धार्थः** = अप्रसिद्ध अर्थवाला, **शब्दः** = शब्दले, **हि** = निश्चय नै, **समभिव्याहारात्** = सँगै उच्चारण गरिएको कारणबाट, **तद्विषयः** = प्रसिद्धशब्दको विषयसँग संबद्ध बन्दछ, **नियम्यते** = यस्तो नियम छ, **यथा** = जस्तै **उद्भिदा यजेत** = पशुकामनाले उद्भिद् याग गरोस्, **यूपं छिनत्ति** = यूपको छेदनसंस्कार गरोस्, **वेदिं करोति** = वेदीको संस्कार गरोस्, **इति** = यी प्रयोगहरूमा जस्तै, **तथा** = त्यस्तै, **अयम्** = यो, **पञ्चजनशब्दः अपि** = पञ्चजनशब्द पनि, **समासान्वाख्यानात्** = समासको शक्ति (अन्वाख्यान) बाट, **अवगत-संज्ञाभावः** = संज्ञाविशेषमा प्राप्त भएर, **संज्ञ्याकाङ्क्षी** = संज्ञी (संज्ञावान्)को आकाङ्क्षा गर्दै, **वाक्यशेषसमभिव्याहृतेषु**= वाक्यशेषका रूपमा सहोच्चारित, **प्राणादिषु** = प्राणआदिमा, **वर्तिष्यते** = संबद्ध हुनेछ, **कैश्चित्** = कसैले, **तु** = त, **देवाः** = देवताहरू, **पितरः** = पितृहरू, **गन्धर्वाः**= गन्धर्वहरू, **असुराः** = असुरहरू, **रक्षांसि च** = राक्षसहरू पनि, **पञ्च** = पाँच, **पञ्चजनाः** = पञ्चजन हुन् भनेर, **व्याख्याताः** = व्याख्या गरेका छन्, **अन्यैः** = अरूहरूले पनि, **निषादपञ्चमाः** = जसको पाँचौ संख्या निषाद (ब्राह्मणबाट शूद्रमा जन्मेको सन्तान) रहेको छ, त्यस्ता, **चत्वारः वर्णाः** = ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र ४ वर्णलाई, **परिगृहीताः**= पञ्चजनको अर्थका रूपमा लिएका छन्, **च** = र, **क्वचित्**= कहीं, **यत् पाञ्चजन्यया विशा** = जो पाञ्चजन्य प्रजारूप विशद्वारा इन्द्रको स्तुतिका लागि शब्द भयो, **इति** = यस ऋग्वेद संहिताको आधारमा, **पञ्चजनशब्दस्य** = पञ्चजन शब्दको, **प्रजापरः** = प्रजापरक, **प्रयोगः** = प्रयोग, **दृश्यते** = देखिन्छ, **तत्परिग्रहे अपि** = यसरी विभिन्न अर्थहरूको परिग्रह गरेता पनि, **कश्चित्** = कुनै, **न विरोधः** = विरोध हुँदैन, **आचार्यस्तु** = आचार्य बादरायणले त, **इह** = "**पञ्च पञ्चजनाः**" प्रयोगमा, **तत्त्वानां पञ्चविंशतेः** = सांख्यसम्मत २५ तत्त्वहरूको, **प्रतीतिः**= प्रतीति, **न अस्ति**= हुँदैन, **इति** = यसप्रकार, **एवंपरतया** = उक्त भावनानुरूप, **प्राणादयो वाक्यशेषात् इति** = प्राणादयो वाक्यशेषात् भन्ने सूत्र, **जगाद** = बनाएका छन् ।

विशदीकरण

पञ्चजनशब्दको प्राण आदिलाई बुझाउने अर्थमा लोकप्रसिद्धि छैन, तर त्यो नहुँदा नहुँदै पनि प्राण आदिमा किन रूढि स्वीकार गरिएको छ । यो पूर्वपक्षीको शङ्का हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरमा सिद्धान्तपक्षी भन्दछ – प्रसिद्ध अर्थको वाचकशब्दका समीपमा प्रयुज्यमान अप्रसिद्ध अर्थको पनि प्रसिद्धार्थक शब्दको सन्निधिबाट त्यही अर्थ हुन्छ । जस्तै **'उद्भिदा यजेत'** यस वाक्यमा प्रयुक्त उद्भिद्शब्द वृक्षादिमा रूढ (प्रसिद्ध) छ, तापनि सँगै उच्चारण गरिएको प्रसिद्धार्थक **यजेत** पदको सान्निध्यबाट यसले उद्भिद् यागलाई बताउँछ । **'यूपं छिनत्ति'** मा छिनत्ति क्रियाको सानिध्यबाट यूपशब्द दारु(काठ)मा प्रसिद्ध छ, **'वेदिं करोति'** मा करोति पदको सान्निध्यबाट वेदिशब्द संस्कार्य स्थण्डिलको अर्थमा रूढ छ । त्यस्तै पञ्चजनशब्दले पनि **'दिक्संख्ये संज्ञायाम्'** सूत्रद्वारा समास गरिएकाले वाक्यशेष र समाहारका कारण रूढिद्वारा प्राणादिको बोध गराउँछ ।

कुनै आचार्यले पञ्चजनशब्दबाट देवता, पितृ, मनुष्य, राक्षस र असुर अर्थ लागे पनि, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र निषाद भन्ने अर्थ गरिए पनि, प्रजा भन्ने अर्थ स्पष्ट भएपनि, पाँच प्राण, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत र अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश जस्ता पाँच क्लेश भन्ने अर्थ खुले पनि कुनै विरोध हुँदैन तर, सांख्यसम्मत प्रधानलगायतका २५ तत्त्व भन्ने अर्थ कदापि हुन सक्तैन ।।१२।।

शाङ्करभाष्यम्

भवेयुस्तावत्प्राणादयः पञ्चजना माध्यन्दिनानाम्, येऽन्नं प्राणादिष्वामनन्ति। काण्वानां तु कथं प्राणादयः पञ्चजना भवेयुर्येऽन्नं प्राणादिषु नामनन्तीति ? अत उत्तरं पठति–

नेपालीभाषानुवाद

पञ्चजनाः = पञ्चजनको, **माध्यन्दिनानाम्** = माध्यन्दिनीय शाखा हुनेका लागि, **प्राणादयः** = प्राण आदि ५ अर्थ गरियून्, **ये** = जो, **प्राणादिषु** = प्राण आदिमा, **अन्नम्** = अन्नलाई, **आमनन्ति**= स्वीकार गर्दछन्, **तु** = तर, **काण्वादीनाम्**= काण्वशाखा मान्नेहरूका लागि, **पञ्चजनाः** = पञ्चजन, **प्राणादयः** = प्राणादि अर्थवाला, **कथम्** = कसरी, **भवेयुः** = हुनसक्छन्, **ये** = जो काण्वादि; **अन्नम्** = अन्नलाई, **प्राणादिषु** = प्राण आदिमा, **न आमनन्ति** = मान्दैनन्, **इति** = यस्तो प्रश्न हुन्छ, **अतः** = प्रश्न भएपछि आचार्य, **उत्तरं पठति** = सूत्ररूपमा उत्तर दिन्छन्–

ब्रह्मसूत्रम् - ज्योतिषैकेषामसत्यन्ने १/४/१३

सूत्रार्थ - **एकेषाम्** = काण्वशाखावालाहरूका पाठमा, पहिले बताइएका प्राण, आँखा, कान, मन र अन्नहरूमध्ये, **अन्ने असति** = अन्नको उल्लेख नभएपछि, प्राणादिमध्ये १ संख्या घटेर ४ हुने हुँदा ५ संख्या कसरी भन्ने प्रश्न हुँदा, **ज्योतिषा**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बृहदारण्यकोपनिषद्को ४/४/१६ मा वर्णित ज्योतिःशब्दद्वारा कमीको पूर्ति गर्नुपर्दछ।

शाङ्करभाष्यम्

असत्यपि काण्वानामन्ने ज्योतिषा तेषां पञ्चसंख्या पूर्येत । तेऽपि हि '**यस्मिन् पञ्च पञ्चजनाः**' इत्यतः पूर्वस्मिन्मन्त्रे ब्रह्मस्वरूपनिरूपणायैव ज्योतिरधीयते- '**तद्देवा ज्योतिषां ज्योतिः**' इति । कथं पुनरुभयेषामपि तुल्यवदिदं ज्योतिः पठ्यमानं समानमन्त्रगतया पञ्चसंख्यया केषाञ्चिद् गृह्यते केषाञ्चिन्नेति ? अपेक्षाभेदादित्याह । माध्यन्दिनानां हि समानमन्त्रपठितप्राणादिपञ्चजनलाभान्नास्मिन् मन्त्रान्तरपठिते ज्योतिष्यपेक्षा भवति । तदलाभात्तु काण्वानां भवत्यपेक्षा। अपेक्षाभेदाच्च समानेऽपि मन्त्रे ज्योतिषो ग्रहणाग्रहणे । यथा समानेऽप्यतिरात्रे वचनभेदात्षोडशिनो ग्रहणाग्रहणे, तद्वत् । तदेवं न तावच्छ्रुतिप्रसिद्धिः काचित्प्रधानविषयास्ति । स्मृतिन्यायप्रसिद्धी तु परिहरिष्येते ।।१३।।

नेपालीभाषानुवाद

काण्वानाम् = काण्वशाखीहरूको '**प्राणस्य प्राणम्**' इत्यादि पादमा, **अन्ने**= अन्नशब्द, **असति अपि** = नभए पनि, **ज्योतिषा** = ज्योतिःशब्दद्वारा, **तेषाम्** = ती प्राण, आँखा, कान र मनको, **पञ्चसंख्या**= ५ को संख्याको, **पूर्येत** = पूर्ति गर्नुपर्दछ, **हि** = निश्चय नै, **तेऽपि** = काण्वशाखीहरू पनि, '**यस्मिन् पञ्च पञ्चजनाः**' **इत्यतः**= यस्मिन् आदि मन्त्रभन्दा, **पूर्वस्मिन्** = पहिलो, **तद्देवा ज्योतिषां ज्योतिः** = देवताहरू आदित्य आदि ज्योतिहरूका पनि ज्योतिरूपका आयु भनेर उपासना गर्दछन्, **इति** = यस्तो अर्थ भएको, **मन्त्रे** = मन्त्रमा, **ब्रह्मस्वरूपनिरूपणाय एव** = ब्रह्मस्वरूपको निरूपणका लागि नै, **ज्योतिः** = ज्योतिको, **अधीयते** = अध्ययन गर्दछन्, (यहाँ प्रश्न हुन्छ), **पुनः** = फेरि, **उभयेषाम्**= माध्यन्दिनीय र काण्वशाखा गरी यी दुवैमा, **अपि** = पनि, **समनमन्त्रगततया** = एउटै मन्त्रमा रहेको आधारले, **तुल्यवत्** = समानमा रूपमा, **पठ्यमानम्** = पढिएको, **इदम्** = यो, **ज्योतिः** = ज्योति अर्थवाला ज्योतिशब्द, **कथम्** = किन, **केषाञ्चित्** = कुनै शाखाका निमित्त, **गृह्यते** = पाँच संख्या पुऱ्याउनको लागि ग्रहण गरिन्छ र, **केषाञ्चित्** = कुनै शाखाका निमित्त, **न** = ग्रहण गरिंदैन, **इति** = यो प्रश्न हुन्छ, **अपेक्षाभेदात्** = आकांक्षामा अन्तर भएकाले, कसैका लागि त्यो ग्राह्य हुन्छ र कसैलाई ग्राह्य हुँदैन, **इति** = यस्तो उत्तर, **आह** = भनिएको छ, **हि** = किनकि, **माध्यन्दिनानाम्** = माध्यन्दिनीय शाखावालाहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निमित्त, **समानमन्त्रपठितप्राणादिपञ्चजनलाभात्** = दुवै शाखावालका लागि समानरूपमा ग्राह्य **'प्राणस्य प्राणम्'** इत्यादि एउटै मन्त्रमा पढिएका प्राण, आँखा आदि ५ वस्तुको प्राप्ति हुनाले, **मन्त्रान्तरपठिते** = **'तद्देवा ज्योतिषां ज्योतिः'** इत्यादि मन्त्रमा पढिएको, **ज्योतिषि** = ज्योतिःशब्दमा, **अपेक्षा** = आकाङ्क्षा, **न भवति** = हुँदैन, **काण्वानाम्** = काण्वशाखावालाहरूका लागि, **तु** = त, **तदलाभात्** = **'प्राणस्य प्राणम्०'** इत्यादि मन्त्रमा अन्नपदको ग्रहण नगरिने हुनाले, प्राण, आँखा, कान र मन गरी ४ को संख्या मात्र हुन जानाले ५को संख्या पुऱ्याउनका लागि, **अपेक्षा** = **'तद्देवा ज्योतिषां ज्योतिः'** यस सूत्रमा प्रयुक्त ज्योतिःशब्दको आकाङ्क्षा, **भवति** = हुन्छ, **अपेक्षाभेदात् च** = आकाङ्क्षामा अन्तर देखिनाले, **समान** = एउटै, **मन्त्रे अपि** = मन्त्रमा पनि, **ज्योतिषः** = ज्योतिशब्दको, **ग्रहणाग्रहणे** = कसैद्वारा ग्रहण गरिन्छ र कसैद्वारा ग्रहण गरिदैन, **यथा** = जस्तै, **समाने** = एउटै, **अतिरात्रे अपि** = अतिरात्र सत्रमा पनि, **वचनभेदात्** = वचनमा भेद हुनाले, **षोडशिनः** = यज्ञपात्रको, **ग्रहणाग्रहणे** = कतै ग्रहण गरिन्छ, कतै गरिंदैन, **तद्वत्** = त्यस्तै अपेक्षाभेदका कारण एउटै मन्त्रमा पठित ज्योतिःको कसैले ग्रहण गर्छन् र कसैले ग्रहण गर्दैनन्, **तद्** = त्यसकारण, **एवम्** = यसप्रकार, **तावत्** = निश्चितरूपमा, **प्रधानविषया** = सांख्यसम्मत प्रधान (प्रकृति) विषयक, **काचित्** =कुनै, **श्रुति-प्रसिद्धिः** = वेदनिरूपित प्रसिद्धि, **न अस्ति** = छैन, **स्मृतिन्यायप्रसिद्धी** = स्मृति र न्यायमा निरूपित प्रधानविषय प्रसिद्धिहरू, **तु** = त, **पश्चात्** = आगामी प्रकरणहरूमा, **परिहरिष्येते** = परिहार गरिने छन् ।

विशदीकरण

माध्यन्दिनीय शाखाको पाठअनुसार **'प्राणस्य प्राणमुत०'** इत्यादि मन्त्रमा अन्नको पनि वर्णन हुनाले प्राण, आँखा, कान, अन्न र मन गरी ५ को संख्या हुन्छ र पञ्चजनाको अर्थ सार्थक हुन्छ । तर काण्वशाखाको मन्त्रमा अन्नको वर्णन गरिएको छैन । यस स्थितिमा त्यस मतमा प्राण आदि पाँच जनाको पूर्ति कसरी गर्ने ? यो प्रश्न हो । त्यसै प्रश्नलाई लिएर यहाँ चर्चा गरिएको छ ।

सूत्रकार भन्दछन् - अन्नको उल्लेख नभएको स्थितिमा पूर्ववर्णित मन्त्रमा वर्णित ज्योति शब्दको अनुकर्षण गरेर ५ संख्या पुऱ्याउनु पर्छ । यहाँ दुई शाखाको बीचमा यस्तो अन्तर किन ? भन्ने प्रश्न पनि उठाइएको छ । भाष्यकार त्यसको उत्तर दिंदै भन्नुहुन्छ- आकाङ्क्षामा फरक पर्नाले कसैले अन्नलाई लिएर ५ संख्या पुऱ्याउँछन्, कसैले अन्नलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नलिएर ज्योतिशब्दको अनुकर्षण गरेर ५ को संख्या पुऱ्याउँछन् । जस्तै- एउटै अतिरात्र सत्रमा पनि शाखा भेदले वचनभेद छ । तदनुसार कसैले षोडशीनामक यज्ञपात्रको ग्रहण गर्छन्, कसैले त्यसलाई ग्रहण गर्दैनन् ।

यसरी '**पञ्च पञ्चजनाः**' इत्यादि मन्त्रमा प्रयुक्त पञ्चजनशब्दको अर्थ प्राण, आँखा, कान, अन्न र मन नामक ५ ईश्वरीय कार्यशक्ति हो, अथवा प्राण, आँखा, कान, मन र ज्योति नामक ईश्वरीय कार्यशक्ति हो । तर, सांख्यवादीहरूद्वारा स्वीकृत २५ तत्त्व होइन भन्ने निष्कर्ष स्थिर हुन्छ ।।१३।।

इतिसङ्ख्योपसङ्ग्रहाधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. कारणत्वाधिकरणम् {सू. १४-१५}

ब्रह्मसूत्रम् - कारणत्वेन चाकाशादिषु यथाव्यपदिष्टोक्तेः १/४/१४

सूत्रार्थ - **आकाशादिषु** = आकाश आदि जुनसुकै क्रमबाट रचिने पदार्थहरूमा, **कारणत्वेन**= कारणरूपबाट, **च** = त, **यथाव्यपदिष्टोक्तेः** = जहाँसुकै एउटै वेदान्तवर्णित ब्रह्मको प्रतिपादन गरिएको छ, अतः परब्रह्म नै जगत्को कारण हो । अथवा; **कारणत्वे** = ब्रह्म जगत्को कारण हुनुमा, **न** = कुनै विरोध छैन, **आकाशादिषु** = आकाश आदि जुनसुकै क्रमबाट रचिने पदार्थहरूका विषयमा, **यथाव्यपदिष्टोक्तेः** = जस्तै कुनै एक वेदान्तमा ब्रह्मको कारणता मानिएको छ, **च**= त्यस्तै अन्य उपनिषद्हरूमा पनि ब्रह्मलाई नै कारण मानिएको छ ।

शाङ्करभाष्यम्

प्रतिपादितं ब्रह्मणो लक्षणम् । प्रतिपादितञ्च ब्रह्मविषयं गतिसामान्यं वेदान्तवाक्यानाम् । प्रतिपादितं च प्रधानस्याशब्दत्वम् । तत्रेदमपरमाशङ्क्यते - न जन्मादिकारणत्वं ब्रह्मणो ब्रह्मविषयं वा गतिसामान्यं वेदान्तवाक्यानां प्रतिपत्तुं शक्यम् । कस्मात् ? विगानदर्शनात् । प्रतिवेदान्तं ह्यन्यान्या सृष्टिरुपलभ्यते, क्रमादिवैचित्र्यात् । तथा हि- क्वचित् **'आत्मन आकाशः संभूतः'** (तै. २/१) इत्याकाशादिका सृष्टिराम्नायते । क्वचित्तेजआदिका- **'तत्तेजोऽसृजत'** (छा. ६/२/३) इति । क्वचित्प्राणादिका- **'स प्राणमसृजत प्राणाच्छ्रद्धाम्'** (प्र. ६/४) इति क्वचिदक्रमेणैव लोकानामुत्पत्तिराम्नायते- **'स इमाँल्लोकानसृजत। अम्भो मरीचीर्मरमापः ।।'** (ऐ.उ. ४/१/२) इति । तथा क्वचिदसत्पूर्विका सृष्टिः पठ्यते- **'असद्वा इदमग्र आसीत्ततो वै सदजायत'** (तै. २/७) इति । **'असदेवेदमग्र आसीत्तत्सदासीत्तत्समभवत्'** (छा. ३/१९/१) इति च । क्वचिदसद्वादनिराकरणेन सत्पूर्विका प्रक्रिया प्रतिज्ञायते- **'तद्धैक आहुरसदेवेदमग्र आसीत्'** इत्युपक्रम्य **'कुतस्तु खलु सोम्यैवं स्यादिति होवाच कथमसतः सज्जायेतेति सदेव सोम्येदमग्र आसीत्'** (छा. ६/२/१-२) इति । क्वचित् स्वयंकर्तृकैव व्याक्रिया जगतो निगद्यते - **'तद्धेदं तर्ह्यव्याकृतमासीत्तन्नाम-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपाभ्यामेव व्याक्रियते' (बृ. १/४/७) इति । एवमनेकधा विप्रतिपत्तेर्वस्तुनि च विकल्पस्यानुपपत्तेर्न वेदान्तवाक्यानां जगत्कारणावधारणपरता न्याय्या । स्मृतिन्यायप्रसिद्धिभ्यां तु कारणान्तरपरिग्रहो न्याय्य इति । एवं प्राप्ते ब्रूमः - सत्यपि प्रतिवेदान्तं सृज्यमानेष्वाकाशादिषु क्रमादिद्वारके विगाने न स्रष्टरि किञ्चिद्विगानमस्ति । कुतः ? यथाव्यपदिष्टोक्तेः । यथाभूतो ह्येकस्मिन्वेदान्ते सर्वज्ञः सर्वेश्वरः सर्वात्मैकोऽद्वितीयः कारणत्वेन व्यपदिष्टस्तथाभूत एव वेदान्तान्तरेष्वपि व्यपदिश्यते । तद्यथा- **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** (तै. २/१) इति । अत्र तावज्ज्ञान-शब्देन परेण च तद्विषयेण कामयितृत्ववचनेन चेतनं ब्रह्म न्यरूपयत्, अपरप्रयोज्य-त्वेनेश्वरं कारणमब्रवीत् । तद्विषयेणैव परेणात्मशब्देन शरीरादिकोशपरम्परया चान्तरानुप्रवेशनेन सर्वेषामन्तः प्रत्यगात्मानं निरधारयत्। **'बहु स्यां प्रजायेय'** (तै. २/६) इति चात्मविषयेण बहुभवनानुशंसनेन सृज्यमानानां विकाराणां स्रष्टुरभेदमभाषत । तथा **'इदं सर्वमसृजत । यदिदं किञ्च ।।'** (तै. २/६) इति समस्तजगत्सृष्टिनिर्देशेन प्राक्सृष्टेरद्वितीयं स्रष्टारमाचष्टे ।

नेपालीभाषानुवाद

ब्रह्मणः = ब्रह्मको, **लक्षणम्** = अतिव्याप्ति, अव्याप्ति र असम्भव दोष नभएको स्वरूप, **प्रतिपादितम्** =**'जन्माद्यस्य यतः'** सूत्रद्वारा बताइयो, **वेदान्तवाक्यानाम्** = वेदान्तका वाक्यहरूको, **ब्रह्मविषयम्** = ब्रह्मविषयक, **गतिसामान्यम्** = समानगति वा दृष्टि अथवा समानरूपको ब्रह्मबोधकता छ भन्ने कुरा, **प्रतिपादितम्** = **'तत्तु समन्वयात्'** इत्यादि सूत्रद्वारा बताइयो, **प्रधानस्य** = सांख्यसम्मत त्रिगुणात्मिका प्रकृति (प्रधान) को, **अशब्दत्वम्** = श्रुतिमा प्रतिपादन नभएको विषय, **च** = पनि, **प्रतिपादितम्** = **'नानुमानिकमपि०'** इत्यादि सूत्रहरूबाट, **प्रतिपादितम्**= उल्लेख गरियो, **तत्र**= यहाँ, **इदम्** = यो, **अपरम्** = अर्को, **आशङ्क्यते**= आशङ्का हुन्छ कि, **वेदान्तवाक्यानाम्** = वेदान्तका वाक्यहरूको, **वा** = निश्चय नै, **ब्रह्मविषयम्** = ब्रह्ममा, **गतिसामान्यम्** = समन्वय र, **ब्रह्मणः** = ब्रह्मको, **जगत्का-रणत्वम्** = जगत्को कारणता, **प्रतिपत्तुम्** = जान्न, **न शक्यम्** = सकिंदैन, **कस्मात्**= किनभने, **विगानदर्शनात्** = विरोध देखिनाले, **प्रतिवेदान्तम्** = प्रत्येक वेदान्तमा, **हि** = किनकि, **क्रमादिवैचित्र्यात्** = क्रम फरक पारेर, **अन्या अन्या** = अर्कै अर्कै प्रकारको, **सृष्टिः** = सृष्टिवर्णन, **उपलभ्यते** = पाइन्छ, **तथाहि** = जस्तै, **क्वचित्** = कहीं, **आत्मनः** = परमेश्वरबाट, **आकाशः** = आकाश, **संभूतः** = पैदा भयो, **इति**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी, **आकाशादिका** = आकाशबाट सुरु भएको, **सृष्टिः** = सृष्टिवर्णन, **आम्नायते**= तैत्तिरीय श्रुतिमा वर्णन गरिएको छ, **क्वचित्** = कहीं, **तत्** = त्यस ब्रह्मले, **तेजः** = तेजलाई, **असृजत** = रचे, **इति** = यसरी, **तेजआदिका** = तेजबाट सुरु भएको सृष्टि छान्दोग्यमा बताइएको छ, **क्वचित्** = कहीं, **सः** = त्यस ब्रह्मले, **प्राणम्** = प्राणलाई, **असृजत** = रचे, **प्राणात्** = प्राणबाट, **श्रद्धाम्** = श्रद्धालाई रचे, **इति** = यसरी, **प्राणादिका** = प्राणदेखि सुरु गरिएको सृष्टिवर्णन, प्रश्नोपनिषद्मा रहेको छ, **क्वचित्**= कहीं, **सः** = त्यो परमेश्वरले, **इमान्** = यी, **लोकान्** = लोकहरूलाई, **असृजत** = रचे, **अम्भः** = जलमय शरीरवाला स्वर्गलाई, **मरीचीः** = किरणमय अन्तरिक्षलाई, **मरम्** = मृत्युधर्मवाला मनुष्यलाई, **आपः** = जलमय पाताललाई रचे, **इति** = यो कुरा ऐतरेयश्रुतिमा रहेको छ, **अक्रमेण एव** = विना क्रम नै, **लोकानाम्** = लोकहरूको, **उत्पत्तिः आम्नायते** = वर्णन गरिएको छ, **यथा** = जस्तै, **क्वचित्** =कहीं, **इदम्** = यो, **अग्रे** = पहिले, **असत्**= असत्, **एव** = नै, **आसीत्** = थियो, **ततः** = असत्बाट, **वै** = नै, **सत्** = सत्, **अजायत** = उत्पन्न भयो, **इति** = यसरी तैत्तिरीयश्रुतिमा, **च**= र, **इदम्** = यो, **अग्रे** = पहिले, **असद् एव** = असत् नै, **आसीत्** = थियो, **तत्** = त्यो, **सद्** = सत्, **आसीत्** = थियो, **तत्** = त्यो नै, **समभवत्** = व्यक्त भयो, **इति**= यसरी छान्दोग्यश्रुतिमा, **असत्पूर्विका** = असत्बाट आरम्भ भएको, **सृष्टिः** = सृष्टि, **पठ्यते** = वर्णन गरिएको छ, **क्वचित्** = कहीं, **तत्** = कारण विषयमा, **एके**= केहीले, **आहुः**= भने, **इदम्** = यो ब्रह्म, **अग्रे**= पहिले, **असद् एव** =असत् नै, **आसीत्**= थियो, **इति** = यसरी, **उपक्रम्य** = आरम्भ गरेर, **उवाच** = भने, **सौम्य**= हे सज्जन, **खलु** = निश्चय नै, **एवम्** = यसप्रकार, **कुतः** = कसरी, **तु** = त, **स्यात्**= हुनसक्छ, पिताले पुत्रसँग भने, **असतः** = असत्बाट, **सत्** = सत्, **कथम्** = कसरी, **जायेत** = हुनसक्छ, **इति** = यसकारण, **सौम्य** = सुन्दर, **इदम्** = यो जगत्, **अग्रे** = पहिले, **सद् एव** = सत् नै, **आसीत्** = थियो, **इति**= यसप्रकार, **असद्वाद-निराकरणेन** = असद्वादलाई निराकरण गरेर, **सत्पूर्विका** = सत्पूर्वक, **प्रक्रिया**= सृष्टिप्रक्रिया, **प्रतिज्ञायते** = प्रतिज्ञा गरिएको छ, **क्वचित्** = कहीं, **ह** = निश्चय नै, **इदम्** = यो जगत्, **तर्हि** = त्यसबेला, **अव्याकृतम्** = अव्यक्त (कारणस्वरूप), **आसीत्** = थियो, **तत्** = त्यो, **नामरूपाभ्याम् एव** = नाम र रूपद्वारा नै, **स्वयं व्याक्रियते** = व्यक्त गरियो, **इति** = यसरी, बृहदारण्यक श्रुतिद्वारा, **जगतः** = जगत्को, **स्वयंकर्तृका** = स्वकर्तृक, **व्याक्रिया** = अभिव्यक्ति, **निगद्यते** = बताइन्छ, **एवम्** = यसरी, **अनेकधा** = अनेक प्रकारबाट, **विप्रपत्तेः** = सृष्टिको विषयमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिहरूको परस्पर विरोध हुनाले, **च** = र, **वस्तुनि** = वस्तुमा अर्थ सृष्टि गरिने पदार्थमा, **विकल्पस्य** = भेदको, **अनुपपत्तेः** = अप्राप्ति भएकाले, अर्थात् सृष्टि प्रक्रियामा विरोध छ तर सृष्टि गरिने पदार्थमा यो कल्पमा यसरी सृष्टि भयो, अर्को कल्पमा यसरी गरियो इत्यादि कुनै विकल्प नहुनाले, **वेदान्तवाक्यानाम्** = वेदान्तका वाक्यहरूको, **जगत्कारणावधारणपरता** = जगत्को कारणको निर्णय गर्ने तत्परता, **न न्याय्या** = न्यायसंगत छैन, **स्मृतिन्यायप्रसिद्धिभ्याम्**= स्मृतिप्रसिद्धि र न्यायप्रसिद्धिबाट, **त** = त, **कारणान्तरपरिग्रहः** = ब्रह्मभिन्न अरू कुनै कारणको स्वीकार गर्नु, **न्याय्यः** = न्यायसङ्गत हुने छ, यो पूर्वपक्षको शङ्का हो; उत्तरपक्षी भन्दछ, **एवम्** = यसरी, **प्राप्ते** = शङ्का गरिए पछि, **ब्रूमः** = भन्दछौं, **प्रतिवेदान्तम्**= प्रत्येक उपनिषद्मा, **सृज्यमानेषु** = सृष्टि गरिने, **आकाशादिषु** = आकाश आदिमा, **क्रमादिद्वारके** = क्रमलाई लिएर देखिने, **विगाने** = विरोध, **सति अपि** = भएपनि, **स्रष्टरि** = सृष्टि गर्ने स्रष्टाको विषयमा, **किञ्चित्** = थोरै पनि, **विगानम्** = विरोध, **न अस्ति** = छैन, **कुतः** = किनभने, **यथाव्यपदिष्टोक्तेः**= एउटा उपनिषद्मा कर्ताको विषयमा जसरी वर्णन गरिएको छ अर्को उपनिषद्मा पनि त्यसरी नै वर्णन गरिएकाले, **हि** = किनकि, **एकस्मिन्** = एउटा, **वेदान्ते** = उपनिषद्मा, **सर्वज्ञः** = सबै कुरा जान्ने, **सर्वेश्वरः** = सबै माथि शासन गर्ने, **सर्वात्मा** = सबैको आत्मामा रहने, **एकः** = एकस्वरूप, **अद्वितीयः** = जो बाहेक दोस्रो कोही छैन, त्यस्तो ब्रह्म, **कारणत्वेन** = कारणरूपमा अर्थात् जगत्को कारण हो भनेर, **व्यपदिष्टः** = बताइएको छ, **वेदान्तान्तरेषु** = अरू उपनिषद्हरूमा पनि, **तथाभूतः** = त्यस्तै लक्षण भएको ब्रह्म, **एव** = नै, **व्यपदिश्यते** = कारण हो भनेर बताइन्छ, **तद्** = त्यो कुरा, **यथा** = जस्तै, **ब्रह्म** = ब्रह्मतत्त्व, **सत्यम्** = सत्यस्वरूप, **ज्ञानम्** = ज्ञानस्वरूप, **अनन्तम्** = अनन्तस्वरूप छ, **इति** = यसरी तैत्तिरीयश्रुतिमा भनिएको छ, **अत्र** = यहाँ, **तावत्**= प्रथम, **ज्ञानशब्देन** = ज्ञानशब्दद्वारा, **च** = र, **परेण** = पछि भनिने, **'बहु स्यां प्रजायेय'** इत्यादि, **कामयितृत्ववचनेन**= 'म धेरै बनूँ' भन्ने वचनद्वारा श्रुतिले, **चेतनम्**= चेतन, **ब्रह्म** = ब्रह्मको निरूपण गरेको छ, **अपरप्रयोज्यत्वेन** = अरू कसैद्वारा प्रयोग नगरिएर रहने स्वतन्त्र भएकाले, **ईश्वरम्** = ईश्वरलाई, **जगत्कारणम्** = जगत्का कारण हुन्, **अब्रवीत्** = भनेको छ, **तद्विषयेण** = ब्रह्मरूप ईश्वरविषयक, **परेण** = त्यसपछि आएको, **आत्मशब्देन** = आत्मशब्दद्वारा, **शरीरादिकोशपरम्परया**= शरीर आदि कोशपरम्पराबाट, **च** = पनि, **अन्तराऽनुप्रवेशनेन** = सबै भित्र प्रवेश गर्ने हुनाले, **सर्वेषाम्** = सबैको, **अन्तः** = भित्र, **प्रत्यगात्मानम्** = अन्तरात्मा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा, **निरधारयत्** = निर्णय गरिएको छ, **बहु** = धेरै, **स्याम्** = बनूँ, **प्रजायेय**= उत्पन्न होऊँ, **इति च** = यस्तो पनि, **आत्मविषयेण** = आफू सम्बन्धी, **बहुभवनानुशंसनेन** = धेरै हुने इच्छाको उपदेशबाट, **सृज्यमानानाम्** = सृष्टि गरिने, **विकाराणाम्** = कार्यहरूको, **स्रष्टुः** = कारणरूप ब्रह्मसँग, **अभेदम्** = भेद छैन भन्ने कुरा, **अभाषत** = भनेको छ, **तथा** = त्यस्तै, **यद्** = जो, **इदम्** = यो, **किञ्च**= केही छ, **सर्वम्** = सबै, **इदम्** = यसको, **असृजत** = रचना गरे, **इति** = यस तैत्तिरीय श्रुतिद्वारा, **समस्तजगत्सृष्टिनिर्देशेन** = समस्त जगत्को सृष्टिको निर्देशबाट, **प्राक्सृष्टेः** = सृष्टिभन्दा पहिले, **अद्वितीयम्** = एकमात्र, **स्रष्टारम्** = स्रष्टा परब्रह्म रहेको कुरा, **आचष्टे** = बताइएको छ।

विशदीकरण

श्रुतिहरूमा जगत्को कारणको विषयमा अनेक प्रकारका वर्णन पाइन्छन् । कहीं सत्‌बाट सृष्टि बताइएको छ भने कहीं असत्‌बाट । जगत्को उत्पत्तिक्रममा पनि परस्पर फरक मतहरू देखिएका छन्। कहीं सर्वप्रथम आकाशको उत्पत्ति बताइएको छ भने कहीं तेजको, कहीं प्राणको र कहीं अन्य कुनै पदार्थको उत्पत्ति बताइएको छ । यसप्रकार वर्णनमा भेद हुनाले वेदका वाक्यहरूबाट परब्रह्म परमेश्वर नै जगत्का स्रष्टा हुन् भन्न सकिंदैन र यो क्रमबाट जगत्को उत्पत्ति भएको हो भनेर ठम्याउन पनि सकिंदैन । यो पूर्वपक्षीको आशङ्का हो ।

यसरी पूर्वपक्षीले शङ्का देखाएपछि सिद्धान्तपक्ष राख्दै आचार्य भन्नुहुन्छ – प्रत्येक उपनिषद्‌मा सृष्टि गरिने विषय आकाश आदिको क्रममा अन्तर देखिए पनि स्रष्टा परब्रह्म परमेश्वर हुन् भन्ने कुरामा कत्ति पनि मतभेद छैन । एउटा उपनिषद्‌मा जसरी सर्वज्ञ, परमेश्वर, सर्वात्मा र अद्वितीय परब्रह्म नै जगत्का कारण हुन् भनिएको छ, त्यसरी नै अरू उपनिषद्‌हरूमा पनि वर्णन गरिएको छ ।

'सत्यं ज्ञानमनन्तं ब्रह्म' जस्ता र **'बहु स्यां प्रजायेय'** जस्ता श्रुतिवाक्यहरूद्वारा ईश्वरलाई स्वतन्त्र जगत्स्रष्टाको रूपमा स्वीकार गरिएको छ । त्यस्तै **'सर्वमिदमसृजत । यदिदं किञ्च'** इत्यादि श्रुतिले पनि सृष्टिभन्दा पहिले अद्वितीय ब्रह्मको मात्र सत्ता रहने तथ्यलाई अभिव्यक्त गरेका छन् । त्यसकारण सृष्टिको कारणनिर्देशको क्रममा श्रुतिवाक्यहरूमा एकवाक्यता रहेको छ । अतः परब्रह्म बाहेक कुनै सांख्यकल्पित प्रधान आदि जगत्को कारण हुन सक्तैन ।

शाङ्करभाष्यम्

तदत्र यल्लक्षणं ब्रह्म कारणत्वेन विज्ञातम्, तल्लक्षणमेवान्यत्रापि विज्ञायते– 'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्', 'तदैक्षत बहु स्यां प्रजायेयेति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्तेजोऽसृजत' (छा. ६/२/१-३) इति । तथा 'आत्मा वा इदमेक एवाग्र आसीन्नान्यत्किञ्चन मिषत् । स ऐक्षत लोकान्नु सृजै' (ऐ. उ. ४/१/१-२) इति च, एवंजातीयकस्य कारणस्वरूपनिरूपणपरस्य वाक्यजातस्य प्रतिवेदान्तमविगीतार्थत्वात् । कार्यविषयं तु विगानं दृश्यते- क्वचिदाकाशादिका सृष्टिः क्वचित्तेजआदिकेत्येवंजातीयकम् । न च कार्यविषयेण विगानेन कारणमपि ब्रह्म सर्ववेदान्तेष्वविगीतमधिगम्यमानमविवक्षितं भवितुमर्हतीति शक्यते वक्तुम्; अतिप्रसङ्गात् ।

नेपालीभाषानुवाद

तत् = त्यसकारण, **अत्र** = तैत्तिरीय श्रुतिमा, **यल्लक्षणम्** = जस्तो लक्षणवाला, **ब्रह्म** = ब्रह्म, **कारणत्वेन** = जगत्कारणका रूपमा, **विज्ञातम्** = विज्ञात छ, **तल्लक्षणम् एव** = त्यस्तै लक्षणवाला ब्रह्म नै, **अन्यत्र अपि** = अरू उपनिषद्हरूमा पनि, **विज्ञायते** = जानिन्छ, **सोम्य** हे सुन्दर, **अग्रे** = पहिले, **इदम्** = यो सारा प्रपञ्च, **एकम् एव** = एकमात्र, **अद्वितीयम्** = अद्वितीय, **सद् एव** = सत् नै, **आसीत्** = थियो, **तत्** = त्यस ब्रह्मले, **ऐक्षत** = विचार गऱ्यो, **बहु** = धेरै, **स्याम्** = बनूँ, **प्रजायेय** = धेरै थरीको भएर उत्पन्न बनूँ, **इति** = यसरी विचार गरेपछि, **तत्** = त्यस ब्रह्मले, **तेजः** = तेजको, **असृजत** = सृष्टि गऱ्यो, **इति** = यस्तो छान्दोग्यश्रुतिको वचन छ, **तथा** = त्यस्तै, **अग्रे** = सृष्टिपूर्वकालमा, **वा** = निश्चय नै, **इदम्** = यो दृश्यमान प्रपञ्च, **एक एव** = एकमात्र, **आत्मा** = आत्मारूप, **आसीत्** = थियो, **अन्यत्** = अरू, **किञ्चन** = कुनै पनि, **मिषत्** = चेष्टावाला, **न आसीत्** = थिएन, **सः** = आत्माले, **नु** = तर्कपूर्वक, **ऐक्षत** = विचार गऱ्यो, **लोकान्** = लोकहरूको, **सृजे** = सृष्टि गर्छु, **इति च** = यसरी पनि, **एवंजातीयकस्य** = यसप्रकार समान स्वरूप भएका, **कारणस्वरूपनिरूपणपरस्य** = जगत्का कारणका स्वरूपको विषयमा ऊहापोहपूर्वक निष्कर्ष प्रतिपादन गर्ने, **वाक्यजातस्य** = वाक्यसमुदायको, **प्रतिवेदान्तम्**= प्रत्येक उपनिषद्मा, **अविगीतार्थत्वात्** = अर्थविषयक विरोध रहेको छैन, **क्वचित्** = कहीं, **आकाशादिका** = आकाश आदिमा रहेको, **सृष्टिः** = सृष्टि बताइएको छ, **क्वचित्** = कहीं, **तेजआदिका** = तेजलाई पहिलो क्रममा राखिएको सृष्टि बताइएको छ, **एवंजातीयकम्** = यसप्रकारको, **कार्यविषयम्** = सृष्टि गरिने विषयमा आधारित, **विगानम्** = विरोध, **तु** = त, **दृश्यते** = देखिन्छ, **कार्यविषयेण**= सृष्टि गरिने विषयको क्रममा आधारित, **विगानेन** = विरोधको कारणले, **सर्ववेदान्तेषु**= सबै उपनिषद्हरूमा, **अविगीतम्** = अविरुद्धरूपमा, **अधिगम्यमानम्** = स्वीकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको, **कारणम्** = जगत्को हेतु, **ब्रह्म अपि** = ब्रह्मलाई पनि, **अविवक्षितम्** = कारणका रूपमा उपनिषद्हरूमा बताउन नखोजिएको विषय, **भवितुम्** = हुन, **अर्हति** = सक्छ, **इति** = यसरी, **वक्तुम्** = भन्न, **च** = पनि, **न शक्यते** = सकिंदैन, **अतिप्रसङ्गात्** = अतिव्याप्ति दोष हुन आउँछ, अर्थात् सृष्टिकार्यको क्रम नमिल्नुबाट सृष्टिकर्ता नै होइनन् भन्नु युक्ति विरुद्ध हुन आउँछ ।

विशदीकरण

ब्रह्ममा '**सत्यं ज्ञानमनन्तं ब्रह्म**' श्रुतिमा प्रतिपादित सत्यता, ज्ञानात्मकता र अनन्तता सिद्ध गर्नका लागि नै जगत्कारणताको अध्यारोप गरिएको छ । वेदमा कहीं प्रारम्भमा आकाशको सृष्टि भयो भनिएको छ भने कहीं सर्वप्रथम पानीको सृष्टि गरियो भनिएको छ । त्यस्तै कहीं सुरुमा तेजको सृष्टि गरियो भनिएको छ । यसरी सृष्टिक्रमविषयक जो भिन्न-भिन्न वर्णन पाइन्छ त्यो त जगत्सृष्टि सपनामा हुने क्षणिकसृष्टि जस्तै हो भन्ने तथ्य प्रमाणित गर्नका लागि हो । जस्तै- स्वप्नसृष्टिमा उत्पत्तिक्रम हुँदैन, त्यस्तै जगत्प्रपञ्चको सृष्टिमा पनि। स्वप्नप्रपञ्च झैं जगत्प्रपञ्च पनि भ्रममात्र हो । यसैले सृष्टि आदिको प्रतिपादनमा श्रुतिको तात्पर्य रहेको छैन, अपितु अध्यारोप र अपवादद्वारा निष्प्रपञ्च ब्रह्मको प्रतिपादनमा तात्पर्य रहेको छ ।

'आत्मवेत्ता शोकबाट मुक्त हुन्छ, ब्रह्मवेत्ताले परमपद प्राप्त गर्छ, ब्रह्मलाई जानेर नै पुरुषले मृत्युलाई पार गर्दछ' जस्ता श्रुतिवाक्यार्थहरूले ब्रह्मज्ञानको फलनिर्देश गरेका छन्। वतुतः शोकनिवृत्ति, परमानन्दप्राप्ति र मृत्युको उत्क्रमण ब्रह्मज्ञानका प्रत्यक्ष फल हुन् । '**तत्त्वमसि**' जस्ता महावाक्यहरूका उपदेशको अनुशीलनबाट असंसारी आत्माको प्राप्ति भएपछि संसारी आत्मभावको निवृत्ति हुन्छ ।

शाङ्करभाष्यम्

समाधास्यति चाचार्यः कार्यविषयमपि विगानं '**न वियदश्रुतेः**' (ब्र.सू. २/३/१) इत्यारभ्य । भवेदपि कार्यस्य विगीतत्वमप्रतिपाद्यत्वात् । न ह्ययं सृष्ट्यादि-प्रपञ्चः प्रतिपिपादयिषितः। नहि तत्प्रतिबद्धः कश्चित्पुरुषार्थो दृश्यते श्रूयते वा । न च कल्पयितुं शक्यते; उपक्रमोपसंहाराभ्यां तत्र ब्रह्मविषयैर्वाक्यैः साकमेकवाक्यताया गम्यमानत्वात् । दर्शयति च सृष्ट्यादिप्रपञ्चस्य ब्रह्मप्रतिपत्त्यर्थताम् - '**अन्नेन सोम्य शुङ्गेनापोमूलमन्विच्छद्भिः सोम्य शुङ्गेन तेजो मूलमन्विच्छ तेजसा सोम्य शुङ्गेन सन्मूलमन्विच्छ**' (छा. ६/८/४) इति । मृदादिदृष्टान्तैश्च कार्यस्य कारणेनाभेदं वदितुं सृष्ट्यादिप्रपञ्चः श्राव्यत इति गम्यते । तथा च संप्रदायविदो वदन्ति -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'मृल्लोहविस्फुलिङ्गाद्यैः सृष्टिर्या चोदिताऽन्यथा ।
उपायः सोऽवताराय नास्ति भेदः कथञ्चन ।।' (माण्डू. ३/१५)

इति । ब्रह्मप्रतिपत्तिप्रतिबद्धं तु फलं श्रूयते- **'ब्रह्मविदाप्नोति परम्'** (तै. २/१) **'तरति शोकमात्मवित्'** (छा. ७/१/३) **'तमेव विदित्वाऽतिमृत्युमेति'** (श्वे. ३/८) इति । प्रत्यक्षावगमं चेदं फलम् । **'तत्त्वमसि'** इत्यसंसार्यात्मत्वप्रतिपत्तौ सत्यां संसार्यात्मत्वव्यावृत्तेः ।।१४।।

नेपालीभाषानुवाद

न वियदश्रुतेः = आकाश उत्पन्न हुँदैन, किनकि आकाशको उत्पत्तिको समर्थक श्रुति छैन, **इति** = यस ब्रह्मसूत्रबाट, **आरभ्य** = आरम्भ गरेर, **कार्यविषयम्**= आकाश आदि सृष्टि विषयक, **विगानम्** = विरोधको, **अपि** = पनि, **आचार्यः** = आचार्यले, **समाधास्यति** = समाधान गर्नेछन्, **अप्रतिपाद्यत्वात्** = वेदान्तशास्त्रको प्रतिपाद्य प्रयोजनीयभूत विषय नभएकाले, **कार्यस्य** = आकाश आदि सृष्टिकार्यको, **विगीतत्वम्** = विरोध, **अपि** = यद्यपि, **भवेत्** = हुनसक्छ, **हि** = किनकि, **अयम्**= यो, **सृष्ट्यादिप्रपञ्चः** = सृष्टिप्रपञ्च, **प्रतिपिपादयिषितः** = वेदान्तवाक्यहरूको प्रतिपादनको इच्छाको विषय, **न** = होइन, **तत्प्रतिबद्धः** = प्रपञ्चसँग सम्बन्धित, **कश्चन** = कुनै, **पुरुषार्थः** = पुरुषार्थ, **हि** = किनकि, **न श्रूयते दृश्यते वा** = न देखिन्छ र न त सुनिन्छ, **च** = र, **कल्पयितुं न शक्यते** = कल्पना गर्न पनि सकिंदैन, **तत्र तत्र** = ती ती उपनिषद्हरूमा, **ब्रह्मविषयैः** = ब्रह्मसम्बन्धी, **वाक्यैः**= वाक्यहरूको, **साकम्** = सँगै, **एकवाक्यतायाः** = सृष्टिवाक्यहरूका एकवाक्यताको, **गम्यमानत्वात्** = ज्ञात हुन्छ, **सोम्य** = हे सोम्य, **अन्नेन** = अन्नरूप, **शुङ्गेन** = कार्यहेतुबाट, **आपः** = जलरूप, **मूलम्** = मूललाई, **अन्विच्छ** = खोज, **सोम्य** = हे सुन्दर, **अद्भिः** = जलरूप, **शुङ्गेन** = कार्यलिङ्गद्वारा, **तेजः** = तेजरूपी, **मूलम्** = मूललाई, **अन्विच्छ** = खोज, **सौम्य** = सोम्य, **तेजसा** = तेजोरूप, **शुङ्गेन** = कार्यलिङ्गद्वारा, **सन्मूलम्**= सत् रूप, **मूलम्** = मूललाई, **अन्विच्छ** = खोज, **इति**= इत्यादि श्रुतिले, **च** = पनि, **सृष्ट्यादिप्रपञ्चस्य** = सृष्टि आदि प्रपञ्चको निरूपण, **ब्रह्मप्रतिपत्त्यर्थताम्** = ब्रह्मप्राप्तिको उद्देश्यले हो भन्ने कुरा, **दर्शयति** = देखाउँछ, **मृदादिदृष्टान्तैः** = माटो आदि दृष्टान्तद्वारा, **कार्यस्य** = कार्यको, **कारणेन** = कारणका साथ, **अभेदम्** = भेद नभएको कुरा, **वदितुम्** = बताउन, **सृष्ट्यादिप्रपञ्चः** = सृष्टि आदि प्रपञ्च, **श्राव्यते** = श्रुतिद्वारा सुनाइन्छ, **इति** = यस्तो, **गम्यते** = बुझिन्छ, **तथा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च = त्यस्तै, **मृल्लोहविस्फुलिङ्गाद्यैः** = माटो, फलाम र आगाको झिल्का आदि दृष्टान्तहरूद्वारा, **या** = जुन, **अन्यथा** = भिन्न-भिन्न प्रकारको, **सृष्टिः** = सृष्टि, **चोदिता**= जो बताइएको छ, **सः**= त्यो, **अवताराय** = ब्रह्मको एकात्मकतामा बुद्धिलाई अवतरित गराउने, **उपायः** = उपाय हो, **कथञ्चन** = कुनै प्रकारको, **भेदः** = भेद, **न अस्ति** = छैन, **इति** = यस्तो, **सम्प्रदायविदः** = सम्प्रदायका वेत्ता आचार्य गौडपादले माण्डूक्यकारिकामा भनेका छन्, **ब्रह्मवित्** = ब्रह्मवेत्ताले, **परम्** = परब्रह्मलाई, **आप्नोति** = प्राप्त गर्छ, यो तैत्तिरीयश्रुतिको भनाइ छ; **आत्मवित्** = आत्मवेत्ता, **शोकम्** = शोकलाई, **तरति** = पार गर्छ (शोकबाट मुक्त हुन्छ) यो छान्दोग्यमा भनिएको छ, **तम् एव** = परब्रह्मलाई नै, **विदित्वा** = जानेर, **अतिमृत्युम् एति** = मृत्युबाट पार पाउँछ, यो श्वेताश्वतरश्रुतिको वचन हो; **इति** = उक्त मन्त्रहरूबाट, **ब्रह्मप्रतिपत्तिप्रतिबद्धम्** = ब्रह्मज्ञानसँग संबद्ध, **फलम्** = फल, **तु** = त, **श्रूयते** = सुनिन्छ (जानिन्छ), **च** = र, **इदम्** = यो, **फलम्** = फल, **प्रत्यक्षावगमम्** = प्रत्यक्ष नै अनुभवमा आउँछ, **तत्त्वमसि** = 'त्यो परमात्मा तिमी नै हो' यस्तो अर्थवाला वाक्यबाट, **असंसार्यात्मत्वप्रतिपत्तौ सत्याम्** =असंसारी परमात्माको ज्ञान भएपछि; **संसार्यात्मत्वव्यावृत्तेः** = संसारी आत्माको निवृत्ति हुन्छ ।

विशदीकरण

वास्तवमा सृष्टि आदि कार्यविषयक विरोध छैन । यदि कहीं त्यस्तो प्रतीत हुन्छ भने त्यसको '**न वियदश्रुतेः**' यस सूत्रबाट आरम्भ गरेर आचार्य बादरायणले समाधान गर्नुहुनेछ । सृष्टिवर्णनमा श्रुतिको प्रयोजन न रहेकाले त्यो प्रतिपाद्यकोटिमा पर्न नआएको हुँदा कार्यहरूमा विरोध प्रतीत भए पनि त्यसबाट कुनै हानि छैन । सृष्टिको ज्ञान विना सिद्ध नहुने र सृष्टिको ज्ञान गरेर सिद्ध हुने कुनै पुरुषार्थ देखिएको छैन, सुनिएको छैन र कल्पना गरिने विषय पनि होइन ।

सृष्टिसम्बन्धी वैदिकवाक्यहरूको ब्रह्मविषयक वाक्यहरूसँग एकवाक्यता पाइन्छ। जस्तै – 'सौम्य अन्नरूप कार्यात्मक लिङ्गबाट जलरूप कारणलाई जान, जलरूप कार्यबाट तेजोरूप मूललाई बुझ र तेजोरूप कार्यबाट ब्रह्मरूप मूललाई सम्झ' भन्ने छान्दोग्यश्रुति रहेको छ ।

माटो आदि दृष्टान्तबाट कार्य र कारणको अभिन्नता बुझाउने सिलसिलामा सृष्टिप्रपञ्चको चर्चा भएको छ । जस्तै – माटो, फलाम, फिलिङ्गो आदि दृष्टान्त दिएर जसरी सृष्टिका विभिन्न प्रकारहरूको वर्णन गरिएको छ, त्यो ब्रह्मज्ञानप्राप्तिको उपायरूप हो । अतः ब्रह्मज्ञानका उपायहरूमा भेद देखिएता पनि ब्रह्मविषयक ज्ञान र ब्रह्ममा कुनै भेद प्रतीति हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः सृष्टिवर्णनको पुरुषार्थ प्राप्तिरूप कुनै खास फल नभए पनि ब्रह्मप्राप्तिजन्य फलहरूको विषयमा भने श्रुतिमा धेरै उल्लेख पाइन्छ । जस्तै – 'ब्रह्मवेत्ताले परमपद प्राप्त गर्दछ, आत्मज्ञानी शोकको संसार तर्दछ र त्यस परमात्मालाई जानेर नै साधक मृत्युविजयी बन्दछ' इत्यादि उल्लेख पाइन्छन् ।

'तत्त्वमसि' आदि उपदेशबाट असंसारी आत्मतत्त्व जानेपछि संसारी विषयमा आत्मभावको निवृत्ति हुनाले प्रत्यक्ष ज्ञानरूप फलप्राप्त हुन्छ। तसर्थ सृष्टिज्ञानको कुनै फल नहुनाले र ब्रह्मज्ञानको फल प्रत्यक्ष हुनाले कारणज्ञान नै सबैको प्रयोजनीभूत विषय हो कार्यज्ञान होइन भन्ने कुरा बुझिन्छ ।।१४।।

शाङ्करभाष्यम् - यत्पुनः कारणविषयं विगानं दर्शितम्– **'असद्वा इदमग्र आसीत्'** इत्यादि, तत्परिहर्तव्यम्। अत्रोच्यते –

नेपालीभाषानुवाद - पुनः = फेरि, **असद्वा इदमग्र आसीत् इत्यादि** = 'सृष्टिपूर्व यो असत् थियो' इत्यादि, **यत्** = जो, **कारणविषयम्** = कारणमा आधारित, **विगानम्** = विरोध, **दर्शितम्** = देखाइयो, **तत्** = त्यस विरोधको, **परिहर्तव्यम्** = परिहार गर्नु पर्दछ, **अत्र** = यहाँ, त्यस परिहारसम्बन्धमा, **उच्यते** = भनिन्छ ।

ब्रह्मसूत्रम् - समाकर्षात् १/४/१५

सूत्रार्थ - **समाकर्षात्** = पूर्वोक्त र पश्चादुक्त अर्थात् पूर्वापर वाक्यहरूको पूर्णरूपबाट आकर्षण गरी प्रस्तुत सँग सम्बन्ध जोड्नाले असत् शब्द पनि सत्को नै वाचक सिद्ध हुन्छ ।

शाङ्करभाष्यम्

'असद्वा इदमग्र आसीत्' (तै. २/७) इति नात्रासन्निरात्मकं कारणत्वेन श्राव्यते । यतः **'असन्नेव स भवति । असद् ब्रह्मेति वेद चेत् । अस्ति ब्रह्मेति चेद्वेद । सन्तमेनं ततो विदुः'** इत्यसद्वादापवादेनास्तित्वलक्षणं ब्रह्मान्नमयादिकोशपरम्परया प्रत्यगात्मानं निर्धार्य **'सोऽकामयत'** इति तमेव प्रकृतं समाकृष्य सप्रपञ्चां सृष्टिं तस्माच्छ्रावयित्वा **'तत्सत्यमित्याचक्षते'** इति चोपसंहृत्य **'तदप्येष श्लोको भवति'** इति तस्मिन्नेव प्रकृतेऽर्थे श्लोकमिममुदाहरति– **'असद्वा इदमग्र आसीत्'** इति । यदि त्वसन्निरात्मकमस्मिञ्छ्लोकेऽभिप्रेयेत, ततोऽन्यसमाकर्षणेऽन्यस्योदाहरणादसंबद्धं वाक्यमापद्येत । तस्मान्नामरूपव्याकृतवस्तुविषयः प्रायेण सच्छब्दः प्रसिद्ध इति तद्व्याकरणाभावापेक्षया प्रागुत्पत्तेः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदेव ब्रह्मासदिवासीदित्युपचर्यते ।

नेपालीभाषानुवाद

असद्वा इदमग्र आसीत् = सृष्टिभन्दा पहिले यो असत् नै थियो, **इति अत्र** = यस तैत्तिरीय मन्त्रमा, **निरात्मकम्** = स्वरूपशून्य, **असत्** = असत्लाई, **कारणत्वेन** = जगत्को कारणरूपमा, **न श्राव्यते** = श्रुतिले निर्देश गरेको होइन, **यतः** = किनकि, **सः** = त्यो पुरुष, **असन्नेव** = असत्स्वरूप नै, **भवति** = हुन्छ, **चेद्** = यदि पुरुषले, **ब्रह्म** = ब्रह्मलाई, **असत् इति** = असत् हो भनेर, **वेद** = जान्दछ भने, **सः** = त्यस पुरुषले, **ब्रह्म** = ब्रह्म, **अस्ति इति** = छ भनेर, **वेद** = जान्दछ भने, **ततः** = त्यसकारण, **एनम्** = त्यस पुरुषलाई ब्रह्मवेत्ताहरू, **सन्तम्** = सत्पुरुष, **विदुः** = ठहऱ्याउँछन्, **इति** = यसरी, **असद्वादापवादेन** = असद्वादको निन्दाद्वारा, **अस्तित्वलक्षणम्** = सत्स्वरूप, **ब्रह्म** = ब्रह्मलाई, **अन्नमयादिकोश-परम्परया** = अन्नमय आदि कोशपरम्पराबाट, **प्रत्यगात्मानम्** = प्रत्यगात्माको रूपमा, **निर्धार्य** = निश्चय गरेर, **सोऽकामयत** = त्यसले चाहना गऱ्यो भन्ने विशेषवाक्यद्वारा, **प्रकृतम्** = प्रसङ्गप्राप्त, **तम् एव** = त्यसै ब्रह्मको, **समाकृष्य** = आकर्षण गरेर, अर्थात् चाहने वाला जो हो त्यो ब्रह्म नै हो भन्ने कुरा पूर्वापर सन्दर्भबाट ठम्याएर, **तस्मात्** = त्यसै ब्रह्मबाट, **सप्रपञ्चाम्** = विस्तारसहितको, **सृष्टिम्** = सृष्टि भएको हो भन्ने कुरा, **श्रावयित्वा** = उपदेश गरेर, **तत्** = त्यो ब्रह्म, **सत्यम्** = सत्य हो, **इति** = यस्तो, **आचक्षते** = भन्दछन्, **इति** = यसरी, **उपसंहृत्य** = उपसंहार गरेर, **तद् अपि** = उसकै विषयमा, **एषः** = यो, **श्लोकः** = मन्त्र, **भवति** = छ, **इति** = यसरी, **तस्मिन्नेव** = उसै, **प्रकृते** = प्रसङ्गागत, **अर्थे** = ब्रह्मरूप अर्थमा, **इमम्** = यस, **श्लोकम्** = मन्त्रलाई, **उदाहरति** = उदाहरण दिन्छन्, **(असद्वा इदमग्र आसीत्) अग्रे**= सृष्टिपूर्व, **इदम्** = यो, **वा** = निश्चय नै, **असत्** = असत्, **आसीत्**= थियो, **इति** = यस्तो उदाहण मन्त्र रहेको छ, **यदि** = यदि, **अस्मिन् श्लोके** = यस श्लोकमा, **तु** = त, **निरात्मकम्** = स्वरूपरहित, **असत्** = असत्, **अभिप्रेयेत** = अभिप्रेत (इष्ट) छ भने, **ततः** = त्यसपछि, **अन्यसमाकर्षणे** = पूर्वापर विचारबाट **'सत्'** को आकर्षण गरेपछि, **अन्यस्य** = जुन सत्को आकर्षण गरिन्छ, त्यो भन्दा अन्यको अर्थात् असत्को, **उदाहरणात्** = उदाहरण हुन जानाले, **वाक्यम्** = उक्त मन्त्रात्मक वाक्य, **असम्बद्धम्** = नमिल्दो, **आपद्येत** = हुनेछ, वाक्यार्थ नै व्यर्थ हुन आउने छ, **तस्मात्** = त्यसकारण, **प्रायेण** = प्रायः गरेर, **नामरूपव्याकृतवस्तु-विषयः** = नाम र रूप व्यक्त भएका वस्तुको अर्थमा, **सच्छब्दः** = सत्शब्द, **प्रसिद्धः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध छ, **तद्व्याकरणाभावापेक्षया** = नाम र रूपका अभिव्यक्तिको अभावको अपेक्षाबाट, **उत्पत्तेः** = उत्पत्तिभन्दा, **प्राक्** = पहिले, **सद्** = सत्स्वरूप, **ब्रह्म एव**= ब्रह्म नै, **असद् इव** = असत् जस्तै, **आसीत्** = थियो भन्ने, **उपचर्यते** = उपचार (लक्षणा) को व्यवहार गरिन्छ ।

विशदीकरण

'असद् वा इदमग्र आसीत्' यस मन्त्रवाक्यको सृष्टिपूर्व ब्रह्म असत् नै थियो भन्ने अर्थ भएकाले ब्रह्म असत् हो र त्यो असद् ब्रह्म जगत्को कारण हुनसक्तैन, यो पूर्वपक्षीको आशय हो । आचार्य भन्नुहुन्छ - उक्त मन्त्रमा प्रयुक्त असत्शब्द स्वरूपहीन असत्को वाचक होइन । तैत्तिरीय उपनिषद्को जुन प्रसङ्गमा यो वाक्य आएको छ, त्यस पूर्वका र त्यसपछिका वाक्यहरूका तात्पर्यको अनुकर्षण गर्दा त्यस असत्लाई असत्य अर्थात् मिथ्या अर्थमा प्रयुक्त हो भन्न मिल्दैन ।

यदि त्यस असत्लाई असत्नै मान्ने र पूर्वापर वाक्यबाट (सत्) तत्त्वको अनुकर्षण गर्ने हो भने उक्त वाक्य नै असंबद्ध वाक्य हुन आउँछ । त्यसकारण सृष्टिपूर्व 'जुन ब्रह्म नाम र रूपबाट अभिव्यक्त भएको थिएन' भन्ने अर्थमा असत्को प्रयोग भएको छ । नामरूपवाला सृष्टिभन्दा पहिले त्यो ब्रह्म सत् भए पनि अनभिव्यक्त भएकाले असत् झैं थियो अर्थात् अप्रकट थियो भन्ने अर्थमा लक्षणा शक्तिको व्यवहार गरिन्छ ।

शाङ्करभाष्यम्

एषैव **'असदेवेदमग्र आसीत्'** (छा. ३/१९/१) इत्यत्रापि योजना, **'तत्सदासीत्'** इति समाकर्षणात् । अत्यन्ताभावाभ्युपगमे हि **'तत्सदासीत्'** इति किं समाकृष्येत ? **'तद्धैक आहुरसदेवेदमग्र आसीत्'**(छा० ६/२/१) इत्यत्रापि न श्रुत्यन्तराभिप्रायेणायमेकीयमतोपन्यासः, क्रियायामिव वस्तुनि विकल्पस्यासंभवात्। तस्माच्छ्रुतिपरिगृहीतसत्पक्षदार्ढ्यायैवायं मन्दमतिपरिकल्पितस्यासत्पक्षस्योपन्यस्य निरास इति द्रष्टव्यम् । **'तद्धेदं तर्ह्यव्याकृतमासीत्'** (बृ. १/४/७) इत्यत्रापि न निरध्यक्षस्य जगतो व्याकरणं कथ्यते, **'स एष इह प्रविष्ट आनखाग्रेभ्यः'** इत्यध्यक्षस्य व्याकृतकार्यानुप्रवेशित्वेन समाकर्षात् । निरध्यक्षे व्याकरणाभ्युपगमे ह्यनन्तरेण प्रकृतावलम्बिना स इत्यनेन सर्वनाम्ना कः कार्यानुप्रवेशित्वेन समाकृष्येत ? चेतनस्य चायमात्मनः शरीरेऽनुप्रवेशः श्रूयते । अनुप्रविष्टस्य चेतनत्वश्रवणात्- **'पश्यंश्चक्षुः शृण्वञ्श्रोत्रं मन्वानो मनः'** इति। अपि च यादृशमिदमद्यत्वे नामरूपाभ्यां व्याक्रियमाणं जगत्साध्यक्षं व्याक्रियत एवमादिसर्गेऽपीति गम्यते, दृष्टविपरीतकल्पनानुपपत्तेः । श्रुत्यन्तरमपि 'अनेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि' (छा. ६/३/२) इति साध्यक्षामेव जगतो व्याक्रियां दर्शयति। व्याक्रियते इत्यपि कर्मकर्तरि लकारः सत्येव परमेश्वरे व्याकर्तरि सौकर्यमपेक्ष्य द्रष्टव्यः। यथा लूयते केदारः स्वयमेवेति सत्येव पूर्णके लवितरि। यद्वा कर्मण्येवैष लकारोऽर्थाक्षिप्तं कर्तारमपेक्ष्य द्रष्टव्यः। यथा गम्यते ग्राम इति ॥१५॥

नेपालीभाषानुवाद

असदेवेदमग्र आसीत् इत्यत्रापि = पहिले असत् नै थियो भन्ने छान्दोग्य श्रुतिमा पनि, **तत्सदासीत्** = त्यो सत् नै थियो भन्ने श्रुतिको, **समाकर्षणात्** = अर्थानुकर्षण गर्नाले, **एषा एव** = पहिले बताएको प्रकारबाट, **योजना** = अर्थसमायोजन गर्नु पर्दछ अर्थात् सृष्टिभन्दा पहिले जो थियो त्यो अप्रकट थियो यस्तो अर्थ गर्नुपर्दछ, **अत्यन्ताभावाभ्युपगमे** = सृष्टिभन्दा पहिले सत्को अत्यन्ताभाव स्वीकार गरेको खण्डमा, **हि** = निश्चय नै, **'तत्सदासीत्'** = त्यो सत् थियो भन्ने अर्थवाला यस श्रुतिमा, **किं** = कसको, **समाकृष्येत** = समाकर्षण गर्ने अर्थात् स्वरूपशून्य असत्को समाकर्षण गर्ने कुरा असंभव नै भयो, असत्लाई सत्को रूपमा ग्रहण गर्ने कुरा पनि असङ्गत नै हुने भयो, **एके** = केही, **आहुः** = भन्दछन्, **ह** = निश्चय नै, **अग्रे** = सृष्टिपूर्व, **इदम्** = यो जगत्, **असद् एव** = असत् नै, **आसीत्** = थियो, **इत्यत्र अपि**= यस मन्त्रमा पनि, **श्रुत्यन्तराभिप्रायेण** = अन्य श्रुतिको अभिप्रायबाट, **एकीयमतोपन्यासः** = यो कुनै एकीय मतको उपन्यास, **न** = होइन अर्थात् यस मन्त्रको कुनै शाखावालाहरू कारणलाई असत् भन्दछन् भन्ने अर्थ होइन किनकि, **क्रियायाम्** = क्रियामा, **इव** = जस्तै, **वस्तुनि** = वस्तुमा, **विकल्पस्य**= विकल्प, **असंभवात्** = असंभव हुन्छ, **तस्मात्** = त्यसकारण, **श्रुतिपरिगृहीतसत्पक्षदार्ढ्याय**= श्रुतिद्वारा प्रतिपादित सत्पक्षको सुदृढीकरणका लागि, **एव** = नै, **अयम्** = यो, **मन्दमतिपरिकल्पितस्य** = मन्दमति मानिसहरूद्वारा परिकल्पित, **असत्पक्षस्य** = असत्पक्षको, **उपन्यस्य** = प्रतिपादन गरेर, **निरासः** = खण्डन गर्नु नै यसको उद्देश्य हो, **इति** = यस्तो कुरा, **द्रष्टव्यम्** = बुझ्नु पर्दछ, **तर्हि** = त्यसबेला, सृष्टिपूर्व; **हि** = निश्चय नै, **तद् इदम्** = त्यो यो, **अव्याकृतम्** = नाम र रूपद्वारा अनभिव्यक्त, **आसीत्** = थियो, **इत्यत्र** = यस छान्दोग्यश्रुतिमा पनि, **निरध्यक्षस्य** = कर्तारहित, **जगतः** = जगत्को, **व्याकरणम्** = अभिव्यक्ति, **न कथ्यते** = भनिएको होइन, **सः एषः** = त्यो यो कर्ता, **इह** = शरीरमा, **आनखाग्रेभ्यः** = नङ्को टुप्पा-टुप्पासम्म,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुप्रविष्टः = प्रविष्ट छ, **इति** = यसप्रकार, **अध्यक्षस्य** = कर्ताको, **जगतः** = जगत्का, **व्याकृतकार्यानुप्रवेशित्वेन** = व्याकृत (व्यक्त) वस्तुहरूमा प्रवेश क्रिया गर्ने व्यक्तिका रूपमा, **समाकर्षात्** = समाकर्षण गरिएको छ, **निरध्यक्षे** = कर्तारहित, **व्याकरणाभ्युपगमे** = नाम र रूपद्वारा जगत्को अभिव्यक्ति स्वीकार गरेको खण्डमा, **हि** = निश्चय नै, **अनन्तरेण** = त्यसको लगत्तै पछि भनिएको, **प्रकृतावलम्बिना** = प्रासङ्गिक अर्थको अवलम्बन गर्ने, **सः** = त्यो भन्ने, **अनेन** = यस, **सर्वनाम्ना** = सर्वनामपदद्वारा, **कः** = कसलाई, **कार्यानुप्रवेशित्वेन** = कार्यमा अनुप्रविष्ट हुने भनेर, **समाकृष्येत** = समाकर्षण गर्न मिल्छ र, **च** = फेरि, **शरीरे** = शरीरमा, **चेतनस्य** = चेतनको, **अयम्** = सान्दर्भिक, **अनुप्रवेशः** = अनुप्रवेश, **श्रूयते** = श्रुतिद्वारा निर्दिष्ट छ, **अनुप्रविष्टस्य** = जो शरीरमा अनुप्रविष्ट हुन्छ त्यसको, **चेतनत्वश्रवणात्** = चेतनता श्रुतिद्वारा प्रतिपादित छ, जस्तै; **पश्यन्** = जो हेर्दछ त्यो, **चक्षुः** = आँखा हो, **शृण्वन्** = जो सुन्दछ त्यो, **श्रोत्रम्** = कान हो, **मन्वानः**= जो मनन गर्दछ त्यो, **मनः** = मन हो, **इति** = इत्यादि रूपमा, **अपि च** = फेरि, **अद्यत्वे** = अहिले, **नामरूपाभ्याम्** = नाम र रूपद्वारा, **व्याक्रियमाणम्** = अभिव्यक्त, **इदम्** = यो, **जगत्** = जगत्, **साध्यक्षम्** = कर्ता सहित, **व्याक्रियते** = अभिव्यक्त हुन्छ, **एवम्** = यस्तै, **आदिसर्गे अपि** = आदि सृष्टिमा पनि थियो, **इति** = यो कुरा, **गम्यते** = बुझिन्छ, किनकि; **दृष्टविपरीतकल्पनानुपपत्तेः** = प्रत्यक्ष विपरीत कल्पना गर्न सकिंदैन, **श्रुत्यन्तरम् अपि** = अर्को श्रुतिले पनि, **अनेन** = यस, **जीवेन आत्मना** = जीवात्मरूपद्वारा, **अनुप्रविश्य** = यी तीन अन्न, जल र तेज देवताहरूमा प्रवेश गरेर, **नामरूपे** = नाम र रूप, **व्याकरवाणि** = व्यक्त गर्छु, **इति** = यसरी, **साध्यक्षाम् एव** = कर्तासहितको नै, **जगतः** = जगत्को, **व्याकृयाम्** = अभिव्यक्ति हुने प्रक्रियालाई, **दर्शयति** = देखाइएको छ, **व्याक्रियते** = अभिव्यक्त हुन्छ, **इति अपि** = यसप्रकारको पनि जो, **कर्मकर्तरि** = कर्मकर्तामा, **लकारः** = लकार छ त्यो, **व्याकर्तरि** = अभिव्यक्तिको कर्ता, **परमेश्वरे सति एव** = परमेश्वर भएमा पनि, **सौकर्यम्** = सजिलोपनलाई, **अपेक्ष्य** = ध्यानमा राखेर गरिएको भन्ने, **द्रष्टव्यः** = बुझ्नु पर्दछ, **यथा** = जस्तै, **पूर्णके** = पूर्णक नाम भएको, अथवा अखण्ड समर्थ; **लवितरि** = काट्ने मानिस हुँदाहुँदै पनि, **केदारः** = क्यारी (खेतको आली), **स्वयम्** = आफै, **लूयते** = काटिन्छ, **इति** = यस्तो प्रयोग हुन्छ, **यद् वा** = अथवा, **एषः** = यो, **लकारः** = लकार, **कर्मणि एव** = कर्ममा नै भएको हो भने पनि, **अर्थाक्षिप्तम्** = अर्थबाट आक्षेप गरिने, **कर्तारम्** = कर्ताको, **अपेक्ष्य** = अपेक्षाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कुरा, **द्रष्टव्यः**= बुझ्नु पर्दछ, **यथा** = जस्तै, **गम्यते ग्रामः** = गाउँ गइन्छ, **इति**= इत्यादि प्रयोग जस्तै ।

विशदीकरण

'सृष्टिपूर्व त्यो ब्रह्म असत् थियो' यस अर्थमा जुन विरोध देखिएको छ । 'त्यसको समाधान सृष्टिपूर्व ब्रह्म अनभिव्यक्त थियो' भनेर गरिनु पर्दछ । यहाँ जस्तै अन्त पनि यसै अर्थयोजना अनुसार काम गरिएमा कुनै विरोध पर्दैन । सृष्टिको आदिमा रहेको असत् हो यस्तो प्रयोग जो गरिएको छ, त्यो मोटो बुद्धि भएका मानिसहरूलाई सम्झाउन गरिएको असद्वादको उपस्थापन हो । यसरी तैत्तिरीय, बृहदाण्यक आदि उपनिषद्हरूमा प्रयुक्त असत् शब्द अव्यक्त ब्रह्मको नै वाचक हो भन्ने कुरा ठहर भएपछि निष्कर्षमा भन्न सकिन्छ कि पूर्वापर प्रसङ्गमा भनिएका वाक्यहरूको समाकर्षण गरेर अन्वय गर्दा जगत्को कारण भिन्न भिन्न नामबाट व्यक्त हुने ब्रह्म नै हो ।

प्रकृति वा प्रधानको सार्थकता परमात्माको एक शक्तिविशेष मान्नुमा नै हुन्छ । परमात्माभन्दा भिन्न स्वतन्त्र शक्ति मान्दा हुँदैन । **'व्याक्रियते'** यो लकार कर्मकर्तामा प्रयुक्त हुनाले जगत्को कर्ता कुनै छैन भनेर भन्छौ भने त्यो पनि ठीक छैन । किनकि कर्ता विना कर्मको सिद्धि हुँदैन । लकारको कर्ममा प्रयोगले पनि कर्ता स्वतः सिद्ध हुन्छ ।

यस विषयमा **'गम्यते ग्रामः'** यस उदाहरणमा कर्ता आक्षेपद्वारा सिद्ध देखिन्छ र **'लूयते केदारः'** जस्ता उदाहरणमा पूर्णक नाम गरेको व्यक्ति कर्ताको रूपमा उपस्थित भए पनि केदार(आली) स्वयं सरलतापूर्वक काटिएको देखिनाले पूर्वपक्षीले कर्ता नै नभएको ठहर गर्न सक्छन्, तर वास्तवमा त्यहाँ कर्ता रहेको हुन्छ । त्यस्तै यसबाट सिद्ध हुन्छ कि **'व्याक्रियते'** मा कर्मकर्तामा लकार भए पनि कर्ताका रूपमा ब्रह्म रहने कुरा निर्विवाद छ। अतः श्रुतिहरूको कारणविषयमा विरोध नहुनाले ती सबैको ब्रह्ममा नै समन्वय हुन्छ।।१५।।

इतिकारणत्वाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. बालाक्यधिकरणम् {सू. १६-१८}

ब्रह्मसूत्रम् - जगद्वाचित्वात् १/४/१६

सूत्रार्थ - जगद्वाचित्वात् = '**यो ह वै बालाके**' यस श्रुतिमा कर्मशब्द सम्पूर्ण प्रपञ्चको वाचक हुनाले यस जगत्को कर्ता परमात्मा नै हो ।

शाङ्करभाष्यम्

कौषीतकिब्राह्मणे बालाक्यजातशत्रुसंवादे श्रूयते – '**यो वै बालाके एतेषां पुरुषाणां कर्ता यस्य वै तत्कर्म स वै वेदितव्यः**' (कौ.ब्रा० ४/१९) इति । तत्र किं जीवो वेदितव्यत्वेनोपदिश्यते, उत मुख्यः प्राणः, उत परमात्मेति विशयः। किं तावत्प्राप्तम् ? प्राण इति । कुतः ? '**यस्य वैतत्कर्म**' इति श्रवणात्, परिस्पन्दलक्षणस्य च कर्मणः प्राणाश्रयत्वात्, वाक्यशेषे च '**अथास्मिन्प्राण एवैकधा भवति**' इति प्राणशब्ददर्शनात् । प्राणशब्दस्य च मुख्ये प्राणे प्रसिद्धत्वात् । ये चैते पुरस्ताद्बालाकिना '**आदित्ये पुरुषश्चन्द्रमसि पुरुषः**' इत्येवमादयः पुरुषा निर्दिष्टास्तेषामपि भवति प्राणः कर्ता, प्राणावस्थाविशेषत्वादादित्यादिदेवतात्मनाम्- '**कतम एको देव इति प्राण इति स ब्रह्म त्यदित्याचक्षते**' (बृ. ३/९/९) इति श्रुत्यन्तरप्रसिद्धेः । जीवो वाऽयमिह वेदितव्यतयोपदिश्यते । तस्यापि धर्माधर्मलक्षणं कर्म शक्यते श्रावयितुम् – '**यस्य वैतत्कर्म**' इति । सोऽपि भोक्तृत्वाद्भोगोपकरणभूतानामेतेषां पुरुषाणां कर्तोपपद्यते । वाक्यशेषे च जीवलिङ्गमवगम्यते । यत्कारणं वेदितव्यतयोपन्यस्तस्य पुरुषाणां कर्तुर्वेदनायोपेतं बालाकिं प्रति बुबोधयिषुरजातशत्रुः सुप्तं पुरुषमामन्त्र्यामन्त्रणशब्दाश्रवणात्प्राणादीनामभोक्तृत्वं प्रतिबोध्य यष्टिघातोत्थानात्प्राणादिव्यतिरिक्तं जीवं भोक्तारं प्रतिबोधयति । तथा परस्तादपि जीवलिङ्गमवगम्यते- '**तद्यथा श्रेष्ठी स्वैर्भुङ्क्ते यथा वा स्वाः श्रेष्ठिनं भुञ्जन्त्येवमेवैष प्रज्ञात्मैतैरात्मभिर्भुङ्क्ते एवमेवैत आत्मान एतमात्मानं भुञ्जन्ति**' (कौ.ब्रा. ४/२०) इति । प्राणभृत्त्वाच्च जीवस्योपपन्नं प्राणशब्दत्वम् । तस्माज्जीवमुख्यप्राणयोरन्यतर इह ग्रहणीयो न परमेश्वरः, तल्लिङ्गानवगमादिति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभाषानुवाद

कौषीतकिब्राह्मणे = कौषीतकिनामक ब्राह्मणग्रन्थमा, **बालाक्यजातशत्रुसंवादे** = बालाकि र अजातशत्रुको संवादमा, **बालाके** = हे बालाके, **यः** = जो, **कर्ता** = रचयिता छ, **वा** = अथवा, **यस्य** = जसको, **एतत्** = यो दृश्यमान, **कर्म**= जगत्प्रपञ्च छ, **सः** = त्यो, **वै** = निश्चय नै, **वेदितव्यः** = जान्न योग्य छ, **इति** = यस्तो, **श्रूयते**= प्रतिपादन गरिएको छ, **तत्र**= त्यहाँ, **जीवः**=उक्त जीवलाई, **उपदिश्यते**= उपदेश गरिएको छ, **उत** = अथवा, **मुख्यः** = मुख्य, **प्राणः** = प्राणको उपदेश गरिएको छ, **उत** = अथवा, **परमात्मा** = परमात्माको उपदेश गरिएको छ, **इति** = यस्तो, **विशयः** = संशय हुन्छ, **तावत्** = सर्वप्रथम, **किम्** = के, **प्राप्तम्** = निश्चित गरिएको छ त भन्ने प्रश्नमा पूर्वपक्षीले उत्तर दिन्छ–, **प्राण इति** = जान्न योग्य प्राण नै हो भन्ने प्राप्त हुन्छ, **कुतः** = किनभने, **'यस्य वैतत् कर्म' इति** = जसको वस्तुतः यो कर्म हो भन्ने कुरा श्रुतिवचन छ, **च** = र, **परिस्पन्दलक्षणस्य** = चलनात्मक, **कर्मणः** = कर्म, **प्राणाश्रयत्वात्** = प्राणको आश्रयमा रहेको छ, **अथ** = जाग्रत र स्वप्नजनक कर्मको उपरति (विश्राम) पछि, **अस्मिन्** = सुषुप्तिमा, **एव** = नै, **एकधा भवेति** = सबै एकरूप हुन्छ, **इति** = यसप्रकार, **वाक्यशेषे च** = वाक्यशेषमा पनि, **प्राणशब्ददर्शनात्** = प्राणशब्दको प्रयोग सुनिनाले, **च** = र, **मुख्ये** = मुख्य, **प्राणे** = प्राणमा, **प्रसिद्धत्वात्** = प्रसिद्ध हुनाले, वेदितव्य प्राण नै सिद्ध हुन आउँछ, **आदित्ये** = आदित्यमा, **चन्द्रमसि** = चन्द्रमामा, **पुरुषः** = पुरुष छ, **इत्येवमादयः**= यस प्रकारका, **ये च एते** = जो यी, **पुरस्तात्** = पहिले, **बालाकिना** = बालाकिद्वारा, **पुरुषाः** = पुरुषहरू, **निर्दिष्टाः** = निर्देश गरिएका छन्, **तेषाम् अपि** = ती निर्दिष्ट पुरुषहरूको पनि, **कर्ता** = कर्ता, **प्राणः** = प्राण, **भवति** = हुन्छ, **आदित्यादिदेवतात्मनाम्** = आदित्य आदि जो देवतात्माहरू, **प्राणावस्थाविशेषत्वात्** = प्राणकै विभिन्न अवस्था नै हुन्, शाकल्यले, **कतमः** = कुन चाहिं, **एकः** = एउटा, **देवः** = देउता हुन् भनेर, **इति** = यसरी सोधे पछि, याज्ञवल्क्यले; **सः** = त्यो देवतालाई, **प्राणः** = प्राणस्वरूप, **इति** = यस्तो, **ब्रह्म इति** = ब्रह्म हो, **त्यत्** = परोक्ष छ, **इति**= यस्तो, **आचक्षते** = भन्दछन्, **इति** = यस प्रकारको संवाद, **श्रुत्यन्तरप्रसिद्धेः** = अन्य श्रुतिमा प्रसिद्ध छ, **इह** = यहाँ, **वा** = अथवा, **वेदितव्यतया** = जान्नु योग्य विषयका रूपमा, **अयम्** = यो, **जीवः** = जीवात्मा, **उपदिश्यते** = उपदिष्ट छ, **तस्य अपि** = जीवको पनि, **धर्माधर्मलक्षणम्** = धर्म र अधर्मरूप, **कर्म** = कर्म, **'यस्य वैतत् कर्म'** = जसको यो कर्म हो, **इति** = यस रूपमा, **श्रावयितुम्** = सुनाउन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्यते = सकिन्छ, **सः अपि** = त्यो जीवात्मा पनि, **भोक्तृत्वात्** = भोक्ता भएकाले, **उपकरणभूतानाम्**= साधनरूप, **एतेषाम्** = यी, **पुरुषाणाम्** = पुरुषहरूको, **कर्ता**= कर्ता, **उपपद्यते** = हुनसक्छ, **वाक्यशेषे** = वाक्यशेषमा, **जीवलिङ्गम्** = जीवको चिह्न, **अवगम्यते** = जानिन्छ, **यत्कारणम्** = किनकि, **वेदितव्यतया** = जान्न पर्ने विषयका रूपले, **उपन्यस्तस्य** = उपस्थापित गराइएको, **पुरुषाणाम्** = पुरुषहरूका, **कर्तुः** = कर्ताको, **वेदनाय**= ज्ञानका लागि, **उपेतम्** = आफूसँग आएका, **बालाकिं प्रति** = बालाकिलाई, **बुबोधयिषुः** = बोध गराउन चाहने, **अजातशत्रुः** = अजात शत्रुले, **सुप्तम्** = सुतेका, **पुरुषम्** = पुरुषलाई, **आमन्त्र्य** = बोलाएर, **आमन्त्रणशब्दा-श्रवणात्**= आमन्त्रणको शब्द नसुन्नाले, **प्राणादीनाम्** = प्राणादिहरूको, **अभोक्तृत्वम्**= अभोक्तापन बारे, **प्रतिबोध्य** = सम्झाएर, **यष्टिघातोत्थानात्** = सुतेका पुरुष लाठीको प्रहारले जागेपछि, **प्राणादिव्यतिरिक्तम्** = प्राण आदि भन्दा भिन्न, **भोक्तारम्** = भोक्ता, **जीवम्** = जीवको विषयमा, **प्रतिबोधयति** = सम्झाउँछन्, **तथा** = त्यस्तै, **परस्तात् अपि** = पछि पनि, **तद् यथा** = जस्तै, **श्रेष्ठी** = सेठ, **स्वैः** = सेवकद्वारा ल्याइएका वस्तुहरूको, **भुङ्क्ते** = भोग गर्दछ, **यथा वा** = अथवा जस्तै, **स्वाः** = सेवकहरू, **श्रेष्ठिनम्** = सेठको आश्रय गरेर, **भुञ्जन्ति** = जीविका भोग गर्दछन्, **एवम् एव** = यस्तै प्रकारले, **एव** = यो, **प्रज्ञात्मा** = प्रज्ञात्मा पुरुषले, **एतैः** = यी, **आत्मभिः** = आत्माहरूद्वारा, **भुङ्क्ते** = भोग गर्दछ, **एवम् एव** = यस्तै, **एते** = यी आत्माहरू (देवता वा इन्द्रियादि), **एतम्** = यस, **आत्मानम्** = आत्माको आश्रित रहेर, **भुञ्जन्ति** = भोग गर्दछन्, **इति** = यस प्रकार, **जीवलिङ्गम्** = जीवसम्बन्धी चिह्न, **अवगम्यते** = बुझिन्छ, **इति** = यसरी कौषीतकि ब्राह्मणमा बताइएको छ, **प्राणभृत्त्वात्** = प्राणधारण गर्नाले, **जीवस्य** = जीवको, **प्राणशब्दत्वम्** = प्राणसंज्ञा, **उपपन्नम्** = सिद्ध हुन्छ, **तस्मात्** = त्यसकारण, **इह** = बालाकि अजातशत्रुसंवादमा, **जीवमुख्यप्राणयोः** = जीव र मुख्यप्राणमध्ये, **अन्यतरः** = कुनै एक, **ग्रहणीयः** = लिनु पर्दछ, **न परमेश्वरः** = परमेश्वरलाई लिन मिल्दैन, **तल्लिङ्गानवगमात्** = परमेश्वरको परिचायक कुनै चिह्न नभएकाले । (यो पूर्वपक्षीको अभिप्राय हो) ।

विशदीकरण

कौषीतकिब्राह्मणमा बालाकि (विद्याभार गर्वित) ब्राह्मण र अजात शत्रु (काशीनरेश) को संवादका प्रसङ्गमा **'जान्नु पर्ने विषय'** का बारेमा चर्चा भएको छ । तर त्यो जान्नु पर्ने जीव, प्राण र परमात्मामध्ये के हो ? विचारणीय प्रश्न यही नै हो । पूर्वपक्षअनुसार जान्नुपर्ने विषय प्राण अथवा जीव हुनसक्छ, तर परमात्मा हुन सक्तैन, किनकि परमेश्वरलाई चिनाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचायक चिह्न हुँदैन । जस्तो कि स्पन्दनरूप चिह्नबाट प्राण कर्मको आश्रय हो । आदित्यमा पुरुष छ, चन्द्रमामा पुरुष छ भनेर जो संवादमा बताइएको छ, ती-ती आदित्यादि देवताहरूको पनि कर्ता प्राण नै हो । वस्तुतः आदित्य आदि जो देवता छन्, ती प्राण कै अवस्थाविशेष हुन् ।

शाकल्यले याज्ञवल्क्यसँग 'एउटा देवता भनेको कुन हो ?' भनेर सोधेपछि याज्ञवल्क्यले 'त्यो देवता प्राणस्वरूप ब्रह्म नै हो' भनेको कुरा अर्को श्रुतिमा प्रसिद्ध छ । अथवा यहाँ जान्न पर्ने (वेदितव्य) पुरुषका रूपमा जीवलाई पनि लिन सकिन्छ । धर्मरूप र अधर्मरूप कर्मले सहित भएको त्यो जीव भोक्ता हो । तसर्थ भोगका साधनरूप यी पुरुषहरूको कर्ता पनि हुनसक्दछ । वाक्यशेषमा जीवको परिचायक लिङ्ग (लक्षण) भेटिन्छ ।

जस्तै कि वेदितव्य (ज्ञेय) रूपबाट बताइएका पुरुषहरूको कर्ता को हो ? भनेर जिज्ञासापूर्वक समीपमा आएका बालाकिलाई कर्ताको बोध गराउन चाहने अजातशत्रुले त्यहीं नेर सुतिरहेका कुनै पुरुषलाई मीठो स्वरले पुकारे । तर त्यस सुतेका पुरुषले आमन्त्रण (संबोधन) का शब्दहरू नसुनेको हुँदा प्राण आदि भोक्ता हुन सक्दैनन् भन्ने सम्झाएर फेरि त्यसै सुतिरहेका पुरुषलाई लठ्ठीले हिर्काए । लठ्ठीको प्रहार पछि अजातशत्रुले 'प्राणभन्दा भिन्न जीव नै भोक्ता हो' भनेर बालाकिलाई उपदेश गरे । यसरी जीवको परिचायक लिङ्गको चर्चा गरियो ।

यस पछि पनि जीव नै सबैको कर्ता हो र ज्ञेय विषय हो भन्ने लक्षणहरू भेटिन्छन्। जस्तै कुनै महाजन (साहू) ले आफ्ना सेवकहरूले गरेका कार्यको फल भोग्दछ र ती सेवकले पनि महाजनबाट प्राप्त वस्तुको उपभोग गर्दछन् । त्यस्तै जीवले सूर्य आदिबाट प्रकाशरूप भोगप्राप्त गर्दछ र सूर्य आदि देवताहरूले जीवबाट हवि प्राप्त गर्दछन् ।

फेरि जीव प्राणधारी हुनाले त्यसलाई प्राणशब्दबाट पनि जान्न सकिन्छ । त्यसकारण पुरुषहरूको कर्ता जान्नुपर्ने (वेदितव्य) भनेर जीव अथवा मुख्यप्राण मध्ये कुनै एकलाई लिन सकिन्छ, तर परमेश्वरलाई लिन मिल्दैन । यो पूर्वपक्षीको अभिप्राय हो ।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः- परमेश्वर एवायमेतेषां पुरुषाणां कर्ता स्यात् । कस्मात् ? उपक्रमसामर्थ्यात् । इह हि बालाकिरजातशत्रुणा सह **'ब्रह्म ते ब्रवाणि'** इति संवदितुमुपचक्रमे । स च कतिचिदादित्याद्यधिकरणान्पुरुषानमुख्यब्रह्मदृष्टिभाज उक्त्वा तूष्णीं बभूव। तमजातशत्रुः **'मृषा वै खलु मा संवदिष्ठा ब्रह्म ते ब्रवाणि'** इत्यमुख्यब्रह्मवादितयाऽपोद्य तत्कर्तारमन्यं वेदितव्यतयोपचिक्षेप । यदि सोऽप्य-मुख्यब्रह्मदृष्टिभाक् स्यात्, उपक्रमो बाध्येत । तस्मात्परमेश्वर एवायं भवितुमर्हति। कर्तृत्वं चैतेषां पुरुषाणां न परमेश्वरादन्यस्य स्वातन्त्र्येणावकल्पते । **'यस्य वैतत्कर्म'**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यपि नायं परिस्पन्दलक्षणस्य धर्माधर्मलक्षणस्य वा कर्मणो निर्देशः, तयोरन्यतर-स्याप्यप्रकृतत्वात्, असंशब्दितत्वाच्च । नापि पुरुषाणामयं निर्देशः, एतेषां पुरुषाणां कर्तेत्येव तेषां निर्दिष्टत्वात्, लिङ्गवचनविगानाच्च, नापि पुरुषविषयस्य करोत्यर्थस्य क्रियाफलस्य वाऽयं निर्देशः, कर्तृशब्देनैव तयोरुपात्तत्वात् । पारिशेष्यात्प्रत्यक्ष-सन्निहितं जगत् सर्वनाम्नैतच्छब्देन निर्दिश्यते । क्रियत इति च तदेव जगत्कर्म ।

नेपालीभाषानुवाद

एवम् प्राप्ते= पूर्वपक्षको अभिप्राय बुझे पछि, **ब्रूमः** = सिद्धान्तरूपमा भन्दछौं, **परमेश्वरः एव** = परमेश्वर नै, **एतेषाम्** = यी, **पुरुषाणाम्** = पुरुषहरूको, **कर्ता** = स्रष्टा, **स्यात्** = हुन्, **कस्मात्** = किनभने, **उपक्रमसामर्थ्यात्** = वाक्यप्रस्तावनाको सामर्थ्यबाट यही अवगत हुन्छ, **हि** = किनकि, **इह** = उक्त संवादमा, **बालाकिः** = ब्राह्मणविशेष, **अजातशत्रुणा**= काशीनरेश अजातशत्रुका, **सह** = साथ, **ते** = तपाईंलाई, **ब्रह्म** = ब्रह्मतत्त्वबारे, **ब्रवाणि** = उपदेश गर्छु, **इति** = यसरी, **संवदितुम्** = संवाद गर्न, **उपचक्रमे** = आरम्भ गरे, **च** = र, **सः** = बालाकिले, **कतिचित्** = केही, **आदित्याद्यधिकरणान्** = आदित्य आदिमा रहेका, **अमुख्यब्रह्मदृष्टिभाजः** = अमुख्य ब्रह्मदृष्टिका भागी, **पुरुषान्** = पुरुषहरूलाई, **उक्त्वा** = बताएर, **तूष्णीं बभूव** = मौन धारण गरे, **अजातशत्रुः** = अजातशत्रु राजाले, **तम्** = ती बालाकिलाई, **मा** = मसँग, **खलु वा** = निश्चय नै, **मिथ्या** = असत्य, **संवदिष्ठाः** = भन्नुभयो, **ते** = तपाईंलाई, **ब्रह्म** = ब्रह्मको विषयमा, **ब्रवाणि** = उपदेश गर्छु, **इति** = यसरी, **अमुख्यब्रह्मवादितया** = अुमखब्रह्मवादिताबाट, **अपोद्य** = हटाएर, **तत्कर्तारम्** = अमुख्य ब्रह्मका कर्ता, **अन्यम्** = अन्य कुनै तत्त्वलाई, **वेदितव्यतया** = जान्नुपर्ने विषयका रूपमा, **उपचिक्षेप** = आक्षेप गरे, **यदि** = यदि, **सः अपि वेदितव्यः**= तत्त्व पनि, **अमुख्यब्रह्मदृष्टिभाक्** = अमुख्य ब्रह्मदृष्टिवाला, **स्यात्** = हुन्थ्यो भने, **उपक्रमः** = **'ब्रह्म ते ब्रवाणि'** भन्ने उपक्रमवाक्य, **बाध्येत** = बाधित हुने थियो, **तस्मात्** = त्यसकारण, **अयम्** = वेदितव्य विषय, **परमेश्वरः एव** = परमेश्वर नै, **भवितुम्** = हुन, **अर्हति** = सक्दछ, **च** = र, **एतेषाम्** = उक्त आदित्यादिमा स्थित, **पुरुषाणाम्** = पुरुषहरूको, **परमेश्वरात्** = परमेश्वरदेखि, **अन्यस्य**= बाहेकका पुरुषको, **स्वातन्त्र्येण** = स्वतन्त्रतापूर्वक, **कर्तृत्वम्** = कर्तापन, **न अवकल्पते** = हुन सक्तैन, **यस्य वैतत् कर्म इति** = यस रूपको मन्त्रवाक्य, **इत्यपि** = पनि, **परिस्पन्दलक्षणस्य**= चलनात्मक स्वरूप कर्म भएको प्राण र, **धर्माधर्मलक्षणस्य** = धर्म र अधर्म लक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको जीवरूप, **कर्मणः** = कर्तृजन्य कार्यको, **नायं निर्देशः** = निर्देश होइन, **तयोः** = प्राण र जीव मध्ये, **अन्यतरस्य अपि** = कुनै एकको पनि, **अप्रकृतत्वात्**= सान्दर्भिककता छैन, **च** = र, **असंशब्दितत्वात्** = श्रुतिद्वारा प्रतिपादित पनि छैन, **पुरुषाणाम् अपि** = आदित्यादिमा स्थित पुरुषहरूको पनि, **अयं निर्देशः** = यो निर्देश, **न** = होइन, **एतेषाम्** = यी, **पुरुषाणाम्** = पुरुषहरूको, **कर्ता इत्येव** = कर्ता अरू कुनै छ भन्ने, **निर्दिष्टत्वात्** = निर्देश भएको छ, **लिङ्गवचनविगानात् च**= लिङ्ग र वचनमा विरोध रहेको छ, अर्थात् **'यस्य वैतत् कर्म'** मा प्रयुक्त नपुंसक लिङ्ग र एकवचन **'एतत्'** शब्दबाट **'पुरुषाः'** भन्ने पुल्लिङ्ग र बहुवचनको परामर्श हुनसक्तैन, **पुरुषविषयस्य** = पुरुषको उत्पादक व्यापार, **करोत्यर्थस्य** = करोतिको अर्थ उत्पादनको र, **क्रियाफलस्य**= उत्पादनको फल पुरुषजन्मको, **वा**= अथवा, **अयम्** = यो, **निर्देशः**= निर्देश, **अपि** = पनि, **न** = छैन, **कर्तृशब्देन एव**= कर्ता शब्दबाट नै, **तयोः**= ती दुवैको, **उपात्तत्वात्** = ग्रहण भएको छ, अर्थात् क्रिया र फल विनाको कर्तृत्व सिद्ध हुँदैन, यसैले कर्तृशब्दबाट क्रिया र फलको ग्रहण हुन्छ, **पारिशेष्यात्** = परिशेषबाट, **प्रत्यक्षसन्निहितम्** = प्रत्यक्षतया सामुमा रहेको, **जगत्** = जगत्, **सर्वनाम्ना**= सर्वनामसंज्ञक, **एतच्छब्देन**= एतत् शब्दबाट, **निर्दिश्यते**= निर्दिष्ट हुन्छ, अर्थात् परिशेषबाट प्रत्यक्ष सन्निहित जगत्नै कर्मशब्दबाट ग्राह्य हुन्छ, **क्रियते इति** = जो गरिन्छ, **तद् एव** = त्यो नै, **जगत्** = जगत्, **कर्म** = कर्म हो ।

विशदीकरण

अजातशत्रु र बालाकिको संवादबाट पनि जगत्को कर्ता परमेश्वर नै सिद्ध हुन्छन् । बालाकिले अजात शत्रुलाई सामु आएर भने – 'म तपाईंलाई ब्रह्मोपदेश गर्छु' । त्यसपछि तिनले चन्द्रमा, विद्युत्, आकाश, वायु, अग्नि र जल आदिका अभिमानी देवताहरूको विषयमा उपदेश गरे । राजा यी सबै विषयमा आफै जान्दथे र उनले भने – 'बालाकि ! यी कुरा म जान्दछु, यो भन्दा केही अरू जान्नुहुन्छ भने भन्नुहोस्' यसरी राजाले भने पछि बालाकि अगाडि बोल्न नसकी चूप लागे ।

यहाँ राजाले के विषयमा भन्न उत्प्रेरित गरे, यो विवेच्य विषय हो । पूर्वपक्षीले प्राणको विषयमा भन्नका निमित्त राजाले बालाकिलाई उत्प्रेरित गरे भनेर भन्दछ । तर सिद्धान्तपक्षी भन्दछ – यहाँ परमेश्वरकै विषयमा भन्न उत्प्रेरण गरिएको हो, किनकि परमेश्वर बाहेक यहाँ अरू स्वतन्त्र कर्ता हुन सक्तैन । न प्राण र न त जीवहरूको नै स्वतन्त्र कर्तृत्व हुन सक्तछ । किनकि त्यस विषयमा श्रुतिले प्रतिपादन गरेको छैन ।

'यस्य वैतत् कर्म' यो वाक्यबाट पनि पुरुषहरूको बारेमा निर्देश हुनसक्तैन । किनकि 'पुरुषहरूको कर्ता' यस भनाइबाट पुरुषहरूको छुट्टै कर्ता रहेको महसूस हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः पुरुषोत्पादक व्यापार र उत्पादनको फल पुरुषजन्म यी दुवैको कर्तापदबाट ग्रहण हुन्छ र 'जो गरिन्छ त्यो कर्म हो' यस व्युत्पत्तिअनुसार दृश्यमान जगत्रूप कर्मको कर्मपदबाट ग्रहण हुन्छ ।

शाङ्करभाष्यम्

ननु जगदप्यप्रकृतमसंशब्दितं च । सत्यमेतत् । तथाप्यसति विशेषोपादाने साधारणेनार्थेन सन्निधानेन सन्निहितवस्तुमात्रस्यायं निर्देश इति गम्यते, न विशिष्टस्य कस्यचित् । विशेषसन्निधानाभावात् । पूर्वत्र च जगदेकदेशभूतानां पुरुषाणाम्, विशेषोपादानादविशेषितं जगदेवेहोपादीयत इति गम्यते । एतदुक्तं भवति- य एतेषां पुरुषाणां जगदेकदेशभूतानां कर्ता, किमनेन विशेषेण, यस्य कृत्स्नमेव जगदविशेषितं कर्मेति ? वाशब्द एकदेशावच्छिन्नकर्तृत्वव्यावृत्त्यर्थः। ये बालाकिना ब्रह्मत्वाभिमताः पुरुषाः कीर्तितास्तेषामब्रह्मत्वख्यापनाय विशेषोपादानम् । एवं ब्राह्मणपरिव्राजकन्यायेन सामान्यविशेषाभ्यां जगतः कर्ता वेदितव्यतयोपदिश्यते। परमेश्वरश्च सर्वजगतः कर्ता सर्ववेदान्तेष्ववधारितः ।।१६।।

नेपालीभाषानुवाद

ननु = शङ्का हुन्छं, **जगत् अपि** = जगत् पनि, **अप्रकृतम्** = प्रासङ्गिक विषय होइन, **च** = र, **असंशब्दितम्** = श्रुतिद्वारा निर्दिष्ट होइन, त्यसकारण कर्मशब्दबाट जगत्को ग्रहण कसरी हुनसक्छ, यो पूर्वपक्षीको आशय हो, उत्तरमा सिद्धान्तपक्षी भन्दछ-, **एतत्** = पूर्वपक्षीको यो भनाइ सत्य हो, **तथापि** = तापनि, **विशेषोपादाने**= विशेष वस्तुको ग्रहण नभएको र, **साधारणेन** = साधारण, **अर्थेन** = अर्थका (वस्तुका) साथ, **सन्निधानेन** = सामीप्य हुनाले, **सन्निहितवस्तुमात्रस्य** = सन्निहित वस्तुमात्रको, **अयम्** = यो, **निर्देशः** = निर्देश हो भन्ने कुरा, **गम्यते** = बुझिन्छ, **कस्यचित्** = कुनै, **विशिष्टस्य** = विशेषवस्तुको निर्देश, **न** = बुझिंदैन किनकि, **विशेषसन्निधाना-भावात्** = विशेषवस्तुको सन्निधान छैन, **च** = र, **पूर्वत्र** = **यो वै बालाके एतेषां पुरुषाणाम्** इत्यादि मन्त्रमा, **जगदेकदेशभूतानाम्** = जगत्का अंशरूप पुरुषहरूको, **विशेषोपादानात्** = विशेषरूपमा ग्रहण गरिएकाले, **अविशेषितम्** = सामान्य, **जगत्** = जगत् नै, **इह** = यहाँ, **उपादीयते** = ग्रहण गरिन्छ, **इति** = यस्तो, **गम्यते**= बुझिन्छ, **एतदुक्तम् भवति** = तात्पर्य यो हुन्छ कि; **यः** = जो, **जगदेकदेशभूतानाम्**= जगत्का अंशभूत, **एतेषाम्** = यी, **पुरुषाणाम्** = पुरुषहरूको, **कर्ता** = कर्ता हो, **अनेन** = यस, **विशेषेण** = विशेष कथनद्वारा, **किम्** = के भन्न खोजिएको हो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् यदि 'एतत्' शब्दबाट सम्पूर्ण जगत्को ग्रहण हुन्छ भने पुरुषहरूको पृथक् ग्रहण किन गरिएको हो, **यस्य** = जसको, **कृत्स्नम् एव** = सम्पूर्ण नै, **अविशेषितम्**= सामान्य, **जगत्** = जगत् कर्म हो, त्यही ब्रह्म ज्ञेय छ, **इति** = यो तात्पर्य हो, **वाशब्दः** = यस्य वा एतत् कर्म इत्यादि वाक्यमा रहेको वापद **एकदेशावच्छिन्न-कर्तृत्वव्यावृत्त्यर्थः** = पुरुषमात्रबाट निरूपित एकदेशमात्रको कर्तृत्व निवारणका लागि हो, **ये** = जो, **बालाकिना** = बालाकिद्वारा, **ब्रह्मत्वाभिमताः** = ब्रह्मरूपबाट स्वीकृत, **पुरुषाः** = पुरुषहरू, **कीर्तिताः** = चर्चा गरिएका छन्, **तेषाम्** = तिनको, **अब्रह्मत्वख्यापनाय** = ब्रह्मभिन्नत्व देखाउनका लागि, **विशेषोपादानम्** = पुरुषरूप विशेषपदको ग्रहण गरिएको हो, **एवम्** = यसरी, **ब्राह्मणपरिव्राजकन्यायेन** = ब्राह्मणपरिव्राजकन्यायबाट अर्थात् '**ब्राह्मणाःभोजयितव्या परिव्राजकाश्च**' यस वाक्यमा परिव्राजक ब्राह्मण नै हुन्छन्, ब्राह्मणशब्द परिव्राजकभन्दा भिन्न ब्राह्मणको वाचक हो, त्यस्तै '**एतत् कर्म**' शब्द पनि पुरुषभिन्न समस्त जगत्को वाचक हो, यसै न्यायलाई ब्राह्मणपरिव्राजक न्याय भनिन्छ, **सामान्यविशेषाभ्याम्** = सामान्य र विशेषद्वारा, **जगतः** = जगत्को, **कर्ता** = रचयिता, **वेदितव्यतया** = जान्नुपर्ने विषयका रूपमा, **उपदिश्यते** = उपदेश गरिन्छ, **च** = र, **परमेश्वरः** = परमेश्वर, **सर्वजगतः** = सम्पूर्ण जगतको, **कर्ता** = रचयिता हो भनेर, **सर्ववेदान्तेषु** = सबै उपनिषद्हरूमा, **अवधारितः** = निश्चित गरिएको छ ।

विशदीकरण

पूर्वपक्षीको दृष्टिमा वेदितव्य प्राण हो भने सिद्धान्तपक्षीको दृष्टि त्यो भन्दा भिन्न वेदितव्य परमेश्वर नै हो भन्ने रहेको छ । ब्राह्मणहरूलाई भोजन गराउनु पर्छ र परिव्राजकहरूलाई पनि, यस अर्थमा प्रयुक्त ब्राह्मणपरिव्राजकन्यायद्वारा प्रस्तुत ब्राह्मणशब्दबाट जस्तै परिव्राजक भिन्न ब्राह्मणको ज्ञान हुन्छ, त्यस्तै '**एतत् कर्म०**' मा प्रयुक्त कर्मशब्द पनि पुरुष भिन्न समस्त जगत्को वाचक हो ।

यद्यपि कर्मशब्द परिस्पन्दन र धर्माधर्म अर्थमा रूढ छ र रूढि अर्थ योगार्थभन्दा बलवान् पनि हुन्छ, तापनि प्रकरणमा त्यो रूढि अर्थ अपेक्षित छैन । ब्राह्मणभन्दा परिव्राजकको ग्रहण हुने भएता पनि विशेषबोधका लागि परिव्राजकको ग्रहण गरिन्छ । त्यस्तै कर्मशब्दबाट (**क्रियते इति कर्म**) यस व्युत्पत्तिद्वारा आदित्य आदि पुरुषहरूको ग्रहण हुने भएता पनि तिनमा अब्रह्मत्व सिद्ध गर्नका लागि श्रुतिमा देवतानिरूपित कर्तृत्वको पृथक् ग्रहण गरिएको छ । अतः सबै वेदान्तहरूमा परमेश्वर नै सम्पूर्ण प्रपञ्चका कर्ता र वेदितव्यका रूपमा प्रतिपादित छन् ।।१६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रम् - जीवमुख्यप्राणलिङ्गान्नेति चेत्तद् व्याख्यातम् १/४/१७

सूत्रार्थ - **जीवमुख्यप्राणलिङ्गात्** = पूर्ववाक्यमा जीव र मुख्यप्राणको हेतुताबाट, **न** = यो श्रुति ब्रह्मपरक होइन, **इति चेत्** = यस्तो भन्दछौ भने, **व्याख्यातम्** = प्रतर्दनाधिकरणमा त्यसको व्याख्या गरिएको छ ।

शाङ्करभाष्यम्

अथ यदुक्तं - वाक्यशेषगताज्जीवलिङ्गान्मुख्यप्राणलिङ्गाच्च तयोरेवान्यतरस्येह ग्रहणं न्याय्यं न परमेश्वरस्येति, तत्परिहर्तव्यम् । अत्रोच्यते - परिहृतं चैतत् **'नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात्'** (ब्र.सू. १/१/३१) इत्यत्र । त्रिविधं ह्यत्रोपासनमेवं सति प्रसज्ज्येत जीवोपासनं मुख्यप्राणोपासनं ब्रह्मोपासनं चेति । न चैतन्न्याय्यम् । उपक्रमोपसंहाराभ्यां हि ब्रह्मविषयत्वमस्य वाक्यस्यावगम्यते । तत्रोपक्रमस्य तावद् ब्रह्मविषयत्वं दर्शितम् । उपसंहारस्यापि निरतिशयफलश्रवणाद्-ब्रह्मविषयत्वं दृश्यते- **'सर्वान्पाप्मनोऽपहत्य सर्वेषां च भूतानां श्रैष्ठ्यं स्वाराज्यमाधिपत्यं पर्येति य एवं वेद'** इति । नन्वेवं सति प्रतर्दनवाक्यनिर्णयेनैवेदमपि वाक्यं निर्णीयेत । न निर्णीयते, **'यस्य वैतत्कर्म'** इत्यस्य ब्रह्मविषयत्वेन तत्रानिर्धारितत्वात् । तस्मादत्र जीवमुख्यप्राणशङ्का पुनरुत्पद्यमाना निवर्त्यते । प्राणशब्दोऽपि ब्रह्मविषयो दृष्टः- **'प्राणबन्धनं हि सोम्य मनः'** (छा० ६/८/२) इत्यत्र । जीवलिङ्गमप्युपक्रमोपसंहारयोर्ब्रह्मविषयत्वादभेदाभिप्रायेण योजयितव्यम् ।।१७।।

नेपालीभाषानुवाद

अथ = यसपछि, **वाक्यशेषगतात्** = वाक्यशेषबाट प्राप्त, **जीवलिङ्गात्** = भोक्तृत्व रूप जीवको लक्षणबाट, **च** = र, **मुख्यप्राणलिङ्गात्** = स्पन्दनादि रूप मुख्यप्राणलक्षणबाट, **तयोः एव** = जीव र प्राणमध्ये, **एकतरस्य** = कुनै एकको, **इह** = यसरी, **यत् उक्तम्** = जो भनियो, **तत् परिहर्तव्यम्** = त्यसको निराकरण गर्नुपर्दछ, **अत्र** = यस सम्बन्धमा, **उच्यते** = भनिन्छ **नोपासात्रैविद्यादाश्रितत्वादिह तद्योगात्'** = जीवोपासना, मुख्यप्राणोपासना र ब्रह्मोपासनारूप तीन उपासना मान्नु पर्ने हुँदा प्राणशब्दबाट जीव, प्राण र ब्रह्मको बोध हुन्छ भन्न मिल्दैन, ब्रह्मको मात्र बोध हुन्छ, किनकि, **'प्राण इति होवाच'** इत्यादि वाक्यमा ब्रह्मलिङ्ग भएकाले प्राणशब्दको अर्थ ब्रह्म नै स्वीकार गरिएको छ, **इह** = यस श्रुतिमा पनि, **तद्योगात्**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मको नै योग छ, **इत्यत्र**= यस सूत्रमा, **च** = पनि, **एतत्** = जीवपरक अर्थ र मुख्यप्राणपरक अर्थको निराकरण गरिएको छ, **एवं सति** = जीवलिङ्ग र मुख्यप्राण लिङ्गको आधारमा जीव र प्राण मध्ये कुनै एकको ग्रहण गरिएमा, **जीवोपासनम्** = जीवको उपासना, **मुख्यप्राणोपासनम्** = मुख्यप्राणको उपासना, **च** = र, **ब्रह्मोपासनम्** = ब्रह्मको उपासना, **इति** = यसरी, **त्रिविधम्** = तीन प्रकारको, **उपासनम्** = उपासना गर्नुपर्ने कुरा, **प्रसज्ज्येत** = आइलाग्ने छ, **च** = तर, **एतत्** = यो कुरा, **न न्याय्यम्** = उचित हुने छैन, **अस्य** = यस, **यो वै बालाके इत्यादिवाक्यस्य** = वाक्यको, **उपक्रमोपसंहाराभ्याम्** = प्रस्तावना र उपसंहारबाट, **हि** = निश्चय नै, **ब्रह्मविषयत्वम्** = ब्रह्मपरकता, **अवगम्यते** = ज्ञात हुन्छ, **तत्र** = ती दुई मध्ये, **तावत्** = पहिले, **उपक्रमस्य** = आरम्भवाक्य '**यो वै बालाके**' को, **ब्रह्मविषयत्वम्**= ब्रह्मपरकता, **दर्शितम्** = देखाइसकिएको छ, **उपसंहारस्य अपि** = उपसंहारवाक्यको पनि जस्तै, **यः** = जसले, **एवम्** = यसप्रकार, **वेद** = जान्दछ त्यसले, **सर्वान्** = सबै, **पाप्मनः** = पापहरूलाई, **अपहत्य** = नष्ट गरेर, **च** = र, **सर्वेषाम्** = सबै, **भूतानाम्** = भूतहरू मध्ये, **श्रेष्ठ्यम्** = श्रेष्ठता, **स्वाराज्यम्** = स्वराज्य, **आधिपत्यम्**= स्वामित्व, **पर्येति** = प्राप्त गर्दछ, **इति** = यसरी, **निरतिशयफलश्रवणात्** = निरतिशय फलको प्रतिपादन गरिएकाले, **ब्रह्मविषयत्वम्** = ब्रह्मपरकता, **दृश्यते** = देखिन्छ, जानिन्छ; **ननु**= शङ्का हुन्छ, **एवं सति** = यस्तो भएमा, **प्रतर्दनवाक्यनिर्णयेन एव**= प्रतर्दनवाक्यको निर्णयबाट नै, **इदम्**= यस, **वाक्यम् अपि** = वाक्यको पनि, **निर्णीयेत**= निर्णय हुन सक्थ्यो, उत्तरमा भनिन्छ–, **तत्र** = प्रतर्दनवाक्यमा '**यस्य वैतत् कर्म०**' इत्यादि वाक्यको, **ब्रह्मविषयत्वेन** = ब्रह्मपरकताको दृष्टिबाट, **अनिर्धारितत्वात्** = निश्चय नगरिएकाले, **न निर्णीयते** = प्रतर्दनवाक्यबाट **यस्य वैतत्०** इत्यादि वाक्यको निर्णय हुँदैन, **तस्मात्** = त्यसकारण, **अत्र** = यहाँ, **पुनः** = फेरि, **उत्पद्यमाना** = उत्पन्न भइरहेको, **जीवमुख्यप्राणविषयशङ्का** = जीव र मुख्यप्राण विषयमा आधारित शङ्काको, **निवर्त्यते** = निवारण गरिन्छ, **सोम्य** = हे सोम्य, **हि** = निश्चय नै, **प्राणबन्धनम्** = प्राणरूप बन्धन भएको, **मनः** = मन हुन्छ, **इत्यत्र** = यस छान्दोग्यश्रुतिमा, **प्राणशब्दः अपि** = प्राणशब्द पनि, **ब्रह्मविषयः** = ब्रह्मपरक, **दृष्टः** = देखिएको छ, **उपक्रमोपसंहारयोः** = उपक्रम र उपसंहारको, **ब्रह्मविषयत्वात्** = ब्रह्मपरकता भएकाले, **जीवलिङ्गम् अपि** = जीवलिङ्गको पनि, **अभेदाभिप्रायेण** = अभेद अभिप्रायद्वारा, **योजयितव्यम्** = ब्रह्मपरकतामा योजना गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

वाक्यशेषबाट प्राप्त भोक्तारूप जीवको लिङ्गबाट र स्पन्दन आदिरूप प्राणको लिङ्गबाट ती दुई मध्ये एउटा नै पुरुषहरूको कर्ता र ज्ञेय विषय हुन आउँछ भनेर जो पूर्वपक्षीद्वारा भनियो, त्यो भनाइ खण्डनीय छ ।

जीवोपासना, मुख्य प्राणोपासना र ब्रह्मोपासना गरी तीन उपासना मान्नु पर्ने भएकाले प्राणशब्दबाट जीव मुख्य प्राण र ब्रह्मको बोध हुन्छ भन्न मिल्दैन । किनकि **'प्राण इति होवाच'** इत्यादि वाक्यमा प्राणशब्दको अर्थ ब्रह्म हो भनिएको छ । साथै **'नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात्'** मा पनि 'वेदितव्य विषय' का सम्बन्धमा जीवलाई र प्राणलाई लिइएको छैन । पूर्वपक्षीको 'वेदितव्य भनेर जीव वा प्राणमध्ये कुनै एकलाई लिनु पर्दछ' भन्ने भनाइलाई स्वीकार गर्ने हो भने साधकले जीवोपासना, मुख्यप्राणोपासना र ब्रह्मोपासना गरी ३ प्रकारको उपासना गर्नुपर्ने परिस्थिति आइलाग्ने छ।

'यो ह वै बालाके' इत्यादि उपक्रमवाक्यको र जसले जान्न पर्ने (वेदितव्य) विषयलाई जान्दछ, त्यो पापनिर्मुक्त हुन्छ, सबै प्राणीमा श्रेष्ठ हुन्छ र स्वाराज्य एवं स्वामित्व प्राप्त गर्दछ भन्ने अभिप्रायवाला उपसंहारवाक्यको पनि ब्रह्ममा तात्पर्य रहेको छ । ब्रह्मज्ञान विना प्राणोपासना र जीवोपासनाबाट उक्त फल प्राप्त हुनसक्दैन ।

यहाँ तात्पर्यनिर्णयका लागि प्रतर्दनवाक्यको विवेचनबाट अपेक्षित उत्तर प्राप्त नहुने हुँदा **'प्राणबन्धनं हि सोम्य मनः'** इत्यादि छान्दोग्यश्रुतिमा ब्रह्मको अर्थमा प्रयुक्त **'प्राण'** शब्दलाई निर्णायक मान्नु पर्दछ। अतः पुरुषद्वारा जान्नुपर्ने तत्त्व ब्रह्म नै हो, जीव र मुख्य प्राण होइन ।।१७।।

ब्रह्मसूत्रम्- अन्यार्थं तु जैमिनिः प्रश्नव्याख्यानाभ्यामपि चैवमेके १/४/१८

सूत्रार्थ - जैमिनिः = आचार्य जैमिनि, **तु** = त भन्दछन् कि यस प्रकरणमा जीवको परामर्श, **अन्यार्थम्** = ब्रह्मज्ञानका लागि हो भन्ने कुरा, **प्रश्नव्याख्यानाभ्याम्** = **'क्वैष एतद् बालाके०'** इत्यादि प्रश्न र **'यदा सुप्तः स्वप्नं न कञ्चन०'** इत्यादि उत्तरबाट सिद्ध हुन्छ, **अपि च** = पुनश्च, **एके** = वाजसनेयिशाखाका अनुयायीहरू, **एवम्** = **'य एष विज्ञानमयः'** इत्यादि प्रश्न र **'य एषोऽन्तर्हृदयः'** इत्यादि उत्तरद्वारा विज्ञानात्मा परमात्मादेखि भिन्न छ भन्ने स्पष्ट गर्दछन् ।

शाङ्करभाष्यम्

अपि च नैवात्र विवदितव्यम्- जीवप्रधानं वेदं वाक्यं स्याद् ब्रह्मप्रधानं वेति । यतोऽन्यार्थं जीवपरामर्शं ब्रह्मप्रतिपत्त्यर्थमस्मिन्वाक्ये जैमिनिराचार्यो मन्यते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्मात् ? प्रश्नव्याख्यानाभ्याम्। प्रश्नस्तावत्सुप्तपुरुषप्रतिबोधनेन प्राणादिव्यतिरिक्ते जीवे प्रतिबोधिते पुनर्जीवव्यतिरिक्तविषयो दृश्यते – **'क्वैष एतद्बालाके पुरुषोऽशयिष्ट, क्व वा एतदभूत्कुत एतदागात्'** (कौ.ब्रा. ४/१९) इति । प्रतिवचनमपि **'यदा सुप्तः स्वप्नं न कञ्चन पश्यत्यथास्मिन्प्राण एवैकधा भवति'** इत्यादि **'एतस्मादात्मनः प्राणा यथायतनं विप्रतिष्ठन्ते प्राणेभ्यो देवा देवेभ्यो लोकाः'** (कौ.ब्रा. ४/२०) इति च । सुषुप्तिकाले च परेण ब्रह्मणा जीव एकतां गच्छति। परस्माच्च ब्रह्मणः प्राणादिकं जगज्जायत इति वेदान्तमर्यादा। तस्माद्यत्रास्य जीवस्य निःसंबोधतास्वच्छतारूपः स्वापः,उपाधिजनितविशेषविज्ञानरहितं स्वरूपम्, यतस्तद्भ्रंशरूपमागमनम्, सोऽत्र परमात्मा वेदितव्यतया श्रावित इति गम्यते । अपि चैवमेके शाखिनो वाजसनेयिनोऽस्मिन्नेव बालाक्यजातशत्रुसंवादे स्पष्टं विज्ञानमयशब्देन जीवमाम्नाय तद्व्यतिरिक्तं परमात्मानमामनन्ति– **'य एष विज्ञानमयः पुरुषः क्वैष तदाभूत्कुत एतदागात्'** (बृ. २/१/१६) इति प्रश्ने । प्रतिवचनेऽपि **'य एषोऽन्तर्हृदय आकाशस्तस्मिञ्शेते'** इति । आकाशशब्दश्च परमात्मनि प्रयुक्तः **'दहरोऽस्मिन्नन्तराकाशः'** (छा. ८/११) इत्यत्र । **'सर्व एत आत्मनो व्युच्चरन्ति'** इति चोपाधिमतामात्मनामन्यतो व्युच्चरणमामनन्तः परमात्मानमेव कारणत्वेनामनन्तीति गम्यते । प्राणनिराकरणास्यापि सुषुप्तपुरुषोत्थापनेन प्राणादिव्यतिरिक्तोपदेशोऽभ्युच्चयः ।।१८।।

नेपालीभाषानुवाद

अपि च = फेरि, **इदम्** = यो, **वाक्यम्** = वाक्य, **जीवप्रधानम्** = जीवपरक हो, **वा** = अथवा, **ब्रह्मप्रधानम्** = ब्रह्मपरक हो, **इति** = यसरी, **अत्र** = यहाँ, **न एव विवदितव्यम्** = विवाद नै गर्न हुँदैन, **यतः** = किनकि, **आचार्यः जैमिनिः** = आचार्य जैमिनि, **अस्मिन् वाक्ये** = यस वाक्यमा, **जीवपरामर्शम्** = जीवपरामर्शलाई, **ब्रह्मप्रतिपत्त्यर्थम्** = ब्रह्मपरक अर्थको प्राप्तिका लागि, **अन्यार्थम्** = जीवभिन्न अर्थवाला, **मन्यते** = मान्दछन्, **कस्मात्** = कसरी भन्ने प्रश्न हुँदा उत्तर हुन्छ –, **प्रश्नव्याख्यानाभ्याम्** = प्रश्न र व्याख्यानद्वारा, **बालाके** = हे बालाकि, **एषः** = यो, **पुरुषः** = पुरुष, **क्व** = कहाँ, **अशयिष्ट** = सुत्ने गर्दथ्यो, **एतत्** = शयन, **वा** = अथवा, **क्व**= कहाँ थियो, **कुतः आगात्** = यो कहाँबाट प्राप्त भयो, **इति** = यसरी, **सुप्तपुरुषप्रतिबोधनेन** = सुतेका पुरुषलाई जगाउने प्रक्रियाद्वारा, **प्राणादिव्यतिरिक्ते** = प्राण आदि भन्दा अतिरिक्त, **जीवे** = जीवलाई, **प्रतिबोधिते** = जगाइए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि, **तावत्** = पहिले, **जीवव्यतिरिक्तविषयः** = जीवदेखि अतिरिक्त विषयमा आधारित, **पुनः** = फेरि, **प्रश्नः** = प्रश्न, **दृश्यते** = देखिन्छ, **यदा** = जब, **सुप्तः** = सुतेको पुरुषले, **कञ्चन**= कुनै पनि, **स्वप्नम्**= सपना, **न पश्यति** = देख्दैन, **अथ**= त्यसपछि, **अस्मिन्** = यस, **प्राणे एव** = प्राणमा नै, **एकधा भवति** = एकरूपता प्राप्त गर्दछ, **इत्यादि** = यस्तो र यस्तै अरू, **एतस्मात्** = यस, **आत्मनः** = आत्माबाट, **प्राणाः** = प्राण आदि इन्द्रियहरू, **यथायतनम्** = आ-आफ्नो आश्रयअनुसार, **विप्रतिष्ठन्ते** = प्रकट हुन्छन्, **प्राणेभ्यः** = प्राण आदिबाट, **देवेभ्यः** = देवताहरू, **देवेभ्यः** = देवता आदिबाट, **लोकाः** = विषयहरू प्रकट हुन्छन्, **इति च** = यो, **प्रतिवचनम् अपि** = उत्तर पनि रहेको छ, कौषीतकि ब्राह्मणको भनाइ हो, **सुषुप्तिकाले**= सुषुप्तिसमयमा, **जीवः** = जीव, **परेण ब्रह्मणा** = परब्रह्मका साथ, **एकतां गच्छति**= एकतामा प्राप्त हुन्छ, **परस्मात् ब्रह्मणः च** = परब्रह्मबाट पनि, **प्राणादिकम्** = प्राण आदि, **जगत्** = जगत्, **जायते** = उत्पन्न हुन्छ, **इति** = यो, **वेदान्तमर्यादा** = वेदान्त शास्त्रको मर्यादा हो, **तस्मात्**= त्यसकारण अर्थात् प्रश्नवाक्यलाई मनन गर्दा, **यत्र** = जुन परमात्मामा, **अस्य** = यस, **जीवस्य** = जीवको, **निःसंबोधतास्वच्छतारूपः**= भानरहित र स्वच्छ, **स्वापः**= गाढ निद्रा छ, **उपाधिजनितविशेषविज्ञानरहितं रूपम्**= उपाधिबाट हुने विशेष विज्ञानबाट शून्य स्वरूप छ, **यतः** = जुन स्वरूपबाट, **तद्भ्रंशरूपम्** = पतनरूप, **आगमनम्** = आगमन भएको छ, **अत्र** = यहाँ, **सः** = त्यो, **परमात्मा** = परमेश्वर, **वेदितव्यतया** = जान्नु पर्ने विषयका रूपमा, **श्रावितः इति** = सुनाइएको छ भन्ने तथ्य, **गम्यते** = बुझिन्छ, **अपि च** = फेरि, **एवम्** = यसप्रकार, **एके**= एकथरी, **वाजसनेयिनः** = वाजसनेयी, **शाखिनः** = शाखावालाहरू, **अस्मिन् एव** = यसै, **बालाक्यजातशत्रुसंवादे** = बालाकि र अजात शत्रुको संवादमा, **स्पष्टम्** = स्पष्टरूपमा, **विज्ञानमयशब्देन** = विज्ञानमयशब्दले, **जीवम्** = जीवलाई, **आम्नाय** = प्रतिपादन गरेर, **तद्व्यतिरिक्तम्** = त्यसभन्दा अलग रहेको, **परमात्मानम्**= परमात्मा छ भन्ने कुरा, **आमनन्ति** = प्रतिपादन गर्दछन् जस्तै, **यः** = जो, **एषः** = यो, **विज्ञानमयः** = विज्ञानात्मा, **पुरुषः** = पुरुष छ, **तदा** = सुतिरहेको बेला, **एषः**= यो, **क्व** = कहाँ, **अभूत्** = थियो, **एतत्** = यो, **कुतः** = कहाँबाट, **आगात्** = आयो, **इति** = यस, **प्रश्ने** = प्रश्नमा र, **प्रतिवचनेऽपि** = उत्तरवाक्यमा पनि जस्तै, **अन्तर्हृदये**= हृदयभित्र, **यः** = जुन, **एषः** = यो, **आकाशः** = आकाश छ, **तस्मिन्**= त्यसमा, **शेते**= शयन गर्दछ, **इति**= यसरी भनिएको छ, **अस्मिन्**= हृदयमा, **दहरः**= सूक्ष्म, **अन्तराकाशः** = जो आकाश छ, **इत्यत्र** = यस छान्दोग्यश्रुतिमा, **आकाशशब्दः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च = आकाशशब्द पनि, **परमात्मनि** = परमात्माको अर्थमा, **प्रयुक्तः** = प्रयोग गरिएको छ, **एते** = यी, **सर्वे** = सबै, **आत्मनः** = आत्माबाट, **व्युच्चरन्ति** = बाहिर आउँछन्, **इति च** = इत्यादि वाक्यहरू पनि, **उपाधिमताम्** = उपाधिवाला, **आत्मनाम्**= आत्माहरूको, **अन्यतः** = कुनै तत्त्वबाट, **व्युच्चरणम्** = बाहिर आउने तथ्यलाई, **आमनन्तः** = श्रवण गराउँदा छँदा, **परमात्मानम् एव** = परमात्मालाई नै, **कारणत्वेन**= कारणरूपमा, **आमनन्ति** = प्रतिपादन गर्दछन्, **इति** = यस्तो, **गम्यते** = जानिन्छ, **सुषुप्तपुरुषोत्थापनेन** = **'क्वैष बालाके०'** इत्यादि वाक्यमा सुतिरहेका पुरुषलाई जगाउने कार्यद्वारा, **प्राणादिव्यतिरिक्तोपदेशः** = प्राण आदि भन्दा आत्मा छुट्टै छ भन्ने जो उपदेश गरिएको छ, त्यो नै; **प्राणनिराकरणस्य** = प्राणनिराकरणको पनि, **अभ्युच्चयः** = अभ्युच्चयस्वरूप हो, **अतः** = उक्त वाक्य परमात्मामा समन्वित छ र प्राणादिमा समन्वित छैन भन्ने तथ्य बुझ्नु पर्दछ ।

विशदीकरण

यो वाक्य जीवपरक हो कि ब्रह्मपरक भन्ने विषयलाई लिएर विवाद गर्नु उपयुक्त छैन । आचार्य जैमिनिले 'ब्रह्मपरक अर्थबोधका लागि यस वाक्यमा जीवको चर्चा गरिएको हो' भन्नुभएको छ। कसरी ब्रह्मपरक अर्थ गरियो ? भन्ने प्रश्नको उत्तर दिंदै जैमिनि भन्नुहुन्छ- 'प्रश्न र व्याख्यानद्वारा ब्रह्मपरक अर्थ गरिन्छ'। जस्तै - 'हे बालाकि यो पुरुष कहाँ सुतिरहेको थियो ? यसको शय्या कहाँ थियो ? यो कहाँबाट आयो ?' यसरी प्रश्न गरिएको छ ।

पहिले सुतेका पुरुषलाई जगाउने प्रक्रियाद्वारा प्राणादि भिन्न जीवलाई जगाएपछि जीवदेखि भिन्न विषयमा आधारित प्रश्न गरिएको हो भन्ने बुझिन्छ । 'जब सुतेका पुरुषले कुनै सपना देख्दैन, त्यसपछि त्यो पुरुष प्राणरूप ब्रह्ममा नै विलीन हुन्छ । यस आत्माबाट नै प्राण आदि इन्द्रियहरू आ-आफ्नो आयतनमा प्रकट हुन्छन् । प्राण आदिबाट देवताहरू प्रकट हुन्छन्, देवता आदिबाट विषयहरू प्रकट हुन्छन्' इत्यादिरूपमा व्याख्यानात्मक उत्तर दिइएको छ ।

सुषुप्तिसमयमा जीवले ब्रह्मसँग एकरूपता प्राप्त गर्दछ । परब्रह्मबाट प्राणादि जगत् उत्पन्न हुन्छ, भन्ने यो भनाइ वेदान्तशास्त्रको मर्यादा हो । त्यसकारण यस जीवको जहाँ निस्पन्द, स्वच्छ र गाढ शयन हुन्छ, उपाधिनिर्मुक्त स्वरूपले अबस्थान हुन्छ र जुन स्वरूपबाट खसेपछि पुनः जीवरूपमा प्राप्ति हुन्छ, त्यो परमात्मा नै ज्ञेयविषय हो भन्ने तथ्य बुझिन्छ ।

फेरि वाजसनेयी शाखावालाहरू पनि उक्त बालाकि र अजातशत्रुको संवादमा प्रयुक्त विज्ञानमय शब्द जीवको वाचक हो र त्यसभन्दा अतिरिक्त रहने तत्त्व परमात्मा हो भन्दछन् । जस्तै - जो यो विज्ञानमय पुरुष हो त्यो सुषुप्तिकालमा कहाँ थियो ? कहाँबाट यसको आगमन भयो ? यी प्रश्न गरिएपछि उत्तररूपमा भनिएको छ - 'विज्ञानमय पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयभित्र रहने आकाशमा शयन गर्दछ' । यहाँ आकाश परमात्माको वाचक हो । आत्माबाट नै सबै विषय प्रकट हुन्छन् । उपाधिवाला जीवहरू पनि परमात्माबाट नै प्रकट हुन्छन् भन्ने कुरा अन्य शाखाहरूमा पनि भनिएको छ । सुषुप्तपुरुषको प्रतिबोधनद्वारा यहाँ प्राणभिन्न आत्माको उपदेश गरिएको छ । यसैबाट प्राण वेदितव्य होइन भन्ने कुरा पनि स्पष्ट हुन्छ । अत: उक्त वाक्य ब्रह्मपरक हो प्राणपरक र जीवपरक होइन ।

निष्कर्षमा वर्णित जीव र मुख्य प्राणको ब्रह्ममा नै विलय हुने कुरा बताएर यहाँ जीवलिङ्गबाट ब्रह्मको ग्रहण गर्नु पर्दछ । **'क्वैष एतत् बालाके०'** यस श्रुतिमा गरिएको जीवपरामर्श ब्रह्मज्ञानका लागि नै हो । वाजसनेयी शाखावालाहरूले पनि आफ्नो ग्रन्थमा यसै कुरालाई स्पष्टपारेका छन् । सुषुप्तिमा जीव ब्रह्मसँग एकाकार हुन्छ, त्यसको अविर्भाव र तिरोभाव ब्रह्ममा नै हुन्छ भनेर जो भनिएको छ । त्यस आधारमा पनि यस वाक्यको प्रतिपाद्य ब्रह्म नै हो, किनकि चेतन जीव जड प्राणसँग कहिले पनि एकाकार हुन सक्तैन । यस सूत्रको जीवनिराकरण जस्तै प्राण निराकरणमा पनि उद्देश्य छ भन्ने कुरा बुझ्नु पर्दछ।।१८।।

इतिबालाक्यधिकरणम् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. वाक्यान्वयाधिकरणम् {सू. १९-२२}

ब्रह्मसूत्रम् - वाक्यान्वयात् १/४/१९

सूत्रार्थ - **वाक्यान्वयात्** = 'आत्मा वा अरे द्रष्टव्यः' यस श्रुतिमा द्रष्टव्यरूपबाट बताइएको आत्मा परमात्मा नै हो, किनकि उपक्रम र उपसंहारको पर्यालोचनबाट यस वाक्यको ब्रह्ममा नै अन्वय हुने कुरा स्पष्ट हुन्छ।

शाङ्करभाष्यम्

बृहदारण्यके मैत्रेयीब्राह्मणेऽधीयते- **'न वा अरे पत्युः कामाय'** इत्युपक्रम्य **'न वा अरे सर्वस्य कामाय सर्वं प्रियं भवत्यात्मनस्तु कामाय सर्वं प्रियं भवत्यात्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो मैत्रेय्यात्मनो वा अरे दर्शनेन श्रवणेन मत्या विज्ञानेनेदं सर्वं विदितम्'** (बृ. ४/५/६) इति, तत्रैतद्विचिकित्स्यते - किं विज्ञानात्मैवायं द्रष्टव्यश्रोतव्यत्वादिरूपेणोपदिश्यत आहोस्वित्परमात्मेति। कुतः पुनरेषा विचिकित्सा ? प्रियसंसूचितेनात्मना भोक्त्रो-पक्रमाद्विज्ञानात्मोपदेश इति प्रतिभाति। तथात्मविज्ञानेन सर्वविज्ञानोपदेशात्परमात्मो-पदेश इति। किं तावत्प्राप्तम् ? विज्ञानात्मोपदेश इति। कस्मात् ? उपक्रमसामर्थ्यात्। पतिजायापुत्रवित्तादिकं हि भोग्यभूतं सर्वं जगदात्मार्थतया प्रियं भवतीति प्रियसंसूचितं भोक्तारमात्मानमुपक्रम्यानन्तरमिदमात्मनो दर्शनाद्युपदिश्यमानं कस्यान्यस्यात्मनः स्यात् ? मध्येऽपि **'इदं महद्भूतमनन्तमपारं विज्ञानघन एवैतेभ्यो भूतेभ्यः समुत्थाय तान्येवानुविनश्यति न प्रेत्य संज्ञास्ति'** इति प्रकृतस्यैव महतो भूतस्य द्रष्टव्यस्य भूतेभ्यः समुत्थानं विज्ञानात्मभावेन ब्रुवन्विज्ञानात्मन एवेदं द्रष्टव्यत्वं दर्शयति। तथा **'विज्ञातारमरे केन विजानीयात्'** इति कर्तृवचनेन शब्देनोपसंहरन्विज्ञानात्मानमेवेहोपदिष्टं दर्शयति। तस्मादात्मविज्ञानेन सर्वविज्ञान-वचनं भोक्त्रर्थत्वाद्भोग्यजातस्यौपचारिकं द्रष्टव्यमिति।

नेपालीभाषानुवाद

बृहदारण्यके = बृहदारण्यक उपनिषद्मा, **मैत्रैयीब्राह्मणे** = मैत्रेयीब्राह्मणमा, **अरे** = हे मैत्रेयी, **पत्युः** = पतिको, **कामाय** = अभिलाषा पूरा गर्नका लागि, **न वा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिः प्रियो भवति = पति प्यारो हुँदैन, **इत्युपक्रम्य** = इत्यादि रूपमा वाक्यको आरम्भ गरेर, **अरे** = मैत्रेयी, **सर्वस्य** = ती सबै जो जोसँग मायाँ गरिन्छ, **कामाय**= तिनीहरूको कामना पूर्तिको लागि, **सर्वम्**= ती सबै, **प्रियम्** = प्यारा, **न वा भवति**= हुँदैनन्, **आत्मनः** = आफ्नै आत्माको, **तु** = त, **कामाय** = इच्छापूर्तिको लागि, **सर्वम्** = ती सबै, **प्रियम्** = प्यारा, **भवति** = हुन्छन्, **वा** = निश्चय नै, **अरे**= मैत्रेयी, **आत्मा** = आत्मा, **द्रष्टव्यः** = दर्शनद्वारा दर्शन गर्न योग्य छ, **श्रोतव्यः** = श्रुतिद्वारा सुन्न योग्य छ, **मन्तव्यः** = स्मृतिहरूद्वारा मनन गर्न योग्य छ, **निदिध्यासितव्यः** = योगद्वारा ध्यान गर्न योग्य छ, **अरे मैत्रेयि** = हे मैत्रेयी, **वा** = निश्चय नै, **आत्मनः** = आत्माको, **दर्शनेन** = दर्शन गर्नाले, **श्रवणेन** = श्रवण गर्नाले, **मत्या** = मनन गर्नाले, **विज्ञानेन** = ज्ञानं गर्नाले, **इदम्** = यो, **सर्वम्** = सारा, **विदितम्** = जानिन्छ, **इति** = यस्तो, **अधीयते** = अध्ययन गरिन्छ, **तत्र** = यहाँ, **एतत्** = यो, **विचिकित्स्यते**= सन्देह गरिन्छ कि, **किम्** = के, **द्रष्टव्यश्रोतव्यादिरूपेण** = देख्नु योग्य, सुन्न योग्य आदि निरूपणद्वारा, **अयम्** = यो, **विज्ञानात्मा एव** = जीवात्मा, **उपदिश्यते** = उपदेश गरिएको छ, **आहोस्वित्** = अथवा, **परमात्मा** = परमात्माको उपदेश गरिएको छ, **इति** = संशयको स्वरूप यस्तो रहेको छ, **पुनः** = फेरि, **एषा** = यो, विचिकित्सा, सन्देह, **कुतः** = किन हुन्छ, **प्रियसंसूचितेन** = प्रियशब्दबाट सूचित, **भोक्त्रा** = भोक्ता, **आत्मना** = आत्माद्वारा **उपक्रमात्** = उपक्रम गरिएकाले, **विज्ञानोत्मोपदेशः** = विज्ञानात्मा जीवको उपदेश गरिएको कुरा, **प्रतिभाति** = प्रतीत हुन्छ, **तथा** = त्यस्तै, **आत्मविज्ञानेन** = आत्माको ज्ञान गर्नाले, **सर्वविज्ञानोपदेशात्** = सबैको ज्ञान हुने कुराको उपदेश भएबाट, **परमात्मोपदेशः** = परमात्माको नै प्रतिपादन भएको कुरा प्रतीत हुन्छ, **इति** = यसरी सन्देह हुन्छ, **तावत्** = पहिले विचार गर्दा, **किम्** = के, **प्राप्तम्** = प्राप्त हुन्छ, (पूर्वपक्षी भन्दछ), **विज्ञानात्मोपदेशः**= दर्शन श्रवणादिको विषय जीवात्मा नै हो भन्ने कुरा, **प्राप्तम्** = प्राप्त हुन्छ, **कस्मात्**= कसरी भन्छौ भने, **उपक्रमसामर्थ्यात्** = वाक्यप्रस्तावनामा प्रस्तुत विषयको सामर्थ्य छ, **हि**= किनकि, **पतिजायापुत्रवित्तादिकम्** = पति, पत्नी, पुत्र, धन सम्पत्ति आदि जो छन्, **भोग्यभूतम्** = भोगरूप, **सर्वम्** = सम्पूर्ण जगत्, **आत्मार्थतया** = आत्माका लागि, **प्रियम्**= प्यारो, **भवति** = लाग्छ, **इति** = यसरी, **प्रियसंसूचितम्** = प्रियशब्दबाट सूचित, **भोक्तारम्** = भोक्ता, **आत्मानम्** = आत्माको, **उपक्रम्य** = उपक्रम गरेर, **अनन्तरम्** = त्यसपछि, **आत्मनः** = आत्माको, **दर्शनादि**= दर्शन आदि, **इदम्** = यो, **उपदिश्यमानम्**= जो उपदेश गरिन्छ, **कस्य** = कुन, **अन्यस्य** = अर्कै, **आत्मनः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको, **स्यात्** = हुनसक्छ (यसरी उपक्रमसामर्थ्य प्रकट भएको छ), **मध्ये** = बीचमा, **अपि** = पनि, **इदम्** = यो, **महत्** = महान् सत्य, **अनन्तम्** = अन्तहीन, **अपारम्** = जसको पार पाउन सकिंदैन त्यस्तो अपारस्वरूपको, **विज्ञानघन:एव** = विज्ञानैकरस, **एतेभ्य:** = यी, **भूतेभ्य:** = पञ्चमहाभूतहरूबाट, **समुत्थाय** = उठेर, **तानि एव** = ती भूतहरूको साथ नै, **अनुविनश्यति** = नष्ट हुन्छ, **प्रेत्य** = यसरी मरेर गएपछि, **संज्ञा** = नाम, **न अस्ति** = रहँदैन, **इति** = यसरी, **प्रकृतस्य** = प्रासङ्गिक, **महत:** = महान्, **द्रष्टव्यस्य** = दर्शनीय, **भूतस्य**= भूतात्माको, **एव**= नै, **भूतेभ्य:** = भूतहरूबाट, **विज्ञानात्मभावेन** = विज्ञानात्मरूपबाट, **समुत्थानम्**= उत्थान हुने कुरा, **ब्रुवन्** = बताउँदो छँदो श्रुतिले नै, **विज्ञानात्मन एव** = विज्ञानात्माको नै, **इदम्**= यो, **द्रष्टव्यत्वम्** = दर्शनीयतालाई, **दर्शयति** = देखाउँछ, **तथा** = त्यस्तै, **अरे** = मैत्रेयी, **विज्ञातारम्** = विज्ञातालाई, **केन** = कुन माध्यमबाट, **विजानीयात्**= जानोस्, **इति**= यसरूपको, **कर्तृवचनेन**= कर्तृवाचक, **शब्देन** = शब्दद्वारा, **उपसंहरन्**= उपसंहार गर्दै, **विज्ञानात्मानम् एव** = विज्ञानात्मालाई नै, **इह** = यहाँ, **उपदिष्टम्** = उपदेश गरिएको कुरा, **दर्शयति** = देखाउँछ, **तस्मात्** = त्यसकारण, **आत्मविज्ञानेन**= आत्मविज्ञानद्वारा, **सर्वविज्ञानवचनम्** = सबै कुरा जान्न सकिन्छ भन्ने वचन, **भोक्त्रर्थ-त्वात्** = भोक्ताका लागि भएकाले, **भोग्यजातस्य** = भोग्यसमूहको, **द्रष्टव्यम्** = दर्शनीयता, **औपचारिकम्** = गौण छ, **इति** = यसरी उपसंहार गरिएको छ (यो पूर्वपक्षीको अभिप्राय हो) ।

विशदीकरण

'हे मैत्रेयी ! पतिको अभिलाषा पूरा गर्नको लागि पति प्यारो हुँदैन' अर्थात् पत्नीले पतिको तृप्तिको लागि आत्मसमर्पण गर्दिनन्, अपि तु आफ्नै तृप्तिको लागि पतिलाई माया गर्छिन्' इत्यादि रूपमा वाक्यको आरम्भ गरेर 'हे मैत्रेयी ! ती सबै जो सँग माया गरिन्छ, तिनकै कामनाको पूर्तिका लागि माया गरिदैन, अपि तु माया गर्नेले आफ्नै इच्छापूर्तिका लागि माया गर्दछ । संसारमा सबैका लागि आफ्नै आत्मा प्यारो छ । अत: प्यारो आत्माको दर्शन, श्रवण, मनन र ध्यान गर्नुपर्दछ । निश्चय नै 'आत्माको दर्शन, श्रवण, मनन र निदिध्यासन गर्नाले यो सबै प्रपञ्च र प्रपञ्चको कारण जानिन्छ' भन्ने विषयवस्तु बृहदारण्यक अन्तर्गतको मैत्रेयीब्राह्मणमा रहेको छ ।

यहाँ शङ्का हुन्छ कि दर्शनीय, श्रवणीय, मननीय र ध्येय जीवात्मा हो अथवा परमात्मा ? आत्मज्ञानबाट सबै जानिने भएकाले यस्तो संशय हुनु पनि स्वाभाविक हो । पहिले जीवात्मा र परमात्मा मध्ये कसलाई लिइएको छ भन्ने प्रश्नको समाधानको क्रममा हाम्रा सामु जीवात्मा नै आउँछ । किनकि 'पति, पत्नी, छोरा, सम्पत्ति आदि जो भोग्य विषय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्, ती आफ्नै आनन्दका लागि आफूलाई प्यारा प्रतीत हुन्छन्' भनिएको छ । अतः ती सबैको भोक्ता जीवात्मा नै भएकाले उपक्रमवाक्यबाट जीवात्माकै दर्शन, मनन आदि गर्नुपर्ने अभिप्राय झल्किन्छ ।

पुनश्च '**इदं महद्भूतमनन्तपारम्०**' इत्यादि मध्यवाक्यद्वारा पनि 'विज्ञानात्मा जीव पञ्च महाभूतहरूबाट उठेर त्यसैमा विलीन हुन्छ' भनिएकाले विज्ञानात्मा जीवको नै दर्शन, श्रवण आदि गर्नुपर्ने कुरा स्पष्ट हुन्छ ।

उपसंहारमा पनि '**विज्ञातारमरे केन विजानीयात्**' अर्थात् 'विज्ञातालाई कसरी जानोस्' भन्ने कर्तृवाचकशब्दको प्रयोग गरिएकाले पनि विज्ञानात्मा जीव नै ज्ञेय देखिन आउँछ । 'आत्माको विज्ञानद्वारा सबै जानिन्छ' भन्ने वचन भोक्ताका लागि भएको र सबै भित्र भोग्यसमूह पनि पर्ने हुँदा भोग्यसमूहको ज्ञानलाई गौण मान्नुपर्दछ ।

निष्कर्षरूपमा भनिन्छ – '**आत्मनस्तु कामाय सर्वं प्रियं भवति**' इत्यादि उपक्रमवाक्यमा आत्मशब्दबाट विज्ञानात्मा जीवको नै ग्रहण गर्नुपर्दछ । मध्यवाक्यमा प्रयोग गरिएको मृत्युकालमा सम्पूर्ण भूतहरूबाट समुत्थान हुने विषय 'विज्ञानात्माको नै हो र उपसंहारवाक्यमा कर्तृवाचकशब्दबाट गरिने उपदेश' पनि विज्ञानात्मा कै उपदेश हो । यसैले आरम्भ मध्य र अवसानबाट वर्णनीय र दर्शनीय विषय विज्ञानात्मा नै हो भन्ने कुरा प्रमाणित हुन्छ ।

'आत्माको ज्ञानबाट सबैको ज्ञान हुन्छ' भन्ने प्रतिज्ञावाक्य हो । भोक्ता आत्माबाट भोग्य समुदाय अत्यन्त भिन्न छ, भोग्यसमुदाय भोक्ताको उपयोगका लागि हुन्छ र भोक्ता जीवको ज्ञान भएपछि तदाश्रित भोग्य समुदायको पनि ज्ञान हुन्छ । त्यसकारण '**आत्मा वा अरे द्रष्टव्यः**' इत्यादि श्रुतिवाक्यबाट जीवात्माको नै दर्शन गर्नुपर्ने कुरा स्पष्ट हुन आउँछ भन्ने अभिप्राय पूर्वपक्षीको रहेको छ ।

शाङ्करभाष्यम्

एवं प्राप्ते ब्रूमः – परमात्मोपदेश एवायम् । कस्मात् ? वाक्यान्वयात् । वाक्यं हीदं पौर्वापर्येणावेक्ष्यमाणं परमात्मानं प्रति अन्वितावयवं लक्ष्यते । कथमिति? तदुपपाद्यते – '**अमृतत्वस्य तु नाशास्ति वित्तेन**' इति याज्ञवल्क्यादुपश्रुत्य '**येनाहं नामृता स्यां किमहं तेन कुर्यां यदेव भगवान्वेद तदेव मे ब्रूहि**' इत्यमृतत्वमाशासानाया मैत्रेय्या याज्ञवल्क्य आत्मविज्ञानमिदमुपदिशति । न चान्यत्र परमात्मविज्ञानादमृतत्वमस्तीति श्रुतिस्मृतिवादा वदन्ति।

नेपालीभाषानुवाद

एवं प्राप्ते = पूर्वपक्षीको अभिप्राय बुझे पछि, **ब्रूमः** = भन्दछौं, **अयम्** = यो, **परमात्मोपदेशः एव**= जीवात्माको उपदेश होइन, अपितु परमात्माको नै उपदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो, **कस्मात्** = किन भने, **वाक्यान्वयात्** = वाक्यको अन्वयबाट, **हि** = किनकि, **इदम्** = यो, **वाक्यम्** = **'आत्मा वा अरे द्रष्टव्यः'** वाक्य, **पौर्वापर्येण** = पूर्वापर सम्बन्धबाट, **अवेक्ष्यमाणम्** = पर्यालोचन गर्दा, **परमात्मानं प्रति** = परमात्मा प्रति, **अन्वितावयवम्** = अवयवहरूको अन्वयवाला, **लक्ष्यते** = जानिन्छ, अर्थात् यस वाक्यका अवयवहरूको अन्वय परमात्मपरक भएको तथ्य बुझिन्छ, **कथम्**= कसरी, **इति** = यस्तो प्रश्न भएमा, **तद्** = अन्वय हुने प्रकार, **उपपाद्यते** = सिद्ध गरिन्छ, **वित्तेन**= धनद्वारा, **अमृतत्वस्य** = अमरत्वको, **तु** = त, **आशा** = आस, **न अस्ति**= छैन, **इति** = यो कुरा, **याज्ञवल्क्यात्** = याज्ञवल्क्यबाट, **उपश्रुत्य** = सुनेर, **अहम्**= म मैत्रेयी, **येन** = जुन किसिमबाट, **अमृता** = अमर, **न स्याम्** = हुन सक्तिन, **अहम्** =म, **तेन** = अमृत नहुने उपायबाट, **किम्** = के, **कुर्याम्** = गर्नसक्छु र, **भगवान्** = भगवत्स्वरूप तपाईंले, **यद् एव** = अमृत हुने जुन उपाय, **वेद** = जान्नु भएको छ, **तद् एव** = त्यो उपाय नै, **मे** = मलाई, **ब्रूहि** = उपदेश गर्नुहोस्, **इति** = यसरी, **अमृतत्वम्** = अमृतभावको, **आशासानायाः** = अभिलाषा गर्ने, **मैत्रेय्याः**= मैत्रेयीका निमित्त, **याज्ञवल्क्यः** = याज्ञवल्क्य ऋषिले, **इदम्** = यो आत्मविज्ञान, **उपदिशति** = उपदेश गर्नुहुन्छ, **आत्मविज्ञानात्** = आत्मतत्त्वको विज्ञानदेखि, **अन्यत्र**= बाहेक अन्य, **अमृतत्वम्** = अमरता, **न च अस्ति**= छैन, **इति** = यो कुरा, **श्रुतिस्मृतिवादाः** = श्रुति र स्मृतिका सिद्धान्तले, **वदन्ति** = बताउँछन् ।

विशदीकरण

पूर्वापरसम्बन्धको पर्यालोचनबाट **'आत्मा वा अरे द्रष्टव्यः'** इत्यादि वाक्यहरूमा परमात्माको दर्शन गर्नुपर्ने विषयमा उपदेश गरिएको छ, जीवात्मा लक्षित छैन । याज्ञवल्क्य-मैत्रेयीसंवादमा याज्ञवल्क्यबाट 'धन, सम्पत्तिद्वारा अमर हुन सकिंदैन' भन्ने कुरा सुनेपछि मैत्रेयीले याज्ञवल्क्यसँग 'जसरी म अमर हुनसक्छु, त्यो उपदेश गर्नुहोस्' भनेर नम्र निवेदन गर्दा याज्ञवल्क्यले 'आत्मविज्ञानदेखि बाहेक अमृतत्व प्राप्त गर्ने दोस्रो उपाय छैन, श्रुति र स्मृतिले यसै तथ्यलाई नै प्रतिपादन गर्दछन्' भन्नुभएको छ । त्यसकारण **'आत्मा वा अरे द्रष्टव्यः'** वाक्य परमात्माको नै दर्शन, श्रवण, मनन र निदिध्यासन गर्नुपर्ने कुरा बताउँछ ।

शाङ्करभाष्यम्

तथा चात्मविज्ञानेन सर्वविज्ञानमुच्यमानं नान्यत्र परमकारणविज्ञानान्मुख्यमवकल्पते। न चैतदौपचारिकमाश्रयितुं शक्यम्, यत्कारणमात्मविज्ञानेन सर्वविज्ञानं प्रतिज्ञायानन्तरेण ग्रन्थेन तदेवोपपादयति- **'ब्रह्म तं परादाद्योऽन्यत्रात्मनो ब्रह्म वेद'** इत्यादिना । यो हि ब्रह्मक्षत्रादिकं जगदात्मनोऽन्यत्र स्वातन्त्र्येण लब्धसद्भावं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्यति तं मिथ्यादर्शिनं तमेव मिथ्यादृष्टं ब्रह्मक्षत्रादिकं जगत्पराकरोतीति भेददृष्टिमपोह्य '**इदं सर्वं यदयमात्मा**' इति सर्वस्य वस्तुजातस्यात्मा व्यतिरेकमवतारयति '**दुन्दुभ्यादिदृष्टान्तैश्च**' (बृ. ४/५/८) तमेवाव्यतिरेकं द्रढयति । '**अस्य महतो भूतस्य निःश्वसितमेतद्यदृग्वेदः**' (बृ. ४/५/११) इत्यादिना च प्रकृतस्यात्मनो नामरूपकर्मप्रपञ्चकारणतां व्याचक्षाणः परमात्मानमेनं गमयति । '**तथैवैकायनप्रक्रियायामपि**' (बृ. ४/५/१२) सविषयस्य सेन्द्रियस्य सान्तःकरणस्य प्रपञ्चस्यैकायनमनन्तरमबाह्यं कृत्स्नं प्रज्ञानघनं व्याचक्षाणः परमात्मानमेनं गमयति। तस्मात्परमात्मन एवायं दर्शनाद्युपदेश इति गम्यते ।।१९।।

नेपालीभाषानुवाद

तथा च = त्यस्तै, **आत्मविज्ञानेन** = आत्मविज्ञानद्वारा, **उच्यमानम्** = प्रतिपादित, **सर्वविज्ञानम्** = सर्वविज्ञान, **परमकारणविज्ञानात्** = परम कारणको विज्ञान, **अन्यत्र** = विना, **मुख्यम्** = मुख्य, **न अवकल्पते** = हुन सक्तैन, **एतत्** = यस कथनलाई, **औपचारिकम्** = गौणरूपमा, **आश्रयितुम्** = ग्रहण गर्न, **न च शक्यम्** = सकिंदैन, **यत् कारणम्** = किनकि, **आत्मविज्ञानेन** = आत्मविज्ञानद्वारा, **सर्वविज्ञानम्** = सर्वविज्ञानको, **प्रतिज्ञाय** = प्रतिज्ञा गरेर, **ब्रह्म** = ब्राह्मणजातिले, **तम्** = त्यसलाई, **परादात्** = परास्त गर्दछ, **यः** = जसले, **ब्रह्म** = ब्राह्मणजातिलाई, **आत्मनः** = आत्माभन्दा, **अन्यत्र** = भिन्न, **वेद** = सम्झन्छ, बुझ्दछ; **इत्यादिना** = यसप्रकारको, **अनन्तरेण** = अग्रिम, **ग्रन्थेन** = सन्दर्भद्वारा, **तद् एव** = त्यसै कुरालाई, **उपपादयति** = याज्ञवल्क्यले सिद्ध गर्दछन्, **हि** = निश्चय नै, **यः** = जसले, **ब्रह्मक्षत्रादिकम्** = ब्राह्मण, क्षत्रिय आदि, **जगत्** = जगत्लाई, **आत्मनः** = आत्मादेखि, **अन्यत्र** = भिन्न, **स्वातन्त्र्येण** = स्वतन्त्ररूपमा, **लब्धसद्भावम्** = सत्तावाला छ भन्ने भावले, **पश्यति** = देख्दछ, **तद् एव** = त्यही नै, **मिथ्यादृष्टम्**= मिथ्या देखिएको र जुन रूपमा छ त्यो भन्दा भिन्न रूपमा देखिएको, **ब्रह्मक्षत्रादिकम्** = ब्राह्मण, क्षत्रिय आदि, **जगत्** = जगत्ले, **मिथ्यादर्शिनम्** = मिथ्यादर्शी, **तम् एव** = त्यसलाई नै, **पराकरोति** = कल्याणमार्गबाट च्युत गराउँछ, **इति** = यसप्रकार, **भेददृष्टिम्** = भेददृष्टिलाई, **अपोह्य** = निषेध गरेर, **इदम्** = यो, **सर्वम्** = सबै, **यत्** = जो छ त्यो, **अयम्** = यो, **आत्मा** = आत्मा नै हो, **इति** = यस वाक्यद्वारा, **सर्वस्य** = सम्पूर्ण, **वस्तुजातस्य** = वस्तुसमूहको, **आत्माऽव्यतिरेकम्** = आत्मासँग अभिन्नता रहेको तथ्यलाई, **अवतारयति** = अवतरण गराएका छन्, **दुन्दुभ्यादिदृष्टान्तैः** = दमाहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्ता बाजाहरूको दृष्टान्तद्वारा, **च** = पनि, **तम् एव** = त्यसै, **अव्यतिरेकम्** = वस्तुसमूह र आत्माको अभिन्नतालाई, **द्रढयति** = दृढ तुल्याएका छन्, **अस्य** = यस, **महतः**= महान् सत्यस्वरूप, **भूतस्य** = ब्रह्मको, **एतद् यद्** = यो जो, **ऋग्वेदः**= ऋग्वेद, **निःश्वसितम्** = निश्वास हो, **इत्यादिना** = इत्यादि बृहदारण्यक श्रुतिद्वारा, **प्रकृतस्य** = सान्दर्भिक, **आत्मनः** = आत्मामा, **नामरूपकर्मप्रपञ्चकारणताम्** = नाम, रूप र कर्मप्रपञ्चको कारणता रहेको, **व्याचक्षाणः** = व्याख्या गर्दै, **एनम्** = यस, **परमात्मानम्** = परमात्मालाई, **गमयति** = बोध गराएका छन्, **तथा एव** = त्यस्तै, **एकायनप्रक्रियायाम् अपि** = एकायन प्रक्रियामा पनि, **सविषयस्य** = विषयसहित, **सेन्द्रियस्य** = इन्द्रियसहित, **सान्तःकरणस्य** = अन्तःकरणसहित, **प्रपञ्चस्य**= यो जगत् विस्तारको, **एकायनम्**= एक आधार, **अनन्तरम्**= आभ्यन्तर-शून्य, **अबाह्यम्** = बाह्यशून्य, **कृत्स्नम्** = अखण्ड, **प्रज्ञानघनम्** = प्रज्ञानैकरस छ भन्ने कुरा, **व्याचक्षाणः** = व्याख्यान गर्दा छँदा याज्ञवल्क्यले, **एनम्** = यस, **परमात्मानम्** = परमात्माको, **गमयति** = उपदेश गर्दछन्, **तस्मात्** = त्यसकारण, **परमात्मनः एव** = परमात्माको नै, **अयम्** = यो, **दर्शनाद्युपदेशः** = **'आत्मा वा अरे द्रष्टव्यः'** इत्यादि उपदेश हो, **इति** = यस्तो निष्कर्ष, **गम्यते** = बुझिन्छ ।

विशदीकरण

आत्मविज्ञानद्वारा बताइएको सर्वविज्ञान परमकारणको विज्ञान विना मुख्य हुनसक्दैन। सर्वविज्ञानलाई हामी औपचारिक भन्न पनि सक्दैनौं । यसकारण आत्मविज्ञानद्वारा सर्वविज्ञानको प्रतिज्ञा गरेर त्यसपछि 'ब्राह्मण जातिले त्यसलाई परास्त गर्दछ, जुन मिथ्यादर्शीले ब्रह्म (ब्राह्मण जाति) लाई आत्माभन्दा भिन्न सम्झन्छ' इत्यादि अग्रिमग्रन्थद्वारा भेददर्शनलाई हटाएर 'यो सबै जे छ त्यो आत्मा हो' भन्ने वाक्यार्थद्वारा सर्वविज्ञानको अवतारणा गराइएको छ ।

दुन्दुभि (दमाहा) शङ्ख, वीणा आदि वाद्यसाधनका सामान्य शब्दहरूको ज्ञानबाट ग्रहण गरिने तत् तत् अवान्तर विशेष ध्वनिहरू सीपीबाट चाँदी ग्रहण गरिए जस्तै सामान्य शब्दका रूपमा कल्पित हुन्छन्, ती भन्दा भिन्न हुँदैनन् । 'यस महान् सत्यस्वरूप ब्रह्मको निश्वास ऋग्वेद हो' भन्ने इत्यादि वाक्यद्वारा आत्मामा नामरूप प्रपञ्चको कारणता रहेको कुरा बताइएको छ । त्यस्तै आत्माको भानबाट भासित यो सारा प्रपञ्च आत्ममात्र हो भन्ने कुरा निश्चित छ ।

सबैको सृष्टि गर्ने हेतुबाट पनि सृष्टिरूप कार्यको परमकारण ब्रह्म हो भन्ने कुरा निश्चय हुन्छ । पुनश्च **'स यथा सर्वासामपां समुद्र एकायनमेवं सर्वेषां स्पर्शानां त्वगेकायनम्'** (बृ. २/४/११) अर्थात् जस्तै सम्पूर्ण पानीको आश्रय समुद्र मानिन्छ । त्यस्तै सबै स्पर्शहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमात्र त्वग् इन्द्रिय (छाला) नै हो, भनिएको छ । यसरी श्रुतिमा तत् तत् कारणमा तत् तत् कार्यको लय हुने कुरा बताइएको छ ।

अतः प्रपञ्चरूप कार्यको कारणरूप ब्रह्ममा लय हुन्छ भन्ने कुरा बताउनका लागि **'सर्वेषामात्मैकायनम्'** अर्थात् 'सबैको एकमात्र आश्रय आत्मा नै हो' यस वाक्यको अध्याहार गर्नुपर्छ। यसप्रकार एकायन (प्रलयकाल)को प्रक्रियाबाट प्रपञ्चको आश्रय ब्रह्म नै सिद्ध हुन आउँछ ।

अतः अल्पज्ञ जीवबाट जगत्को उत्पत्ति आदि प्रक्रिया सम्भव नहुनाले मैत्रेयी ब्राह्मणमा उपदिष्ट 'आत्मा परमात्मा नै हो' । किनकि- अमृतत्वको फलबाट आरम्भ, बीचमा आत्मबाट सर्वविज्ञान हुने प्रतिज्ञा, अन्तमा **'महद्भूतमनन्तम्'** इत्यादिरूपमा विषयवस्तुको उपस्थापन गरिएबाट मैत्रेयीब्राह्मणको प्रतिपाद्यविषय ब्रह्म नै हो, जीवात्मा होइन । परमात्माको विज्ञानबाट नै भोक्तृभोग्यसमूहको ज्ञान हुने प्रतिज्ञा पनि त्यही नै गरिएको छ । अतः **'आत्मा वा अरे द्रष्टव्यः'** इत्यादि श्रुतिवाक्यहरूमा द्रष्टव्यरूपमा परमात्माको नै निर्देश गरिएको छ ।

शाङ्करभाष्यम् - यत्पुनरुक्तम्- प्रियसंसूचितोपक्रमाद्विज्ञानात्मन एवायं दर्शनाद्युपदेश इति, अत्र ब्रूमः -

नेपालीभाषानुवाद - पुनः = फेरि, **प्रियसंसूचितोपक्रमात्** = प्रियशब्दबाट सूचित भोक्ता आत्माको उपक्रमबाट, **विज्ञानात्मनः एव** = विज्ञानात्माको नै, **दर्शनाद्युपदेशः**= दर्शन गर्नुपर्ने कुराको उपदेश, **इति**= यस्तो, **यत्** = जो, **उक्तम्** = भनियो, त्यसबारे; **अत्र** = यहाँ, **ब्रूमः** = उत्तर दिन्छौं ।।१९।।

ब्रह्मसूत्रम् - प्रतिज्ञासिद्धेर्लिङ्गमाश्मरथ्यः १/४/२०

सूत्रार्थ - **प्रतिज्ञासिद्धेः** = एकको विज्ञानबाट सबैको ज्ञान हुन्छ भन्ने प्रतिज्ञाको सिद्धिका लागि, **लिङ्गम्** = जीव र ब्रह्मको अभेदांशलाई लिएर जीवको उपक्रम नै हेतु हो भन्ने कुरा, **आश्मरथ्यः** = आचार्य आश्मरथ्यले मानेका छन् ।

शाङ्करभाष्यम्

अस्त्यत्र प्रतिज्ञा **'आत्मनि विज्ञाते सर्वमिदं विज्ञातं भवति'**, **'इदं सर्वं यदयमात्मा'** इति च । तस्याः प्रतिज्ञायाः सिद्धिं सूचयत्येतल्लिङ्गं यत्प्रियसं-सूचितस्यात्मनो द्रष्टव्यत्वादिसङ्कीर्तनम् । यदि हि विज्ञानात्मा परमात्मनोऽन्यः स्यात्ततः परमात्मविज्ञानेऽपि विज्ञानात्मा न विज्ञात इत्येकविज्ञानेन सर्वविज्ञानं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्प्रतिज्ञातं तद्धीयेत । तस्मात्प्रतिज्ञासिद्ध्यर्थं विज्ञानात्मपरमात्मनोरभेदांशेनोपक्र-मणमित्याश्मरथ्य आचार्यो मन्यते ।।२०।।

नेपालीभाषानुवाद

आत्मनि = आत्माको, **विज्ञाते** = ज्ञान गरिए पछि, **इदम्** = यो, **सर्वम्** = सबै, **विज्ञातम्** = जानिएको, **भवति** = हुन्छ, **इदम्** = यो, **सर्वम्** = सबै विषय, **यत्** = जो छ त्यो, **अयम्** = यो, **आत्मा** = आत्मा नै हो, **इति च** = यो पनि, **अत्र**= यहाँ, **प्रतिज्ञा** = यस्तो प्रतिज्ञा, **अस्ति** = छ, **प्रियसंसूचितस्य** = प्रियशब्दबाट सूचित, **आत्मनः** = आत्माको, **द्रष्टव्यत्वादिसङ्कीर्तनम्** = दर्शनीयता आदिको कीर्तनरूप, **यत्** = जो, **लिङ्गम्** = हेतुले, **तस्याः** = उक्तः **प्रतिज्ञायाः** = प्रतिज्ञाको, **सिद्धिम्** = सफलतालाई, **संसूचयति** = सूचित गर्दछ, **यदि** = यदि, **हि** = निश्चित-रूपमा, **विज्ञानात्मा** = विज्ञानात्मा जीव, **परमात्मनः** = परमात्माभन्दा, **अन्यः** = भिन्न, **स्यात्** = हुन्थ्यो भने, **ततः** = त्यसपछि, **परमात्मविज्ञाने** = परमात्माको ज्ञान हुँदा पनि, **विज्ञानात्मा** = जीव, **न विज्ञातः** = जानिने थिएन, **इति** = यसरी, **एकविज्ञानेन** = एकको ज्ञान गर्नाले, **सर्वविज्ञानम्** = सबैको ज्ञान हुन्छ भन्ने, **यत्**= जो, **प्रतिज्ञातम्** = प्रतिज्ञा गरिएको छ, **तत्** = त्यो प्रतिज्ञा, **हीयते**= पूरा हुने छैन, **तस्मात्** = त्यसकारण, **प्रतिज्ञासिद्ध्यर्थम्** = प्रतिज्ञासिद्धिका लागि, **विज्ञानात्म-परमात्मनोः** = विज्ञानात्मा र परमात्माको, **अभेदांशेन** = अभेद अंश लिएर, **उपक्र-मणम्** = उपक्रम (आरम्भ) गरिएको छ, **इति** = यो कुरालाई, **आचार्यः आश्मरथ्यः**= आचार्य आश्मरथ्यले, **मन्यते** = मानेका छन् ।

विशदीकरण

'आत्मालाई जाने पछि सबै विषय जानिन्छन्' भन्ने प्रतिज्ञावाक्य र 'यो दृश्यमान र अनुभूयमान जो छ त्यो सबै आत्मा हो' भन्ने प्रतिज्ञावाक्य रहेका छन् । बृहदारण्यक अन्तर्गतको मैत्रेयीब्राह्मणमा 'हे मेत्रेयी ! प्रियतमाले प्रियतमलाई आनन्द होस् भनेर प्रियतमलाई माया गर्दिनन्, अपि तु आफूले आनन्द पाउन प्रियतमलाई माया गर्छिन्' भन्ने भनाइबाट सुरु गरेर सबैका लागि सबै आफ्नै लागि प्यारा हुन्छन्। अत एव आफ्नै आत्मा सबैका लागि प्यारो छ ।

त्यसकारण 'हे मैत्रेयी ! आफ्नो प्यारो आत्मा दर्शन योग्य छ, श्रवण योग्य छ, मनन योग्य छ र ध्यान योग्य छ । आत्माको दर्शन, श्रवण, मनन र ध्यानबाट यो सबै जगत् जानिन्छ' भनेर सबभन्दा प्यारो बनाएर आत्माको सूचन गरिएको छ । 'आत्मा सबभन्दा प्यारो छ र त्यसको दर्शन, श्रवण, मनन र ध्यान गर्नुपर्दछ' भन्ने भनाइले उक्त प्रतिज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धिलाई सूचित गर्दछ ।

यदि जीवात्मालाई परमात्माभन्दा भिन्न मान्ने हो भने उक्त प्रतिज्ञा पूरा हुने छैन । तसर्थ उक्त प्रतिज्ञाको सिद्धिका लागि आगो र आगाको फिलिङ्गाको जस्तै जीव र आत्मामा भेद र अभेद दुवै रहेकोमा अभेद अंशलाई लिएर उक्त प्रतिज्ञाको उपक्रम गरिएको छ भन्ने आचार्य आश्मरथ्यको अभिमत रहेको छ ।।२०।।

ब्रह्मसूत्रम् - उत्क्रमिष्यत एवं भावादित्यौडुलोमिः १/४/२१

सूत्रार्थ - **उत्क्रमिष्यतः** = ब्रह्मसाक्षात्कार पछि देहादिसङ्घातबाट उत्क्रमण गर्ने जीवको, **एवंभावात्** = परमात्मासँग एकता हुने, **इति** = यस्तो भविष्यत् कालिक अभेदलाई विचार गरेर जीवको उपक्रम गरिएको हो, **औडुलोमिः** = यो औडुलोमि आचार्यको मत हो ।

शाङ्करभाष्यम्

विज्ञानात्मन एव देहेन्द्रियमनोबुद्धिसङ्घातोपाधिसम्पर्कात्कलुषीभूतस्य ज्ञानध्यानादिसाधनानुष्ठानात्संप्रसन्नस्य देहादिसङ्घातादुत्क्रमिष्यतः परमात्मैक्योपपत्तेरिदमभेदेनोपक्रमणमित्यौडुलोमिराचार्यो मन्यते । श्रुतिश्चैवं भवति - **'एष संप्रसादोऽस्माच्छरीरात्समुत्थाय परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्यते'** (छा. ८/१२/३) इति । क्वचिच्च जीवाश्रयमपि नामरूपं नदीनिदर्शनेन ज्ञापयति -

'यथा नद्यः स्यन्दमानाः समुद्रेऽस्तं गच्छन्ति नामरूपे विहाय ।
तथा विद्वान्नामरूपाद्विमुक्तः परात्परं पुरुषमुपैति दिव्यम्' ।। (मुण्ड. ३/२/८) इति । यथा लोके नद्यः स्वाश्रयमेव नामरूपं विहाय समुद्रमुपयन्त्येवं जीवोऽपि स्वाश्रयमेव नामरूपं विहाय परं पुरुषमुपैतीति हि तत्रार्थः प्रतीयते दृष्टान्तदार्ष्टान्तिकयोस्तुल्यतायै ।।२१।।

नेपालीभाषानुवाद

देहेन्द्रियमनोबुद्धिसङ्घातोपाधिसम्पर्कात् = शरीर, इन्द्रिय, मन र बुद्धिको समुदायरूप उपाधिको संपर्कबाट, **कलुषीभूतस्य** = कलुषित, **ज्ञानध्यानादिसाधनानुष्ठानात्** = ज्ञान, ध्यान आदि साधनहरूको अनुष्ठानबाट, **संप्रसन्नस्य** = निर्मल अवस्थामा प्राप्त, **देहादिसङ्घातात्** = शरीर आदि सङ्घातबाट, **उत्क्रमिष्यतः** = उत्क्रमण गर्ने, **विज्ञानात्मनः एव** = विज्ञानात्मा जीवको नै, **परमात्मैक्योपपत्तेः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मासँग एकता सिद्ध हुने हुनाले, **इदम्** = यो, **अभेदेन** = भेदरहित, **उत्क्रमणम्**= उत्क्रमण हो भन्ने, **इति** = यो कुरालाई, **आचार्यः औडुलोमिः** = आचार्य औडुलोमिले, **मन्यते** = मानेका छन्, **श्रुतिः** = श्रुति, **च** = पनि, **एवं भवति** = यस्तो छ, **एषः**= यो, **संप्रसादः** = प्रसन्न (निर्मल) जीव, **अस्मात्** = यस, **शरीरात्** = शरीरबाट, **समुत्थाय** = उठेर, **परम्** = परम, **ज्योतिः** = परमात्मरूप ज्योतिलाई, **उपसंपद्य** = प्राप्त गरेर, **स्वेन** = आफ्नै, **रूपेण** = रूपद्वारा, **अभिनिष्पद्यते** = निष्पन्न हुन्छ, **इति**= यसरूपको यो छान्दोग्यश्रुति हो, **च** = र, **क्वचित्** = कहीं श्रुतिले, **जीवाश्रयम्**= जीवमा आश्रित, **नामरूपम्** = नाम र रूपलाई, **अपि** = पनि, **नदीनिदर्शनेन** = नदीको दृष्टान्तद्वारा, **ज्ञापयति** = सूचित गर्दछ, **यथा** = जस्तै, **स्यन्दमाना** = बगिरहेका, **नद्यः** = नदीहरू, **नामरूपे** = नाम र रूपलाई, **विहाय** = छाडेर, **समुद्रे** = समुद्रमा, **अस्तं गच्छन्ति** = विलाउँछन्, **तथा** = त्यस्तै, **नामरूपाद्** = नाम र रूपबाट, **विमुक्तः** = मुक्त भएको, **विद्वान्** = आत्मज्ञानी पुरुष, **परात्परम्** = परभन्दा पनि परको, **दिव्यम्** = दिव्य, **पुरुषम्** = पुरुषलाई, **उपैति** = प्राप्त गर्दछ, **इति** = यस्तो मुण्डकश्रुति रहेको छ, **यथा** = जस्तै, **लोके** = संसारमा, **नद्यः** = नदीहरू, **स्वाश्रयम्**= आफ्नै आश्रयभूत, **एव** = नै, **नामरूपम्** = नाम र रूपलाई, **विहाय** = छाडेर, **समुद्रम्** = समुद्रमा, **उपयन्ति** = प्राप्त हुन्छन्, **एवम्** = यसै प्रकार, **जीवः अपि** = जीव पनि, **स्वाश्रयम्** = आफूमा आश्रित, **एव** = नै, **नामरूपम्** = नामरूपलाई, **विहाय** = छाडेर, **परम्** = परम, **पुरुषम्** = पुरुषलाई, **उपैति** = प्राप्त गर्दछ, **दृष्टान्तदार्ष्टान्तिकयोः** = दृष्टान्त नदी र दार्ष्टान्तिक जीवको, **तुल्यतायै** = समानता देखाउनका लागि, **तत्र** = त्यस उपनिषद्वाक्यमा, **इति** = यस्तो, **अर्थः** = अर्थ, **प्रतीयते** = प्रतीत हुन्छ ।

विशदीकरण

देह आदि सङ्घातका साथ सम्बन्ध हुनाले संसारदशामा जीव र ब्रह्ममा भेद प्रतीत हुन्छ । ब्रह्मसाक्षात्कार भएपछि अविद्या र देहादिसङ्घातबाट मुक्त जीवको मुक्ति अवस्थामा परमात्मासँग अभेद हुन्छ । त्यसै भएर पाञ्चरात्रमा भनिएको छ – 'मुक्तिपर्यन्त जीव र पमात्मामा भेद नै हुन्छ, तर मुक्त पुरुषका लागि कुनै भेद हुँदैन किनकि त्यहाँ भेदका हेतुको अभाव रहेको हुन्छ । जस्तै–

'आमुक्तेर्भेद एव स्याज्जीवस्य च परस्य च ।
मुक्तस्य तु न भेदोऽस्ति भेदहेतोरभावतः ।।

यसै भविष्यद् वृत्तिलाई लिएर **'आत्मा वा अरे द्रष्टव्यः'** भनेर उपक्रम गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैलाई स्पष्ट तुल्याउने **'एष संप्रसादः'** इत्यादि श्रुति पनि छ । जबसम्म देहात्मभाव रहन्छ तबसम्म जीवात्मा कलुषित नै हुन्छ । जस्तै- 'पार्थिव परमाणुमा देखिने कालोपन पाक पछि निवृत्त हुन्छ, त्यस्तै जीव पनि ज्ञान, ध्यान आदिद्वारा देहात्मभावजन्य कालुष्यबाट मुक्त भएर परात्पर परमात्मामा प्राप्त हुन्छ ।' यसै विषयलाई यहाँ नदीको दृष्टान्त दिएर स्पष्ट तुल्याइएको छ ।

जस्तै बगिरहेका नदीहरू आफ्नो मौलिक नाम र रूपलाई छाडेर समुद्रमा विलीन हुन्छन्, त्यस्तै नाम र रूपबाट मुक्त भएको विद्वान् परमपुरुष परमात्मामा विलीन हुन्छ । यसरी जीवले परमात्मप्राप्ति गर्ने कुरा श्रुतिमा वर्णित छ । यस मतमा भविष्यद्वृत्तिलाई अङ्गीकार गरेर **'तत्त्वमसि'**, **'अहं ब्रह्मास्मि'** जस्ता अभेदपरक महावाक्यहरू प्रयोग गरिएका छन् । औडुलोमिको मतमा ब्रह्मात्मैक्य ज्ञानभन्दा पूर्व जीवभेद आदि प्रपञ्च सत्य हो भने सिद्धान्तमतमा भ्रान्तिमात्र एवं मिथ्या हो । औडुलोमिको मतमा नाम र रूप जीवात्माका धर्म हुन् भने सिद्धान्तमतमा उपाधिका धर्म हुन् ।।२१।।

ब्रह्मसूत्रम् - अवस्थितेरिति काशकृत्स्नः १/४/२२

सूत्रार्थ - **अवस्थितेः** = अविद्याकल्पित भेदबाट ब्रह्मको नै जीवरूपमा अवस्थिति भएकाले जीव र ब्रह्ममा भेद छैन, **इति** = यस्तो, **काशकृत्स्नः** = आचार्य काशकृत्स्न भन्दछन् ।

शाङ्करभाष्यम्

अस्यैव परमात्मनोऽनेनापि विज्ञानात्मभावेनावस्थानादुपपन्नमिदमभेदेनोपक्रमणमिति काशकृत्स्न आचार्यो मन्यते । तथा च ब्राह्मणम् – **'अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि'** (छा. ६/३/२) इत्येवंजातीयकं परस्यैवात्मनो जीवभावेनावस्थानं दर्शयति । मन्त्रवर्णश्च- **'सर्वाणि रूपाणि विचित्य धीरो नामानि कृत्वाभिवदन्यदास्ते'** (तै. आ. ३/१२/७) इत्येवंजातीयकः । न च तेजःप्रभृतीनां सृष्टौ जीवस्य पृथक्सृष्टिः श्रुता, येन परस्मादात्मनोऽन्यस्तद्विकारो जीवः स्यात् । काशकृत्स्नस्याचार्यस्याविकृतः परमेश्वरो जीवो नान्य इति मतम्। आश्मरथ्यस्य तु यद्यपि जीवस्य परस्मादनन्यत्वमभिप्रेतं, तथापि प्रतिज्ञासिद्धेरिति सापेक्षत्वाभिधानात्कार्यकारणभावः कियानप्यभिप्रेत इति गम्यते ।

नेपालीभाषानुवाद

अस्य एव= यसै, **परमात्मनः** = परमात्माको, **अनेन अपि** = यसै, **विज्ञानात्मभावेन** = जीवात्माको रूपमा, **अवस्थानात्** = स्थिति भएकाले, **इदम्**= यो, **अभेदेन**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिन्नतापूर्वक, **उपक्रमणम्** = उपक्रम, **उपपन्नम्** = उपयुक्त छ, **इति** = यो मत, **आचार्यः काशकृत्स्नः** = आचार्य काशकृत्स्न, **मन्यते** = मान्दछन्, **तथा च** = त्यस्तै, **अनेन** = यस, **जीवेनात्मना** = जीवात्मरूपद्वारा, **अनुप्रविश्य** = तेज, अन्न र जलरूप देवताहरूमा प्रवेश गरेर, **नामरूपे** = नाम र रूपको, **व्याकरवाणि** = अभिव्यक्ति गरूँ, **इत्वेवंजातीयकम्** = यस रूपको, **ब्राह्मणम्** = छान्दोग्यब्राह्मणले, **परस्य आत्मनः एव** = परमात्माको नै, **जीवभावेन** = जीवरूपमा, **अवस्थानम्**= स्थिति हुने कुरालाई, **दर्शयति** = देखाउँछ, **यत्** = जो कि, **धीरः** = सर्वज्ञ पुरुषले, **सर्वाणि** = सबै, **रूपाणि** = चराचरलाई, **विचित्य** = उत्पन्न गरेर, **नामानि** = तिनका नाम राखेर, उनीहरूमा प्रवेश गरिकन, **अभिवदन्** = भाषण आदि व्यवहार गर्दै, **आस्ते** = रहेको छ, **इत्येवंजातीयकः** = यसप्रकारको, **मन्त्रवर्णः** = तैत्तिरीयक मन्त्र, **च** = पनि रहेको छ, **तेजःप्रभृतीनाम्** = तेज आदिको, **सृष्टौ** = सृष्टिमा, **जीवस्य** = जीवको, **पृथक्** = भिन्न, **सृष्टिः** = सृष्टि, **न च श्रुता** = श्रुतिद्वारा निर्दिष्ट छैन, **येन** = जसबाट कि, **परस्मात् आत्मनः** = परमात्माभन्दा, **अन्यः** = भिन्न, **तद्विकारः** = परमात्माको विकाररूप, **जीवः** = जीव, **स्यात्** = हुन सकोस्, **अविकृतः** = विकाररहित, **परमेश्वरः** = परमात्मा नै, **जीवः** = जीव हो, **नान्यः** = अन्य होइन, **इति** = यस्तो, **काशकृत्स्नस्य आचार्यस्य** = आचार्य काशकृत्स्नको, **मतम्** = मत छ, **आश्मरथ्यस्य तु** = आचार्य आश्मरथ्यको मतमा त, **यद्यपि** = हुन त, **जीवस्य** = जीवको, **परस्मात्** = परमात्मादेखि, **अनन्यत्वम्** = अभिन्नता, **अभिप्रेतम्** = इष्ट छ, **तथापि** = तापनि, **प्रतिज्ञासिद्धेः** = 'एकको विज्ञानबाट सबको ज्ञान हुन्छ' भन्ने प्रतिज्ञा सिद्धिको, **इति** = यस रूपको, **सापेक्षत्वाभिधानात्**= सबको ज्ञानमा एकको विज्ञानको अपेक्षाको प्रतिपादन भएकाले, **कियान् अपि** = धेर-थोर, **कार्यकारणभावः**= कार्यकारणभाव, **अभिप्रेतः इति** = इष्ट छ भन्ने कुरा, **गम्यते** = बुझिन्छ ।

विशदीकरण

'परमात्मा नै जीवात्माको रूपमा रहेकाले दुवैको अभेद निर्देश युक्तियुक्त छ' भन्ने काशकृत्स्न आचार्यको भनाइ छ । 'म जीवात्मामा प्रवेश गरेर नाम र रूपको अभिव्यञ्जन गर्दछु' इत्यादि छान्दोग्यब्राह्मणले पनि परमात्मा नै जीवात्माका रूपमा रहेको तथ्यलाई देखाएको छ ।

त्यस्तै 'सर्वज्ञ धीर पुरुषले सबै चराचरको उत्पत्ति गराउँछ, तिनको नामकरण गर्दछ र तिनमा प्रवेश गरेर वाग्व्यवहार गर्दछ' भन्ने तैत्तिरीयश्रुतिको भनाइले पनि परमात्मा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवात्मामा अभेद देखाएको छ । तेज आदि तत्त्वहरूको सृष्टि गर्ने क्रम बताउँदा जीवको पनि सृष्टि हुन्छ भनेर कतै पनि बताएको पाइँदैन । त्यस्तो उल्लेख कतै पाइएको भए परमात्मा सृष्टि गर्ने वाला कारण हो र जीव सृष्टि गरिने कार्य हो भनेर छुट्ट्याई ती दुवैमा भेद गर्न सकिने थियो, तर त्यस्तो पाइँदैन । तसर्थ काशकृत्स्न आचार्य 'विकाररहित परमेश्वर नै जीव हो' भन्दछन् ।

आगोबाट फिलिङ्गाको झैं परमात्माबाट जीवको सृष्टि हुने हुँदा जीव र ब्रह्ममा अभेद नै देखिन्छ तापनि एकको विज्ञानबाट सबैको ज्ञान हुन्छ भन्ने प्रतिज्ञासिद्धिको लागि सबैका ज्ञानमा एकको ज्ञानको अपेक्षा गरिएको देखिनाले जीव र ब्रह्ममा थेर-थोर कार्यकारणभाव पनि देखिन आउँछ भन्ने आचार्य आश्मरथ्यको भनाइ रहेको छ ।

शाङ्करभाष्यम्

औडुलोमिपक्षे पुनः स्पष्टमेवावस्थान्तरापेक्षौ भेदाभेदौ गम्येते । तत्र काशकृत्स्नीयं मतं श्रुत्यनुसारीति गम्यते, प्रतिपिपादयिषितार्थानुसारात् 'तत्त्वमसि' इत्यादिश्रुतिभ्यः । एवं च सति तज्ज्ञानादमृतत्वमवकल्पते । विकारात्मकत्वे हि जीवस्याभ्युपगम्यमाने विकारस्य प्रकृतिसंबन्धे प्रलयप्रसङ्गान्न तज्ज्ञानादमृतत्वमवकल्पेत । अतश्च स्वाश्रयस्य नामरूपस्यासंभवादुपाध्याश्रयं नामरूपं जीव उपचर्यते । अत एवोत्पत्तिरपि जीवस्य क्वचिदग्निविस्फुलिङ्गोदाहरणेन श्राव्यमाणोपाध्याश्रयैव वेदितव्या । यदप्युक्तम्- प्रकृतस्यैव महतो भूतस्य द्रष्टव्यस्य भूतेभ्यः समुत्थानं विज्ञानात्मभावेन दर्शयन्विज्ञानात्मन एवेदं द्रष्टव्यत्वं दर्शयतीति, तत्रापीयमेव त्रिसूत्री योजयितव्या ।

नेपालीभाषानुवाद

पुनः = फेरि, **औडुलोमिपक्षे** = औडुलोमिको मतमा, **स्पष्टम् एव** = स्पष्ट नै, **अवस्थान्तरापेक्षौ भेदाभेदौ** = संसारको दशामा भेद र मुक्तिको दशामा अभेदको आधारमा अवस्थाअनुसारका भेद र अभेद, **गम्येते** = प्रतीत हुन्छन्, **तत्र** = उक्त मतहरूमध्ये, **तत्त्वमसि इत्यादिश्रुतिभ्यः** = 'तत्त्वमसि' आदि श्रुतिहरूबाट, **प्रतिपिपादयिषितार्थानुसारात्** = प्रतिपादन गर्न खोजिएको अर्थको अनुसरण गर्नाले, **काशकृत्स्नीयम्** = काशकृत्स्नको, **मतम्** = मत, **श्रुत्यनुसारि** = वेदानुकूल छ, **इति** = यस्तो कुरा, **गम्यते**= बुझिन्छ, **च** = र, **एवम्** = यस प्रकार, **सति** = भएमा, **तज्ज्ञानात्** = परमात्माको ज्ञानबाट, **अमृतत्वम्** = अमृतत्वको, **अवकल्पते**= प्राप्ति हुन सक्छ, **हि** = यदि, **जीवस्य** = जीवलाई, **विकारात्मकत्वे** = ब्रह्मको विकाररूप, **अभ्युपगम्यमाने** = स्वीकार गरिएमा, **विकारस्य** = विकारको, **प्रकृतिसंबन्धे** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिसँग सम्बन्ध हुने हुनाले र, **प्रलयप्रसङ्गात्** = जो विकार हुन्छ, त्यसको लय हुने विषय सान्दर्भिक भएकाले, **तज्ज्ञानात्** = त्यसको ज्ञानबाट, **अमृतत्वम्** = अमरता, **न अवकल्पेत** = सम्भव हुने छैन, **अतः च** = यसकारण, **स्वाश्रयस्य** = आफूमा आश्रित, **नामरूपस्य** = नाम र रूपको, **असम्भवात्** = असम्भव भएकाले, **उपाध्याश्रयम्** = उपाधिमा आश्रित, **नामरूपम्** = नाम र रूपको, **जीवे** = जीवमा, **उपचर्यते** = उपचार (लक्षणा) गरिन्छ, **अतः एव** = यसकारण, **क्वचित्** = कहीं, **अग्निविस्फुलिङ्गोदाहरणेन** = आगो र फिलिङ्गोको उदाहरणद्वारा, **श्राव्यमाणा** = सुनाइएको, **जीवस्य** = जीवको, **उत्पत्तिः अपि** = उत्पत्ति पनि, **उपाध्याश्रया** = उपाधिमा आश्रित, **एव** = नै, **वेदितव्या** = जान्नु पर्दछ, **प्रकृतस्य** = प्रासङ्गिक, **महतः भूतस्य एव** = महान् सत्यस्वरूपको नै, **विज्ञानात्मभावेन** = विज्ञानात्माको रूपमा, **भूतेभ्यः** = भूतहरूबाट, **समुत्थानम्**= समुत्थान, **दर्शयन्** = देखाउँदै, मुनि याज्ञवल्क्यले, **विज्ञानात्मनःएव** = विज्ञानात्माको नै, **इदम्** = यो, **द्रष्टव्यत्वम्** = दर्शनीयता, **दर्शयति** = देखाउँछन्, **इति** = यसरी, **यदपि** = जो, **उक्तम्** = भनिएको छ, **तत्र अपि** = त्यहाँ पनि, **इयम् एव** = यही नै, **त्रिसूत्री** = **'प्रतिज्ञासिद्धेः.'**, **'आत्मनि विदिते.'**, **'इदं सर्वं यदयमात्मा.'** यस रूपको तीन सूत्रको समाधानका रूपमा, **योजयितव्या** = योजना गर्नु पर्दछ ।

विशदीकरण

औडुलोमिको मतमा संसारावस्थामा भेद र मुक्ति-अवस्थामा अभेद हुनाले जीव र परमात्मामा परस्पर भेद र अभेद दुवै प्रतीत हुन्छन् । काशकृत्स्नको मत **'तत्त्वमसि'** आदि श्रुति अनुकूल छ । यस मतमा परमात्माको ज्ञान पछि अमृतत्त्वको प्राप्ति हुने कुरा श्रुतिसम्मत छ । **'यथाग्नेः क्षुद्रा विस्फुलिङ्गा व्युच्चरन्ति एवमेवास्मादात्मनः सर्वे प्राणाः'** 'जसरी अग्निबाट साना साना फिलिङ्गा निस्कन्छन्, त्यसरी नै आत्माबाट प्राण उत्पन्न हुन्छन्' यस श्रुतिको भनाइबाट जीवको उत्पत्ति हुने कुरा देखिएता पनि यो भनाइ उपाधिको उत्पत्तिमा आधारित छ भन्ने कुरा बुझ्नु पर्दछ ।

सत्यरूप परमात्मा पञ्चमहाभूतबाट विज्ञानात्मा (जीवात्मा) का रूपमा प्रकट भएर रहेका हुनाले जीवात्मा नै जान्न योग्य छ, दर्शन गर्न योग्य छ भनेर जो भनियो, त्यसको समाधानका लागि **'प्रतिज्ञासिद्धेः'**, **'आत्मनि विदिते'** र **'इदं सर्वं यदयमात्मा'** यी तीन सूत्रको भनाइलाई आत्मसात् गर्नु पर्दछ ।

शाङ्करभाष्यम्

'प्रतिज्ञासिद्धेर्लिङ्गमाश्मरथ्यः' । इदमत्र प्रतिज्ञातम् – **'आत्मनि विदिते**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वं विदितं भवति', 'इदं सर्वं यदयमात्मा' (बृ. २/४/६) इति च । उपपादितं च सर्वस्य नामरूपकर्मप्रपञ्चस्यैकप्रसवत्वादेकप्रलयत्वाच्च दुन्दुभ्यादिदृष्टान्तैश्च कार्यकारणयोरव्यतिरेकप्रतिपादनात् । तस्या एव प्रतिज्ञायाः सिद्धिं सूचयत्येतल्लिङ्गं यन्महतो भूतस्य द्रष्टव्यस्य भूतेभ्यः समुत्थानं विज्ञानात्मभावेन कथितमित्याश्मरथ्य आचार्यो मन्यते। अभेदे हि सत्येकविज्ञानेन सर्वविज्ञानं प्रतिज्ञातमवकल्पत इति। **'उत्क्रमिष्यत एवंभावादित्यौडुलोमिः'**। उत्क्रमिष्यतो विज्ञानात्मनो ज्ञानध्यानादि-सामर्थ्यात्संप्रसन्नस्य परेणात्मनैक्यसंभवादिदमभेदाभिधानमित्यौडुलोमिराचार्यो मन्यते । **'अवस्थितेरिति काशकृत्स्नः'** । अस्यैव परमात्मनोऽनेनापि विज्ञानात्म-भावेनावस्थानादुपपन्नमिदमभेदाभिधानमिति काशकृत्स्न आचार्यो मन्यते ।

नेपालीभाषानुवाद

प्रतिज्ञासिद्धेः= 'एकको विज्ञानबाट सबैको ज्ञान हुन्छ' यस प्रतिज्ञाको सिद्धिमा, **लिङ्गम्** = जीव र ब्रह्मको अभेदांशको आधारमा जीवको उपक्रम हेतु हो, यस्तो; **आश्मरथ्यः** = आश्मरथ्यको मत छ, **अत्र** = यस सूत्रको भाष्यमा, **आत्मनि** = आत्मा, **विदिते** = जानिएपछि, **सर्वम्** = सबै, **विदितं भवति** = जानिन्छ, **इदम्** = यो, **सर्वम्** = सबै, **यत्** = जो छ त्यो, **अयम्** = यो, **आत्मा**= आत्मा नै हो भन्ने, **इति च** = यसरी, **इदम्** = यो, **प्रतिज्ञातम्** = प्रतिज्ञा गरिएको छ, **सर्वस्य** = सबै, **नामरूपकर्मप्रपञ्चस्य**= नाम, रूप र कर्मप्रपञ्चको, **उपपादितम्** = आत्मरूप प्रतिपादन गरिएको छ, **एकप्रसवत्वात्** = एउटै उत्पत्ति स्थान हुनाले, **च** = र, **एकप्रलयत्वात्**= एउटै स्थानमा लय हुनाले, **दुन्दुभ्यादिदृष्टान्तैः** = दुन्दुभि आदि दृष्टान्तहरूद्वारा, **कार्यकारणयोः** = कार्य र कारणको, **अव्यतिरेकप्रतिपादनम्** = अभेद प्रतिपादन गर्नाले, **यत्** = जो, **द्रष्टव्यस्य** = देखिएको, **महतः भूतस्य** = सत्यरूप ब्रह्मको, **भूतेभ्यः** = भूतहरूबाट, **विज्ञानात्मभावेन** = विज्ञानात्मरूपमा, **समुत्थानम्** = समुत्थान, **कथितम्** = बताइएको छ, **एतत्** = यस, **लिङ्गम्** = हेतुले, **तस्याः** = त्यस, **प्रतिज्ञायाः एव** = प्रतिज्ञाको नै अर्थात् एकको विज्ञानबाट अरू सबैको ज्ञान हुने प्रतिज्ञाको नै, **सिद्धिम्** = सिद्धिलाई, **सूचयति** = सूचित गर्दछ, **इति** = यस्तो तथ्यलाई, **आचार्यः आश्मरथ्यः** = आचार्य आश्मरथ्यले, **मन्यते** = स्वीकार गर्दछन्, **हि** = किनकि, **अभेदे सति** = अभेद भएमा नै, **एकविज्ञानेन** = एकको विज्ञानद्वारा, **सर्वविज्ञानम्** = सबैको ज्ञान हुने कुरा, **प्रतिज्ञातम्** = जसको प्रतिज्ञा गरिएको छ त्यो, **अवकल्पते** = उपपन्न हुन्छ, **इति** = यो आश्मरथ्यको आशय हो, **उत्क्रमिष्यतः**=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसाक्षात्कार भए पछि देहादि सङ्घातबाट उत्क्रमण गर्ने जीवको, **एवंभावात्** = परमात्मासँग एकता हुनाले, **इति** = यसकारण भविष्यत् अभेदको आधारमा जीवको उपक्रम गरिएको हो, **इति** = यस मतलाई, **औडुलोमिः** = औडुलोमि मान्दछन्, **उत्क्रमिष्यतः**= शरीरादि सङ्घातबाट उत्क्रमण गर्ने, **ज्ञानध्यानादिसम्पर्कात्** = ज्ञान, ध्यान आदि सामर्थ्यबाट, **संप्रसन्नस्य** = निर्मल, **विज्ञानात्मनः**= जीवात्माको, **परेण आत्मना** = परमात्माका साथ, **ऐक्यसम्भवात्** = एकता सम्भव हुनाले, **इदम्** = यस प्रकारको यो, **अभेदाभिधानम्**= अभेदकथन हो भन्ने कुरा, **आचार्यः औडुलोमिः**= आचार्य औडुलोमि, **मन्यते** = मान्दछन्, **अवस्थितेः** = अविद्याकल्पित भेदले ब्रह्म नै जीवरूपबाट अवस्थित भएकाले जीवको उपदेशको उपक्रम हो, **इति** = यस्तो, **काशकृत्स्नः** = काशकृत्स्न आचार्य मान्दछन्, अर्थात; **अस्य एव** = यिनै, **परमात्मनः**= पमात्माको, **अनेन** = यस, **विज्ञानात्मभावेन** = जीवात्मभावद्वारा, **अपि** = पनि, **अवस्थानात्** = अवस्थिति भएकाले, **इदम्** = यो, **अभेदाभिधानम्** = अभेदकथन, **उपपन्नम्** = युक्तियुक्त छ, सिद्ध छ; **इति** = यसरी, **आचार्यः काशकृत्स्नः** = आचार्य काशकृत्स्न, **मन्यते** = स्वीकार गर्दछन् ।

विशदीकरण

'आत्मनि विदिते' इत्यादिश्रुतिबाट 'एकको विज्ञानबाट सबैको ज्ञान हुने' कुरा बताइएको छ । **'इदं सर्वं यदयमात्मा'** यस शास्त्रबाट आत्माको सर्वात्मकता देखाएर उक्त प्रतिज्ञाको उपपादन गरिएको छ । एउटै तत्त्वबाट नामरूपात्मक प्रपञ्चको उत्पत्ति हुने र त्यो सारा प्रपञ्च एउटैमा विलीन हुने कुरालाई दमाहा (दुन्दुभि) आदिको दृष्टान्तबाट बुझाएर अभेद प्रतिपादन गरिएको छ । यसबाट 'आत्माको ज्ञान गरेपछि सबै जानिन्छ' भन्ने प्रतिज्ञावाक्यलाई बल मिलेको छ । 'महान् सत्य परमपुरुष पाञ्चभौतिक प्रपञ्चमा जीवका रूपमा प्रवेश गरेर जाग्रत हुन्छ' भन्ने आश्मरथ्यको भनाइ पनि प्रतिज्ञासिद्धिको परिचायक हो ।

ज्ञान, ध्यान आदिको सामर्थ्यबाट सम्प्रसन्न जीवात्माको परमात्मासँग एकता सम्भव हुनाले ती दुवैमा अभेदोपदेश गरिएको हो भन्ने आचार्य औडुलोमिको अभिप्राय रहेको छ । परमपुरुष परमात्मा नै जीवात्मा (विज्ञानात्मा) का रूपमा रहेकाले ती दुवैमा परस्पर भिन्नता छैन, ती दुवै एउटै हुन् भन्ने भनाइ उपयुक्त छ भन्ने अभिमत आचार्य काशकृत्स्नको रहेको छ ।

शाङ्करभाष्यम्

ननूच्छेदाभिधानमेतत् **'एतेभ्यो भूतेभ्य समुत्थाय तान्येवानुविनश्यति न प्रेत्य संज्ञास्ति'** (बृह. २/४/१२) इति, कथमेतदभेदाभिधानम् ? नैष दोषः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

विशेषविज्ञानविनाशाभिप्रायमेतद्विनाशाभिधानम्, नात्मोच्छेदाभिप्रायम् । **'अत्रैव मा भगवानमूमुहन्न प्रेत्य संज्ञास्ति'** इति पर्यनुयुज्य स्वयमेव श्रुत्याऽर्थान्तरस्य दर्शितत्वात्, **'न वा अरेऽहं मोहं ब्रवीम्यविनाशी च अरेऽयमात्मानुच्छित्तिधर्मा मात्रासंसर्गस्त्वस्य भवति'** इति । एतदुक्तं भवति- कूटस्थनित्य एवायं विज्ञानघन आत्मा नास्योच्छेदप्रसङ्गोऽस्ति । मात्राभिस्त्वस्य भूतेन्द्रियलक्षणाभिरविद्याकृताभि- रसंसर्गो विद्यया भवति । संसर्गाभावे च तत्कृतस्य विशेषविज्ञानस्याभावान्न प्रेत्य संज्ञास्तीत्युक्तमिति। यदप्युक्तम्- **'विज्ञातारमरे केन विजानीयात्'** इति कर्तृवचनेन शब्देनोपसंहाराद्विज्ञानात्मन एवेदं द्रष्टव्यमिति, तदपि काशकृत्स्नीयेनैव दर्शनेन परिहरणीयम् ।

नेपालीभाषानुवाद

ननु = शङ्का हुन्छ, आत्मा; **एतेभ्यः** = यी, **भूतेभ्यः** = पाँच महाभूतहरूबाट, **समुत्थाय** = जीवभावमा प्राप्त भएर, **तानि एव** = ती भूतहरूमा नै मिलेर, **अनुवि- नश्यति**= नाशमा प्राप्त हुन्छ, **प्रेत्य** = नाश भएर गएपछि, **संज्ञा** = नाम, **न अस्ति**= हुँदैन, **इति** = यस्तो बृहदारण्यक श्रुति छ भने, **कथम्** = कसरी, **अभेदाभिधानम्**= जीवात्मा र परमात्माको अभेदप्रतिपादन हुने भयो, अपितु; **एतत्** = यो त, **उच्छेदाभिधानम्** = नाशको अभिधान हो भन्ने पूर्वपक्षीको अभिप्राय छ, यसको उत्तरमा सिद्धान्तपक्षी भन्दछ, **एषः** = यो, **न दोषः** = दोष होइन, **एतत्** = यो, **विनाशाभिधानम्** = विनाशको कथन, **विशेषविज्ञानविनाशाभिप्रायम्** = संसर्गकृत विशेष विज्ञानको विनाशको अभिप्रायबाट भएको हो, **न आत्मोच्छेदाभिप्रायम्** = आत्माको विनाशको अभिप्रायबाट भएको होइन, **स्वयम्** = आफै, **श्रुत्या एव** = श्रुतिले नै, **भगवान्** = हे भगवन्, **प्रेत्य** = शरीरविच्छेद पछि, **न संज्ञा अस्ति** = अरू कुनै नाम हुँदैन, **अत्र एव** = यो भनाइ नै, **माम्** = मलाई, **अमूमुहत्** = मोहित बनाएको छ, **इति** = यसरी, **पर्यनुयोज्य** = प्रश्न गरेर, **अरे** = मैत्रेयी, **अहम्** = म याज्ञवल्क्य, **वा** = निश्चय नै, **मोहम्** = मोहित हुने, बनाउने कुरा, **न ब्रवीमि** = उपदेश गरेको छैन, **अरे** = हे मैत्रेयी, **अयम्** = यो, **आत्मा** = आत्मा, **वा** = निश्चयं नै, **अविनाशी** = अविनाशी छ, **अनुच्छित्तिधर्मा** = नाशहेतु रहित छ, **अस्य** = यस आत्माको, **मात्रासंसर्गः** = देह इन्द्रिय आदिका साथ संसर्ग, **तु** = त, **न भवति** = हुँदैन, **इति** = यसरी, **अर्थान्तरस्य** = उच्छेदको अर्को अभिप्राय, **दर्शितत्वात्** = देखाइएको छ, **एतदुक्तम्** = निष्कर्ष, **भवति** = हुन्छ कि, **अयम्** = यो, **आत्मा** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा, **कूटस्थनित्यः**= कूटस्थ र नित्य छ, **विज्ञानघनः** = विज्ञानैकरस छ, **अस्य**= यस आत्माको, **अविद्याकृताभिः** = अविद्याद्वारा तयार भएका, **भूतेन्द्रियलक्षणाभिः**= भूत इन्द्रिय स्वरूपवाला, **मात्राभिः** = मात्राहरूसँग, **असंसर्गः** = संसर्गको अभाव, **विद्यया** = विद्याद्वारा नै, **भवति** = हुन्छ, **च**= र, **संसर्गाभावे** = संसर्गको अभावमा, **तत्कृतस्य** = संसर्गबाट हुने, **विशेषविज्ञानस्य** = विशेषविज्ञानको, **अभावात्** = अभाव हुनाले, **प्रेत्य** = मरे पछि, **न संज्ञा अस्ति** = संज्ञा हुँदैन, **इति** = यसो, **उक्तम्** = भनिएको हो, **इति** = यही निष्कर्ष हो, **अरे** = हे मैत्रेयी, **विज्ञातारम्** = विज्ञातालाई, **केन** = कसरी, **विजानीयात्** = जानोस्, **इति** = यसप्रकार, **कर्तृवचनेन**= कर्तृवाच्य, **शब्देन** = शब्दद्वारा, **उपसंहारात्** = समापन गरिएकाले, **इदम्** = यो, **द्रष्टव्यम्** = दर्शन गर्नुपर्ने जो विषय छ त्यो, **विज्ञानात्मन एव** = जीवात्माको नै दर्शन हो, परमात्माको होइन, **इति** = यसरी, **यदपि** = जो, **उक्तम्** = भनिएको छ, **तदपि** = त्यो, **काशकृत्स्नीयेन** = काशकृत्स्नसम्बन्धी, **दर्शनेन एव** = दर्शनद्वारा नै, **परिहरणीयम्** = खण्डित हुन्छ ।

विशदीकरण

'एतेभ्यो भूतेभ्यः' इत्यादि श्रुतिको तात्पर्य विम्ब-प्रतिबिम्बभावमा छ । जस्तै- पानीले भरिएको भाँडोमा बिम्बभूत सूर्य आदिको प्रतिबिम्ब पर्दछ, त्यस प्रतिबिम्बको आधार पानी नष्ट भएमा प्रतिबिम्बको पनि नाश भए झैं लाग्छ, तर नाश भएको हुँदैन, प्रतिबिम्ब पनि बिम्बरूपमा नै परिणत भएको हुन्छ ।

'न प्रेत्य संज्ञाऽस्ति' यस श्रुतिको पनि बिम्बभूत परमात्मा बुद्धि आदिउपाधिका कारणबाट प्रतिबिम्बरूप जीवभावमा प्राप्त हुन्छ र विद्याद्वारा उपाधिनिवृत्ति भए पछि प्रतिबिम्बरूप जीवभाव नष्ट हुन्छ । देहेन्द्रियभावदेखि मुक्त भएपछि त्यसको कुनै खास नाम वा संज्ञा रहँदैन, किनभने त्यो प्रतिबिम्ब बिम्बरूप परमात्मामा समाहित हुन्छ भन्ने तात्पर्य हो। वास्तवमा जीवात्मा ब्रह्मरूप नै हो र उपाधिवशात् पृथक् प्रतीत भएको मात्र हो।

यहाँ **'न प्रेत्य संज्ञाऽस्ति'** यस वाक्यलाई लिएर मरणानन्तर आत्माको नाश प्रतीत हुन्छ भन्ने मैत्रेयीको शङ्का अभिव्यक्त भएको छ, त्यसको उत्तर दिंदै याज्ञवल्क्यले 'आत्मा अविनाशी, कूटस्थ, नित्य र विज्ञानघन छ' भनेर शङ्काको समाधान गरेका छन् । अतः उक्त वाक्य सम्बन्धजन्य विशेषविज्ञानको नाश हुने कुरामा केन्द्रित छ, आत्माको नाश हुने कुरामा छैन ।

फेरि **'विज्ञातारमरे केन विजानीयात्'** यस श्रुतिवाक्यमा 'विज्ञातालाई केबाट (कसरी) जानोस्' भनेर विज्ञातारूप कर्ताको वाचक शब्दबाट उपसंहार गरिएकाले 'दर्शन, मनन, ध्यान आदि जीवात्मा कै गर्नुपर्छ' भन्ने शङ्काको समाधान पनि विज्ञानात्मा र परमात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटै हुन् भन्ने काशकृत्स्नको भनाइबाट गर्नुपर्दछ ।

शाङ्करभाष्यम्

अपि च **'यत्र हि द्वैतमिव भवति तदितर इतरं पश्यति'** (बृ. २/४/१३) इत्यारभ्याविद्याविषये तस्यैव दर्शनादिलक्षणं विशेषविज्ञानं प्रपञ्च्य **'यत्र त्वस्य सर्वमात्मैवाभूत्तत्केन कं पश्येत्'** इत्यादिना विद्याविषये तस्यैव दर्शनादि-लक्षणस्य विशेषविज्ञानस्याभावमभिदधाति । पुनश्च विषयाभावेऽपि आत्मानं विजानीयात् इत्याशङ्क्य **'विज्ञातारमरे केन विजानीयात्'** इत्याह । ततश्च विशेषविज्ञानाभावोपपादनपरत्वाद्वाक्यस्य विज्ञानधातुरेव केवलः सन्भूतपूर्वगत्या कर्तृवचनेन तृचा निर्दिष्ट इति गम्यते । दर्शितं तु पुरस्तात्काशकृत्स्नीयस्य पक्षस्य श्रुतिमत्त्वम् । अतश्च विज्ञानात्मपरमात्मनोरविद्याप्रत्युपस्थापितनामरूपरचितदेहाद्यु-पाधिनिमित्तो भेदो न पारमार्थिक इत्येषोऽर्थः सर्वैर्वेदान्तवादिभिरभ्युपगन्तव्यः । **'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्'** (छा. ६/२/१) **'आत्मैवेदं सर्वम्'** (छा. ७/२५/२), **'ब्रह्मैवेदं सर्वम्'** (मुण्ड. २/२/११), **'इदं सर्वं यदयमात्मा'** (बृ. २/४/६), **'नान्योऽतोऽस्ति द्रष्टा'** (बृ. ३/७/२३), **'नान्यदतोऽस्ति द्रष्टृ'** (बृ. ६/८/११), इत्येवंरूपाभ्यः श्रुतिभ्यः । स्मृतिभ्यश्च **'वासुदेवः सर्वमिति'** (गी. ७/१९), **'क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत'** (गी. १३/२), **'समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्'** (गी. १३/२७) इत्येवंरूपाभ्यः, भेददर्शनापवादाच्च **'अन्योऽसावन्योऽहमस्मीति न स वेद यथा पशुः'** (बृ. १/४/१०), **'मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति'** (बृ. ४/४/१९) इत्येवंजातीयकात् । **'स वा एष महानज आत्माऽजरोऽमरोऽमृतोऽभयो ब्रह्म'** (बृ. ४/४/२५) इति चात्मनि सर्वविक्रियाप्रतिषेधात्, अन्यथा च मुमुक्षूणां निरपवादविज्ञानानुपपत्तेः, सुनिश्चितार्थत्वानुपपत्तेश्च। निरपवादं हि विज्ञानं सर्वाकाङ्क्षानिवर्तकमात्मविषयमिष्यते, **'वेदान्तविज्ञानसुनिश्चतार्थाः'** (मुण्ड. ३/२/६) इति च श्रुतेः। **'तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः'** (ईशा. ७) इति च । **'स्थितप्रज्ञलक्षणस्मृतेश्च'** (गी. २/५४) । स्थिते च क्षेत्रज्ञपरमात्मैकत्वविषये सम्यग्दर्शने क्षेत्रज्ञः परमात्मेति नाममात्रभेदात्, क्षेत्रज्ञोऽयं परमात्मनो भिन्नः परमात्माऽयं क्षेत्रज्ञाद्भिन्न इत्येवंजातीयक आत्मभेदविषयो निर्बन्धो निरर्थकः। एको ह्ययमात्मा नाममात्रभेदेन बहुधाभिधीयत इति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीभावानुवाद

अपि च = फेरि, **हि** = निश्चय नै, **यत्र** = जहाँ अविद्या अवस्थामा, **द्वैतम् इव** = द्वैत जस्तै, **भवति** = हुन्छ, **तत्** = त्यहाँ, **इतरः** = एकले, **इतरम्** = अर्कोलाई, **पश्यति** = देख्दछ, **इति** =यसरी, **आरभ्य** = बृहदारण्यकश्रुतिद्वारा, आरम्भ गरेर, **अविद्याविषये** = अविद्याविषयमा, **तस्यैव** = उसैको नै, **दर्शनादि-लक्षणम्**= दर्शन आदि रूप, **विशेषविज्ञानम्** = विशेषविज्ञानको, **प्रपञ्च्य** = प्रपञ्च (विस्तार) गरेर, **यत्र** = जहाँ विद्यावस्थामा, **तु** = त, **अस्य** = यसका निमित्त, **सर्वम्** = सबै, **आत्मा एव** = आत्मा नै, **अभूत्** = भएको छ, **तत्** = त्यसकाण, **केन** = कोद्वारा, **कम्** = कसलाई, **पश्येत्** = देखोस्, **इत्यादिना** = इत्यादि श्रुतिद्वारा, **विद्याविषये** = विद्याविषयमा, **तस्यैव** = त्यसको नै, **दर्शनादिलक्षणस्य** = दर्शनादिरूप, **विशेषविज्ञानस्य** = विशेषविज्ञानको, **अभावम्** = अभावलाई, **अभि-दधाति** = बताइएको छ, **पुनश्च** = फेरि, **विषयाभावेऽपि** = विषयको अभावमा पनि, **आत्मानम्** = आत्मालाई, **विजानीयात्** = जानोस्, **इति** = यस्तो, **आशङ्क्य**= आशङ्का गरेर, **अरे** = मैत्रेयी, **विज्ञातारम्** = विज्ञातालाई, **केन** = केद्वारा, **विजानीयात्**= जानोस्, **इति** = यस्तो, **आह** = भनेको छ, **ततश्च** = यस कारण, **वाक्यस्य** = उक्त वाक्यको, **विशेषविज्ञानाभावोपपादनपरत्वात्** = विशेष विज्ञानको अभावको उपपादनपरकता भएकाले, **केवलः** = एकमात्र, **विज्ञानधातुः** = विज्ञानैकरस, **एव**= नै, **सन्** = छँदो, **पूर्वगत्या** = पूर्वगति, **तृचा** = तृच्प्रत्ययद्वारा, **निर्दिष्ट इति गम्यते**= निर्देश गरिएको कुरा बुझिन्छ, **पुरस्तात्** = पहिले नै, **काशकृत्स्नीयस्य** = काशकृत्स्नका, **पक्षस्य** = सिद्धान्तको, **श्रुतिमत्त्वम्** = श्रुतिअनुरूपता, **तु** = त, **दर्शितम्** = देखाइएकै छ, **अतः च** = यसकारण, **विज्ञानात्मपरमात्मनोः** = विज्ञानात्मा र परमात्माको, **भेदः** = भेद, **अविद्याप्रत्युपस्थापितनामरूपरचितदेहाद्युपाधिनिमित्तः** = अविद्याद्वारा उपस्थापित नाम एवं रूपबाट रचित देहादि उपाधिनिमित्तक हो, **न पारमार्थिकः** = पारमार्थिक होइन, **इति** = यसप्रकारको, **एषः** = यो, **अर्थः** = अर्थ, **सर्वैः** = सबै, **वेदान्तवादिभिः** = वेदान्तीहरूद्वारा, **अभ्युपगन्तव्यः** = स्वीकार्य छ, **सौम्य** = हे सौम्य, **अग्रे** = पहिले, **इदम्** = यो, **एकम् एव** = एकमात्र, **अद्वितीयम्** = अद्वितीय, **सद् एव** = सत् नै थियो, यो छान्दोग्य श्रुतिको वचन छ, **इदम्** = यो, **सर्वम्** = सबै, **आत्मा एव** = आत्मा नै हो, यो पनि छान्दोग्यश्रुतिकै वचन हो, **इदम्** = यो, **सर्वम्** = सबै, **ब्रह्म एव** = ब्रह्म नै हो, यो मुण्डकश्रुतिको वचन हो, **इदम्**= यो, **सर्वम्** = सबै, **यत्** = जो, **अयम्** = यो, **आत्मा** = आत्मा नै हो, यो बृहदारण्यकश्रुतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वचन हो, **अतः** = परमेश्वरभन्दा, **अन्यः** = भिन्न, **द्रष्टा** = दर्शक, **न अस्ति** = छैन, यो पनि बृहदारण्यकश्रुतिको वचन हो, **अतः** = परमात्माभन्दा, **अन्यत्** = भिन्न, **द्रष्टृ** = दर्शक, **न अस्ति** = छैन, यो बृहदारण्यकश्रुतिको वचन हो, **इति** = यसरी, **एवंरूपाभ्यः** = यसरूपमा, **श्रुतिभ्यः** = श्रुतिहरूबाट (परमात्मा नै सत्यरूप सिद्ध हुन्छन्), **सर्वम्** = सबै, **वासुदेवः** = नारायण नै हुन्, **इति** = यस्तो श्रीमद्भगवद्गीताको वचन छ, **हे भारत** = हे अर्जुन, **सर्वक्षेत्रेषु** = सबै क्षेत्रहरूमा, **माम्** = मलाई, **च अपि** = पनि, **क्षेत्रज्ञम्** = क्षेत्रज्ञको रूपमा, **विद्धि** = जान, यो पनि गीताकै वचन हो, **सर्वेषु** = सबै, **भूतेषु** = प्राणीहरूमा, **समम्** = समानरूपमा, **तिष्ठन्तम्** = वर्तमान, **परमेश्वरम्** = परमेश्वरलाई देख्दछ, **इत्येवंरूपाभ्यः** = इत्यादि रूपका, **स्मृतिभ्यश्च** = स्मृतिवचनबाट पनि परमेश्वरको मात्र सत्ता प्रतीत हुन्छ, **असौ** = यो, **अन्यः** = अरू नै हो, **अहम्** = म, **अन्यः** = त्योभन्दा भिन्न, **अस्मि** = हूँ, **इति** = यसरी, जसले उपासना गर्छ, **सः** = त्यो, **पशुः** = पशु नै हो, **न वेद** = त्यसले तत्त्व जान्दैन, यो बृहदारण्यकश्रुति र, **यः** = जसले, **इह** = यहाँ, **नाना इव** = अनेक झैं, **पश्यति** = देख्दछ, **इत्येवंजातीयकात्** = यस्तो, **भेददर्शनापवादात् च** = भेद दर्शनको अपवाद (निन्दा) बाट पनि आत्मा अद्वितीय छ र सत्यस्वरूप छ, **सः** = त्यो, **एषः** = यो, **वा** = निश्चय नै, **महान्** = महान्, **अजः** = नजन्मिने, **अजरः** = कहिल्यै बूढो नहुने, **अमरः** = कहिल्यै नमर्ने, **अमृतः** = अमृतस्वरूप, **अभयः** = निर्भय, **ब्रह्म** = परमात्मा हो, **इति** = यस बृहदारण्यकश्रुतिद्वारा, **च** = पनि, **आत्मनि**= आत्मामा, **सर्वविक्रियाप्रतिषेधात्** = सबै प्रकारका सांसारिक क्रिया–प्रतिक्रियाको निषेध गरिएको छ, **अन्यथा च** = द्वैतभाव मानेमा, **मुमुक्षूणाम्** = मुमुक्षुहरूका लागि, **निरपवादविज्ञानानुपपत्तेः** = अनिन्दित आत्मविज्ञान हुनसक्ने छैन, **च** = र, **सुनिश्चितार्थत्वानुपपत्तेः** = सुनिश्चित तत्त्वनिश्चय पनि हुने छैन, **वेदान्तविज्ञान-सुनिश्चितार्थाः** = वेदान्तको विज्ञानद्वारा राम्ररी तत्त्वार्थको निश्चय गरेका, **इति च श्रुतेः** = यस मुण्डकश्रुतिको भनाइअनुसार पनि, **सर्वाकाङ्क्षानिवर्तकम्** = सबै आकाङ्क्षाको निवारण गर्ने, **निरपवादम्** = अनिन्दित, **आत्मविषयम्** = आत्मासम्बन्धी, **विज्ञानम्** = विज्ञान, **हि** = निश्चय नै, **इष्यते** = अभीष्ट हुन्छ, **एकत्वम्** = जीवात्मा र परमात्माका एकताको, **अनुपश्यतः** = दर्शन गर्ने विद्वानका लागि, **तत्र** = सांसारिक विषयमा, **कः** = कुन, **मोहः** = मोह र, **कः** = कुन, **शोकः** = शोक हुन्छ र, **इति च** = यस्तो पनि ईशावास्यश्रुति रहेको छ, **स्थितप्रज्ञलक्षणस्मृतेः च** = स्थितप्रज्ञको लक्षण बताउने स्मृति (गीता)ले पनि परमात्माको अद्वितीयतालाई व्यक्त गरेको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रज्ञपरमात्मैकत्वविषये = जीवात्मा र परमात्माको एकताविषयक, **सम्यग्दर्शने**= सम्यग् दर्शन, **स्थिते** = निश्चित भएपछि, **क्षेत्रज्ञः** = जीवात्मा, **परमात्मा** = परमात्मा, **इति** = यसरी, **नाममात्रभेदात्** = नाममात्रको भेद हुनाले, **अयम्** = यो, **क्षेत्रज्ञः** = जीवात्मा, **परमात्मनः** = परमात्माभन्दा, **भिन्नः** = पृथक् छ, **अयम्** = यो, **परमात्मा**= परमात्मा, **क्षेत्रज्ञात्** = क्षेत्रज्ञभन्दा, **भिन्नः** = पृथक् छ, **इत्येवंजातीयकः** = यसप्रकारको, **आत्मभेदविषयः** = आत्मा र परमात्माको भेद विषयक, **निर्बन्धः** = हठ (आग्रह), **निरर्थकः** = व्यर्थ छ, **हि** = किनकि, **अयम्** = यो, **आत्मा** = आत्मा, **एकः** = एक, **नाममात्रभेदेन** = नाममात्रको भेदले, **बहुधा** = धेरै प्रकारले, **अभिधीयते** = पुकारिन्छ, **इति** = यस्तो आत्मा परमात्मा सम्बन्धी निष्कर्ष हो ।

विशदीकरण

'यत्र हि द्वैतमिव भवति तदितर इतरं पश्यति' अर्थात् जहाँ अविद्याकालमा अर्थात् व्यवहारकालमा द्वैत रहन्छ त्यसबेला एक जीवले अर्को जीवलाई सपनामा झैं साँचो मानेर हेरिरहेको हुन्छ । यसरी अविद्याकालमा एउटा विज्ञानात्मा (जीव) ले अर्को विज्ञानात्मा (जीव) लाई जो फरक देख्दछ, त्यसलाई विशेषविज्ञान भनिन्छ । आत्मा र परमात्माको अभेदज्ञान गराउने कार्यको पृष्ठभूमिमा यस द्वैतभावको चर्चा गरिएको हो ।

पछि गएर **'यत्र त्वस्य सर्वमेवात्मैवाभूत् तत्केन कं पश्येत्'** अर्थात् जुन अवस्थामा जान्ने वाला विज्ञाताका निमित्त जानिने विषय आत्माबाहेक केही हुँदैन अर्थात् ज्ञाता र ज्ञेय एउटै हुन्छन्, त्यहाँ कसले कसलाई देखोस् भनेर विद्याकालमा अविद्याकालिक दर्शनीय विशेषविज्ञान नरहने कुरा बताइएको छ ।

दर्शनीय विषयको अभावमा आत्मालाई कसले जान्ने ? भन्ने शङ्का हुँदा **'विज्ञातारमरे केन विजानीयात्'** अर्थात् 'हे मैत्रेयी ! विज्ञातालाई कसले जान्ने' भन्ने उत्तर दिइएको छ । यसको तात्पर्य यो हो कि – मोक्षावस्थामा जान्नपर्ने कुरा केही हुँदैन । यहाँ विज्ञाताशब्दमा **तृच्** प्रत्यय भएको छ । यो विज्ञाता अविद्याकालिक जीवको वाचक शब्द हो । मोक्षावस्थामा अविद्यानिवृत्ति हुने हुँदा विज्ञाता परमात्मस्वरूप भइसकेको हुन्छ । भूतकालिक अविद्योपहित जीवलाई मोक्षावस्थामा त्यसै रूपमा देख्ने कुरा आउँदैन भन्ने यहाँको अभिप्राय हो ।

यसै कुरालाई काशकृत्स्नले बताएका छन् । त्यस मतलाई श्रुतिसम्मत मत हो भनिएको छ । अतः अविद्यारचित नाम, रूप र देहादिका कारण जीवात्मा परमात्माभन्दा फरक देखिन आएको हो । अविद्या हटेर गएपछि परमात्मा र जीवात्मामा कुनै भेद रहँदैन । जो भेद प्रतीत हुन्छ, त्यो वास्तवमा मिथ्या हो, परमार्थिक भेद होइन भन्ने कुरा वेदान्तवादीहरूले बुझ्नु पर्दछ ।

'हे सौम्य ! सृष्टिपूर्व यहाँ अद्वितीय सत् मात्र थियो, जो यो देखिन्छ, त्यो सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा हो, यो सबै ब्रह्म हो, आत्माबाहेक कुनै अर्को द्रष्टा छैन' इत्यादि श्रुतिवाक्यका अर्थबाट पनि जीव र परमात्मामा वास्तविक भेद नरहने कुरा सिद्ध हुन्छ । 'सबको वासस्थान वासुदेव हो, सबै क्षेत्रमा रहने क्षेत्रज्ञ (जीव) म नै हूँ, सबै प्राणीहरूमा समानरूपमा रहने परमात्मालाई जसले देख्दछ, त्यसले सत्यको दर्शन गर्दछ' इत्यादि स्मृतिवाक्यहरूबाट पनि जीव र परमात्मामा पारमार्थिक अभेद सिद्ध हुन्छ ।

'त्यो परमात्मा मभन्दा भिन्न छ, म परमात्माभन्दा भिन्न छु' भनेर जसले भन्दछ, 'त्यो पशु हो, त्यो मृत्यु पछि मृत्युकै मुखमा परिरहन्छ, जसले जीव र परमात्मा भेद देख्दछ' भन्ने निन्दापरक श्रुतिवाक्यबाट पनि जीव र परमात्मामा वास्तविक भेद नरहेको तथ्य प्रतीत हुन्छ । त्यो आत्मा महान्, अज, अजर, अमर, अमृत, नित्य, मुक्त, अभय र ब्रह्मस्वरूप छ भनेर आत्मामा कुनै पनि विकार नरहेको देखाउनाले पनि जीव र परमात्मामा भेद छैन ।

यदि भेद साँचो हुन्थ्यो भने मुमुक्षुहरूले '**अहं ब्रह्मास्मि**' अर्थात् 'म ब्रह्म नै हूँ' भन्ने ज्ञान गर्छन् भनेर श्रुतिमा बताएको कुरा झुट्टा साबित हुनेछ । त्यसकारण जीव र परमात्मामा भेद छैन । जसले 'जीव र ब्रह्ममा एकरूपताको दर्शन गर्छ, त्यसलाई मोह र शोकले छोप्दैनन्, त्यो आनन्दमय हुन्छ' इत्यादि श्रुतिसन्देश र गीतामा निर्दिष्ट स्थितप्रज्ञको लक्षणबाट पनि जीव र परमात्मामा अभेद सिद्ध हुन्छ । अतः 'जीव र परमात्मामा भेद छ र नाममात्रको भेद छ' इत्यादि आग्रह गर्नु व्यर्थ छ । किनकिं एउटै परमात्मा अनेक नामबाट व्यवहृत हुन्छन् ।

शाङ्करभाष्यम्

नहिं '**सत्यं ज्ञानमनन्तं ब्रह्म । यो वेद निहितं गुहायाम्।**' (तै. २/६) इति काञ्चिदेवैकां गुहामधिकृत्यैतदुक्तम् । न च ब्रह्मणोऽन्यो गुहायां निहितोऽस्ति, '**तत्सृष्ट्वा तदेवानुप्राविशत्**' (तै. २/६) इति स्रष्टुरेव प्रवेशश्रवणात् । ये तु निर्बन्धं कुर्वन्ति ते वेदान्तार्थं बाधमानाः श्रेयोद्वारं सम्यग्दर्शनमेव बाधन्ते । कृतकमनित्यं च मोक्षं कल्पयन्ति । न्यायेन च न सङ्गच्छन्त इति ।।२२।।

नेपालीभाषानुवाद

सत्यम् = सत्यरूप, **ज्ञानम्** = ज्ञानरूप, **अनन्तम्** = अन्तहीन, **ब्रह्म** = ब्रह्मतत्त्व छ, **यः**= जसले, **गुहायाम्** = बुद्धिरूप गुफामा, **निहितम्** = स्थित ब्रह्मलाई, **वेद** = जान्दछ, **इति** = यसरी, **काञ्चित्** = कुनै, **एकाम् एव** = एउटा नै, **गुहाम्** = गुफालाई, **अधिकृत्य** = लिएर, **एतत्** = यो कुरा, **न हि उक्तम्** = भनिएको होइन, **ब्रह्मणः** = ब्रह्मदेखि, **अन्यः** = भिन्न कुनै, **गुहायाम्** = गुफामा, **न च निहितः अस्ति** = निहित छैन, **तत्** = त्यसको, **सृष्ट्वा** = सृष्टि गरेर, **तद् एव** = त्यसमा नै, **अनुप्राविशत्** = प्रवेश गर्‍यो, **इति** = यस श्रुतिबाट, **स्रष्टुः एव** = स्रष्टाको नै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवेशश्रवणात् = सृष्टपदार्थमा प्रवेश हुने कुरा प्रतिपादित छ, **येः** = जो, **तु** = त, **निर्बन्धम्** = जीवात्मा र परमात्मा भेद छ भनेर हठ गर्दछन्, **ते** = ती व्यक्तिहरू, **वेदान्तार्थम्** = वेदान्तसिद्धान्तलाई, **बाधमानाः** = अवरुद्ध गर्दा छँदा, **श्रेयोद्वारम्**= कल्याणको द्वार, **सम्यग्दर्शनम् एव** = सम्यग् ज्ञानलाई नै, **बाधन्ते** = अवरुद्ध गर्दछन्, **कृतकम्** =कार्यरूप, **च** = र, **अनित्यम्** = अनित्य, **मोक्षम्** = मोक्षको, **कल्पयन्ति** = कल्पना गर्दछन्, **न्यायेन** = न्यायको, **न च सङ्गच्छन्ते** = अनुसरण गर्दैनन् ।

विशदीकरण

क्षेत्रज्ञ (जीवात्मा) र परमात्मामा नाममात्रको भेद छ । जीवात्मा परमात्मामा भेददृष्टि अर्थहीन छ। एउटै परमात्मा विभिन्न नामबाट प्रकाशित हुन्छन् । परब्रह्म बुद्धिरूप गुहामा रहेर प्रकाशित हुन्छन् । परब्रह्मबाहेक कुनै अन्य तत्त्व बुद्धिरूप गुहामा रहन सक्तैन । जसले जीव र परमात्मामा भेददृष्टि राख्तछन् ती वेदान्तसिद्धान्त र श्रेयोमार्गका विरोधी हुन् भन्नु पर्दछ ।।२२।।

इतिवाक्यान्वयाधिकरणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. प्रकृत्यधिकरणम् {सू. २३-२७}

ब्रह्मसूत्रम् - प्रकृतिश्च प्रतिज्ञादृष्टान्तानुपरोधात् १/४/२३

सूत्रार्थ - **प्रकृतिः च** = परब्रह्म उपादानकारण र निमित्तकारण हुन्, **प्रतिज्ञा-दृष्टान्तानुपरोधात्** = प्रतिज्ञा अर्थात् एकको विज्ञानबाट सबको ज्ञान हुने प्रतिज्ञा र **यथासोम्यैकेन०** इत्यादि दृष्टान्तमा सामञ्जस्य हुनाले परब्रह्ममा जगत्को उपादान-कारणत्व र निमित्तकारणत्व संगत हुन आउँछ ।

शाङ्करभाष्यम्

यथाभ्युदयहेतुत्वाद्धर्मो जिज्ञास्यः, एवं निःश्रेयसहेतुत्वाद् ब्रह्म जिज्ञास्य-मित्युक्तम् । ब्रह्म च **'जन्माद्यस्य यतः'** (ब्र. १/१/२) इति लक्षितम् । तच्च लक्षणं घटरुचकादीनां मृत्सुवर्णादिवत्प्रकृतित्वे कुलालसुवर्णकारादिवन्निमित्तत्वे च समानमित्यतो भवति विमर्शः- किमात्मकं पुनर्ब्रह्मणः कारणत्वं स्यादिति ? तत्र निमित्तकारणमेव तावत्केवलं स्यादिति प्रतिभाति । कस्मात् ? ईक्षापूर्वक-कर्तृत्वश्रवणात् । ईक्षापूर्वकं हि ब्रह्मणः कर्तृत्वमवगम्यते- **'स ईक्षाञ्चक्रे'** (प्र. ६/३) **'स प्राणमसृजत'** (प्र. ६/४) इत्यादिश्रुतिभ्यः । ईक्षापूर्वकं च कर्तृत्वं निमित्तकारणेष्वेव कुलालादिषु दृष्टम् ।

नेपालीभाषानुवाद

अभ्युदयहेतुत्वात् = अभ्युदयको कारण भएकाले, **धर्मः** = धर्म, **जिज्ञास्यः** = जान्ने योग्य छ, **एवम्** = यसै प्रकार, **निःश्रेयहेतुत्वात्** = मोक्षको कारण हुनाले, **ब्रह्म** = ब्रह्म पनि, **जिज्ञास्यम्** = जान्न योग्य छ, **इति** = यो, **यथा उक्तम्** = जुन रूपमा भनियो, **जन्माद्यस्य यतः** = जसबाट यस संसारको जन्मादि हुन्छ भनेर, **ब्रह्म** = ब्रह्मतत्त्वको, **लक्षितम्** = लक्षण गरियो, **तत्** = त्यो, **लक्षणम्** = ब्रह्मको लक्षण, **घटरुचकादीनाम्** = गाग्रो र आभूषण आदिका लागि, **मृत्सुवर्णादिवत्** = माटो र सून जस्तै, **प्रकृतित्वे** = जगत्को उपादानकारणभावमा, **समानम्** = समान छ, **च** = र, त्यो लक्षण, **कुलालसुवर्णकारादिवत्** = कुम्हाले र सुनार जस्तै, **नैमित्तत्वे** = जगत्को निमित्तकारणभावमा, **समानम्** = समान छ, **इति अतः** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसकारण, **विमर्शः** = संशय, **भवति** = हुन्छ, **पुनः** = फेरि, **ब्रह्मणः** = ब्रह्मको, **किमात्मकम्** = जगद्रूप कार्यका लागि कस्ता किसिमको, **कारणत्वम्** = कारणता, **स्यात्** = हुन सक्छ, **इति** = यस्तो किसिमको संशयको प्रकृति रहेको छ, पूर्वपक्षी भन्दछ; **तत्र** = यस विषयमा, **तावत्** = सर्वप्रथम, **केवलम्** = एकमात्र, **निमित्तम्**= ब्रह्म निमित्त, **कारणम्** = कारण, **स्यात्** = हुनसक्छ, **इति** = यस्तो, **प्रतिभाति** = प्रतीत हुन्छ, **कस्मात्** = किनभने, **ईक्षापूर्वककर्तृत्वश्रवणात्** = '**स ईक्षाञ्चक्रे स प्राणमसृजत**' इत्यादि श्रुतिहरूबाट ब्रह्म ईक्षणपूर्वक कर्ता हो भन्ने प्रतीत हुन्छ, **च** = फेरि, **ईक्षापूर्वकम्** = ईक्षणपूर्वक, **कर्तृत्वम्**= कर्तृत्व, **निमित्तकारणेषु** = निमित्तकारण, **कुलालादिषु** = कुम्भकार (कुम्हाले) आदिमा, **दृष्टम्** = देखिन्छ ।

विशदीकरण

'**जन्माद्यस्य यतः**' यस सूत्रमा ब्रह्मको लक्षण बताइएको छ । ब्रह्म केवल कर्ता भएकाले गाग्राको लागि कुम्हाले जस्तो निमित्त कारण हो अथवा गाग्राको लागि माटो र गहनाको लागि सुवर्ण जस्तो उपादान कारण, अथवा दुवै कारण हो कि ? यस रूपको जिज्ञासा उदाउँछ । यसै जिज्ञासाको समाधानका लागि '**प्रकृत्यधिकरण**' को प्रारम्भ गरिएको छ ।

पूर्व अधिकरणमा सर्वविज्ञानको प्रतिज्ञा मुख्य थियो र '**आत्मा वा अरे द्रष्टव्यः**' इत्यादि वाक्यमा द्रष्टव्यबाट जीवार्थको निराकरण गरिएको छ । यहाँ पूर्वपक्षीले द्वैतसिद्धिका लागि शङ्का गर्दै ब्रह्ममा केवल निमित्तकारणको प्रतिपादन गरेको छ । '**स ईक्षाञ्चक्रे स प्राणमसृजत**' इत्यादिश्रुतिमा ब्रह्मलाई ईक्षापूर्वक सृष्टिकर्ताको रूपमा बयान गरिएकाले गाग्राको ईक्षापूर्वक रचनाकर्ता कुम्हाले भए झैं ब्रह्म पनि जगत्को ईक्षणपूर्वक सृष्टि गर्ने निमित्त कारण हो भन्ने पूर्वपक्षीको अभिप्राय हो ।

शाङ्करभाष्यम्

अनेककारकपूर्विका च क्रियाफलसिद्धिर्लोके दृष्टा । स च न्याय आदिकर्तर्यपि युक्तः संक्रमयितुम्, ईश्वरत्वप्रसिद्धेश्च । ईश्वराणां हि राजवैवस्वतादीनां निमित्तकारणत्वमेव केवलं प्रतीयते, तद्वत्परमेश्वरस्यापि निमित्तकारणत्वमेव युक्तं प्रतिपत्तुम् । कार्यं चेदं जगत्सावयवमचेतनमशुद्धं च दृश्यते, कारणेनापि तस्य तादृशेनैव भवितव्यम्, कार्यकारणयोः सारूप्यदर्शनात्। ब्रह्म च नैवं लक्षणमवगम्यते '**निष्कलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम्**' (श्वे. ६/१९) इत्यादिश्रुतिभ्यः । पारिशेष्याद् ब्रह्मणोऽन्यदुपादानकारणमशुद्ध्यादिगुणकं स्मृतिप्रसिद्धमभ्युपगन्तव्यम् । ब्रह्मकारणत्वश्रुतेर्निमित्तत्वमात्रे पर्यवसानादिति । एवं प्राप्ते ब्रूमः- प्रकृतिश्चोपादान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणं च ब्रह्माभ्युपगन्तव्यं निमित्तकारणं च । न केवलं निमित्तकारणमेव । कस्मात् ? प्रतिज्ञादृष्टान्तानुपरोधात् । एवं प्रतिज्ञादृष्टान्तौ श्रौतौ नोपरुध्येते । प्रतिज्ञा तावत्- **'उत तमादेशमप्राक्ष्यो येनाश्रुतं श्रुतं भवत्यमतं मतमविज्ञातं विज्ञातम्'** (छा. ६/१/२) इति । तत्र चैकेन विज्ञातेन सर्वमन्यदविज्ञातमपि विज्ञातं भवतीति प्रतीयते । तच्चोपादानकारणविज्ञाने सर्वविज्ञानं संभवत्युपादान-कारणव्यतिरेकात्कार्यस्य । निमित्तकारणाव्यतिरेकस्तु कार्यस्य नास्ति, लोके तक्षणः प्रासादव्यतिरेकदर्शनात् ।

नेपालीभाषानुवाद

लोके = लोकमा, **अनेककारकपूर्विका** = अनेक कर्मनिष्पादक घटकहरूको सहभागिता भएको, **क्रियाफलसिद्धिः** = क्रियाका फलको सिद्धि, **दृष्टा** = देखिएको छ, **च** = र, **सः** = त्यो, **न्यायः** = न्याय, **आदिकर्तरि अपि** = आदि कर्ता ब्रह्ममा पनि, **संक्रमयितुम्** = लगाउन, **युक्तः**= उपयुक्त हुन्छ, **च** = फेरि, **ईश्वरत्वप्रसिद्धेः**= ईश्वरत्वको ख्यातिबाट पनि ब्रह्म निमित्तकारण हो, **हि** = किनकि, **राजवैवस्वतादीनाम्**= राजा वैवस्वत मनु जस्ता, **ईश्वराणाम्** = ईश्वरहरूको, **केवलम्** = केवल, **निमित्त-कारणत्वम् एव** = निमित्तकारणता नै, **प्रतीयते** = प्रतीत हुन्छ, **तद्वत्** = त्यसरी नै, **परमेश्वरस्य** = परमेश्वरको, **अपि** = पनि, **निमित्तकारणत्वम् एव** = निमित्तकारण नै, **प्रतिपत्तुम्** = जान्न, **युक्तम्** = ठीक छ, **इदम्** = यो, **कार्यम्** = कार्यरूप, **जगत्** = संसार, **च** = पमि, **सावयवम्** = अङ्ग प्रत्यङ्गवाला, **अशुद्धम्** = मलिन, **च** = र, **अचेतनम्** = जड, **दृश्यते** = देखिन्छ, **तस्य** = जगत्को, **कारणेन अपि**= उपादानकारण पनि, **तादृशेन एव** = त्यस्तै नै, **भवितव्यम्** = हुनुपर्दछ, किनकि, **कार्यकारणयोः** = कार्य र उपादानकारणको, **सारूप्यदर्शनात्** = समानता देखिन्छ, **च** = फेरि, **निष्कलम्** = निष्कल (कलाहीन), **निष्क्रियम्** = क्रियाहीन, **शान्तम्**= शान्त, **निरवद्यम्** = अनिन्दित, **निरञ्जनम्** = निर्लेप ब्रह्म छ, **इत्यादिश्रुतिभ्यः** = इत्यादि श्रुतिवाक्यहरूबाट, **ब्रह्म** = ब्रह्म, **एवंलक्षणम्** = सावयव, अचेतन र अशुद्धस्वरूपवाला, **न अवगम्यते** = छ भन्ने कुरा प्रमाणित हुँदैन, **पारिशेष्यात्** = पारिशेषबाट अर्थात् जगत्कर्तृत्वमा ब्रह्मको कर्तृत्व नघट्ने हुनाले, **ब्रह्मणः**= ब्रह्मदेखि, **अन्यत्** = भिन्न, **अशुद्ध्यादिगुणकम्** = अशुद्धि मलिनता आदि गुणवाला, **स्मृति-प्रसिद्धम्** = सांख्य आदि दर्शनमा प्रसिद्ध, **उपादानकारणम्** = उपादानकारण, **अभ्युपगन्तव्यम्** = मान्नु पर्ने हुन्छ, किनकि, **ब्रह्मकारणत्वश्रुतेः** = ब्रह्म नै जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण हो भन्ने श्रुतिको भनाइ, **निमित्तत्वमात्रे** = निमित्तकारणमा मात्र, **पर्यवसानात्**= टुङ्गिन्छ, अर्थात् ब्रह्म केवल निमित्तकारण ठहर्छ, उपादानकारण ठहर्दैन, **इति** = यस्तो पूर्वपक्षीको शङ्का रहेको छ, **एवंप्राप्ते** = पूर्वपक्षबाट ब्रह्म केवल निमित्तकारण हो भन्ने कुरा ठहर गरिएपछि, **ब्रूमः** = सिद्धान्तपक्षका रूपमा भन्दछौं, **ब्रह्म** = ब्रह्मतत्त्वलाई, **प्रकृतिः** = प्रकृति, **च** = अर्थात्, **उपादानकारणम्** = उपादानकारण, **निमित्तकारणम्** = निमित्तकारण, **च** = पनि, **अभ्युपगन्तव्यम्** = मान्नु पर्दछ, **न केवलं निमित्तकारणम् एव** = ब्रह्म केवल निमित्तकारण मात्र होइन, **कस्मात्** = किनभने, **प्रतिज्ञादृष्टान्तानुपरोधात्** = श्रुतिप्रतिपादित प्रतिज्ञा र दृष्टान्तमा अवरोध नहुने हुनाले, **एवम्** = ब्रह्मलाई उपादान र निमित्तकारण मान्दा, **श्रौतौ** = श्रुतिसम्मत, **प्रतिज्ञादृष्टान्तौ** = प्रतिज्ञा र दृष्टान्त, **न उपरुध्येते** = बाधित हुँदैनन्, **उत** = के तिमीले गुरुसँग, **तम्** = त्यो, **आदेशम्** = आदेशको विषयमा, **अप्राक्ष्यः** = सोध्यौ, **येन** = जुन आदेशबाट, **अश्रुतम्** = नसुनेको कुरा, **श्रुतं भवति** = सुनेको कुरा जस्तो हुन्छ, **अमतम्** = असम्मत, **मतम्** = सम्मत हुन्छ, **अविज्ञातम्** = अविज्ञात विषय, **विज्ञातम्** = विशेषरूपमा ज्ञात हुन्छ, **इति** = यसरूपको, **तावत्** = प्रथमतः, **प्रतिज्ञा** = प्रतिज्ञा रहेको छ, **तत्र च** = त्यसमा, **एकेन विज्ञातेन** = एक विज्ञात हुनाले, **अविज्ञातम्** = न जानिएको, **सर्वम् अन्यत्** = सबै अरू, **अपि** = पनि, **विज्ञातम्** = विज्ञात, **भवति** = हुन्छ, **इति** = यस्तो, **प्रतीयते** = प्रतीत हुन्छ, **यत् च** = जो, **सर्वविज्ञानम्** = सर्वविज्ञान, **उपादानकारणविज्ञाने** = उपादानकारणको विज्ञान गरे पछि, **संभवति** = संभव हुन्छ, किनकि, **कार्यस्य** = कार्यको, **उपादानकारणव्यतिरेकात्** = उपादनकारणसँग अभिन्नता रहेको हुन्छ, **कार्यस्य** = कार्यको, **निमित्तकारणाव्यतिरेकः** = निमित्तकारणसँग अभिन्नता, **तु**= त, **न अस्ति** = हुँदैन, अर्थात् कार्यको निमित्त कारणसँग भिन्नता रहेको हुन्छ, किनकि, **लोके** = संसारमा, **तक्ष्णः** = घर बनाउने कारीगरभन्दा, **प्रासादव्यतिरेकदर्शनात्** = राजभवनको भिन्नता देखिन्छ ।

विशदीकरण

अनेक फरक घटकहरूको सहभागितामा कुनै पनि निर्मेय वस्तुको सिद्धि लोकमा देखिएको छ। अर्थात् निमित्त र उपादानकारण बाहेक अरू कारणहरूद्वारा पनि क्रियासिद्धि भएको देखिन्छ । यस लौकिक न्यायलाई आदिकर्ता (प्रथम सृष्टिकर्ता) ईश्वरमा पनि घटाउन सकिन्छ । ब्रह्म ईश्वरको रूपमा पनि लोकमा प्रसिद्ध छ । यसकारण पनि त्यो जगत्को उपादान कारण होइन, किन्तु निमित्त कारण हो। आदिराज वैवस्वत मनु आदि जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्थ छन्, ती पनि ईश्वर कहलाउँछन्, तिनले गरेका वा तीद्वारा गराइएका कार्यहरूमा ती पनि निमित्त कारण नै मानिएका छन् । त्यसकारण जगत्का निर्माणको क्रममा ईश्वर पनि निमित्त कारण हो ।

'जगत्' कुनै कर्ताद्वारा रचिएको 'कार्य' हो, यो अङ्ग-प्रत्यङ्गवाला छ, जड छ र मलिन पनि छ। यस कार्यरूप जगत्को उपादान कारण पनि अङ्गप्रत्यङ्गवाला जड र मलिन नै हुनुपर्दछ, किनकि कार्य र उपादानकारणमा समानता देखिन्छ ।

ब्रह्म अङ्गप्रत्यङ्गवाला जड र मलिन पनि नभएकाले अङ्गप्रत्यङ्गवाला जड र मलिन जगत्को उपादानकारण हुनसक्दैन । ब्रह्म निष्कल, निष्क्रिय, शान्त, निर्दोष र निर्लेप छ भन्ने कुरा श्वेताश्वतर आदि श्रुतिहरूमा निर्दिष्ट छ ।

अतः जगत्को उपादान कारण कुनै सावयव जड र मलिन ब्रह्मबाहेक सांख्यप्रसिद्ध प्रधानलाई मान्नु पर्दछ । जुन श्रुतिवाक्यले ब्रह्मलाई जगत्को कारण हो भनेर निर्देश गरेको छ, त्यसको तात्पर्य परिशेषात् ब्रह्मलाई जगत्को निमित्त कारण मात्र बताउनु रहेको छ । यो पूर्वपक्षीको आशय हो ।

पूर्वपक्षीको उक्त भनाइका विरुद्ध सिद्धान्तपक्ष राख्दै आचार्य भन्नुहुन्छ - ब्रह्मलाई जगत्को उपादानकारण र निमित्तकारण दुवै मान्नु पर्दछ, किनकि यसो गर्दा श्रुतिसम्मत प्रतिज्ञा र दृष्टान्तमा कुनै बाधा पर्दैन । प्रतिज्ञा कै कुरा गरौं, छान्दोग्यमा- 'के तिमीले आफ्ना गुरुसँग त्यस उपदेशको विषयमा सोध्यौ ? जुन उपदेश सुन्नाले नसुनेको विषय पनि सुने जस्तै हुन्छ, जसको मनन गर्नाले मनन नगरेको विषय पनि मनन गरे जस्तै हुन्छ, जसको विज्ञान गर्नाले न जानेको विषय पनि ज्ञात हुन्छ ।' यस अर्थको प्रतिज्ञा वाक्य रहेको छ ।

उक्त प्रतिज्ञावाक्यको पर्यालोचन गर्दा उपादान कारणको विज्ञानबाट नै सबै कुराको ज्ञान हुने कुरा सम्भव छ । किनकि उपादान कारण र कार्यमा भेद हुँदैन । तर निमित्त कारण र कार्यमा भेद हुन्छ। जस्तै - राजभवन बनाउने कारीगर र राजभवनमा भेद देखिन्छ । त्यसकारण प्रतिज्ञावाक्यअनुसार ब्रह्मलाई जगत्को उपादानकारण मान्नुमा कुनै अवरोध आउँदैन ।

शाङ्करभाष्यम्

दृष्टान्तोऽपि - **'यथा सोम्यैकेन मृत्पिण्डेन सर्वं मृन्मयं विज्ञातं स्याद्वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम्'** इत्युपादानकारणगोचर एवाम्नायते । तथा **'एकेन लोहमणिना सर्वं लोहमयं विज्ञातं स्यात्'** **'एकेन नखनिकृन्तनेन सर्वं कार्ष्णायसं विज्ञातं स्यात्'** (छा. ६/१/४-६) इति च। तथान्यत्रापि **'कस्मिन्नु भगवो विज्ञाते सर्वमिदं विज्ञातं भवति'** (मुण्ड. १/१/२) इति प्रतिज्ञा । **'यथा पृथिव्यामोषधयः संभवन्ति'** (मुण्ड. १/१/७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति दृष्टान्तः। तथा 'आत्मनि खल्वरे दृष्टे श्रुते मते विज्ञात इदं सर्वं विदितम्' इति प्रतिज्ञा। 'स यथा दुन्दुभेर्हन्यमानस्य न बाह्याञ्शब्दाञ्शक्नुयाद् ग्रहणाय दुन्दुभेस्तु ग्रहणेन दुन्दुभ्याघातस्य वा शब्दो गृहीतः'(बृ. ४/५/६-८) इति दृष्टान्तः। एवं यथासंभवं प्रतिवेदान्तं प्रतिज्ञादृष्टान्तौ प्रकृतित्वसाधनौ प्रत्येतव्यौ। यत इतीयं पञ्चमी- 'यतो वा इमानि भूतानि जायन्ते' इत्यत्र 'जनिकर्तुः प्रकृतिः' (पा.सू. १/४/३०) इति विशेषस्मरणात्प्रकृतिलक्षण एवोपादाने द्रष्टव्या। निमित्तत्वं त्वधिष्ठात्रन्तराभावादधिगन्तव्यम्। यथा हि लोके मृत्सुवर्णादिकमुपादान-कारणं कुलालसुवर्णकारादीनाधिष्ठातॄनपेक्ष्य प्रवर्तते, नैवं ब्रह्मण उपादानकारणस्य सतोऽन्योऽधिष्ठातापेक्ष्योऽस्ति, प्रागुत्पत्तेरेकमेवाद्वितीयमित्यवधारणात्। अधिष्ठात्रन्त-राभावोऽपि प्रतिज्ञादृष्टान्तानुपरोधादेवोदितो वेदितव्यः। अधिष्ठातरि ह्युपादानादन्य-स्मिन्नभ्युपगम्यमाने पुनरप्येकविज्ञानेन सर्वविज्ञानस्यासंभवात्प्रतिज्ञादृष्टान्तोपरोध एव स्यात्। तस्मादधिष्ठात्रन्तराभावादात्मनः कर्तृत्वमुपादानान्तराभावाच्च प्रकृतित्वम् ।।२३।।

नेपालीभाषानुवाद

सोम्य = हे सोम्य, **यथा** = जस्तै, **एकेन** = एक, **मृत्पिण्डेन** = माटाको डल्लोको ज्ञानबाट, **सर्वम्** = सबै, **मृन्मयम्** = माटाको विकार समूह, **विज्ञातं स्यात्** = जानिन्छ, **विकारः** = जो माटाको विकार, **वाचारम्भणम्** = वाणीको आश्रयभूत हुन्छ, **नामधेयम्** = त्यो नाममात्र हो, **मृत्तिका इति एव** = माटो नै, **सत्यम्** = सत्य तथ्य हो, **तथा** = त्यस्तै, **एकेन** = एक, **लोहमणिना** = सुवर्णमणिको ज्ञानद्वारा, **सर्वम्** = सबै, **लोहमयम्** = सुवर्णमय आभूषणादि समूह, **विज्ञातं स्यात्** = जानिन्छ, **एकेन** = एक, **नखनिकृन्तनेन** = नङचिम्टाको ज्ञानद्वारा, **सर्वम्** = सारा, **कार्ष्णायसम्** = फलामको विकारसमूह, **विज्ञातं स्यात्** = जानिन्छ, **इति च** = यसरी पनि, **उपादानकारणगोचरः** = उपादानकारणविषयक नै, **दृष्टान्तः अपि** = दृष्टान्त पनि, **आम्नायते** = बताइएको छ, **तथा** = त्यस्तै, **अन्यत्र अपि** = अरू स्थलहरूमा पनि, **भगवः** = हे भगवन्, **कस्मिन् नु विज्ञाते** = कसलाई जाने पछि अथवा को जानिए पछि, **इदम्** = यो, **सर्वम्** = सारा, **विज्ञातं भवति** = जानिन्छ, **इति** = यसरी, **प्रतिज्ञा** = प्रतिज्ञा गरिएको छ, **यथा**= जसरी, **पृथिव्याम्** = पृथिवीमा, **ओषधयः** = औषधिहरू, **सम्भवन्ति** = उत्पन्न हुन्छन्, **इति** = यसरी, **दृष्टान्तः** = दृष्टान्त दिइएको छ, **तथा** = त्यस्तै, **अरे** = मैत्रेयी, **खलु** = निश्चय नै, **आत्मनि** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा, **दृष्टे** = देखिएमा, **श्रुतेः**= सुनिएमा, **मते** = आत्माको मनन गरिएमा, **इदम्**= यो, **सर्वम्** = सबै, **विदितम्** = जानिन्छ, **इति**= यस्तो, **प्रतिज्ञा** = प्रतिज्ञा रहेको छ, फेरि, **सः** = दृष्टान्त, **यथा** = जस्तै, **हन्यमानस्य** = बजाइएका, **दुन्दुभेः** = दमाहाका, **बाह्यान्** = बाहिरी, **शब्दान्** = शब्दहरूलाई, **ग्रहणाय** = ग्रहण गर्न, **न शक्नुयात्**= कसैले सक्तैन, **तु** = किन्तु, **दुन्दुभेः** = दमाहाको, **वा** = अथवा, **दुन्दुभ्याघातस्य**= दमाहा बजाउनेको, **ग्रहणेन** = ग्रहण गर्नाले, **शब्दः** = शब्द पनि, **गृहीतः** = ग्रहण गरिन्छ, **इति** = यस्तो, **दृष्टान्तः** = दृष्टान्त छ, **एवम्**= यसप्रकार, **यथासम्भवम्** = यथासम्भव, **प्रतिवेदान्तम्** = प्रत्येक वेदान्तमा, **प्रकृतित्वसाधनौ** = ब्रह्मको उपादान-कारणताका साधक, **प्रतिज्ञादृष्टान्तौ** = प्रतिज्ञा र दृष्टान्त, **प्रत्येतव्यौ** = जान्न योग्य छन्, **यतः** = जसबाट, **वा** = निश्चय नै, **इमानि** = यी, **भूतानि** = प्राणीहरू, **जायन्ते** = उत्पन्न हुन्छन्, **इत्यत्र** = यस वाक्यमा रहेको, **यतः इति** = 'यतः' यस पदमा, **इयम्** = यो पञ्चमीविभक्ति जो छ त्यो **'जनिकर्तुः प्रकृतिः' इति** = यस सूत्रद्वारा, **विशेषस्मरणात्** = जनिकर्ताको प्रकृति (उत्पत्तिस्थान) हुने विशेषसन्दर्भलाई स्मरण गरिएकाले, **प्रकृतिलक्षणे** = प्रकृतिरूप, **उपादाने** = उपादान अर्थमा भएको कुरा, **द्रष्टव्या** = सम्झनु पर्दछ, **अधिष्ठात्रन्तराभावात्** = ब्रह्मबाहेक अर्को अधिष्ठाता नहुनाले, **निमित्तत्वम्** = ब्रह्मको निमित्तकारणता, **अवगन्तव्यम्** = बुझ्नु पर्दछ, **यथाहि** = जस्तै, **लोके** = संसारमा, **मृत्सुवर्णादिकम्** = माटो र सून आदि, **उपादानकारणम्** = उपादानकारण, **कुलालसुवर्णकारादीन्** = कुम्हाले र सुनार आदि, **अधिष्ठातॄन्** = अधिष्ठाताहरूको, **अपेक्ष्य** = अपेक्षा गरेर, **प्रवर्त्तते** = प्रवृत्त हुन्छ, त्यस्तै, **उपादानकारणस्य** = उपादानकारणरूपमा, **सतः** = रहेका, **ब्रह्मणः**= ब्रह्मदेखि, **अन्यः** = अर्को, **अधिष्ठाता** = अधिष्ठाता, **अपेक्ष्यः** = अपेक्षित, **न अस्ति** = छैन किनकि, **उत्पत्तेः** = जगत्को उत्पत्तिभन्दा, **प्राक्** = पहिले, **अद्वितीयम्**= 'जसबाट दोस्रो कुनै छैन' त्यस्तो अद्वितीय, **एकम् एव** = एक बह्मतत्त्व मात्र थियो, **इति** = यस्तो, **अवधारणात्** = निश्चित गरिएको छ, **प्रतिज्ञादृष्टान्तानुपरोधात् एव**= प्रतिज्ञा र दृष्टान्तको प्रवृत्तिमा कुनै अवरोध न भएको कारणबाट नै, **अधिष्ठात्रन्तराभावः अपि** = ब्रह्म बाहेक अर्को कुनै अधिष्ठाता नभएको तथ्य, **उदितः** = प्रतिपादन गरिएको हो भन्ने, **वेदितव्यः** = बुझ्नु पर्दछ, **हि** = किनकि, **उपादानात्** = उपादान-कारणरूप ब्रह्मबाट, **अन्यस्मिन्** = अन्य, **अधिष्ठातरि** = अधिष्ठाता, **अभ्युपगम्यमाने**= स्वीकार गरेको खण्डमा, **पुनरपि** = फेरि पनि, **एकविज्ञानेन** = एकको विज्ञानद्वारा, **सर्वविज्ञानस्य** = सर्वविज्ञान, **असंभवात्** = असंभव हुनाले, **प्रतिज्ञादृष्टान्तोपरोधः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एव = प्रतिज्ञा र दृष्टान्तको अवरोध नै, **स्यात्** = हुनेछ, **तस्मात्** = त्यसकारण, **अधिष्ठात्रन्तराभावात्** = अर्को अधिष्ठाता नहुनाले, **आत्मनः** = आत्मामा नै, **कर्तृत्वम्** = कर्तापन (निमित्तकारणता) हुन्छ, **उपादानान्तराभावात् च** = अर्को उपादानकारण नहुनाले, **प्रकृतित्वम्** = उपादानकारणता रहेको हुन्छ ।

विशदीकरण

उपादान कारण कै विषयमा दृष्टान्त पनि यसरी दिइएको छ – 'हे सुन्दर ! जसरी जानिएको माटोको ढिस्कोबाट माटाका बनेका सबै कार्यहरू जानिन्छन्, माटोबाट बनेका घट आदि विकार वाणीका आश्रयभूत नाममात्रका भेद हुन्, जुन सत्य, साँचो कुरा माटो नै हो' । फेरि एउटा सूनको डल्लोलाई जानेपछि सबै सूनका विकारहरू जानिन्छन् । त्यस्तै एउटा नङचिम्टाकै कारण फलामलाई जानेपछि सबै फलामबाट बनेका वस्तु जानिन्छन् । यी उपनिषद्हरूमा निर्दिष्ट दृष्टान्त हुन् ।

मुण्डक उपनिषद्मा सँगसँगै प्रतिज्ञा र दृष्टान्तको प्रतिपादन गरिएको छ । जस्तै– हे भगवन् ! कसलाई जान्नाले यो सबै जानिन्छ, यो प्रतिज्ञावाक्य हो । जसरी पृथिवीमा वृक्ष, वनस्पति उत्पन्न हुन्छन् (त्यसरी नै ब्रह्मबाट सृष्टिका सम्पूर्ण पदार्थहरू उत्पन्न हुन्छन्) यो दृष्टान्तवाक्य हो । 'हे मेत्रेयी ! आत्माको दर्शन, श्रवण, मनन र ज्ञान गरेपछि यो सबै जानिन्छ' यो प्रतिज्ञावाक्य हो ।

पुनश्च कार्यलाई कारणभन्दा भिन्नरूपमा ग्रहण गरिदैन भन्ने अर्थमा दृष्टान्तवाक्यको प्रयोग गरिएको छ । जस्तै– बजाइने दमाहाका बाहिरी शब्दलाई विना मेसो ग्रहण गर्न सकिदैन तर दमाहा र दमाहा बजाउने दुर्वलाई जानेपछि यो दमाहाको शब्द हो भनेर ग्रहण गरिन्छ । यस दृष्टान्तवाक्यबाट पनि जगत्को निमित्तकारण र उपादान कारण ब्रह्म नै हो भन्ने कुरा सिद्ध हुन्छ ।

यसरी नै सबै वेदान्तमा ब्रह्मको उपादानकारण हुनाका साधक प्रतिज्ञावाक्य र दृष्टान्तवाक्यहरूको ज्ञान गर्नुपर्छ । '**यतो वा इमानि भूतानि जायन्ते**' 'जसबाट यी सबै प्राणीहरू उत्पन्न हुन्छन्' भन्ने अर्थ भएको वाक्यमा प्रयुक्त पञ्चमीको अर्थमा तसिल् प्रत्यय भएको '**यतः**' पदमा '**जनिकर्तुः प्रकृतिः**' भन्ने पाणिनीय सूत्रबाट प्रकृति अर्थात् उपादान अर्थमा पञ्चमी विभक्ति भएको छ । त्यसकारण ब्रह्म जगत्को उपादान कारण हो । ब्रह्मबाहेक अर्को कुनै अधिष्ठाता नभएकाले ब्रह्म जगत्को निमित्त कारण पनि हो।

जस्तै– संसारमा सूनबाट गहना बनाउने सुनार गहनाको निमित्तकारण हुन्छ र माटोबाट गाग्रो बनाउने कुम्हाले गाग्राको निमित्तकारण हुन्छ । त्यस्तै जगत्लाई निमित्त भएर बनाउने ब्रह्मबाहेक अर्को अधिष्ठाता देखिएको छैन, किनकि जगत्को उत्पत्तिभन्दा पहिले ब्रह्म बाहेक दोस्रो कुनै तत्त्व नभएको तथ्यलाई श्रुतिले प्रमाणित गरेको छ । ब्रह्मबाहेक दोस्रो अधिष्ठाता थियो भन्ने हो भने पनि 'एउटालाई जानेपछि सबै जानिन्छ' भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिज्ञा र दृष्टान्तको वध नै हुन जाने छ । त्यसैले अर्को अधिष्ठाता नभएकाले ब्रह्म जगत्को कारण हो र अन्य उपादान नभएकाले ब्रह्म जगत्को उपादानकारण हो ।

निष्कर्षमा जीवित पुरुषका शरीरबाट केश, रोम आदि उत्पन्न हुन्छन् त्यसरी नै अक्षर परमात्माबाट विश्व उत्पन्न हुन्छ । यो पनि अद्वैत ब्रह्मको उपादानकारणता र निमित्तकारणताको प्रतिपादक दृष्टान्त हो । उभयकारणरूप ब्रह्मलाई जान्नाले सम्पूर्ण कार्य प्रपञ्चको ज्ञान हुन्छ । यसप्रकार प्रतिज्ञा र दृष्टान्तरूप हेतुबाट ब्रह्मको उभयकारणता सिद्ध गरेपछि **'यतो वा इमानि भूतानि जायन्ते'** इत्यादिश्रुतिवाक्यमा निहित **यतः** पदमा रहेको पञ्चमी विभक्तिबाट पनि ब्रह्मको उपादानकारणता सिद्ध गरिएको छ ।।२३।।

शाङ्करभाष्यम् - कुतश्चात्मनः कर्तृत्वप्रकृतित्वे ? -

नेपालीभाषानुवाद- च = फेरि, **आत्मनः** = आत्माको, **कर्तृत्वप्रकृतित्वे** = निमित्त कारणता र उपादानकारणता, **कुतः** = कसरी सिद्ध गरिएका छन् ?

ब्रह्मसूत्रम् - अभिध्योपदेशाच्च १/४/२४

सूत्रार्थ - अभिध्योपदेशात् = **'सोऽकामयत'** इत्यादि अभिध्यानसंकल्पको उपदेश हुनाले, आत्मा कर्ता निमित्तकारण हो र **'बहु स्याम्'**'म धेरै बनूँ' यसप्रकार अभिध्यानको उपदेश हुनाले, **च** = परब्रह्म निमित्त र उपादानकारण हो ।

शाङ्करभाष्यम्

अभिध्योपदेशश्चात्मनः कर्तृत्वप्रकृतित्वे गमयति **'सोऽकामयत बहु स्यां प्रजायेयेति' 'तदैक्षत बहु स्यां प्रजायेय'** इति च । तत्राभिध्यानपूर्विकायाः स्वातन्त्र्यप्रवृत्तेः कर्तेति गम्यते । बहु स्यामिति प्रत्यगात्मविषयत्वाद्बहुभवनाभि-ध्यानस्य प्रकृतिरित्यपि गम्यते ।।२४।।

नेपालीभाषानुवाद

सः = त्यस परमात्माले, **अकामयत** = चाहना गर्‍यो, **बहु** = धेरै, **स्याम्** = होउँ, **प्रजायेय** = उत्पन्न होउँ, **इति** = यसरी र, **तत्** = त्यसले, **ऐक्षत** = सङ्कल्प गर्‍यो, **बहु** = धेरै, **स्याम्** = बनूँ, **प्रजायेय** = उत्पन्न होउँ, **इति च** = यसरी पनि गरिएको, **अभिध्योपदेशः**= सृष्टिसंकल्पको उपदेशले, **आत्मनः** = आत्माको, **कर्तृत्व-प्रकृतित्वे** = उपादानकारणता र निमित्तकारणतालाई, **गमयति** = बुझाउँछ, **तत्र** = त्यहाँ, **अभिध्यानपूर्विकायाः** = संकल्पपूर्वक भएको, **स्वातन्त्र्यप्रवृत्तेः** = स्वतन्त्र-प्रवृत्तिबाट, **कर्ता इति** = आत्मा निमित्त कर्ता हो भन्ने कुरा, **गम्यते** = बुझिन्छ, **बहु**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्याम् इति = धेरै बनूँ भन्ने, **बहुभवनाभिध्यानस्य** = धेरै हुने संकल्प, **प्रत्यगात्मविषयत्वात्** = प्रत्यगात्मविषयक हुनाले, **प्रकृतिः इत्यादि** = आत्मा प्रकृति (उपादान कारण) पनि हो भन्ने कुरा, **गम्यते** = जानिन्छ ।

विशदीकरण

ब्रह्ममा निमित्तकारणता र उपादानकारणताको उपपादन गर्ने सिलसिलामा अभिध्योपदेशको चर्चा गरिन्छ । वस्तुतः अनागत वस्तु वा विषयको इच्छा वा संकल्पलाई अभिध्या भनिन्छ। **'बहु स्याम्'** यस प्रकारको संकल्प आत्मविषयक हुनाले प्रतीत हुन्छ कि कारण र कार्यमा अभेद छ । अभिध्यानपूर्वक गरिएको स्वतन्त्र प्रवृत्तिबाट आत्मा निमित्त कारण हो भन्ने कुरा बुझिन्छ, **'बहु स्याम्'** भन्ने इच्छा प्रत्यगात्मविषयक हुनाले आत्मा उपादानकारण पनि हो भन्ने कुरा स्पष्ट हुन्छ ।।२४।।

ब्रह्मसूत्रम् - साक्षाच्चोभयाम्नातात् १/४/२५

सूत्रार्थ - **साक्षात्** = **'सर्वाणि ह वा इमानि भूतानि'** यसप्रकारको श्रौतशब्दबाट ब्रह्मको साक्षात् ग्रहण गरेर, **उभयाम्नातात्**= जगत्‌को उत्पत्ति र प्रलय वर्णन गरिएकाले, **च** = पनि ब्रह्म नै जगत्‌को उपादान कारण हो ।

शाङ्करभाष्यम्

प्रकृतित्वस्यायमभ्युच्चयः । इतश्च प्रकृतिर्ब्रह्म, यत्कारणं साक्षाद् ब्रह्मैव कारणमुपादायोभौ प्रभवप्रलयावाम्नायेते- **'सर्वाणि ह वा इमानि भूतान्याकाशादेव समुत्पद्यन्ते । आकाशं प्रत्यस्तं यन्ति'** (छा. १/९/१) इति । यद्धि यस्मात्प्रभवति यस्मिंश्च प्रलीयते तत्तस्योपादानं प्रसिद्धम् । यथा ब्रीहियवादीनां पृथिवी । **'साक्षात्'** इति चोपादानान्तरानुपादानं दर्शयत्याकाशादेवेति । प्रत्यस्तमयश्च नोपादानादन्यत्र कार्यस्य दृष्टः ।।२५।।

नेपालीभाषानुवाद

ह वा = निश्चय नै, **इमानि** = यी, **सर्वाणि** = सबै, **भूतानि** = प्राणीहरू, **आकाशात् एव**= आकाशबाट नै, **समुत्पद्यन्ते** = उत्पन्न हुन्छन्, **आकाशं प्रति** = आकाशमा नै, **अस्तं प्रति यन्ति** = अस्त हुन्छन्, **इति** = यस्तो छान्दोग्यश्रुति रहेको छ, **प्रकृतित्वस्य** = ब्रह्म उपादानकारण हुनुमा, **अयम्** = यो, **अभ्युच्चयः** = दोस्रो कारण हो, **च** = र, **इतः** = यसकारण, **ब्रह्म** = ब्रह्म, **प्रकृतिः** = निमित्तकारण पनि हो, **यत् कारणम्** = किनकि उक्त श्रुतिमा, **साक्षात्** = प्रत्यक्ष, **ब्रह्म एव** = ब्रह्मलाई नै आकाशका रूपमा उपस्थापित गरेर, **उभौ** = दुवै, **प्रभवप्रलयौ** = उत्पत्ति र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रलयको प्रतिपादन गरिएको छ, **हि** = निश्चय नै, **यत्** = जो, **यस्मात्** = जहाँबाट, **प्रभवति** = उत्पन्न हुन्छ, **च** = र, **यस्मिन्** = जसमा, **प्रलीयते** = लीन हुन्छ, **तत्**= त्यो, **तस्य** = त्यसको, **उपादानम्** = उपादानकारण हो भन्ने कुरा, **प्रसिद्धम्** = प्रसिद्ध छ, **यथा** = जस्तै, **व्रीहियवादीनाम्** = धान, जौ आदिका लागि, **पृथिवी** = पृथिवी उपादानकारण हो, **आकाशाद् एव इति** = यस श्रुतिमा रहेको एव पदबाट सूचित, **उपादानान्तरानुपादानम्** = ब्रह्म बाहेक अर्को उपादानको नाम नलिनुलाई सूत्रकारद्वारा, **साक्षात् इति** = साक्षात् पदबाट जनाइएको छ, **कार्यस्य** = कुनै पनि कार्यको, **प्रत्यस्तमयः** = प्रलय, **च** = पनि, **उपादानात्** = उपादानदेखि, **अन्यत्र** = अन्यमा, **न दृष्टः** = देखिएको छैन ।

विशदीकरण

आकाशशब्द प्रतिपाद्य ब्रह्मबाट नै सम्पूर्ण प्राणीहरूको उत्पत्ति र प्रलयको प्रतिपादन गरिएकाले परब्रह्म उपादान कारण र निमित्त कारण दुवै हो । 'जो जसबाट उत्पन्न हुन्छ र जसमा विलीन हुन्छ' त्यो त्यसको उपादान कारण कहलाउँछ । अतः सांख्यसम्मत प्रधान जगत्को उपादानकारण होइन, अपि तु परब्रह्म नै उपादानकारण हो भन्ने तथ्य स्पष्ट हुन्छ।।२५।।

ब्रह्मसूत्रम् - आत्मकृतेः परिणामात् १/४/२६

सूत्रार्थ - **आत्मकृतेः** = **'तदात्मानं स्वयमकुरुत'** इत्यादिश्रुतिमा आत्मसम्बन्धी कृतिको प्रतिपादन गरिएको छ, अतः ब्रह्म जगत्को निमित्त र उपादान कारण हो, **परिणामात्** = कर्ताको रूपमा पूर्वसिद्ध वस्तु पनि विवर्तरूपमा साध्य हुनसक्दछ । अतः ब्रह्म जगत्रूप कृतिको कर्मविषय हो ।

शाङ्करभाष्यम्

इतश्च प्रकृतिर्ब्रह्म यत्कारणं ब्रह्मप्रक्रियायाम् **'तदात्मानं स्वयमकुरुत'** (तै. २/७) इत्यात्मनः कर्मत्वं कर्तृत्वं च दर्शयति । आत्मानमिति कर्मत्वम्, स्वयमकुरुतेति कर्तृत्वम् । कथं पुनः पूर्वसिद्धस्य सतः कर्तृत्वेन व्यवस्थितस्य क्रियमाणत्वं शक्यं संपादयितुम्? परिणामादिति ब्रूमः । पूर्वसिद्धोऽपि हि सन्नात्मा विशेषेण विकारात्मना, परिणमयामासात्मानमिति । विकारात्मना च परिणामो मृदाद्यासु प्रकृतिषूपलब्धः । स्वयमिति च विशेषणान्निमित्तान्तरानपेक्षत्वमपि प्रतीयते। परिणामादिति वा पृथक्सूत्रम् । तस्यैषोऽर्थः– इतश्च प्रकृतिर्ब्रह्म, यत्कारणं ब्रह्मण एव विकारात्मनाध्यं परिणामः सामानाधिकरण्येनाम्नायते **'सच्च त्यच्चाभवत्**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरुक्तं चानिरुक्तञ्च' (तै. २/६) इत्यादिनेति ।।२६।।

नेपालीभाषानुवाद

च = फेरि, **इतः** = यसकारण पनि, **ब्रह्म** = ब्रह्म, **प्रकृतिः** = प्रकृति हो, **यत्कारणम्** = किनकि, **ब्रह्मप्रक्रियायाम्** = ब्रह्मप्रक्रियामा, **तद्** = त्यस आत्माले, **स्वयम्** = आफै, **आत्मानम्** = आफूलाई, **अकुरुत** = बनायो, **इति** = यस तैत्तिरीयश्रुतिले, **आत्मनः** = आत्माको, **कर्तृत्वम्** = कर्तापन, **च** = र, **कर्मत्वम्** = कर्मत्वलाई, **दर्शयति** = देखाउँछ, **आत्मानम् इति** = द्वितीयान्त आत्मशब्दबाट, **कर्मत्वम्** = आत्माको कर्मत्व देखिन आउँछ, **स्वयम् अकुरुत इति** = आफै बनायो अर्थको यस वाक्यबाट, **कर्तृत्वम्**= आत्माको कर्तृत्व देखिन आउँछ, **पुनः**= फेरि, **पूर्वसिद्धस्य** = पूर्वसिद्ध, **सतः** = वर्तमान, **कर्तृत्वेन** = कर्तारूपमा, **व्यवस्थितस्य** = निश्चित आत्माको, **क्रियमाणत्वम्** = कर्मत्व, **संपादयितुम्** = बताउन, **कथम्** = कसरी, **शक्यम्** = सकिन्छ (यसको उत्तरमा भनिन्छ), **परिणामात्**= परिणाम (विवर्त) बाट पूर्वसिद्ध कर्तालाई पनि कर्मको रूपमा प्रतिपादन गर्न सकिन्छ, **इति** = यो उत्तर, **ब्रूमः** = दिन्छौं, **हि** = किनकि, **पूर्वसिद्धम्** =पूर्व सिद्ध, **सन्** = वर्तमान भए पनि, **आत्मा** = आत्माले, **आत्मानम्** = आफूलाई, **विशेषेण** = आकाश आदि, **विकारात्मना** = विकाररूपमा, **परिणमयामास** = परिणत गऱ्यो, **इति** = यो तथ्य हो, **विकारात्मना** = विकाररूपमा, **परिणामः** = परिणाम, **च** = पनि, **मृदाद्यासु** = माटो आदि, **प्रकृतिषु** = प्रकृतिमा, **उपलब्धः** = प्राप्त हुन्छ, **च** = फेरि, **स्वयम् इति** = आफै भन्ने अर्थको स्वयम् पदरूप विशेषणबाट, **निमित्तान्तरानपेक्षम् अपि** = आत्मालाई अरू निमित्त कारणको आवश्यकता पर्दैन भन्ने कुरा पनि, **प्रतीयते** = ज्ञान हुन्छ, **वा** = अथवा, **'परिणामात्' इति** = यस्तो, **पृथक्** = छुट्टै, **सूत्रम्** = सूत्र हो, (त्यसो भएमा परिणामात् १/४/२८ यस्तो सूत्रको स्वरूप हुन्छ), **तस्य** = 'परिणामात्' यस्तो पृथक् सूत्रको, **एषः** = यो, **अर्थः**= अर्थ हुन्छ, **च** = फेरि, **इतः** = यस कारणबाट, **ब्रह्म** = ब्रह्म, **प्रकृतिः** = निमित्त कारण हो, **यत् कारणम्** = किनकि, **सत् च** = त्यो ब्रह्म नै मूर्त भयो, **त्यत् च** = अमूर्त पनि, **अभवत्** = भयो, **च** = र, **निरुक्तम्** = बताउन योग्य (निर्वचनीय) भयो, **अनिरुक्तम्** = अनिवर्चनीय, **च** = पनि भयो, **इत्यादिना** = यस रूपको, तैत्तिरीय श्रुतिद्वारा, **सामानाधिकरण्येन** = सामानाधिकरण्यबाट, **ब्रह्मण एव** = ब्रह्मको नै, **विकारात्मना** = जगद्रूप विकाररूपमा, **परिणामः** = परिणाम हुन्छ भन्ने कुरा, **आम्नायते** = बताइएको छ, **इति** = **'परिणामात्'** पृथक् सूत्रको यही तात्पर्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदीकरण

'तदात्मानं स्वयमकुरुत' यस श्रुतिमा निहित **'आत्मानम्'** द्वितीयान्तपद कर्मवाचक हो र **'तत् स्वयमकुरुत'** यस वाक्यको तत् पद प्रथमान्त कर्तृवाचक हो । एक ब्रह्ममा नै कर्मकर्तृभाव विरुद्ध छ । आत्मसम्बन्धी व्यापारलाई आत्मकृति भन्दछन् । कृतिका साथ आत्माको विषयरूपले र आश्रयरूपले सम्बन्ध छ । पूर्वसिद्ध पदार्थ कृतिको आश्रय र विषय साध्य हुन्छ । यसैले एउटै आत्मा कृतिको आश्रय कर्ता हुनु र कृतिको विषय कर्म हुनु वास्तवमा विरुद्ध देखिन आउँछ, तर त्यसो होइन पूर्वसिद्ध वस्तु पनि साध्य हुन आउँछ।

जस्तै- माटो आदि उपादानकारणहरूबाट गाग्रो आदिको विकाररूपमा परिणाम देखिन्छ, त्यस्तै आत्माको पनि परिणाम हुन्छ, यहाँ परिणामको अर्थ विवर्त हो । यसैले **'तदात्मानं स्वयमकुरुत'** अर्थात् तत्पदवाच्य आत्माले स्वयं आफूलाई साध्य जगत्रूपमा परिणत गर्‍यो, यस भनाइमा आत्मानै कृति (व्यापार) को कर्म र कृतिको आश्रय कर्ता हो। **'ब्रह्मैवेदं सर्वम्, आत्मैवेदं सर्वम्'** इत्यादि श्रुतिले पनि आत्मा नै सर्वात्मक हो भनेको छ। जस्तै डोरीमा कुनै विकार छैन, त्यस्तै ब्रह्म पनि जगत्रूपमा परिणत भए पनि स्वयंमा त्यसमा कुनै विकार छैन ।

अब **'परिणामात्'** लाई छुट्टै सूत्र मानेको खण्डमा हुने सारांश स्पष्ट गरिन्छ । जस्तै- **'मृद् घटः'** गाग्रो माटो हो । यस सामानाधिकरण्यबाट माटो गाग्रोको उपादान हो, **'सच्च त्यच्चाभवत्'** अर्थात् ब्रह्म मूर्त पृथ्वी, जल, तेज र अमूर्त - वायु एवं आकाश भयो, जस्तै- **'देवदत्तो व्याघ्रोऽभवत्'** अर्थात् योगबलद्वारा देवदत्त बाघ भयो भन्ने कुरा सिद्ध हुन्छ श्रुति स्मृतिका दृष्टान्तहरूबाट ब्रह्म नै निमित्त र उपादान कारण हो ।।२६।।

ब्रह्मसूत्रम् - योनिश्च हि गीयते १/४/२७

सूत्रार्थ - हि = किनकि, **योनिः च** = **'यद्भूतयोनिं परिपश्यन्ति धीराः'** यस वाक्यमा प्रकृतिवाचक योनिशब्दबाट पनि, **गीयते** = आत्माको प्रतिपादन गरिएको छ, अतः ब्रह्म जगत्को उपादान र निमित्त गरी दुवै कारण हो ।

शाङ्करभाष्यम्

इतश्च प्रकृतिर्ब्रह्म, यत्कारणं ब्रह्म योनिरित्यपि पठ्यते वेदान्तेषु **'कर्तारमीशं पुरुषं ब्रह्म योनिम्'** (मुण्ड. ३/१/३) इति, **'यद्भूतयोनिं परिपश्यन्ति धीराः'** (मुण्ड. १/१/६) इति च । योनिशब्दश्च प्रकृतिवचनः समधिगतो लोके- **'पृथिवी योनिरोषधिवनस्पतीनाम्'** इति । स्त्रीयोनेरप्यस्त्येवावयवद्वारेण गर्भं प्रत्युपादान-कारणत्वम् । क्वचित्स्थानवचनोऽपि योनिशब्दो दृष्टः - **'योनिष्ट इन्द्र निषदे अकारि'** (ऋ.सं. १/१०४/१) इति । वाक्यशेषात्त्वत्र प्रकृतिवचनता परिगृह्यते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यथोर्णनाभिः सृजते गृह्णते च' (मु. १/१/७) इत्येवंजातीयकात्। एवं प्रकृतित्वं ब्रह्मणः प्रसिद्धम् । यत्पुनरिदमुक्तमीक्षापूर्वकं कर्तृत्वं निमित्तकारणेष्वेव कुलालादिषु लोके दृष्टं नोपादानेष्वित्यादि, तत्प्रत्युच्यते– न लोकवदिह भवितव्यम् । न ह्ययमनुमानगम्योऽर्थः। शब्दगम्यत्वात्त्वस्यार्थस्य यथाशब्दमिह भवितव्यम् । शब्दश्चेक्षितुरीश्वरस्य प्रकृतित्वं प्रतिपादयतीत्यवोचाम । पुनश्चैतत्सर्वं विस्तरेण प्रतिवक्ष्यामः ।।२७।।

नेपालीभाषानुवाद

च = फेरि, **इतः** = यसकारण, **ब्रह्म** = ब्रह्म, **प्रकृतिः** = प्रकृति हो, **यत् कारणम्** = किनकि, **ब्रह्म योनिम्** = ब्रह्मरूप उत्पत्ति स्थान, **कर्तारम्** = जगत्कर्ता, **ईशम्** = ईश्वर, **पुरुषम्** = पुरुषलाई, **पश्यति**= देख्दछ, **इति** = यो श्रुतिं र, **धीराः**= विवेकी पुरुषहरूले, **भूतयोनिम्** = सम्पूर्ण प्राणीहरूको उत्पत्तिस्थान, **यत्** = जसलाई, **परिपश्यन्ति** = ध्यानपूर्वक चारैतिर देख्दछन्, **इति च** = यसरी पनि, **वेदान्तेषु** = उपनिषद्हरूमा, **ब्रह्म** = ब्रह्म, **योनिः** = उत्पत्तिस्थान हो, **इति अपि** = यसरी पनि, **पठ्यते** = भनिएको छ, **ओषधिवनस्पतीनाम्** = ओषधि र वनस्पतिहरूको, **पृथिवी**= पृथिवी, **योनिः** = उत्पत्तिकेन्द्र हो, **इति** = यसरी, **लोके** = लोकव्यवहारमा, **च** = पनि, **प्रकृतिवचनः** = प्रकृतिवाचक (उत्पत्तिस्थानवाचक), **योनिशब्दः** = योनिशब्द, **समधिगतः** = निश्चित गरिएको छ, **स्त्रीयोनेः** = आइमाईका योनिको पनि, **अवयव-द्वारेण** = शोणित (रगत) आदि अवयवद्वारा, **गर्भम् प्रति** = गर्भका प्रति, **उपादान-कारणत्वम्** = उपादानकारणता, **अस्त्येव** = हुन्छ नै, **इन्द्र** = हे इन्द्र, **ते** = तिम्रो, **निषदे** = बसाइका लागि, **योनिः** = स्थान, **अकारि** = बनाइएको छ, **इति** = यसरूपमा, **क्वचित्** = कहीं, **योनिशब्दः** = योनि शब्द, **स्थानवचनः अपि** = स्थानवाचक पनि, **दृष्टः** = देखिएंको छ, **यथा** = जस्तै, **ऊर्णनाभिः** = माकुराले, **सृजते** = जालो बनाउँछ, **गृह्णते च** = र आफै निल्दछ, **इत्येवंजातीयकात्** = यसप्रकारको, **वाक्यशेषात्** = वाक्यशेषबाट, **तु** = त, **अत्र** = योनिशब्दमा, **प्रकृति-वचनता** = प्रकृतिवाचकता (उपादानवाचकता), **परिगृह्यते** = स्वीकार गरिन्छ, **एवम्** = यसप्रकार, **प्रकृतित्वम्** = उपादानकारणता, **ब्रह्मणः** = ब्रह्मको, **प्रसिद्धम्**= प्रसिद्ध छ, **पुनः**= फेरि, **ईक्षापूर्वकम्** = संकल्पपूर्वक, **कर्तृत्वम्** = कर्तृत्व, **निमित्त-कारणेषु** = निमित्तकारण, **कुलालादिषु** = कुम्हाले आदिमा, **एव** = नै, **लोके** = लोकमा, **दृष्टम्** = देखिएको छ, **न उपादानेषु** = उपादानकारणमा देखिएको छैन, **इत्यादि** = इत्यादि रूपको, **यत्** = जो, **उक्तम्** = पूर्वपक्षबाट शङ्का उठाइयो, **तत्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रति = त्यस विषयका प्रति, **उच्यते** = उत्तर दिन्छौं कि, **इह** = ब्रह्मको मामलामा, **लोकवत्** = लोकव्यवहार जस्तो, **न भवितव्यम्** = हुँदैन, **अयम्** = श्रुति प्रतिपादित, **अर्थः** = अर्थ, **अनुमानगम्यः** = अनुमान प्रमाणद्वारा जानिने अर्थ, **न** = होइन, **अस्य** = यस, **अर्थस्य** = अर्थको, **शब्दगम्यत्वात्** = शब्दबाट हुने हुनाले, **इह** = यस स्थानमा, **यथाशब्दम्** = शब्दानुसार अर्थ नै, **भवितव्यम्** = हुनुपर्दछ, **शब्दः**= वेदरूप शब्दप्रमाणले; **च** = पनि, **ईक्षितुः** = संकल्पकर्ता, **ईश्वरस्य** = ईश्वरको, **प्रकृतित्वम्** = निमित्तकारणता अथवा प्रकृतित्वलाई, **प्रतिपादयति** = बताउँछ, **इति** = यो कुरा, **अवोचाम** = बताइसकेका छौं, **पुनश्च** = फेरि पनि पछि, **एतत्** = यो, **सर्वम्** = सबै कुरालाई, **प्रतिवक्ष्यामः** = बताउने छौं ।

विशदीकरण

उपनिषद्हरूमा ब्रह्मलाई 'योनि' शब्दद्वारा बताइएको हुनाले पनि ब्रह्म जगत्को उपादान कारण हो । कर्ता ईश ब्रह्मको पनि उत्पत्ति केन्द्र पुरुष भनेर मुण्डकोपनिषद्मा ब्रह्मलाई उपादानकारणकै रूपमा बताइएको छ । फेरि त्यसै मुण्डकोपनिषद्मा 'धीर पुरुषहरूले जुन भूतयोनिलाई ध्यानपूर्वक हेर्दछन्' भनिएको छ । संसारमा योनिशब्द उपादान (प्रकृति) को अर्थमा प्रसिद्ध छ । जस्तै - '**पृथिवी योनिरोषधिवनस्पतीनाम्**' अर्थात् औषधि र वनस्पतिहरूको उपादान पृथिवी हो ।' नारी जातिको योनि पनि शोणित (रगत) रूप अवयवद्वारा गर्भस्थ बालकको निर्माण कार्यमा उपादान कारण नै हो ।

''**योनिष्ट इन्द्र निषदे अकारि**' अर्थात् 'हे इन्द्र! तिम्रो निवासका लागि मैले ठाउँ बनाएको छु' यस वाक्यमा योनिशब्दको स्थानको अर्थमा प्रयोग गरिएकाले कहीं कहीं योनिको अर्थ स्थान पनि हो भनेर बुझ्नु पर्दछ । '**यथोर्णनाभिः सृजते गृह्णते च**' अर्थात् जस्तै- 'माकुराले जालो बनाउँछ र आफै समेट्ने काम पनि गर्दछ' भन्ने अर्थ भएको यस वाक्यमा वाक्यशेष भएकाले यसबाट पनि ब्रह्मको जगद्रूप कार्यका प्रति उपादानकारणता प्रमाणित हुन्छ ।

ईक्षापूर्वकको निमित्तकारणता कुम्हाले, सुनार आदिमा त रहन सक्छ तर माटो र सुन जस्ता उपादानकारणमा रहन सक्दैन । त्यसकारण ब्रह्म पनि मात्र सकिंदैन, यो पूर्वपक्षीको शङ्का हो । उक्त शङ्काको समाधानको क्रममा आचार्य भन्नुहुन्छ- ब्रह्ममा निमित्तकारणता र उपादानकारणता दुवै रहने विषयलाई लौकिक व्यवहारका दृष्टान्तले खण्डित गर्न सकिंदैन। न त यो विषय अनुमानगम्य नै हो । वेदका प्रमाणमा आधारित भएकाले यसको आधार वेद नै हो । किनकि वेदले परब्रह्मको उपादानकारणताको प्रतिपादन गर्दछ भन्ने कुरा भनिसकेका छौं र भन्ने पनि छौं ।।२७।।

इतिप्रकृत्यधिकणम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. सर्वव्याख्यानाधिकरणम् (सू. २८)

ब्रह्मसूत्रम् - **एतेन सर्वे व्याख्याता व्याख्याताः १/४/२८**

सूत्रार्थ - **एतेन** = सांख्यसम्मतप्रधानकारणवादको निराकरणबाट, **सर्वे** = सबै, अणु, स्वभाव र असत्लाई जगत्को कारण मान्ने अणुवाद, स्वभाववाद र असत्कारणवाद पनि, **व्याख्याताः** = निराकरण गरिएका छन्, **व्याख्याताः** = निराकरण गरिएका छन् । (दोस्रो पुनरुक्त पद '**व्याख्याताः**' अध्याय समाप्तिको परिचायक हो)।

शाङ्करभाष्यम्

'**ईक्षतेर्नाशब्दम्**' (ब्र.सू. १/१/५) इत्यारभ्य प्रधानकारणवादः सूत्रैरेव पुनः पुनराशङ्क्य निराकृतः, तस्य हि पक्षस्योपोद्बलकानि कानिचिल्लिङ्गाभासानि वेदान्तेष्वापातेन मन्दमतीन्प्रतिभान्तीति । स च कार्यकारणाऽनन्यत्वाभ्युपगमात्प्रत्यासन्नो वेदान्तवादस्य । देवलप्रभृतिभिश्च कैश्चिद्धर्मसूत्रकारैः स्वग्रन्थेष्वाश्रितः, तेन तत्प्रतिषेधे यत्नोऽतीव कृतो नाण्वादिकारणवादप्रतिषेधे। तेऽपि तु ब्रह्मकारणवादपक्षस्य प्रतिपक्षत्वात्प्रतिषेद्धव्याः । तेषामप्युपोद्बलकं वैदिकं किञ्चिल्लिङ्गमापातेन मन्दमतीन्प्रतिभायादिति । अतः प्रधानमल्लनिबर्हणन्यायेनातिदिशति-एतेन प्रधानकारणवादप्रतिषेधन्यायकलापेन सर्वेऽण्वादिकारणवादा अपि प्रतिषिद्धतया व्याख्याता वेदितव्याः। तेषामपि प्रधानवदशब्दत्वाच्छब्दविरोधित्वाच्चेति । व्याख्याता व्याख्याता इति पदाभ्यासोऽध्यायपरिसमाप्तिं द्योतयति ।।२८।।

नेपालीभाषानुवाद

ईक्षतेर्नाशब्दम् इति= यस सूत्रदेखि, **आरभ्य** = आरम्भ गरेर, **सूत्रैः एव**= सूत्रहरूद्वारा नै, **पुनः पुनः** = बारम्बार, **आशङ्क्य** = आशङ्का गरेर, **प्रधानकारणवादः**= सांख्यसम्मत प्रकृति (प्रधान) नै जगत्को कारण हो भन्ने सिद्धान्तको, **निराकृतः** = निराकरण गरियो, **हि** = किनकि, **तस्य पक्षस्य** = सांख्यसम्मत प्रधानकारणतावाद पक्षका, **उपोद्बलकानि** = पोषक, **कानिचित्** = केही, **लिङ्गाभासानि** = हेत्वा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भासहरू, **वेदान्तेषु** = उपनिषद्हरूमा, **मन्दमन्तीन्** = मन्दमति मानिसका लागि, **आपातेन** = आपाततः, **प्रतिभान्ति** = प्रतीत हुन्छन्, **इति** = यसकारण प्रधानकारणवादको निराकरण गर्नु परेको हो, **च** = र, **सः** = त्यो सांख्यसम्मत प्रधानकारणवाद, **कार्यकारणाऽनन्यत्वाभ्युपगमात्** = कार्य र कारणमा अभेद स्वीकार गरिएको कारणले, **वेदान्तवादस्य** = वेदान्तदर्शनको, **प्रत्यासन्नः** = निकटवर्ती छ, मिल्दोजुल्दो छ, **कैश्चित्** = केही, **देवलप्रभृतिभिः** = देवल आदि, **धर्मसूत्रकारैः**= धर्मसूत्रकारहरूद्वारा, **च** = पनि, **स्वग्रन्थेषु** = आफ्ना ग्रन्थहरूमा, **आश्रितः** = त्यसलाई आश्रयप्रदान गरिएको छ, **तेन** = त्यसकारण, **तत्प्रतिषेधे** = प्रधानकारणवादको निराकरणमा, **अतीव** = अत्यन्तै, **यत्नः** = प्रयत्न, **कृतः** = गरियो, **अण्वादिकारण-वादप्रतिषेधे** = अणुवाद र असद्वाद आदिको निराकरणमा, **न** = त्यस्तो प्रयत्न गरिएन, **ते अपि तु** = ती अणुवाद आदि पनि त, **ब्रह्मकारणवादपक्षस्य** = ब्रह्मकारण-वादपक्षका, **प्रतिपक्षत्वात्** = विरोधी पक्ष हुनाले, **प्रतिषेद्धव्याः** = निषेध गर्ने योग्य छन्, **तेषाम् अपि** = अणुवाद आदिको पनि, **उपोद्बलकम्** = पोषक, **वैदिकम्** = वैदिक, **किञ्चित्** = कुनै, **लिङ्गम्** = हेतु, **आपातेन** = झ्वाट्ट हेर्दा, **मन्दमतीन्** = मन्दमति भएका मानिसहरूलाई, **प्रतिभायात्**= सत्य प्रतीत हुनसक्छ, **इति** = यसकारण अणुवाद आदि पनि खण्डनीय छन्, **अतः** = तसर्थ, **प्रधानमल्लनिबर्हणन्यायेन** = ठूलो पहलमानलाई जितेपछि भारेभूरे पहलमान पनि जितिए सरह हुन्छन् भन्ने न्यायअनुसार प्रधानकारणवादको खण्डन गरेपछि त्यसै युक्ति, तर्क र प्रमाणबाट अणुवाद आदि पनि खण्डित हुन्छन् भन्ने न्यायअनुसार, **अतिदिशति**= भन्दछन् कि, **एतेन** = यस, **प्रधानकारणवादप्रतिषेधन्यायकलापेन** = सांख्यसम्मत प्रधान (प्रकृति) कारणवादको निषेध गर्ने तर्कको समुदायद्वारा, **सर्वे** = सबै, **अण्वादिकारणवादाः अपि** = अणु जगत्को कारण हो, असत् जगत्को कारण हो भन्ने अणुवाद आदि पनि, **प्रतिषिद्धतया** = निषिद्धरूपमा, **व्याख्याताः** = व्याख्या गरिएका छन् भनेर, **वेदितव्याः** = जान्नुपर्दछ, **तेषाम् अपि** = ती अणुवाद आदि पनि, **प्रधानवत्** = सांख्यसम्मत प्रधान जस्तै, **अशब्दत्वात्** = अवैदिक हुनाले र, **शब्दविरोधित्वात् च** = वेदविरुद्ध हुनाले पनि, **इति** = यसरी खण्डनीय छन् भनेर, **व्याख्याताः** = व्याख्या गरिएको, **इति पदाभ्यासः** = **व्याख्याताः व्याख्याताः** भनेर जो दुइपटक उच्चारण गरियो त्यसले, **अध्यायपरिसमाप्तिम्** = प्रथम अध्याय समाप्त भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरालाई, **द्योतयति** = जनाउँछ ।

इति श्रीमत्परमहंसपरिव्राजकाचार्यश्रीमच्छंकरभगवत्पूज्यपादकृतौ शारीरकमीमांसाभाष्ये प्रथमाध्याये चतुर्थः पादः ।

विशदीकरण

'ईक्षतेर्नाशब्दम्' आदि सूत्रहरूबाट जसरी प्रधानकारणवादको निराकरण गरिएको छ । त्यसरी अणुवाद, स्वभावाद र असत्कारणवादको निराकरण गर्न मिल्दैन, किनकि अणुवाद आदिका प्रमाणक श्रुतिहरू छन् । यसरी पूर्वपक्षीले आफ्नो सिद्धान्तलाई अघि सार्दै भन्दछ – छान्दोग्य उपनिषद्को छैठौं अध्यायमा उद्दालकश्वेतकेतुसंवादमा **न किञ्चन, एतदणिमानम्** जस्ता शब्दहरू परेका छन् ।

ती उपनिषद्वाक्यहरूमा **न किञ्चन**ले शून्यवादको र स्वभाववादको, **अणिमानम्**ले अणुवादको, **'न किञ्चन भगवः'** यसले शून्यवादको, **'अण्व इमे धान्यः' 'अणोरणीयान्'** आदिबाट परमाणुवादको र **'तदात्मानं स्वयमकुरुत'** यसले स्वभाववादको प्रतीति गराउँछन् । यी अणु आदि पद श्रुतिसङ्गत छन् कि छैनन् ? यस्तो संशय हुँदा यी पद श्रुतिमा पाइन्छन्, त्यसकारण सत्य हुन् भन्ने पूर्वपक्षको अभिप्राय छ ।

सिद्धान्तपक्षी त्यसको उत्तरमा भन्दछ – उपक्रम उपसंहार आदि हेतुबाट निर्णीत 'एकविज्ञानद्वारा सबैको ज्ञान हुन्छ' भन्ने प्रतिज्ञाको अनुकूल हुनाले, मृत्तिका आदि दृष्टान्त मुख्य हुन् र ब्रह्मकारणवाद नै सर्वोत्तम सिद्धान्त हो । प्रतिज्ञाको प्रतिकूल हुनाले अणुवाद आदि असम्भव वाद हुन् । माथि बताइएका न किञ्चन, अणिमा, अणु, स्वयम् आदि पद गौण हुन् । असत्शब्द अप्रत्यक्षको वाचक हो । अणुपद सूक्ष्मताको व्यञ्जक हो, **'सदेव सोम्येदमग्र आसीत्, आत्मैवेदम् सर्वम्'** इत्यादि श्रुतिअनुसार असत्, शून्य, अणु र स्वभाव आदि वाद उपपत्तिहीन हुनाले अप्रामाणिक छन् ।

अतः यहाँ प्रधानमल्लनिबर्हणन्यायबाट सम्पूर्ण वादहरू निराकृत भएका छन् । अर्थात् प्रधानकारणवाद जस्तै सबै अन्यवादहरू अवैदिक र ब्रह्मकारणवादबाट बाधित छन्। यसबाट सिद्ध हुन्छ कि समस्त जगत्को परमकारण ब्रह्म नै हो, त्यसमा नै सबै वेदान्तहरू समन्वित हुन्छन् ।

निष्कर्ष

यस प्रथम अध्यायको प्रथमसूत्रमा ब्रह्मविचारको प्रतिज्ञा गरियो र द्वितीयसूत्रमा जगत्को कारणका रूपमा ब्रह्मको लक्षण निरूपण गरियो । तृतीयसूत्रमा ब्रह्मको व्यापकता प्रमाणित गर्ने प्रमाणहरूको प्रदर्शन गरियो र चतुर्थसूत्रमा ब्रह्ममा श्रुतिशास्त्रको समन्वय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखाइयो । यसरी शेषभागमा ब्रह्ममा नै वेदान्तको समन्वय र अन्यत्र समन्वयको अभाव देखाइयो ।

अतः ब्रह्मसूत्रशाङ्करभाष्यको प्रथम समन्वयाध्यायले 'जगत्को कारण ब्रह्म नै हो' भन्ने सिद्धान्त प्रतिपादन गरेर सांख्यसम्मत प्रधान कारणवाद र अन्य अणु, असत् आदि वादहरूको निराकरण गरी श्रौतसिद्धान्तको मर्मलाई सर्वसंवेद्य बनाएको छ ।।२८।।

इतिसर्वव्याख्यानाधिकरणम् ।

इति पण्डितप्रवरमीनप्रसादनेपालवेदान्ताचार्यदर्शनशिरोमणिशिष्येण डा. वेणीमाधवढकालेन तद्ग्रन्थसम्पादनक्रमे विहिते नेपालीभाषानुवादे प्रथमाध्यायस्य चतुर्थः पादः समाप्तः ।

इति श्रीमद्ब्रह्मसूत्रशाङ्करभाष्ये समन्वयाख्यः प्रथमोऽध्यायः



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

ब्रह्मसूत्र शाङ्करभाष्य अन्तर्गत समन्वयाध्यायका नेपालीभाषानुवादक स्व. पं. मीनप्रसाद नेपालको लेखनशैली र भाषिक प्रयोगलाई प्रतिबिम्बित गराउने उद्देश्यले उहाँको हस्तलिखित पाण्डुलिपिका केही पत्रहरूको नमूना तल प्रस्तुत गरिएको छ । यसबाट भाषाप्रयोगको परम्परालाई लिएर अनुसन्धान गर्ने अनुसन्धाताहरू लाभान्वित हुनेछन् भन्ने विषयमा हामी विश्वस्त छौं ।

- सम्पादकसमूह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

(—त्ती छाप कापीको नमूना)



१६ फेब्रुअरी ...

Name ... प्रसाद उपाध्याय (नेपाल) दर्शनार्थी ... Class वेदान्त तीर्थ

Subject ब्रह्मसूत्र शाङ्करभाष्य भाषानुवादपुस्तकम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

2.

अन्तिम कपीको प्रारम्भिक पृष्ठ

ब्रह्मसूत्र शाङ्कर भाष्यम् ।

मानप्रसादशर्मकृत नेपाली भाषानवाद युतम् ।

वांना रत्नारौं जशका गावन संक्षेपमें रुज्जु भनः यावभ ।

मायावतारौर गणाभिराम श्रीज्ञानका जीवन मा प्रणाम ।

(मानप्रसाद

दिनाङ्क २०३२।

अक्षयतृतीया

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ

ब्रह्मसूत्र शाङ्कर भाष्यम्.

दर्शनशिरोमणि मीनप्रसाद कृत नेपाली भाषानुवाद.

सहितम्.।

उपोद्घातः (अध्यास भाष्यम्)

युष्मदस्मत्प्रत्ययगोचरयो र्विषयविषयिणो स्तमःप्रकाश वद् विरुद्धस्वभावयो रितरेतर भावानुपपत्तौ सिद्धायां तद्धर्माणामपि सुतरामितरेतर भावानुपपत्ति रित्यतोऽस्मत्प्रत्यय गोचरे विषयिणि चिदात्मके युष्मत्प्रत्ययगोचरस्य विषयस्य तद्धर्माणां चाध्यासः, तद्विपर्ययेण विषयिण स्तद्धर्माणाञ्च विषयेऽध्यासो मिथ्येति भवितुं युक्तम्।

अनुवादः

तमः प्रकाश वत् = तम र प्रकाश (अँध्यारो र उज्यालो जस्तै

विरुद्ध स्वभावयोः = आफु आफुमा विरुद्ध (नमिल्ने) स्वभाव वाला.

विषय विषयिणोः = विषय (देह इन्द्रिय आदि) र विषयी (ज्ञान आत्मा

इतरेतर भावानुपपत्तौ = परस्पर मा एक अर्को हुने कुराको अयुक्तता

सिद्धायाम् = सिद्ध (व्याप्ति नियम द्वारा प्रमाणित भए पछि

तद्धर्माणाम् = तिनुकै धर्म (जड़ चेतन) विरुद्ध ता को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

2.

अन्तिम कपीको प्रारम्भिक पृष्ठ

ब्रह्मसूत्र शाङ्कर भाष्यम् ।

मानप्रसादशर्मकृत नेपाली भाषानुवाद युतम् ।

[illegible] जसका [illegible] संक्षेपमें [illegible] मनः पावन ।

मायावतारीर गणाभिराम श्रीज्ञानका जीवन मा प्रणाम ।

(मानप्रसाद

दिनाङ्क २०३२।

अक्षयतृतीया

३. उपोद्घात भाष्यको
प्रथम पृष्ठ

माहं ब्रह्म निराकुर्यां.

(१)

अथ

ब्रह्म सूत्र शाङ्कर भाष्यम्.

दर्शनशिरोमणि मीनप्रसाद कृत नेपाली भाषानुवाद.

सहितम्. ।

उपोद्घातः (अध्यास भाष्यम्)

युष्मदस्मत्प्रत्यय गोचरयो र्विषयविषयिणो स्तमःप्रकाश वद् विरुद्धस्वभावयो रितरेतर भावानुपपत्तौ सिद्धायां तद्धर्माणामपि सुतरामितरेतर भावानुपपत्ति रित्यतोऽस्मत्प्रत्यय गोचरे विषयिणि चिदात्मके युष्मत्प्रत्ययगोचरस्य विषयस्य तद्धर्माणाञ्चाध्यासः, तद्विपर्ययेण विषयिण स्तद्धर्माणाञ्च विषयेऽध्यासो मिथ्येति भवितुं युक्तम् ।

अनुवादः

तमः प्रकाश वत् = तम र प्रकाश (अँध्यारो र उज्यालो जस्तै

विरुद्ध स्वभावयोः = आफु आफुमा विरुद्ध (नमिल्ने) स्वभाव वाला.

विषय विषयिणोः = विषय (देह इन्द्रिय आदि) र विषयी (ज्ञाता आत्मा

इतरेतर भावानुपपत्तौ = परस्पर मा एक अर्को हुने कुराको अयुक्तता

सिद्धायाम् = सिद्ध (व्याप्ती नियम द्वारा प्रमाणित भए) पछि

तद्धर्माणाम् = तिनुकै घर का धर्म (जड़पना र भिन्नपना को

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ

ब्रह्मसूत्र शाङ्कर भाष्यम्

दर्शनशिरोमणि मीनप्रसाद कृत भाषानुवाद सहितम्.

प्रथमाध्याये प्रथम पादः ।

(अत्र पादे स्पष्टब्रह्मलिंग युक्तानां वाक्यानां विचारः)

१ जिज्ञासाधिकरणम् । सू. १

वेदान्त मीमांसा शास्त्रस्य व्याचिख्यासितस्येदमादिमं सूत्रम्—

अथातो ब्रह्मजिज्ञासा ॥१॥

तत्राथ शब्द आनन्तर्यार्थः परिगृह्यते नाधिकारार्थः, ब्रह्मजिज्ञासाया अनधिकार्यत्वात् । मङ्गलस्य च वाक्यार्थे समन्वयाभावात् । अर्थान्तर प्रयुक्त एव ह्यथ शब्दः श्रुत्या मंगल प्रयोजनो भवति; पूर्वप्रकृतापेक्षायाश्च फलत आनन्तर्याव्यतिरेकात् । सति चानन्तर्यार्थत्वे यथा धर्मजिज्ञासा पूर्ववृत्तं वेदाध्ययनं नियमेनापेक्षते, एवं ब्रह्मजिज्ञासापि यत्पूर्ववृत्तं नियमेनापेक्षते तद्वक्तव्यम् । स्वाध्यायानन्तर्यं तु समानम् ।

अनुवाद —

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. नेपाली भाषानुवादको नमूना

(९०)
अधि. ४
न. १पा. १सू. ४

(ब्रह्मसूत्रशाङ्कर भाष्यं भाषानुवाद युतम्)

अत एव	=	यसकारण बाट नै
सः	=	त्यो
अरोचीत्	=	रोचेको भन्ने
इति एवं आदीनाम्	=	इत्यादि गरिएका वाक्यहरूको
आनर्थक्यम्	=	प्रयोजन शून्यता
अभूत्	=	भयो भन्ने
इति	=	यसकारणबाट
वा	=	अथवा
विधिना	=	विधिसंग
एकवाक्यत्वात्	=	एकवाक्य (एकमुख) हुनाले
तु	=	त
विधीनाम्	=	विधिको
स्तुत्यर्थेन	=	स्तुति निमित्त हुनाले, भनेर
स्युः	=	सार्थक हुउन् भन्ने
इति	=	यस्तो जैमिनि सूत्र (१।२।७) ले
स्तावकत्वेन	=	विधिको प्रशंसागर्ने रूपले
अर्थवत्त्वम्	=	प्रयोजनवाला (सार्थक
उक्तम्	=	भनेको छ. फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. विप्रतीपरणको नमूना

(आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानाम्) (२३१) अधि. ४ अ.१पा.१सू.४

विशदीकरण —

शास्त्रतात्पर्य नाम्दर्थी भन्न. पूर्वप्रकरणवाला टीकाको रन
वेदका अर्थ कर्मवबोधक हुन्, भन्ने भनाइको सिलसिलामा छ त्यो
विधिनिषेध बताउने शास्त्र भागको अर्थ परिधि भित्रलाइ
मात्र मनन्न भन्ने आशय प्राप्त बनन पछि किन भने त्यो भागको
लक्ष्य धर्माजिज्ञासा नभए विधिनिषेध पनि धर्मकै परि
धिभित्र पर्ने हुनाले. उक्त प्रकरणलाई लक्ष्य गर्न त्यो बाक्य
तथा सूत्रले संवध्या सक्दैन. फेरी त्यो कुरा नमानेर कसैक
साउनपले नम्मा वेदको भाग नै क्रियापरक मान्नुलो भनेर
वेद क्रियार्थनिमित्त छ. क्रियानबताउने भाग अनर्थक हुन्छ, भन्ने
सत्रार्थ नै जोड्ने लाग् सर्वत्र गर्ने हो भने. उक्त प्रकरणमा
सिद्धवस्तुको उपदेश गर्रेको गर्ने वाक्य पनि अनर्थकनै
हुन आउनन्. किनकि प्रशस्त निष्प्रयोजन विधेयताले
समाशेष देखिने वाहकको भूतवस्तुलाई पाइहुने धर्मसरह
गरेर उपदेश गर्ने. तसबाट अनर्थकता दोष आउन नदिने
भन्ने हो भने. मध्यार्थनपले उसै भूतवस्तु उपदेश गर्नमिल

Acc 24625
247.25

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. संस्कृतलेखनको नमूना (ब्रह्मसूत्रशाङ्करभाष्यं भाषानुवादयुतम्) (११५०॰ आक. ५ अ.१पा.३सू.१६

धृतेश्च महिम्नोऽस्यास्मिन्नुपलब्धेः ॥१६॥

धृतेश्च हेतोः परमेश्वर एवायं दहरः। कथम्। दहरोऽस्मिन्नन्तर आकाश इति हि प्रकृत्याकाशौपम्यपूर्वकं तस्मिन्सर्वसमाधानमुक्त्वा तस्मिन्नेव चात्मशब्दं प्रयुज्यापहतपाप्मत्वादिगुणयोगं चोपदिश्य तमेवानतिवृत्तप्रकरणं निर्दिशति– अथ य आत्मा स सेतुर्विधृतिरेषां लोकानामसंभेदाय (छा० ८।४।१) इति। तत्र विधृतिरित्यात्मशब्दसामानाधिकरण्याद्विधारयितोच्यते, क्तिचः कर्तरि स्मरणात्। यथोदकसंतानस्य विधारयिता लोके सेतुः क्षेत्रसंपदामसंभेदाय, एवमयमात्मैषां मध्यात्मादिभेदभिन्नानां लोकानां वर्णाश्रमादीनां च विधारयिता सेतुरसंभेदायासंकरायेति। एवमिह प्रकृते दहरे विधारणलक्षणं महिमानं दर्शयति। अयं च महिमा परमेश्वर एव श्रुत्यन्तरादुपलभ्यते– एतस्य वा अक्षरस्य प्रशासने गार्गि सूर्याचन्द्रमसौ विधृतौ तिष्ठतः, इत्यादेः। तथान्यत्रापि निश्चिते परमेश्वरवाक्ये श्रूयते– एष सर्वेश्वर एष भूताधिपतिरेष भूतपाल एष सेतुर्विधरण एषां लोकानामसंभेदाय" इति। एवं धृतेश्च हेतोः परमेश्वर एवायं दहरः ॥१६॥

अनुवाद–

धृतेः = धारणा बाट र

अस्य महिम्नः = यो महिमा को

अस्मिन् उपलब्धेः च = यो परमेश्वरमा पाइनाले पनि दहर परमेश्वर हो (सूत्रार्थ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	आभिव्यक्तिः	= प्रकाशन
	सूर्यादि ज्योतिःसत्तानिमित्ता	= सूर्यआदि ज्योतिको आस्तित्वमूलक हो
	न तत्र सूर्यः भाति इति	= त्यहाँ सूर्यले प्रकाशपनि सक्दैन भनेर
	तत्र शब्दं आहृत्य	= तत्र (त्यहाँ) भन्ने शब्दलाई लिंदोछ
	प्रकृत ग्रहणं दर्शयति	= उपक्रमलाई नै लियेको देखाउँछ
	प्रकृतं च ब्रह्म	= उपक्रम पनि ब्रह्म नै छ. जस्तै
	यस्मिन् द्यौः पृथिवी	= जसमा द्युलोक र पृथिवी
	अन्तरिक्षं च	= आकाश पनि
	ओतम्	= ग्राथित छ भन्ने
	इत्यादिना	= इत्यादि वाक्य द्वारा

विशदीकरण –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र-संस्कृत-विश्वविद्यालयका महत्त्वपूर्ण प्रकाशनहरू

	पुस्तक	लेखक/सम्पादक/अनुवादक/टीकाकार	मूल्य
१.	स्कन्दपुराणस्य अम्बिकाखण्डः	सं. कृष्णप्रसाद भट्टराई	१२५/-
२.	कालचक्रान्तर्गतो ज्यौतिषभागः	सं. प्रा. श्रीनयराज पन्त आदि	५०/-
३.	रामराज्यम्	ले. पूर्णप्रसाद ब्राह्मण	२५/-
४.	षड्दर्शनीसङ्ग्रहः	ले. जाषराज, सं. डा. दीर्घराज घिमिरे	३०/-
५.	जनकदर्शनम्	ले. डा. स्वामी रामानन्दगिरि	११५/-
६.	श्रीकृष्णश्रीरामचरितादर्शः	ले. पूर्णप्रसाद ब्राह्मण	३५/-
७.	श्रीकृष्णचरितामृतम्	ले. पं. दधिराम मरासिनि	२०/-
८.	स्तवमाला	ले.पं. दधिराम मरासिनि	३०/-
९.	पदार्थीयदिव्यचक्षुः	ले. सुमति उमापति, सं. प्रा. श्रीरामेश्वर शर्मा	४५/-
१०.	हरिकेलिमहाकाव्यम्	ले. वंशमणि, सं. डा. वेणीमाधव ढकाल	२००/-
११.	श्रीस्वर्गद्वारी-महाप्रभुचरित्र	ले. दुर्गादत्त पौड्याल	४५/-
१२.	संस्कृतविद्वत्सम्मेलनसंस्मरणग्रन्थः	सं. प्रा. श्रीशिवहरि मरहट्टा आदि	२४०/-
१३.	संस्कृतशिक्षणाभ्यासः (प्रथमभागः)	ले. प्रा. श्रीनीलमणि ढुङ्गाना	५२/-
१४.	संस्कृतशिक्षणाभ्यासः (द्वितीयभागः)	ले. प्रा. श्रीनीलमणि ढुङ्गाना	५०/-
१५.	आशौच-विवेचन	ले. प्रा. डा. रामचन्द्र गौतम	७५/-
१६.	मधुरिमा (संस्कृतकवितासङ्ग्रहः)	सं. सहप्रा. श्रीभागवत शर्मा आदि	२५/-
१७.	गण्डकीगौरवम्	ले. उमानाथ पन्थी, सं. डा. वेणीमाधव ढकाल आदि	३०/-
१८.	श्रीरामचरितामृतम्	ले. दधिराम मरासिनि, सं.डा.वेणीमाधव ढकाल आदि	५०/-
१९.	साहित्यप्रवेशिका	ले. प्रा. श्रीतीर्थराज सुवेदी आदि	५०/-
२०.	व्याकरणप्रवेशिका	ले. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
२१.	श्री ५ वीरेन्द्र ग.आ.र.म. स्मारिका	सं. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
२२.	कर्मकाण्डभास्करः	ले. दधिराम मरासिनि, सं.डा. वेणीमाधव ढकाल आदि	२१५/-
२३.	संस्कृत-नेपालीशब्दकोशः	ले. कुलचन्द्र गौतम, सं.डा. वेणीमाधव ढकाल आदि	२००/-
२४.	तन्त्रचिन्तामणिः (पूर्वभागः)	ले. नवमी सिंह, सं. प्रा.श्रीविद्यानाथ उपाध्याय	२९०/-
२५.	नेपाली कविता र ध्वनि सिद्धान्त	प्रा. अम्बिकाप्रसाद अधिकारी	४०/-
२६.	स्थानीय जडिबुटीद्वारा स्वास्थ्य रक्षा	ले. डा. श्याममणि अधिकारी	१२५/-
२७.	गोरखादरबार क्षेत्रको सांस्कृतिकपक्ष	ले. लोकप्रसाद शर्मा भट्टराई	२८५/-
२८.	ब्रह्मसूत्रशाङ्करभाष्यम्- समन्वयाध्यायः नेपालीभाषानुवादसहितः	भाष्यकार-शङ्कराचार्य, अनुवादक पं. मीन-प्रसाद नेपाल, सं.डा. वेणीमाधव ढकाल आदि	४१५/-
२९.	हरिकेलिनवनीतम्, मञ्जुबोधिनीटीका-विलसितम् (प्रेसमा)	ले. वंशमणिशर्मा टीकाकार- डा. वेणीमाधव ढकाल	
३०.	सुन्दरचरितनाटकम्, यशोदाभिधया संस्कृतटीकयाऽलङ्कृतम् (प्रेसमा)	ले. छविलाल सूरि टीकाकार- प्रा. नीलमणि ढुङ्गाना	
३१.	संस्कृतप्रकाशः (प्रेसमा)	ले. प्रा. नीलमणि ढुङ्गाना आदि	
३२.	गण्डकीमाहात्म्यम् (प्रेसमा)	अनुवादक- डा. टीकाराम अधिकारी	
३३.	अष्टाङ्गसङ्ग्रहः, अंग्रेजी-नेपालीभाषा-नुवादसहितः (प्रेसमा)	ले. वाग्भट अनुवादक - डा. श्याममणि अधिकारी	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu